# उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१

## प्रतिवेदन






उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१
अर्थ मन्त्रालय, नेपाल सरकार
२०७२ असार १५ गते


उच्चस्तरीय कर प्रणाली
पुनरावलोकन आयोग, २०७१
प्रतिवेदन
(भाग-१)
उच्चस्तरीय कर प्रणाली
पुनरावलोकन आयोग, २०७१
प्रतिवेदन
(भाग-२-अनुसूचीहरू)

# उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१ को

# प्रतिवेदन

## (भाग १)

उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१
अर्थ मन्त्रालय, नेपाल सरकार
काठमाण्डौ, नेपाल

मिति २०७२/०३/१५

माननीय अर्थ मन्त्रीज्यू
अर्थ मन्त्रालय
सिंहदरवार

उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको प्रतिवेदन माननीय मन्त्रीज्यू समक्ष पेश गर्न पाउँदा हामीलाई धेरै खुशी लागेको छ । हामीलाई मुलुकको कर प्रणालीलाई समसामयिक बनाउन आवश्यक सुझावहरू पेश गर्ने जस्तो गहन जिम्मेवारी दिनु भएकोमा माननीय मन्त्रीज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**(रुप खड्का)**
अध्यक्ष

**(माधवप्रसाद ढकाल)**
सदस्य

**(सुदर्शन राज पाण्डे)**
सदस्य

# भूमिका

नेपालको कर प्रणालीलाई समसामयिक, व्यावहारिक र अन्तर्राष्ट्रिय मान्यता अनुकुल बनाउन आवश्यक सुझाव दिन नेपाल सरकारको मिति २०७१ साल कार्तिक २६ गतेको निर्णय अनुसार उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन भएको थियो । आयोगको कार्यकाल २०७१ साल मार्ग १ गतेदेखि २०७२ साल अषाढ १५ गतेसम्म रहेको थियो । यस अवधिमा आयोगले कर सुधार सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनहरू, नेपालको वर्तमान कर नीति, कर कानून, करको स्वरुप, संरचना तथा संचालन प्रकिया र राजस्व प्रशासनका विविध पक्षका बारेमा अध्ययन गर्नुका साथै विभिन्न संघ संस्था तथा व्यक्तिहरूबाट प्राप्त सुझावहरू समेत मनन गरेर कर प्रणालीलाई राजस्व उत्पादक, लचक, सक्षम, न्यायिक, सरल, करदातामैत्री, समसामयिक, व्यावहारिक तथा अन्तर्राष्ट्रिय रुपमा तुलनायोग्य बनाउन विभिन्न सुझाव सहितको यो प्रतिवेदन तयार गरेको छ । यसमा प्रस्तुत गरिएका सुझावहरूको कार्यान्वयनबाट नेपालको कर प्रणाली अझ परिमार्जित हुनेछ भन्ने आयोगको विश्वास छ ।

मुलुकको कर प्रणालीलाई समसामयिक बनाउन आवश्यक सुझावहरू पेश गर्ने जस्तो गहन जिम्मेवारी दिनु भएकोमा प्रथमतः माननीय अर्थमन्त्री डा. रामशरण महतज्यू तथा नेपाल सरकार प्रति हार्दिक आभार व्यक्त गर्दछौं । यसैगरी अर्थ सचिव श्री सुमनप्रसाद शर्मा, राजस्व सचिव श्री नवराज भण्डारी, सामान्य प्रशासन मन्त्रालयका सचिव श्री राजन खनाल, अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका प्रमुख तथा सहसचिव श्री लक्ष्मण अर्याल र अर्थ मन्त्रालाय राजस्व व्यवस्थापन महाशाखाका उपसचिव श्री चण्डी घिमिरेबाट निरन्तर रुपमा प्राप्त सहयोगका लागि उहांहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

आयोगको सचिवालय आन्तरिक राजस्व विभाग लाजिम्पाटमा स्थापना गरिएको थियो । आयोगले काम शुरु गरेको दिनदेखि अन्तिम दिनसम्म आवश्यक सचिवालयगत उत्कृष्ट सुविधाहरू तथा उदार संस्थागत सहयोगको लागि आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशकहरू श्री राममणि दुवाडी, श्री अर्जुनप्रसाद पोखरेल, श्री चन्द्रकला पौडेल र श्री लक्ष्मीप्रसाद यादव तथा समस्त आन्तरिक राजस्व विभाग परिवार प्रति आभारी छौं । आयोगको सचिवालयमा कार्यरत आन्तरिक राजस्व विभागका निर्देशक श्री गोपालप्रसाद घिमिरे तथा शाखा अधिकृत श्री डोलिन्द्रप्रसाद शर्मा आयोगको शुरुदेखि अन्त्यसम्मका सम्पूर्ण कार्यमा सकृय तथा अटूट रुपमा सहभागी हुनु भएको थियो र उहांहरूमा भएको करको सैद्धान्तिक, नीतिगत तथा कानूनी व्यवस्थाको गहीरो ज्ञान, लामो व्यावहारिक अनुभव, कडा परिश्रम तथा सकारात्मक सोचबाट आयोग निकै लाभान्वित भएको थियो । यसको लागि उहांहरू दुवैजना प्रति आयोग आभारी छ । यसैगरी आयोगमा काज खटिनु भएका अर्थ मन्त्रालयका उपसचिव श्री डिकरदेव भट्ट, राजस्व अनुसन्धान विभागका निर्देशक श्री खिम वहादुर कुंवर, भंसार विभागका निर्देशक श्री कुलराज ज्ञवाली र करदाता सेवा कार्यालय, नयां सडकका प्रमुख कर अधिकृत श्री हरिश्चन्द्र ढकालबाट आयोगलाई उपयोगी सुझावहरू प्राप्त भएका थिए । त्यसको लागि उहांहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । यसैगरी अर्थ मन्त्रालयका सहसचिव श्री मणिराम ओझा र महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीको योगदानको सह्राहना गर्दछौं ।

आयोगले श्री विद्याधर मल्लिकबाट राजस्व प्रशासनको संगठनात्मक स्वरुपको बारेमा तथा श्री तीर्थमान शाक्यबाट संघीय व्यवस्थाको संविधानमा गरिनुपर्ने आर्थिक कार्यप्रणालीको बारेमा विज्ञको रुपमा परामर्श सेवा प्राप्त गरेको थियो । उहांहरूको अमूल्य योगदानका लागि दुवैजना प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माबाट आयोगको प्रतिवेदनका केही भाग सम्पादन गर्नुका साथै महत्वपूर्ण सुझावहरू प्राप्त भएका थिए । यसैगरी आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीले आयोगको प्रतिवेदनलाई सूक्ष्म रुपमा आद्योपान्त सम्पादन गर्नुका साथै अमूल्य सुझावहरू दिनुभएको थियो । यसको लागि उहांहरू दुवैजना प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । यसैगरी भंसार सम्बन्धी अध्याय परिमार्जन गर्न भंसार विभागका महानिर्देशक श्री शिशिर ढुंगानाबाट प्राप्त योगदानको सह्राहना गर्दछौं ।

आयोगले व्यवस्थापिका–संसदको अर्थ समितिसंग गरेको अन्तरक्रिया कार्यक्रममा समितिका माननीय सभापति श्री प्रकाश ज्वाला र समितिका माननीय सदस्यहरूले महत्वपूर्ण सुझावहरू प्रदान गर्नु भएकोमा उहांहरू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । यसैगरी आयोगको कार्यावधिभित्र अन्तर्राष्ट्रिय मुद्रकोषबाट श्री कियोशी नाकायामाको नेतृत्वमा श्री आतुर स्वीस्तक, श्री मिखायल डाली तथा श्री रिकार्डो भारसानो सदस्य रहेको नेपालको विस्तृत कर सुधार सम्बन्धी मिशन र श्रीमती डेब्रा एडाम्सको नेतृत्वमा श्री पिटर वारण्ड र डेभिड कार सदस्य रहेको नेपालको कर प्रशासनको सुधार सम्वन्धी मिसनसंग नेपालको कर प्रणाली तथा कर प्रशासनको सुधारका बारेमा गरिएको विस्तृत छलफल आयोगको लागि निकै उपयोगी भएको थियो । त्यसको लागि दुवै मिशनका नेता तथा सदस्यहरू प्रति आयोग हार्दिक आभार व्यक्त गर्दछ ।

आयोगले तयार गरेका अन्तरिम सुझावहरूमाथि श्री विद्याधर मल्लिक, डा.रुप ज्योति, श्री भानुप्रसाद आचार्य, डा.युवराज खतिवडा, डा.डिल्लीराज खनाल, श्री केशव आचार्य, श्री दिपेन्द्रबहादुर क्षेत्री, श्री रामेश्वर खनाल, डा.मदनकुमार दहाल, डा. पुष्प कंडेल, डा.विजय के.सी., डा. गोविन्द बहादुर थापा, श्री राजन खनाल, श्री नारायणप्रसाद सिलवाल, श्री निरन्जन टिवडेवाला, श्री तीर्थराज उपाध्याय, श्री नरेन्द्र भट्टराई, श्री रत्नराज बज्राचार्य, श्री के.बी.चित्रकार र श्री श्याम दहालबाट समेत अमूल्य सुझावहरू प्राप्त भएका थिए । त्यसको लागि उहांहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । यसैगरी आयोगले आफ्ना प्रारम्भिक सुझावहरू नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल च्याम्वर अफ कमर्स, नेपाल आर्थिक पत्रकार समाज, र नेपाल बार एशोसियसन समक्ष समेत प्रस्तुत गरको थियो र उक्त कार्यक्रममा सहभागीहरूबाट महत्वपूर्ण सुझाव प्राप्त भएका थिए । आयोगले श्री महाप्रसाद अधिकारी, श्री पवन कुमार ओझा, श्री जगदीश अग्रवाल, श्री निर्मलहरि अधिकारी र श्री वद्री गौतमसंग गरेको छलफल पनि निकै उपयोगी भएको थियो ।

आयोगले नेपाल उद्योग वाणिज्य महासंघसंग सहकार्य गरेको थियो । यस सन्दर्भमा विरगंज, भरतपुर, विराटनगर, पोखरा, दमौली, नेपालगंज र ती स्थान नजिकका अन्य उद्योग वाणिज्य संघ लगायतका विभिन्न संघ संस्थासंग अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । यस सहकार्यका लागि आयोग नेपाल उद्योग वाणिज्य महासंघ प्रति आभारी छ ।

यसैगरी आयोगले नेपाल उद्योग परिषद, नेपाल च्याम्वर अफ कमर्स, नेपाल चार्टर्ड एकाउटेण्टस् संस्था, चार्टर्ड एकाउण्टेण्टस् संघ, अडिटर एसोसिएसन अफ नेपाल, तथा

नेपाल आर्थिक पत्रकार समाजसंग पटक पटक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो र ती कार्यक्रमका सहभागीहरूबाट उपयोगी सुझावहरू प्राप्त भएका थिए । त्यसको लागि उहांहरू प्रति आयोग हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । यसैगरी आयोगले ठूला करदाता कार्यालय, विभिन्न आन्तरिक राजस्व कार्यालयहरू, करदाता सेवा कार्यालयहरू र भंसार कार्यालयहरूको स्थलगत भ्रमण गर्नका साथै त्यहां कार्यरत कर्मचारीहरूसंग छलफल गरेको थियो जनु निकै उपयोगी भएको थियो । आयोगलाई अन्य विभिन्न संघ, संस्था तथा व्यक्तिहरूबाट कर सुधार सम्बन्धी विभिन्न सुझावहरू प्राप्त भएका थिए र त्यसको लागि आयोग सबै सुझावदातालाई हार्दिक धन्यवाद दिन चाहन्छ ।

यसैगरी श्री सुशील प्रधान, श्री प्रभात उप्रेती तथा श्री गोविन्दप्रसाद श्रेष्ठको योगदानको पनि आयोग सह्राहना गर्दछ । आयोगलाई आन्तरिक राजस्व विभागका शाखा अधिकृत श्री चन्दनकुमार कर्ण, सूचना प्रविधि अधिकृतहरू श्री रमेश सुवेदी, श्री विनोद बिडारी तथा श्री नवलकिशोर साह, भंसार विभागका तथ्यांक अधिकृत श्री रामकृष्ण रेग्मी, सूचना अधिकृत श्री रामदत्त भट्ट, आन्तरिक राजस्व विभागका मेडिया संयोजक श्री दीपक अधिकारी, नायव सुव्वा श्री विकास वस्नेत, कम्प्यूटर अपरेटर सुश्री मुना के.सी.र कार्यालय सहयोगी श्री रामहरी पाण्डेबाट प्राप्त सहयोगका लागि उहाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

अन्त्यमा, प्रतिवेदनको डिजाइन आकर्षक रुपमा गरेर प्रतिवेदनलाई यस स्थितिमा पुऱ्याउन सहयोग गर्नुभएकोमा श्री ध्रुव बस्नेतलाई हार्दिक धन्यवाद दिन्छौं ।

**रुप खड्का** - अध्यक्ष
**माधवप्रसाद ढकाल** - सदस्य
**सुदर्शन राज पाण्डे** - सदस्य

**काठमाडौं, नेपाल**
**१५ आषाढ २०७२**

# आयोगका प्रमुख सुझावहरू

## १. भूमिका

नेपालको कर प्रणालीको वर्तमान स्वरुप र संरचना राम्रो छ। तर मुलुकको राजनीति तथा आर्थिक अवस्था र अन्तर्राष्ट्रिय प्रतिबद्धताको सन्दर्भमा कर प्रणालीमा केही समायोजनको खांचो छ। करका सैद्धान्तिक मान्यता तथा अन्तर्राष्ट्रिय राम्रा प्रयोगलाई मध्यनजर राखेर आयोगले विभिन्न सुझाव दिएको छ । आयोगले दिएका सुझावको कार्यान्वयनबाट नेपालको कर प्रणाली अरु परिमार्जित हुनेछ ।

## २. संघीय वित्त व्यवस्था

नेपाल एकात्मक शासन व्यवस्थाबाट संघीय शासन प्रणालीमा रूपान्तरित हुँदैछ। संघीय व्यवस्थामा सरकारका केन्द्रीय, प्रादेशिक र स्थानीय गरेर तीन तह हुनेछन् । आसन्न संघीय व्यवस्थामा सबै तहका सरकारहरूलाई राजस्व उठाउने र खर्च गर्ने संवैधानिक अधिकार हुनु पर्दछ ।

### २.१ खर्च सम्वन्धी अधिकारको विभाजन

सार्वजनिक क्षेत्रका तीन प्रमुख आर्थिक कार्य समष्टिगत आर्थिक स्थिरता, वितरण र स्रोत विनियोजन (Allocation) मध्ये समष्टिगत आर्थिक स्थिरता देशमा समग्र आर्थिक स्थिरता कायम गर्नुसँग सम्बन्धित छ भने वितरण प्रणालीले समाजमा आय र सम्पत्तिको पुनर्वितरणसँग सरोकार राख्छ। त्यसैगरी, विनियोजन कार्य सरकारद्वारा वस्तु तथा सेवाको वितरणसँग सम्बन्धित छ । संघीय नेपालमा समष्टिगत आर्थिक स्थिरता कायम गर्न अपनाइने मौद्रिक, विनिमय र वित्तीय नीति तथा आय र सम्पत्तिको पुनर्वितरणका लागि

लागु गरिने वृहद सामाजिक सुरक्षा तथा अन्य कार्यक्रमहरू केन्द्रीय सरकारको अधिकार क्षेत्र भित्र राखिनु पर्दछ भने धेरैजसो सार्वजनिक क्षेत्रका कार्यहरू प्रादेशिक/स्थानीय तहमा राम्ररी व्यवस्थापन गर्न सकिने हुंदा त्यस्ता कार्यहरू प्रादेशिक/स्थानीय सरकारले गर्नु पर्दछ ।

## २.२ राजस्व सम्वन्धी अधिकारको विभाजन

समष्टिगत आर्थिक स्थिरीकरण र आय पुनर्वितरणलाई उल्लेख्य प्रभाव पार्न सक्ने गरी कर लगाउने जिम्मेवारी केन्द्रीय सरकारलाई दिइनुपर्छ । त्यसैगरी, विभिन्न प्रादेशिक/स्थानीय सरकारका क्षेत्राधिकारबीच रहेका असमान करका आधारमाथि लगाइने कर पनि राष्ट्रिय स्तरमै लगाइनु पर्छ । चलायामान आधार भएका करहरू पनि केन्द्रीय कर प्रणाली अन्तर्गत रहनु राम्रो हुन्छ । यी सिद्धान्त तथा अन्तर्राष्ट्रिय राम्रा प्रयोगका आधारमा भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, संस्थागत आयकर, व्यक्तिगत आयकर, प्राकृतिक स्रोत कर, सामाजिक सुरक्षा कर, वन पैदावर शुल्क र कार्वन कर केन्द्रीय तहमा लगाइनु पर्दछ ।

भौगोलिक हिसाबले न्यून गतिशील आधार भएका कर, चक्रीय रूपले स्थिर कर र लाभकर प्रादेशिक तथा स्थानीय सरकारहरूका लागि सुरक्षित गरिनुपर्छ । प्रादेशिक तथा स्थानीय तहमा लगाइने करहरू सम्बन्धित क्षेत्रमा कार्यान्वयन गर्न सहज हुनुपर्ने, सम्बन्धित क्षेत्रका बासिन्दामाथि मात्र लगाइनुपर्ने र त्यस्ता करले प्रादेशिक तथा स्थानीय सरकारबीच समन्वय वा प्रतिस्पर्धाको समस्या सृजना नगर्ने खालको हुनुपर्दछ । यी सिद्धान्त तथा अन्तर्राष्ट्रिय सामान्य प्रचलनका आधारमा पूर्वानुमानित कर, टिकट दस्तुर, सवारी कर, घर जग्गा रजिष्ट्रेशन दस्तुर, जुवा, चिट्ठा र क्यासिनो कर, प्राकृतिक स्रोत कर र शिक्षा सेवा कर प्रादेशिक स्तरमा लगाइनु पर्दछ भने घरजग्गा कर, मालपोत र भूमि कर, मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर, प्राकृतिक श्रोत कर, डुंगा, केवलकार संचालनमा लाग्ने कर, बयलगाडा, टांगा, जनावरमाथि कर र पार्किङ शुल्क स्थानीय तहमा लगाउनु पर्दछ ।

## २.३ अन्तर सरकारी वित्त हस्तान्तरण

अधिकांश विस्तृत आधार भएका करलाई केन्द्रीय स्तरमा प्रभावकारी रुपले लगाउन सकिन्छ भने धेरैजसो सार्वजनिक क्षेत्रका कार्यहरू प्रादेशिक/स्थानीय तहमा राम्ररी व्यवस्थापन गर्न सकिन्छ तापनि यसले केन्द्रमा स्रोत बढी संकलन हुने र प्रदेश तथा स्थानीय तहमा सार्वजनिक खर्चको भार बढी हुने हुँदा ऊर्ध्वगामी असन्तुलन सृजना गर्दछ । त्यसैगरी, विभिन्न प्रादेशिक/स्थानीय तहबीच स्रोतको उपलब्धता, राजस्व

परिचालन गर्ने प्रशासनिक क्षमता, खर्चको आवश्यकता, सेवा शुल्क आदिमा हुने ठूलो विषमताले प्रादेशिक/स्थानीय सरकार बीचमा समश्रेणीगत असन्तुलन सृजना गर्दछ । यो वित्तीय असन्तुलनलाई अन्तर सरकारी हस्तान्तरण मार्फत कम गरिनु पर्दछ । जस अन्तर्गत सहभाजित कर र अनुदान पर्दछन् । मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कलाई सहभाजित करको रुपमा प्रयोग गरी संकलित राजस्व केन्द्र तथा प्रदेशबीच विभाजन गरिनु पर्दछ भने घरजग्गा रजिष्ट्रेशन दस्तुरबाट संकलित राजस्व प्रादेशिक र स्थानीय सरकारबीच विभाजन गरिनु पर्दछ । केन्द्रीय सरकारले प्रादेशिक सरकारलाई र प्रादेशिक सरकारले स्थानीय सरकारलाई निःशर्त, सशर्त, समपूरक र अन्य अनुदान दिने व्यवस्था गरिनु पर्दछ। यसैगरी सम्पन्न प्रादेशिक सरकारले आफ्ना कम साधन सम्पन्न समकक्षीलाई समपूरक अनुदान दिने व्यवस्थाको पनि विकास गरिनु पर्दछ ।

### २.४ वित्त आयोग

अन्तर-सरकारी वित्त मामिला सम्बन्धी व्यवस्था तथा सुझाव पेश गर्न हरेक ५ वर्षमा एक निष्पक्ष र स्वतन्त्र वित्त आयोग गठन गरिनु पर्दछ। यस्तो आयोगमा ३ विज्ञ रहने र आयोग २ वर्षका लागि गठन गर्ने व्यवस्था हुनु पर्दछ ।

### २.५ कानूनी व्यवस्था

संघीय व्यवस्थामा केन्द्रीय तथा प्रादेशिक सरकारले लगाउने करहरूबीच समन्वय कायम गर्न केन्द्र-प्रादेशिक वित्त व्यवस्था ऐन र प्रादेशिक/स्थानीय सरकारले लगाउन सक्ने कर तथा शुल्क सम्वन्धी मापदण्ड स्थापित गर्न एउटा नमुना प्रादेशिक कर कानुनको व्यवस्था गरिनु पर्दछ । यसैगरी केन्द्रीय र प्रादेशिक सरकारबीच तथा प्रादेशिक सरकारहरूबीच सम्पन्न गर्नुपर्ने सहमति वा समझदारीपत्रहरूको पनि विकास गर्दै जानु पर्दछ ।

## ३. मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि करलाई राजस्वको मेरुदण्डको रुपमा विकसित गर्दै जानु पर्दछ र नीतिगत तथा प्रशासनिक सुधार गरेर कुल कर राजस्वमा यसको योगदान ३५ देखि ४० प्रतिशतसम्म पुऱ्याइनु पर्दछ ।

### ३.१ छुट

मूल्य अभिवृद्धि करको आधार विस्तार गर्नको लागि यस करमा दिइएका छुट सम्वन्धी प्रावधानहरू क्रमशः घटाउदै जानु पर्दछ । यस सन्दर्भमा ट्रयाक्टर, विद्युत आपूर्ति,

सार्वजनिक यात्रुवाहक सेवा, हवाईयात्रा, प्रिन्टिङ, शतप्रतिशत सूतिको साडी, लुङ्गी, धोती (मर्दाना/जनाना) पेटानी, गम्छा, शान्ति सुरक्षा सम्वन्धी निकायको पैठारी वा खरीद, कृषि, जिउंदा जीवजन्तु तथा तिनका उत्पादनहरू, कलात्मक तथा सांस्कृतिक वस्तु तथा सेवाहरू, आवास, स्वास्थ्य सेवा र औषधीहरू, शैक्षिक सेवाहरू, किताबहरू, तथा पत्रपत्रिकामा दिइएका छुट चरणवद्ध रुपमा अल्पकालदेखि दीर्घकालसम्ममा हटाइनु पर्दछ र दीर्घकालीन हिसावले मूल्य अभिवृद्धि करको छुट वित्तीय तथा जीवन वीमा सेवाहरू, सुन, चाँदी, बाजी, क्यासिनो तथा चिट्ठा, हुलाक टिकट टाँस गर्ने सरकारी हुलाक सेवा, दमकल तथा एम्बुलेन्स सेवामा मात्र सीमित गरिनु पर्दछ ।

## ३.२ कर नलाग्ने कारोवारको सीमा (Threshold)

मूल्य अभिवृद्धि कर नलाग्ने कारोबारको रु २० लाखको सीमा १७ वर्ष अगाडि कायम भएको र मुद्रास्फीतिको हिसाव गर्दा त्यो रकम वर्तमान मूल्यमा झण्डै रु. ७० लाख हुन आउंछ । सार्क मुलुकहरूको कर नलाग्ने कारोवारको रकम सालाखाला अमेरिकी डलर ६१,००० भन्दा बढी छ, जुन नेपाली रुपैयामा रु. ६१ लाख भन्दा माथि हुन जान्छ । यी तथ्यांक तथा आगामी केही वर्षसम्म मूल्य अभिवृद्धि कर नलाग्ने कारोवारको रकम बढाउन नपर्ने गरी कर नलाग्ने कारोवारको सीमा रु. ७० लाखको हाराहारीमा कायम गरिनु पर्दछ । अनिवार्य दर्ताको व्यवस्था तथा रु. १ लाख भन्दा बढीको घरभाडा वा बिजुलीको खपत भएमा वा रु. १०,००० माथिको पैठारी गर्न वा रु. १००,००० भन्दा बढीको सेवा प्रदान गर्न दर्ता गर्नु पर्ने व्यवस्थाको अन्त्य गरेर कारोवारको आधारमा मात्र कर नलाग्ने कारोवारको सीमा तोकिनु पर्ने व्यवस्था गरिनु पर्दछ ।

## ३.३ करको दर

मूल्य अभिवृद्धि करको वर्तमान १३ प्रतिशतको एकल दरलाई निरन्तरता दिई कम्तिमा आगामी पांच वर्षसम्म यथावत राख्ने नीति लिइनु पर्दछ । शून्य दर नेपालबाहिर निर्यात गरेको एवं निर्यात मानिने (Deemed Export) वस्तु तथा सेवा वा नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको वा नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको वस्तुमा मात्र सीमित गरिनु पर्दछ र हाल शून्य दर लागेको अन्य कारोवारको हकमा करफिर्ता वा अनुदानको व्यवस्था मिलाउनु पर्दछ ।

## ३.४ कर कट्टी

हाल करलाग्ने कारोवारसँग सम्वन्धित पेय पदार्थ, अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ, सवारी साधनको लागि हल्का पेट्रोलियम इन्धन तथा मनोरञ्जन खर्चमा तिरेको कर कट्टी गर्न नपाइने र अटोमोबाइल्समा तिरेको कर ४० प्रतिशत मात्र कट्टी गर्ने व्यवस्था भएकोमा मूल्य अभिवृद्धि करको मूल मान्यता अनुरुप करलाग्ने कारोवारसँग सम्वन्धित यी वस्तु वा सेवामा तिरेको पूरै कर कट्टी गर्न पाइने व्यवस्था गरिनु पर्दछ ।

## ३.५ कर फिर्ता

करदाताको कर सहभागिता सम्वन्धी इतिहास, लेखा पालन र विगतको कर परीक्षण अभिलेखको आधारमा उत्तम, सामान्य र जोखिमपूर्ण समूहमा वर्गीकरण गरेर उत्तम र सामान्य समूहमा वर्गीकृत भएका करदाताहरूले गरेको कर फिर्ता दावीको कर परीक्षण नगरी कर फिर्ता गर्ने र राजस्व जोखिम बढी भएका करदाताबाट दावी भएको कर फिर्ताको जाँच तथा परीक्षण गरी फिर्ता गर्ने व्यवस्था गरिनु पर्दछ। निकासीकर्ता बाहेक अन्य करदाताको तीन महिनासम्म मिलान हुन नसकेको रकम फिर्ता दिने प्रावधान हुनु पर्दछ । विदेशी पर्यटकले आफूसँगै लिएको सामानमा तिरेको कर फिर्ता पाउने व्यवस्थालाई प्रभावकारी बनाइनु पर्दछ भने मोवाइल फोन, कपडा, सलाई, धुप, टायर-ट्युब, मैदा, तोरीको तेल, दुध, चिनी, चिया तथा पत्रुबाट बनाइएका तामा पित्तलको भाडा जस्ता वस्तुमा कर फिर्ता गर्ने व्यवस्था क्रमशः तीन वर्षभित्र अन्त्य गरिनु पर्दछ।

## ३.६ अनुपालन

सार्वजनिक खरिद ऐन, नियम अनुसार रु. ५,००० भन्दा माथिको खरीदको मूल्य अभिवृद्धि कर बिजक हुनुपर्ने, सार्वजनिक खरिद ऐन, नियम अनुसार ठेक्कामा भाग लिन मूल्य अभिवृद्धि करमा दर्ता भएकै हुनु पर्ने, मूल्य अभिवृद्धि कर नियम अनुसार रु. १००,००० भन्दा बढीको सेवा प्रदान गर्दा दर्ता हुनुपर्ने, रु. १ लाख भन्दा बढीको घरभाडा वा टेलिफोनको खपत भएमा मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने र रु. १०,००० माथिको पैठारी गर्न दर्ता हुनुपर्ने व्यवस्थाले गर्दा मूल्य अभिवृद्धि करमा अनावश्यक रुपमा ठूलो मात्रामा करदाता दर्ता भएका छन् र स्वेच्छिक दर्ता हुनेको संख्या ठूलो छ । यसैगरी समयमा कर विवरण नबुझाउनेको संख्या पनि बढ्दै गएको छ। क्रेडिट विवरण र कर कट्टी रकमको मात्रा पनि चिन्ताजनक छ। वक्यौता रकम पनि बढ्दै गएको छ। कर दर्ता, दर्ता खारेज, कर फिर्ता, कर परीक्षण, कर संकलन सम्वन्धी उपयुक्त अनुपालन नीति अपनाई यी समस्याहरू अविलम्व समाधान गरिनु पर्दछ ।

## ४. आय कर

आय कर राजस्वको दोस्रो महत्वपूर्ण स्रोत हो र नीतिगत तथा प्रशासनिक सुधार गरी यस करबाट कुल कर राजस्वको एक तिहाइसम्म राजस्व संकलन गरिनु पर्दछ । सामाजिक न्यायको लागि प्रभावकारी रुपमा लागु गर्न सकिने कर पनि यही हो ।

### ४.१ आयकरको क्षेत्र

आय करको आधार विस्तार गर्नका लागि मुलुकको विकास नीतिमा टेवा पुऱ्याउने, रोजगारी बढाउने, पिछडिएका क्षेत्रको औद्योगिक विकास गर्ने उद्देश्यले दिइएका छुट बाहेक अन्य छुट हटाउँदै जानु पर्दछ । कर छुट एवं सुविधाको हिसाव राख्ने, यो कुरा आय विवरणमा उल्लेख हुनु पर्ने र कर खर्च (Tax Expenditure) को रुपमा त्यसको विश्लेषण गरिनु पर्दछ ।

### ४.२ आधारभूत छुट

आधारभूत छुट रकमलाई मुद्रास्फीतिको दरसँग आबद्ध गरिनु पर्दछ र दम्पतिका लागि दिइने छुट र एकल व्यक्तिलाई दिइने छुटको बीचमा खासै ठूलो अन्तर नभएकोले दम्पतिको लागि दिइने छुटको रकम बढाउनु पर्दछ । तर दम्पतिको लागि दिइएको छुटको खासगरी सरकारी कर्मचारीबाट ठूलो दुरुपयोग भएकोले व्यक्तिलाई दिइने छुटको मात्रा बढाएर दम्पतिको लागि भिन्नै छुट दिने व्यवस्था अन्त्य गरिनु उपयुक्त हुनेछ ।

### ४.३ अवकाश वचत

प्राकृतिक व्यक्तिले अवकाश वचत स्वरुप स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकममध्ये निर्धारणयोग्य आयको एक तिहाई वा रु. ३००,००० मध्ये जुन घटी हुन्छ सो कटाउन पाउने व्यवस्था भएकोमा रु. ३००,००० लाई बढाएर रु. ६००,००० गरिनु पर्दछ ।

### ४.४ लगानी बीमा

लगानी बीमा बापत हाल उपलब्ध रु. २०,००० लाई बढाएर रु. ५०,००० गरिनु पर्दछ । यस्तो बीमा बासिन्दा निकायमा गरेमात्र छुट उपलब्ध हुने व्यवस्था गर्नु पर्दछ ।

### ४.५ बासस्थानको लागि भएको खर्च

प्राकृतिक व्यक्तिले एउटा घर खरिद/निर्माण गर्दा लिएको कर्जाको साँवा तथा ब्याज बापत बार्षिक रु. ३ लाख सम्मको भुक्तानी छुट दाबी गर्न सक्ने व्यवस्था गरिनु पर्दछ ।

## ४.६ सामाजिक उत्तरदायित्व सम्बन्धी ब्यबस्था

सामाजिक कार्यमा सहयोगको लागि अभिप्रेरित गर्न आयकर प्रयोजनका लागि खर्च कट्टी गर्न पाउने रकमको सिमा रु. १० लाखबाट बढाई रु. २० लाख गरिनु पर्दछ । यस सन्दर्भमा राष्ट्रिय धरोहर, स्टेडियम, विश्व विद्यालय जस्ता संस्थामा गरिएको प्रमाणित खर्च कटाउन पाउने व्यवस्था गर्न उपयुक्त हुने छ। कर छुट पाएका संस्थाहरूलाई दिइने चन्दा उपहार वापत कट्टी गर्न पाउने रकम रु. १ लाखलाई दोव्वर गरिनु पर्दछ।

## ४.७ व्यक्तिगत आय करको दर

व्यक्तिगत आय करको दरको संरचना निम्नानुसार गरिनु पर्दछः

| कर लाग्ने आय | करको दर प्रतिशत |
|---|---|
| छुट पछिको पहिलो कर लाग्ने रु. ४००,००० | १० |
| त्यसपछिको रु. १,३००,००० | २० |
| त्यसपछिको जतिसुकै रकम | ३० |

## ४.८ संस्थागत आय करको दर

हाल संस्थागत आय करको दरमा गरिएका विभिन्न कटौतिलाई पनि क्रमिक रुपले हटाउदै संस्थागत कर सबै क्षेत्रमा समान किसिमले लाग्ने वातावरण सिर्जना गर्दै जानु पर्दछ। मुलुकको सर्वांगीण विकास नीतिमा सहयोग पुऱ्याउनको लागि लगानी आकर्षित गर्न संस्थागत आयकरको दर अन्य सार्क मुलुकको आयकरको दरभन्दा कम हुनु पर्दछ।

## ४.९ भाडाका सवारी साधन धनीहरूमा लाग्ने कर

भाडाका सवारी साधनमा प्रति सवारी साधनको आधारमा तोकिएको दर लामो समयसम्म यथावत राखिएकोले यसलाई बढाउनु जरुरी छ। भाडाका सवारी साधनका धनीहरूमा लाग्ने करलाई प्रगतिशील बनाउने तर्फ पनि विचार गरिनु आवश्यक छ।

## ४.१० स्रोतमा कर कट्टी व्यवस्था

पत्रपत्रिकामा प्रकाशित लेख रचना वापतको भुक्तानी, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जांच गरे वापतको भुक्तानी, पुस्तक प्रकाशित वा गीत रचना गरे वापत वा यस्तै अन्य कार्य गरे वापत प्राकृतिक व्यक्तिलाई दिइने रोयल्टीको भुक्तानीमा १० प्रतिशतका

दरले अन्तिम हुने स्रोतमा कर कट्टी गर्नु पर्ने व्यवस्था गरिनु पर्दछ । सहकारीको बचत (निक्षेप) मा बैंक तथा वित्तीय संस्थाले व्याज वा व्याज स्वरुपको कुनै भुक्तानी दिंदाको सरह नै ५ प्रतिशतका दरले कर कट्टी गर्ने व्यवस्था हुनु पर्दछ ।

## ४.११ नियन्त्रणमा परिवर्तन

वर्तमान अवस्थामा देशको आर्थिक उन्नतिको लागि कम लागतमा स्वदेशी एवं विदेशी लगानीलाई आकर्षित गर्नुपर्ने आवश्यकता छ । सानो आकारमा रहेको व्यवसायभन्दा ठूलो आकारमा रहेको व्यवसायले परिपालना लागत (Compliance Cost) धान्न तथा रोजगारीका थप अवसरहरू सृजना गर्न सक्दछन् । यही मान्यताको आधारमा आय कर ऐन, २०५८ मा दफा ४७ क थप गरी बैंकिङ तथा बीमा व्यवसायमा मर्जर तथा एक्वीजिशन गर्दा दफा ५७ आकृष्ट नहुने व्यवस्था समेत गरेको पाइन्छ । यसरी व्यवसायको प्रकृतिको आधारमा छुट दिने व्यवस्थाको सट्टा व्यवसायको मूल प्रकृतिमा परिवर्तन नभई हुने मर्जर तथा एक्वीजिशन लगायतका शेयर हस्तान्तरण एवं प्राकृतिक रुपले पैत्रृक सम्पत्ति हस्तान्तरण (जस्तै, अंशबण्डा, मृत्यु पश्चातको हस्तान्तरण, आदी) गरेको अवस्थामा दफा ५७ आकृष्ट नहुने व्यवस्था गरिनुपर्दछ ।

## ४.१२ घरबहाल कर

घरबहाल कर केन्द्रले १० प्रतिशतका दरले उठाउने र यस करको संकलनमा नगरपालिकालाई सहभागी बनाई त्यसबाट संकलित राजस्वको ६० प्रतिशत केन्द्रले र ४० प्रतिशत नगरपालिकाले प्राप्त गर्ने व्यवस्था गरिनु पर्दछ । स्रोतमा कट्टी नभएको बहाल आयमा लाग्ने कर घरधनीले छ महिनाको एकमुष्ट बुझाउन सक्ने व्यवस्था गर्नु पर्दछ ।

## ४.१३ पूंजीगत लाभ कर

छोटो अवधिमा हुने पूंजिगत लाभमा लाग्ने करको दर बढाइनु पर्दछ ।

## ४.१४ कारोवार कर

वार्षिक रु. २० लाखदेखि मूल्य अभिवृद्धि कर नलाग्ने कारोवारसम्मको कारोवार गर्ने करदाताहरूले आफ्नो कुल कारोवारको १.५ प्रतिशतले कारोवार कर तिर्नुपर्ने व्यवस्था गरिनु पर्दछ । निश्चित प्रतिशत कमिशन पाउने कारोवार गर्ने एजेन्सी व्यवसायको लागि भने करको दर ०.५ प्रतिशत हुनु पर्दछ ।

# ५ भंसार महसुल

भंसार महसुल माथिको निर्भरता घट्दै जाने भएतापनि नेपालको सिँगो कर प्रणाली तथा कर प्रशासनलाई पारदर्शी तथा प्रभावकारी बनाउन वस्तुको विस्तृत र सही किसिमले वर्गीकरण गर्ने, मूल्यांकन पद्धति सुधार्ने, अवैध व्यापार नियन्त्रण गर्ने र व्यापार सहजीकरण गर्ने कार्य महत्वपूर्ण भैरहने हुँदा भंसार व्यवस्थालाई सोही अनुरुप बनाइनु पर्दछ ।

## ५.१ भंसार महसुलको क्षेत्र

नेपालले विश्व व्यापार संगठनसंग व्यक्त गरेका प्रतिबद्धता अनुरुप छुट भएका वा हुनु पर्ने बाहेक अन्य वस्तुहरूमा भंसार महसुल छुट दिने व्यवस्था हटाइनु पर्दछ ।

## ५.२ वस्तु वर्गीकरण

मालवस्तुको पैठारी गर्नका लागि प्रतीतपत्र खोल्दा सो को विस्तृत विवरण प्रतीतपत्र एवं विलविजकहरूमा खोल्नु पर्ने व्यवस्थालाई अनिवार्य गरी प्रभावकारी रुपमा लागू गर्नु पर्दछ।

## ५.३ मूल्यांकन

राजस्वको दृष्टिकोणले महत्वपूर्ण वस्तुहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार मूल्यको तथ्यांक संकलन गरी यसलाई अद्यावधिक गर्दै जानु पर्दछ । ज्यादै न्यून बिजकीकरण (सूचना मूल्यको २० प्रतिशत भन्दा बढीले कम भएमा) गरेर पैठारी गरेको सामान भन्सार प्रशासनले आफै खरीद गर्ने वा कुनै संस्थान, वस्तुगत संघ वा त्यस्तै अन्य निकाय व्यक्ति मार्फत खरीद गर्न लगाउने व्यवस्था गर्नु पर्दछ। यसरी सामान खरीद गर्ने सम्वन्धी सम्पूर्ण व्यवस्था भंसार ऐन नियममै तोकिनु पर्दछ ।

उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थको विलविजकलाई आधार मानी कारोवार मूल्य कायम गरी जाँचपास गर्नुपर्ने व्यवस्था गरिनु पर्दछ। सरकारी पैठारी, सरकारी संस्थानले आयात गर्ने मालवस्तुको जाँचपास गर्दा पेश भएका कागजातलाई आधार मानी कारोवार मूल्य कायम गरिनुपर्दछ र ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने वस्तुको पैठारीलाई राजस्व जोखिमका आधारमा सहज र सरल मूल्याङ्कन प्रणाली अवलम्वन गरी जाँचपास गर्नुपर्छ।

## ५.४ भंसारका दर

स्वदेशी उद्योगले पैठारी गर्ने केही आधारभूत कच्चा पदार्थहरूमा आर्थिक वर्ष २०७२/७३ मा भंसार महसुल शून्य प्रतिशतले लगाउने र यस्तो व्यवस्था आगामी वर्षहरूमा अन्य

औद्योगिक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रासायनिक पदार्थ, प्याकेजिङ सामग्री र औद्योगिक मेशिनरीको सन्दर्भमा पनि विस्तार गर्दै जानु पर्दछ ।

सन् २०१६ देखि साफ्टा पूर्ण रुपमा कार्यान्वयनमा आई व्यापार उदारीकरण कार्यक्रम (Trde Liberlization Programe) समाप्त हुने भएकोले संवेदनशील सूचीमा परेका मालवस्तुहरू बाहेक अन्यको हकमा नेपालले ५ प्रतिशतभन्दा बढी पैठारी महसुल लगाउन सक्ने अवस्था रहदैन । तसर्थ आधारभूत कच्चा पदार्थको रुपमा मात्र प्रयोग हुने पदार्थमा शून्यदर, वहु प्रयोग भएका कच्चा पदार्थ, केमिकल्स, मेशिनरी, अर्धतयारी वस्तुमा २ प्रतिशत र अन्य वस्तुमा ५ प्रतिशतको दर कायम गरिनु पर्दछ ।

सार्क बाहेक अन्य मुलुकहरूबाट पैठारी गरिने वस्तु र साफ्टाको संवेदनशील सूचीमा समावेश गरिएका वस्तुका सन्दर्भमा आर्थिक वर्ष २०७२/७३ मा भन्सार महसूलका ५ वटा दरको संख्या (५, १०, १५, २० र ३०) कायम गरिनु पर्दछ । ती दरको संख्या आर्थिक वर्ष २०७३/७४ मा ४ वटा (५, १०, १५ र २५ प्रतिशत) तोकिनु पर्दछ भने आर्थिक वर्ष २०७४/७५ मा ३ दर (५, १५ र २०) मात्र कायम राख्नु पर्दछ ।

विश्व व्यापार संगठनसँग गरिएको प्रतिबद्धता अनुरुप हलुका सवारी साधनको भन्सार महसूल दर आर्थिक वर्ष २०७२/७३ मा ३० प्रतिशत कायम गरिनु पर्दछ र त्यसपछिका वर्षहरूमा यो दर क्रमशः २५ र २० प्रतिशतमा झारिनु पर्दछ ।

## ५.५ संवेदनशील वस्तुको सूची छोट्याउदै जाने

साफ्टा लागु गर्ने सन्दर्भमा नेपालले व्यक्त गरेको क्षेत्रीय प्रतिबद्धता अनुसार संवेदनशील सूचीमा समावेश भएका वस्तुलाई क्रमशः यस सूचीबाट हटाउँदै जानु पर्दछ ।

## ५.६ प्रकृया

चीनको स्वशासित क्षेत्र तिव्वतसंगको व्यापारलाई प्रतीतपत्रको माध्यमबाट मात्र पैठारी गर्न पाउने व्यवस्था मिलाउनु पर्दछ । यसैगरी भारतको स्थानीय बजारवाट खरीद गरिने निश्चित रकमभन्दा बढीको पैठारीलाई पनि प्रतीतपत्रको माध्यमबाट पैठारी गर्न प्रोत्साहित गर्नु पर्दछ । भन्सार प्रकृयालाई सरल बनाउन पैठारी गरिने मालवस्तु भन्सार विन्दुमा आइपुग्नु पहिल्यै वस्तुको घोषणा गरेर भन्सार महसुल तिर्ने प्रक्रियालाई प्रोत्साहित गरिनु पर्दछ । जाँचपास पछिको परीक्षणलाई प्रभावकारी बनाउनु पर्दछ । व्यापार सहजीकरणमा अर्न्तराष्ट्रिय स्तरमा पहिचान भएका Trusted Traders एवं Authorized Economic

Operator (AEO) जस्ता अवधारणाहरूलाई नेपालमा पनि अवलम्वन गर्दै जानु पर्ने देखिन्छ। मालवस्तुहरूको जाँचपास प्रक्रियामा हाल प्रचलनमा रहेको Asycuda प्रणालीले भन्सार व्यवस्थापनका लागि आवश्यक पर्ने सूचना तथा तथ्यांकहरू तत्कालै (Real Time) उपलव्ध गराउने व्यवस्था विकसित गरिनु पर्दछ।

भन्सार प्रक्रियाहरूको सरलीकरण र सामञ्जस्यीकरणको निमित्त कोशेढुंगाको रुपमा रहेको संशोधित क्योटो महासन्धी (Revised Kyoto Convention) को पक्ष राष्ट्र भई तदनुरुप मौजुदा कानूनमा संशोधन गरी भन्सार प्रक्रियालाई थप सरल, सहज तथा सक्षम कनाउनु पर्ने देखिन्छ।

आयातनिर्यातकर्ताको छुट्टै पहिचानका लागि निजहरूलाई निश्चित संकेत नम्वर (Import Export Code) प्रदान गर्नु पर्दछ। विशेष आर्थिक क्षेत्र (Special Economic Zone) तथा निर्यात प्रवर्द्धन गृह (Export Promotion House) मा विक्रि गर्ने घरेलु उद्योग तथा माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगहरूले कच्चा पदार्थमा तिरेको कर महसूल फिर्ता गर्ने र निजहरूलाई निकासी सरहको सुविधा प्रदान गरिनुपर्दछ।

निकासी पैठारी गर्दा आवश्यक पर्ने कागजातको संख्या कटौति गरिनु पर्दछ।

सवारी साधन सुख्खा बन्दरगाह स्थित भंसार यार्डबाट सवारी साधनका डिलरले विकी गरेको अवस्थामा मात्र भंसार महसुल लगाउने व्यवस्था गरिनु पर्दछ।

## ६. अन्तःशुल्क

अन्तःशुल्क लाग्ने वस्तुको संख्या सीमित राख्ने, निकासीलाई कर मुक्त गर्ने र अन्तःशुल्क व्यवस्थालाई स्वयं निस्काशन प्रणाली अन्तर्गत संचालन गर्ने नीति अपनाउदै जानु पर्दछ।

### ६.१ क्षेत्र

सडक मर्मत तथा सुधार दस्तुर र प्रदुषण नियन्त्रण शुल्क खारेज गरेर पेट्रोल र डिजेलमा अन्तःशुल्क लगाउनु पर्दछ। यसैगरी दूर संचार सेवा दस्तुर लगाउनुको सट्टा यस सेवामा अन्तःशुल्क लगाउनु पर्दछ। किचेन तथा बाथरुमका सामान, कुकुर बिरालोको खाना, माछा मासुजन्य पदार्थ, जंक फुड लगायतका राजस्व नगण्य रुपमा प्रदान गर्ने र साधारणतया अन्तःशुल्कको दायरामा नआउने वस्तुमा लागेको अन्तःशुल्क खारेज गरिनु पर्दछ।

## ६.२ दरबन्दी

मदिरा, चुरोट र पेट्रोल र डिजेलमा अन्तःशुल्क निर्दिष्ट दरले लगाउनु पर्दछ र विलासी अन्तःशुल्कको दर मूल्यगत आधारमा तोक्ने व्यवस्था हुनु पर्दछ। मदिरा तथा सूर्तिजन्य वस्तु तथा इनर्जी ड्रिंक्समा अन्तःशुल्कको दर बढाउनु पर्दछ।

## ६.३ निकासीको कर फिर्ता

निकासी गरिने वस्तुको उत्पादनमा प्रयोग भएको कच्चा पदार्थमा लागेको अन्तःशुल्क फिर्ता दिने व्यवस्था हुनु पर्दछ।

## ६.४ अन्तःशुल्क नियन्त्रण

स्वयं निष्काशन प्रणाली सूर्तिजन्य पदार्थमा आर्थिक वर्ष २०७२/७३ मा लागू गर्ने र त्यसको प्रभाव मूल्यांकन समेतका आधारमा त्यसपछि मदिरामा लागू गर्ने व्यवस्था गर्नु पर्दछ । स्वयं निष्काशन प्रणालीलाई प्रभावकारी बनाउन Web–based प्रणाली लागु गर्नु पर्दछ। सूर्ति, गुट्खा तथा पान मसला उद्योगहरूलाई मेसिनको शक्तिको आधारमा दाखिला गर्नुपर्ने न्यूनतम अन्तःशुल्क तोकिनु पर्दछ । निष्काशनको आधारमा लाग्ने अन्तःशुल्क न्यूनतम अन्तःशुल्क भन्दा कम भएमा त्यस्तो उद्योगले न्यूनतम अन्तःशुल्क तिर्ने र निष्काशनका आधारमा लाग्ने अन्तःशुल्क न्यूनतम अन्तःशुल्कभन्दा बढी भएमा निष्काशनको आधारमा अन्तःशुल्क तिरे पुग्ने व्यवस्था गर्नु पर्दछ।

## ६.५ कानूनी व्यवस्था

मदिरा ऐनमा भएका सवै प्रावधानहरू अन्तःशुल्क ऐनमा समावेश गरिएकाले मदिरा ऐन तथा नियमलाई खारेज गर्नु पर्दछ।

## ७ संपत्ति कर

मालपोत/भूमिकरका दरहरूलाई आवधिक रुपमा पुनरावलोकन गर्ने, जग्गाधनीले चाहेमा ५ वर्षको मालपोत एकैपटक तिर्न सक्ने व्यवस्था गर्ने, घरजग्गा करको न्यूनतम छुट हटाउने, दर घटाउने तथा न्यूनतम र अधिकतम दरको सीमा तोक्ने व्यवस्था गर्नु पर्दछ। घरजग्गा रजिष्ट्रेशन दस्तुरलाई कारोवार मूल्यमा लगाउने र दर घटाउने व्यवस्था गर्नु पर्दछ भने पुर्ख्यौली सम्पतिको स्वामित्व हस्तान्तरणमा लाग्ने रजिष्ट्रेशन दस्तुरको दर दोव्वर गरिनु पर्दछ। सम्पत्ति कर ऐन तथा घरजग्गा कर ऐन खारेज गरिनु पर्दछ।

## ८. सवारी साधन कर

एकद्वार प्रणाली अन्तर्गत संकलन गर्नु पर्दछ ।

## ९. सामाजिक सुरक्षा योजना

सामाजिक सुरक्षा करलाई विकसित गर्दै जाने क्रममा कर्मचारी तथा रोजगारदाता दुवैको योगदान हुनु पर्ने व्यवस्था लागु गर्नु पर्दछ । निवृत्तिभरण सम्वन्धी वर्तमान योगदान रहित व्यवस्थाको सट्टा योगदानमा आधारित व्यवस्था लागु गर्नु पर्दछ र निवृतिभरण आयको भुक्तानीमा एक प्रतिशतका दरले लाग्दै आएको सामाजिक सुरक्षा कोष करलाई खारेज गर्नु पर्दछ ।

## १०. पुनर्निर्माण कर

आर्थिक वर्ष २०७२/७३ र आर्थिक वर्ष २०७३/७४ मा व्यक्तिगत तथा संस्थागत आयकरको आधारमा २ प्रतिशतका दरले पुनर्निर्माण कर लगाउनु पर्दछ । यसैगरी यो कर व्याज र लाभांशमा १ प्रतिशतका दरले लागु गरिनु पर्दछ ।

अर्कोतर्फ भूकम्पबाट प्रभावित उद्योगी, व्यापारी तथा व्यवसायीलाई राहत दिनका लीग नेपाल सरकारबाट गठित पुनर्निर्माण प्रधिकरणबाट पूर्व स्वीकृति लिई तोकिएको क्षेत्रमा गरिने प्रमाणित लगानी आयकर प्रयोजनको निमित्त खर्च कट्टी दाबी गर्न पाउने व्यवस्था गर्ने, प्रधानमन्त्री राहतकोषमा जम्मा गरेको रकम आयकर प्रयोजनको निमित्त खर्च कट्टी दाबी गर्न पाउने स्थायी व्यवस्था हुनु पर्ने, पुनर्निर्माण कोषमा जम्मा गरेको रकम आयकर प्रयोजनको निमित्त खर्च कट्टी दाबी गर्न पाउने व्यवस्था हुनुपर्ने र भूकम्पबाट भएको क्षतिको खर्च कट्टी तथा घाटा समायोजनलाई उदार बनाइने व्यवस्था गरिनु पर्दछ ।

## ११. गैर कर

गैर करका दरलाई समसामयिक बनाउने, हाल कुनै किसिमले प्रयोग नभएका सरकारी सम्पत्तिको विक्रीबाट थप राजस्व परिचालन गर्ने र राष्ट्रिय स्तरको कल्याणकारी कोष, वैदेशिक रोजगार प्रवर्द्धन कोष, सैनिक, प्रहरी तथा सशस्त्र प्रहरी कोषहरू, ग्रामीण दूर संचार कोष जस्ता कोषहरूमा अनुत्पादक स्थितिमा रहेको रकम अर्थतन्त्रको पुनर्निर्माण कार्यमा लगाउने व्यवस्था गर्नु पर्दछ ।

## १२. राजस्व प्रशासन

राजस्व बोर्ड स्थापना गर्ने, राजस्व सेवा लागु गर्ने, कर्मचारीहरूको दरबन्दी सृजना, छनौट, नियुक्ति, पदस्थापन, सरूवा, बढुवा तथा कार्य सम्पादन मूल्याङ्कन जस्ता सबै पक्षहरूको सुधार गर्नु पर्ने, कर्मचारी प्रशिक्षण युद्धस्तरमा लागु गर्ने तथा करदाता शिक्षालाई निरन्तरता दिनु पर्दछ ।

## १३. राजस्व सम्वन्धी कार्यगत रणनीति

कर सम्वन्धी औपचारिकता पूरा गर्ने र नगर्ने करदातालाई एउटै स्तरमा नराखेर करदाताको स्थिति, आवश्यकता, व्यवहार तथा करदाताको कर परिपालनाको स्तर अनुसार करदाता दर्ता, कर फिर्ता, कर परीक्षण, कर वक्यौता सम्वन्धी नीति वा प्रक्रिया अवलम्वन गरिनु पर्दछ ।

## १४. सूचना प्रविधि

राजस्व प्रशासनलाई बढी पारदर्शी तथा प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोगलाई बढाउदै जानु पर्दछ ।

## १५. प्रशासकीय पुनरावलोकन

प्रशासकीय पुनरावलोकनलाई छिटो छरितो बनाउनको लागि प्रशासकीय पुनरावलोकनको अधिकारलाई महानिर्देशकले प्रत्यायोजित गर्न सक्ने वा महानिर्देशकको सट्टा उपमहानिर्देशकको नेतृत्वमा छुट्टै महाशाखा खडा गरी सोबाट गर्ने व्यवस्था मिलाउनु पर्दछ । यस सम्वन्धी निर्णय ६० दिन भित्र गरिसक्नु पर्ने र धरौटी राख्न आवश्यक नपर्ने व्यवस्था गर्नु पर्दछ ।

## १६. पुनरावेदन

पुनरावेदन सम्वन्धी व्यवस्थालाई प्रभावकारी बनाउन विभिन्न स्थानमा छुट्टाछुट्टै न्यायाधिकरण स्थापना गर्नुको सट्टा काठमाण्डौमा राजस्व न्यायाधिकरण गठन गर्ने, केन्द्रवाट बाहिर बेन्च कायम गर्दा मुद्दा मामिलाको संख्याको चापको आधारमा २ वा ३ महिनाको लागि कायम गर्नु पर्ने, केन्द्र बाहिर रहेका सबै न्यायाधिकरण खारेज

गर्ने, राजस्व न्यायाधिकरणमा हाल झै कानून, राजस्व तथा लेखा सम्वन्धी तीन सदस्य रहने, अध्यक्ष कानूनको विज्ञ हुने व्यवस्था हुने, राजस्व तथा लेखा सदस्य सम्बन्धित क्षेत्रको विज्ञ रहने गरी स्तर वृद्धि गर्ने, राजस्व न्यायाधिकरणमा निवेदन दिएको मुद्दाको बढीमा १८० दिन भित्रमा अनिवार्य फैसला गर्नु पर्ने व्यवस्था लागु गरिनु पर्दछ ।

## १७. कर विवाद समाधान समिति

आन्तरिक राजस्व विभागको संरचना बाहिर स्वतन्त्ररुपले काम गर्ने गरी एउटा छुट्टै तीन सदस्यीय कर विवाद समस्या समाधान समितिको व्यवस्था गरिनु पर्दछ ।

## १८. सम्पत्तिको घोषणा

रु. ५ करोड भन्दा माथिको चल अचल सम्पत्ति भएको व्यक्तिले आयकरको प्रयोजनका लागि अनिवार्य रुपमा सम्पत्ति घोषणा गर्ने व्यवस्था गर्नु पर्दछ । यसरी घोषणाको विवरण दाखिला गर्ने व्यक्तिको सम्पत्ति रु १ करोड भन्दा बढी थप भएको अवस्थामा पहिला पेश गरेको सम्पत्तिको विवरणमा समावेश गर्नको लागि थप विवरणहरू दाखिला गर्दै जानु पर्ने व्यवस्था गर्नु पर्दछ ।

## १९. कर संहिता

हाल आय कर, अन्तःशुल्क, भंसार महसुल, मूल्य अभिवृद्धि कर जस्ता विभिन्न करका लागि छुट्टाछुट्टै ऐन नियम लागु गरिएकोमा ती सबै कानूनको सट्टा सबै करको प्रयोजनका लागि एउटै कर संहिता (Tax Code) तयार गर्नु पर्दछ ।

# विषय सूची

**अध्याय १**


**परिचय** १

१.१ भूमिका १

१.२ विगतमा गरिएका प्रमुख कर सुधारहरू ४

१.३ थप कर सुधारको आवश्यकता ७

१.३.१ मुलुकको बदलिँदो आर्थिक तथा सामाजिक परिवेश ८

१.३.२ मुलुक संघीयतामा रुपान्तरित हुने स्थिति ९

१.३.३ साफ्टा कार्यान्वयन र सार्क कस्टम्स् युनियन स्थापनाको सम्भावना १२

१.३.४ मुलुकलाई सन् २०२२ सम्म विकासशील राष्ट्रको श्रेणीमा पुर्‍याउने लक्ष्य १३

१.४ उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको गठन १४

१.४.१ आयोगको बनोट १४

१.४.२ आयोगका सहयोगी पदाधिकारी तथा कर्मचारीहरू १४

१.४.३. आयोगसँग सम्वन्धित परामर्शदाताहरू १५

१.५. आयोगको कार्य विवरण १५

१.६. आयोगको अवधारणा १६

१.६.१. राजस्व उत्पादकता र लचकता १६

१.६.२ आर्थिक तटस्थता/सक्षमता १८

१.६.३ समानता २२

१.६.४ प्रशासनिक सरलता र पारदर्शिता २३

१.६.५ मितव्ययिता २३

१.७. आयोगको प्रतिवेदनको खाका २५

१.८ अन्त्यमा २६

## अध्याय २


**वित्त व्यवस्था** २७

२.१ भूमिका २७

२.२ वित्त व्यवस्था २९

२.३ सार्वजनिक खर्च ३०

२.४ सार्वजनिक आय ३२

२.५ राजस्व ३४

२.५.१ कर राजस्व ३६

२.५.२ गैर कर राजस्व ५१

२.६ अनुदान ५२

२.७ सार्वजनिक ऋण ५३

२.९ राजस्व लचकता तथा प्रक्षेपण ५७

२.१० निष्कर्ष ५९


## अध्याय ३


**कर प्रणालीको स्वरुप** ६१

३.१ परिचय ६१

३.२ कर लगाउने अधिकारको विभाजन ६१

३.३ कर आधारको बाँडफाँडसम्बन्धी औचित्य ६४

३.३.१ भन्सार महसुल ६४

३.३.२ मूल्य अभिवृद्धि कर ६५

३.३.३ अन्तःशुल्क ६८

३.३.४ आयकर ६९

३.३.५ प्राकृतिक संसाधन कर ७२

३.३.६ सामाजिक सुरक्षा कर ७४

३.३.७ स्वास्थ्य सेवा कर ७४

३.३.८ कृषि सुधार शुल्क ७४

३.३.९ दूरसंचार सेवा दस्तुर/टेलिफोन स्वामित्व शुल्क ७५

३.३.१० वन पैदावर शुल्क ७५

३.३.११ प्रदुषण नियन्त्रण शुल्क ७६

३.३.१२ कार्बन कर ७६

३.३.१३ सडक/सवारी साधनमा आधारित कर ७६

३.३.१४ टिकट दस्तुर ७८

३.३.१५ घर जग्गा रजिस्ट्रेशन दस्तुर ७८

| | | |
|---|---|---|
| | ३.३.१६ शिक्षा सेवा शुल्क | ७९ |
| | ३.३.१७ जुवा र चिठ्ठामाथि कर/क्यासिनो रोयल्टी | ७९ |
| | ३.३.१८ पूर्वानुमानित कर | ७९ |
| | ३.३.१९ सम्पत्ति कर | ८० |
| | ३.३.२० घर वहाल कर | ८२ |
| | ३.३.२१ मनोरञ्जन कर | ८२ |
| | ३.३.२२ व्यावसायिक भिडियो कर | ८२ |
| | ३.३.२३ विज्ञापन कर | ८२ |
| | ३.३.२४ व्यवसाय कर | ८३ |
| | ३.३.२५ बहाल बिटौरी कर | ८३ |
| | ३.३.२६ रिक्सा, टाँगा, एक्का, बयलगाडा डुङ्गा, केबलकार कर | ८३ |
| | ३.३.२७ जनावरमाथि कर | ८३ |
| | ३.३.२८ पार्किङ शुल्क | ८३ |
| | ३.३.२९ सेवा शुल्क | ८३ |
| ३.४ | प्रादेशिक/स्थानीय तहमा राजस्व संकलनका विधि | ८४ |
| | ३.४.१ स्वतन्त्र करहरू (Independent Taxes) | ८४ |
| | ३.४.२ केन्द्रद्वारा प्रशासित करहरू (Centrally Administered Taxes) | ८५ |
| | ३.४.३ केन्द्रीय कर वा कर आधारमाथि अतिरिक्त कर (Piggy-backing) | ८६ |
| | ३.४.४ सहभाजित करहरू | ८९ |
| | ३.४.५ सहभाजित राजस्व | ८९ |
| ३.५. | वित्तीय असन्तुलन | ९० |
| | ३.५.१ ऊर्ध्वगामी असन्तुलन | ९० |
| | ३.५.२ समश्रेणीगत असन्तुलन | ९० |
| ३.६ | अनुदान | ९१ |
| | ३.६.१ निःशर्त अनुदान | ९१ |
| | ३.६.२ सशर्त अनुदान | ९२ |
| | ३.६.३ समीकरण अनुदान | ९२ |
| | ३.६.४ अन्य अनुदान | ९३ |
| ३.७ | संस्थागत व्यवस्था | ९४ |
| ३.८ | कानुनी ढाँचा | ९६ |
| ३.९ | सहकार्य/समन्वय/सामञ्जस्य | ९७ |
| ३.१० | आर्थिक कार्यप्रणाली | ९८ |
| ३.११ | निष्कर्ष | ९८ |

## अध्याय ४


**मूल्य अभिवृद्धि कर** १२७

४.१ परिचय १२७

४.२ करको दायरा १३२

४.२.१ कर लगाउन कठिन हुने वस्तुहरू (Hard-to-Tax Commodities) १३५

४.२.२ विशेष गुणकारी वस्तु तथा सेवाहरू (Merit Goods) १३६

४.२.३ अन्य वस्तु तथा सेवाहरू (Other Commodities) १३६

४.३ कर नलाग्ने कारोबारको सीमा १३७

४.४ करको दर १४३

४.५ कर कट्टी व्यवस्था १४७

४.६ कर फिर्ता व्यवस्था १५०

४.६.१ निकासी गर्ने व्यक्तिको कर फिर्ता १५०

४.६.२ विदेशी पर्यटकले तिरेको कर फिर्ता १५४

४.६.३ कूटनीतिक कर फिर्ता १५५

४.६.४ मिलान हुन नसकेको कर फिर्ता १५६

४.६.५ विशेष किसिमको कर फिर्ता व्यवस्था १५७

४.६.६ समग्र कर फिर्ताको स्थिति १५९

४.७ कर दर्ता तथा दर्ता खारेजी १६०

४.८ कर विवरण १६५

४.९ विवरण नबुझाउने १६७

४.१० कर भुक्तानी तथा बक्यौता १६९

४.११ कर बिजक १७२

४.१२ क्यास रजिस्टर १७३

४.१३ अन्य व्यवस्था १७४


## अध्याय ५


**आय कर** १८९

५.१ परिचय १८९

५.२ आयकरको क्षेत्र तथा आय शीर्षकहरू १९१

५.३ छुट तथा सुविधा १९४

५.३.१ सामान्य छुट १९४

५.३.२ कृषिको छुट १९५

५.३.३ सहकारीको आयमा छुट १९५

५.३.४ व्यवसायिक छुट तथा सुविधाहरू १९६

| | | |
|---|---|---|
| ५.४ | आधारभूत छुट/कर मिलान/अलप सूत्र | १९८ |
| ५.५ | अन्य छुटहरू | २०६ |
| | ५.५.१ निवृत्तिभरण सम्बन्धी व्यवस्था | २०६ |
| | ५.५.२ लगानी बीमासम्बन्धी ब्यबस्था | २०७ |
| | ५.५.३ औषधि उपचार बापत कर मिलान | २०८ |
| | ५.५.४ बासस्थानको लागि भएको खर्च | २०८ |
| | ५.५.५ सामाजिक उत्तरदायित्व सम्बन्धी ब्यबस्था | २०९ |
| ५.६ | व्यक्तिगत आयकरको दर | २१० |
| ५.७ | संस्थागत आयकरको दर | २१३ |
| ५.८ | साना व्यवसायीहरूको लागि विशेष व्यवस्था | २१७ |
| ५.९ | भाडाका सवारी साधन धनीहरूमा लाग्ने कर | २२० |
| ५.१० | स्रोतमा कर कट्टी | २२० |
| ५.११ | घर बहाल कर | २२७ |
| ५.१२ | पूँजीगत लाभमा कर | २२९ |
| ५.१३ | स्थायी लेखा सम्बन्धी व्यवस्था | २३२ |
| ५.१४ | पूर्वादेश, सार्वजनिक परिपत्र तथा निर्देशिका सम्वन्धमा | २३२ |
| ५.१५ | वास्तविक ब्यक्तिले नै करको दायित्व वहन गर्नुपर्ने | २३४ |
| ५.१६ | संयुक्त उद्यम (Joint Venture) | २३५ |
| ५.१७ | स्थायी संस्थापन | २३७ |
| ५.१८ | नियन्त्रणमा परिवर्तन | २३९ |
| ५.१९ | लेखा प्रणाली | २४० |
| ५.२० | ह्रास खर्च कट्टी | २४१ |
| ५.२१ | आय विवरणसाथ संलग्न गर्नुपर्ने कागजातहरू | २४१ |
| ५.२२ | बासिन्दा व्यक्तिको परिभाषा | २४२ |
| ५.२३ | संशोधित कर विवरण | २४३ |
| ५.२४ | कर दायरा विस्तार | २४३ |
| ५.२५ | क्रेडिट कार्ड कारोवारलाई प्रोत्साहित गर्ने | २४५ |
| ५.२६ | पुनर्निर्माण कर | २४५ |


**अध्याय ६**


| | | |
|---|---|---|
| **भन्सार महसुल** | | २५१ |
| ६.१ | परिचय | २५१ |
| ६.२ | भन्सार महसुलको क्षेत्र | २५८ |
| ६.३ | मूल्यांकन | २५८ |
| ६.४ | भन्सार दर | २६१ |

| | | |
|---|---|---|
| ६.५ | वर्गीकरण | २६७ |
| ६.६ | भन्सार जाँचपास प्रक्रिया | २७० |
| | ६.६.१ भारतबाट गरिने पैठारी | २७० |
| | ६.६.२ चीनको स्वःशासित क्षेत्र तिब्बतबाट गरिने पैठारी | २७१ |
| | ६.६.३ तेश्रो मुलुकबाट गरिने पैठारी | २७१ |
| | ६.६.५ भन्सार जाँचपास पछिको परिक्षण (Post Clearnce Audit) | २७३ |
| | ६.६.६ आयात निर्यात संकेत नम्वर (Import Export Code) | २७४ |
| | ६.६.७ विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रवर्द्धन गृहको व्यवस्था | २७४ |
| ६.७ | अन्तर्राष्ट्रिय प्रतिबद्धता | २७६ |
| | ६.७.१ विश्व व्यापार संगठन र नेपालको प्रतिवद्धता | २७७ |
| | ६.७.२ साफ्टा संझौता र नेपालको प्रतिवद्धता | २७७ |
| | ६.७.३ BIMSTEC र नेपालको प्रतिवद्धता | २८० |
| ६.८ | भंसार प्रशासनको सुधार | २८१ |
| ६.९ | व्यापार सहजिकरण | २८२ |


**अध्याय ७**


| | | |
|---|---|---|
| **अन्तःशुल्क** | | २८३ |
| ७.१ | परिचय | २८३ |
| ७.२ | क्षेत्र | २८४ |
| ७.३ | अन्तःशुल्क दरबन्दी | २८९ |
| ७.४ | निकासीको कर फिर्ता | २९३ |
| ७.५ | अन्तःशुल्क नियन्त्रण | २९४ |
| ७.६ | टिकट, स्टिकर, फ्लोमिटर | २९६ |
| ७.७ | कानूनी व्यवस्था | २९९ |
| ७.८ | अन्तःशुल्क लाग्ने मूल्य | २९९ |
| ७.१० | अवैध मदिरा नियन्त्रण | ३०१ |
| ७.११ | अन्य | ३०२ |


**अध्याय ८**


| | | |
|---|---|---|
| **सम्पत्ति कर** | | ३०३ |
| ८.१ | परिचय | ३०३ |
| ८.२ | मालपोत | ३०५ |
| ८.३ | भूमि कर | ३०६ |

८.४ घर जग्गा कर ३०६
८.५ एकीकृत सम्पत्ति कर ३०८
८.६ रजिष्ट्रेशन दस्तुर ३०८
८.७ समस्याहरू ३०९
८.८ सुझाव ३११

**अध्याय ९**

**सवारी साधन कर** ३१५
९.१ परिचय ३१५
९.२ नेपाल सरकारको कर ३१८
९.३ जिल्ला विकास समितिको कर ३१८
९.४ नगरपालिकाको कर ३१८
९.५ गाउँ विकास समितिको कर ३१९
९.६ समस्या ३२०
९.७ सुझाव ३२०

**अध्याय १०**

**सामाजिक सुरक्षा योजना** ३२२
१०.१ परिचय ३२२
१०.२ नेपालमा सामाजिक सुरक्षा योजना ३२३
१०.३ सामाजिक सुरक्षा योजनाको स्वरुप ३२७
१०.४ सामाजिक सुरक्षा कर ३२८
१०.५ समष्टिगत सुझाव ३२९

**अध्याय ११**

**गैर कर** ३३१
११.१ परिचय ३३१
११.२ नेपालमा गैर कर राजस्व ३३२
११.३ गैर कर राजस्वका विद्यमान स्रोतहरू ३३४
    ११.३.१ सरकारी सम्पत्तिबाट प्राप्त हुने गैर कर ३३४
    ११.३.२ वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम ३३५
    ११.३.३ दण्ड जरिवाना जफत ३३५
    ११.३.४ अनुदान बाहेकको स्वेच्छिक हस्तान्तरण ३३६
    ११.३.५ विविध राजस्व ३३६

११.४ गैर कर राजस्व संकलनको स्थिति ३३६
११.५ समस्याहरू ३३९
११.६ सुझावहरू ३४०
११.७ गैर कर राजस्वका दरमा पुनरावलोकन गर्न सकिने केही क्षेत्रहरू ३४१
११.८ निष्कर्ष ३४२

**अध्याय १२**

**राजस्व प्रशासन** ३४३
१२.१. राजस्व प्रशासनको वर्तमान स्वरुप ३४३
१२.१.१ आन्तरिक राजस्व प्रशासन ३४४
१२.१.२ भन्सार प्रशासन ३४५
१२.१.३ राजस्व अनुसन्धान प्रशासन ३४७
१२.१.४ राजस्व प्रशासन तालिम केन्द्र ३४८
१२.२. राजस्व प्रशासनमा सुधारको खांचो ३४८
१२.२.१ संगठनात्मक स्वरुप ३५२
१२.२.२ कर्मचारी व्यवस्था ३६४
१२.२.३ राजस्व प्रशासनका कर्मचारीको क्षमता अभिवृद्धि ३६९
१२.२.४ राजस्व प्रशासकको आचारसंहिता ३७१
१२.२.५ कर परीक्षकलाई जिम्मेवार वनाउनु पर्ने आचार संहिता ३७२
१२.२.६ कर सहयोगीको आचारसंहिता ३७६

**अध्याय १३**

**राजस्व प्रशासनको प्रस्तावित संगठनात्मक स्वरुप** ३७८
१३.१ पृष्ठभूमि ३७८
१३.२ संगठनात्मक संरचनामा परिवर्तन गर्नु पर्ने आवश्यकता ३८१
१३.३ नेपालको लागि संभावित संगठनात्मक संरचना ३८३
१३.४ आयोगको सुझाव ३९४

**अध्याय १४**

**राजस्व सम्वन्धी कार्यगत रणनीति** ३९८
१४.१ भूमिका ३९८
१४.२ कर दर्ता/दर्ता खारेजी सम्बन्धी रणनीति ३९९
१४.३ कर फिर्ता सम्बन्धी रणनीति ४०१
१४.४ कर परीक्षण सम्वन्धी रणनीति ४०२

१४.५ कर संकलन सम्बन्धी रणनीति ४०४

१४.६ करदाता सेवा सम्वन्धी रणनीति ४०७

१४.६.१ लक्षित समूह पहिचान गर्नु ४०८

१४.६.२ करदाताको दृष्टिकोणबाट करदाताहरूको चाहना निर्धारण गर्नु ४०८

१४.६.३ करदाता सेवालाई सहयोगी संगठनात्मक संस्कृतिको रुपमा विकास गर्नु ४०९

१४.६.४ बाह्य सरोकारवालाहरूमा केन्द्रीत रही रणनीतिक... ४०९

१४.७ कर सहभागिता मोडेल ४१०

**अध्याय १५**

**राजस्व प्रशासनमा सूचना प्रविधिको भूमिका** ४१३

१५.१ परिचय ४१३

१५.२ सूचना प्रविधिको भूमिका ४१४

१५.२.१ कर प्रशासनको कार्य सम्पादनमा सुधार गर्ने ४१४

१५.२.२ समग्र कर प्रशासनको लागत कम गर्ने ४१४

१५.२.३ करदाताको कर परिपालन लागत कम गर्ने ४१५

१५.२.४ करदाता र कर प्रशासनका बीच अन्तरक्रिया वा सम्बादमा अभिवृद्धि गर्ने ४१५

१५.३ आन्तरिक राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग ४१५

१५.४ समस्याहरू ४१७

१५.४.१ मूल्य अभिवृद्धि करमा बढदै गरेको विवरण नभर्ने... ४१७

१५.४.२ बढ्दो क्रेडिट भ्याट विवरण ४१७

१५.४.३ संशोधित कर विवरणको प्रणालीमा प्रविष्टी... ४१७

१५.४.४ करदाताले कर विवरण... ४१७

१५.४.५ विद्युतीय माध्यमबाट कर तिर्ने... ४१८

१५.४.६ घर बहाल कर, स्वास्थ सेवा कर र शिक्षा कर एकीकृत... ४१८

१५.४.७ अन्तःशुल्कको नियमित अनुगमनको अभावमा... ४१८

१५.४.८ भौतिक नियन्त्रणमा रहेका उद्योगको कारोवार अभिलेखन... ४१९

१५.४.९ स्टिकर व्यवस्थापन प्रणाली प्रयोगमा नआएको ४१९

१५.४.१० रिस्क इंजिनको सीमित प्रयोग ४१९

१५.४.११ करदाताको विवरणिका (Profile) तयार नहुनु ४१९

१५.४.१२ विभिन्न करहरूबीच सूचनाको निर्वाध एवं निरन्तर प्रवाह हुन नसक्नु ४१९

१५.४.१३ बक्यौता रहन गएको रकमको सूचना समयमा प्रवाह गर्न नसकिएको ४२०

१५.५ सुझाव ४२०

१५.६ भन्सार प्रशासनमा सूचना प्रविधिको अवस्था र सुधार ४२३

१५.६.१ वर्तमान स्थिति ४२४

१५.६.२ सुझाव ४२५

**अध्याय १६**

**प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन** ४२७
१६.१ परिचय ४२७
१६.२ प्रशासकीय पुनरावलोकन ४२८
१६.३ पुनरावेदन ४२९
१६.४ पुनरावेदन पत्रमा लिइने जिकिरका मुख्य मुख्य विषयहरू ४३२
१६.५ समस्या तथा सुझावहरू ४३३
१६.५.१ प्रशासकीय पुनरावलोकन ४३३
१६.५.२ पुनरावेदन ४३६

**अध्याय १७**

**कर विवाद समाधान समिति** ४४६
१७.१ परिचय ४४६
१७.२ वार्ताद्वारा विवाद समाधानका तरिकाहरू ४४७
१७.३ सुझाव ४५०

**अध्याय १८**

**सम्पत्तिको घोषणा** ४५२
१८.१ पृष्ठभूमि ४५२
१८.२ सम्पत्ति वृद्धिको यथार्थता एकिन गर्नमा कठिनाई ४५४
१८.३ सम्पत्ति अभिलेख गर्नुपर्ने आवश्यकता एवं औचित्य ४५५
१८.३.१ आय कर ऐन, २०५८ अनुसार सृजना भएको अवस्था ४५६
१८.३.२ अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको उपस्थिति एवं प्रभाव ४५८
१८.३.३ नेपालको कानूनी एवं सामाजिक परिवेश ४५८
१८.३.४ वैदेशिक स्रोतको आय ४५९
१८.४ सम्पत्ति अभिलेखीकरणको लागि गरिनुपर्ने कानूनी व्यवस्था ४६१
१८.५ सुझाव ४६१

**अध्याय १९**

**कर संहिता** ४६३
१९.१ भूमिका ४६३
१९.२ छुट्टै कर संहिताको आवश्यकता ४६५
१९.३ कर संहिताले प्रतिस्थापन गर्ने विषयहरू ४६६
१९.४ सुझाव ४६७

## अध्याय २०

**अनौपचारिक अर्थतन्त्र** ४७१
२०.१ भूमिका ४७१
२०.२ नेपालको अर्थतन्त्रमा विद्यमान अनौपाचारिक क्षेत्रहरू ४७४
२०.२.१ भारतसंगको अनौपचारिक व्यापार ४७५
२०.२.२ चीनसंगको अनौपचारिक व्यापार ४७७
२०.२.३ अन्य प्रकारको अनौपचारिक कारोबार ४७९
२०.३ कर अन्तर (Tax Gap) ४८१
२१.४ सुझाव ४८३

## अध्याय २१

**सारांश तथा सुझवाहरु** ४८५
२१.१. सारांश ४८५
२१.२. सुझावहरू ४८७
२१.२.१ संघीय व्यवस्थामा कर प्रणाली ४८७
२१.२.२ मूल्य अभिवृद्धि कर ४८८
२१.२.२.१ दायरा विस्तार ४८८
२१.२.२.२ कर नलाग्ने कारोवारको सीमा ४८९
२१.२.२.३ मूल्य अभिवृद्धि करको दर ४८९
२१.२.२.४ कर कट्टी ४८९
२१.२.२.५ कर फिर्ता ४९०
२१.२.२.६ खरीद बिक्री खाता ४९१
२१.२.२.७ संचालन ४९१
२१.२.२.८ बिजक जारी गर्ने प्रचलन वढाउने उपायहरू: ४९६
२१.२.३ आय कर ४९६
२१.२.३.१ आय करको क्षेत्र ४९७
२१.२.३.२ आधारभूत छुट ४९७
२१.२.३.३ लगानी वीमा ४९८
२१.२.३.४ औषधि उपचार बापत कर मिलान ४९८
२१.२.३.५ वासस्थानको लागि भएको खर्च ४९८
२१.२.३.६ सामाजिक उत्तरदायित्व सम्बन्धी ब्यबस्था ४९९
२१.२.३.७ व्यक्तिगत आय करको दर ४९९
२१.२.३.८ संस्थागत आय करको दर ५००
२१.२.३.९ साना व्यवसायीहरूका लागि विशेष व्यवस्था ५००
२१.२.३.१० भाडाका सवारी साधन धनीहरूमा लाग्ने कर ५०१
२१.२.३.१० स्रोतमा कर कट्टी व्यवस्था ५०१

२१.२.३.११ घर वहाल कर ५०२
२१.२.३.१२ पूंजीगत लाभ कर ५०४
२१.२.३.१३ अन्य सुझावहरू ५०४
२१.२.४ पुनर्निर्माण कर ५०६
२१.२.५. भन्सार महसुल ५०७
२०.२.५.१ भन्सार महसुलको क्षेत्र ५०७
२१.२.५.२ वस्तु वर्गीकरण ५०७
२१.२.५.३ मूल्यांकन ५०८
२१.२.५.४ भन्सारका दरहरू ५०९
२१.२.५.५ संवेदनशील वस्तुको सूची छोट्याउदै जाने ५०९
२१.२.५.६ भन्सार प्रकिया ५०९
२१.२.५.७ आयात-निर्यातमा कोडको व्यवस्था ५१०
२१.२.५.८ अन्तर्राष्ट्रिय सन्दर्भ ५१०
२१.२.५.९ अन्य ५१०
२१.२.६ अन्तःशुल्क ५११
२१.२.६.१ क्षेत्र ५११
२१.२.६.२ दरबन्दी ५१२
२१.२.६.३ निकासीको कर फिर्ता ५१३
२१.२.६.४ अन्तःशुल्क नियन्त्रण ५१३
२१.२.६.५ टिकट, स्टिकर, फ्लोमिटर ५१४
२१.२.६.६ कानूनी व्यवस्था ५१५
२१.२.६.७ इजाजत ५१६
२१.२.६.८ अन्य ५१६
२१.२.७ संपत्ति कर ५१७
२१.२.८ सवारी साधन कर ५१९
२१.२.९ सामाजिक सुरक्षा योजना ५२०
२१.२.१० गैर कर ५२०
२१.२.११ राजस्व प्रशासन ५२१
२१.२.१२ राजस्व प्रशासनको प्रस्तावित संगठनात्मक स्वरुप ५२२
२१.२.१३ राजस्व सम्बन्धी कार्यगत रणनीति ५२२
२१.२.१४ सूचना प्रविधि ५२३
२१.२.१५ प्रशासकीय पुनरावलोकन ५२३
२१.२.१६ पुनरावेदन ५२४
२१.२.१७ कर विवाद समाधान समिति ५२५
२१.२.१८ सम्पत्तिको घोषणा ५२६
२१.२.१९ कर संहिता ५२६
२१.२.२० कर सम्बन्धी कानुनको तर्जुमा तथा कार्यान्वयन ५२६

## तालिका


*तालिका २.१ :* कुल गार्हस्थ उत्पादनको संरचना २८

*तालिका २.२ :* सार्वजनिक आयव्ययको स्थिति २९

*तालिका २.३ :* सार्वजनिक आय/व्यय कुल गार्हस्थ उत्पादनको प्रतिशत ३०

*तालिका २.४ :* सार्वजनिक खर्चको बनोट ३०

*तालिका २.५ :* सार्वजनिक खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत ३१

*तालिका २.६ :* सार्वजनिक आयको बनोट ३३

*तालिका २.७ :* सार्वजनिक आयमा कुल गार्हस्थ उत्पादनको प्रतिशत ३३

*तालिका २.८ :* राजस्वको बनोट ३४

*तालिका २.९ :* राजस्वमा कुल गार्हस्थ उत्पादनको प्रतिशत ३५

*तालिका २.१० :* कर राजस्वको बनोट ३६

*तालिका २.११ :* कर राजस्वको सापेक्षिक महत्व ३७

*तालिका २.१२ :* कर राजस्व कुल गार्हस्थ उत्पादनको प्रतिशत ३८

*तालिका २.१३ :* मूल्य अभिवृद्धि करको बनोट ४१

*तालिका २.१४ :* आन्तरिक मूल्य अभिवृद्धि करको बनोट ४२

*तालिका २.१५ :* आन्तरिक मूल्य अभिवृद्धि करको बनोट ४२

*तालिका २.१६ :* मूल्य अभिवृद्धि करको सापेक्षिक महत्व ४३

*तालिका २.१७ :* आयकर राजस्वको बनोट ४४

*तालिका २.१८ :* आयकर राजस्वको बनोट ४४

*तालिका २.१९ :* आयकर राजस्वको सापेक्षिक महत्व ४५

*तालिका २.२० :* भन्सार राजस्वको बनोट ४६

*तालिका २.२१ :* भन्सार महसुलको सापेक्षिक महत्व ४७

*तालिका २.२२ :* अन्तःशुल्क राजस्वको बनोट ४८

*तालिका २.२३ :* आन्तरिक अन्तःशुल्क राजस्वको बनोट ४८

*तालिका २.२४ :* आन्तरिक अन्तःशुल्क राजस्वको बनोट ४९

*तालिका २.२५ :* अन्तःशुल्कको सापेक्षिक महत्व ४९

*तालिका २.२६ :* सामाजिक सुरक्षा करको सापेक्षिक महत्व ५०

*तालिका २.२७ :* गैर कर राजस्वको बनोट ५१

*तालिका २.२८ :* गैर कर राजस्वका स्रोतहरूको सापेक्षिक महत्व ५१

*तालिका २.२९ :* अनुदानको स्थिति ५३

*तालिका २.३० :* सार्वजनिक ऋणको स्थिति ५४

*तालिका २.३१ :* केन्द्रीय सरकारको बजेट र केही कर सूचकहरू ५५

*तालिका २.३२ :* राष्ट्रिय कर संरचनामा विभिन्न करहरूको सापेक्षिक महत्व ५६

*तालिका २.३३ :* कर राजस्व कूल गार्हस्थ उत्पादनको अनुपात ५७

*तालिका* २.३४: मुख्य करको उत्प्लावकता (Buoyancy)/लचकता (Elasticity) ५८
*तालिका* २.३५ : कर राजस्वको प्रक्षेपण ५९
*तालिका* ३.१ : संघीय व्यवस्था अन्तर्गत विभिन्न तहका सरकारले लगाउन सक्ने कर ६४
*तालिका* ४.१ : मूल्य अभिवृद्धि करको प्रभावकारिता १३०
*तालिका* ४.२ : दक्षिण एशियामा मूल्य अभिवृद्धि करको प्रभावकारिता (२०१२/१३) १३१
*तालिका* ४.३ : न्युजिल्यान्ड र सिङ्गापुरमा मूल्य अभिवृद्धि कर छुट भएका वस्तु तथा सेवाहरू १३२
*तालिका* ४.४ : कर नलाग्ने कारोबारको सीमाको स्थिति १३८
*तालिका* ४.५ : सार्क देशहरूमा मूल्य अभिवृद्धि कर नलाग्ने कारोबारको सीमा १४०
*तालिका* ४.६ : कारोबारको तहअनुसार करदाता संख्या तथा राजस्व योगदान १४१
*तालिका* ४.७ : सार्क मुलुकहरूमा मूल्य अभिवृद्धि करको दर १४४
*तालिका* ४.८ : कर कट्टी रकम १४८
*तालिका* ४.९ : निकासीकर्तालाई गरिउको कर फिर्ताको स्थिति १५१
*तालिका* ४.१० : निर्यातकर्ताका वर्गीकरणका आधारहरू १५२
*तालिका* ४.११ : मिलान हुन नसकेको कर फिर्ताको स्थिति १५६
*तालिका* ४.१२: समग्र कर फिर्ताको स्थिति १५९
*तालिका* ४.१३ : मूल्य अभिवृद्धि कर दर्ताको स्थिति १६०
*तालिका* ४.१४ : मूल्य अभिवृद्धि कर दर्ता खारेजीको विवरण १६२
*तालिका* ४.१५ : कर विवरणको बनोट १६६
*तालिका* ४.१६ : मूल्य अभिवृद्धि कर विवरण पेश नगर्नेको संख्या १६८
*तालिका* ४.१७ : कर बक्यौता १६९
*तालिका* ५.१ : नेपालमा आधारभूत छुटको स्थिति २०३
*तालिका* ५.२ : सार्क मुलुकहरूमा आधारभूत छुट रकम २०४
*तालिका* ५.३ : व्यक्तिगत आयकरको वर्तमान दरको संरचना २११
*तालिका* ५.४ : सार्क मुलुकहरूमा व्यक्तिगत आयकरको दर २११
*तालिका* ५.५ : व्यक्तिगत आय करको प्रस्तावित दरको संरचना २१३
*तालिका* ५.६ : नेपालमा संस्थागत आयकरको दर २१४
*तालिका* ५.७ : अन्य सार्क मुलुकमा संस्थागत आयकरको दर २१४
*तालिका* ५.८ : स्रोतमा कर कट्टी व्यवस्था २२१
*तालिका* ६.१ : भन्सार दर अनुसार आयात महशुलको विवरण २६२
*तालिका* ६.२ : भन्सारको प्रभावकारी दर (Effective Rate of Customs) २६५
*तालिका* ६.३: सार्क तथा अन्य मुलुकसंगको आयात अवस्था (आ.व.२०७०/७१) २७८
*तालिका* ६.४ : सार्क राष्ट्रहरूले संवेदनशील सूचीमा समावेश गरेका वस्तुको संख्या २७९
*तालिका* ७.१ : पैठारीको वस्तुगत अन्तःशुल्क (२०७०/७१) २८७
*तालिका* ७.२ : आन्तरिक उत्पादन तर्फको वस्तुगत अन्तःशुल्क (२०७०/७१) २८८
*तालिका* ७.३ : तयारी मदिरामा लाग्ने अन्तःशुल्क २९१

*तालिका ८.१ :* घर जग्गा करको प्रयोजनका लागि घरको बनोट तथा मूल्यांकन ३०७
*तालिका ८.२ :* घर-जग्गा करको दर ३०७
*तालिका ८.३ :* नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकीकृत सम्पत्ति करको दर ३०८
तालिका ११.१ : गैर कर संकलनको प्रवृत्ति तथा सापेक्षिक महत्व ३३६
*तालिका ११.२ :* गैर कर राजस्वको शिर्षकगत योगदान ३३८
*तालिका २०.१ :* दक्षिण एशियाली मुलुकमा अनौपचारिक अर्थतन्त्रको अंश ४७४
*तालिका: २०.२ :* नेपालको अनौपचारिक अर्थतन्त्र (कूल गार्हस्थ्य उत्पादनको प्रतिशत) ४७४
*तालिका २०.३ :* संयुक्त अधिराज्यको २००९–१० को कर अन्तरको स्थिति ४८२
*तालिका २०.४ :* बक्यौता राजस्व रकमको विवरण (२०७१/०३/३२ सम्मको) ४८३

## चित्र

*चित्र ४.१ :* मूल्य अभिवृद्धि करको प्रभावकारिता १३०
*चित्र ४.२ :* दक्षिण एशियामा मूल्य अभिवृद्धि करको प्रभावकारिता (२०१२/१३) १३१
*चित्र. ४.३ :* कर नलाग्ने कारोबारको सीमाको स्थिति १३९
*चित्र ४.४ :* सार्क देशहरूमा मूल्य अभिवृद्धि कर नलाग्ने कारोबारको सीमा १४०
*चित्र ५.१ :* नेपालमा आयकर छुटको स्थिति २०४
*चित्र ५.२ :* सार्क मुलुकहरूमा आधारभूत छुट रकम २०५
*चित्र ६.१ :* भन्सार दर अनुसार आयात महशुलको विवरण २६२
*चित्र ७.१:* आन्तरिक उत्पादन तर्फको वस्तुगत अन्तःशुल्क (२०७०/७१) २८८
*चित्र ७.२:* तयारी मदिरामा लाग्ने अन्तःशुल्क (२०७०/७१) २९१

अध्याय

१

# परिचय

## १.१ भूमिका

नेपालमा परापूर्व कालदेखि कर लागू हुँदै आएको भएता पनि आधुनिक कर प्रणालीको विकास भने वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय भएपछि मात्र भएको देखिन्छ । वि.सं. २००८ सालमा मुलुकमा मालपोत, भन्सार महसुल, अन्तःशुल्क, सलामी दस्तुर, मनोरञ्जन कर र घरजग्गा रजिस्ट्रेशन दस्तुर गरी जम्मा ६ वटा करहरू लागू गरिएका थिए । यीमध्ये जग्गाको स्वामित्व कायम गरेवापत प्रत्येक जग्गाधनीबाट मालपोत असुल गरिन्थ्यो भने घरजग्गा रजिस्ट्रेशन दस्तुर घरजग्गा खरीद-बिक्री, वकसपत्र, अंशवण्डासम्बन्धी लिखत गर्दा लगाइन्थ्यो । भन्सार महसुल निकासी-पैठारी गरिने वस्तुका साथै मुलुकभित्र एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गरिने वस्तुमा पनि लगाइन्थ्यो । अन्तःशुल्क मदिरा, चर्सा, सुँगुरको जगर, खानी, हाड, सिङ, गाँजा, अफिम र चरेशमा लगाइन्थ्यो । सलामी दस्तुर सरकारी कर्मचारीको तलवबाट मासिक रुपमा कट्टी गरिन्थ्यो भने मनोरञ्जन कर मनोरञ्जनका साधनहरूमा लगाइन्थ्यो । यी करहरू विभिन्न ठाउँको लागि जारी गरिएका छुट्टाछुट्टै सनद-सवालद्वारा सञ्चालित थिए । मालपोत आनुवंशिक (Hereditary) प्रथा अन्तर्गत मुखिया, जिम्मावाल, जमिन्दार र पटवारीमार्फत् तथा भन्सार महसुल र अन्तःशुल्क ठेकेदारजस्ता मध्यस्थमार्फत् संकलन गरिन्थ्यो ।

आधुनिक कर प्रणाली स्थापना गर्ने क्रममा अन्तःशुल्क, भन्सार महसुल र मालपोतलाई मध्यस्थमार्फत् संकलन गर्नुको सट्टा अमानति प्रथा अन्तर्गत संकलन गर्ने व्यवस्थाको सूत्रपात गरियो । यस क्रममा भन्सार प्रशासन सञ्चालन गर्न वि.सं. २०१४ मा कस्टम्स् कमिस्नर अफिस खोलियो भने वि.सं. २०१६ मा भन्सार तथा अन्तःशुल्क विभाग गठन

गरियो । वि.सं. २०२३ मा भन्सार तथा अन्तःशुल्क विभागलाई फुटाई अलग अलग रुपमा भन्सार विभाग र अन्तःशुल्क विभाग स्थापना गरियो । यसैगरी वि.सं. २००८ देखि आय कर सम्बन्धी काम अर्थ मन्त्रालयमा रहेको आय कर शाखाबाट हुने गरेकोमा वि.सं. २०१६ सालमा छुट्टै कर निर्देशनालय खोलियो । यसलाई आर्थिक वर्ष २०१८/१९ मा आन्तरिक राजस्व विभाग नामाकरण गरियो । आर्थिक वर्ष २०२०/२१ मा यसैलाई कर विभाग भन्ने गरियो । बिक्री करको प्रशासनलाई प्रभावकारी बनाउन आर्थिक वर्ष २०४१/४२ मा कर विभागमा बिक्रीकर शाखा गठन गरियो । आर्थिक वर्ष २०४२/४३ मा काठमाडौं, विराटनगर, वीरगञ्ज, भैरहवा, जनकपुर र नेपालगञ्जमा कर कार्यालय अन्तर्गत छुट्टै बिक्रीकर शाखा कार्यालयहरू खोलिए । आर्थिक वर्ष २०४५/४६ मा धरान र हेटौंडामा थप दुई बिक्रीकर शाखा कार्यालय खोलिए भने वि.सं. २०४८ मा छुट्टै बिक्रीकर विभाग स्थापना गरी बिक्रीकर शाखा कार्यालयहरूलाई यस विभाग अन्तर्गत राखियो । त्यसैगरि वि.सं. २०४४ सालमा मालपोत विभागलाई अर्थ मन्त्रालयबाट भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत सारियो ।

अर्कोतर्फ राजस्व प्रशासनलाई व्यवसायिक, संगठित तथा सवल बनाउने उद्देश्यले आर्थिक वर्ष २०४९/५० मा नेपाल प्रशासन सेवा अन्तर्गत राजस्व समूह गठन गरियो । वि.सं. २०५० मा राजस्व अनुसन्धान महाशाखालाई राजस्व अनुसन्धान विभागमा परिणत गरिएको थियो भने वि.सं. २०५० मा अन्तःशुल्क विभाग र बिक्रीकर विभागलाई गाभेर अन्तःशुल्क तथा बिक्रीकर विभाग स्थापना गरिएको थियो । वि.सं. २०५३ मा अन्तःशुल्क तथा बिक्रीकर विभागलाई मूल्य अभिबृद्धि कर विभागमा परिणत गरिएको थियो । आर्थिक वर्ष २०५७/५८ देखि मूल्य अभिवृद्धि कर प्रशासन तथा आय कर प्रशासनबीच कर दर्ता, लेखा परीक्षण, अनुसन्धान तथा विविध प्रशासकीय विषयमा कार्यगत तादात्म्यता कायम गर्न एकीकृत कार्य प्रणालीहरू अवलम्बन गर्ने प्रयाश गरिएको थियो । वि.सं. २०५८ वैशाखदेखि मूल्य अभिबृद्धि कर तथा कर विभागलाई गाभेर आन्तरिक राजस्व विभाग गठन गरियो । वि.सं. २०५८ श्रावणदेखि ४० वटा कर कार्यालय तथा १७ वटा मूल्य अभिबृद्धि कर कार्यालयलाई एकीकरण गरी २१ वटा आन्तरिक राजस्व कार्यालय र १६ वटा सेवा केन्द्र कायम गरिएका थिए । हाल ठूला करदाता कार्यालय १, आन्तरिक राजस्व कार्यालय २१ र करदाता सेवा कार्यालय २६ गरि जम्मा ४८ कार्यालयहरू कायम छन् । भन्सार प्रशासतर्फ भन्सार जांचपास परीक्षण कार्यालय (Post Clearnace Audit - PCA) कार्यालय १, मूल भन्सार कार्यालय ३० र छोटी भन्सार कार्यालय १४३ गरी जम्मा १७४ भन्सार कार्यालयहरू विद्यमान छन् ।

यसैगरी विभिन्न ठाउँमा विभिन्न प्रकारका सनद-सवालमार्फत कर प्रणाली लागू हुँदै आएकोमा कर प्रणालीलाई व्यवस्थित गर्न अन्तःशुल्क ऐन, २०१५, भन्सार ऐन, २०१८, र मालपोत ऐन, २०३४ लागू गरी मुलुकभर एकै किसिमको कानुनको व्यवस्था गरियो । प्रारम्भमा आय कर, आर्थिक ऐन, २०१६ द्वारा व्यापार मुनाफा तथा पारिश्रमिक करको नामले सुरु गरिएकोमा पछि कार्यविधि कानुनको रुपमा व्यापार मुनाफा तथा पारिश्रमिक कर ऐन, २०१७ र यस ऐन अन्तर्गत व्यापार मुनाफा तथा पारिश्रमिक कर नियमहरू, २०१७ लागू गरिए । यी ऐन-नियमको सट्टा आय कर ऐन, २०१९ र आय कर नियमावली, २०२० लागू गरिए जसलाई आय कर ऐन, २०३१ र आय कर नियमावली, २०३९ ले प्रतिस्थापन गरेको थियो । वि.सं. २०५८ सालमा नयाँ आय कर ऐन, २०५८ र आय कर नियमावली, २०५९ लागू गरिएपछि आय कर ऐन, २०३१ तथा आय कर नियमावली, २०३९ एवं अन्य ऐन नियममा रहेका आय करसम्बन्धी व्यवस्थाहरू समेत खारेज गरिए भने मूल्य अभिवृद्धि कर ऐन, २०५२ र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ ले बिक्री कर, होटेल कर, मनोरञ्जन कर तथा ठेक्का करसम्बन्धी कानुनहरूलाई प्रतिस्थापन गरेका थिए ।

यसका साथै मुलुकमा विभिन्न आधुनिक करहरू लगाउने प्रयासहरू गरिए । यस क्रममा वि.सं. २०१५ सालमा अन्तःशुल्क ऐन लागू गरिएपछि सलाई, चिनी, मदिरा जस्ता औद्योगिक वस्तुहरूमा अन्तःशुल्क लगाउने व्यवस्था सुरु भयो । त्यसपछि अन्तःशुल्कको दायरा क्रमशः विस्तार गरियो । आर्थिक वर्ष २०१६/१७ मा आय कर, शहरी क्षेत्र घर-जग्गा कर तथा विदेशी लगानी कर जस्ता प्रगतिशील करहरू लागू गरिए । आर्थिक वर्ष २०१८/१९ मा हवाई उडान कर तथा होटल कर र आर्थिक वर्ष २०२२/२३ मा बिक्रीकर, घर बहाल कर र ठेक्का कर लागू गरिए । बिक्रीकरलाई वि.सं. २०२५ मा खुद्रा तहबाट थोकस्तरमा सारियो भने वि.सं. २०३१ मा थोक स्तरबाट उत्पादन/पैठारी तहमा सारियो । त्यस पछिका आर्थिक वर्षहरूमा पनि विभिन्न कर लागू गरिए । उदाहरणका लागि आर्थिक वर्ष २०२४/२५ मा होटलकर, आर्थिक वर्ष २०२९/३० मा सवारी साधन कर, आर्थिक वर्ष २०४९/५० राजमार्ग सुधार दस्तुर र निकासी सेवा शुल्क तथा आर्थिक वर्ष २०५०/५१ मा स्वास्थ्य कर लागू गरिए । यसैगरी आर्थिक वर्ष २०५५/५६ मा पर्यटन सेवा शुल्क र चलचित्र विकास शुल्क लागू गरिए । आर्थिक वर्ष २०५६/५७ मा ग्रामीण शिक्षा विकास शुल्क लगाउने प्रस्ताव गरिनुका साथै आर्थिक वर्ष २०५७/५८ मा कृषि सुधार शुल्क र आर्थिक वर्ष २०५८/५९ मा विशेष शुल्क लागू गरिए । आर्थिक वर्ष २०६०/६१ मा भन्सार सेवा दस्तुर, वैदेशिक रोजगार सेवा शुल्क, सडक निर्माण, सम्भार तथा सुधार दस्तुर र वन पैदावार शुल्क जस्ता चार वटा थप कर लागू गरिए ।

यसरी नेपालको कर प्रणालीमा एकपछि अर्को कर थपियो । यसैगरी करका दरको संख्या तथा तहमा पनि वृद्धि गरियो । यसको फलस्वरुप कर प्रणाली निकै जटिल हुन गयो । उदाहरणका लागि आर्थिक वर्ष २०४३/४४ मा अन्तःशुल्क, आय कर, भन्सार महसुल, बिक्रीकर, मालपोत, घर-जग्गा रजिस्ट्रेशन दस्तुर, सवारी साधन कर, व्याज कर लगायत विभिन्न १७ वटा कर लागू गरिएका थिए । यी करको संरचना पनि जटिल थियो । उदाहरणका लागि आर्थिक वर्ष २०४२/४३ मा बिक्रीकरका पैठारीमा १, ५, ७, १०, १२, १५ र २० गरी ७ दरहरू र आन्तरिक उत्पादनतर्फ १, २, ३, ५, ७, ८, ८.५, ९, ९.५, १०, ११, १२, १३.५, १४, १५, १६ र २० गरी जम्मा १७ दरहरू कायम गरिएका थिए । यसैगरी आर्थिक वर्ष २०४३/४४ मा भन्सार महसुलका १ देखि ४६७ प्रतिशतसम्मका ३०० भन्दा बढी दरहरू कायम थिए । आर्थिक वर्ष २०४३/४४ मा अन्तःशुल्क ५५ वस्तुमा लगाइएको थियो । आर्थिक वर्ष २०४३/४४ मा व्यक्तिगत तथा संस्थागत आय करका १०, १५, २०, २५, ३०, ४०, ५० र ५५ प्रतिशत गरी जम्मा ८ वटा दर कायम थिए । यसैगरी अन्य करहरूको संरचना पनि जटिल थियो ।

## १.२ विगतमा गरिएका प्रमुख कर सुधारहरू

आर्थिक वर्ष २०४४/४५ देखि कर सुधारसम्बन्धी केही प्रयाश सुरु भएका देखिन्छन् । आर्थिक वर्ष २०४९/५० देखि कर सुधार कार्यमा तीव्रता आएको थियो । उदाहरणको लागि आर्थिक वर्ष २०४४/४५ मा साधारण भन्सार महसुलका ९ वटा दरहरू ५, १०, १५, २०, २५, ३०, ५०, १०० र ११० प्रतिशत कायम गरिए । यसका साथै निम्नानुसार अतिरिक्त भन्सार महसुल पनि लगाइएको थियो :

| सामान्य भन्सार महसुल | अतिरिक्त भन्सार महसुल |
|---|---|
| ५ र १० प्रतिशत | २५ प्रतिशत |
| १५ र २० प्रतिशत | ३५ प्रतिशत |
| २५ र ३० प्रतिशत | ४५ प्रतिशत |
| ५० प्रतिशत र त्यसभन्दा माथि | ५५ प्रतिशत |

अतिरिक्त भन्सार महसुलका दरलाई क्रमशः घटाएर आर्थिक वर्ष २०५०/५१ देखि साधारण भन्सार महसुलमै गाभेर एकीकृत भन्सार महसुल कायम गरी जम्मा ७ दर (५, १०, २०, ३०, ४०, ६० र ११० प्रतिशत) मात्र कायम गरिए । आर्थिक वर्ष २०५१/५२

मा ६० प्रतिशतको दरलाई पनि खारेज गरी भन्सारका दरको संख्या जम्मा ६ कायम गरियो । त्यसपछि पनि विभिन्न आर्थिक वर्षमा भन्सार दरको संरचनामा सामान्य हेरफेर गरियो भने चालु आर्थिक वर्ष २०७१/७२ मा ५, १०, १५, २०, ३० र ८० प्रतिशतका जम्मा ६ दर कायम छन् ।

बिक्रीकरका दरमा पनि सुधार गरियो । उदाहरणका लागि आर्थिक वर्ष २०४३/४४ मा आन्तरिक उत्पादन र पैठारीमा बिक्रीकरका दरको एउटै संरचना कायम गरी ५, १०, १५ र २० प्रतिशतका चार दर मात्र कायम गरिए । आर्थिक वर्ष २०४७/४८ मा ४० प्रतिशतको दर थप गरिएकोमा मूलुकमा मूल्य अभिवृद्धि कर लगाउने सन्दर्भमा बिक्रीकरका दरको संख्या घटाउँदै जाने नीति अपनाइएपछि आर्थिक वर्ष २०५०/५१ मा बिक्रीकरका १० र २० प्रतिशतका दुई दर कायम गरिए । आर्थिक वर्ष २०५३/५४ मा बिक्रीकरको १५ प्रतिशतको एकल दर कायम गरियो । यस दरलाई आर्थिक वर्ष २०५४/५५ मा १० प्रतिशतमा झारियो । यही दर मूल्य अभिवृद्धि करको लागि पनि कायम गरियो ।

मूल्य अभिवृद्धि कर लगाउने सन्दर्भमा अन्तःशुल्क लाग्ने वस्तुको संख्या घटाइयो । उदाहरणका लागि आर्थिक वर्ष २०४३/४४ मा ५५ वस्तुमा अन्तःशुल्क लगाइएकोमा आर्थिक वर्ष २०४९/५० मा ५३ वस्तुमा र आर्थिक वर्ष २०५०/५१ मा २३ वस्तुमा मा झारियो । त्यस पछिका वर्षहरूमा पनि राजस्वको दृष्टिकोणले कम महत्वपूर्ण वस्तुहरूमा लागेको अन्तःशुल्क खारेज गरी २०५४/५५ मा जम्मा ११ वस्तुमा मात्र अन्तःशुल्क लगाउने व्यवस्था गरियो । त्यस पछि अन्तःशुल्क लाग्ने वस्तुको संख्या क्रमशः वृद्धि गरियो र हाल चार दर्जनभन्दा बढी वस्तुमा अन्तःशुल्क लगाइएको छ ।

प्रारम्भमा संस्थागत तथा व्यक्तिगत आय कर प्रगतिशील दरले लगाइएकोमा आर्थिक वर्ष २०४३/४४ देखि सेक्युरिटी खरीद-बिक्री केन्द्रमा सूचीकरण भएका कम्पनी तथा सरकारी संस्थानहरूमा ४० प्रतिशतको समदरले संस्थागत आय कर लगाइयो । आर्थिक वर्ष २०४९/५० सम्म प्राइभेट लिमिटेड कम्पनीमा व्यक्तिगत आय कर सरह प्रगतिशील दर लागू गरिएकोमा आर्थिक वर्ष २०५०/५१ मा संस्थागत सरह समदर लगाइयो । साझेदारी आयमा आर्थिक वर्ष २०५२/५३ देखि व्यक्तिगत आय करको सट्टा संस्थागत आय कर लाग्ने व्यवस्था गरियो ।

आर्थिक वर्ष २०४९/५० मा व्यक्तिगत आय करको अधिकत्तम सीमान्त दरलाई ५० प्रतिशतबाट घटाई ४० प्रतिशत कायम गरियो । यसै गरी सोही वर्ष संस्थागत आय

करको दरलाई ४० प्रतिशतबाट ३५ प्रतिशतमा झारियो । त्यस पछि आय करका दरहरूमा पुनः कटौति गरियो । हाल व्यक्तिगत आय करको दर १५ र २५ प्रतिशत (रु. २५ लाखभन्दा बढीको आयमा ४० प्रतिशत थप सरचार्ज गणना गर्दा ३५ प्रतिशतको) छ भने संस्थागत आय करको दर बैंक, वित्तिय संस्था, वीमा कम्पनी, पेट्रोलियम उत्खनन गर्ने उद्योग, मदिरा तथा सूर्तीजन्य वस्तुको कारोबार गर्ने निकायका लागि ३० प्रतिशत र अन्यका लागि २५ प्रतिशत छ । तोकिएका उद्योगको आयमा त आय करको अधिकतम दर २० प्रतिशत मात्र कायम गरिएको छ ।

आय कर व्यवस्थामा गरिएका अन्य सुधारहरू निम्न प्रकारका छन्:

- आर्थिक वर्ष २०३४/३५ देखि श्रीमान् र श्रीमती दुवै पारिश्रमिक आय आर्जन गर्ने भएमा तिनीहरूले संयुक्तको सट्टा पृथक् आय कर निर्धारण प्रणाली छान्न सक्ने व्यवस्थाको थालनी गरिएको थियो । आय कर ऐन, २०५८ अन्तर्गत सबै किसिमको आय आर्जनकर्ता श्रीमान्/श्रीमतीले छुट्टाछुट्टै विवरण भर्नुपर्ने भएको छ । पति वा पत्नी दुवैले चाहेमा लिखित सूचना दिएर कुनै खास आय वर्षमा कर प्रयोजनको लागि एउटै प्राकृतिक व्यक्तिको रुपमा मानिने गरी छनौट गर्न सक्नेछन् र सोबमोजिम संयुक्त विवरण भर्न सक्ने व्यवस्था गरिएको छ ।

- आर्थिक वर्ष २०५४/५५ सम्म गत वर्षको आयमा आय कर तिर्नुपर्ने व्यवस्था भएकोमा आर्थिक वर्ष २०५५/५६ देखि तीन किस्ते व्यवस्थामार्फत् चालु आर्थिक वर्षको आयमा कर तिर्नुपर्ने व्यवस्था लागू गरियो । आय कर ऐन, २०५८ जारी भए पश्चात् चालु आय वर्षको आय अनुमान गरी सोमा लाग्ने कर तीन किस्तामा दाखिल गर्नुपर्ने व्यवस्था लागू भयो ।

  भुक्तानीमा अग्रिम कर कट्टी सम्बन्धी व्यवस्थाको क्षेत्र फराकिलो पार्दै हाल पारिश्रमिक, व्याज, लाभांश, भाडा, अवकाश भुक्तानी, सेवा शुल्क, ठेक्का लगायतका भुक्तानीमा स्रोतमा नै अग्रिम कर कट्टी गरिने व्यवस्था छ ।

कर सुधारको क्रममा अन्तर्राष्ट्रिय जगतमा उस्तै प्रकृतिका विभिन्न करलाई गाभेर विस्तृत आधार भएको एउटै कर लगाउने प्रचलन बढ्दो छ । विभिन्न देशमा अनेक प्रकारका वस्तुगत करको सट्टा एउटै मूल्य अभिवृद्धि कर लागू गरिएको छ । यही मान्यता अनुरुप नेपालमा पनि आर्थिक वर्ष २०५४/५५ मा बिक्रीकर, ठेक्का कर, होटल कर तथा मनोरञ्जन करको सट्टा एउटै मूल्य अभिवृद्धि कर लगाइएको थियो ।

आधुनिक कर प्रणालीमा स्वयं कर निर्धारणको प्रचलन बढ्दो छ । यही क्रममा नेपालमा पनि आय कर व्यवस्थामा आर्थिक वर्ष २०४८/४९ देखि पारिश्रमिक आय, घर-जग्गा वहाल, सेक्युरिटी खरिद-बिक्री केन्द्रमा सूचीकृत पब्लिक लिमिटेड कम्पनी वा संस्थानको रुपमा स्थापना भएका संस्थाहरूले आय कर स्वयं निर्धारण गर्नुपर्ने व्यवस्था लागू गरिएको थियो । आय कर ऐन, २०५८ अन्तर्गत आय करलाई पूर्ण रुपमा स्वयं कर निर्धारणको सिद्धान्त अन्तर्गत ल्याइएको छ । मूल्य अभिवृद्धि कर प्रारम्भदेखि नै पूर्ण रुपले स्वयं कर निर्धारणको सिद्धान्त अन्तर्गत लागू भैरहेको छ । अन्तःशुल्कमा आर्थिक वर्ष २०४८/४९ मा स्वयं करको अवधारणा सुरु गरी यसको क्षेत्र क्रमशः विस्तार गरिएको छ ।

कर प्रशासनको सुधारका सन्दर्भमा पनि केही प्रयाश गरिएका छन् । खास गरेर मूल्य अभिवृद्धि करलाई कार्यान्वयन गर्न कायम गरिएको मूल्य अभिवृद्धि कर प्रशासनको कार्यमूलक किसिमको संगठनात्मक स्वरुप, अधिकृतमूलक कर्मचारी व्यवस्था, आन्तरिक अनुगमनको व्यवस्था, ठूला करदाता शाखाको व्यवस्था, कर प्रशासकहरूका लागि आयोजना गरिने अनगिन्ती प्रशिक्षण कार्यक्रम र करदाताको लागि सञ्चालन गरिएको वृहद् करदाता शिक्षा कार्यक्रम आधुनिक कर प्रशासनमा गरिने महत्वपूर्ण सुधार कार्यक्रम हुन् । मूल्य अभिवृद्धि कर प्रशासनमा लागू गरिएका यी व्यवस्थालाई मूल्य अभिवृद्धि कर र आय कर प्रशासनलाई गाभेर सृजना गरिएको आन्तरिक राजस्व प्रशासनमा पनि निरन्तरता दिइएको छ । यसैगरी मूल्य अभिवृद्धि करलाई प्रारम्भदेखि नै पूर्ण रुपमा कम्प्युटर प्रणालीअन्तर्गत सञ्चालन गरिँदै आइएको छ । आय कर र भन्सार महसुललाई पनि बढ्दो रुपमा कम्प्युटरीकृत गरिँदै छ ।

## १.३ थप कर सुधारको आवश्यकता

खास गरी मुलुकमा वि. सं. २०४६ सालमा भएको राजनीतिक परिवर्तन पश्चात् व्यापक आार्थिक सुधार कार्यक्रम सँगै लागू गरिएको कर सुधार कार्यक्रमलाई प्रथम पुस्ताको सुधारको रुपमा हेरिन्छ । उक्त कार्यक्रम कार्यान्वयन गरिएको लामो अन्तरालमा नेपालको अर्थतन्त्रको संरचनामा ठूलो परिवर्तन आएको छ । यसै गरी मुलुक संघीय शासन व्यवस्थामा रुपान्तरित हुने स्थितिमा छ । मुलुकमा वृद्ध, विधवा, अशक्त, असहाय लगायत विभिन्न अनुदान र स्वास्थ्य विमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको आवश्यकता बढ्दो छ । साथै छिमेकी देश, व्यापारिक मित्रहरू (Trading Partners) लगायतका विभिन्न मुलुकमा कर प्रणालीमा सुधार गर्ने क्रम जारी छ । यस सन्दर्भमा हाम्रो कर

प्रणालीमा पनि समसामयिक सुधारको आवश्यकता छ । खास गरी निम्न सन्दर्भमा थप कर सुधार गर्नुपर्ने आवश्यकता छ :

- मुलुकको बदलिदो आर्थिक तथा सामाजिक परिवेश,
- मुलुक संघीयतामा रुपान्तरित हुने स्थिति,
- साफ्टा कार्यान्वयन र सार्क कस्टम्स् युनियन स्थापनाको सम्भावना,
- मुलुकलाई सन् २०२२ सम्म विकासशील राष्ट्रको श्रेणीमा पुऱ्याउने लक्ष्य ।

### १.३.१ मुलुकको बदलिँदो आर्थिक तथा सामाजिक परिवेश

विगत डेढ दशकको अवधिमा मुलकको अर्थतन्त्रको सरंचनामा ठूलो परिवर्तन आएको छ। यस अवधिमा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३७ प्रतिशतवाट घटेर ३० प्रतिशत भएको छ भने सोही हिसावले गैर कृषि क्षेत्रको योगदान वढेको छ । गैर कृषि क्षेत्रमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै गएको छ ।

मुलुक ठूलो राजनीतिक परिवर्तनबाट गुज्रिरहेको छ । मुलुकमा गणतन्त्र स्थापना भएको छ । नयाँ संविधान जारी गरी लागू गर्ने प्रयाश भैरहेको छ । अबको नेपालको प्रमुख एजेन्डा आर्थिक क्रान्ति हुनु पर्दछ । यसको लागि मुलुकको आर्थिक वृद्धि दर उच्च हुनु पर्ने, जनजीवन सुधार्नका लागि साधनको उच्चतम प्रयोग हुनु पर्ने, निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुनुपर्ने, खुला तथा उदार अर्थनीति लागू गर्दै जानु पर्ने, नियमनकारी नीति तथा कानुन प्रभावकारी रुपमा लागू गर्नु पर्ने र सरल तथा पारदर्शी कर नीति सिङ्गो अर्थनीतिको अभिन्न अंग हुनु पर्ने हुन्छ ।

यसैगरी वि.सं. २०७२ साल वैशाख महिनामा श्रृंखलाबद्ध रुपमा आएको विनाशकारी भूकम्पले क्षतिग्रस्त अर्थतन्त्रको पुनर्निर्माण गर्ने परिप्रेक्ष्यमा पनि कर प्रणालीमा केही समायोजन गर्नुपर्ने आवश्यकता देखापरेको छ । यस सन्दर्भमा एकातिर अर्थतन्त्रको पुनर्निर्माणको लागि थप राजस्व परिचालन गर्न आवश्यक छ भने अर्कोतर्फ अर्थतन्त्र पुनर्निर्माण गर्न र मुलुकको विकासमा टेवा पुऱ्याउन सहयोग पुऱ्याउने क्रियाकलापलाई आकर्षित गर्न करमा केही राहतको पनि आवश्यकता छ। प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त अर्थतन्त्रको पुनर्निर्माणको लागि थप राजस्व परिचालन गर्ने उपाय अवलम्बन गर्ने अन्तर्राष्ट्रिय प्रचलन नै छ । जस्तै, सन् २०१० मा चिलीमा आएको महाभूकम्पबाट क्षति भएको अर्थतन्त्र पुनर्निर्माणका लागि थप राजस्व परिचालन गर्न संस्थागत आय

करको दर १७ प्रतिशतबाट बढाई २० प्रतिशत गरिएको थियो । यसैगरी जापानमा सन् २०११ मा आएको महाभूकम्प/सुनामीबाट क्षतिग्रस्त अर्थतन्त्रको पुनर्निर्माणको लागि अतिरिक्त साधन जुटाउन सन् २०१२ देखि ३ वर्षका लागि संस्थागत आय करमा १० प्रतिशतको सरचार्ज लगाइएको थियो । अर्कोतर्फ, थाइल्यान्डमा सन् २०११ मा आएको विशाल बाढीले क्षतिग्रस्त क्षेत्रमा लगानी आकर्षित गर्न कर सुविधा प्रदान गरिएको थियो । नेपालमा पनि महाभूकम्पबाट क्षतिग्रस्त अर्थतन्त्रको पुनर्निर्माण गर्ने सन्दर्भमा कर प्रणालीमा केही समायोजन आवश्यक छ । यसरी समायोजन गर्दा बढी समय र तयारी आवश्यक हुने नयाँ कर लगाउनुभन्दा पनि विद्यमान करमै समायोजन गर्नु उपयुक्त हुन्छ । त्यस्ता उपायहरूबाट महाभूकम्प पीडितमाथि करको थप भार पर्नुभन्दा पनि राहत दिने हुनुपर्दछ । ती उपायहरू यस प्रतिवेदनको सम्बन्धित क्षेत्रमा उल्लेख गरिएका छन् ।

यसैगरी सामाजिक सुरक्षा योजनाको कार्यान्वयन आधुनिक राज्यको एउटा महत्वपूर्ण कार्य भएकोले नेपालमा पनि वृद्ध, विधवा, अशक्त, असहाय लगायतका लागि विभिन्न सामाजिक सुरक्षा कार्यक्रमहरू लागू भैरहेका छन् । यस्ता कार्यक्रमको विस्तार गरिनुका साथै अनुदानमा आधारित व्यापक सामाजिक सुरक्षा योजना शुरु गरिनुपर्दछ । **“सबैका लागि सामाजिक सुरक्षा”** समयको माग भएकोले सामाजिक सुरक्षा कार्यक्रमलाई वृहत एवं विस्तारित रुपमा कार्यान्वयन गर्दै जानु आजको आवश्यकता हो ।

## १.३.२ मुलुक संघीयतामा रुपान्तरित हुने स्थिति

नेपाल एकात्मक शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रूपान्तरित हुँदैछ । वर्तमान शासकीय संरचनामा सरकारका केन्द्रीय र स्थानीय सरकार गरेर दुई तह छन् भने संघीय व्यवस्थामा सरकारका केन्द्रीय, प्रादेशिक र स्थानीय गरेर तीन तह हुनेछन् । आसन्न संघीय व्यवस्थामा सबै तहका सरकारलाई राजस्व उठाउने र खर्च गर्ने अधिकार हुनेछ ।

सार्वजनिक वित्तको शास्त्रीय सिद्धान्त अनुसार सार्वजनिक क्षेत्रका तीन प्रमुख आर्थिक कार्य छन् । ती हुन्- समष्टिगत आर्थिक स्थिरता (Macro Economic Stability), आय वितरण (Income Distribution) र स्रोत विनियोजन (Resource Allocation) । समष्टिगत आर्थिक स्थिरीकरण देशमा समग्र आर्थिक स्थिरता कायम गर्नुसँग सम्बन्धित छ भने वितरण प्रणालीले समाजमा आय र सम्पत्तिको पुनर्वितरणसँग सरोकार राख्छ । त्यसैगरी, स्रोत विनियोजन कार्य सरकारद्वारा वस्तु तथा सेवाको वितरणसँग सम्बन्धित

छ । वित्तीय संघीयताको परम्परागत सिद्धान्त र अन्तर्राष्ट्रिय अभ्यासका आधारमा हेर्ने हो भने समष्टिगत आर्थिक स्थिरता र आयको पुनर्वितरण कार्य मूलभूत रुपमा केन्द्रीय सरकारलाई र स्रोत विनियोजन कार्य विशेष गरी तल्लो तहका सरकारलाई जिम्मा लगाएको देखिन्छ । यो पद्धति नेपालको लागि पनि त्यतिकै सान्दर्भिक छ ।

केन्द्रीय, प्रादेशिक तथा स्थानीय तहका सरकारलाई आफ्ना कार्य सम्पादन गर्न राजस्वका विभिन्न स्रोतहरू प्रदान गरिनुपर्छ । स्रोत बिना कुनै पनि सरकार चल्न सक्दैन । सरकारी राजस्वको प्रमुख स्रोत कर भएकाले कुन तहमा कुन कर उठाउनु उपयुक्त हुन्छ भनेर पहिचान गरिनु पर्छ । यस सन्दर्भमा कुन कर कुन तहको सरकारको प्रमुख उत्तरदायित्वसँग मेल खान्छ भनेर पनि ध्यान दिइनु पर्छ । उदाहरणका लागि, समष्टिगत आर्थिक स्थिरता र वितरण कार्य आधारभूत रूपमा केन्द्रीय सरकारको कार्य भएकाले समष्टिगत आर्थिक स्थिरीकरण र आम्दानी पुनर्वितरणलाई उल्लेख्य प्रभाव पार्न सक्ने करहरू लगाउने जिम्मेवारी केन्द्रीय सरकारलाई दिइनु पर्छ । वास्तवमा विभिन्न तहका सरकारले लगाउन पाउने कर र तिनीहरूले गर्नु पर्ने कार्यको निर्धारण सँगसँगै गरिएमा राजस्वका स्रोत तथा खर्चसम्बन्धी आवश्यकताबीच राम्रो तादात्म्यता कायम गर्न सकिन्छ ।

त्यसैगरी, विभिन्न प्रादेशिक/स्थानीय सरकारका क्षेत्राधिकारबीच असमान रुपले रहेका करका आधारमाथि लगाइने करहरू पनि राष्ट्रिय स्तरमै लगाइनु पर्छ । किनभने, यदि ती करहरू प्रादेशिक/स्थानीय स्तरमा लागू गरिएमा तिनले विभिन्न प्रादेशिक/स्थानीय सरकारबीच वित्तीय असन्तुलन वृद्धि गर्दछ । यसै गरी चलायमान आधार भएका करहरू पनि केन्द्रीय कर प्रणाली अन्तर्गत रहनु राम्रो हुन्छ । यदि यस्ता करलाई विभिन्न प्रादेशिक/स्थानीय तहमा फरक-फरक दरमा लगाउने हो भने आर्थिक गतिविधि उच्च कर क्षेत्रबाट न्यून कर क्षेत्रतिर मोडिन सक्छ। पुँजी, श्रम, आय वा अन्य आर्थिक क्रियाकलापमा प्रादेशिक वा स्थानीय सरकारलाई कर लगाउने अधिकार दिइएमा तिनीहरूले आफ्नो क्षेत्रमा आर्थिक क्रियाकलाप आकर्षित गर्न करका दर घटाउन सक्दछन् । प्रादेशिक तथा स्थानीय सरकारहरू आफ्नो क्षेत्रमा साधन आकर्षित गर्न अस्वस्थ कर प्रतिस्पर्धामा संलग्न हुने कुरा अन्तर्राष्ट्रिय अनुभवले पनि देखाइसकेको छ । 'छिमेकीलाई भिखारी बनाऊ' (Beggar-thy-Neighbor) भन्ने खालको गतिविधिले अन्ततोगत्वा आफैंलाई असफल बनाउँछ । कारण, यदि एक प्रदेशले कर घटायो र अन्यले घटाएनन् भने विभिन्न आर्थिक क्रियाकलापहरू आर्थिक चुस्तता (Economic Efficiency) का कारणले नभई करको कारणले करको दर बढी भएका क्षेत्रबाट करको दर कम भएका क्षेत्रतर्फ प्रवाहित हुन

सक्छन् जसले आर्थिक अक्षमतालाई निम्त्याउँछ । यसैले यस्ता करहरू प्रादेशिक वा स्थानीय तहमा लगाउँदा तिनको लागत बढ्न जान्छ । अर्कोतर्फ, एक प्रदेशले करको दर घटाएमा अन्य प्रदेशले पनि त्यसलाई अनुकरण गर्दै जान्छन् र क्रमशः सबै प्रदेशमा यस्तो स्थिति सृजना भएर सबैले अनावश्यक रुपमा राजस्व गुमाउन सक्छन् । त्यसबाट अन्ततोगत्वा सबै प्रदेशले राजस्व गुमाउनु पर्ने हुन्छ ।

अर्कोतर्फ, भौगोलिक हिसाबले न्यून गतिशील आधार भएका करहरू, चक्रीय रूपले स्थिर करहरू (Cyclically Stable Taxes) र लाभकर प्रादेशिक तथा स्थानीय सरकारहरूका लागि सुरक्षित गरिनु पर्छ । प्रादेशिक तथा स्थानीय तहमा लगाइने करहरू सम्बन्धित क्षेत्रमा कार्यान्वयन गर्न सहज हुनुपर्ने, सम्बन्धित क्षेत्रका बासिन्दामाथि मात्र लगाइनु पर्ने र त्यस्ता करले प्रादेशिक तथा स्थानीय सरकारबीच समन्वय वा प्रतिस्पर्धाको समस्या सृजना नगर्ने हुनु पर्दछ । यस आधारमा प्रादेशिक सरकारले टोल कर, सवारी साधन कर, प्राकृतिक संसाधनमाथि रोयल्टी, आय टिकट दस्तूर जस्ता कर लगाउनु पर्दछ भने स्थानीय सरकारले सम्पत्ति कर, मनोरञ्जन कर, स्थानीय मेला, बजार कर आदि लगाउनु राम्रो हुन्छ । कुनै व्यक्ति एकभन्दा बढी तहका सरकारको अधिकार क्षेत्रभित्र रहने र तिनीहरूले केन्द्रीय, प्रादेशिक तथा स्थानीय सरकारबाट सेवा पाउने हुँदा वित्तीय समानताको सिद्धान्त (Principle of Fiscal Equivalence) अनुसार तिनीहरूले हरेक तहबाट प्राप्त सुविधा अनुसार हरेक तहका सरकारलाई कर तिर्नु स्वाभाविक हुन्छ ।

साधारणतः अधिकांश विस्तृत आधार भएका करलाई केन्द्रीय स्तरमा प्रभावकारी रुपले लगाउन सकिन्छ भने धेरैजसो सार्वजनिक क्षेत्रका कार्यहरू प्रादेशिक/स्थानीय तहमा राम्ररी व्यवस्थापन गर्न सकिन्छ । यसले ऊर्ध्वगामी असन्तुलन (Vertical Inequity) सृजना गर्दछ । त्यसैगरी, विभिन्न प्रादेशिक/स्थानीय तहबीच स्रोतको उपलब्धता, राजस्व परिचालन गर्ने प्रशासनिक क्षमता, खर्चको आवश्यकता, सेवा शुल्क आदिमा हुने ठूला विषमताले प्रादेशिक/स्थानीय सरकारहरू बीचमा समश्रेणीगत असन्तुलन (Horizontal Inequity) कायम गर्दछ । यी वित्तीय असन्तुलनलाई अनुदान र सहभाजित करको माध्यमले प्रादेशिक/स्थानीय सरकारलाई राजस्व उपलब्ध गराइ कम गरिन्छ । सहभाजित कर सामान्यतया केन्द्रीय सरकारले संकलन गर्दछ । त्यसबाट संकलित राजस्व, केन्द्रीय र प्रादेशिक सरकारबीच विभाजन गरिन्छ । प्रादेशिक सरकारको हिस्सा प्रादेशिक सरकारबीच विभाजन गर्नुपर्ने राजस्वसम्बन्धी कोषमा जम्मा नगरे निश्चित सूत्रका आधारमा प्रादेशिक सरकारहरूलाई वितरण गरिन्छ ।

### १.३.३ साफ्टा कार्यान्वयन र सार्क कस्टम्स् युनियन स्थापनाको सम्भावना

नेपाल दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (South Asian Association for Regional Co-operation-SAARC) को संस्थापक सदस्य हो । दक्षिण एसियाली क्षेत्रको द्रुततर आर्थिक उन्नति, सामाजिक प्रगति र सांस्कृतिक विकासको माध्यमबाट यस क्षेत्रका जनताको कल्याण अभिवृद्धि गर्ने उद्देश्यले सन् १९८५ मा सार्कको स्थापना भएको हो । सार्क स्थापनाका विभिन्न उद्देश्यहरू मध्ये क्षेत्रीय आर्थिक एकीकरणको लागि यस क्षेत्रमा एउटा स्वतन्त्र दक्षिण एसियाली व्यापार क्षेत्र (South Asian Free Trade Area) SAFTA) र अर्को दक्षिण एसियाली आर्थिक संघ -South Asian Economic Union-SAEU) को स्थापना गर्नु पनि रहेको छ । सार्क क्षेत्रका अर्थतन्त्रहरूको एकीकरणको लागि साफ्टाको स्थापना एउटा महत्वपूर्ण कदम हो । यसले अन्ततोगत्वा दक्षिण एसियामा एउटा साझा भन्सार संघ स्थापना गर्ने र यसभित्र बिना कुनै आन्तरिक शुल्क तथा महशुल, स्वतन्त्र रुपमा व्यापारिक गतिविधि सञ्चालन हुने तथा यस क्षेत्रमा प्रवेश गर्ने वस्तुमा एउटै साझा महशुल लाग्ने व्यवस्था स्थापित गर्नेछ ।

सार्क राष्ट्रहरूले सार्क सौविध्यप्राप्त व्यापारिक सम्झौता (SAARC Preferential Trading Arrangement-SAPTA) को अवलम्बन गरेका छन् जुन सन् १९९३ अप्रिल ११ मा हस्ताक्षर भई सन् १९९५ डिसेम्बर ७ देखि कार्यान्वयनमा आएको हो । साप्टाको मुख्य उद्देश्य सार्क क्षेत्रमा एकआपसमा छुट तथा सुविधाहरू प्रदान गरी पारस्परिक व्यापार अभिवृद्धि तथा आर्थिक सहयोग कायम गर्नु हो । यी देशहरूले एकअर्काबाट आयात हुने वस्तुहरूमा सौविध्यपूर्ण व्यवहार गर्दछन् । सम्बन्धित देशको अधिकारप्राप्त निकायले जारी गरेको उत्पत्तिको प्रमाणपत्रको आधारमा सौविध्यपूर्ण व्यवहार गरिन्छ । संवेदनशील सूचीमा समाविष्ट वस्तुहरूको हकमा भने प्रचलित मानक दर लागू हुन्छ र यस्ता वस्तुहरूले सौविध्यपूर्ण व्यवहार पनि प्राप्त गर्दैनन् । केही देशहरूले अति कम विकसित देश (अफगानिस्तान, बंगलादेश, भूटान, मालदिभ्स र नेपाल) र यीबाहेकका देश (भारत, पाकिस्तान र श्रीलंका) को लागि छुट्टाछुट्टै सूची बनाएका छन् भने केहीले सबैको लागि एउटै साझा सूची बनाएका छन् । भारतले अति कम विकसित राष्ट्रको हकमा सूर्ती तथा मदिराजन्य वस्तुहरूसँग सम्बन्धित केवल २५ वस्तु र विकसित राष्ट्रको हकमा ६१६ वस्तुलाई संवेदनशील वस्तुको सूचीमा राखेको छ । भूटान र मालदिभ्सले सबैको लागि एउटै सूची बनाएका छन् जुन तुलनात्मक रुपमा छोटो समेत रहेको छ । संवेदनशील वस्तुको सबैभन्दा लामो सूची नेपालको रहेको छ । सार्क सदस्य राष्ट्रहरूले चरणबद्ध रुपमा संवेदनशील वस्तुको सूची घटाउँदै लगी क्षेत्रीय व्यापारको आयतन बढाउने र महशुल दर पनि शून्यदेखि ५ प्रतिशत मात्र कायम गर्ने प्रतिबद्धता जनाएका छन् ।

नेपाल सार्कको सदस्य भएकोले यसले संगठन अन्तर्गत लागू गरिएको दक्षिण एसियाली क्षेत्रीय संगठन भित्रको सौविध्यप्राप्त व्यापार सम्बन्धी नियम पालना गर्नुपर्दछ। यस व्यवस्था अन्तर्गत यस क्षेत्रका देशबीच गरिने व्यापारलाई भन्सार सहुलियत दिइएको छ। यसैगरी सार्कको दक्षिण एसियाली क्षेत्रमा खुला व्यापार प्रणाली लागू गर्ने कार्यक्रम पनि जारी छ। यस क्षेत्रका देशहरूले द्विपक्षीय रुपमा खुला व्यापार सन्धि गर्ने कुरा पनि अगाडि सारिरहेका छन। खुला व्यापारको अवधारणा पूर्ण रुपमा लागू गरिएपछि यस क्षेत्रभित्र हुने अन्तर्राष्ट्रिय व्यापार भन्सारमुक्त हुनेछ। यसैगरी दक्षिण एसियाली क्षेत्रबाहिरको व्यापारका लागि यस क्षेत्रका सबै देशले साझा भन्सार दर कायम गर्नुपर्ने हुन सक्छ।

### १.३.४ मुलुकलाई सन् २०२२ सम्म विकासशील राष्ट्रको श्रेणीमा पुऱ्याउने लक्ष्य

विभिन्न देशको आर्थिक विकासको स्तर र कर प्रणालीको अवस्था तुलना गर्दा यी दुई तत्वबीच अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ। मुलुक जतिजति विकसित हुँदै जान्छ, कर प्रणाली पनि त्यति त्यति विकसित हुँदै जान्छ। यो कुरा विभिन्न देशको कर राजस्व तथा कुल गार्हस्थ उत्पादनको अनुपातलाई केलाउँदा पनि स्पष्ट हुन्छ। सामान्यतया अति कम विकसित देशहरूमा कर राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात १५ प्रतिशतसम्म रहेको देखिन्छ भने विकासशील देशमा यो अनुपात १५ देखि २५ प्रतिशतसम्म र विकसित देशमा २५ देखि ३५ प्रतिशतसम्म रहेको पाइन्छ। मुलुकको आर्थिक विकासको लागि प्रभावकारी शान्ति सुरक्षा, स्वतन्त्र, सक्षम तथा सबल न्याय प्रणाली र विकसित आर्थिक तथा सामाजिक आधारशिलाहरू आवश्यक पर्दछन्। त्यसका लागि अन्य कुराका साथै राजस्वको आवश्यकता पर्दछ। राजस्व खासगरी करको माध्यमले परिचालन गरिन्छ। यसरी अन्य कुराहरूको साथै मुलुकको आर्थिक विकासको लागि कर लगाउनुपर्ने हुन्छ।

खर्च र कुल गार्हस्थ उत्पादनको अनुपात विकासशील देशको तुलनामा विकसित देशमा बढी हुन्छ। प्रतिव्यक्ति आयमा वृद्धि भएपछि सार्वजनिक क्षेत्रबाट प्रदान गरिने सेवाको माग बढ्दै जान्छ। प्रतिव्यक्ति आय न्यून भएको अवस्थामा गाँस, बास र कपासमै रुमलिनुपर्छ। आम्दानी वृद्धि हुँदै गएपछि गाँस, बास र कपासको आम्दानीमा आधारित मागको लचकता (Income Elasticity of Demand) घट्छ र यातायात, संचार, सामान्य सरकारी सेवा, शान्ति सुरक्षा र न्याय जस्ता सार्वजनिक वस्तु (Public Goods) को माग बढ्दछ। यसैगरी उच्च स्तरको आय भएको अवस्थामा बाल, वृद्ध, विधवा, अशक्त, असहाय, बेरोजगार भत्ता, स्वास्थ्य सेवा जस्ता सामाजिक सुरक्षाको बढी औचित्य तथा माग देखापर्दछ। यसको लागि बढी कर राजस्व परिचालन गर्नुपर्ने हुन्छ। यसैगरी आय स्तर बढ्दै गएपछि शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ आदिको माग बढ्छ। यसरी बढ्दो

सरकारी खर्च पूरा गर्न कर राजस्व राष्ट्रिय आयमा हुने वृद्धिभन्दा बढी दरले बढ्नुपर्दछ। साधारण खर्चको वृद्धिदर राष्ट्रिय आयको वृद्धिदरभन्दा बढी हुने हुँदा राजस्वको वृद्धिदर पनि राष्ट्रिय आयको वृद्धिदरभन्दा बढी हुनुपर्दछ। यसको लागि कर प्रणाली लचक हुनुपर्दछ।

## १.४ उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको गठन

उक्त सन्दर्भमा मुलुकमा दोश्रो पुस्ताको कर सुधार कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनु आवश्यक भएकोले सुझावहरू पेश गर्न नेपाल सरकारको मिति २०७१/७/२६ को निर्णयअनुसार एक उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन भएको हो।

### १.४.१ आयोगको बनोट

| | |
|---|---|
| डा. रुप खड्का | अध्यक्ष |
| श्री माधवप्रसाद ढकाल | सदस्य |
| वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट श्री सुदर्शन राज पाण्डे | सदस्य |

आयोगको कार्यावधि २०७२ साल असाढ १५ गतेसम्म रहेको छ।

### १.४.२ आयोगका सहयोगी पदाधिकारी तथा कर्मचारीहरू

| | |
|---|---|
| श्री राममणी दुवाडी | उपमहानिर्देशक, आन्तरिक राजस्व विभाग |
| श्री मणिराम ओझा | सहसचिव, अर्थ मन्त्रालय |
| श्री लक्ष्मीप्रसाद यादव | उपमहानिर्देशक, आन्तरिक राजस्व विभाग |
| श्री गोपालप्रसाद घिमिरे | निर्देशक, आन्तरिक राजस्व विभाग |
| श्री डिकरदेव भट्ट | उपसचिव, अर्थ मन्त्रालय |
| श्री हरिशंकर ज्ञवाली | उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय |
| श्री खिम वहादुर कुवर | निर्देशक, राजस्व अनुसन्धान विभाग |
| श्री कुलराज ज्ञवाली | निर्देशक, भन्सार विभाग |
| श्री हरिशचन्द्र ढकाल | प्रमुख, करदाता सेवा कार्यालय, नयाँसडक |
| श्री डोलिन्द्रप्रसाद शर्मा | शाखा अधिकृत, आन्तरिक राजस्व विभाग |

| | |
|---|---|
| श्री चन्दनकुमार कर्ण | शाखा अधिकृत, आन्तरिक राजस्व विभाग |
| श्री रमेश सुवेदी | सूचना प्रविधि अधिकृत, आन्तरिक राजस्व विभाग |
| श्री विनोद बिडारी | सूचना प्रविधि अधिकृत, आन्तरिक राजस्व विभाग |
| श्री रामदत्त भट्ट | सूचना प्रविधि अधिकृत, भन्सार विभाग |
| श्री नवलकिशोर साह | सूचना प्रविधि अधिकृत, आन्तरिक राजस्व विभाग |
| श्री रामकृष्ण रेग्मी | तथ्यांक अधिकृत, भन्सार विभाग |
| सुश्री मुना के.सी. | कम्प्युटर अपरेटर, आन्तरिक राजस्व विभाग |

### १.४.३. आयोगसँग सम्वन्धित परामर्शदाताहरू

श्री विद्याधर मल्लिक

श्री तिर्थ मान शाक्य

श्री गोविन्द प्रसाद श्रेष्ठ

श्री प्रभात उप्रेती

श्री सुशिल प्रधान

## १.५. आयोगको कार्य विवरण

आयोगको कार्य विवरण (Terms of Reference) निम्नानुसार छ :

- नेपाल सरकारले अवलम्बन गरेको आर्थिक नीतिको आधारमा करसम्बन्धी नीति र कर संरचनाको अध्ययन, विश्लेषण तथा संश्लेषण गरी उपयुक्त र व्यावहारिक कर प्रणाली विकास गर्न आवश्यक सुझाव दिने,
- नयाँ कर लागू गर्ने वा विद्यमान कुनै कर खारेज गर्ने विषयमा उपयुक्त सुझाव दिने,
- मूल्य अभिबृद्धि कर, आय कर, भन्सार, अन्तःशुल्क, शिक्षा सेवा कर र स्वास्थ्य सेवा करको विद्यमान कानुन, करको दर, करयोग्य कारोबारको सीमा, कर छुट तथा सुविधा, सञ्चालन प्रक्रिया र संगठन स्वरुपको बारेमा विस्तृत रुपमा अध्ययन तथा पुनरावलोकन गरी सुधारका लागि सुझाव दिने,
- मुलुकको अर्थतन्त्रको संरचनामा आएको परिवर्तन र नयाँ आर्थिक क्रियाकलापको अध्ययन गरी त्यस्तो क्षेत्र, वस्तु वा सेवामा के कस्तो प्रकारको कर लगाउन उपयुक्त हुन्छ भन्ने विषयमा सुझाव दिने,

- नेपालको अर्थतन्त्रमा विद्यमान अनौपचारिक क्षेत्रहरूको पहिचान गरी करको दायरामा ल्याउन तथा तिर्नुपर्ने र तिरिरहेको कर (Tax Gap) को अन्तर कम गर्ने सम्बन्धमा अध्ययन गरी सिफारिश गर्ने,
- कर प्रणालीलाई निजी क्षेत्रको लगानीमैत्री बनाउन गर्नुपर्ने सुधारका लागि सुझाव दिने,
- कर प्रणालीमा करदाताको स्वेच्छिक सहभागिता (Voluntary Compliance) बढाउन र सहभागिता लागत (Compliance Cost) घटाउन गर्नुपर्ने सुधारका लागि सुझाव दिने,
- कर प्रणालीलाई अन्तर्राष्ट्रिय मान्यता अनुकूल (Compatible) र तुलनायोग्य (Comparable) बनाउन गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने र
- देशको औद्योगीकरण, निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन तथा व्यापार सहजीकरणका लागि गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने ।

## १.६. आयोगको अवधारणा

साधारणतया कर सुधार कार्यक्रमको उद्देश्य राजस्व बढाउने, राजस्व संकलनमा स्थिरता कायम गर्ने, कर प्रणालीलाई लचक बनाउने, आर्थिक असक्षमता घटाउने, समानता कायम गर्ने र कर प्रणालीलाई सरल, सहज तथा पारदर्शी बनाई करदाताको कर सहभागिता बढाउने हुन्छ । वर्तमान आयोगले पनि कर सुधारसम्बन्धी यिनै मान्यता आत्मसात गरेको छ ।

### १.६.१. राजस्व उत्पादकता र लचकता

कर सुधार कार्यक्रमको एउटा महत्वपूर्ण उद्देश्य राजस्व परिचालन बढाउने हो । राज्य सञ्चालनका लागि अन्य कुराका साथै राजस्वको आवश्यकता पर्दछ र राजस्व संकलनको प्रमुख माध्यम कर भएकोले संसारमा स्थापना भएको पहिलो सरकारसँगै करको उत्पत्ति भएको हुनुपर्छ भन्ने मान्यता छ। परम्परागत रुपमा सरकारले मुलुकलाई बाह्य आक्रमणबाट बचाउने, मुलुकभित्र अमनचयन कायम गर्ने र न्याय प्रदान गर्ने जस्ता सीमित कार्यहरू गर्दथे । त्यसको लागि आवश्यक पर्ने राजस्व पनि सीमित करमार्फत् संकलन गरिन्थ्यो । समयको परिवर्तन सँगसँगै सरकारको कार्यमा विस्तार हुँदै गयो । सरकारले परम्परागत कार्यका साथै विकास र निर्माण कार्यहरू सम्पन्न गर्नुपर्ने भयो । हालैका वर्षहरूमा त

सामाजिक सुरक्षा जस्ता कार्यहरू सरकारको थप महत्वपूर्ण दायित्वको रुपमा देखा परेका छन् । यसको लागि राजस्वको आवश्यकता पनि बढ्दो छ । त्यस क्रममा राजस्वका नयाँ नयाँ स्रोतहरूको खोजी भै करको दायरा फराकिलो पार्ने काम हुँदै आएको छ । यो विश्वव्यापी प्रचलनबाट नेपाल पनि अपवादको रुपमा रहेको छैन ।

नेपाली जनताको जीवनस्तर माथि उचाल्नको लागि समाजमा शान्ति सुरक्षा कायम गर्न, न्याय सुलभ गराउनका साथै आर्थिक तथा सामाजिक आधारशिलाहरू निर्माण गर्न आवश्यक छ । यसका लागि समाजका बाल, वृद्धवृद्धा, विधवा, अशक्त, पिछडिएका विभिन्न समुदायको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न पनि जरुरी छ । यसको लागि अन्य कुराहरूका साथै राजस्व परिचालन बढाउन आवश्यक छ । राजस्व परिचालन गर्ने प्रमुख माध्यम कर भएकोले कर प्रणालीलाई बढी राजस्व उत्पादक बनाइनुपर्दछ । नयाँ कर लगाउँदा त्यसबाट जनगुनासो बढ्ने, तर खास राजस्व संकलन नहुने हो भने यस्तो करको औचित्य रहँदैन । यसैले पर्याप्त राजस्व संकलन हुने किसिमको कर मात्र लगाउनुपर्दछ ।

कर राजस्व आर्थिक क्रियाकलापमा हुने वृद्धि र सरकारले समयसमयमा लागू गर्ने कर परिवर्तन (Discretionary Measures) का कारणले बढ्दछ । कुल गार्हस्थ उत्पादनमा हुने वृद्धिसँगै राजस्व पनि स्वतः बढ्नु राम्रो हो । कुल गार्हस्थ उत्पादनमा हुने परिवर्तनको दरभन्दा कर राजस्वमा हुने परिवर्तनको दर बढी भएमा त्यस्तो कर लचक (Elastic) भएको मानिन्छ । यस्तो कर प्रणालीमा राष्ट्रिय आय तथा मूल्य वृद्धि सँगसँगै कर राजस्व पनि स्वतः बढ्छ । अर्थात् आर्थिक गतिविधिमा भएको परिवर्तन राजस्वमा स्वतः प्रतिबिम्बित हुन्छ । यस्तो अवस्थामा आर्थिक क्रियाकलापमा भएको वृद्धि स्वतः राजस्वमा प्रतिबिम्बित हुन्छ र राजस्व बढाउन वर्षेनी करको दर बढाउने, आधार विस्तार गर्ने र नयाँ कर लगाउने जस्ता स्वविवेकीय उपाय (Discretionary Measures) अपनाउनु पर्दैन र बढ्दो खर्च पूरा गर्न मुद्रास्फीतिको स्थिति सृजना गर्ने घाटा वित्तमा निर्भर रहनु पर्दैन । यसले समग्र आर्थिक स्थिरता कायम गर्न मद्दत पुऱ्याउने हुँदा यस्तो कर प्रणाली राम्रो मानिन्छ । कर प्रणाली लचक भएमा बढ्दो आय स्वतः राजस्वमा प्रतिबिम्बित हुने हुँदा यसले मुद्रास्फीतिलाई नियन्त्रण गर्न मद्दत गर्दछ । अर्कोतर्फ यस्तो कर प्रणालीअन्तर्गत बढेको आयको केही अंश स्वतः राजस्वमा जाने हुँदा कर प्रणाली समान पनि हुन्छ ।

अर्कोतर्फ, यदि राष्ट्रिय आयको वृद्धिको तुलनामा कर राजस्व वृद्धिदर कम भएमा त्यस्तो कर प्रणाली अलोचक हुन्छ । यस्तो अवस्थामा आर्थिक गतिविधिमा भएको वृद्धिको

तुलनामा राजस्वको वृद्धिदर कम हुन्छ । राजस्व बढाउनका लागि वर्षेनी करको दर वृद्धि गर्ने, आधार विस्तार गर्ने, नयाँ कर लगाउने जस्ता स्वविवेकीय उपाय (Discretionary Measures) लागू गर्नुपर्दछ जुन राजनीतिक हिसाबले कठिन र प्रशासनिक दृष्टिकोणले असहज हुन्छ ।

## १.६.२ आर्थिक तटस्थता/सक्षमता

कर सुधार कार्यको अर्को महत्वपूर्ण उद्देश्य कर प्रणालीलाई आर्थिक दृष्टिकोणले तटस्थ र सक्षम बनाउनु हो । स्मरण रहोस्, करबाट आर्थिक लागत सृजना हुन्छ, करदाताले कर सहभागिता लागत वहन गर्नुपर्छ र सरकारले कर संकलन खर्च व्यहोर्नुपर्छ । सही किसिमको कर छनौट गरिएन भने र उपयुक्त किसिमको संरचना तर्जुमा गरिएन भने करबाट अर्थतन्त्रमा नसोचिएका र अवान्छनीय (Unintended and Undesirable) असरहरू देखा पर्दछन् । त्यसबाट विकृति तथा विसंगति सृजना हुन्छन् र अनेक आर्थिक समस्या उत्पन्न हुन्छन् । यसले सरकारले कर स्वरुप प्राप्त गर्ने रकम र त्यसबाट अर्थतन्त्रमा सृजना हुने लागत बीच खाडल सृजना हुन्छ जसलाई अतिरिक्त भार (Deadweight Loss वा Excess Burden) भन्दछन् । त्यस्तो कर व्यवस्थाले आर्थिक विकासलाई दीर्घकालीन रुपमा नराम्रो किसिमले प्रभावित गर्दछ । यसो नहोस् भन्नको लागि उपयुक्त किसिमको करको छनौट हुनुपर्दछ । त्यसको संरचना तथा सञ्चालन प्रक्रियालाई सही किसिमले तर्जुमा गर्नुपर्दछ । राम्रो कर प्रणालीले उत्पादन, वितरण, उपभोग आदि सम्बन्धी निर्णयलाई सकेसम्म कम प्रभावित गर्नुपर्दछ ।

करबाट सृजना हुने विभिन्न लागत विभिन्न करको सन्दर्भमा भिन्नाभिन्नै हुन सक्छन् । उदाहरणको लागि, भन्सार महसुल वितरण तहको सुरुको विन्दुमा संकलन गरिने हुँदा यस करलाई पैठारीकर्ताले आफ्नो लागत मानेर त्यसको आधारमा वितरण गरिने वस्तुको मूल्य निर्धारण गर्दछ । यस सन्दर्भमा पैठारीकर्तादेखि खुद्रा तहसम्म भन्सार महसुल सहितको मूल्यमा मुनाफा प्रतिशत लाग्दछ । यसले पैठारीकर्ताले भन्सार स्वरुप भन्सार विन्दुमा तिरेको करको कारणले तिरेको कर रकमको दाँजोमा उपभोक्ता मूल्यसम्म हुने वृद्धिबीच ठूलो अन्तर हुन जान्छ जसलाई करको Pyramiding Efffect भनिन्छ । यसैगरी भन्सार महसुल तयारी वस्तुका अतिरिक्त कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रसायन पदार्थ, मिल-मेसिनरी आदिमा लाग्ने हुँदा त्यसले स्वदेशी उत्पादनको लागत बढाउँछ जसले स्वदेशी उत्पादनको अन्तर्राष्ट्रिय बजारमा निर्यात हुँदा हुने प्रतिस्पर्धात्मक शक्तिलाई क्षिण गर्दछ । यसले स्वदेशी वस्तुको उपभोक्ता मूल्यमा पनि बृद्धि हुन्छ ।

यसैगरी भन्सार विन्दुमा सामान रोक्दा तथा अनलोड/लोड वा अनप्याकिङ/प्याकिङ गर्दा वस्तुको स्वतन्त्र आवागमनमा अवरोध आउने, समय नष्ट हुने र अनावश्यक खर्च लाग्ने हुँदा त्यसले अर्थतन्त्रको लागत बढाउँछ। यसका अतिरिक्त यदि भन्सारका उच्च तहका धेरै दर लगाइएमा र भन्सार मूल्यांकन तथा जाँचपास प्रक्रिया जटिल भएमा त्यसले कर सहभागिता तथा कर संकलन खर्च झनै बढाउँछ। भन्सार दर बढी भएमा स्वदेशमा असक्षम वा बढी लागतको उत्पादनले संरक्षण र प्रोत्साहन पाउँछ। भन्सार महसुलबाट अर्थतन्त्रमा पर्ने लागत कम गर्नको लागि हालैका वर्षहरूमा एकातिर भन्सार महसुलका दरहरूको तह तथा संख्या कम गर्ने र भन्सार सम्बन्धी प्रक्रियालाई सरल र सहज बनाउने प्रचलन छ भने अर्कोतर्फ युरोपेली समुदाय (European Union), पूर्वी अफ्रिकी समुदाय (East African Community), दक्षिण पूर्वी एशियाली देशहरूको संगठन (Association of South East Asian Nations) जस्ता आर्थिक संघभित्र हुने व्यापारमा कुनै पनि किसिमको भन्सार महसुल नलगाउने व्यवस्था छ। दक्षिण एसियामा पनि सार्क सदस्य देशबीच साफ्टा कार्यान्वयनको क्रममा छ। सन् २०१६ मा यो पूर्ण रुपमा लागू भएपछि सार्क देशबीच हुने व्यापारमा ०-५% मात्र भन्सार महसुल लाग्ने व्यवस्था हुनेछ। त्यसपछि दक्षिण एसियाली भन्सार संघ लागू गरिएपछि सार्क देशबीच हुने व्यापारमा भन्सार महसुल नलाग्ने र सार्क देशहरूले अन्य मुलुकसँग गर्ने व्यापारमा साझा भन्सार दर लगाउनुपर्ने हुन्छ। भन्सार महसुलमाथिको राजस्वको निर्भरता घट्दै गएअनुरुप भन्सार मूल्यांकन तथा बिलिङ आदिमा सुधार आई मूल्य अभिवृद्धि करमाथिको निर्भरता बढ्दै जानुपर्ने हुन्छ। यस सन्दर्भमा संसारका विभिन्न देशमा भन्सारमाथिको निर्भरता क्रमशः घट्दै गएको पाइन्छ। भन्सार महसुलको सट्टा मूल्य अभिवृद्धि कर जस्ता आन्तरिक वस्तुगत करबाट राजस्व परिचालन गर्ने प्रयाश भइरहेको छ। नेपालले अवलम्बन गर्ने दिशा पनि यही हो। आयोगको मान्यता पनि भन्सारमाथिको निर्भरता क्रमशः कम गर्दै जानुपर्दछ भन्ने नै छ।

भन्सार महसुलजस्तै आय करले पनि अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्न सक्छ। आय करका दर उच्च भएमा त्यसले काम गर्ने, बचत गर्ने, लगानी गर्ने प्रवृत्तिलाई नकारात्मक असर पार्दछ र समाजका उद्यमशील, अभिनव (Innovative), लगनशील व्यक्तिहरूलाई हतोत्साहित गर्दछ। व्यक्तिगत आय करका उच्च सिमान्त दरले आर्थिक विकासको गति घटाउँछ। आय करले काम गर्ने प्रवृत्तिमाथि दुई किसिमले प्रभाव पार्दछ। करको कारणले थप काम गरेर आर्जन गरिने आय घटेर कम वस्तु वा सेवा किन्न सकिने हुँदा त्यसले सीमान्त कार्यलाई कम फलदायी बनाउँछ। त्यस्तो अवस्थामा करदाताले कामको

सट्टा विश्राम (Leisure) रोज्न सक्छ जसलाई करको प्रतिस्थापन प्रभाव (Substitution Effect) भनिन्छ । यसले श्रमको आपूर्ति घटाउँछ र आर्थिक विकासको गति घटाउँछ । अर्कोतर्फ, यदि आय करको कारणले आय घटेर खान-लगाउन नपुग्ने भएमा बढी काम गर्नुपर्ने हुन्छ जसलाई आय करको आय प्रभाव (Income Effect) भनिन्छ । यसले श्रमको आपूर्ति बढाउँछ । आय करले समग्रमा मानिसलाई बढी वा कम काम गर्न अभिप्रेरित गर्छ भनेर यसै भन्न नसकिने भएता पनि सामान्यतया आय करका उच्च दरले उद्यमशीलता, अभिनवता र लगनशीलतालाई हतोत्साहित गर्ने र कर छल्न अभिप्रेरित गर्ने हुँदा हालैका वर्षहरूमा विभिन्न देशमा आय करको दरको संख्या तथा तहमा ठूलो कटौति गरिएको पाइन्छ । हाल विभिन्न देशमा न्यून तहका सीमित दर विद्यमान रहेका मात्र नभै रुसलगायतका कतिपय देशले व्यक्तिगत आय करको समदर लागू गरेका छन् । त्यतिमात्र नभै संयुक्त राज्य अमेरिकामा त व्यक्तिगत तथा संस्थागत आय करलाई एउटा खुद्रा तहको बिक्रीकर वा मूल्य अभिवृद्धि करले प्रतिस्थापन गर्नुपर्ने प्रस्ताव अगाडि सारिएका छन् । संयुक्त राज्य अमेरिकामा प्रस्तुत गरिएको अर्को विकल्प आय करलाई मूल्य अभिवृद्धि करले आंशिक रुपमा प्रतिस्थापन गर्ने रहेको छ । यस अन्तर्गत न्यून आय भएका वर्गले आय कर नतिर्ने र मध्य तथा उच्च आयवर्गका लागि न्यूनदरको सरल आय कर व्यवस्था लागू गरिनुपर्ने प्रस्ताव छ । यस अनुसार संस्थागत आय कर १५ प्रतिशत, मूल्य अभिवृद्धि कर १२.३ प्रतिशत, व्यक्तिगत आय कर १६ र २५.५ प्रतिशतले लगाउने, खर्च र कर कट्टी घटाउने तथा खारेज गर्ने तथा Alternative Minimum Tax (AMT) हटाउने प्रस्ताव छ । संयुक्त राज्य अमेरिकामा आय करलाई प्रतिस्थापन गर्न अगाडि सारिएको अर्को विकल्प समदरको कर (Flat Tax) हो जुन ज्याला, पारिश्रमिक र पेन्सनमा लाग्ने तर व्याज, लाभांश र पुँजीगत लाभमा लाग्दैन । यस्तो समदरको करमा व्याज, चन्दा (Donation), बच्चाको हेरविचारसम्बन्धी भत्ता (Child Care Allowance) जस्ता खर्च कटाउन नपाइने र आधारभूत छुट (Basic Allowance) भन्दा माथिको आयमा समदरले लाग्ने प्रस्ताव गरिएको छ । यस्तो करले काम गर्ने, वचत गर्ने, लगानी गर्ने, व्यवसायीलाई जोखिम मोल्ने जस्ता कुरामा प्रोत्साहित गरेर अमेरिकी अर्थतन्त्रलाई वढावा (Boost) दिने तर्क पेश गरिएको छ ।

यसैगरी संयुक्त अधिराज्यमा पनि आय करलाई मूल्य अभिवृद्धि करले प्रतिस्थापन गर्नुपर्ने प्रस्ताव अगाडि सारिएको छ । यससम्बन्धी एउटा प्रस्तावमा मूल्य अभिवृद्धि करमा दिइएका सबै छुट हटाएर यस करलाई ३३ प्रतिशतले लगाउने र आय कर पूरै खारेज गर्ने भन्ने छ ।

नेपालमा पनि मूल्य अभिवृद्धि कर लागू गर्ने सन्दर्भमा आय करलाई प्रतिस्थापन गर्नुपर्दछ भन्ने चर्चा चलेको थियो जुन सान्दर्भिक थिएन । कारण, सरकारको आयको पुनर्वितरण एउटा महत्वपूर्ण कार्य हो र त्यो प्राप्तिको एउटा उपाय आय कर हो । यसैले आय करलाई खारेज गर्नुभन्दा पनि यस करको उपयुक्त किसिमको संरचना तर्जुमा गरेर आर्थिक बाधकको रुपमा नभई सहायकका रुपमा प्रयोग गरिनुपर्दछ भन्ने आयोगको मान्यता छ ।

यदि करलाई सबै क्षेत्रमा समान रुपमा लागू नगरिएमा वा कर उच्च दरमा लागू गरिएमा यसले उत्पादक, वितरक वा उपभोक्ताको आर्थिक व्यवहारमा परिवर्तन ल्याउँछ । करको कारणले करदाताको आर्थिक निर्णय परिवर्तन भएमा त्यसले असक्षमता निम्त्याउँछ । यसले आयको प्रकार, सम्पत्तिको स्वामित्व, व्यापारिक संस्था र लगानीको क्षेत्रसम्बन्धी निर्णयलाई प्रभावित गर्दछ । तर, बजार असफल भएको अवस्थामा यस किसिमको स्थिति सृजना नहुन पनि सक्छ ।

आर्थिक तटस्थता वा सक्षमताका दृष्टिकोणले वस्तु तथा सेवामा आधारित करमा मूल्य अभिवृद्धि कर र खुद्रा तहको बिक्रीकर सर्वोत्तम कर हुन् । कर कट्टी तथा कर फिर्ता व्यवस्थाले गर्दा मूल्य अभिवृद्धि करमा करमाथि कर लाग्दैन । यसैगरी यस करको भार वस्तु तथा सेवाको वितरण प्रक्रियाका विभिन्न तहको संख्यामा भन्दा पनि अन्तिम मूल्यमा निर्भर रहने हुँदा उत्पादक तथा वितरकलाई आफ्नो उत्पादन तथा वितरण प्रक्रियामा करको कारणले परिवर्तन ल्याउन आवश्यक हुँदैन । शुन्य दरको माध्यमबाट निकासीलाई कर मुक्त गर्न सकिने हुँदा मूल्य अभिवृद्धि करले निकासीलाई पनि निरुत्साहित गर्दैन वा स्वदेशी उत्पादनको अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमतालाई कम गर्दैन । यसैगरी खुद्रा स्तरको बिक्रीकर बिक्रेताले उपभोक्तालाई गर्ने बिक्रीमा लाग्ने भएकोले करमाथि कर लाग्दैन, करको भार वितरण प्रक्रियाका तहको संख्यामा निर्भर रहँदैन र यसले निकासी गरिने वस्तुको प्रतिस्पर्धात्मक क्षमता घटाउँदैन । खुद्रा स्तरको बिक्रीकर अन्तर्गत मूल्य अभिवृद्धि करमा जस्तो उत्पादक, डिलर तथा थोक बिक्रेताले दर्ता हुनु पर्दैन र यस्तो कर सम्बन्धी औपचारिकता पालना गर्नु पर्दैन । यसले गर्दा कर सहभागिता खर्च र कर संकलन खर्च मूल्य अभिवृद्धि करभन्दा पनि खुद्रास्तरको बिक्रीकरमा कम हुन्छ । यस दृष्टिकोणले मूल्य अभिवृद्धि करलाई खुद्रा स्तरको बिक्रीकरले प्रतिस्थापन गर्नु उपयुक्त हुनेछ । तर हाल अधिकांश खुद्रा विक्रेताहरू अति साना तथा असंगठित भएका, तिनीहरूमा भरपर्दो श्रेस्ता राख्ने प्रचलनको अभाव भएको, तिनीहरू हजारौं-लाखौंको संख्यामा हुने भएकाले तिनीहरूको प्रशासन गर्न गाह्रो हुने र उपभोक्तामा समेत चेतनाको अभाव भएकोले खुद्रास्तरको बिक्रीकर वर्तमान अवस्थामा प्रभावकारी रुपमा कार्यान्वयन

गर्न नसकिने हुँदा मूल्य अभिवृद्धि करको सट्टा खुद्रास्तरको बिक्रीकर लगाउने प्रस्ताव नगरी मूल्य अभिवृद्धि करलाई सक्षम र प्रभावकारी बनाउनुपर्दछ भन्ने आयोगको मान्यता रहेको छ। मूल्य अभिवृद्धि करलाई आर्थिक दृष्टिकोणले तटस्थ वा सक्षम बनाउन करको संरचना उपयुक्त किसिमले तर्जुमा गरिनु भने जरुरी छ। त्यसको लागि करको आधार सकेसम्म विस्तृत बनाउने र वर्तमान एकल दर कायमै राख्ने नीति लिइनुपर्दछ।

आर्थिक दृष्टिकोणले व्यक्तिकर (Poll Tax) सबैभन्दा सक्षम कर हो। कारण, यो कर सबै व्यक्तिमाथि समदरले लागू गरिने हुँदा आर्थिक क्रियाकलापमा परिवर्तन गरेर करको भार परिवर्तन गर्न नसकिने हुँदा यसले करदाताको आर्थिक निर्णयलाई प्रभावित गर्दैन। यसको अर्थ, यस करले व्यक्तिलाई काम गर्ने, बचत गर्ने, लगानी गर्ने र उत्पादन गर्ने वा आय आर्जन गर्ने निर्णयलाई प्रभावित गर्दैन। यस कर अन्तर्गत कुनै पनि आर्थिक क्रियाकलाप गर्दा करदाताले करको बारेमा सोचेर समय खेर फाल्नु पर्दैन। तर, यो कर करदाताको कर क्षमताको आधारमा लगाउन नसकिने हुँदा यो कर प्रतिगामी हुन सक्छ र यस्तो करलाई हाल सायदै कुनै देशले व्यवहारमा लागू गरेको पाइन्छ।

### १.६.३ समानता

कर समानताको सिद्धान्तमा आधारित हुनुपर्दछ। करलाई करदाताको कर तिर्ने क्षमताको आधारमा लगाइनुपर्दछ। कर तिर्ने क्षमता धेरै भएकाले धेरै कर तिर्नुपर्दछ भने कम क्षमता भएकाले कम नै। राज्यको व्यवस्था भएकै कारणले व्यक्तिले निर्वाध रुपमा आय आर्जन गर्ने, सम्पत्ति कमाउने वा अन्य कारोबार गर्न सम्भव भएकोले आय आर्जन गरेको, सम्पत्ति कमाएको वा अन्य कारोबार गरेको आधारमा राज्यलाई कर पनि तिर्नुपर्दछ। यस्तो प्रकारको कर प्रणाली न्यायिक हुन्छ।

समानताको सन्दर्भमा उर्ध्वश्रेणीगत समानता (Vertical- Equity) र समश्रेणीगत समानता (Horizontal Equity) का अवधारणा कायम छन्। उर्ध्वश्रेणीगत समानताले असमान आय भएका व्यक्तिहरूमाथि करको भार पनि असमान किसिमले पर्नुपर्दछ अर्थात् बढी आम्दानी हुनेले आय कर बढी तिर्नुपर्दछ र कम आय हुनेले कम कर तिर्नुपर्दछ भन्ने कुराको वकालत गर्दछ। प्रगतिशील कर प्रणाली अन्तर्गत बढी आय हुनेले कम आय हुनेको तुलनामा अनुपातीय रुपमा (Proportionally) बढी कर तिर्नुपर्ने हुन्छ। आय बढेपछि करको औसत दर बढ्दै जान्छ। प्रगतिशील कर प्रणालीमा उच्च आय भएका व्यक्तिको आय तल्लो तहको आय हुनेको भन्दा बढी प्रतिशतले घट्छ।

समश्रेणीगत समानताले समान आय भएका व्यक्तिले समान किसिमको कर तिर्नुपर्दछ। यसको अर्थ विभिन्न स्रोतबाट प्राप्त हुने आयलाई आय कर प्रयोजनको लागि समान व्यवहार हुनुपर्दछ । असमान कर प्रणालीले समान अवस्थामा रहेका व्यक्ति तथा व्यवसायमाथि असमान करको भार थोपर्छ । यसरी समान अवस्थामा रहेका व्यक्ति तथा व्यवसायमा असमान व्यवहार हुने हुँदा यस्तो कर व्यवस्था न्यायिक हुँदैन । यस्तो अवस्थामा करको कार्यान्वयन केही व्यक्ति वा संस्थामाथि मात्र केन्द्रित हुन्छ र अरुमाथि करको कार्यान्वयन भएको हुँदैन । यस्तो अवस्थामा न्यायिक कर प्रणालीको विकास हुन सक्दैन । सन् १९८० को मध्यान्तरसम्म उर्ध्वश्रेणीगत समानतामा बढी जोड दिइन्थ्यो भने त्यसपछि समश्रेणीगत समानतामाथि विशेष जोड दिन थालिएको छ।

### १.६.४ प्रशासनिक सरलता र पारदर्शिता

कर जथाभावी नलगाई निश्चित सिद्धान्तको आधारमा लगाइनुपर्दछ। कर प्रशासकको स्वविवेक अनुसार कर लगाइने भएमा यसबाट भ्रष्टाचार वा कर चुहावट हुन सक्ने हुँदा कर कहिले, कति र कसरी लगाउनुपर्दछ भन्ने कुरा ऐन-नियमले स्पष्ट गरेको हुनुपर्दछ। त्यस्तै करदातालाई पनि कर कहिले, कति, कहाँ र कसरी तिर्नुपर्दछ भन्ने विषयमा स्पष्ट जानकारी हुनुपर्दछ।

कर तिर्ने तरीका सरल र समय अनुकूल हुनुपर्दछ । यसो भएमा करदाताबाट कर सहभागिता बढ्न जान्छ । यसो नभइ कर तिर्ने तरीका एकदम जटिल भएमा र कर तिर्ने समय अनुकूल नभएमा करदाताहरू कर छल्नतिर अग्रसर हुन्छन्। यसैले कर तिर्ने तरीका सरल, छिटो, छरितो हुनुपर्दछ।

कर कानुन अग्रगामी (Prospective) हुनुपर्दछ। भूतप्रभावी कर व्यवस्था (Retrospective Taxation) ले कर व्यवस्था माथिको विश्वसनियतालाई प्रतिकूल प्रभाव पार्ने हुँदा भूतप्रभावी कर व्यवस्था हुनु हुँदैन ।

### १.६.५ मितव्ययिता

करदाताले कर तिर्ने क्रममा दर्ता हुने, हिसाव किताव राख्नु पर्ने, बिजक जारी गर्नु पर्ने, विवरण तयार गरी कर कार्यालयमा पेश गर्नुपर्ने, कर तिर्नुपर्ने जस्ता विभिन्न औपचारिकता पूरा गर्नुपर्दछ। यस सन्दर्भमा करदाताले केही खर्च व्यहोर्नुपर्दछ जसलाई

कर परिपालन खर्च (Compliance Cost) भन्दछन् । यसैगरी कर संकलन गर्न सरकारले कर प्रशासनको व्यवस्था गर्नुपर्ने हुँदा कर संकलन खर्च व्यहोर्नुपर्दछ, जसलाई करको संकलन खर्च (Cost of Collection) भन्दछन् । कर तिर्दा र कर संकलन गर्दा लाग्ने खर्च सकेसम्म कम हुनुपर्दछ । यदि कर संकलन खर्च धेरै भएमा कर राजस्वको धेरै अंश प्रशासनिक खर्चमै लाग्ने हुन्छ र जनतामा अनावश्यक किसिमले करको बोझ बढी पर्न जान्छ । आफूले तिरेको राजस्वको ठूलो भाग अनावश्यक किसिमले प्रशासनिक खर्चमै लाग्ने भएमा करदातामा कर तिर्ने हौसला रहँदैन । यसैले कर प्रणाली अवलम्बन गर्दा नै सञ्चालन प्रक्रियामा करदाताको कर सहभागिता खर्च र सरकारको कर संकलन खर्च सकेसम्म कम हुने किसिमले निर्धारित गरिनु पर्दछ ।

कर प्रणालीलाई राजस्व उत्पादक बनाउने, आर्थिक दृष्टिकोणले सक्षम बनाउने, प्रशासनिक दृष्टिकोणले सहज बनाउने र सामाजिक न्यायको दृष्टिकोणले न्यायिक बनाउने सन्दर्भमा नेपालको वर्तमान स्थितिमा प्रशासनिक सरलतालाई सर्वाधिक महत्व दिइनुपर्दछ भन्ने आयोगको धारणा छ । आर्थिक विकास अहिलेको सबैभन्दा प्राथमिकताको विषय हो । कर प्रणालीलाई आर्थिक वृद्धिमा सहयोगी हुने किसिमले तय गरिनु पर्दछ र सही किसिमले कार्यान्वयन गरिनुपर्दछ । कर प्रणालीलाई जति बढी सरल बनाउन सक्यो त्यति बढी सही किसिमले कार्यान्वयन हुन सक्ने सम्भावना बढ्छ । आर्थिक विकासको गति तीव्र पारेर गरिबी निवारण गर्नको लागि कर प्रणालीलाई आर्थिक दृष्टिकोणले बढी सक्षम तथा तटस्थ बनाउनुपर्ने हुन्छ । आर्थिक विकासको दृष्टिकोणले कुन करमाथि बढी र कुन करमाथि कम निर्भर रहने भन्ने विषयमा प्रत्यक्ष करले आर्थिक वृद्धि दरलाई घटाउने र अप्रत्यक्ष करले नघटाउने हुँदा अप्रत्यक्ष करमाथि बढी निर्भर हुनुपर्ने हुन्छ । उही मात्रामा राजस्व परिचालन गर्दा अप्रत्यक्ष करभन्दा प्रत्यक्ष करले बढी भार सृजना गर्ने हुँदा मूल्य अभिवृद्धि कर छुट दिएको कारणले गुमेको रकम आय करबाट प्रतिपूर्ति गर्नु आर्थिक दृष्टिकोणले उपयुक्त हुँदैन । सामान्यतया सामाजिक न्यायको हिसाबले प्रत्यक्ष करमाथि बढी निर्भर रहनु उपयुक्त देखिने भएता पनि अप्रत्यक्ष करलाई प्रगतिशील बनाउन आवश्यक वस्तु छुट दिने र त्यसबाट गुमेको राजस्व आय करबाट उठाउने नीति आर्थिक विकासको दृष्टिकोणले उपयुक्त हुँदैन । यसको सट्टा मूल्य अभिवृद्धि करमा छुट नदिएर राजस्व परिचालन बढाउने र सामाजिक न्यायको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

माथि उल्लेख गरिएअनुसार करको समानताको क्रममा समश्रेणीगत समानता र उर्ध्वश्रेणीगत समानता सम्बन्धी दुई वटा अवधारणा छन् । उर्ध्वश्रेणीगत समानता कायम

गर्न मूल्य अभिवृद्धि करबाट अप्रशोधित खाद्यपदार्थ जस्ता न्युन आयवर्गको बजेटको ठूलो हिस्सा खर्च हुने वस्तु छुट दिने व्यवस्थाबाट गरिबले भन्दा धनीले बढी फाइदा पाउने हुँदा त्यस्तो नीतिले मूल्य अभिवृद्धि करलाई झन् प्रतिगामी (Regressive) बनाउँछ । अर्को तर्फ, यस्तो नीतिबाट राजस्व संकलन घटने, मूल्य अभिवृद्धि करको तटस्थता, सक्षमता तथा सरलता जस्ता गुणहरूमा प्रतिकूल असर पर्दछ । कुनै वस्तुमा कर लाग्ने र कुनैमा नलाग्ने वा विभिन्न वस्तुमा फरकफरक दरका कर लागेमा त्यसले उत्पादन तथा उपभोक्ताको आर्थिक निर्णयलाई प्रभावित गर्दछ जसले गर्दा छुट वा न्यून दरका छुट माग्ने तथा न्यूनदरका क्षेत्र बढाउने दबाब बढ्दै जान्छ । यसैले कर प्रणाली सक्षम बनाउन सबै वस्तु, सेवा, क्षेत्र तथा कारोबारमा कर लगाउनु पर्दछ । त्यस्तै कर सबै क्षेत्रमा समान किसिमले लागू गरी सबैका लागि समान धरातलीय अवस्था (Level Playing Field) कायम गरिनुपर्दछ र खर्चको माध्यमले सामाजिक न्याय प्राप्त गर्ने नीति लिइनुपर्दछ । आय करमा कर छुटको माध्यमबाट न्यून आयवर्गलाई करको दायरा बाहिर राख्ने नीति लिइनुपर्दछ ।

## १.७. आयोगको प्रतिवेदनको खाका

अध्याय १ : परिचय

अध्याय २ : वित्त व्यवस्था

अध्याय ३ : कर प्रणालीको स्वरुप

अध्याय ४: मूल्य अभिवृद्धि कर

अध्याय ५ : आय कर

अध्याय ६ : भन्सार महसुल

अध्याय ७ : अन्तःशुल्क

अध्याय ८ : सम्पत्ति कर

अध्याय ९ : सवारी साधन कर

अध्याय १० : सामाजिक सुरक्षा योजना

अध्याय ११ : गैर कर

अध्याय १२ : राजस्व प्रशासन

अध्याय १३ : राजस्व प्रशासनको प्रस्तावित संगठनात्मक स्वरुप

अध्याय १४ : राजस्वसम्बन्धी कार्यगत रणनीति

अध्याय १५ : राजस्व प्रशासनमा सूचना प्रविधिको भूमिका

अध्याय १६ : प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन

अध्याय १७ : कर विवाद समाधान समिति

अध्याय १८ : सम्पत्तिको घोषणा

अध्याय १९ : कर संहिता

अध्याय २० : अनौपचारिक अर्थतन्त्र

अध्याय २१ : सारांश तथा सुझावहरू

## १.८ अन्त्यमा

आयोगको कार्यक्षेत्र व्यापक छ । कारण, यसले कर नीति तथा कर प्रशासन दुवैलाई समेटेको छ। मुलुकमा विद्यमान मूल्य अभिवृद्धि कर, आय कर, भन्सार महसुल, अन्तःशुल्क लगायतका सम्पूर्ण करलाई कसरी सुधार्ने र त्यस्तो सुधार कायक्रमलाई सिङ्गो कर प्रणाली सुधार्ने दीर्घकालिन सोचसँग कसरी आबद्ध गर्ने भन्ने कुरा झनै महत्वपूर्ण हुन आएको छ ।

यो प्रतिवेदन विज्ञ, नीति निर्माता, प्रशासक तथा निजी क्षेत्रका उद्योगी, व्यवसायीहरूको संलग्नतामा तयार पारिएको छ। यसमा करको सैद्धान्तिक अवधारणा र अन्तर्राष्ट्रिय राम्रा व्यवहारहरूलाई नेपालको राजनीतिक, सामाजिक, प्रशासनिक तथा आर्थिक धरातलमा उभिएर विभिन्न विकल्पहरू केलाउने प्रयाश गरिएको छ ।

अध्याय

२

# वित्त व्यवस्था

## २.१ भूमिका

पौने तीन करोड नेपालीहरूको बासस्थानको रुपमा रहेको नेपाल दक्षिण एशीयाभित्र हिमालयको फेदीमा रहेको एक मुलुक हो । विकासका संभावना प्रचुर मात्रामा हुंदाहुंदै पनि विश्वका ४८ अतिकम विकसित देशको समूहमा रहेको यस देशलाई सन् २०२२ सम्म विकासशिल देशको श्रेणीमा स्तरोन्नति गर्ने लक्ष्य छ । हाल कुल जनसंख्यको ८० प्रतिशत भन्दा बढी नेपाली ग्रामीण क्षेत्रमा बसोबास गरिरहेका छन् र आधुनिक जीवनका अधिकांश सुविधाहरू (Amenities) बाट वञ्चित रहेका छन् । बि.सं. २०७२ साल वैशाख महिनामा आएको विनासकारी महाभूकम्पले धेरैको बासस्थानका साथै कतिपय आर्थिक तथा सामाजिक आधारशीलाहरू क्षतिग्रस्त पारेकोले स्थिति झनै नाजुक हुन गएको छ ।

हाल कुल गार्हस्थ उत्पादनको करीव ३० प्रतिशत जति हिस्सा प्रदान गर्ने कृषि क्षेत्रले मुलुकको तीन चौथाइ श्रमशक्तिलाई जीवनयापनको (Absorb) आधार प्रदान गरिरहेको छ । औद्योगिक क्षेत्रको योगदान कुल गार्हस्थ उत्पादनमा ७ प्रतिशतभन्दा कम छ भने सेवा क्षेत्रको योगदान महत्वपूर्ण छ। आर्थिक वर्ष २०७०/७१ मा कुल गार्हस्थ उत्पादनको बनोट तालिका २.१ उल्लेख गरिएको छ ।

*तालिका २.१ :* **कुल गार्हस्थ उत्पादनको संरचना**

| **क्षेत्र** | **रु. (दश लाखमा)** | **प्रतिशत** |
|---|---|---|
| कृषि तथा वन | ५८३६९१.९ | ३२.६ |
| मत्स्यपालन | ८६५९.० | ०.५ |
| खानी तथा उत्खनन | ११२५२.७ | ०.६ |
| उद्योग | १०८७४५.२ | ६.१ |
| विद्युत, ग्यास तथा पानी | २१७२६.० | १.२ |
| निर्माण | १२०८६३.० | ६.८ |
| थोक तथा खुद्रा व्यापार | २६७५०९.८ | १४.९ |
| होटेल तथा रेष्टुराँ | ३५३०३.२ | २.० |
| यातायात, संचार तथा भण्डारण | १५६५००.२ | ८.७ |
| वित्तीय मध्यस्थता | ६७२७७.५ | ३.८ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक सेवाहरू | १५०८९९.६ | ८.४ |
| सार्वजनिक प्रशासन र रक्षा | ४२५७८.१ | २.४ |
| शिक्षा | ११४८३२.५ | ६.४ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरू | २६५५५.० | १.५ |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | ७३३७३.७ | ४.१ |
| कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष वित्तीय मध्यस्थता समेत) | १७८९७६८.० | **१००.०** |
| अप्रत्यक्ष वित्तीय मध्यस्थता | –६५१७२.० | – |
| कुल मूल्य अभिवृद्धि (आधारभूत मूल्यमा) | १७२४५९६.० | ८९.४३ |
| उत्पादित वस्तुहरूमा खूद कर (Taxes less subsidies on products) | +२०३९२१.० | १०.५७ |
| **कुल गार्हस्थ उत्पादन** (उत्पादकको मूल्यमा) | **१९२८५१७.०** | **१००** |

*स्रोत: आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय*

## २.२ वित्त व्यवस्था

वित्त व्यवस्थाको सेरोफेरो अन्तर्गत सार्वजनिक आय, व्यय, अनुदान तथा ऋण पर्दछन् । आधुनिक राज्य व्यवस्थामा सरकारले वित्त व्यवस्थाको ताजा स्थितिका बारेमा जनतालाई वारम्वार जानकारी गराउने गर्दछन् । यो परम्परा नेपालमा पनि वि.सं. २००८ सालमा नेपालको प्रथम बजेट सार्वजनिक गरिएपछि कायम हुँदै आएको छ । त्यसभन्दा अगाडि राणाशासन कालमा "कच्चा नछोड्नू, जम्मा नजोड्नू" भन्ने नीति अवलम्बन गरिएको हुँदा त्यतिबेलाका वित्तीय स्थितिका बारेमा राम्रो जानकारी पाइँदैन । तर, वि. सं. २००७ सालमा प्रजातन्त्रको उदय पश्चात् वित्तीय स्थितिका बारेमा विस्तृत जानकारी गराउने सन्दर्भमा क्रमिक सुधार हुँदै आएको छ ।

सार्वजनिक व्ययलाई चालु तथा पूंजीगत खर्चमा बांडिएको छ भने सार्वजनिक आय अन्तर्गत राजस्व तथा अनुदान पर्दछन् । राजस्वलाई कर राजस्व तथा गैर कर राजस्वमा विभाजन गरिएको छ भने वैदेशिक अनुदान वहुपक्षीय तथा द्विपक्षीय हुन्छ । सार्वजनिक आयभन्दा सार्वजनिक व्यय घटी भएमा बजेट वचत हुन्छ भने सार्वजनिक आयभन्दा सार्वजनिक व्यय बढी भएमा बजेट घाटा हुन्छ । आर्थिक वर्ष २०६१/६२ देखिको नेपाल सरकारको आयव्ययको स्थिति तालिका २.२ र २.३ मा दिइएको छ ।

*तालिका २.२ :* **सार्वजनिक आयव्ययको स्थिति** (रु. दश लाखमा)

| **आर्थिक वर्ष** | **आय** | **व्यय** | **वजेट वचत (-)/न्यून (+)** |
|---|---|---|---|
| २०६१/६२ | ८४,५१४ | १०२,५६० | -१८,०४६ |
| २०६२/६३ | ८६,११० | ११०,८८९ | -२४,७७९ |
| २०६३/६४ | १०३,५१३ | १३३,६०५ | -३०,०९२ |
| २०६४/६५ | १२७,९४३ | १६१,३५० | -३३,४०७ |
| २०६५/६६ | १६९,८५८ | २१९,६६२ | -४९,८०४ |
| २०६६/६७ | २१६,५३७ | २२७,१०७ | -१०,५७० |
| २०६७/६८ | २४४,२९८ | २५७,४९५ | -१३,१९७ |
| २०६८/६९ | २८५,१८३ | २९४,८५१ | -९,६६८ |
| २०६९/७० | ३३१,२५१ | ३०२,०५४ | २९,१९७ |
| २०७०/७१ | ३९०,५८० | ४३८,५१७ | -४७,९३७ |

*स्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय एवं महालेखा नियन्त्रकको कार्यालय*

*तालिका २.३* : **सार्वजनिक आय/व्यय कुल गार्हस्थ उत्पादनको प्रतिशत**

| आर्थिक वर्ष | आय | व्यय |
|---|---|---|
| २०६१/६२ | ११.९ | १७.४ |
| २०६२/६३ | ११.१ | १७.० |
| २०६३/६४ | १२.१ | १८.४ |
| २०६४/६५ | १३.२ | १९.८ |
| २०६५/६६ | १४.५ | २२.२ |
| २०६६/६७ | १४.९ | १९.० |
| २०६७/६८ | १४.५ | १८.८ |
| २०६८/६९ | १६.० | १९.३ |
| २०६९/७० | १७.५ | १७.८ |
| २०७०/७१ | १८.५ | २२.६ |

*स्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय*

## २.३ सार्वजनिक खर्च

सार्वजनिक खर्चलाई चालु तथा पूंजीगत खर्चमा विभाजन गर्ने गरिएको छ । पारिश्रमिक/सुविधा, मालसामन तथा सेवाको उपयोग, व्याज र सेवा खर्च, सहायता (Subsidy), अनुदान (Grants) तथा सामाजिक सुरक्षा जस्ता खर्चलाई चालु खर्चमा समावेश गरिन्छ भने जग्गा, भवन, सवारी साधन, फर्निचर, मेशिनरी, औजार आदि क्षेत्रमा गरिने लगानीलाई पूजीगत खर्चको रुपमा हेरिन्छ । आर्थिक वर्ष २०६६/६७ देखिको चालु तथा पूजीगत खर्चको स्थिति तालिका २.४ र २.५ मा दिइएको छ ।

*तालिका २.४* : **सार्वजनिक खर्चको बनोट**

| आर्थिक वर्ष | रकम रु दश लाखमा | | | प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूंजीगत खर्च | जम्मा खर्च | चालु खर्च | पूंजीगत खर्च | जम्मा खर्च |
| २०६६/६७ | १८६,५९८ | ४०,५१० | २२७,१०७ | ८२.२ | १७.८ | १००.० |
| २०६७/६८ | २१०,१६८ | ४७,३२८ | २५७,४९५ | ८१.६ | १८.४ | १००.० |
| २०६८/६९ | २४३,४६० | ५१,३९१ | २९४,८५१ | ८२.६ | १७.४ | १००.० |
| २०६९/७० | २४७,४५६ | ५४,५९८ | ३०२,०५४ | ८१.९ | १८.१ | १००.० |
| २०७०/७१ | ३५३,४१८ | ८५,१०० | ४३८,५१७ | ८०.६ | १९.४ | १००.० |

*स्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय*

*तालिका २.५ :* **सार्वजनिक खर्च कुल गार्हस्थ उत्पादनको प्रतिशत**

| आर्थिक वर्ष | चालु खर्च | पूंजीगत खर्च | जम्मा खर्च |
|---|---|---|---|
| २०६६/६७ | १५.६ | ३.४ | १९.० |
| २०६७/६८ | १५.४ | ३.५ | १८.८ |
| २०६८/६९ | १५.९ | ३.४ | १९.३ |
| २०६९/७० | १४.६ | ३.२ | १७.८ |
| २०७०/७१ | १८.३ | ४.४ | २२.७ |

*स्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय*

नेपालको सार्वजनिक खर्चको स्थिति समस्याग्रस्त छ । चालु खर्च उल्लेखनीय रुपमा वृद्धि भैरहेको छ भने पूंजीगत खर्चको गति सुस्त छ । आगामी दिनमा ठूलो मात्रामा सांवाव्याज तथा निवृत्तिभरण, उपदान लगायतका विभिन्न सामाजिक सुरक्षा सम्वन्धी खर्चहरूको परिमाण उल्लेखनीय रुपमा वृद्धि हुंदै जाने स्थिति छ। स्मरण रहोस्, चालु खर्च अनियन्त्रित रुपमा वृद्धि हुंदा मुलुकको विकासको लागि आवश्यक साधन कम उपलव्ध हुन्छ भने पूंजीगत खर्च कम भएमा त्यसबाट आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा नकारात्मक असर पर्दछ र त्यसबाट विकासको गति मन्द हुन्छ ।

नेपाल विश्वका अतिकम विकसित राष्ट्र मध्येको एक हो । यहां आर्थिक तथा सामाजिक आधारशिलाहरूको ठूलो कमि छ जसले यसका लागि ठूलो लगानीको आवश्यकता रहेको कुरा इंगित गर्दछ । तर व्यवहारमा यसको लागि कुल खर्चको २० प्रतिशत भन्दा पनि कम हिस्सा खर्च हुने गरेको छ । पूंजीगत खर्चको लागि छुट्याइएको सानो परिमाणको बजेट रकम पनि खर्च गर्ने क्षमताको अभावमा पूर्ण रुपमा खर्च हुन नसकेको स्थिति छ। पूंजीगत खर्चको ठूलो अंश आर्थिक वर्षको अन्त्यतिर खर्च गर्ने प्रवृत्तिले सरकारी खर्चको उत्पादकत्व र गुणस्तरमा ह्रास आएको हुन सक्ने अनुमान छ ।

अर्कोतर्फ, सन् २०२२ मा नेपाललाई अतिकम विकसित राष्ट्रको श्रेणीबाट विकासशील राष्ट्रको श्रेणीमा स्तरोन्नति गर्नका लागि सन् २०१२ देखि सन् २०२२ सम्म रु. ९ हजार ९ सय ७७ अर्व मध्ये निजी क्षेत्रबाट दुई तिहाइ र सरकारी क्षेत्रबाट एक तिहाई लगानी हुनु पर्ने अनुमान छ । यसले पूंजीगत खर्च उल्लेखनीय रुपमा बढाउनु पर्ने देखिन्छ । यसैगरी, वि. सं. २०७२ साल वैशाख १२ गते आएको विनासकारी महाभूकम्प र तत्पश्चात श्रृंखलाबद्ध रुपमा आएका अनगिन्ति पराकम्पनले ठूलो धनजनको क्षती

पुऱ्याएको छ। भूकम्पबाट झण्डै ९,००० मानिसको मृत्यु र २०,००० भन्दा बढी घाइते हुनका साथै ठूलो मात्रामा भौतिक क्षति पुऱ्याएको छ। यसबाट आठ लाख भन्दा बढी घर, विद्यालय, अस्पताल, राष्ट्रिय धरोहर, सडक, पुल, जलविद्युत आयोजना आदिमा ठूलो क्षति भएको छ। यसैगरी कृषि, उद्योग, व्यापार, पर्यटन क्षेत्रले पनि ठूलो नोक्सानी व्यहोर्नु परेको छ। भूकम्पबाट क्षतिग्रस्त अर्थतन्त्रको पुनर्निर्माण गर्न रु.७ खर्ब भन्दा बढी थप खर्च गर्नु पर्ने आवश्यकता देखा परेको छ। महाभूकम्प पूर्वको अवस्थामा सानो आकारको पूंजीगत खर्च गर्ने क्षमता नभएको सार्वजनकि प्रशासनको लागि यति ठूलो परिमाणको पूंजीगत खर्च गर्नुपर्ने कार्य आगामी दिनहरूमा चुनौतिपूर्ण रहनेछन्।

विगतमा पूंजीगत खर्च कम भएका कारणले सरकारी वित्त सन्तुलन भएको देखिन्छ। नेपालको कुल सार्वजनिक खर्च कुल गार्हस्थ उत्पादनको २० प्रतिशत भन्दा कमै रहने गरेको देखिन्छ, जुन २५ प्रतिशतको Clark Limit भन्दा कम छ। तर अब पुनर्निर्माणका साथै मुलुकलाई विकासशील राष्ट्रको श्रेणीमा पुऱ्याउने सन्दर्भमा पूंजीगत खर्च उल्लेखनीय रुपमा वृद्धि भएमा र चालु खर्च पनि अनियन्त्रित रुपमा वृद्धि हुंदै गएमा कुल खर्चमा ठूलो वृद्धि भै अर्थतन्त्रमा अधिक माग सिर्जना हुन सक्छ। त्यसबाट अर्थतन्त्रमा अस्थिरता पैदा हुने खतरा उत्पन्न हुन सक्ने संभावनाप्रति पनि सजग रहनु पर्दछ। यस सन्दर्भमा सरकारी फजुल खर्च घटाउनु पर्ने, निवृत्तिभरण व्यवस्थालाई सुधार गर्ने, मन्त्रीपरिषदको आकार सानो गर्ने, निजामती सेवालाई छटनी गर्ने, पूंजीगत खर्चको प्राथमिकता तोकिदै जानु पर्ने जस्ता उपायहरू अवलम्वन गर्दै जानु पर्दछ।

## २.४ सार्वजनिक आय

सार्वजनिक आय अन्तरगत राजस्व र अनुदान पर्दछन्। हाल सार्वजनिक आयमध्ये झण्डै ८४ प्रतिशत राजस्वबाट प्राप्त हुन्छ भने अनुदानबाट केवल १६ प्रतिशत प्राप्त हुन्छ। आर्थिक वर्ष २०६१/६२ देखिको सार्वजनिक आयको स्थिति तालिका २.६ र २.७ मा दिइएको छ।

*तालिका २.६ :* **सार्वजनिक आयको बनोट**

| आर्थिक वर्ष | सार्वजनिक आयको बनोट (रु. दश लाखमा) | | | सार्वजनिक आयको बनोट (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|
| | राजस्व | अनुदान | जम्मा | राजस्व | अनुदान | जम्मा |
| २०६१/६२ | ७०,१२३ | १४,३९१ | ८४,५१४ | ८३.० | १७.० | १००.० |
| २०६२/६३ | ७२,२८२ | १३,८२८ | ८६,११० | ८३.९ | १६.१ | १००.० |
| २०६३/६४ | ८७,७१२ | १५,८०१ | १०३,५१३ | ८४.७ | १५.३ | १००.० |
| २०६४/६५ | १०७,६२२ | २०,३२१ | १२७,९४३ | ८४.१ | १५.९ | १००.० |
| २०६५/६६ | १४३,४७५ | २६,३८३ | १६९,८५८ | ८४.५ | १५.५ | १००.० |
| २०६६/६७ | १७७,९९१ | ३८,५४६ | २१६,५३७ | ८२.२ | १७.८ | १००.० |
| २०६७/६८ | १९८,३७६ | ४५,९२२ | २४४,२९८ | ८१.२ | १८.८ | १००.० |
| २०६८/६९ | २४४,३७३* | ४०,८१० | २८५,१८३ | ८५.७ | १४.३ | १००.० |
| २०६९/७० | २९६,०२१** | ३५,२३० | ३३१,२५१ | ८९.४ | १०.६ | १००.० |
| २०७०/७१ | ३५६,६२० | ३३,९६० | ३९०,५८० | ९१.३ | ८.७ | १००.० |

*स्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय*

** यसमा बेरुजु वापतको रु. २,६१२,४२० समावेश छैन ।*

*** यसमा बेरुजु वापतको रु. १,९२१,१९२ समावेश छैन ।*

*तालिका २.७ :* **सार्वजनिक आयमा कुल गार्हस्थ उत्पादनको प्रतिशत**

| आर्थिक वर्ष | राजस्व | अनुदान | जम्मा |
|---|---|---|---|
| २०६१/६२ | ११.९ | २.४ | १४.३ |
| २०६२/६३ | ११.१ | २.१ | १३.२ |
| २०६३/६४ | १२.१ | २.२ | १४.३ |
| २०६४/६५ | १३.२ | २.५ | १५.७ |
| २०६५/६६ | १४.५ | २.७ | १७.२ |
| २०६६/६७ | १४.९ | ३.२ | १८.१ |
| २०६७/६८ | १४.५ | ३.४ | १७.९ |
| २०६८/६९ | १६.० | २.७ | १८.७ |
| २०६९/७० | १७.५ | २.१ | १९.६ |
| २०७०/७१ | १८.५ | १.८ | २०.३ |

*स्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय*

विगत केही वर्षको सार्वजनिक आयको प्रवृत्तिलाई केलाउदा राजस्वको मात्रा तथा कुल गार्हस्थ उत्पादनसंगको अनुपात क्रमिक रुपमा वृद्धि भैरहेको छ । आर्थिक वर्ष २०६१/६२ मा कुल गार्हस्थ उत्पादनको ११.९ प्रतिशत भएकोमा आर्थिक वर्ष २०७०/७१ मा १८.५ प्रतिशत पुगेको छ जुन सकारात्मक प्रवृत्ति हो । अर्कोतर्फ, सोही अवधिमा अनुदानमा भने खासै वृद्धि भएको छैन, किनकि वैदेशिक अनुदान आर्थिक वर्ष २०६१।६२ मा कुल गार्हस्थ उत्पादनको २.४ प्रतिशत भएकोमा यो अंक आर्थिक वर्ष २०७१/७२ मा १.८ प्रतिशतमा झरेको छ ।

## २.५. राजस्व

राजस्वलाई कर तथा गैर कर गरेर दुई भागमा विभाजन गरिएको छ । हाल कर राजस्वबाट कुल राजस्वको ८८ प्रतिशत जति हिस्सा प्राप्त हुने गरेको छ भने बांकि हिस्सा गैर करबाट प्राप्त हुन्छ । यसको स्थिति तालिका २.८ र २.९ मा दर्शाइएको छ ।

*तालिका २.८ :* **राजस्वको बनोट** (रु. दश लाखमा)

| आर्थिक वर्ष | राजस्व | | | राजस्व प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|
| | कर राजस्व | गैर कर राजस्व | जम्मा राजस्व | कर राजस्व | गैर कर राजस्व | जम्मा राजस्व |
| २०६१/६२ | ५४,१०५ | १६,०१८ | ७०,१२३ | ७७.१६ | २२.८४ | १००.०० |
| २०६२/६३ | ५७,४३० | १४,८५२ | ७२,२८२ | ७९.४५ | २०.५५ | १००.०० |
| २०६३/६४ | ७१,१२७ | १६,५८५ | ८७,७१२ | ८१.०९ | १८.९१ | १००.०० |
| २०६४/६५ | ८५,१५५ | २२,४६७ | १०७,६२२ | ७९.१२ | २०.८८ | १००.०० |
| २०६५/६६ | ११७,०५२ | २६,४२३ | १४३,४७५ | ८१.५८ | १८.४२ | १००.०० |
| २०६६/६७ | १५९,७८५ | १८,२०६ | १७७,९९१ | ८९.७७ | १०.२३ | १००.०० |
| २०६७/६८ | १७७,२२७ | २१,१४९ | १९८,३७६ | ८९.३४ | १०.६६ | १००.०० |
| २०६८/६९ | २११,७२२ | ३२,६५१ | २४४,३७३ | ८६.६४ | १३.३६ | १००.०० |
| २०६९/७० | २५९,२१५ | ३६,८०६ | २९६,०२१ | ८७.५७ | १२.४३ | १००.०० |
| २०७०/७१ | ३१२,४४० | ४४१८० | ३५६,६२० | ८७.६१ | १२.३९ | १००.०० |

*स्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय*

विगत एक दशकको राजस्वको प्रवृत्ति केलाउदा राजस्वमा ठूलो वृद्धि भएको देखिन्छ। राजस्वमध्ये पनि कर राजस्व संकलनको स्थिति उत्साहजनक छ भने गैर कर राजस्व संकलनमा सन्तोष लिन सक्ने स्थिति छैन। यस अवधिमा कर राजस्व ५.७७ गुणाले बढेको छ भने गैर कर राजस्व भने केवल २.७५ गुणाले मात्र बढेको छ।

*तालिका २.९* : **राजस्वमा कुल गार्हस्थ उत्पादनको प्रतिशत**

| आर्थिक वर्ष | कर राजस्व | गैर कर राजस्व | जम्मा राजस्व |
|---|---|---|---|
| २०६१/६२ | ९.२ | २.७ | ११.९ |
| २०६२/६३ | ८.८ | २.३ | ११.१ |
| २०६३/६४ | ९.८ | २.३ | १२.१ |
| २०६४/६५ | १०.४ | २.८ | १३.२ |
| २०६५/६६ | ११.८ | २.७ | १४.५ |
| २०६६/६७ | १३.४ | १.५ | १४.९ |
| २०६७/६८ | १३.० | १.५ | १४.५ |
| २०६८/६९ | १३.९ | २.१ | १६.० |
| २०६९/७० | १५.३ | २.२ | १७.५ |
| २०७०/७१ | १६.२ | २.३ | १८.५ |

*स्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय*

राजस्व तथा कुल गार्हस्थ उत्पादनको अनुपात आर्थिक वर्ष २०६०/६१ मा ११.९ प्रतिशत भएकोमा यो अंक आर्थिक वर्ष २०७०/७१ मा १८.५ प्रतिशत पुगेको छ। यस अवधिमा कर राजस्व र कुल गार्हस्थ उत्पादन अनुपात झण्डै दोव्वर हुन गएको छ भने गैर कर राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०७०/७१ केही कम भएको छ, ।

### २.५.१ कर राजस्व

कर राजस्व अन्य मुलुकमा झै नेपालमा पनि राजस्वको प्रमुख स्रोत हो । यसबाट आर्थिक वर्ष २०७०/७१ मा कुल कर राजस्वको झण्डै ८९ प्रतिशत हिस्सा प्राप्त भएको थियो । विद्यमान प्रमुख करहरूमा मूल्य अभिवृद्धि कर, आय कर, भन्सार महसुल तथा अन्तःशुल्क पर्दछन् । यी विभिन्न करहरूबाट प्राप्त राजस्वको स्थिति तालिका २.१० र २.११ मा दिइएको छ ।

*तालिका २.१० :* **कर राजस्वको बनोट** (रु. दश लाखमा)

| आर्थिक वर्ष | मूल्य अभिवृद्धि कर | आय कर | भन्सार महसुल | अन्तशुल्क | अन्य* | कुल कर राजस्व |
|---|---|---|---|---|---|---|
| २०६१/६२ | १८,८८५ | १०,४६६ | १५,७०१ | ६,४४६ | २,६०७ | ५४,१०५ |
| २०६२/६३ | २१,६१३ | १०,९३४ | १५,३४४ | ६,५०७ | ३,०२९ | ५७,४२७ |
| २०६३/६४ | २६,०९६ | १५,७३२ | १६,७०७ | ९,३४३ | ३,२४९ | ७१,१२७ |
| २०६४/६५ | २९,८१६ | १९,०७८ | २१,०६२ | ११,१९० | ४,००९ | ८५,१५५ |
| २०६५/६६ | ३९,७०१ | २७,२४७ | २६,७९३ | १६,२२१ | ७,०९० | ११७,०५२ |
| २०६६/६७ | ५४,९२१ | ३३,८२१ | ३५,२१८ | २४,१४८ | ११,६७७ | १५९,७८५ |
| २०६७/६८ | ६१,६६४ | ४१,३५० | ३५,७१३ | २६,३३९ | १२,१६१ | १७७,२२७ |
| २०६८/६९ | ७०,९३० | ५१,३०३ | ४३,३९१ | ३०,०१६ | १६,०८२ | २११,७२२ |
| २०६९/७० | ८३,४१८ | ६४,१८७ | ५६,९३२ | ३६,२३५ | १८,४४३ | २५९,२१५ |
| २०७०/७१ | १०१,११० | ७५,६०८ | ६७,९८१ | ४५,४११ | २२,३३० | ३१२,४४० |

*स्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय*

** विशेष सेवामा लाग्ने कर र पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर समावेश छ ।*

तालिका २.१० मा उल्लेख गरिएअनुसार नेपालमा हाल लागु भैरहेका सबै प्रमुख करहरूबाट संकलन भएको राजस्व हरेक वर्ष बढ्दै गएको देखिन्छ । राजस्व बढ्ने हिसावले आर्थिक वर्ष २०६२/६३ उत्साहनजनक नभएपनि अन्य वर्षहरूमा संकलन भएको राजस्व संतोषजनक रहेको देखिन्छ ।

*तालिका २.११ :* **कर राजस्वको सापेक्षिक महत्व** (प्रतिशतमा)

| आर्थिक वर्ष | मूल्य अभिवृद्धि कर | आय कर | भसार महसुल | अन्तशुल्क | अन्य* | कुल कर राजस्व |
|---|---|---|---|---|---|---|
| २०६१/६२ | ३४.९० | १९.३५ | २९.०२ | ११.९१ | ४.८२ | १००.०० |
| २०६२/६३ | ३७.६४ | १९.०४ | २६.७२ | ११.३३ | ५.२७ | १००.०० |
| २०६३/६४ | ३६.६९ | २२.११ | २३.४९ | १३.१४ | ४.५७ | १००.०० |
| २०६४/६५ | ३५.०१ | २२.४१ | २४.७३ | १३.१४ | ४.७१ | १००.०० |
| २०६५/६६ | ३३.९२ | २३.२८ | २२.८९ | १३.८६ | ६.०५ | १००.०० |
| २०६६/६७ | ३४.३७ | २१.१७ | २२.०४ | १५.११ | ७.३१ | १००.०० |
| २०६७/६८ | ३४.८० | २३.३३ | २०.१५ | १४.८६ | ६.८६ | १००.०० |
| २०६८/६९ | ३३.५० | २४.२३ | २०.४९ | १४.१८ | ७.६० | १००.०० |
| २०६९/७० | ३२.१८ | २४.७६ | २१.९६ | १३.९८ | ७.१२ | १००.०० |
| २०७०/७१ | ३२.३६ | २४.२० | २१.७६ | १४.५३ | ७.१५ | १००.०० |

*स्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय*

** विशेष सेवामा लाग्ने कर र पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर समावेश छ ।*

कर राजस्वको सापेक्षिक महत्वलाई केलाउदा रुपमा कुल कर राजस्वमा मूल्य अभिवृद्धि करको योगदान सालाखाला एक तिहाइ रहेको छ भने आय करको योगदान झण्डै एक चौथाइ पुग्न लागेको छ । अर्कोतर्फ, विगतमा राजस्वको ठूलो अंश प्रदान गर्ने भन्सार महसुलको योगदान घट्दै गै हाल २० प्रतिशतको हाराहारीमा पुगेको छ भने अन्तःशुल्कबाट कुल कर राजस्वको करीव १५ प्रतिशत प्राप्त हुने गर्दछ ।

*तालिका २.१२ :* **कर राजस्व कुल गार्हस्थ उत्पादनको प्रतिशत**

| आर्थिक वर्ष | मूल्य अभिवृद्धि कर | आय कर | भन्सार महसुल | अन्तःशुल्क | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| २०६१/६२ | ३.२० | १.७८ | २.६६ | १.०९ | ०.४४ | ९.१८ |
| २०६२/६३ | ३.३० | १.६७ | २.३५ | ०.९९ | ०.४६ | ८.७८ |
| २०६३/६४ | ३.५९ | २.१६ | २.३० | १.२८ | ०.४५ | ९.७७ |
| २०६४/६५ | ३.६६ | २.३४ | २.५८ | १.३७ | ०.४९ | १०.४४ |
| २०६५/६६ | ४.०२ | २.७६ | २.७१ | १.६४ | ०.७२ | ११.८४ |
| २०६६/६७ | ४.६० | २.८४ | २.९५ | २.०२ | ०.९८ | १३.४० |
| २०६७/६८ | ४.५१ | ३.०३ | २.६१ | १.९३ | ०.८९ | १२.९७ |
| २०६८/६९ | ४.६४ | ३.३६ | २.८४ | १.९७ | १.०५ | १३.८६ |
| २०६९/७० | ४.९३ | ३.७९ | ३.३६ | २.१४ | १.०९ | १५.३१ |
| २०७०/७१ | ५.२४ | ३.९२ | ३.५३ | २.३५ | १.१६ | १६.२० |

*स्रोतः आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, राजस्व महाशाखा तथा वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग ।*

कर राजस्वको कुल गार्हस्थ उत्पादनसंगको अनुपात स्थिति हेर्दा विगत एक दशकमा नेपालले ठूलो फड्को मारेको देखिन्छ । यो अनुपात आर्थिक वर्ष २०६१/६२ मा ९.१८ प्रतिशत भएकोमा यो अंक बढेर आर्थिक वर्ष २०७०/७१ मा १६.२० प्रतिशत पुगेको छ । विभिन्न कर राजस्वको कुल गार्हस्थ उत्पादनसंगको अनुपात तुलना गर्दा सबभन्दा बढी वृद्धि आय करमा भएको देखिन्छ भने सबभन्दा कम भन्सारमा रहेको छ ।

राजस्व संकलनको दृष्टिकोणले आगामी दिन त्यति सहज हुने छैनन् । वि. सं. २०७२ वैशाख महिनामा गएको महाभूकम्प र अनगिन्ती पराकम्पनहरूले क्षतिग्रस्त नेपालको अर्थतन्त्रको पुनर्निर्माण गर्न, संघीयताको सन्दर्भमा आवश्यक राजस्वको जोहो गर्न, मुलुकलाई सन् २०२२ मा विकासशील राष्ट्रको श्रेणीमा पुऱ्याउन आवश्यक लगानी जुटाउन तथा मुलुकमा बढ्दै गैरहेको सामाजिक सुरक्षा सम्बन्धी आवश्यकता पूरा गर्न ठूलो मात्रामा राजस्व परिचालन गर्न आवश्यक छ, जुन सिद्धान्ततः राजस्व सम्बन्धी नीतिगत तथा प्रशासनिक सुधार गरेर गर्न सकिन्छ। नीतिगत हिसावले नयां कर लगाउने वा करको आधार बिस्तार गर्ने वा करका दर बढाउने जस्ता उपायहरू अवलम्वन गर्न सकिन्छ । तर मुलुकमा मूल्य अभिवृद्धि कर, आय कर, भन्सार तथा अन्तःशुल्क जस्ता

सबै आधुनिक करहरू लागु भैरहेकाले विस्तृत आधार भएको अर्को कर लगाउने संभावना छैन । यसै गरी करका दरहरूमा वृद्धि गर्ने अवस्था पनि छैन । साफ्टा, विश्व व्यापार संगठन आदिको सन्दर्भमा भन्सारका दरहरू घटाउदै जानु पर्नेछ । मूल्य अभिवृद्धि करको १३% को दर दक्षिण एशीयाली मुलुको सालाखाला दरको हाराहारीमा छ र यो दर बढाउने भन्दा पनि केही वर्षसम्म यसलाई परिवर्तन नगर्ने राज्यको प्रतिबद्धताको खांचो छ । व्यक्तिगत आय करको न्यूनतम १५% र उच्चतम ३५% का सीमान्त दर अन्य दक्षिण एशीयाली देशका दरको तुलनमा बढी भएकोले यसलाई बढाउने सम्भावना छैन । वरु अनौपचारिक क्षेत्रमा रहेकालाई करको दायरामा ल्याउन १५% को दर घटाउनु पर्छ । यसैगरी, दक्षिण एशियाली देशको तुलनामा हाम्रो करको भार बढी नपार्न व्यक्तिगत आय करको ३५% को दर पनि घटाउन उपयुक्त हुनेछ । खासगरी भारत सरकारले संस्थागत आय करको दरलाई घटाउदै जाने नीति लिए अनुरुप हाम्रो संस्थागत आय करको दर पनि घटाउनु पर्नेछ । अन्तःशुल्कका दरहरू बढाउन सकिने सम्भावना भने देखिन्छ ।

करका दर बढाएर राजस्व परिचालन गर्ने भन्दा पनि करको दायरा विस्तार गरेर राजस्व संकलन बढाउनु पर्ने परिप्रेक्ष्यमा करमा दिएका छुटहरूको पुनरावलोकन गरेर करको दायरा बढाउनु पर्ने आवश्यकता छ । तर अर्कोतर्फ महाभूकम्पको कारणले क्षतिग्रस्त मुलुकको उद्योग, पर्यटन लगायत विभिन्न क्षेत्रहरू संकटग्रस्त अवस्थामा रहेकाले तिनीहरूबाट विभिन्न राहतका लागि अनुरोध भैरहेको छ । भूकम्पबाट प्रभावित उद्योग, व्यापार तथा व्यवसायलाई राहत दिनुपर्ने र यी क्षेत्रहरूको विकास गर्नुपर्ने कुरामा कसैको विमति हुदैन । तर यसरी राहत दिंदा प्रभावकारी हुने सहुलियतको पहिचान हुनु भने जरुरी छ । यस सन्दर्भमा महाभूकम्पबाट नष्ट भएको सामानको खर्च कट्टी गर्ने, ह्रास कट्टी गर्ने वा घाटा समायोजन गर्ने सम्बन्धी उदार नीति अपनाउनु पर्दछ । भुकम्पबाट क्षति भएको पूजीगत सामान प्रतिस्थापन गर्ने सन्दर्भमा भएको खर्च तुरुन्तै र सहजै समायोजन गर्ने व्यवस्था गर्नु पर्दछ । यसैगरी भूकम्पबाट क्षति भएका सामानमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्ने व्यवस्था सरल र सहज रुपमा लागु गरिनु पर्दछ । कर विवरण पेश गर्ने र कर तिर्ने अवधि लम्ब्याउने र व्याज तथा जरीवाना सम्बन्धमा उदार हुने उपायहरू पनि भूकम्पपीडितलाई मद्दत गर्ने नीति अन्तर्गत नै पर्दछन् ।

प्रधानमन्त्री राहतकोष तथा पुनर्निर्माण कोषमा जम्मा गरेको रकम आय कर प्रयोजनको निमित्त खर्च कट्टी दाबी गर्न पाउने व्यवस्था गरिनु पर्दछ । यसैगरी, नेपाल सरकार वा नेपाल सरकारबाट गठन गरिने पुनर्निर्माण प्रधिकरणबाट पूर्व स्वीकृति लिई तोकिएको क्षेत्रमा गरिने प्रमाणित लगानीलाई पनि आय कर प्रयोजनको निमित्त खर्च कट्टी दाबी

गर्न पाउने व्यवस्था गर्न राम्रो हुनेछ। तर पुनर्निर्माणको नाममा मध्यम तथा दीर्घकालिन रुपमा कर सुधार गर्न अपनाउनु पर्ने कदम विपरित हुने कुनै निर्णय गरिनु हुदैन । यसैगरी खोजिएको उद्देश्य प्राप्त गर्न नसकिने कर परिवर्तनहरू पनि गरिनु हुदैन। यसैले भूकम्पपीडित व्यवसायलाई सहयोग गर्न प्रभावकारी नहुने कर छुट दिने वा करको दर कटौति गर्ने कार्य गरिनु हुदैन। यस्ता नीतिवाट भूकम्पपीडितले वास्तवमा राहत नपाउने तर राजस्व मात्र गुम्ने, राजस्व कम भएको कारणले थप साधन जुटाउन सरकारले ऋण लिनु पर्ने, त्यस्तो ऋण बढी भएको खण्डमा त्यसले मुद्रा स्फीति बढाउने, र त्यसले निश्चित तथा न्यून आय वर्गलाई बढी चोट पुऱ्याउनका साथै अर्थतन्त्रमा नकारात्मक असर पार्ने कुरालाई पनि बिर्सनु हुंदैन।

राजस्व परिचालन बढाउनका लागि यतिखेर कर प्रणलीको भन्दा पनि प्रशासनिक सुधारवाट थप राजस्व परिचालन गरिनु पर्दछ । कर सम्बन्धी औपचारिकता नियमित रुपमा कानून सम्मत किसिमले पालना गर्ने करदातालाई एकदमै सहज र अरुको लागि विस्तृत छानविन गर्ने नीति अवलम्वन गर्नु पर्दछ । विभिन्न कर सम्बन्धी विवरण समयमा नबुझाउने र कर नतिर्ने माथि निरन्तर रुपमा निगरानी राखि नन्फाइलरको संख्या र वक्यौता रकम उल्लेखनीय रुपमा कम गर्नु पर्दछ। कर संकलन, परीक्षण तथा फिर्ता दिंदा राजस्व जोखिमलाई मूल आधार बनाइनु पर्दछ । साना करदाताको लागि सरल किसिमको कर व्यवस्था लागु गर्नुपर्छ। राजस्व प्रशासनको कार्यमूलक किसिमको संगठनात्मक स्वरुपलाई सही किसिमले लागु गर्नु पर्दछ । राजस्व बोर्डको व्यवस्था गरीराजस्व प्रशासनलाई प्रभावकारी रुपमा संचालन, मूल्यांकन तथा अनुगमन गर्ने व्यवस्था हुनु पर्छ।

**(क) मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर संकलनको अवस्था एवं कुल राजस्वमा यसको स्थिति तालिका २.१३, २.१४, २.१५ र २.१६ मा दर्शाइएको छ।

*तालिका २.१३ :* **मूल्य अभिवृद्धि करको बनोट**

| आर्थिक वर्ष | मूल्य अभिवृद्धि कर राजस्व (रु दश लाखमा) | | | मूल्य अभिवृद्धि करको बनोट (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|
| | आन्तरिक | बाह्य | जम्मा | आन्तरिक | बाह्य | जम्मा |
| २०६१/६२ | ६,६१५ | १२,२७० | १८,८८५ | ३५.०३ | ६४.९७ | १००.०० |
| २०६२/६३ | ८,१५० | १३,४६३ | २१,६१३ | ३७.७१ | ६२.२९ | १००.०० |
| २०६३/६४ | ९,६३२ | १६,४६४ | २६,०९६ | ३६.९१ | ६३.०९ | १००.०० |
| २०६४/६५ | १०,८०९ | १९,००७ | २९,८१६ | ३६.२५ | ६३.७५ | १००.०० |
| २०६५/६६ | १३,९१८ | २५,७८३ | ३९,७०१ | ३५.०६ | ६४.९४ | १००.०० |
| २०६६/६७ | २०,३८० | ३४,५४१ | ५४,९२१ | ३७.११ | ६२.८९ | १००.०० |
| २०६७/६८ | २२,२८४ | ३९,३८० | ६१,६६४ | ३६.१४ | ६३.८६ | १००.०० |
| २०६८/६९ | २५,९६६ | ४४,९६४ | ७०,९३० | ३६.६१ | ६३.३९ | १००.०० |
| २०६९/७० | २८,३८० | ५५,०३८ | ८३,४१८ | ३४.०२ | ६५.९८ | १००.०० |
| २०७०/७१ | ३४,२८९ | ६६,८२१ | १०१,११० | ३३.९१ | ६६.०९ | १००.०० |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग ।*

मूल्य अभिवृद्धि कर राजस्वलाई खासगरी आन्तरिक र बाह्य गरेर दुई भागमा बांड्ने गरिन्छ । पैठारीमा भन्सार कार्यालयले संकलन गरेको मूल्य अभिवृद्धि करलाई वाह्य भनिन्छ भने देशभित्र आन्तरिक राजस्व कार्यालयले संकलन गरेको मूल्य अभिवृद्धि करलाई आन्तरिक भनिन्छ। सालाखाला कुल मूल्य अभिृद्धि करको एक तिहाइ आन्तरिक र दुई तिहाई बाह्य हुने गरेको छ। पैठारीमा तिरेको मूल्य अभिवृद्धि करलाई पैठारीकर्ताले आफ्नो विक्रीमा असुल गरेको करबाट कटाएर बांकि रकममात्र राजस्व रुपमा बुझाउने हुंदा उक्त अनुसार आन्तरिक र वाह्य भनेर गर्ने विभाजनको खास औचित्य छैन ।

*तालिका २.१४ :* **आन्तरिक मूल्य अभिवृद्धि करको बनोट** (रु दश लाखमा)

| आर्थिक वर्ष | उत्पादन | वस्तु बिक्री वितरण | परामर्श तथा ठेक्का | पर्यटन सेवा | संचार सेवा बीमा आदि | वेदर्तावाल | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २०६१/६२ | २,४५६ | १,१६० | ९५४ | ३५२ | १,६९३ | - | ६,६१५ |
| २०६२/६३ | २,९०० | १,३५७ | १,१६७ | ४५१ | २,२७५ | - | ८,१५० |
| २०६३/६४ | ३,२६७ | १,६४६ | १,२४४ | ६०४ | २,८७१ | - | ९,६३२ |
| २०६४/६५ | ३,४५७ | २,२८८ | १,३५० | ६९६ | ३,०१८ | - | १०,८०९ |
| २०६५/६६ | ४,०५८ | २,३७१ | १,६०३ | ८३६ | ५,०५० | - | १३,९१८ |
| २०६६/६७ | ६,०१७ | ३,२९९ | २,१९३ | २,२२१ | ६,६५० | - | २०,३८० |
| २०६७/६८ | ६,७१७ | ४,२३२ | ३,०९५ | १,१२३ | ७,११७ | - | २२,२८४ |
| २०६८/६९ | ८,४३७ | ५,५९० | ४,८३० | १,०५७ | ५,०८९ | ९६३ | २५,९६६ |
| २०६९/७० | ९,७४९ | ६,३०८ | ५,५०६ | १,२०२ | ४,३६० | १,२५५ | २८,३८० |
| २०७०/७१ | ११,२९५ | ७,८४६ | ५,८७८ | १,४३९ | ६,२२० | १,६११ | ३४,२८९ |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग ।*

*तालिका २.१५ :* **आन्तरिक मूल्य अभिवृद्धि करको बनोट** (प्रतिशतमा)

| आर्थिक वर्ष | उत्पादन | वस्तु बिक्री वितरण | परामर्श तथा ठेक्का | पर्यटन सेवा | संचार सेवा बीमा आदि | वेदर्तावाल | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २०६१/६२ | ३७.१३ | १७.५४ | १४.४२ | ५.३२ | २५.५९ | - | १००.०० |
| २०६२/६३ | ३५.५८ | १६.६५ | १४.३३ | ५.५३ | २७.९१ | - | १००.०० |
| २०६३/६४ | ३३.९२ | १७.०९ | १२.९१ | ६.२७ | २९.८१ | - | १००.०० |
| २०६४/६५ | ३१.९८ | २१.१७ | १२.४९ | ६.४४ | २७.९२ | - | १००.०० |
| २०६५/६६ | २९.१६ | १७.०३ | ११.५२ | ६.०१ | ३६.२८ | - | १००.०० |
| २०६६/६७ | २९.५२ | १६.१९ | १०.७६ | १०.९० | ३२.६३ | - | १००.०० |
| २०६७/६८ | ३०.१४ | १८.९९ | १३.८९ | ५.०४ | ३१.९४ | - | १००.०० |
| २०६८/६९ | ३२.४९ | २१.५३ | १८.६० | ४.०७ | १९.६० | ३.७१ | १००.०० |
| २०६९/७० | ३४.३५ | २२.२३ | १९.४० | ४.२४ | १५.३६ | ४.४२ | १००.०० |
| २०७०/७१ | ३२.९४ | २२.८८ | १७.१४ | ४.२० | १८.१४ | ४.७० | १००.०० |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग ।*

आन्तरिक राजस्वलाई उत्पादन, वस्तु विक्री वितरण, परामर्श तथा ठेक्का, पर्यटन सेवा तथा संचार सेवा र विमा भनेर विभाजन गरिन्छ र सबभन्दा बढी राजस्व उत्पादनबाट र त्यसपछि वस्तुको विक्री वितरणबाट संकलन हुने गर्दछ ।

*तालिका २.१६ :* **मूल्य अभिवृद्धि करको सापेक्षिक महत्व**

| आर्थिक वर्ष | मूल्य अभिवृद्धि कर राजस्व प्रतिशत | | |
|---|---|---|---|
| | कुल कर राजस्वको | कुल राजस्वको | कुल गार्हस्थ उत्पादनको |
| २०६१/६२ | ३४.९० | २६.९३ | ३.२० |
| २०६२/६३ | ३७.६४ | २९.९० | ३.३० |
| २०६३/६४ | ३६.६९ | २९.७५ | ३.५९ |
| २०६४/६५ | ३५.०१ | २७.७० | ३.६६ |
| २०६५/६६ | ३३.९२ | २७.६७ | ४.०२ |
| २०६६/६७ | ३४.३७ | ३०.८६ | ४.६० |
| २०६७/६८ | ३४.७९ | ३१.०८ | ४.५१ |
| २०६८/६९ | ३३.५० | २९.०३ | ४.६४ |
| २०६९/७० | ३२.१८ | २८.१८ | ४.९३ |
| २०७०/७१ | ३२.३६ | २८.३५ | ५.२४ |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग ।*

मूल्य अभिवृद्धि कर नेपालको राजस्वको सबभन्दा ठूलो श्रोत हो । यसबाट कुल कर राजस्वको एक तिहाइ र कुल राजस्वको २८ प्रतिशत भन्दा बढी हिस्सा प्राप्त हुन्छ भने मूल्य अभिवृद्धि कर राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात ५ प्रतिशतभन्दा बढी रहेको छ । यस करलाई आगामी दिनमा पनि राजस्वको मेरुदण्डको रुपमा विकसित गरिनु पर्दछ र यसको योगदान कुल राजस्वमा ३५ प्रतिशत देखि ४० प्रतिशतसम्म र कुल गार्हस्थ उत्पादनसंगको अनुपात ६ प्रतिशतभन्दा बढी पुऱ्याउने लक्ष्य राखिनु पर्दछ ।

**(ख) आय कर**

आय कर संकलनको अबस्था एवं कुल राजस्वमा यसको स्थिति तालिका २.१७, २.१८ र २.१९ मा दर्शाइएको छ ।

*तालिका २.१७ :* **आय कर राजस्वको बनोट** (रु दश लाखमा)

| आर्थिक वर्ष | व्यक्तिगत आय कर | संस्थागत आय कर | अन्य | जम्मा |
|---|---|---|---|---|
| २०६१/६२ | ३,५६२ | ५,४५९ | १,४४५ | १०,४६६ |
| २०६२/६३ | ३,७३० | ५,६१८ | १,५८६ | १०,९३४ |
| २०६३/६४ | ४,३१५ | ९,२९९ | २,११८ | १५,७३२ |
| २०६४/६५ | ४,९०३ | १०,८१७ | ३,३५८ | १९,०७८ |
| २०६५/६६ | ७,६६८ | १५,१५३ | ४,४२६ | २७,२४७ |
| २०६६/६७ | ९,२९१ | २०,२०६ | ४,३२४ | ३३,८२१ |
| २०६७/६८ | १०,९१९ | २३,९३१ | ६,५०० | ४१,३५० |
| २०६८/६९ | १२,२९३ | ३०,४९४ | ८,५१६ | ५१,३०३ |
| २०६९/७० | १५,५४१ | ३७,०६७ | ११,५७९ | ६४,१८७ |
| २०७०/७१ | १९,४३२ | ४५,४२० | १०,७५६ | ७५,६०८ |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग ।*

आय कर राजस्वलाई खासगरी व्यक्तिगत तथा संस्थागत आय करमा विभाजन गरिन्छ । प्राकृतिक व्यक्ति तथा एकलौटी फर्मवाट संकलन भएको राजस्वलाई व्यक्तिगत आय करमा समावेस गरिन्छ भने अन्य क्षेत्रबाट प्राप्त राजस्वलाई संस्थागत आय करमा समावेश गरिन्छ । व्यक्तिगत आय कर भन्दा संस्थागत आय कर राजस्व दोव्वरभन्दा बढी छ ।

*तालिका २.१८ :* **आय कर राजस्वको बनोट** (प्रतिशतमा)

| आ. व. | व्यक्तिगत आय कर | संस्थागत आय कर | अन्य | जम्मा |
|---|---|---|---|---|
| २०६१/६२ | ३४.०३ | ५२.१६ | १३.८१ | १००.०० |
| २०६२/६३ | ३४.११ | ५१.३८ | १४.५१ | १००.०० |
| २०६३/६४ | २७.४३ | ५९.११ | १३.४६ | १००.०० |
| २०६४/६५ | २५.७० | ५६.७० | १७.६० | १००.०० |
| २०६५/६६ | २८.१४ | ५५.६१ | १६.२५ | १००.०० |
| २०६६/६७ | २७.४७ | ५९.७५ | १२.७८ | १००.०० |
| २०६७/६८ | २६.४१ | ५७.८७ | १५.७२ | १००.०० |
| २०६८/६९ | २३.९६ | ५९.४४ | १६.६० | १००.०० |
| २०६९/७० | २४.२१ | ५७.७५ | १८.०४ | १००.०० |
| २०७०/७१ | २५.७० | ६०.०७ | १४.२३ | १००.०० |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग ।*

*तालिका २.१९ :* **आय कर राजस्वको सापेक्षिक महत्व**

| आर्थिक वर्ष | आय कर राजस्व प्रतिशत | | |
|---|---|---|---|
| | कुल कर राजस्वको | कुल राजस्वको | कुल गार्हस्थ उत्पादनको |
| २०६१/६२ | १९.३४ | १४.९३ | १.७८ |
| २०६२/६३ | १९.०४ | १५.१३ | १.६७ |
| २०६३/६४ | २२.१२ | १७.९४ | २.१६ |
| २०६४/६५ | २२.४० | १७.७३ | २.३४ |
| २०६५/६६ | २३.२८ | १८.९९ | २.७६ |
| २०६६/६७ | २१.१७ | १९.०० | २.८४ |
| २०६७/६८ | २३.३३ | २०.८४ | ३.०३ |
| २०६८/६९ | २४.२३ | २०.९९ | ३.३६ |
| २०६९/७० | २४.७६ | २१.६८ | ३.७९ |
| २०७०/७१ | २४.२० | २१.२० | ३.९२ |

*स्रोत: बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग ।*

हालैका वर्षहरूमा आय करबाट कुल कर राजस्वको करीव एक चौथाई र कुल राजस्वको २० प्रतिशतभन्दा बढी हिस्सा प्राप्त हुन्छ भने आय कर कुल गार्हस्थ उत्पादन अनुपात करीव ४ प्रतिशत रहेको छ । यस करलाई दीर्घकालिन हिसावले पनि मूल्य अभिवृद्धि कर पछिको राजस्वको दोस्रो महत्वपूर्ण स्रोतको रुपमा विकसित गरिनु पर्दछ ।

**(ग) भन्सार महसुल**

भन्सार महसुलको संकलनको अवस्था एवं कुल राजस्वमा यसको स्थिति तालिका २.२० र २.२१ मा दर्शाइएको छ ।

*तालिका २.२०* : **भन्सार राजस्वको बनोट**

| आ. व. | भन्सार राजस्व (रु दश लाखमा) | | | | भन्सार राजस्व (प्रतिशतमा ) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पैठारी | निकासी | अन्य | जम्मा | पैठारी | निकासी | अन्य | जम्मा |
| २०६१/६२ | १२,२९९ | ६९७ | २,७०५ | १५,७०१ | ७८.३३ | ४.४४ | १७.२३ | १००.०० |
| २०६२/६३ | ११,७४४ | ६२५ | २,९७५ | १५,३४४ | ७६.५४ | ४.०७ | १९.३९ | १००.०० |
| २०६३/६४ | १३,६२६ | ६९८ | २,३८३ | १६,७०७ | ८१.५६ | ४.१८ | १४.२६ | १००.०० |
| २०६४/६५ | १७,१२८ | ४४५ | ३,४८९ | २१,०६२ | ८१.३२ | २.११ | १६.५७ | १००.०० |
| २०६५/६६ | २२,०५७ | ७९६ | ३,९४० | २६,७९३ | ८२.३२ | २.९७ | १४.७१ | १००.०० |
| २०६६/६७ | ३३,५४४ | ९१५ | ७५९ | ३५,२१८ | ९५.२५ | २.६० | २.१५ | १००.०० |
| २०६७/६८ | ३४,३१४ | ३५८ | १,०४१ | ३५,७१३ | ९६.०९ | १.०० | २.९१ | १००.०० |
| २०६८/६९ | ४०,९०६ | ८६२ | १,६२३ | ४३,३९१ | ९४.२७ | १.९९ | ३.७४ | १००.०० |
| २०६९/७० | ५४,३२८ | ४३९ | २,१६५ | ५६,९३२ | ९५.४३ | ०.७७ | ३.८० | १००.०० |
| २०७०/७१ | ६४,१२२ | १,०७० | २,७८९ | ६७,९८१ | ९४.३२ | १.५८ | ४.१० | १००.०० |

*स्रोत: बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग ।*

भन्सार महसुललाई निकासी तथा पैठारी महसुलमा विभाजन गर्ने गरिएको भएता पनि निकासी महसुलबाट खासै राजस्व प्राप्त हुदैन । पैठारी महसुलबाट प्राप्त हुने राजस्व पनि दीर्घकालिन हिसावले दीगो हुने देखिदैन ।

*तालिका २.२१ :* **भन्सार महसुलको सापेक्षिक महत्व**

| आर्थिक वर्ष | भन्सार महसुलको प्रतिशत | | |
|---|---|---|---|
| | कुल कर राजस्वको | कुल राजस्वको | कुल गार्हस्थ उत्पादनको |
| २०६१/६२ | २९.०२ | २२.३९ | २.६६ |
| २०६२/६३ | २६.७२ | २१.२३ | २.३५ |
| २०६३/६४ | २३.४९ | १९.०५ | २.३० |
| २०६४/६५ | २४.७३ | १९.५७ | २.५८ |
| २०६५/६६ | २२.८९ | १८.६७ | २.७१ |
| २०६६/६७ | २२.०४ | १९.७९ | २.९५ |
| २०६७/६८ | २०.१५ | १८.०० | २.६१ |
| २०६८/६९ | २०.४९ | १७.७६ | २.८४ |
| २०६९/७० | २१.९६ | १९.२३ | ३.३६ |
| २०७०/७१ | २१.७६ | १९.०६ | ३.५३ |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग ।*

परम्परागत रुपमा भन्सार महसुल राजस्वको मूल स्रोतको रुपमा रहेको भएता पनि हालैका वर्षहरूमा यसको सापेक्षिक महत्व कम हुंदै आएको छ । हाल यस करबाट कुल राजस्वको २० प्रतिशत जति हिस्सा प्राप्त हुने गर्दछ भने भन्सार राजस्व तथा कुल गार्हस्थ उत्पादनको अनुपात करीव ३.५ प्रतिशत जति छ ।

**(घ) अन्तःशुल्क**

अन्तःशुल्क संकलनको अवस्था एवं कुल राजस्वमा यसको स्थिति तालिका २.२२, २.२३, र २.२४ मा दर्शाइएको छ ।

*तालिका २.२२ :* **अन्तःशुल्क राजस्वको बनोट** (रु दश लाखमा)

| आ. व. | आन्तरिक उत्पादन | पैठारी | जम्मा |
|---|---|---|---|
| २०६१/६२ | ५,३६२ | १,०८४ | ६,४४६ |
| २०६२/६३ | ५,४१७ | १,०९० | ६,५०७ |
| २०६३/६४ | ७,३७३ | १,९७० | ९,३४३ |
| २०६४/६५ | ८,४१० | २,७८० | ११,१९० |
| २०६५/६६ | ११,०९२ | ५,१२९ | १६,२२१ |
| २०६६/६७ | १३,५९८ | १०,५५० | २४,१४८ |
| २०६७/६८ | १५,७७५ | १०,५६४ | २६,३३९ |
| २०६८/६९ | १९,५१४ | १०,५०२ | ३०,०१६ |
| २०६९/७० | २१,६५३ | १४,५८२ | ३६,२३५ |
| २०७०/७१ | २७,३९८ | १८,०१३ | ४५,४११ |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग ।*

मूल्य अभिवृद्धि कर जस्तै अन्तःशुल्कलाई पैठारी तथा आन्तरिक गरेर दुई भागमा विभाजन गरिन्छ । पैठारी गरिने अन्तःशुल्क लाग्ने वस्तुको पैठारीमा भन्सार कार्यालयले संकलन गर्ने अन्तःशुल्कलाई पैठारी अन्तःशुल्क भनिन्छ भने आन्तरिक उत्पादनमा आन्तरिक राजस्व कार्यालयले उठाउने अन्तःशुल्कलाई आन्तरिक अन्तःशुल्क भन्ने गरिन्छ । पैठारी अन्तःशुल्क भन्दा आन्तरिक अन्तःशुल्कको योगदान बढी छ ।

*तालिका २.२३ :* **आन्तरिक अन्तःशुल्क राजस्वको बनोट** (रु दश लाखमा)

| आ. व. | सूर्तिजन्य पदार्थ | मदिरा | वियर | अन्य औद्योगिक उत्पादन | जम्मा |
|---|---|---|---|---|---|
| २०६१/६२ | २,४७६ | १,३९६ | १,१६५ | ३२५ | ५,३६२ |
| २०६२/६३ | २,४०९ | १,६२७ | १,०५० | ३३१ | ५,४१७ |
| २०६३/६४ | २,८५७ | १,९५६ | १,४७८ | १,०८२ | ७,३७३ |
| २०६४/६५ | ३,११९ | २,१५२ | १,५४० | १,५९९ | ८,४१० |
| २०६५/६६ | ३,७४२ | ३,०६० | २,०६७ | २,२२३ | ११,०९२ |
| २०६६/६७ | ४,५१३ | ३,७४१ | २,८४४ | २,५०० | १३,५९८ |
| २०६७/६८ | ५,१४३ | ५,३११ | ३,१२८ | २,१९३ | १५,७७५ |
| २०६८/६९ | ४,९८० | ८,०१६ | ३,९२७ | २,५९१ | १९,५१४ |
| २०६९/७० | ५,३५८ | ८,३५४ | ४,८६५ | ३,०७६ | २१,६५३ |
| २०७०/७१ | ७,३५७ | ११,०५१ | ५,३१७ | ३,६७३ | २७,३९८ |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग ।*

*तालिका २.२४ :* **आन्तरिक अन्तःशुल्क राजस्वको बनोट** (प्रतिशतमा)

| आ. व. | सूर्तिजन्य पदार्थ | मदिरा | वियर | अन्य औद्योगिक उत्पादन | जम्मा |
|---|---|---|---|---|---|
| २०६१/६२ | ४६.१८ | २६.०३ | २१.७३ | ६.०६ | १००.०० |
| २०६२/६३ | ४४.४७ | ३०.०४ | १९.३८ | ६.११ | १००.०० |
| २०६३/६४ | ३८.७५ | २६.५३ | २०.०५ | १४.६७ | १००.०० |
| २०६४/६५ | ३७.०९ | २५.५९ | १८.३१ | १९.०१ | १००.०० |
| २०६५/६६ | ३३.७४ | २७.५९ | १८.६३ | २०.०४ | १००.०० |
| २०६६/६७ | ३३.१९ | २७.५१ | २०.९१ | १८.३९ | १००.०० |
| २०६७/६८ | ३२.६० | ३३.६७ | १९.८३ | १३.९० | १००.०० |
| २०६८/६९ | २५.५२ | ४१.०८ | २०.१२ | १३.२८ | १००.०० |
| २०६९/७० | २४.७४ | ३८.५८ | २२.४७ | १४.२१ | १००.०० |
| २०७०/७१ | २६.८५ | ४०.३३ | १९.४१ | १३.४१ | १००.०० |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग।*

आन्तरिक अन्तःशुल्कलाई सूर्तिजन्य पदार्थ, मदिरा, वियर र अन्य औद्योगिक उत्पादन गरेर चार वर्गमा विभाजन गर्ने प्रचलन छ। विगतमा सबभन्दा बढी अन्तःशुल्क सूर्तिजन्य पदार्थबाट प्राप्त हुन्थ्यो भने हाल मदिरा अन्तःशुल्क राजस्वको सबभन्दा ठूलो स्रोत भएको छ। राजस्वको हिसावले मदिरा पछि सूर्तिजन्य पदार्थको स्थान छ।

*तालिका २.२५ :* **अन्तःशुल्कको सापेक्षिक महत्व**

| आर्थिक वर्ष | अन्तःशुल्क राजस्व प्रतिशत | | |
|---|---|---|---|
| | कुल कर राजस्वको | कुल राजस्वको | कुल गार्हस्थ उत्पादनको |
| २०६१/६२ | ११.९१ | ९.१९ | १.०९ |
| २०६२/६३ | ११.३३ | ९.०० | ०.९९ |
| २०६३/६४ | १३.१४ | १०.६५ | १.२८ |
| २०६४/६५ | १३.१४ | १०.४० | १.३७ |
| २०६५/६६ | १३.८६ | ११.३१ | १.६४ |
| २०६६/६७ | १५.११ | १३.५७ | २.०२ |
| २०६७/६८ | १४.८६ | १३.२८ | १.९३ |
| २०६८/६९ | १४.१८ | १२.२८ | १.९७ |
| २०६९/७० | १३.९८ | १२.२४ | २.१४ |
| २०७०/७१ | १४.५३ | १२.७३ | २.३५ |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग।*

अन्तःशुल्क राजस्व कुल कर राजस्वको करीव १५ प्रतिशत छ भने कुल राजस्वको करीव १३ प्रतिशत छ । हालैका वर्षहरूमा अन्तःशुल्क राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात २ प्रतिशतभन्दा बढी रहेको छ ।

### (ङ) सामाजिक सुरक्षा कर

सामाजिक सुरक्षा करबाट हालसम्म संकलन भएको राजस्वको स्थिति तालिका २.२६ मा दिइएको छ ।

*तालिका २.२६ :* **सामाजिक सुरक्षा करको सापेक्षिक महत्व**

| आर्थिक वर्ष | सामाजिक सुरक्षा कर राजस्व (रु. दश लाखमा) | सामाजिक सुरक्षा कर राजस्व प्रतिशत | | | |
|---|---|---|---|---|---|
| | | आय कर राजस्वको | कुल कर राजस्वको | कुल राजस्वको | कुल गार्हस्थ उत्पादनको |
| २०६७/६८ | ७१० | १.७२ | ०.४० | ०.३६ | ०.०५ |
| २०६८/६९ | १,५५५ | ३.०३ | ०.७३ | ०.६४ | ०.१० |
| २०६९/७० | १,८८१ | २.९३ | ०.७३ | ०.६४ | ०.११ |
| २०७०/७१ | २,४४९ | ३.२४ | ०.७८ | ०.६९ | ०.१३ |

*स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय, वार्षिक प्रतिवेदन–आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग ।*

सामाजिक सुरक्षा करको अवधारणा नेपालमा नयां हो । यो कर पारिश्रमिक आयको १ प्रतिशतका दरले संकलन गरिन्छ र सामाजिक सरुक्षाको अवधारणा अझै लागु गरिएको छैन । आगामी दिनमा सामाजिक सुरक्षा व्यवस्थाको अवधारणा लागु गरिनु पर्ने सन्दर्भमा यो कर राजस्वको दृष्टिकोणले महत्वपूर्ण हुदै जानेछ ।

### (च) अन्य करहरू

माथि उल्लेखित प्रमुख करहरूका साथै अन्य सानामसिना करहरूबाट पनि सीमित मात्रामा राजस्व परिचालन हुने गरेको छ । यस्ता करहरूमा रजिष्ट्रेशन दस्तुर, शिक्षा सेवा शुल्क, स्वास्थ्य कर, वन पैदावार शुल्क आदि पर्दछन् । तिनीहरूबाट खासै राजस्व संकलन हुदैन ।

## २.५.२ गैर कर राजस्व

नेपाल सरकारले गैर करको माध्यमबाट पनि राजस्व परिचालन गर्दछ । गैर करका स्रोतहरूमा सरकारी सम्पत्तिबाट प्राप्त आय, वस्तु तथा सेवाको विक्री, विभिन्न प्रकारका दस्तुरहरू र दण्ड जरिवाना तथा जफत आदि पर्दछन् ।

*तालिका २.२७ :* **गैर कर राजस्वको बनोट** (रु दश लाखमा)

| राजस्व शीर्षक | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
|---|---|---|---|---|---|
| सम्पत्तिबाट प्राप्त आय | ११,५९५ | १२,९६४ | १७,६५२ | १७,६०८ | २०,६७५ |
| वस्तु तथा सेवाको विक्री | २,२३१ | २,४४८ | ६,९१३ | ११,२४७ | ११,६४६ |
| दण्ड, जरिवाना र जफत | ९६ | १३४ | ३१६ | ३३८ | ४५३ |
| अनुदान वाहेक स्वेच्छिक हस्तान्तरण | ० | २ | १ | ५ | २ |
| विविध आय | ४,२८४ | ५,६०१ | ७,७६९ | ७६०८ | ११,४०४ |
| जम्मा | १८,२०६ | २१,१४९ | ३२,६५१ | ३६,८०६ | ४४,१८० |

*श्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय ।*

उक्त तालिकामा उल्लेख गरिए अनुसार गैर कर राजस्वहरूमा सरकारी सम्पत्तिबाट प्राप्त आय सबैभन्दा ठूलो स्रोतको रुपमा रहेको छ भने त्यसपछिको अर्को महत्वपूर्ण स्रोत वस्तु तथा सेवाको विक्रीबाट प्राप्त आय रहेको छ । गैर करका विभिन्न स्रोतको सापेक्षिक महत्व निम्न प्रकार छ :

*तालिका २.२८ :* **गैर कर राजस्वका स्रोतहरूको सापेक्षिक महत्व** (प्रतिशतमा)

| राजस्व शीर्षक | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
|---|---|---|---|---|---|
| सम्पत्तिबाट प्राप्त आय | ६३.६९ | ६१.३० | ५४.०६ | ४७.८४ | ४६.८० |
| वस्तु तथा सेवाको विक्री | १२.२५ | ११.५८ | २१.१७ | ३०.५६ | २६.३६ |
| दण्ड, जरिवाना र जफत | ०.५३ | ०.६३ | ०.९७ | ०.९२ | १.०३ |
| अनुदान वाहेक स्वेच्छिक हस्तान्तरण | - | ०.०१ | - | ०.०१ | - |
| विविध आय | २३.५३ | २६.४८ | २३.८० | २०.६७ | २५.८१ |
| जम्मा | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

*श्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय ।*

नेपालको कुल राजस्वमा गैर कर राजस्वको योगदान हाल करीव १२ प्रतिशत मात्र भएपनि विगतमा यो २० प्रतिशतको हाराहारीमा थियो । गैर करको उद्देश्य राजस्व संकलन भन्दा पनि कानूनको पालना गराउने, सरकारी सेवा प्रवाह गर्दा लाग्ने प्रशासनिक खर्च असुल गर्ने तथा सरकारी सम्पत्तिको उपयोग गरेवापत केही रकम लिने आदि भएता पनि राजस्वको दृष्टिकोणले गैर करलाई कम महत्वको छ भन्न मिल्दैन । खासगरी वि. सं. २०७२ साल वैशाख महिनामा आएको विनासकारी भूकम्पबाट क्षतिग्रस्त अर्थतन्त्रलाई पुनर्निर्माण गर्नका लागि अतिरिक्त साधन परिचालन गर्ने सन्दर्भमा मुलुकमा दीर्घकालीन रुपले स्थापना गर्नु पर्ने स्वस्थ कर प्रणालीलाई करका मूल मान्यता विपरित भूकम्पलाई मध्येनजर राखेर कर प्रणालीमा परिवर्तन गर्नुभन्दा पनि गैर करबाट पनि थप राजस्व परिचालन गर्ने प्रयास गरिनु पर्दछ ।

गैर करको मूल उद्देश्य राजस्व संकलन नभएपनि यस सम्बन्धी उपयुक्त नीति, समन्वय, पारदर्शी अभिलेख तथा रिपोर्टिंग प्रणालीको विकास गरेर तथा गैर करका दरहरूलाई समसामयिक बनाएर यसबाट कुल राजस्वको २०% हिस्सा संकलन गर्ने नीति लिइनु पर्छ । यसैगरी, पुनर्निर्माण कार्यको लागि हाल बन्द भैरहेका विरगन्ज चिनी कारखाना, कृषि औजार कारखाना, हिमाल सिमेन्ट कम्पनी, जनकपुर चुरोट कारखाना जस्ता सार्वजनिक संस्थाको नाममा रहेका तर कुनै किसिमले पनि प्रयोग नभएका नेपाल सरकारको सम्पत्तिको विक्रीबाट एक पटक ठूलो मात्रामा थप राजस्व परिचालन गर्न सकिन्छ । साथै, राष्ट्रिय स्तरको कल्याणकारी कोष, वैदेशिक रोजगार प्रवर्द्धन कोष, ग्रामीण दूर संचार कोष जस्ता कोषहरूमा अनुत्पादक रुपमा रहेको रकम अर्थतन्त्रको पुनर्निर्माण कार्यमा लगाइनु पर्दछ ।

## २.६ अनुदान

नेपाल सरकारले वैदेशिक सहयोगको माध्यमले पनि स्रोत साधन प्राप्त गर्दछ । यस्तो साधन मित्र राष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट प्राप्त हुन्छ । मित्रराष्ट्रहरूबाट प्राप्त अनुदानलाई दुई पक्षीय सहयोग र अन्तर्राष्ट्रिय संघ संसाथहरूबाट प्राप्त अनुदानलाई बहुपक्षीय अनुदान भन्ने गरिन्छ । यस किसिमको अनुदान आर्थिक तथा प्राविधिक सहयोगको रुपमा प्राप्त हुन्छ । आर्थिक वर्ष २०६६।६७ देखि पांच वर्षको अनुदानको विवरण तालिका २.२९ मा दिइएको छ ।

*तालिका २.२९ :* **अनुदानको स्थिति**

| आर्थिक वर्ष | अनुदानको मात्रा (रु दश लाखमा) | अनुदान कुल गार्हस्थ उत्पादनको प्रतिशत |
|---|---|---|
| २०६६/६७ | ३८,५४६ | ३.२३ |
| २०६७/६८ | ४५,९२२ | ३.३६ |
| २०६८/६९ | ४०,८१० | २.६७ |
| २०६९/७० | ३५,२३० | २.०८ |
| २०७०/७१ | ३३,९६० | १.७६ |

*स्रोत: आर्थिक सर्भेक्षण २०७०/७१*

हाल नेपाल सरकारको कुल आम्दानीको करीव १६ प्रतिशत हिस्सा अनुदान स्वरुप प्राप्त हुन्छ। यस्तो अनुदान सालाखाला कुल गार्हस्थ उत्पादनको ३ प्रतिशत जति छ। मुलुकको आर्थिक तथा सामाजिक विकासको लागि यस किसिमको सहयोग आवश्यक पर्ने हुदा कुशल कुटनीतिक प्रयासद्वारा यस किसिमको सहयोग जुटाउदै जानु पर्दछ।

विदेशी अनुदान लागतविहिन भने हुदैन। हैटीमा भूकम्प पश्चात् प्राप्त झण्डै ८ अरव अमेरिकी डलरबाट भूकम्पपीडितको स्थिति खासै नसुध्रिएको अनुभव छ। अफ्रिकामा ठूलो मात्रामा गएको वैदेशिक अनुदानबाट त्यहाको विकास हुनुभन्दा पनि त्यसले भ्रष्टाचार मौलाएको, सरकारले जनकल्याण कार्य गरी जनताको मन जित्नु भन्दा दातालाई रिझाए पुग्ने स्थिति देखा परेको र त्यस्तो स्थितिमा जनताहरू सरकारी कार्यप्रति चासो राख्नु भन्दा पनि उदासिन हुन थालेको स्थिति देखा परेको छ। ठूलो मात्रामा विदेशी अनुदान ओहिरिएमा त्यसले ज्याला बढाउने, मुद्राको पुनर्मूल्यन हुने र त्यसले नेपाली उत्पादनको प्रतिस्पर्धात्मक क्षमता क्षीण हुन सक्ने संभावना पनि छ।

## २.७ सार्वजनिक ऋण

सार्वजनिक खर्च भन्दा सार्वजनिक आय कम भएपछि बजेट घाटा हुन्छ। यस्तो घाटा ऋणबाट व्यहोरिन्छ। यस किसिमको ऋण आन्तरिक तथा वाह्य दुवै स्रोतबाट परिचालन गर्न सकिन्छ। आन्तरिक ऋण विकास ऋणपत्र, राष्ट्रिय वचतपत्र, नागरिक वचतपत्र, ट्रेजरी विल्स, विशेष ऋणपत्र तथा वैदेशिक रोजगारपत्र जारी गरेर पचािलन गरिन्छ भने वाह्य ऋण मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुन्छ। नेपालको अहिलेसम्मको आन्तरिक ऋण, वाह्य ऋण, तथा कुल ऋणको स्थिति तालिका २.३० मा दिइएको छ।

*तालिका २.३०* : **सार्वजनिक ऋणको स्थिति**

| विवरण | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ |
|---|---|---|---|---|---|
| **सार्वजनिक ऋण रकम (रू. करोडमा)** | | | | | |
| स्वदेशी ऋण | १८४२० | २१३९९ | २२०३५ | २०६६९ | २३८६४ |
| विदेशी ऋण | २५९५० | ३०९२९ | ३३३४४ | ३४६८२ | ३२६०३ |
| जम्मा ऋण | ४४३७० | ५२३२८ | ५५३७९ | ५५३५० | ५६४६७ |
| **सार्वजनिक ऋण कूल गार्हस्थ उत्पादनको प्रतिशत** | | | | | |
| स्वदेशी ऋण | १३.५० | १४.०० | १३.०० | १०.७० | ११.९० |
| विदेशी ऋण | १९.६०० | २०.२० | १९.७० | १८.०० | १६.३० |
| जम्मा ऋण | ३२.५० | ३४.३० | ३२.७० | २८.७० | २८.२० |

*श्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय ।*

नेपाल जस्तो विकासशिल देशको विकास अभियानमा सहयोग पुऱ्याउनका लागि आन्तरिक तथा वाह्य दुवै ऋण आवश्यक हुन सकछ । ऋण खासगरी पूजीगत खर्च गर्न प्रयोग गरिनु पर्दछ । पूजीगत खर्चबाट भविष्यमा प्रतिफल प्राप्त हुने सम्पत्ति सृजना हुने हुदा त्यस्तो खर्च सार्वजनिक ऋणबाट व्यहोर्न पनि न्यायसंगत हुन्छ । अर्कोतर्फ, सार्वजनिक ऋणलाई चालु खर्चमा लगाएमा र फजुल खर्चमा प्रयोग भएमा त्यसले भविष्यको लागि दायित्व मात्र सृजना गर्ने हुदा सार्वजनिक ऋणबाट चालु खर्च व्यहोर्ने नीति अवलम्वन गरिनु हुदैन ।

वि. सं. २०७२ साल वैशाख महिनामा गएको विनासकारी महाभूकम्पबाट क्षतिग्रस्त अर्थतन्त्रको पुनर्निर्माणको लागि आन्तरिक तथा वाह्वय ऋण लिनुपर्ने हुन सक्छ । यस किसिमको ऋण ठूलो मात्रामा लिएमा त्यसले मुद्रास्फीति सृजना गरेर अर्थतन्त्रमा अस्थिरता निम्त्याउने हुंदा राम्रो वित्तीय व्यवस्थापन गर्ने सन्दर्भमा वार्षिक ऋण कुल गार्हस्थ उत्पादनको तोकिएको प्रतिशत जस्तै ३% भन्दा बढी हुन नहुने वा हालसम्मको कुल ऋण गार्हस्थ उत्पादनको ५०% भन्दा बढी हुन नहुने जस्ता सीमा निर्धारण गरिएका हुन्छन् । पुनर्निर्माण कार्यको लागि साधनको जोहो गर्न केही उदार हुनुपर्ने आवश्यकता भएता पनि समष्टिगत आर्थिक स्थिरता खलवलिने हिसावले ऋण लिन नहुनेतर्फ सजग हुन भने जरुरी छ ।

## २.८ दक्षिण एशियाली वित्त व्यवस्थामा नेपालको स्थान

दक्षिण एशीयाली मुलकहरूको केन्द्रीय सरकारको बजेट तथा केही कर सूचकहरू तालिका २.३१ मा दिइएका छन् । पाकिस्तान तथा भारतको तथ्यांकमा राज्य सरकारसम्वन्धी तथ्यांकहरू समावेश नभएका र विभिन्न वर्षका भएकाले तिनीहरू सजिलै तुलना गर्न सकिने स्थिति भने छैन ।

*तालिका २.३१ :* **केन्द्रीय सरकारको बजेट र केही कर सूचकहरू**

| **शिर्षक** | **कूल गार्हस्थ उत्पादनको % को आधारमा केन्द्रीय सरकारको बजेट** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **अफगानिस्तान २०१२** | **बंगलादेश २०१२** | **भूटान २००८-०९** | **भारत २०११-१२** | **माल्दिभ्स २००८** | **नेपाल २०१०-११** | **पाकिस्तान २०१२-१३** | **श्रीलंका २०११** |
| कर | ८.० | १०.४ | ९.९ | ७.५ | २०.९ | १२.६ | ९.१ | १२.४ |
| गैर कर | २.२ | २.० | १४.४ | १.३ | २१.९ | १.८ | ३.३ | १.९ |
| कूल राजस्व | १०.१ | १२.४ | २४.३ | ८.८ | ४२.८ | १४.४ | १३.० | १४.३ |
| अनुदान | १५.१ | ०.५ | ११.३ | ०.१ | ३.२ | ३.३ | ०.२ | ०.२ |
| राजस्व तथा अनुदान | २५.२ | १२.९ | ३५.६ | ८.९ | ४६.० | १७.७ | १३.२ | १४.५ |
| चालु खर्च | १८.२ | ९.६ | १९.१ | ६.५ | ४६.३ | १५.२ | १६.३ | १५.४ |
| पुंजीगत खर्च | ६.८ | ६.७ | १६.९ | ५.९ | १७.८ | ३.४ | ४.६ | ६.० |
| कूल खर्च | २५.० | १६.३ | ३३.३ | १३.० | ६३.१ | १८.६ | २१.० | २१.४ |
| बचत वा घाटा | ०.२ | (४.०) | २.३ | (४.४) | (१७.१) | (९.६) | (७.८) | (६.९) |
| **करका केही सूचकहरू** | | | | | | | | |
| कर भुक्तानीको संख्या | २० | २० | १९ | ३३ | १७ | ३४ | ४७ | ६१ |
| कर विवरण तयार गर्न तथा तिर्न लाग्ने समय (घण्टामा) | २७५ | ३०२ | २७४ | २४३ | २५२ | ३२६ | ५६० | २५४ |
| जम्मा करको दर (व्यापारिक नाफाको % मा) | ३६.३ | ३५.० | ४०.८ | ६२.८ | २६.८ | ३१.५ | ३४.६ | ३५.३ |

*श्रोत : Rup Khadka, The SAARC Tax System, Pairabi Prakashan, 2015, p. 5.*

दक्षिण एशीयाली देशहरूको राष्ट्रिय कर संरचनामा विभिन्न करको सापेक्षित महत्व तालिका २.३२ मा दिइएको छ । यस क्षेत्रमा भारत र पाकिस्तानको तथ्यांकमा राज्य सरकारको करको अंक समावेश नभएकोले र विभिन्न देशका तथ्यांकहरू विभिन्न वर्षको भएकाले सहज रुपमा तुलना गर्न सक्ने स्थिाति छैन ।

*तालिका २.३२ :* **राष्ट्रिय कर संरचनामा विभिन्न करहरूको सापेक्षिक महत्व**

| देश | आन्तरिक व्यापारिक करहरू | | | | अन्तर्राष्ट्रिय व्यापारिक करहरू | आय कर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | मूल्य अभिवृद्धि कर | अन्तःशुल्क | अन्य | जम्मा | | | | |
| अफगानिस्तान २०१२ | - | - | २५.० | २५.० | ३६.० | ३५.० | ४.० | १००.० |
| बंगलादेश २०१२ | ४४.२ | - | - | ४४.२ | ११.१ | २४.७ | २०.० | १००.० |
| भुटान* २०११-१२ | १६.३* | १९.४ | - | ३५.७ | ३.० | ६१.३ | - | १००.० |
| भारत २०११-१२ | ९.८ | १५.४ | ०.२ | २५.४ | २३.० | ५१.० | ०.६ | १००.० |
| माल्दिभ्स २००८ | - | - | १६.८ | १६.८ | ७२.७ | – | १०.४ | १००.० |
| नेपाल २०११–१२ | ३३.५ | १४.२ | ४.५ | ५२.२ | २०.५ | २४.२ | ३.१ | १००.० |
| पाकिस्तान २०१२–१३ | ३७.७ | ५.३ | - | ४३.० | १०.८ | ३३.० | १३.२ | १००.० |
| श्रीलंका २०१० | २५.३ | २४.६ | ६.७ | ५६.६ | २३.९ | १९.० | ०.५ | १००.० |

** विक्री कर*

*श्रोत : Rup Khadka, The SAARC Tax System, Pairabi Prakashan, 2015, p. 6.*

दक्षिया एशियाली मुलुकहरूमा कर राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात तालिका २.३३ मा दिइएको छ । यस हिसावले यस क्षेत्रका धेरै देशको तुलनामा नेपालको कर राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात बढी छ ।

*तालिका २.३३ :* **कर राजस्व कूल गार्हस्थ उत्पादनको अनुपात**

| देश | आन्तरिक व्यापारिक करहरू | | | | अन्तर्राष्ट्रिय व्यापारिक करहरू | आय कर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | मूल्य अभिवृद्धि कर | अन्तःशुल्क | अन्य | जम्मा | | | | |
| अफगानिस्तान २०१२ | - | - | २.० | २.० | २.८ | २.८ | ०.३ | ८.० |
| बंगलादेश २०१२ | ५.५ | - | - | ५.५ | १.४ | ३.१ | ०.४ | १०.४ |
| भुटान* २०११-१२ | २.७* | ३.२ | - | ५.९ | ०.५ | १०.२ | - | १६.६ |
| भारत २०११-१२ | ०.७ | १.२ | ०.१ | १.९ | १.७ | ३.८ | ०.० | ७.५ |
| माल्दिभ्स २००८ | - | - | ३.५ | ३.५ | १५.२ | – | २.२ | २०.९ |
| नेपाल २०११-१२ | ४.६ | १.८ | ०.६ | ७.२ | २.८ | ३.४ | ०.४ | १३.७ |
| पाकिस्तान २०१२-१३ | ३.७ | ०.५ | - | ४.२ | १.० | ३.२ | ०.७ | ९.१ |
| श्रीलंका २०११ | ३.३ | २.८ | - | ६.१ | १.३ | २.४ | २.५ | १२.४ |

** बिक्री कर*

*श्रोत : Rup Khadka, The SAARC Tax System, Pairabi Prakashan, 2015, p. 7.*

## २.९ राजस्व लचकता तथा प्रक्षेपण

आयोगले आर्थिक वर्ष २०५५/५६ देखि आर्थिक वर्ष २०७०/७१ सम्मको अवधिमा प्रमुख करहरूको उत्प्लावकता (Buoyancy) र लचकता (Elasticity) को गणना गरेको थियो । तालीका २.३४ मा उल्लेख गरिए अनुसार यस अवधिमा उत्प्लावकताको हिसावले सबभन्दा बढी उत्प्लाव (Buoyant) अन्तःशुल्क (१.५२) पाइएको थियो भने सबभन्दा

कम भन्सार महसुल (०.९९) थियो । मूल्य अभिवृद्धि कर र आय करको उत्प्लावकता क्रमशः १.३५ र १.४२ पाइएको थियो भने सिंगो कर प्रणालीको उत्प्लावकता १.२७ थियो । यसको अर्थ अध्ययन अवधिमा कुल गार्हस्थ उत्पादनको वृद्धिदर भन्दा राजस्व संकलनको वृद्धि दर बढी भएकोले नेपालको कर प्रणाली उत्प्लाव थियो भन्न सकिन्छ । तर लचकताको हिसावले भने अध्ययन अवधिमा नेपालको कर प्रणाली त्यति लचक भएको पाइएन । यस अवधिमा कुल कर प्रणालीको लचकता ०.६५ थियो भने आय कर सबभन्दा बढी लचक (०.७२) र अन्तःशुल्क सबभन्दा कम लचक (०.५३) पाइएको थियो । अर्कोतर्फ भन्सार महसुलको लचकता ०.६६ थियो भने मूल्य अभिवृद्धि करको लचकता ०.५६ थियो ।

*तालिका २.३४:* **मुख्य करको उत्प्लावकता (Buoyancy)/लचकता (Elasticity)**

| विवरण | आ. व. २०५५/५६ देखि आ. व. २०७०/७१सम्म | |
|---|---|---|
| | उत्प्लावकता (Buoyancy) | लचकता (Elasticity) |
| मूल्य अभिवृद्धि कर | १.३५४ | ०.५६१ |
| आय कर | १.४२० | ०.७१६ |
| भन्सार महसुल | ०.९९३ | ०.६३३ |
| अन्तःशुल्क | १.५२२ | ०.५२६ |
| जम्मा कर | १.२६७ | ०.६३५ |

*स्रोतः आयोगको गणना ।*

यसरी उत्प्लावकता र लचकतामा रहेको भिन्नताले नेपालको कर प्रणाली अध्ययन अवधिमा त्यति लचक थिएन भन्ने संकेत गर्दछ। अर्थात कुल गार्हस्थ उत्पादनमा भएको वृद्धिको अनुपातमा राजस्वको वृद्धिदर कम रह्यो । यसले मुलुकको आर्थिक गतिविधिमा भएको वृद्धि स्वतः राजस्वमा प्रतिविम्वित हुने स्थिति नरहेको कुरा इंगित गर्दछ। अर्कोतर्फ नेपालमा लागु भएका सबै प्रमुख करहरूको उत्प्लाव एक वा एकभन्दा बढी भएकोले सर्वांगीण रुपमा कुल गार्हस्थ उत्पादनको वृद्धिको तुलनामा कर राजस्वको वृद्धि दर बढी रहेको थियो । यसले अध्ययन अवधिमा विभिन्न प्रशासनिक प्रस्तावहरूबाट राजस्व संकलन वृद्धि भएको कुरा देखाउंछ। यसरी प्रशासनिक प्रस्तावहरूबाट राजस्व बढाउन संधै सहज नहुने हुंदा कर प्रणालीको संरचनामा सुधार गरेर कुल गार्हस्थ उत्पादनमा वृद्धि हुंदा कर राजस्व पनि स्वतः बढ्ने स्थिति सृजना गरिनु पर्दछ ।

आयोगले आर्थिक वर्ष २०६१/६२ देखि आर्थिक वर्ष २०७१/७२ को अवधिमा कुल कर राजस्व, गैर कर राजस्व तथा कुल राजस्वको प्रवृत्तिको आधारमा आगामी पांच वर्षसम्म संकलन हुन सक्ने राजस्वको प्रक्षेपण पनि गरेको थियो । त्यसको नतिजा तालिका २.३५ मा दिइएको छ ।

*तालिका २.३५ :* **कर राजस्वको प्रक्षेपण** (रु. दश लाखमा)

| **विवरण** | **२०७२/७३** | **२०७३/७४** | **२०७४/७५** | **२०७५/७६** | **२०७६/७७** |
|---|---|---|---|---|---|
| मूल्य अभिवृद्धि कर | १३८,०२५ | १५८,२५४ | १८०,०४५ | २०३,३९८ | २२८,३१३ |
| आय कर | १०६,०४९ | १२२,९४२ | १४१,१९६ | १६०,८११ | १८१,७८६ |
| भंसार | ११०,५५८ | १२७,१७८ | १४५,१२८ | १६४,४०७ | १८५,०१६ |
| अन्तःशुल्क | ६२,८३८ | ७२,५०४ | ८२,९१७ | ९४,०७८ | १०५,९८७ |
| अन्य | ३०,६६३ | ३५,३५२ | ४०,३८७ | ४५,७६८ | ५१,४९४ |
| जम्मा कर | ४३१,३४२ | ४९७,९१३ | ५६९,८३० | ६४७,०९२ | ७२९,७०१ |
| गैर कर | ७१,३१३ | ८४,४८२ | ९९,०५४ | ११५,०२५ | १३२,३९८ |
| कुल राजस्व | ५०२,६५५ | ५८२,३९५ | ६६८,८८३ | ७६२,११७ | ८६२,०९९ |

*स्रोतः आयोगको गणना ।*

विगतको राजस्व संकलनको प्रवृत्तिको आाधारमा तालिका २.३५ मा उल्लेख गरिए अनुसार आगामी आर्थिक वर्ष २०७२/७३ मा जम्मा कर राजस्व ४ खर्व ३१ करोड र गैर कर राजस्व रु. ७१ खर्व गरी जम्मा राजस्व रु. ५ खर्व ३ अर्व संकलन हुन सक्ने अनुमान छ । यसैगरी २०७६/७७ मा कुल कर राजस्व रु. ७ खर्व ३० करोड, र गैर कर राजस्व रु.१ खर्व ३२ अरव गरि जम्मा राजस्व रु. ८ खर्व ६२ अर्व उठ्न सक्ने अनुमान छ ।

## २.१० निष्कर्ष

मुलुकको सर्वाङ्गीण विकासमा वित्त व्यवस्थाको ठूलो भूमिका रहन्छ । आर्थिक स्थायित्व कायम गर्न, आर्थिक विकास गर्न र सामाजिक न्याय कायम गर्न वित्त नीति प्रयोग गरिन्छ । वित्त नीतिले सार्वजनिक आय, व्यय, तथा घाटा सम्बन्धी नीति समेट्दछ । यी

नीति स्वस्थ भएमा र तिनीहरूलाई सही तथा प्रभावकारी किसिमले कार्यान्वयन गरिएमा त्यसले मुलुकको आर्थिक तथा सामाजिक विकास गर्न ठूलो टेवा पुऱ्याउंछ । अर्कोतर्फ, सार्वजनिक खर्चको सही किसिमले व्यवस्थापन गर्न सकिएन, राजस्व नीतिलाई सही किसिमले संचालन गर्न सकिएन र घाटा वित्त व्यवस्थालाई नियन्त्रण गर्न सकिएन भने त्यसले अर्थतन्त्रमा अस्थिरता सृजना गर्ने र विकासको वाधक हुने स्थिति आउंछ । यसैले मुलुकको दीगो विकासको लागि स्वस्थ वित्त नीतिको तर्जुमा र त्यसको सही कार्यान्वयन प्राथमिक आवश्यकता हो ।

अध्याय

३

# कर प्रणालीको स्वरूप

## ३.१ परिचय

नेपाल एकात्मक शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रूपान्तरित हुँदैछ । वर्तमान संरचनामा सरकारका केन्द्रीय र स्थानीय सरकार गरी दुई तह छन् भने संघीय व्यवस्थामा सरकारका केन्द्रीय, प्रादेशिक र स्थानीय समेत तीन तह हुनेछन् । आसन्न संघीय व्यवस्थामा सबै तहका सरकारलाई राजस्व उठाउने र खर्च गर्ने अधिकार रहनेछ ।

सार्वजनिक वित्तको शास्त्रीय सिद्धान्तअनुसार सार्वजनिक क्षेत्रका तीन प्रमुख आर्थिक कार्य समष्टिगत आर्थिक स्थिरता, आय वितरण र स्रोत विनियोजन हुन् । समष्टिगत आर्थिक स्थिरता देशमा समग्र आर्थिक स्थिरता कायम गर्नुसँग सम्बन्धित छ भने वितरण प्रणालीले समाजमा आय र सम्पत्तिको पुनर्वितरणसँग सरोकार राख्छ । त्यसैगरी, विनियोजन कार्य सरकारद्वारा वस्तु तथा सेवाको वितरणसँग सम्बन्धित छ । वित्तीय संघीयताको परम्परागत सिद्धान्त र अन्तर्राष्ट्रिय अभ्यासका आधारमा हेर्ने हो भने समष्टिगत आर्थिक स्थिरता र आयको पुनर्वितरण कार्य केन्द्रीय सरकारलाई र विनियोजन कार्य मूलतः तल्लो तहका सरकारलाई जिम्मा लगाएको देखिन्छ । यो कुरा नेपालको लागि पनि त्यतिकै सान्दर्भिक छ ।

## ३.२ कर लगाउने अधिकारको विभाजन

केन्द्रीय, प्रादेशिक तथा स्थानीय तहका सरकारलाई आफ्ना कार्य गर्न राजस्वका विभिन्न स्रोत प्रदान गरिनुपर्छ । आर्थिक स्रोतबिना कुनै पनि सरकार चल्न सक्दैन ।

सरकारी राजस्वको प्रमुख स्रोत कर भएकाले कुन तहमा कुन कर उठाउनु उपयुक्त हुन्छ भनेर पहिचान गरिनुपर्छ । यस सन्दर्भमा कुन कर कुन तहको सरकारका प्रमुख उत्तरदायित्वसँग मेल खान्छ भनेर पनि ध्यान दिइनुपर्छ । उदाहरणका लागि, समष्टिगत आर्थिक स्थिरता र वितरण कार्य आधारभूत रूपमा केन्द्रीय सरकारको कार्य भएकाले समष्टिगत आर्थिक स्थिरीकरण र आय पुनर्वितरणलाई उल्लेख्य प्रभाव पार्न सक्ने कर लगाउने जिम्मेवारी केन्द्रीय सरकारलाई दिइनुपर्छ । वास्तवमा विभिन्न तहका सरकारले लगाउन पाउने कर र तिनीहरूले गर्नुपर्ने कार्यको निर्धारण सँगसँगै गरिएमा राजस्वका स्रोत तथा खर्च सम्बन्धी आवश्यकताबीच राम्रो तादात्म्य कायम गर्न सकिन्छ ।

त्यसैगरी, विभिन्न प्रादेशिक/स्थानीय सरकारका क्षेत्राधिकारहरू बीच रहेका असमान करका आधारमाथि लगाइने कर पनि राष्ट्रिय स्तरमै लगाइनुपर्छ । किनभने, यदि ती करहरू प्रादेशिक/स्थानीय स्तरमा लागू गरिएमा तिनले विभिन्न प्रादेशिक/स्थानीय सरकारबीच वित्तीय असन्तुलन वृद्धि गर्दछन् । यसैगरी चलायमान आधार भएका करहरू पनि केन्द्रीय कर प्रणाली अन्तर्गत रहनु राम्रो हुन्छ । यदि यस्ता करलाई विभिन्न प्रादेशिक/स्थानीय तहमा फरक-फरक दरमा लगाउने हो भने आर्थिक गतिविधि उच्च कर क्षेत्रबाट न्यून कर क्षेत्रतिर मोडिन सक्छ । पूंजी, श्रम, आय वा अन्य आर्थिक क्रियाकलापमा प्रादेशिक वा स्थानीय सरकारलाई कर लगाउने अधिकार दिइएमा तिनीहरू आफ्नो क्षेत्रमा आर्थिक क्रियाकलाप आकर्षित गर्न करका दर घटाउन सक्दछन् । प्रादेशिक तथा स्थानीय सरकारहरू आफ्नो क्षेत्रमा साधन आकर्षित गर्न अस्वस्थ कर प्रतिस्पर्धामा संलग्न हुने कुरा अन्तर्राष्ट्रिय अनुभवले पनि देखाइसकेको छ । छिमेकीलाई भिखारी बनाऊ भन्नेखालको गतिविधिले अन्ततोगत्वा आफैंलाई असफल बनाउँछ । कारण, यदि एक प्रदेशले कर घटायो र अन्यले घटाएन भने विभिन्न आर्थिक क्रियाकलाप आर्थिक चुस्तता (Economic Efficiency) का कारणले नभई करको कारणले करको दर बढी भएका क्षेत्रबाट करको दर कम भएका क्षेत्रतर्फ प्रवाहित हुन सक्छ जसले आर्थिक अक्षमता निम्त्याउँछ । यसैले यस्ता करहरू प्रादेशिक वा स्थानीय तहमा लगाउँदा तिनको लागत बढ्न जान्छ । अर्कोतर्फ, एक प्रदेशले करको दर घटाएमा अन्य प्रदेशले पनि अनुकरण गर्दै जान्छन् र क्रमशः सबै प्रदेशमा यस्तो स्थिति सृजना भई सबैले अनावश्यक रुपमा राजस्व गुमाउन सक्छन् । त्यसबाट अन्ततोगत्वा सबै प्रदेशले राजस्व गुमाउनुपर्ने हुन्छ । यसैगरी प्रशासन गर्न कठिन र सजिलै छल्न सकिने करहरू पनि केन्द्रीय स्तरमै लगाइनुपर्दछ ।

अर्कोतर्फ, भौगोलिक हिसाबले न्यून गतिशील आधार भएका कर, चक्रीय रूपले स्थिर कर (Cyclically Stable Taxes) र लाभकर प्रादेशिक तथा स्थानीय सरकार हरूका लागि सुरक्षित गरिनुपर्छ । प्रादेशिक तथा स्थानीय तहमा लगाइने करहरू सम्बन्धित क्षेत्रमा कार्यान्वयन गर्न सहज हुनुपर्ने, सम्बन्धित क्षेत्रका बासिन्दामाथि मात्र लगाइनुपर्ने र त्यस्ता करले प्रादेशिक तथा स्थानीय सरकारबीच समन्वय वा प्रतिस्पर्धाको समस्या सृजना नगर्ने खालको हुनुपर्दछ । कुनै व्यक्ति एकभन्दा बढी तहका सरकारको अधिकारक्षेत्रभित्र रहने र तिनीहरूले केन्द्रीय, प्रादेशिक तथा स्थानीय सरकारबाट सेवा पाउने हुँदा वित्तीय समानताको सिद्धान्ट (Principle of Fiscal Equivalence) अनुसार तिनीहरूले हरेक तहबाट प्राप्त सुविधाअनुसार हरेक तहका सरकारलाई कर तिर्नु स्वभाविक हुन्छ ।

साधारणतः अधिकांश विस्तृत आधार भएका करलाई केन्द्रीय स्तरमा प्रभावकारी रुपले लगाउन सकिन्छ भने धेरैजसो सार्वजनिक क्षेत्रका कार्यहरू प्रादेशिक/स्थानीय तहमा राम्ररी व्यवस्थापन गर्न सकिन्छ । यसले ऊर्ध्वगामी असन्तुलन (Vertical Inequity) सृजना गर्दछ । त्यसैगरी, विभिन्न प्रादेशिक/स्थानीय तहबीच स्रोतको उपलब्धता, राजस्व परिचालन गर्ने प्रशासनिक क्षमता, खर्चको आवश्यकता, सेवा शुल्क आदिमा हुने ठूला विषमताले प्रादेशिक/स्थानीय सरकारबीचमा समश्रेणीगत असन्तुलन (Horizontal Inequity) कायम गर्दछ । यो वित्तीय असन्तुलनलाई अनुदान र सहभाजित करको माध्यमले प्रादेशिक/स्थानीय सरकारलाई राजस्व उपलब्ध गराएर कम गरिन्छ । सहभाजित कर सामान्यतया केन्द्रीय सरकारले संकलन गर्दछ र त्यसबाट संकलित राजस्व, केन्द्रीय र प्रादेशिक सरकारबीच विभाजन गरिन्छ । प्रादेशिक सरकारको हिस्सा प्रादेशिक सरकारबीच विभाजन गर्नुपर्ने राजस्वसम्बन्धी कोषमा जम्मा गरिन्छ र त्यसलाई निश्चित सूत्रका आधारमा प्रादेशिक सरकारहरूलाई वितरण तथा विभाजन गरिन्छ । उदाहरणका लागि मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कलाई सहभाजित करको रुपमा प्रयोग गरी संकलित राजस्व केन्द्र तथा प्रदेशबीच विभाजन गरिनुपर्दछ ।

विभिन्न तहमा लगाउन उपयुक्त हुने करसम्बन्धी उक्त सिद्धान्तअनुसार आसन्न संघीय व्यवस्थामा विभिन्न तहका सरकारहरूले लगाउन उपयुक्त हुने कर तालिका ३.१ मा प्रस्तुत गरिएअनुसार हुनुपर्दछ ।

*तालिका ३.१ :* **संघीय व्यवस्था अन्तर्गत विभिन्न तहका सरकारले लगाउन सक्ने कर**

| केन्द्रीय | प्रान्तीय | स्थानीय |
|---|---|---|
| • भन्सार महसुल<br>• मूल्य अभिवृद्धि कर*<br>• अन्तःशुल्क*<br>• संस्थागत आय कर<br>• व्यक्तिगत आय कर<br>• प्राकृतिक स्रोत कर<br>• सामाजिक सुरक्षा कर<br>• वन पैदावर शुल्क<br>• कार्बन कर<br>• सेवा शुल्कहरू | • पूर्वानुमानित कर<br>• टिकट दस्तुर<br>• सडक/सवारी कर<br>• घर-जग्गा रजिस्ट्रेशन दस्तुर<br>• जुवा/चिठ्ठा/क्यासिनोमाथि कर<br>• प्राकृतिक स्रोत कर<br>• शिक्षा सेवा कर<br>• सेवा शुल्कहरू | • घर-जग्गा कर<br>• मालपोत/भूमि कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• प्राकृतिक स्रोत कर<br>• डुङ्गा, केबलकार सञ्चालनमा लाग्ने कर<br>• वयल गाडा, टांगा, र जनावरमाथि कर<br>• पार्किङ शुल्क<br>• सेवा शुल्कहरू |

** सघीय व्यवस्थामा यी करहरूलाई केन्द्र र प्रदेशवीच सहभाजित करको रुपमा लागू गरिनु पर्दछ ।*

## ३.३. कर आधारको बाँडफाँडसम्बन्धी औचित्य

### ३.३.१ भन्सार महसुल

भन्सार महसुल राष्ट्रिय कर हो । यो कर अन्तर्राष्ट्रिय सिमाना वारपार गर्ने वस्तुमा लगाइन्छ । देशबाट बाहिरिने वस्तुमाथि लगाइने करलाई निर्यात कर र देशमा भित्रिने वस्तुमाथि लगाइने करलाई आयात कर भनिन्छ । आयात र निर्यात दुवैथरी करलाई संयुक्त रूपमा भन्सार महसुल भनिन्छ । यसरी राष्ट्रिय सिमाना वारपार गर्ने वस्तुमा लगाइने हुँदा यो केन्द्रीय सरकारको अधिकारक्षेत्रभित्रको विषय हो । विगतमा केही देशमा केन्द्रीय वा प्रादेशिक/स्थानीय तहका सरकारले वस्तुको आन्तरिक ओसारपसारमा पनि 'आन्तरिक महसुल' जस्ता कर लगाउने गरेका थिए । तर, यसले वस्तुको स्वतन्त्र प्रवाहलाई अवरुद्ध गर्ने र आन्तरिक व्यापार तथा वाणिज्यमा समेत बाधा उत्पन्न गर्ने हुँदा आधुनिक समयमा यस्तो प्रचलन छैन ।

केही देशका संविधानले सरकारलाई वस्तुको आन्तरिक आवागमनमा कर लगाउन निषेध गरेको पाइन्छ । उदाहरणका लागि, क्यानडाको संविधान ऐन १८६७ को धारा १२१ ले वस्तुको आन्तरिक परिवहन स्वतन्त्र रुपमा हुन दिने सिद्धान्तलाई स्थापित गरेको छ । यसको अर्थ वस्तुको आन्तरिक ओसारपसारमा भन्सारजस्ता महसुल लगाउने अधिकार कुनै तहको सरकारलाई पनि छैन । अस्ट्रेलियाको संविधानको दफा ९२ ले 'राज्यहरूबीच व्यापार, वाणिज्य र पारस्परिक व्यवहार पूर्णतः स्वतन्त्र हुने छन्' भन्ने व्यवस्था गरेको छ । भारतीय संविधानको धारा ३०१ ले देशभित्र वस्तुको निर्वाध प्रवाहको वकालत गरेको छ । त्यसैगरी, दक्षिणी सुडानको अन्तरिम संविधान २०११ को धारा १८७ ले स्वतन्त्र अन्तर-राज्य व्यापार तथा वाणिज्यलाई समर्थन गरेको छ । यसले उल्लेख गरेको छ- कुनै पनि कानुन वा तहको सरकारले राज्य र स्थानीय तहबीच अन्तर-राज्य वाणिज्य, वस्तु तथा सेवा र पुँजी तथा श्रमको प्रवाहलाई कुनै पनि प्रकारका लेभी, कर, महसुल वा शुल्क लगाएर बाधा पुऱ्याउनु हुँदैन । संयुक्त राज्य अमेरिकामा संघीय सरकारले आन्तरिक रुपमा वस्तु तथा सेवाहरूको स्वतन्त्र प्रवाहलाई हानी पुऱ्याउने कानुन रद्द गर्ने गर्छ ।

**सुझाव**

भन्सार महसुलको सैद्धान्तिक पक्ष र अन्तर्राष्ट्रिय अभ्यासका आधारमा नेपालको वर्तमान एकात्मक व्यवस्थामा भन्सारलाई हाल केन्द्रीय सरकारले लगाउने गरेको छ । प्रस्तावित संघीय व्यवस्था अन्तर्गत पनि भन्सार महसुल केन्द्रीय तहमा लगाइनु पर्दछ । यसैगरी वस्तुहरूको आन्तरिक ओसारपसारमा कुनै पनि तहको सरकारले कुनै पनि प्रकारका कर र महसुल लगाउन पाइने छैन र वस्तु तथा सेवाको आन्तरिक आवागमन स्वतन्त्र हुनेछ भन्ने कुरा नयाँ संविधानमा स्पष्ट राखिनु पर्छ ।

## ३.३.२ मूल्य अभिवृद्धि कर

कानुनले विशेष रूपले छुट गरेका बाहेक सबै वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लगाइन्छ । उत्पादनदेखि वितरणसम्मको हरेक चरणमा हुने मूल्यको अभिवृद्धि नै मूल्य अभिवृद्धि करको आधार हो । यसको प्रत्यक्ष गणना गरिँदैन । कर कट्टी संयन्त्रमार्फत् मूल्य अभिवृद्धिको सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गरिन्छ । अर्थात्, करदाताहरूले आफ्ना खरिद/आयातमा मूल्य अभिवृद्धि कर तिर्छन्, आफ्नो बिक्रीमा मूल्य अभिवृद्धि कर संकलन गर्छन् । बिक्रीमा संकलन गरेको करबाट खरिद/आयातमा तिरेको कर घटाइ निक्लेको अन्तर रकमलाई खुद मूल्य अभिवृद्धि करका रूपमा राज्यकोषमा जम्मा गर्दछन् ।

आर्थिक तथा प्रशासनिक दक्षता दुवै दृष्टिले केन्द्रीय सरकारले मूल्य अभिवृद्धि कर लगाउन उपयुक्त हुन्छ । यदि यस करलाई प्रादेशिक तहमा लगायो भने प्रदेशैपिच्छे करको संरचना फरकफरक हुन सक्छ । त्यस्तो अवस्थामा साधन उच्च कर भएको प्रदेशबाट न्यून कर भएको प्रदेशतिर मोडिन सक्छ । यसरी मूल्य अभिवृद्धि करबाट आर्थिक विसंगति सृजना हुन सक्छ । यसका साथै मूल्य अभिवृद्धि करलाई प्रादेशिक तहमा लगाइएमा विभिन्न प्रदेशमा करको आधार, दर आदि फरकफरक भै कर प्रशासन जटिल हुन्छ । विभिन्न प्रादेशिक सरकारहरूले पृथक् कानुनअन्तर्गत कर लगाउन थाले भने विभिन्न प्रदेशमा कारोबार गर्ने व्यवसायले विभिन्न प्रदेशका कर कानुन अध्ययन गर्नुपर्छ र झन्झटिलो प्रक्रिया अनुशरण गर्नुपर्छ । यसले व्यवसायको कर परिपालना लागत (Compliance Costs) बढाउँछ । प्रादेशिक तहमा मूल्य अभिवृद्धि कर लगाउँदा यस करलाई सही किसिमले लागू गर्न पनि गाह्रो हुन्छ । कारण, मूल्य अभिवृद्धि करको महत्वपूर्ण पक्ष कर कट्टी/फिर्ता हो र कर कट्टी/फिर्ता भौगोलिक सिमाना नियन्त्रणको राम्रो प्रबन्ध भएका अवस्थामा मात्र प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छ । तर, प्रदेशहरूबीच सिमाना नियन्त्रणको व्यवस्था नहुने हुँदा त्यस्तो अवस्थामा विकेन्द्रीकृत रुपमा मूल्य अभिवृद्धि करलाई सही रुपमा लगाउन सकिँदैन । यसरी गन्तव्यको आधार (Destination Basis) मा मूल्य अभिवृद्धि कर लगाउन प्रायः असम्भव हुन्छ । अर्कोतर्फ, उत्पत्तिको आधार (Origin Basis) मा मूल्य अभिवृद्धि कर लगायो भने विकृति सृजना गर्दछ । कारण, त्यस्तो अवस्थामा एक प्रदेशमा तिरेको मूल्य अभिवृद्धि कर अर्को प्रदेशमा लगाइने मूल्य अभिवृद्धि करको आधारमा समावेश हुने हुँदा करमाथि कर लाग्न जान्छ । यसका साथै करको भार अन्य प्रदेशमा सर्न जान्छ जसले राजनीतिक जवाफदेहिता र उत्तरादायित्वलाई कमजोर तुल्याउँछ ।

त्यसैले, मूल्य अभिवृद्धि करलाई केन्द्रीय सरकारले लगाउनुपर्दछ । यस करको संरचना र सञ्चालन प्रक्रिया देशव्यापी रुपमा समान हुनुपर्दछ । यसैले अस्ट्रेलिया, नाइजेरिया, जर्मनी, क्यानडा जस्ता थुप्रै संघीय देशमा यो कर केन्द्र सरकारले लगाउँछ। अस्ट्रेलियामा मूल्य अभिवृद्धि कर (वस्तु र सेवा कर) संघीय सरकारको कर कार्यालयले संकलन गर्छ । त्यसबाट प्राप्त राजस्वलाई वित्तीय समीकरण (Equalization) सूत्रअनुसार प्रादेशिक सरकार (राज्य र स्थानीय) लाई वितरण गरिन्छ । नाइजेरियामा पनि मूल्य अभिवृद्धि कर राष्ट्रिय सरकारको क्षेत्राधिकारमा पर्छ । त्यहाँ केन्द्रीय सरकारले कर दर तथा आधार नियन्त्रण गर्छ र कर संकलन गर्छ । करबाट संकलित राजस्व केन्द्रीय, प्रादेशिक र स्थानीय सरकारबीच निश्चित दरमा बाँडिन्छ । यस्तो दर बेलाबेलामा निर्धारण गरिन्छ ।

जर्मनीमा पनि मूल्य अभिवृद्धि कर केन्द्रीय सरकारको अधिकारक्षेत्रभित्र पर्दछ । त्यहाँ मूल्य अभिवृद्धि कर कानुन संघीय क्षेत्राधिकारभित्र छ र कर आधार तथा कर दर संघीय सरकारले नियन्त्रण गर्छ । कर प्रशासन राज्यले गर्छ भने प्राप्त राजस्व केन्द्रीय, राज्य र स्थानीय सरकारबीच बाँडिन्छ । कुल मूल्य अभिवृद्धि कर राजस्वमध्ये वृद्धहरूलाई पेन्सन र बेरोजगारी कोषका लागि केन्द्रले ९.५% प्राप्त गर्छ । बाँकी रकमबाट नगरपालिकाहरूले पूंजी व्यापार कर खारेजी गरेबापत क्षतिपूर्तिस्वरूप २.२% प्राप्त गर्दैआएका छन् । त्यसपछि बाँकी रहेको रकम केन्द्र र राज्यबीच ५०.५ र ४९.५ को अनुपातमा बाँडिन्छ ।

क्यानडामा प्रादेशिक बिक्री करलाई राष्ट्रिय मूल्य अभिवृद्धि कर (वस्तु तथा सेवा कर) सँग समन्वय कायम गर्ने क्रममा अधिकांश प्रदेशमा प्रादेशिक बिक्री कर केन्द्रीय मूल्य अभिवृद्धि करको आधारमा लगाइन्छ । केन्द्रीय मूल्य अभिवृद्धि करसँगै केन्द्रीय कर प्रशासनले प्रादेशिक बिक्रीकर पनि संकलन गर्दछ ।

भारतमा भने यससम्बन्धी व्यवस्था फरक छ । त्यहाँ केन्द्र तथा प्रदेशमा लागू भैरहेका बिक्री करलगायतका वस्तु तथा सेवामा लागेका विभिन्न करहरूको सट्टा केन्द्रीय तहमा एउटै मूल्य अभिवृद्धि कर लगाई त्यसबाट प्राप्त राजस्व केन्द्रीय, प्रादेशिक तथा स्थानीय सरकारबीच विभाजन गर्ने लामो प्रयाश भएता पनि राज्य सरकारको असहमतिका कारण लगाउन नसकिएपछि मूल्य अभिवृद्धि कर राज्य तहमा लगाइएको छ । केन्द्रमा वस्तु तथा सेवा कर (Goods and Services Tax) को रुपमा मूल्य अभिवृद्धि कर लगाउने सन् २००७–०८ देखिको प्रयत्नलाई मूर्तरुप दिन संविधान संशोधन विधेयक, २०१४ भारतीय लोकसभामा प्रस्तुत भैरहेको थियो । सो संविधान संशोधन विधेयक ६ मई २०१५ मा लोकसभाबाट पारित भएको छ । यस संशोधनले भारतमा वस्तु तथा सेवा कर लगाउने बाटो खुला गरिदिएको छ । सोही दिन लोकसभाबाट वस्तु तथा सेवा कर विधेयक पनि पारित भैसकेको छ । दुवै विधेयक राज्यसभाबाट पारित भएपछि सन् २०१६ अप्रेल १ गते तारिख देखि भारतमा पनि विभिन्न तहमा लगाइएका अनेक प्रकारका वस्तु तथा सेवा करको सट्टा एउटै वस्तु तथा सेवा कर (मूल्य अभिवृद्धि कर) लागु हुनेछ ।

### सुझाव

हाल नेपालमा मूल्य अभिवृद्धि कर केन्द्रीय तहमा उठाइन्छ । यस करलाई प्रादेशिक तहमा संकलन गर्नु प्रशासनिक र आर्थिक दक्षताका दृष्टिले वाञ्छनीय नहुने हुँदा केन्द्रीय तहमा संकलन गर्ने हालको व्यवस्थालाई संघीय प्रणालीमा पनि निरन्तरता दिनुपर्छ । तथापि, नेपालमा राजस्वको ठूलो स्रोत रहेको र भविष्यमा पनि राजस्वको सबैभन्दा ठूलो स्रोतको

रुपमा कायम हुने भएकाले यस्तो बृहत् आधार भएको कर राजस्वमा प्रादेशिक सरकारको पहुँच हुनुपर्छ । यस परिप्रेक्ष्यमा, यस करलाई सहभाजित करका रूपमा उठाउन उपयुक्त हुनेछ । जसअनुसार यस करबाट संकलन भएको राजस्वको निश्चित प्रतिशत प्रदेशलाई दिने व्यवस्था हुनुपर्दछ । त्यस्तो रकम प्रदेशको हिस्साको विभाज्य कोष (Divisible Pool) मा सञ्चय गरिनुपर्छ जसलाई प्रादेशिक सरकारबीच सर्वसम्मत सूत्रका आधारमा वितरण गरिनुपर्दछ । मूल्य अभिवृद्धि करको आधार, दर र प्रशासनसम्बन्धी व्यवस्था केन्द्रीय सरकारले मिलाउने भए पनि प्रादेशिक सरकारले मूल्य अभिवृद्धि कर राजस्वको निश्चित प्रतिशत पारदर्शी रुपमा प्राप्त गर्नेछन् । केन्द्रीय सरकार/वित्त आयोगले गर्ने कर राजस्व प्रक्षेपणका आधारमा आउँदा वर्षहरूमा प्रादेशिक सरकारहरूले आफूले प्राप्त गर्ने मूल्य अभिवृद्धि कर राजस्वको अनुमान गर्न सक्छन् । यसबाट तिनीहरूलाई आफ्ना बजेट तयार गर्न सहज हुनेछ ।

### ३.३.३ अन्तःशुल्क

अन्तःशुल्क लाग्ने वस्तुहरूको उत्पादन तथा आयात र अन्तःशुल्क लाग्ने सेवाहरूको आपूर्तिमा अन्तःशुल्क लाग्ने गर्छ । वस्तु तथा सेवामा लाग्ने यस करलाई प्रादेशिक तहमा लागू गरेमा विभिन्न प्रदेशमा करको संरचना तथा सञ्चालन प्रक्रिया फरकफरक हुन सक्ने र त्यसबाट आर्थिक गतिविधि करको भार बढी भएको प्रदेशबाट करको भार कम भएको क्षेत्रतर्फ प्रवाहित भै अर्थतन्त्रमा विकृति आउन सक्छ । यसबाट खासगरी सजिलै परिवहन हुने चुरोट जस्ता हलुका वस्तुहरूको सीमापार किनमेलको समस्या पनि देखापर्न सक्छ । मूल्य अभिवृद्धि करलाई राजस्व उत्पादक, तटस्थ तथा सक्षम बनाउन एकल दरमा लगाउने र मूल्य अभिवृद्धि कर लगाउन नसकिने वस्तु वा सेवामा कर लगाउन र वस्तुगत करमार्फत् केही सामाजिक नीति लागू गर्न अन्तःशुल्कलाई मूल्य अभिवृद्धि करको सहायक करको रुपमा लागू गरिने भएकोले पनि जुन तहमा मूल्य अभिवृद्धि कर लगाइन्छ, अन्तःशुल्कलाई पनि त्यही तहमा लगाउन उपयुक्त हुन्छ । अर्कोतर्फ, अन्तःशुल्क केही राज्यमा सीमित उद्योगव्यवसायबाट संकलन गरिने हुँदा यस करलाई प्रान्तमा लागू गरेमा समश्रेणीगत असन्तुलन (Horizontal Inequity) को समस्या बढाउन सक्ने हुन्छ । यसका अतिरक्त अन्तःशुल्क उत्पत्तिको आधार (Origin Based) मा लगाइने कर भएकोले यो कर प्रादेशिक हिसाबले लगाउन उपयुक्त हुँदैन । कारण, त्यस्तो अवस्थामा करको भार अर्को प्रदेशमा निर्यात हुन सक्छ अर्थात् करको भार आफ्नो प्रदेश बाहिरका बासिन्दामाथि पनि पर्न जान्छ । त्यसले उत्तरदायित्वको मान्यतालाई कमजोर बनाउँछ ।

उपरोक्त विभिन्न कारणले गर्दा अन्तःशुल्क राष्ट्रिय करकै रुपमा लगाउन राम्रो मानिन्छ। यो कुरा अस्ट्रेलिया तथा नाइजेरिया लगायतका संघीय देशहरूको अनुभवले पनि स्पष्ट गर्दछ । यद्यपि, यस्ता करलाई जर्मनी, भारत र पाकिस्तानजस्ता केही देशमा सीमित मात्रामा प्रादेशिक तहमा उठाउने अभ्यास नभएको पनि होइन । भारतमा अन्तःशुल्क केन्द्रीय सरकारको क्षेत्राधिकारमा परे पनि मदिरा, भाङ जस्ता नशालु पदार्थमाथि अन्तःशुल्क लगाउने अधिकार राज्य सरकारलाई दिइएको छ। पाकिस्तानमा पनि अन्तःशुल्क संघीय क्षेत्राधिकारमा पर्छ भने राज्य सरकारले मदिरा र नशालु पदार्थमाथि अन्तःशुल्क लगाउन सक्छन् । जर्मनीमा अन्तःशुल्क लगाउने अधिकार केन्द्रीय र प्रादेशिक सरकारबीच बाँडिएको छ। त्यहाँ केन्द्रीय सरकारलाई खनिज तेल कर, सुर्ती कर जस्ता अन्तःशुल्क उठाउने अधिकार छ भने राज्य सरकारले बियर र जुवामा कर लगाउन सक्छन् । क्यानाडाली प्रान्त र अमेरिकी राज्यहरूले पनि राष्ट्रिय अन्तःशुल्कमाथि सरचार्ज लगाउने गरेका छन्। अस्ट्रेलियामा अन्तःशुल्क केन्द्रीय भए पनि केन्द्रीय सरकारले अन्तःशुल्कबाट उठेको राजस्वको एकचौथाइभन्दा बढी प्रयोग गर्न पाउँदैन । बाँकी रकम प्रदेशहरूलाई प्रदान गर्नुपर्छ अथवा केन्द्रीय सरकारसँग प्रादेशिक सरकारले लिएको ऋणको ब्याज भुक्तानीमा समायोजन गर्नुपर्छ ।

**सुझाव**

हाल नेपालमा अन्तःशुल्क केन्द्रीय स्तरमा संकलन गरिन्छ । अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्ने हो भने जर्मनी, भारत र पाकिस्तानमा केही वस्तुमा प्रादेशिक सरकारले अन्तःशुल्क लगाएका छन् भने क्यानडा र अमेरिकामा प्रादेशिक सरकारले केन्द्रीय अन्तःशुल्कको आधार वा कर रकममा सरचार्जको रुपमा अन्तःशुल्क लगाएका छन् । त्यसैगरी अस्ट्रेलियामा अन्तःशुल्कलाई सहभाजित करका रूपमा पनि उठाएको पाइन्छ । । संघीय नेपालमा प्रादेशिक सरकारलाई स्रोतमा पहुँच दिन यस करलाई सहभाजित करका रुपमा लगाउन उपयुक्त हुनेछ । यस व्यवस्था अन्तर्गत अन्तःशुल्क केन्द्रीय सरकारले लगाई त्यसबाट संकलन भएको राजस्वको निश्चित प्रतिशत प्रादेशिक सरकारको लागि छुट्याउने र त्यस रकमलाई राज्यहरूको हिस्साको विभाज्य कोष (Divisible Pool) मा जम्मा गरेर सर्वसम्मत सूत्रका आधारमा प्रादेशिक सरकारबीच वितरण गर्नुपर्छ ।

### ३.३.४ आय कर

व्यक्ति वा कम्पनीको आम्दानीमा आय कर लगाइन्छ । व्यक्तिको आम्दानीमा लगाइने करलाई व्यक्तिगत आय कर भनिन्छ भने कम्पनीको आयमा लगाइने करलाई संस्थागत

आय कर भनिन्छ । समष्टिगत आर्थिक स्थायित्व र आयको वितरणका लागि आय कर उठाइने भएकोले यसलाई राष्ट्रिय कर परिवारको प्रमुख अंगको रुपमा लिइन्छ । आय कर आर्थिक अवस्थाप्रति अधिक संवेदनशील र कम स्थिर हुने भएकोले यसलाई प्रादेशिक तहमा लगाउनु उचित हुँदैन । साथै, संस्थागत आय करलाई केन्द्रीय तहमा लगाउनका अन्य विशेष कारण पनि छन् । ती हुन् :

- संस्थागत आय कर कम्पनीको खुद नाफामा लाग्छ । कम्पनीले आफ्नो देशव्यापी कारोबारबाट आर्जन गरेको नाफाको गणना शाखा/उपशाखापिच्छे नगरी समग्र रुपमा गर्दछ । यसले गर्दा संस्थागत आय कर कम्पनीको प्रधान कार्यालयबाट एकमुष्ट उठाइन्छ । प्रादेशिक सरकारका क्षेत्राधिकारभित्र अवस्थित कम्पनीका शाखा र उपशाखाहरूबाट यस्तो आय कर उठाउन जटिल हुन्छ । संस्थाको दर्ता वा प्रधान कार्यालयको अवस्थितिको आधारमा प्रादेशिक सरकारले यो कर उठाउने हो भने जहां कम्पनी दर्ता भएको छ वा जहां यसको प्रधान कार्यालय रहेको छ त्यहाको प्रादेशिक सरकारले मात्र कर राजस्व प्राप्त गर्दछ । कम्पनीका शाखा र उपशाखा जहाँ हुन्छन्, त्यहाँका प्रादेशिक सरकारहरू संस्थागत आय करबाट वञ्चित हुने हुंदा यस्तो अवस्था न्यायसंगत हुँदैन ।

- संस्थागत आय कर ठूला तथा बहुराष्ट्रिय कम्पनीमा समेत लाग्दछ । यस्ता कम्पनीहरूको कारोबार मुलुकभर मात्र नभै देशबाहिर पनि हुन सक्छ । करारोपणका लागि आवश्यक पर्ने यस्तो सूचना केन्द्रीय सरकार बाहेक तल्लो तहका सरकारलाई संकलन गर्न झनै गाह्रो हुन्छ ।

- संस्थागत आय कर प्रादेशिक तहमा लगाएमा Transfer Pricing को समस्या सृजना हुन सक्छ । करको कारणले मात्र कम्पनीहरूले आफ्ना केही क्रियाकलाप एक प्रदेशबाट अर्को प्रदेशमा सार्न सक्छन् ।

- अन्य करको तुलनामा संस्थागत आय करको आधार विभिन्न प्रदेशमा कम समानतापूर्ण ढंगले वितरित भएको हुन सक्छ । धेरै देशमा, केही प्रादेशिक सरकारका क्षेत्राधिकारभित्र अवस्थित ठूला कम्पनीहरूबाट संस्थागत कर राजस्वको ठूलो हिस्सा प्राप्त हुने गरेको छ । प्रादेशिक तहमा संस्थागत आय कर लगाउँदा केही प्रादेशिक सरकारले मात्र ठूलो मात्रामा राजस्व प्राप्त गर्ने हुँदा प्रादेशिक सरकारबीचको समश्रेणीगत असन्तुलन (Horizontal Inequity) बढ्न सक्छ ।

- संस्थागत आय कर प्रादेशिक तहमा लगाउँदा यसको भार प्रादेशिक सरकारको क्षेत्राधिकारबाहिर सर्न सक्छ । यसले 'राजनीतिक उत्तरदायित्व र जवाफदेही स्थानीय शासन' को अवधारणालाई कमजोर बनाउन सक्छ । संस्थागत आय करको आधार व्यक्तिगत आय करको आधारभन्दा पनि कम स्थिर हुन्छ । त्यसैले संस्थागत आय कर प्रादेशिक तहमा लगाउन उपयुक्त हुँदैन ।

उल्लेखित कारणहरूले अस्ट्रेलिया, जर्मनी र नाइजेरिया लगायतका विभिन्न संघीय देशमा संस्थागत आय कर केन्द्रीय सरकारले लगाउँछ । तर क्यानडा, अमेरिका तथा स्कान्डिनेभियन जस्ता केही देशमा संस्थागत आय कर सीमित मात्रामा प्रादेशिक सरकारले लगाएको देखिन्छ । ती देशहरूमा मूलतः राष्ट्रिय आय करमाथि अतिरिक्त कर (Piggy-backing) को रूपमा संकलन गरिन्छ ।

व्यक्तिगत आय कर आय जस्तो चलायमान तत्वमा लगाइने र यस करको उद्देश्य आयको पुनर्वितरण पनि भएको हुँदा यस करलाई केन्द्रमा लगाउन उपयुक्त हुन्छ । यसरी विभिन्न कारणले गर्दा आय करलाई केन्द्रीय तहमा लगाउन राम्रो हुन्छ ।

संस्थागत आय कर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको तुलनामा व्यक्तिगत आय कर प्रादेशिक तहमा लगाउन सापेक्षिक रूपमा सजिलो हुन्छ । किनभने यो कर खास गरेर रोजगारी आयमा लगाइने र रोजगारदाताहरूबाट संकलन गरिने हुँदा व्यक्तिगत आय करको हकदार कुन प्रादेशिक सरकार हुन्छ भनेर छुट्याउन अन्य करका तुलनामा सजिलो हुन्छ । यस करको भार मूलतः स्थानीय बासिन्दाले वहन गर्ने हो । व्यक्तिगत आय करलाई प्रादेशिक तहमा अतिरिक्त कर (Piggy Backing) को रूपमा समेत उठाउन सकिन्छ । यसलाई दुई तरिकाले लागू गर्न सकिन्छ :

- राष्ट्रिय कर कानुनले निर्दिष्ट गरेको करको आधारमा प्रादेशिक सरकारले अतिरिक्त कर (Piggy Backing)) निर्धारण गर्न सक्छ । यसलाई, आम्दानीमाथिको कर पनि भन्न सकिन्छ ।

- राष्ट्रिय कर कानुनले निर्धारण गरेअनुसारको व्यक्तिगत आय कर रकममाथि प्रादेशिक सरकारले अतिरिक्त कर लगाउन सक्छ जसलाई करमाथि कर भनिन्छ ।

यी दुवै मामिलामा करको आधारमाथि प्रादेशिक सरकारको नियन्त्रण रहँदैन । करको आधारको निर्धारण केन्द्रीय सरकारले गर्छ । प्रादेशिक सरकारले स्थानीय स्थिति र आवश्यकताको आधारमा करको दर कायम गर्न सक्छ । एकातिर यसबाट प्रादेशिक

सरकारलाई केही स्वायत्तता प्राप्त हुन्छ भने अर्कोतर्फ, करको दर प्रादेशिक सरकारले कायम गर्ने भएकाले तिनीहरूमा जवाफदेहिता बढ्छ किनकि यस्तो अवस्थामा कर राजस्वको उचित प्रयोग भएन भने नागरिकहरूले आवाज उठाउन सक्छन् । तर, यसरी प्रादेशिक सरकारलाई करको सरचार्जको दर तोक्न सक्ने अधिकार दिँदा प्रादेशिक सरकारहरू आआफ्नो क्षेत्रमा लगानी आकर्षण गर्न वा आफ्नो अनुकूल व्यापारलाई आकर्षित गर्नका लागि करको दर घटाउने अस्वस्थ प्रतिस्पर्धा गर्न सक्छन् । यस्तो प्रतिस्पर्धाले व्यापारिक वातावरण बिगार्ने स्थिति (Race to the Bottom) निम्त्याउँछ । परिणामतः प्रादेशिक सरकारहरूले राजस्व गुमाउँछन् र स्रोत विनियोजनमा विकृति आउँछ । त्यसैले, प्रादेशिक सरकारहरूबीच अस्वस्थ प्रतिस्पर्धा रोकथाम गर्न उनीहरूले लगाउने अतिरिक्त करको न्यूनतम र अधिकतम सीमा केन्द्रीय कर कानुनले निर्धारण गर्नुपर्छ । त्यस्तो अवस्थामा प्रादेशिक सरकारलाई स्थानीय आवश्यकताअनुसार करका दर निर्धारण गर्ने हो भने त्यति स्वायत्तता हुँदैन ।

यद्यपि व्यक्तिगत आय करमाथि प्रादेशिक सरकारले सरचार्ज लगाउने व्यवस्था संस्थागत आय कर, मूल्य अभिवृद्धि कर वा अन्तःशुल्कको तुलनामा प्रादेशिक तहमा लगाउन सरल हुने भएता पनि यस किसिमको कर लगाउने सामान्य प्रचलन नभएकोले यस्तो कर संघीय नेपालको लागि प्रस्ताव गरिनु हुँदैन ।

**सुझाव**

सैद्धान्तिक तथा व्यावहारिक आधारमा संघीय नेपालमा संस्थागत आय कर र व्यक्तिगत आय कर दुवै केन्द्रीय स्तरमै लगाइनुपर्दछ । प्रान्तीय सरकारलाई आय करमा केही पहुँच दिनको लागि तिनीहरूलाई पूर्वानुमानित कर (Presumptive Tax) लगाउने अधिकार दिइनुपर्दछ । आय कर अन्तर्गतको घर वहाल कर संकलनमा स्थानीय निकायलाई संलग्न गराई संकलित राजस्वको निश्चित प्रतिशत ती निकायलाई उपलब्ध गराउनुपर्दछ ।

## ३.३.५ प्राकृतिक संसाधन कर

प्राकृतिक संसाधन कर, तेल, ग्याँस, खनिज, वन आदिमा लगाइन्छ । यस्ता करलाई सामान्यतया राष्ट्रिय तहको करको रुपमा लागू गरिन्छ किनभने यिनीहरूको आधार विभिन्न प्रदेशबीच असमान रुपमा फैलिएका हुन्छन् । यदि यी कर प्रादेशिक तहमा उठाइयो भने यसले वित्तीय असन्तुलन सृजना गर्दछ । त्यसैले, दक्षिणी सुडान जस्ता केही संघीय देशमा यो कर राष्ट्रिय सरकारले उठाउने गर्छ । अर्कोतर्फ, कार्यक्षमताका दृष्टिले

यो कर प्रदेश वा स्थानीय तहमा उठाउनु पनि उपयुक्त ठानिन्छ । यो कर प्राकृतिक स्रोतमाथि लगाइन्छ । प्राकृतिक स्रोत अचल हुन्छ । त्यसैले यसको प्रशासनिक खर्च धेरै हुँदैन र प्राकृतिक स्रोतमाथिको कर निर्धारण यसको व्यवस्थापन सँगसँगै हुन्छ । प्रादेशिक तहमा यो काम अधिक कुशलतापूर्वक गर्न सकिन्छ । त्यसैले, क्यानडालगायत केही देशमा प्राकृतिक संसाधन करको व्यवस्थापन राज्य सरकारले गर्छन् । प्राकृतिक संसाधनको प्रयोग गर्दा त्यसबाट स्थानीय जनतामाथि प्रभाव पर्छ र फाइदा पनि तिनीहरूले पाउनुपर्दछ । अन्तर्राष्ट्रिय श्रम संगठन (ILO Convention No. 169) अनुसार केही देशमा प्राकृतिक संसाधन करको आधार अवस्थित भएका प्रादेशिक सरकारहरूलाई प्राकृतिक श्रोतबाट प्राप्त कुल राजस्वको निश्चित प्रतिशत उत्पादक प्रदेशलाई प्रदान गरिन्छ भने निश्चित प्रतिशत त्यस क्षेत्रका स्थानीय निकायलाई प्रदान गरिन्छ । यसैगरी, प्राकृतिक संसाधनमा धनी देशहरूमा भविष्यको लागि प्राकृतिक संसाधन भाडा स्वरुप प्राप्त रकमबाट राजस्व स्थायित्व पुल (Revenue Stabilization Pool for Resources Rents) सृजना गर्ने प्रचलन छ ।

साधारणतः राज्यका महत्वपूर्ण स्रोत तथा प्रदेशबीच असमानतापूर्वक वितरित स्रोतमाथि केन्द्रीय नियन्त्रण रहनुपर्छ । केन्द्रीय दृष्टिकोणले महत्वपूर्ण त्यस्ता ठूला प्राकृतिक संसाधनमाथि केन्द्रीय सरकारले कर लगाउनुपर्दछ, जसबाट सिङ्गो देशका जनताले फाइदा पाउनुपर्दछ । तेल, ग्याँस तथा खानी यस्ता स्रोतमा पर्छन् । ढुंगा, बालुवा, माटोजस्ता कम महत्वपूर्ण स्रोतमाथि प्रादेशिक तथा स्थानीय सरकारको नियन्त्रण रहनुपर्दछ । त्यसमा प्रादेशिक वा स्थानीय सरकारले कर लगाउन पाउनुपर्छ ।

### सुझाव

नेपालको परिप्रेक्ष्यमा केन्द्रीय, प्रादेशिक तथा स्थानीय सरकारलाई प्राकृतिक संसाधन कर लगाउने अधिकार दिइनुपर्छ । प्रादेशिक वा स्थानीय सरकारले स्थान विशेषका प्राकृतिक स्रोतमाथि कर लगाउन सक्छन् । उदाहरणका लागि, जिल्ला विकास समितिहरूले बालुवा, ढुंगा, रोडा, स्लेट, शिलाखण्डमाथि कर लगाउन सक्छन् । राष्ट्रिय महत्वका प्राकृतिक स्रोतमाथि कर उठाउने अधिकार भने केन्द्रीय सरकारसँग हुनुपर्छ । नेपालमा केही प्राकृतिक स्रोतबाट भविष्यमा आय आर्जन गर्ने प्रचुर सम्भावना रहेको छ । त्यस्तो स्रोतको उपलव्धता केही सीमित भौगोलिक क्षेत्रमा मात्र हुने हुँदा त्यसको आय प्रदेशलाई दिइँदा स्रोतहरूको असमान वितरण हुन सक्दछ ।

## ३.३.६ सामाजिक सुरक्षा कर

सामाजिक सुरक्षा कर श्रमसँग सम्बन्धित आयमा लगाइन्छ। श्रमिक र स्वरोजगार व्यक्ति दुवैले सामाजिक सुरक्षा कर तिर्छन्। श्रमिकका मामिलामा यो कर श्रमिक र रोजगारदाता दुवैले तिर्छन् भने स्वरोजगार व्यक्तिहरू आफैंले सामाजिक सुरक्षा कर तिर्नुपर्छ। नेपालमा हाल रोजगारीको आय भएका एकल प्राकृतिक व्यक्तिको वार्षिक दुई लाख पचास हजार रुपैयाँसम्म र दम्पतिको हकमा वार्षिक तीन लाख रुपैयाँसम्म रोजगारीको आय भएमा सो आयमा १% का दरले सामाजिक सुरक्षाकोषमा जम्मा हुने गरी आय कर लाग्छ। यो कर पारिश्रमिक आय भुक्तानी गर्दाका बखत स्रोतमा कट्टी गर्ने व्यवस्था छ।

### सुझाव

श्रमिकको पारिश्रमिक आयबाट १% काटिएको करबाहेक नेपालमा सामाजिक सुरक्षा कर अस्तित्वमा छैन। विस्तृत आधार भएको सामाजिक सुरक्षा प्रणाली विकसित गर्दै जानुपर्ने परिप्रेक्ष्यमा सामाजिक सुरक्षा कर असुल गर्ने अधिकार राष्ट्रिय सरकारका लागि आरक्षित गरिनुपर्दछ। हाल प्रचलनमा रहेको सामाजिक सुरक्षा करको अवधारणा मात्र लागू गरिएको छ। भविष्यमा यसको दायरा बढ्नु पर्छ। सामाजिक सुरक्षाका सन्दर्भमा बृद्ध भत्ता, अपाङ्ग भत्ता एवं वेरोजगारी लगायतका भत्ताहरू उपलव्ध गराउने दायित्व केन्द्रीय सरकारको हुने हुँदा सामाजिक सुरक्षा कर उठाउने अधिकारसमेत केन्द्रीय सरकारमा रहनुपर्दछ।

## ३.३.७ स्वास्थ्य सेवा कर

नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामुदायिक अस्पतालहरूले प्रदान गर्ने स्वास्थ्य सेवाबाहेकका व्यक्ति, संस्था वा निकायहरूले प्रदान गर्ने स्वास्थ्य सेवामा जारी बिजक मूल्यको ५% का दरले स्वास्थ्य सेवा कर लाग्ने व्यवस्था छ।

### सुझाव

स्वास्थ्य सेवा करलाई क्रमशः मूल्य अभिवृद्धि करमा परिणत गरिनुपर्दछ।

## ३.३.८ कृषि सुधार शुल्क

तोकिएको मालवस्तु पैठारी हुँदा पैठारी मूल्यको तोकिएको प्रतिशतका दरले कृषि सुधार शुल्क लाग्दछ। यो कर भन्सार विन्दुमा संकलन गरिन्छ। तर, ती मालवस्तु पैठारी हुँदा भन्सार महसुल लाग्ने रहेछ भने त्यस्तो पैठारीमा कृषि सुधार शुल्क लाग्दैन।

**सुझाव**

कृषि सुधार शुल्क पैठारी गरिने वस्तुमा भन्सार महसुलसँगै भन्सार कार्यालयले भन्सार महसुलको विकल्पको रुपमा असुल गर्ने हुँदा यो कर पनि केन्द्रीय सरकारकै अधिकारक्षेत्रभित्र पर्दछ । विश्व व्यापार संगठनको सदस्यको हैसियतले पालना गर्नुपर्ने प्रतिवद्धता अनुरुप यस करलाई खारेज गर्नुपर्ने हुन्छ ।

## ३.३.९ दूरसंचार सेवा दस्तुर/टेलिफोन स्वामित्व शुल्क

दूरसञ्चार सेवा उपलब्ध गराउने संस्थाले ग्राहकबाट लिने महसुलको १०% रकम दूरसञ्चार सेवा दस्तुर बापत असूल गर्दछ । यस करबाट उठेको दस्तुर रकम दूरसञ्चार सेवा उपलब्ध गराउने संस्थाले मूल्य अभिवृद्धि करसँगै राजस्वमा दाखिला गर्नुपर्छ । अर्कोतर्फ, टेलिफोन जडान गर्ने ग्राहकबाट टेलिफोन स्वामित्व शुल्कवापत एक हजार रुपैयाँ असूल गरिन्छ । टेलिफोनको स्वामित्व परिवर्तन भएको अवस्थामा टेलिफोनको स्वामित्व प्राप्त गर्ने व्यक्तिबाट समेत त्यस्तो शुल्क असूल गरिन्छ । तर, अग्रिम भुक्तानी हुने (प्रि-पेड) मोबाइल टेलिफोनको हकमा प्रत्येक सिमकार्ड र रिचार्ज कार्डको मूल्यमा २% का दरले टेलिफोन स्वामित्व शुल्क लाग्दछ ।

**सुझाव**

दूरसंचार सेवामा अन्तशुल्क लगाई दूरसंचार सेवा दस्तुर तथा टेलिफोन स्वामित्व शुल्क छुट्टै लगाउने व्यवस्थाको अन्त्य गरिनुपर्दछ ।

## ३.३.१० वन पैदावर शुल्क

नेपाल सरकारद्वारा सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका राष्ट्रिय वनमध्ये उपभोक्ता समूहले प्रचलित कानुनबमोजिम कार्ययोजना बनाई निकालिएको साल र खयरका काठ उपभोक्ता समूहबाहिर व्यापारिक प्रयोजनका लागि बिक्री गरेमा प्राप्त रकममध्ये १५% वन पैदावार शुल्कवापत नेपाल सरकारको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

**सुझाव**

यस करलाई पनि केन्द्रीय स्तरमै राखिनुपर्दछ ।

## ३.३.११ प्रदुषण नियन्त्रण शुल्क

नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रति लिटर पचास पैसाका दरले प्रदुषण नियन्त्रण शुल्क लाग्दछ ।

**सुझाव**

माथि उल्लेख गरिएअनुसार पेट्रोलियम पदार्थमा अन्तःशुल्क लगाई यस करलाई खारेज गरिनुपर्दछ ।

## ३.३.१२ कार्बन कर

प्रदुषणसम्बन्धी विषयको प्रतिरोध गर्न कार्बन कर लगाइन्छ । यस्ता मुद्दा केन्द्रीय तथा अन्तर-केन्द्रीय स्तरमा सल्ट्याउनु पर्ने हुन्छ ।

**सुझाव**

यस करलाई केन्द्रीय सरकारका लागि आरक्षित गर्नुपर्छ । यसैगरी वातावरणको सुरक्षामा योगदान गरेवापत अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त गरिने रकमसमेत केन्द्रीय सरकारको कोषमा रहने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

## ३.३.१३ सडक/सवारी साधनमा आधारित कर

हाल सडक तथा सवारी साधनमा केन्द्रीय तथा स्थानीय तहमा विभिन्न कर लाग्ने गरेका छन् । केन्द्रमा सडक निर्माण तथा सम्भार दस्तुर, सडक मर्मत तथा सुधार दस्तुर र तोकिएको सडकमा सडक उपभोग गरेवापतको दस्तुर लाग्दै आएका छन् । सडक निर्माण तथा सम्भार दस्तुर कार, जिप, भ्यानलगायतका सवारी साधनहरूमा मूल्यको ५% ले लाग्दछ भने मोटरसाइकलमा सी.सी. को आधारमा निर्दिष्ट दरमा लाग्ने व्यवस्था छ । यसैगरी, सवारी साधन कर आय करको रुपमा सवारी साधनको प्रकार तथा सी.सी. अनुसार वार्षिक रुपमा निर्दिष्ट दरले लाग्दछ । अर्कोतर्फ, विदेशबाट नेपालमा पैठारी हुने पेट्रोलमा प्रति लिटर चार रुपैयाँ र डिजेलमा प्रति लिटर दुई रुपैयाँ सडक मर्मत तथा सुधार दस्तुर भन्सार बिन्दुमै लगाउने व्यवस्था छ । यसैगरी, सडक बोर्ड ऐन अन्तर्गत तोकिएको सडक उपभोग गरेवापत पटके सडक प्रयोग कर लगाउने व्यवस्था छ ।

यसका अतिरिक्त जिल्ला विकास समितिले आफ्नो स्रोतबाट निर्माण गरेको वा आफूलाई हस्तान्तरण भै आएको सडक, बाटो तथा पुलबाट आवागमन गर्ने सवारी तथा यातायतका साधनमा पटके सवारी कर लगाउने व्यवस्था छ । यसैगरी गाउँ विकास समिति तथा नगरपालिकाले पनि आफ्नो क्षेत्रभित्रका तोकिएको सवारीमा सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारका सवारीमा पटके सवारी साधन कर लगाउन सक्ने व्यवस्था छ ।

**सुझाव**

परम्परागत रुपमा सडक वा सवारी साधनमा लगाइने करलाई सडक प्रयोग वापत लिइने लाभ (Benefit/Utility) करका रुपमा लिइन्थ्यो । तर सवारी साधनको प्रयोगले वातावरणमा प्रतिकूल असर पार्ने, जनस्वास्थ्य बिगार्ने, सडक जाम भै अरुलाई असुविधा हुने, सडक दुर्घटना हुने आदि भएकोले पनि हाल सडक/सवारी साधनमा कर लगाउनुपर्ने आवश्यकता बढ्दै गएको छ। यो कर सवारी साधन दर्ता तथा नवीकरण दस्तुर, सडकको प्रयोग गरेवापत पटके दस्तुर, सडक वा पुल टोल, वा इन्धनमा लगाउन सकिन्छ । यो कर वातावरणीय आधारमा केन्द्रीय तहमा लगाउन उपयुक्त हुने भएता पनि संघात्मक व्यवस्थामा स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा प्रदेश बढी जिम्मेवार हुनुपर्ने परिप्रेक्ष्यमा यस करलाई प्रादेशिक तहमा लगाउनुपर्ने हुन्छ । यसका साथै संघात्मक शासन व्यवस्थामा सवारी साधन दर्ता तथा नवीकरण प्रादेशिक सरकारको अधिकारक्षेत्रभित्र हुने भएकोले पनि यो कर उठाउने जिम्मा पनि प्रादेशिक सरकारलाई दिनु राम्रो हुन्छ । स्थानीय तहमा लाग्ने वार्षिक सवारी साधन कर पनि प्रादेशिक सरकारले संकलन गरेर स्थानीय निकायलाई दिने व्यवस्था गरिनुपर्दछ। करको दरमा प्रान्तहरूबीच ठूलो भिन्नता भएमा त्यसले सवारी साधन दर्ता तथा नवीकरण कम दर भएको क्षेत्रतर्फ प्रवाह गर्न सक्ने भएकोले प्रान्तहरूबीच समन्वय कायम गरी दरमा एकरुपता कायम गरिनुपर्दछ। सवारी साधनको दर सवारीको इन्जिन, तौल र आयुमा आधारित हुनुपर्दछ । ठूला सवारी साधनले सडक छिटो र बढी बिगार्ने र पुरानो सवारी साधनले वातावरण बढी प्रदुषित (Pollute) गर्ने हुँदा तिनीहरूमा बढी दर लाग्नुपर्दछ । हाल पेट्रोलको पैठारीमा प्रति लिटर चार रुपैयाँ र डिजेलको पैठारीमा प्रति लिटर दुई रुपैयाँको दरले लागिरहेका सडक मर्मत तथा सुधार दस्तुरलाई खारेज गरी र पेट्रोल र डिजेलमा अन्तःशुल्क लाग्ने व्यवस्था गरिनुपर्दछ ।

### ३.३.१४ टिकट दस्तुर

सामान्यतया सम्पत्ति हस्तान्तरणसँग सम्बन्धित कानुनी कागजातमा स्ट्याम्प ड्युटी लगाइन्छ । सेक्युरिटी, पेटेन्ट, प्रतिलिपि अधिकार आदिमा स्ट्याम्प ड्युटी लगाइन्छ । विनिमयपत्र, लेनदेनपत्र, चेक, बिमा पोलिसी, प्रतीतपत्र, विवाहको लाइसेन्स आदिका साथै स्टक, सेयर तथा सम्पत्तिको कारोबारसम्बन्धी कागजातमा स्ट्याम्प ड्युटी लगाइन्छ। नेपालमा यो कर आय टिकट दस्तुर ऐन, २०१९ अन्तर्गत लेनदेनको तमसुक, टिप्पन, वहाल कवुलियत, गैरसंस्थागत कृषिजन्य वस्तुबाहेक बिक्रीनामाको कागजात, शेयर डिबेन्चर स्टकको खरीद-बिक्रीसम्बन्धी कागजात, विनिमयपत्र र प्रतिज्ञापत्र, वीमा लेखसम्बन्धी कागजात र घर, पसल, हल, होटेल र कोठाको बहाल वुझेको भरपाईजस्ता कागजपत्रमा लाग्ने व्यवस्था छ ।

यो कर केन्द्रीय तथा प्रादेशिक/स्थानीय तहमा लगाउन सकिने भएता पनि अस्ट्रेलिया, दक्षिणी सुडान र अमेरिकाजस्ता संघीय देशहरूमा प्रादेशिक सरकारले स्ट्याम्प ड्युटी उठाउने गर्छन् ।

**सुझाव**

नेपालमा स्ट्याम्प ड्युटी प्रादेशिक सरकारका लागि आरक्षित गरिनुपर्छ । वाणिज्य र व्यापारमा हुन सक्ने कर प्रेरित विकृतिबाट बच्न विभिन्न प्रादेशिक सरकारले उठाउने स्टाम्प ड्युटीको दरलाई समान बनाउनुपर्छ ।

### ३.३.१५ घर जग्गा रजिस्ट्रेशन दस्तुर

जग्गा तथा भवन जस्ता सम्पत्तिको स्वामित्व हस्तान्तरणमा घर-जग्गा रजिस्ट्रेशन दस्तुर लाग्छ । मुलुकमा वि.सं. २०७२ साल वैशाख महिनामा श्रृंखलावद्ध रुपमा आएको महामहाभूकम्पले भूउपयोग योजना र भवन निर्माण संहितातर्फ सचेत तथा सजग हुनुपर्ने तथ्य स्पष्ट गरेको छ। यस सन्दर्भमा उपयुक्त किसिमको भूउपयोग योजना, नीति, ऐन, नियम तथा मार्गनिर्देशन द्रुत रुपमा तयार गरी त्यसलाई कडाइका साथ कार्यान्वयन गरिनुपर्दछ र घर जग्गा रजिट्रेसन दस्तुरलाई पनि यही मार्गतर्फ डोऱ्याइनु पर्दछ ।

**सुझाव**

घर-जग्गा रजिस्ट्रेशन दस्तुर त्यस्तो तहको सरकारको अधिकारभित्र पर्नुपर्छ जसलाई जमिन, भवनजस्ता सम्पत्तिको स्वामित्वको अभिलेख राख्ने अधिकार हुन्छ ।

### ३.३.१६ शिक्षा सेवा शुल्क

निजी क्षेत्रबाट सञ्चालित देशभरिका उच्च माध्यमिक शिक्षाभन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्था, काठमाडौं उपत्यकाभित्र तथा उपमहानगरपालिका, नगरपालिका र जिल्ला सदरमुकाम तथा आन्तरिक राजस्व विभागले तोकेको स्थानमा संचालित शिक्षण संस्थाहरूको हकमा सबै तहको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूमाथि शिक्षा सेवा शुल्क लाग्दछ । यो कर भर्ना शुल्क र मासिक शिक्षण शुल्कको १% का दरले लाग्ने व्यवस्था छ ।

**सुझाव**

शिक्षा शुल्क प्रादेशिक सरकारको लागि आरक्षित गरिनुपर्दछ ।

### ३.३.१७ जुवा र चिठ्ठामाथि कर/क्यासिनो रोयल्टी

यी कर संयोग वा मौकाको खेल (Game of Chance) मा लगाइन्छ । चिठ्ठा कम्पनी, जुवाका मेसिन सञ्चालकबाट यस्तो कर उठाइन्छ । हाल क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति तथा निकायले क्यासिनो सञ्चालन गरेवापत वार्षिक तीन करोड रुपैयाँ रोयल्टी तिर्नुपर्ने व्यवस्था छ । तर, आधुनिक मेसिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको लागि वार्षिक दुई करोड रुपैयाँ रोयल्टी लाग्दछ ।

**सुझाव**

यस्ता व्यवसाय दर्ता प्रक्रियालाई केन्द्रीय स्तरमा नियमन हुने गरी सो व्यवसायमा लाग्ने कर भने प्रान्तीय सरकारका लागि आरक्षित गरिनुपर्छ ।

### ३.३.१८ पूर्वानुमानित कर

आय करलाई सामान्य किसिमले लगाउन नसक्ने क्षेत्र वा व्यवसायमाथि पूर्वानुमानित कर (Presumptive Tax) लगाइन्छ । हाल नेपालमा यस्तो कर वार्षिक कारोबार रु. २,०००,००० सम्म वा रु. २००,००० सम्म करयोग्य आय भएका ससाना व्यवसायमाथि लाग्दछ ।

**सुझाव**

संघात्मक व्यवस्थामा पूर्वानुमानित कर प्रादेशिक सरकारको लागि आरक्षित गरिनुपर्दछ ।

## ३.३.१९ सम्पत्ति कर

सम्पत्तिमा आधारित करले स्थानीय करका सिद्धान्त पूरा गर्ने भएकाले यिनलाई राम्रो स्थानीय कर मानिन्छन् । उदाहरणका लागि, यी करहरू स्वायत्तताको सिद्धान्तसँग मेल खान्छन् । स्थानीय सरकारसँग यथेष्ट राजस्व उठाउन पर्याप्त वित्तीय स्वायत्तता हुनुपर्छ भनेर स्वायत्तताको सिद्धान्तले वकालत गर्छ । यस्तो अवस्थामा मात्र उसले आफ्नो क्षेत्रका मानिसका आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्न सक्छ । स्थानीय सरकारले केन्द्रीय वित्तीय नीतिसँग असंगत हुने कर नीति अंगीकार गर्न सक्दैन । तथापि, उसले स्थानीय करका केही पक्षमा समायोजन गर्ने अधिकार पाउनुपर्छ । जस्तो, स्थानीय परिस्थितिअनुसार करको दर निर्धारण गर्ने अधिकार स्थानीय सरकारसँग हुनुपर्छ। सम्पत्ति करले स्वायत्तताको सिद्धान्त पालना गर्छ । किनभने, यी करका दर तथा आधारमा फेरबदल हुँदा अर्थतन्त्रमा असर पर्ने कम सम्भावना रहन्छ । अर्थात्, स्थानीय सरकार हरूबीच सम्पत्ति करका आधार र दरको विभेदन उल्लेख्य रुपमा ठूलो नहुन्जेल सम्पत्ति करमा हुने विभेदनका कारण स्रोत अन्यत्र मोडिने सम्भावना हुँदैन । जबकि आय तथा वस्तु करमा यही खालको फेरबदल हुने हो भने अर्थतन्त्र धेरै प्रभावित हुन सक्छ ।

सम्पत्ति कर स्थानीय करका जवाफदेहीको सिद्धान्तसँग पनि मेल खान्छ । यस सिद्धान्तले स्थानीय कर प्रणालीले स्थानीय सरकारको जवाफदेहिता प्रवर्द्धन गर्नुपर्ने वकालत गर्छ । यसो हुनका लागि मतदाताहरू आफ्नो कर दायित्वबारे सचेत हुनुपर्छ । करदातालाई आफूले तिरेको करका बारेमा जानकारी भएपछि उनीहरू स्थानीय सरकारको खर्चप्रति अभिरुचि राख्दछन् । स्थानीय निकायले गर्न सक्ने दुरुपयोगविरुद्ध आवाज उठाउन सक्छन् जसले स्थानीय निकायद्वारा हुन सक्ने स्रोतको दुरुपयोगलाई रोक्न सक्छ । सम्पत्ति करले पारदर्शितामार्फत् उच्च जवाफदेहीता प्रदान गर्नुपर्छ । यो कर घर-जग्गा धनीले वर्षेनी तिर्नुपर्छ र कति तिरेको भनेर सोझै थाहा हुन्छ । यस्तो स्थिति वस्तुगत कर (अप्रत्यक्ष कर) मा देखा पर्दैन ।

स्थानीय करको आधार गतिशील हुनु हुँदैन र स्थानीय करको भार स्थानीय क्षेत्रमा सीमित हुनुपर्छ । गैरआवासीय नागरिकमाथि कर लगाउनबाट स्थानीय सरकारलाई निषेध गर्नुपर्छ । सम्पत्ति करको आधार स्थानीयकृत हुन्छ र यो स्थानीय सरकारको क्षेत्राधिकारबीच कम चलायमान हुन्छ । खास सम्पत्तिमाथि कर लगाउन कुन स्थानीय सरकार हकदार हुन्छ भन्ने प्रायः प्रस्ट हुन्छ । यसैले सम्पत्ति करलाई स्थानीय अधिकारीले सजिलै नियन्त्रण गर्न सक्छन् ।

स्थानीय कर प्रणालीको उद्देश्य स्थानीय सरकारका लागि राजस्वको स्रोत प्रदान गर्नु हो । सम्पत्ति करले यो आवश्यकता पूरा गर्छ किनभने हरेक स्थानीय सरकारको क्षेत्राधिकारमा जमिन र भवन हुन्छन् । चक्रीय रूपले स्थिर हुने हुँदा सम्पत्ति करले स्थानीय सरकारलाई निर्वाध रुपमा राजस्व प्रदान गर्दछ । स्थानीय सरकारको राजस्वमा उतारचढाव आएमा र आयका लागि ठूलो मात्रामा माथिल्लो स्तरका सरकारमाथि निर्भर रहनु परेमा स्थानीय सरकार कमजोर हुन्छन् । सम्पत्ति करले स्थानीय सरकारलाई कमजोर हुनबाट बचाउँछ । साथै, सम्पत्ति करले स्थानीय बासिन्दालाई स्थानीय सरकारका गतिविधिमा अभिरुचि जगाउने अपेक्षा गरिन्छ । यसले स्थानीय विकासका गतिविधिमा जनतालाई सहभागी गराउँछ र लोकतन्त्रको प्रवर्द्धनसमेत गर्दछ ।

## सुझाव

विद्यमान एकात्मक प्रणालीअन्तर्गत नेपालमा सम्पत्ति कर स्थानीय तहमा उठाइने गरिन्छ । संघीय प्रणालीमा पनि यही व्यवस्था हुनुपर्छ । यस उद्देश्यका निम्ति राज्य तहमा एउटा नमुना कर कानुन बनाउनु आवश्यक छ । त्यो कानुनले स्थानीय करका आधारभूत संरचना र सञ्चालन निर्देश गर्नेछ । र, त्यस ढाँचाअन्तर्गत रहेर हरेक स्थानीय सरकारले कर समायोजनका साथै स्थानीय परिस्थिति अनुसार कर लागू गर्न सक्नेछ ।

मालपोत लगाउने अधिकार स्थानीय निकायमा सार्दा राम्रो तयारी नभएको, समन्वय नभएको, अन्तरिम व्यवस्था नभएको जस्ता कारणले व्यावहारिक समस्या देखापरेको थियो । हाल जग्गाको विवरण र नापीको नक्शा राख्ने कार्य केन्द्रले गर्ने गरेको, रजिस्ट्रेशन दस्तुर केन्द्रले उठाउने राजस्व केन्द्र र जिल्ला विकास समितिबीच बाँडिने तथा मालपोत गाउँ विकास समिति तथा नगरपालिकाले उठाउने व्यवस्था छ । यसमा समन्वय कायम गरी करका दरलाई सरल बनाउनुपर्ने र राजस्व विभाजन गर्ने व्यवस्थालाई पनि सरल बनाइनुपर्ने हुन्छ ।

सम्पत्ति करको आधार स्थिर हुन्छ । करको कारणले घर-जग्गालाई एक स्थानीय निकायको क्षेत्रबाट अर्को स्थानीय निकायको क्षेत्रमा सार्न सकिँदैन । घर-जग्गा कहाँ अवस्थित छ भन्ने कुरा सहजै थाहा हुन्छ । घर-जग्गाको मूल्य परिवर्तन भैरहने हुँदा मूल्यांकनको भने समस्या हुन्छ । तैपनि माथिल्लो तहका सरकारलाई भन्दा स्थानीय सरकारलाई मूल्यको बारेमा बढी जानकारी हुन्छ । यसलाई व्यवस्थित गर्न विस्तारै कारोबार मूल्य (Transaction Value) मा जानुपर्दछ । घर-जग्गाको मूल्यको बारेमा सूचना प्रवाह हुने व्यवस्था हुनुपर्दछ । यसैगरी घर-जग्गाको विवरण अद्यावधिक राख्नुपर्दछ । सबैभन्दा बढी

प्राथमिकता कर संकलन तथा कार्यान्वयनलाई दिइनुपर्दछ। करसम्बन्धी सूचना संकलन गरिनुपर्दछ । कर बिजक (Tax Invoice) पठाउने र समयमा संकलन गर्ने व्यवस्था हुनुपर्दछ । यो कर राजनीतिक हिसाबले कम आकर्षक हुने भएकोले स्थानीय निकायले यसलाई प्रभावकारी रुपमा लागू गरेका छैनन् । यसलाई अनिवार्य रुपमा लागू गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ। करका उच्चतम र न्यूनतम दरको सीमा तोकिनुपर्दछ। त्यसमा ठूलो खाडल हुनु हुँदैन ।

### ३.३.२० घर वहाल कर

घर वहाल कर केन्द्रमा आय करअन्तर्गत लगाउने व्यवस्था छ। यसैगरी महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकालाई पनि घर वहाल कर लगाउने अधिकार छ। यसरी घर वहालमा आय कर दोहोरो लाग्न गएको छ ।

#### सुझाव

संघीय नेपालमा घर वहाल कर केन्द्रीय सरकारले उठाउने, यस करको संकलनमा स्थानीय निकायलाई संलग्न गराउने र संकलित राजस्वको निश्चित प्रतिशत स्थानीय निकायलाई प्रदान गर्ने व्यवस्था गर्नुपर्दछ।

### ३.३.२१ मनोरञ्जन कर

गाउँ विकास क्षेत्रमा रहेको स्वीकृत सिनेमाहल, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल जस्ता मनोरञ्जन स्थलमा मनोरञ्जन कर लगाउन सकिने व्यवस्था छ । मनोरञ्जन करलाई पनि उपयुक्त स्थानीय कर मानिन्छ । मनोरञ्जन र सोसम्बन्धी संस्थाको अनुगमन गर्नका निम्ति स्थानीय सरकार बढी प्रभावकारी हुन्छन् । त्यसैले यो कर स्थानीय सरकारका लागि आरक्षित गर्नुपर्छ। मनोरञ्जन कर र व्यावसायिक भिडियो कर एउटै प्रकृतिका कर भएकाले एउटैमा गाभिनुपर्दछ।

### ३.३.२२ व्यावसायिक भिडियो कर

माथि उल्लेख गरिएअनुसार यस करलाई मनोरञ्जन करमा गाभिनु पर्दछ।

### ३.३.२३ विज्ञापन कर

गाउँ विकास समिति तथा नगरपालिकाले सार्वजनिक स्थानमा राखिएका विज्ञापन वा साइनबोर्डमा विज्ञापन कर लगाउने व्यवस्था छ । संघीय व्यवस्थामा तल्लो तहका

सरकारले पूर्वानुमानित कर लगाएपछि व्यवसाय करलाई पूर्वानुमानित करमा समायोजन गर्नुपर्दछ ।

### ३.३.२४ व्यवसाय कर

नगरपालिका तथा गाउँ विकास समितिले आफ्नो क्षेत्रभित्र तोकिएको उद्योग, व्यापार, व्यवसाय वा पेशामा व्यवसाय कर लगाउन सक्ने व्यवस्था छ । यस व्यवस्थालाई संघीय व्यवस्थामा पनि कायमै राख्नुपर्दछ ।

### ३.३.२५ बहाल बिटौरी कर

गाउँ विकास क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा चलन गरेको हाट-बजार, ऐलानी जग्गा वा बाटोको छेउका भाडामा दिएका अस्थायी पसलमा गाउँ विकास समितिले बहाल बिटौरी कर लगाउन सक्ने व्यवस्था छ । यसलाई संघीय व्यवस्थामा व्यवसाय करको अंगको रुपमा पनि गाउँ विकास समितिले लगाउनुपर्दछ ।

### ३.३.२६ रिक्सा, टाँगा, एक्का, बयलगाडा डुङ्गा, केबलकार कर

स्थानीय निकायले रिक्सा, टाँगा, एक्का, बयलगाडा डुङ्गा, केबलकार आदिमा कर लगाउन सक्ने व्यवस्थालाई कायमै राखिनुपर्दछ ।

### ३.३.२७ जनावरमाथि कर

जनावरमाथि लगाइने कर स्थानीय निकायको अधिकारक्षेत्रभित्र राखिनुपर्दछ ।

### ३.३.२८ पार्किङ शुल्क

गाउँ विकास समिति तथा नगरपालिकाले आफूले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ शुल्क लगाउन सक्ने व्यवस्था छ । यस व्यवस्थाले संघीय प्रणालीअन्तर्गत पनि निरन्तरता पाउनुपर्दछ ।

### ३.३.२९ सेवा शुल्क

स्थानीय वित्तको पहिलो नियम 'जहाँ सम्भव हुन्छ, त्यहाँ शुल्क उठाऊ' हुनुपर्छ । प्रत्यक्ष लाभकर्ता (Beneficiary) माथि लगाइएको शुल्क प्रभावकारी मानिन्छ । संघीय

नेपालमा सबै तहका सरकारलाई यो शुल्क उठाउने अधिकार दिइनुपर्दछ। यस्ता शुल्कमा फोहरमैला संकलन, पार्किङ, सडक, सिंचाइ, म्युजियम र पार्क प्रवेश शुल्क पर्दछन् जहाँ उपभोक्ताको पहिचान हुन्छ र सेवा शुल्क लगाउन सकिन्छ।

## ३.४ प्रादेशिक/स्थानीय तहमा राजस्व संकलनका विधि

करारोपणको सन्निकटताको सिद्धान्तअनुसार कुनै कर सरकारको सबभन्दा तल्लो तहबाट प्रभावकारी ढंगले संकलन हुन सक्छ भने त्यस्तो करको जिम्मेवारी त्यही तहलाई दिनुपर्छ। वित्तीय विकेन्द्रीकरणको सिद्धान्तले प्रादेशिक/स्थानीय सरकारको आफूअन्तर्गतका करमाथि करको आधार, दर र प्रशासन सम्बन्धमा उनीहरूकै नियन्त्रण हुनुपर्ने पक्षमा वकालत गर्दछ। कराधिकारसम्बन्धी नियमले कुनै निश्चित कर प्रादेशिक/स्थानीय तहमा लगाउने सम्बन्धमा मार्गनिर्देश गर्दछ। यसो भएता पनि कुनै निश्चित कर देहायमा उल्लेख गरिएबमोजिम एक स्वतन्त्र करको रुपमा, एउटा राष्ट्रव्यापी करको रुपमा, केन्द्रीय करमाथि सरचार्ज वा अतिरिक्त करको रुपमा वा सहभाजित करको रुपमा संकलन गर्न सकिन्छ।

### ३.४.१ स्वतन्त्र करहरू (Independent Taxes)

प्रादेशिक/स्थानीय तहका सरकारद्वारा पूर्ण रुपले नियन्त्रण हुने करहरूलाई प्रादेशिक/स्थानीय तहका स्वतन्त्र करको रुपमा लिइन्छ। यस्ता करको आधार, दर र प्रशासन पूर्ण रुपले प्रादेशिक/स्थानीय सरकारद्वारा निर्धारित र नियन्त्रित हुनुको साथै संकलित राजस्व पनि पूर्ण रुपले आफैंसँग राखी उपयोग गर्न पाउँछन्। स्वतन्त्र करले स्वायत्ततालाई अभिवृद्धि गर्दछ किनकि यस्ता करको संरचनालाई प्रादेशिक/स्थानीय सरकारद्वारा स्थानीय आवश्यकताअनुसार समायोजन गर्न सक्छन्। स्वतन्त्र करहरू पूर्ण रुपले प्रादेशिक/स्थानीय सरकारद्वारा नियन्त्रित हुने हुनाले यस्ता करको सफलता वा असफलताको लागि उनीहरू नै जवाफदेही हुन्छन्। प्रादेशिक कर कार्यालयसँग करदाताको सिधा र प्रत्यक्ष सम्पर्क एवं सम्बन्ध हुने भएकोले उनीहरू सम्भवतः बढी जवाफदेही हुनुपर्छ। यसबाहेक, आफ्नो क्षेत्रमा के कस्ता आर्थिक गतिविधि भैरहेका छन्, कसले कसरी र कस्तोखालको व्यापार, व्यवसाय गरिरहेको छ भन्ने सम्बन्धमा स्थानीय सरकारलाई नै बढी जानकारी हुने हुनाले ससाना व्यापार, व्यवसायलाई पनि करको दायरामा ल्याउन सकिन्छ। प्रादेशिक/स्थानीय सरकारद्वारा लगाइने स्वतन्त्र करहरूको कार्यान्वयनबाट स्थानीय सरकारको कोषमा निरन्तर रुपले राजस्वको प्रवाह पनि हुन

जान्छ। तर, स्वतन्त्र करको प्रशासन भने महँगो हुन जान्छ किनकि हरेक प्रादेशिक/स्थानीय सरकारले आफ्नो कर संकलन र सोको प्रशासनको लागि छुट्टै प्रशासनिक संयन्त्रको व्यवस्था गर्नुपर्ने हुन्छ । यति मात्र होइन, प्रादेशिक/स्थानीय सरकारको लागि सुयोग्य जनशक्तिको पनि अभाव हुन सक्छ र केन्द्रीय कर प्रशासनको जस्तो उत्पादनशीलता पनि हासिल नहुन सक्छ । साथै यस्ता करहरूले करदाताको कर सहभागिता लागत पनि बढाइदिन्छ, किनकि करदाताले केन्द्रीय र स्थानीय तह गरी दुई तहका कर प्रशासनसँग सम्बन्ध राख्नुपर्छ । अझ एउटै करदाताको व्यापार-व्यवसाय विभिन्न तहका सरकारको कार्यक्षेत्रअन्तर्गत संचालित भएको अवस्थामा त विभिन्न सरकारका करसम्बन्धी छुट्टाछुट्टै नीति, ऐन-नियम र विधि तथा प्रक्रिया पूरा गर्नुपर्दा त्यस्ता करदाताको व्यवसायको सञ्चालन लागत र कर सहभागिता लागत अझै बढेर जान्छ । हरेक प्रादेशिक/स्थानीय सरकारको करसम्बन्धी संरचना आआफ्नै किसिमको हुने हुनाले स्वतन्त्र करहरूले प्रादेशिक/स्थानीय सरकारबीच अस्वस्थ प्रतिस्पर्धाको स्थिति सृजना गर्न सक्ने, यसबाट बढी करको दर भएको राज्यबाट घटी करको दर भएको राज्यमा व्यापार, व्यवसाय तथा लगानी सर्ने सम्भावना भएकोले साधनको प्रयोग र वितरणमा समेत विकृति सृजना हुन जान्छ ।

**सुझाव**

- संघीय व्यवस्थामा टिकट दस्तुर, जुवा चिठ्ठामाथि कर, क्यासिनो रोयाल्टी, शिक्षा सेवा कर घर-जग्गा कर, मालपोत/भूमि कर, मनोरञ्जन कर, विज्ञापन कर, डुङ्गा, केबलकार सञ्चालनमा लाग्ने कर, बयल गाडा, टांगा, र जनावरमाथि कर, पार्किङ शुल्कर सेवा शुल्कहरूलाई प्रादेशिक वा स्थानीय तहमा स्वतन्त्र करका रुपमा लगाउनुपर्दछ ।

## ३.४.२. केन्द्रद्वारा प्रशासित करहरू (Centrally Administered Taxes)

प्रादेशिक/स्थानीय तहमा लगाइने करहरू ती करको आधार र दरहरू प्रादेशिक/स्थानीय सरकारद्वारा नियन्त्रित हुने गरी राष्ट्रिय कर प्रशासनद्वारा कार्यान्वयन र प्रशासन गर्न पनि सकिन्छ । उदाहरणको रुपमा क्यानडामा व्यक्तिगत र संस्थागत आय करमा प्रान्तीय सरकारबाट लगाइएको अतिरिक्त कर क्रमशः क्युबेक र अल्बर्टा प्रान्तको लागि बाहेक अन्य प्रान्तको लागि केन्द्रीय कर प्रशासनबाट नै संकलन हुने गर्दछ । साथै, क्यानडामा अधिकांश प्रान्तीय सरकारको Harmonized Sales Tax पनि केन्द्रीय कर प्रशासनबाट नै संकलन हुने व्यवस्था रहेको छ। तैपनि, केन्द्रीय कर प्रशासनसँग प्रादेशिक/स्थानीय सरकार

हरूसँग जस्तो तल्लो तहमा भैरहेका आर्थिक तथा व्यापारिक गतिविधिको सम्बन्धमा पर्याप्त जानकारी नहुने हुँदा प्रादेशिक/स्थानीय सरकारको कर प्रशासनले केन्द्रीय कर प्रशासनलाई जानकारी उपलब्ध गराएर कराधार वृद्धि गर्न सहयोग गर्न सक्छ।

प्रादेशिक/स्थानीय तहमा लगाइने करहरूको प्रशासन केन्द्रीय कर प्रशासनबाट हुँदा कर प्रशासनको सञ्चालन लागत कम हुनुको साथै देशभरि एउटै किसिमका विधि तथा प्रक्रियाहरूको अवलम्बन लगायतका विभिन्न फाइदा हुन्छन्। यो स्थानीय कर प्रशासन र करदाताको लागि पनि आर्थिक रुपले मितव्ययी हुन्छ। तथापि, यसले कर अधिकृतहरूमा स्थानीय तहका सरकारको क्षेत्राधिकारबाट समेत केन्द्र सरकारको लागि राजस्व संकलन गर्ने बानी विकास र विस्तार हुन सक्छ। यसको अलवा यसले केन्द्र र प्रादेशिक/स्थानीय तहका सरकारबीच तथा प्रादेशिक/स्थानीय सरकारबीचमा पनि आपसी अविश्वास सृजना गराउन सक्छ।

**सुझाव**

संघीय व्यवस्था अन्तर्गत प्रादेशिक सरकारको पूर्वानुमानित करको प्रशासन केन्द्रीय सरकारले गर्नुपर्दछ।

## ३.४.३. केन्द्रीय कर वा कर आधारमाथि अतिरिक्त कर (Piggy-backing)

प्रादेशिक/स्थानीय तहमा लगाइने करहरू केन्द्रीय कर वा कर आधारमाथि अतिरिक्त करको रुपमा पनि लगाउन सकिन्छ। यसरी कर लगाउने कार्य निम्न दुई तरिकाले गर्न सकिन्छ :

- प्रादेशिक/स्थानीय तहको सरकारले केन्द्रीय कर कानुनले कर लगाउन निश्चित गरेको कर आधारमाथि अतिरिक्त कर लगाउन सक्छ, जसलाई कराधारमा लाग्ने अतिरिक्त करको रुपमा बुझिन्छ।
- प्रादेशिक/स्थानीय तहको सरकारले केन्द्रीय कर कानुनले निर्धारण गर्ने कर रकममाथि अतिरिक्त कर लगाउन सक्छ जसलाई करमाथिको करको रुपमा बुझिन्छ।

माथिका जुनसुकै अवस्थामा पनि करको आधार केन्द्रीय सरकारद्वारा निश्चित गरिने हुंदा प्रादेशिक/स्थानीय तहको सरकारको कर आधारमाथि नियन्त्रण हुँदैन। तथापि, केन्द्रीय सरकारले तय गरेको सीमाभित्र वा सीमारहित हिसाबले अतिरिक्त करको दर तोक्ने

अधिकार भने प्रादेशिक/स्थानीय तहको सरकारमा नै अन्तर्निहित हुन्छ। यस्तो व्यवस्थाले प्रादेशिक/स्थानीय तहको सरकारको स्वायत्तताको सिद्धान्तलाई केही हदसम्म आत्मसात् गर्दछ, किनकि यसमा प्रादेशिक/स्थानीय तहको सरकारले स्थानीय अवस्थाअनुसार अतिरिक्त करका दर समायोजन वा घटबढ गर्नसक्छ । प्रादेशिक/स्थानीय तहको सरकारले अतिरिक्त करका दर तोक्न पाउने व्यवस्थाले उनीहरू बढी जवाफदेही हुन पनि बाध्य हुन्छन्, किनकि तिरिएको अतिरिक्त करको सदुपयोग नभएमा स्थानीय स्तरबाटै त्यसविरुद्ध आवाज उठ्न जान्छ । तर यसबाट व्यापार, व्यवसाय तथा लगानीलाई आफ्नो राज्य वा क्षेत्रमा आकर्षित गर्न वा सर्न प्रेरित गर्ने उद्देश्यले प्रादेशिक/स्थानीय तहका सरकारबीच करको दर घटाउने अस्वस्थ प्रतिस्पर्धाको स्थिति सृजना हुन जाने सम्भावना पनि रहन्छ। अन्ततोगत्वा शून्य आधारमा गएर टुङ्गिने सम्भावना रहने यस्तो प्रतिस्पर्धाबाट प्रदेशहरूको राजस्व गुम्ने र स्रोतको वितरणमा असन्तुलन र विकृति सृजना हुन जान्छ। यसले गर्दा प्रादेशिक/स्थानीय तहका सरकारहरूले लगाउन सक्ने अतिरिक्त करका दरको न्यूनतम र अधिकतम सीमा निश्चित गर्न आवश्यक हुन्छ।

अतिरिक्त कर प्रादेशिक/स्थानीय कर प्रशासन तथा करदाता दुवैको लागि प्रशासनिक रुपले समेत सरल र सजिलो हुन्छ । प्रादेशिक/स्थानीय तहको कर प्रशासनलाई यस्तो अतिरिक्त कर संकलन गर्न खासै मिहिनेत गर्न पर्दैन र करदाताहरूलाई पनि दुई फरक करको अनुपालन गर्न पर्दैन, न त उनीहरूलाई दुई फरक करको बारेमा छुट्टाछुट्टै जानकारी राख्न वा दुई फरक करका भिन्नभिन्न प्रावधानको आधारमा छुट्टाछुट्टै करको गणना गर्नु नै पर्दछ । प्रादेशिक/स्थानीय तहको सरकारबाट लगाइएको अतिरिक्त कर गणना गर्न र कर तिर्न छुट्टै कर विवरण भरी पेश गर्न पनि आवश्यक हुँदैन । केन्द्र सरकारलाई तिर्नुपर्ने करको गणना गर्ने कर विवरणमा नै प्रादेशिक सरकारलाई तिर्नुपर्ने अतिरिक्त करको समेत गणना गरी केन्द्रीय करसँग नै दाखिला गर्ने व्यवस्था हुन्छ। केन्द्रीय कर प्रशासनले नै अतिरिक्त कर समेत संकलन गरी प्रादेशिक सरकारलाई हस्तान्तरण गर्दछ। यसबाट करदाताको कर सहभागिता लागतसमेत कम हुनजान्छ। तथापि, उपल्लो तहको सरकारले संकलन गरेको राजस्व सहजै तल्लो तहको सरकारलाई हस्तान्तरण गर्न नसक्ने जोखिम भने यसमा रहन्छ। करदाताले प्रादेशिक सरकारलाई बुझाउनुपर्ने अतिरिक्त कर सिधै प्रादेशिक सरकारको राजस्व खातामा नै दाखिला गर्ने व्यवस्था गरेर यस्तो खालको सम्भावनाको निराकरण गर्न सकिन्छ। यसबाहेक केन्द्रीय कर प्रशासनका अधिकारीहरू प्रादेशिक/स्थानीय तहका सरकारले लगाएको अतिरिक्त करको प्रभावकारी कार्यान्वयन गर्न त्यति जागरुक नहुन पनि सक्दछन् । केन्द्रीय र प्रादेशिक/स्थानीय कर प्रशासनका

अधिकारीहरूबीच अविश्वासको अवस्था पनि सृजना हुनसक्छ। प्रादेशिक/स्थानीय स्तरको सरकारबाट लगाइएको अतिरिक्त करको संकलन तथा वितरण प्रक्रियाको अनुगमन गर्न र केन्द्रीय तथा प्रादेशिक सरकारका कर प्रशासकहरूबीचको अविश्वास हटाउन वा कम गर्न केन्द्र र प्रादेशिक/स्थानीय सरकारबीच एउटा संयुक्त समिति स्थापना गरेर यस्तो अवस्थालाई निराकरण गर्न सकिन्छ ।

अब प्रश्न उठ्छ कि, प्रादेशिक/स्थानीय तहमा कुनकुन कर वा आयमाथि अतिरिक्त कर लगाउन/संकलन गर्न सकिन्छ ? भन्सार महशुल, संस्थागत आय कर, मूल्य अभिवृद्धि कर तथा अन्तशुल्क मूलतः केन्दीय कर भएकोले यिनीहरूमाथि प्रादेशिक/स्थानीय तहका सरकारले अतिरिक्त कर लगाएर राजस्व संकलन गर्न उपयुक्त हुँदैन । भन्सार महशुल आयात वा निर्यातमा लगाइने भएकोले यसमाथि प्रादेशिक/स्थानीय तहको सरकारले कुनै पनि रुपको अतिरिक्त कर लगाउन सक्ने अवस्था नै हुँदैन । विश्वमा कहीं पनि भन्सार महशुलमाथि प्रादेशिक/स्थानीय तहको सरकारले अतिरिक्त कर लगाएको उदाहरण पाइँदैन । संस्थागत आय कर निकायको नाफामा लाग्ने कर हो र यो कर कम्पनीको प्रधान कार्यालयबाट संकलन गरिन्छ। यसको अर्थ केन्द्र सरकारले संकलन गर्ने संस्थागत आय करमाथि प्रादेशिक/स्थानीय तहको सरकारले अतिरिक्त कर लगाउन त्यति सजिलो हुँदैन किनकि एउटै कम्पनीका शाखा-प्रशाखा विभिन्न राज्यमा फैलिएका वा संचालित हुन्छन् । मूल्य अभिवृद्धि कर पनि मूलतः केन्द्रीय कर हो । यो करको कराधार अलि बढी स्थिर हुने भएकोले प्रादेशिक सरकारद्वारा केन्द्र सरकारले संकलन गर्ने मूल्य अभिवृद्धि करमा अतिरिक्त लगाउन सकिने तर्क गरेको पनि पाइन्छ। तर, यसमा पनि बाँडफाँडको समस्या हुन जान्छ, किनकि कर कट्टी दाबी र करको दायित्व फरकफरक क्षेत्राधिकारमा पर्न सक्छ । कुनै निर्विवाद र सबैलाई मान्य हुने सूत्र प्रयोग गर्न नसकिएमा कर कहाँ भुक्तानी गर्ने वा कसले प्राप्त गर्ने भनी सजिलै व्यवस्था गर्न सकिँदैन। यसबाहेक विभिन्न राज्यमा फरकफरक करका दर अवलम्बन गरिएको अवस्थामा यसबाट मूल्य अभिवृद्धि कर प्रणाली नै विकृत हुन जान्छ। यही मान्यता अन्तःशुल्कको हकमा पनि लागू हुन्छ।

व्यक्तिगत आय करमाथि भने बासिन्दा वा कार्यस्थलको आधारमा प्रादेशिक/स्थानीय तहमा एउटा निश्चित दरमा अतिरिक्त कर लगाउन सम्भव हुन्छ। उदाहरणको रुपमा क्यानडा र संयुक्त राज्य अमेरिकामा राष्ट्रिय स्तरको व्यक्तिगत आय करमाथि प्रादेशिक/राज्य तहका सरकारहरूले अतिरिक्त कर लगाउने गरेको पाइन्छ । यसैगरी क्यानडा र संयुक्त राज्य अमेरिकामा केन्द्रीय स्तरको अन्तःशुल्कमाथि पनि प्रादेशिक/स्थानीय तहका सरकार हरूले अतिरिक्त कर लगाउने गरेको पाइन्छ ।

**सुझावहरू**

यस किसिमको कर लगाउन आयोगको प्रस्ताव हुने छैन ।

### ३.४.४. सहभाजित करहरू

राष्ट्रिय र प्रादेशिक/स्थानीय सरकारहरूले केही करहरू एकआपसमा बाँडफाँड गर्न सक्छन् । यस्तो करलाई सहभाजित कर भनिन्छ । सहभाजित करका दरहरू केन्द्रीय सरकारले तोक्नुको साथै यस्ता करको निर्धारण र संकलन पनि उसैले गर्दछ। सहभाजित करबाट संकलन भएको राजस्वको निश्चित प्रतिशत प्रादेशिक सरकारलाई राजस्व वितरण गर्नका लागि खोलिएको विभाजित पुलमा जम्मा गरिन्छ । एउटा निश्चित सूत्रको आधारमा प्रादेशिक/स्थानीय सरकारको बीचमा सो राजस्व बाँडफाँड गर्न सकिन्छ । सहभाजित करको आधार र दरमा प्रादेशिक/स्थानीय स्तरका सरकारको नियन्त्रण नहुने भएकोले उनीहरूलाई स्थानीय आवश्यकता अनुसार यी करको स्वरुप र संरचनामा समायोजन गर्ने स्वायत्तता हुँदैन । यसबाहेक संकलित राजस्वको ठूलो अंश प्रादेशिक/स्थानीय सरकारलाई जाने अवस्थामा राष्ट्रिय कर प्रशासनका अधिकारीहरू सहभाजित करको प्रभावकारी कार्यान्वयन गर्न पूर्ण समर्पित पनि नहुन सक्छन्। केन्द्रीय सरकारले सहभाजित करहरूबाट संकलन गरेको राजस्व सहजै तल्लो तहको सरकारलाई समय-समयमा पूर्ण वा आंशिक रुपले हस्तान्तरण नगर्ने जोखिम पनि यसमा रहन्छ ।

**सुझाव**

नेपालमा संघीय व्यवस्था अन्तर्गत मूल्य अभिवृद्धि कर र अन्तःशुल्कलाई केन्द्रीय र प्रादेशिक सरकार वीच र रजिस्ट्रेशन दस्तुर र सवारी करलाई प्रादेशिक सरकार र स्थानीय सरकार वीच सहभाजित करको रुपमा लगाउन बढी उपयुक्त हुनेछ ।

### ३.४.५ सहभाजित राजस्व

सहभाजित राजस्व प्रणाली अन्तर्गत केन्द्र सरकारको सम्पूर्ण राजस्व प्रादेशिक/स्थानीय सरकारसँग सहभाजन गर्न सकिन्छ । यस्तो प्रणालीमा राजस्व संकलन केन्द्र सरकारले गर्दछ। संकलित राजस्व पूर्ण वा आंशिक रुपले प्रादेशिक/स्थानीय सरकारसँग सहभाजन गरिन्छ। राजस्वको उत्पत्ति वा प्राप्ति, जनसंख्या, कर उठाउन सक्ने क्षमता वा राजस्वको आवश्यकताजस्ता पक्षलाई ध्यानमा राखी तय गरिएको एउटा निशिचित सूत्रको आधारमा राजस्व बाँडफाँडको व्यवस्था गरिन्छ ।

**सुझाव**

यस्तो राजस्व समीकरणका आधारमा वितरण गरिनुपर्दछ ।

## ३.५. वित्तीय असन्तुलन

माथि उल्लेख गरिए झैं कार्यक्षमता र समताका आधारमा मूल्य अभिवृद्धि कर, आय कर, भन्सार महसुल र अन्तःशुल्क जस्ता प्रमुख कर केन्द्रीय तहमा प्रभावकारी रुपमा संकलन गर्न सकिन्छ । अर्कोतर्फ, थुप्रै महँगा सेवाहरू प्रादेशिक/स्थानीय तहमा प्रभावकारी ढंगले प्रदान गर्न सकिन्छ । साथै, राजस्व सिर्जना र सेवा प्रदान गर्ने क्षमताका दृष्टिले प्रादेशिक/स्थानीय सरकारबीच महत्वपूर्ण अन्तर हुन्छन् । यसको अर्थ हो- विभिन्न तहका सरकारबीच खर्च र राजस्वबीच बेमेल हुन्छ, जसले ऊर्ध्वगामी (ख्भचतष्अबी) र समश्रेणीगत (Horizontal) असन्तुलन निम्त्याउँछ ।

### ३.५.१ ऊर्ध्वगामी असन्तुलन

माथि भनिएझैं अधिकांश प्रमुख कर केन्द्रीय तहमा दक्षतापूर्वक र समानतापूर्वक संकलन गरिन्छन् । जबकि, थुप्रै सेवा प्रादेशिक/स्थानीय तहमा उत्तम ढंगले प्रदान गरिन्छन् । तसर्थ, अधिकांश प्रमुख कर राष्ट्रिय सरकारलाई र व्यय गर्नेउत्तरदायित्व प्रादेशिक/स्थानीय सरकारलाई सुम्पने विश्वव्यापी प्रचलन छ । स्थानीय सरकारले सामाजिक सेवा र खानेपानीजस्ता सेवा प्रदान गर्नुपर्ने आवश्यकता आर्थिक वृद्धि र शहरीकरणसँगै बढ्दै जान्छ । यसरी विभिन्न देशमा सरकारका विभिन्न तहमा सरकारका कार्य जिम्मेवारी र उपलब्ध वित्तबीच अनमेल अवस्था सिर्जना हुन्छ । यसले ऊर्ध्वगामी असन्तुलनको स्थिति सृजना गर्दछ ।

### ३.५.२ समश्रेणीगत असन्तुलन

संसाधन क्षमता र आवश्यकताका दृष्टिले प्रादेशिक/स्थानीय सरकारबीच भिन्नता हुन्छ । उदाहरणका लागि, करका आधारहरू प्रायः राजधानी तथा उद्योग तथा व्यापार बढी भएका शहरी क्षेत्रमा केन्द्रित हुन्छन् । अर्कोतर्फ, ग्रामीण क्षेत्रमा व्यय उत्तरदायित्व उच्च हुन्छ । त्यहाँ आधुनिक सुविधाको अभाव हुन्छ र राजस्वको आधार अत्यन्त सीमित हुन्छ । जनसांख्यिक परिस्थितिका कारणले पनि प्रादेशिक/स्थानीय सरकारबीच व्यय उत्तरदायित्वमा अन्तर हुन्छ । उदाहरणार्थ, बालबालिका र वृद्ध व्यक्ति धेरै भएका स्थानीय निकायमा अन्य क्षेत्रका तुलनामा शिक्षा र स्वास्थ्यमा खर्च गर्नुपर्ने आवश्यकता उच्च हुन सक्छ । त्यसैगरी,

भौगोलिक अवस्थितिका कारण पनि खर्च जिम्मेवारी प्रभावित हुन सक्छ । यी सबै कारक तत्वले समश्रेणीगत असन्तुलनको स्थिति सृजना गर्दछ । आम्दानीको सीमित स्रोत भएका स्थानीय सरकार, त्यसमा पनि ग्रामीण क्षेत्रमा, यो तथ्य अझ बढी लागू हुन्छ ।

उल्लिखित कारणहरूले गर्दा विभिन्न देशमा प्रादेशिक/स्थानीय सरकारबीच राजस्व र खर्चको असन्तुलन हुन्छ । प्रादेशिक/स्थानीय सरकारको राजस्व र खर्चबीचको यो विषमतालाई अन्तर-सरकारी हस्तान्तरणमार्फत् कम गर्न सकिन्छ । यो भनेको अन्य तहका सरकारबाट आर्थिक राशी (फन्डिङ) प्राप्त गर्नु हो । प्रायः माथिल्लो तहको सरकारबाट तल्लो तहको सरकारले फन्डिङ प्राप्त गर्छ । यस्तो हस्तान्तरण माथि उल्लेख गरिए अनुसार राजस्व सहभाजन (Revenue Sharing) का रुपमा र अनुदानस्वरूप हुन सक्छ । अन्तर सकारी हस्तान्तरणको उद्देश्य ऊर्ध्वगामी र समश्रेणीगत वित्तीय असन्तुलनमा सुधार गर्नु मात्रै होइन प्रादेशिक/स्थानीय तहमा सार्वजनिक सेवाको प्रावधानमा क्षेत्राधिकारबीच उपस्थित Spillover (एउटा स्थानीय निकायले प्रदान गरेको सेवा अर्को स्थानीय निकायका बासिन्दाले पाउन सक्ने स्थिति) र Negative Externality (बाह्यता) को क्षतिपूर्ति प्रदान गर्नु र सार्वजनिक वित्तका लायक वस्तु तथा सेवा (Merit Goods) का लागि लगानी गर्नु पनि हस्तान्तरणका उद्देश्य हुन् ।

## ३.६ अनुदान

अनुदानका विभिन्न स्वरूप हुन सक्छन् । यस खण्डमा भने अनुदानलाई चार श्रेणीमा विभाजन गरिएको छ :

- निःशर्त अनुदान
- सशर्त अनुदान
- समीकरण अनुदान
- अन्य अनुदान, जस्तो : मिलान अनुदान, लागत प्रतिपूर्ति (पूरा तथा आंशिक), दाताको अनुदान आदि ।

### ३.६.१ निःशर्त अनुदान

निःशर्त अनुदान (Un-conditional Grants) लाई सामान्य अनुदान वा ब्लक अनुदान पनि भनिन्छ । विना कुनै शर्त उच्च तहको सरकारबाट तल्लो तहको सरकारमा हुने

पैसाको हस्तान्तरण नै निःशर्त अनुदान हो । अनुदान प्राप्त गर्ने सरकारले यसलाई आफ्ना आवश्यकतानुसार प्रयोग गर्न सक्छ । सेवा प्रदानको न्यूनत्तम मापदण्ड वा कुनै कार्यसम्पादन सूचकको अंकुशविना प्राप्त हुने भएकाले यसलाई प्रादेशिक/स्थानीय सरकारले स्थानीय आवश्यकता बमोजिम स्वविवेकमा प्रयोग गर्न सक्छ । यस अर्थमा यस्ता अनुदानले प्रादेशिक/स्थानीय सरकारलाई अनुदानको उपयोग गर्न बढी स्वायत्तता प्रदान गर्छन् ।

### ३.६.२ सशर्त अनुदान

खास उद्देश्यका लागि माथिल्लो तहको सरकारले तल्लो तहको सरकारलाई गर्ने रकमको हस्तान्तरण नै सशर्त अनुदान (Conditional Grants) हो । यसलाई प्राप्त गर्ने सरकारले अन्य उद्देश्यका लागि खर्च गर्न पाउँदैन । अनुदान कसरी प्रयोग गर्ने वा यसको प्रयोगले कस्तो उपलब्धि हासिल गर्ने भन्ने शर्तका अंकुश लगाइएका हुन्छन् । यसरी सशर्त अनुदानको प्रयोगमा केही प्रतिबन्ध समावेश गरिएका हुन्छन् । केन्द्रीय सरकारसँग सहमति भएबमोजिम यस्ता अनुदानलाई केही खास सेवामा प्रयोग गर्नुपर्छ । जस्तो : प्राथमिक स्वास्थ्य सेवा, प्राथमिक शिक्षा आदि । यी अनुदानले न्यूनतम मापदण्ड पालना गरेको हुनुपर्छ । यस्ता अनुदान अर्के क्षेत्राधिकारका बासिन्दाका लागि लाभ सिर्जना गर्ने स्थानीय सेवा सञ्चालन गर्नका लागि पनि प्रदान गरिन्छन् । अंकुशसहित प्राप्त हुने भएकाले सशर्त अनुदानलाई स्थानीय सरकारले स्थानीय आवश्यकतानुसार स्वतन्त्र ढंगले प्रयोग गर्न पाउँदैन । धेरै अंकुशको अर्थ अनुदानको प्रयोगमा प्रादेशिक/स्थानीय सरकारलाई कम स्वायत्तता प्राप्त हुनु हो ।

### ३.६.३ समीकरण अनुदान

माथि उल्लेख गरिएझैं प्रादेशिक/स्थानीय सरकारहरू राजस्व सम्भाव्यता, भौगोलिक अवस्थिति, जनसांख्यिक अवस्था र विकासको तहका आधारमा भिन्न हुन्छन् । यसले उनीहरूबीच राजस्व सिर्जना गर्ने क्षमता र व्यय जिम्मेवारीमा भिन्नता ल्याउँछ । यसलाई समीकरण अनुदान (Equalization Grants) मार्फत् सच्याउन सकिन्छ । यस्ता अनुदान त्यस्ता प्रादेशिक/स्थानीय सरकारलाई प्रदान गरिन्छ, जसको करको आधार औसतभन्दा सानो तर खर्चको आवश्यकता औसतभन्दा माथि हुन्छन् ।

समीकरण अनुदानको उद्देश्य 'तुलनात्मक रुपमा समृद्ध क्षेत्राधिकारबाट गरिब क्षेत्राधिकारतिर कोषलाई पुऱ्याउनु हो । यस्ता हस्तान्तरण प्रायः समीकरण सूत्रमा

आधारित हुन्छन् जसले ‘हरेक प्रान्त, राज्य वा स्थानको’ ‘वित्तीय आवश्यकता’ र ‘वित्तीय क्षमता’लाई मापन गर्छ । उदाहरणार्थ, डेनमार्कमा करको आधार औसतभन्दा माथि र खर्च आवश्यकता औसतभन्दा मुनि भएका नगरपालिकाहरूले समीकरण कोषमा केही रकम तिर्नुपर्छ । कोषको रकमलाई करको आधार औसतभन्दा मुनि र खर्च आवश्यकता औसतभन्दा माथि भएका नगरपालिकालाई पुनर्वितरण गरिन्छ । क्यानडामा करको यथोचित आधारमा सेवाको यथोचित समान तहलाई सहयोग गर्न संविधानमा नै निःशर्त ‘ब्लक’ हस्तान्तरणको व्यवस्था गरिएको छ । कार्यक्रमले समीकरणको आधारका निम्ति राष्ट्रिय औसत मापदण्ड प्रयोग गर्छ । समीकरण हस्तान्तरणको उद्देश्य राज्यहरूलाई आफ्ना क्षेत्राधिकारमा करका दरहरूको समान तहमा सार्वजनिक सेवाका समान तह प्रदान गर्न समर्थ बनाउनु हो । समीकरण अनुदान प्रादेशिक/स्थानीय सरकारबीच करको आधार र खर्च आवश्यकताबीचका अन्तर कम गर्न प्रदान गरिन्छ । यसले प्रादेशिक/स्थानीय सरकारलाई राष्ट्रिय सरकारबाट बढी अनुदान प्राप्त गर्नका लागि आफ्ना करका आधारलाई कम गरेर प्रस्तुत गर्नका लागि हौस्याउन पनि सक्छ ।

### ३.६.४ अन्य अनुदान

अन्य अनुदानमा मिलान अनुदान (Matching Grants), लागत प्रतिपूर्ति अनुदान (Cost Reimbursement Grants), दाताको अनुदान (Donor Provided Grants) आदि पर्छन् । मिलान अनुदान राष्ट्रिय सरकारले प्रादेशिक/स्थानीय सरकारहरूलाई प्रदान गर्छ । प्रादेशिक/स्थानीय तहमा निश्चित गतिविधि सञ्चालनका लागि सहयोग गर्न यो अनुदान प्रदान गरिन्छ । मिलान अनुदानले प्रादेशिक/स्थानीय सरकारलाई बढी राजस्व सिर्जना गर्न सहज बनाउँछ । यद्यपि, यसले समतल असन्तुलनको समस्यालाई झन् खराब बनाउन पनि सक्छ । प्रादेशिक/स्थानीय सरकारले लागत प्रतिपूर्ति अनुदानका रूपमा पनि कोष प्राप्त गर्छन् । निश्चित गतिविधि सञ्चालन गर्न पूरा वा आंशिक प्रतिपूर्ति अनुदान प्रयोग गर्न सकिन्छ । उच्च तहका सरकारबाट बाहेक प्रादेशिक सरकारले कहिलेकाहीं दाताबाट पनि अनुदान प्राप्त गर्छन् ।

### सुझाव

नेपालको संघीय वित्तीय प्रणालीमा पनि अनुदान महत्वपूर्ण तत्व हुनेछ । यसले ऊर्ध्वगामी र वित्तीय असन्तुलनलाई उपयुक्त ढंगले सम्बोधन गर्न सक्ने हिसाबले तर्जुमा गरिनुपर्दछ । यो नियम र वस्तुगत मानदण्डमा आधारित हुनुपर्छ । यसका लागि ‘डाटा बेस’ स्थापना

गर्नुपर्छ र यसलाई सुधार पनि गर्नुपर्छ । अन्तर्राष्ट्रिय अनुभवले के देखाउँछभने निःशर्त अनुदान वितरण गर्ने एउटा महत्वपूर्ण मानदण्ड जनसंख्या (प्रतिव्यक्ति आयमा आधारित) हो भने अनुदानको समीकरण तत्व प्रादेशिक/स्थानीय सरकारको राजस्व उत्पादन क्षमता र खर्च आवश्यकतामा आधारित हुन्छ । असल हस्तान्तरणको अर्को तत्व निर्वाध संक्रमण (Held Harmless) हो, जहाँ प्रादेशिक/स्थानीय सरकारहरू निःशर्त अनुदानको विद्यमान तहमा कमी आउँदैन । स्थानीय सरकारलाई प्रदान गरिने विद्यमान अनुदानमा कुनै परिवर्तन भए यसलाई ध्यान दिइनुपर्छ । सशर्त अनुदान भने सेवा प्रदानमा आधारित हुनुपर्छ ।

## ३.७. संस्थागत व्यवस्था

संघीय प्रणालीमा केन्द्रीय तहका वित्तीय मामिला सामान्यतया केन्द्रीय अर्थ मन्त्रालयले व्यवस्थापन गर्छ भने राज्य तहका वित्तीय मामिला राज्यको अर्थ मन्त्रालयले व्यवस्थापन गर्छ । यसका अतिरिक्त प्रादेशिक/स्थानीय सरकारसँग सम्बन्धित विषय अनुगमन गर्नका लागि केन्द्रीय सरकारको 'लाइन मिनिस्ट्री' हुन्छ । वित्तीय विषयको समीक्षा गर्न र सुधारका उपाय सिफारिस गर्न एउटा वित्तीय आयोग गठन गर्ने प्रचलित अभ्यास पनि छ । संघीय नेपालमा पनि यस प्रकारको वित्तीय संयन्त्र सान्दर्भिक हुनेछ । हाल नेपालमा अर्थ मन्त्रालयले समग्र आर्थिक मामिला हेर्छ भने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय सरकारका गतिविधि अनुगमन गर्छ । स्थानीय सरकारसँग सम्बन्धित वित्तीय मामिलामा सुझाव प्रदान गर्न स्थानीय निकाय वित्तीय आयोग पनि छ ।

विश्वमा वित्तीय आयोग स्थापनासम्बन्धी विभिन्न अभ्यास छन् । केही देशमा संघीय वित्तीय व्यवस्थाको समीक्षा गर्न अस्थायी प्रकृतिको स्वतन्त्र आयोग स्थापना गरिन्छ भने केही देशमा यस्ता आयोग स्थायी संस्थाका रूपमा रहन्छन् । केन्द्रीय तथा प्रादेशिक/स्थानीय सरकारका सदस्यहरू सम्मिलित वित्तीय आयोग बनाउने अभ्यास पनि छ । उदाहरणका लागि, भारतमा प्रत्येक पाँच वर्षमा राष्ट्रपतिले वित्तीय आयोग बनाउँछन् । यसमा अध्यक्ष र चार सदस्य रहन्छन् । कानुनले निर्दिष्ट गरेका योग्यता पुगेका विशिष्ट विज्ञहरूलाई आयोगमा छनोट गरिन्छ । आयोगले केन्द्रीय तथा प्रादेशिक/स्थानीय सरकारको पारस्परिक करबाट राजस्व वितरणमा सिफारिस गर्छ । आयोगले भारतको समाहित कोषबाट केन्द्रबाट राज्य सरकारलाई प्रदान गर्ने सहायता अनुदानको सिद्धान्तअनुसार राजस्व वितरणमा सुझाव दिन्छ । सन् १९५० यता भारतमा १४ वटा वित्तीय आयोग गठन भइसकेका छन् ।

भारतीय संविधानले राज्य स्तरका वित्तीय आयोग गठन गर्ने प्रावधानको पनि व्यवस्था गरेको छ । स्थानीय सरकार (पञ्चायत तथा नगरपालिका) का आर्थिक अवस्थाको समीक्षा गर्न गभर्नरले प्रत्येक पाँच वर्षमा यस्तो आयोग बनाउन सक्छन् । आयोगले गभर्नरलाई विभिन्न सिफारिस गर्छ । राज्य र स्थानीय सरकारले उठाउने कर, शुल्क र महसुलको समग्र प्रक्रिया, स्थानीय सरकारले उठाउने कर, शुल्क वा महसुल निर्धारण, राज्यको समाहित कोषबाट स्थानीय सरकारले पाउने सहायता अनुदान आदि विषयमा आयोगले गभर्नरलाई सिफारिस गर्छ। यसले स्थानीय सरकारको वित्तीय अवस्थामा सुधार गर्न चाल्नुपर्ने कदम पनि सिफारिस गर्छ ।

पाकिस्तानमा राष्ट्रिय वित्तीय आयोग स्थापना गर्ने संवैधानिक व्यवस्था छ । यस्तो आयोगको अवधि पाँच वर्षभन्दा बढी हुँदैन । यसमा संघीय अर्थमन्त्री, प्रान्तीय सरकारका अर्थमन्त्री र राष्ट्रपतिले नियुक्त गरेका व्यक्तिहरू रहन्छन् । संघीय र राज्य सरकारबीच विशिष्टीकृत करहरूको कुल राजस्व वितरण प्रक्रिया, संघीय सरकारले प्रान्तीय सरकारलाई प्रदान गर्ने सहायता अनुदान, संघीय तथा प्रान्तीय सरकारको कर्जा लिने प्रक्रिया आदि विषयमा आयोगले राष्ट्रपतिलाई सिफारिस गर्छ । आर्थिक मामिलासँग सम्बन्धित कुनै पनि विषयमा यसले राष्ट्रपतिलाई सल्लाह र सुझाव दिन सक्छ ।

अस्ट्रेलियामा राष्ट्रमण्डल अनुदान आयोग छ । संघीय सरकारले राज्यहरूसँग व्यापक विमर्श गरेपछि यसका सदस्यहरू छनोट गर्छ । यो स्थायी कर्मचारीसहितको स्थायी निकाय हो । वित्तीय हस्तान्तरणसँग सम्बन्धित मामिलाको समीक्षा गर्नु र विभिन्न सिफारिस गर्नु यसको जिम्मेवारी हो ।

नेपालमा पनि स्थानीय वित्तीय आयोग स्थापना गर्ने अभ्यास छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३७ अनुसार नेपाल सरकार र स्थानीय सरकारबीच राजस्व बाँडफाँड गर्न र स्थानीय निकायको राजस्व पद्धतिमा सुधार गर्नका लागि सुझाव प्रस्तुत गर्न नेपाल सरकारलाई स्थानीय निकाय वित्तीय आयोग गठन गर्ने अधिकार छ । सन् २००० मा स्थानीय निकायद्वारा लगाउनुपर्ने कर, राष्ट्रिय तथा स्थानीय सरकारबीच बाँडफाँड गर्नुपर्ने करका साथै स्थानीय निकायको संरचना तथा लेखा प्रणालीबारे अध्ययन गर्न तथा सुझाव प्रस्तुत गर्न स्थानीय वित्तीय आयोग बन्यो । आयोगमा विभिन्न सरकारी अंग, स्थानीय निकायको संघ र निजी क्षेत्रका प्रतिनिधिहरूका साथै राजनीतिकर्मी पनि रहेका थिए । सन् २००३ मा स्थायी रूपमा स्थानीय निकाय वित्तीय आयोग बन्यो । यसका जिम्मेवारी यसप्रकार छन् : अनुदान तथा राजस्व बाँडफाँड नीति र स्थानीय

निकायबीच वितरण संयन्त्र बनाउनु, अनुदान तथा राजस्व बाँडफाँडका न्यूनत्तम शर्त तथा कार्यसम्पादन मापदण्ड तयार गर्नु, वित्तीय विकेन्द्रीकरणका मामिलामा राष्ट्रिय र स्थानीय सरकारबीच सम्बन्ध स्थापित गर्नु, राजस्वका सम्भावित स्रोतबारे स्थानीय निकायलाई सुझाव दिनु र स्थानीय निकायले लिने कर्जासम्बन्धी मापदण्ड र नीति बनाउनु ।

संघीय प्रणालीअन्तर्गत नेपालले वित्तीय आयोगको उपयुक्त संरचना छनोट गर्नु आवश्यक छ । यस सन्दर्भमा केही संघीय देशका अनुभवको समीक्षा गर्नु पनि आवश्यक छ । भारतमा संघ सरकारले नियुक्त गरेका आवधिक वित्तीय आयोगहरू अत्यन्त सफल भएका छन् । यसका सदस्यहरू प्रसिद्ध र स्वतन्त्र छन् र उनीहरूका सुझावले वित्तीय नीति निर्माणमा ठूलो महत्व राख्छ । करको वृद्धिदर, खर्चको तह र लगानीको प्रतिफलका सम्बन्धमा वित्तीय आयोगका सुझाव उसैले विकास गरेका निश्चित आदर्शमा आधारित हुन्छन् । अस्ट्रेलियाको राष्ट्रमण्डल अनुदान आयोग पनि प्रभावकारी छ । यसका सुझावले पनि ठूलो महत्व राख्छन् र तिनलाई प्रायः जस्ताको तस्तै आत्मसात् गरिन्छ । अर्कोतर्फ, पाकिस्तानको अनुभव त्यति सुखद छैन । किनभने, यसका अध्यक्ष केन्द्रीय वित्त मन्त्री र सदरुयहरूमा राज्य सरकारका वित्त मन्त्रीहरू हुने र प्रायजसो तिनीहरूसर्वसम्मत ढंगले सुझाव दिन नसक्ने हुंदा परिणामतः त्यहाँ प्रायः गतिरोध उत्पन्न हुने गरेको छ ।

**सुझाव**

अन्तरसरकारी वित्तीय मामिला मूल्यांकन गर्न र यस सम्बन्धमा सुझाव प्रस्तुत गर्न प्रसिद्ध सदस्यहरू सम्मिलित निष्पक्ष र स्वतन्त्र वित्तीय आयोग गठन गर्नु पर्ने सुझाव छं । यस आयोगमा एक अध्यक्ष र दुई सदस्य हुनुपर्दछ । तिनीहरू सावर्जनिक विज्ञ, अर्थशास्त्री, वाणिज्यशास्त्री वा कानुनविद्हरूबाट छानिनुपर्दछ । आयोगको कार्यकाल दुई वर्षको हुनुपर्दछ । यो हरेक पाँच वर्षमा गठन गरिनुपर्दछ । आयोगको सचिवालय भने स्थायी हुनुपर्दछ ।

## ३.८. कानुनी ढाँचा

केन्द्रीय तथा प्रादेशिक/स्थानीय सरकारका खर्च जिम्मेवारी र कर लगाउने अधिकारबारे संघीय देशका संविधानमा उल्लेख गरिएका हुन्छन् । त्यसैगरी, अन्तरसरकारी हस्तान्तरणसम्बन्धी व्यवस्था पनि संविधानमै गरिएका हुन्छन् । राजस्व बाँडफाँड, अनुदान सहायता तथा अन्य वित्तीय विषय अनुगमन गर्ने र सो सम्बन्धी सुझाव प्रस्तुत

गर्ने संस्थागत संयन्त्र पनि संविधानमै व्यवस्था गरिएको हुन्छ । केन्द्र-राज्य वित्तीय व्यवस्था ऐनजस्ता वित्तीय संघीय प्रणालीसँग सम्बन्धित विभिन्न कानुन पनि अंगीकार गरिएका हुन्छन् । केन्द्रीय र प्रादेशिक/स्थानीय सरकारबीच तथा प्रादेशिक/स्थानीय सरकारबीच सम्पन्न गर्नुपर्ने सहमति वा समझदारीपत्रहरू संघीय संरचना अन्तर्गत वित्तीय मामिलासम्बन्धी कानुनी प्रणालीको हिस्सा हो ।

### सुझाव

गणतन्त्र नेपालको आगामी संविधानमा केन्द्रीय तथा प्रादेशिक/स्थानीय सरकारलाई खर्च जिम्मेवारी र राजस्व स्रोत प्रस्टतः निर्दिष्ट गर्ने प्रावधान हुनु आवश्यक छ। केन्द्रीय तथा प्रादेशिक/स्थानीय सरकारले लगाउने स्वतन्त्र कर, उनीहरूबीच बाँडफाँड हुने कर, राजस्व बाँडफाँड गर्ने संयन्त्र, राष्ट्रिय तथा प्रादेशिक/स्थानीय सरकारबीच बाँडफाँड हुने राजस्वको अनुपात आदि विषयमा संविधानमा स्पष्ट उल्लेख गरिएको हुनुपर्छ। संविधानले अनुदान सहायता र कर्जाबारे पनि आवश्यक व्यवस्था गर्नुपर्छ । एउटा राष्ट्रिय वित्तीय व्यवस्थापन कानुन अंगीकार गर्नुपर्छ जसले देशको कर प्रणाली निर्धारित गर्नेछ र विभिन्न कर, महसुल र शुल्कहरू लेखाजोखा र संकलन गर्नका लागि सामान्य सिद्धान्त स्थापित गर्नेछ । यस कानुनले कर प्रणाली र कर प्रशासनमा दोहोरोपनबाट बच्न सघाउनुका साथै देशको समग्र कर प्रणालीमा एकरूपता, संगति र सामञ्जस्य ल्याउनेछ। त्यसैगरी, देशमा समान रूपले कर कानुन लागू गर्न केन्द्रीय तथा प्रादेशिक सरकारहरू एउटा कर प्रशासन सम्झौतामा प्रवेश गर्न सक्छन् । राज्य सरकारले लगाउन सक्ने कर, महसुल तथा अन्य शुल्कको लेखाजोखा तथा संकलनका लागि एउटा नमुना राज्य कर कानुन विकास गर्नुपर्छ। यसले राज्य र स्थानीय सरकारलाई राष्ट्रिय मापदण्ड प्रदान गर्नेछ ।

## ३.९. सहकार्य/समन्वय/सामञ्जस्य

अन्तर-सरकारी वित्तीय सम्बन्धको मामिला संघीय प्रणालीका सबैभन्दा महत्वपूर्ण र जटिल विषय हुन् । संघीय प्रणालीको सफलताका लागि विभिन्न तहका सरकारबीच सहकार्य, समन्वय र विश्वास अत्यन्त महत्वपूर्ण हुन्छ। वित्तीय संघीयताको भावनालाई सम्मान गर्नुपर्दछ। अन्तरसरकारी वित्तीय सम्बन्धका विषयलाई 'पारस्परिक समझदारी र सामञ्जस्यको भावनामा' व्यवहार गर्नुपर्छ। विभिन्न तहका सरकारका अधिकार, कर्तव्य र जिम्मेवारीलाई प्रस्टतः निर्दिष्ट गर्नु र तिनको पालना गर्नु आवश्यक छ । राजस्व र खर्च जिम्मेवारीको निर्दिष्टीकरण, राजस्व बाँडफाँड, अनुदान वितरण तथा कर्जाजस्ता

विषयका लागि स्पष्ट र पारदर्शी नीति, निर्देशक सिद्धान्त तथा मूल्यांकन र अनुगमन संयन्त्र पनि विकास गर्नु आवश्यक छर सम्बन्धित निकायले यस्ता नीति पूर्ण पालना गर्नुपर्छ । अन्तरसरकारी वित्तीय मामिलासँग सम्बन्धित संवैधानिक अंगहरूलाई विकास गर्नु र तिनलाई सशक्त बनाउनु पनि त्यत्तिकै आवश्यक छ । त्यसैगरी, राजनीतिक तथा प्राविधिक तहमा वित्तीय मामिलाबारे निरन्तर बहस हुनु जरुरी छ ।

अन्तर-सरकारी वित्तीय सम्बन्धका विषय प्रबन्ध गर्न केही राष्ट्रमा उच्च स्तरीय राजनीतिक मञ्च पनि स्थापना गरिएका छन् । उदाहरणार्थ, अस्ट्रेलियामा 'काउन्सिल अफ् अस्ट्रेलियन गभर्नमेन्ट्स'ले संघीय-राज्य वित्तीय व्यवस्थापन, नियमनहरूको समन्वय, सेवा वितरण र सामञ्जस्यसम्बन्धी सुधार आदि विषय समीक्षा गर्छ । संघीय प्रणालीको सफलताका लागि विभिन्न तहका सरकारबीच निकट सहकार्य कायम गर्नु, कठिन वित्तीय मामिलालाई औपचारिक/अनौपचारिक रूपमा समाधान गर्नु र कर तथा अन्य वित्तीय विषयलाई उर्ध्वगामी र समतल ढंगले सुसंगत बनाउनु अत्यावश्यक छ ।

## ३.१० आर्थिक कार्यप्रणाली

माथि उल्लेख गरिएअनुसार संघीय वित्त व्यवस्थाका सिद्धान्त र अन्तर्राष्ट्रिय राम्रा प्रयोगको आधारमा संघीय नेपालको संविधानमा गरिनु पर्ने आर्थिक कार्यप्रणाली यस अध्यायको अन्त्यमा दिइएको अनुसूची ३.१ मा प्रस्तुत गरिएको छ ।

## ३.११. निष्कर्ष

अन्तर-सरकारी वित्तीय सम्बन्धले केन्द्रीय तथा प्रादेशिक/स्थानीय सरकारबीच खर्च तथा राजस्व जिम्मेवारीको कार्यभार प्रतिविम्बित गर्छ । केही उत्तरदायित्व निश्चित तहको सरकारले मात्र विशिष्ट रूपमा वहन गर्छ । जस्तो : राष्ट्रिय सुरक्षा र परराष्ट्र मामिला राष्ट्रिय सरकारको जिम्मेवारी हो भने फोहोर संकलन र सडक सफाइ स्थानीय सरकारका दायित्व हुन् । अन्य जिम्मेवारी फरक-फरक तहका सरकारले फरक-फरक परिमाणमा निर्वाह गर्न सक्छन् । एकभन्दा बढी उत्तरदायित्वका सन्दर्भमा कुन तहको सरकारलाई कुन जिम्मेवारी दिने भन्ने सम्बन्धमा कट्टर नियम छैनन् । स्थानीय बासिन्दामात्रै लाभान्वित हुने सेवाको जिम्मेवारी सबैभन्दा तल्लो तहको सरकारलाई दिइनु पर्छ भने स्थानीय सरकारको एकभन्दा बढी क्षेत्राधिकारका मानिस लाभान्वित हुने सेवाको जिम्मेवारी प्रदेश सरकारको हुनु पर्छ । राष्ट्रिय सरकारले भने समग्र देश लाभान्वित हुने सेवा प्रदान गर्नु पर्छ ।

राजस्वका सन्दर्भमा आर्थिक स्थिरीकरणका लागि उपयुक्त कर, प्रगतिशील पुनर्वितरणमुखी कर र क्षेत्राधिकारबीच अत्यन्त असमानतापूर्वक वितरित करका आधारहरू राष्ट्रिय सरकारलाई निर्दिष्ट गर्नुपर्छ । क्षेत्राधिकारबीच न्यून गतिशील आधार भएका कर र चक्रीय रूपले स्थिर कर प्रादेशिक-स्थानीय सरकारलाई निर्दिष्ट गर्नुपर्छ । अर्कोतर्फ, केन्द्रीय र प्रादेशिक/स्थानीय दुवै सरकारलाई लाभ कर र सेवा शुल्क उठाउने अधिकार दिन सकिन्छ ।

प्रादेशिक/स्थानीय करलाई स्वतन्त्र कर, राष्ट्रिय रूपमा प्रशासित कर, 'पिगी ब्याकिङ' र पारस्परिक करका रूपमा उठाउन सकिन्छ । पारस्परिक करबाट संकलित राजस्वलाई केही सूत्र वा सिद्धान्तका आधारमा प्रादेशिक/स्थानीय सरकारबीच राजस्व वितरण गर्न सकिन्छ । प्रादेशिक/स्थानीय सरकारहरूले केन्द्रीय सरकारबाट अनुदानका स्वरूपमा वित्तीय स्रोत पनि प्राप्त गर्न सक्छन् । घाटा बजेटको आर्थिक प्रबन्ध गर्न यी दुवै सरकारले पैसा सापटी लिन सक्छन् ।

एउटा वित्तीय आयोगले वित्तीय मामिला अनुगमन गर्न र सुझाव प्रस्तुत गर्न सक्छ । पारस्परिक करबाट संकलित राजस्व केन्द्रीय तथा प्रादेशिक/स्थानीय सरकारलाई वितरण, केन्द्रबाट प्रादेशिक/स्थानीय वा धनी प्रादेशिक/स्थानीय सरकारबाट गरिब प्रादेशिक/स्थानीय सरकारमा वित्तीय हस्तान्तरण आदि विषयमा यस आयोगले समीक्षा गर्नुका साथै सुझाव दिनुपर्दछ ।

अन्तर-सरकारी वित्तीय सम्बन्धका विषय संघीय प्रणालीका महत्वपूर्ण पक्ष हुन् । संघीय प्रणालीको सफलताका लागि विभिन्न तहका सरकारबीच सहकार्य, समन्वय र विश्वास अत्यन्त महत्वपूर्ण हुन्छ । वित्तीय संघीयताको भावनालाई सम्मान गर्नु आवश्यक छ ।

*अनुसूचि ३.१*

# आर्थिक कार्यप्रणाली

भाग-१

## संघीय आर्थिक कार्यप्रणाली

### १. आर्थिक अधिकारको बाँडफाँड

(१) नेपाल सरकार, प्रादेशिक सरकार, स्थानीय सरकारको अधिकार तथा साझा आर्थिक अधिकारको सूची क्रमशः अनुसुची १, २, ३ र ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) साझा आर्थिक अधिकारको सूची भित्रका विषयमा व्यवस्थापिका-संसदले आधारभूत कानून तर्जुमा गरी प्रादेशिक सरकार र स्थानीय सरकारको अधिकार स्पष्ट गर्न सक्नेछ । प्रादेशिकसभा र स्थानीयसभाले त्यस्तो आधारभूत कानूनको अधीनमा रही आवश्यक कानूनी व्यवस्था मिलाई कार्यान्वयन गर्न सक्नेछ ।

(३ प्रादेशिक सरकार र स्थानीय सरकारले आफ्नो आर्थिक अधिकारसूची भित्रको विषयमा आर्थिक योजना तथा नीति तर्जुमा गर्न सक्नेछ ।

(४) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारलाई आफ्नो क्षेत्राधिकार भित्र निहीत आर्थिक अधिकार सम्बन्धी विषयमा निर्णय गर्ने तथा वार्षिक बजेट बनाउने र कार्यान्वयन गर्ने अधिकार हुनेछ ।

(५) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारको बजेट घाटा व्यवस्थापन तथा वित्त अनुशासन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

### २. बजेट निर्माण

(१) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारको बजेट समग्र अर्थतन्त्रको प्रभावकारी व्यवस्थापन, पारदर्शिता र जवाफदेहीतालाई सुदृढ गर्ने गरी बनाइने छ ।

(२) प्रादेशिक सरकार र स्थानीय सरकारको बजेट खाका, बजेट पेस गर्ने समय तथा नेपाल सरकारको बजेट व्यवस्थापनसंगको सम्बन्ध प्रचलित कानून बमोजिम हुनेछ।

## ३. कर तथा शुल्क लगाउने र राजस्व उठाउने

(१) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले अनुसुची ५ मा उल्लेख भए बमोजिमका स्रोतहरूमा कर तथा शुल्क लगाउने र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन् । तर कुनै सरकारको तहमा नपरेका श्रोतहरूमा कर तथा शुल्क लगाउने र राजस्व उठाउने व्यवस्था राष्ट्रपतिले तोके बमोजिम हुनेछ ।

(२) उपधारा (१) बमोजिम राष्ट्रपतिले कर तथा शुल्क लगाउने र राजस्व उठाउने व्यवस्था तोक्दा राष्ट्रिय वित्त आयोग गठन नभएको अवस्थामा नेपाल सरकारको र राष्ट्रिय वित आयोग गठन भएको अवस्थामा त्यस्तो आयोगको सिफारिशको आधारमा तोक्नु पर्नेछ ।

## ४. मूल्य अभिबृद्धि कर तथा अन्तःशुल्क

(१) मूल्य अभिबृद्धि कर तथा अन्तःशुल्क सहभाजित करको रुपमा नेपाल सरकारले लगाउने र उठाउने छ र त्यसरी उठाएको राजस्व रकम प्रचलित कानून बमोजिम नेपाल सरकार र प्रादेशिक सरकार बीच वितरण गरिने छ ।

(२) उपधारा (१) बमोजिम नेपाल सरकारको हिस्साको रकम राष्ट्रिय सञ्चित कोषमा दाखिला गरिने छ र प्रादेशिक सरकारहरूको हिस्साको रकम एउटा विभाज्य कोषमा दाखिला गरी प्रचलित कानून बमोजिम निर्धारित सिद्धान्तका आधारमा प्रादेशिक सरकारहरूलाई वितरण गरिने छ ।

(३) उपधारा (१) बमोजिम नेपाल सरकार र प्रादेशिक सरकार बिच वितरण गरिने रकम र उपधारा (२) बमोजिम प्रादेशिक सरकारहरू बीच वितरण गरिने रकम, तत् सम्बन्धी कानूनी व्यवस्था नभए सम्म राष्ट्रपतिले वितरण गर्नेछ ।

(४) उपधारा (३) बमोजिम राष्ट्रपतिले रकम वितरण गर्दा राष्ट्रिय वित्त आयोग गठन नभएको अवस्थामा नेपाल सरकारको सिफारिशलाई र राष्ट्रिय वित्त आयोग गठन भएको अवस्थामा त्यस्तो आयोगको सिफारिशको आधारमा वितरण गर्नु पर्नेछ ।

## ५. ऋण लिने र जमानत दिने

(१) नेपाल सरकारले प्रचलित कानूनको अधिनमा रहि आन्तरिक तथा बाह्य ऋण र वैदेशिक सहायता लिन र जमानत दिन पाउनेछ ।

(२) प्रादेशिक सरकार र स्थानिय सरकारले प्रचलित कानून बमोजिम नेपाल सरकारले तोकिदिएको हद भित्र रही नेपाल भित्र आन्तरिक ऋण लिन र जमानत दिन पाउनेछन् ।

## ६. राजस्वको बाँडफाँड

(१) व्यवस्थापिका-संसदले धारा ४ मा उल्लेखित राजस्व वाडँफाँड सम्बन्धी ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रादेशिक सरकारको स्वायत्तता, प्रादेशिक सरकारले जनतालाई पुऱ्याउनु पर्ने सेवा र उनिहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, विकास निर्माणमा गर्नु पर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरीवी र असमानता, वञ्चितीकरण, आकस्मिक कार्य र अस्थाई आवश्यकता पुरा गर्न गर्नु पर्ने सहयोग जस्ता कुराहरूलाई मध्यनजर गर्नु पर्नेछ ।

(२) नेपाल सरकार र प्रादेशिक सरकार वीचको राजस्वको वाडँफाँड पारदर्शी हुनु पर्नेछ ।

## ७. अनुदान दिने

(१) नेपाल सरकारले प्रादेशिक सरकारलाई उनीहरूको खर्चको आवश्यकता, राजस्वको क्षमता र प्रयासको आधारमा कानूनमा व्यवस्था भए बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(२) प्रादेशिक सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई स्थानीय सरकारको खर्च आवश्यकता, राजस्व क्षमता र प्रयासको आधारमा कानूनमा व्यवस्था भएबमोजिम स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(३) नेपाल सरकारले राष्ट्रिय संचित कोष मार्फत प्रादेशिक सरकारलाई प्रदान गर्ने निशर्त अनुदान, सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिईने विशेष अनुदान कानूनमा व्यवस्था भए बमोजिम वितरण गर्नेछन् ।

(४) प्रादेशिक सरकारले प्रादेशिक संचित कोष मार्फत स्थानिय सरकारलाई निशर्त अनुदान, सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिईने विशेष अनुदान कानूनमा व्यवस्था भएबमोजिम वितरण गर्नेछ ।

(५) उपधारा (१) र (३) बमोजिम नेपाल सरकारले प्रादेशिक सरकारलाई वितरण गर्ने अनुदान र उपधारा (२) र (४) बमोजिम प्रादेशिक सरकारले स्थानीय सरकारलाई वितरण गर्ने अनुदान, तत् सम्बन्धी कानूनी व्यवस्था नभएसम्म राष्ट्रपतिले वितरण गर्नेछ ।

(६) उपधारा (५) बमोजिम राष्ट्रपतिले अनुदान वितरण गर्दा राष्ट्रिय वित्त आयोग गठन नभएको अवस्थामा नेपाल सरकारको सिफारिशलाई र राष्ट्रिय वित्त आयोग गठन भएको अवस्थामा त्यस्तो आयोगको सिफारिशको आधारमा वितरण गर्नु पर्नेछ ।

## ८. माल वस्तुको निर्बाध ओसार-पसार

प्रादेशिक तथा स्थानिय सरकारहरूले आफ्नो क्षेत्रबाट अर्को प्रादेशिक वा स्थानिय सरकारको क्षेत्रमा पुऱ्याने वा अर्को प्रादेशिक वा स्थानिय सरकारको क्षेत्रबाट आफ्नो क्षेत्रमा ल्याउने वा आफ्नो क्षेत्र भई अर्को प्रादेशिक वा स्थानिय सरकारको क्षेत्रमा ओसार पसार हुने माल वस्तुको कुनै पनि माध्यम बाट गरिने ओसार-पसारमा कुनै प्रकारको कर वा शुल्क लगाउन, बाधा पुऱ्याउन वा विभेद गर्न पाउने छैनन् ।

## ९. राजस्व र खर्चको लेखा व्यवस्थापन

(१) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारको राजस्व र खर्चको वर्गीकरण एकै प्रकारको हुनेछ । तत्सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(२) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले एकै किसिमको मान्य सिद्धान्तमा आधारित लेखा प्रणाली अवलम्बन गर्नेछन् । त्यसको पद्दति र ढाँचा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) उपधारा (१) र (२) बमोजिमको कानून नबनेसम्म तत्सम्बन्धी व्यवस्था लेखापरीक्षण आयोगको सिफारिसमा राष्ट्रपतिले तोके बमोजिम हुनेछ ।

(४) उपधारा (१) र (२) बमोजिमको राजस्वको वर्गीकरण र खर्चको वर्गीकरण तथा लेखाप्रणालीको पालना गर्नु प्रादेशिक र स्थानीय सरकारको दायित्व हुनेछ ।

(५) उपधारा (४) बमोजिम पालना गर्नुपर्ने दायित्व पालना नगर्ने प्रादेशिक सरकारलाई नेपाल सरकारले दिने अनुदान त्यस्तो दायित्व पालना नगरेसम्म रोक्का राख्न सक्नेछन् ।

(६) उपधारा (४) बमोजिम पालना गर्नुपर्ने दायित्व पालना नगर्ने स्थानीय सरकारलाई प्रादेशिक सरकारले दिने अनुदान त्यस्तो दायित्व पालना नगरेसम्म रोक्का राख्न सक्नेछन् ।

## १०. राष्ट्रिय सञ्चित कोष

गुठी रकम बाहेक नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू, ऐनको अधिकार अन्तरगत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन राष्ट्रिय संचित कोषमा आम्दानी बाधिँनेछ ।

तर, निजी गुठी बाहेकको अन्य गुठीको रकमको हकमा कानून बनाई नियमित गर्न सकिनेछ ।

## ११. सरकारी कोष

धारा १० मा उल्लेख भएदेखि बाहेक नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम एक सरकारी कोषमा आम्दानी बाँधिनेछ ।

## १२. राष्ट्रिय संञ्चित कोष वा सरकारी कोषबाट व्यय

देहायका रकम बाहेक राष्ट्रिय सञ्चित कोष वा अन्य कुनै सरकारी कोषबाट कुनै पनि रकम झिक्न सकिने छैन :-

(क) राष्ट्रिय सञ्चित कोषमाथि व्ययभार भएको रकम,

(ख) विनियोजन ऐनद्वारा खर्च हुने रकम,

(ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेस्कीको रुपमा ऐनद्वारा खर्च हुने रकम वा

(घ) विशेष अवस्थामा व्ययको विवरणमात्र भएको उधारो खर्च ऐनद्वारा खर्च हुने रकम ।

तर, आकस्मिक कोषका हकमा धारा १९ बमोजिम हुनेछ ।

## १३. राष्ट्रिय सञ्चित कोषमाथि व्ययभार

देहायका विषयसँग सम्बन्धित खर्चहरू राष्ट्रिय सञ्चित कोषमाथि व्ययभार हुनेछन् र त्यस्तो व्ययको लागि व्यवस्थापिका-संसदको स्वीकृति आवश्यक पर्नेछैन ।

(१) राष्ट्रपति र उपराष्ट्रपतिको खर्च सम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम,

(२) प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष र प्रतिनिधि सभाका उप-सभामुखलाई दिइने पारिश्रमिक र सुविधाको रकम,

(३) नेपालको प्रधानन्यायाधीश, सर्वोच्च अदालत तथा संवैधानिक अदालतका न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम,

(४) निम्नलिखित पदाधिकारीलाई दिईने पारिश्रमिक र सुविधाका रकमहरू :-

(क) लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरू,

(ख) निर्वाचन आयोगका प्रमुख आयुक्त र आयुक्तहरू,

(ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तहरू,

(घ) लेखापरीक्षण आयोगका अध्यक्ष र सदस्यहरू,

(ङ) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यहरू,

(च) सामाजिक समावेशीकरण आयोगका अध्यक्ष र सदस्यहरू,

(छ) राष्ट्रिय प्राकृतिकस्रोत आयोगका अध्यक्ष र सदस्यहरू,

(ज) राष्ट्रिय वित्त अयोगका अध्यक्ष र सदस्यहरू,

(झ) संघीय संरचना आयोगका अध्यक्ष र सदस्यहरू,

(५) राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, व्यवस्थापिका-संसद, सर्वोच्च अदालत, लोकसेवा आयोग, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लेखापरीक्षण आयोग, राष्ट्रिय मानव अधिकार आयोग, सामाजिक समावेशीकरण आयोग, राष्ट्रिय प्राकृतिक स्रोत आयोग, राष्ट्रिय वित्त आयोग र संघीय संरचना आयोग सम्बन्धी प्रशासनिक व्ययहरू,

(६) नेपाल सरकारको दायित्वको ऋणसम्बन्धी व्ययभार,

(७) नेपाल सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम, र

(८) कानूनले राष्ट्रिय सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम ।

## १४. राजस्व र व्ययको अनुमान

(१) राष्ट्रपतिले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा व्यवस्थापिका-संसदका दुबै सदनको संयुक्त बैठक समक्ष देहायका विवरण समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाउनेछ :-

(क) राजस्वको अनुमान,

(ख) राष्ट्रिय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू, र

(ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू ।

(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याईएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ ।

## १५. विनियोजन ऐन

विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।

## १६. पूरक अनुमान

(१) कुनै पनि आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा राष्ट्रपतिले प्रतिनिधि सभासमक्ष पूरक अनुमान पेश गर्न लगाउनेछन् :-

(क) चालु आर्थिक वर्षका निमित्त विनियोजन ऐनद्वारा कुने सेवाको लागि खर्च गर्न अख्तियारी दिईएको रकम अपर्याप्त भएमा वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अख्तियारी नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा

(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा ।

(२) पूरक अनुमानमा राखिएका रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।

## १७. पेश्की खर्च

(१) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेश्कीका रुपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।

(२) धारा १४ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेश्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेश्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांश भन्दा बढी हुने छैन ।

तर, व्यवस्थापिका-संसदका दुबै सदनको संयुक्त बैठक बस्न नसकेको अवस्थामा यस्तो पेश्की रकम लगत्तै अघिल्लो आर्थिक वर्षको व्यय अनुमानको तृतीयांश भन्दा बढी हुने छैन ।

(३) पेश्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ।

## १८. उधारो खर्च

यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा बाह्य आक्रमणको आशंका वा आन्तरिक विघ्न बाधा वा अन्य कारणले गर्दा प्रादेशिक वा राष्ट्रव्यापी संकटको अवस्था भएमा धारा १४ अन्तर्गत चाहिने विवरण खुलाउन अव्यावहारिक वा राज्यको सुरक्षा वा हितका दृष्टिले अवाञ्छनीय देखिएमा राष्ट्रपतिले व्ययको विवरणमात्र भएको उधारो खर्च विधेयक प्रतिनिधिसभामा पेश गर्न लगाउन सक्नेछन् ।

## १९. आकस्मिक कोष

ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ । सो कोष नेपाल सरकारको नियन्त्रणमा रहनेछ । नेपाल सरकारले सो कोषबाट आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ ।

## २०. आर्थिक कार्यविधि सम्बन्धी ऐन

ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य कुराहरू ऐनद्वारा व्यवस्थित हुनेछ ।

## २१. अर्थ विधेयक

(१) देहायका सबै वा कुनै विषयसित सम्बन्ध राख्ने अर्थ विधेयक सरकारी विधेयकको रुपमा प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ :-

(क) संघीय कर लगाउने, उठाउने, खारेज गर्ने, छूट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय,

(ख) राष्ट्रिय सञ्चित कोष वा अन्य कुनै सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय,

(ग) नेपाल सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा नेपाल सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानून संशोधन गर्ने विषय,

(घ) नेपाल सरकारको सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा नेपाल सरकारको लेखाको लेखापरीक्षण गर्ने विषय, र

(ङ) खण्ड (क) देखि खण्ड (घ) सम्मका विषयहरूसंग प्रत्यक्ष सम्बन्ध भएका प्रासंगिक विषयहरू

तर कुनै अनुमतिपत्र दस्तुर, निवेदन दस्तुर, नवीकरण दस्तुर जस्ता शुल्क, दस्तुर लगाउने वा कुनै जरिवाना वा कैद हुने व्यवस्था भएको कारणले मात्र कुनै विधेयक अर्थ विधेयक मानिने छैन ।

(२) कुनै विधेयक अर्थ विधेयक हो होइन भन्ने प्रश्न उठेमा प्रतिनिधिसभाको सभामुखको निर्णय अन्तिम हुनेछ ।

भाग-२

# प्रादेशिक आर्थिक कार्यप्रणाली

## २२. प्रादेशिक सञ्चित कोष

गुठी रकम बाहेक प्रादेशिक सरकारलाई प्राप्त हुने राजस्व, राजस्वको धितोमा लिईएका सबै कर्जाहरू र ऐनको अधिकार अन्तरगत दिईएको जुनसुकै ऋण र नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम असुल हुँदा प्राप्त भएको सबै धन प्रादेशिक सञ्चित कोषमा आम्दनी बाँधिनेछ ।

तर, निजी गुठी बाहेकको अन्य गुठीको रकमको हकमा कानून बनाई नियमित गर्न सकिनेछ।

## २३. प्रादेशिक सरकारी कोष

धारा २२ मा उल्लेख भएदेखि बाहेक प्रादेशिक सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम एक प्रादेशिक सरकारी कोषमा आम्दनी बाँधिनेछ ।

## २४. प्रादेशिक सञ्चित कोष वा प्रादेशिक सरकारी कोषबाट व्यय

देहायका रकम बाहेक प्रादेशिक सञ्चित कोष वा अन्य कुनै प्रादेशिक सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैनः-

(क) प्रादेशिक सञ्चित कोषमाथि व्ययभार भएको रकम,

(ख) विनियोजन ऐनद्वारा खर्च हुने रकम,

(ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेश्कीको रुपमा ऐनद्वारा खर्च हुने रकम, वा विशेष अवस्थामा व्ययको विवरणमात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम ।

तर, आकस्मिक कोषका हकमा धारा ३१ बमोजिम हुनेछ ।

## २५. प्रादेशिक सञ्चित कोषमाथि व्ययभार

(१) देहायका विषसंग सम्बन्धित खर्चहरू प्रादेशिक सञ्चित कोषमाथि व्ययभार हुनेछन् र त्यस्तो व्ययको लागि प्रादेशिक सभाको स्वीकृति आवश्यक पर्ने छैन ।

(२) प्रादेशिक प्रमुखको खर्च सम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम,

(३) प्रादेशिकसभाका सभामुख र उप-सभामुखलाई दिईने पारिश्रमिक र सुविधाका रकमहरू,

(४) प्रादेशिक उच्च अदालतका न्यायाधीशहरूलाई दिईने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम,

(५) प्रादेशिक सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार,

(६) प्रादेशिक सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम, र

(७) कानूनले प्रादेशिक सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम ।

## २६. राजस्व र व्ययको अनुमान

(१) प्रादेशिकप्रमुखले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रादेशिकसभाको बैठक समक्ष देहायका विवरण समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाउनेछ :-

(क) राजस्वको अनुमान,

(ख) प्रादेशिक सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू, र

(ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू ।

(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याईएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विविरण पनि साथै पेश गर्नु पर्ने छ ।

## २७. विनियोजन ऐन

विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।

## २८. पूरक अनुमान

(१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा प्रादेशिकप्रमुखबाट प्रादेशिकसभा समक्ष पूरक अनुमान पेश गर्न लगाइने छ :-

(क) चालू आर्थिक वर्षको निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिईएको रकम अपर्याप्त भएमा वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा

(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा ।

(२) पूरक अनुमानमा राखिएका रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।

## २९. पेस्की खर्च

(१) यस भागमा अयन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीको रुपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।

(२) धारा २६ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांश भन्दा बढी हुनेछैन ।

तर, प्रादेशिकसभाको बैठक बस्न नसकेको अवस्थामा यस्तो पेश्की रकम लगत्तै अघिल्लो आर्थिक वर्षको व्यय अनुमानको तृतीयांश भन्दा बढी हुनेछैन ।

(३) पेस्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ।

## ३०. उधारो खर्च

यस भागमा अन्यत्र जनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा अन्य कारणले गर्दा स्थानीय वा प्रादेशिक संकटको अवस्था भएमा धारा २६ अन्तरगत चाहिने विवरण खुलाउन अव्यावहारिक देखिएमा प्रादेशिकप्रमुखले व्ययको विवरणमात्र भएको उधारो खर्च विधेयक प्रादेशिकसभा समक्ष पेश गर्न लगाउन सक्नेछन् ।

## ३१. आकस्मिक कोष

ऐनद्वारा प्रादेशिक आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ।

सो कोष प्रादेशिक सरकारको नियन्त्रणमा रहनेछ । प्रादेशिक सरकारले सो कोषबाट आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ ।

## ३२. आर्थिक कार्यविधि सम्बन्धी ऐन

ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य कुराहरू ऐनद्वारा व्यवस्थित हुनेछ ।

## ३३. अर्थ विधेयक

(१) देहायका सबै वा कुनै विषयसित सम्बन्ध राख्ने अर्थ विधेयक सरकारी विधेयकको रुपमा प्रादेशिक सभामा प्रस्तुत गरिनेछ :-

(क) प्रादेशिकमा कर लगाउने, उठाउने, खारेज गर्ने, छूट दिन, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय,

(ख) प्रादेशिक सञ्चित कोष वा अन्य कुनै प्रादेशिक सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय,

(ग) प्रादेशिक सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा प्रादेशिक सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानून संशोधन गर्ने विषय,

(घ) प्रादेशिक सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त हुने रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा प्रादेशिक सरकारको लेखाको लेखापरीक्षण गर्ने विषय, वा

(ङ) खण्ड (क) देखि खण्ड (घ) मा उल्लिखित विषयहरूसंग प्रत्यक्ष सम्बन्ध भएका प्रासंगिक विषयहरू ।

तर कुनै अनुमतिपत्र दस्तुर, निवेदन दस्तुर, नवीकरण दस्तुर जस्ता शुल्क, दस्तुर लगाउने वा कुनै जरिवाना वा कैद हुने व्यवस्था भएको कारणले मात्र कुनै विधेयक अर्थ विधेयक मानिने छैन ।

(२) कुनै विधेयक अर्थ विधेयक हो होइन भन्ने प्रश्न उठेमा प्रादेशिकसभाका सभामुखको निर्णय अन्तिम हुनेछ ।

भाग-३

## स्थानीय आर्थिक कार्यप्रणाली

### ३४. स्थानीय सञ्चित कोष

गुठी रकम बाहेक स्थानीय सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू, ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकार तथा प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम स्थानीय सञ्चित कोषमा आम्दानी बाँधिनेछ । तर निजी गुठी बाहेकको अन्य गुठीको रकमको हकमा कानून बनाई नियमित गर्न सकिनेछ ।

### ३५. स्थानीय सरकारी कोष

धारा ३४ मा उल्लेख भए देखि बाहेक स्थानीय सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम एक स्थानीय सरकारी कोषमा आम्दानी बाँधिनेछ ।

### ३६. स्थानीय सञ्चित कोष वा स्थानीय सरकारी कोषबाट व्यय

देहायका रकम बाहेक स्थानीय सञ्चित कोष वा अन्य कुनै स्थानीय सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन :-

क) स्थानीय सञ्चित कोषमाथि व्ययभार भएको रकम,

ख) विनियोजन ऐनद्वारा खर्च हुने रकम,

ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेस्कीको रुपमा ऐनद्वारा खर्च हुने रकम, वा

घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम ।

## ३७. स्थानीय सञ्चित कोषमाथि व्ययभार

देहायका विषयसँग सम्बन्धित खर्चहरू स्थानीय सञ्चित कोषमाथि व्ययभार हुनेछन् र त्यस्तो व्ययको लागि स्थानीय व्यवस्थापिकाको स्वीकृति आवश्यक पर्ने छैन :-

क) अध्यक्ष र उपाध्यक्षको खर्च सम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम,

ख) स्थानीय अदालतका न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम,

ग) स्थानीय सभामुख र उपसभामुखलाई दिइने पारिश्रमिक र सुविधाको रकम,

घ) स्थानीय सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार,

ङ) स्थानीय सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नुपर्ने रकम, र

च) कानूनले स्थानीय सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम ।

## ३८. राजस्व र व्ययको अनुमान

(१) अध्यक्षले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा स्थानीय व्यवस्थापिका समक्ष देहायका कुराहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाउनेछ :-

क) राजस्वको अनुमान,

ख) स्थानीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू, र

ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू ।

(२) उपधारा (२) बमोजिम वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा छुट्याइएको प्रत्येक शीर्षकको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ ।

## ३९. विनियोजन ऐन

विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।

## ४०. पूरक अनुमान

(१) कुनै आर्थिक वर्षमा देहायका अवस्था पर्न आएमा अध्यक्षले स्थानीय व्यवस्थापिका समक्ष पूरक अनुमान पेश गर्न लगाउन सक्नेछ :-

क) चालू आर्थिक वर्षको निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा

ख) चालू आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा ।

(२) पूरक अनुमानमा राखिएको रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।

## ४१. पेस्की खर्च

(१) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको लागि अनुमान गरिएको व्ययका कुनै अंश अगावै पेस्कीका रुपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।

(२) धारा ३८ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांश भन्दा बढी हुने छैन ।

तर, स्थानिय व्यवस्थापिकाको बैठक बस्न नसकेको अवस्थामा यस्तो पेश्की रकम लगत्तै अघिल्लो आर्थिक वर्षको व्यय अनुमानको तृतीयांश भन्दा बढी हुने छैन ।

(३) पेस्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ।

## ४२. उधारो खर्च

यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा अन्य कारणले गर्दा स्थानीय सङ्कटको अवस्था परी धारा ३८ अन्तर्गत चाहिने विवरण खुलाउन अव्यवहारिक देखिएमा अध्यक्षले व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक स्थानीय व्यवस्थापिका समक्ष पेश गर्न लगाउन सक्नेछ ।

## ४३. आर्थिक कार्यविधि सम्बन्धी ऐन

ऐनद्वारा विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा सार्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य कुराहरू ऐनद्वारा व्यवस्थित हुनेछ ।

## ४४. अर्थ विधेयक

(१) देहायका सबै वा कुनै विषयसित सम्बन्ध राख्ने विधेयक सरकारी विधेयकको रुपमा स्थानीय सभामा प्रस्तुत गरिनेछ :-

क) स्थानिय निकायमा स्थानीय कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय,

ख) स्थानीय सञ्चित कोष वा अन्य कुनै स्थानीय सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजना वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय,

ग) स्थानीय सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा स्थानीय सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानून संशोधन गर्ने विषय,

घ) स्थानीय सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा स्थानीय सरकारको लेखाको लेखापरीक्षण गर्ने विषय, वा

ङ) उपर्युक्त विषयहरूसँग प्रत्क्षय सम्बन्ध भएका अन्य प्रासङ्गिक विषयहरू ।

तर, कुनै विधेयकमा अनुमतिपत्र दस्तुर, निवेदन दस्तुर, नवीकरण दस्तुर जस्ता शुल्क दस्तुर लगाइ कुनै जरिवाना वा कैद हुने व्यवस्था भएको कारणले मात्र त्यस्तो विधेयक अर्थ विधेयक मानिने छैन ।

(२) कुनै विधेयक अर्थ विधेयक हो होइन भन्ने प्रश्न उठेमा स्थानीय सभाको अध्यक्षता गर्ने व्यक्तिको निर्णय अन्तिम हुनेछ ।

भाग-४

# राष्ट्रिय वित्त आयोग

## ४५. राष्ट्रिय वित्त आयोग

राष्ट्रपतिले यो संविधान प्रारम्भ भएको मितिले दुई बर्ष भित्र र त्यसपछि पहिलो पटक राष्ट्रिय वित आयोग गठन भएको प्रत्येक पाँच बर्ष व्यतित भएपछि वा राष्ट्रपतिले आवश्यक ठानेमा सोभन्दा अगावै नेपाल सरकार सँग परामर्श गरी राष्ट्रिय वित्त आयोग (यसपछि यस भागमा आयोग भनिएको) गठन गर्नेछन् । जसमा एक जना अध्यक्ष र दुईजना सदस्यहरू रहनेछन् ।

## ४६. आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति, पदावधि र योग्यता

(१) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछन् ।

(२) आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले दुई वर्षको हुनेछ । निजहरू थप दुई कार्यकालको लागि पुनर्नियुक्ति हुन सक्नेछन् ।

(३) आयोगका अध्यक्ष वा सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा,

तर, आयोगका अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिनेछ ।

(४) आयोगका अध्यक्ष र सदस्यहरूको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :-

(क) नेपाल सरकारद्वारा मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्यशास्त्र, अर्थशास्त्र, लेखा, जनप्रशासन, कानून वा तथ्याङ्कशास्त्रमा स्नातकोत्तर उपाधि

प्राप्त गरी वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी सम्बन्धीत क्षेत्रमा कम्तिमा पन्ध्र वर्ष काम गरी विशेषज्ञता वा अनुभव प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालिस वर्ष पूरा भएको र

(घ) उच्च नैतिक चरित्र र सामाजिक प्रतिष्ठा कायम भएको ।

(५) आयोगका अध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सेवाका अन्य शर्तहरू प्रचलित कानून बमोजिम हुनेछन् । आयोगका अध्यक्ष र सदस्यहरू आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

(६) आयोगका अध्यक्ष र सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य हुनेछैन ।

तर,

(क) अयोगको अध्यक्ष एवं सदस्यलाई उपधारा (२) बमोजिम पुनर्नियुक्ति गर्न वा अयोगको सदस्यलाई अध्यक्षको पदमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । तर त्यसरी कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएकोमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ, वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी रायमन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भइ काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

## ४७. राष्ट्रिय वित्त आयोगको काम कर्तव्य र अधिकार

(१) यो संविधान र प्रचलित कानून बमोजिम राष्ट्रिय वा प्रादेशिक संचित कोषबाट नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकार बीच राजस्व एवं अनुदानको बाँडफाँड गर्ने विस्तृत आधार र संयन्त्र तय गर्नु आयोगको प्रमुख कर्तव्य हुनेछ ।

(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्नको लागि आयोगले देहायका काम गर्नेछ :-

(क) धारा ४ बमोजिम नेपाल सरकार र प्रादेशिक सरकार बिच वितरण गरिने रकम र प्रादेशिक सरकारहरू बीच रकम वितरण गरिने विस्तृत आधार र सूत्र सिफारिश गर्ने,

(ख) राष्ट्रिय सञ्चित कोषबाट प्रादेशिक सरकार र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धी सूत्र सिफारिस गर्ने,

(ग) प्रादेशिक सञ्चित कोषबाट स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धी सूत्र सिफारिस गर्ने,

(घ) राष्ट्रिय नीति, कार्यक्रम मानकको आधारमा प्रादेशिक र स्थानीय सरकारको पूर्वाधार अवस्था, प्रादेशिक र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त र अन्य अनुदानको सम्बन्धमा आधार तयार गर्न अध्ययन, अनुसन्धान गर्ने एवं तदनुरुप सिफारिस गर्ने,

(ङ) प्रादेशिक संचित कोषबाट प्रादेशिक सरकार र स्थानीय सरकार बीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र संयन्त्र तय गर्ने,

(च) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारको खर्च जिम्मेवारी र राजस्व अशुलीमा सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गर्ने,

(छ) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सिफारिस गर्ने,

(ज) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारको राजस्व बाँडफाँड गर्ने आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

(झ) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकार बीच राजस्वको बाँडफाँड सम्बन्धी विवादको विषयमा समन्वय गर्ने ।

(ञ) आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ ।

## ४८. प्रतिवेदन

(१) यो संविधान र प्रचलित कानून बमोजिम आयोगले आफ्नो सुझाव सहितको प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नु पर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछन् ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले राजस्व बाँडफाँड विषयमा गरेका समन्वयको विवरण, नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण तथा राजस्व बाँडफाँड र तत्सम्बन्धी अन्य विषयमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

## अनुसूची १

*(धारा १ संग सम्बन्धित)*

# नेपाल सरकारको आर्थिक अधिकारको सूची

| | |
|---|---|
| १. | रक्षा र सेनासम्बन्धी |
| | क) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण |
| | ख) राष्ट्रिय सुरक्षा सम्बन्धी |
| २. | केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल |
| ३. | केन्द्रीय योजना, केन्द्रीय बैंक, वित्तीय निती, मुद्रा र बैकिङ, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण |
| ४. | दूरसञ्चार नियमन र नियन्त्रण, केन्द्रीय दूरसञ्चार, रेडियो, फ्रिक्वेन्सीको बाँडफाँड, टेलिभिजन र हुलाक |
| ५. | भन्सार, अन्तशुल्क, मूल्य अभिबृद्धि कर, संस्थागत आय कर, व्यक्तिगत आय कर, सामाजिक सुरक्षा कर, सेवा शुल्क दस्तुर, बन पैदावार शुल्क, कार्वन कर, प्राकृतिक स्रोतबाट प्राप्त कर/रोयल्टी |
| ६. | राहदानी, भीषा र पर्यटन दस्तुर |
| ७. | केन्द्रीय निजामती सेवा व्यवस्थापन |
| ८. | केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) |
| ९. | केन्द्रीयस्तरका ठूला विद्युत, सिंचाई र अन्य आयोजनाहरू तथा परियोजनाहरू |
| १०. | केन्द्रीय विश्वविद्यालय, विश्वविद्यालय मानकस्तर र नियमन, केन्द्रीय पुस्तकालय |
| ११. | केन्द्रीय स्वास्थ्य नीति (स्वास्थ्य मानकस्तर/गुणस्तर र अनुगमन, राष्ट्रिय/विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण) |
| १२. | व्यस्थापिका संसद र कार्यपालिकासम्बन्धी मामिला |
| १३. | अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन |
| १४. | अन्तर्राष्ट्रिय तथा अन्तरराज्य हवाई उड्डयन,अन्तर्राष्ट्रिय विमानस्थल |
| १५. | परराष्ट तथा कुटनीतिक मामला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्र संघ सम्बन्धी |
| १६. | अन्तर्राष्ट्रिय सन्धि, सम्झौता सुपुर्दगी र अन्तर्राष्ट्रिय सीमा व्यवस्थापन |
| १७. | राष्ट्रिय रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन |
| १८. | राष्ट्रिय गुप्तचर तथा अनुसन्धान |
| १९. | संवैधानिक अदालत, सर्वोच्च अदालत,न्याय प्रशासन सम्बन्धी |

| | |
|---|---|
| २०. | नागरिकता, राहदानी, भिषा, अध्यागमन |
| २१. | आणविक उर्जा, वायुमण्डल र अन्तरिक्षसम्बन्धी |
| २२. | बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाईन, प्रतिलिपि अधिकार समेत) |
| २३. | युद्ध र प्रतिरक्षा |
| २४. | हातहतियार खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी |
| २५. | नाप-तौल |
| २६. | खानी उत्खनन् |
| २७. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यावरण व्यवस्थापन |
| २९. | फौजदारी कानूनको निर्माण, दण्ड जरिवाना |
| ३०. | कार्वन सेवा |
| ३१. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लेखापरीक्षण आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत आयोग, राष्ट्रिय वित्त आयोगलगायत केन्द्रीय महत्वका आयोगहरू |
| ३२. | नेपाल सरकार, प्रादेशिक सरकार, स्थानीय सरकार तथा स्वायत्तक्षेत्रको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधान अन्तरगतका कानूनमा नतोकिएको विषय । |

# अनुसूची-२

*(धारा १ संग सम्बन्धित)*

# प्रादेशिक सरकारको आर्थिक अधिकारको सूची

| | |
|---|---|
| १. | प्रादेशिक प्रहरी, प्रशासन र शान्ति सुरक्षा |
| २. | सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग |
| ३. | रेडियो, एफएम, टेलिभिजन |
| ४. | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सडक दस्तुर, शिक्षा सेवा कर, आय टिकट दस्तुर, जुवा/चिट्ठा/क्यासिनोमाथि कर, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, दण्ड जरिवाना |
| ५. | प्रादेशिक निजामति सेवाको व्यवस्थापन |
| ६. | प्रादेशिक तथ्याङक |
| ७. | प्रादेशिकस्तरका विद्युत्, सिंचाइ आयोजना एवं. अन्य आयोजना तथा परियोजनाहरू |
| ८. | विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङग्रहालय |
| ९. | स्वास्थ्य सेवा |
| १०. | प्रादेशिकसभा, स्थानीय सरकार सम्बन्धी र विशेष संरचना सम्बन्धी |
| ११. | प्रादेशिकभित्रको व्यापार |
| १२. | प्रादेशिक हवाई सेवा |
| १३. | प्रादेशिक अनुसन्धान ब्यूरो |
| १४. | प्रादेशिक रेल्वे र प्रादेशिक लोकमार्ग |
| १५. | विद्युत आयोजना, सिंचाइ आयोजना |
| १६. | संवैधानिक अदालत, सर्वोच्च अदालत बाहेकका अदालतहरूको भौतिक व्यवस्थापन, जनशक्ति व्यवस्थापन र अन्य आवश्यक विषयहरू |
| १७. | प्रादेशिकस्तरका आयोगहरू |
| १८. | भूमिव्यवस्थापन र जग्गाको अभिलेख |
| १९. | खानी अन्वेषण र व्यवस्थापन |
| २०. | भाषा, संस्कृति, लिपी र धर्मको संरक्षण र प्रयोग |
| २१. | प्रादेशिक क्षेत्र भित्रको वन जंगल, जल उपयोग तथा पर्यावरण व्यवस्थापन |
| २२. | कृषि तथा पशु विकास, कलकारखाना, औद्योगीकरण, व्यापार व्यवसाय, यातायात, अल्कोहलिक पदार्थ उत्पादन, निर्माण खरिद विक्री |
| २३. | पुस्तक तथा छापाखाना |
| २४. | गुठी व्यवस्थापन |

अनुसूची-३

*(धारा १ संग सम्बन्धित)*

# स्थानीय सरकारको आर्थिक अधिकारको सूची

| | |
|---|---|
| १. | नगर प्रहरी, सामुदायिक प्रहरी |
| २. | सहकारी संस्था |
| ३. | एफ.एम. सञ्चालन |
| ४. | घर जग्गा कर, मालपोत/भुमिकर, मनोरञ्जन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, डुंगा/केवलकार संचालन कर, बयल गाडा/टाँगा कर, पार्किङ शुल्क, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, दण्ड जरिवाना । |
| ५. | स्थानीय सेवाको व्यवस्थापन, |
| ६. | स्थानीय तथ्याङ्क र अभिलेख संकलन |
| ७. | स्थानीस्तरका विकासका आयोजना तथा परियोजनाहरू |
| ८. | प्राथमिक र माध्यमिक शिक्षा |
| ९. | आधारभूत स्वास्थ्य र सरसफाई |
| १०. | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण, जैविक विविधता |
| ११. | स्थानीय सडक/ग्रामीण सडक/ कृषि सडक |
| १२. | स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३. | नागरिकता, राहदानी वितरण र अभिलेख व्यवस्थापन |
| १४. | घर-जग्गा धनी पूर्जा वितरण |
| १५. | कृषि तथा पशुपालन |
| १६. | बृद्ध, बृद्धा, अपाङ्ग, महिला, एकल महिला र अशक्तहरूको व्यवस्थापन |
| १७. | बेरोजगारको तथ्याङ्क संकलन |
| १८. | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| १९. | जन्म-मृत्यू लगायतका व्यक्तिगत घटना दर्ता |

अनुसूची-४

*(धारा १ संग सम्बन्धित)*

## साझा आर्थिक अधिकारको सूची

| | |
|---|---|
| १ | फौजदारी र देवानी कार्यविधि प्रमाण र शपथ (कानूनी मान्यता,सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया) |
| २. | आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्यनियन्त्रण, गुणस्तर र अनुगमन |
| ३. | राज्यको सुरक्षासंग सम्बन्धित विषयमा निवारक नजरवन्द, कारारगार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था |
| ४. | एक प्रादेशिकक्षेत्रबाट अर्को प्रादेशिकक्षेत्रमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण |
| ५. | पारिवारिक मामला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी |
| ६. | सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना |
| ७. | करार, साझेदारी र एजेन्सी सम्बन्धी |
| ८. | टाटपल्टेको र दामासाही सम्बन्धी |
| ९. | औषधि र विषादि |
| १०. | योजना, परिवारनियोजन र जनसंख्या नियन्त्रण |
| ११. | सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक र मजदुरका हक अधिकार र विवाद सम्बन्धी |
| १२. | चिकित्सा, कानूनी र अन्य पेशाहरू |
| १३. | घटना तथ्याङ्क, जन्म-मृत्यू दर्ता |
| १४. | जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता |
| १५. | सञ्चार माध्यम सम्बन्धी |
| १६. | पुरातत्व, प्राचीन स्मारक र सङ्ग्राहालय संरक्षण सम्बन्धी |
| १७. | उद्योग तथा खनिज र भौतिक पूर्वाधार |
| १८. | क्यासिनो, चिठ्ठा, सवारीसाधन अनुमति |
| १९. | अग्नि तथा प्राकृतिक प्रकोप नियन्त्रण र राहत तथा पुनर्निमाण |
| २०. | पर्यटन, खानेपानी तथा सरसफाई |
| २१. | चलचित्र, सिनेमा हलसम्बन्धी, खेलकुद |
| २२. | वीमा |
| २३. | गरीबी निवारण र औद्योगिकरण |
| २४. | वैज्ञानिक अनुसन्धान, विज्ञानप्रविधि र मानव संसाधन विकास |
| २५. | अन्तर-प्रादेशिक रुपमा फैलिएको जङ्गल, जङ्गली जनावर, चराचुरुङ्गी, हिमाल, राष्ट्रिय निकुञ्ज तथा जल उपयोग |
| २६. | भूमिनीति र भूमिसम्बन्धी कानून |

अनुसुची ५

*(धारा ३ संग सम्बन्धित)*

# विभिन्न तहका सरकारबीच राजस्व स्रोतको बाँडफाँड

| राजस्वको स्रोत | नेपाल सरकार | प्रादेशिक सरकार | स्थानीय सरकार |
|---|---|---|---|
| भन्सार | √ | | |
| मूल्य अभिवृद्धि कर | √ | | |
| अन्तःशुल्क | √ | | |
| संस्थागत आय कर | √ | | |
| व्यक्तिगत आय कर | √ | | |
| सामाजिक सुरक्षाकर | √ | | |
| वन पैदावार शुल्क | √ | | |
| कार्वन कर | √ | | |
| पूवानुमानित कर | | √ | |
| आय टिकट दस्तुर | | √ | |
| सवारी साधन कर | | √ | |
| घर जग्गा रजिष्ट्रेशन दुस्तुर | | √ | |
| जुवा, चिट्ठा, क्यासिनो माथिको कर | | √ | |
| शिक्षा सेवा शुल्क | | √ | |
| घर जग्गा कर | | | √ |
| मालपोत/भुमिकर | | | √ |
| मनोरञ्जन कर | | | √ |
| बिज्ञापन कर | | | √ |
| व्यवसाय कर | | | √ |
| डुंगा, केवलकार, वयलगाडा, टाँगा संचालन र जनावरमाथि लाग्ने कर | | | √ |
| पार्किग शुल्क | | | √ |
| राहादानी भिसा दस्तुर | √ | | |
| प्राकृतिक स्रोतबाट प्राप्त हुने सलामी (रोयल्टी) तथा अन्य आय | √ | √ | √ |
| सेवा शुल्क | √ | √ | √ |
| दण्ड जरिवाना | √ | √ | √ |

अध्याय

४

# मूल्य अभिवृद्धि कर

## ४.१ परिचय

प्रथम पुस्ताको कर सुधार कार्यक्रमको प्रमुख अंगको रुपमा मूल्य अभिवृद्धि कर लागू गरिएको थियो । आन्तरिक स्रोत परिचालनमा दिगोपन ल्याउन आठौं पञ्चवर्षीय योजना अवधि (२०४९-२०५४) भित्र तत्काल विद्यमान सबै आन्तरिक वस्तुगत करलाई समाहित गरी मूल्य अभिवृद्धि कर लगाउने नीति अपनाइयो । वि.सं. २०५० देखि मूल्य अभिवृद्धि कर कार्यान्वयन गर्नको लागि तयारी सुरु गरी २०५४ साल मार्ग १ गतेदेखि यो कर लागू गरियो ।

मूल्य अभिवृद्धि करले बिक्रीकर, होटेल कर, ठेक्का कर तथा मनोरञ्जन करलाई प्रतिस्थापन गरेको थियो । यसरी छुट्टाछुट्टै संरचना तथा सञ्चालन प्रक्रिया भएका चारवटा करको सट्टा एउटै मूल्य अभिवृद्धि कर लगाउँदा त्यसबाट वस्तुगत कर प्रणाली आर्थिक दृष्टिकोणले बढी सक्षम हुनुका साथै करदाता तथा कर प्रशासकले विभिन्न चार करको सट्टा एउटै करको बारेमा जानकारी राखे पुग्ने भयो ।

मूल्य अभिवृद्धि करलाई गन्तव्य (Destination) सिद्धान्तमा आधारित गरियो, जसले गर्दा यो कर देशभित्र उत्पादन हुने र पैठारी गरिने दुवै थरीका वस्तुमा लगाइयो र निकासीलाई शुन्य दरको माध्यमले करमुक्त गरियो । यसले मूल्य अभिवृद्धि कर आन्तरिक उपभोगमा आधारित कर हो भन्ने मान्यतालाई स्थापित गऱ्यो । मूल्य अभिवृद्धि करको उपभोग प्रकार (Consumption Type) छनौट गरिएकोले कर कट्टी गर्ने प्रयोजनको लागि पुँजीगत तथा गैरपूँजीगत वस्तुबीच विभेद नगरी कर लाग्ने कारोबारसँग सम्बन्धित पूँजीगत तथा गैरपूँजीगत सबै वस्तुमा तिरेको करलाई कट्टी गर्न पाइने भयो । यसबाट लगानी पक्ष करको भारबाट मुक्त हुनुका साथै कर प्रणाली सहज भयो ।

मूल्य अभिवृद्धि करकै कारणले उत्पादन तथा वितरण प्रक्रियामा अनावश्यक परिवर्तन नल्याओस् भनेर यस करलाई उत्पादन तथा वितरण प्रक्रिया अन्तर्गतका सबै तहमा लागू गरियो । यसले गर्दा मूल्य अभिवृद्धि करले साविकको उत्पादन/पैठारी स्तरको बिक्रीकरले झैं उत्पादकलाई अनावश्यक रुपमा कृत्रिम बिक्री डिपो आदि खोल्न वा ढुवानी, विज्ञापन लगायतका विभिन्न वितरणसम्बन्धी कार्यहरू डिलरहरूमा सार्न उत्प्रेरित गरेन । अर्कोतर्फ, मूल्य अभिवृद्धि करको दायराभित्र पैठारीकर्ता, उत्पादक, वितरक, थोक बिक्रेता तथा खुद्रा बिक्रेता आउने भएकाले करको आधारमा उत्पादनदेखि खुद्रा तहसम्मको मूल्य अभिवृद्धि समावेश भएर करको आधार विस्तृत हुन गयो । यस कर अन्तर्गत एक तहमा कर छलेमा वा कम तिरेमा पछिल्लो तहमा कर कट्टी गर्न नपाइने वा कर कट्टी गर्ने रकम कम हुने हुँदा राजस्व संकलनमा खास फरक पर्दैन जसलाई Catch-up Effect भनिन्छ । यसैगरी, यस कर अन्तर्गत वस्तुको अधिक विजकीकरण गर्दा बिक्रेताले बढी कर तिर्नुपर्ने र न्यून विजकीकरण गर्दा क्रेताले बढी कर तिर्नुपर्ने हुनाले अधिक वा न्यून विजकीकरण हुँदैन भन्ने सैद्धान्तिक अवधारणा छ, जसलाई मूल्य अभिवृद्धि करको Self-policing Mechanism भनिन्छ । यसरी सैद्धान्तिक रुपमा मूल्य अभिवृद्धि करको Catch-up Effect तथा Self-policing विशेषताले गर्दा खुद्रा तहभन्दा माथि कर छल्न गाह्रो हुन्छ भन्ने सैद्धान्तिक मान्यता छ । यद्यपि यो विशेषता नेपाल जस्तो विकासशील मुलुकमा व्यवहारमा पूर्ण रुपमा लागू हुन नसकेको अनुभव छ ।

यसरी नेपालले छनौट गरेको कर कट्टी प्रणालीमा आधारित उपभोग प्रकारको मूल्य अभिवृद्धि कर व्यवस्था अन्तर्गत करदाताले बिक्रीमा उठाएको करबाट खरीद/पैठारीमा तिरेको कर कटाउन पाउने र करदाताले उठाएको करभन्दा तिरेको कर बढी भएमा फरक रकम सरकारबाट फिर्ता पाउने हुँदा करमाथि कर नलाग्ने, लगानीमा करको भार नपर्ने र करको रकममाथि करदाताले मुनाफा प्रतिशत लगाउन नपर्ने भएकोले औद्योगिक वा व्यापारिक लागत कम भै कर व्यवस्था आर्थिक दृष्टिकोणले सक्षम वा तटस्थ हुने अपेक्षा गरियो । यसैगरी मूल्य अभिवृद्धि करलाई बढी सक्षम बनाउन सकेसम्म आधार विस्तृत गर्ने तथा कर छुट हुने वस्तु तथा सेवाको संख्या सकेसम्म कम राख्ने नीति अपनाइयो । ससाना करदातालाई करको दायराबाहिर राख्न रु. २० लाखको कर नलाग्ने कारोबारको सीमा (Threshold) तोकियो ।

मूल्य अभिवृद्धि करलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि कार्यमूलक संगठनात्मक स्वरुप र अधिकृतमूलक कर्मचारी व्यवस्थासहितको छुट्टै मूल्य अभिवृद्धि कर प्रशासन सृजना गरियो । मूल्य अभिवृद्धि कर प्रशासनको दैनिक कामकारवाही छिटोछरितो तथा पारदर्शी

बनाउनका लागि प्रारम्भदेखि नै कम्प्युटरीकृत गरी समयमै विवरण नबुझाउने र कर नतिर्ने करदातालाई निरन्तर अनुगमन गर्ने, समयमा कर विवरण नबुझाउने करदाताको संख्या पाँच प्रतिशतभन्दा कम राख्ने, समयमै कर नतिर्ने करदाताको कम्प्युटरले नै स्वतः कर निर्धारण गर्ने र त्यस्तो बक्यौता रकम तुरुन्त असुल गर्ने व्यवस्था गरियो । यसले गर्दा समयमा कर विवरण नबुझाउने र कर नतिर्ने करदाताको संख्या नगण्य हुने अनुमान गरेर कर प्रशासनले ४ वर्षभन्दा पुरानो कर परीक्षण नगर्ने तथा करदाताले ६ वर्षभन्दा पुरानो फाइल राख्न नपर्ने व्यवस्था गरियो ।


मूल्य अभिवृद्धि करको प्रारम्भिक स्वरुप यसको सैद्धान्तिक मान्यताअनुरुप अन्तर्राष्ट्रिय स्तरको थियो । यसको कार्यान्वयन गर्दा सुरुमा विरोधका कारण केही बिथोलिएको भएता पनि त्यसपछि क्रमशः प्रभावकारी हुँदै गयो । यसको परिणामस्वरुप यस करमा दर्ता हुनेको संख्या तथा प्राप्त राजस्वको मात्रा वृद्धि हुँदै गयो र यो कर नेपाली जनजीवनको एक अभिन्न अंग बन्दै गयो । यस करको प्रभावकारिता नाप्ने कसीको रुपमा रहेका कर लचकता/उत्प्लावकता (Elasticity/Buoyancy), सक्षमता अनुपात (Efficiency Ratio), सी-सक्षमता अनुपात (C-efficiency Ratio) र कुल सहभागिता अनुपात (Gross Compliance Ratio) केलाउँदा मूल्य अभिवृद्धि करको प्रभावकारीता बढ्दै गएको कुरा तलका तालिका तथा चित्रद्वारा स्पष्ट हुन्छ । यसो हुनमा एकातिर कर प्रशासन प्रभावकारी हुँदै गएको र करदातामा कर सहभागिता बढ्दै गएको जस्ता पक्ष जिम्मेवार छन् भने अर्कोतर्फ कर फिर्ता व्यवस्था प्रभावकारी नभएकोले कूल कर फिर्ता रकम अन्तर्राष्ट्रियरुपमा हुनुपर्ने सामान्य स्तरभन्दा कम भएको र करदाता क्रेडिट अवस्थामा रहेर पनि कर फिर्ता माग गर्ने प्रवृत्ति नबढेकोले कर कट्टीको परिमाण बढ्दै गएको जस्ता कारणहरू पनि जिम्मेवार छन् ।

*तालिका ४.१ :* **मूल्य अभिवृद्धि करको प्रभावकारिता**

| आ.व. | Efficiency | Co-efficiency | VATGCR |
|---|---|---|---|
| २०५४/५५ | २४.६ | २७.५ | ३८.८ |
| २०५५/५६ | २६.६ | २९.७ | ३३.१ |
| २०५६/५७ | २८.० | ३१.९ | ३५.६ |
| २०५७/५८ | २८.० | ३१.७ | ३५.५ |
| २०५८/५९ | २६.७ | २९.५ | ३३.० |
| २०५९/६० | २७.३ | २९.९ | ३३.६ |
| २०६०/६१ | २७.० | ३०.६ | ३४.५ |
| २०६१/६२ | २४.६ | २७.९ | ३१.६ |
| २०६२/६३ | २५.४ | २७.९ | ३१.५ |
| २०६३/६४ | २७.६ | ३०.६ | ३४.८ |
| २०६४/६५ | २८.१ | ३१.२ | ३५.८ |
| २०६५/६६ | ३०.९ | ३४.१ | ३९.५ |
| २०६६/६७ | ३५.४ | ४०.० | ४६.१ |
| २०६७/६८ | ३४.७ | ४०.३ | ४६.४ |
| २०६८/६९ | ३५.७ | ४०.१ | ४६.७ |
| २०६९/७० | ३७.९ | ४२.२ | ४८.५ |
| २०७०/७१ | ४१.१ | ४५.१ | ५२.६ |

*स्रोत: आयोगको गणना*

*चित्र ४.१ :* **मूल्य अभिवृद्धि करको प्रभावकारिता**




*तालिका ४.२ :* **दक्षिण एशियामा मूल्य अभिवृद्धि करको प्रभावकारिता (२०१२/१३)**

| देश | VATR | VATY | VATGCR | VATPROD |
|---|---|---|---|---|
| वंगलादेश | १५ | ३.४७ | २९.७८ | ०.२३ |
| नेपाल | १३ | ४.५९ | ४३.१५ | ०.३५ |
| पाकिस्तान | १६ | ३.६३ | २६.९९ | ०.२३ |
| श्रीलंका | १२ | ३.२९ | ३९.३२ | ०.२७ |
| दक्षिण एशियाली क्षेत्र | ११.५० | २.७४ | ३३.९४ | ०.२८ |

*स्रोत: http://egateg.usaidallnet.gov/collecting-taxes*

*चित्र ४.२ :* **दक्षिण एशियामा मूल्य अभिवृद्धि करको प्रभावकारिता (२०१२/१३)**




मूल्य अभिवृद्धि कर नेपालको कर राजस्वको सबैभन्दा ठूलो स्रोत हो । यस करबाट कुल कर राजस्वको करीव एक तिहाइ हिस्सा प्राप्त हुन्छ भने कुल राजस्वमा मूल्य अभिवृद्धि करको योगदान २९ प्रतिशतको हाराहारीमा रहेको छ । मूल्य अभिवृद्धि कर तथा कुल गार्हस्थ उत्पादनको अनुपात ५ प्रतिशतभन्दा बढी छ । यसैगरी मूल्य अभिवृद्धि करको Buoyancy १.३५ र Elasticity ०.५६ पाइएको छ ।

मूल्य अभिवृद्धि करलाई अझै प्रभावकारी बनाउनका लागि थप कदम चाल्नु आवश्यक छ । १७ वर्षअगाडि तर्जुमा गरिएको मूल्य अभिवृद्धि करको कार्यान्वयनको क्रममा करको संरचना तथा सञ्चालन प्रक्रियामा केही सामान्य परिवर्तन गरिएको पाइन्छ । यस करको सैद्धान्तिक अवधारणालाई व्यवहारमा मूर्तरुप दिन यसमा केही समायोजनको आवश्यकता छ ।

## ४.२ करको दायरा

मूल्य अभिवृद्धि करको दायरा सकेसम्म फराकिलो हुनुपर्दछ। यसको लागि सकेसम्म सबै वस्तु तथा सेवालाई करको दायराभित्र ल्याइनुपर्दछ र कर छुट हुने वस्तु तथा सेवाको संख्या न्यूनतम हुनुपर्दछ। कर सुधारका सन्दर्भमा कर छुटको व्यवस्थालाई जतिसक्दो सानो आकारमा सीमित गर्न सुझाव दिने प्रचलन विश्वव्यापी नै हो। संसारमै सर्वश्रेष्ठ मूल्य अभिवृद्धि कर प्रणाली लागू गरिएका न्युजिल्यान्ड तथा सिङ्गापुर जस्ता देशहरूको अनुभवले पनि यही देखाउँछ। यी देशहरूमा आधा दर्जनभन्दा कम वस्तु तथा सेवामा मात्र कर छुट हुने व्यवस्था गरिएको छ।

*तालिका ४.३ :* **न्युजिल्यान्ड र सिङ्गापुरमा मूल्य अभिवृद्धि कर छुट भएका वस्तु तथा सेवाहरू**

| न्युजिल्यान्ड | सिङ्गापुर |
|---|---|
| • वित्तीय सेवाहरू<br>• आवासीय बहाल<br>• सुन तथा चाँदी<br>• उपहार दिइएका वस्तुहरू | • वित्तीय सेवाहरू<br>• आवासीय सम्पत्तिको बिक्री र भाडा<br>• लगानीयोग्य बहुमूल्य धातुको आयात |

नेपालमा पनि मूल्य अभिवृद्धि कर लागू हुँदाका बखत कर छुट भएका वस्तु तथा सेवाको सूची छोटो हुनुको साथै त्यति बेलाको नीतिअनुसार पछिल्ला वर्षहरूमा यो सूची विस्तारै अझ छोटो बनाउँदै लैजाने भनिएको थियो। त्यसताका छुट दिइएका वस्तु तथा सेवामा आधारभूत कृषि उत्पादन, आधारभूत आवश्यकताका वस्तु, जीवजन्तु तथा सोका उपज, कृषि सामग्री, औषधि उपचार र स्वास्थ्य सेवा, शिक्षा, किताब, अखबार र मुद्रित सामग्री, यात्रुवाहक यातायात तथा ढुवानी सेवा, व्यावसायिक वा पेशागत सेवा, भवन र जग्गा, बाजी, क्यासिनो र चिठ्ठा तथा अन्य केही वस्तु तथा सेवाहरू थिए। यीमध्ये औषधि उपचार, स्वास्थ्य सेवा, शिक्षा, किताब, अखबार, आधारभूत आवश्यकताका वस्तुहरू जस्ता केही वस्तु तथा सेवाहरू सामान्यतया विकासशील देशको मूल्य अभिवृद्धि कर छुटको सूचीमा रहने वस्तु थिए भने घर-जग्गा, सुनचाँदीका गहना, विद्युत्, कार्पेट आदिमा मूल्य अभिवृद्धि कर लगाउने वा नलगाउने भन्ने बारेमा विस्तृत रुपमा छलफल भएको पनि थियो र नेपालको त्यतिबेलाको विशेष परिस्थितिले गर्दा ती वस्तु तथा सेवालाई छुटको सूचीमा राखिएको थियो।

उदाहरणका लागि भाडा, लिज र जग्गा तथा भवनको बिक्रीमा मूल्य अभिवृद्धि कर लगाउने वा नलगाउने वा लगाएपछि कसरी लगाउने भन्ने विषय विश्वव्यापी रुपमै

चर्चाको विषय भएको पाइन्छ । यस सन्दर्भमा मूल्य अभिवृद्धि कर व्यवस्थाको तर्जुमा गर्ने समयमा नेपालमा पनि व्यापक छलफल भएको थियो । मूल्य अभिवृद्धि कर उपभोगमा लाग्ने कर हो । जग्गा-जमिनको उपभोग गरिँदैन, तसर्थ यसलाई मूल्य अभिवृद्धि करको दायराबाहिर राख्नुपर्दछ । तर, भवनलाई अटोमोबाइल्स जस्तै टिकाउ हुने उपभोग्य वस्तुको रुपमा लिन सकिन्छ । अझै स्पष्ट रुपमा भन्नुपर्दा अन्य वस्तु तथा सेवाजस्तै जग्गा तथा भवनको बारम्बार बिक्री गरिँदैन र यिनीहरूको हस्तान्तरणमा रजिस्ट्रेशन शुल्क, टिकट दस्तुर आदि जस्ता अलि फरक किसिमका कर लगाउने गरेको पाइन्छ । तसर्थ, भवन तथा जग्गाको भाडा, लिज र बिक्रीलाई सामान्यतया मूल्य अभिवृद्धि करको दायराभन्दा बाहिर राखिन्छ, तथापि भवनको निर्माणसम्बन्धी कार्यमा भने कर लगाइन्छ । करीव ८० प्रतिशत जनता बसोबास गर्ने नेपालको ग्रामीण क्षेत्रहरूमा भवनको बिक्री अत्यन्तै कम हुन्छ । ग्रामीण क्षेत्रमा प्रायः प्रत्येक परिवारको आफ्नो छुट्टै घर हुन्छ । यदि नयाँ घरको आवश्यकता परेमा घर खरिद नगरी नयाँ निर्माण गर्ने गरिन्छ । नेपालको सामाजिक तथा भौगोलिक विशेषताको कारण आउने केही वर्षसम्म यो परिपाटीमा ठूलो परिवर्तन आउने देखिँदैन । केही शहरी क्षेत्रमा भवनको खरिद-बिक्री हालैका वर्षहरूमा वृद्धि हुँदै गएको पाइएता पनि विहंगम दृष्टिले हेर्दा त्यो अझै सीमित मात्रामा छ । यसैले गर्दा घर तथा जग्गाको बिक्री, लिज र भाडामा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गरिएको हो । तर, होटेलले प्रदान गर्ने आवास सेवा र यस्तै प्रकृतिको अन्य क्षेत्रमा भने मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरिएको छ । यसको साथै भवन निर्माण, मर्मत सुधार र सम्भारको लागि प्रयोग हुने सामग्रीहरूमा पनि मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरिएको छ ।

यसैगरी नेपालमा मूल्य अभिवृद्धि कर व्यवस्थाको तर्जुमा गर्ने समयमा विद्युत्, कार्पेट, सुन, चाँदी तथा सुनचाँदी जस्ता बहुमूल्य धातुका गहना आदिमा कर लगाउने सन्दर्भमा विस्तृत रुपमा छलफल गरिएको थियो । तर त्यसबखत मूल्य अभिवृद्धि करको सही तथा सफल कार्यान्वयनमा यी वस्तुको कारोबारमा संलग्न व्यवसायीहरू विश्वस्त हुन नसकेकाले यी वस्तुहरू मूल्य अभिवृद्धि करको दायराबाहिर राखिनुपर्ने धेरैको माग थियो । त्यस सन्दर्भमा यी वस्तु कर छुट भएका वस्तुहरूमा समावेश गरिए । तर अब मूल्य अभिवृद्धि कर लागू भएको १७ वर्ष भैसकेको छ । यी वस्तुमा कर लगाउनुपर्नेतर्फ कदम चाल्नुपर्ने बेला आएको छ ।

स्मरण रहोस्, मूल्य अभिवृद्धि करको कार्यान्वयनको दौरानमा सामाजिक न्याय कायम गर्ने र आर्थिक विकासमा सघाउ पुऱ्याउने जस्ता उद्देश्य प्राप्तिका साथै अन्य कारणले गर्दा कर छुटको सूचीमा धेरै वस्तु तथा सेवाहरू समावेश गरिए । यसैगरी आयोगले विभिन्न

स्थानमा उद्योगी, व्यवसायीहरूसँग आयोजना गरेका अन्तरक्रिया/छलफल कार्यक्रममा न्यून आय भएका वर्गलाई राहत दिन र औद्योगिक विकास गर्न कर छुट हुने वस्तुको संख्या बढाउनुपर्ने केहीको सुझाव थियो । तर सामाजिक न्याय कायम गर्ने वा आर्थिक विकास गर्ने उद्देश्यले दिइएका छुटबाट लक्षित उद्देश्य प्रभावकारी रुपमा हासिल गर्न सकिंदैन भन्ने आयोगको धारणा छ । उदाहरणका लागि सामाजिक न्याय कायम गर्न न्यून आय भएका वर्गको वजेटको ठूलो हिस्सा खर्च हुने आवश्यक वस्तुहरूमा मूल्य अभिवृद्धि कर छुट दिइएको छ । तर व्यवहारमा कर छुटको व्यवस्थाले गरिब तथा धनी दुवैलाई फाइदा पु¥याउँछ । धनीको खरिद गर्ने क्षमता गरिबको भन्दा बढी हुने र कर छुट भएका वस्तु तथा सेवाको पनि ठूलो परिमाण धनीले नै खरिद गर्ने भएकोले कर छुटको व्यवस्था/नीतिबाट गरिबभन्दा धनी नै बढी लाभान्वित भएका हुन्छन् । यसले गर्दा कर छुटको व्यवस्थाबाट मूल्य अभिवृद्धि कर प्रणाली झनै बढी प्रतिगामी हुन्छ । मूल्य अभिवृद्धि कर छुटको व्यवस्था गरिबको लागि मात्र लक्षित गर्न नसकिने भएकोले कर छुटको व्यवस्था समानता प्राप्तिको लागि प्रभावकारी हुँदैन । यसर्थ, सबै वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरी बढी राजस्व संकलन गर्ने र यसरी संकलित राजस्वबाट गरिबको लागि सामाजिक अनुदान हस्तान्तरण, स्वास्थ्य वीमा जस्ता सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

कर छुटको व्यवस्था देशको आर्थिक विकास गर्न पनि प्रभावकारी हुँदैन । उद्योगहरूका लागि प्रदान गरिएका छुट सुविधाले पनि समग्रमा उत्पादन बढाउन प्रभावकारी भूमिका खेलेको पाइँदैन, किनकि मूल्य अभिवृद्धि करमा दर्ता भएका उद्योग, व्यवसायले खरिदमा तिरेको कर कट्टी गर्न पाउँछन् भने दर्ता नभै कारोबार गर्नेले कर लाग्ने वस्तु तथा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर तिर्नुपर्दछ । यसरी तिरेको कर कट्टी गर्न नपाउने भएकोले उनीहरूको लागत बढ्न जान्छ । यसबाहेक, कर छुटको व्यवस्थाले मूल्य अभिवृद्धि करको कराधार साँघुरो हुने र यसबाट गुमेको राजस्व पूर्ति गर्न कि त करको दर बढाउनुपर्छ कि त आय कर तथा भन्सार क्षेत्रबाट बढी राजस्व प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ, जसले अन्ततोगत्वा आर्थिक वृद्धि दरलाई घटाउँछ ।

अर्कोतर्फ, कर छुटले मूल्य अभिवृद्धि करलाई आर्थिक दृष्टिकोणले असक्षम बनाउने, कर प्रणालीलाई अनावश्यक रुपमा बढी जटिल बनाउने, करदाताको कर परिपालन खर्च बढाउने, सरकारको कर संकलन खर्च वृद्धि गर्ने, थप कर छुटको सम्भावना बढाउने, करको आधार साँघुरो गर्ने र मूल्य अभिवृद्धि करको दीगोपनालाई नै क्षयीकरण गरी करलाई राजस्वको हिसाबले कम उत्पादनशील बनाउँदै जाने हुन्छ । यसैले कर छुट

दिनैपर्ने विशेष कारण भएमा बाहेक कर छुटको सूचीलाई सानो आकारमा सीमित गर्ने नीति अवलम्बन गर्नुपर्दछ । विद्यमान कर छुट हुने वस्तु तथा सेवाको विवरण अनुसूचि ४.१ मा दिइएको छ ।

**सुझावहरू**

कर छुटबाट एकातिर आर्थिक तथा सामाजिक उद्देश्य प्रभावकारी रुपमा हासिल गर्न नसकिने, आर्थिक तथा प्रशासनिक समस्या सृजना हुने, करको आधार खुम्चिने र राजस्व घट्ने हुँदा कर छुटलाई क्रमशः घटाउँदै जानुपर्दछ । यस सन्दर्भमा हाल यस्तो छुट निम्नानुसारका वस्तु तथा सेवालाई मात्र दिइनुपर्दछ :

## ४.२.१ कर लगाउन कठिन हुने वस्तुहरू (Hard-to-Tax Commodities)

वित्तीय तथा जीवन वीमा सेवाहरू, सुन, चाँदी, बाजी, क्यासिनो तथा चिट्ठा, हुलाक टिकट टांस गर्ने सरकारी हुलाक सेवा, दमकल तथा एम्बुलेन्स सेवा जस्ता वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लगाउन कठिन हुन्छ । उदाहरणका लागि वित्तीय तथा जीवन वीमा सम्बन्धी सेवाहरूमा दक्षता तथा समानता दुवै दृष्टिकोणबाट मूल्य अभिवृद्धि कर लगाउन न्यायोचित भए पनि यिनमा मूल्य अभिवृद्धि कर लगाउन कठिन हुन्छ । अधिकांश देशमा वित्तीय क्षेत्रलाई कर लगाउन योग्य क्षेत्रको रुपमा लिइन्न । जहाँ अधिकांश सेवाहरूमा कर लगाइन्छ, त्यहाँ वित्तीय क्षेत्रलाई करको दायराबाट बाहिर राख्नु गैरन्यायोचित मात्र होइन स्वेच्छाचारी जस्तो पनि देखिन्छ । तैपनि, वित्तीय सेवामा हुने मूल्य अभिवृद्धिलाई परिभाषित गर्न र यी सेवामा कर लगाउन भने कठिन हुन्छ । यसको कारण के हो भने वित्तीय सेवा र वीमा (विशेष गरी जीवन वीमा) को सन्दर्भमा यी सेवाहरू जुन मूल्यमा बिक्री गरिन्छन् (जस्तो कि सामान्यतया ब्याज र प्रिमियमको रुपमा) त्यसले यी सेवा प्रदायकहरूको सेवाको वास्तविक मूल्य प्रतिविम्वित गर्दैन भन्ने हो । उदाहरणको लागि ब्याजमा अन्तर्निहित तत्वहरूमा कर्जाको जोखिम, पूँजीको वास्तविक लागत, मुद्रास्फीतिको दर, प्रदत्त सेवाको सेवा शुल्क जस्ता कुराहरू पर्दछन् । सिद्धान्ततः प्रदत्त सेवा बापतको सेवा शुल्कमा मात्र कर लगाउने भन्ने हो, तर व्यवहारमा ब्याजमा अन्तर्निहित विभिन्न तत्वहरूबाट यो तत्वलाई मात्र अलग गरी यसमा कर लगाउन असम्भवप्रायः नै देखिन्छ । यही समस्याको कारणले गर्दा नै संसारका कुनै पनि देशले वित्तीय सेवामा पूर्णरुपमा मूल्य अभिवृद्धि कर लगाउन सकेको पाइँदैन ।

जीवन वीमा प्रिमियम भनेको वीमा कोषमा हस्तान्तरित त्यो रकम हो, जसलाई वीमकले लगानी गर्दछ, अनि त्यो कोष सञ्चालनसँग सम्बन्धित सेवाहरू बापत भुक्तानी दिने

गर्दछ । जीवन वीमा प्रिमियमलाई दुई किसिमको भुक्तानी (कर नलाग्ने योगदान र सेवा बापत भुक्तानी गरिएको कर लाग्ने भुक्तानी) मा विभक्त गर्न सम्भव छैन भन्ने कुरा धेरै देशमा महसुस गरिएको छ । यसमा वित्तीय सेवामा कर लगाउन नसकिनुका समस्याको अतिरिक्त वीमा प्रिमियमलाई सेवाशुल्क र योगदान वापतको रकममा विभाजन गर्न नसकिने समस्या पनि अन्तर्निहित हुन्छन् । यसै कारणले गर्दा सबै देशमा जीवन वीमामा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गरेको पाइन्छ । तसर्थ, बिक्री मूल्यमा कर संकलन गर्ने र यसरी संकलित करबाट खरिदमा तिरेको कर कट्टी गर्न पाउने कर कट्टी विधिसहितको मूल्य अभिवृद्धि कर प्रणालीमा यी सेवा (वित्तीय तथा जीवन वीमासम्बन्धी) हरूको लागि भुक्तानी गरिएको मूल्यलाई करको आधार मूल्यको रुपमा लिन सकिंदैन । तसर्थ, उल्लिखित कारणले गर्दा वित्तीय तथा जीवन वीमासम्बन्धी सेवामा मूल्य अभिवृद्धि कर लगाउन कठिन हुन्छ । यिनीहरूलाई सामान्यतया कर छुट हुने सेवा अन्तर्गत राखेको पाइन्छ ।

### ४.२.२ विशेष गुणकारी वस्तु तथा सेवाहरू (Merit Goods)

स्वास्थ्य सेवा र औषधी, शैक्षिक सेवा, किताब, पत्रपत्रिका तथा अखबारहरूमा हाल मूल्य अभिवृद्धि कर छुट दिइएका छन् जसलाई दीर्घकालमा अन्त गरिनुपर्दछ ।

### ४.२.३ अन्य वस्तु तथा सेवाहरू (Other Commodities)

कृषि, जिउंदा जीवजन्तु तथा तिनका उत्पादनहरू, कलात्मक तथा सांस्कृतिक वस्तु तथा सेवाहरू, आवास, सार्वजनिक यात्रुवाहक सेवा, र हवाईयात्रामा पनि हाल मूल्य अभिवृद्धि कर छुट दिइएका छन् । यी वस्तु तथा सेवामा कर लगाउन विस्तृत किसिमको नियमको आवश्यकता पर्दछ । हाललाई यी वस्तु तथा सेवामा कर छुट कायमै राखे पनि प्रशासनिक क्षमता बढ्दै जाँदा विस्तारै मध्यमकालमा यिनीहरूलाई पनि मूल्य अभिवृद्धि करको दायरामा ल्याउनुपर्छ ।

सरकारी हुलाक सेवाले पत्र आदानप्रदान गर्नदुई किसिमले सेवा शुल्क लिने गरेको छ । एउटा, पत्रको प्रकृतिको आधारमा हुलाक टिकट टाँस गर्न लगाउने र अर्को, नगदकै रुपमा सेवा शुल्क लिने । पत्र हस्तान्तरण गर्न हाल हुलाकबाहेक निजी क्षेत्रसमेत संलग्न भै सेवा प्रदान गरिरहेको, सो सेवा करको दायरामा आइसकेको र तिनीहरूको सेवा सरकारी हुलाकको भन्दा बढी प्रभावकारी समेत रहेको छ । सरकारी निकायहरूले समेत पत्र हस्तान्तरणको लागि निजी क्षेत्रलाई प्रयोग गर्ने क्रम वृद्धि भएको छ । एउटै सेवामध्ये हुलाकले प्रदान गरेको सेवा चाहिँ कर छुटको सूचीमा रहने तर सोही सेवा निजी

क्षेत्रले प्रदान गरेकोमा करको दायरामा आउने हालको व्यवस्था मूल्य अभिवृद्धि करको तटस्थताको सिद्धान्तसँग मेल खाँदैन । तसर्थ हुलाक टिकट प्रयोग हुने बाहेक हुलाकले प्रदान गर्ने अन्य सेवालाई करको दायरामा ल्याउन उपयुक्त हुन्छ ।

## ४.३ कर नलाग्ने कारोबारको सीमा

वि.सं. २०५४ सालमा मूल्य अभिवृद्धि कर लागू गर्दा कर नलाग्ने कारोबारको सीमा (Threshold) वार्षिक रु. २० लाख कायम गरिएको थियो । सेवाको कारोबारको हकमा भने यो सीमा आर्थिक वर्ष २०६६/६७ मा वार्षिक रु. २० लाखबाट घटाई वार्षिक रु. १० लाख कायम गरियो । वि.सं. २०६२ देखि केही विशेष वस्तु तथा सेवाको नगर क्षेत्रमा गरिने कारोबारको हकमा अनिवार्य दर्ताको व्यवस्था गरियो भने त्यसपछि यसको क्षेत्र क्रमशः विस्तार गरियो । हाल यस्ता वस्तु तथा सेवामा सवारी साधन, मोटरपार्टस, हार्डवेयर, फर्निचर, इलेक्ट्रोनिक्स वस्तु, मार्बल, डिस्कोथेक, हेल्थ क्लब, कलरल्याब, क्याटरिङसम्बन्धी सेवा, आदि पर्दछन् ।

मूल्य अभिवृद्धि करमा करदाता दर्ता बढाउने उद्देश्यले यी वस्तुहरूका बिक्रेतालाई अनिवार्य रुपमा दर्ता गराउने नीति लिएको हुन सक्ने भए पनि त्यसबाट मूल्य अभिवृद्धि करको कार्यान्वयन सहज तथा असहज दुवै भएको छ । यी वस्तुहरूमध्ये अधिकांशको कारोबार कर छुटको सीमाभन्दा कमको हुनै नसक्ने व्यावहारिक परिप्रेक्ष्यमा अनिवार्य दर्ताको व्यवस्था गर्दा यी वस्तुको कारोबार गर्नेले अनिवार्य रुपमा दर्ता हुनुपर्ने भयो । यसले गर्दा तिनीहरूको कारोबार कर छुटको सीमाभन्दा कम वा बढी भन्ने वादविवाद गर्न आवश्यक भएन । यस हिसाबले अनिवार्य दर्ताको व्यवस्थाले मूल्य अभिवृद्धि करको कार्यान्वयन सहज भएको हुनुपर्दछ । अर्कोतर्फ, यी वस्तुहरूमध्ये कतिपय वस्तुका बिक्रेताहरू खासगरी ससानो ठाउँमा कर छुटको सीमाभन्दा कमको कारोबार गर्न सक्ने पनि हुन सक्छन् । नेपाल सरकारले हालै घोषणा गरेको नगरपालिकाको सन्दर्भमा यो समस्या झनै चर्किएको छ । यसैले विश्वमै मूल्य अभिवृद्धि कर लागू गरिएका १८० भन्दा बढी देशहरूमध्ये केही देशमा केही वस्तुका बिक्रेतालाई अनिवार्य दर्ताको व्यवस्था लागू भएको भएता पनि त्यसलाई राम्रो उदाहरणको रुपमा लिइँदैन र अनिवार्य दर्ताको औचित्य साबित गर्न सकिँदैन । यसैगरी वस्तु तथा सेवाको लागि कर नलाग्ने कारोबारको छुट्टाछुट्टै सीमा तोक्ने व्यवस्थाको पनि खास औचित्य छैन । कतिपय अवस्थामा वस्तु तथा सेवा दुवैको कारोबार हुन्छ । त्यस्तो अवस्थामा वस्तु र सेवाको कारोबारबीच सीमांकन गर्न गाह्रो हुन्छ ।


विश्वव्यापी अभ्यास र प्रवृत्तितर्फ हेर्दा मुद्रास्फितिलाई विचार गरेर कर नलाग्ने कारोबारको सीमा बढाउने गरेको पाइन्छ । उदाहरणका लागि बंगलादेशमा सन् १९९१ मा मूल्य अभिवृद्धि कर लगाउँदा कर छुटको सीमा बंगलादेशी टाका ५००,००० थियो भने क्रमशः बढाउंदै सन् १९९३/९४ मा ७५०,०००; सन् १९९४/९५ मा १,५००,०००; सन् १९९९/२००० मा २,०००,०००; सन् २००८/०९ मा २,४००,००० र सन् २०१०/११ मा ६,०००,००० गरिएको थियो । श्रीलंकामा सन् १९९८ मा वस्तु र सेवा करको नामले मूल्य अभिवृद्धि कर सुरु गर्दा कर छुटको चौमासिक सीमा श्रीलंकन रुपैयाँ ५००,००० र वार्षिक सीमा १,८००,००० थियो भने यसलाई सन् २००९ मा चौमासिक सीमा बढाएर ६५०,००० र वार्षिक सीमा २,५००,००० गरिएको थियो । श्रीलंकाको वर्तमान कर छुटको चौमासिक सीमा ३,०००,००० छ भने वार्षिक सीमा १२,०००,००० छ। नेपालमा हाल कायम रहेको कर नलाग्ने कारोबारको सीमा १७ वर्षअघि तोकिएको थियो । यो वास्तविक अर्थमा अत्यन्त कम भइसकेको छ। यो कुरा निम्न तालिकाले स्पष्ट गर्दछ :

*तालिका ४.४ :* **कर नलाग्ने कारोबारको सीमाको स्थिति**

| **आर्थिक वर्ष** | **कर नलाग्ने कारोबारको सीमा** (रुपैयामा) | |
|---|---|---|
| | **२०५४/५५ को मूल्यमा** | **२०७१/७२ को मूल्यमा** |
| २०५४/५५ | २,०००,००० | २,०००,००० |
| २०५५/५६ | १,८३६,७५० | २,१७७,७६० |
| २०५६/५७ | १,७५६,३२२ | २,२७७,४८६ |
| २०५७/५८ | १,५८५,३६७ | २,५२३,०७६ |
| २०५८/५९ | १,५२५,९१४ | २,६२१,३७९ |
| २०५९/६० | १,४८०,१८२ | २,७०२,३७१ |
| २०६०/६१ | १,४२२,६४२ | २,८११,६७० |
| २०६१/६२ | १,३४४,०७१ | २,९७६,०३३ |
| २०६२/६३ | १,२५६,४०९ | ३,१८३,६७६ |
| २०६३/६४ | १,१७१,०७२ | ३,४१५,६७३ |
| २०६४/६५ | १,१०९,१३२ | ३,६०६,४२३ |
| २०६५/६६ | ९५६,३६४ | ४,१८२,५०७ |
| २०६६/६७ | ८३६,३३९ | ४,७८२,७४७ |
| २०६७/६८ | ७४९,०५० | ५,३४०,०९५ |
| २०६८/६९ | ७०२,२६६ | ५,६९५,८४९ |
| २०६९/७० | ६६५,९०५ | ६,००६,८६२ |
| २०७०/७१ | ६१७,३५४ | ६,४७९,२६५ |
| २०७१/७२ | ५७४,२८३ | ६,९६५,२१० |

*स्रोत : आयोगको गणना*

*चित्र ४.३ :* **कर नलाग्ने कारोबारको सीमाको स्थिति**




सामान्यतया मूल्य अभिवृद्धि कर लागू गर्दा कर प्रशासनलाई धेरै करदाताको व्यवस्थापन गर्न गाह्रो हुने र करदातामा करको संरचना तथा सञ्चालन प्रक्रियाका बारेमा त्यति राम्रो जानकारी नहुने हुँदा साना व्यवसायीलाई करको दायराबाहिर राख्न कर नलाग्ने कारोबारको सीमा बढी राख्ने र विस्तारै कर कार्यान्वयन हुँदै गएपछि कर प्रशासन तथा करदातामा करको बारेमा जानकारी हुँदै जाने हुनाले कर नलाग्ने कारोबारको सीमा नबढाई करदाताको संख्या बढाउँदै जानुपर्दछ भन्ने मान्यता पनि छ। तर नेपालमा वि.सं. २०५४ सालमा कायम गरिएको कर नलाग्ने कारोबारको सीमा त्यतिबेलाको परिप्रेक्ष्यमा पनि त्यति ठूलो थिएन। मुद्रास्फितिले गर्दा त्यसको वास्तविक मूल्य २०७१ मा आउँदा रु. २० लाखबाट घटेर रु. ५७४,२८३ भएको छ। अर्को दृष्टिकोणले हेर्दा २०५४ सालमा कायम गरिएको कर नलाग्ने कारोबारको सीमा रु. २० लाखको २०७१ को मूल्य करिब रु. ७० लाख हुन आउँछ।


सार्क मुलुकहरूको औसत कर नलाग्ने कारोबारको वार्षिक सीमा अमेरिकी डलर ६१,११८ छ। यस सन्दर्भमा नेपालमा कायम रहेको सीमा तल तालिकामा देखाइएअनुसार अन्य दक्षिण एसियाली मुलुकको भन्दा र यस क्षेत्रको औसत कर नलाग्ने कारोबारको सीमाभन्दा पनि कम छ :

*तालिका ४.५ :* **सार्क देशहरूमा मूल्य अभिवृद्धि कर नलाग्ने कारोबारको सीमा**

| देश | कर नलाग्ने कारोबारको सीमा | |
|---|---|---|
| | राष्ट्रिय मुद्रामा | अमेरिकी डलरमा |
| बंगलादेश | ६० लाख | ७८,६१६ |
| नेपाल | २० लाख | २०,६२० |
| पाकिस्तान | ५० लाख | ५१,०२० |
| श्रीलंका | १ करोड २० लाख | ८८,५३४ |
| मालदिभ्स | १० लाख | ६६,८०० |
| औसत | | ६१,११८ |

*स्रोत: Rup Khadka, The SAARC Tax System, Pairavi Prakashan, Kathmandu, 2015, p. 51.*

*चित्र ४.४ :* **सार्क देशहरूमा मूल्य अभिवृद्धि कर नलाग्ने कारोबारको सीमा**




विश्वमै मूल्य अभिवृद्धि कर राम्रो मानिने न्युजील्यान्डमा कर नलाग्ने कारोबारको सीमा अमेरिकी डलर ५१,२८२ छ भने सिंगापुरमा अमेरिकी डलर ७,९३,६५१ छ । अर्कोतर्फ सन् २०१५ मा मूल्य अभिवृद्धि कर लगाउने मलेसियामा कर नलाग्ने कारोबारको सीमा अमेरिकी डलर १,३७,६०० कायम गरिएको छ। त्यस्तै, अफगानिस्तानको प्रस्तावित यस्तो सीमा अमेरिकी डलर ३४,६१,४०५ छ।

आयोगले विभिन्न स्थानमा गरेको अन्तरक्रिया तथा छलफलका सन्दर्भमा कर नलाग्ने कारोबारको सीमा बढाउनुपर्ने धेरैको माग थियो भने कर नलाग्ने कारोबारको सीमा तोकिनु नहुने भन्ने पनि केहीको धारणा थियो । पछिल्लो विचार राख्नेहरूको दृष्टिमा

करको थ्रेसहोल्डका कारण दर्ता हुने र दर्ता नहुनेबीच असमानता हुने, यसले गर्दा दर्ता हुनुपर्ने स्तरका व्यापारीहरूले आफ्नो व्यापार टुक्र्याउन सक्ने आदि जस्ता तर्कहरू अघि सारेका थिए । तर, वास्तवमा कर नलाग्ने कारोबार भएको कारणले यस किसिमको समस्या त्यति उत्पन्न हुँदैन । कारण, मूल्य अभिवृद्धि करअन्तर्गत दर्ता नहुनेको बिक्री गर्ने वस्तुमा पूरै कर नलाग्ने भन्ने होइन, दर्ता नहुनेको मूल्य अभिवृद्धिमा मात्र कर नलाग्ने हो, निजले खरीद गर्दासम्मको अवस्थामा कर लागिसकेको हुन्छ । अर्कोतर्फ, मूल्य अभिवृद्धि करमा दर्ता हुनेले आफ्नो खरीदमा तिरेको कर कटाउन पाउँछ र आफ्नो बिक्रीमा मूल्य अभिवृद्धि कर असुल गर्न पाउँछ । त्यसरी असुल गरेको रकम सरकारलाई नबुझाएसम्म प्रयोग गर्न पाउने हुँदा निजलाई नगद प्रवाह (Cash Flow) को फाइदा हुन्छ । मूल्य अभिवृद्धि करमा दर्ता भएका अन्य बिक्रेताले कर कट्टीको सुविधा उपयोग गर्नको लागि मूल्य अभिवृद्धि करमा दर्ता भएकाहरूसँग खरीद गर्ने हुँदा मूल्य अभिवृद्धि करमा दर्ता हुनेको बजार ठूलो हुन्छ । यसरी मूल्य अभिवृद्धि करमा दर्ता नहुने भनेको दर्ता नहुने व्यक्तिको मूल्य अभिवृद्धिमा मात्र कर नलाग्ने हो, न कि वस्तुको पूरै मूल्यमा । यसले गर्दा अनिवार्य रुपमा दर्ता हुनु नपर्ने कतिपय व्यापारी, व्यवसायीहरू मूल्य अभिवृद्धि करमा स्वेच्छाले दर्ता हुन्छन् ।

*तालिका ४.६ :* **कारोबारको तहअनुसार करदाता संख्या तथा राजस्व योगदान**

| कारोबार (रु. लाखमा) | करदाताको संख्या | राजस्व संकलन (रु. लाखमा) | जम्माको प्रतिशत |
|---|---|---|---|
| ०-१० | ५५,११७ | ८,३१४ | २.४८ |
| १०-२० | ९,०७७ | ३,३२२ | ०.९९ |
| २०-३० | ५,७७६ | २,८३३ | ०.८५ |
| ३०-४० | ४,२१० | २,४०२ | ०.७२ |
| ४०-५० | ३,२९४ | २,२७४ | ०.६८ |
| ५०-६० | २,४७९ | २,२५६ | ०.६७ |
| ६०-७० | २,०४४ | २,०७२ | ०.६२ |
| ७०-८० | १,७०५ | १,९३५ | ०.५८ |
| ८०-९० | १,४४२ | १,६२३ | ०.४८ |
| ९०-१०० | १,३३६ | १,६३७ | ०.४९ |
| १००-२०० | ७,२०७ | १२,६०० | ३.७६ |
| २००-३०० | ३,४४७ | ९,३२६ | २.७९ |
| ३०० | ८८५९ | २८४,१४९ | ८४.८९ |
| जम्मा | १०५,९९३ | ३३४,७४२ | १०० |

*स्रोत : आन्तरिक राजस्व विभाग*

कर नलाग्ने कारोबारको सीमाबिनाको मूल्य अभिवृद्धि कर व्यवहारमा कार्यान्वयन गर्न सकिँदैन । यस किसिमको सीमा नतोक्दा व्यापार, व्यवसाय गर्ने लाखौंलाई मूल्य अभिवृद्धि करको प्रयोजनको लागि दर्ता गर्नुपर्ने हुन्छ । तर राजस्व संकलन, कर संकलन खर्च, कर सहभागिता खर्च, समानता आदि विभिन्न दृष्टिकोणले ससाना करदातालाई करको दायराभित्र ल्याउनुभन्दा पनि करको दायराबाहिर राख्नु उचित हुन्छ । तालिका ५ मा उल्लेख गरिए अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूमध्ये पनि रु. ७० लाखसम्म कारोबार भएका करदाताको संख्या कुल करदाताको ७७.३६ प्रतिशत भएकोमा तिनीहरूले प्रदान गर्ने राजस्व कुल राजस्वको ६.५५ प्रतिशतमात्र रहेको छ । वार्षिक रु. २० लाखभन्दा मुनिको कारोबार भै स्वेच्छाले मूल्य अभिवृद्धि करमा दर्ता हुनेको संख्या ६४,१९४ छ जुन कुल दर्ताको ६० प्रतिशतभन्दा बढी छन् भने तिनीहरूबाट संकलन गरिएको राजस्व मूल्य अभिवृद्धि करबाट संकलन भएको कुल राजस्वको केवल ३.४७ प्रतिशत मात्र छ । मूल्य अभिवृद्धि करमा ठूलासाना सबैले अनिवार्य रुपमा दर्ता गर्ने व्यवस्था भएमा यो स्थिति कस्तो होला भनेर सहजै अनुमान गर्न सकिन्छ । यसैले मूल्य अभिवृद्धि कर व्यवस्था अन्तर्गत विभिन्न देशमा निश्चित रकमसम्मको कर लाग्ने कारोबार गर्ने बिक्रेतालाई अनिवार्य रुपमा दर्ता हुनु पर्दैन ।

थ्रेसहोल्ड प्रशासनिक क्षमता, उद्योग-वाणिज्य क्षेत्रमा लेखा राख्न सक्ने स्थिति, राजस्वको आवश्यकता, आदि विभिन्न कुरा विचार गरेर तोक्ने गरिन्छ । यस किसिमको थ्रेसहोल्डको व्यवस्थाले गर्दा कुनै बिक्रेतामा मूल्य अभिवृद्धि करको दायराभित्र नआउनका लागि आफ्नो कारोबार टुक्र्याएर दर्ता नभई बस्ने प्रवृत्ति नबढोस् भन्नका लागि एउटा व्यक्तिको नाउँमा विभिन्न फर्महरू भएमा मूल्य अभिवृद्धि करको दर्ताको प्रयोजनका लागि निजको स्वामित्वमा रहेका सबै फर्मको कारोबारको गणना गर्नुपर्दछ । एकलौटी व्यापार (Sole Propritor) को हकमा फर्म नभै व्यक्ति दर्ता हुनुपर्ने भएकोले निजको नाउँमा रहेका सबै फर्मको कारोबार जोडेर दर्ता गर्ने व्यवस्था गरिन्छ । मूल्य अभिवृद्धि करमा दर्ता नहुनका लागि कारोबार टुक्र्याउने प्रवृत्ति देखिएमा समान प्रकृतिका कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने र मुलभूत रुपमा एकै व्यक्ति र समूह द्वारा नियन्त्रित एकभन्दा बढी निकाय हुनेले अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था पनि गरिन्छ ।

**सुझाव**

- मूल्य अभिवृद्धि कर अन्तर्गत कर नलाग्ने कारोबारको सीमा तोक्ने व्यवस्थालाई निरन्तरता दिइनु पर्दछ ।

- मूल्य अभिवद्धि कर नलाग्ने कारोबारको सीमाको रकमलाई मूल्द्रास्फितिको दर समेत विचार गरी बढाउनु उपयुक्त हुन्छ ।
- वि. सं. २०५४ सालमा कायम गरिएको कर नलाग्ने कारोबारको सीमा रु. २० लाखको २०७१ को मूल्य करिब रु. ७० लाख हुन आउँछ र सार्क मुलुकहरूको औषत रकम अमेरिकि डलर ६१,००० भन्दा वढी भएकोले नेपाली रुपैया रु ६१ लाखभन्दा वढी छ । यी तथ्यांक तथा आगामी केही वर्ष सम्म मूल्य अभिवृद्धि कर नलाग्ने कारोवारको रकम वढाउन नपर्ने गरी रु. ७० लाखको हाराहारीमा कायम गरिनु पर्दछ ।
- हार्डवेयर, सेनेटरी, फर्निचर, फिक्स्चर, अटोमोबाइल, इलेक्ट्रोनिक्स, मार्बल, मोटर पार्ट्स, हेल्थ क्लब, क्याटरिङ, बुटिक, सुटिङ, सर्टिङ आदि कारोबार गर्ने व्यक्तिलाई अनिवार्य रुपमा दर्ता गर्नुपर्ने व्यवस्था खारेज गरिनुपर्दछ ।
- रु. १ लाखभन्दा बढीको घरभाडा वा बिजुलीको खपत भएमा मूल्य अभिबृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था खारेज गर्नु पर्दछ ।
- रु. १०,००० माथिको पैठारी गर्न दर्ता हुनुपर्ने व्यवस्था खारेज गर्नु पर्दछ ।
- मूल्य अभिवृद्धि कर नियम अनुसार रु. १००,००० भन्दा वढीको सेवा प्रदान गर्दा दर्ता हुनु पर्ने व्यवस्था खारेज गर्नु पर्दछ ।
- कर नलाग्ने कारोबारको सीमाभन्दा बढीको कारोबार गर्ने सबै व्यापारी तथा व्यवसायीलाई अनुसन्धान वा अनुगमन जस्ता प्रशासनिक माध्यमको प्रयोग गरी करको दायराभित्र ल्याइनुपर्दछ ।
- मूल्य अभिवृद्धि करको मूल सिद्धान्तअनुरुप दीर्घकालिन रुपमा वस्तु तथा सेवाको लागि कर नलाग्ने कारोबारको एउटै सीमा तोक्ने नीति अपनाइनुपर्दछ ।

## ४.४ करको दर

मूल्य अभिवृद्धि करको सुरुको दर १० प्रतिशत थियो भने यसलाई वि.सं. २०६१ सालमा १३ प्रतिशत गरिएको थियो । मूल्य अभिवृद्धि करमा एकल दरले कर प्रणालीलाई आर्थिक रुपमा तटस्थ र सक्षम बनाउने, प्रशासनिक रुपमा बढी सरल बनाउने र सञ्चालन लागतका हिसाबले कम खर्चिलो बनाउने मात्र नभै यसबाट कर पारदर्शी हुने भएकोले

मूल्य अभिवृद्धि एकल दरमा लगाउनु सैद्धान्तिक हिसाबले राम्रो मानिन्छ । न्युजील्यान्ड, सिंगापुरलगायतका धेरै देशहरूले एकल दर लगाएका छन् भने मूल्य अभिवृद्धि कर लागू गरेको समयमा विभिन्न कारणले बहुदर लगाउने देशहरूले पनि बहुदरलाई क्रमश: एकल दरमा परिणत गर्दै जाने प्रवृति बढ्दो छ। दक्षिण एसियाली मुलुकहरूमा पनि भारतबाहेक अन्य मुलुकहरूले मूल्य अभिवृद्धि करको एकल दर लगाएका छन् ।

*तालिका ४.७ :* **सार्क मुलुकहरूमा मूल्य अभिवृद्धि करको दर**

| **देश** | **मूल्य अभिवृद्धि करको दर (% मा)** |
|---|---|
| पाकिस्तान | १७ |
| बंगलादेश | १५ |
| नेपाल | १३ |
| श्रीलंका | १२ |
| भारत | १२.५ (१,४,२०) |
| मालदिभ्स | ८ |
| औसत दर | १२.९२ |

*स्रोत: Rup Khadka, The SAARC Tax System, Pairabi Publications, Kathmandu, 2015, p. 57.*

सार्क मुलुकहरूमा भारतले मात्र बहुदर कायम गरेको छ। भारतको मूल्य अभिवृद्धि करको स्तरीय दर १२.५ प्रतिशत हो जुन अधिकांश वस्तुमा लाग्दछ । अन्य दरहरू सीमित वस्तुमा मात्र लाग्छन् । जस्तै वुलियन, सुन, चाँदी तथा अन्य बहुमूल्य धातु वा ढुंगामा (Semi precious / Precious Stone) १ प्रतिशत लाग्दछ, जुन वस्तुहरू नेपालमा कर छुट दिइएका वस्तुभित्र पर्दछन् । भारतमा ४ प्रतिशतको दर औद्योगिक कच्चा पदार्थमा लाग्दछ, जुन मूल्य अभिवृद्धि करको सिद्धान्त तथा अन्तर्राष्ट्रिय प्रचलनअनुसार कर लाग्ने वस्तुमा पर्दछन् । तिनीहरूको खरिदमा तिरेको कर बिक्रीमा असुल गरेको करबाट कट्टी गर्न पाइने हुँदा त्यस्तो वस्तुमा औद्योगिक विकासको हिसाबले कम दर लगाउनुको कुनै तुक नभएको मात्र होइन त्यसबाट अनेक कठिनाइ वा विसंगति पनि सृजना हुन्छन् । भारतमा २० प्रतिशतको दर मदिरा, पेट्रोलियम पदार्थ र चिट्ठा (Lottery) मा लाग्छ। तर यस्ता वस्तुहरूमा बढी कर लगाउनुभन्दा अन्त:शुल्क लगाउनु उपयुक्त हुन्छ । भारतमा केन्द्र, राज्य तथा स्थानीय तहमा लागू भइरहेका विभिन्न वस्तुगत करहरूको सट्टा Goods and Services Tax को नाउँमा एकल दरमा मूल्य अभिवृद्धि कर लगाउने तयारी भइरहेको छ । यस्तो कर अप्रिल १, २०१६ देखि लागू गर्ने योजना छ ।

एकल दरको व्यवस्था हुनु मूल्य अभिवृद्धि करको राम्रो पक्ष भए पनि आयोगलाई मूल्य अभिवृद्धि करको बहुदर कायम गर्नुपर्ने सुझाव पनि प्राप्त भएका थिए। तर बहुदरले छुटले झैं मूल्य अभिवृद्धि करलाई आर्थिक दृष्टिकोणले असक्षम बनाउने, कर सहभागिताको दृष्टिकोणले बढी जटिल बनाउने, कर संकलनको दृष्टिकोणले बढी खर्चिलो बनाउने, कर विभिन्न वस्तुमा सही किसिमले लगाउन नसकिने सम्भावना रहने तथा त्यस्तो अवस्थामा कर प्रणाली असमान हुने, कर छल्ने सम्भावना बढ्ने र कर प्रणाली पारदर्शी नहुने हुन्छ। यसैले मूल्य अभिवृद्धि करमा बहुदर लगाउनु हुँदैन भन्ने आयोगको धारणा छ।

मूल्य अभिवृद्धि कर कार्यान्वयन अझै प्रभावकारी भइनसकेको हुँदा करदातामा कर सहभागिता बढाउन करको दर १३ प्रतिशतबाट घटाएर १० प्रतिशत कायम गरिनुपर्ने सुझाव पनि आयोगलाई प्राप्त भएको थियो । तर, साफ्टा कार्यान्वयनको सन्दर्भमा भन्सारको दर घटाउनुपर्ने र आर्थिक विकासको दृष्टिकोणले मूल्य अभिवृद्धि करको दरभन्दा आय करको दर घटाउनु उपयुक्त हुने आदि विभिन्न सन्दर्भमा मूल्य अभिवृद्धि करको दर घटाउन सकिने स्थिति छैन। बरु, करको दरलाई ५ वर्ष सम्म परिवर्तन गरिने छैन भनेर स्पष्ट गरिनुपर्दछ भन्ने आयोगको सुझाव छ।

वर्तमान १३ प्रतिशतको दर उपयुक्त हो, यो कम हो वा बढी हो भन्ने प्रश्नहरू पनि आयोग समक्ष राखिएका थिए। आयोगले विश्वका मूल्य अभिवृद्धि कर लागू गर्ने करिब १८० जति देशहरूको मूल्य अभिवृद्धि करको दरको अध्ययन गर्दा सबभन्दा कम दर अण्डोरामा ४.५ प्रतिशत र सबभन्दा बढी दर हंगेरीमा २७ प्रतिशत रहेको पाएको छ। आयोगले यी देशहरूको स्तरीय दरको औसत दरको हिसाब गर्दा यो १५.९१ प्रतिशत पाइएको छ। नेपालको १३ प्रतिशतको दर यो औसत दरभन्दा कम छ। यसैगरी दक्षिण एसियाली देशहरूको औसत मूल्य अभिवृद्धिको दर १२.९२ प्रतिशत छ र नेपालको वर्तमान दर त्यसकै हाराहारीमा छ। यो १३ प्रतिशतको मध्यम दर उपयुक्त छ। यो अझै केही वर्षसम्म कायम रहनुपर्दछ भन्ने आयोगको धारणा छ।

नेपालको मूल्य अभिवृद्धि कर गन्तव्य सिद्धान्तमा आधारित कर भएकोले निर्यातमा यो कर शुन्य दरले लाग्दछ। निर्यातकर्ताले निकासी गरिएका वस्तु तथा सेवासँग सम्बन्धित आयातीत तथा स्थानीय बजारमा खरिद गरिएका वस्तु तथा सेवाको लागि तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाउँछन् । परिणामस्वरुप निर्यात गरिएका वस्तु तथा सेवाको निर्यात मूल्य अभिवृद्धि करको भारबाट मुक्त हुन्छ, जसले गर्दा अन्तर्राष्ट्रिय बजारमा स्वदेशी वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमतामा कुनै कमी आउँदैन।

यसैगरी, स्वदेशबाट विदेशको लागि प्रस्थान गर्ने यातायातका साधनमा प्रदान गरिने खाना तथा बिक्री गरिने वस्तु तथा सेवामा पनि शुन्य दरले कर लाग्ने व्यवस्था छ । कूटनीतिक निकायले आयात गर्ने वस्तु तथा सेवामा पनि मूल्य अभिवृद्धि कर शुन्य दरले लाग्दछ । यसका अतिरिक्त हालैका वर्षहरूमा जलविद्युत् आयोजनाका लागि आवश्यक पर्ने मेसिनरी आदिमा पनि शुन्य दरको कर लाग्ने व्यवस्था गरेको छ । सिद्धान्ततः कुनै वस्तु तथा सेवालाई मूल्य अभिवृद्धि करको भारबाट पूर्ण रुपमा मुक्त गर्ने हो भने शुन्य दर लगाउनुपर्दछ । कारण, यस्तो अवस्थामा बिक्रीमा शुन्य दर लाग्ने अर्थात् वास्तवमा कर संकलन गर्न नपर्ने तर खरीदमा तिरेको कर कट्टी गर्न पाउने वा फिर्ता पाइने भएकोले शुन्य दर लाग्ने वस्तु वा सेवा मूल्य अभिवृद्धि करको भारबाट पूर्ण रुपले मुक्त हुन्छ । तर शुन्य दरले कराधारलाई क्षयीकरण गर्ने, राजस्व घटाउने, मूल्य अभिवृद्धि कर प्रणालीलाई बढी जटिल बनाउने र कर छलीको सम्भावना बढाउने भएकोले यसलाई निर्यातमा मात्र सीमित राख्न उपयुक्त हुन्छ । वर्तमान व्यवस्थामा शुन्य दरमा कर लाग्ने वस्तु तथा सेवाको विवरण अनुसूचि ४.२ मा दिइएको छ । त्यस्तै विशेष किसिमको कर फिर्ता व्यवस्था अनुसूचि ४.३ मा दिइएको छ । नेपालमा पनि शुन्य दर लाग्ने वस्तु तथा सेवाको संख्यामा वृद्धि गरिनु हुँदैन भन्ने आयोगको सुझाव छ ।

**सुझाव**

नेपालमा एकल दर लागू भएको १७ वर्ष पूरा भएको छ । उद्योगी, व्यापारी, व्यवसायी, कर प्रशासक तथा उपभोक्ता यस दरप्रति अभ्यस्त भइसकेका छन् । एकल दरले मूल्य अभिवृद्धि कर प्रणालीको आर्थिक दक्षता र तटस्थता कायम गर्ने, व्यवसायीको कर सहभागिता लागत घटाउने र सरकारको कर संकलन खर्च कम गर्ने भएकाले एकल दरलाई निरन्तरता दिनुपर्ने आयोगको सुझाव छ ।

मूल्य अभिवृद्धि करको १३ प्रतिशतको दरलाई आगामी पाँच वर्षसम्म परिवर्तन गरिनु हुँदैन ।

शुन्य दर नेपालबाहिर निर्यात गरेको एवं निर्यात मानिने (Deemed Export) वस्तु तथा सेवा वा नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको वा नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको वस्तुमा मात्र सीमित गरिनु पर्दछ । हाल शुन्य दर लागेको अन्य कारोवारको हकमा करफिर्ता वा अनुदानको व्यवस्था गरिनु पर्दछ । भविष्यमा शुन्य दर अन्य वस्तु तथा सेवामा लागू गरिनु हुदैन ।

## ४.५ कर कट्टी व्यवस्था

नेपालले कर कट्टी प्रणालीमा आधारित मूल्य अभिवृद्धि करको उपभोग प्रकार लागू गरेको कुरा माथि नै उल्लेख भैसकेको छ। यसअन्तर्गत करदाताले बिक्रीमा असुल गरेको करबाट पूँजीगत तथा गैरपूँजीगत सबै किसिमको खरीदमा तिरेको कर घटाएर बाँकी रहेको रकम मात्र सरकारलाई राजस्व स्वरुप बुझाउनुपर्ने हुन्छ। यसले गर्दा मूल्य अभिवृद्धि करमा करमाथि कर नलाग्ने, कर सोपानी (Cascade) नहुने र करले अनावश्यक रुपमा अर्थतन्त्रको लागत बढाउँदैन। अर्को शब्दमा भन्नुपर्दा मूल्य अभिवृद्धि करले लगानीलाई करमुक्त गर्दछ। मूल्य अभिवृद्धि कर तर्जुमा गर्दा पेय पदार्थ, अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ, सवारी साधनको लागि हल्का पेट्रोलियम इन्धन तथा मनोरञ्जन खर्चमा तिरेको कर कट्टी गर्न नपाइने र अटोमोबाइल्समा तिरेको कर ४० प्रतिशत मात्र कट्टी गर्ने व्यवस्था गरिएको थियो। मूल्य अभिवृद्धि कर कार्यान्वयनका सुरुका वर्षमा कर कट्टी व्यवस्थाको दुरुपयोग नहोस् भन्नको लागि यस किसिमको व्यवस्था गरिएको हुन सक्छ। तर अब मूल्य अभिवृद्धि करले १७ वर्ष पार गरिसककेकाले मूल्य अभिवृद्धि करको मूल सिद्धान्त अनुरुप कर लाग्ने कारोबारसँग सम्बन्धित सबै सेवा वा पदार्थमा तिरेको कर कट्टी हुने व्यवस्था गर्न पुनरावलोकन हुनुपर्दछ।

मूल्य अभिवृद्धि करमा कर कट्टी व्यवस्थाको दुरुपयोग हुने सम्भावना पनि रहन्छ। कहिलेकाहीं करदाताले आफूले खरीद वा पैठारीमा तिरेको कर कट्टी दाबी एकभन्दा बढीपटक गर्न सक्ने, नतिरेको कर पनि दाबी गर्न सक्ने या कानुनले कर कट्टी गर्न नमिल्ने खरीद वा पैठारीमा तिरेको करको दाबी गरेर कर कट्टी व्यवस्थाको दुरुपयोग गर्ने सम्भावना रहन्छ। नेपालमा मूल्य अभिवृद्धि करमा सृजना भएको बढ्दो कर कट्टी रकमको परिमाणले पनि यही कुरा इंगित गर्दछ। कतिपय करदाताले वर्षौंसम्म कर कट्टी रकम निरन्तर रुपमा बढ्दै गएको भनेर विवरण पेश गर्ने गरेका छन् र क्रेडिट विवरण बुझाउनेको संख्या पनि बढ्दो छ। यसले गर्दा कर कट्टी रकमको मात्रा वर्षेनी बढ्दै गएको छ। तालिका ४ मा देखाइएझैं यो रकम आर्थिक वर्ष २०५४/२०५५ मा रु. ८१ करोड ३ लाख थियो भने वि.सं. २०७१ फाल्गुणमा रु. २१ अरब ७० करोड ३१ लाख पुगेको छ। क्रेडिट अनुपात पनि बढ्दै गएको छ जुन हाल १:४ छ, जुन डरलाग्दो स्थिति हो।

*तालिका ४.८ :* **कर कट्टी रकम**

| **आर्थिक वर्ष** | **कर कट्टी रकम** (रु. लाखमा) |
|---|---|
| २०५४/५५ | ० |
| २०५५/५६ | ८१,०३ |
| २०५६।५७ | १,०८,४२ |
| २०५७/५८ | १,८५,३३ |
| २०५८/५९ | २,३८,१८ |
| २०५९/६० | २,४०,०७ |
| २०६०/६१ | २,७०,७३ |
| २०६१/६२ | २,८४,७६ |
| २०६२/६३ | ३,८३,६९ |
| २०६३/६४ | ४,०८,६३ |
| २०६४/६५ | ४,५२,७३ |
| २०६५/६६ | ५,१५,८८ |
| २०६६/६७ | ६,७२,५९ |
| २०६७/६८ | ९,१६,३२ |
| २०६८/६९ | ११,८२,४८ |
| २०६९/७० | १६,६४,८५ |
| २०७०/७१ | १७,८२,२४ |
| २०७१ फाल्गुण | २१,७०,३१ |

*स्रोत : आन्तरिक राजस्व विभाग ।*

## सुझाव

मूल्य अभिवृद्धि करको मूल मान्यता अनुरुप कर लाग्ने कारोबारसँग सम्बन्धित पेय पदार्थ, अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ, सवारी साधनको लागि हल्का पेट्रोलियम इन्धन तथा मनोरञ्जन खर्चमा तिरेको कर कट्टी गर्न दिइनुपर्दछ । अर्कोतर्फ कर कट्टीको दुरुपयोग रोक्नका लागि निम्न उपाय अवलम्बन गर्नुपर्दछ :

- स्वयं कर निर्धारण सिद्धान्तमा आधारित आधुनिक कर प्रणालीमा करदाताहरूको कर सहभागिता अभिवृद्धि गर्ने एउटा महत्वपूर्ण औजार कर परीक्षण हो । कर परीक्षणले करदातालाई आफ्नो कर दायित्व सही र यथार्थपरक रुपमा निर्धारण गर्न सजग मात्र गराउँदैन, यसले उनीहरूलाई समयमै कर तिर्न अभ्यस्त पनि गराउँदछ । यद्यपि यो कुरामा ध्यान दिनुपर्दछ कि कर प्रशासनसँग हरेक करदाताको कर परीक्षण गर्ने साधन र स्रोत उपलब्ध हुँदैन । साथै, साना करदाताको कर परीक्षण त्यति

लागतप्रभावी पनि नहुन सक्छ। तसर्थ कर परीक्षण कार्यलाई लागतप्रभावी बनाउन उपयुक्त कर परीक्षण रणनीति र जोखिममा आधारित छनौट विधि अवलम्बन गर्न आवश्यक हुन्छ। कर परीक्षण कार्य छनौटमा आधारित र बहुविधिहरूको प्रयोग गरी छनौट गरिएको जोखिममा आधारित हुनुपर्दछ। कर परीक्षण कार्यलाई अंकगणितीय जाँच भिडानभन्दा गुमेको वा छलिएको राजस्व असुलउपर गर्न कर प्रशासनद्वारा सञ्चालन गरिने कार्यको रुपमा बुझिनुपर्छ।

- आगामी छ महिनाको अवधिमा वा त्यस पछि पनि कर परीक्षण कार्यको मूल ध्यान अत्यधिक रुपमा रहेको मिलान गर्न बाँकी क्रेडिट रकमको समस्या सम्बोधन गर्नमा केन्द्रित हुनु आवश्यक छ। कर परीक्षणको क्रममा व्यक्तिगत प्रयोगको सामानमा तिरेको कर कट्टी दाबी भए नभएको, आंशिक वा समानुपातिक रुपले क्रेडिट दाबी गर्नुपर्ने वस्तु वा सेवा खरिदमा तिरेको कर पूरै क्रेडिट दाबी गरे नगरेको, कर कट्टी दाबी गर्न नमिल्ने भनी भनिएको खरिदको कर कट्टी दाबी भए नभएको तथा झुठा बिजकको प्रयोग गरी कर कट्टी दाबी भए नभएको तथा एउटै बिजकबाट दोहोराई तेहराई कर कट्टी दाबी भए नभएको जस्ता पक्षहरूमा विशेष ध्यान दिई जाँच तथा परीक्षण गरिनु पर्दछ।
- निरन्तर रुपमा बढिरहेको कर कट्टीको परिमाणलाई नियन्त्रण गर्नका लागि कर परीक्षणलाई प्रभावकारी रुपमा लागू गर्नुपर्दछ। एक वर्षसम्म लगातार क्रेडिट विवरण पेश गर्ने करदाताको र ठूलो परिमाणको कर कट्टी रकम भएको करदाताको कर परीक्षणलाई प्राथमिकता दिनुपर्दछ।
- कर फिर्ता व्यवस्थालाई सरल, सहज र छिटोछरितो बनाएर वास्तविक कर कट्टी फिर्ता माग्न करदातालाई प्रोत्साहित गर्नुपर्दछ।
- लगातार छ महिनासम्म कर विवरण नबुझाउने करदाताको करकट्टी रकम शुन्य गरिनु पर्दछ।
- क्रेडिट रकम दुरुपयोग भएको पाइएमा त्यस्तो रकम करनिर्धारण गरिनु पर्दर्छ।
- गम्भीर प्रकृतिका करछलीका घटनाउपर कडा कानुनी कारवाही गरिनु पर्दर्छ।
- शंकास्पद कर कट्टीसंग सम्बन्धित स्टक आन्तरिक राजस्व विभागले खरीद गर्न यस सम्वन्धी कानूनी व्यवस्था मूल्य अभिवृद्धि कर ऐन नियममै गरिनु पर्दछ।
- यस्ता घटनाहरू संचारमाध्यम मार्फत् सार्वजनिक गरिनु पर्दछ।

## ४.६ कर फिर्ता व्यवस्था

मूल्य अभिवृद्धि कर अन्तर्गत करदाताले बिक्रीमा असुल गरेको करभन्दा खरीदमा तिरेको कर बढी हुन सक्छ र बढी भएको रकम करदातालाई फिर्ता दिनुपर्ने हुन्छ । यस्तो स्थिति सामान्यतया निकासीकर्ताको हकमा उत्पन्न हुन्छ। यसैगरी, खरिदमा तिरेको कर बिक्रीमा संकलन गरेको करमा कट्टी गर्दा लगातार छ महिनासम्म पनि कट्टी हुन नसकेमा त्यसरी कट्टी हुन नसकेको कर रकम करदातालाई फिर्ता दिने कानुनी व्यवस्था छ। कसैले भुलवश दाखिला गरेको कर पनि फिर्ता हुन्छ । त्यस्तै, कूटनीतिक सुविधा वा महसुल सुविधाप्राप्त व्यक्ति वा निकाय वा आयोजनाले खरिद गर्दा तिरेको कर पनि फिर्ता हुने व्यवस्था छ। विदेशी पर्यटकले खरिदमा तिरेको कर पनि फिर्ता हुने व्यवस्था छ। यसका साथै तोकिएका वस्तुका उत्पादक वा पैठारीकर्तालाई पनि तोकिएअनुसार कर फिर्ता दिने व्यवस्था गरिएको छ ।

### ४.६.१ निकासी गर्ने व्यक्तिको कर फिर्ता

सामान्यतया छ महिना भन्दा बढी अबधी सम्म मूल्य अभिवृद्धि कर क्रेडिट रहेको अबस्थामा कर फिर्ता दाबी गर्न सकिने भएता पनि कुनै कर अवधिको कुल बिक्रीमध्ये ४० प्रतिशत वा सोभन्दा बढी निकासी गर्ने दर्ता भएको व्यक्तिले सो अवधिमा खरिदमा तिरेको कर बिक्रीमा संकलन गरेको करभन्दा बढी भएमा फरक रकम तुरुन्तै फिर्ता दाबी गर्न सक्छ। निकासी बिक्रीमा शुन्य दरले कर लाग्ने अर्थात् बिक्रीमा कर संकलन गर्नु नपर्ने तर त्यस्तो बिक्री प्रयोजनका लागि खरिद गरिएको वस्तु वा सेवामा तिरेको कर पूर्ण रुपले कट्टी गर्न पाउने व्यवस्था भएकोले कर फिर्ताको स्थिति आउँछ। यसरी कर फिर्ता माग गरिएको मितिले ३० दिनभित्र आन्तरिक राजस्व कार्यालयले भुक्तानी दिनुपर्दछ । करदाताले कर विवरणको कर फिर्ता दाबी गर्ने महलमा कर फिर्ता माग गरेको रकम उल्लेख गरी विवरण पेश गरेपछि उक्त कर फिर्ता दाबीलाई पुष्टी गर्ने निकासी प्रज्ञापन पत्र, एल.सी., बिल अफ इन्ट्री, भुक्तानी प्राप्तिको प्रमाण आन्तरिक राजस्व कार्यालयमा पेश गर्नुपर्दछ। कर अधिकृतले यी कागजातहरूको भिडान (Verification) गरी कर फिर्ता दिनुपर्दछ । कर फिर्ता व्यवस्था व्यवहारमा राम्रोसँग लागू नगरिएको भन्ने करदाताको गुनासो छ भने मूल्य अभिवृद्धि कर फिर्ता दिने सम्बन्धमा तर्जुमा गरिएको सरल व्यवस्था अनुसारका औपचारिकता पनि कतिपय करदाताले पूरा नगर्ने हुँदा मूल्य अभिवृद्धि कर फिर्ता दिने कार्यमा ढिलाइ हुने गरेको कर प्रशासकहरूको भनाइ रहेको छ। कर फिर्ता माग भएपछि कारदाताको अनिवार्य रुपमा कर परीक्षण गर्ने र फिर्ता दाबी गर्ने व्यक्तिलाई

वस्तु तथा सेवा आपूर्ति गर्ने व्यक्तिले कर तिरेको हदसम्म मात्र कर फिर्ता दिने गरेको पाइन्छ । यसले गर्दा निकासीकर्तालाई गरिने कर फिर्ता व्यवस्था सहज भएको देखिँदैन र कर फिर्ता रकम पनि अपेक्षित अनुपातभन्दा कम रहेको पाइन्छ ।

*तालिका ४.९ :* **निकासीकर्तालाई गरिएको कर फिर्ताको स्थिति**

| **आर्थिक वर्ष** | **कर फिर्ता रकम** (रु.लाखमा) |
|---|---|
| २०५४/५५ | ० |
| २०५५/५६ | १४६ |
| २०५६।५७ | २५,२३ |
| २०५७/५८ | ८८,०५ |
| २०५८/५९ | १,४६,५७ |
| २०५९/६० | १,३४,७४ |
| २०६०/६१ | १,८९,०५ |
| २०६१/६२ | २,५१,३४ |
| २०६२/६३ | ३,३९,७१ |
| २०६३/६४ | ३,०७,१९ |
| २०६४/६५ | २,१७,९० |
| २०६५/६६ | १,०६,२८ |
| २०६६/६७ | १,२०,९७ |
| २०६७/६८ | १,७४,०२ |
| २०६८/६९ | १,८४,९९ |
| २०६९/७० | २,१०,४६ |
| २०७०/७१ | २,३४,०६ |
| २०७१ फाल्गुण | १,१२,१० |

*स्रोत : आन्तरिक राजस्व विभाग ।*

मूल्य अभिवृद्धि करलाई राम्रोसँग कार्यान्वयन गर्ने देशहरूमा निकासीकर्तालाई कर फिर्ता दिंदा सामान्य कागजात भिडाउने र विस्तृत कर परीक्षण नगर्ने व्यवस्था भएको पाइन्छ । निकासीकर्ताले कर फिर्ताको माग हरेक महिना गर्न सक्छ र हरेक महिना कर परीक्षण गर्ने भन्ने कुरा व्यावहारिक हुँदैन । यसको सट्टा कर फिर्ता माग गर्दा निकासीकर्तालाई सजग गराउने वातावरण सिर्जना गर्न र नतिरेको कर फिर्ता माग गर्ने अवस्था आउन नदिन निकासीकर्ताको पनि अन्य करदातासरह कर परीक्षणको लागि छनौट हुन सक्ने सम्भावना भैरहनुपर्दछ । निकासीकर्ता कर परीक्षणको लागि छनौट भएमा निजको अन्य कारोबारका साथै निकासीको पनि कर परीक्षण हुनुपर्दछ । निकासीकर्तालाई कर फिर्ता दिँदा भुक्तानीको प्रमाणलाई निकासीको हरेक बिलअनुसार नभिडाई कुल निकासीको

परिप्रेक्ष्यमा हेरिनुपर्दछ र सामान निकासी भएको शहरबाटै भुक्तानी आउनुपर्ने नगरी कुनै क्षेत्रबाट आएको भए पनि मान्यता हुनुपर्दछ । सबै निकासीकर्ताको लागि एकै किसिमको व्यवस्था पनि गरिनु हुँदैन । निकासीकर्ताको विगतको कर सहभागिताको आधारमा निकासीकर्तालाई विभिन्न वर्गमा विभाजन गरेर भिन्नाभिन्नै किसिमले कर फिर्ता दिने तरिका कायम गर्न उपयुक्त हुन्छ । उदाहरणका लागि कर फिर्तासम्बन्धी व्यवस्थालाई सहज र सुविधाजनक बनाउन पाकिस्तानमा कर फिर्ता माग गर्ने करदातालाई मुख्यतया तीन समूहमा वर्गीकरण गरिने गरिएको छ : (१) स्वर्ण वर्ग : त्यस्ता करदाताहरू जसबाट अत्यन्त कम राजस्व जोखिम हुन्छ, (२) रजत वर्ग : त्यस्ता करदाताहरू जसबाट मध्यम स्तरको राजस्व जोखिम हुन्छ, र (३) अन्य करदाताहरू : जसबाट उच्चस्तरमा राजस्व जोखिमको सम्भावना हुन्छ । तल तालिकामा करदाता वर्गीकरण गर्दा अवलम्बन गरिने विभिन्न मापदण्ड उल्लेख गरिएको छ ।

*तालिका ४.१० :* **निर्यातकर्ताका वर्गीकरणका आधारहरू**

| **स्वर्ण वर्ग** | **रजत वर्ग** |
|---|---|
| ● कम्तीमा तीन वर्षदेखि निर्यात गरिरहेको र तोकिएको रकमभन्दा बढी खुद सम्पत्ति भएको । | ● कम्तीमा एक वर्षदेखि निर्यात गरिरहेको र तोकिएको रकमभन्दा बढी खुद सम्पत्ति भएको । |
| ● कम्तीमा विगत तीन वर्षदेखि उचित रुपमा कारोबारको अभिलेखन र लेखापालन गरिरहेको । | ● करयोग्य कारोबार गरिरहेको अवधि वा विगत तीन वर्षमध्ये जुन घटी हुन्छ सो अवधिको उचित रुपमा कारोबारको अभिलेखन र लेखापालन गरिरहेको । |
| ● विगत तीन वर्षको अवधिमा कुनै राजस्व छली नगरेको वा उल्लेखनीय रुपमा बढी कर फिर्ता दाबी नगरेको । | ● निर्यातजन्य वस्तुहरू र निर्यातमूलक क्रियाकलापहरूमा त्यति धेरै उतारचढाव नभएको । |
| ● तोकिएको समयमा सही रुपमा आफ्नो कर दायित्व निर्वाह गरिरहेको इतिहास भएको । | ● कम्तीमा विगत बाह्र महिनाको अवधिमा सही रुपमा आफ्नो कर दायित्व निर्वाह गरिरहेको इतिहास भएको । |
| ● बैंक खाताहरू उचित र सही अवस्थामा छन् भनी सम्बन्धित बैंकहरूले प्रमाणित गरेको । | ● कम्तीमा निकटतम विगत चारवटा कर फिर्ता दाबीहरूमा कर छली र बढी कर कट्टी दाबी गरेको अवस्था प्रमाणित नभएको । |
| ● विगत २४ महिनामा ६ पटक कर कार्यालयद्वारा कर परीक्षण गरेको अभिलेख भएको । | ● विगत २४ महिनामा ३ पटक कर कार्यालयद्वारा कर परीक्षण गरेको अभिलेख भएको । |

कर फिर्ता माग गर्ने स्वर्ण वर्गमा पर्ने करदाताहरूलाई तीनदेखि पाँच दिनभित्र कर फिर्ता दाबी गरेको रकम भुक्तानी गरिन्छ । यस्ता करदाताहरूको कर फिर्ता पूर्वको कर परीक्षण (Refund Verification) समेत गरिंदैन । रजत वर्गका करदाताहरूको लागि कर फिर्ता प्राप्त गर्ने रकमको एउटा माथिल्लो सीमा निर्धारण गरिएको हुन्छ । उनीहरूबाट उक्त सीमाभित्र रहेर कर फिर्ता माग गरेको अवस्थामा उनीहरूबाट पेश भएका कागजात तथा विवरणहरूको कार्यालयमा नै संक्षिप्त जाँच भिडान अर्थात् पुनरावलोकन गरी १५ दिनभित्र कर फिर्ता दिइन्छ । स्वर्ण तथा रजत वर्गका करदाताहरूबाट विगत १२ महिनाको अवधिमा भएका कर फिर्ता दाबीमध्ये वार्षिक रुपमा कम्तीमा २ वा ३ दाबीहरूको कर फिर्तापछिको जाँच परीक्षण गरिन्छ । यसरी कर फिर्तापछि गरिने जाँच परीक्षणबाट उनीहरूबाट गलत किसिमले कर फिर्ता दाबी भएको पाइएमा उनीहरूलाई प्रदान गरिएको स्वर्ण वा रजत वर्गको हैसियत खारेज गरिन्छ ।

स्वर्ण वा रजत वर्गका करदाताबाहेक अन्य करदाताहरूबाट कर फिर्ता दाबी भएको अवस्थामा उनीहरूको कर फिर्ता दाबीको तोकिएको प्रक्रियाबमोजिम जाँच परीक्षण गरी कानुनले निर्धारित गरेको सीमाभित्रै कर फिर्ता अस्वीकार गर्ने वा फिर्ता दिने निर्णय गरिन्छ । निम्न परिस्थितिहरूमा कर फिर्ता दाबीको कर फिर्ता दिनुपूर्व जाँच तथा परीक्षण गरिन्छ :

- करदाताले पहिलोपटक कर फिर्ता दाबी गरेको अवस्था भएमा ।
- कर प्रशासनले निर्धारण गरेको मूल्य वा सीमाभन्दा बढी रकम कर फिर्ता दाबी भएको अवस्था भएमा ।
- करदाताले नियमित रुपमा गरिरहने दाबीभन्दा भिन्न रुपमा कर फिर्ता दाबी भएको अवस्थामा ।
- अघिल्लोपटक दाबी भएको कर फिर्ता अस्वीकृत भएको वा जाँच भिडान गर्दा कर फिर्ता दाबी भएको रकम घटेको अवस्था भएमा ।
- कर फिर्ता दाबी गर्ने करदाताले विवरण नबुझाउने, कर ढिला दाखिला गर्ने जस्ता कार्यहरू गरी निजको कर सहभागितास्तर कमजोर देखिएको अवस्थामा ।

**सुझाव**

कर फिर्तासम्बन्धी व्यवस्थाको उपयुक्त कार्यान्वयन सफल मूल्य अभिवृद्धि कर प्रणालीको एउटा महत्वपूर्ण तत्व हो । कर फिर्ता प्रक्रिया राजस्व जोखिममा आधारित हुनुपर्दछ । प्रत्येक कर फिर्ता दाबीको अर्थपूर्ण तरिकाले जाँच परीक्षण गर्न न त वाञ्छनीय हुन्छ,

न त सम्भव नै । कम जोखिमयुक्त कर फिर्ता दाबीलाई तत्काल फिर्ता प्रक्रियामा लैजानुपर्दछ । केही देशहरूमा करदाताको इतिहास, लेखापालन, कर सहभागिता र कर परीक्षण अभिलेखको आधारमा करदाताहरूलाई अति उत्तम, उत्तम र अन्य तहमा वर्गीकरण गर्ने प्रचलन पनि अभ्यास गरेको पाइन्छ । उच्च कर सहभागिता भएका करदाताहरूलाई अति उत्तम र उत्तम तहमा वर्गीकरण गरी यस्ता करदाताहरूबाट भएको कर फिर्ता दाबीको कर परीक्षणसमेत नगरी कर फिर्ता प्रक्रियामा लैजाने गरिन्छ, जसले गर्दा कर प्रशासनले बढी राजस्व जोखिम भएका करदाताबाट दाबी भएको कर फिर्ताको जाँच तथा परीक्षणमा बढी ध्यान केन्द्रित गर्न सक्छ । उच्च राजस्व जोखिमयुक्त कर फिर्ता दाबी र नयाँ व्यवसाय सुरु गरेको करदाताबाट पहिलो पटक दाबी भएको कर फिर्ता दाबीको मात्र कर फिर्तापूर्व जाँच वा परीक्षण गर्ने र कर फिर्ता गरिएकामध्ये केही करदाताहरू क्रमरहित (Random) रुपमा छनौट गरी कर फिर्तापछिको जाँच वा परीक्षण गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहेको छ ।

नेपालमा पनि कम्तीमा तीन वर्षदेखि नियमित रुपमा निकासी गरिरहेका र राम्रो कर सहभागिता रहेका करदाताहरूलाई अति उत्तम करदाताको तहमा वर्गीकरण गरी उनीहरूबाट दाबी भएको कर फिर्तालाई तत्कालै प्रक्रियामा राखी तुरुन्त कर फिर्ता दिने अभ्यास गर्नुपर्दछ । त्यसैगरी, कम्तीमा एक वर्षदेखि नियमित रुपमा निकासी गरिरहेका र राम्रो कर सहभागिता रहेका करदाताहरूलाई उत्तम करदाताको तहमा वर्गीकरण गरी उनीहरूबाट दाबी भएको कर फिर्तालाई तत्काल प्रक्रियामा राखी शीघ्र कर फिर्ता दिने अभ्यास गर्नुपर्दछ । यस्ता करदाताको कर फिर्तापूर्व कुनै जाँच वा परीक्षण नगरिए पनि यिनीहरूमध्ये केहीलाई केही निश्चित सूचकको आधारमा वा क्रमरहित छनौट विधि (Random Selection Method) बाट कर फिर्तापछिको जाँच वा परीक्षणको लागि भने छनौट गर्ने व्यवस्था गर्न सकिन्छ । यीबाहेक अन्य करदाताबाट दाबी भएको कर फिर्ताको सम्बन्धमा भने कर फिर्तापूर्व नै आवश्यक जाँच वा परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ ।

### ४.६.२ विदेशी पर्यटकले तिरेको कर फिर्ता

नेपालको मूल्य अभिवृद्धि कर गन्तव्य सिद्धान्त (Destination Principle) मा आधारित कर हो । विदेशी पर्यटकले खरीद गरेको सामान सामान्यत नेपालमा उपभोग नहुने भएकोले त्यस्तो सामान तिरेको मूल्य अभिवृद्धि कर फिर्ता हुने व्यवस्था छ । नेपाल घुम्न आउने विदेशी पर्यटकहरूले नेपाल बसाइको क्रममा नेपालबाहिर निकासी गर्ने गरी विभिन्न करयोग्य वस्तु खरिद गरेको हुन सक्दछ । यसरी पर्यटकले निकासी गर्ने वस्तु वा सेवामा

तिरेको कर पनि निकासी कारोबार गर्ने व्यक्तिले तिरेको करसरह फिर्ता गर्ने प्रयोजनका लागि मूल्य अभिवृद्धि कर ऐनमा छुट्टै व्यवस्था गरिएको छ । यस व्यवस्था अनुसार तोकिएका स्टोरबाट खरिद भएका रु. २५,००० भन्दा बढीको सामानमा तिरेको मूल्य अभिबृद्धि कर वापतको फिर्ता हुने रकम करयोग्य वस्तु वा सेवा साथमा लिई जाने विदेशी पर्यटकले हवाइ मार्गबाट नेपाल छाड्ने समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित राष्ट्रिय वाणिज्य बैंकको काउन्टरबाटै फिर्ता हुने व्यवस्था मिलाइएको छ । यस्तो फिर्ता हुने रकमको ३ प्रतिशत रकम सेवा शुल्क वापत कट्टा गरिने व्यवस्था छ ।

**समस्याहरू**

कर फिर्ता लिन सकिने गरी तोकिएका स्टोरको संख्या सीमित छ भने त्यस्ता स्टोरको नाम पर्यटकहरूको जानकारीको लागि सर्वसुलभ भएको देखिदैन । त्यस्ता स्टोरको नाम थप्दै जानुपर्नेमा लामो समयदेखि यथावत राखिएको छ । यसले गर्दा विदेशी पर्यटकको लागि गरिएको कर फिर्ता व्यवस्था प्रभावकारी भएको छैन र यस्तो कर फिर्ता लगेको वार्षिक रकम नगण्य मात्र छ ।

**सुझाव**

विदेशी पर्यटकलाई गरिने कर फिर्ता व्यवस्थालाई फराकिलो बनाई त्यसका बारेमा प्रचार प्रसार गरिनु पर्दछ र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित कर फिर्ता डेस्कमा जनशक्तिको निरन्तर व्यवस्था गरिनुपर्दछ ।

## ४.६.३ कूटनीतिक कर फिर्ता

कूटनैतिक मान्यता प्राप्त नियोग वा संस्थाको कूटनीतिज्ञले नेपालमा करलाग्ने बस्तु वा सेवा खरिद गरेको रहेछ र त्यस्तो बस्तु वा सेवा खरिद गर्दा एक पटकमा रु. १,५०० भन्दा बढी कर तिरेको रहेछ भने त्यस्तो कर फिर्ता दिने व्यवस्था रहेको छ ।

**सुझाव**

कूटनीतिक कर फिर्ता माग भएको अवस्थामा कूटनीतिक संस्था वा व्यक्तिलाई आपूर्ति गर्ने व्यक्तिले कर विवरण पेश र कर भिडाएर निजले विवरण बुझाएको र कर तिरेको छ भने मात्र फिर्ता दिने व्यवस्थाको अन्त्य गरी फिर्ता मागको आधारमा प्रशोधन गर्ने ।

### ४.६.४ मिलान हुन नसकेको कर फिर्ता

कुनै करदाताले कुनै कर अवधिमा बिक्रीमा उठाएको करभन्दा खरिदमा तिरेको कर बढी भएमा त्यसरी बढी भएको रकम सो कर अवधिभन्दा अगाडिको तिर्न बाँकी करमा मिलान गर्न पाउँछ। त्यसरी मिलान गर्दा पनि कुनै कर रकम बाँकी रहेमा सो करदाताले पछिल्लो कर अवधिमा बुझाउनुपर्ने करमा मिलान गर्न सक्दछ। यसरी कुनै कर अवधिमा मिलान हुन नसकेको कर पछिल्ला कर अवधिहरूको तिर्नुपर्ने करमा मिलान गर्दा लगातार छ महिनासम्म पनि सो कर मिलान हुन नसकेमा त्यसरी मिलान हुन नसकेको रकम एकमुष्ठ फिर्ता पाउन सक्ने व्यवस्था छ । यस्तो अवस्थामा कर फिर्ता दाबी गर्ने करदाताले कर विवरण पेश गर्दा कर फिर्ता दाबी गर्ने महलमा कर फिर्ता माग गरेको रकम उल्लेख गरी विवरण पेश गर्नुपर्दछ । करदाताले यसरी कर फिर्ता दाबी गरेको अवस्थामा कर अधिकृतले यस्तो करदाताको कारोबारको पूर्ण कर परीक्षण गरी कर फिर्ता दिने व्यवस्था छ। कर फिर्ता दाबी गर्ने करदातालाई कर फिर्ता माग गरी विवरण पेश गरेको मितिले ६० दिनभित्र कर फिर्ता दिनुपर्ने व्यवस्था रहेको छ।

*तालिका ४.११ :* **मिलान हुन नसकेको कर फिर्ताको स्थिति**

| **आर्थिक वर्ष** | **रकम** (रु. लाखमा) |
|---|---|
| २०५४/५५ | ० |
| २०५५/५६ | ४,५० |
| २०५६/५७ | ११,६७ |
| २०५७/५८ | १२,१२ |
| २०५८/५९ | १५,२७ |
| २०५९/६० | ६,४१ |
| २०६०/६१ | १६,०२ |
| २०६१/६२ | २४,०७ |
| २०६२/६३ | ४७,८६ |
| २०६३/६४ | ९७,३१ |
| २०६४/६५ | ४३,२२ |
| २०६५/६६ | १,८४,८८ |
| २०६६/६७ | ८८,११ |
| २०६७/६८ | १,८३,०७ |
| २०६८/६९ | २,७०,२१ |
| २०६९/७० | ४,२०,३३ |
| २०७०/७१ | ३,७५,९३ |
| २०७१ फाल्गुण | १,३५,०३ |

*स्रोत : आन्तरिक राजस्व विभाग ।*

**सुझावहरू**

नेपालले मूल्य अभिवृद्धि करको कर कट्टी प्रणालीमा आधारित "उपभोग प्रकार" (Consumption Type) लागू गरेको माथि नै उल्लेख भइसकेको छ । सिद्धान्ततः यस प्रथाअन्तर्गत बिक्रीमा असुल गरेको करभन्दा खरिद/पैठारीमा तिरेको कर बढी भएमा फरक रकम तुरुन्त फिर्ता दिनुपर्ने वा करदाताको अन्य कर दायित्वसँग मिलान गर्न पाउनुपर्ने हो । तर मूल्य अभिवृद्धि कर लागू गर्ने समयमा कर प्रशासन मूल्य अभिवृद्धि करका बारेमा अनुभव नभएको र कर कट्टी वा कर फिर्ता व्यवस्थाको दुरुपयोग हुन सक्ने सम्भावनालाई आँकलन गर्न नसक्ने भएकोले मिलान हुन नसकेको रकम तुरुन्त फिर्ता नदिई पछिल्लो कर अवधिमा सार्न सक्ने व्यवस्था गरिएको हो । कर प्रणाली तर्जुमाको हिसाबले यस किसिमको व्यवस्था नराम्रो भन्न सकिँदैन । तर अब मूल्य अभिवृद्धि कर लागू भएको झण्डै दुई दशक हुन गइरहेको सन्दर्भमा यस व्यवस्थाको समीक्षा हुन आवश्यक छ । यस सन्दर्भमा तीन महिनासम्म मिलान हुन नसकेको रकम फिर्ता दिने व्यवस्था गरिनुपर्दछ भन्ने आयोगको सुझाव छ । करदातालाई कर फिर्ता दिने व्यवस्थालाई सरल, छिटो, छरितो बनाउन निम्न उपाय अवलम्बन गरिनुपर्दछ :

- करदाताले फिर्ता दाबी गरेको रकमको ९० प्रतिशतसम्म धान्ने ठूलो रकमका बिजकहरू भिडाइ मसिनो खरीदसम्बन्धी बिजकहरू भिडाइरहनु नपर्ने ।
- कर फिर्ता माग गर्दा आवश्यक पर्ने कागज तथा प्रमाण सुरुमै एकैपटक माग गरिनुपर्ने ।
- कर फिर्ताको लागि आवश्यक सबै कागजात पेश भएको मितिले एक महिनाभित्र कर फिर्ता गरिसक्नुपर्ने ।
- करदाताको कर लाग्ने कारोबारसँग सम्बन्धित खरिद वा पैठारीमा तिरेको सम्पूर्ण कर फिर्ता गर्ने । यसलाई स्टक, प्रतिलब्धी दर आदिसँग आबद्ध नगर्ने ।

## ४.६.५ विशेष किसिमको कर फिर्ता व्यवस्था

कपडा, सलाई (काठको काँटी मात्र), धुप, टायर-ट्युब, मैदा, तोरीको तेल, दुध, र चिनी चिया, पत्रुबाट बनेका तामा-पित्तलका भाँडाजन्य वस्तु उत्पादनकर्ताहरूले बिक्रीमा असुल गरेको करको तोकिएको प्रतिशतले हुने रकम फिर्ता पाउने व्यवस्था छ । यसैगरी सेलुलर मोबाइल फोनसेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ताले सेलुलर मोबाइल फोनसेटको कच्चापदार्थ वा तयारी सामानमा तिरेको कर मूल्य अभिवृद्धि करमा दर्ता

भएका करदाताहरूलाई बिक्री गरेको प्रमाण पेश गरेमा ६० प्रतिशत रकम फिर्ता पाउने व्यवस्था छ । यस किसिमको व्यवस्था मूल्य अभिवृद्धिको सिद्धान्तबाहिर भएको हुनाले यस व्यवस्थाका बारेमा विभिन्न टिकाटिप्पणी हुने गरेको छ । महालेखा परीक्षकको विभागले यस विषयमा बेरुजु पनि उठाएको छ ।

**सुझाव**

विशेष किसिमको कर फिर्ता व्यवस्थामध्ये मोबाइलको सम्बन्धमा चोरी पैठारी रोक्न र अन्य वस्तुको हकमा स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्न दिएको देखिन्छ । स्वदेशी उद्योगको विकास गर्नुपर्ने कुरामा कसैको दुईमत हुँदैन । राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण तथा दीर्घकालीन रुपमा प्रतिस्पर्धी हुन सक्ने सम्भावना भएका उद्योगहरूलाई अल्पकालमा संरक्षण दिनु वा अनुदान दिनु आवश्यक हुन्छ । यसैगरी दीर्घकालीन रुपले विकासको सम्भावना भएका रुग्ण उद्योगलाई बचाउन सरकारी सहयोगको आवश्यकता पर्दछ । तर यस किसिमको संरक्षण वा अनुदान निश्चित समयको लागि दिइनुपर्दछ । दीर्घकालीन रुपले सञ्चालन गर्न सम्भावना नभएका असक्षम उद्योगलाई करदाताको लागतले टिकाइराख्नु र उपभोक्तामाथि असक्षम उद्योगको भार लामो समयसम्म बोकाइराख्नु स्वस्थ आर्थिक नीतिको विपरीत हुन्छ । त्यस किसिमको प्रावधान आर्थिक विकासको साधकको सट्टा बाधक हुन जान्छ ।

औद्योगिक विकासको लागि मूल्य अभिवृद्धि करलाई प्रभावकारी रुपमा प्रयोग गर्न सकिँदैन भन्ने चर्चा भैसकेको छ । मूल्य अभिवृद्धि कर वापत उपभोक्ताबाट उठाएको रकम उद्योगलाई फिर्ता दिने कुरा मूल्य अभिवृद्धि करको सामान्य सिद्धान्त बाहिरको कुरा हो । यसले गर्दा यसबारेमा विभिन्न क्षेत्रमा विभिन्न टिकाटिप्पणी हुने गरेको छ । यो व्यवस्था विश्व व्यापार संगठनको सिद्धान्त विपरीत पनि छ ।

यसरी मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्थामा बिक्रीमा संकलन गरेको करको केही अंश करदाताले पाउने हुँदा यसले बिजक जारी गर्ने प्रचलन भने बढाउन सक्छ । यस किसिमको कर फिर्ता व्यवस्थाले करछुट वा बहुदरले जस्तो कर प्रणालीलाई आर्थिक दृष्टिकोणले असक्षम बनाउने, जटिल बनाउने, कर सहभागिता र कर संकलन खर्च खासै नबढाउने भएता पनि अन्य वस्तुमा पनि मूल्य अभिवृद्धि कर फिर्ता दिनुपर्छ भनेर दबाब सृजना गर्ने र अन्ततोगत्वा कर फिर्ता दिने वस्तु वा उद्योगको संख्या बढ्दै जाने सम्भावनालाई निश्चित रुपमा बढाउँदछ ।

यसले गर्दा यस व्यवस्थाको समीक्षा हुन जरुरी छ । यो व्यवस्था खारेजी गर्नुपर्ने वा तोकिएका उद्योगलाई बचाउन वा विकसित गर्न राष्ट्रिय दृष्टिकोणले आवश्यक भएमा अनुदान दिनुपर्ने वा यसरी अनुदान दिंदा झञ्झटिलो हुन सक्ने भएमा विशेष कोष सृजना गरेर त्यसबाट कर फिर्ता दिने वा हालको व्यवस्थालाई निरन्तरता दिने भन्ने विभिन्न विकल्पका बारेमा आयोगले छलफल गरेको थियो । तर मूल्य अभिवृद्धि कर स्वरुप उठाएको रकम सम्बन्धित उद्योगलाई फिर्ता दिने कुरा मूल्य अभिवृद्धि करको सिद्धान्त विपरीत भएकोले यसरी कर फिर्ता दिनको लागि छुट्टै संयन्त्र सृजना गरी स्थायी व्यवस्था गर्नुभन्दा वर्तमान व्यवस्थालाई चरणबद्ध रुपमा तीन वर्षभित्र खारेज गरिनुपर्दछ । यस किसिमको कर फिर्ता दिने व्यवस्था अन्य थप उद्योगमा विस्तार गर्नु हुँदैन भन्ने आयोगको सुझाव छ ।

### ४.६.६ समग्र कर फिर्ताको स्थिति

करदातालाई गरिएको मूल्य अभिवृद्धि कर फिर्ताको स्थिति निम्न प्रकार छ । विशेष किसिमको कर फिर्ता मूल्य अभिवृद्धि कर फिर्ताको सामान्य सीमाभित्रको व्यवस्था नभएकोले यसलाई समग्र कर फिर्ताको विश्लेषण गर्दा समावेश गरिएको छैन ।

*तालिका ४.१२:* **समग्र कर फिर्ताको स्थिति** (रु.अर्वमा)

| आर्थिक वर्ष | कर फिर्ता दावि गरेको रकम | कर फिर्ता स्वीकृत रकम | कर फिर्ता स्वीकृत रकम दावि रकमको प्रतिशत | स्वीकृत रकम मूल्य अभिवृद्धि कर रकमको प्रतिशत |
|---|---|---|---|---|
| २०६६/६७ | ७.६१ | २.२७ | २९.८३ | ४.१३ |
| २०६७/६८ | १०.६१ | ३.३९ | ३१.९५ | ५.५० |
| २०६८/६९ | १३.५४ | ३.४२ | २५.२६ | ४.८३ |
| २०६९/७० | ९.६२ | ५.११ | ५३.१२ | ६.१३ |
| २०७०/७१ | ८.२३ | ६.०३ | ७३.२७ | ५.९४ |

*स्रोतः वार्षिक प्रतिवेदन २०७०।७१, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, २०७१, पेज ३९ र विभिन्न आर्थिक वर्षका वजेट वक्तव्यहरू ।*

मूल्य अभिवृद्धि कर फिर्ता जम्मा मूल्य अभिवृद्धि कर राजस्वको ६ प्रतिशत भन्दा पनि कम छ जुन अन्तर्राष्ट्रिय सामान्य अंकभन्दा निकै कम छ ।

**सुझाव**

मूल्य अविभृद्धि कर फिर्ता व्यवस्थालाई सरल, सहज तथा पारदर्शी बनाएर वास्तवमा कर फिर्ता माग गर्नुपर्ने अवस्थाका करदातालाई कर फिर्ता माग गर्न प्रोत्साहित गरिनुपर्दछ ।

## ४.७ कर दर्ता तथा दर्ता खारेजी

मूल्य अभिवृद्धि करको लागि कर लाग्ने वस्तु तथा सेवामा संलग्न व्यक्तिमध्ये कर नलाग्ने कारोबारभन्दा माथिको कर लाग्ने वस्तु तथा सेवाको वार्षिक कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्दछ । कर नलाग्ने कारोबारको वर्तमान वार्षिक सीमा रु. २० लाख छ । यसको गणना गर्दा कर लाग्ने वस्तु तथा सेवाको कारोबार मात्र गणना गरिन्छ, कर छुट भएका वस्तु तथा सेवा र पुँजीगत सामानको बिक्री मूल्यलाई समावेश गरिँदैन । कतिपय वस्तु तथा सेवाको हकमा अनिवार्य रुपमा दर्ता हुनुपर्दछ भने पैठारीकर्ताहरू पनि अनिवार्य रुपमा दर्ता हुनुपर्ने करदाताको श्रेणीमा पर्दछन् । कर नलाग्ने कारोबारभन्दा कमको कारोबार गर्ने व्यक्ति स्वेच्छाले दर्ता हुन सक्ने प्रावधान छ । दर्ताको प्रवृत्ति निम्न प्रकार छ :

*तालिका ४.१३ :* **मूल्य अभिवृद्धि कर दर्ताको स्थिति**

| आर्थिक वर्ष | अनिवार्य | स्वेच्छिक | जम्मा |
|---|---|---|---|
| २०५४/५५ | ४,५६० | ४६९ | ५,२०९ |
| २०५५/५६ | २,५५७ | १,८६७ | ४,४२४ |
| २०५६।५७ | ६,६६७ | १,७९४ | ८,४६१ |
| २०५७/५८ | ३,२१३ | ३३५ | ३,५४८ |
| २०५८/५९ | २,३५७ | २,२०८ | ४,५६५ |
| २०५९/६० | १,९८२ | १,७१४ | ३,६९६ |
| २०६०/६१ | १,८६२ | २,८६७ | ४,७२९ |
| २०६१/६२ | २,००५ | ३,१०६ | ५,१११ |
| २०६२/६३ | २,४७२ | ४,४९४ | ६,९६६ |
| २०६३/६४ | २,१३३ | ४,०३१ | ६,१६४ |
| २०६४/६५ | २,५२८ | ४,१८६ | ६,७१४ |
| २०६५/६६ | ३,५६२ | ६,३८७ | ९,९४९ |
| २०६६/६७ | ५,५७१ | ७,३९१ | १२,९६२ |
| २०६७/६८ | ६,८३८ | ८,२३२ | १५,०७० |
| २०६८/६९ | १०,७०७ | ५,५०८ | १६,२१५ |
| २०६९/७० | ११,५०० | ४,६०९ | १६,१०९ |
| २०७०/७१ | १२,५१३ | ४,७५२ | १७,२६५ |
| २०७१ फाल्गुण | ५,४९७ | ९,५०८ | १५,००५ |

*स्रोत : आन्तरिक राजस्व विभाग ।*

अभिवृद्धि करमा स्वेच्छाले दर्ता हुने करदाताको संख्या ठूलो छ । उदाहरणका लागि आर्थिक वर्ष २०७१/७२ दर्ता भएका कुल करदाता मध्ये ६० प्रतिशत भन्दा वढी करदाता स्वेच्छिक रुपले दर्ता भएका थिए । यो स्वस्थ र सन्तोषजनक अवस्था होइन । अनिवार्य र स्वेच्छिक रुपले दर्ता भएका करदाताको अनुपात यति नै हुनुपर्ने भनी अन्तर्राष्ट्रिय स्तरमा कुनै निश्चित मापदण्ड नभए पनि स्वेच्छिक रुपले दर्ता भएका करदाताको वर्तमान अवस्था अति नै उच्च हो । यो अवस्थामा परिवर्तन हुन आवश्यक देखिन्छ । यस्तो अवस्था सृजना हुनुका पछाडि निम्न कारणहरू छन् :

- मूल्य अभिवृद्धि कर नियमावली बमोजिम सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक एक लाख रुपैयाँभन्दा बढीको परामर्श सेवा लिंदा दर्ता भएको व्यक्तिसंग मात्र दिनु लिनु पर्ने कानुनी व्यवस्था ।
- सार्वजनिक खरिद ऐन, नियमअनुसार रु. ५,००० भन्दा माथिको खरीदको मूल्य अभिवृद्धि कर बिजक हुनुपर्ने कानुनी व्यवस्था । सार्वजनिक खरिद ऐन, नियमअनुसार ठेक्कामा भाग लिन मूल्य अभिवृद्धि करमा दर्ता भएकै हुनुपर्ने कानुनी व्यवस्था ।
- रु. १ लाखभन्दा बढीको घरभाडा वा बिजुलीको खपत भएमा मूल्य अभिबृद्धि करमा दर्ता हुनुपर्ने कानुनी व्यवस्था ।
- रु. १० लाखभन्दा माथिको सेवा प्रदायकले अनिवार्य रुपमा दर्ता हुनुपर्ने कानुनी व्यवस्था ।
- आर्थिक ऐनद्वारा सालबसाली रुपमा तोकिएका विभिन्न क्षेत्रलाई अनिवार्य दर्ता हुनुपर्ने कानुनी व्यवस्था ।
- रु. १०,००० माथिको पैठारी गर्न दर्ता हुनुपर्ने कानुनी व्यवस्था ।

दर्ता खारेजी प्रक्रिया सहज नभएको भनाई आयोगले विभिन्न क्षेत्रमा आयोजना गरेका छलफल कार्यक्रमका सहभागीहरूको थियो । दर्ता खारेज नगण्य रुपमा रहेको तथ्य तालिका ४.१४ को तथ्यांकले देखाउँछ ।

*तालिका ४.१४ :* **मूल्य अभिवृद्धि कर दर्ता खारेजीको विवरण**

| आर्थिक वर्ष | दर्ता खारेजीको संख्या |
|---|---|
| २०५५/०५६ | २ |
| २०५६/०५७ | ५ |
| २०५७/०५८ | १९४ |
| २०५८/०५९ | १३४ |
| २०५९/०६० | ५३ |
| २०६०/०६१ | ६३ |
| २०६१/०६२ | ६९ |
| २०६२/०६३ | ८४ |
| २०६३/०६४ | ११८ |
| २०६४/०६५ | २२८ |
| २०६५/०६६ | २९२ |
| २०६६/०६७ | ५३१ |
| २०६७/०६८ | ३३१ |
| २०६८/०६९ | ६३४ |
| २०६९/०७० | ८२५ |
| २०७१/०७१ | ९७४ |
| २०७१/०७२ | ४६५ |

*स्रोत : आन्तरिक राजस्व विभाग ।*

**सुझाव**

मूल्य अभिवृद्धि करमा करदाता दर्ताको ठूलो भूमिका रहन्छ । एकातिर स्वेच्छिक सहभागिताको स्तर उकास्नको लागि मूल्य अभिवृद्धि करमा दर्ता र दर्ता खारेजीसम्बन्धी व्यवस्था सरल र सहज हुन आवश्यक छ। अर्कोतर्फ, दुरुपयोग गर्ने हिसाबले मात्र करको दायराभित्र कुनै व्यक्ति प्रवेश गर्न नपाओस् भनेर सजग हुन जरुरी छ । मूल्य अभिवृद्धि करमा गलत नियतले दर्ता हुन खोज्ने व्यक्तिलाई रोक्न दर्ताको क्रममा करदाताको बारेमा पर्याप्त सूचना संकलन तथा छानबिन हुनुपर्दछ। करमा दर्ता भएका कतिपय करदाताको पहिचान गर्न सकिएको छैन । यसबाट केही काल्पनिक (Bogus) फर्महरू पनि दर्ता भएको हुनसक्ने अनुमान गर्न सकिन्छ। हाल दर्ताको लागि निवेदन दिने साना तथा ठूला सबै करदातालाई समान व्यवहार गरिन्छ र एउटै प्रक्रिया अवलम्बन गर्ने गरिएको छ । यसर्थ, साना तथा ठूला व्यवसायीलाई मूल्य अभिवृद्धि करमा दर्ता गर्दा देहाय अनुसारको प्रक्रिया अवलम्बन गर्न आवश्यक देखिन्छ :

**ठूलो व्यवसाय :** ठूलो व्यवसायको दर्ता प्रक्रिया प्रायः स्वचालित र झण्झटरहित हुनुपर्छ।

**सानो व्यवसाय :** विशेषगरी स्वेच्छिक रुपले दर्ता हुन खोज्ने साना व्यवसायलाई करमा दर्ता गर्दा निम्नानुसारका पक्षहरूमा विशेष ध्यान दिन आवश्यक देखिन्छ :

- दर्ता फाराम सही र पूर्ण रुपले भरिएको छ छैन, एकिन गर्ने ।
- दर्ता फारामसँग संलग्न गर्नुपर्ने आवश्यक सबै कागजात संलग्न छन् छैनन्, एकिन गर्ने ।
- निवेदकसँग निजको पेशागत पृष्ठभूमि, दर्ता गर्न लागेको पेशाको बारेमा भएको पूर्वजानकारी जस्ता विषयमा संक्षिप्त अन्तर्वार्ता लिने ।
- आन्तरिक तथा बाह्य तथ्यांकको छानबिन गर्ने ।
- दर्ताको समयमा निवेदकको टेलिफोन नम्बर जाँच गर्ने ।
- निवेदकको कारोबार परिसरको भ्रमण गर्ने ।
- कारोबार भाडाको घरजग्गामा सञ्चालन गर्ने, भएमा घर/जग्गाधनीसँगको बहाल सम्झौताको प्रतिलिपि माग गर्ने ।

सबै सम्भावित करदातालाई मूल्य अभिवृद्धि करको दायरामा ल्याउन नियमित रुपमा व्यापार, व्यवसायको सर्वेक्षण गर्नुपर्दछ । दायरामा नआएका करदाताको पहिचान गर्न नियमित रुपमा तेश्रो पक्षबाट प्राप्त हुने सूचनाको प्रयोग गर्नुपर्दछ । मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने कुनै करदाता आफैं दर्ता हुन नआएको अवस्थामा कर प्रशासनले आफैं दर्ता गरिदिन सक्ने (Force Registration) कानुनी व्यवस्था पनि कार्यान्वयन गर्न आवश्यक छ ।

दर्तासम्बन्धी तथ्यांक, आधार/अभिलेख सामयिक र नियमित रुपमा अद्यावधिक गर्न आवश्यक छ । निष्क्रिय करदातालाई दर्ता अभिलेखबाट हटाइनुपर्दछ । विगत १२ महिनाको अवधिमा कर विवरण पेश नगर्ने करदाताको दर्ता खारेजी गर्नुपर्दछ । दर्ता खारेज गरिएका करदाताको स्थायी लेखा नम्बर, नाम र ठेगानासहितको विवरण विभागको आधिकारिक वेबसाइटमा राख्ने तथा यस्ता विवरण भन्सार कार्यालयहरूमा पठाउनुका साथै पत्रपत्रिकामा समेत प्रकाशित गरिनुपर्दछ । स्वयं निवेदन दिने व्यक्तिको दर्ता खारेजसम्बन्धी प्रक्रिया छिटोछरितो रुपमा पूरा गरी दर्ता खारेज गर्नुपर्दछ ।

नेपालमा पनि विश्व बजारीकरणमा प्रयोग भएको Internet Business/e-Commerce ले उल्लेख्य स्थान लिन सुरु गरेको छ । तर यस्तो व्यापारमार्फत् वस्तु तथा सेवा खरिद-बिक्री हुँदा लाग्ने करको सम्बन्धमा कुनै व्यवस्था वा व्याख्या हालसम्म हुन सकेको छैन । घरमा बसीबसी कम्प्युटरमार्फत् वस्तु तथा सेवाको आपूर्तिको लागि अर्डर गरी घरमा नै आपूर्ति

हुने र सोही कम्प्युटरको माध्यमबाट भुक्तानी हुने व्यवस्था हाल प्रचलनमा रहेको अवस्थामा यस्ता कारोबारमा कर कसरी लगाउने भन्ने बारे अन्य देशहरूमा भएको प्रचलनलाई समेत मध्यनजर राखी स्पष्ट व्यवस्था हुनुपर्दछ । यस्तो कारोबारलाई पहिचान गर्ने माध्यम पत्ता लगाई अनिवार्य रुपमा मूल्य अभिबृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था गर्नुपर्दछ ।

कतिपय मुलुकहरूमा मूल्य अभिवृद्धि कर अन्तर्गत समूह दर्ता (Group Registration) को व्यवस्था भए पनि नेपालमा यो व्यवस्था लागू गरिएको छैन । समूह दर्ता अन्तर्गत समूहका सदस्यहरूबीचको कारोबारमा कर लाग्दैन । समूहका सवै सदस्यहरूले समूहबाहिरका व्यक्तिलाई गरेको बिक्रीमा उठाएको करबाट समूहका सवै सदस्यहरूले आफ्नो खरीदमा तिरेको कर कटाएर बाँकी रहेको रकम सरकारलाई बुझाउनुपर्दछ । समूहको तर्फबाट एकजना प्रतिनिधि सदस्य दर्ता हुन्छ र निजले समूहको तर्फबाट विवरण बुझाउने र कर तिर्ने गर्दछ । समूहको कर दायित्वका लागि समूहका सबै सदस्य संयुक्त र छुट्टाछुट्टै रुपमा जिम्मेवार हुन्छन् ।

समूह दर्ताको व्यवस्था अन्तर्गत समूहका सदस्यहरूबीचको कारोबारमा बिल काट्नु नपर्ने र त्यसको अभिलेख राख्नु नपर्ने हुँदा कर सहभागिता खर्च घट्छ । यसैगरी कर प्रशासनले पनि समूहका सबै सदस्यहरूसँग सम्पर्क नराखेर केवल प्रतिनिधि सदस्यसँग मात्र सम्पर्क राख्नुपर्ने हुँदा कर संकलन खर्च कम हुन्छ । तर नेपालमा मूल्य अभिवृद्धि कर प्रशासन अनुभवी नभएको र धेरै वस्तु तथा सेवा कर छुटको श्रेणीमा रहेका हुँदा त्यस्तो अवस्थामा समूह दर्ताको व्यवस्था गर्दा समूहका सदस्यहरूमध्ये कतिले कर छुटको कारोबारसमेत गर्न सक्ने र त्यस्तो अवस्थामा कर कट्टीको व्यवस्थाले गर्दा राजस्व चुहावट हुन सक्ने सम्भावना भएकोले समूह दर्ताको व्यवस्था गरिएको छैन । तर मूल्य अभिवृद्धि करको प्रशासन अनुभवी हुँदै जाने र कर छुट हुने वस्तु तथा सेवाको संख्या कम गर्ने क्रममा समूहका सदस्यले कर लाग्ने वस्तु तथा सेवाको मात्र कारोबार गर्ने स्थिति आएमा भविष्यमा समूह दर्ताको व्यवस्थालाई लागू गर्नेतर्फ विचार गर्नुपर्दछ । त्यस्तो स्थितिमा राजस्वको संरक्षण गर्ने उद्देश्यले समूह दर्ताको लागि आन्तरिक राजस्व विभागको स्वीकृति लिनुपर्ने व्यवस्था गर्नुपर्ने हुन्छ । यस किसिमको समूह दर्ताको व्यवस्था जटिल हुने भएकोले यसलाई दीर्घकालमा मात्र विचार गरिनुपर्दछ ।

स्वेच्छिक दर्ता सम्बन्धी वर्तमान समाधान गर्न निम्न उपायहरू अवलम्वन गरिनु पर्दछः

- पहिलो चरणमा स्वेच्छिक रुपले मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको कार्यालयगत विवरण तयार गर्ने । ती मध्ये वि. सं. २०७० आषाढ सम्मको विवरण दाखिला नगरेका र कर पनि नतिरेका करदाता छुट्याउने र यस्ता निष्कृय करदाताको

दर्ता खारेजी गर्ने । तिनीहरूको स्थायी लेखा नं., नाम तथा ठेगाना सहितको विवरण भन्सार कार्यालयहरूमा पठाउने र पत्रपत्रिकाहरूमा समेत प्रकाशित गर्ने ।

- दोश्रो चरणमा स्वेच्छिक रुपले दर्ता भएका बांकि करदाताहरू मध्ये विगत एक वर्षदेखि कर विवरण नबुझाएका र कर पनि नतिरेका करदाताहरूको समेत दर्ता खारेजी गर्ने र उनीहरूको स्थायी लेखा नं., नाम तथा ठेगाना सहितको विवरण भन्सार कार्यालयहरूमा पठाउने र पत्रपत्रिकाहरूमा समेत प्रकाशित गर्ने ।
- उपरोक्तानुसार दर्ता खारेज गरिएका करदाताबाट उठ्न बांकी कर रकमको विवरण तयार गरी राख्ने र भविष्यमा त्यस्ता करदाता पत्ता लागेमा विवरणमा उल्लेखित कर र व्याज समेत असुल गर्ने ।

कर छुटको सीमा भन्दा कमको कारोवार गर्ने साना व्यवसायीको दर्ताबाट उत्पन्न हुने समस्या कम गर्न दर्ता खारेज प्रक्रियालाई सहज वनाइनु पर्दछ र निम्न व्यवस्थाहरू खारेज गरिनु पर्दछः

- मूल्य अभिवृद्धि कर नियमाबली बमोजिम सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक एक लाख रुपैयाँभन्दा बढीको परामर्श सेवा लिंदा दर्ता भएको व्यक्तिसंग मात्र दिनु लिनु पर्ने ।
- सार्वजनिक खरिद ऐन, नियम अनुसार रु. ५,००० भन्दा माथिको खरीदको मूल्य अभिवृद्धि कर बिजक हुनु पर्ने ।
- सार्वजनिक खरिद ऐन, नियम अनुसार ठेक्कामा भाग लिन मूल्य अभिवृद्धि करमा दर्ता भएकै हुनु पर्ने ।
- रु. १ लाख भन्दा बढीको घरभाडा वा बिजुलीको खपत भएमा मूल्य अभिबृद्धि करमा दर्ता हुनु पर्ने ।
- रु. १०,००० माथिको पैठारी गर्न दर्ता हुनु पर्ने ।

## ४.८ कर विवरण

मूल्य अभिवृद्धि करमा अनिवार्य रुपमा दर्ता भएका करदाताको लागि एक महिनाको कर अवधि तोकिएको छ भने कर नलाग्ने कारोबारको सीमा (Threshold) मुनिको कारोबार भएता पनि स्वेच्छाले दर्ता हुने करदाता, इँटा उद्योग तथा पत्रपत्रिका तथा प्रेसका लागि चार महिनाको कर अवधि कायम गरिएको छ । पर्यटन व्यवसायीले भने दुई महिनाको कर अवधि रोज्न सक्ने व्यवस्था छ ।

मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले आफ्नो हरेक कर अवधिको कारोबारको विवरण सो कर अवधि समाप्त भएको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनुपर्दछ । कर विवरण डेबिट विवरण, क्रेडिट विवरण वा शुन्य विवरण गरी तीन प्रकारका हुन सक्छन् । यदि करदाताले खरीदमा तिरेको करभन्दा बिक्रीमा असुल गरेको कर बढी भएमा बढी भएजति रकम सरकारलाई बुझाउनुपर्ने हुन्छ । यस्तो कारोबारसम्बन्धी कर विवरणलाई डेबिट विवरण भनिन्छ । अर्कोतर्फ करदाताले बिक्रीमा संकलन गरेको करभन्दा खरीदमा तिरेको कर बढी भएमा बढी भएजति रकम करदाताले सरकारसँग फिर्ता माग गर्न सक्छ । यस किसिमको कारोबारसम्बन्धी विवरणलाई क्रेडिट विवरण भनिन्छ । कहिलेकाहीं करदाताको खरीद-बिक्रीसम्बन्धी कुनै कारोबार नहुन सक्छ । त्यस्तो अवधिको पनि करदाताले कर विवरण तयार गरेर राजस्व कार्यालयमा बुझाउनुपर्दछ । त्यस्तो विवरणलाई शुन्य विवरण भनिन्छ ।

*तालिका ४.१५ :* **कर विवरणको बनोट**

| आर्थिक वर्ष | डेबिट विवरण | क्रेडिट विवरण | शुन्य विवरण | जम्मा विवरण |
|---|---|---|---|---|
| २०५४/५५ | ८३८८ | १५२१८ | ६३१२ | २९९१८ |
| २०५५/५६ | २१६१६ | ३३९३८ | १७२८३ | ७२८३७ |
| २०५६।५७ | ३१०६३ | ७९१६१ | २८७५९ | १३८९८३ |
| २०५७/५८ | ३९७१२ | ९५०७१ | ३९९४४ | १७४७२७ |
| २०५८/५९ | ४३७४० | १०४६५७ | ५२०८८ | २००४८५ |
| २०५९/६० | ४४९२९ | ११२८६८ | ६१४२६ | २१९२२३ |
| २०६०/६१ | ५०३४६ | ११६५११ | ६७७७५ | २३४६३२ |
| २०६१/६२ | ५५१२६ | ११८२३८ | ७८७९४ | २५२१५८ |
| २०६२/६३ | ५६१७० | १३२९६६ | ९००१० | २७९१४६ |
| २०६३/६४ | ५७८१२ | १४२४३५ | ९८८३९ | २९९०८६ |
| २०६४/६५ | ६२२६१ | १५८०६५ | ११२९६३ | ३३३२८९ |
| २०६५/६६ | ६७३५२ | १७८५३० | १३१०५७ | ३७६९३९ |
| २०६६/६७ | ७६२८४ | २०८६१३ | १५९८७४ | ४४४७७१ |
| २०६७/६८ | ९००१३ | २४६३२२ | १८८०२५ | ५२४३६० |
| २०६८/६९ | १०४३६० | ३००५८८ | २१३१५४ | ६१८१०२ |
| २०६९/७० | १११८८६ | ३५७९२३ | २३१२५३ | ७०१०६२ |
| २०७०/७१ | १२४८५३ | ४०१८७० | २३५९८३ | ७६२७०६ |
| २०७१ फाल्गुण | ७९३७६ | २९८३६७ | १५६७२२ | ५३४४६५ |

*स्रोत : आन्तरिक राजस्व विभाग ।*

सामान्यतया कर विवरणमध्ये धेरैजसो विवरण डेबिट विवरण हुनुपर्दछ । कारण : उद्योग, व्यापार तथा व्यवसाय मुनाफा आर्जन गर्नको लागि गरिन्छ, जहाँ करदाताको खरीदभन्दा बिक्री बढी हुन्छ । यस्तो अवस्थामा करदाताले खरीदमा तिरेको करभन्दा बिक्रीमा असुल

गरेको कर बढी हुन्छ र फरक रकम करदाताले सरकारलाई कर स्वरुप बुझाउनुपर्दछ। उद्योग, व्यापार तथा व्यवसाय गर्दा सधैं मुनाफा हुनैपर्छ भन्ने होइन। निकासी र शुन्य दर लाग्ने अन्य कारोबारको हकमा बिक्रीमा असुल गरिने करभन्दा खरीदमा तिरेको कर बढी भई क्रेडिट विवरण पेश गर्नुपर्ने अवस्था आउँछ। यसैगरी, करदाताले एकैपटक ठूलो मात्रामा सामान पैठारी गरेर सामानको ठूलो भाग स्टकमा रहेको अवस्थामा वा उत्पादन तथा बिक्री वितरण सुरु नभएको व्यवसायको हकमा पनि यस्तो अवस्था सृजना हुन सक्छ। यसैले, कुनै करदताको कुनै कर अवधिमा क्रेडिट विवरण बुझाउनुपर्ने हुन्छ। यसैगरी कुनै कर अवधिमा करदाताको खरीद-बिक्रीको कुनै कारोबार भएन भने त्यस्तो अवधिमा करदाताले शुन्य विवरण पेश गर्नुपर्दछ। यसो भएता पनि हामीकहाँ अहिले कूल विवरणमध्ये क्रेडिट विवरण ५६ प्रतिशत र शुन्य विवरण २९ प्रतिशत रहेको पाइन्छ, जुन विश्वको सामान्य स्तरभन्दा बढी छ। यस्तो अवस्था निश्चय पनि सन्तोषजनक होइन। खास गरेर ससाना ठेकेदारहरू ठूलो मात्रामा करमा दर्ता भएका कारणले शुन्य विवरणको संख्या बढी छ।

**सुझाव**

करदाताले विभिन्न करको प्रयोजनको लागि कर कार्यालयमा कर विवरण बुझाउनुपर्दछ। आधुनिक कर प्रणाली अन्तर्गत कर प्रशासनले कर विवरण बुझाउनुपर्ने म्यादभन्दा केही समयअगाडि सम्बन्धित करदाताकहाँ खाली विवरण फाराम पठाउने गरिन्छ। करदाताले कर विवरण सहज रुपमा पाउन सकून् भन्नका लागि यस्ता विवरण जनसम्पर्क हुने कार्यालयमा पनि निःशुल्क वितरणका लागि राखिन्छ। हाल सूचना प्रविधिमा भएको चमत्कारपूर्ण उन्नतिले गर्दा विवरण इन्टरनेटमार्फत् पनि उपलब्ध हुन्छन्। कर प्रशासनले विवरण बुझाउने समयतिर संचारमाध्यमहरूबाट प्रचारप्रसार पनि गरिन्छ। यसले गर्दा करदाताहरू विवरण बुझाउने र कर तिर्ने कुराप्रति सजग हुन्छन्। त्यसले कर सहभागिता बढाउँछ। नेपालको कर प्रशासनले करदातालाई खाली विवरण फाराम पठाउने चलन छैन। हाल विद्युतीय प्रणालीद्वारा कर विवरण पेश गर्ने व्यवस्था गरिएकोले करदातालाई यसरी विवरण दिनुपर्ने सान्दर्भिकता पनि छैन। तर करदातालाई आवश्यक परेमा सम्बन्धित राजस्व कार्यालयबाट कर विवरण आफैं संकलन गर्नुपर्दछ।

## ४.९ विवरण नबुझाउने

सबै करदाताले समयभित्रै विवरण पेश गर्दछन् भन्न सकिँदैन। केही करदाता केही कारणले गर्दा समयमा कर विवरण नबुझाउन पनि सक्छन्। तालिका ४.१६ मा उल्लेख गरिएअनुसार झण्डै ३० प्रतिशत करदाताले विवरण समयमा नबुझाएको देखिन्छ, जुन विश्वको सामान्य तथ्यांकभन्दा बढी छ। यसरी विवरण समयमा नबुझाउनेमा खासगरी

ससाना व्यवसायीहरू बढी छन् । व्यापारमा असफल भएको कारणले पनि केही करदाताले विवरण नबुझाएको पाइएको छ ।

*तालिका ४.१६ :* **मूल्य अभिवृद्धि कर विवरण पेश नगर्नेको संख्या**

| आर्थिक वर्ष | जम्मा करदाता संख्या | विवरण पेश नगर्नेको संख्या | कुल दर्तावाला करदातामध्ये विवरण पेश नगर्ने करदाताको प्रतिशत |
|---|---|---|---|
| २०५४/५५ | ५,२०९ | १३२ | २.५३ |
| २०५५/५६ | ९,६३३ | २४९ | २.५ |
| २०५६/५७ | १८,०९४ | ४७६ | २.६३ |
| २०५७/५८ | २१,६४२ | ९७३ | ४.५० |
| २०५८/५९ | २६,२०७ | २,१०५ | ८.०३ |
| २०५९/६० | २९,९०३ | ३,६०७ | १२.०६ |
| २०६०/६१ | ३४,६३२ | ५,४३० | १५.६८ |
| २०६१/६२ | ३९,७४३ | ७,२३७ | १८.२१ |
| २०६२/६३ | ४६,७०९ | ९,२५३ | १९.८१ |
| २०६३/६४ | ५२,८७३ | ११,६०३ | २१.९५ |
| २०६४/६५ | ५९,५८७ | १४,४२२ | २४.२० |
| २०६५/६६ | ६९,५३६ | १७,६४१ | २५.३७ |
| २०६६/६७ | ८२,४९८ | २१,३११ | २५.८३ |
| २०६७/६८ | ९७,५६८ | २५,३४६ | २५.९८ |
| २०६८/६९ | ११३,७८३ | ३०,३०१ | २६.६३ |
| २०६९/७० | १२९,८९२ | ३६,६६२ | २८.२२ |
| २०७०/७१ | १४७,१५७ | ३१,०८९ | २१.१३ |
| २०७१ फाल्गुण | १६२,१६२ | ४८,१७२ | २९.७१ |

*स्रोत : आन्तरिक राजस्व विभाग ।*

**सुझाव**

मूल्य अभिवृद्धि कर विवरण समयमा वुझाउने करदाताको अनुपात बढाउन निम्न उपायहरू अवलम्वन गर्नु पर्दछः

- स्वेच्छिक रुपले दर्ता भएकाबाहेक करदाताको वर्णानुक्रमअनुसार कार्यालयगत विवरण तयार गर्ने ।
- कारोबारको कर विवरण बुझाउने दायित्व सम्बन्धमा टेलिफोन, इमेल, पत्राचार, करदाताकोमा भ्रमण आदि विविध माध्यमहरूको प्रयोग गरी उनीहरूलाई सूचित गर्ने ।
- उपरोक्तानुसार सूचित गरेपछि तोकिएको म्यादभित्र सम्पर्क नगर्ने करदाताहरूलाई दण्डित गर्ने ।

- सम्पर्क गर्न नसकिएका/नसकिने वा विगत एक वर्षदेखि विवरण पेश नगर्ने करदाताको दर्ता खारेजी गर्ने ।
- सम्पर्क गर्न नसकिएका/नसकिने वा दर्ता खारेजी गरिएका करदाताहरूबाट उठ्न बांकी कर रकमको विवरण तयार गर्ने र यसको अनुगमन गर्ने ।
- यस्ता करदाताको स्थायी लेखा नम्बर, नामनामेसी तथा ठेगानासहितको विवरण भन्सार कार्यालयहरूमा कारोवार रोक्काको लागि पठाउने र पत्रपत्रिकामा समेत प्रकाशित गर्ने ।

## ४.१० कर भुक्तानी तथा बक्यौता

कर अवधि समाप्त भएपछि अर्को महिनाको २५ गतेभित्र मूल्य अभिवृद्धि कर बुझाउनुपर्ने व्यवस्था छ। तर कतिपय करदाताहरू विभिन्न कारणले तोकिएको समयभित्र कर बुझाउँदैनन्। यसरी समयमै कर नतिर्नेको संख्या बढ्दो छ। कर बक्यौताको परिमाण निरन्तर रुपमा बढिरहेको कुरा तालिका ४.१७ ले देखाउँछ।

*तालिका ४.१७ :* **कर बक्यौता**

| **आर्थिक वर्ष** | **बक्यौता रकम** (रु.लाखमा) | **परिवर्तनको दर** (प्रतिशतले घटेको/बढेको) |
|---|---|---|
| २०५५/५६ | २८,४० | आधार वर्ष |
| २०५६/५७ | १२,४० | –५६.३ |
| २०५७/५८ | ८,८३ | –२८.८ |
| २०५८/५९ | ३२,३३ | २६६.१ |
| २०५९/६० | २५,४९ | –२१.२ |
| २०६०/६१ | ६२,७५ | १४६.२ |
| २०६१/६२ | ७९,३४ | २६.४ |
| २०६२/६३ | ८५,९१ | ८.३ |
| २०६३/६४ | ७३,२२ | –१४.८ |
| २०६४/६५ | ७४,५५ | १.८ |
| २०६५/६६ | १०,३० | –८६.२ |
| २०६६/६७ | ९९,९१ | ८७० |
| २०६७/६८ | १४३,३९ | ४३.५ |
| २०६८/६९ | ३०६,४२ | ११३.७ |
| २०६९/७० | ३०३,८७ | –०.८ |
| २०७०/७१ | ३००,२० | –१.२ |
| २०७१ फाल्गुण | १९९,६५ | –३३.५ |

स्रोत : आन्तरिक राजस्व विभाग ।

कर बक्यौता रकम समयमा नै असुलउपर गर्न उपयुक्त संकलन रणनीति आवश्यकता पर्दछ । संकलन गरिनुपर्ने कर रकम, बन्द गरिनुपर्ने बक्यौता राख्ने करदाताको संख्या र घटाइनुपर्ने बक्यौता कर रकमको प्रतिशतको एउटा निश्चित लक्ष्य तोकिनुपर्दछ । करदाताले एक करको सन्दर्भमा तिर्नुपर्ने वा फिर्ता पाउनुपर्ने रकम अन्य करको सन्दर्भमा लिनु-दिनुपर्ने रकमसँग मिलान गर्न पाउनुपर्दछ । यसबाट कर तिर्ने वा फिर्ता लिनुपर्ने प्रक्रिया छोटो हुन्छ र कर सहभागिता बढ्छ । स्मरण रहोस्, साना-ठूला सबै बक्यौता रकम पूर्ण रुपले असुल गर्ने साधन र स्रोत कर प्रशासनसँग छैन । ससाना बक्यौता रकम असुलीमा बढी समय र स्रोतसाधन खर्चिनु लागत प्रभावी पनि नहुन सक्छ । संकलन सम्बन्धमा लागत/लाभ पक्ष र संकलनसम्बन्धी कारवाही सुरु गर्नुपूर्व असुली हुने सम्भावित कर रकमतर्फ पनि ध्यान दिनु महत्वपूर्ण हुन्छ ।

**सुझावहरू**

प्रभावकारी र दक्षतापूर्वक बक्यौता राजस्व रकम संकलन गर्न देहायका उपायहरू अवलम्बन गरिनुपर्दछ :

- समयमा कर नतिर्ने करदाताको पहिचान गर्ने ।
- करदाताको नाम, रकम र कार्यालय खुल्ने गरी बक्यौता करको विवरण तयार गर्ने ।
- रकमअनुसार कर बक्यौताको प्राथमिकीकरण गर्ने/घट्दो क्रममा बक्यौता करको विवरण तयार गर्ने ।
- बढी ताजा र विवादरहित बक्यौताको पहिचान गर्ने, जसको असुली गर्न सकिने सम्भावना बढी हुन्छ ।
- बढी पुरानो, विवादित र ससानो बक्यौता रकमलाई कम प्राथमिकता दिने ।
- करदातालाई उनीहरूको बक्यौता कर दायित्वको सूचना दिन टेलिफोन, इमेल, पत्राचार तथा करदाताको कारोबार स्थलमा भ्रमण आदि विविध माध्यमहरूको व्यवस्था गर्ने ।
- संकलन गर्नै नसकिएका बक्यौताको वर्गीकरण गर्ने र अनुगमन गरिरहने ।
- केही निश्चित रकमसम्मका बक्यौता अपलेखन गरी फरफारक गर्न सक्ने अधिकार विभिन्न तहका अधिकृतलाई प्रदान गर्ने ।

- संकलन सम्बन्धी मुद्दाहरूको आधारमा केही करदाताको आवश्यकता अनुसार कर परीक्षण तथा अनुसन्धानको लागि सिफारिस गर्ने ।
- संकलन सम्बन्धमा अपनाइएका र अवलम्बन गरिएका कार्यहरूको क्रमबद्ध अभिलेख राख्ने ।

कर बक्यौता असुलीका सम्बन्धमा देहायका विभिन्न कार्यात्मक र कानुनी उपाय अवलम्बन गर्ने :

- कर बक्यौता राख्ने/राखेका करदाताले कर प्रशासनसँग लिन बाँकी कुनै रकम भएमा त्यस्तो रकमलाई बक्यौता रकममा मिलान गर्ने ।
- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताले सरकारी निकायसँग लिनुपर्ने कुनै रकम भएमा त्यस्तो रकम सिधै प्राप्त गर्ने ।
- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताको बैंकमा रहेको रकम वा कुनै व्यक्तिसँग लिनुपर्ने रकम प्राप्त गरी कर बक्यौता असुलउपर गर्ने ।
- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताको आयात/निर्यातसम्बन्धी कारोबारमा प्रतिबन्ध लगाउने ।
- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदातालाई सरकारी ठेक्कापट्टामा भाग लिन अयोग्य घोषित गर्ने ।
- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदातालाई सरकारी निकायहरूबाट प्रदान हुने विद्युत्, टेलिफोन, सवारी चालक इजाजतपत्र आदि विभिन्न सेवासुविधाहरू प्राप्त गर्न अयोग्य घोषित गर्ने ।
- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताको नाम पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि सार्वजनिक संचारका साधनहरूमा प्रकाशित गर्ने ।
- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताको व्यापार, व्यवसाय बन्द गर्ने ।
- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताका ग्राहकलाई निजको कर बक्यौताको बारेमा सूचित गर्ने जसले उनीहरूलाई यस्ता करदातासँग कारोबार नगर्न उत्प्रेरित गर्छ ।
- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताको सम्पत्ति कब्जा गर्ने र यसरी कब्जा गरिएको सम्पत्ति लिलाम गरी बक्यौता कर असुलउपर गर्ने ।

## ४.११ कर बिजक

कर कट्टी वा बिजकमा आधारित मूल्य अभिवृद्धि कर प्रणालीमा कर बिजक एउटा महत्वपूर्ण तत्व/पक्ष भए पनि अझै धेरै व्यवसायमा बिजक जारी नगर्ने वा कारोबार मूल्यभन्दा कमको बिजक जारी गर्ने परिपाटी विद्यमान देखिन्छ। यो धैरै देशको साझा समस्याको रुपमा रहेको छ । यो समस्याको समाधान स्वरुप छिमेकी देश चीनमा व्यवसायीहरूले विशेष प्रकारका मूल्य अभिवृद्धि कर बिजक प्रयोग गर्नुपर्ने र यस्ता बिजक अधिकृत निकायमा मात्र छपाइ गर्ने र राजस्व प्रशासनद्वारा नियन्त्रण तथा व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ। करदाताले स्थानीय कर ब्युरोबाट कर बिजक खरिद गर्नुपर्दछ। दक्षिण कोरियामा मूल्य अभिवृद्धि कर तिर्ने हरेक व्यक्तिको बिजक भिडान गर्ने प्रणाली अवलम्बन गरिएको छ । केही देशहरूमा खुद्रा व्यापारीहरूले क्यास रजिस्टर प्रयोग गर्नुपर्ने व्यवस्था छ। यी केही देशहरूमा बिजकसम्बन्धी समस्या समाधान गर्न अवलम्बन गरिएका उपायका दृष्टान्त हुन्। अन्तर्राष्ट्रिय अनुभवको आधारमा बिजकसम्बन्धी समस्या समाधान गर्न कुनै एउटा निश्चित उपाय वा विधि पर्याप्त हुँदैन । कम्प्युटरको प्रयोग गरेर समेत हरेक मूल्य अभिवृद्धि कर भुक्तानीकर्ताले प्राप्त गरेको बिजक सही वा गलत के हो भनी भिडान गर्ने कार्य पनि त्यति सहज र सम्भव देखिँदैन। मूल्य अभिवृद्धि करको कर बिजकलाई कर प्रयोजनका लागि मात्र हो भनी छुट्टै हेरिनु हुँदैन । यसलाई उद्योग, वाणिज्य क्षेत्रमा अभिलेख, हिसाबकिताब, लेखा राख्ने कुरासँग पनि आबद्ध गरिनुपर्दछ । सही किसिमको लेखा राख्ने अवस्था भएमा बिल पनि सही किसिमले जारी हुन्छ । लेखा प्रणालीको राम्रो विकास नभएको अवस्थामा सही किसिमको बिजक जारी गर्न सकिँदैन । अर्कोतर्फ, सही बिजक जारी गर्ने अवस्था नभएमा सही किसिमको लेखा राख्न सकिँदैन। जे होस्, विभिन्न उपाय अवलम्बन गरेर बिजकसम्बन्धी समस्या समाधान गर्न कर प्रशासनले अन्य निकाय तथा करदाता समेतको सहकार्यमा निरन्तर प्रयाश गरिरहनु पर्ने हुन्छ।

**सुझाव**

सही किसिमको विजक जारी गर्ने प्रचलन बढाउन निम्न उपाय अवलम्बन गर्नुपर्दछ :

- कारोबारको क्रममा बिल बिजक लिनु-दिनुपर्ने सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने अभियानलाई निरन्तरता दिने ।
- जागरुक उपभोक्ता कार्यक्रम सञ्चालन गर्ने ।
- बिजक लिनेदिने कार्यलाई प्रभावकारी बनाउन बजार अनुगमन कार्यलाई निरन्तरता दिने ।

- आयातीत सामानको उचित बिजक जारी हुने अवस्थाको सुनिश्चितता गर्ने । यसको लागि भन्सार प्रशासन सम्बद्ध निकायले राजस्व संकलनका दृष्टिले महत्वपूर्ण छानिएका केही वस्तुको अन्तर्राष्ट्रिय बजारमा प्रचलित मूल्य अनुसारको तथ्यांक आधार तयार गरी निरन्तर विकास र अद्यावधिक गर्ने व्यवस्था मिलाउने ।
- विद्युतीय विजक प्रणाली, क्यास रजिस्टर, फिस्कल प्रिन्टर, Online Connectivity, Monitoring जस्ता बाध्यकारी वा प्रोत्साहनकारी उपाय अवलम्बन गर्ने तथा खरिदकर्तालाई समेत कर बिजक लिन प्रोत्साहन गर्न विशेष प्रकारको कार्यक्रम सञ्चालन गर्ने ।

## ४.१२ क्यास रजिस्टर

खुद्रा स्तरमा कर प्रयोजनको लागि विद्युतीय क्यास रजिस्टर राख्ने व्यवस्था गरिनुपर्दछ । क्यास रजिस्टर भन्नाले एक प्रकारको व्यापारिक उपकरण हो जसले बिक्रीको विवरण सरलातापूर्वक र सही रुपमा अभिलेखीकरण गर्ने गर्दछ । क्यास रजिस्टरले प्रत्येक कारोबारको विस्तृत विवरण विद्युतीय माध्यम वा कागतको मुठा वा टिल रोल (Till Roll) मा अभिलेखित गर्दछ र ग्राहकलाई त्यस कारोबारको रसिद उपलब्ध गराउँदछ ।

आम नागरिकलाई सिधै खुद्रा रुपमा मालसामान र सेवाहरू बिक्री गरी आर्थिक क्रियाकलापमा संलग्न व्यक्तिका गतिविधिमाथि राम्रो निगरानी (Monitoring) गरी सही बिल बिजक जारी हुने वातावरण सृजना गर्नुपर्ने र कारोबारको यथार्थ तथ्यांकका आधारमा सही मूल्यांकन गरी कर संकलन बढाउन र कर चुहावट घटाउनुपर्ने आवश्यकतालाई ध्यानमा राख्दा खुद्रा बिक्री गर्ने सबै व्यवसायीहरूलाई यस्तो विद्युतीय क्यास रजिस्टर प्रणाली प्रयोग गर्न प्रोत्साहित गर्नु जरुरी भएको छ । यस्ता उपकरणहरूको प्रयोग चरणबद्ध रुपमा पहिले काठमाडौं, वीरगंज, पोखरा, विराटनगर, सिद्धार्थनगर जस्ता प्रमुख महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकामा लागू गरी अनुभवको आधारमा थप नगरपालिकाहरूमा पनि लागू गर्दै जानुपर्ने हुन्छ । व्यवसायीलाई यस व्यवस्थाप्रति उत्साहित बनाउन एक पटकका लागि विद्युतीय क्यास रजिस्टर उपकरण खरिद वापत उनीहरूले तिरेको रकम एक निश्चित सिमा भित्र रही निज व्यवसायीले तिर्नुपर्ने कर रकमबाट कटाउन (Tax Credit) पाउने व्यवस्था गर्न सकिन्छ ।

सामान्यतः कर प्रयोजनका लागि बिक्रीको विवरण अभिलेखित गर्ने क्यास रजिस्टरमा कम्तीमा निम्न सुविधा (Features) अनिवार्य रुपमा हुनुपर्दछ :

- व्यवसायीको आफ्नो व्यवसायको प्रकृति, आकार र जटिलतालाई ध्यानमा राख्दै सो अनुकूलका व्यावसायिक कारोबारका अभिलेख अंकित गर्न सक्ने हुनुपर्दछ ।
- यस्तो विद्युतीय क्यास रजिस्टरमा अभिलेखित कारोबारलाई विद्युतीय प्रारुप (Format) मा राख्न सक्ने हुनुपर्दछ । ती कारोबारको मिति, समय तथा विशेषखालको क्रमसंख्याका आधारमा जुनसुकै बखत पनि हेर्न र छाप्न सकिने हुनुपर्दछ ।
- हिसाब मिलान गर्ने (Tally) गर्ने प्रयोजनका लागि सो उपकरणमा अंकित तथ्यांक यथावत रुपमा राख्न (Retain) सक्ने हुनुपर्दछ ।
- आवश्यकताअनुसार सो उपकरणबाट करदाता तथा कर प्रशासनको मागअनुरुप प्रतिवेदन (Reports) बनाउन वा छापेर निकाल्न सकिने हुनुपर्दछ ।
- यस उपकरणमा परिवर्तन गर्नुपरेमा वा नयाँ खरिद गरी सञ्चालन गर्नुपरेमा वा स्तरोन्नति (Upgrading) गर्नुपरेमा वा प्रणाली (System) का कुनै अंश वा व्यवस्था (Settings) परिवर्तन गर्नुपर्ने अवस्थामा सो उपकरणमा प्रविष्ट तथ्यांक यथावत रुपमा रहन (Retain) वा सार्न सकिने हुनुपर्दछ ।
- यस्ता उपकरणबाट कारोबारका तथ्यांकहरू नासिन, हराउन, मेटाउन तथा अनधिकृत रुपमा परिवर्तन गर्न नसक्ने गरी सुरक्षणका उपायले युक्त हुनुपर्दछ ।
- यस्तो उपकरणको निर्वाध एवं निरन्तर रुपमा सञ्चालन गर्न ब्याट्रीको ब्याकअप जस्ता वैकल्पिक विद्युतीय व्यवस्था गरिनुपर्दछ ।
- यस्ता उपकरणहरू सञ्चालन गर्नुपूर्व वा परिवर्तन गर्दा वा स्तरोन्नति गर्दा कर प्रशासनको स्वीकृति एवं रेखदेखमा मात्र गर्नुपर्दछ ।

**सुझाव**

खुद्रा बिक्रेताहरूले तोकिएको अवधिभित्र अनिवार्य रुपमा क्यास रजिस्टर प्रयोग गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ ।

## ४.१३ अन्य व्यवस्था

खरीद-बिक्री खाता आन्तरिक राजस्व कार्यालयवाट प्रमाणित गर्ने व्यवस्था खारेज गर्ने ।

## अनुसूची ४.१ :
## कर छूट हुने वस्तु तथा सेवाहरू

### समूह १ : आधारभूत कृषि उत्पादनहरू

(क) धान, चामल , गहुँ, मकै, जौ, कोदो, फापर, दलहन र दाल, पिठो र सुजी, ग्रिट्स, धानको चिउरा, चना, बोडी, केराउ, सिमी, यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरू र तिनका अवशेष ।

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफूल, ताजा फूल, कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरू (होटल, रेस्टुरेन्ट, बार, गेस्ट हाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्तिबाहेक) ।

(ग) अप्रशोधित नगदेबाली (जस्तै : उखु, कपास, अलैंची, अदुवा र सूठो, सनपाट), किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, चियाको प्याकिङ बट्टा (टि चेस्ट), कफीको गेडा, भटमास, बदाम, हलेदो, पिना र सोयाबडी मस्यौरा ।

(घ) जडीबुटी (तिनको सारसमेत) ।

### समूह २ : आधारभूत आवश्यकताका वस्तुहरू

(क) धारा तथा टेङ्करबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी ।

(ख) दाउरा ।

(ग) गोल ।

(घ) नून ।

(ङ) मट्टितेल ।

### समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी र बोका, भेडा र च्यांग्रा, चौंरी, राँगा, बँदेल, सुँगुर, खरायो र तिनको अप्रशोधित काँचो खाद्य परिकारहरू ।

(ख) गाई र भैंसी र तिनको ताजा दूध (पास्चराइज्डसमेत), दही, मौरी तथा मौरी राख्ने घार तथा मौरी पालन उद्योगले पैठारी गर्ने मौरी पालनको लागि आवश्यक पर्ने

मेटल ब्यारल, रानी छेक्ने पाता, मौरी ब्रुस, आधार चाका रोलर, गियर पम्प र व्हील प्लेट तथा मौरीपालन व्यवसायको मेसिन र मह छान्ने र रस छान्ने मेसिन ।

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरू, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरू र अण्डा ।

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ गरिएकोबाहेक) ।

## समूह ४ : कृषि सामग्रीहरू

(क) बाली, घाँस, फूल वा बोटबिरुवाको बिउविजन, बिरुवा, बिरुवाको कलमी तथा बिउविजनको रुपमा प्रयोग हुने गानो जरा ।

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री ।

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरू : जमिन खन्ने तथा सफा गर्ने कुटो, कोदालो र सावेल, हाते औजारहरू, हाते आराबाहेक झारपात तथा काठ काट्ने हाते औजारहरू, अन्नको गेडा झार्ने र भुस सफा गर्ने हाते औजारहरू, पशुहरूको चारा काट्ने हाते औजारहरू तथा हलोमा प्रयोग गरिने फाली ।

(घ) बालीनालीको लागि मात्र प्रयोग हुने भन्सार दरबन्दीको भाग ३८ का किटनाशक, ढुसीनाशक, झारपातनाशक, मुसानाशक औषधी ।

(ङ) ट्याक्टर , कल्टिभेटर, हैरो , लेभलर पशुको चारा काट्ने मेसिन , थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरू, मत्स्य इन्कुवेटर, सिँचाइ कार्यमा प्रयोग हुने २ हर्षपावरदेखि ८ हर्षपावरसम्म शक्ति भएको इन्जिनसहितको पम्पिङ सेट र सोको साथमा रहेको ३० मिटरसम्मको होज पाइप ।

(च) भन्सार दरबन्दीको भाग २३, २८ र २९ मा पर्ने फिड सप्लिमेन्टको कच्चा पदार्थ, भन्सार दरबन्दीको भाग २३ अन्तर्गतका पशुपंक्षीको दाना र फिड सप्लिमेन्ट, भाग २५ को चुनढुङ्गाको धुलो । हड्डीको धुलो र माछाको धुलो ।

(छ) सामान्य भाँडावर्तनबाहेकका कुखुराको दाना खुवाउने विशेष प्रकारको भाँडा र कुखुराको पानी पिउने विशेष किसिमका भाँडा र अण्डा राख्ने क्रेट ।

## समूह ५ : औषधी उपचार र यस्तै स्वास्थ्य सेवाहरू

(क) स्वास्थ्य सेवा (मूल्य अभिवृद्धि करमा दर्ता भएका संस्थाले प्रदान गरेको स्वास्थ्य सेवाबाहेक) ।

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरू र भ्याक्सिन, रक्त सञ्चार सेवाको लागि आवश्यक पर्ने नेपाल रेडक्रस सोसाइटीले आयात गर्ने रगत राख्ने प्लास्टिकका थैला, ट्रान्सफ्युजन सेट, टेस्टिङ किट्स, रिएजेन्ट तथा रक्त परीक्षण रिएजेन्ट निर्माणको लागि आवश्यक पर्ने विभिन्न औजार उपकरणहरू एवं रसायनहरू ।

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरू ।

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधीहरू र गर्भ निरोधक साधनहरू (च्यावनप्रासबाहेक) ।

(ङ) मुटुको उपचारमा प्रयोग हुने पेसमेकर, स्टेन्ट, मुटुको भल्ब, मृगौला रोगको उपचारका लागि आवश्यक उपकरणहरू, डायलाइसिसमा प्रयोग हुने वाथ कन्सेन्ट्रेट ठोस वा तरल, अशक्त र अपाङ्ग व्यक्तिहरूको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरू (स्कुटरसमेत), दृष्टिविहीनहरूले प्रयोग गर्ने सेतो छडी (ह्वाइट केन), स्लेटस्टाइलस, ब्रेल नोटटेकर, ब्रेलो (ब्रेल प्रिन्टर), रङ्गसूचक, पानीसूचक र प्रकाशसूचक यन्त्रहरू, आवाज दिने थर्मामिटर, ब्रेल टाइपराइटर, ब्रेल घडी, एवाकस, मेग्नीफाइङ ग्लास, ब्रेल कम्पास, ब्रेल पुस्तक, ब्रेल इम्बोसर, ब्रेल स्टेनसिल मेसिन ।

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सिजन ग्याँस ब्यान्डेज र क्रेप ब्यान्डेज ।

(छ) औषधी उद्योगका कच्चा पदार्थ : हार्मोनाइज्ड कोडको भाग २८ भित्र पर्ने औषधी उद्योग तथा आइ.ओ.एल. उत्पादनमा प्रयोग गर्ने धातुका लवणहरू, अक्साइडहरू र हाइड्रोअक्साइडहरूका अतिरिक्त भाग २९ अन्तर्गत गर्ने औषधीका कच्चा पदार्थ (औषधीको सक्रिय तत्व) तथा औषधी उद्योगले औषधी उत्पादनको लागि प्रयोग गर्ने तथा आइ.ओ.एल. उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ र प्याकिङ मेटेरियल, औषधि व्यवस्था विभागको सिफारिसमा औषधी उद्योग तथा अस्पतालको अनुसन्धान तथा विकासमा प्रयोग हुने शीर्षक ९०.१८ र ९०.२७ मा पर्ने उपकरणहरू र आँखा उपचारका लागि आवश्यक इन्ट्रा ओकुलर लेन्स उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ र सहायक सामग्री ।

## समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्व विद्यालयमा हुने अनुसन्धानसम्बन्धी कार्यहरू ।

(ख) नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरूबाट प्रदान गर्ने व्यवसायिक वा पेसागत तालिम वा पुनर्ताजगी तालिमहरू ।

(ग) विद्यालय तथा विश्वविद्यालयहरूले प्रदान गर्ने शिक्षण सेवा ।

## समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरू

(क) पुस्तक, पात्रो, अखबार, पत्रपत्रिका र त्यसको मुद्रण तथा प्रकाशन ।

(ख) अखबारी कागज ।

## समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरू र तत्सम्बन्धी सेवा ।

(ख) सांस्कृतिक कार्यक्रम ।

(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान र राष्ट्रिय निकुञ्जको प्रवेश शुल्क ।

## समूह ९ : यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरू

हवाइयात्रा, सार्वजनिक यात्रुवाहक यातायात (केबुलकारबाहेक), ढुवानी सेवा (आपूर्तिसँग सम्बन्धित ढुवानीबाहेक) तथा निर्यातको प्रयोजनका लागि भएको कार्गो सेवा ।

## समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक, नमुनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा, विदेशमा जनशक्ति आपूर्ति गर्ने सेवा ।

## समूह ११ : अन्य वस्तु तथा सेवा

१. शित भण्डारले उपलब्ध गराउने कृषि पैदावार भण्डारण सेवा ।

२. हुलाक सेवा (नेपाल सरकारबाट सञ्चालित मात्र)

   (क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरणसम्बन्धी सेवा ।

   (ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरणसम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरू ।

(ग) हुलाक टिकट ।

(घ) नेपाल सरकारद्वारा प्रदान गर्ने सेवाहरू ।

३. अन्तःशुल्क टिकट र राहदानी, क्यास मेसिन ।

४. वित्तीय सेवा, जीवन बीमा सेवा, पुनर्बीमा सेवा र समाशोधन गृह (क्लियरिङ हाउस) सेवा ।

५. बैङ्क नोट, सिक्का तथा चेक बुक ।

(क) नेपाली नोटको छपाइ तथा निष्काशन ।

(ख) नेपालबाहिरबाट नेपालभित्र हुने बैङ्क नोटको आपूर्ति ।

(ग) चेक बुक ।

६ सुन, चाँदी

(क) सुन, सुनका सिक्का, सुनका गहना र हीरा जवाहरात ।

ख) चाँदी, चाँदीका सिक्का चाँदीका तैयारी वस्तु र गरगहना ।

७. विद्युत् आपूर्ति ।

८. कच्चा ऊन ।

९. ब्याट्रीबाट चल्ने टेम्पो र तिनका चेसिस; वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिशमा सफा टेम्पोमा प्रयोग हुने डिप साइकल लिड एसिड ब्याट्रीहरू ।

१०. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा बायोग्याँस, सौर्य शक्ति र वायु शक्तिबाट ऊर्जा उत्पादन गर्ने संयन्त्र तथा उपकरणहरू, ट्युबलर ब्याट्री, सोलार लिड डिसी वत्तीहरू, सौर्य ताप ऊर्जासम्बन्धी उपकरण र पार्टपुर्जाहरू ।

११. हवाइजहाज र हेलिकप्टर तथा तिनका इन्जिन, गेयर बक्स, दमकल, एम्बुलेन्स र शव वाहन

१२. जुट ब्याचिङ आयल, जुटका उत्पादनहरू र उद्योग विभागको सिफारिशमा जुट उद्योगले आफ्नो उद्योग सञ्चालनको लागि पैठारी गर्ने स्पेयर पार्ट्स ।

१३. भन्सार दरबन्दीको भाग ८४ का ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मिल मेसिनरी एवं यन्त्र उपकरणहरू, मोल्डिङ गर्ने साँचो (पार्टपुर्जाबाहेक) ।

तर उद्योगले आफ्नो व्यवसायिक प्रयोजनको लागि प्रयोग गर्नेबाहेकका लिफ्ट र विद्युतीय भऱ्याङ (८४.२८) मा मूल्य अभिवृद्धि कर छुट हुनेछैन ।

१४. ऊनी गलैंचा तथा गलैंचाको ऊनी धागो कताइ, रङ्गाइ, धुलाइ र बुनाइ ।

१५. शतप्रतिशत सूतिको साडी, लुङ्गी, धोती (मर्दाना/जनाना) पेटानी, गम्छा र सूति धागो ।

१६. स्वेदशमै हातले बुनिने स्विटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिकबाहेक) ।

१७. नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरू ।

१८. झिटी, गुण्टा, भारी आदेशको सुविधाअन्तर्गत पैठारी गरिएका भन्सार महसुल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरू ।

१९. कपडा, सलाइ (काठको कांटी मात्र), धुप र टायर-ट्युब उद्योगहरूले आफ्नो उत्पादन बिक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनुपर्ने देखिएको कर बराबरको रकम विभागले तोकेको प्रक्रियाबमोजिम ती उद्योगलाई फिर्ता दिइनेछ ।

२०. मैदा उद्योगले आफ्नो उत्पादन (मैदा) बिक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनुपर्ने देखिएको कर बराबरको रकम विभागले तोकेको प्रक्रियाबमोजिम पच्चीस प्रतिशत मात्र फिर्ता दिइनेछ ।

२१. तोरीको तेल उत्पादन गर्ने स्वदेशी उद्योगले आफ्नो उत्पादनको तोरीको तेल र स्वदेशमा उत्पादित वनस्पति घ्यू र अन्य प्रशोधित खानेतेल उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा ५० (पचास) प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रियाबमोजिम फिर्ता दिइनेछ । तर ठूलो परिमाण (Bulk) मा प्रशोधित तेल आयात गरी उपभोक्ता प्याकेजमा प्याकिङ (Refilling) गरी बिक्री, वितरण गर्ने प्याकेजिङ उद्योगहरूले यस्तो सुविधा पाउने छैनन् ।

२२. दुग्ध पदार्थको कारोबार गर्ने स्वदेशी डेरी उद्योगले आफ्नो करयोग्य उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा ५० (पचास) प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रियाबमोजिम फिर्ता दिइनेछ ।

२३. सेलुलर मोबाइल फोनसेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ताले सेलुलर मोबाइल फोनसेटको कच्चापदार्थ वा तयारी सामानमा तिरेको कर त्यस्ता सामान

मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई बिक्री गरेको प्रमाण पेश गरेमा विभागले तोकेको प्रक्रियाबमोजिम साठी प्रतिशत फिर्ता दिइनेछ ।

२४. चिनी उत्पादन गर्ने स्वदेशी उद्योगले आफ्नो उत्पादन मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातालाई बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा ७० (सत्तरी) प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रियाबमोजिम फिर्ता दिइनेछ ।

२५. जलविद्युत् आयोजनाको लागि आवश्यक पर्ने नेपालमा उत्पादन नहुने यन्त्र उपकरणहरू, मेसिनरी औजारहरू र तिनका पार्टपुर्जा, पेनस्टक पाइप वा सो बनाउन प्रयोग हुने फलामे पाता पैठारी गर्दा वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेदेखि बाहेक अन्य आयोजनाको हकमा विद्युत् विकास विभागको सिफारिसमा मूल्य अभिवृद्धि कर छुट गरिनेछ ।

२६. विदेशी नियोग तथा दातृ संस्थाले कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रमअनुरुप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेन्टीमा पैठारी भएकोबाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्तिपछि अर्थ मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गरी सरकारी निकायमा हस्तान्तरण गर्दा मूल्य अभिवृद्धि कर लाग्ने छैन ।

२७. कूटनीतिक नियोग, परियोजना र अन्य निकायहरूले (सरकारी एवं गैरसरकारी संघ-संस्था) महसुल सुविधामा पैठारी गरेका सुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्याप गरी रजिस्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा मूल्य अभिवृद्धि कर लाग्ने छैन ।

२८. निजी प्रयोगको लागि नेपाली नागरिकले मूल्य अभिवृद्धि कर छुटमा आयात गरिएका सवारीसाधनका धनीको मृत्यु भई सवारी साधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा विभागको स्वीकृतिको आधारमा त्यस्ता सवारी साधनमा लाग्ने मूल्य अभिवृद्धि कर छुट हुनेछ ।

२९. बन्डेड वेयर हाउस वा नगद धरौटी (पासबुक) को सुविधा नलिएका उद्योगले आफूले निकासी गर्ने मालवस्तु उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक

कच्चा पदार्थ एवं नेपालमा उत्पादन नहुने प्याकिङ मेटेरियल पैठारी गरी सोबाट उत्पादित तयारी मालवस्तु तोकिएको अवधिभित्र तोकिएको प्रक्रियाअनुसार निकासी गरेमा त्यस्ता कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं प्याकिङ मेटिरियल पैठारी गर्दा भन्सार बिन्दुमा लागेको कर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएबमोजिमका मालवस्तुमा तोकिएबमोजिमको मितिदेखि तोकिएबमोजिमको समदरमा भन्सार बिन्दुबाटै मूल्य अभिवृद्धि कर फिर्ता दिइनेछ ।

३०. नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको प्रधान कार्यालयको नाममा पैठारी हुने निम्नलिखित सामानमा सम्बन्धित मन्त्रालयको सिफारिसमा छुट प्रदान गरिनेछ :

(क) सैनिक, सशस्त्र प्रहरी र नेपाल प्रहरीको प्रयोगका खरखजाना, हातहतियार, गोलिगट्ठा, बारुद र तिनका स्पेयरपार्टस, विशेष प्रकारको तेल र टल्ली, एक्सेसरिज, बिस्फोटक पदार्थ, सैनिक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा सुरक्षाको निमित्त प्रयोग गर्ने मेसिनरी औजार र पार्टपुर्जाहरू ।

(ख) शान्तिसुरक्षा कायम गर्न आवश्यक पर्ने मेसिनरी औजार, भीड नियन्त्रणका सामान, अपराध अनुसन्धानको लागि आवश्यक उपकरण तथा अन्य सामान तथा सञ्चार मन्त्रालयको सिफारिसमा सैनिक जवान, सशस्त्र प्रहरी र नेपाल प्रहरीले प्रयोग गर्ने सञ्चारसम्बन्धी सामानहरू ।

(ग) सैनिक जवान, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा घोडा-खच्चरको स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने औजार, उपकरण, औषधी र तत्सम्बन्धी सामानहरू ।

(घ) सैनिक जवान, सशस्त्र प्रहरी, नेपाल प्रहरीको अभ्यास तथा तालिममा प्रयोग हुने सामानहरू ।

(ङ) नेपाली सेनाले प्रयोग गर्ने इन्जिनियरिङ सर्भे र निर्माण कार्यमा प्रयोग हुने हेभी अर्थमुभिङ प्लान्ट, औजार र सोसम्बन्धी पार्ट्स, अप्टिकल इक्विपमेन्ट तथा रक्षा मन्त्रालयद्वारा तोकिएबमोजिमका डिफेन्स स्टोरका सामानहरू ।

(च) नेपाली सेनाले प्रयोग गर्ने क्याम्पिङ इक्विपमेन्ट तथा स्पेसल फोर्स र प्याराट्रुपरलाई आवश्यक पर्ने विभिन्न सामानहरू ।

(छ) नेपाली सेनाको नाममा पैठारी हुने हवाइजहाज, हेलिकप्टर र तिनका पार्टपुर्जा, प्यारासुट (ब्यागसमेत) टुल्स, लुब्रिकेन्ट्स तथा ग्राउन्ड इक्विपमेन्टहरू ।

(ज) अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू ।

(झ) वैज्ञानिक प्रयोगशालालाई आवश्यक पर्ने सामानहरू ।

(ञ) दैवी प्रकोप उद्धार कार्यमा प्रयोग हुने सामानहरू ।

## समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरिद-बिक्री तथा बहाल (होटल, गेस्टहाउस र एपार्टमेन्टले उपलब्ध गराउने होटल, गेस्ट हाउससरहको व्यवसायिक रुपमा सञ्चालित निकायले उपलब्ध गराउने सेवाबाहेक) ।

## समूह १३ : बाजी, क्यासिनो र चिट्ठा

बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधासम्बन्धी क्रियाकलाप, चिट्ठा ।

**द्रष्टव्यः**

(१) माथि उल्लेख भएबमोजिम शीर्षक र उपशीर्षकहरूमा किटानसाथ उल्लेख भएको वस्तु तथा सेवामा मात्र मूल्य अभिवृद्धि कर छुट हुनेछ । कर छुट गरिएका वस्तु तथा सेवाको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड आवश्यकताअनुसार भन्सार विभागसँग परामर्श लिई विभागले थपघट तथा परिमार्जन गर्न सक्नेछ ।

(२) उपरोक्तअनुसार स्वदेशमा उत्पादित बनस्पति घ्यू र तोरीको तेल, मैदा तथा सेलुलर मोबाइल फोनसेट, चिनी तथा स्वदेशी डेरी उद्योगमा आंशिक सुविधा दिई सोअनुसार कर फिर्ता दिने व्यवस्था रहेकोमा ती वस्तुको बजार अनुगमनसमेतको समन्वयात्मक व्यवस्था आन्तरिक राजस्व विभागले गर्नेछ ।

(३) कर लाग्ने वस्तुमा कुनै छुट वा कर फिर्ता दिन मनासिव देखेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट दिन सक्नेछ ।

## अनुसूची ४.२
# शुन्य दर लाग्ने वस्तु तथा सेवा

१. नेपालबाहिर निर्यात हुने वस्तु : वस्तुको आपूर्ति देहायबमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा :

(क) नेपालबाहिर निर्यात गरेको वा

(ख) नेपालबाहिर गन्तव्यस्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको वा

(ग) नेपालबाहिर गन्तव्यस्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

२. नेपालबाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवा :

(क) नेपालभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यवसायिक कारोबार, व्यवसायिक प्रतिनिधित्व वा कानुनी रुपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,

(ख) नेपालभित्र बसोबास भई दर्ता भएको व्यक्तिले नेपालबाहिर बसोबास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

३. नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधाप्राप्त व्यक्ति वा नियोगले तथा महसुल सुविधाप्राप्त कूटनीतिक नियोगमा कार्यरत व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवा ।

४. साविकको कुनै सन्धि वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छुट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिसमा ती सन्धि वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासँग स्थानीय खरीद गरेमा त्यस्तो आपूर्तिमा शुन्य दरको सुविधा प्रदान गरिनेछ ।

५. प्रचलित कानुनबमोजिम स्थापना भएको विशेष आर्थिक क्षेत्रमा सञ्चालन भएको उद्योगलाई बिक्री गरिने कच्चा पदार्थ तथा उत्पादित सामान ।

६. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा सौर्य शक्तिबाट ऊर्जा उत्पादन गर्ने संयन्त्र तथा उपकरणमा प्रयोग हुने ब्याट्री स्वदेशी उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सिफारिस

र विभागले तोकेको प्रक्रियाबमोजिम सो उद्योगलाई सो कारोबारमा शुन्य दरको सुविधा प्रदान गरिनेछ ।

७. जलविद्युत् आयोजनाका लागि आवश्यक पर्ने मेसिनरी औजार र तिनका पार्टपुर्जा, यन्त्र उपकरण, पेनस्टक पाइप वा सो बनाउन प्रयोग हुने फलामे पाता स्थानीय उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रबाट स्वीकृत हुनेको हकमा सो केन्द्रको र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेदेखि बाहेक अन्य आयोजनाको हकमा विद्युत् विकास विभागको सिफारिस र विभागले तोकेको प्रक्रियाबमोजिम सो उद्योगलाई सो कारोबारमा शुन्य दरको सुविधा प्रदान गरिनेछ ।

८. घरेलु तथा साना उद्यमीहरूले स्वदेशमा उत्पादन गरेका मूर्तिकला, चित्रकला, वास्तुकला र त्यस्तै प्रकारका अन्य हस्तकलाहरूका सामान नेपालका स्वीकृत निर्यात गृह (एक्सपोर्ट ट्रेडिङ हाउस) मार्फत् विदेश निकासी गरेमा त्यस्ता सामान उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थमा तिरेको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया पूरा गरेपछि फिर्ता दिइनेछ ।

९. अपाङ्गले प्रयोग गर्ने स्कुटर पैठारी वा स्थानीय खरीद गर्दा तिरेको मूल्य अभिवृद्धि कर त्यस्तो स्कुटर यातायात व्यवस्था कार्यालयमा निजको नाममा दर्ता भएको अवस्थामा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिसमा पैठारी गर्दा तिरेको मूल्य अभिवृद्धि कर सम्बन्धित भन्सार कार्यालयबाट र स्थानीय खरीद गर्दा तिरेको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागबाट फिर्ता गरिनेछ । त्यसरी फिर्ता गरिएको मूल्य अभिवृद्धि कर अपाङ्गबाहेक अन्य व्यक्तिलाई बिक्री गरेमा असुलउपर गरिनेछ ।

अनुसूची ४.३

## विशेष किसिमको कर फिर्ता व्यवस्थाको स्थिति

| सि.नं. | कर फिर्ता पाउने करदाता | फिर्ता पाउने रकम | कर फिर्तासम्बन्धी प्रक्रिया |
|---|---|---|---|
| १. | सलाइ (काठको काँटी मात्र), धूप र टायर ट्युब उद्योग | बिक्रीमा संकलित करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनुपर्ने देखिएको रकम | कर विवरण (अनुसूची १०) मा बिक्रीमा संकलित करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनुपर्ने देखिएको रकम सोही कर विवरणको अन्य थपघट महलमा क्रेडिट समायोजन गर्नुपर्ने |
| २. | मैदा उद्योग | बिक्रीमा संकलित करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनुपर्ने देखिएको रकमको पच्चीस प्रतिशत रकम | कर विवरण (अनुसूची १०) मा बिक्रीमा संकलित करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनुपर्ने देखिएको रकमको २५ प्रतिशत रकम सोही कर विवरणको अन्य थपघट महलमा क्रेडिट समायोजन गर्नुपर्ने |
| ३. | तोरीको तेल, वनस्पती घ्यू र अन्य प्रशोधित खानेतेल उत्पादन गर्ने स्वदेशी उद्योग | आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करको ५० प्रतिशत रकम | कर विवरण (अनुसूची १०) को अन्य थपघटतर्फ मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई गरेको बिक्रीमा संकलित कर रकमको ५० प्रतिशत रकम क्रेडिट समायोजन गर्नुपर्ने,<br>यसरी समायोजन गरिसकेपछि क्रेडिट अवस्था भएमा समायोजित रकमको हदसम्म प्रत्येक कर अवधिमा कर फिर्ता दाबी गर्न सक्ने,<br>यस्तो अवस्थामा कर फिर्ता दाबीसँग सम्बन्धित खरिद, बिक्री, मौज्दातलगायतसँग सम्बन्धित कागजातहरू Verification गरी कर फिर्ता दिईने |
| ४. | दुग्ध पदार्थको कारोबार गर्ने स्वदेशी डेरी उद्योग | आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करको ५० प्रतिशत रकम | कर विवरण (अनुसूची १०) को अन्य थपघटतर्फ बिक्रीमा संकलित कर रकमको ५० प्रतिशत रकम क्रेडिट समायोजन गर्नुपर्ने,<br>यसरी समायोजन गरिसकेपछि क्रेडिट अवस्था भएमा समायोजित रकमको हदसम्म प्रत्येक कर अवधिमा कर फिर्ता दाबी गर्न सक्ने,<br>यस्तो अवस्थामा कर फिर्ता दाबीसँग सम्बन्धित खरिद, बिक्री, मौज्दात लगायतसँग सम्बन्धित कागजातहरू Verification गरी कर फिर्ता दिईने |

| | | | |
|---|---|---|---|
| ५. | चिया उत्पादन तथा प्रशोधन गर्ने स्वदेशी चिया उद्योग | मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करको ५० प्रतिशत रकम | कर विवरण (अनुसूची १०) को अन्य थपघटतर्फ मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई गरेको बिक्रीमा संकलित कर रकमको ५० प्रतिशत रकम क्रेडिट समायोजन गर्नुपर्ने,<br>यसरी समायोजन गरिसकेपछि क्रेडिट अवस्था भएमा समायोजित रकमको हदसम्म प्रत्येक कर अवधिमा कर फिर्ता दाबी गर्न सक्ने,<br>यस्तो अवस्थामा कर फिर्ता दाबीसँग सम्बन्धित खरिद, बिक्री, मौज्दातलगायतसँग सम्बन्धित कागजातहरू Verification गरी कर फिर्ता दिईने |
| ६. | तामा पित्तलको पत्रबाट सिट, सर्कल र भाँडावर्तन उत्पादन गर्ने स्वदेशी उद्योग | मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करको २५ प्रतिशत रकम | कर विवरण (अनुसूची १०) को अन्य थपघटतर्फ मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई गरेको बिक्रीमा संकलित कर रकमको २५ प्रतिशत रकम क्रेडिट समायोजन गर्नुपर्ने,<br>यसरी समायोजन गरिसकेपछि क्रेडिट अवस्था भएमा समायोजित रकमको हदसम्म प्रत्येक कर अवधिमा कर फिर्ता दाबी गर्न सक्ने,<br>यस्तो अवस्थामा कर फिर्ता दाबीसँग सम्बन्धित खरिद, बिक्री, मौज्दात लगायतसँग सम्बन्धित कागजातहरू Verification गरी कर फिर्ता दिईने |
| ७. | स्वदेशी कपडा उद्योग | मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करको ७० प्रतिशत रकम | कर विवरण (अनुसूची १०) को अन्य थपघटतर्फ मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई गरेको बिक्रीमा संकलित कर रकमको ७० प्रतिशत रकम क्रेडिट समायोजन गर्नुपर्ने,<br>यसरी समायोजन गरिसकेपछि क्रेडिट अवस्था भएमा समायोजित रकमको हदसम्म प्रत्येक कर अवधिमा कर फिर्ता दाबी गर्न सक्ने,<br>यस्तो अवस्थामा कर फिर्ता दाबीसँग सम्बन्धित खरिद, बिक्री, मौज्दात लगायतसँग सम्बन्धित कागजातहरू Verification गरी कर फिर्ता दिइने |

| | | | |
|---|---|---|---|
| ८. | शतप्रतिशत सूती कपडा उत्पादन गर्ने स्वदेशी कपडा उद्योग | बिक्रीमा संकलित करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनुपर्ने देखिएको रकम | कर विवरण (अनुसूची १०) मा बिक्रीमा संकलित करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनुपर्ने देखिएको रकम सोही कर विवरणको अन्य थपघट महलमा क्रेडिट समायोजन गर्नुपर्ने |
| ९. | सेलुलर मोबाइल फोन सेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ता | मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करको ६० प्रतिशत रकम | कर विवरण (अनुसूची १०) को अन्य थपघटतर्फ मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई गरेको बिक्रीमा संकलित कर रकमको ६० प्रतिशत रकम क्रेडिट समायोजन गर्नुपर्ने,<br>यसरी समायोजन गरिसकेपछि क्रेडिट अवस्था भएमा समायोजित रकमको हदसम्म प्रत्येक ६ महिनाको अन्तरालमा कर फिर्ता दाबी गर्न सक्ने,<br>यस्तो अवस्थामा कर फिर्ता दाबीसँग सम्बन्धित खरिद, बिक्री, मौज्दात लगायतसँग सम्बन्धित कागजातहरू Verification गरी कर फिर्ता दिइने |
| १०. | चिनी उत्पादन गर्ने स्वदेशी उद्योग | मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करको ७० प्रतिशत रकम | कर विवरण (अनुसूची १०) को अन्य थपघटतर्फ मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई गरेको बिक्रीमा संकलित कर रकमको ७० प्रतिशत रकम क्रेडिट समायोजन गर्नुपर्ने,<br>यसरी समायोजन गरिसकेपछि क्रेडिट अवस्था भएमा समायोजित रकमको हदसम्म प्रत्येक कर अवधिमा कर फिर्ता दाबी गर्न सक्ने,<br>यस्तो अवस्थामा कर फिर्ता दाबीसँग सम्बन्धित खरिद, बिक्री, मौज्दात लगायतसँग सम्बन्धित कागजातहरू Verification गरी कर फिर्ता दिइने |

अध्याय

५

# आय कर

## ५.१ परिचय

प्रथम पुस्ताको कर सुधार अन्तर्गत आय कर व्यवस्थामा पनि विभिन्न सुधार कार्यहरू गरिएका थिए । नेपालमा लामो समयसम्म व्यक्तिगत आय कर झैं संस्थागत आय कर पनि प्रगतिशील दरले लगाइएकोमा आर्थिक बर्ष २०४३/४४ देखि सेक्युरिटी खरीद बिक्री केन्द्रमा सूचीकरण भएका कम्पनी तथा सरकारी संस्थानहरूमा प्रगतिशिल दरको सट्टा ४० प्रतिशतको समदरले संस्थागत आय कर लगाउने व्यवस्था गरिएको थियो । प्रथम पुस्ताको कर सुधारको क्रममा प्राइभेट लिमिटेड कम्पनीमा आर्थिक वर्ष २०५०/५१ देखि र साझेदारी आयमा आर्थिक वर्ष २०५२/५३ देखि प्रगतिशिल दरको सट्टा समदरले कर लाग्ने व्यवस्था गरियो । आर्थिक वर्ष २०४९/५० मा व्यक्तिगत आय करको अधिकतम सीमान्त दरलाई ५० प्रतिशतबाट घटाई ४० प्रतिशत कायम गरियो । यसै गरी सोही वर्ष संस्थागत आय करको दरलाई ४० प्रतिशतबाट ३५ प्रतिशतमा झारियो । त्यसपछि आय करका दरहरूमा पुनः कटौति गरियो र हाल व्यक्तिगत आय करको दर १५ र २५ प्रतिशत (रु. २५ लाख भन्दा बढीको आयमा ४० प्रतिशत थप सरचार्जलाई गणना गर्दा ३५ प्रतिशत) छ भने संस्थागत आय करको दर बैंक, वित्तीय संस्था, सामान्य बिमा ब्यबसाय गर्ने कम्पनी, मदिरा तथा सूर्तिजन्य वस्तुको ब्यबसाय गर्ने, वा नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको करयोग्य आयमा ३० प्रतिशत र अरुलाई २५ प्रतिशत छ । बिशेष उद्योग, सडक, पुल, टनेल, रोप-वे वा आकाशे पुल निर्माण गरी सञ्चालन गर्ने, ट्रली बस वा ट्राम सञ्चालन गर्ने, सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई कर छुट कारोवार गर्ने वाहेकको कारोबार गर्ने सहकारी संस्था एबं नेपालको स्रोतवाट कुनै आय वर्षमा निकासी गर्ने निकायको करयोग्य आयमा २० प्रतिशतका दरले कर लाग्ने ब्यबस्था गरिएकोछ । यसैगरी आर्थिक वर्ष २०५४/५५

सम्म गत वर्षको आयमा आय कर तिर्नु पर्ने व्यवस्था भएकोमा आर्थिक वर्ष २०५५/५६ देखि तीन किस्ते व्यवस्था मार्फत चालु आर्थिक वर्षको आयमा कर तिर्नु पर्ने व्यवस्था लागू गरियो ।

आय कर ऐन, २०५८ लागू गरिएपछि आय कर व्यवस्था अन्तर्गत आयका स्रोतहरू, खर्च कट्टी व्यवस्था, ह्रास कट्टी प्रणाली, स्रोतमा कर कट्टी व्यवस्था लगायतका विभिन्न व्यवस्थालाई सरल, पारदर्शी तथा व्यवस्थित गरिएको थियो । आय कर आयमा आधारित कर हो । सामान्यतया श्रम वा पूंजी वा ती दुवैको व्यवस्था गरे वापत प्राप्त भुक्तानीलाई आय कर प्रयोजनको लागि आय मानिन्छ । यसरी प्राप्त आय नगद वा जिन्सी दुबैमा हुन सक्छ र त्यस्तो आय कानूनले स्पष्ट रुपमा छुट दिए वाहेक करको दायरा भित्र पर्दछ ।

आय कर कसरी लगाउने भन्ने सम्बन्धमा एकीकृत (Global) र स्रोतगत (Scheduler) गरेर दुईवटा सिद्धान्तहरू प्रतिपादन भएकाछन् । एकीकृत प्रणाली अन्तर्गत कुनै व्यक्तिले विभिन्न स्रोतहरूबाट प्राप्त गर्ने सबै आयलाई एकै ठांउमा समावेश गरेर त्यसबाट ती आय आर्जन गर्ने सिलसिलामा लागेका सम्पूर्ण खर्चहरू कटाएर बांकि रहेको खूद आयमा तोकिएको दरले कर लगाउने गरिन्छ । अर्कोतर्फ स्रोतगत कर व्यवस्थामा आयका विभिन्न स्रोतहरूवाट प्राप्त आयबाट ती आय आर्जन गर्ने सिलसिलामा लागेको खर्च कटाएर बांकि रहेको आयमा छुट्टाछुट्टै दरले कर लगाइन्छ । नेपालले साधारणतया आयका विभिन्न स्रोतहरूबाट प्राप्त आयलाई एकै ठाँउमा समावेश गरेर एउटै किसिमले कर लगाउने व्यवस्था गरकोले यसलाई एकीकृत प्रणालीमा आधारित व्यवस्था भन्न सकिने भएतापनि केही स्रोतमा स्रोतमै अन्तिम रुपको कर कट्टी गर्ने र केही स्रोतमा विशेष किसिमले कर लगाउने गरेकोले नेपाली आय कर प्रणालीमा सीमित मात्रामा स्रोतगत तत्व पनि समावेश भएको पाइन्छ ।

न्यून आय भएका व्यक्तिलाई आय करबाट राहत दिन निश्चित रकमसम्मको आयमा आय कर छुट दिने प्रचलन छ । यस्तो छुट कुन आधारमा दिइनु पर्दछ भन्ने सम्बन्धमा कुनै सर्वमान्य सिद्धान्त प्रतिपादन भएको छैन । एकथरी विचार अनुसार मुलुकका सकेसम्म सबै नागरिकहरूबाट धेरैथोर कर संकलन गर्नु आवश्यक हुनाले यस्तो छुटको सिमा सकेसम्म कम राखेर सकेसम्म धेरै व्यक्तिलाई करको दायरा भित्र ल्याइनु पर्दछ भन्ने छ । अर्कोथरी विचार अनुसार प्रशासनिक हिसाबले स-सानो आय हुने व्यक्तिलाई करको दायरा बाहिर राख्नको लागि यस्तो कर छुटको सिमा ठूलो हुनु पर्दछ भन्ने छ । हालैका वर्षहरूमा मूल्य अभिवृद्धि कर जस्ता वस्तु तथा सेवामा आधारित करलाई सकेसम्म एउटै दरमा लगाउने र कर छुट सकेसम्म नदिने प्रचलन बढ्दै गएको सन्दर्भमा समाजका न्यून आय भएका वर्गले

मूल्य अभिवृद्धि कर वा यस्तै अन्य अप्रत्यक्ष करको माध्यमले करको भार वहन गर्ने नै हुँदा समानताको हिसावले पनि आय कर छुटको सीमा बढी राखेर न्यून आय भएका वर्गलाई आय करको दायरा बाहिर राख्नु पर्दछ भन्ने मान्यता बढ्दै गएको छ।

आय कर राजस्व संकलनका अतिरिक्त सामाजिक न्याय कायम गर्न पनि लगाइन्छ। यो कर व्यक्तिको कर तिर्ने क्षमताका आधारमा लगाउन सकिने हुँदा समाजमा आयको असमान वितरण कम गर्ने हिसाबले अन्य करको तुलनामा बढी प्रभावकारी किसिमले लगाउन सकिन्छ। कर प्रणालीमा समानताको सन्दर्भमा ऊर्ध्वगामी समानता र समश्रेणीगत समानताका अवधारणाहरू कायम छन्। ऊर्ध्वगामी समानताले असमान आय भएका व्यक्तिहरू माथि करको भार पनि असमान किसिमले पर्नु पर्दछ अर्थात् बढी आम्दानी हुनेले आय कर बढी तिर्नु पर्दछ र कम आय हुनेले कम कर तिर्नु पर्दछ भन्ने कुराको वकालत गर्दछ। अर्कोतर्फ समश्रेणीगत समानताले समान आय भएका व्यक्तिले समान किसिमको कर तिर्नु पर्दछ भन्ने कुरामा जोड दिन्छ। अर्को शब्दमा समश्रेणीगत समानताले विभिन्न स्रोतबाट प्राप्त हुने आयलाई आय कर प्रयोजनको लागि समान व्यवहार हुनु पर्दछ भन्ने कुरामा जोड दिन्छ। अन्तर्राष्ट्रिय स्तरमा हेर्दा कर सुधारको सन्दर्भमा सन् १९८० को मध्यान्तरसम्म ऊर्ध्वगामी समानतामा बढी जोड दिइन्थ्यो भने त्यसपछि समश्रेणीगत समानतामाथि विशेष ध्यान दिन थालिएको छ।

## ५.२ आय करको क्षेत्र तथा आय शीर्षकहरू

आय कर विश्वव्यापी (Worldwide) वा उत्पत्ति (Source) सिद्धान्तको आधारमा लगाइन्छ। विश्वव्यापी सिद्धान्तको आधारमा लगाइएको कर व्यवस्थामा बासिन्दाले विभिन्न देशमा आर्जन गरेको आयमा निज बासिन्दा रहेको देशमा कर तिर्नुपर्छ भने उत्पत्तिको सिद्धान्तमा लगाईएको कर प्रणाली अन्तरगत बासिन्दाले आफू बासिन्दा भएको देशमा उत्पत्ति भएको आयमा मात्र कर तिर्नु पर्दछ। कुनै देशले विश्वव्यापी वा स्रोतगत जुन सिद्धान्त अगाँलेमा पनि गैर बासिन्दा व्यक्तिको हकमा भने देशभित्र आर्जन गरेको आयमा मात्र कर लाग्छ। नेपालको आय कर व्यवस्था विश्वव्यापी सिद्धान्तमा आधारित भएकोले बासिन्दा व्यक्तिले संसारको जुनसुकै कुनामा आर्जन गरेको आयमा पनि कर तिर्नु पर्दछ भने गैरबासिन्दाले भने नेपालमा आर्जन गरेको आयमा मात्र कर तिर्नु पर्दछ। बासिन्दा व्यक्तिले देश बाहिर आर्जन गरेको आयमा लागेको दोहोरो कर हटाउन बासिन्दाले अन्य देशमा तिरेको कर कट्टी गर्न दिइन्छ। नेपालले साधारण कर कट्टी व्यवस्था अपनाएकोले बासिन्दा व्यक्तिले विदेशमा तिरेको कर नेपालको करको दर अनुसार हुने कर बराबर मात्र कटाउन पाउँछ।

बासिन्दा व्यक्तिको परिभाषा प्राकृतिक व्यक्तिको हकमा सामान्यतया निजको मुलुकमा भएको उपस्थितिका आधारमा गरिन्छ। उदाहरणका लागि बंगलादेश, भारत, पाकिस्तान, श्रीलंकामा बासिन्दा व्यक्तिको परिभाषा निम्नानुसार गरिएको छ:

क) बंगलादेशमा कुनै व्यक्ति देहायको अवस्थामा बासिन्दा व्यक्ति हुन्छ :

- सो व्यक्ति कम्तिमा १८२ दिन बंगलादेशभित्र रहेको भएमा, वा
- सो व्यक्ति विदेशमा पदस्थापना गरिएको सरकारी कर्मचारी भएमा, वा
- सो व्यक्ति विगत चार वर्षको अवधिमा कम्तिमा ३६५ दिन बंगलादेशमा रहेको र त्यो आर्थिक वर्षको कुनै समयमा कम्तिमा ९० दिन बंगलादेशमा रहेको भएमा।

ख) भारतमा कुनै व्यक्ति देहायको अवस्थामा गत वर्षको लागि बासिन्दा व्यक्ति हुन्छ :

- सो व्यक्ति गत आर्थिक वर्षमा १८२ दिन वा सोभन्दा बढी अवधि भारतभित्र रहेको भएमा वा
- सो व्यक्ति विगत चार वर्षको अवधिमा ३६५ दिन वा सोभन्दा बढी अवधि भारतमा रहेको र गत आर्थिक वर्षमा ६० दिन वा सोभन्दा बढी अवधि भारतमा रहेको भएमा।

ग) पाकिस्तानमा कुनै व्यक्ति देहायको अवस्थामा आय कर प्रयोजनको लागि बासिन्दा व्यक्ति हुन्छ :

- सो व्यक्ति कुनै आय वर्षमा १८३ दिन वा सोभन्दा बढी अवधि पाकिस्तानभित्र रहेको भएमा वा
- सो व्यक्ति विदेशमा पदस्थापना गरिएको संघीय वा प्रान्तीय सरकारको कर्मचारी भएमा।

घ) श्रीलंकामा कुनै व्यक्ति देहायको अवस्थामा आय कर प्रयोजनको लागि बासिन्दा व्यक्ति हुन्छ :

- सो व्यक्ति कुनै आय वर्षमा १८३ दिन वा सोभन्दा बढी अवधि भौतिक रुपमा उपस्थित रहेको भएमा वा
- सो व्यक्ति विदेशमा पदस्थापना गरिएको सरकारी कर्मचारी भएमा वा

- सो व्यक्ति २ वा सोभन्दा बढी वर्ष श्रीलंकाको बासिन्दा व्यक्ति भैसकेको अवस्थामा निज लगातार ३६५ दिन वा सोभन्दा बढी अवधि श्रीलंकामा अनुपस्थित नभएसम्म ।

नेपालमा पनि बासिन्दा व्यक्तिको परिभाषा मध्ये एउटा तत्व मुलुकमा भएको उपस्थितिलाई लिइएको छ । यस अनुसार "अविच्छिन्न ३६५ दिनको अवधिमा १८३ दिन वा सोभन्दा बढी नेपालमा रहेको" व्यक्ति नेपालको बासिन्दा मानिन्छ । यसैगरी सामान्य बसोबासको स्थान नेपालमा रहेको व्यक्ति पनि नेपालको बासिन्दा हो । यस सन्दर्भमा सामान्य बसाबासको स्थानको परिभाषा नेपालमा स्थायी ठेगाना वा घर भएको आधारमा नभई व्यक्तिको अर्थोपार्जनको मुख्य स्थान रहेको ठांउको आधारमा गरिएको छ । यसैगरी नेपाल सरकारबाट आय वर्षको कुनै समयमा विदेश खटाइएको व्यक्तिलाई पनि बासिन्दा व्यक्तिको रुपमा परिभाषित गरिएको छ । कम्पनीको हकमा नेपालको कानुन अन्तर्गत संस्थापित भएको वा कुनै आय वर्षमा नेपालमा सो कम्पनीको व्यवस्थापन प्रभावकारी रहेको अवस्थामा उक्त संस्था नेपालको बासिन्दा मानिन्छ ।

नेपालमा आयका शीर्षकलाई व्यवसाय, रोजगारी, लगानी एवं आकस्मिक लाभ गरी चारवटा शीर्षकमा वर्गीकरण गरिएको छ । पाकिस्तान र भारतमा आयलाई पाँचवटा शीर्षकमा वर्गीकरण गरिएको छ भने बंगलादेशमा आयलाई सातवटा शीर्षकमा वर्गीकरण गरिएको छ । बंगलादेशमा कृषि आयलाई छुट्टै वर्गीकरण गरिएको छ । नेपालमा पनि आय कर ऐन, २०३१ बमोजिम कृषि आयलाई छुट्टै वर्गीकरण गरिएको थियो ।

नेपालको आय कर ऐन बमोजिम व्यवसायवाट भएको आय गणना गर्दा सेवा शुल्क, व्यावसायिक रुपमा गरिएको कृषि, उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त रकम (वस्तु वा सेवाको बिक्रीबाट प्राप्त रकम), व्यावसायिक सम्पत्ति वा दायित्वबाट प्राप्त खुद लाभ, व्यवसायको सम्वन्धमा प्राप्त उपहार तथा व्यवसाय संचालन गर्ने सम्बन्धमा प्रतिबन्ध स्वीकार गरे वापत प्राप्त गरेको रकम तथा व्यवसायसंग प्रत्यक्ष रुपले सम्वन्धित लगानीबाट प्राप्त रकम समाबेश गर्नु पर्ने व्यवस्था रहेको छ । कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नु पर्ने व्यवस्था रहेको छ । कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट गरेको मुनाफा र लाभहरू सो व्यक्तिको सो वर्षको लगानीको आय मानी गणना गर्नु पर्ने प्रावधान रहेको छ । त्यस्तै, आय कर ऐन, २०५८ मा २०६६ को संशोधन पश्चात आकस्मिक लाभ शीर्षक थप

गरी चिठ्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी तथा अन्य कुनै पनि आकस्मिक रुपमा प्राप्त हुने लाभलाई पनि आयमा समाबेस गर्नु पर्ने व्यवस्था गरिएको छ।

## ५.३ छुट तथा सुविधा

आय कर सम्वन्धी वर्तमान सोचअनुसार आय कर प्रयोजनका लागि आयका प्राय सबै स्रोतलाई करको दायरा भित्र ल्याइनु पर्दछ र विभिन्न स्रोतबाट आर्जन हुने आयलाई आय करको दृष्टिकोणले समान व्यवहार गरिनु पर्दछ । करको आधार विस्तार गरी राजस्व परिचालन बढाउन र कर प्रणालीलाई बढी सक्षम तथा सरल बनाउन आय कर व्यवस्थामा कर छुटलाई न्यून गरी सबै क्षेत्रमा कर लगाउनु पर्दछ भन्ने मान्यता बढ्दो छ। यस सन्दर्भमा नेपालमा पनि आय कर व्यवस्था अन्तर्गत कर छुटलाई सीमित राख्ने प्रयाश भएपनि यस व्यवस्था अन्तर्गत अझै पनि विभिन्न उदेश्य प्राप्तिको लागि विभिन्न छुट तथा सुविधा दिएको पाइन्छ। यी छुटहरूमा केही छुटहरू विभिन्न देशको आय कर व्यवस्था अर्न्तगत दिइने सामान्य छुट सरह छन् भने केही छुट विशेष प्रकृतिका छन् । यस्ता छुट तथा सुबिधाहरू तल उल्लेख गरिएका छन्ः

### ५.३.१. सामान्य छुट

नेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौताका आधारमा कर छुट दिन सक्ने, नेपालमा रहेको विदेशी दुतावास, मिशनमा कार्यरत विदेशी कुटनैतिक अधिकृतहरूले आफ्नो राष्ट्रबाट प्राप्त गर्ने आयमा कर छुट हुने, गैर नेपाली नागरिकले विदेशी राष्ट्रको सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिको निकटस्थ परिवारको सदस्यले विदेशी राष्ट्रको सरकारी कोषबाट पाउने निवृत्तिभरण जस्ता भुक्तानी नेपालमा प्राप्त गरेको रहेछ भने पनि त्यस्तो आय नेपालमा कर छुट हुने व्यवस्था रहेको छ। त्यसैगरी कर छुट पाउने संस्थाको उद्धेश्य अनुसार प्राप्त आय, विदेशी राष्ट्रको सेना वा प्रहरी सेबाबाट अवकाश प्राप्त गरेको नेपाली नागरिकले सो राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेको निवृत्तिभरण बापतको रकम, र नेपाल सरकारको जुनसुकै प्रकारको आयमा कर छुट हुने व्यवस्था रहेको छ । त्यस्तै, नेपाल सरकारले गैर नेपाली नागरिकलाई कर तिर्न नपर्ने सर्तमा नेपाल सरकारको सेवामा नियुक्ति गर्न सक्ने व्यवस्था रहेको छ। यसको अलावा, गैर व्यावसायिक उपहार, इच्छापत्र, अपुताली वा छात्रवृत्तिको रुपमा प्राप्त रकमहरू तथा नेपाल सरकारले विधवा, बृद्ध वा अपाङ्ग व्यक्तिलाई दिई आएको निश्चित भत्ताहरूमा कर नलाग्ने व्यवस्था गरेको छ।

## ५.३.२. कृषिको छुट

कृषि समेत एक व्यवसाय भएको हुंदा आय कर ऐन, २०५८ मा कृषि आयलाई व्यवसायमा नै समाबेस गरिएको पाईन्छ। नेपाल एक कृषिप्रधान देश भएको र दुई तिहाई भन्दा बढी जनता कृषिमा नै निर्भर भएको हुंदा कृषिको व्यावसायीकरण गरी रोजगारी एवं अर्थतन्त्रमा समुचित प्रभाव पार्न सकिन्छ। तथापि आय कर ऐनमा कृषिको व्यावसायीकरणमा प्रोत्साहन दिने खालको व्यवस्था रहेको पाईन्न । ऐनमा पारम्परिक कृषिको आयमा कर नलाग्ने व्यवस्था गरेको एवं विशेष उद्योगलाई करमा छुट तथा सुविधाको व्यवस्था भएको तर व्यावसायिक कृषिको आयमा भने कर छुटको व्यवस्था छैन ।

### सुझाव

आय कर ऐन, २०५८ को दफा ११ मा छुटका सम्बन्धमा औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३ मा उल्लेखित उत्पादनमुलक उद्योगमा मात्र करको दरमा छुट हुने व्यवस्था रहेको तर सो वर्गमा कृषि व्यवसाय नपर्ने हुंदा विद्यमान अवस्थामा व्यावसायिक कृषिको आयमा २५ प्रतिशतको दरले कर लाग्ने व्यवस्था रहेको छ। कृषिलाई व्यावसायीकरणको निमित्त प्रोत्साहन गर्न कृषि व्यवसायलाई केही छुट सुविधा दिनु वर्तमान परिप्रेक्षमा उचित देखिन्छ। यसको अतिरिक्त कृषिमा प्राकृतिक घटनाका कारण समेत उत्पादनमा उल्लेख्य प्रभाव पर्ने र यसलाई समेत संबोधन गर्नु पर्ने भएकोले कृषिमा आधारित व्यवसायको करयोग्य आय गणना गर्ने सन्दर्भमा थप व्यवस्था गर्नुपर्ने देखिन्छ। त्यस्तै हालको कृषि आय जग्गाको हदवन्दीसंग आबद्ध रहेकोले पशु व्यवसायबाट भएको आय करछुटको आयभित्र पर्ने देखिदैन। यसर्थ गैर व्यावसायिक रुपमा गरिएको पशु व्यवसायको आयलाई समेत कृषि आय मानी कर छुटको आयमा राख्न उपयुक्त हुने देखिन्छ। यसैगरी Plantation बाट प्राप्त आय लगानीको परिभाषाभित्र पर्ने हुंदा सो समेत कृषि आय अन्तर्गत पर्दैन। गैर व्यावसायिक वा तोकिएको जग्गाको हदबन्दी भित्रको Plantation बाट भएको आयलाई समेत कर छुटको आयमा समावेश गर्न उपयुक्त हुन्छ।

## ५.३.३. सहकारीको आयमा छुट

आय कर २०५८ अनुसार सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई सन्चालित केही तोकिएका कारोबार गर्ने कृषि तथा वनमा आधारित सहकारी संस्था तथा ग्रामीण समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्था वा संस्थाको आयमा कर नलाग्ने व्यवस्था छ। यस सन्दर्भमा ग्रामीण समुदाय भन्नाले महानगरपालिका, उपमहानगरपालिका तथा

ती क्षेत्रसंग जोडिएका गाउँ विकास समिति र नगरपालिका वाहेकका क्षेत्र भनेर परिभाषा गरिएको छ । यस किसिमको व्यवस्थाले गर्दा सहकारी निकायको रुपमा व्यवसाय गर्ने कृषि तथा वनमा आधारित व्यवसाय मात्र नभई ग्रामीण समुदायको नाममा शहरको नजिकको गाउँमा दर्ता भई उक्त अनुसारको सुविधको उपयोग गर्ने प्रवृत्ति वढ्दो छ । परम्परागत सहकारीको परिभाषा भन्दा बाहिर गई सहकारीको सदस्य वाहेकका व्यक्तिसंग समेत कारोवार गरी आय आर्जन गरी कर छुट लिने संस्था र त्यस्तै प्रकृतिका कारोवार गरी कर तिर्ने अन्य संस्था वीच अस्वस्थ प्रतिस्पर्धा कायम हुने स्थिति देखा परेको छ ।

### सुझाव

मुलुकमा सहकारीको विकास गर्नका लागि दिइएको सहकारी संस्थाको आयमा कर छुट हुने तथा लाभांश कर छुट हुने व्यवस्थालाई कृषि तथा वन क्षेत्रको हकमा यथावत राखी बचत तथा ऋण सम्बन्धी सहकारीको हकमा बैंकिग तथा वित्तीय संस्थाको पहुंच नभएको क्षेत्रमा मात्र यस्तो सुविधा दिइनु पर्दछ । त्यस्तै, ग्रामीण समुदायमा आधारित लघु वित्त संस्था, ग्रामीण विकास बैङ्क र हुलाक बचत बैङ्कमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक पच्चीस हजार रुपैयाँसम्मको ब्याज भुक्तानीमा कर नलाग्ने व्यवस्था गरिएकोमा समानताको सिद्धान्त अनुसार यस्ता निकायमा जम्मा हुने बचत (निक्षेप) मा समेत बैंक वित्तीय संस्थाले व्याज वा व्याज स्वरुपको कुनै भुक्तानी दिंदाको सरह ५ प्रतिशतका दरले कर कट्टी गरिनु उपयुक्त हुन्छ ।

## ५.३.४. व्यवसायिक छुट तथा सुविधाहरू

यसैगरी रोजगारी प्रवर्द्धन गर्ने, महिला तथा अन्य समुदायलाई रोजगारी उपलब्ध गराउने, विभिन्न आर्थिक गतिविधिलाई प्रोत्साहित गर्ने, समावेशी तथा सन्तुलित विकास गर्ने र लगानी आकर्षित गर्ने उद्देश्य प्राप्तीका लागि अनुसूची ५.१ मा उल्लेख गरे अनुसार विभिन्न छुट प्रदान गरिएका छन् । जस अनुसार कतिपय उद्योगलाई निश्चित अवधिको लागि कर छुट दिइएको छ भने कतिपय अवस्थामा करका दरमा छुट दिइएको छ । आय कर ऐन, २०५८ लागू गर्दा छुटको संख्या सीमित थियो । तर त्यसपछिका वर्षहरूमा छुटको संख्या क्रमशः बढाइयो । रोजगारी प्रवर्द्धन गर्न, क्षेत्रीय सन्तुलन कायम गर्न, लगानी आकर्षित गर्न तथा औद्योगिक विकास गर्नका लागि दिइएको कर छुटलाई नकार्न नसकिने भएतानि कुन छुट दिंदा वान्छित उद्देश्य हासिल गर्न सकिन्छ र कुन छुटले सकिँदैन भन्ने कुराको विश्लेषण हुनु भने जरुरी छ । उदाहरणका लागि रोजगारी बढाउने उद्देश्यले दिइएको कर छुटको प्रावधान सोचे अनुसारको उद्देश्य (Intended Objective)

हासिल गर्न प्रभावकारी हुन सक्छ । मुलुकको विकास नीति कार्यान्वयन गर्न सहयोगी हुने गतिविधिलाई निश्चित समयसम्म कर छुट तथा सुविधाको औचित्य सावित गर्न सकिन्छ । उदाहरणका लागि अहिले नेपालको सर्वांगीण आर्थिक विकासको लागि उर्जा शक्ति र पूर्वाधारसम्बन्धी आयोजनाको ठूलो खाँचो छ र यस क्षेत्रको प्रवर्द्धनको लागि अल्पकाल तथा मध्यमकालमा कर छुट तथा सुविधा आवश्यक हुन्छ । यसैगरी वि. सं. २०७२ वैशाख महिनामा श्रृंखलाबद्ध रुपमा आएको विनासकारी महाभूकम्पबाट क्षतिग्रस्त पूर्वाधारहरू पुननिर्माण गर्ने गतिविधिलाई प्रोत्सािहित गरिनु आवश्यक छ ।

उद्योग स्थापनाका सुरुका केही वर्षहरूमा कर छुट दिने (Tax Holiday) व्यवस्थाबाट औद्योगिक विकासमा खास मद्दत नपुग्न सक्छ । किनभने उद्योग स्थापनाको प्रारम्भमा उद्योगलाई खास मुनाफा नहुने हुदा निश्चित अवधिको छुटबाट उद्योगलाई वास्तवमा फाइदा नहुने हुंदा उद्योगहरूले कर छुट पाएमा कर छुट पाएको अवधिमा भएको घाटा आय कर लागे पछि समायोजन गर्न नपाइने हुंदा त्यस्ता उद्योगलाई उद्योग संचालनको शुरुको अवधिमा दिएको कर छुटबाट फाइदा भन्दा बढी वेफाइदा समेत हुन सक्छ । यसैगरी विदेशी लगानीकर्तालाई दिएको आय कर छुट पनि खास प्रभावकारी हुदैन । कारण, विदेशी लगानीकर्ताले नेपालमा कर नतिरेमा निज बासिन्दा भएको मुलुकमा तिर्नु पर्दछ । त्यस्तो अवस्थामा विदेशी लगानीकर्ताले नेपालमा आर्जन गरको आयमा नेपालमा कर तिर्नु नपरेपनि सो आम्दानीमा निजको मुलुकमा तिर्नु पर्दछ । यसरी नेपालमा दिएको कर छुटबाट विदेशी लगानीकर्तालाई कुनै फाइदा नभै नेपाल सरकारले पाउने राजस्व विदेशी लगानीकर्ताको मुलुकको सरकारले पाउने हुन्छ ।

अर्कोतर्फ कर छुटले करको आधार घटाउने र राजस्व गुम्ने हुन्छ । छुट दिएको कारणले गुमेको राजस्व परिपूर्ति गर्न अन्य क्षेत्रमा बढी कर लगाइएमा करको लागत बढ्छ । यसैगरी कर छुटको बढी प्रयोग भएमा कुनैले कर तिर्ने र कुनैले नतिर्ने हुंदा कर प्रणाली असमान हुन्छ, र साधन कर लाग्ने क्षेत्रबाट नलाग्ने क्षेत्रतर्फ प्रवाहित हुने हुंदा छुटले आर्थिक असक्षमता निम्त्याउंछ । यसैगरी, एउटै व्यापारिक समूह अन्तर्गतका विभिन्न व्यवसायमध्ये कुनै छुट र कुनैमा कर लाग्ने भएमा करदाताले खर्च कर लाग्ने कारोवारमा देखाउने प्रवृत्ति बढ्ने, राजस्व चुहावट हुने, करदाताको लागतमा छुट पाउने संस्थाले अनावश्यक रुपमा फाइदा लिने जस्ता अनगिन्ती समस्या सृजना गर्दछ ।

**सुझावहरू**

- मुलुकमा आर्थिक विकासले उच्च प्राथमिकता पाउनु पर्ने कुरामा कसैको दुईमत नहोला । यसको लागि विकास सहयोगी आर्थिक नीतिको आवश्यकता छ । यसैगरी

वि. सं. २०७२ वैशाख महिनामा श्रृंखलाबद्ध रुपमा आएको विनासकारी महाभूकम्पबाट भएको क्षति परिपूर्ति गर्ने आर्थिक गतिविधिलाई प्रोत्साहित गर्नु पर्ने भएकोले कर नीति पनि त्यही दिशातिर मोडिनु पर्दछ। कर प्रणालीबाट एकातिर आर्थिक विकासका लागि आवश्यक आधारशीलाहरू तयार गर्न चाहिने राजस्व परिचालन गरिनु पर्दछ भने अर्कोतर्फ आन्तरिक तथा वाह्य लगानी आकर्षण गर्न सहयोगी हुनु पर्दछ। यस घडिमा नेपालको सर्वांगीण आर्थिक विकासको लागि उर्जा शक्ति र पूर्वाधारसम्बन्धी आयोजनाको ठूलो खाँचो छ र यस क्षेत्रको प्रर्वद्धनको लागि अल्पकाल तथा मध्यमकालमा कर छुट तथा सुविधा आवश्यक हुन्छन्। तर दीर्घकालिन रुपमा अर्थतन्त्रका सबै क्षेत्रले समान रुपले राजस्वमा योगदान दिनुपर्ने र सबैको लागि समान रुपमा काम गर्न पाउने (Level Playing Field) वातावरण कायम गरिनु पर्दछ।

- रोजगारी प्रवर्धन गर्न र पिछडिएका क्षेत्रमा औद्योगिक विकास गरी आर्थिक असंतुलन घटाउने उद्देश्यले प्रेरित छुटहरूले पनि निरन्तरता पाउनु पर्दछ भन्ने आयोगको धारणा छ।

- हाल व्यवसायको आयमा लाग्ने करको दरमा दिइने छुट आय कर ऐनको अनुसुची १ र अन्य व्यावसायिक छुट तथा सुविधा सो ऐनका दफा ११ बाट व्यवस्थापन भई आएको पाईन्छ। आय कर ऐनको अनुसूची १ मा करको एकल दर कायम गरी अन्य सम्पूर्ण छुट तथा सुविधा आय कर ऐनको दफा ११ मार्फत व्यवस्थापन गरिएमा ऐनमा थप स्पष्टता र सरलता आउने देखिन्छ।

- कर छुट एवं सुविधाको हिसाव राख्ने, यो कुरा आयविवरणमा उल्लेख हुनु पर्ने, र कर खर्च (Tax Expenditure) को रुपमा त्यसको विश्लेषण गरिनु पर्दछ।

## ५.४ आधारभूत छुट/कर मिलान/अलप सूत्र

आय कर समाजमा आयको असमान वितरण कम गर्ने उद्देश्यले पनि लगाइन्छ। यस करको भार व्यक्तिको कर तिर्ने क्षमतासंग आबद्ध गर्न सकिने हुँदा सामाजिक न्याय कायम गर्न वा आयको असमान वितरण कम गर्न सबभन्दा बढी प्रभावकारी रुपमा लागू गर्न सकिने कर आय कर हो। यो उद्देश्य अन्य कुराहरूका साथै आधारभूत छुट (Basic Allowance), कर मिलान (Tax Credit) वा अलप सूत्र (Vanishing Formula) को माध्यमले पनि प्राप्त गर्न सकिन्छ। यी विभिन्न उपायहरू मध्ये आधारभूत छुट अन्तर्गत व्यक्तिगत आय करमा हरेक बासिन्दा करदाताको आयको शुरुको अंशमा आय कर छुट

गरिएको हुन्छ । भनाईको अर्थ, बासिन्दा करदातालाई निजको व्यक्तिगत कर गणना गर्दा एउटा निश्चित रकम कर लाग्ने आयबाट घटाउन पाउने व्यवस्था गरिएको हुन्छ । गैर-बासिन्दा करदाताले आफू बासिन्दा रहेको देशमा नै यस्तो सुविधा प्राप्त गर्ने हुनाले यस्तो छुट सुविधा पाउदैन ।

आधारभूत छुट बापतको रकम यत्ति नै हुनुपर्छ भन्ने कुनै निश्चित नियम छैन । एउटा औषत परिवारको न्यूनतम आधारभूत आवश्यकतालाई राहत पुऱ्याउन पर्याप्त हुने गरी यस्तो छुट बापतको रकम कट्टी गर्न पाउने व्यवस्था गरिनुपर्ने तर्क गरिन्छ । यस्तो छुट सम्बन्धी व्यवस्था गर्दा विचार गरिनु पर्ने अन्य पक्षहरूमा प्रतिव्यक्ति आय, समता र प्रशासनिक सहजता पनि हो । प्रशासनिक पक्षबाट हेर्दा नेपालमा आधारभूत छुट बापत कट्टी गर्न पाउने रकम बढी हुनु पर्ने तर्क गर्न सकिन्छ किनकि यहां कर प्रशासन प्रभावकारी नभएको मात्र होईन, करदाताले उपयुक्त लेखा नराख्ने र उनीहरूमा कर सम्बन्धी पर्याप्त सचेतना पनि नभएको देखिन्छ । अर्कोतर्फ प्रतिव्यक्ति आय र समताको पक्षबाट हेर्दा यो तर्क त्यति उपयुक्त नदेखिन सक्छ किनकि यहांको प्रतिव्यक्ति आय नै कम भएकोले आधारभूत छुट बापत बढी रकम कट्टी गर्न दिंदा न्यून आय भएका मात्र होईन यहांको सन्दर्भमा उच्च आय भएका व्यक्तिहरू पनि करको दायरा भन्दा बाहिर पर्न सक्छन् । यसको अर्थ वास्तविक गरिब वा न्यून आय भएका व्यक्तिभन्दा अलि बढी आय भएका व्यक्तिले नै यसबाट बढी फाईदा पाउने हुन्छन् ।

व्यक्तिगत आय कर प्रणालीमा करदाताको पारिवारिक अवस्थातर्फ समेत ध्यान दिनुपर्ने हुन्छ । कुनै पनि व्यक्तिको कर तिर्ने क्षमतालाई उसको पारिवारिक उत्तरदायित्वले प्रभावित गर्ने भएकोले निजको कर दायित्व एकिन/निर्धारण गर्दा निजको परिवारको आकारतर्फ पनि ध्यान दिनु पर्दछ । कुनै करदाता विवाहित भएमा र उसको श्रीमती वा श्रीमानले आय आर्जन नगर्ने भएमा तथा अझ उसले लालनपालन गर्नुपर्ने बालबच्चाहरू र हेरविचार गर्नुपर्ने अन्य व्यक्तिहरू (बाबुआमा, सासुससूरा आदि) समेत भएमा निश्चित रुपमा एउटा अविवाहित करदाता सरहको आधारभूत छुट बापत कट्टी गर्न पाउने रकम उसको लागि कम हुन जान्छ । यसले गर्दा केही देशहरूमा व्यक्तिगत आय कर प्रणालीमा दम्पति वा आश्रित व्यक्ति भएमा सो बापत केही थप छुट पाउने व्यवस्था गरिएको हुन्छ । नेपालमा दम्पतिको छनौट गर्ने करदातालाई कर नलाग्ने सीमा केही बढी गरिएको भएपनि अन्य पक्षमा कुनै विशेष व्यवस्था गरिएको छैन ।

अर्कोतर्फ जहां दम्पति, आश्रित बालबच्चा र वृद्धवृद्धाको आधारमा अतिरिक्त छुटको व्यवस्था गरिएको हुन्छ, त्यहां गुमेको राजस्वको हिसाबले यस्तो छुट सम्बन्धी व्यवस्था

महंगो सावित हुन गएको देखिन्छ । साथै केही करदाताले आश्रित बालबच्चाको संख्या बढी देखाएर बढी छुट प्राप्त गरी यो व्यवस्थाको दुरुपयोग गर्न पनि सक्दछन् । यस बाहेक, यस्तो उदार छुट सम्बन्धी व्यवस्थाले न्यून आय भएका व्यक्तिलाई भन्दा अलि बढी आय भएका व्यक्तिलाई नै बढी फाईदा पुगीरहेको हुन्छ किनकि यसबाट उनीहरूको सीमान्त कर दर घटीरहेको हुन्छ जसले गर्दा उनीहरूले यस्तो छुटको व्यवस्था नभएको अवस्थामा तिर्नुपर्ने भन्दा घटी कर तिरे पुग्छ ।

आधारभूत छुट बापतको रकम बढी हुन गएमा यसबाट कराधारको क्षयीकरण हुन गई सरकारलाई प्राप्त हुने राजस्व घट्न जान्छ । अर्कोतर्फ यस्तो छुट बापतको रकम कम भएमा करदाताले अन्य विभिन्न उपायहरू खोजेर करदायित्व कम गर्ने प्रयाशगर्ने मात्र होईन, यसबाट अन्य कुराहरूको साथसाथै प्रशासनिक समस्याहरू पनि सृजना हुन जान्छन् । यसले गर्दा हालैका वर्षहरूमा बालबच्चा, वृद्ध आदिको नाउँमा छुट दिने प्रचलन घट्दै भएको छ । नेपालमा पनि यस्तो व्यवस्था गरिएको छैन । तर व्यक्तिको भन्दा परिवारका लागि छुटको मात्रा बढी छ । उदाहरणका लागि आर्थिक वर्ष २०७१/७२ मा बासिन्दा प्राकृतिक व्यक्ति मध्ये व्यक्तिलाई रु. २५०,०००।- कर छुट दिइएको छ भने दम्पत्तिलाई रु. ३००,०००।- छुट छ । बासिन्दा प्राकृतिक व्यक्ति र सो व्यक्तिको बासिन्दा पति वा पत्नी दुवैले लिखित सूचना दिएर कुनै खास आय वर्षमा कर प्रयोजनको लागि एउटै प्राकृतिक व्यक्तिको रुपमा मानिने गरी छनौट गर्न सक्ने व्यवस्था छ । यस अनुसार एउटै प्राकृतिक व्यक्तिको रुपमा छनौट गर्ने दम्पति मध्ये पति वा पत्नीले सो वर्षमा बुझाउनु पर्ने करको लागि एक अर्को प्रति संयुक्त रुपमा र छुट्टाछुट्टै रुपमा जिम्मेवार हुनु पर्दछ ।

यसरी नेपालले व्यक्तिगत करारोपण प्रणाली अपनाएको छ जस अन्तर्गत वैवाहित दम्पतिले छुट्टाछुट्टै एकल ब्यक्ति सरह कर छुटको दाबी गर्न पाउँछन् । यो परम्परागत संयुक्त कर प्रणालीभन्दा केही भिन्न छ । संयुक्त कर प्रणालीमा घरमूलीले श्रीमती र आश्रित बच्चा तथा परिवारका अन्य सदस्यको लागि एउटामात्र छुट दाबी गर्न पाउँछ । विवाहित दम्पति संगै बस्दा जीवन निर्वाह खर्चमा प्राप्त हुने किफायत र उनीहरूको कर तिर्ने क्षमतामा हुने वृद्धिले यस्तो संयुक्त कर प्रणालीको औचित्य पुष्टी हुन्छ । यसको अतिरिक्त दम्पति संगै बस्दा उनीहरूको खर्च लगायत अन्य धेरै पक्षहरूमा संयुक्त निर्णय गर्न पाउने अवसरबाट उनीहरूको जीवन बढी उल्लासमय र आनन्दित समेत हुन जान्छ । यसले गर्दा संयुक्त कर प्रणाली अन्तर्गत परिवारका सबै सदस्यको आय एकै ठाउंमा हिसाब गरिन्छ र सोही अनुसार कर निर्धारण तथा दाखिला गरिन्छ ।

तर हालैका वर्षहरूमा व्यक्तिगत करारोपण प्रणाली विभिन्न कारणहरूले बढी महत्वपूर्ण हुंदै गएको पाईन्छ । नेपालमा पनि बढ्दो औद्योगीकरण र सहरीकरणले रोजगारीका अवसरहरू बढेका छन् । सेवा क्षेत्रको विस्तारले यस क्षेत्रमा महिलाहरूको लागि कार्य अवसरहरू सृजना भएका छन् । यसले गर्दा वर्षैपिच्छे रोजगार बजारमा महिला कामदार तथा कर्मचारीको संख्या बढी रहेको छ । महिलाको शैक्षिक स्तरमा भएको सुधार र उनीहरूप्रति समाजको दृष्टिकोणमा आएको परिवर्तनले कार्य क्षेत्रमा महिला सहभागिता वृद्धि भएको छ । आधुनिक समाजमा महिलाहरू केवल गृहिणीमात्र भएर बस्नुको सट्टा आफै आय आर्जन गर्न सक्षम हुंदै गएको पाईन्छ, जसले गर्दा अर्थतन्त्रमा महिलाको योगदान महत्वपूर्ण हुन गएको छ ।

विवाहित जोडीहरू विभिन्न कारणले सम्बन्ध विच्छेद गरी एक्लाएक्लै बस्ने अभ्यास पनि बढेको देखिन्छ । यस्तो अवस्थामा वैवाहिक तटस्थता (Marriage Neutrality) को सिद्धान्तले विगतमा भन्दा बढी ध्यानाकर्षण समेत गरेको छ । यो सिद्धान्तले विवाहित हुंदा र एक्लै बस्दा दुवै अवस्थामा करको रुपमा कुनै बेफाइदा हुनु हुँदैन भन्ने पक्षको वकालत गर्दछ । व्यक्तिको विवाह गर्ने निर्णय सम्बन्धमा व्यक्तिगत करारोपण प्रणाली तटस्थ रहने र यसले अन्य आय आर्जकहरूलाई समेत सहुलियत प्रदान गर्ने भएकोले आधुनिक अर्थ व्यवस्थामा प्राकृतिक व्यक्तिलाई एउटा कर इकाईको रुपमा व्यवहार गर्नु महत्वपूर्ण हुन्छ र आय कर ऐन, २०५८ ले पनि यही सिद्धान्त अंगालेको छ ।

केही देशहरूमा न्यून आय भएका व्यक्तिलाई आय करको भारबाट मुक्त गर्न वा उनीहरूको कर दायित्व कम गर्न आधारभूत छुट सम्बन्धी व्यवस्थाको विकल्पमा कर मिलान सम्बन्धी व्यवस्थाको अभ्यास गरिएको पनि पाईन्छ । यस्तो प्रणालीमा करदाताले करयोग्य आय गर्ने बेलामा नभई कर दायित्व एकिन गरिसकेपछि तिर्नुपर्ने कर रकमबाट एउटा निश्चित परिमाणको रकम घटाउन पाउने व्यवस्था गरिएको हुन्छ । फरक आयस्तरको अवस्थामा आधारभूत छुट व्यवस्थाबाट सृजना हुने फाईदाको असन्तुलन वा फरकलाई यसले निर्मूल गर्दछ ।

कर मिलानको सुविधा अन्तर्गत हरेक करदाताले तिर्नुपर्ने करबाट एउटै रकम घटाउन पाउने हुनाले विभिन्न आयस्तरका करदाताहरूले प्राप्त गर्ने सुविधा समान हुन्छ । यसमा आधारभूत छुट रकम प्रणालीमा जस्तो कम आय हुनेलाई भन्दा बढी आय हुनेलाई बढी फाईदा पुग्ने हुंदैन । कर मिलान सम्बन्धी व्यवस्था बढी समतामूलक पनि छ किनकि कम आय हुनेहरूलाई उनीहरूको आयको अनुपातमा कर मिलान सुविधाको मूल्य बढी हुन्छ तर मौद्रिक मूल्य भने सबै तहका करदाताको लागि समान हुन्छ । आय स्तर जतिसुकै भए पनि प्रत्येक करदाताले समान रकम राहत स्वरुप प्राप्त गर्दछ ।

कर मिलानको सुविधा बापतको समायोजन हुन नसकेको रकम फिर्ता दिईने व्यवस्था सहितको कर समायोजन/मिलान सम्बन्धी व्यवस्थाले राज्यको साधनको पुनर्वितरण सम्बन्धी उद्देश्य हासिल गर्न समेत सहयोग पुऱ्याउंछ किनकि समायोजन वा मिलान हुन नसकेको रकम फिर्ता नगरिने व्यवस्थामा मिलान गर्न पाउने रकम कर दायित्वमा मात्र मिलान गर्न पाउने व्यवस्था गरिएको हुन्छ भने फिर्ता दिईने व्यवस्थामा समायोजन वा मिलान हुन नसकेको रकम करदातालाई नगदै फिर्ता दिईन्छ जसले न्यून आय हुने श्रमिक वर्गका व्यक्तिहरूलाई आर्थिक रुपले समेत सहयोग पुग्न जान्छ ।

कर मिलान प्रणालीमा अन्तर्निहित कर प्रशासनलाई सरलीकरण गर्ने, न्यून आय वर्गका व्यक्तिहरूलाई करको भारबाट राहत दिने, समानता अभिवृद्धि गर्ने, कर संकलनलाई प्रभावकारी बनाउने जस्ता राम्रा पक्षहरूको कारण यो प्रणाली विस्तारै लोकप्रिय हुँदै गइरहेको छ र आर्थिक सहयोग तथा विकास संगठन (OECD) मा आवद्ध धेरै देशहरूले कर सम्बन्धी विभिन्न छुटहरूलाई कर मिलान सुविधाले प्रतिस्थापन गरेका छन् । क्यानडा, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका कर मिलान सुविधा अवलम्बन गर्ने केही मुख्य देशहरू हुन् । तर नेपालमा व्यक्तिगत आय कर विवरण पेश गर्ने प्रचलन नभएको हुँदा हाल यो सम्भव नभए पनि कालान्तरमा विचार गरिनु उपयुक्त हुनेछ ।

यस सम्बन्धी अर्को विकल्प अलप सूत्र हो । माथि उल्लेख गरिए अनुसार आधारभूत छुट सम्बन्धी व्यवस्थाले न्यून आय भएका व्यक्तिलाई भन्दा अलि बढी आय भएका व्यक्तिलाई नै बढी फाईदा पुगीरहेको हुन्छ किनकी यसबाट उनीहरूको सीमान्त कर दर घटी रहेको हुन्छ जसले गर्दा उनीहरूले कम कर तिरे पुग्छ । यस्तो अवस्थाको समाधान स्वरुप अलप सूत्रको प्रयोग गर्नु पर्ने भनी केही विज्ञले सिफारिस गरेको पाईन्छ । यस्तो प्रणालीमा आधारभूत छुट बापतको रकम घट्दै जाने र निश्चित स्तरको आयभन्दा माथि शून्य हुन्छ, जसको अर्थ निश्चित स्तरको भन्दा बढी आय हुने करदाताले आधारभूत छुट बापतको छुट सुविधा पाउंदैन । यस्तो व्यवस्थाबाट न्यून आय हुने करदाताले मात्र छुटको पूर्ण फाईदा प्राप्त गर्दछन् ।

तसर्थ आधारभूत छुटसम्बन्धी व्यवस्थाभन्दा अलप सूत्र प्रणाली बढी प्रगतिशील देखिन्छ । यस्तो प्रणालीमा बढी राजस्व नगुम्ने गरी प्रशासनिक सहजता र समताको लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी आधारभूत छुटको सीमा वृद्धि गर्न पनि सकिन्छ । यसरी अलप सूत्र समताको आधारबाट बढी उपयुक्त देखिन्छ । कर तालिकाहरू तयार गरी समस्याहरू न्यूनीकरण गर्न सकिने भएपनि अलप सूत्र प्रणाली प्रशासनिक रुपले भने कार्यान्वयन गर्न अलि बढी जटिल देखिन्छ । यसका अतिरिक्त उच्च आय हुनेहरूले विभेदको महसुश

गर्ने र यस्तो व्यस्थाबाट उनीहरूले कुनै फाईदा प्राप्त नगर्ने हुनाले उनीहरूले यस्तो प्रणालीलाई राम्रो मानिरहेका हुंदैनन् । यिनै कारणहरूले गर्दा विश्वमा कुनै पनि देशले अलप सूत्र प्रणालीको अवलम्बन गरेको पाईंदैन र निकट भविष्यमा नेपालले पनि यो व्यवस्था लागू गर्न सक्ने देखिंदैन ।


आयोगले आयोजना गरेका विभिन्न छलफल/अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले आधारभूत छुटको मात्रा बढाउनु पर्ने सुझाव दिएका थिए । यस सन्दर्भमा आयोगले नेपालको आधारभूत छुटको विगतको प्रवृत्तिको अध्ययन र सार्क मुलुकमा आधारभूत छुटको स्तरसँग तुलना गरेको थियो । तालिका ५.१ मा देखाइएझैं नेपालको आधारभूत छुट विभिन्न समयमा वृद्धि गरिको भएता पनि मुद्रास्फितिको दरसंग यसको तालमेल कायम गरिएको छैन । कुनै समयमा वर्षेनी वृद्धि गरिएको छ भने कुनै समयमा लामो समयसम्म पनि परिवर्तन गरिएको पाइदैन । आय कर ऐन, २०५८ लागू भएयता आधारभुत छुटको स्थिति तल प्रस्तुत गरिएको छः

*तालिका ५.१:* **नेपालमा आधारभूत छुटको स्थिति**

| आर्थिक वर्ष | प्रचलित मूल्यमा | | आ.व. २०५८/५९ को मूल्यमा | |
|---|---|---|---|---|
| | व्यक्तिगत छुट | दम्पति छुट | व्यक्तिगत छुट | दम्पति छुट |
| २०५८/५९ | ६५,००० | ८५,००० | ६५,००० | ८५,००० |
| २०५९/६० | ८०,००० | १००,००० | ७७६०५ | ९७,००७ |
| २०६०/६१ | ८०,००० | १००,००० | ७४,५८९ | ९३,२३६ |
| २०६१/६२ | १००,००० | १२५,००० | ८८,०८६ | ११०,१०८ |
| २०६२/६३ | १००,००० | १२५,००० | ८२,३४१ | १०२,९२७ |
| २०६३/६४ | १००,००० | १२५,००० | ७६,७४९ | ९५,९३६ |
| २०६४/६५ | ११५,००० | १४०,००० | ८३,५९३ | १०१,७६५ |
| २०६५/६६ | ११५,००० | १४०,००० | ७२,०७९ | ८७,७४८ |
| २०६६/६७ | १६०,००० | २००,००० | ८७,६९८ | १०९,६२२ |
| २०६७/६८ | १६०,००० | २००,००० | ७८,५४५ | ९८,१८१ |
| २०६८/६९ | १६०,००० | २००,००० | ७३,६३९ | ९२,०४९ |
| २०६९/७० | १६०,००० | २००,००० | ६९,८२६ | ८७,२८३ |
| २०७०/७१ | २००,००० | २५०,००० | ८०,९०५ | १०१,१३१ |

*स्रोतः विभिन्न आर्थिक वर्षका आर्थिक ऐनहरू*

*चित्र ५.१ :* **नेपालमा आय कर छुटको स्थिति**





तालिका ५.२ मा उल्लेख गरिए अनुसार नेपालको आधारभूत छुटको परिमाण सार्क क्षेत्रमा अफगानिस्तान र भुटानभन्दा बढी छ भने र अन्य मुलुकको तुलनामा कम छ । सार्क क्षेत्रमा रहेको आधारभुत छुटको स्थिति तल प्रस्तुत गरिएको छः

*तालिका ५.२:* **सार्क मुलुकहरूमा आधारभूत छुट रकम**

| देश | न्युन्तम छुट (राष्ट्रिय मुद्रा) | अमेरिकी डलर |
|---|---|---|
| आफगानिस्तान | अफगानी ६०,००० | १,०३८ |
| वंगलादेश | टाका २२०,००० | २,८८५ |
| भुटान | न्यू १००,००० | १,६७५ |
| भारत | भारतीय रुपैया २५०,००० | ४,१६७ |
| नेपाल | नेपाली रुपैया २५०,००० | २,६३२ |
| पाकिस्तान | पाकिस्तानी रुपीया ४००,००० | ४,०९९ |
| श्रीलंका | श्रीलंका रुपीया ५००,००० | ३,८४१ |
| औषत | | २,९०५ |

***नोट :*** *माल्दिभ्सको आधारभूत छुट रकम माल्दिभ्स रुफियामा ५००,०००।- (पाँच लाख) अर्थात् अमेरिकी डलरमा ३२,६३७।- रहेको छ ।*

*चित्र ५.२ :* **सार्क मुलुकहरूमा आधारभूत छुट रकम**




*स्रोत: Rup Khadka, The SAARC TAX System, Pairabi Publications, Kathmandu, 2015, pp 146-147.*

केही दक्षिण एसियाली मुलुकहरूमा वृद्ध नागरिकलाई आधारभूत छुट रकम अन्यको तुलनामा केही बढी दिएको पाइन्छ। जस्तै भारतमा ७० वर्षदेखि ७९ वर्षका व्यक्तिलाई आधारभूत छुट रकम भारतीय रुपैया ३ लाख छ भने ८० वर्षमाथिकालाई रु. ५ लाख छ। यसैगरी बंगलादेशमा ६५ वर्षभन्दा माथिकालाई बंगलादेशी टाका २,७५,००० छ।

## सुझाव

- आधारमूत छुट रकमलाई मुद्रास्फीतिको दरसंग आबद्ध गरिनु पर्दछ।
- दम्पतिका लागि दिइने छुट एकल व्यक्तिलाई दिइने छुटको तुलनामा खासै ठूलो अन्तर नभएकोले दम्पतिको लागि दिइने छुटको मात्रा बढाउनु पर्दछ। तर दम्पत्तिको लागि दिइएको छुटको सरकारी कर्मचारी लगायत धेरै व्यक्तिबाट ठूलो दुरुपयोग भएकोले व्यक्तिलाई दिइने छुटको मात्रा वढाएर दम्पत्तिको लागि भिन्नै छुट दिने व्यवस्था अन्त गरिनु उपयुक्त हुनेछ।
- प्राकृतिक व्यक्तिले अवकाश वचत स्वरुप स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकम मध्ये निर्धारण योग्य आयको एक तिहाई वा रु. ३००,००० मध्ये जुन घटी हुन्छ सो कटाउन पाउने व्यवस्था भएकोमा निर्धारणयोग्य आयको एक तिहाइ सम्बन्धी प्रावधानलाई यथावत राखी रु. ३००,००० लाई वढाएर रु. ६००,००० गरिनु पर्दछ।

## ५.५ अन्य छुटहरू

व्यक्तिगत आय कर अन्तरगत प्राकृतिक व्यक्तिलाई आधारभूत छुटका अतिरिक्त प्रदान गरिएका वा प्रदान गरिनु पर्ने अन्य छुटहरू निम्न प्रकार छन्:

### ५.५.१. निवृत्तिभरण सम्बन्धी व्यवस्था

बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तिभरण आय भएमा एकल व्यक्ति वा दम्पत्तिको पहिलो स्ल्याव क्रमशः रु. २५०,००० तथा रु. ३००,००० को २५ प्रतिशतले हुन आउने र कम क्रमशः रु. ६२,५०० तथा दम्पतिले रु. ७५,००० थप रकम करयोग्य आयबाट घटाउन पाउने व्यवस्था रहेको छ । तर यसरी प्राप्त हुने निवृत्तिभरण आयमा एक प्रतिशतका दरले सामाजिक सुरक्षाकोषमा दाखिला हुने गरि कर कट्टी गरीने प्राबधान रहेको छ ।

कुनै व्यक्तिले विगतमा रोजगारी गरेको कारणबाट आवधिक रुपमा रोजगारदाताले भुक्तानी गर्ने रकमलाई निवृत्तिभरण भनिन्छ। आय कर ऐनले निवृत्तिभरणलाई अन्य रुपले परिभाषित नगरी यसलाई रोजगारीको आयमा नै समावेश गरेको छ । आय कर ऐन, २०५८ ले निवृत्तिभरणको आयलाई सामान्य रोजगारीको रुपमा आयमा समावेश गर्ने र त्यस्तो आय भएको व्यक्तिको आयको रुपमा आयमा समावेश गर्ने र गणना भएको करयोग्य आयबाट व्यक्तिगत वा पारिवारिक छुटमा थप २५ प्रतिशतले घटाउन दिने, त्यसपछिको रकममा प्राकृतिक व्यक्तिको रोजगारीबाट भएको आय सरह करको गणना गर्ने व्यवस्था गरेको छ। यसरी आय कर ऐनले निवृत्तिभरणको आयमा करको व्यवहार अन्य अवकाश भुक्तानी भन्दा फरक ढङ्गले गरेको छ । आय कर ऐनले अवकाश भुक्तानीमा लाग्ने करको रकम गणना गर्ने छुट्टै विधि अपनाएको छ। कर लाग्ने आयमा तोकिएको दरले स्रोतमा कर कट्टी गर्ने र कट्टी गरिएको कर अन्तिम कर कट्टी हुने व्यवस्था गरेको छ। हाल केही बीमा कम्पनिहरूले मासिक रुपमा पेन्सन दिने योजना सहितको बीमा पोलिसी समेत बजारमा ल्याएको छ। यसरी बीमा कम्पनीले सन्चालन गरेको पेन्सन योजना वास्तवमा निवृत्तिभरण (Pension) नभई आय करको दृष्टिकोणबाट लगानीको आय भएको र लगानी बीमाको परिभाषाले समेत सो विषयलाई समेटेको छ । हाल नेपालमा निवृत्तिभरण, नेपाल सरकारले आफनो अवकाश प्राप्त कर्मचारीलाई तथा केही सार्वजनिक प्रतिष्ठानहरूले विगतमा अवकाश भएका तिनका कर्मचारी बाहेक अन्यलाई निवृत्तिभरण प्रदान गर्ने गरेको पाईदैन । हालको प्रचलनमा रहेको निवृत्तिभरण एक किसिमले नेपाल सरकारले अवकाश प्राप्त कर्मचारीलाई उपलव्ध गराएको सामाजिक सुरक्षा भुक्तानी हो। आय कर प्रयोजनको लागि मात्र यसलाई

रोजगारीको आय भित्र समावेश गरेको हो । नेपाल सरकारमा सेवारत रहेको बाहेक अन्य निकायमा कार्यरत कर्मचारी कामदारलाई यो सुविधा दिने अनिवार्य व्यवस्था छैन । श्रम ऐनले निवृत्तिभरणको व्यवस्था नगरी सेवा अवधिको आधारमा उपदान दिनु पर्ने व्यवस्था गरेको छ । उपदान अवकाश हुंदाको समय नै भुक्तानी हुने हुंदा रोजगारदातालाई भविष्यमा कुनै आर्थिक दायित्व आउदैन । नेपालमा हाल पेन्सन योजना सन्चालन गर्ने कुनै कानूनी निकाय नभएकोले त्यस्तो निकायको व्यवस्था एवं कोष सन्चालन गर्ने ऐनको व्यवस्था नभई अन्य निकायलाई यस्तो कोष सन्चालन गर्ने अवसर प्रदान गर्न उपयुक्त हुदैन ।

आय कर ऐनले रोजगारीको आय भएको व्यक्तिको आयमा व्यक्तिगत वा पारिवारिक छुटको सिमाभित्रको आयमा सामाजिक सुरक्षाको उद्देश्यले १ प्रतिशतको दरले कर लगाउने व्यवस्था गरेको छ ।

**सुझाव**

निवृत्तिभरण आय आफै सामाजिक सुरक्षासंग सम्बन्धित रहेको र निवृत्तिभरण प्राप्त गर्ने व्यक्तिले सामाजिक सुरक्षा कोषबाट सुविधा समेत प्राप्त गर्न नसक्ने हुंदा यस्तो रकममा सामाजिक सुरक्षाकोषमा दाखिल हुने गरि कर कट्टी गरीने प्राबधान रहनु ठिक नभएकोले निवृत्तिभरण आयको भुक्तानीमा एक प्रतिशतका दरले लाग्ने सामाजिक सुरक्षा कोष करलाई खारेज गरिनु पर्दछ ।

## ५.५.२ लगानी बीमासम्बन्धी ब्यबस्था

प्राकृतिक व्यक्तिले कुनै लगानी बीमा गरेको भए सो बीमा वापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा रु. २०,००० मध्ये जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाउने ब्यबस्था रहेको छ। यस्तो लगानी बीमा गैर बासिन्दा कम्पनीमा समेत गर्न सकिने व्यवस्था रहेको छ ।

**सुझाव**

लगानी बीमामा गरिने लगानीले बीमितको सुरक्षाको लागि मात्र नभई राष्ट्रिय पूंजि परिचालन गर्न समेत सहयोग गर्ने हुंदा बासिन्दा कम्पनीमा गरेको लगानी बीमा मात्र करयोग्य आयवाट घटाउन पाउने ब्यबस्था गर्नु पर्दछ। यसको अलावा लगानी बीमा बापत हाल उपलब्ध सिमा धेरै कम भएकोले सो सिमालाई बढाई रु. ५०,००० गरिनुपर्दछ ।

### ५.५.३. औषधि उपचार बापत कर मिलान

हाल प्राकृतिक व्यक्तिले स्वीकृत औषधि उपचारको निमित्ति भएको खर्चको १५ प्रतिशतले रु. ७५० मा ननाघ्ने गरी औषधी उपचार बापत कर मिलान (Medical Tax Credit) गर्न पाउने व्यवस्था छ ।

**सुझाव**

औषधी उपचार बापत कर मिलानसम्बन्धी हालको व्यवस्था प्रभावकारी रुपमा लागू हुन सकेको छैन । रोजगारीको मात्र आय हुने व्यक्तिको रोजगारदाता बाहेक आफैले औषधी उपचारको निमित्ति खर्च गरेको भए त्यस्तो खर्च बापत औषधी उपचार बापत कर मिलान (Medical Tax Credit) दाबी गर्न आय विवरण दाखिला गर्नुपर्ने भएको र प्राप्त हुने सुविधाको तुलनामा कर औपचारीकता लागत बढी हुने भएकोले यो सुविधा प्रभावकारी हुन नसकेकोले यस व्यवस्थालाई खारेज गर्न वा विवरण पेस गर्न अनिवार्य नगर्न सकिन्छ । औषधी उपचार बापत कर मिलान गर्न सकिने खर्चको सिमा बढाई रु. ५०,००० बनाइनु उपयुक्त हुनेछ ।

### ५.५.४. बासस्थानको लागि भएको खर्च

प्राकृतिक व्यक्तिको लागि बासस्थान एक महत्वपूर्ण आवश्यकता हो । वर्तमान ऐनमा बासस्थानको लागि प्राकृतिक व्यक्तिले गर्ने लगानीलाई प्रोत्साहन गर्ने कुनै प्राबधान रहेको पाईदैन । भारत, पाकिस्तान, बंगलादेश लगायत संसारको धेरै जसो राष्ट्रमा घर खरिद/निर्माण गर्दा लिएको कर्जाको भुक्तानी निश्चित सीमा भित्र रही छुट दाबि गर्न सक्ने व्यवस्था रहेको पाईन्छ ।

**सुझाव**

घर खरिद/निर्माण एवं सो बापत लिईने कर्जाले व्यक्तिको बासस्थानको सुनिश्चितता मात्र गर्ने नभई घरजग्गा व्यवसाय एबं बैंकिङ व्यवसायलाई समेत प्रोत्साहन दिई अन्ततोगत्वा बृहद् रुपमा राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने हुनाले प्राकृतिक व्यक्तिले एउटा घर खरिद/निर्माण गर्दा लिएको कर्जाको साँवा तथा ब्याज बापत बार्षिक रु. ३ लाख सम्मको भुक्तानी छुट दाबी गर्न सक्ने व्यवस्था गर्नु उचित हुन्छ ।

### ५.५.५. सामाजिक उत्तरदायित्व सम्बन्धी ब्यबस्था

कुनै व्यक्तिले रु. १ लाखमा नबढ्ने गरी समायोजित करयोग्य आयको पाँच प्रतिशतसम्मको रकम कर छूट पाउने संस्थालाई चन्दा उपहार दिएमा त्यस्तो रकम कटाउन पाउने व्यवस्था छ । तर, कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको कुनै कार्यको लागि कुनै व्यक्तिले खर्च गरेको वा चन्दा दिएको रकम सो व्यक्तिको आय निर्धारण गर्दा खर्च वापत पूर्ण वा आंशिक रुपमा कट्टी गर्न पाउने गरी तोक्न सक्ने प्रावधान छ। त्यस्तै, कुनै कम्पनीले आन्तरिक राजस्व विभागको पूर्व स्वीकृति लिई नेपालभित्र रहेका प्राचीन, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्वर्द्धन गर्ने वा खेलकूदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा गरेको खर्च मध्ये रु. १० लाखसम्मको रकम वा निर्धारणयोग्य आयको दश प्रतिशतले हुने रकम मध्ये जुन घटी हुन्छ सो रकम आफ्नो सो वर्षको करयोग्य आय गणना गर्दा घटाउन दावी गर्न सक्ने व्यवस्था छ ।

**सुझाव**

- सामाजिक एवं परोपकारका कार्यहरूमा (Corporate Social Responsibility) कम्पनी लगायत आय आर्जन गर्ने क्षमता भएका अन्य व्यक्तिहरूलाई सामाजिक कार्यमा सहयोग गर्न अभिप्रेरित गरेको खण्डमा सरकारको परोपकारी कार्य सम्पन्न गर्ने दायित्वलाई सघाउ पुग्ने हुनाले सामाजिक तथा परोपकारका क्षेत्रहरू तोकी उद्यमी व्यवसायीहरूबाट सो क्षेत्रमा खर्च गरेमा आय कर प्रयोजनका लागि कट्टी गर्न पाउने रकमको सीमामा वृद्धि गरी रु. २० लाख कायम गर्नु पर्दछ ।

- राष्ट्रिय धरोहर, स्टेडियम, विश्व विद्यालय जस्ता प्रयोजनमा गरिएको प्रमाणित खर्च पूरै कटाउन पाउने व्यवस्था गर्न उपयुक्त हुने छ ।

- २०७२ बैशाखमा आएको विनासकारी महाभूकम्पको कारण राष्ट्र पुनर्निर्माण गर्नु पर्ने आवश्यकता भएकोले नेपाल सरकार वा नेपाल सरकारबाट गठन गरिएको पुनर्निर्माण प्रधिकरणबाट पूर्वस्वीकृति लिई तोकिएको क्षेत्रमा गरिने प्रमाणित लगानी आय कर प्रयोजनको निमित्त खर्च कट्टी दाबी गर्न पाउने व्यवस्था गरेको खण्डमा पुनर्निर्माणमा निजी क्षेत्रको सहभागिता बढाउन सकिन्छ ।

- प्रधानमन्त्री राहतकोषमा जम्मा गरेको रकम आय कर प्रयोजनको निमित्त खर्च कट्टी दाबी गर्न पाउने व्यवस्था गरेमा विपतमा आवश्यक थप स्रोत परिचालन हुन सक्ने भएकोले यस्तो खर्च कट्टी दाबी गर्न पाउने स्थायी व्यवस्था गरिनु पर्दछ ।

- कर छुट पाएका संस्थाहरूलाई दिइने चन्दा उपहार वापत कट्टी गर्न पाउने रकम रु. १ लाखलाई दोव्वर गरिनु पर्दछ ।

## ५.६ व्यक्तिगत आय करको दर

आय कर मध्ये व्यक्तिगत आय कर प्रगतिशील दरले लगाइन्छ भने संस्थागत आय कर समदरले । व्यक्तिगत आय कर समाजमा आयको असमान वितरणलाई न्यून गर्ने उद्देश्यले प्रगतिशिल दरले लगाइन्छ । यस्तो दर अन्तर्गत जति जति आय बढ्दै जान्छ आय करको दर पनि बढ्दै जान्छ । त्यसले गर्दा बढी आय हुनेले तुलनात्मक रुपमा बढी प्रतिशतले कर तिर्दै जानु पर्दछ ।

आय करले काम गर्ने, बचत गर्ने, लगानी गर्ने जस्ता कृयाकलापलाई हतोत्साहित गर्ने हुंदा आय करका दरको तह जति कम गर्न सक्यो, त्यति आय करबाट अर्थतन्त्रमा पर्ने आर्थिक लागत कम हुन जान्छ । यसैगरी आय करका दरको संख्या जति कम गर्न सक्यो त्यति आय करको करदाता सहभागिता लागत तथा प्रशासनिक खर्च कम हुने हुन्छ । यसले गर्दा कर सुधारका सन्दर्भमा आय करका दरको तह तथा संख्या घटाउने प्रचलन खासगरी सन १९८० को मध्यान्तर पछि विश्वभर फैलिएको छ । कतिपय देशले त व्यक्तिगत आय करको न्यून स्तरको एकल दर (Flat Rate) कायम गरेका छन् । उदाहरणका लागि व्यक्तिगत आय करको दर रुसमा १३ प्रतिशत छ भने दक्षिण एसियामा माल्दिभ्सले व्यक्तिगत आय करको दर १५ प्रतिशत कायम गरेको छ ।

यस सन्दर्भमा नेपालमा पनि आय करका दरको संख्या तथा तहमा ठूलो कटौति गरिएको छ । यसो भएता पनि आय करको कारणले समेत कतिपय व्यापारी/व्यवसायी अनौपचारिक क्षेत्रमै रहने प्रवृत्तिलाई निरुत्साहित गर्न आय करका दरको संरचनामा केही परिवर्तन गर्न आवश्यक छ । उदाहरणका लागि हाल व्यक्तिगत आय करको शुरुकै दर १५ प्रतिशत छ जुन दक्षिण एसियामा मात्र नभई विश्वका धेरै देशको शुरुको सीमान्त दरको तुलनामा बढी छ । करदातालाई आय कर व्यवस्थामा प्रवेश गर्नासाथ एकैपटक १५ प्रतिशतको कर तिर्नु पर्ने भएकोले पनि कतिपय व्यक्ति आय करमा प्रवेश गर्न नचाहेका हुन सक्छन् । यसरी आय करको न्यूनतम सीमान्त दर चर्को भएकोले यसले कतिपय व्यक्तिलाई अनौपचारिक क्षेत्रमा रहन प्रोत्साहित गरेको हुन सक्छ ।

नेपालमा आय करको न्यूनतम सीमान्त दर मात्र होइन, ३५ प्रतिशत (२५ प्रतिशत र २५ लाख माथिको आयमा ४० प्रतिशत सरचार्ज) को उच्चतम सीमान्त दर पनि अन्य दक्षिण

एसियाली राष्ट्रहरूका साथै धेरै देशको तुलनामा बढी छ। यो दर घटाइनु पर्ने सुझाव आयोगलाई विभिन्न व्यक्ति तथा संघ संस्थाहरूबाट प्राप्त भएको छ।

व्यक्तिगत आय करको दर मात्र होइन, आयको स्ल्यावमा पनि परिवर्तनको खांचो छ। आय करको पहिलो दर लाग्ने आयको मात्रा (Income Bracket) रु. १००,००० मात्र छ जुन ज्यादै सानो छ। यसले Bracket Creep को समस्या निम्त्याउँछ।

नेपालमा व्यक्तिगत आय करका वर्तमान दरहरू निम्न प्रकार छन् :

*तालिका ५.३:* **व्यक्तिगत आय करको वर्तमान दरको संरचना**

| **कर योग्य खुद आय** | **करको दर** |
|---|---|
| रु. २५०,००० सम्म | १ प्रतिशत* |
| त्यस पछिको रु. १ लाख | १५ प्रतिशत |
| त्यस भन्दा माथि जतिसुकै भएपनि | २५ प्रतिशत |
| रु. २५ लाखभन्दा माथि | ३५ प्रतिशत (४० प्रतिशत सरचार्ज) |

* *सामाजिक सुरक्षा कर, पारिश्रमिक आय हुनेको हकमा मात्र लागु।*

*स्रोत: आर्थिक ऐन २०७१*

सार्क मुलुकमा व्यक्तिगत आय करका दरहरू निम्नानुसार छन् :

*तालिका ५.४:* **सार्क मुलुकहरूमा व्यक्तिगत आय करको दर**

| **देश** | **कर लाग्ने आय** | **दर** |
|---|---|---|
| **अफगानिस्तान** | **अफगानी** | |
| | ० - ६०,००० | ० |
| | ६०,००१ - १५०,००० | २ |
| | १५०,००१ - १,२००,००० | १० |
| | १,२००,००० माथि | २० |
| **वंगलादेश** | **टाका** | |
| | शुरु २२०,००० | ० |
| | त्यस पछि ३००, ००० | १० |
| | त्यस पछि ४००,००० | १५ |
| | त्यस पछि ५००,००० | २० |
| | त्यस पछि ३,०००,००० | २५ |
| | वांकी | ३० |

| | | |
|---|---|---|
| भुटान | न्यू | |
| | ० - १००, ००० | ० |
| | १००,००१ - २५०,००० | १० |
| | २५०,००१- ५००,००० | १५ |
| | ५००,००१ - १, ०००,००० | २० |
| | १,०००,००० माथि | २५ |
| भारत | रुपैया | |
| | ० - २५०,००० | ० |
| | २५०,००१ - ५००,००० | १० |
| | ५००,००१ - १,०००,००० | २० |
| | १,०००,००० माथि | ३० |
| माल्दिभ्स | रुफिया | |
| | ५००,००० | ० |
| | ५००,००० माथि | १५ |
| पकिस्तान | रुपिया | |
| | ० - ४००,००० | ० |
| | ४००,००१ - ७५०, ००० | १० |
| | ७५०,००१ - १,५००,००० | १५ |
| | १,५००,००१ - २,५००,००० | २० |
| | २,५००,००१ -४,०००,००० | २५ |
| | ४,०००,००१ - ६,०००,००० | ३० |
| | ६,०००,००० माथि | ३५ |
| श्रीलंका | रुपिया | |
| | ० - ५००,००० | ४ |
| | ५००,००१ - १,०००,००० | ८ |
| | १,०००,००१ - १,५००,००० | १२ |
| | १,५००,००१ - २,०००,००० | २० |
| | २,०००,००० माथि | २४ |

*स्रोतः Rup Khadka, The SAARC TAX System, Pairabi Publications, Kathmandu, 2015, pp.151-153.*

माथि उल्लेख गरिए अनुसार सार्क क्षेत्रमा माल्दिभ्स वाहेक नेपाल र अन्य सवै सार्क देशहरूले व्यक्तिगत आय कर प्रगतिशील दरले लगाएका छन् ।

**सुझाव**

व्यक्तिगत आय करको दरको संरचना निम्नानुसार गरिनु पर्दछः

*तालिका ५.५:* **व्यक्तिगत आय करको प्रस्तावित दरको संरचना**

| कर लाग्ने आय | | कर दर (प्रतिशत) |
|---|---|---|
| कर लाग्ने पहिलो | रु. ४००,००० | १० |
| त्यसपछिको | रु. १,३००,००० | २० |
| त्यसपछिको | जतिसुकै रकम | ३० |

सामाजिक सुरक्षा कर लागू गरिएपछि व्यक्तिगत आय कर र सामाजिक सुरक्षा करको कुल भार सो कर लगाउनु भन्दा अगाडीको व्यक्तिगत आय करको कुल भार भन्दा बढी हुनु हुदैन ।

## ५.७ संस्थागत आय करको दर

संस्थागत आय कर कानूनी व्यक्तिमा लाग्ने भएकोले त्यसलाई निम्न कारणले वितरणमुखी बनाउन नपर्ने हुंदा समदरले लगाइएको पाईन्छ ।

प्रथमतः संस्थागत आय कर प्रणालीमा व्यक्तिगत आय कर प्रणालीमा जस्तै समानताको आधारमा प्रगतिशील दरको संरचना हुनुपर्ने तर्क औचित्यपूर्ण देखिंदैन किनभने कम्पनीहरू भनेका व्यक्तिहरूलाई आय प्रवाह गर्ने माध्यम मात्र हुन् । कर तिर्ने क्षमताको दृष्टिले कम्पनीको आकारले पनि त्यति महत्व राख्दैन ।

दोस्रो, एकल दरले प्रगतिशिल करको दरले जस्तो सक्षमतापूर्वक प्रभावकारी रुपमा संचालन भएका र बढी नाफा आर्जन गर्न सफल कम्पनीहरूलाई निरुत्साहित/मर्का पार्दैन । प्रगतिशिल करको दर भएको अवस्थामा सक्षमतापूर्वक संचालन भई बढी नाफा आर्जन गर्ने कम्पनीले असक्षम र कम नाफा आर्जन गर्ने कम्पनीले भन्दा बढी कर तिर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा सक्षमतापूर्वक संचालित कम्पनीले आफ्नो कर दायित्व कम गर्ने उद्देश्यले नाफा कम भएको देखाउन बढी खर्च कट्टी दावी गर्न सक्दछ । अर्थात, ठूलो कम्पनी आर्थिक कारणले नभई कर दायित्व कम गर्ने उद्देश्यले ससाना एकाईहरूमा विभक्त हुन पनि सक्दछ जसले गर्दा एकातिर राजस्वमा हानी पुग्दछ भने यसले गर्दा आर्थिक विकृति पनि सृजना हुन जान्छ ।

तेस्रो, प्रगतिशील संस्थागत आय करको दरले कम्पनीहरूलाई कागजी रुपमा पुनर्गठन वा पुनर्संरचना गरेको देखाई कर छली गर्न प्रोत्साहित गर्दछ/गर्नसक्छ ।

उल्लिखित कारणहरूले सार्क मुलुकहरूले निम्नानुसार संस्थागत आय करको एकलदर अवलम्बन गरेका छन्:

*तालिका ५.६:* **नेपालमा संस्थागत आय करको दर**

| करका दरहरू | निकायहरू |
|---|---|
| २० प्रतिशत | विशेष उद्योग र बूट प्रणालीमा संचालित निकायको लागि |
| १५ प्रतिशत | उत्पादनमूलक उद्योगको निकासीबाट आर्जित आयमा |
| ३० प्रतिशत | बैंक, वित्तिय संस्था, बीमा कम्पनीहरू, पेट्रोलियम उत्खनन गर्ने उद्योग, मदिरा तथा सूर्तीजन्य वस्तुको कारोबार गर्ने निकाय |
| २५ प्रतिशत | सामान्य संस्थागत आय करको दर |

*स्रोत: आर्थिक ऐन २०७१*

नेपाल बाहेक अन्य सार्क मुलुकहरूमा विद्यमान संस्थागत आय करका दरहरू निम्न प्रकार छन् :

*तालिका ५.७:* **अन्य सार्क मुलुकमा संस्थागत आय करको दर**

| देश | करको दर (प्रतिशत) | निकायहरू |
|---|---|---|
| अफगानिस्तान | २० | |
| बंगलादेश | २७.५ | सूचीकृत कम्पनीहरू |
| | ३५ | बाणिज्य बैंक र सूचीकृत नभएका कम्पनीहरू |
| | ४० | सूचीकृत भएका चुरोट उत्पादक कम्पनीहरू |
| | ४२.५ | बैंक, बीमा र वित्तिय संथाहरू |
| | ४५ | चुरोट तथा मोबाईल फोनको कारोबार गर्ने कम्पनीहरू |
| भुटान | ३० | |
| भारत | ३० | अतिरिक्त करहरू थप लाग्ने |
| मालदिभ्स | १५ | |
| पाकिस्तान | ३५ | बैंकहरू |
| | ३४ | अन्य कम्पनीहरू |
| | २० | साना कम्पनीहरू |
| श्रीलंका | २८ | सामान्य संस्थागत आय करको दर |
| | १२ | ५० लाख श्रीलंकन रुपैंया भन्दा घटी करयोग्य आय हुने कम्पनीहरू |

*स्रोत: Rup Khadka, The SAARC TAX System, Pairabi Publications, Kathmandu, 2015, pp. 189-190.*

यसरी नेपाल लगायत सार्क क्षेत्रका विभिन्न देशहरूले संस्थागत आय करको एकल दर लगाएका छन् । सैद्धान्तिक अवधारणा तथा अन्तर्राष्ट्रिय सामान्य प्रचलन पनि यही हो ।

संस्थागत आय करको समदर भएपनि केही सार्क देशहरूले विभिन्न उद्देश्य प्राप्तिको लागि फरक फरक कम्पनीको लागि फरक फरक दरको व्यवस्था गरेको समेत पाईन्छ । पाकिस्तान र श्रीलंकामा साना कम्पनीहरूको लागि कम दरले कर तिरे हुने व्यवस्था रहेको छ भने बंगलादेशमा सूचीकृत कम्पनीहरूले सामान्य संस्थागत आय करको दर भन्दा घटी दरले कर तिर्न पाउने व्यवस्था गरिएको छ । नेपालमा पनि संस्थागत आय करको एकल दर भएपनि यो दर विभिन्न प्रकारका व्यवसायका लागि भिन्नाभिन्नै तोकिएको छ । बैंक तथा वित्तीय संस्थाको लागि तोकिएको संस्थागत आय करको दर अन्य प्रकारका करदाताको दर भन्दा केही बढी छ । संस्थागत आय करको ठूलो हिस्सा बैंकिङ्ग व्यवसायबाट आउने गरेको परिप्रेक्ष्यमा आय कर राजस्व संकलन कम नहोस् भन्ने उद्देश्यले विगतमा अन्य प्रकारको आयमा लाग्ने आय करको दर जुन हिसावले घटाइएको थियो, बैंकिङ्ग क्षेत्रको आयमा लाग्ने आय करको दर सोही अनुपातमा नघटाइएको हुन सक्छ । वित्तीय क्षेत्र त्यति प्रतिस्पर्धात्मक नभएको, बैंकले लिने र दिने ब्याज दर बिच ठूलो भिन्नता रहेको, यस क्षेत्रमा मूल्य अभिवृद्धि कर पनि लागू नगरिएको र नगद प्राप्तिको आधारमा ब्याज आम्दानी गणना गर्न सक्ने एवं जोखिम ब्यहोर्ने कोष बापतको ब्यबस्था (Loan Loss Provision) रकम खर्च कट्टी दाबी गर्न सक्ने व्यवस्था भएकोले यस क्षेत्रको लागि संस्थागत आय करको दर केही उच्च राखिएको छ ।

बैंकिङ्ग व्यवसाय गर्ने व्यक्तिको धारणा अनुसार बैंकिङ्ग क्षेत्रको लागि अन्य क्षेत्रको लागि भन्दा बढी दरमा कर तिर्नुपर्ने व्यवस्थाले उनीहरूप्रति भेदभावजन्य व्यवहार हुनुको साथै उनीहरूको स्वाभाविक मुनाफामा समेत अनावश्यक कटौती हुन जान्छ। यसरी स्वाभाविक रुपमा प्राप्त मुनाफामा हुने कटौतीले बैंक तथा वित्तिय संस्थाहरूबाट अर्थतन्त्रमा हुने साधनको परिचालन र वितरणलाई समेत प्रतिकुल असर पारिरहेको हुन्छ । बचतकर्ता तथा ऋणदाताको सापेक्षिक मूल्य र प्रतिफलमा अनावश्यक र अस्वाभाविक कटौती हुन जांदा यसले अर्थतन्त्रको समग्र लगानी तथा बचतको स्तरलाई समेत कम गर्दछ। बैंकिङ्ग क्षेत्रले विगतको तुलनामा वर्तमान समयमा कम विशेष सुविधा प्राप्त गरेको देखिन्छ । हाल यो क्षेत्र बढी प्रतिस्पर्धी भएको मात्र होइन, यस क्षेत्रको मुख्य आम्दानीको स्रोत निक्षेपकर्ताहरूलाई दिने भन्दा ऋणीहरूबाट लिने ब्याज दर बीचको अन्तर (Spread) पनि कम हुंदै गएको पाइन्छ। यसले गर्दा हाल बैंकिङ्ग क्षेत्रमा लगाइएको संस्थागत आय करको दरलाई पनि घटाउनु पर्ने धारणा समेत रहेको पाइन्छ ।

संस्थागत आय करको ३० प्रतिशतको दर पछिल्ला वर्षहरूमा बीमा, पेट्रोल, मदिरा तथा सुर्तिजन्य पदार्थ उत्पादकको लागि पनि लागू गरिएको छ । सैद्धान्तिक हिसावले अन्य क्षेत्रको तुलनामा यी क्षेत्रका लागि आय करको दर उच्च हुनुपर्ने ठूलो औचित्य छैन । संस्थागत आय करको एउटा उद्देश्य संरक्षण नीति अन्तर्गत विकसित भएका कम्पनीहरूलाई आर्थिक सक्षमताको कारणले भन्दा पनि सरकारी संरक्षणका कारणले बढी मुनाफा हुने र त्यसको केही हिस्सा संस्थागत आय करको माध्यमले सरकारले लिने भन्ने रहेको छ। कुनै क्षेत्रमा अन्य क्षेत्रको तुलनामा संस्थागत आय करको दर बढी लगाउनको लागि त्यस क्षेत्रमा एकाधिकार वा आर्थिक भाडा (Economic Rent) लिन सकिने स्थिति हुनु पर्दछ । तर नेपालमा हाल जलविद्युत् बाहेक अन्य क्षेत्र यस्तो स्थितिमा छैन । तर अर्कोतर्फ एउटै व्यापारिक समूह अन्तर्गतका विभिन्न व्यवसाय मध्ये कुनैमा वढी दर र कुनैमा कम दरले कर लाग्ने भएमा करदाताले खर्च बढी दरको कर लाग्ने कारोवारमा देखाइ Transfer Pricing हुने संभावना वढाउंछ ।

हाल निकासीको आयमा २० प्रतिशत आय कर छुट दिइएको छ जुन विश्व व्यापार संगठनको सिद्धान्तसँग मेल खाँदैन । नेपाल अतिकम विकसित देशको हैसियतले आय करमा यस किसिमको राहत दिन सक्ने भएता पनि यसको लागि केही पहल गर्नुपर्ने हुन्छ । सन् २०२२ मा नेपाल अतिकम विकसित देशको श्रेणीबाट विकासशील देशको श्रेणीमा स्तरोन्नति भएमा निकासी आयमा आय कर राहत दिन नपाउने हुनेछ । यसका साथै विकासशील देशमा स्तरोन्नति भएपछि स्वदेशी श्रम, स्थानीय कच्चा पदार्थको प्रयोग आदिको आधारमा आय करमा सहुलियत दिन नमिल्ने हुनेछ । यस सम्वन्धी जानकारी निजी क्षेत्रलाई समयमै दिइनु पर्दछ ।

व्यक्तिगत आय करको उच्चतम सीमान्त दर ३५ र संस्थागत आय करको दर २५ प्रतिशत भएकोले यसले एकलौटी फर्मको सट्टा कम्पनी स्थापना गर्न अभिप्रेरित गरेको हुन सक्छ । हुनत एकलौटी फर्मको करयोग्य आयबाट व्यक्तिगत/पारिवारिक छुट, अवकाश कोषमा योगदान गरेको रकम तथा बीमा प्रिमियम आदि समेत घटाउन पाउने भएको र त्यस्तै निकायले संस्थागत आय कर भुक्तानी गरेपश्चात शेयरधनीलाई वितरण गरिने लाभाशंमा समेत कर लाग्ने हुंदा एक निश्चित आयसम्म Effective Tax Rate एकलौटी फर्मलाई कम नै रहेको छ । तर एकलौटी फर्मको माथिल्लो आयमा बढी कर लाग्ने स्थिति छ । व्यक्तिगत र संस्थागत आय करका दरहरूमा तादात्म्य भएन भने त्यसले आर्थिक असक्षमतालाई आमन्त्रण गर्दछ । यदि व्यक्तिगत आय करको सीमान्त उच्चतम दर संस्थागत आय करको दरभन्दा घटी भएमा यसले व्यवसायीहरूलाई कर बचत

गर्नको लागि कम्पनीहरूभन्दा व्यक्तिगत फर्महरूको माध्यमबाट व्यवसाय गर्न प्रोत्साहित गर्दछ । यदि व्यक्तिगत आय करको दरभन्दा संस्थागत आय करको दर घटी भएमा कम्पनीका मालिक अर्थात अंशियारहरूले प्राप्त गर्ने लाभांशमा अतिरिक्त कर तिर्नु पर्ने हुन सक्छ । जसले कम्पनीहरूलाई व्यक्तिगत फर्महरूको तुलनामा करको फाइदा बढी हुन जाने र उनीहरूले लाभांश वितरण नगरी संचित मुनाफाको रुपमा नाफा राखिरहने हुन सक्छ । यस्तो भएमा स्वाभाविक रुपमा हुनुपर्ने मुनाफा वितरण नभई कम्पनीको खातामा संचित मुनाफाको रुपमा रहिरहने हुन्छ किनकि मुनाफालाई लाभांशको रुपमा वितरण गर्दा अंशियारहरूले अतिरिक्त कर तिर्नु पर्दछ । यस्तो स्थितिको सृजना हुनु भनेको आर्थिक दृष्टिकोणबाट आदर्शतम अवस्था होईन, तसर्थ व्यक्तिगत र संस्थागत आय करका दरहरूमा तादात्म्य कायम गरिनुपर्दछ ।

करको फाईदाकै लागि मात्रै व्यक्तिगत फर्म वा कम्पनीको छनौट गर्नुपर्ने अवस्था नआओस भनी विभिन्न देशहरूले संस्थागत आय करको दर र व्यक्तिगत आय करको उच्चतम सीमान्त दर एकै स्तरमा राख्न प्रयाशगरेको पाइन्छ । यसैगरी प्राकृतिक व्यक्ति र निकाय बिच कर लगाउने तरिका फरक भएमा पनि त्यसले आर्थिक असक्षमता निम्त्याउने हुदा यी दुई करको संरचना तथा संचालन प्रक्रियामा एकरुपमा ल्याउनु पर्दछ ।

**सुझाव**

- हाल संस्थागत आय करको दरमा गरिएका विभिन्न कटौतिलाई क्रमिक रुपले हटाउदै संस्थागत कर सवै क्षेत्रमा समान किसिमले लाग्ने वातावरण सिर्जना गर्दै जानु पर्दछ । मुलुकको सर्वांगिण विकास नीतिमा सहयोग पुऱ्याउनको लागि लगानी आकर्षित गर्न संस्थागत आय करको दर अन्य सार्क मुलुकको आय करको दरभन्दा कम हुनु पर्दछ भन्ने आयोगको सुझाव छ ।

## ५.८ साना व्यवसायीहरूको लागि विशेष व्यवस्था

अधिकांश साना व्यापारीहरू असंगठित तथा कर प्रणालीबारे त्यति जानकार हुंदैनन् । र, तिनीहरू सामान्य आय करअन्तर्गत पालना गर्नुपर्ने विजक जारी गर्ने, लेखा राख्ने, विवरण पेश गर्ने तथा कर तिर्ने जस्ता औपचारिकता पूरा गर्न सक्दैनन् । यस्ता करदाताहरू हजारौं-लाखौंको संख्यामा हुने भएकोले तिनीहरूको कारोबारको कर प्रशासनले अनुगमन पनि गर्न कठिन हुन्छ । साना व्यवसायीहरूलाई आय करको प्रावधान अनुसार कर लगाउँदा अन्य करदाताको तुलनामा एकातिर साना करदाताबाट सरकारलाई प्राप्त हुने राजस्व नगण्य हुन्छ भने अर्कोतर्फ तिनीहरूले व्यहोर्नुपर्ने कर परिपालन खर्च तथा

सरकारले कर असुल गर्दा लाग्ने प्रशासनिक खर्च बढी हुन जान्छ । यसैले विभिन्न देशमा साना व्यापारीहरूको लागि सरलीकृत व्यवस्था गरिएको पाइन्छ ।

नेपालमा पनि हाल साना व्यवसायहरूका लागि पूर्वानुमानित करको सरलीकृत व्यवस्था गरिएको छ । यस अन्तर्गत व्यवसायबाट प्राप्त आय रु. २ लाख र व्यवसायको कारोबार रु. २० लाख भन्दा बढी नभएको प्राकृतिक व्यक्तिले पूर्वानुमानित (Presumptive) रुपमा आय कर दायित्व एकिन गरी कर दाखिला गर्न छनौट गर्न सक्दछन् । यस्तो, व्यवस्था छनौट गर्ने प्राकृतिक व्यक्तिले, भुक्तानी भएको करकट्टी दाबी गर्न, दम्पतिको लागि उपलब्ध छुट दाबी गर्न, औषधी उपचार बापतको कर मिलान गर्न र स्वीकृत अवकाश कोषमा सम्बन्धी ब्यबस्था भने उपयोग गर्न पाउँदैनन् । यसरी पूर्वानुमानित रुपमा आय कर दायित्व एकिन गरी कर दाखिला गर्न छनौट गरेको अबस्थामा, महानगरपालिका वा उप–महानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक ब्यक्तिका हकमा रु. ५ हजार, नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक ब्यक्तिका हकमा रु. २ हजार ५ सय तथा अन्य कुनै स्थानमा ब्यवसाय गर्ने प्राकृतिक ब्यक्तिका हकमा रु. १ हजार ५ सय को कर लाग्ने ब्यबस्था छ ।

आयोगले विभिन्न स्थानमा आयोजना गरेका अन्तर्क्रिया कार्यक्रममा साना व्यवसायीहरूको लागि पनि करसम्बन्धी सरलीकृत व्यवस्था हुनुपर्ने सुझावहरू प्राप्त भएका थिए । वार्षिक रु. २० लाख भन्दा बढी कारोवार हुने भएता पनि कर परिपालन गर्न भने विभिन्न कारणले असक्षम रहेका करदाताको संख्यासमेत यथेष्ट रहेको सन्दर्भमा पूर्वानुमानित करसम्बन्धी व्यवस्थाको अलावा कारोवारको आधारमा कर तिर्ने व्यवस्था भएमा पहिला पूर्वानुमानित कर तिरी आएका करदातासमेत वास्तविक कारोवारको आधारमा सरलीकृत कर तिर्न तत्पर हुनेछन् भन्ने आयोगको समेत धारणा छ ।

### सुझाव

पूर्वानुमानित करसम्बन्धी हालको व्यवस्थालाई निरन्तरता दिइनु पर्दछ । वार्षिक रु. २० लाखदेखि मुल्य अभिवृद्धि कर नलाग्ने सीमासम्मको कारोबार गर्ने प्राकृतिक व्यक्तिले आफ्नो कुल कारोबारको १.५ प्रतिशतले कारोबार कर (Turnover Tax) तिर्नुपर्ने व्यवस्था गरिनुपर्दछ भन्ने आयोगको सुझाव छ । निश्चित प्रतिशत कमिसन पाउने कारोबार गर्ने एजेन्सी व्यवसायको लागि भने करको दर ०.५ हुनुपर्दछ भन्ने आयोगको सुझाव छ । यसरी कारोबार कर तिर्ने व्यवसायीले आफ्नो आयमा आय कर तिर्नु नपर्ने, मूल्य अभिवृद्धि करको लागि दर्ता हुनु नपर्ने र बिक्रीमा मूल्य अभिवृद्ध कर असुल

गर्नु नपर्ने व्यवस्था गर्नुपर्दछ । कारोबारका आधारमा कर तिर्ने करदाताले किस्ताबन्दीका आधारमा (पौष मसान्त, चैत्र मसान्त तथा आषाढ मसान्त) कर तिर्ने र एउटा सरल किसिमको वार्षिक विवरण आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरिनु पर्दछ । पूर्वानुमानित करका सम्बन्धमा व्यवस्था भएजस्तै कारोवारको आधारमा कर तिर्ने प्राकृतिक व्यक्तिले भुक्तानीमा भएको कर कट्टी दावी मिलान गर्न, दम्पत्तिको लागि उपलब्ध छुट दावी गर्न, औषधोपचार कर मिलान गर्न, स्वीकृत अवकाश कोषसम्बन्धी व्यवस्था लगायतका सुविधा उपयोग गर्न पाउँदैन । करदाताको बिक्री अन्यथा प्रमाणित भएमा बाहेक करदाताले घोषणा गरेको बिक्री रकम मान्य हुनु पर्दछ । यसरी करदाताले पेश गरेको कारोवार करको विवरणमा निजको आय कति हो भनेर देखिँदैन । तर कारोवार करको दर कारोवारको प्रकृतिअनुसार हुन सक्ने संभावित आयको आधारमा तोकिएको हुँदा करदाताले तिरेको कर राजस्वको निश्चित गुणासम्मको रकमलाई व्यवसायको आय मानिने व्यवस्था गरिनुपर्दछ ।

कारोबारमा कर लाग्ने व्यवसायीमध्ये तोकिएको क्षेत्रमा कार्यरत तोकिएका व्यवसायीले अनिवार्य रुपमा विद्युतिय नगदी किताब (Electronic Cash Register) राख्नुपर्ने र अन्यले बिक्रीको विवरण राख्नुपर्ने व्यवस्था गर्नुपर्दछ । आगामी ३ वर्षभित्र कारोबारको आधारमा कर लाग्ने सवै करदाताले क्यास रजिस्टर अनिवार्य रुपमा प्रयोग गर्नुपर्दछ । कारोबारको आधारमा कर लाग्ने करदाताले क्यास रजिस्टर खरीद गर्दा लागेको खर्च एक निश्चित सिमा एवं प्रकृया भित्र रही निजले तिर्नुपर्ने कारोबार कर रकमसँग मिलाउन पाउनुपर्ने व्यवस्था पनि गरिनुपर्दछ । करदाताले खरिदको सक्कल बिजक कार्यालयमा वा आन्तरिक राजस्व विभागले तोकेको निकायमा दाखिला गरेमा त्यस्तो खरिदमा लागेको मूल्य अभिबृद्धि कर रकमको केही निश्चित प्रतिशत करदातालाई फिर्ता दिने व्यवस्था गरिनुपर्दछ । यसरी करदाताले फिर्ता पाउने रकम आगामी किस्तामा तिर्नुपर्ने रकमबाट घटाउन सक्ने व्यवस्था गरिनुपर्दछ ।

कारोबारको आधारमा कर लाग्ने करदातालाई आफ्नो खरीदको विजक माग गर्न आकर्षित गर्नका लागि तिनीहरूले खरीद विजक आन्तरिक राजस्व कार्यालय वा आन्तरिक राजस्व विभागले तोकेको निकायलाई पेश गरेमा त्यसवापत चिठ्ठा वा यस्तै विशेष योजना (Scheme) लागू गरी तिरेको करको केही अंश फिर्ता प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ । यस्तो विशेष योजना प्रत्येक महिना कार्यान्वयन गर्नुपर्दछ वा चिठ्ठा महिनाको एकपटक खोल्ने व्यवस्था गर्नुपर्दछ ।

## ५.९. भाडाका सवारी साधन धनीहरूमा लाग्ने कर

भाडाका सवारी साधन धनीहरूबाट निम्नानुसार अग्रिम रुपमा वार्षिक कर असुल गरिने र सवारी साधन धनी प्राकृतिक व्यक्ति भएमा यसरी तिरेको कर नै अन्तिम हुने व्यवस्था छः

- मिनिबस, मिनि ट्रक, ट्रक र बस धनीलाई रु. १,५००।-
- कार, जिप, भ्यान, माइक्रो बस धनीलाई रु. १,२००।-
- थ्रि ह्विलर, अटो रिक्सा, टेम्पो धनीलाई रु. ८५०।-
- ट्रेक्टर र पावर टिलर धनीलाई रु. ७५०।-

**सुझाव**

यो कर सवारी साधनका धनीहरूको वास्तविक आयमाथि नलगाई सवारी साधनको स्वामित्वको आधारमा लगाइएको छ । यसले गर्दा कुनै व्यक्तिले एक भन्दा बढी सवारी साधन राखि भाडा आर्जन गरेको अवस्थामा समेत एउटै आधारमा कर लगाउंदा यस व्यवस्थाले प्राकृतिक व्यक्तिको लागि अवलम्वन गरिएको प्रगतिशील करको अवधारणालाई समेट्न सकेको छैन । यस करको दर लामो समयसम्म यथाबतै रहेकोले मुद्रास्फीतिको कारणले गर्दा वास्तविक मूल्यमा यो नाममात्रको भएकोले यसको दर बढाइनु पर्दछ । यसका साथै एकभन्दा बढी भाडाका सवारी साधनका धनीको हकमा आयको आधारमा कर लगाउन सकिने वैकल्पिक व्यवस्था गरिनु पर्दछ ।

## ५.१० स्रोतमा कर कट्टी

आय कर प्रणालीलाई सरल तथा पारदर्शी बनाउन, निर्वाध रुपमा सरकारी ढुकुटीमा राजस्व प्रवाह गरी सरकारको Cash Flow को स्थिति सुधार्न र राजस्व चुहावट नियन्त्रण गर्न बासिन्दा ब्यक्तिले गर्ने नेपाल स्रोत भएको पारिश्रमिक, व्याज, लाभांश, भाडा, अवकाश भुक्तानी, सेवा शुल्क, ठेक्का लगायतका भुक्तानीमा स्रोतमा नै अग्रीम करकट्टी हुने व्यवस्था छ। स्रोतमा वा भुक्तानीका बखत गरिएको कतिपय कर कट्टी अन्तिम समेत हुन्छ । अन्तिम हुने कर कट्टी हुने भुक्तानी प्राप्त गर्ने ब्यक्तिले सो आय वर्षको कूल कर दायित्व निर्धारण गर्दा त्यस्तो आयलाई आयमा समावेश गर्नु पर्दैन, त्यस्तो आय बापत कुनै खर्च कट्टी दावी गर्न पनि पाईंदैन र अग्रीम रुपमा कर कट्टी भएको रकम अन्य कर दायित्वसंग मिलान गर्न वा फिर्ता दावी गर्न पनि पाईदैन । अर्कोतर्फ, अन्तिम नहुने कर कट्टीलाई अग्रीम करको रुपमा लिईन्छ । जुन आयमा गरिएको कर कट्टी अन्तिम हुंदैन

त्यस्तो आयलाई सो आयवर्षको कर दायित्व निर्धारण गर्दा आयमा समावेश गर्नुपर्दछ र यस्तो आय आर्जको लागि भएका खर्चहरू आय गणना गर्दा खर्चको रुपमा कट्टी दाबी गर्न पाईन्छ । अन्तिम कर कट्टी नहुने कर रकम सो आयवर्षको लागि तिर्नुपर्ने कर रकममा मिलान गर्न पाइन्छ । यदि कर कट्टी गरिएको रकम सो आयवर्षको लागि कुल तिर्नुपर्ने कर दायित्व बापतको रकमभन्दा घटी भएमा करदाताले तिर्नुपर्ने कर रकम र कर कट्टी गरिएको रकम बीचको फरक रकम करदाताले सरकारलाई तिर्नुपर्दछ भने यदि कर कट्टी गरिएको रकम सो आयवर्षको लागि कुल तिर्नुपर्ने कर दायित्व बापतको रकमभन्दा बढी भएमा करदाताले यस्तो बढी रकम फिर्ता माग गर्न सक्दछ ।

बासिन्दा व्यक्तिले हाल नेपाल स्रोत भएको भुक्तानी गर्दा गर्नुपर्ने कर कट्टीका दरहरू निम्न प्रकार छन् :

*तालिका ५.८:* **स्रोतमा कर कट्टी व्यवस्था**

| **आयको स्रोत** | **कर कट्टीको दर** | **अन्तिम हुने/नहुने** |
|---|---|---|
| रोजगारीको आय (पारिश्रमिक) | अनुसूची १ को दफा १ वा २ मा तोकिएको दरले | सामान्यतयाः हुने |
| सामान्य ब्याज भुक्तानी | १५% | नहुने |
| प्राकृतिक स्रोत, रोयल्टी, सेवा शुल्क, कमिशन वा विक्री वोनस आदी | १५% | नहुने |
| वैठक भत्ता, पटके रुपमा गरिएको अध्यापन गराए बापतको भुक्तानी | १५% | हुने |
| नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानी बाट रु. ५,००,००० वा ५० % मध्ये जुन बढी हुन्छ सो घटाई बाँकी रहने भुक्तानीमा | ५% | हुने (नियमित रुपमा भुक्तानी हुने पेन्सन बाहेक) |
| नेपाल सरकारले भुक्तानी गर्ने भुक्तानी प्राप्त गर्ने ब्यक्तिको योगदान नरहने (Non-contributory) अन्य अवकास भुक्तानी (जस्तै, बिदा बापतको रकम, उपदान) | ५% | हुने |
| अन्य ब्यक्तिले भुक्तानी गर्ने भुक्तानी प्राप्त गर्ने ब्यक्तिको योगदान नरहने (Non-contributory) अन्य अवकास भुक्तानी (जस्तै, बिदा बापतको रकम, उपदान) | १५% | हुने |

| | | |
|---|---|---|
| बासिन्दा रोजगार कम्पनीले गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिशनमा | ५ % | हुने |
| वायुयानको लिज (पट्टा) वापतको रकम भुक्तानी | १० % | हुने |
| मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा वा मूल्य अभिवृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा | १.५ % | नहुने |
| प्राकृतिक ब्यक्तिको व्यवसायसंग सम्वन्धित नभएको घर जग्गा वहालमा लगाए वापतको भाडा र घरमा मौजुदा रहेका सजावटका सामानको एकमुष्ट भाडा | १० % | हुने |
| नेपालमा स्रोत भएको भाडा अन्य | १० % | नहुने |
| सामुहिक लगानी कोष (म्यूच्युअल फण्ड) बाट वितरण गरिने प्रतिफल:<br>प्राकृतिक ब्यक्तिलाई<br>अन्य ब्यक्तिलाई | <br><br>५ %<br>१५ % | <br><br>हुने<br>नहुने |
| लाभांश | ५ % | हुने |
| लगानी वीमाको लाभ | ५ % | हुने |
| स्वीकृति नलिएको अवकाश कोषबाट लाभको भुक्तानी | ५ % | हुने |
| नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसंग सम्बन्धित नभएको खण्डमा बासिन्दा बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी वण्डको बापत भुक्तान गर्ने ब्याज | ५ % | हुने |
| आकस्मिक लाभ | २५ % | हुने |

| | | |
|---|---|---|
| साहित्य, कला, संस्कृति, खेलकुद, पत्रकरिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्रमा योगदान पुऱ्याए वापत प्राप्त हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका रु ५ लाख सम्मको पुरस्कार | कर कट्टी गर्नु नपर्ने | कर नलाग्ने |
| करार वा ठेक्का वापत रु. ५०,००० भन्दा बढी रकमको भुक्तानी | १.५ % | नहुने |
| गैर बासिन्दा व्यक्तिलाई भुक्तानी हुने वायुयान मर्मत तथा अन्य ठेक्का वा करारमा | ५ % | हुने |
| गैर बासिन्दा व्यक्तिलाई भुक्तानी हुने पुनर्वीमा प्रिमियम | १.५ % | हुने |
| गैर बासिन्दा व्यक्तिलाई हुने अन्य भुक्तानी | विभागले लिखित सूचना दिए बमोजिम | हुने |

तर, निम्नानुसारको भुक्तानीमा कर कट्टी गर्नु पर्दैनः

| **बिबरण** | **कैफियत** |
|---|---|
| प्राकृतिक व्यक्तिले गरेको व्यवसाय संचालनसंग सम्बन्धित बाहेकका अन्य कुनै भुक्तानी, | आयमा समाबेस गर्नु नपर्ने |
| पत्रपत्रिकामा प्रकाशित लेख रचना वापतको भुक्तानी र प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जांच गरे वापतको भुक्तानी । | आयमा समाबेस गर्नु पर्ने |
| बासिन्दा बैंक वा अरु बासिन्दा वित्तीय संस्थालाई तिरेको व्याज | आयमा समाबेस गर्नु पर्ने |
| कर छूट पाएको भुक्तानी | आयमा समाबेस गर्नु नपर्ने |
| क्रेडिट कार्ड जारी गर्ने बैंकलाई तिरेको इण्टररिजनल इण्टरचेन्ज शुल्क | आयमा समाबेस गर्नु पर्ने |
| सामुहिक लगानी कोष (मुच्यूअल फण्ड) लाई भुक्तानी गरिएको लाभांस र ब्याज । | आयमा समाबेस गर्नु नपर्ने |

पत्रपत्रिकामा प्रकाशित लेख रचना वापतको भुक्तानी र प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जांच गरे वापतको भुक्तानीमा कर कट्टी गर्नु पर्ने प्राबधान नभएतापनि यस्तो भुक्तानी कर नलाग्ने भुक्तानी नभएकोले आयमा समाबेस गर्नुपर्ने हुन्छ । तथापि यस्ता भुक्तानी प्राप्त गर्ने अधिकांश ब्यक्तिहरूले यस्ता भुक्तानीलाई आयमा समाबेस गरी विवरण पेस गरेको पाईदैन ।

स्रोतमा कर कट्टी गर्ने प्रणाली कर प्रशासन तथा करदाता दुवैको लागि आकर्षक हुने भएकोले यसको प्रयोग विश्वभर गरिएको पाइन्छ । यस प्रणालीले राज्यकोषमा नियमित र स्थिर रुपले राजस्वको आप्रवाह पनि गर्दछ । यसैगरी यस प्रणाली अन्तर्गत ठूलो संख्यामा हुने कर्मचारी/कामदार, निक्षेपकर्ता तथा अंशियारहरूको तुलनामा सापेक्षिक रुपमा सानो संख्यामा हुने रोजगारदाता, बैंक तथा कम्पनी जस्ता भुक्तानीकर्ताहरूबाट भुक्तानीकै बखत कर कट्टी गर्ने व्यवस्था मिलाई निजहरूबाट नै कर संकलन गरिने हुंदा यसले कर छली/चुहावटलाई कम गर्न पनि सहयोग पुग्दछ ।

खास गरेर अन्तिम रुपमा कर कट्टी हुने व्यवस्था अन्तर्गत स्रोतमा कट्टी भएको कर नै अन्तिम हुने र करदाताले कर विवरण बुझाउनु नपर्ने हुंदा यस व्यवस्थालाई राजस्व संकलन गर्ने सहज प्रणालीको रुपमा हेरिन्छ । तर आयोगले विभिन्न संस्था तथा व्यक्तिसंग गरेको छलफलको क्रममा नेपालमा कर कट्टी प्रणाली स्पष्ट नभएको, अव्यावहारिक एवं अनावश्यक रुपमा झंझटिलो भएको भन्ने भनाइ रहको पाइयो । यस सम्वन्धमा उठाइएका मुद्दाहरू निम्नानुसार छन्:

ऐनमा सेवाको परिभाषा नभएको तर सेवा शुल्कको परिभाषामा कमिशन, वैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा शुल्कलाई समाबेस गरेको परिप्रेक्षमा समेत ईन्टरनेट शुल्क, बिज्ञापन शुल्क, होटललाई गरिएको भुक्तानी जस्ता अन्य व्यावसायिक खरिदमा कर कट्टी नगरेको भनी केही कार्यालयले भुक्तानीकर्ताबाट कर कट्टी रकम एवं ब्याज, जरिवाना तथा शुल्क दाबी गर्ने गरेको देखिन्छ । भुक्तानीमा गर्नुपर्ने कर कट्टीका सम्बन्धमा कार्यालय एवं अधिकृतबीच एकमत नभएकोले समस्या उत्पन्न भएको छ ।

नेपाल सरकारको सेवाबाट अवकाश प्राप्त गर्ने ब्यक्तिले उपदान, बिदा बापतको तलव सुविधाको भुक्तानीमा ५% का दरले मात्र कर कट्टा गरी भुक्तानी दिनु पर्दछ । तर, यस्तै प्रकृतिका भुक्तानी नेपाल सरकार बाहेक अन्य बासिन्दा ब्यक्तिले गरेमा भने १५% का दरले कर कट्टा गरी भुक्तानी दिनु पर्ने दोहोरो मापदण्ड रहेको छ ।

स्रोतमा कर कट्टी रकम रुजु (Verify) गर्न कार्यालयमानै जानुपर्ने स्थिति विद्यमान रहेको छ। मूल्य अभिवृद्धि करमा जस्तो E-verification व्यवस्था नरहेकोले झण्झटिलो भएको छ।

स्रोतमा कर कट्टी भएको कर मिलान गर्न आय विवरणको अनुसूचि १० मा एक एक गरेर भर्नुपर्ने व्यवस्था झण्झटिलो एवं दाबी छुट्न सक्ने स्थिति छ।

भुक्तानीकर्ताको व्यवसायिक उद्देश्य एवं संझौता अनुसार परामर्शदाताले गरेका खर्चको सोधभर्ना बापतका भुक्तानीमा समेत आन्तरिक राजस्व कार्यालयले स्रोतमा कर कट्टी रकम एवं ब्याज, जरिवाना तथा शुल्क दाबी गर्ने गरेको पाइन्छ। यो दाबी अन्तर्राष्ट्रिय प्रचलन अनुरुप नरहेको देखिन्छ।

कतिपय आन्तरिक राजस्व कार्यालयमा कर कट्टी तिरेको भौचरमात्र नभै सो कर कार्यालयमा वुझाएको प्रमाणसमेत पेश गर्नुपर्ने गुनासो रहेको छ। यसले गर्दा कतिपय करदातालाई स्रोतमा कर कट्टी गरिएको रकम तिर्नुपर्ने करमा मिलान गर्न समस्या पर्न गएको देखिन्छ।

मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिलाई गरिने भुक्तानी, रु. ५०,००० भन्दा माथिको ठेक्का वापतको भुक्तानी जस्तो व्यापारिक कारोबारको भुक्तानीमा पनि कर कट्टी गर्नुपर्ने बुझाई समेत भएकोले स्रोतमा कर कट्टी गर्ने व्यवस्थाले समस्या सृजना गरेको छ। यदी कर कट्टीलाई आयका धेरै क्षेत्रमा विस्तार गरिएमा स्रोतमा कर कट्टी प्रणाली झनै समस्यामूलक हुन सक्दछ। यस्तो अवस्थाले अनिश्चितता, असहभागिता र उच्च लागतको सृजना हुन जान्छ। यो प्रणालीले कर छली र चुहावटलाई पनि प्रोत्साहन दिन सक्छ किनकि यस अन्तर्गत भुक्तानीका बखत कर कट्टी गर्नुपर्ने दायित्व भएका कतिपय भुक्तानीकर्ताहरूले कर कट्टी नगरी भुक्तानी गर्ने र कतिपयले कर कट्टी गरेको रकम समयमानै दाखिला नगर्ने सम्भावना पनि रहन्छ। यसले गर्दा समेत कतिपय करदातालाई स्रोतमा कर कट्टी गरिएको रकम तिर्नुपर्ने करमा मिलान गर्न पनि समस्या पर्नसक्छ। व्यापारीले आफ्नो खरिदमा अग्रीम रुपमा तिरेको आय कर उपभोक्तालाई वस्तु बिक्री गर्दा मूल्यमा समावेश गर्न सक्छ। यस्तो अवस्थामा आय कर आय करको रुपमा नरही कारोबारमा लाग्ने कर हुन जान्छ। यस्तो परिस्थितिमा केही संघसंस्थाहरूले भुक्तानीका बखत कर कट्टी गर्नुपर्ने दायित्वलाई पूर्ण रुपले निर्वाह नगर्न पनि सक्छन्।

सुझाव

- कर कट्टी गर्ने व्यवस्थालाई आयको धेरै क्षेत्रमा विस्तार गरिएमा त्यसले अनिश्चितता, असहभागिता र उच्च लागतको सृजना गर्न सक्ने हुनाले यस व्यवस्थालाई सामान्य किसिमले आय कर संकलन गर्न कठिन हुने आयको भुक्तानीमा मात्र सीमित गर्नु पर्दछ।
- स्रोतमा कर कट्टी भएको रकम कार्यालयवाट रुजु भए पश्चात स्वतः भुक्तानी प्राप्त गर्ने ब्यक्तिको कर दाखिला विवरणमा अर्थात अनुसूचि १० मा प्रबिष्ट (Posting) हुने व्यवस्था गरिनु पर्छ। यसले करकट्टीको प्रमाण दिनु पर्ने भण्झटबाट करदातालाई मुक्त गराई कर लागतमा कमी ल्याउंछ।
- कर कट्टी रकम आफूलाई पायक पर्ने जुनसुकै बैंक (हाललाई राजस्व बुझ्ने बैंकको कुनै शाखा) मा दाखिला गर्ने सक्ने व्यवस्था गर्नुपर्दछ।
- स्रोतमा कर कट्टी सम्बन्धी द्विविधा धेरै देखिएकोले विभागको Web-site मार्फत बढी भन्दा बढी उदाहरण राखेर कर अधिकृत र करदाता दुवैलाई यस सम्बन्धमा शिक्षित गराईनु पर्दछ।
- हाल बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, डिवेन्चर तथा सरकारी वण्ड वापत नेपालमा स्रोत भएको र व्यवसाय संचालनसंग सम्बन्धित नभएको ब्याज वा ब्याज स्वरुपको कुनै भुक्तानी दिंदा कुल भुक्तानी रकममा पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। तर सहकारीले भुक्तानी गर्ने ब्याज रकममा कर कट्टी गर्ने सम्बन्धमा उल्लेख नभएको हुंदा सामान्य अग्रिम कर कट्टीको दर १५ प्रतिशतले कट्टी गर्नु पर्ने हुन्छ। विशेष गरी ग्रामीण क्षेत्रमा अवस्थित सहकारीहरूमा न्यून आय भएका व्यक्तिहरूले निक्षेप गर्ने हुदा कुनै संस्था विशेषमा निक्षेप गरेको कारणबाट प्राप्त ब्याजमा उच्च दरमा कर लगाउने हालको व्यवस्था न्यायोचित देखिदैन। अतः सहकारीको बचत (निक्षेप) मा समेत बैंक वित्तीय संस्थाले व्याज वा व्याज स्वरुपको कुनै भुक्तानी दिंदाको सरह नै ५ प्रतिशतका दरले कर कट्टी गरिनु उपयुक्त हुनेछ।
- पत्रपत्रिकामा प्रकाशित लेख रचना वापतको भुक्तानी, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जांच गरे वापतको भुक्तानी, पुस्तक प्रकाशित गरेवापत, गीत रचना गरेवापत वा अन्य कार्य गरे वापत प्राकृतिक व्यक्तिलाई दिइने रोयल्टी सम्वन्धी भुक्तानीमा १० प्रतिशतका दरले अन्तिम हुने स्रोतमा कर कट्टी गरिनु पर्दछ।

## ५.११. घर बहाल कर

घर बहाल कर हाल नेपाल सरकार तथा नगरपालिका दुबैले लगाउने गरेका छन् । घर बहालमा नेपाल सरकारले १० प्रतिशत र नगरपालिकाले २ प्रतिशत कर लगाउने गरेका छन् । नेपाल सरकारले लगाउने घर बहाल कर अन्तर्गत घर बहाल आय भएको प्राकृतिक व्यक्तिको आयलाई लगानी आय अन्तर्गत राखी प्राप्त बहाल आयमा १० प्रतिशतले कर लगाउने व्यवस्था छ भने निजको लगानी वा व्यवसायसंग सम्वन्धित घर बहाल आय तथा निकायको बहाल आयलाई सामान्य करको दरले कर लगाउने व्यवस्था छ । प्राकृतिक व्यक्तिको व्यवसाय वा लगानीसंग असम्वन्धित घर बहाल आय भुक्तानी गर्ने व्यक्तिले अग्रिम कर कट्टीको रुपमा भुक्तानी गर्दाकै समय कट्टा गरी कर भुक्तानी गर्नुपर्ने र त्यसरी भुक्तानी गरिएको कर अन्तिम कर कट्टी हुने भुक्तानी हुने हुंदा यस्तो आय हुने व्यक्तिले करका अन्य औपचारिकताहरू पूरा गर्नु पर्दैन ।

घर बहाल कर नेपाल सरकार र नगरपालिका दुवैले छुट्टाछुट्टै रुपमा लगाई रहेका र कर तिर्ने प्रक्रिया सहज नभएकोले यो कर संकलनमा प्रतिकुल असर परेको र कर एकदमै प्रभावकारी नभएकोले यो दुवै तहमा लगाउने घरबहाल कर न्यून दरमा लगाउन पर्ने सुझाव आयोगले विभिन्न क्षेत्रमा आयोजना गरेका छलफल कार्यक्रमका सहभागीहरूले दिएका थिए ।

काठमाडौं उपत्यका लगायत अन्य शहरी क्षेत्रमा प्राकृतिक व्यक्तिले आफ्नो घरको कुनै कोठा तथा तला आफूले प्रयोग गर्ने र अन्य कोठा वा तला बहालमा लगाई आय आर्जन गर्नेहरूमध्ये सबै करको दायरामा आएका छैनन् । कतिपय शहरको विकसित स्थान (Core Area) मा घर निर्माण गर्ने र त्यस्तो घर निर्माणको लागि बैंक ऋणको समेत प्रयोग गर्ने गरेको छ । त्यसरी घर निर्माण गर्ने व्यक्तिले लिएको ऋणको सावां तथा व्याज भुक्तानी गर्ने तर घर बहाल आय सो भन्दा कम प्राप्त भएको देखाउने परिपाटी छ । घर बहाल आय प्राप्त गर्ने व्यक्ति कतिपय करको दायरामा नै नआएको र आएका समेतले कर प्रयोजनको लागि सही आय देखाउने नगरेका वास्तविक अवस्था रहेको छ । त्यस्तै घर बहाल लगाउंदा संगठित क्षेत्र (Corporate Sector) संग सम्झौता गर्दा एउटा मूल्यमा गर्ने गरेको तर असंगठित क्षेत्रमा दिएको बहालको आय सो भन्दा धेरै कम देखाउने गरेको छ । यसैगरी घर बहालमा बसे बापत प्राकृतिक व्यक्तिले भुक्तानी गरेको घर बहाल अग्रिम कर कट्टी गरेर भुक्तानी गर्नु पर्ने व्यवस्था व्यावहारिक देखिंदैन ।

**सुझाव**

- घर बहाल कर नेपाल सरकार तथा नगरपालिका दुबैले छुट्टा छुट्टै रुपमा लगाउँदा दोहोरो कर तिर्नु परेकोले करदाताको लागि झन्झटिलो भएको छ। यसको सट्टा यो कर केन्द्रले १० प्रतिशतका दरले लगाउने र यस करको संकलनमा नगरपालिकालाई सहभागी बनाइनु पर्दछ। त्यसबाट संकलित राजस्वको ६० प्रतिशत केन्द्रले र ४० प्रतिशत नगरपालिकाले प्राप्त गर्ने व्यवस्था गर्नु पर्दछ।

- व्यवसाय वा लगानीको आयसंग असम्बन्धित प्राकृतिक व्यक्तिले भुक्तानी गरेको घर बहाल आय प्राप्त गर्ने घरधनीले ऐनको वर्तमान व्यवस्था अनुसार घर बहाल प्राप्त गरेको महिनाको अर्को महिनाको २५ गते सम्म अग्रिम कर रकम दाखिला गर्नुपर्ने भएकोमा सो व्यवस्थामा परिवर्तन गरि यस्तो बहाल आयमा लाग्ने कर छ महिनाको एकमुष्ट बुझाउन सक्ने व्यवस्था गर्न उचित हुनेछ।

- घर बहालकर अन्तिम कर कट्टी स्वरुप स्रोतमै कट्टी गरिने हुंदा यसको लागि भरिनु पर्ने पासबुकको औचित्य देखिदैन। यस व्यवस्थालाई हटाइनु पर्दछ।

- घर बहाल आयको सम्पूर्ण रकम करको दायरामा ल्याउनको लागि प्रशासनिक रुपमा घर बहाल भुक्तानी गर्ने सवै व्यक्तिको जानकारी Computer System मा राख्नुपर्दछ। निर्वाचन आयोगको लगत, विद्युत प्राधिकरणको लगत एवं बैंकहरूवाट प्राप्त विवरण सबैको विश्लेषण गरी कुनै विशेष स्थानको सर्भेक्षण गरिनु पर्दछ।

- नेपालमा विदेशी कुटनीतिक संस्था तथा अन्तर्राष्ट्रिय संघ संस्थामा कार्यरत विदेशी व्यक्ति बहालमा बस्ने गरेका पाइन्छन्। विदेशी कुटनीतिक संस्था, अन्तर्राष्ट्रिय संघ संस्थाहरूले अभिसंधिका कारण बहाल रकम भुक्तानी दिंदाकै समयमा अग्रिम कर कट्टी गरी कर कार्यालयमा दाखिला गर्नुपर्दैन। तर त्यस्ता संस्थासंग समन्वय गरेको अवस्थामा ती संस्थाहरूले आफ्नो कार्य संचालन प्रयोजनको लागि लिएको घर भाडा तथा कुटनीतिक सुविधा प्राप्त गर्ने व्यक्तिहरू बसोबास गरेका घरधनी एवं बहाल संबन्धी सूचना प्राप्त गरी प्राप्त सूचनाको आधारमा सम्बन्धित घर धनीबाट घर बहाल कर प्राप्त भए वा नभएको छानविन गर्न सकिन्छ।

- घर बहालकर प्राप्त हुनुपर्ने भन्दा कम प्राप्त हुनुको प्रमुख कारण घर बहालको वास्तविक रकम भन्दा कम देखाई सम्झौता गर्नु वा कम आय देखाउनु पनि हो। घर बहाल कर चुहावट नियन्त्रणको लागि क्षेत्र अनुसार न्यूनतम बहाल रकम तोकिनु पर्छ भन्ने समेत विषय पनि उठ्ने गर्छ। आय कर ऐन, २०५८ ले कारोवारको

वास्तविक मूल्यलाई मात्र आधार लिएको हुंदा कुनै खास शीर्षकमा न्यूनतम मूल्य तोक्न मिल्दैन र सो आय करको सिद्धान्तसंग समेत मेल खांदैन । तर, समान क्षेत्र एवं अवस्थाका आधारमा तुलनात्मक बहाल आय (Referance Price) का आधारमा बहाल आयको यथार्थतामा छानबिन गर्न भने आबश्यक देखिन्छ ।

- स्थानीय निकायसंग समन्वय गरी कुनै व्यक्तिले स्थानीय निकायमा घर जग्गा कर दाखिला गर्न जांदा वा कुनै किसिमको सिफारिश माग गर्दा घर बहालमा लगाएको भए बहाल कर दाखिला गरेको प्रमाण समेत पेस गराउन लगाउने व्यवस्था गरिनुपर्दछ ।

## ५.१२ पूँजीगत लाभमा कर

आयका सबै स्रोतहरूलाई आय करको दायराभित्र ल्याई करको आधार विस्तार गर्ने सन्दर्भमा वि.सं. २०५८ देखि पूँजीगत लाभलाई करको दायरा भित्र ल्याइएको छ । वित्त शास्त्रमा यस किसिमको कर लगाउनु पर्ने प्रमुख कारण निम्न अनुसार उल्लेख गरिएको पाइन्छ :

- पूंजीगत लाभको ठूलो हिस्सा धनीहरूले पाउने हुंदा समानताको दृष्टिकोणले पूंजीगत लाभमा कर लगाउनु पर्ने हुन्छ ।
- पूंजीगत लाभ करले लगानीलाई भूमि, भवन जस्ता तुलनात्मक रुपमा कम उत्पादनशील क्षेत्रको सट्टा बढी उत्पादनशील क्षेत्रतर्फ प्रवाहित हुने संभावना वढ्छ ।
- पूंजीगत लाभलाई अन्य आयबाट छुट्याउन सजिलो छैन । पूंजीगत लाभ करको अभावमा करदाताले गैर पूंजीगत लाभलाई पुंजीगत लाभमा राख्ने र पूंजीगत लाभ हुने क्षेत्रसग सम्बन्धित खर्चलाई गैर पूंजीगत लाभ हुने क्षेत्रसंग सम्बन्धित खर्चको रुपमा राख्न सक्छ । यसले प्रशासनलाई जटिल बनाउछ ।
- पूंजीगत लाभ स्वयंबाट करको आधारमा ठूलो विस्तार नहुने भएता पनि पूंजीगत लाभ करले आय करको आधार घट्नबाट बचाउंछ । पूंजीगत लाभ करको अभावमा करदाताले अन्य आयलाई पूंजीगत लाभ भनेर वर्गीकरण गर्न सक्ने हुंदा त्यसबाट आय करको आधार घट्न जान्छ ।

- अर्थतन्त्रमा स्थायित्व कायम गर्न पनि पूंजीगत लाभ कर लगाउनुपर्ने हुन्छ । सम्पतिको मूल्यमा धेरै वृद्धि भएको समयमा पूंजीगत लाभ कर धेरै तिर्नु पर्ने र सम्पत्तिको मूल्य कम भएको बेला कम कर तिर्नुपर्ने वा कर तिर्नुनपर्ने हुँदा पूंजीगत लाभ करले अर्थतन्त्रमा हुने उतार चढावलाई घटाउने गर्दछ ।

नेपालमा पूंजीगत लाभकर लगाउने व्यवस्था निम्नानुसार छ :

- पूंजीगत सामानको निःसर्ग (Disposal) बाट हुने लाभमा पूंजीगत लाभ कर लगाइन्छ भने नोक्सानीलाई कट्टी गर्न दिइन्छ । यस्तो नोक्सानी समायोजन नभएसम्म आगामी वर्ष सार्न सकिने प्रावधान छ । पूंजीगत सम्पत्तिको निःसर्ग मध्ये व्यावसायिक सम्पत्तिको निःसर्गबाट प्राप्त आयलाई व्यवसायको सामान्य आय मानेर त्यसमा सामान्य करको दर लाग्ने व्यवस्था छ भने गैर व्यावसायिक सम्पत्ति (आय कर लाग्ने कृषि प्रयोजन वाहेकको जग्गा, भवन र सुरक्षणहरू) को निःसर्गबाट प्राप्त आयमा गैर व्यावसायिक करयोग्य सम्पत्तिको प्रकृतिको आधारमा २.५ प्रतिशत देखि १० प्रतिशतका दरले पूंजीगत लाभ कर लाग्ने व्यवस्था छ । प्राकृतिक व्यक्तिको अविच्छिन्न १० वर्ष वा बढी स्वामित्वमा रहेको र निजले १० वर्ष वा बढी बसोबास गरेको निजी भवन, रु ३० लाख भन्दा कम मूल्यमा निःसर्ग गरेको जग्गा, घर जग्गा वा निजी भवन र तीन पुस्ताभित्र भएको खरिद विक्री बाहेक अन्य किसिमले हस्तान्तरण गरेको सम्पत्तिमा कर नलाग्ने पनि व्यवस्था गरिएको छ ।

- व्यवसाय वा लगानीको आय आर्जन गर्ने कार्यमा प्रयोग नभएको सम्पतिलाई कर लगाउने प्रयोजनको लागि गैर व्यावसायिक करयोग्य सम्पतिको परिभाषा गरी करको दायरामा ल्याइएको छ ।

- कुनै व्यक्तिको गैर व्यावसायिक करयोग्य सम्पतिको मूल्य वृद्धि हुन त्यस्तो सम्पतिको स्वमित्व रहेको व्यक्तिको श्रम तथा उद्यमशिलताको कारणबाट नभई सरकारले पूर्वाधारमा गरेको लगानी, तुलनात्मक रुपमा उपलव्ध गराएको शान्ति सुरक्षा एवं संचालन गरेको आर्थिक गतिविधिको कारणबाट हुन्छ । यसर्थ यस्तो सम्पतिको निःसर्गबाट भएको लाभमा कर लगाउनु उचित हुन्छ । पूंजीगत लाभ कर सम्पतिको निःसर्ग भएको अवस्थामा लाग्ने हुदा कर दायित्व भुक्तानी गर्न नगदको अभाव हुदैन ।

- शेयर वा सुरक्षणको कारोबारमा भएको खुद लाभमा लाभ भएको अवस्थामा नै देहाय बमोजिम अग्रीम कर असुल गर्नुपर्ने व्यवस्था छ :

- नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको ५ प्रतिशत र अन्यको हकमा लाभ रकमको १० प्रतिशतका दरले ।

- नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा जुन निकायको हित निःसर्ग भएको हो सोही निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको १० प्रतिशत र अन्यको हकमा लाभ रकमको १५ प्रतिशतका दरले ।

- प्राकृतिक व्यक्तिको व्यवसायसंग सम्वन्धित उपरोक्त अनुसारको सम्पति एवं निकायको उपरोक्त सम्पतिहरू व्यावसायिक सम्पति अन्तर्गत पर्दछन् र त्यस्तो सम्पतिको निःसर्ग बाट भएको लाभमा सामान्य करको दर अनुसार कर लाग्दछ ।

- व्यवसाय र प्राकृतिक व्यक्तिको लागि फरक फरक दर भएकोले यसले आर्थिक असक्षमता निम्त्याएको हुन सक्छ । यस सन्दर्भमा निकायले व्यावसायिक सम्पति निःसर्ग गर्दा बजार मूल्य भन्दा घटि मूल्यमा प्राकृतिक व्यक्तिलाई निःसर्ग गर्ने र प्राकृतिक व्यक्तिले अन्य व्यक्तिलाई बजार मूल्यमा निःसर्ग गरी कर चुहावट गर्ने प्रवन्ध गर्न सक्ने अवस्था रहेकोछ ।

- सूचीकृत निकायमा रहेको हित निःसर्ग गर्दा भएको लाभ वापतको अग्रिम रुपमा रकम दाखिला गर्दा प्राकृतिक व्यक्ति र निकायले दाखिला गर्नुपर्ने रकम फरक रहेको छ। त्यस्तै सूचीकृत नभएको निकायको हितको खुद लाभमा दाखिला गर्नुपर्ने रकम समेत फरक रहेको छ। प्राकृतिक व्यक्तिको पूंजीगत लाभमा लाग्ने करको दर समेत निकायलाई लाग्ने करको दर भन्दा फरक रहेको छ ।

यस सम्वन्धी अर्को समस्या पूंजीगत लाभ चालु मूल्यमा लाग्दछ र मुद्रास्फीतिको हिसाव गरिदैन । यसले गर्दा करको आधार वास्तविक मूल्य भन्दा बढी हुन आउछ । अर्कोतर्फ करको दर कम राखिएको छ । यसले गर्दा ब्यबसायिक कारोबार समेत प्राकृतिक व्यक्ति मार्फत भई अस्वस्थ प्रतिस्पर्धा सृजना भएको समेत पाइएको छ । साथै प्राकृतिक व्यक्तिलाई रु. ३० लाखसम्मको जग्गा एवं घरजग्गाको निःसर्गमा छुटको कारणले व्यवसायको खण्डीकरणलाई प्रोत्साहित गरेको छ ।

**सुझाव**

- हाल पूंजीगत लाभ प्राप्त गर्ने अधिकांश प्राकृतिक व्यक्तिले त्यस्तो लाभलाई समाबेस गरी आय विवरण पेश गर्ने गरेको पाईएको छैन । यदी यस्तो विवरण पेश गर्नु पर्ने मिति सम्म पेश नगरेमा स्रोतमा कट्टी भएको पूंजीगत लाभकरलाई अन्तिम कर सरह मान्ने व्यवस्था गरिनु पर्दछ ।
- अल्पकालिन पूंजिगत लाभमा करको दर बढाई १० प्रतिशत कायम गर्नु पर्दछ ।

## ५.१३ स्थायी लेखा सम्बन्धी व्यवस्था

आय कर ऐन तथा नियमावलीअनुसार उद्योग, व्यापार तथा व्यवसाय गर्ने व्यक्तिका साथै भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने दायित्व भएका सबै वासिन्दा ब्यक्तिले स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्था छ । सरकारी निकायलाई कर छुट वा कर नलाग्ने भएता पनि सरकारी निकायहरूले गर्ने कतियप भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी दिनुपर्ने भएकोले सरकारी निकायले पनि स्थायी लेखा नम्बर लिनुपर्ने हुन्छ । तर यो व्यवस्था हालसम्म पूर्ण रुपमा कार्यान्वयन हुन सकेको देखिंदैन ।

**सुझाव**

- सबै सरकारी निकायले पनि स्थायी लेखा नम्बर (PAN) लिनुपर्ने र त्यस्ता निकायले भुक्तानी प्राप्त गर्ने ब्यक्तिको स्थायी लेखा नम्बर सहित, भुक्तानी विवरण एवं कर कट्टी रकम अनिवार्य रुपमा विभागको Data Base (Tax Portal) मा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने देखिन्छ जसले गर्दा सरकारी निकायसंग कारोबार गर्ने ब्यक्ति बिचको कारोबार पारदर्शी भई कर सहभागिता समेत बढ्न जान्छ ।
- सरकारी निकाय लगायत अन्य संस्थागत भुक्तानीहरूमा स्रोतमा कर कट्टी हुने भुक्तानी प्राप्त गर्ने ब्यक्तिको स्थायी लेखा नम्बर उल्लेख गरी सो को विवरण आन्तरिक राजस्व विभाग (E-TDS) मा दाखिल गर्ने व्यवस्था प्रभावकारी बनाउँदै लैजानु पर्दछ ।

## ५.१४ पूर्वादेश, सार्वजनिक परिपत्र तथा निर्देशिका सम्वन्धमा

कर सम्बन्धी ऐनका दफाहरूमा भएका व्यवस्थाका कारणबाट कुनै करदातालाई आफ्नो कारोबारको प्रकृति अनुसार कर लेखाकंन गर्दा ऐनका फरक फरक दफामा भएका

व्यवस्थाको कारणबाट कुनै द्विविधा उत्पन्न भई आफ्नो व्यवसायको कुनै खास विषयमा कसरी कर लेखाकंन गर्ने भन्ने विषयमा ऐनहरूमा भएका दफाहरूको उल्लेख गरी आफ्नो कारोबारको सम्वन्धमा ऐनमा भएको कुनै खास दफा आफ्नो सम्वन्धमा लागू हुने वा नहुने भन्ने राय साथ आन्तरिक राजस्व विभागमा त्यस विषयमा पूर्वादेश जारी गर्न निवेदन दिन पाउने व्यवस्था आय कर ऐनमा रहेको छ। करदाताको नाममा कुनै विषयमा जारी भएको पूर्वादेश विभागले सो पूर्वादेश खारेज गरेको लिखित सूचना नदिए सम्म बहाल रहन्छ। आय कर ऐन जारी भएको समयदेखि हालसम्म यस्तो पूर्वादेश धेरै करदातालाई जारी भैसकेको छ। ऐनहरू कार्यान्वनमा आएपछि ऐनका धेरै व्यवस्थामा समसामयिक रुपमा संशोधन समेत भैसकेको छ। आय कर ऐन, २०५८ को दफा ८१ बमोजिम कुनैपनि करदाताले करसंग सम्वन्धित कागजात तथा त्यसको लेखा पाँच बर्षसम्म सुरक्षित राख्नुपर्ने व्यवस्था रहेको छ । यस सन्दर्भमा पूर्वादेशलाई अनन्त कालसम्म बहाल रहने गरी जारी गर्नु उपयुक्त नहुने हुंदा पूर्वादेश निश्चित अवधिको लागि मात्र जारी गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ। विगतमा जारी भएका पूर्वादेशहरूका विषयहरू सम्बन्धित ऐनहरूको निर्देशिकामा समेत व्यवस्था भैसकेको र विगतमा जारी भएका कतिपय पूर्वादेशहरू ऐनका आशय भन्दा फरक रुपमा जारी भएका अवस्था समेत हुनसक्ने भएकोले कानुनी रुपले विगतमा जारी भएका सबै पूर्वादेश खारेज गर्ने र कुनै करदातालाई विगतमा आफ्नो हकमा जारी भएको पूर्वादेशलाई निरन्तरता दिन चाहेमा पुनः पूर्वादेश माग गर्न सक्ने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ। ऐनमा भएको कुनै व्यवस्थाको सम्वन्धमा आन्तरिक राजस्व विभागको महानिर्देशकले व्याख्या गरी सार्वजनिक परिपत्रको माध्यमबाट सो व्याख्याको सम्बन्धमा करसंग सम्वन्धित सबैलाई जानकारी गराउन सक्ने व्यवस्था ऐनमा रहेको छ।

**सुझाव**

- विभागले जारी गरेका सार्वजनिक परिपत्र नियमित रुपमा अनुगमन गरी कानुनी एवं अन्य कारणबाट अप्रासंगिक भइसकेका परिपत्र खारेज गरी सोको सार्वजनिक सूचना जारी गर्नुपर्ने उचित हुन्छ। विभागले जारी गरेको एवं रद्द भइनसकेका निर्देशिका एवं परिपत्रहरू आफ्नो वेव साईटमा राख्ने व्यवस्था गर्नु आबश्यक देखिन्छ।
- विभागले आय कर ऐनको दफा ७६ बमोजिम जारी गरेका पूर्वादेश ब्यक्तिगत हुने भएतापनि विभागको मुख्य उद्देश्य करदातालाई सुसूचित गर्नु रहेकोले यस्ता पूर्वादेश अन्य करदातालाई समेत प्रासंगिक हुने अवस्था भएमा त्यस्तो पूर्वादेशको आसयलाई समेटी

सार्वजनिक परिपत्र जारी गर्ने वा विभागको वेव साईटमा प्रश्न-उत्तर (Frequently Asked Questions, FAQ) को रुपमा राख्ने व्यवस्था गर्नु उपर्युक्त देखिन्छ ।

- विभागमा पूर्वादेश जारी गर्ने, प्रशासनिक पुनरावलोकन गर्ने मात्र कार्यादेश एवं अधिकार भएको उपमहानिर्देशकको अध्यक्षतामा (कानुन र लेखा विज्ञ समेत सदस्यहरू रहेको) पुनरावलोकन समिति गठन गरिनु पर्दछ । यी पूर्वादेश वा पुनरावलोकन प्रयोजनका लागि उक्त समितिले आवश्यक देखेमा चार्टर्ड एकाउण्टेण्ट/कर कानुनको विज्ञहरूको समूहको सूची (Panel) तयार गरी सेवा लिन सक्ने व्यवस्था गरिनुपर्दछ ।

## ५.१५ वास्तविक ब्यक्तिले नै करको दायित्व वहन गर्नुपर्ने

कुनै ब्यक्तिले आफ्नो नियन्त्रण एवं व्यवस्थापनमा व्यवसाय गर्ने तर त्यस्तो व्यवसाय गर्ने सम्बन्धमा खडा गर्ने संस्था कुनै अर्को ब्यक्तिको नाममा दर्ता गरी व्यवसाय गरेको पाइन्छ । उदाहरणको लागि व्यवसायमा लगानी तथा संचालन एक व्यक्तिले गर्ने तर उक्त व्यवसायको दर्ता कुनै तल्लो स्तरको पदमा कार्यरत व्यक्ति वा अन्य कसैको नाममा (अवान्छित प्रभाव (Undue Influence) पार्न सक्ने व्यक्तिको नाममा) गर्ने वा दुई वा दुई भन्दा बढी प्राकृतिक व्यक्तिको संलग्नतामा कुनै निकाय गठन गरी संचालन गर्ने, त्यसबाट प्राप्त लाभ संचालकहरूले लिने र कुनै कारणले निकाय डुवेमा वास्तविक संचालक वा हिताधिकारी जिम्मेवार नहुने अवस्था छ । यस किसिमको व्यवसाय गर्ने उद्देश्य व्यवसायबाट भएको आयमा कर नतिरी करको दायित्व अन्य व्यक्ति वा निकायमा सारी आफूले करबाट उन्मुक्ति लिनु हो । कुनै समयमा त्यस्तो संस्थाको कर निर्धारण भएको अवस्थामा जसको नाममा दर्ता भएको हो उही ब्यक्तिको नाममा कर निर्धारण हुने र वास्तविक व्यवसायबाट प्रतिफल प्राप्त गर्ने ब्यक्ति भने करको दायित्वबाट बाहिर रहने हुन जान्छ । यसरी व्यवसाय गरी आय लुकाउने वा छल्ने वा करको दायित्वबाट उन्मुक्ति लिने सम्बन्धमा वर्तमान आय कर व्यवस्थामा आयको खण्डीकरण एवं करमुक्ति विरुद्धको सामान्य नियमको व्यवस्था रहेको छ । यसरी आपसमा मेलमिलाप गरी वा कर सम्बन्धी कुनै जानकारी नभएको ब्यक्तिलाई तलव वा केही रकम दिई व्यवसाय गर्ने वास्तविक ब्यक्तिले नै करको दायित्व वहन गर्नु पर्ने वा कुनै निकायमा संचालकहरूले निकायबाट लाभ लिने तर निकायले कुनै कारणले धेरै कर तिर्नुपर्ने अवस्था आएमा निकाय जिम्मेवार हुने भई व्यक्ति उम्कने र सरकारी कर गुम्न जाने अवस्था रहेको छ । सो अवस्थाको निराकरण गर्नका लागि हाल आय करमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न परिमार्जन गर्नुपर्दछ ।

**सुझाव**

आपसमा मेलमिलाप गरी वा कर सम्बन्धी कुनै जानकारी नभएको ब्यक्तिलाई तलव वा केही रकम दिई निजको नाउमा फर्म दर्ता गरी व्यवसाय गर्ने वास्तविक ब्यक्तिले करको दायित्व वहन गर्नु नपर्ने स्थितिको अन्त्य गर्न त्यस्तो कारोबारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नियन्त्रण गर्ने वा त्यस्तो कारोबारबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा फाईदा प्राप्त गर्ने ब्यक्तिलेनै कर दायित्व बहन गर्नु पर्ने गरी आय कर ऐनमा परिमार्जन गर्नुपर्दछ ।

## ५.१६ संयुक्त उद्यम (Joint Venture)

कुनै निश्चित कार्य सम्पादन गर्ने उद्देश्यले दुई वा दुई भन्दा बढी व्यक्ति समावेश भई कार्य सम्पादन गर्न खडा गरिने संगठनलाई संयुक्त उद्यमको रुपमा लिइन्छ । कुनै कार्य सम्पादन गर्न चाहिने व्यावसायिक क्षमता एउटै व्यक्तिमा नहुन सक्छ । जोखिमलाई न्यूनीकरण गर्न र व्यक्तिहरूसंग रहेको स्थायी सम्पत्ति तथा जनशक्तिको अधिकतम रुपले परिचालन गर्ने तथा सेवा प्राप्त गर्ने व्यक्तिले आफूले प्राप्त गर्नुपर्ने सेवा वा वस्तुको आपूर्ति निर्धारित समयमा प्राप्त गरोस् भन्ने उद्देश्यले संयुक्त उद्यमहरू खडा हुने गर्दछन् । यस्तो संगठन कुनै निश्चित प्रयोजनको लागि हुने र प्रयोजन बमोजिमको कार्य सम्पादन भए पश्चात उक्त संगठन स्वतः विघटन हुन्छ । संयुक्त उद्यम विशेष गरी कुनै निर्माण कार्य सम्पन्न गर्न वा वस्तु तथा सेवा आपूर्तिको लागि खडा गर्ने गरिन्छ । संयुक्त उद्यममा सहभागी हुने व्यक्तिहरूको बीचको करारबाट उल्लेख भएको शर्त आदिको आधारबाट नाफामा सहभागिता हुन्छ । संयुक्त उद्यम प्राकृतिक व्यक्तिहरूको बीचमा, कम्पनी कम्पनीको बीचमा वा नेपाल स्थित कम्पनी वा विदेशी कम्पनीको बीचमा वा विदेशी कम्पनीहरूको बीचमा समेत हुन सक्दछ ।

आय कर ऐन, २०५८ ले संयुक्त उद्यमलाई कर प्रयोजनको लागि निकायको रुपमा परिभाषित गरेको छ । त्यस्तै मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवा आपूर्ति गर्ने उद्देश्यले खडा गरिएको संयुक्त उद्यम (Joint Venture) मूल्य अभिवृद्धि कर ऐनको दायरामा पर्दछ । विशेष गरी यस्तो उद्यम निर्माण कार्यका लागि खडा हुने गरेको पाइएता पनि हालका वर्षहरूमा यस्तो उद्यम वस्तु आपूर्तिमा समेत खडा हुने गरेको पाइन्छ । यस्तो उद्यम खडा भई निश्चित उद्देश्य पुरा गरी सम्बन्धित व्यक्तिलाई (Employer) सम्झौता अनुसारको कार्य गरी हस्तान्तरण गरे पश्चात अस्तित्व समाप्त हुने हुंदा संयुक्त उद्यम साझेदारी वा कम्पनी जस्तो निरन्तर रुपमा अस्तित्वमा रहिरहने संगठन होइन ।

### सुझाव

संयुक्त उद्यम विगतका वर्षदेखि नै खडा हुने गरेको तर कार्य समाप्त भए पश्चात सोको निरन्तरता समाप्त हुनु पर्नेमा सो नभएकोले अनावश्यक रुपमा मूल्य अभिवृद्धि करमा शुन्य विवरण वा विवरण नै नदिने करदाताको सूचीमा समावेश भै रहेको र आय कर तर्फ पनि विवरण नदिने करदाताको सूचीमा समावेश भै राखेको छ । यसर्थ संयुक्त उद्यमको सम्वन्धमा दर्ता, खारेजी, विवरण दाखिला, कर परीक्षण आदि पक्षहरूको सम्वन्धमा एउटै प्रकृतिको विशेष व्यवस्था गर्नुपर्ने देखिन्छ ।

संयुक्त उद्यम दर्ता गर्न चाहने व्यक्तिले दर्ता गर्दा दर्ता गर्नुको उद्देश्य खोल्नु पर्ने, दर्ता भए पश्चात सम्पादन गर्ने कार्यको विवरण दिनु पर्ने, त्यस्तो कार्य सम्पादन गर्नुपर्ने अन्तिम मिति उल्लेख गर्नुपर्ने, संयुक्त उद्यमका पक्षहरूको बीचमा नाफामा सहभागी हुने र ती पक्षहरूको संयुक्त उद्यम प्रतिको दायित्व खुलेको सम्झौता पेश गर्नुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । यसरी दर्ता गर्न चाहने संयुक्त उद्यम कुनै आयोजनाको निर्माण लगायतका कार्यमा सहभागी हुने र निर्माण गराउने व्यक्ति (Employer) ले मूल्य अभिवृद्धि कर वा आय करमा दर्ता भएको स्थायी लेखा नम्वर माग गरेको छ भने त्यसको लागि निश्चित अबधीको लागि अस्थायी प्रमाणपत्र जारी गर्ने र तोकिएको मितिभित्र उक्त कार्यादेश प्राप्त नभएमा स्वतः खारेज हुने व्यवस्था गर्नुपर्ने देखिन्छ । यदि संयुक्त उद्यमीले कार्य गर्ने स्वीकृति प्राप्त गरेमा त्यस्तो कार्य सम्पादन गर्नुपर्ने अन्तिम मिति (सम्झौतामा उल्लेख भएको मिति) सम्मको लागि मात्र प्रमाणपत्र दिने र करार गर्ने दुवै पक्षको सहमतिमा कार्य सम्पादन गर्ने मिति संशोधन भए सोही अनुसार प्रमाणपत्र बहाल रहने मिति संशोधन गरिदिने व्यवस्था गर्नु पर्ने देखिन्छ ।

संयुक्त उद्यम दर्ता गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर विवरण दाखिला गर्नुपर्ने अवधि मासिक नै गर्नु पर्ने, तर आय कर तर्फ अर्को आर्थिक वर्षमा निरन्तरता नहुने हो भने कार्य समाप्त भएको मितिले ३ महिनाभित्र आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था हुनुपर्ने देखिन्छ । यसरी दाखिला भएको आय विवरणको कर परीक्षण विवरण प्राप्त भए पश्चात तत्काल प्रारम्भ गरी समाप्त गर्नुपर्ने व्यवस्था हुनुपर्दछ । संयुक्त उद्यमको उद्देश्य समाप्त भए पश्चात त्यसमा संलग्न पक्षहरू यदि गैर बासिन्दा व्यक्तिहरू छन् भने केही समयपछि कर निर्धारण गर्दा कायम भएको कर असूली हुने सम्भावना कम रहने भएकोले शिघ्र कर परीक्षण गर्नुपर्ने देखिन्छ । यस्तो संयुक्त उद्यमलाई कार्यादेश प्रदान गर्ने पक्षले तोकिएको कार्य पुरा गरे पश्चात करचुक्ता प्रमाणपत्र पेश नगरी अन्तिम भुक्तानी नदिने व्यवस्था गर्नुपर्दछ । संयुक्त उद्यममा सहभागी पक्षहरू बीचमा भएको सम्झौतामा

नाफाको सहभागिता (Profit Sharing) को अंश उल्लेख भएको हुन्छ। यदि सो उल्लेख नभएको अवस्थामा दर्ता गर्दाकै समयमा त्यस्तो सम्झौता अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था गरिनु पर्दछ। संयुक्त उद्यमको लागि भएको सम्झौता अनुसार नाफा प्राप्त गर्ने अंशको आधारमा संयुक्त उद्यमको कर दायित्व रहेको छ भने संयुक्त उद्यममा संलग्न पक्षबाट असूली गर्न पाउने व्यवस्था राखिनु पर्दछ।

संयुक्त उद्यमको लागि लिइएको प्रमाणपत्रको मिति समाप्त भए पश्चात तत्काल कर परीक्षण गरी त्यसको दर्ता खारेजी गरिनु पर्दछ। यदि त्यस्तो संयुक्त उद्यमले अर्को कार्य सम्पादन गर्ने भएमा पुनः अर्को स्थायी लेखा नंवर लिएर मात्र गर्नु पर्दछ । यी सबै व्यवस्थाको लागि मूल्य अभिवृद्धि कर नियमावली तथा आय कर नियमावलीमा संयुक्त उद्यम (Joint Venture) सम्वन्धि विशेष व्यवस्था राखिनु पर्दछ।

## ५.१७ स्थायी संस्थापन

हालको समयमा विश्व व्यापार तथा लगानीमा बहुराष्ट्रिय कम्पनिको संलग्नता निरन्तर रुपमा वृद्धि भै रहेको छ । प्रायः सबै विकासशिल देश एवं उदीयमान अर्थतन्त्र भएका राष्ट्रहरूले आफ्नो देशको आर्थिक विकासलाई तीव्रता दिन विभिन्न सुविधाहरू दिई वैदेशिक लगानी एवं प्रविधिलाई आकर्षित गरिरहेको अवस्था छ । नेपालले पनि विदेशी लगानी तथा प्रविधि आकर्षित गरी आर्थिक विकासलाई तीव्रता दिने नीति अवलम्वन गरेकोछ। आर्थिक विकासको सन्दर्भमा विदेशी लगानी, प्रविधि, विज्ञ सेवाहरू (Professional Services) एवं वैदेशिक लगानीको अपरिहार्यता हुन्छ भने कुनै व्यक्तिले त्यस्तो पेशा, व्यवसाय, प्रविधिको हस्तातन्तरणबाट कुनै स्रोत देशमा आर्जन गरेको आयमा स्रोत देशमा नै आयको सही अंशमा कर दाखिला गरेको हुनुपर्दछ। बहुराष्ट्रिय कम्पनी एक देशको बासिन्दा व्यक्ति हुने तर त्यस्तो कम्पनिले अर्को देशमा सहायक कम्पनि (Subsidiary Company) वा स्थायी संस्थापन (Permanent Establishment) को माध्यमबाट व्यापार, उद्योग, सेवा प्रदान, लगानी एवं प्रविधि हस्तान्तरण गरेको हुन्छ। बहुराष्ट्रिय कम्पनीको वासिन्दा भएको देशको लागि एउटा निकाय हुने र लगानी एवं प्रविधि हस्तान्तरण हुने देशमा अर्को निकाय हुने तर त्यस्ता निकायहरूको बीचमा हुने कारोबारको लागि कायम हुने मूल्य स्वतन्त्र बजारको नियम (Arm's Length Principle) अन्तर्गत नभएको हुनसक्ने सम्भावना रहन्छ। सम्बद्ध निकायको बीचमा सही मूल्य उल्लेख नभई मूल्य हस्तान्तरण (Transfer Pricing) हुन सक्दछ। विशेष गरी मूल्य हस्तान्तरण बासिन्दा व्यक्ति रहेको देशमा हुने गर्दछ । कतिपय बहुराष्ट्रिय कम्पनी कर नलाग्ने वा

कम कर लाग्ने देशमा (Offshore Rule or Tax Heaven Country) दर्ता भई अन्य देशमा आय आर्जनमा संलग्न रही त्यस्तो देशमा तिर्नुपर्ने करको दायित्व कम गर्दछन् । यस्तो प्रवृत्तिलाई नियन्त्रण गरी आफ्नो देशमा स्रोत भएको आयमा सही करारोपण गर्ने उद्देश्यले प्रायः सबै देशहरूले मूल्य हस्तान्तरण सम्वन्धि निर्देशिका/नियम (Transfer Pricing Guideline/Rule) जारी गरेका हुन्छन् । करका विविध पक्षहरूको अध्ययन गरी सो सम्वन्धी निर्देशिका जारी गर्ने कार्यमा संलग्न रहने मुख्य दुई अन्तर्राष्ट्रिय संस्थाहरू आर्थिक विकाश तथा सहयोग संगठन (Organisation of Economic Cooperation and Development) तथा संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद (United Nation Economic and Social Council) ले मूल्य हस्तान्तरण सम्वन्धी निर्देशिका जारी गरेका छन् । मूल्य हस्तान्तरण सम्वन्धी नियम (Transfer pricing Rule) जारी गर्ने देशहरूले उपरोक्त दुई संस्थाले प्रकाशित गरेको निर्देशिकामा भएको व्यवस्थालाई नै आधार लिएका छन् ।

Transfer Pricing Guideline प्रकाशन पश्चात सम्वद्ध निकायहरूको वीचमा भएको कुनै कारोबार तथा लेनदेनको लेखांकन निर्देशिकामा भएको व्यवस्था अन्तर्गत रही गर्नुपर्दछ । सम्वद्ध निकायहरूको बीचमा हुने कतिपय कारोबार आय तथा खर्चको सही बांडफांड यथार्थ रुपमा गर्न नसकिने समेत हुन सक्दछ । यस्तो सम्भावनालाई व्यवस्थापन गर्नको लागि Transfer Pricing Guideline मा उल्लेख भएको कर परीक्षणको तरिकाको आधारमा करदाताले कारोबार गर्नु वा लेखाकंन गर्नुपूर्व लेखांकन गर्ने तरिका वा आय वा खर्चको बांडफांड गर्ने तरिकाका सम्वन्धमा कर प्रशासनसँग अनुरोध गरी कर प्रशासनबाट जारी गरेको निर्देशन अर्थात् Advance Pricing Arrangement (APA) को आधारमा खर्च वा आयको बांडफांड गरी कर प्रयोजनको लागि लेखाकंन गर्नुपर्दछ ।

सम्वद्ध निकायहरूको बीच आय वा खर्चको बांडफांड यथार्थ रुपमा नभएमा करदाता बासिन्दा भएको देश वा स्रोत देशमा सही कर दायित्व स्थापित नहुन सक्दछ । यसर्थ सम्वद्ध निकायहरूको बीचको कारोबारको सम्वन्धमा तीन पक्ष (Stakeholder) रहेका हुन्छन् । स्रोत देशको कर प्रशासन तथा बहुराष्ट्रिय निकाय बीचमा सहमति भएको APA बासिन्दा देशलाई मान्य नहुन पनि सक्ने हुदा स्रोत देशको कर प्रशासन, बासिन्दा देशको कर प्रशासन र करदाता तीनै पक्षहरूको बीचमा सहमति भई Bilateral APA जारी हुन सक्दछ । कर प्रशासनले जारी गर्ने APA मा आय र खर्चको बांडफांड गर्ने तरिका एवं त्यसको अवधि उल्लेख भएको हुन्छ । APA को व्यवस्थाबाट

कारोबारको सही रुपमा आय र खर्चको बांडफांड तोकिएको व्यवस्था अनुसार हुने हुंदा कार्यान्वयनमा विवाद नहुने एवं स्रोत देश तथा बासिन्दा दुवै देशलाई करको सही अंश प्राप्त हुन्छ ।

**सुझाव**

Transfer Pricing Guideline वा Permanent Establishment Guideline जारी गरी कार्यान्वनमा ल्याउन तथा यसको अनिवार्य व्यवस्था हुनुपर्ने हुंदा आय कर ऐनले आन्तरिक राजस्व विभागलाई पूर्वादेश जारी गर्न सक्ने अधिकार दिए अनुसारनै APA जारी गर्न सक्ने अधिकार दिनुपर्दछ ।

## ५.१८ नियन्त्रणमा परिवर्तन

आयोगले आयोजना गरेका विभिन्न अन्तरक्रिया कार्यक्रमका सहभागीहरूवाट आय कर ऐन, २०५८ को दफा ५७ अनुसार निकायको नियन्त्रणमा परिवर्तन हुंदा आकर्षित हुने आय कर सम्वन्धी विशेष व्यवस्थाका वारेमा चर्चा हुंदा यस्तो व्यवस्था लगानीमैत्री हुनु पर्दछभन्ने सुझाव प्राप्त भएको थियो । यस सन्दर्भमा आयोगको सुझाव निम्नानुसार छ ।

**सुझाव**

बर्तमान अबस्थामा देशको आर्थिक उन्नतिको लागि कम लागतमा स्वदेशी एबं बिदेशी लगानीलाई आकर्षित गर्नु पर्ने आबश्यकता छ । सानो आकारमा रहेको ब्यबसाय भन्दा ठुलो आकारमा रहेको व्यवसायले परिपालना लागत (Compliance Cost) धान्न समेत सक्दछन् र रोजगारीका थप अबसरहरू सृजना गर्न सक्दछन् । यही मान्यताको आधारमा आय कर ऐन, २०५८ मा दफा ४७क थप गरि बैंकिङ तथा बिमा ब्यबसायमा मर्जर तथा एक्वीजिशन गर्दा दफा ५७ आकृष्ट नहुने ब्यबस्था समेत गरेको पाईन्छ । यसरी ब्यबसायको प्रकृतिको आधारमा छुट दिने ब्यबस्थाको सट्टा ब्यबसायको मुल प्रकृतिमा परिबर्तन नभई हुने मर्जर तथा एक्वीजिशन लगायतका शेयर हस्तान्तरण एबं प्राकृतिक रुपले पैत्रृक सम्पत्ति हस्तान्तरण (जस्तै, अंश बण्डा, मृत्यू पश्चातको हस्तान्तरण, आदी) गरेको अबस्थामा दफा ५७ आकृष्ट नहुने व्यवस्था गरिनुपर्दछ ।

एक प्रतिशत वा सो भन्दा बढी शेयर हस्तान्तरण भए त्यस्तो शेयर अनिवार्य रुपमा बजार मुल्य (Fair Market Value) का आधारमा हस्तान्तरण गरेको आधार पेस गर्नु पर्ने व्यबस्था गर्नु आबश्यक छ ।

## ५.१९ लेखा प्रणाली

आय कर ऐन, २०५८ ले कर लेखाकंन सम्वन्धमा स्पष्ट व्यवस्था गरेको छ। कुनै प्राकृतिक व्यक्तिको व्यवसायको आय छ भने सो व्यक्तिले कर प्रयोजनको लागि नगद आधार वा प्रोद्भावी (Accrual) आधार दुई मध्ये एउटा आधार छनौट गर्न सक्नेछ भने रोजगारी तथा लगानीको आयलाई नगद आधारमा मात्र लेखाकंन गर्नुपर्ने व्यवस्था गरेको छ । निकायले भने प्रोद्भावी (Accrual) आधारमा लेखाकंन गर्न पर्ने व्यवस्था गरेको छ। वित्तिय लेखाको प्रयोजनको लागि आय प्राप्त हुने निश्चितताको अवस्थामा मात्र आयको रुपमा लेखाकंन गर्ने र त्यसैगरी भुक्तानी गर्नुपर्ने संभावनाको आधारमा समेत खर्चको रुपमा लेखाकंन गर्नुपर्ने हुन्छ। कर लेखाकंन तथा वित्तीय लेखाकंनको आफ्नो आफ्नो सिद्धान्तको कारणबाट खूद आय तथा करयोग्य आय फरक फरक हुन सक्छ। कर प्रयोजनको लागि आय कर ऐनमा तोकिएको व्यवस्था अनुसार नै लेखाकंन गर्नुपर्ने अनिवार्यता भएकोले सोही अनुसार लेखाकंन गर्नुपर्दछ। केही व्यवसायलाई नियमन निकायको निर्देशन अनुसार समेत आफ्नो व्यवसायको लेखाकंन गर्नुपर्ने हुदाँ केही अप्ठ्यारो हुने र कतिपय अवस्थामा द्विविधा हुने र यदाकदा यही कारणबाट कर विवाद समेत सृजना हुने गरेको छ। त्यस्तै, विदेशी लगानीबाट सन्चालनमा रहेका कम्पनीहरूले International Accounting Standard वा International Financial Reporting System ले तोकेको मापदण्ड अनुरुप लेखांकन गर्ने हुंदा समेत कतिपय अवस्थामा द्विविधा उत्पन्न हुने अवस्था आउँछ । कतिपय देशको Controlled Foreign Company Rule को कारणबाट सहायक कम्पनी (Subsidiary) को आयलाई समेत मुख्य कम्पनिको वित्तीय विवरण वा आय विवरणमा समावेश गर्नुपर्ने हुन सक्छ।

**सुझाव**

सकभर कर लेखांकनलाई अन्तर्राष्ट्रिय प्रचलनसंग संयोज्य (Compatible) हुने गरी गर्न सक्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । यसको लागि आय कर ऐनमा हाल तोकिएको कर लेखाकंनको तरिकालाई केही उदार बनाई आन्तरिक राजस्व विभाग वा सो विभागका महानिर्देशकले स्वीकृति दिएको तरिका अनुसार समेत कर लेखाकंन गर्न सक्ने व्यवस्था समावेश गर्न उपयुक्त हुनेछ ।

## ५.२० ह्रास खर्च कट्टी

आय कर ऐन, २०५८ ले कुनै व्यक्तिको व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्दा त्यस्तो आय प्राप्त गर्न प्रयोग भएको ह्रासयोग्य सम्पत्ति खरीद/पैठारी गर्दा भएको खर्च आय कर ऐन, २०५८ मा तोकिएको दरले खर्च दावी गर्नपाउने व्यवस्था गरेको छ। आय कर ऐनले ह्रासयोग्य सम्पत्तिको सम्पत्तिगत रुपमा नभई सम्पत्तिको प्रकृति अनुसार समूहीकृत गरी वर्ग वा समूहको आधारमा ह्रास खर्च दावी गर्न पाउने व्यवस्था गरेको छ । आय कर ऐनले ह्रास खर्च दावी गर्नुपर्ने व्यवस्था अन्तर्गत सम्पत्तिको समूहीकृत गर्ने, पूँजीकृत गर्ने तरिका, ह्रास खर्चको दर एवं थप ह्रास खर्च दावी गर्नुपर्ने व्यक्ति वा निकाय आदि विषयहरू उल्लेख गरेको छ । त्यस्तै आय कर ऐनले केही व्यक्तिहरूलाई व्यवसायको प्रकृति अनुसार एकमुष्ट ह्रास खर्च (Terminal Depreciation) वा थप ह्रास खर्च (Accelerated Depreciation) पाउने समेत व्यवस्था गरेको छ। विशेष गरी, यस्तो सुविधा प्राप्त आयोजनाहरूले आफ्नो आयोजना हस्तान्तरण गर्दाको समयमा रहेको ह्रासयोग्य सम्पत्तिको ह्रास आधार (Depreciation Base) बराबरको रकम एकमुष्ट रुपमा ह्रास खर्चको रुपमा दावी गर्न पाउँछ। यस्तो सुविधा नेपालकै बासिन्दा व्यक्तिले सञ्चालन गरेको छ भने एकमुष्ट ह्रास खर्च दावी गर्दा हुने नोक्सानी ऐनले गरेको व्यवस्था अन्तर्गत रही खर्च दावी गर्न पाउने अवस्था रहन्छ। नेपालको गैर बासिन्दा व्यक्ति वा आयोजना सन्चालनको लागि मात्र बासिन्दा भएको व्यक्तिको हकमा यो सुविधा उपभोग गर्दा नोक्सानी हुने अवस्था विद्यमान छ ।

### सुझाव

BOOT आयोजना निर्माण गरी संचालन गर्ने व्यक्तिले आफ्नो ह्रास योग्य सम्पत्तिको ह्रास आयोजना संचालन अवधि भित्रै ह्रास आधार शून्य हुने गरी समदरको आधारमा ह्रास खर्च दावी गर्न पाउने व्यवस्था गर्न उचित हुन्छ ।

## ५.२१ आय विवरणसाथ संलग्न गर्नुपर्ने कागजातहरू

आय कर ऐन, २०५८ कार्यान्वनमा आए पश्चात कर प्रशासनले करदाताले स्वयं कर निर्धारण गरी दाखिला गरेको विवरणलाई जोखिम विश्लेषणको आधारमा कर परीक्षणकोलागि छनौट गर्ने गरेको छ । यस्तो छनौट कार्य विद्युतीय माध्यमबाट गरिने व्यवस्था छ । आय कर ऐनमा आय विवरण तथा सो साथ संलग्न हुनुपर्ने कागजातको

सम्वन्धमा उल्लेख भएको छ र करदाताले सोही आधारमा आय विवरणसाथ कागजात संलग्न गरी दाखिला गर्ने गरेका छन् । व्यवसायको कारोवार वार्षिक आय रु ५० लाखसम्म रहेको छ भने आय विवरणलाई मान्यता प्राप्त लेखा परीक्षकबाट आय विवरण प्रमाणित गर्नु नपर्ने व्यवस्था रहेको छ भने सो भन्दा बढीको कारोवार भएको व्यक्तिले आफनो आय विवरण मान्यता प्राप्त लेखा परीक्षकबाट प्रमाणित गर्नुपर्ने व्यवस्था रहेको छ । आय विवरणलाई मान्यता प्राप्त लेखा परीक्षकबाट प्रमाणित गराउनुपर्ने भन्ने व्यवस्था अनिवार्य गर्नुको अर्थ करदाताले आय कर ऐन अनुसार आय विवरणलाई पुष्टि गर्न राखेको वित्तीय विवरण तथा स्वयं कर निर्धारण गर्ने क्रममा दावी गरेको खर्च तथा आयमा समावेश गरेको रकम ऐनको व्यवस्था अनुसार रहेको छ भन्ने सुनिश्चित गर्नु हो । हाल करदाताले आय विवरण साथ वित्तिय विवरण, कर तथा वित्तीय लेखा परीक्षकको प्रतिवेदन, केही व्यावसायिक सूचना, रु ५ लाखभन्दा बढीको एउटै व्यक्तिबाट गरेको खरिद वा विक्रीको विवरण तथा रु ५ लाखभन्दा बढीको आसामी वा साहको विवरण आदि रहेको छ । वित्तिय विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण एवं तिनको अनुसूचीहरू पर्दछन् ।

**सुझाव**

विवरणसाथ संलग्न गर्नुपर्ने कागजातहरू एवं विवरणहरू सकभर थोरै संख्यामा समावेश गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । आय विवरणसाथ संलग्न गरिने विवरणहरू खास गरी कर जोखिम विश्लेषण गर्न सकिने विवरण, तथ्यांक वा सूचना तथा कर लेखा परीक्षकको प्रतिवेदन मात्र समावेश गर्ने व्यवस्था गरिनु पर्ने देखिन्छ । हाल कर लेखा परीक्षकले दिने प्रतिवेदनमा के के विषयमा उल्लेख हुनुपर्ने हो, सो ढाँचा समेत तयार गरी प्रचलनमा ल्याउनु पर्दछ । करदाताको वित्तिय विवरण वा अन्य विवरणहरू आय कर ऐन अनुसार राखिनुपर्ने कागजात अन्तर्गत तोकिनु पर्दछ । करदाता कर लेखा परीक्षणको लागि छनौट भएको अवस्थामा मात्र कर परीक्षण प्रयोजनको लागि वित्तिय विवरण, फाँटवारी, सूचना एवं कागजात माग्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

## ५.२२ बासिन्दा व्यक्तिको परिभाषा

आय कर ऐनमा प्राकृतिक ब्यक्ती नेपालको वासिन्दा हुने अबधीको आधार गणना गर्दा अबिछिन्न ३६५ दिनलाई आधार मानिएको छ । यस्तो ब्यबस्था छिमेकी मुलुकमा रहेको ब्यबस्था अनुरुप रहेको छैन ।

**सुझाव**

प्राकृतिक व्यक्तिको हकमा सामान्यतया निजको मुलुकमा भएको उपस्थितिका आधारमा बंगलादेश, भारत, पाकिस्तान, श्रीलंका लगायतका विभिन्न देशले गरेको परिभाषा अनुसार स्पष्ट गरिनु पर्दछ ।

## ५.२३ संशोधित कर विवरण

आय कर ऐनमा करदाताले एक पटक पेश गरेको बिबरण संशोधन गर्न सक्ने ब्यबस्था गरेको छैन । यस ब्यबस्थाले करदातालाई भुल सुधार गर्ने अबसरबाट समेत बञ्चित गराइएको पाईन्छ ।

**सुझाव**

भूलवस कर विवरणमा फरक परेमा करदाताले तोकिएको समयभित्र कर विवरण संशोधन गर्न पाउने व्यवस्था गरिनु पर्दछ ।

## ५.२४ कर दायरा विस्तार

आय कर ऐन, २०५८ अनुसार कानूनले छुट भनिएका वाहेक नेपालमा स्रोत भएका जुनसुकै प्रकारको आय नेपालको कराधिकारभित्र पर्दछ । आय कर ऐनको करको दायरा भित्रका कुनै व्यक्तिको रोजगारीको आय भएको र एक पटकमा एउटा मात्र रोजगारदाता भएको व्यक्तिले रोजगारी आयको गणना गर्दा करयोग्य आय गणना गरी सो अनुसार अग्रीम कर कट्‌टी गरी भुक्तानी गर्ने व्यक्ति बाहेकका व्यक्तिहरूले रोजगारीको आयको सम्वन्धमा समेत आय विवरण दाखिला गर्नु पर्दछ । चिकित्सक, वकिल, लेखापरीक्षक, कलाकार आदि कतिपय पेशागत व्यक्तिहरू एकै पटक विभिन्न व्यक्तिसंग रोजगारी वा सेवा प्रदान गर्ने (Consultancy) कार्यमा संलग्न रहेका हुन्छन् । आय कर ऐन, २०५८ ले कुनै व्यक्तिले सेवाशुल्क प्रदान गरेको छ भने त्यस्तो सेवाशुल्कको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर ऐनमा दर्ता भै मूल्य अभिवृद्धि कर विजक जारी गरेको छ भने १.५ प्रतिशत, अन्यथा १५ प्रतिशतले अग्रीम कर कट्टी गरी भुक्तानी गर्नु पर्दछ। यसरी अग्रीम कर कट्टी गरिएको सेवाशुल्क अन्तिम अग्रीम कर कट्टी नभएकोले त्यस्तो व्यक्तिले आफ्नो आयको स्वयं कर गणना गरी आय विवरण दाखिला गर्नु पर्दछ । हाल यस्तो आय भएका सबै व्यक्तिहरूले स्थायी लेखा नम्बर लिएका एवं आय विवरण दाखिला गरेको अवस्था छैन । यसले गर्दा त्यस्ता व्यक्तिबाट प्राप्त हुनुपर्ने यथार्थ राजस्व रकम प्राप्त हुन सकेको छैन ।

विशेष गरी चिकित्सकहरू एउटा कुनै संस्थासंग आवद्ध हुने र अन्य संस्थामा समेत चिकित्सा सम्बन्धी सेवा प्रदान गर्ने, निजी क्लिनिक संचालन गर्ने वा त्यस्तै पारिवारिक चिकित्सक (Family Doctor) वा निजी आवासमा नै सेवा प्रदान गर्दछन् । त्यस्ता व्यक्तिहरू जुन संस्थामा आवद्ध भएका छन् सो संस्थामा रोजगारी वापतको आय भए त्यसको कर दाखिला हुने र विशेषज्ञको रुपमा सेवा प्रदान गरेको अवस्थामा १५ प्रतिशतले अग्रिम कर कट्टी गरी दाखिला गरेको पाइन्छ । यस्तो सेवा प्रदान गर्ने सबै व्यक्तिले स्थायी लेखा नम्वर समेत लिएका छैनन् । चिकित्सक बाहेक वकिल, इन्जिनियर, लेखा विशेषज्ञ, कलाकार, खेलाडीहरू तथा अन्य विशिष्ट पहिचान भई विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थामा सेवा प्रदान गर्ने व्यक्तिहरू पनि यस्तै वर्गमा पर्दछन् ।

पेशाविदहरू आय कर तथा मूल्य अभिवृद्धि करको दायरामा नआएको जानकारीको आधारमा विगत वर्षहरूमा समेत आर्थिक विधेयक/आर्थिक अध्यादेशमा विशेष सुविधा प्रदान गरी करको दायरामा ल्याउन प्रयाशभएको देखिन्छ । त्यस्तो छुट सुविधा उपभोग गरी करको दायरामा आउने व्यक्तिको संख्या नगण्य रहेको छ । आय कर ऐनले कुनै व्यक्तिले व्यवसाय शुरु गर्नु पूर्व नै स्थायी लेखा नम्वर लिनुपर्ने अनिवार्य व्यवस्था गरेको भएता पनि त्यस्ता सबै व्यक्तिहरूले सेवा प्रदान गर्नु पूर्व नै स्थायी लेखा नम्वर लिएका समेत छैनन् । सेवा प्राप्त गर्ने निकायले समेत त्यस्ता व्यक्तिलाई भुक्तानी गरेको रकममा स्थायी लेखा नम्वर उल्लेख गरेको पाइदैन ।

पेशाविद्हरूले आफ्नो पेशालाई निरन्तरता दिन प्रत्येक वर्ष पेशागत प्रमाणपत्र (Professsional Licence) लाई नियमनकारी निकायमा नवीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्ता नियमन निकायले समेत प्रमाणपत्र (Licence) नवीकरण गर्दा कर चुक्ता वा कर दाखिला प्रमाणपत्र माग गर्ने गरेको छैन ।

### सुझाव

पेशाविदको रुपमा चिकित्सक, लेखा परिक्षक, इन्जिनियर, वकिल, सल्लाहकार, कलाकार, खेलाडी, विभिन्न शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्तिहरूको हकमा स्थायी लेखा नम्वर अनिवार्य गर्ने, भुक्तानी दिने निकायले त्यस्तो भुक्तानी गरेको व्यक्तिको स्थायी लेखा नम्वर उल्लेख गर्नुपर्ने, अन्यथा त्यस्तो खर्च मिन्हा नदिने व्यवस्था गर्ने, नियमन निकायलाई प्रमाणपत्र (License) नवीकरण गर्दा कर चुक्ता वा कर दाखिला प्रमाणपत्र पेश गर्नुपर्ने जस्ता व्यवस्थाहरू गरी सोको प्रचार प्रसार गरी करको दायरामा ल्याउने कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ५.२५ क्रेडिट कार्ड कारोवारलाई प्रोत्साहित गर्ने

क्रेडिट कार्डबाट हुने भुक्तानीले कारोबारमा पारदर्शिता ल्याउने हुंदा क्रेडिट कार्डबाट गरिने भुक्तानीलाई प्रोत्साहित गरिनुपर्दछ ।

**सुझाव**

क्रेडिट कार्डबाट भुक्तानी प्राप्त गर्ने ब्यक्तिलाई भुक्तानीको निश्चित प्रतिशत Tax Credit दिने ब्यबस्था गर्नु उचित हुनेछ ।

## ५.२६. पुनर्निर्माण कर

वि. सं. २०७२ साल वैशाख महिनामा श्रृंखलावद्ध रुपमा आएको विनासकारी महाभूकम्पले क्षतिग्रस्त अर्थतन्त्रको पुनर्निर्माण गर्ने परिप्रेक्ष्यमा पनि कर प्रणालीमा केही समायोजन गर्नु पर्ने आवश्यकता छ । यस सन्दर्भमा एकातिर अर्थतन्त्रको पुर्निर्माणको लागि थप राजस्व परिचालन गर्न आवश्यक छ भने अर्कोतर्फ अर्थतन्त्रको पुनर्निर्माण गर्न र मुलुकको विकासमा टेवा पुऱ्याउन सहयोग गर्ने कृयाकलापलाई आकर्षित गर्न करमा केही राहतको पनि आवश्यकता छ । यस सन्दर्भमा विद्यमान करमा पुनर्निर्माण सरचार्ज लगाउन सकिन्छ वा पुनर्निर्माण करको रुपमा नयां कर पनि लगाउन सकिन्छ । पुनर्निर्माणको लागि तुरुन्त राजस्व परिचालन गर्न बढी समय र तयारी आवश्यक हुने नयां कर लगाउनु भन्दा पनि विद्यमान करमै समायोजन गर्न उपयुक्त हुन्छ ।

**सुझाव**

आर्थिक वर्ष २०७२/७३ र आर्थिक वर्ष २०७३/७४ मा व्यक्तिगत तथा संस्थागत आय करको आधारमा २ प्रतिशतका दरले पुनर्निर्माण कर लगाउनु पर्दछ । यसैगरी यो कर व्याज र लाभांशमा १ प्रतिशतका दरले लागु गरिनु पर्दछ ।

अनुसूची ५.१:

## आय कर सुबिधा सम्बन्धी व्यवस्था

| **विवरण** | **आय वर्षको लागि लाग्ने कर** | **छुट पाउने अवधि** |
|---|---|---|
| निम्न क्षेत्रहरूमा विशेष उद्योग संचालन गरेर प्राप्त आयमा लाग्ने करको– | | |
| अति अविकसित | १० प्रतिशत कर लगाइने | १० आय वर्ष |
| अविकसित | २० प्रतिशत कर लगाइने | १० आय वर्ष |
| अल्प विकसित | ३० प्रतिशत कर लगाइने | १० आय वर्ष |
| ३०० वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी दिने विशेष उद्योग र सूचना प्रविधि उद्योगलाई सो वर्षको आयमा लाग्ने करको- | ९० प्रतिशत कर लगाइने | सालबसाली |
| १२०० वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी दिने विशेष उद्योगलाई सो वर्षको आयमा लाग्ने करको- | ८० प्रतिशत कर लगाइने | सालबसाली |
| महिला, दलित वा अपाङ्गहरू मध्ये कम्तीमा तेत्तीस प्रतिशतलाई समेत समावेश गरी १०० भन्दा बढी नेपाली नागरिकलाई वर्षभरी प्रत्यक्ष रोजगारी दिएको विशेष उद्योगलाई सो वर्षको आयमा लाग्ने करको- | ८० प्रतिशत कर लगाइने | सालबसाली |
| एक अर्बभन्दा बढीको पूँजी लगानीमा स्थापना हुने र ५०० भन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष_रोजगारी प्रदान गर्ने विशेष उद्योगलाई कारोबार शुरु गरेको मितिले- | पूर्ण रुपमा आय कर छुट | ५ आय वर्ष |
| त्यसपछिको आय वर्षमा लाग्ने आय करमा- | ५० प्रतिशत कर लगाइने | ३ वर्ष |

| | | |
|---|---|---|
| हाल सञ्चालनमा रहेका यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी एक अर्ब पूँजी पुऱ्याई ५०० भन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा- | पूर्णरुपमा आय कर छुट | ५ वर्ष |
| त्यसपछिको आय वर्षमा लाग्ने आय करको- | ५० प्रतिशत आय कर छुट | ३ वर्ष |
| विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगको आयमा लाग्ने आय कर र त्यस्ता उद्योगले वितरण गर्ने लाभांशमा लाग्ने करमा देहाय बमोजिम छुट हुनेछ- | | |
| (क) हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार शुरु गरेको मितिले लाग्ने आय करको- | पूर्णरुपमा आय कर छुट | १० वर्ष |
| त्यसपछिको आय वर्षमा लाग्ने आय करको- | ५० प्रतिशत आय कर छुट | सालबसाली |
| (ख) माथि (क) मा उल्लिखित क्षेत्र बाहेकका अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार शुरु गरेको मितिले लाग्ने आय करको- | पूर्णरुपमा आय कर छुट | ५ वर्ष |
| त्यसपछिका आय वर्षमा लाग्ने आय करको- | ५० प्रतिशत आय कर छुट | सालबसाली |
| (ग) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा लाग्ने करको कारोबार शुरु गरेको मितिले- | पूर्णरुपमा आय कर छुट | ५ वर्ष |
| त्यसपछिको लाभांशमा लाग्ने करको- | ५० प्रतिशत आय कर छुट | ३ वर्ष |

| | | |
|---|---|---|
| (घ) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्ताले विदेशी प्रविधि वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन गरेको आयमा लाग्ने आय करको- | ५० प्रतिशत आय कर छुट | सालबसाली |
| पेट्रोलियम तथा प्राकृतिक ग्याँस अन्वेषण तथा उत्खनन गर्ने कारोवार गर्ने व्यक्तिले २०७५ साल चैत्र महिनासम्म व्यापारिक रुपमा कारोवार सञ्चालन गरेमा कारोवार सञ्चालन गरेको मितिले पहिलो आय वर्षदेखि- | पूर्णरुपमा आय कर छुट | ७ वर्ष |
| त्यसपछिको आय वर्षमा लाग्ने करको- | ५० प्रतिशत आय कर छुट | ३ वर्ष |
| नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको “टेक्नोलोजी पार्क, वायोटेक पार्क” र सूचना प्रविधि पार्क भित्र स्थापित “सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिङ्ग सम्बन्धी” उद्योगको आयमा लाग्ने करको- | ५० प्रतिशत आय कर छुट | सालबसाली |
| विद्युतको उत्पादन, प्रसारण, वितरण गर्ने अनुमति प्राप्त संगठित संस्थाले सम्वत् २०७५ साल चैत महिनासम्म व्यापारिक रुपमा जलविद्युतको उत्पादन, उत्पादन र प्रसारण, उत्पादन र वितरण वा उत्पादन, प्रसारण र वितरण शुरु गरेको मितिले पहिलो आय वर्षदेखि- | पूर्णरुपमा आय कर छुट | ७ वर्ष |
| त्यस पछिको आय वर्षमा लाग्ने करको- | ५० प्रतिशत आय कर छुट | ३ वर्ष |
| सम्बत् २०७१ भाद्र ७ गते भित्र निर्माण प्रारम्भ गर्ने जलविद्युत आयोजनाले सम्वत् २०८० साल चैत्र महिनासम्म व्यापारिक रुपमा जलविद्युतको उत्पादन शुरु गरेमा पहिलो आय वर्षदेखि- | पूर्णरुपमा आय कर छुट | १० वर्ष |
| त्यसपछिको आय वर्षमा लाग्ने करको- | ५० प्रतिशत आय कर छुट | ५ वर्ष |

| | | |
|---|---|---|
| उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरेमा प्राप्त आयमा लाग्ने आय करको दरमा- | २५ प्रतिशत आय कर दरमा छुट | सालबसाली |
| सडक,पुल, विमानस्थल, सुरुङ मार्ग निर्माण र सञ्चालन गरेमा वा ट्राम, ट्रलीबसमा लगानी गरी सञ्चालन गरेमा सोबाट प्राप्त आयमा लाग्ने करको दरमा- | ४० प्रतिशत आय कर दरमा छुट | सालबसाली |
| धितोपत्र बजारमा सचीकृत भएका उत्पादनमूलक, पर्यटन सेवा, जलविद्युत उत्पादन, वितरण तथा ट्रान्समिसन गर्ने र टेक्नोलोजी पार्क, वायोटेक पार्क र सूचना प्रविधि पार्क भित्र स्थापित साफ्वेयर विकास, तथ्याङ्क प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिङ्ग सम्बन्धी निकायहरूलाई लाग्ने करमा- | १० प्रतिशत आय कर छुट | सालवसाली |
| अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार शुरु गरेको मितिले- | ४० प्रतिशत आय कर छुट | १० वर्ष |
| कुनै व्यक्तिले बौद्धिक सम्पत्ति निर्यात बापत प्राप्त रोयल्टी आयमा लाग्ने आय करको दरमा- | २५ प्रतिशत आय कर छुट | सालबसाली |
| कुनै व्यक्तिले बौद्धिक सम्पत्तिको हस्तान्तरणद्वारा बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आय करको दरमा- | ५० प्रतिशत आय कर दरमा छुट | सालबसाली |
| दुई अर्बभन्दा बढीको पूँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसंग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई कारोबार शुरु गरेको मितिले- | पूर्णरुपमा आय कर छुट | ५ वर्ष |
| त्यसपछिको आय वर्षमा लाग्ने करको दरमा- | ५० प्रतिशत आय कर दरमा छुट | ३ वर्ष |

| | | |
|---|---|---|
| हाल सञ्चालनमा रहेका त्यस्ता उद्योग वा हवाई कम्पनीले हालको जडित क्षमताको कम्तीमा पच्चीस प्रतिशत क्षमता बृद्धि गरी दुई अर्ब पूँजी पुऱ्याएमा त्यसरी क्षमता बृद्धिबाट प्राप्त भएको आयमा- | पूर्णरुपमा आय कर छुट | ५ वर्ष |
| त्यसपछिको आय वर्षमा लाग्ने आय करको दरमा- | ५० प्रतिशत आय कर दरमा छुट | ३ वर्ष |

*नोट : माथि उल्लेल गरिएको कर लाग्ने प्रतिशत भन्नाले करको दरमा त्यस्तो आयमा लाग्ने तोकिएको करको दरको प्रतिशत हो ।*

अध्याय

६

# भन्सार महसुल

## ६.१ परिचय

प्रथम पुस्ताको कर सुधार कार्यक्रमको सन्दर्भमा भन्सार महसुलमा पनि ठूलो परिवर्तन गरिएको थियो । उदाहरणका लागि वस्तु वर्गीकरणलाई बढी वैज्ञानिक तथा व्यवस्थित गर्न आर्थिक वर्ष २०४९/५० देखि साविकको Customs Cooperation Council Nomenclature-CCN प्रणालीलाई प्रतिस्थापन गरी हार्मोनाइज्ड पद्धति अवलम्वन गरियो । त्यस्तै आर्थिक वर्ष २०४९/५० सम्म विभिन्न दरका साधारण भन्सार महसुल र अतिरिक्त भन्सार महसुल लगाउने गरिएकोमा आर्थिक वर्ष २०५०/५१ देखि साधारण भन्सार महसुल र अतिरिक्त भन्सार महसुललाई गाभेर एकीकृत भन्सार महसुल कायमगरी जम्मा ७ दरहरू (५, १०, २०, ३०, ४०, ६०, र ११० प्रतिशत) मात्र कायम गरियो । आर्थिक बर्ष २०५१/५२ मा ६० प्रतिशतको दरलाई पनि खारेज गरी भन्सारका दरहरूको तह जम्मा ६ कायम गरियो । त्यसपछि पनि विभिन्न आर्थिक वर्षमा भन्सार दरको संरचनामा सामान्य परिवर्तन हुँदै चालु आर्थिक वर्ष २०७१/७२ मा ५, १०, १५, २०, ३० र ८० प्रतिशतका जम्मा ६ तहका दरहरू कायम रहेका छन् ।

वि.सं. २०५४ मा साविकको भन्सार ऐन, २०१९ मा सामयिक संसोधन गरी भन्सार मूल्यांकन कारोवार मूल्यको आधारमा निर्धारण गर्ने प्रणालीको शुरुवात गरियो । भन्सार विभागबाट हुने मूल्यांकन पद्धति खारेज गरी भन्सार अधिकृतलाई कारोवार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न सकिने कानूनी व्यवस्था गरियो । साथै, प्रत्येक ६, ६ महिनामा भन्सार मूल्यांकनका लागि अद्यावधिक गरिने ६ महिने मूल्य सूचि खारेज गरियो । निकासी हुने मालवस्तुको न्यूनतम मूल्य निर्धारण गर्ने साविकको व्यवस्था हटाई निकासीकर्ताले घोषणा गरेको मूल्यलाई नै भन्सार मूल्य मानी निकासी गर्न पाउने व्यवस्था अवलम्वन गरियो ।

नेपाल सन् २००४ मा विश्व व्यापार संगठनको सदस्य भए पश्चात विश्व व्यापार संगठनको मूल्यांकन प्रणालीलाई भन्सार ऐनमा नै विस्तृत रुपमा व्यवस्था गर्नु पर्ने भएकोले साविकको भन्सार ऐन, २०१९ लाई खारेज गरी नयाँ भन्सार ऐन, २०६४ जारी गरियो । यस ऐनमा विश्व व्यापार संगठनको भन्सार मूल्यांकन पद्धति, व्यापार सहजीकरण, बौद्धिक सम्पत्तिको संरक्षण, विशेष आर्थिक क्षेत्रसम्वन्धी व्यवस्था जस्ता आधुनिक भन्सार प्रक्रिया तथा पद्धतीहरू समावेश गरिएको छ ।

यसै क्रममा भन्सार प्रशासनको सुधारको क्रमलाई निरन्तरता दिदै महसुललाई समसामयिक बनाउँदै लगिएको छ । यस अन्तर्गत भन्सारको परम्परागत उद्देश्य राजस्व संकलन, स्वदेशी उद्योगको संरक्षण, निर्यात प्रवर्द्धन एवं समाजलाई प्रतिकूल प्रभाव पर्ने मालवस्तुहरूको नियन्त्रण तथा अवैध व्यापारको नियन्त्रण तर्फ केन्द्रित रहेको थियो । आधुनिक भन्सारको उद्देश्य व्यापार सहजीकरण, समाजिक सुरक्षा, अवैध व्यापार नियन्त्रण र राजस्व संकलन रहेको छ । अर्थतन्त्रका अन्य क्षेत्रको तुलनामा अन्तर्राष्ट्रिय व्यापार पहिले मौद्रिकरण भएकोले विकासको पूवार्धमा अन्य करभन्दा भन्सार महसुल लगाउन संभव भएको हो । यसैगरी भन्सार महसुल सीमित भन्सार विन्दुहरूबाट संकलन गरिने हुँदा पनि यो कर लगाउन सहज भएको हो । यसैगरी अर्थतन्त्रका अन्य क्षेत्रहरू मौद्रिकरण नभएको, उद्योग वाणिज्य क्षेत्रमा लेखा राख्ने प्रणालीको विकास नभएको र कर प्रशासन सक्षम र सवल नभएको अवस्थामा आय कर तथा आन्तरिक वस्तुगत कर लगाउन गाह्रो हुने भएकोले पनि विकासशिल देशहरू राजस्वको दृष्टिकोणले भन्सार महसुल माथि अत्यधिक मात्रामा निर्भर रहने गरेको पाइन्छ । यी विभिन्न कारणले विभिन्न देशमा विकासको पूर्वाधमा राजस्वको प्रमुख स्रोतको रुपमा भन्सार महसुल रहेको देखिन्छ ।

यसैगरी विकासशील देशहरूले भन्सार महसुललाई शिशु उद्योगलाई संरक्षण गर्ने उद्देश्यले पनि प्रयोग गरेको पाइन्छ । खासगरी विकसित देशका स्थापित ठूलो परिमाणमा कम मूल्यमा वस्तु उत्पादन गर्ने उद्योगहरूसंग विकासशील देशका नवजात उद्योगहरू प्रतिपर्स्धा गर्न नसक्ने हुनाले त्यस्ता उद्योगलाई भन्सार तथा गैर भन्सार सम्वन्धी अवरोध खडा गरेर संरक्षण दिने गरिन्छ । संरक्षणको उद्देश्य स्वदेशी उद्योगको प्रतिष्पर्धात्मक क्षमता बढाउनु हो । भन्सार महसुल लगाएपछि पैठारी गरिने वस्तुको मूल्य बढ्छ । त्यही क्रममा स्वेदेशी उत्पादनको मूल्य पनि बढ्न गई त्यस्ता बस्तुहहरूको मूल्य अभिवृद्धिको मात्रा बढ्छ । उदाहरणका लागि मानौं कुनै वस्तुको भन्सार वाहेकको मूल्य रु १०० र त्यसमा १०० प्रतिशतको भन्सार दर लगाइयो । यस्तो अवस्थामा पैठारी गरिने वस्तुको मूल्य २०० भयो । यस्तो अवस्थामा स्वदेशी उद्योगले त्यस्तै वस्तु रु २०० सम्ममा बिक्री

गर्न सक्ने भए प्रतिस्पर्धी हुन सक्छ । यसको अर्थ यदी सो वस्तुको उत्पादकले विदेशी कच्चापदार्थ लगायतका साधनहरू प्रयोग नगरी वस्तु उत्पादन गरेमा सत प्रतिशत संरक्षण पाउने अवस्था रहन्छ । यसैगरी विदेशबाट पैठारी गरिने कच्चा पदार्थहरू लगायतका साधनहरूमा भन्सार महसुल नलगाँउदा पनि यस्तै स्थिति सृजना हुन्छ ।

भन्सार महशुलबाट स्वदेशी उद्योगलाई प्राप्त हुने संरक्षणका सन्दर्भमा साधारण संरक्षण दर (Nominal Rate of Protection) भन्दा प्रभावकारी संरक्षण दर (Effective Rate of Protection) बढी महत्वपूर्ण हुन्छ । वास्तवमा भन्सार महसुलबाट स्वदेशी उत्पादनले कति संरक्षण प्राप्त गर्दछ र त्यसबाट उत्पादन र आर्थिक विकासमा कस्तो असर पर्छ भनेर सामान्य दरले देखाउदैन । स्वदेशी उद्योगलाई वास्तवमा कति संरक्षण प्राप्त हुन्छ भनेर प्रभावकारी संरक्षण दरले देखाउंछ । प्रभावकारी संरक्षण दर भनेको भन्सार महसुलको कारणले स्वदेशी उत्पादनको मूल्य अभिवृद्धिमा आउने परिवर्तन हो । यसले संरक्षणबाट उत्पादनमा कस्तो प्रभाव पर्छ भनेर देखाउंछ ।

भन्सार महसुललाई सामाजिक न्याय हासिल गर्ने उद्देश्यले पनि प्रयोग गरिएको पाइन्छ । यस सन्दर्भमा सामाजिक दृष्टिकोणले अत्यावश्यक वस्तुमा भन्सार छुट, आवश्यक वस्तुमा मध्यम दर (Moderate Rate) र विलाशी वस्तुमा उच्च दर लगाउन गरेको पाइन्छ । यसैगरी निर्यातजन्य वस्तुहरूमा शून्य भन्सार दर कायम गर्नुका साथै आयातित वस्तुहरूमा उच्चदरको भन्सार महसूलको व्यवस्थाले भुक्तानी सन्तुलनको स्थिति बिग्रन नदिने अवस्था सृजना गर्दछ ।

तर, सवै अवस्थामा भन्सार महसुलबाट उक्त अनुसारका राजस्व परिचालन गर्ने, शिशु उद्योगको संरक्षण गर्ने, सामाजिक न्याय कायम गर्ने र भुक्तानी संतुलन कायम गर्ने जस्ता उद्देश्यहरू पूर्ण र प्रभावकारी रुपमा हासिल गर्न सकिदैन् । उदाहरणका लागि भन्सार महसुल लगाउने सन्दर्भमा भन्सारमा सामान अनलोड तथा लोड, वा अनप्याक तथा प्याक गर्दा व्यापारिक लागत बढ्ने, भन्सार रकम सहितको मूल्यमा वितरण प्रक्रिया अन्तर्गतका विभिन्न बिक्रेताले मुनाफा प्रतिशत लगाउने हुंदा सरकारले कर स्वरुप प्राप्त गरेको रकम भन्दा सो रकमको कारणले उपभोक्ता मूल्यमा हुने वृद्धि बढी हुन जाने हुदाँ भन्सारबाट राजस्व संकलन गर्ने व्यवस्थालाई आर्थिक सक्षमताको हिसावले उपयुक्त मानिदैन् ।

यसैगरी भन्सार महसुलको माध्यमले स्वदेशी शिशु उद्योगको संरक्षण गर्ने नीतिबाट पनि सोचिएका र चाहिएका उद्देश्यहरू प्रभावकारी रुपमा हासिल गर्ने अवस्था नरहन पनि सक्छ । किनकी यस्तो अवस्थामा संरक्षण प्राप्त भएको कारणले आयात प्रतिस्थापन गर्ने

वा निर्यात मुलक दुवै क्षेत्रमा उच्च वृद्धि हुने सम्भावना भएका उद्योगको सट्टा कम सक्षम उद्योगको स्थापना तथा संचालन तर्फ साधन प्रवाहित हुने सम्भावना रहन्छ जसले आर्थिक विकासलाई प्रतिकूल असर पार्न सक्दछ। शिशु उद्योगलाई दिइने संरक्षण यसको भावना अनुकूल अस्थायी हुनु पर्ने हो। तर व्यवहारमा संरक्षण सधैंको लागि दिने गरेको पाईन्छ। फलस्वरुप उच्च भन्सार महसुल दरको संरक्षणमा संचालन हुने यस्ता उद्योगहरू परिपक्व हुन नसकि सधैं शिशु अवस्थामा नै रही रहन्छन्। ती उद्योगहरूको असक्षमताको लागत उपभोक्ताले व्यहोर्नु पर्ने हुन्छ। अर्कोतर्फ औद्योगिक मेशिनरी तथा कच्चा पदार्थमा भन्सार महसुल नलगाउने वा नाम मात्रको महसुल लगाउने नीतिले गर्दा यस्ता वस्तु देशभित्र उत्पादन गर्न व्यावसायिहरू प्रेरित हुदैनन्। त्यस्तै, स्वदेशी उद्योगलाई संरक्षण गर्ने उद्देश्यले तयारी वस्तुमा लगाइने उच्च दरको भन्सार महसूलले खासगरी खुला सिमाना र कमजोर भन्सार प्रशासन भएका मुलुकहरूमा न्यून विजकिकरण तथा चोरी पैठारीलाई प्रोत्साहित गर्दछ। त्यसले गर्दा न त स्वदेशी उद्योगले संरक्षण पाउंछन् न त सरकारले राजस्व नै पाउने अवस्था रहन्छ।

यसैगरी आम नागरिकले उपभोग गर्ने अत्यावश्यक वस्तुमा भन्सार महसुल छुट दिने वा कम दरमा लगाउने नीतिले पनि वाञ्छित उद्देश्य हासिल गर्न सक्दैन्। यसरी भन्सार सुविधा प्राप्त वस्तुहरूबाट निरपेक्ष गरिवीको रेखामुनि रहेका जनतालाई मात्र केन्द्रीत गरी लाभ प्रदान गर्न सकिने अवस्था रहदैन। सोको वदला त्यस्ता सामानको अधिकतम प्रयोग मध्यम र उच्च आय वर्गले नै गर्दछन् र सो को वढी लाभ पनि ती वर्गले नै प्राप्त गर्ने गर्दछन्। अर्कोतर्फ विलाशिताका वस्तुमा बढी भन्सार महसुल लगाउने नीतिले गर्दा त्यस्ता वस्तु उत्पादन गर्ने स्वदेशी उद्योगहरूले अनावश्यक रुपमा बढी संरक्षण पाउने भएकाले सीमित साधन त्यस्ता वस्तुको उत्पादनतर्फ बढी प्रवाहित हुने सम्भावना रहन्छ। अन्तःशुल्क विलाशीताका वस्तुमा पनि लगाउन सकिने हुँदा वितरण सम्वन्धी उद्देश्य भन्सार महसुलबाट भन्दा अन्तःशुल्कबाट बढी प्रभावकारी रुपमा हासिल गर्न सकिन्छ। त्यसैले आवश्यक वस्तुमा कम र विलाशिताका वस्तुमा बढी कर लगाएर वितरण सम्वन्धी उद्देश्य हासिल गर्नको लागि भन्सार महसुलको सट्टा अन्तःशुल्कलाई प्रयोग गर्ने नीति लिइनु पर्दछ।

अर्कोतर्फ, भन्सार महसुल भुक्तानी सन्तुलन कायम गर्ने उद्देश्यले प्रभावकारी रुपमा लागू गर्ने हतियार पनि होइन। मुद्राको अवमूल्यनबाट निकासीलाई प्रोत्साहन गर्न सकिने हुदा भुक्तानी संतुलन कायम गर्न भन्सार महसुल भन्दा विदेशी विनिमय नीति बढी प्रभाकारी हुन सक्दछ।

यसरी भन्सार महसुलले लागत बढाउने, उत्पादकत्व घटाउने, मुद्राको अधिक मूल्यांकन (Over Valuation) हुने, निकासीलाई निरुत्साहित गर्ने र आर्थिक विकासलाई आशातित रुपमा अगाडी वढाउन चुनौती थप्ने हुंदा यस्तो कर सैद्वान्तिक हिसावले त्यति राम्रो मानिदैन । करको आर्थिक लागतको दृष्टिकोणले भन्सार महसुलको भन्दा अन्तःशुल्कको लागत कम र अन्तःशुल्को भन्दा मूल्य अविभृद्धि करको लागत कम हुन्छ। मूल्य अभिवृद्धि कर पैठारी र स्वदेशी उत्पादन दुवैमा लाग्ने हुंदा यसको आधार भन्सार महसुलको भन्दा विस्तृत हुने भएकोले यसबाट कम दरमै बढी राजस्व प्राप्त हुने र यो कर आर्थिक दृष्टिकोणले बढी सक्षम हुन्छ । अर्कोतर्फ भन्सार महसुल जस्तै मूल्य अभिवृद्धि कर र अन्तःशुल्क भन्सार नाकामा पनि संकलन गर्न सकिने हुंदा यी करबाट पनि भन्सारको जस्तै कम बिन्दुबाट राजस्व संकलन गर्न सकिने फाइदा लिन सकिने हुन्छ । यसैले मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क जस्ता आन्तरिक वस्तुगत कर र आय कर लगाउन संभव भएपछि तिनीहरूबाट राजस्व परिचालन बढाइ भन्सारमाथिको राजस्वको निर्भरता घटाउदै जानु पर्दछ ।

भन्सार महसुलको चर्चा गर्दा तुलनात्मक लाभको सिद्धान्तलाई पनि विर्सनु हुंदैन । यस सिद्धान्त अनुसार कुनै पनि मुलुकले तुलनात्मक लाभ भएका वस्तु आफुले उत्पादन गर्ने र तुलनात्मक लाभ नभएका वस्तु अन्य मुलुकबाट सस्तोमा पैठारी गर्नु पर्दछ । यसले गर्दा साधनको उच्चतम प्रयोग हुने, अर्थतन्त्र लागत प्रभावी हुने, र उपभोक्ताले मालबस्तु सस्तोमा पाउने अवस्था रहन्छ । यसको लागि भन्सार तथा गैर भन्सार सम्वन्धी अवरोधहरू (Tariff and Non-Tariff Barriers) हटाई अन्तर्राष्ट्रिय व्यापार सहज वनाउनु पर्दछ। यस्तो अवस्थामा उच्च आर्थिक वृद्धि हुने सम्भावना भएका आयात प्रतिस्थापन गर्ने वा निर्यात मूलक दुवै थरिका उद्योगको स्थापना तथा संचालनमा साधन प्रवाहित भै आर्थिक वृद्धिलाई सहयोग पुग्दछ। यसैले, विकसित देशहरूमा भन्सार महसूलको न्यूनतम प्रयोग गरिन्छ । उदहारणका लागि, यूरोपेली आर्थिक समुदाय, पूर्वी अफ्रिकी समुदाय (East African Community -EAC) र दक्षिण पूर्वीय देशहरूको संगठन (Association of Southeast Asian Nations-ASEAN) मा भन्सार नलाग्ने व्यवस्था छ भने South Asian Association for Regional Co-operation (SAARC) तथा Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation (BIMSTEC) पनि यसै दिशातर्फ उन्मुख छन् ।

नेपालको सर्न्दभमा तत्काल भन्सार महसूल पूर्णरुपमा हटाई महसूल रहित स्वतन्त्र व्यापार गर्न सक्ने स्थिति विद्यमान छैन, र भन्सार महसुल राजस्वको महत्वपूर्ण श्रोतको रुपमा

रहि रहेको छ । यसबाट कुल कर राजस्वको १९ प्रतिशत राजस्व प्राप्त हुन्छ र यो प्रवृत्ति विगतको भन्दा कम हुदै गए पनि पूर्ण रुपमा न्यून हुन अझै केही वर्ष पर्खनु पर्ने हुन्छ । राजस्व संकलनमा नकारात्मक असर पर्न नदिन र त्यसबाट श्रोतको परिचालनमा समस्या उत्पन्न हुन नदिन भन्सार महसुललाई चरणवद्ध रुपमा घटाउने नीति लिइनु पर्दछ । भन्सार महसुलमा गरिने कटौतीलाई मूल्य अभिवृद्धि कर तथा केही हदसम्म अन्तःशुल्क व्यवस्थामा गरिने सुधारसंग पनि आवद्ध गरिनु पर्दछ जसले गर्दा भन्सार राजस्वमा हुने कटौति मूल्य अविभृद्धि कर र अन्तःशुल्क राजस्वमा हुने वृद्धिबाट परिपूर्ति गर्न सकियोस् । छोटो अवधिमा उद्योगलाई संरक्षण गरेर हुर्काए पछि दीर्घकालमा उद्योग आफै प्रतिस्पर्धि हुन सक्ने र त्यसबाट आर्थिक विकासमा टेवा पुग्ने सम्भावना भएका उद्योगहरूलाई अल्पकालिन हिसावले संरक्षण पनि दिइनु पर्दछ । दीर्घकालिन रुपमा तुलनात्मक लाभ हुने उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, यन्त्र उपकरण आदिलाई भन्सार सहुलियत दिनु पर्दछ । निकासी मूलक उद्योगको कच्चा पदार्थहरू (Inputs) को आयात पनि कर मुक्त गरिनु पर्दछ । यस क्रममा वण्डेड वेयरहाउस, पास वुक सुविधा, डयूटी ड्र व्याक, विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगहरूले निकासी प्रयोजनका लागि आयात गरेको वस्तुहरू, निकासी प्रवर्द्धन केन्द्रको माध्यमले निकासी गरिने वस्तुको कच्चा पदार्थ लगायतका सामाग्री (Inputs) मा कर नलगाउने नीति अवलम्वन गरिनु पर्दछ । नीतिगत रुपमा प्रदान गरिने त्यस्ता सुविधाहरूको दुरुपयोग हुन नदिन निश्चित प्रतिशत मूल्य अभिवृद्धि हुनु पर्ने, निश्चित अवधि भित्र सामान निकासी गरिसक्नु पर्ने, विदेशी मुद्राप्राप्त भएको हुनु पर्ने जस्ता प्रावधान अवलम्वन गरिनु पर्दछ । अझ स्वेदशी उद्योगलाई आवश्यक पर्ने कच्चा, सहायक कच्चा र रसायन पदार्थ, मेशिनरी उपकण र सो को पार्टपूर्जा आदिमा भन्सार पूर्णरुपले नलाग्ने व्यवस्था गरिएमा प्रक्रियागत जटिलता हट्न गई उद्योगको लागत घट्न जाने र सो बाट स्वदेशी उत्पादनको विदेशी वजारमा प्रतिस्पर्धा गर्ने क्षमता अभिवृद्धि हुन्छ ।

स्वास्थ्यको लागि हानिकारक, वातावरणमा प्रतिकूल असर पर्ने, मुलुकको शान्ति सुरक्षामा गम्भीर असर पर्ने वा न्यून गुणस्तर एवं उत्पादन लागतभन्दा न्यून मूल्य कायम गरी आयात हुने सामानको आप्रवाह (Dumping) रोक्नका लागि पनि स्वतन्त्र व्यापारमा केही प्रतिवन्ध लगाउनु पर्ने हुन्छ । कुनै देशले आफ्नो उत्पादन लागत भन्दा निकै कम मूल्यमा नेपाली बजारमा सामान पठाएर अस्वस्थ प्रतिस्पर्धा गर्ने भएमा स्वच्छ प्रतिस्पर्धाको स्थिति कायम गर्न वा कुनै बस्तुको अत्याधिक आयात (Excessive Import) भएमा विश्व व्यापार संगठनको नीति अनुसार Anti-Dumping Duties लगाउन सकिन्छ । यसैगरी विश्व व्यापार संगठनकै नीति अनुसार कुनै मुलुकले अनुदान दिएर सस्तोमा उत्पादन

गरेका वस्तु नेपाल निकासी गरेमा त्यस्तो वस्तुसंग स्वच्छ प्रतिस्पर्धा नहुने हुंदा स्वच्छ प्रतिस्पर्धाको स्थिति कायम गर्न समिकारक महसूल (Counterveiling Duty) लगाउन आवश्यक हुन सक्दछ । यसै गरी कुनै मालवस्तुको अत्यधिक आयातलाई रोकी अर्थतन्त्रमा पर्न सक्ने प्रतिकूल असरबाट जोगाउन सरकारले उपयुक्त नीति अवलम्वन गर्नु पर्दछ ।

उपर्युक्त कारणहरूले गर्दा भन्सार रहित स्वतन्त्र व्यापारको नीति तत्काल अवलम्वन गर्न सजिलो छैन । तर, भन्सारको कारणले अवैध व्यापार बढ्ने, व्यापार विचलन हुने, साधनको उच्चतम प्रयोग खलवलिएर आर्थिक विकासमा प्रतिकूल असर पर्ने स्थिति पनि सृजना हुनु हुदैन । यसै सन्दर्भमा वस्तुको प्रकृति वा श्रोत अनुसार विभेद नगरेर सकेसम्म एकै किसिमको व्यवहार गरिनु पर्दछ । यसको लागि सबै वस्तुमा एकल दरको भन्सार महसूल लगाइनु उपयुक्त हुन्छ । एकलदरले आयात प्रतिस्थापनलाई प्रोत्साहित गर्ने र व्यापारको परिमाण घटाउन सक्ने भएतापनि त्यसले कुन वस्तु पैठारी गर्ने र कुन नगर्ने भन्ने निर्णयलाई प्रभावित गर्दैन । यसको अर्थ स्वतन्त्र व्यापार झै एकल दरले पनि पैठारीको बनोटलाई प्रभावित गर्दैन । यसले सबै स्वदेशी उद्योगलाई समान तहको संरक्षण प्रदान गर्दछ । यसरी एकलदर अन्तर्गत पैठारी महसूलका कारणले साधन एक वस्तुको सट्टा अर्को वस्तुमा प्रयोग हुने र आर्थिक विचलन आउने सम्भावना पनि कम रहन्छ ।

भन्सार महसूललाई सहज र प्रभावकारी बनाउन भन्सारका दरको तह सकेसम्म घटाउदै गई अन्ततः पैठारी महसुलको एकल दर लगाउने नीति लिइनु पर्दछ । यसैगरी कुनै खास औचित्य भएको अवस्थामा बाहेक छुट वा सुविधा दिने नीति पनि लिइनु हुदैन । भन्सार नीति तय गर्दा सार्क (SAARC) को प्रावधान अनुसार वा साफ्टा (SAFTA) को व्यवस्था वा भविष्यमा गठन हुन सक्ने सार्क भन्सार संघ (SAARC Customs Union) को मान्यतालाई पनि विर्सनु हुदैन । यसको लागि तयारी गर्दै जानु पर्दछ । संक्षिप्तमा भन्दा भविष्यमा भन्सार महसुलको प्रयोग हुंदा साधनको कसरी उच्चतम प्रयोग गर्न सकिन्छ भन्ने कुरालाई प्राथमिकता दिइनु पर्दछ ।

प्रशासनिक हिसाबले आय कर वा कारोबारमा आधारित अन्य करबाट पर्याप्त राजस्व परिचालन गर्न नसकिने अवस्थामा निकासी महसुल लगाउने गरिन्छ । साथै, स्वदेशमानै उद्योग व्यवसायको स्थापना र निकासी हुने मालवस्तुमा मूल्य अभिवृद्धि होस् भनेर काठ, जडिवुटी, काँचो छाला, कच्चा ऊन, कच्चा तेल जस्ता वस्तुहरूमा निकासी महसुल लगाइन्छ ।

वस्तुगत करको आधार विस्तार गर्ने क्रममा हाल भारत लगायत विभिन्न देशहरूले अपनाएको भन्सार सम्वन्धी नीति, दक्षिण एशीयाली क्षेत्रमा सौविध्य प्राप्त वा स्वतन्त्र

व्यापारको अवधारणा लागू गर्दै जाने सोच, नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरेको सन्दर्भ र कर प्रणालीबाट अर्थतन्त्रमा पर्ने लागत घटाउदै जानु पर्ने परिप्रेक्ष्यमा राजस्वको दृष्टिकोणले भन्सार महसुल माथि बढी निर्भर रहनु संभव तथा उपयुक्त दुवै देखिंदैन । यस क्रममा कुल कर राजस्वमा भन्सारको सापेक्षिक महत्व क्रमशः घट्दै जाने देखिन्छ । उपरोक्त सर्न्दभमा भन्सार महसूलको संरचना तथा सञ्चालन प्रक्रियामा सुधार गर्ने सम्बन्धमा आयोगका सुझावहरू निम्न प्रकारका रहेका छन् :

## ६.२ भन्सार महसुलको क्षेत्र

भन्सार महसुल मध्ये पैठारी महसुल "भन्सार दरवन्दी" मा भन्सार छुट भनेर उल्लेख गरिएका बाहेक पैठारी गरिने सबै वस्तुमा लाग्दछ भने निकासी महसुल "भन्सार दरवन्दी" मा निकासी महसुल लाग्ने भनेर तोकिएका सीमित वस्तुहरूमामात्र लाग्दछ । पैठारी महसुल माफी भएका अधिकांस वस्तुहरू नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्ने सन्दर्भमा व्यक्त गरेका प्रतिवद्धता अनुरुप रहेका छन् । यसैगरी नेपाल सरकारले आर्थिक ऐन अन्तरगत पटके निर्णय गरेर विभिन्न व्यक्ति, संघ, सस्था वा कारोबारको पैठारीमा छुट दिने गरेको छ । यसरी दिइएका छुटबाट राजस्व गुम्ने गरेको छ तर त्यसको एकिकृत लेखाजोखा सहितको विश्लेषण हुने गरेको छैन । यसैगरी भन्सार महसुलका दरमा दिइएका छुटबाट राजस्वमा पर्ने प्रभावको आवधिक मूल्याँकन हुने गरेको पनि छैन । भन्सार छुट व्यवस्थाबाट भन्सार महसुलको आधार साँघुरिएको, राजस्व संकलन अपेक्षित रुपमा हुन नसकेको, तथा भन्सार प्रशासनमा जटिलता थपिएको छ ।

### सुझाव

नेपालले विश्व व्यापार संगठनसंग व्यक्त गरेका प्रतिवद्धता अनुरुप छुट भएका वाहेक अन्य वस्तुहरूमा भन्सार महसुल छुट दिने व्यवस्थालाई हटाउनु पर्दछ । यसैगरी नेपाल सरकारले पटके निर्णयद्वारा कर छुट दिने प्रचलनलाई निरन्तरता दिनु हुंदैन । यदि कुनै वस्तुलाई छुट दिनु अति आवश्यक भएमा त्यसको लागि सरकारले खर्च वजेटको व्यवस्था गरेर अनुदान दिने व्यवस्थाको शुरुआत गर्नु पर्दछ ।

## ६.३ मूल्यांकन

भन्सार महसुल कारोबार मूल्यमा लाग्ने कानूनी व्यवस्था भएपनि यसको कार्यान्वयन पूर्ण रुपले प्रभावकारी हुन सकेको देखिदैन् । चीनको तिब्बततर्फबाट पैठारी हुने अधिकांश

मालवस्तुहरू प्रतित पत्रको माध्यमबाट पैठारी नहुने र भारतको स्थानीय खरीदअन्तर्गत हुने पैठारी पनि पूर्ण वैंकिग प्रणालीबाट नहुने कारणले कारोवार मूल्यको प्रभावकारी कार्यान्वयनमा समस्या रहेको छ । अर्कोतर्फ भन्सार कार्यालयहरूमा प्रयोगमा रहेको सूचना मूल्यको प्रयोगले पनि वास्तविक कारोवार मूल्यको कार्यान्वयन गर्न प्रोत्साहन गरेको छैन । फलस्वरुप आयातकर्ताले विदेशी वजारमा तिरेको मूल्य भन्दा कम मूल्यको बिजक पेश गर्ने र भन्सार प्रशासनले कतिपय अवस्थामा सूचना मूल्यलाई आधार मानि भन्सार मूल्य कायम गर्ने परिपाटीको अन्त्य हुन सकेको छैन । भंसार मूल्यांकन सम्वन्धी यो व्यवस्था नीति निर्मात लगायत विभिन्न तहमा चिन्ताको विषय भएको छ । आयोगले व्यवस्थापिका–संसदको अर्थ समितिसंग गरेको अन्तर्क्रिया कार्यक्रममा पनि समितिका माननीय सदस्यहरूले भंसारमा न्यून मूल्यांकनको व्यवहारिक समाधान खोजिनु पर्ने कुरामा जोड दिनु भएको थियो ।

यसरी भन्सार प्रयोजनको लागि पैठारी गरिने वस्तुको न्यून वा अधिक बिजकीकरण हुँदा वस्तुको कारोबारको सही किसिमले लेखांकन नहुने, त्यसबाट स्थानीय बजारमा सही किसिमको बिल लिने दिने स्थिति कायम नहुने, व्यापारी तथा कर प्रशासन बीच अविश्वासको वातावरण कायम भै रहने, कर संकलक तथा करदाता वीच मिलोमतो हुने सम्भावना रहने, बिचौलियाको बोलबाला रहने, राजनीतिक तथा अन्य प्रभावशाली व्यक्तिहरूको चलखेल कायम रहने, अनौपचारिक आर्थिक कारोबार बढ्ने, अपराध वृद्धि हुने, कारोबार पारदर्शी नहुने, भन्सार तथा कर प्रशासन जटिल हुने, समान कारोबार हुने व्यक्तिमाथि असमान किसिमले कर लाग्ने, इमान्दार व्यवसायी निरुत्साहित हुने र कर सहभागिता घटाउनेजस्ता थुप्रै समस्या श्रृजना गर्दछ । यसैगरी न्यून वा अधिक विजकीकरणबाट परिवर्त्य विदेशी मुद्राको कारोबार पनि प्रभावित हुने गरेको छ । सहि मूल्यांकन नभएको सामान पैठारी गर्न हुण्डीबाट भुक्तानी हुने र कम भन्सार महसुल हुने वस्तुको अधिक विजकीकरण गरेर भुक्तानी हुने (Cross Financing) पनि गरेको छ । यस सन्र्दभमा विभिन्न किसिमका नक्कली कागजात तयार हुने एबं परिवर्त्य विदेशी मुद्रा तिरेर ल्याएको सामान चोरी निकासी भई त्यसबाट परिवर्त्य मुद्रा समेत अपचलन हुने गरेको देखिन्छ ।

यसरी भन्सार महसुल कारोबार मूल्यमा नलागे पछि वितरण तहमा सही किसिमले विल जारी गर्न र सहि किसिमले कारोबारको लेखा राख्न नसकि सो को कारण भन्सार महसुल मात्र नभै मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आय करको पनि सही किसिमले कार्यान्वयन गर्न समस्या सृजना हुन्छ । यो नेपालको अहिलेको वास्तविकता हो र यस स्थितिलाई सुधार्न नितान्त जरुरी छ ।

**सुझाव**

- पैठारी गरिने वस्तुको पैठारीको परिमाण, भुक्तानीको प्रकृति, खरीद विक्रीकर्ता बीचको व्यापारिक सम्वन्ध आदिका आधारमा उस्तै वस्तुको कारोबार मूल्यमा एकै समयमा पनि केही भिन्नता हुनु अस्वाभाविक होइन । यसैले हरेक व्यक्तिले पैठारी गर्ने उस्तै सामानको एउटै मूल्य हुनु पर्दछ भन्ने मान्यता राख्नु हुदैन । स्थिति अनुसार कारोबार मूल्य तल माथि हुन सक्दछ र भन्सार महसुल कारोबार मूल्यमा लगाइनु पर्दछ । तर कारोबार मूल्यको नाउँमा कसैले झुठो बिजक बनाएर नाजायज फाइदा लिन नपाओस भन्नका लागि राजस्वको दृष्टिकोणले महत्वपूर्ण वस्तुहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वजार मूल्यको तथ्यांक संकलन गरी यसलाई अद्यावधिक गर्दै जानु पर्दछ ।
- भन्सार कार्यालयमा निश्चित रकम भन्दा माथिको पैठारीको मूल्य सम्बन्धी जानकारी विभिन्न सम्बद्ध कार्यालयहरू बीच आदान प्रदान गर्ने र कसैले ज्यादै न्यून बिजकीकरण गरेर (सूचना मूल्यको २० प्रतिशतभन्दा बढीले कम भएमा) सामान पैठारी गरेको छ भने त्यस्तो सामान भन्सार प्रशासनले आफै खरीद गर्ने वा कुनै संस्थान, वस्तुगत संघ वा त्यस्तै अन्य निकाय व्यक्ति मार्फत खरीद गर्न लगाउने वा त्यस्तो आयातकर्ताको सबै प्रकारको कारोबारको जाँचपास पछिको परिक्षण (Post Clearance Audit) सहित विस्तृत कर परीक्षण गर्नु पर्दछ ।
- ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने वस्तुको पैठारीलाई राजस्व जोखिमका आधारमा सहज र सरल मूल्यांकन प्रणाली अवलम्वन गरी जाँचपास गर्नुपर्छ ।
- सरकारी पैठारी, सरकारी संस्थानले आयात गर्ने मालवस्तुको जाँचपास गर्दा पेश भएका कागजातलाई आधार मानी कारोवार मूल्य कायम गरिनुपर्दछ ।
- उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थको विल विजकलाई आधार मानी कारोवार मूल्य कायम गरि जाँचपास गर्नुपर्नेछ ।
- निश्चित जोखिम सूचकाँकको आधारमा ब्राण्डेड मालवस्तुहरू उत्पादकबाट सिधै खरिद गरी आयात गरेको अवस्थामा पेश भएको कागजातलाई आधार मानी कारोवार मूल्य कायम गर्नुपर्दछ ।
- भन्सारको दर बढी भएका कारणले न्यून बिजकीकरण हुने गरेका वस्तुको भन्सार महसुल घटाउन पनि आवश्यक छ ।
- भन्सार जांच पछिको परीक्षणलाई प्रभावकारी बनाउँदै जानु पर्दछ ।

- भन्सार विभागले विभिन्न कार्यालयबाट जाँचपास भएका मालवस्तुको मूल्याँकनको आँकडा (Data Base) दैनिक रुपमा अद्यावधिक गरी सवै भन्सार कार्यालयहरू, राजस्व अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागलाई समेत सहज पहुँच दिने व्यवस्था मिलाउनु पर्दछ ।
- भन्सार मूल्यांकनमा देखिएको समस्या निराकरण गर्न भन्सार मूल्यांकन डाटावेसलाई विस्तृत र भन्सार कार्यालयलले अनलाइन सन्दर्भका रुपमा लिनसक्ने गरी जाँचपासका चरणमा आवद्ध गरिनु पर्दछ । साथै मूल्यांकनलाई जोखिम विश्लेषण पद्दतिको एक अंगको रुपमा विकसित गरी जाँचपासपछिको परीक्षणबाट यथार्थ मूल्यांकन गर्ने परिपाटी विकास गर्न उत्प्रेरित गर्नु पर्दछ ।
- सूचना मूल्य तथा अधिकतम खुद्रा मूल्य सम्वन्धी व्यवस्थाहरू विश्व व्यापार संगठनको भन्सार मूल्यांकनको सिद्धान्त विपरित नहुने गरी कम भन्दा कम रुपमा प्रयोग गर्नुपर्दछ ।
- कम दरमा भन्सार लाग्ने वा भन्सार नलाग्ने जे अवस्था भए तापनि व्यवसायिक परिमाणको आयात गर्न व्यापार दर्ता गर्ने निकायमा दर्ता नभएको व्यक्तिलाई आयात गर्न दिनु हुदैन । दर्ता नभएको व्यक्तिले सहज आयात गर्न पाउने व्यवस्थाले भन्सारमात्र नभै अन्य कर राजस्व संकलन गर्ने ऐनहरूको कार्यान्वनमा समेत कठिनाई पुग्दछ ।
- मूल्यांकनमा हुने विचलनलाई व्यापारिक छलको कानूनी प्रावधानबाट नियन्त्रण गर्नु पर्दछ ।

## ६.४ भन्सार दर

भन्सार महसूल संकलनको प्रयोजनका लागि हाल मोल प्रतिशत (Advelorum) र परिमाणगत (Specific) आधारमा महसूल निर्धारण गर्ने व्यवस्था गरिएको छ । मोल प्रतिशतका आधारमा संकलन हुने भन्सार महसूलको प्रयोजनका लागि ६ प्रकारका दरहरू (५, १०, १५, २०, ३०, र ८० प्रतिशत ) कायम रहेका छन् । यी दरहरू पैठारी गरिने वस्तुको प्रशोधनको स्तर र प्रकृति अनुसार कायम गरिएका छन् । कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रसायन पदार्थ, यन्त्र उपकरणमा न्यून दर र तयारी वस्तुमा बढी दर लगाइएकोछ । तयारी वस्तु मध्ये पनि आवश्यक वस्तुमा कम र विलाशीताका वस्तुमा उच्च दर कायम गरिएका छन् । हाल मदिरा, पेढोलियम पदार्थ, सिमेण्ट, क्लिंकर, चुरोट, सुपारी जस्ता सीमित वस्तुको पैठारीमा परिमाणगत (Specific) दरमा भन्सार

महसुल संकलन गर्ने गरिएको छ । निकासी हुने अधिकाँश मालवस्तुमा भन्सार महसूल नलाग्ने व्यवस्था गरिएको छ । तथापी, जनस्वास्थ्य, वातावरण संरक्षण तथा प्राकृतिक श्रोत र साधनको संरक्षणमा प्रतिकूल असर पर्ने प्रकृतिका केही वस्तुहरूमा मात्र निकासी महसूल लगाउने गरिएको छ । यसरी लगाईने निकासी महसूल मध्ये अधिकाँश वस्तुमा परिमाणगत आधारमा लगाउने गरिएको छ । हालसम्म एउटै वस्तुमा मिश्रित दर (Compound Tariff) लगाउने व्यवस्था रहेको छैन ।


*तालिका ६.१ :* **भन्सार दर अनुसार आयात महशुलको विवरण** (अंक रु. हजारमा)

| भन्सार दर (%) | आ.ब. २०६८/६९ | | आ.ब. २०६९/७० | | आ.ब. २०७०/७१ | |
|---|---|---|---|---|---|---|
| | आयात महशुल | जम्माको % | आयात महशुल | जम्माको % | आयात महशुल | जम्माको % |
| ५ | ४,१६३,४१७ | ११.७५ | ६,५३४,८११ | ११.४८ | ५,८३९,३८१ | ९.३६ |
| १० | २,५९६,९६० | ७.३३ | ४,३२३,०४२ | ७.६० | ४,२११,६५१ | ६.७५ |
| १५ | ६,९५०,४०९ | १९.६१ | ९,७६५,८६४ | १७.१६ | ११,५१८,२०५ | १८.४६ |
| २० | ३,१५६,७६२ | ८.९१ | ४,२६०,७५८ | ७.४९ | ४,६११,३७२ | ७.३९ |
| ३० | ६,२३४,७९५ | १७.५९ | ११,०२५,०६८ | १९.३७ | १४,०६२,२०७ | २२.५४ |
| ८० | २,२९६,५४९ | ६.४८ | ३,५४३,४७५ | ६.२३ | ४,९१८,५४३ | ७.८८ |
| अन्य | १०,०४७,५३० | २८.३५ | १७,४५४,५३७ | ३०.६७ | १७,२२४,८८३ | २७.६१ |
| **जम्मा** | ३५,४४६,४२२ | १००.०० | ५६,९०७,५५५ | १००.०० | ६२,३८६,२४२ | १००.०० |

*श्रोत: भंसार विभाग ।*

*चित्र ६.१ :* **भन्सार दर अनुसार आयात महशुलको विवरण** (अंक रु. हजारमा)

**आर्थिक वर्ष २०७१/७२**



विद्यमान भन्सार महसुलका विभिन्न दरहरू मध्ये ३० प्रतिशतको दर लाग्ने वस्तुहरूबाट कूल भन्सार महसूलको २२.५४ प्रतिशत राजस्व संकलन हुन्छ भने १५ प्रतिशत लाग्ने वस्तुहरूबाट कुल भन्सार राजस्वको १८.४६ प्रतिशत हिस्सा प्राप्त हुन्छ ।

भन्सार महसुलका माथि उल्लेख गरिए अनुसारका दरका साथै पैठारी गरिने वस्तुको श्रोत अनुसार कतिपय वस्तुहरूमा लाग्ने भन्सार महसूलमा आँशिक छुट हुने गरी सहुलियत दिईएको छ । यस सम्वन्धी उदाहरणहरू निम्नानुसार छन्:

- भारतमा उत्पादित वस्तु भारतबाटै नेपालभित्र पैठारी हुंदा मूल्यगत दर अनुसार लाग्ने भन्सार महसुलमा ३० प्रतिशत सम्मको दरमा ५ प्रतिशत र सो भन्दा बढीका दरमा ३ प्रतिशत छुट दिइएको छ । परिमाणगत दरमा महसूल लाग्ने माल वस्तुहरूको हकमा भने यस्तो छुट दिइंदैन । गैर वैंकिग प्रणाली अर्न्तगत पैठारी हुने माल वस्तुमा पनि यो छुट सुविधा प्रदान गरिएको छैन् ।
- जनवादी गणतन्त्र चीनमा उत्पादित वस्तु चीनको स्वशासित क्षेत्र तिव्वतबाट नेपाल भित्र प्रतितपत्रको माध्यमबाट पैठारी हुंदा मूल्यगत दर अनुसार लाग्ने भन्सार महसुल दरमा ३ प्रतिशत छुट दिइएको छ । परिमाणगत दर लागू गरिएका वस्तुको हकमा भने यस्तो छुट दिइंदैन ।
- सार्क मुलुकमा उत्पादित साफ्टा सम्झौता अन्तर्गत तोकिएका वस्तु सोही मुलुकमा एल. सी. खोली बिल बिजक बनी सोही मुलुकबाटै सिपमेण्ट भई पैठारी भएमा तोकिएको दरमा भन्सार महसुल छुट हुने व्यवस्था छ । यसैगरी कुनै वस्तुको प्रकृति वा तिनीहरूको पैठारीकर्ताको आधारमा पनि भन्सार महसुल सहुलियत दरमा लाग्ने व्यवस्था छ ।
- पर्यटन उद्योगको स्तरीय प्रचार सामाग्री, वैकल्पिक उर्जा सम्वन्धी सामान, गोवर ग्यासबाट विद्युत उत्पादन गर्ने उद्योग, ट्रलिबस र तिनका पार्टपुर्जा, शीत भण्डारका उपकरण, गोवर ग्यास, किटनाशक, झारनाशक समेतमा १ प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था छ । रुग्ण उद्योगको सम्वर्द्धन तथा प्रवर्द्धनका लागि रुग्ण उद्योग पुनरुत्थान समितिको सिफारिसमा रुग्ण उद्योगहरूले ती उद्योग पुनर्स्थापनाको लागि पैठारी गर्ने औद्योगिक मेशिनरी तथा पार्टपुर्जामा १ प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था छ ।

विद्यमान भन्सारका दरहरू सामान्यतया त्यति जटिल नदेखिएपनि कतिपय मालवस्तुहरूको आयातमा दिईएका विभिन्न प्रकारका छुटहरूका कारणले केही जटिलता सृजना भएको

छ । कतिपय वस्तुमा भन्सारका दरको तह पनि उच्च छ । भन्सार महसुलका उच्च स्तरका विभिन्न दरहरूबाट उत्पन्न हुन सक्ने केही परिणामहरू निम्न प्रकार छन् :

- भन्सार महसुलको दर उच्च भएको अवस्थामा करको भार घटाउने उद्देश्यले बढी दर भएको वस्तुको सट्टा कम दर भएका वस्तुतर्फ साधन प्रवाहित हुन सक्ने र त्यसबाट साधनको उच्चतम प्रयोग खलवलिन गई आर्थिक अक्षमता (Inefficiency) सृजना हुन सक्ने सम्भावना रहन्छ ।

- करका दरहरू जति जति बढी हुन्छन् त्यति त्यति त्यसबाट अर्थतन्त्रमा पर्ने लागत बढी भई कर प्रणाली अक्षम हुने सम्भावना हुन्छ ।

- भन्सार महसूलको दर उच्च भएको अवस्थामा पैठारीकर्ता एक्लैले वा पैठारीकर्ता र भन्सार प्रशासनमा संलग्न कर्मचारीको मिलोमतोबाट वस्तुको वर्गीकरण फरक पारी करको बढी दर भएको वस्तुमा कम दर लगाई राजस्व चुहावट हुने सम्भावना रहन्छ ।

- धेरै दरहरू भएको कारणले कर प्रशासनले करको दर अनुसार वस्तुहरूको विभाजन गर्नु पर्ने र करदातालाई आफूले कारोबार गर्ने वस्तुमा कति दर लाग्छ भनेर थाहा पाउन जटिल हुने भएकोले त्यसबाट कर प्रणाली अनावश्यक रुपमा झन्झटिलो भै करको प्रशासनिक (Administrative) र परिपालन (Compliance) दुइटै खर्च बढ्न जान्छ ।

- भन्सारका विभिन्न दरहरू भएका अवस्थामा प्रभावशाली व्यक्ति वा समूहले आफूले कारोबार गर्ने वस्तुमा कम महसुल लगाउनु पर्दछ भनेर नीति निर्मातालाई अनावश्यक दवाव दिन सक्छन् र त्यसबाट राजस्व संकलनमा प्रतिकूल असर पर्न जान्छ ।

- भन्सारका दर धेरै भएमा मालवस्तुको वर्गीकरणमा जटिलता सृजना भई एउटै वस्तुमा कहिले कम दर र कहिले बढी दर लाग्न सक्ने सम्भावना रहनेर यसबाट कर व्यवस्था असमान हुने अवस्था रहन्छ ।

- भन्सार महसूलका दरहरू धेरै भएको अवस्थामा आयातकर्तालाई कुन वस्तुमा कति कर तिर्नु पर्दछ भन्ने विषयमा द्विविधा सृजना हुन्छ ।

- भन्सारका दरहरू उच्च भएमा त्यसबाट आयातकर्तालाई चोरी पैठारी गर्न वा न्यून बिजकीकरण गर्न प्रोत्साहन मिल्छ जसले भन्सार प्रशासनलाई जटिल बनाउंछ ।

यसरी भन्सार महसुलका विभिन्न दर भएको, कुनै दरहरू उच्च भएको, कतिपय वस्तुका दरमा केही कटौती गरिएको र कतिपय वस्तुहरूमा भन्सार महसुल पूर्ण रुपमा छुट भएकोले भन्सारको प्रभावकारी दर न्यून रहेको छ जुन तलको तालिकामा दिइएको छ ।

*तालिका ६.२ :* **भन्सारको प्रभावकारी दर (Effective Rate of Customs)** *(रु. हजारमा)*

| आर्थिक वर्ष | पैठारी मुल्य | पैठारी महशुल | प्रभावकारी दर |
|---|---|---|---|
| २०५३/५४ | ८६,७३०,४८३ | ७,१७२,६९३ | ८.२७ |
| २०५४/५५ | ८३,२६५,३६६ | ७,११२,८५९ | ८.५४ |
| २०५५/५६ | ९१,१२८,७०५ | ७,९०९,०८० | ८.६८ |
| २०५६/५७ | ११४,६९७,२७५ | ९,१५२,०१७ | ७.९८ |
| २०५७/५८ | १२४,३६६,५३१ | १०,३५२,९९७ | ८.३३ |
| २०५८/५९ | ११९,०३५,३९५ | ११,३५४,९९७ | ९.५५ |
| २०५९/६० | १३७,०२०,३५६ | ११,३६७,९८७ | ७.७२ |
| २०६०/६१ | १३३,०३५,३०३ | १०,५७८,१४९ | ८.६१ |
| २०६१/६२ | १४३,१३७१२९ | ११,४५१,६७८ | ९.४३ |
| २०६२/६३ | १७१,४९०,९२४ | १३,४९३,०१८ | ७.५२ |
| २०६३/६४ | २१३,९२४,९५३ | १२,८९९,९३६ | ६.९३ |
| २०६४/६५ | २१९,७९१,०७९ | १४,७२७,८७१ | ७.२२ |
| २०६५/६६ | २८४,३४७,०८२ | १५,८७५,०८१ | ७.७३ |
| २०६६/६७ | ३५६,७३३,२५६ | २१,९७५,४०१ | ८.३८ |
| २०६७/६८ | ३९०,३५२,१६२ | २९,८८८,५१७ | ८.०६ |
| २०६८/६९ | ४५६,४३८,९३१ | ३१,४६३,४८५ | ८.१९ |
| २०६९/७० | ६१३,६३५,९४९ | ३७,३६९,१५३ | ८.२८ |
| २०७०/७१ | ७१६,१२९,८५३ | ६२,३८६,३४२ | ८.७१ |

*श्रोत : आयोगको गणना ।*

## सुझाव

भन्सारका दरहरूको तह तथा संख्या जति जति कम हुँदै जान्छ त्यति त्यति कर प्रणालीबाट उत्पादन, वितरण तथा उपभोग जस्ता आर्थिक कृयाकलापहरूमा पर्ने नसोचिएका तथा नचाहिएका प्रभावहरू कम हुँदै गई कर प्रणाली बढी तटस्थ तथा सक्षम हुँदै जान्छ । यसका अतिरिक्त भन्सारका दरका तह तथा संख्या कम हुँदै गएमा आयातकर्ताहरूमा

महसूल छल्ने प्रवृत्ति कम हुने, महसूल छल्ने अवसर कम हुने तथा भन्सार प्रशासन सरल हुन्छ । त्यसैले भन्सारका दरको तह तथा संख्या सकेसम्म कम गरिनु पर्दछ र भन्सार महसुलमा विभिन्न किसिमका छुट दिने विशेष व्यवस्थाहरूको अन्त्य गरिनु पर्दछ । यस सन्दर्भमा आयोगका सुझावहरू निम्न प्रकार छन्:

- स्वदेशी उद्योगले आफ्नो उत्पादनमा प्रयोग गर्ने गरेका केही आधारभूत कच्चा पदार्थहरूमा आर्थिक वर्ष २०७२/७३ मा भन्सार महसुल शुन्य प्रतिशतले लगाउनु पर्दछ । यसरी शून्य दरमा भन्सार महसुल लगाउन सकिने केही आधाभूत कच्चा पदार्थहरू निम्न प्रकार छन्:–

  प्लाष्टिक दाना, रेजिन लगायत प्लाष्टिक उद्योगका कच्चा पदार्थहरू, तामाका पत्रु (Copper Scrap), गलैंचा बुन्न प्रयोग हुने धागो, मकैको गेडा, भटमासको गेडा, पाम एसिड आयल, पाम फेट्टी एसिड र एसिड आयल, सर्स्यूंको गेडा, आलुमुनियम अवशेष र पत्रु अप्रभावित आलुमुनियम, तोरीको गेडा, रेशमको धागो अप्रशोधित जनावरको बोसो (Tallow), प्राकृतिक रबर लेटेक्स तथा प्राकृतिक रबर, पिग (स्पन्ज) आइरन (आइरन विलेटको कच्चा पदार्थ, तामाको क्याथोड, लाप्साहरू र विलेट, टीन, कच्चा रेशम (Raw Silk), सूर्यमुखिको गेडा, नरिवलको रेशाहरू (Coir), जस्ता (Zink), आलुमुनियम धूलोहरू, वेत (Rattan), अप्रशोधित तामा, लुब्रिकेन्टको आयल, वेस आयल, एडिटिभ्स फर लुब्रिकेन्टस, एम.एस. बिलेट्स, एम.एस.वायर रड्स, पोलियस्टर चिप्स, पोलियस्टर फाइबर, भिस्कोस फाइबर, कटन फाइबर, फर्नेश आयल, सिमेण्ट ल्किंकर ।

- यस्तो व्यवस्था आगामी वर्षहरूमा अन्य औद्योगिक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रसायनिक पदार्थ, प्याकेजिंग सामाग्री र औद्योगिक मेशिनरीको सन्दर्भमा पनि क्रमशः विस्तार गदै जानु पर्दछ ।

- त्यसो भएमा उद्योगको लागत घट्ने, निकासीलाई कर मुक्त गर्नको लागि अपनाइएका ड्यूटी ड्र व्याक, वण्डेड वेयर हाउसको सुविधा अर्न्तगतका प्रक्रियागत जटिलताहरू अपनाउन नपर्ने हुदाँ महसूलको कारणले स्वदेशी उत्पादनको प्रतिष्पर्धी क्षमतामा देखिएको समस्या केही हदसम्म भए पनि घट्ने देखिन्छ ।

- सन् २०१६ देखि साफ्टा पूर्ण रुपमा कार्यान्वयनमा आई व्यापार उदारीकरण कार्यक्रम (Trde Liberlization Programe) समाप्त हुने भएकोले संवेदनशील सूचीमा परेका

मालवस्तुहरू वाहेक अन्यको हकमा नेपालले ५ प्रतिशतभन्दा वढी पैठारी महसुल लगाउन सक्ने अवस्था रहदैन । तसर्थ आधारभूत कच्चा पदार्थको रुपमा मात्र प्रयोग हुने पदार्थमा शून्यदर, वहु-उपयोय भएका कच्चा पदार्थ, केमिकल्स, मेशिनरी, अर्धतयारी वस्तुमा २ प्रतिशत र अन्य वस्तुमा ५ प्रतिशतको दर कायम गरिनु पर्दछ ।

- सार्क वाहेक अन्य मुलुकहरूबाट पैठारी गरिने मालवस्तु र साफ्टाको संवेदनशील सूचीमा समावेश गरिएका वस्तुका सन्दर्भमा आर्थिक वर्ष २०७२/७३ मा भन्सार महसूलका ५ वटा दरको संख्या (५, १०, १५, २० र ३०) कायम गरिनु पर्दछ । ती दरको संख्या आर्थिक वर्ष २०७३/७४ मा ४ वटा (५, १०, १५ र २५ प्रतिशत) तोकिनु पर्दछ भने आर्थिक वर्ष २०७४/७५ मा ३ दर (५, १५ र २०) मात्र कायम राख्नु पर्दछ ।
- भन्सार महसूलका दर विश्व व्यापार संगठनसँग गरिएको प्रतिवद्धता अनुरुप समायोजन गरिनुपर्दछ । जस अर्न्तगत हलुका सवारी साधनको भन्सार महसूल दर आर्थिक वर्ष २०७२/७३ मा ३० प्रतिशत कायम गरिनु पर्दछ र त्यसपछिका वर्षहरूमा यो दर क्रमशः २५ र २० प्रतिशतमा झारिनु पर्दछ ।
- भन्सार महसूलमा छुट दिने वा सुविधा दिने प्रचलन वन्द गरिनु पर्दछ । छुट वा सुविधा दिनै पर्ने अवस्था भएमा सोको सट्टा प्रत्यक्ष अनुदान (Subsidy) बढी प्रभावकारी हुन्छ । यसो गरेमा छुटहरूको छुट्टै हिसाव किताव राख्नु नपर्ने तथा अनुदान दिइएमा स्वतः वजेट प्रणाली भित्रै पर्ने भई प्रणालीगतरुपमै अनुगमन हुने हुंदा सुविधाको दुरुपयोग हुने संभावना न्यून रहन्छ ।

## ६.५ वर्गीकरण

वर्तमान भन्सार वस्तु वर्गीकरण व्यवस्था विश्व भन्सार संगठनको हार्मोनाइज्ड प्रणालीमा आधारित छ र यो व्यवस्था सार्क सदस्य देशहरूका अतिक्ति विश्व भन्सार संगठनका सबै देशहरूले अपनाएका छन् ।

मालवस्तु पैठारी गर्नका लागि प्रतित पत्र खोल्दा सामानको हार्मोनाइज्ड संकेत नम्वर, नाम, ब्राण्ड, मोडेल, मूल्य आदि उल्लेख गर्नु पर्ने व्यवस्था रहेको छ । तर व्यवहारमा कतिपय मालवस्तुको विस्तृत विवरण (Specification) नखुल्ने भएकोले वर्गीकरणमा केही समस्या रहेको देखिन्छ । मालवस्तुको वर्गीकरण यर्थाथपरक हुन नसकेमा यसले

भन्सार महसुलका साथै मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आय कर राजस्व संकलनमा पनि प्रतिकूल असर पर्ने र बजारमा सही किसिमको बिजक जारी हुन नसक्ने अवस्था रहन्छ ।

मालवस्तुको वर्गीकरण गर्ने अधिकार भन्सार ऐन, २०६४ ले भन्सार अधिकृतलाई प्रदान गरेको छ । वर्गीकरणमा द्विविधा परेको अवस्थामा मात्र भन्सार विभागको महानिर्देशक समक्ष लेखि पठाउने र महानिर्देशकले विश्व भन्सार संगठनबाट प्रतिपादन गरिएका सिद्धान्त र प्रकाशित सामाग्रीको आधारमा विशेषज्ञ समेतको राय लिई मालवस्तुको वर्गीकरणका लागि शिर्षक तथा उप शिर्षक तोकिदिन सक्ने व्यवस्था रहेको छ । यस्तो निर्णयमा चित्त नबुझ्ने आयातकर्ताले राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको छ । तर, कतिपय अवस्थामा विशेषज्ञताको अभावमा उक्त न्यायाधिकरणबाट उपर्युक्त पुनरावेदन उपर गरिएका निर्णयहरू हार्मोनाईज्ड प्रणालीको मान्य सिद्धान्त अनुरुप भएको देखिदैन् ।

आयात हुने मालवस्तुहरूको गुणस्तर, वनावटको प्रकृति, मिश्रण भएका पदार्थहरूको विश्लेषण गरेर मात्र वर्गीकरणको निश्कर्षमा पुग्नुपर्ने हुन्छ । यसको लागि अत्याधुनिक उपकरण सहितको प्रयोगशाला आवश्यक पर्दछ । भन्सार विभागमा प्रयोगशाला स्थापना भएपनि यसको आवश्यकता पुरा गर्न सक्ने क्षमता उक्त प्रयोगशालामा देखिएन । त्यस्तै, कुनै पनि भन्सार कार्यालयमा मालवस्तुको सामान्य विश्लेषण गर्न सक्ने सम्मको प्रयोगशाला पनि रहेको देखिएन् । यसले गर्दा प्रयोगशाला परीक्षण गर्नुपर्ने मालवस्तु भन्सार विभागको प्रयोगशालामा पठाउनु पर्ने र विभागको प्रयोगशालाले समेत अन्य प्रयोगशालामा पठाउनु पर्दा आयातकर्ताको व्यावसायिक लागत वढ्न गएको छ भने वर्गीकरणका लागि आवश्यक दक्ष जनशक्ति समेत अभाव रहेको अवस्था छ । भन्सार कार्यालयहरूमा वस्तु वर्गीकरण गर्ने ईकाइ समेत गठन नभएबाट भन्सार कार्यालय प्रमुखलाई वर्गीकरणका सवालमा अन्य दक्षता प्राप्त कर्मचारीबाट राय सुझाव लिने संयन्त्रको अभाव रहेको देखियो ।

**सुझाव**

- विश्व भन्सार संगठनले हार्मोनाइज्ड वर्गीकरण प्रणालीमा गरेको संसोधन तथा परिमार्जनलाई आवधिक रुपमा अवलम्वन गर्ने ।
- वर्गीकरणका सम्वन्धमा विश्व भन्सार संगठनले गरेका निर्णय एवं सिफारिसहरूलाई तुरुन्त प्राप्त गर्ने संयन्त्रको विकास गरी ती सिफारिसहरूलाई लागू गर्ने ।

- मालवस्तुको पैठारी गर्नका लागि प्रतितपत्र खोल्दा सोको विस्तृत विवरण प्रतितपत्र एवं विलविजकहरूमा खोल्नु पर्ने व्यवस्थालाई अनिवार्य गरी प्रभावकारी रुपमा लागू गर्ने ।
- भन्सार विभागमा केन्द्रीयस्तरको सुविधा सम्पन्न आधुनिक प्रयोगशाला स्थापना गर्ने । आयात हुने सवै प्रकारका मालवस्तुहरूको परीक्षण विभागकै प्रयोगशालामा गर्न सकिने गरी हालको प्रयोगशालाको स्तरोन्नती एवं क्षमता अभिवृद्धि गर्ने । विभागको प्रयोगशालमा परीक्षण सेवा प्रदान गरे वापत प्रशासनिक शुल्क लिने व्यवस्था समेत गरिनु पर्दछ । सामान्य प्रकृतिका मालवस्तुहरूको जाँच एवं विश्लेषण राजस्व संकलनका दृष्टिले महत्वपूर्ण भन्सार कार्यालयहरूमा नै हुने गरी ती कार्यालयहरूमा नै प्रयोगशाला स्थापना गर्ने ।
- मुख्य भन्सार कार्यालयहरूमा भन्सार प्रमुखलाई वर्गीकरणका सम्वन्धमा राय सुझाव दिन वर्गीकरण एकाई स्थापना गर्ने र सोही एकाईको राय सुझावमा भन्सार प्रमुखले निर्णय लिने कानूनी व्यवस्था गर्ने ।
- भन्सार अधिकृतले गरेको वर्गीकरणको निर्णय उपर चित्त नवुझ्ने आयातकर्ताहरूले भन्सार विभागको महानिर्देशक समक्ष पुनरावलोकनका लागि निवेदन गर्न सक्ने र महानिर्देशकबाट निर्णय भएपछि मात्र महानिर्देशकको निर्णयलाई अन्तिमा मान्ने वा राजस्व न्यायाधिकरणमा पुनरावेदनमा जान सक्ने व्यवस्था गर्ने ।
- मालवस्तु आयात गर्दा राजस्व छल्ने उद्देश्यले वर्गीकरण फरक पारि आयात गर्ने आयातकर्तालाई दण्ड संजायको व्यवस्था सहित त्यस्ता आयातकर्तालाई कालो सूचिमा राख्ने व्यवस्था गर्ने ।
- मालवस्तुको वर्गीकरणका लागि दक्ष जनशक्तिको विकास, भएका दक्ष जनशक्तिको अवधारण (Retention), विश्व भन्सार संगठनका निर्णय, सिफारिस तथा रायहरूको अवलम्वन गरी वस्तुको वर्गीकरणलाई व्यवस्थित तथा समसामयिक बनाउदै जानु पर्दछ । भविष्यमा भन्सार महसुल एकलदरमा लागू गरिए पनि अन्तर्राष्ट्रिय व्यापारको तथ्याँक, अन्तःशूल्क तथा मूल्य अभिवृद्धि करको असूलीको आधारको रुपमा रहि रहने हुदाँ यसलाई वैज्ञानिक र व्यवस्थित गर्दै जानु पर्दछ ।
- मालवस्तुको वर्गीकरणका सम्वन्धमा विश्व भन्सार संगठनले प्रकाशन गर्ने वर्गीकरण सम्वन्धी सामाग्रीहरूमा भन्सार अधिकारी एवं कर्मचारीहरूको सहज पहुँचको व्यवस्था गरिनुका साथै कर्मचारीहरूलाई वर्गीकरणका सम्वन्धमा आधारभूत एवं पुर्नःताजगी सम्वन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको तालिम प्रदान गर्ने व्यवस्था गरिनु पर्दछ ।

## ६.६ भन्सार जाँचपास प्रक्रिया

निकासी पैठारीका लागि पेश गर्नुपर्ने कागजातका आधारमा भन्सार जाँचपासका प्रक्रियाहरू निम्नानुसार विभाजन गर्न सकिन्छ ।

### ६.६.१ भारतबाट गरिने पैठारी

भारतबाट गरिने पैठारीमा नेपाल राष्ट्र वैंकले तोकेका मालवस्तुहरू परिवर्त्य विदेशी मुद्रामा पैठारी गर्न पाईने व्यवस्था रहिआएको छ । अन्य मालवस्तुहरू भारतीय मुद्रामा पैठारी गर्न सकिने र सोको लागि प्रतित पत्र, टि.टि. वा ड्राफ्टको माध्यमबाट भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ । भारतबाट हुने पैठारीलाई अन्य तेश्रो मुलुकबाट हुने पैठारी जस्तै भुक्तानीका कागजातहरू पैठारीकै अवस्थामा पेश गर्नुपर्ने वाध्यता रहेको छैन् । भारतबाट स्थानीय वजारमा खरिद गरी पैठारी गर्न सकिने र यसको भुक्तानी पैठारी भईसकेपछि वाणिज्य वैंकहरूले पठाउन सक्ने व्यवस्था रहेको छ ।

भारतमा अन्तःशुल्क लाग्ने मालवस्तुहरू ए.आर.इ. १ फर्म (Application for Removal of Excisable Goods Form 1), को माध्यमबाट आयात गर्दा भारतको सीमावर्ति भन्सारले नेपालमा निकासी गरेको व्यहोरा ए.आर.ई. १ फाराममा प्रमाणित गरिसकेपछि भारतको निकासीकर्ताले अन्तःशुल्क लगायतका शुल्कहरू फिर्ता दिने वा कवुलियत (Bond) फुकुवा गर्ने व्यवस्था रहेको छ ।

भारतीय स्थानीय वजारबाट खरिद गरि आयात गर्दा नेपाली रुपैया दश हजारसम्मको सामानको हकमा नेपाली आयातकर्ताले मूल्य अभिवृद्धि करमा दर्ता नगरी आयतमा गर्न पाउने व्यवस्था छ तर सो भन्दा वढी मूल्यको सामाग्रीको हकमा त्यस्तो आयातकर्ता अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने व्यवस्था गरिएको छ। परिवर्त्य विदेशी मुद्रामा आयात गर्दा कारखानाबाट सिधै आयात गर्नुपर्ने, आयातकर्ता नेपालको उद्योग हुनुपर्ने गरि औद्योगिक कच्चा पदार्थको हकमा यस प्रकारको सुविधा उपलव्ध गराईएको छ।

भारतबाट हुने व्यापारलाई व्यवस्थित गर्न र भुक्तानीलाई वैंकिग प्रणाली अर्न्तगत लैजानको निमित्त नेपाल सरकारले वैंकिग प्रणालीबाट भुक्तानी गरि गरिने पैठारीमा ३० प्रतिशतसम्म भन्सार महसूल दरलाग्ने मालवस्तुको हकमा ५ प्रतिशत र सो भन्दा माथिको भन्सार महसूल दरलाग्ने मालवस्तुमा ३ प्रतिशत छुट दिने व्यवस्था गरेको छ । तर यो सुविधा परिमाणगत (Specific) भन्सार दर लाग्ने मालवस्तुहरूको आयातको हकमा प्रदान गरिएको छैन् ।

### ६.६.२ चीनको स्वःशासित क्षेत्र तिब्बतबाट गरिने पैठारी

चीनको स्वशासित क्षेत्र तिव्वतबाट गरिने पैठारीलाई व्यवस्थित गर्न निम्न वमोजिमको व्यवस्था गरिएको छ ।

- **वस्तु विनिमय अर्न्तगत हुने पैठारी :** यस व्यवस्था अर्न्तगत नेपालबाट कुनै मालवस्तुहरू निकासी गरिसकेपछि सोही मूल्य वरावरका विभिन्न छ प्रकारका मालवस्तुहरू (ऊन, नून, गलैंचा, चौरी गाई र चौंरी गाईको पुच्छर, जडिवुटी र जीवित भेडा च्यांग्राहरू) पैठारी गर्न सकिने परम्परागत पैठारी व्यवस्था कायमै रहेको छ ।

- **परिवर्त्य विदेशी मुद्राको माध्यमबाट हुने पैठारी :** यस व्यवस्था अर्न्तगत अमेरिकी डलर ३,००० सम्मको आयातको लागि आयातकर्तालाई नगदमा नै विदेशी मुद्रा उपलव्ध गराउने, अमेरिकी डलर ३०,००० सम्म ड्राफ्ट वा टि.टि. को माध्यमबाट भुक्तानी पठाउने र सो भन्दा वढीको आयातमा अनिवार्य रुपमा प्रतित पत्रको माध्यमबाट मात्र पैठारी गर्न सकिने व्यवस्था रहेको छ ।

- **सीमावर्ती क्षेत्रमा वसोवास गर्ने स्थानीय वासिन्दाको लागि विशेष व्यवस्था :** नेपाल र तिव्वतको सीमाक्षेत्रमा वसोवास गर्ने स्थानीय वासिन्दाको सुविधाका लागि ने.रु. १६,००० सम्मको मालवस्तु पैठारी गर्दा कुनै पनि औपचारिक वैंकिग प्रणाली आवश्यक नपर्ने गरी आयात गर्न सकिने विशेष व्यवस्था गरिएको छ । तर यस व्यवस्था अर्न्तगतको सुविधा अन्य यात्रुहरूले समेत उपयोग गरेको देखिन्छ ।

चीनको तिव्वतबाट हुने पैठारीलाई व्यवस्थित गर्नको लागि प्रतित पत्रबाट हुने पैठारीमा प्रोत्साहन स्वरुप आयातित मालवस्तुमा लाग्ने भन्सार महसूल दरमा ३ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ। तर यो सुविधा परिमाणगत (Specific) दर लाग्ने मालवस्तुहरूको हकमा प्रदान गरिएको छैन् ।

### ६.६.३ तेश्रो मुलुकबाट गरिने पैठारी

तेस्रो मुलुकबाट मालवस्तु पैठारी गर्दा प्रतित पत्र वा टि.टि. वा ड्राफ्टको माध्यमबाट पैठारी गर्नुपर्ने व्यवस्था गरिएको छ । अमेरिकी डलर ३०,००० सम्मको मालवस्तुहरू ड्राफ्ट/टि.टि.को माध्यमबाट र सो भन्दा वढीको मालवस्तु प्रतित पत्रको माध्यमबाट पैठारी गर्नु पर्दछ । ड्राफ्ट/टि.टि. बाट कलकत्ता वन्दरगाह हुदैं पैठारी गर्दा वाणिज्य विभागको पूर्व स्वीकृति समेत आवश्यक पर्ने व्यवस्था रहि आएको छ । पैठारीमा

परिमाणगत वन्देज वा कुनै निकायको सिफारिस वा इजाजतमा मात्र आयात गर्न पाईने मालवस्तुको सम्वन्धमा त्यस्तो ईजाजत पत्र नेपाल सरकारको वाणिज्य विभागले जारी गर्ने र परिमाणात्मक वन्देज लगाईएका मालवस्तुको हकमा वाणिज्य तथा आपूर्ति मन्त्रालयले परिमाण तोके वमोजिम हुने गरि व्यवस्था गरिएको छ ।

निकासी तथा पैठारीलाई व्यवस्थित गर्न निकासी पैठारी नियन्त्रण ऐन, २०१३ अनुसार नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिति २०६६ कार्तिक १६ गते नेपाल राजपत्रमा विस्तृत सूचना प्रकाशित गरेको छ । उक्त सूचनामा उल्लेख भए वमोजिम पैठारी हुने अधिकाँश मालवस्तुहरूलाई खुल्ला आयात ईजाजत पत्र (Open General Licence) अर्न्तगत पैठारी गर्न पाउने व्यवस्था गरिएको छ ।

तेश्रो मुलुकको मालवस्तुहरू भारतको कलकत्ता वन्दरगाहबाट पैठारी गर्दा भन्सार पारवहन घोषणा (Custom Transit Dcclareation - CTD) सहित पैठारी गर्नुपर्ने व्यवस्था नेपाल र भारतका बीच कायम रहेको पारवहन सन्धीमा उल्लेख गरिएको छ । यस प्रकारको CTD फाराम कलकत्तामा रहेका भारतीय भन्सार अधिकारीले जारी गर्ने र नेपालमा उक्त मालवस्तु आयात भईसकेपछि नेपालको भन्सार अधिकारीले उक्त फाराममा आयात भएको व्यहोरा प्रमाणित गरी १५ दिन भित्र सीमावर्ति भन्सार कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था रहि आएको छ ।

हवाई मार्गबाट पनि नेपालमा व्यापारिक सामाग्री आयात गर्न पाउने व्यवस्था रहि आएको छ । हवाई मार्गबाट मालवस्तु पैठारी गर्दा स्थलमार्गबाट पैठारी गर्दा अपनाउनु पर्ने भुक्तानीका प्रक्रियाहरू नै अपनाउनु पर्ने तर टि.टि. वा ड्राफ्टको माध्यमबाट पैठारी गर्दा वाणिज्य विभागको स्वीकृति आवश्यक नपर्ने व्यवस्था गरिएको छ ।

### ६.६.४ स्वःचालित जाँच पास प्रणाली (Automated System for Customs Data)

भन्सार जाँचपास प्रक्रियालाई आधुनिक र सूचना प्रविधियुक्त वनाउने सिलसिलामा सन् १९९६ देखि स्वचालित भन्सार जाँचपास प्रणालीको शुरुवात गरिएको थियो । यस प्रणालीले परम्परागत (Manual) रुपमा प्रयोगमा ल्याईएको जाँचपास प्रक्रिया र प्रज्ञापन पत्रलाई समेत विस्थापन गरी संयुक्त राष्ट्र संघबाट प्रतिपादन भएको अन्तर्राष्ट्रिय स्तरमा प्रयुक्त Single Administrative Document- SAD लाई अवलम्वन गरियो । यस व्यवस्थाले भन्सार महसूलको गणना लगायतका विषयमा हुन सक्ने त्रुटीहरूलाई निराकरण गरि स्वःचालित प्रणालीद्धारा आवश्यक तथ्याँक समेत प्राप्त गर्न सकिने अवस्था सृजना भएको छ ।

मालवस्तुको जाँचपासमा शतप्रतिशत भौतिक परीक्षण गर्ने साविकको व्यवस्थाले समय, जनशक्ति तथा प्रयत्न सवै वढी लाग्ने भई अन्तत्वोगत्वा व्यावसायिक लागत समेत वढ्ने भएकोले सोको वदला जोखिममा आधारित जाँचपास प्रणालीको अवलम्वन गरी व्यापार सहजीकरण गरेको देखिन्छ । जोखिम व्यवस्थापनमा आधारित जाँचपास प्रणालीमा स्वःचालित छनौटको माध्यमबाट प्रणालीले जोखिमको रुपमा पहिचान गरेका मालवस्तुहरूको मात्र विस्तृत परीक्षण हुने भई जोखिम रहित मालवस्तुहरू विना झण्झट शिघ्र जाँच पास हुने व्यवस्था अवलम्वन गरिएको छ ।

छनौट प्रणालीमा विभिन्न मार्गहरू प्रणालीले नै निर्धारण गरिदिने व्यवस्था समेत गरिएको छ । जस्तैः हरित मार्ग (Green Channel) ले ईगिंत गरेको मालवस्तुहरू भौतिक परीक्षण विना नै राजस्व वुझाई तुरुन्त छुट्ने, पहेँलो मार्ग (Yellow Channel) ले ईगित गरेकोमा यस्ता मालवस्तुहरू सम्वद्ध कागजातहरूको विस्तृत जाँच गर्नुपर्ने, निलो मार्ग (Blue Channel) ले ईगित गरेकोमा त्यस्ता मालवस्तुहरू भन्सार कार्यालयले जाँचपास गरिसकेपछि अनिवार्य रुपमा जाँचपास पछिको परीक्षण गर्नुपर्ने र रातो मार्ग (Red Channel) ले ईगिंत गरेकोमा त्यस्ता मालवस्तुको सम्वद्ध कागजपत्रको जाँचका अतिरिक्त ती सामाग्रीहरूको भौतिक परीक्षण समेत अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था रहेको छ । यस व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्दछ ।

### ६.६.५. भन्सार जाँचपास पछिको परिक्षण (Post Clearnce Audit)

व्यापार सहजीकरणमा परीक्षणमा आधारित नियन्त्रण (Audit Based Control) एउटा महत्वपूर्ण औजार मानिन्छ । यस अनुसार भन्सारबाट मालवस्तुको सहज र शीघ्र जाँचपास गर्ने र भन्सारबाट जाँच पास भई सकेपछि त्यस्ता मालवस्तुको मूल्याँकन, भन्सार दर लगायतका विषयहरू आयातकर्ताकै परिसरमा विस्तृत परीक्षण गरी एकिन गरिन्छ । यसबाट भन्सारमा मालवस्तुहरू नरोकिने हुदाँ जाँचपासमा लाग्ने समय कम हुनुका साथै व्यावसायिक लागत समेत घट्न जान्छ । जाँचपास पछिको परीक्षण व्यवस्थालाई नेपालले पनि अगिँकार गरि सकेको र यस्तो कार्य गर्न केन्द्रीय स्तरमा भन्सार विभाग अर्न्तगत छुट्टै भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गरिएको छ । उक्त कार्यालयले जोखिमको मूल्यांकन गरी छनौट गरिएका मालवस्तुको जाँचपास परीक्षण गर्ने गरिएको छ । अन्य भन्सार कार्यालयहरूको हकमा जाँचपास पछिको परीक्षण गर्नुपर्ने देखिएका मालवस्तुको छनौट भन्सार विभागका महानिर्देशकले पनि गर्न सक्ने र भन्सार कार्यालयले पनि जोखिमको मूल्याँकनका आधारमा यस्तो परीक्षण गर्ने व्यवस्था रहि आएको छ ।

### ६.६.६ आयात निर्यात संकेत नम्वर (Import Export Code)

आयात निर्यात व्यापारलाई सुव्यवस्थित र पारदर्शी वनाउन आयात निर्यात कर्ताहरूको पहिचान र निजहरूले गरेको कारोवारको अभिलेख आवश्यक हुन्छ । अर्न्तराष्ट्रिय स्तरमा पनि यस प्रकारको पहिचान खुल्ने संकेत नम्वर प्रदान गर्ने प्रचलन रहि आएको छ । हालसम्म नेपालमा कुन आयात/निर्यातकर्ताले कुन माल वस्तु कति परिमाणमा आयात/निर्यात गर्न सक्ने हो, निजको क्षमता र पूँजि कति रहेको छ ? सो को लेखाजोखा गर्ने प्रावधान छैन । यसबाट व्यवसाय दर्ता गरेकै आधारमा असीमित रुपमा आयात निर्यात गर्ने प्रचलन वढेको पाईन्छ । यस्तो प्रवृत्तिका कारण वास्तविक आयात निर्यातकर्ता छद्म भेषी हुने र साधारण व्यक्ति पछि व्यापारिक जालसाँजको शिकार वन्न सक्ने अवस्था रहेको छ ।

### ६.६.७ विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रवर्द्धन गृहको व्यवस्था

निकासी व्यापारलाई प्रोत्साहन गर्नका लागि निर्यात गर्ने मालवस्तुमा प्रयोग हुने कच्चा पदार्थ एवं माध्यमिक वस्तुहरू देशभित्र उत्पादन गर्ने उत्पादकले निर्यात प्रवर्द्धन गृह (Export Promotion House) वा विशेष आर्थिक क्षेत्रमा विक्रि गरेमा त्यस्ता मालवस्तुमा तिरेको कर, महसूल फिर्ता दिने व्यवस्था गरेको पाईदैन । यस्तो व्यवस्थाले गर्दा माध्यमिक वस्तुको उत्पादन गर्ने स्वदेशी उद्योगहरू र नेपालका घरेलु उद्योगहरूले उपयुक्त रुपमा प्रोत्साहन पाउन सकेका छैनन् । विशेष आर्थिक क्षेत्रको अवधारणालाई नेपालले अवलम्वन गर्न खोजे पनि हालसम्म एक स्थानमा मात्र यस्तो क्षेत्रको स्थापना भएको र सो पनि अपर्याप्त र साँघुरो भएकोले अपेक्षित रुपमा संचालनमा आउन सकेको छैन् ।

**सुझावहरू**

- चीनको तिव्वतसंगको व्यापारलाई व्यवस्थित गर्न प्रतित पत्रको माध्यमबाट हुने पैठारीलाई प्रोत्साहित गर्ने भनि नेपाल र चीनका बीच सन् २००२ मा सम्पन्न संझौतामा उल्लेख भएकोले यस क्षेत्रको व्यापारलाई व्यवस्थित गर्न प्रतित–पत्रको माध्यमबाट मात्र पैठारी गर्न पाउने व्यवस्था मिलाउनु पर्दछ ।
- चीनको तिव्वतसंगको व्यापारमा हाल कायम रहेको वस्तु विनिमय प्रणाली विश्व व्यापार संगठनले प्रतिपादन गरेको मूल्याँकन पद्धतीसंग अनुकूल नभएकोले यस व्यवस्थामा पुर्नःविचार गरी सम्पूर्ण व्यापारलाई वैंकिग प्रणाली मार्फत सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

- भारतसंगको व्यापारमा हाल कायम रहेको व्यवस्थामा स्थानीय वजारबाट खरीद गरि गरिने पैठारीमा वैंकिग प्रणालीको अनिवार्यता नभएकोले निश्चित रकम भन्दा वढीको व्यापारिक कारोवारमा वैंकिग प्रणालीबाट मात्र भुक्तानी गर्ने व्यवस्था गरिनु पर्दछ। यस प्रकारका वैंकिग कागजात पैठारीकै अवस्थामा भन्सार कार्यालयमा पेश गर्ने व्यवस्था गरिनु पर्दछ।
- भन्सार प्रकृयालाई सरल बनाउन पैठारी गरिने मालवस्तु भन्सार विन्दुमा आइपुग्नु पहिल्यै वस्तुको घोषणा गरेर भन्सार महसुल तिर्ने प्रक्रियालाई प्रोत्साहित गरिनु पर्दछ।
- जाँचपास पछिको परीक्षणलाई प्रभावकारी वनाउन हाल कायम रहेको संगठन संरचनालाई विस्तार गरी क्षेत्रीय स्तरमा कार्यालयहरू स्थापना गर्ने र परीक्षणका लागि आवश्यक पर्ने दक्ष जनशक्तिहरू (जस्तै, चार्टर्ड एकाउण्टेण्ट, कानून विज्ञ, कष्ट एकाउण्टेण्ट, आदि) को व्यवस्था गरि परीक्षण कार्यलाई प्रभावकारी र नतिजामूखि वनाउनु पर्दछ। आन्तरिक राजस्व कार्यालयसंग समन्वय गरि करदाताको बिस्तृत कर परीक्षण गर्दा भन्सार मुल्यांकन प्रकृयाका सम्बन्धमा समेत परीक्षण गर्ने ब्यबस्था गर्नु पर्दछ।
- व्यापार सहजीकरणमा अर्न्तराष्ट्रिय स्तरमा पहिचान भएका Trusted Traders एवं Authorized Economic Operator (AEO) जस्ता अवधारणाहरूलाई नेपालमा पनि अवलम्वन गर्दै जानु पर्ने देखिन्छ। विश्व भन्सार संगठनद्धारा प्रतिपादित SAFE Framework का शर्तहरू पूरा गर्ने आयातकर्ताहरूलाई AEO को मान्यता दिई त्यस्ता AEO हरूले प्राप्त गर्ने सुविधाहरू प्रदान गर्नुपर्दछ। त्यस्तै, व्यापारिक कारोवारमा संलग्न आयात/निर्यातकर्ताहरूको विश्वसनिय अभिलेख एवं विवरणका आधारमा निजहरूको पहिचान गरि त्यस्ता आयात निर्यातकर्ताहरूले गर्ने आयात/निर्यातलाई भिन्न र सहज वनाई भन्सार जाँचपास प्रक्रियामा तोकिएका सुविधाहरू प्रदान गर्ने व्यवस्था अवलम्वन गरिनुपर्ने हुन्छ।
- मालवस्तुहरूको जाँचपास प्रक्रियामा हाल प्रचलनमा रहेको Asycuda प्रणालीले भन्सार व्यवस्थापनका लागि आवश्यक पर्ने सूचना तथा तथ्याँकहरू तत्कालै (Real Time) उपलव्ध गराउन नसक्ने, स्थानीय स्तरमा मात्र सोको आवद्धता रहेको र भन्सारका कतिपय आधुनिक प्रक्रियाहरू समेत यस प्रणालीमा समावेश नभएकोले यसलाई थप प्रभावकारी वनाउन वेभमा आधारित प्रणालीमा रुपान्तरण गरी व्यापार सहजीकरणका अतिरिक्त भन्सार नियन्त्रण प्रणालीको आधारको रुपमा विकास गर्नुपर्ने हुन्छ।

- भन्सार प्रक्रियाहरूको सरलीकरण र सामञ्जस्यीकरणको निमित्त कोशेढुंगाको रुपमा रहेको संशोधित क्योटो महासन्धी (Revised Kyoto Convention) को पक्ष राष्ट्र भएकाले तदनुरुप मौजुदा कानूनमा संसोधन गरी भन्सार प्रक्रियालाई थप सरल, सहज तथा सक्षम वनाउनु पर्ने देखिन्छ ।
- आयात निर्यात कर्ताको छुट्टै पहिचानका लागि निजहरूलाई निश्चित संकेत नम्वर (Import Export Code) प्रदान गर्ने र सो वाहेकका अरु व्यक्ति र फर्महरूले व्यापारिक प्रयोजनका लागि आयात निर्यातको काम गर्न नपाउने व्यवस्था गरिनु पर्दछ । तर केही निश्चित मूल्य सम्मका मालवस्तुहरूको हकमा यस्तो संकेत नम्वर लिन आवश्यक नपर्ने व्यवस्था समेत गरिनु पर्दछ ।
- विशेष आर्थिक क्षेत्र (Special Economic Zone) तथा निर्यात प्रवर्द्धन गृह (Export Promotion House) मा विक्रि गर्ने घरेलु उद्योग तथा माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगहरूले कच्चा पदार्थमा तिरेको कर महसूल फिर्ता गर्ने र निजहरूलाई निकासी सरहको सुविधा प्रदान गरिनुपर्दछ । देशका विभिन्न स्थानहरूमा आवश्यकता र औचित्यका आधारमा विशेष आर्थिक क्षेत्रको विस्तार र निर्यात प्रवर्द्धन गृहको स्थापना गरिनु पर्दछ ।
- आयातित सवारी साधन सुख्खावन्दरगाह स्थिति भंसार यार्डमा रहने र यार्डबाट सवारी साधनका डिलरले विक्री गरेको अवस्थामा मात्र भंसार महसुल लगाउने व्यवस्था गरिनु पर्दछ ।
- निकासी पैठारी गर्दा आवश्यक पर्ने कागजताको संख्या कटौति गरिनु पर्दछ ।

## ६.७ अन्तर्राष्ट्रिय प्रतिबद्धता

भन्सार प्रशासन अन्तर्राष्ट्रिय भाईचारा सम्वन्ध (International Brotherhood Relationship) को रुपमा पनि धेरै मुलुकहरूसंग सम्वन्धित हुन्छ । अन्तर्राष्ट्रिय व्यापारको सहजीकरण गर्ने जिम्मेवारी पनि भन्सार प्रशासनको हुने भएकोले अन्तर्राष्ट्रिय, क्षेत्रीय संगठनहरूसंग मुलुकले गरेको प्रतिवद्धता पूरा गर्ने गराउने जिम्मेवारी पनि भन्सार प्रशासनको हुन्छ । अन्तर्राष्ट्रिय स्तरमा नेपालले द्धिपक्षीय, क्षेत्रीय एवं वहुपक्षीय संझौताहरू गरेको छ । यस अर्न्तगत छिमेकी मुलुकहरू लगायत अन्य कतिपय मुलुकहरूसंग गरिएको द्धिपक्षीय व्यापार संझौता, सार्क राष्ट्रहरू विच गरिएको साफ्टा संझौता, विमस्टेक मुलुकहरूसंग भएको सहुलियतपूर्ण व्यापार संझौता रहेका छन् । त्यस्तै, नेपालले विश्व

भन्सार संगठन एवं विश्व व्यापार संगठनको सदस्यता लिई सकेको छ । सोही क्रममा विश्व व्यापार संगठनको सदस्यता लिदाँ नेपालले गरेका प्रतिवद्धता अनुरुपका प्रावधानहरू तोकिएको समय सीमा भित्र नै पूरा गर्नुपर्ने हुन्छ । विश्व व्यापार संगठन अर्न्तगत व्यापार सहजीकरण (Trade Faciliation) संझौता समेत गरिसकेको छ । माथी उल्लेखित सन्धि संझौता अर्न्तगत नेपालले देहायका प्रतिवद्धताहरू पूरा गर्नुपर्ने अवस्था रहेको छ ।

## ६.७.१ विश्व व्यापार संगठन र नेपालको प्रतिवद्धता

नेपाल सन् २००४ मा विश्व व्यापार संगठनको सदस्यता लिएको परिप्रेक्ष्यमा हाम्रो अर्थतन्त्रलाई अझै बढी उदार बनाउदै जानु पर्ने हुन्छ । व्यापार र सेवा क्षेत्र विदेशी लगानीका लागि खुला गर्दै जानु पर्दछ । विश्व व्यापार संगठनको सदस्यता लिएको सन्दर्भमा सीमा रहित व्यापारको अवधारणा लागू हुने हुंदा विदेशी लगानीकर्ताले सहज रुपमा लगानी गर्न पाउने हुन्छन । विश्व व्यापार संगठनको सदस्यता लिएको समयमा र अन्ततः भन्सारका सीमावद्ध दर (Bound Rates) कति राख्ने भनेर तोकिएको हुन्छ र त्यसरी तोकिएका सीमावद्ध दरभन्दा बढी दर लगाउनु पाइदैन । नेपालले सन् २००६ देखि विश्व व्यापार संगठनका प्रतिवद्धता अनुरुपका भन्सार दरहरू समायोजन गर्न शुरु गरि सन् २०१३ सम्ममा सम्पन्न गरिसक्नु पर्ने व्यवस्था रहेकोछ । यस क्रममा अन्य भन्सारका अधिकांश दरहरू समायोजन गरिसकिएको भएतापनि हलुका चारपांग्रे सवारी साधनहरूको भन्सार महसूल दर समायोजन गर्न वाँकी रहेको देखिन्छ । त्यस्तै, आयातमा लाग्ने अन्य शुल्क तथा दस्तुरहरू (Other Duties and Charges) सन् २०१३ भित्र नै पूर्ण रुपमा हटाउनु पर्नेमा अझै पनि कृषि सुधार शुल्क र सडक मर्मत तथा संभार दस्तुर जस्ता केही शुल्क तथा दस्तुरहरू कायम नै रहेको देखिन्छ ।

## ६.७.२ साफ्टा संझौता र नेपालको प्रतिवद्धता

नेपालले साफ्टा संझौता अनुरुप सन् २०१५ डिसेम्वरसम्ममा संवेदनशील सूचिमा परे वाहेकका मालवस्तुहरूको भन्सार दर शून्य देखि पाँच प्रतिशत मात्र कायम गर्नु पर्दछ । सार्क मुलुकहरू बीच व्यापार उदारीकरण कार्यक्रम (Trade Liberlization Program) सन् २००६ देखि लागू भएको र नेपालले पनि सोही अनुरुप भन्सारका दरहरू प्रत्येक आर्थिक वर्षमा समायोजन गर्दै गएको छ ।

सार्क मुलुकहरूको व्यापारको अवस्थालाई हेर्दा साफ्टा अर्न्तगत हुने व्यापार भन्दा साफ्टा वाहिरबाट सार्क मुलुकहरूको बीच हुने गरेको व्यापारको मात्रा उल्लेखनिय रुपमा वढि

रहेको देखिन्छ । त्यसो हुनुको एउटा कारण नेपालले सार्क मुलुकहरूविच हुने व्यापारका महत्वपूर्ण वस्तुहरूलाई संवेदनशील सूचिमा राखेको कारण नै भएको अनुमान गर्न सकिन्छ ।

सार्कका अन्य मुलुकहरूको तुलनामा नेपालले राखेको संवेदनशील सूचि (Sensative List) का मालवस्तुहरू वढी नै (करिव २० प्रतिशत) देखिन आएको छ । तर छिमेकी मुलुक भारतले यस्ता सूचिमा नेपालको लागि २५ उपशिर्षक (Tariff Line) का वस्तुहरूलाई मात्र संवेदनशील सूचिमा सूचिवद्ध गरेको छ । सोही अनुसार भुटान र मालदिभ्सले कायम गरेको संवेदनशील सूचि पनि २०० उपशिर्षक (Tariff Line) भन्दा कम नै रहेको छ । सार्क मुलुकहरू बीच साफ्टा संझौता पूर्व कायम रहेको South Asian Prefrential Trade Agreement (SAPTA) लाई पनि साफ्टा (South Asian Prefrential Trade Agreement) संगसंगै लागू गर्ने सर्न्दभमा SAPTA को तुलनामा साफ्टाको सहुलियत दर वढी भएकोले आयातकर्ताबाट SAPTA सुविधाको माग गर्ने गरेको पाईदैन । तथापी, SAPTA लाई SAFTA को आधारशिलाको रुपमा लिईएको छ ।

यस क्षेत्रका देशहरूले द्विपक्षीय रुपमा खुला व्यापार सन्धी गर्ने कुरा पनि अगाडी सारिरहेका छन । खुला व्यापारको अवधारणा पूर्ण रुपमा लागू गरिए पछि यस क्षेत्रभित्र हुने अन्तर्राष्ट्रिय व्यापार भन्सार मुक्त हुनेछ । यसैगरी दक्षिण एशियाली क्षेत्र वाहिरको व्यापारका लागि यस क्षेत्रका सबै देशले साझा भन्सार दर कायम गर्नु पर्ने हुन सक्छ ।

*तालिका ६.३:* **सार्क तथा अन्य मुलुकसंगको आयात अवस्था** (आ.व.२०७०/७१)

रु. हजारमा

| मुलुक | आयातित मुल्य | योगदान प्रतिशत | आयात महशुल | योगदान प्रतिशत |
|---|---|---|---|---|
| भारत | ४७१,९६८,६२४ | ६५.९१ | ४०,०९७,२१७ | ६४.२७ |
| बंगलादेश | १,६४६,२६६ | ०.२३ | १८९,०८४ | ०.३० |
| पाकिस्तान | ३५५,५९९ | ०.०५ | ३७,००९ | ०.०६ |
| भुटान | ३१४,१८१ | ०.०४ | १६,६६५ | ०.०३ |
| श्रीलंका | १२९,२५४ | ०.०२ | ६,७१९ | ०.०१ |
| अफगानिस्तान | ७८५ | ०.०० | १७ | ०.०० |
| माल्दिभ्स | ११ | ०.०० | २ | ०.०० |
| अन्य | २४१,७१५,१३३ | ३३.७५ | २२,०३९,५२९ | ३५.३३ |
| जम्मा | ७१६,१२९,८५३ | १००.०० | ६२,३८६,२४२ | १००.०० |

*श्रोत : भन्सार विभाग ।*

नेपालको कुल पैठारी मध्ये ६५ प्रतिशत सार्क मुलुकहरूबाट हुने गरेको छ भने ३५ प्रतिशत अन्य मुलुकहरूबाट । सार्क मुलुकहरूबाट हुने पैठारीमा अधिकांस हिस्सा भारतबाट हुने पैठारीको छ भने अन्य सार्क देशहरूबाट हुने पैठारी नगन्य छ । सार्क मुलुकहरूबाट हुने पैठारीमा सहुलयितपूर्ण भन्सार महसुल लाग्दछ । तर संवेदनशील सूचीमा समाविष्ट वस्तुहरूको हकमा भने प्रचलित मानक दर लागू हुन्छ र यस्ता वस्तुहरूले सौविध्यपूर्ण व्यवहार पनि प्राप्त गर्दैनन् । केही देशहरूले अतिकम विकसित देश (अफगानिस्तान, बंगलादेश, भूटान, मालदिभ्स र नेपाल) र यी बाहेकका देश (भारत, पाकिस्ता र श्रीलंका) को लागि छुट्टाछुट्टै सूची बनाएका छन् भने केहीले सबैको लागि एउटै साझा सूची बनाएका छन् । सार्क सदस्य राष्ट्रहरूले संवेदनशील सूचीमा समावेश गरेका वस्तुको संख्या निम्नानुसार रहेको छ :

*तालिका ६.४:* **सार्क सदस्य राष्ट्रहरूले संवेदनशील सूचीमा समावेश गरेका वस्तुको संख्या**

| **सदस्य राष्ट्र** | **संवेदनशील सूचीमा समाविष्ट वस्तुको संख्या (सन् २०१२ जनवरी १ देखि कार्यान्वयनमा आएको)** | |
|---|---|---|
| | **अति कम विकसित** | **विकसित** |
| अफगानिस्तान | ६५८ | ६५८ |
| बंगलादेश | ९८७ | ९९३ |
| भूटान | १५६ | १५६ |
| भारत | २५ | ६१४ |
| मालदिभ्स | १५४ | १५४ |
| नेपाल | ९९८ | १०३६ |
| पाकिस्तान | ९३६ | ९३६ |
| श्रीलंका | ८३७ | ९६३ |

*श्रोत : सार्क सचिवालयको वेबसाइट*

दक्षिण एसियाली मुलुकहरूमा नेपालले हाल कायम गरेको संवेदनशील वस्तुको सूची सवभन्दा लामो छ । नेपालले व्यक्त गरेको क्षेत्रीय प्रतिवद्धता अनुसार संवेदनशील सूचीमा समावेश भएका वस्तुलाई क्रमशः यस सूचीबाट हटाउदै जानुपर्दछ । यस सन्दर्भमा राजस्व तथा उद्योग संरक्षणका दृष्टिकोणले तुलनात्मक रुपमा कम महत्ववपूर्ण वस्तुहरूलाई साप्टा संवेदनशील सूचीको वस्तुबाट क्रमशः हटाउदै जानुपर्ने आयोगको सुझाव छ ।

### ६.७.३ BIMSTEC र नेपालको प्रतिवद्धता

BIMSTEC राष्ट्रहरूका वीचमा भएको सहुलियतपूर्ण व्यापार संझौता अनुसार सम्पूर्ण मालवस्तुहरूलाई चार समूहमा विभाजन गरि भन्सार दरमा सहुलियत प्रदान गरिने प्रतिवद्धता गरिएको छ । यस अनुसार FAST Track, Normal Trade Reduction, Normal Tariff Elimination र Negative list रहेका छन् । सहुलियतपूर्ण व्यापारमा उपर्युक्त वमोजिमका सूचीहरूमा वर्गीकरण गर्ने विषयमा BIMSTEC राष्ट्रहरूमा हालसम्म मतऐक्य हुन नसकेकोले सो को कार्यान्वयन हुन वाँकी नै रहेको छ । यसको सहि रुपमा कार्यान्वयन भएमा नेपालले पैठारी व्यापारमा धेरै राजस्व गुमाउनु पर्ने हुन्छ ।

**सुझावहरू**

- विश्व व्यापार संगठनमा नेपालले गरेको प्रतिवद्धता वमोजिम भन्सारका दरहरू समायोजन गरी सोबाट न्यून हुने राजस्व अन्तःशुल्क लगायतका अन्य वैकल्पिक कर लगाई परिपूर्ति गरिनुपर्दछ ।
- विश्व व्यापार संगठनको व्यापार सहजीकरणसम्वन्धी वाली संझौतालाई नेपालले पनि कार्यान्वयन गर्नुपर्ने हुदाँ सो अनुकूलको कानूनी व्यवस्थाको तयारी गर्नुपर्ने हुन्छ ।
- सार्क मुलुकहरूवीच सहुलियतपूर्ण व्यापार अभिवृद्धि गर्न नेपालले राजस्व जोखिमलाई विचार गरी संवेदनशील वस्तुको सूचिलाई अन्य सार्क मुलुकहरूसंग मिल्दो जुल्दो हुने गरी घटाउनु पर्ने हुन्छ ।
- BIMSTEC कार्यान्वयन हुदाँ राजस्वमा पर्न जाने न्यूनतालाई दृष्टिगत गरि नकारात्मक सूचिका मालवस्तुहरूको सूचि कायम गरिनु पर्दछ ।
- BIMSTEC को लागि तयार गरिनु पर्ने नकारात्मक बस्तुहरूको सूची (Negative List) SAFTA को संवेदनशील सूचीसंग तादाम्यता रहने गरी तय गरिनु पर्दछ ।
- भारतसंग कायम रहेको द्विपक्षिय व्यापार संझौताले प्राथमिक कृषि उत्पादन, जीवित जनावर, माछा, वनजन्य उत्पादनहरूमा भन्सार महसूल लगाउन नपाईने व्यवस्था गरेकोले नेपालको कृषि क्षेत्रको संरक्षणका लागि शुल्क तथा महसूल लगाउन पाउने गरी द्विपक्षीय संझौतामा पुनरावलोकन गरिनु पर्दछ ।
- अन्तर्राष्ट्रिय व्यापारमा कुनै पनि देशको मालवस्तु अन्य जुनसुकै देशबाट पनि आयात गर्न पाईने व्यवस्थाको वावजुद नेपाल र भारत वीच भएको अनधिकृत

व्यापार नियन्त्रणसम्वन्धी संझौताले तेश्रो मुलुकमा उत्पादित मालवस्तु भारतबाट पैठारी गर्न नपाउने र नेपालले पनि तेश्रो मुलुकबाट आयातित मालवस्तु भारततर्फ निकासी गर्न नपाउने गरी गरिएको संझौताले व्यापार संकुचन गरेको हुदाँ अन्तर्राष्ट्रिय प्रचलन वमोजिम यस्तो आयात निर्यातलाई खुल्ला गर्ने गरि उक्त संझौताको पुनरावलोकन गर्नु जरुरी देखिन्छ ।

## ६.८ भंसार प्रशासनको सुधार

भंसार प्रशासनको सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजनालाई निरन्तर रुपमा कार्यान्वयन गर्दै जानु पर्दछ । यस प्रशासनको वर्तमान संगठनात्मक स्वरुप कार्यमुलक किसिमको नभएकोले कर्मचारीहरूका लागि जांचपास वढी आकर्षित हुने गरेको र अन्य कार्यहरू माथि त्यति ध्यान नपुग्ने गरेको स्थिति छ । कार्यमुलुक संगठनात्मक स्वरुपको अभावका कारणले भंसार प्रशासनमा विशेषज्ञीकरणको पनि विकास भएको छैन र यस प्रशासनले संपादन गर्ने कार्यमा भंसारका कर्मचारीलाई जिम्मेवार वनाउन सकिएको छैन ।

भंसार क्षेत्रमा गैर भंसार सम्वन्धी कर्मचारीसमेत प्रवेश गर्ने प्रचलनले भंसार प्रशासनको जवाफदेहीता तथा प्रभावकारीतामा ह्रास ल्याएको छ ।

जिल्ला स्थित भन्सार कार्यालयलाई सीमा चोरी निकासी पैठारी नियन्त्रण गर्ने निकायको रुपमा सबल बनाउनु आवश्यक छ । हाल चोरी निकासी पैठारी नियन्त्रणका लागि सुरक्षानिकायहरूमाथि निर्भर रहनु पर्ने स्थिति छ । सीमामा खटिएका सुरक्षा निकायहरू चोरी निकासी पैठारीमा संलग्न हुंदा एकातिर तिनीहरूको मूल उद्देश्यको रुपमा रहेको शान्ति सुरक्षासम्वन्धी काममा आंच आउन सक्ने र अर्कोतर्फ चोरी निकासी पैठारी सम्वन्धी मूल जिम्मेवारी कुन निकायको हो भन्ने सम्वन्धी विवाद श्रृजना हुने गरेको छ ।

आधुनिक भंसार प्रशासनमा मानव संलग्नता भन्दा पनि विभिन्न उपकरणहरूको वढी प्रयोग हुन पर्दछ । तर विश्व बैकको एक अध्ययनले नेपालले यस्ता भन्सारले उपयोग गर्ने करिव २०० उपकरणहरू मध्ये १/२ वटामात्र उपयोग गरेको देखिएको छ ।

हाल भन्सार कार्यालयहरू जाँचपासमा केन्द्रीत हुँदा भन्सारका अन्य महत्वपूर्ण कार्यहरू ओझलमा पर्न थालेका छन् ।

**सुझाव**

- भंसार प्रशासनको संगठनात्मक स्वरुप कार्यमूलक किसिमको वनाउनु जरुरी छ ।
- भंसार क्षेत्रमा कुनैपनि गैर भंसार निकायका कर्मचारीले प्रवेश पाउनु हुंदैन ।
- शान्ति सुरक्षा सम्वन्धी निकायहरू शान्ति सुरक्षा कार्यमा केन्द्रित भै चोरी निकासी पैठारीलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने संयन्त्र भंसार प्रशासन अन्तर्गत विकास गरिनु पर्दछ ।
- सीमावर्ती भन्सार कार्यालयमा भन्सार जाँचपास र भन्सार राजस्व विचलन नियन्त्रण गर्न कन्टेनर एक्सरे, व्यागेज एक्सरे जस्ता आधुनिक उपकरणहरू प्रयोग गरिनु पर्दछ ।
- भन्सार प्रशासनलाई क्रमश जाँचपासमा केन्द्रीत हुने विद्यमान अवस्थाबाट जानकारीमा आधारित नियन्त्रण प्रणाली (Intelligence System) का माध्यमबाट नियन्त्रण गर्ने परिपाटीको विकास गर्दै जानु पर्दछ ।

## ६.९ व्यापार सहजिकरण

व्यापार सहजिकरण आधुनिक भंसार प्रशासनको एक महत्वपूर्ण कार्य हो । यस सम्वन्धमा सरोकार राख्ने संशोधित क्योटो महासन्धि अनुरुप नेपालको भन्सार कानूनका विभिन्न क्षेत्रमा सुधार गर्नु पर्ने आवश्यकता भएकोले नेपालसको भन्सार प्रशासनलाई अन्तर्राष्ट्रिय स्तरमा लैजान भंसार कानूनलाई संशोधन गरिनु जरुरी छ । व्यापार सहजिकरण गर्नका लागि भन्सार जाँचपासमा आवश्यक कागजात अत्यधिक भएकाले कागजातका संख्या घटाएर दक्षिण एशियाली मुलुकको विशिष्ट स्तरमा पुऱ्याउनु पर्दछ । यसको लागि हालसालै भारतले जाँचपासमा लाग्ने कागजातको संख्या व्यापक कटौति गरे झै नेपालमा पनि यस्ता कागजातको संख्या न्युतम राखिनु पर्दछ । हाल नेपाल दक्षिण एशियाली मुलुकमा Doing Business - Trading Across the Border मा छैठौ नम्बरमा रहेकोले प्रकृयागत सरलीकरण गरेर नेपालको स्थितिलाई सुधार्न पर्दछ ।

नेपाल विश्व व्यापार संगठनको सदस्य भएको र बालीमा विश्व भन्सार संगठनको व्यापार सहजीकरण सम्झौता भइसकेकाले नेपालले यस सम्बन्धी प्रोटोकलमा हस्ताक्षर गरी कार्यान्वयन गर्नु पर्ने भएकोछ ।

विश्वमा अधिकांश भन्सार प्रशासनेले १० प्रतिशत भन्दा कम भौतिक परीक्षण गर्ने गरेका र सो पनि जानकारीमूलक परीक्षण हुने गरेकाले नेपालले पनि यस पद्दतिलाई अवलम्बन गर्न अत्यावश्यक रहेको छ ।

अध्याय

७

# अन्तःशुल्क

## ७.१ परिचय

प्रथम पुस्ताको कर सुधारको सन्दर्भमा अन्तःशुल्क व्यवस्थामा पनि विभिन्न सुधारहरू गरिएका थिए । उदाहरणका लागि आर्थिक वर्ष २०४८/४९ मा केही वस्तुहरूमा स्वयं निस्काशन प्रणाली प्रयोगको रुपमा लागू गरियो र यस प्रणालीको दायरा क्रमशः विस्तार गरियो । हाल यस्तो व्यवस्था मदिरा र चुरोट बाहेक अन्तःशुल्क लाग्ने अन्य सबै वस्तुको हकमा लागू गरिएको छ । अन्तःशुल्क यसको प्रकृति अनुसार तोकिएका सीमित वस्तु तथा सेवामा मात्र लाग्ने भएकोले कर सुधारको क्रममा अन्तःशुल्कको सैद्धान्तिक अवधारणा तथा अन्तर्राष्ट्रिय राम्रा प्रयोग (Best Practices) अनुसार अन्तःशुल्क लाग्ने वस्तुको सूचीमा सामान्यतया समावेश नहुने र राजस्वको दृष्टिकोणले महत्वपूर्ण नभएका वस्तुमा लागेको अन्तःशुल्क खारेज गरियो । उदाहरणका लागि, आर्थिक वर्ष २०४९/५० मा ५३ वस्तुमा अन्तःशुल्क लागू गरिएकोमा यस संख्यालाई आर्थिक वर्ष २०५०/५१ मा २३ मा झारियो । त्यसपछिका वर्षहरूमा पनि राजस्वको दृष्टिकोणले कम महत्वपूर्ण वस्तुहरूमा लागेको अन्तःशुल्क खारेज गरी आर्थिक वर्ष २०५४/५५ मा जम्मा ११ वस्तुमा मात्र अन्तःशुल्क लगाउने व्यवस्था गरियो । परम्परागत रुपमा अन्तःशुल्क तोकिएका वस्तुहरूको आन्तरिक उत्पादनमा मात्र लाग्दै आएकोमा अन्तःशुल्क ऐन, २०५८ अन्तर्गत आन्तरिक उत्पादनका साथै पैठारी गरिने वस्तुमा पनि अन्तःशुल्क लाग्ने व्यवस्था गरियो । यसका साथै अन्तःशुल्कलाई सेवामा पनि लगाउन सकिने कानूनी प्रावधान ल्याइयो । अन्तःशुल्क पैठारी गरिने र देशभित्र उत्पादन गरिने दुवै थरीका वस्तुको उपभोगमा समान रुपमा लाग्ने हुंदा यो कर विश्व व्यापार संगठनको सिद्धान्त अन्तर्गत स्वदेशी उत्पादन र पैठारी बिच भेदभाव गरिनु नहुने सिद्धान्त अनुरुप छ ।

अन्तःशुल्क लगाउने सम्बन्धमा राज्यले दीर्घकालिन सोच बनाउन आवश्यक छ । अन्तःशुल्क यसको प्रकृति अनुसार आंशिक (Partial) कर हो । यो कर अन्तःशुल्क लाग्ने वस्तु भनेर तोकिएका सीमित वस्तु तथा सेवामामात्र लाग्दछ । अर्कोतर्फ, मूल्य अभिवृद्धि कर कानूनले छुट भनेर तोकिएका सीमित वाहेक अन्य सबै वस्तु तथा सेवामा यो लाग्दछ । अन्तःशुल्क राजस्व संकलनका अतिरिक्त स्वास्थ्यको लागि हानीकारक मदिरा तथा सूर्तिजन्य जस्ता वस्तुको उपभोग घटाउन लगाइन्छ । अन्तःशुल्कलाई खासगरी मध्यम तथा उच्च आयवर्गले ठूलो मात्रामा प्रयोग गर्ने र गरीवले विरलै उपभोग गर्ने विलाशी वस्तुको उपभोग नियन्त्रण गर्न पनि लगाइन्छ । अन्तःशुल्क वातावरणीय प्रभावलाई सुधार्न पनि लगाउन सकिन्छ । मूल्य अभिवृद्धि कर लगाउन नसकिने वस्तु तथा सेवामा पनि अन्तःशुल्क लगाउन सकिन्छ । मादक पदार्थ, सूर्तिजन्य वस्तु, सवारी साधन, पेट्रोलियम पदार्थ आदिमा निर्दिष्ट दरमा अन्तःशुल्क लगाउन उपयुक्त हुन्छ भने विलाशिताका वस्तुमा यस करको दर मूल्यगत आधारमा लगाउन राम्रो हुन्छ । आगामी दिनमा अन्तःशुल्क लाग्ने वस्तुको संख्या सीमित राख्ने, निकासीलाई कर मुक्त गर्ने र अन्तःशुल्क व्यवस्थालाई स्वयं निस्काशन प्रणाली अन्तर्गत संचालन गर्ने नीति अवलम्वन गर्दै जानु पर्दछ । अन्तःशुल्क व्यवस्थालाई परिमार्जन गरी समसामयिक तथा प्रभावकारी बनाउन आयोग निम्न सुझाव पेश गर्दछ ।

## ७.२ क्षेत्र

परम्परागत रुपमा अन्तःशुल्क वस्तुको आन्तरिक उत्पादनमा मात्र लाग्दै आएको भएता पनि अन्तःशुल्क ऐन, २०५८ ले ऐनले तोकेका आन्तरिक उत्पादन र पैठारी हुने वस्तु तथा सेवामा अन्तःशुल्क लगाउन सकिने कानूनी आधार तयार गरेको छ । आधुनिक अन्तःशुल्क व्यवस्थामा हुनुपर्ने प्रावधान पनि यही हो । परम्परागत रुपमा अन्तःशुल्क लगाउने प्रमुख वस्तुहरूमा मदिरा तथा सूर्तिजन्य वस्तुहरू पर्दछन् । स्वास्थ्यको लागि हानिकारक यी वस्तुहरूको उपभोगलाई निरुत्साहित गर्नका लागि तिनीहरूमा निकै अगाडी देखि नियन्त्रणात्मक अन्तःशुल्क (Sumptuary Excise) लाग्दै आएको छ । यी वस्तुहरूको उपभोग गर्ने व्यक्तिको स्वास्थ्यमा प्रतिकुल असर पर्ने मात्र नभै अन्य व्यक्तिको स्वास्थ्यमा पनि नकारात्मक असर (Negative Externality) पर्ने भएकोले त्यस्ता वस्तुहरूमा अन्तःशुल्क लगाउनु पर्दछ भन्ने मान्यता बढ्दो छ । यस बाहेक मदिराजन्य वस्तुको बढ्दो उपभोगले सवारी दुर्घटनामा वृद्धि, सामाजिक अपराधमा वृद्धि र पुनर्स्थापना केन्द्रहरूको खर्चमा पनि वृद्धि भइरहेको हुन्छ भने सूर्तीजन्य वस्तुहरूको उपभोगले

समाजलाई स्वास्थ्यमा पर्नसक्ने प्रभाव प्रति थप सतर्क हुनुपर्ने अवस्थामा पुऱ्याउंछ । यी पक्षहरू बाहेक सूर्ती तथा मदिराजन्य वस्तुको ठूलो परिमाणमा हुने बिक्री, मूल्य-अलोचक माग र निकटतम परिपूरक वस्तुको अनुपलब्धता जस्ता पक्षहरूले पनि यी वस्तुहरूमा अन्तःशुल्क लगाउन आकर्षण बढेको हो । सूर्ती तथा मदिराजन्य वस्तुमाथि लगाइने करलाई "अपराध कर" (Sin Tax) को रुपमा समेत बुझिने र यी वस्तुहरूको उपभोगबाट सामाजिक लागत पनि सिर्जना हुने भएकोले तिनीहरूमाथि कर लगाउन वा करका दरहरू बढाउन राजनीतिक नेतृत्वलाई पनि सजिलो हुन्छ । यी विभिन्न कारणले भविष्यमा पनि मदिरा तथा सूर्तिजन्य पदार्थलाई अन्तःशुल्क लाग्ने महत्वपूर्ण वस्तुको रुपमा लिइनु पर्दछ ।

पेट्रोल, डिजेल, सवारी साधन, टायर, आदिमा लाभकारी अन्तःशुल्क (Benefit Excise) लगाउने सामान्य प्रचलन भैसकेको छ। यस किसिमको अन्तःशुल्क खास गरेर सडक निर्माण तथा सुधारका लागि आवश्यक राजस्व जुटाउने उद्देश्यले लगाइन्छ । सडक जस्ता भौतिक पूर्वाधारहरूको निर्माण गर्न राज्यले ठूलो लागानी गर्नुपर्दछ र यस्ता पूर्वाधारको नियमित मर्मत सम्भार र रेखदेखमा पनि ठूलो धनराशी खर्च हुन्छ । यस्ता पूर्वाधारका उपभोक्ता भनेका सवारी साधनधनीहरू नै हुन् । त्यसैले उपभोक्ताबाट नै यस्ता पूर्वाधारको निर्माण र मर्मत सम्भारको लागि आवश्यक राजस्व संकलन गर्ने सिद्धान्त बमोजिम पेट्रोलियम पदार्थ र सवारी साधनमा लाभजन्य अन्तःशुल्क लगाउने गरिन्छ । अर्को कोणबाट हेर्दा सवारी साधन र तिनमा इन्धनको रुपमा प्रयोग हुने पेट्रोलियम पदार्थले वायु, ध्वनी तथा जल प्रदुषण वृद्धि गर्दछ । सवारी साधन धनीहरूले सवारी साधनको प्रयोग गर्दा सोबाट उत्पन्न भएको वायु, ध्वनी तथा जल प्रदुषण मार्फत सडकमा हिंडने सर्वसाधारण बटुवाहरू तथा सडकको दायां बायां बसोबास गर्ने जनताहरूको स्वास्थ्यमा प्रतिकुल असर मात्र पुऱ्याएका हुंदैनन्, ट्राफिक जाम, सवारी दुर्घटना, सडकको दोहनबाट समेत राज्यको सामाजिक तथा भौतिक लागतमा वृद्धि गरिरहेका हुन्छन् । यही अतिरिक्त लागत वृद्धि बापतको खर्च जुटाउन पेट्रोल, डिजेल र सवारी साधनमा लाभकारी अन्तःशुल्क लगाउन औचित्यपूर्ण देखिन्छ । साथै, इन्धनको खपत कम गरी यसको संरक्षण गर्न र आयातीत पेट्रोल, डिजेलमाथिको निर्भरता कम गर्न समेत डिजेल, पेट्रोल, आदिमा अन्तःशुल्क लगाइन्छ ।

यसैगरी, सामान्य जीवनयापन गर्नको लागि आवश्यक नपर्ने विलाशिताका वस्तुहरूमा विलाशी अन्तःशुल्क (Luxury Excise) लगाउने प्रचलन छ। मोटर कार, सौन्दर्य प्रशाधनका सामानहरू, पर्फ्युमहरू र हल्का पेय पदार्थहरूमा विलाशी अन्तःशुल्क लगाइन्छ । यी

वस्तुहरूको माग कम होस् र तिनीहरूको उत्पादन तथा उपभोगको लागि हुने खर्च अन्य आवश्यक वस्तुको उत्पादन र उपभोगमा प्रयोग होस् भन्ने उद्देश्यले विलाशी अन्तःशुल्क लगाइन्छ । यसका साथै हल्का पेय पदार्थमा प्रायः ठूला बहुराष्ट्रिय कम्पनीहरूबाट उत्पादन हुने, तिनीहरूको खपत ठूलो मात्रामा हुने, तिनीहरूमाथि कर लगाउन र सोको प्रशासन गर्न पनि सजिलो हुने, यी वस्तुहरूले स्वास्थ्यमा सकारात्मक प्रभाव नपार्ने आम बुझाई भएको, तिनीहरू माथि अन्तःशुल्क लगाउंदा र राजनीतिक नेतृत्वलाई त्यति असहज नहुने भएकोले हल्का पेय पदार्थमाथि विलाशी अन्तःशुल्क लगाइन्छ । विलाशी अन्तःशुल्कलाई मूल्य अभिवृद्धि करको समपूरकको रुपमा पनि लिइन्छ । मूल्य अभिवृद्धि कर आर्थिक तथा प्रशासनिक दक्षता कायम गर्न सहज हुने गरी एकल दरले लगाइनु राम्रो मानिन्छ र विलाशी वस्तुहरूमा अन्तःशुल्कको रुपमा थप कर लगाई कर प्रणालीलाई प्रगतिशिल बनाउने प्रयाशगरिन्छ । अन्तःशुल्कको दायरा बढाउने सन्दर्भमा प्रशासनिक हिसावले मूल्य अभिवृद्धि कर लगाउन कठिन हुने वस्तु वा सेवामा अन्तःशुल्क लगाउनु पर्दछ भन्ने मान्यता पनि छ । थोरै उत्पादकले धेरै वस्तु उत्पादन गर्ने वस्तुहरूमा अन्तःशुल्क लगाउन उपयुक्त हुन्छ पनि भनिन्छ । यसो भएता पनि अन्तःशुल्क तोकिएका सीमित वस्तुमा लगाइने कर भएकोले अन्तःशुल्क लगाउनुपर्ने ठूलो औचित्य भएका बाहेक अन्य वस्तु तथा सेवामा यो कर लगाइनु हुदैन । यसले गर्दा भारत बाहेक विश्वका विभिन्न देशमा अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको संख्या एक दर्जनको हाराहारीमा मात्र रहेको पाइन्छ । भारतको संविधान अनुसार वस्तुमा विक्रीकर लगाउने अधिकार राज्यलाई मात्र भएकोले केन्द्रीय सरकारले धेरै वस्तुमा अन्तःशुल्क लगाएको हुन सक्छ ।

नेपालमा हालैका वर्षहरूमा अन्तःशुल्क लाग्ने वस्तुहरूको संख्यामा वृद्धि गरिएको छ । विश्व व्यापार संगठनको सदस्यता तथा साफ्टाको सन्दर्भमा भन्सारका दरहरू घटाउदै जानुपर्ने र त्यसबाट क्षति भएको राजस्व अन्तःशुल्कबाट परिपूर्ति गर्ने उद्देश्यले अन्तःशुल्कको दायरा बढाएको देखिन्छ । तर हालैका वर्षहरूमा अन्तःशुल्कको दायराभित्र ल्याइएका विभिन्न वस्तुहरू न त अन्तःशुल्कको सिद्धान्त अनुसार अन्तःशुल्क लाग्ने वस्तु हुन्, न त तिनीहरूबाट खासै राजस्व प्राप्त भएको कुरा निम्न तालिकाबाट स्पष्ट हुन्छ ।

*तालिका ७.१:* **पैठारीको वस्तुगत अन्तःशुल्क (२०७०/७१)**

| क.स | वस्तुको नाम | मुल्य (रु. लाखमा) | जम्माको प्रतिशत | अन्तः शुल्क (रु.लाखमा) | जम्माको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सवारी साधन | ३६९,८१३ | २८.५५ | १४६,५०६ | ८१.३६ |
| २ | मादक पदार्थ | २०,३५८ | १.५७ | ९,०६४ | ५.०३ |
| ३ | सूर्तिजन्य पदार्थ | २७,७७० | २.१५ | ८,४९२ | ४.७२ |
| ४ | इलेक्ट्रोनिक सामान | ९१,९०६ | ७.०९ | ४,३८२ | २.४३ |
| ५ | प्लाष्टिक तथा पोलिमरका सामान | ९७,०१९ | ७.४९ | २,५३६ | १.४१ |
| ६ | ग्रेनाईट, मार्बल, आदि | ३१,९७६ | २.४७ | २,२८८ | १.२७ |
| ७ | टेलिभिजन र पार्टपुर्जा | २६,०६० | २.०१ | २,०४४ | १.१४ |
| ८ | इलेक्ट्रिक सामान | २०,२९६ | १.५७ | १,३६४ | ०.७६ |
| ९ | प्याकिंगमा प्रयोग हुने सामग्री | १३,११४ | १.०१ | ७४५ | ०.४१ |
| १० | सिमेन्ट | ३१,३२१ | २.४२ | ६४७ | ०.३६ |
| ११ | सिसा तथा सोबाट निर्मित सामान | ९,९८१ | ०.७७ | ६३१ | ०.३५ |
| १२ | गैर मदिराजन्य जुसहरू (फलफूल तथा अन्य) | १५,३७४ | १.१९ | ५९७ | ०.३३ |
| १३ | पेन्ट तथा भार्निस | ७,३८५ | ०.५७ | ३६६ | ०.२० |
| १४ | जंक फुड | ६८,१६२ | ५.२६ | २३८ | ०.१३ |
| १५ | फलाम र स्टिलका सामग्री | ७७,४७५ | ५.९८ | १४४ | ०.०८ |
| १६ | माछा मासुजन्य खाद्य पदार्थ | ५६७ | ०.०४ | ३२ | ०.०२ |
| १७ | कुकुर बिरालोका खाना | २३८ | ०.०२ | १३ | ०.०१ |
| १८ | किचेन बाथरुमका सामान | ५,०५८ | ०.३९ | ०.९१ | ०.०० |
| १९ | बहुमूल्य रत्न तथा धातुहरू | ३८१,८२० | २९.४७ | ० | ०.०० |
| जम्मा | | १,२९५,६९१ | १०० | १८०,०९० | १००.०० |


*स्रोत: भन्सार विभाग*

*तालिका ७.२:* **आन्तरिक उत्पादन तर्फको वस्तुगत अन्त:शुल्क (२०७०/७१)**

| सि.नं. | वस्तु | रकम (रु. लाखमा) | जम्माको प्रतिशत |
|---|---|---|---|
| १ | मदिरा | १०३,६८९ | ३८.८९ |
| २ | सूर्तिजन्य पदार्थ | ७२,८८१ | २७.३३ |
| ३ | वियर | ५२,९३३ | १९.८५ |
| ४ | आईरन एण्ड स्टिल | २,५९२ | ०.९७ |
| ५ | सिमेन्ट | १,३८९ | ०.५२ |
| ६ | प्लाष्टिक उत्पादन | ८४१ | ०.३२ |
| ७ | अन्य | ३२,३०३ | १२.१२ |
| जम्मा | | २६६,६२८ | १००.०० |

*स्रोत: आन्तरिक राजस्व विभाग*

*चित्र ७.१:* **आन्तरिक उत्पादन तर्फको वस्तुगत अन्त:शुल्क (२०७०/७१)**




## सुझावहरू

हाल पैठारी गरिने पेट्रोलमा प्रति लिटर रु. ४ र डिजेलमा प्रतिलिटर रु. २ सडक मर्मत तथा सुधार दस्तुर लगाई भन्सार बिन्दुमै संकलन गर्ने व्यवस्था छ। यसरी भन्सारमा संकलन गरिने यो महसुल विश्व व्यापार संगठनका सदस्य देशहरूले पैठारीमा मात्र

अन्य कर वा दस्तुर लगाउन नपाउने प्रावधानको विपरित भएको मानिन्छ । अर्कोतर्फ, नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रतिलिटर ५० पैसाका दरले प्रदुषण नियन्त्रण शुल्क लगाइन्छ । हाल पेट्रोल तथा डिजेलमा अन्तःशुल्क लगाउने सामान्य प्रचलन भएको सन्दर्भमा सडक मर्मत तथा सुधार दस्तुर र प्रदुषण नियन्त्रण शुल्क खारेज गरेर पेट्रोल तथा डिजेलमा अन्तःशुल्क लगाउने व्यवस्था गरिनु पर्दछ ।

हाल दूरसंचार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसुलको १० प्रतिशत रकम दूर संचार सेवा दस्तुरको नाममा संकलन गर्दछ । यो दस्तुर इन्टरनेट र टेलिफोन सेवा वाहेकको इन्टरनेट सेवा तथा पेजर सेवा प्रदायकलाई लाग्दैन । यसैगरी यो दस्तुर दूरसंचार सेवा उपलब्ध गराउने अनुमति प्राप्त निकायहरूबीच एकले अर्कोको नेटवर्क प्रयोग गरे वापत तिर्नु पर्ने शुल्क (इन्टर कनेक्सन चार्ज) मा पनि लाग्दैन । यसको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे वमोजिम हुने भनिएता पनि हालसम्म यस सम्वन्धी नियम तथा प्रक्रियाको व्यवस्था भएको छैन । हाल दूरसंचारमा अन्तःशुल्क लगाउने सामान्य विश्वव्यापी प्रचलन भएको सन्दर्भमा छुट्टै दूर संचार सेवा दस्तुर लगाउनको सट्टा यस सेवामा अन्तःशुल्क लगाउने व्यवस्था गरिनु पर्दछ । टेलिफोन स्वामित्व शुल्क वर्तमान अवस्थामा असान्दर्भिक भएकोले यसलाई खारेज गर्नु पर्दछ ।

किचेन तथा वाथरुमका सामान, कुकुर विरालोको खाना, माछा मासुजन्य पदार्थ, जंक फुड लगायतका राजस्व नगण्य रुपमा प्रदान गर्ने र साधारणतया अन्तःशुल्कको दायरामा नआउने वस्तुमा लागेको अन्तःशुल्क खारेज गरिनु पर्दछ र अन्तःशुल्क लगाउन खासै औचित्य भएका बाहेक र राजस्वको दृष्टिकोणले समेत महत्वपूर्ण नभएका वस्तुहरूमा भविष्यमा पनि अन्तःशुल्क लगाइनु हुदैन भन्ने आयोगको सुझाव छ ।

## ७.३ अन्तःशुल्क दरबन्दी

अन्तःशुल्क परिमाण वा मूल्य वा दुवैको आधारमा लगाउन सकिन्छ । परिमाणमा आधारित अन्तःशुल्क दरहरू अन्तःशुल्कयोग्य वस्तुको तौल, लम्बाई, आकार, प्याकेट, खिल्ली जस्ता भौतिक एकाईहरूमा आधारित हुन्छ भने मूल्यमा आधारित अन्तःशुल्क दरहरू अन्तःशुल्कयोग्य वस्तुको आयातीत मूल्य वा कारखाना मूल्यमा आधारित हुन्छन् । परिमाणमा आधारित तोकिएका अन्तःशुल्क महशुलका दरको उदाहरणको रुपमा वियरमा प्रति लिटर रु. ९०, चुरोटमा प्रति हजार खिल्ली रु. ६००, सिमेन्टमा प्रति मेट्रिक टन रु.२००, टेक्सटायलमा प्रति मिटर रु. १०, र चाउचाउमा प्रति के.जी. रु. ७ लाई लिन सकिन्छ । अर्कोतर्फ, मूल्यमा आधारित अन्तःशुल्क दरको उदाहरणको रुपमा मोटरकारमा

पैठारी महशुल मूल्यको २५ प्रतिशत र हल्का पेय पदार्थमा कारखाना मूल्यको १० प्रतिशतले लाग्ने जस्ता अन्तःशुल्क दरलाई लिन सकिन्छ ।

कुनै वस्तुमा अन्तःशुल्क परिमाणगत दर वा मूल्यगत दर दुवै आधारमा तोकेर जुन दरबाट बढी राजस्व आउछ सोही दर लागू गर्ने पनि गरिन्छ । यसका अतिरिक्त कुनै देशमा कुनै वस्तुमा मूल्यगत र परिमाणगत दुवै आधारमा अन्तःशुल्क लगाउने गरेको पनि पाइन्छ । अन्तःशुल्क लाग्ने मूल्यको न्यून घोषणाबाट अन्तःशुल्क राजस्व असूलीमा प्रतिकुल असर नपरोस् वा मूल्यमा हुने उतारचढावबाट राजस्व असूलीमा ठूलो प्रभाव नपरोस् भन्ने उद्देश्यले परिमाणमा आधारित अन्तःशुल्क दरको व्यवस्था गरिएको हुन्छ भने अन्तःशुल्क लाग्ने वस्तुको मूल्यमा वृद्धि हुंदा अन्तःशुल्क राजस्वमा पनि सकारात्मक प्रभाव परोस् भन्ने उद्देश्यले मूल्यमा आधारित दरको अवलम्बन गर्ने गरिएको पाइन्छ । तर, यसरी मूल्यगत र परिमाणगत दुवै आधारमा अन्तःशुल्क दर तोक्ने व्यवस्थाले कर प्रशासनलाई भने जटिल बनाउंछ ।

नियन्त्रणात्मक अन्तःशुल्क महशुलका दरहरू सामान्यतया परिमाणमा आधारित हुन्छन् किनकि यो व्यवस्था चुरोट, मदिरा जस्ता जनस्वास्थ्यमा प्रतिकुल प्रभाव पार्ने वस्तुहरूको उपभोगलाई निरुत्साहित गर्न र यी वस्तुहरूको उपभोगबाट सृजना हुने अन्य विभिन्न बाह्य असरहरूलाई समेत कम गर्न प्रभावकारी हुने मानिन्छ । यसका साथै निर्दिष्ट दर मूल्यगत दरको तुलनामा करदाता तथा कर प्रशासक दुवैको लागि सरल हुन्छ । कारण, निर्दिष्ट दर वस्तुको भौतिक परिमाणमा लगाइने हुँदा यसले मूल्यांकन सम्वन्धी समस्या निम्त्याउदैन र न्यून बिजकीकरण गरेर राजस्व छल्ने प्रवृत्ति बढाउदैन । अधिकांश करदाता कर प्रयोजनको लागि लेखा राख्न नसक्ने वा नचाहने र कर प्रशासन सक्षम र प्रभावकारी नभएको अवस्थामा मूल्यगत दरको तुलनामा निर्दिष्ट दर लगाउन व्यावहारिक हुन्छ । विभिन्न कारणले निर्दिष्ट दर लगाउन आवश्यक भएपनि मुद्रास्फीतिको कारणले अन्तःशुल्क राजस्वमा प्रतिकुल असर नपरोस् भन्नका लागि अन्तःशुल्कका निर्दिष्ट दरलाई Price Index संग आवद्ध गरिनु पर्दछ । अर्कोतर्फ मूल्यगत दर अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको मूल्यमा हुने वृद्धि राजस्वमा स्वतः प्रतिविम्वित हुने हुँदा यस्तो दरले कर प्रणालीलाई लचक बनाउँछ र त्यस्तो कर प्रणाली अन्तर्गत मूल्य वृद्धि हुँदा राजस्व पनि स्वतः वृद्धि हुने हुँदा न्यायिक पनि हुन्छ । यस्तो दर विलासी अन्तःशुल्कको हकमा प्रयोग गरिनु पर्दछ ।

हाल मदिरा तथा सूर्तिजन्य वस्तुमा अन्तःशुल्क निर्दिष्ट दरमा लागेको छ भने अन्य वस्तुहरूमा मूल्यगत दरमा लागेको छ । अन्तःशुल्कको सामान्य सिद्धान्त अनुसार हुनुपर्ने

पनि यही हो । अन्तःशुल्कको दायरामा पेट्रोल तथत डिजेल समावेश गरिएपछि त्यसमा पनि अन्तःशुल्कको निर्दिष्ट दर लगाउन उपयुक्त हुनेछ ।


मदिरामा अन्तःशुल्कको दर प्रति लिटर वा प्रति एल. पी. लिटरको आधारमा तोकिएको छ। यसरी एल.पी.लिटर तथा लिटरमा अन्तःशुल्क लगाउँदा करको भार फरक फरक हुन सक्ने र कर प्रणाली असमान हुने सम्भावना छ। यसका साथै एल.पी लिटरको अवधारणा वुझ्न पनि सहज छैन । अर्कोतर्फ मदिराको अल्कोहल प्रतिशत र दरको प्रतिशत बीच पनि तालमेल नरहेको कुरा निम्न तालिकाबाट देखिन्छ:

*तालिका ७.३:* **तयारी मदिरामा लाग्ने अन्तःशुल्क**

| क्र.सं. | मदिराको शक्ति | अन्तःशुल्क दर रु. (प्रति लिटरमा) | अन्तःशुल्क दर रु. (प्रति एल.पी.लिटरमा) |
|---|---|---|---|
| १ | १५ यु.पी. | ७१९ | ८४८ |
| २ | २५ यु.पी. | ५३८ | ७१६ |
| ३ | ३० यु.पी. | ५०१ | ७१६ |
| ४ | ४० यु.पी. | २५४ | ४२३ |
| ५ | ५० यु.पी. | १०० | २०० |
| ६ | ७० यु.पी. | २२ | ७२ |

*स्रोत: आर्थिक ऐन २०७१*

*चित्र ७.२:* **तयारी मदिरामा लाग्ने अन्तःशुल्क (२०७०/७१)**




यसरी मदिराको हकमा अल्कोहलको मात्राको अन्तर भन्दा दरको अन्तर धेरै रहेको छ ।

स्वदेशी तथा विदेशी मदिरामा अन्तःशुल्क लगाउने सम्वन्धमा केही फरक व्यवस्था भएको देखिन्छ । उदाहरणका लागि नेपालमा १५, २५, ३०, ४०, ५०, ७० यु.पी. शक्तिको मदिरामात्र उत्पादन गर्न इजाजत दिइन्छ भने विदेशबाट जुनसुकै शक्तिको मदिरा पनि पैठारी गर्न सकिन्छ। यसैगरी स्वदेशी उत्पादनको हकमा वियरमा ३३० र ६५० एम.एल. को बोतल र मदिराको हकमा १८०, ३७५, ७५० र १००० एम. एल. को बोतल मात्र उत्पादन गर्न पाइन्छ भने विदेशबाट पैठारी हुने मदिरामा यस्तो बन्देज छैन । यसैगरी आन्तरिक उत्पादनको हकमा व्याच नम्वर, सिरियल नम्वर, अधिकतम खुद्रा मूल्य, आदि उल्लेख गर्नु पर्दछ भने पैठारीमा यसको अनिवार्यता छैन ।

अन्तःशुल्क दरवन्दीको क्रम संख्या १० मा कक्टेलको स्पष्ट परिभाषा नभएकोले व्यवहारमा समस्या देखा पर्ने गरकोले यसलाई प्रष्ट गरिनुपर्ने मदिरा व्यवसायीको माग छ ।

विश्व स्वास्थ्य संगठनको मान्यता अनुसार सूर्तिजन्य तथा मादक पदार्थमा दुई तिहाइ कर र एक तिहाइ मूल्य हुनुपर्दछ । विश्व स्वास्थ्य संगठनको यो सिद्धान्त तथा छिमेकी देशको दरसंग नेपालमा विद्यमान अन्तःशुल्क दरलाई तुलना गर्दा यी पदार्थमा नेपालले लगाई आएको अन्तःशुल्कको दर न्यून रहेको छ ।

**सुझावहरू**

स्वास्थ्यको हिसाबले मदिरामा अल्कोहलको मात्रा र चुरोटमा सूर्तिको मात्राको आधारमा कर लगाउन पर्दछ र करको दर निर्दिष्ट हुनुपर्दछ। यसैगरी पेट्रोल, डिजेल जस्ता पदार्थबाट वातावरणमा पर्ने प्रभावलाई समेत विचार गरेर अन्तःशुल्क लगाइने हुंदा पेट्रोल, डिजेलमा पनि अन्तःशुल्क निर्दिष्ट दरले लगाइनु पर्दछ । निर्दिष्ट दरलाई मुद्रास्फीतिसंग आवद्ध गरिनु पर्दछ । विलासी अन्तःशुल्कको दर मूल्यगत आधारमा तोकिनु पर्दछ ।

हाल स्वदेशी उत्पादनको हकमा तोकिएको यु. पी. को मदिरा तोकिएको बोतलको साइजमा मात्र उत्पादन गर्न सकिने तर पैठारी गरिने मदिरामा यस्तो कुनै बन्देज नभएको हुंदा देशभित्र उत्पादन हुने र पैठारी गरिने मदिराको बीच असमान व्यवहार भएको छ । यसैगरी उत्पादनको हकमा व्याच नम्वर, सिरियल नम्वर, अधिकतम खुद्रा मूल्य, आदि उल्लेख गर्नु आवश्यक छ भने पैठारीमा यो अनिवार्य छैन । यस किसिमको विभेद अन्त्य गरिनु पर्दछ भन्ने आयोगको सुझाव छ ।

उत्पादन र पैठारीलाई समान व्यवहार गर्नको लागि आन्तरिक अन्तःशुल्क दरवन्दीको क्रम संख्या १० स्पष्ट गरिनु पर्दछ । कक्टेल भन्नाले कुनै एक वा धेरै स्पिरिटसंग कुनै

अन्य घटक (Ingredient) जस्तै फलफूलको रस, लेमनेड वा क्रिमको मिश्रणयुक्त मादक पदार्थ भन्ने बुझाउंछ र ननकक्टेल भन्नाले ककटेल बाहेकका मादक पेय पदार्थ भन्ने बुझाउंछ भनी परिभाषित गरिनु पर्दछ ।

मदिरामा अल्कोहलको मात्राको आधारमा र चुरोटमा सूर्तीको मात्राको आधारमा दर कायम गरिनु पर्दछ ।

मदिरा तथा सूर्तिजन्य वस्तुमा अन्तःशुल्कको दर बढाउनु पर्दछ । यस्तो दर अन्तःशुल्कको दर सम्बन्धी सैद्धान्तिक मान्यता र अन्तर्राष्ट्रिय साधारण प्रचलित स्तर अनुरुप हुनु पर्दछ । तर अन्तःशुल्क दर धेरै उच्च पनि तोक्नु हुंदैन । त्यसले चोरी पैठारी/चोरी उत्पादन गरेर कर छल्न बढी प्रेरित गर्दछ र त्यसबाट राजस्व चुहावट हुने कुरा अष्ट्रेलिया, क्यानाडा, आदिको अनुभवले पनि देखाउंछ । यसैले दर तोक्दा राजस्व उच्चतम संकलन गर्ने किसिमले तोकिनु पर्दछ ।

इनर्जि ड्रिंक्समा अन्तःशुल्कको दर बढाइनु पर्दछ ।

पैठारी गरिने र देशभित्र उत्पादन गरिने वाइनमा हाल अन्तःशुल्क फरक फरक दरमा लागेकोले यो विश्व व्यापार संगठनको सिद्धान्तसंग बाझिएकोले यसमा एकरुपता कायम गरिनु पर्दछ ।

## ७.४. निकासीको कर फिर्ता

अन्तर्राष्ट्रिय प्रचलन अनुसार विदेश निकासी गरिने वा स्वीकृति प्राप्त कर मुक्त पसललाई बिक्री गरिने वस्तुमा अन्तःशुल्क लाग्दैन । तर नेपालमा निकासी गरिने वस्तुमा प्रयोग गरिएको कच्चा पदार्थ पैठारी गर्दा वा स्थानीय वजारमा खरीद गर्दा तिरेको अन्तःशुल्क फिर्ता दिने गरिएको छैन । यसले गर्दा नेपाली वस्तुको विदेशी वजारमा प्रतिस्पर्धात्मक शक्ति क्षिण हुने स्थिति छ ।

### सुझाव

निकासीलाई प्रोत्साहित गर्नका लागि निकासी गरिने वस्तुको उत्पादनमा प्रयोग भएको कच्चा पदार्थमा लागेको अन्तःशुल्क फिर्ता दिने व्यवस्था प्रभावकारी रुपमा लागू गर्नु पर्दछ ।

## ७.५ अन्तःशुल्क नियन्त्रण

हाल सूर्तिजन्य पदार्थ तथा मदिराको अन्तःशुल्क प्रशासन भौतिक नियन्त्रणमा आधारित छ भने अन्य पदार्थमा अन्तःशुल्क स्वयं निष्काशन प्रणालीमा आधारित छ । भौतिक नियन्त्रणमा आधारित व्यवस्था अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन आन्तरिक राजस्व प्रशासनको प्रत्यक्ष नियन्त्रणमा रहन्छ । यस अन्तर्गत अन्तःशुल्क कर्मचारी कारखानामा खटाइन्छन् र तिनीहरूले अन्तःशुल्क लाग्ने पदार्थ, कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रासायनिक पदार्थ, प्याकेजिंग सामग्री र तयारी वस्तुमाथि निगरानी राख्नुपर्ने हुँदा तिनीहरूले रक्षकको रुपमा काम गर्नुपर्ने हुन्छ । यसैगरी ती कर्मचारीले कारखाना संचालन सम्बन्धमा अनुगमन गर्नुपर्ने हुँदा तिनीहरूको भूमिका एक इन्जिनियर सरह हुनु पर्दछ । अन्तःशुल्क कर्मचारीले अन्तःशुल्क लाग्ने वस्तुको बनोट तथा गुणस्तर पनि परीक्षण गर्नुपर्ने हुंदा तिनीहरूले एउटा केमिष्टको भूमिका पनि निभाउनुपर्दछ । कारखानामा खटिएका कर्मचारीले अन्तःशुल्क गोदाम भित्र आउने र बाहिर जाने वस्तुको अभिलेख राख्नु पर्ने हुँदा तिनीहरूले एउटा स्टोर किपरको रुपमा पनि रहनुपर्दछ । तिनीहरूको स्वीकृति बिना सामान कारखानाबाट निष्काशन गर्न नपाइने हुँदा तिनीहरूले गेटकिपरको भूमिका पनि निभाउनु पर्ने हुन्छ । यसैगरी सिद्धान्ततः भौतिक नियन्त्रण प्रणाली अन्तर्गत अन्तःशुल्क व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्ने र राजस्व चुहावट हुने सम्भावना नरहनुपर्ने हो । सहि किसिमको बिजक जारी नहुने र कारोबारको राम्रो लेखा राख्ने प्रचलन नभएको अवस्थामा भौतिक नियन्त्रणमा आधारित व्यवस्था बढी सान्दर्भिक पनि हुन्छ । यसैगरी सामान गोदामबाट निष्काशन गर्नुपूर्व कर तिर्नुपर्ने हुंदा यस व्यवस्थामा बक्यौताको समस्या पनि रहँदैन ।

तर, व्यवहार अलि भिन्न छ । अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने कारखानामा सहायकस्तरका कर्मचारीहरू खटाइन्छन् र पर्याप्त कर्मचारीको अभावमा एकै कर्मचारीलाई एकभन्दा बढी कारखानाको जिम्मा पनि दिइने हुंदा कारखानाका अन्तःशुल्कसंग सम्बन्धित सबै कार्यहरूमा प्रभावकारीरुपले भौतिक नियन्त्रण गर्ने सम्भावना हुँदैन । यसले एकातिर कर्मचारीलाई एकल उत्तरदायित्व दिइनुपर्दछ भन्ने कुरा इंगित गर्दछ भने अर्कोतर्फ त्यसबाट कर संकलन खर्च बढ्ने हुन्छ । कारखानामा कर्मचारीको उपस्थितिले गर्दा कारखानाधनीलाई असजिलो स्थिति सृजना गर्ने र निजले कारखानामा खटिएका अन्तःशुल्क कर्मचारीलाई उत्पादनस्थलभित्र बस्नको लागि फर्निचर सहीतको घर वा कोठाको व्यवस्था गर्नुपर्ने वा अन्तःशुल्क कर्मचारीको लागि यातायातको व्यवस्था गर्नुपर्ने हुंदा बढी लागत लाग्ने हुन्छ । अर्कोतर्फ अन्तःशुल्क निर्धारण गर्ने कुरामा अन्तःशुल्क

कर्मचारी साक्षी बसेजस्तो हुने भएकाले पनि अन्तःशुल्क चुहावटका सन्दर्भमा न्यायिक निकायमा मुद्दा परेमा जीवित साक्षीको रुपमा अन्तःशुल्क कर्मचारीले सही गरेको आधारमा आन्तरिक राजस्व विभागले राजस्व गुमाउनु परेको उदाहरणहरू छन् । मदिरा तथा सूर्तिजन्य पदार्थमा विभिन्न किसिमका आधुनिक उत्पादन नियन्त्रण प्रणाली एवं प्रविधिको प्रवेशले गर्दा भौतिक रुपमा नै विशषज्ञको व्यवस्था क्रमशः हट्दै गएको र अब भौतिक नियन्त्रणमा आधारित व्यवस्था नाम मात्रको रहन गएको छ र यो व्यवस्था व्यवहारमा विल्कुलै प्रभावकारी भएको छैन ।

**सुझाव**

करदातालाई आफ्नो कारोबारका सम्बन्धमा स्वतन्त्र र उत्तरदायी बनाउनका लागि भौतिक नियन्त्रणमा आधारित प्रणालीको वैकल्पिक व्यवस्था खोजिनु पर्दछ ।

हाल मदिरा र सूर्तिजन्य पदार्थमा लगाइएको भौतिक नियन्त्रणमा आधारित नियन्त्रण प्रणालीलाई क्रमशः स्वयं निष्काशन प्रणालीले प्रतिस्थापन गर्नुपर्दछ । स्वयं निष्काशन प्रणाली सूर्तिजन्य पदार्थमा आर्थिक वर्ष २०७२/७३ मा लागू गरिनु पर्दछ र त्यसको प्रभाव मूल्यांकन समेतका आधारमा त्यसपछि मदिरामा लागू गर्नुपर्दछ । अन्तःशुल्क प्रशासनलाई सबल तथा सक्षम बनाएर अभिलेख वा लेखामा आधारित नियन्त्रण र सुपरिवेक्षण गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनु पर्दछ ।

स्वयं निष्काशन प्रणाली Trust but verify को सिद्धान्तमा आधारित छ । यस व्यवस्था अन्तर्गत कारखानामा अन्तःशुल्क कर्मचारी खटाउनु पर्दैन र कारखाना धनीले सामान स्वयं निस्काशन गर्दछन् । स्वयं निष्काशन प्रणाली अन्तर्गत निकासी गरिएको वस्तुको नाम र परिमाण उल्लेख गरी इजाजतपत्रवालाले दैनिक विवरण भरी राख्नुपर्दछ । अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट निरीक्षण हुँदाको अवस्थामा सो विवरण उपलब्ध गराउनुपर्दछ । स्वयं निष्काशन गरिएको वस्तुको नाम र विवरण खोली इजाजतपत्रवालाले मासिकरुपमा आन्तरिक राजस्व कार्यालयमा प्रतिवेदन पठाउनु पर्दछ । विवरण अर्को महिनाको २५ गते भित्र वुझाउनु पर्दछ र सोही समयावधिभित्र कर पनि तिर्नु पर्छ ।

स्वयं निष्काशन प्रणालीलाई प्रभावकारी बनाउन Web–based प्रणाली लागू गरिनु पर्दछ। प्रतिलव्धिदर (इनपुट आउटपुट रेसियो), उत्पादन परिमाण, मूल्य, स्टक, निकासी, राजस्व, आदि स्वचालित प्रणाली अन्तर्गत अनुगमन गरिनु पर्दछ । यस्तो प्रणालीको विकास एवं प्रयोग विभिन्न मुलुकमा भएको छ । नेपालमा अन्तःशुल्क स्वचालित प्रणाली अन्तर्गत

संचालन गर्ने सन्दर्भमा चार मोडुल तयार गरिएका छन् । ती हुन् दर्ता र इजाजत, कृयाकलापको स्थिति (Activity Requiremnts), स्टिकर व्यवस्थापन र अन्तःशुल्क विवरण व्यवस्थापन । यसका लागि कारखानाधनीले आफ्नो कारखानामा सफ्टवेयर जडान गर्नुपर्दछ । ग्रामीण तथा दुर्गम क्षेत्रका डिष्टिलरीलाई Web–based प्रणालीमा लैजान गाह्रो हुन सक्दछ । त्यसैले Threshold कायम गरिनु पर्ने हुन्छ । Threshold माथिका डिष्टिलरी लगायत अन्य कारखानाले अनिवार्य रुपमा Web–based System अपाउनु पर्ने र अन्यलाई स्वेच्छिक गरिनु पर्दछ ।

सूर्ति, गुट्खा तथा पान मसला उद्योगहरूलाई मेसिनको शक्तिको आधारमा दाखिला गर्नु पर्ने न्यूनतम अन्तःशुल्क तोकिनु पर्दछ । निष्काशनको आधारमा लाग्ने अन्तशुल्क न्यूनतम अन्तःशुल्क भन्दा कम भएमा त्यस्तो उद्योगले न्यूनतम अन्तःशुल्क तिरे पुग्ने व्यवस्था गर्नुपर्दछ । अर्कोतर्फ निष्काशनका आधारमा लाग्ने अन्तःशुल्क न्यूनतम अन्तःशुल्कभन्दा बढी भएमा निष्काशन अनुसार लाग्ने अन्तःशुल्क कायम हुनुपर्दछ । यस किसिमको व्यवस्था क्यासिनोमा लाग्ने अन्तःशुल्कको हकमा पनि लागू गरिनु पर्दछ ।

## ७.६. टिकट, स्टिकर, फ्लोमिटर

अन्तःशुल्क लाग्ने केही वस्तुमा अन्तःशुल्कको स्टिकर टास्नुपर्ने व्यवस्था छ । जस्तै चुरोट/सिगारको प्रत्येक वट्टामा, खैनी, बिडी र सूर्तिको प्रत्येक प्याकेट, बट्टा, पोका वा मुट्ठामा, मदिराको प्रत्येक बोतलमा र वियरको प्रत्येक कार्टुनमा स्टिकर लगाउने गरिएको छ । त्यस्ता उद्योगले स्टिकर आन्तरिक राजस्व कार्यालयहरूबाट खरीद गर्नुपर्दछ । आर्थिक वर्ष २०६५/६६ देखि वियरमा फ्लोमिटर लागू गर्ने व्यवस्था गरिएको थियो । फ्लोमिटर कारखानामा उत्पादन प्रकृया अन्तर्गत एक स्थानबाट अर्को स्थानमा वियरको प्रवाह हुंदा सोको परिमाण नाप्न प्रयोग गरिन्छ । यसको मापदण्ड नापतौल विभागले तोकेको गुणस्तर अनुसार हुनुपर्ने व्यवस्था छ । यसको सफल संचालनका लागि गुणस्तरयुक्त कम्प्युटर र सोको फ्लोमिटरसंग तथ्यांक आदान प्रदान गर्ने र देखिने प्रणालीयुक्त सफटवेयर समाविष्ट हुनु पर्दछ । फ्लोमिटर र त्यस सम्वन्धी अन्य उपकरण बिग्रेमा वा तिनीहरूले सही मापन गर्न नसकेको अवस्थामा सम्वन्धित आन्तरिक राजस्व कार्यालय, आन्तरिक राजस्व विभाग, गुणस्तर तथा नापतौल विभाग र सम्वन्धित उद्योगको प्रतिनिधि भएको समितिले सिफारिश गर्न सक्ने व्यवस्था छ ।

फ्लोमिटर बियर कारखाना, आन्तरिक राजस्व विभाग र गुणस्तर तथा नापतौल विभागबीच सहमति भएको र तदनुरुप फ्लोमिटर जडान गरिएको भएता पनि सबै उद्योगले एकैसाथ

बिग्रेको भन्दै फ्लोमिटर कार्यान्वयन गरिएन । आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय तथा कारखानाबीच नेटवर्किङ राम्रो नभएको, फ्लोमिटरको नियन्त्रण तथा मरमत सम्भारमा प्राविधिक सेवा दिने कार्यगुणस्तर तथा नापतौल विभागले गर्ने निर्णय भएको तर गुणस्तर विभागमा उपयुक्त प्राविधिक जनशक्तिको कमी भएको र व्यवहारमा प्रतिवद्धता कम भएको जस्ता कारणले बिग्रेको फ्लोमिटरको मर्मत हुन नसकेको व्यहोरा आयोगलाई जानकारी गराइएको थियो ।

स्टिकरको कार्यान्वयनमा देखिएका विभिन्न समस्याहरू निम्न प्रकारका छन्:

- स्टिकर उत्पादनको अवस्थामा मा लगाउने कि निष्काशनको अवस्थामा लगाउने भनेर विवाद हुन सक्दछ । उत्पादनमा अन्तःशुल्क लगाउदा Stock रहेको सामानमा कर तिर्नुपर्ने भएकोले कारखानालाई नगद प्रवाह समस्या (Cash Flow Problem) हुने र निष्काशनमा लगाउदा अन्तःशुल्क लाग्ने सामान अन्तःशुल्क नै नतिरेर गोदामवाट निष्काशन भै राजस्व चुहावट हुने संभावना रहन्छ ।
- स्टिकरमा कम गुणस्तरको गम प्रयोग भएकोले यो सजिलै टाँस्न र झिक्न सकिने र स्टिकरको एकभन्दा बढी पटक प्रयोग हुने सम्भावना रहेको अवस्था छ ।
- सूर्ति तथा गुट्खा प्रयोजनको लागि छुट्टै स्टिकरको व्यवस्था नभएकोले अन्य प्रयोजनको लागि तयार गरिएको स्टिकर प्रयोग गरिएको छ जुन प्रचलित पान मसलाको लागि ठूलो आकारको छ ।
- नक्कली स्टिकरको प्रयोग हुन सक्ने अवस्था रहेको छ ।
- ग्लोवल ठेक्का प्रणालीले गर्दा स्टिकर छपाउन खर्चिलो तथा लामो समय लाग्ने स्थिति छ ।

**सुझाव**

स्टिकरको व्यवस्थापन खर्चिलो हुने र यसको दुरुपयोग हुने संभावना भएकोले जहां राजस्व जोखिम छैन त्यहां स्टिकर लगाउन बाध्य गरिनु हुदैन ।

स्टिकर वस्तुको प्रयोग नहुंदासम्म नच्यातिने, नउप्कने वा उप्काइ पुनः प्रयोग गर्न संभव नहुने किसिमले लगाउनु पर्दछ । स्टिकरमा कन्ट्रोल नम्वर हुनैपर्ने हुन्छ जसले स्टिकरको वर्ष, उत्पादकको लाइसेन्स नम्वर र वस्तुको ब्राण्ड नम्वर देखाओस् । पैठारी गरिने वस्तुको छुट्टै स्टिकर हुनु पर्दछ ।

मदिराको बिर्कोमा पर्ने गरी स्टिकर टाँस गरेपछि पारदर्शी Shrink Cap ले बन्द गर्ने व्यवस्था गर्नुपर्दछ । यसले स्टिकर पानीले भिज्ने, उप्किने र खस्ने समस्या पनि नहुने र नक्कली स्टिकर प्रयोग गर्ने अवस्था पनि सृजना नहुने हुन सक्दछ ।

मुलुकमा सेक्युरीटी प्रिन्टिङ.गर्न सक्ने प्रेस स्थापना भैसकेकोले स्टिकर देशभित्रै छपाउने व्यवस्था गरिनु पर्दछ ।

नक्कली स्टिकरलाई रोक्न सुरक्षित स्टिकर छाप्नुपर्ने हुन्छ । यो धेरै खर्चिलो हुन्छ र त्यसको प्रभावकारी अनुगमन गरिनु पर्दछ, ।

प्रचलित पान मसलाको साईजसँग मिल्ने किसिमको स्टिकर बनाइनु पर्दछ ।

अन्तर्राष्ट्रिय प्रविधि तथा अनुभव समेतका आधारमा स्टिकरको वैकल्पिक नियन्त्रण प्रणाली खोजी गर्नु पर्दछ ।

हाल अन्तर्राष्ट्रिय जगतमा अन्तशुल्क लाग्ने वस्तुको नक्कली र अवैध उत्पादन/पैठारी नियन्त्रण गर्न, आन्तरिक उत्पादन/आयातको परिमाण वा मूल्य न्यून घोषणा गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न, बढी राजस्व लाग्नेमा कम राजस्वको स्टिकर लाग्न सक्ने संभावना रोक्न र उत्पादन हेरी बिक्री बिन्दुदेखि उद्गम स्थलसम्म अनुगमन गर्न सकिने स्वचालित सुरक्षा छाप सहितको प्रत्येक इकाईमा अलग पहिचान हुने स्टिकर र Track & Trace गर्न सक्ने प्रमाणित प्रविधि अल्वानिया, मोरोक्को, केन्या, टर्की, भारत, अमेरिका, रुस लगायतका विभिन्न देशमा प्रयोग भैरहको छ भने फिलिपिन्स, इन्डोनेसिया र पाकिस्तान जस्तमा मुलुकमा यो विधि लागू गर्ने तयारी भैरहको छ। यसरी स्वचालित यान्त्रीकरणबाट सुरक्षित चिन्ह प्रत्येक इकाईमा राखी Real Time Data प्राप्त गरी सूचना प्रविधि मार्फत अनुगमन गरीने व्यवस्थाबाट अन्तशुल्क व्यवस्था पारदर्शी हुने र राजस्व चुहावट नियन्त्र हुने अन्तर्राष्ट्रिय अनुभव छ। यस्तो प्रविधि नेपालमा पनि चरणवद्ध रुपमा लागू गर्न आवश्यक भएको आयोगको सुझाव छ ।

फ्लोमिटरलाई प्रभावकारी बनाउनका लागि फ्लोमिटर नियन्त्रणको जिम्मा आन्तरिक राजस्व विभागलाई दिइनु पर्दछ। यो बिग्रेमा मर्मत गर्ने जिम्मा सम्वन्धित कारखानाको हुनु पर्दछ । फ्लोमिटर नभए उत्पादन गर्न नपाइने वा सो अवधिमा विगतमा सबभन्दा बढी बियर उत्पादन भएको दिनको उत्पादन सरह मानेर अन्तःशुल्क लगाउने व्यवस्था हुनु पर्दछ। फ्लोमिटर कार्यान्वयन गर्न कारखाना र आन्तरिक राजस्व विभाग/कार्यालय दुवैमा इन्टरनेटको राम्रो व्यवस्था हुनु पर्दछ । सोको पालना नभएमा मदिरामा झैं बियरमा पनि बोतलमा स्टिकर लगाउने अर्को विकल्पको व्यवस्था गरिनु पर्दछ ।

## ७.७. कानूनी व्यवस्था

वर्तमान मदिरा ऐनमा भएका सवै प्रावधानहरू अन्तःशुल्क ऐनमा समावेश गरिएकोले मदिरा ऐनको छुट्टै औचित्य देखिँदैन ।

**सुझाव**

वर्तमान मदिरा ऐनमा भएका सवै प्रावधानहरू अन्तःशुल्क ऐनमा समावेश गरिएकाले मदिरा ऐनको छुट्टै औचित्य नभएकोले मदिरा ऐन तथा नियमलाई खारेज गरिनु पर्दछ। मदिरा ऐन नियममा निजी उपभोगको निमित तोकिएको परिमाणमा जाँड वा रक्सि उत्पादन गर्न इजाजत लिनु नपर्ने व्यवस्था मात्र अन्तःशुल्क ऐन नियममा समावेश नभएकोले वार्षिक ५ लिटर रक्सि वा १० लिटर जाँड वर्षमा कम्तिमा ५ पटक उत्पादन गर्न सक्ने व्यवस्था गर्नु पर्दछ ।

अन्तःशुल्क सम्वन्धी प्रावधान पालना नगरेमा लाग्ने दण्ड सजाय अन्य वस्तुको तुलनामा मदिरा तथा सूर्तिजन्य पदार्थमा केही बढी तोकिनु पर्दछ ।

अवैध मदिरा नियन्त्रण गर्ने सन्दर्भमा प्रमुख जिल्ला अधिकारीलाई दिइनुपर्ने अधिकार तथा अवैध मदिरा नियन्त्रण सम्वन्धी स्थानीय समितिको गठन तथा कार्यक्षेत्र समवन्धी व्यवस्था अन्तःशुल्क नियमावलीमा समावेस गरिनु पर्दछ ।

अन्तःशुल्क ऐन नियम निर्देशिका तदनुरुप संशोधन गरिनु पर्दछ ।

## ७.८ अन्तःशुल्क लाग्ने मूल्य

अन्तःशुल्क ऐन, २०५८ ले अन्तःशुल्क आन्तरिक उत्पादनको हकमा कारखाना मूल्य तथा उत्पादकले थोक बिक्रेतालाई अन्तःशुल्क लाग्ने वस्तु बिक्री गरेको समय र स्थानमा लिने मूल्य, वा आन्तरिक राजस्व विभागले उत्पादन लागतको आधारमा तोकिदिएको मूल्यमा लाग्ने व्यवस्था गरेको छ भने पैठारी हुने वस्तुको सम्बन्धमा त्यस्तो वस्तुमा भन्सार महसुल लिने प्रयोजनको निमित्त निर्धारण गरिएको मूल्यमा भन्सार महसुल समेत थप गरी कायम हुन आएको मूल्यमा लाग्ने व्यवस्था गरेको छ। तर पैठारी हुने वस्तु नेपाल अधिराज्यभित्र पनि उत्पादन हुने रहेछ र त्यस्तो वस्तुको आन्तरिक राजस्व विभागले मूल्य निर्धारण गरेको रहेछ भने त्यस्तो मूल्य वा भन्सार प्रयोजनको लागि कायम गरिएको मूल्य मध्ये जुन बढी हुन्छ, सोही मूल्यमा अन्तःशुल्क लगाउने व्यवस्था छ । सेवाको बिजक

मूल्यमा अन्तःशुल्क लगाउने व्यवस्था छ । यसका साथै आन्तरिक राजस्व विभागले अन्तःशुल्क असुलउपर गर्ने प्रयोजनको निमित्त आवश्यकतानुसार पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्न सक्ने व्यवस्था पनि गरिएको छ ।

कारखाना धनीले अन्तःशुल्क प्रयोजनका लागि आर्थिक वर्षको एकपटक मूल्य सूची प्रकाशित गर्नु पर्ने र नयां व्राण्ड उत्पादन भएमा त्यस्तो व्राण्ड उत्पादन हुंना साथ मूल्य सूची प्रकाशित गर्नु पर्ने व्यवस्था छ । मदिरा तथा सूर्तिजन्य वस्तुका हकमा उद्योग, डिलर, होलसेलर तथा खूद्रा स्तरको मूल्यसूची प्रकाशित गर्नुपर्दछ ।

### सुझाव

अन्तःशुल्कको दायित्व घटाउन कम मूल्य देखाउने प्रवृत्तिलाई निरुत्साहित गर्नका लागि अनुगमनको व्यवस्था प्रभावकरी हुन पर्दछ । पैठारीको हकमा विश्व व्यापार संगठन अनुरुपको मूल्यांकन व्यवस्था लागू हुनु पर्दछ ।

### ७.९ इजाजत

अन्तःशुल्क ऐन, २०५८ अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न इजाजत लिनुपर्ने व्यवस्था छ । त्यसको लागि तोकिए अनुसारको इजाजतपत्र दस्तुर समेत संलग्न गरी तोकिएको ढाँचामा निवेदन दिनुपर्दछ । त्यस्तो निवेदन पर्न आएमा आन्तरिक राजस्व विभागले जाँचबुझ गरी अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न इजाजतपत्र दिनसक्ने व्यवस्था छ । मदिरा तथा सूर्तिजन्य पदार्थको हकमा उत्पादनदेखि खुद्रा तहसम्म हरेक तहका बिक्रेताले इजाजत लिनु पर्दछ । यस्तो इजाजतपत्र एक आर्थिक वर्षको लागि दिइन्छ ।

भौतिक नियन्त्रण व्यवस्था अन्तर्गत संचालित चुरोट, मदिरा, वियर र स्वयं निष्काशन प्रणाली अन्तर्गत संचालित विंडि, खैनी, सूर्ति, पानमसाला, गुट्खा, इंटा, स्टोन क्रसर, खुदो तथा गुड उत्पादन, पैठारी, बिक्री वा संचय गर्ने इजजात प्राप्त व्यक्तिले तोकिए अनुसारको नवीकरण दस्तुर तिरेर इजाजत हरेक वर्ष नवीकरण गराउनु पर्दछ भने अन्य अन्तःशुल्क लाग्ने वस्तु उत्पादनकर्ताले अन्तःशुल्क इजाजत नवीकरण गराउनु पर्दैन ।

**सुझाव**

- अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने कारखानाको अन्तःशुल्क अनुज्ञापत्र नवीकरण गर्ने व्यवस्थाको ठूलो औचित्य नभएको हुंदा दर्ता नवीकरण गराउनुपर्ने व्यवस्था खारेज गरिनु पर्दछ ।
- मदिरा तथा सूर्तिजन्य पदार्थको वितरण, थोक र खुद्रा कारोवर गर्न चाहने व्यक्तिले विभिन्न तहको लागि तोकिएको इजाजत दस्तुर तिरेर एउटै प्रमाण पत्र लिए पुग्ने व्यवस्था भएकोमा यस सम्बन्धी नवीकरण दस्तुर पुनर्विचार गरिनु पर्दछ ।
- खासगरी सूर्तिजन्य वस्तुहरू तथा मदिराको इजाजत दिनको लागि पूर्वाधार तथा शर्तहरू तोकिनु पर्दछ जुन पूरा भएपछि मात्र अन्तःशुल्क इजाजत दिने व्यवस्था गरिनु पर्दछ ।
- उद्योग विभागले डिष्टिलरीको पूर्वाधार तोक्ने व्यवस्था गर्नु पर्दछ ।

## ७.१०. अवैध मदिरा नियन्त्रण

अन्तःशुल्क प्रशासनमा अवैध मदिरा सम्वन्धी समस्या चर्को रुपमा देखा परेको छ। अवैध मदिरामा घरपालुवा मदिरा वा चोरी पैठारी भएको मदिरा वा इजाजत नलिई उत्पादन वा पैठारी गरी अन्तःशुल्क नतिरेको मदिरा पर्दछ। यसले गर्दा एकातिर राजस्व चुहावट हुने र जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने हुन्छ भने अर्कोतर्फ अन्तःशुल्क तिर्ने मदिरा उद्योगले अस्वस्थ प्रतिस्पर्धा सहनु परेको छ ।

मदिरासंग हल्का पेय पदार्थ पनि बिक्री गर्ने गरेको पाइन्छ । पहिले गाउं विकास समितिमा यस्तोलाई ५० प्रतिशत छुट दिइने गरिएको थियो तर हाल ती मध्ये कतिपय नगरपालिकामा परिणत भएकाले इजाजत दस्तुर बढी पर्न गएको छ। नियममा अवैध मदिरा नियन्त्रण समितिको व्यवस्था भएपनि यो प्रभावकारी छैन ।

**सुझाव**

मदिराको बिक्री वितरण प्रथालाई सुधार गर्नुपर्दछ। हाल मदिरा उद्योगले विभिन्न डिलर तथा डिष्ट्रिब्युटर्स नियुक्त गरेर तिनीहरूलाई मदिरा बिक्री गर्ने गरेका छन । यी डिलर तथा डिष्ट्रिव्यूटर्सले समेत सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट बिक्री इजाजत लिई सिधै उपभोक्तालाई मदिरा बिक्री गर्ने गरेका छन्। यस व्यवस्थालाई परिवर्तन गरी डिलर तथा डिस्ट्रीव्यूटर्सले मदिरा बिक्री गर्ने इजाजत प्राप्त पसल, डिपार्टमेन्ट स्टोर्स र

होटल अर्थात दर्ता भएको व्यक्ति वा निकायलाई मात्र बिक्री गर्न पाउने व्यवस्था गर्नु पर्दछ। पसल, डिपार्टमेण्ट स्टोर तथा होटेलले मदिरा बिक्री गर्ने इजाजत पाउनका लागि स्थानीय निकायको सिफारिस आवश्यक गरिनु पर्दछ। त्यसको लागि तिर्नुपर्ने इजाजत दस्तुर सम्वन्धित स्थानीय निकायले पाउने व्यवस्था गरिनु पर्दछ। तोकिएको समय (जस्तै दिउँसो १२ बजे देखि राती ९ बजे सम्म मात्र) मदिरा बिक्री गर्न पाउने व्यवस्थालाई प्रभावकारी रुपमा लागू गरिनु पर्दछ।

## ७.११. अन्य

**सुझाव**

करदाताले सुर्तिजन्य पदार्थहरूको उत्पादन प्रकृयामा गएको जर्ति सम्वन्धमा आन्तरिक राजस्व कार्यालयमा निवेदन दिएमा कार्यालयले त्यसमाथि तोकिएको समयभित्र तोकिएको प्रकृया अनुसार निर्णय दिनुपर्दछ र यदी यस्तो निर्णय तोकिएको समयभित्र नदिएमा करदाताले माग गरे अनुसार हुने व्यवस्था गरिनु पर्दछ।

मदिरा र सूर्तिजन्य पदार्थहरू र अन्य उपभोग्य सामग्रीहरू एकै स्थानबाट विक्रि वितरण गर्न नपाइने व्यवस्था लागू गरेता पनि यो व्यवस्था प्रभावकारी हुन सकेको छैन। यसलाई प्रभावकारी रुपमा लागू गरीनु पर्दछ।

कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीले केही पहाडी जिल्लामा अन्तःशुल्कको प्रशासन गर्नु पर्ने हुंदा तिनीहरूलाई यस सम्वन्धी तालिम दिनु पर्दछ।

अध्याय

८

# सम्पत्ति कर

## ८.१ परिचय

घर जग्गा जस्तो अचल सम्पत्तिमा लाग्ने करलाई सम्पत्ति कर भनिन्छ। परम्परागत रुपमा जमिनमा मात्र कर लाग्ने प्रचलन भएपनि आधुनिक समयमा घरमा पनि कर लगाउने गरेको पाइन्छ । यो कर जग्गाको प्रति कित्ता वा प्रति घरको हिसावले वा घर जग्गाको मूल्यको आधारमा लाग्दछ । अर्कोतर्फ व्यक्तिको चल अचल सबै किसिमका सम्पत्तिलाई आधार मानेर खूद सम्पत्ति कर (Net Wealth Tax) लगाउन सकिने भएता पनि यस्तो करले आर्थिक विकासलाई सुस्त बनाउने हुंदा हालैका वर्षहरूमा यस्तो करको प्रयोग घट्दै गएको छ । नेपालमा पनि खूद सम्पत्ति कर (Net Wealth Tax) को रुपमा आर्थिक वर्ष २०४७/४८ मा सम्पत्ति कर लागू गरिए पनि यस करलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिएकोले यस व्यवस्थालाई आर्थिक वर्ष २०५२/५३ मा खारेज गरियो ।

घर जग्गा जस्तो अचल सम्पत्तिमा आधारित करले स्थानीय करका सिद्धान्त पूरा गर्ने भएकाले यसलाई राम्रो स्थानीय कर मानिन्छ र अन्तर्राष्ट्रिय व्यवहारले पनि यही देखाउंछ । उदाहरणका लागि, यो कर स्थानीय करको स्वायत्तता (Autonomy) को सिद्धान्तसँग मेल खान्छ । स्थानीय सरकारसँग यथेष्ट राजस्व उठाउन पर्याप्त वित्तीय स्वायत्तता हुनुपर्छ भनेर स्वायत्तताको सिद्धान्तले वकालत गर्छ । यस्तो अवस्थामा मात्र उसले आफ्नो क्षेत्रका बासिन्दाका आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्न सक्छ । स्थानीय सरकारले केन्द्रीय वित्तीय नीतिसँग असंगत हुने कर नीति अंगीकार गर्न सक्दैन । तथापि, उसले स्थानीय करका केही पक्षमा समायोजन गर्ने अधिकार पाउनुपर्छ । जस्तो, स्थानीय परिस्थिति अनुसार करको दर कायम गर्ने अधिकार स्थानीय सरकारसँग हुनुपर्छ । सम्पत्ति करको दर तथा आधारमा स्थानीय सरकार बीच भिन्नता हुँदा अर्थतन्त्रमा असर

पर्ने कम संभावना रहन्छ । अर्थात्, स्थानीय सरकारहरू बीच सम्पत्ति करका आधार र दरको विभेद उल्लेख्य ठूलो नहुन्जेल सम्पत्ति करमा हुने भिन्नताका कारण स्रोतहरू अन्यत्र मोडिने सम्भावना हुँदैन । जब कि आय तथा वस्तुगत करमा यही खालको फरक हुने हो भने अर्थतन्त्र धेरै प्रभावित हुन सक्छ । यसरी सम्पत्ति करले स्वायत्तताको सिद्धान्त पालना गर्छ ।

सम्पत्ति कर स्थानीय करको जवाफदेहीता (Accountaiblity) को सिद्धान्तसंग पनि मेल खान्छ । यस सिद्धान्तले स्थानीय कर प्रणालीले स्थानीय सरकारको जवाफदेहीता प्रवर्द्धन गर्नुपर्ने वकालत गर्छ । यसो हुनका लागि मतदाताहरू कर दायित्वबारे सचेत हुनुपर्छ । करदातालाई आफूले तिरेको करका बारेमा जानकारी भएपछि उनीहरू स्थानीय सरकारको खर्च प्रति अभिरुचि राख्दछन् र स्थानीय निकायले गर्न सक्ने दुरुपयोग विरुद्ध आवाज उठाउन सक्छन् जसले स्थानीय निकायद्वारा हुन सक्ने स्रोतको दुरुपयोगलाई रोक्न सक्छ । सम्पत्ति करले पारदर्शिता मार्फत उच्च जवाफदेहीता प्रदान गर्नुपर्छ । यो कर घर जग्गा धनीले वर्षेनी तिर्नुपर्ने हुंदा कति तिरेको भनेर सोभ्कै थाहा हुन्छ । यस्तो स्थिति वस्तुगत कर (अप्रत्यक्ष कर) मा देखा पर्दैन ।

स्थानीय करको आधार गतिशील (Mobile) हुनु हुँदैन र स्थानीय करको भार स्थानीय क्षेत्रमा सीमित हुनुपर्छ । सम्पत्ति करको आधार स्थानीयकृत हुन्छ र यो स्थानीय सरकारको क्षेत्राधिकार बीच कम चलायमान हुन्छ । खास सम्पत्तिमाथि कर लगाउन कुन स्थानीय सरकार हकदार हुन्छ भन्ने प्रायः प्रस्ट हुन्छ । यसैले सम्पत्ति करलाई स्थानीय अधिकारीहरूले सजिलै नियन्त्रण गर्न सक्छन् ।

स्थानीय कर प्रणालीको उद्देश्य स्थानीय सरकारका लागि राजस्वको स्रोत प्रदान गर्नु हो । सम्पत्ति करले यो आवश्यकता पूरा गर्छ, किनभने हरेक स्थानीय सरकारको क्षेत्राधिकारमा जमिन र भवनहरू हुन्छन् । सम्पत्ति कर चक्रीय रूपले स्थिर हुने हुँदा यसले स्थानीय सरकारलाई निर्वाध रुपमा राजस्व प्रदान गर्दछ । स्थानीय सरकारको राजस्वमा उतार चढाव आएमा र आयका लागि ठूलो मात्रामा माथिल्लो स्तरका सरकारमाथि निर्भर रहनु परेमा स्थानीय सरकार कमजोर हुन्छन् । सम्पत्ति करले स्थानीय सरकारलाई कमजोर हुनबाट बचाउंछ । साथै, सम्पत्ति करले स्थानीय बासिन्दालाई स्थानीय सरकारका गतिविधिमा अभिरुचि जगाउने अपेक्षा गरिन्छ र यसले स्थानीय विकासका गतिविधिमा जनतालाई सहभागी गराउछ र लोकतन्त्रको प्रवर्द्धन समेत गर्दछ ।

सम्पत्ति करको आधार स्थिर हुन्छ। करको कारणले घर जग्गालाई एक स्थानीय निकायको क्षेत्रबाट अर्को स्थानीय निकायको क्षेत्रमा सार्न सकिदैन । घर जग्गा कहाँ रहेको छ भन्ने कुरा सहजै थाहा हुन्छ। घर जग्गाको मूल्य परिवर्तन भैरहने हुंदा मूल्याङ्कनको भने समस्या हुन्छ । तैपनि माथिल्लो तहका सरकारलाई भन्दा स्थानीय सरकारलाई मूल्यको बारेमा बढी जानकारी हुन्छ ।

यसरी घर जग्गामा लाग्ने सम्पत्ति कर स्थानीय करका वित्तीय स्वायत्तता, उत्तरदायित्व, करको आधारको स्थानीयकरण, करको भार स्थानीय सरकारको अधिकार क्षेत्र बाहिर सार्न नसकिने जस्ता सिद्धान्तहरूसंग मेल खाने हुंदा यस करलाई स्थानीय तहमा लगाउने विश्वव्यापी प्रचलन छ । नेपालमा पनि प्रथम पुस्ताको कर सुधार कार्यक्रम अन्तर्गत सम्पत्ति करको सैद्धान्तिक अवधारणा तथा अन्तर्राष्ट्रिय सामान्य प्रचलन अनुसार स्थानीय तहमा लगाउने नीति अपनाइएको छ। यस सन्दर्भमा नेपालमा परापूर्व कालदेखि केन्द्रिय स्तरमा लागू हुदै आएको मालपोत संकलन गर्ने अधिकार आर्थिक वर्ष २०५२/५३ देखि नगरपालिका वा गाउँ विकास समितिलाई दिइयो भने स्थानीय स्वायत्त शासन ऐन, २०५५ लागू भए पछि त यो कर पूर्ण रुपमा स्थानीय कर भएको छ। यसैगरी नेपालमा आर्थिक वर्ष २०१६/१७ देखि केन्द्रीय स्तरमा लगाउन शुरु गरिएको घर जग्गा कर स्थानीय स्वायत्त शासन ऐन लागू गरिएपछि आर्थिक वर्ष २०५७/५८ देखि गाउँ विकास समिति/नगरपालिकाले लगाउने व्यवस्था भएको छ। अर्कोतर्फ स्थानीय स्वायत्त शासन ऐन, २०५५ लागू गरिएपछि घर जग्गाको स्वामित्व हस्तान्तरण हुंदा लाग्ने रजिष्ट्रेशन दस्तुर वापत असुल गरिएको राजस्व नेपाल सरकार र जिल्ला विकास समिति बीच बांडफांड हुने व्यवस्था गरिएको छ । यसरी हाल स्थानीय सरकारले जग्गामा मालपोत/भूमि कर लगाउछन् भने घर जग्गामा घर जग्गा कर वा एकीकृत घर जग्गा कर लगाउन सक्छन्। यसैगरी घर जग्गाको स्वामित्व हस्तारण हुंदा लाग्ने रजिष्ट्रेशन दस्तुरको केही अंश पनि प्राप्त गर्दछन् ।

## ८.२ मालपोत

नगरपालिकालाई मालपोत लगाउने अधिकार छ । जग्गाको किसिम (अब्बल, दोयम, सिम र चहार) र उत्पादकत्व समेत हेरी सम्बन्धित नगर परिषद्को स्वीकृतिमा मालपोतको दर निम्नानुसार कायम गर्न सकिने व्यवस्था छः

१. प्रति रोपनी रु. १ - १००।-
२. प्रति कट्ठा रु. १ - ६५।

गाउँ विकास क्षेत्रभित्रको जग्गामा पनि मालपोत लाग्ने व्यवस्था छ । जग्गाको किसिम (अब्बल, दोयम, सिम र चाहार) र उत्पादकत्व समेत हेरी सम्बन्धित गाउँ विकास परिषद्को निर्णयले प्रति रोपनी रु. १।- देखि रु. १००।- सम्म र प्रतिकट्ठा रु. १।- देखि रु. ६५।- सम्म मालपोत लाग्ने व्यवस्था छ ।

## ८.३ भूमि कर

महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकालाई पनि भूमि कर लगाउने अधिकार छ। भूमिको उत्पादकत्व वा व्यापारिक आवासीय, सामुदायिक, गुठी, कृषि वा वन आदि उपयोगिता समेत हेरी सम्बन्धित नगर परिषदको स्वीकृतिले प्रति रोपनी रु. १५।- देखि रु. ४००।- सम्म र प्रति कट्ठा रु. १०।- देखि रु. २६०।- सम्म भूमिकर लगाउन सकिने व्यवस्था छ ।

गाउँ विकास समितिलाई पनि भूमिकर लगाउने अधिकार छ। यो कर भूमिको उत्पादकत्व वा व्यापारिक, आवासीय, सामुदायिक, गुठी, कृषि वा वन आदिको उपयोगिता समेत हेरी परिषदको स्वीकृतिले प्रति रोपनी रु. १५।- देखि रु. ४००।- सम्म र प्रति कट्ठा रु. १०।- देखि रु. २६०।- सम्म भूमि कर लाग्ने व्यवस्था छ । भूमिकर लगाइने जग्गामा मालपोत लाग्दैन ।

## ८.४ घर जग्गा कर

महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको प्रत्येक घर-जग्गामा नगर परिषद्बाट पारित भएबमोजिम घरको आकार, प्रकार, बनौट र सो घरले चर्चेको हाता कम्पाउण्ड समेतको आधारमा तोकिएबमोजिम घरजग्गा कर लगाउन सक्छ। यस करको प्रयोजनका लागि घरको बनोटको वर्गीकरण र मूल्याङ्कन निम्नानुसार कायम रहेको छः

*तालिका ८.१:* **घर जग्गा करको प्रयोजनका लागि घरको बनोट तथा मूल्यांकन**

| घरको बनोटको वर्गीकरण | औषत लागत दर प्रति वर्गफुट (रु) | प्रति वर्ष टुटफुट कट्टी दर % | कट्टी गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| भित्र काँचो बाहिर ईटमा माटोको जोडाई भएका सबै किसिमका घर र काठैकाठबाट बनेका घर । | ४५०।- | ३.०० | २५ |
| भित्र बाहिर पाको ईट वा ढुंगामा माटोको जोडाई भएका सबै किसिमका घर । | ५२५।- | २.०० | ३० |
| भित्रबाहिर पाको ईटमा सिमेण्ट वा वज्रको जोडाई भएका सबै किसिमका घर । | ५७५।- | १.०० | ७० |
| आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर । | ६३५।- | ०.७५ | १०० |

महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने घरजग्गा करको दर निम्न प्रकार छः

*तालिका ८.२:* **घर-जग्गा करको दर**

| **घर जग्गा कर** | **मुल्य (रु)** | **करको दर (रु./%)** |
|---|---|---|
| पहिलो | ०-१० लाख | कर नलाग्ने |
| त्यसपछिको | १० लाखसम्ममा | एक मुस्ट रु. ३००।- |
| त्यसपछिको | ३० लाखसम्ममा | ०.०५ % |
| त्यसपछिको | ५० लाखसम्ममा | ०.२५ % |
| त्यसपछिको | १ करोडसम्ममा भन्दा माथि सबै | ०.५० % |
| त्यसपछिको | बांकी रकममा | १.५० % |

गाउँ विकास समितिलाई पनि घर जग्गा कर लगाउने अधिकार प्राप्त छ । गाउँ विकास क्षेत्रभित्रको घरको आकार, प्रकार र बनौट समेतको आधारमा प्रति घर-जग्गाको वार्षिक घर-जग्गा कर लाग्दछ । यस्तो कर पक्की घरमा, त्यस्तो घरको तला, बनोट, क्षेत्रफल र घर रहेको स्थानको आधारमा प्रति घर वार्षिक रु. ५ देखि ५०० सम्म लाग्ने व्यवस्था छ ।

## ८.५. एकीकृत सम्पत्ति कर

महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको दरमा एकीकृत सम्पत्ति कर लगाउन सक्ने व्यवस्था छ ।

*तालिका ८.३:* **नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकीकृत सम्पत्ति करको दर**

| **करयोग्य एकीकृत सम्पत्तिको मूल्य** | **दर (वार्षिक)** |
|---|---|
| रु. १० लाख सम्म | रु. २५ देखि रु. २०० सम्म |
| रु. १० लाख १ देखि रु. २० लाख सम्म | रु. २५० देखि रु. ४०० सम्म |
| रु. २० लाख १ देखि रु. ३० लाख सम्म | रु. ५०० देखि रु. १,००० सम्म |
| रु. ३० लाख १ देखि रु. ५० लाख सम्म | रु. १,२०० देखि रु. ३,००० सम्म |
| रु. ५० लाख १ देखि रु. १ करोड सम्म | रु. ३,५०० देखि रु. १०,००० सम्म |
| रु. १ करोड १ देखि रु. २ करोड सम्म | रु. १२,००० देखि रु. २०,००० सम्म |
| रु. २ करोड १ देखि रु. ५ करोड सम्म | रु. २५,००० देखि रु. ६०,००० सम्म |
| रु. ५ करोड १ देखि माथि | रु. २ प्रति हजार |

## ८.६ रजिष्ट्रेशन दस्तुर

स्थानीय स्वायत्त शासन ऐन, २०५५ लागू गरिएपछि यस करबाट प्राप्त हुने राजस्व नेपाल सरकार र जिल्ला विकास समिति बीच वांडफांड हुने व्यवस्था गरिएको छ । घर जग्गा रजिष्ट्रेसन दस्तुरबाट उठेको कुल राजस्वको जिल्ला विकास समितिले निम्न अनुसारको रकम प्राप्त गरिआएका छन्:

(क) रु. ५० लाख सम्म भए ९० प्रतिशत

(ख) त्यसपछिको रु. १ करोड सम्म ६० प्रतिशत

(ग) त्यसपछिको रु. २ करोड सम्म ३० प्रतिशत

(घ) त्यसपछिको रु. ३ करोड सम्म २० प्रतिशत

(ङ) त्यसपछिको रु. ५ करोड सम्म १५ प्रतिशत

(च) त्यसपछिको रु. १० करोड सम्म १० प्रतिशत

(छ) त्यसपछि जतिसुकै रुपैयाँ भए पनि ५ प्रतिशत

## ८.७ समस्याहरू

नेपालमा परापूर्वकालदेखि लागू हुदै आएको मालपोत लगाउने अधिकार अहिले गाउँ विकास समिति तथा महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकालाई प्राप्त छ । सैद्धान्तिक रुपमा हुनुपर्ने पनि यही हो । तर यसरी मालपोत लगाउने अधिकार स्थानीय निकायलाई प्रत्यायोजित गर्दा राम्रो तयारी नभएको, अन्तरिम व्यवस्था नभएको, मालपोत प्रशासन तथा स्थानीय निकाय बीच समन्वय नभएको जस्ता कारणले गर्दा स्थानीय तहमा मालपोतलाई प्रभावकारी रुपमा लागू गर्न सकिएको छैन । जग्गाको स्वामित्वको विवरण मालपोत कार्यालयले राख्ने र मालपोत गाउँ विकास समिति तथा नगरपालिकाले उठाउने व्यवस्था भएको तर दुई निकाय बीच समन्वय नभएकोले स्थानीय निकायहरूले घर जग्गाको स्वामित्वको अद्यावधिक विवरण राख्ने गरका छैनन् र जग्गाधनीहरूले वर्षेनी मालपोत बुझाएका छन् छैनन् भनेर स्थानीय निकायहरूले अनुगमन (Follow-up) गर्ने गरेका पनि छैनन् । यो कर जग्गाधनीले जग्गाको स्वामित्व हस्तान्तरण गर्ने वा अन्य कार्यको लागि मालपोत तिरेको प्रमाण पेश गर्नुपर्ने अवस्थामा वाहेक नियमितरुपमा तिर्ने गरेका छन् भनेर यकिन रुपमा भन्न सकिन्न । यसले गर्दा मालपोत संकलन कार्य विगतमा जिम्मेवाल, मुखिया, पटवारी जस्ता मध्यस्थकर्ता मार्फत वर्षेनी उठाउने प्रचलन भन्दा पनि कम प्रभावकारी भएको पाइन्छ । मालपोतलाई स्थानीय निकायहरूले प्रभावकारी रुपमा नलगाएमा लामो समयदेखि स्थापित भैसकेको मालपोत व्यवस्था मासिने छ, जुन दुर्भाग्यपूर्ण हुने छ ।

मालपोत निर्दिष्ट दरले लगाइन्छ । यस्तो दरबाट संकलन हुने राजस्व मुद्रास्फीतिले गर्दा वास्तविक मूल्यमा कम हुदै जाने भएता पनि मालपोतका दर वर्षौसम्म परिवर्तन गरिएका छैनन् ।

कर सुधारको सन्दर्भमा घर जग्गा कर लगाउने व्यवस्था पनि केन्द्रीय स्तरबाट स्थानीय तहमा सारिएको छ । यो कर पनि प्रभावकारी रुपमा लागू गरिएको छैन । यस करको तर्जुमामा पनि केही त्रुटीहरू देखिएका छन् । स्थानीय स्वायत्त शासन कानूनमा घर जग्गा करका अधिकतम र न्यूनतम दर तोक्नुको सट्टा एउटै दरको संरचना मात्र दिइएको छ । यसले गर्दा स्थानीय निकायहरूले आफ्नो स्थानीय आवश्यकता अनुसार दर कायम गर्न सक्ने स्वायत्तता पाएका छैनन् । यस्तो व्यवस्था वित्तीय स्वायत्तताको सिद्धान्तसंग मेल खांदैन । अर्कोतर्फ, घर जग्गा कर व्यक्तिको सबै प्रकारको सम्पत्तिमा नभै घर जग्गामा मात्र लाग्ने कर हो । यस किसिमको कर व्यक्तिमा नभै छुट्टा छुट्टै सम्पत्ति विशेषमा लगाइने हुदा यस्तो करमा छुटको औचित्य हुदैन । यही मान्यताका आधारमा गाउँ विकास

समितिले लगाउन पाउने मालपोत/भूमिकर र घरजग्गा करमा कुनै हदसम्मको जग्गाको स्वामीत्वमा छुटको व्यवस्था छैन र सिद्धान्ततः त्यसमा छुटको व्यवस्था हुनु पनि हुदैन । त्यसैगरी महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाले लगाउन पाउने मालपोत/भूमिकरमा न्यूनतम छुटको व्यवस्था नभएपनि घर जग्गा कर अन्तर्गत न्यूनतम छुटको व्यवस्था छ । अर्कोतर्फ घर जग्गाकर वा एकीकृत करको दर चर्को छ ।

घर जग्गा रजिष्ट्रेशन दस्तुरको प्रयोजनको लागि घर जग्गा मूल्यांकन वास्तविक बजार मूल्यको ५० प्रतिशत जति मात्र भएको अनुमान छ। यस करको प्रयोजनका लागि सरकारी स्तरबाट कायम गरिएको मूल्यांकन पनि वास्तविक मूल्यभन्दा निकै कम रहेको छ। यसले गर्दा घर जग्गा रजिष्ट्रेशन कुनै व्यक्तिले वास्तविक मूल्यमा तिर्ने र कुनैले वास्तविक मूल्य भन्दा निकै कम मूल्यमा तिर्ने स्थिति छ । यसले गर्दा एकातिर मुद्दामामिला सृजना हुने गरेको छ भने अर्कोतर्फ कर प्रणाली असमान पनि भएको छ ।

आयोगले आफ्ना अन्तरिम सुझावहरू व्यवस्थापिका–संसदको अर्थ समितिमा प्रस्तुत गर्ने सन्दर्भमा जग्गाको न्यून मूल्यांकनको सम्वन्धमा समितिका माननीय सदस्यज्यूहरूले पनि चासो व्यक्त गर्नु भएको थियो । सो अवसरमा उहांहरूले घर जग्गा रजिष्ट्रेशन दस्तुरको प्रयोजनको लागि कायम गरिएको मूल्य वैंकमा जग्गा धितोराख्दा कायम भएको मूल्य र वजार मूल्यभन्दा निकै कम भएकोले चलखेल हुने गरेको र सो रोक्नका लागि सरकारले कायम गरेको न्यूनतम मूल्य, वैंकले कायम गरेको मूल्य र वजार मूल्य उही स्तरमा कायम गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । सोही अवसरमा अर्थ समितिका माननीय सदस्यज्यूहरूले कतिपय युवाहरू पुर्ख्यौलि सम्पत्तिमा रमाइ पर निर्भर भएकाले पैतृक सम्पत्तिको स्वामित्व हस्तान्तरणमा वढी कर लगाउनु पर्ने कुरामा जोड दिनु भएको थियो । यसैगरी माननीयज्यूहरूले निःसन्तान भएकाहरूको सम्पत्तिलाई राष्ट्रिय ट्रष्टमा राख्ने तर्फ पहल गरिनु पर्ने सुझाव पनि दिनु भएको थियो ।

घर जग्गा रजिष्ट्रेशन दस्तुरको दर शहरी क्षेत्रमा ४ प्रतिशत र ग्रामीण क्षेत्रमा २ प्रतिशत छ । विगतको तुलनामा रजिष्ट्रेशन दस्तुर हाल कम भएपनि यस करको प्रकृति अनुसार यो दर अझै उच्च छ । यस करको दर जति जति बढी हुन्छ त्यति त्यति यसले अचल सम्पत्ति (Real Estate) बजारमा आर्थिक असक्षमता निम्त्याउँछ । कारण, चर्को दरले अचल सम्पत्तिको खरीद विक्रीलाई निरुत्साहित गर्दछ र त्यसले Lock-in-Effect कायम गर्ने हुनाले साधनको उच्चतम प्रयोग हुनबाट वन्चित गर्दछ । अर्कोतर्फ चर्को दरले घर जग्गाको मूल्य कम राख्न प्रोत्साहित गर्दछ । हुन त हामी कहाँ यस करको प्रयोजनका लागि मालपोत कार्यालयहरूले जग्गाको न्यूनतम मूल्य कायम गर्ने गरेका छन् । तर

त्यसरी कायम गरिएको मूल्य वास्तविक मूल्य भन्दा निकै कम छ र त्यसलाई वर्षौंसम्म परिवर्तन नगर्ने प्रचलन छ । यसको परिणामस्वरुप सोझा तथा घर जग्गाको वास्तविक मूल्य उल्लेख गर्नैपर्नेले बढी कर तिर्नु पर्दछ भने अरुहरू वास्तविक मूल्य भन्दा निकै कम मूल्यमा यो कर तिर्दछन् । घर जग्गाको न्यून मूल्यांकनले व्यक्ति पिच्छे करको प्रभावकारी दर (Effective Rate) फरक फरक हुने स्थिति छ ।

स्थानीय निकायहरूलाई स्थानीय स्वायत्त ऐनमा उल्लिखित स्थानीय करहरू उठाउनैपर्ने अनिवार्यता गरिएको छैन । यसले गर्दा कुनै स्थानीय निकायले यी करहरू लगाउने गरेका छन् भने कुनैले लगाएका छैनन् । स्थानीय निकायहरूले कानूनी हिसावले केही कर लगाउनैपर्ने वाध्यता नभएमा कर लगाउन इच्छुक हुदैनन् । यसले गर्दा स्थानीय निकायहरूलाई विभिन्न प्रकारका सम्पत्ति करहरू लगाउने अधिकार दिएको लामो समय बितिसक्दा पनि तिनीहरूले कर प्रणालीको खासै उपयोग र विकास गरेका छैनन् । यसो हुनुको एउटा कारण सस्तो राजनीतिक लोकप्रियता कमाउनु पनि रहेको देखिन्छ । स्थानीय निकायका प्रतिनिधिहरू जनताबाट निर्वाचित हुने र तिनीहरूले स्थानीय तहमा कर लगाएमा अर्कोपटक चुनावमा जित्न नसकिएला भन्ने मनस्थितिबाट ग्रसित भएका हुन सक्छन् । यी करलाई प्रभावकारी रुपमा लगाउनका लागि कतिपय ठाउँमा आवश्यक जनशक्ति, तथ्यांक तथा अन्य आधारहरू पनि तयार भएको देखिदैन ।

## ८.८ सुझाव

स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायलाई स्वायत्त सरकारको रुपमा विकसित गर्न गरेको परिकल्पना साकार गर्नका लागि स्थानीय सरकारले आफूलाई दिइएका कर सम्वन्धी अधिकारको प्रयोग गरेर स्थानीय तहमा साधन परिचालन गर्न आवश्यक छ । यसैले स्थानीय निकायहरूले कानूनी हिसावले केही कर लगाउनै पर्ने वाध्यता गरिएमा जनप्रतिनिधिहरूलाई आ-आफ्नो क्षेत्रमा कर लगाउन राजनीतिक हिसावले पनि सजिलो हुनेछ । घर जग्गामा लगाइने करको आधार हरेक गाउँ विकास समिति तथा हरेक नगरपालिकामा हुने र यस्तो करलाई स्थानीय सरकारले अनिवार्य रुपमा लगाउने व्यवस्था गर्नु पर्दछ ।

स्थानीय करका अधिकतम तथा न्यूनतम दरहरू तोकेर त्यस सीमाभित्र स्थानीय सरकारले दर कायम गर्न सक्ने व्यवस्था विभिन्न दृष्टिकोणले आवश्यक हुन्छ । सर्वप्रथम त यस व्यवस्थाबाट स्थानीय निकायले केही मात्रामा वित्तीय स्वायत्तता प्राप्त गर्दछन् । यदि स्थानीय करका न्यूनतम दरहरू तोकिएन भने कुनै कुनै स्थानीय निकायले नाम मात्रको

दर लगाउन सक्छन् वा त्यस्तो दर लगाउनको लागि स्थानीय जनताले दवाव दिन सक्छन् । यदि स्थानीय कर सम्वन्धी कानूनमा करको न्यूनतम दर तोकिदिएमा त्यस्तो स्थिति आउदैन । यसैगरी, यदि करका अधिकतम दरहरू कायम गरिएनन् भने कुनै कुनै स्थानीय निकायले कर दायरा फराकिलो बनाएर राजस्व परिचालन गर्ने भन्दा करको दायरा भित्र रहेका करदातामा करको बढी दर कायम गरेर राजस्व परिचालन गर्ने नीति लिन सक्छन् । त्यस किसिमको नीतिबाट त्यस क्षेत्रको आर्थिक क्रियाकलापमा प्रतिकुल असर पर्न गै अन्ततः त्यस्तो नीति प्रत्युत्पादक हुन सक्छ । यस्तो स्थिति आउन नदिनका लागि करका अधिकतम दर तोकिनु आवश्यक हुन्छ । तर अधिकतम र न्यूनतम दरबीचको फरक धेरै ठूलो हुनु हुदैन । यस सन्दर्भमा नगरपालिकाले लगाउन पाउने घर जग्गा करका अधिकतम तथा न्यूनतम दर तोक्ने र ती सीमा भित्र रहेर नगरपालिकाले आफ्नो आवश्यकता अनुसार दर तोक्न सक्ने व्यवस्था हुनु पर्दछ । यस करको वर्तमान दर चर्को भएकोले त्यसलाई घटाउन आवश्यक छ । अर्कोतर्फ यस कर अन्तर्गत गरिएको न्यूनतम छुटको व्यवस्थाको अन्त्य गरी सम्पत्ति अनुसार धेर थोर सबैले कर तिर्नैपर्ने व्यवस्था गर्नु पर्दछ ।

मालपोत/भूमिकरका दरहरू निर्दिष्ट भएकाले मुद्रास्फीतिको कारणले वास्तविक मूल्यमा मालपोत राजस्वमा आउने गिरावट रोक्न ती दरहरूलाई आवधिक रुपमा पुनरावलोकन गरिनु पर्दछ ।

जग्गाधनीले चाहेमा ५ वर्षको मालपोत एकैपटक तिर्न सक्ने व्यवस्था गर्नु पर्दछ ।

मालपोत कार्यालय र स्थानीय निकायबीच समन्वय कायम गरी घर जग्गाको स्वामित्वको विवरण अद्यावधिक राख्नु पर्दछ । कर सम्वन्धी सूचना संकलन गरिनु पर्दछ । कर विल पठाउने र समयमा संकलन गर्ने व्यवस्था हुनु पर्दछ । कर तिर्ने नतिर्नेको निरन्तर रुपमा अनुगमन गरिनु पर्दछ । सर्वाधिक प्राथमिकता कर संकलन तथा कार्यान्वयनलाई दिनुपर्ने आवश्कता छ ।

स्थानीय सरकारलाई खास गरेर सम्पत्तिमा आधारित करबाट राजस्व परिचालन गर्न अभिप्रेरित गर्नका लागि राजस्व परिचालन सक्षमताको आधारमा पनि अनुदानको मात्रा निर्भर रहने व्यवस्था गर्न उपयुक्त हुनेछ ।

एकातिर घर जग्गा रजिष्ट्रेशन दस्तुरको दरलाई घटाउन आवश्यक छ भने अर्कोतर्फ यस करलाई कारोवार मूल्यमा कर लगाउने व्यवस्था गर्नु जरुरी छ । यसको लागि घर जग्गाको मूल्य विभिन्न स्रोतबाट संकलन गरी यस करलाई वास्तविक मूल्यमा लगाउने

स्थिति कायम गरिनु पर्दछ। मूल्य अद्यावधिक राख्ने जस्ता कुराहरू गर्न सहज नभएपनि जनताका आकांक्षा पूरा गर्ने उत्तरदायी सरकार स्थापना गर्न यी कुराहरू लागू गरिनु पर्दछ । अर्कोतर्फ पैतृक सम्पत्तिको स्वामित्व हस्तान्तरणमा हाल लागि आएको करको दरलाई दोव्वर गरिनु पर्दछ। रजिष्ट्रेशन दस्तुर केन्द्र र स्थानीय निकाय बीच विभाजन गर्ने व्यवस्थालाई सरल बनाइनु पर्दछ।

सम्पत्ति करबाट प्राप्त रकमबाट फोहर संकलन, सरसफाई, खानेपानी, स्थानीय सडक जस्ता सेवा प्रदान गरिनु पर्दछ । यसको जानकारी पनि स्थानीय जनतालाई दिइनुपर्दछ। यी सेवाहरूको आपूर्ति संख्यात्मक तथा गुणात्मकरुपमा सम्पत्ति कर राजस्व माथि निर्भर रहने हुदा कर तिर्नुपर्ने बारेमा जागरण अभियान चालिनु पर्दछ। अनुदानको माध्यमले पनि स्थानीय निकायलाई करको आधार अद्यावधिक राख्न प्रोत्साहित गर्ने व्यवस्था गरिनु पर्दछ।

स्थानीय सरकारको कर प्रशासन सक्षम, सबल तथा संगठित बनाउन आवश्यक हुन्छ। त्यस सन्दर्भमा स्थानीय तहमा राजस्व संकलन गर्न पर्याप्त मात्रामा दक्ष कर्मचारीको व्यवस्था गरिनु पर्दछ र तिनीहरूलाई करका विविध पक्षका बारेमा प्रशिक्षण दिइनु पर्दछ । स्थानीय सरकारको कर प्रशासन सक्षम नभएसम्म स्थानीय सरकारले राजस्व प्राप्त गर्ने करहरूको प्रशासन नेपाल सरकारले गर्ने व्यवस्था गर्न पनि सकिन्छ जुन बढी व्यावहारिक हुनेछ। कुनै कुनै करको हकमा नेपाल सरकारका राजस्व कार्यालयले करको आधार यकिन गरेर त्यसको आधारमा स्थानीय सरकारले कर संकलन गर्ने व्यवस्था पनि लागू गर्न सकिन्छ। उदाहरणका लागि, स्थानीय तहमा एकीकृत सम्पत्ति कर कार्यान्वयन गर्नका लागि घर जग्गाको मूल्यांकन गरी कर निर्धारण गर्ने कार्य नेपाल सरकारले र निर्धारित कर संकलन गर्ने कार्य स्थानीय सरकारले गर्ने व्यवस्था अझ व्यावहारिक हुन सक्छ।

स्थानीय तहमा लगाइने सम्पत्तिमा आधारित कर लगायतका विभिन्न करलाई प्रभावकारी बनाउनका लागि करचुक्ता प्रमाणपत्रको व्यवस्था लागू गर्नु पर्दछ। उदाहरणका लागि, जमिन छुट्टाउंदा, बिक्री गर्दा, घर बनाउने स्वीकृति लिंदा वा खरीद बिक्री गर्दा सम्पत्ति कर लगायत स्थानीय तहका सबै कर तिरेको प्रमाण पत्रको प्रतिलिपि पेश गर्ने व्यवस्था लागू गरिनु पर्दछ। यसैगरी, स्थानीय सरकारले प्रदान गर्ने पिउने पानी, विजुली, टेलिफोन जस्ता सेवासंग पनि कर चुक्ता प्रमाणपत्रको व्यवस्थालाई आबद्ध गर्नु पर्दछ । यस किसिमको व्यवस्था त्यति बेला प्रभावकारी हुन्छ जति बेला स्थानीय सरकारले धेरै जसो सेवाहरू प्रदान गर्दछन्। हाल यी सेवाहरूमध्ये केहीको व्यवस्थापन स्थानीय सरकारलाई

दिन सकिन्छ । उदाहरणको लागि, नगरपालिकाले नेपाल विद्युत प्राधिकरणबाट विद्युत किनेर वितरण गर्ने जिम्मा लिने व्यवस्था गर्न सकिन्छ। यसो भएमा प्राधिकरणको वक्यौता पनि नरहने र नगरपालिकालाई अन्य कर संकलन गर्न पनि सरल हुनेछ । स्थानीय सरकारलाई तिर्नु पर्ने कर नतिरेसम्म Line Agencies ले सुविधा नदिने व्यवस्थालाई अनिवार्य रुपमा लागू गर्नु पर्दछ ।

सम्पत्ति कर ऐन तथा घर जग्गा कर ऐन खारेज गरिनु पर्दछ ।

स्थानीय सरकारले लगाएको कर लगाउने र उठाउने तथा कर नतिर्नेहरूलाई कानूनी कारवाही गर्न सकिने कानुनी आधारहरू सृजना गरिनु पर्दछ ।

नेपालमा कर सम्वन्धी जनचेतना निकै कम छ। स्थानीय तहमा लगाउन सकिने कतिपय करहरू व्यवहारमा लागू नगरिएका हुँदा अधिकांश जनतालाई ती करका बारेमा जानकारी सम्म पनि नहुन सक्छ । यस परिप्रेक्ष्यमा स्थानीय निकायले लगाउन पाउने विभिन्न करहरूका बारेमा जानकारी गराउने किसिमले करदाता शिक्षा कार्यक्रम संचालन गरिनु पर्दछ। त्यस सन्दर्भमा करको संरचना, संचालन प्रक्रिया, करको औचित्य, अदिका बारेमा स्थानीय जनतालाई जानकारी गराइनु पर्दछ ।

स्थानीय तहमा कर लगाउने राजनैतिक प्रतिबद्धता हुनु पर्दछ । जननिर्वाचित पदाधिकारीहरूमा कर नलगाएर सस्तो राजनैतिक लोकप्रियता कमाउने लालचा होइन, करको माध्यमले राजस्व संकलन गरी आफ्नो क्षेत्रको विकास गरेर जनतालाई राहत दिने भोक हुनु पर्दछ र यसको लागि आफ्ना मतदातामा कर तिर्ने भावना अभिवृद्धि गर्ने प्रयाशगर्नु पर्दछ। स्थानीय सरकारको आय व्ययको विवरण जनसमक्ष राखी आफ्ना काम कारवाहीलाई पारदर्शी बनाउने प्रयाशगर्नु पर्दछ। स्थानीय सरकारका काम कारवाहीको अनुगमन तथा मूल्याकन गर्ने व्यवस्था हुन पनि आवश्यक छ ।

अध्याय

९

# सवारी साधन कर

## ९.१ परिचय

सवारी साधन कर आधुनिक कर प्रणालीको अभिन्न अंगको रुपमा रहेको देखिन्छ। यो कर सडकको प्रयोग गरे वापत लगाइने हुंदा यसलाई लाभमा आधारित करको रुपमा पनि हेरिन्छ। यसबाट सडकको निर्माण तथा मर्मत संभार गर्न पर्याप्त मात्रामा राजस्व संकलन हुनु पर्दछ।

सवारी साधनको प्रयोगबाट सवारी साधनका धनीको निजी खर्च हुनुका साथै त्यसले सामाजिक लागत पनि सृजना गर्दछ। उदाहरणका लागि सवारी साधनको प्रयोगले बाटो बिग्रने, वायु प्रदुषण हुने, ध्वनी प्रदुषण हुने, पैदल यात्रीलाई असुविधा हुने, ट्राफिक जाम भएको कारणले सवारी साधनका धनीका साथै अरुको यात्रा समय लम्बिने, दुर्घटना हुने आदि हुन सक्छ। यसरी सवारी साधनको प्रयोगबाट सवारी साधनका धनी बाहेक अन्य व्यक्तिलाई पनि असुविधा हुन्छ। यसरी सवारी साधनको प्रयोगले Negative Externality सृजना गर्ने हुंदा सवारी कर लगाउदा यसलाई समेत विचार गर्नु पर्दछ। सवारी साधनमा कर लगाउने सम्वन्धमा यो कर किन लगाउने ? के मा लगाउने ? कसरी लगाउने ? र कति लगाउने ? भनेर अध्ययन हुनु पर्दछ।

सडक निर्माण, मर्मत तथा सुधार गर्न आवश्यक राजस्व जुटाउन सवारी कर लगाउनु पर्दछ। सवारी साधनको प्रयोगवाट सडक बिग्रने हुंदा त्यसको क्षतिपूर्तिको लागि र सामाजिक लागत न्यून गर्न राज्यले सवारी साधनबाट राजस्व संकलन गर्नु पर्दछ। सडकको उचित प्रयोग गर्ने हिसावले पनि सवारी साधनमा कर लगाउने गरिन्छ र सोही उद्देश्य हासिल गर्न पेट्रोलियम पदार्थमा पनि कर लगाउनु पर्दछ। यो कर समाजका हुने खाने सक्षम वर्गबाट असुल गरिने हुदा यस करले कर प्रणालीलाई प्रगतिशिल बनाउन

पनि मद्दत गर्दछ । कारण, आयमा भएको वृद्धि अनुसार सवारी साधनको प्रयोग बढ्ने र जति जति सवारी साधनको बढी प्रयोग भयो, कर पनि त्यतिनै बढी तिर्नु पर्ने हुन्छ ।

सवारी साधन कर सवारी साधनको खरीद/पैठारी, स्वामित्व तथा प्रयोग गरे वापत लगाइन्छ । सवारी साधनको पैठारी वा खरीदमा भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर आदि लगाइन्छन् । यी करहरू सवारी साधनबाट सवारी साधनको अवधिभर त्यसको प्रयोगबाट सृजना हुने लागत उठाउने किसिमले ठिक भएपनि हरेक पटक सडक प्रयोग गर्दा लागत असुल गर्ने किसिमले लागेको हुदैन । सवारी साधनमा वार्षिक रुपमा सवारी साधनमा मूल्यको आधारमा, तौलको आधारमा, इन्जिन क्षमताको आधारमा वा साइजका आधारमा कर लगाउनु सकिन्छ । तौल बढी भएका सवारी साधनको प्रयोगले सडक निर्माण खर्च र सडक मर्मत तथा संभार खर्च बढी लाग्ने र त्यस्ता सवारी साधनले बढी इन्धन उपभोग गर्ने हुंदा त्यसमा बढी कर लगाउनु पर्दछ । एकातिर पुराना सवारी साधन (Second–hand Vehicles) को प्रयोगलाई निरुत्साहित गर्न त्यस्ता सवारी साधनमा बढी दरका कर लगाइनु पर्दछ भने अर्कोतर्फ इन्धन-किफायति (Fuel efficient) गाडीको आयात तथा प्रयोगलाई प्रोत्साहित गर्न त्यस्ता सवारी साधनमा कम दरका कर तोकिनु पर्दछ । सार्वजनिक सवारी साधनको सामाजिक लागत कम हुने हुंदा सार्वजनिक बसमा कम दर लगाइनु पर्दछ र निजी क्षेत्रमा दर्ता हुने विलाशी सवारी साधनको सामाजिक लागत बढी हुने हुंदा त्यस्तासवारी साधनको दर्तालाई निरुत्साहित गर्ने किसिमले बढी दर तोकिनु पर्दछ ।

सवारी साधनको प्रयोगलाई निरुत्साहित गर्न र त्यसबाट सृजना हुने सामाजिक लागत कम गर्न सवारी साधनमा स्वामित्वको आधारमा वार्षिक भन्दा सडकको प्रयोग अनुसार प्रत्येक पटक कर लगाउनु उपयुक्त हुन्छ । तर यस किसिमको व्यवस्थाले सवारी साधन कर झन्झटिलो हुने, सवारी साधनका धनी/चालकको बढी समय खेर जाने, स्वतन्त्र यातायात/ढुवानीमा अवरोध आउने हुंदा सवारी साधनले सडक प्रयोग गरेवापत प्रत्येक पटक कर लगाउनु भन्दा पनि सवारी साधनले प्रयोग गर्ने इन्धनमा कर लगाउनु पर्दछ । इन्धन कर (Fuel Tax) सडक उपयोग गरेको आधारमा लगाइने र यसको प्रशासन सरल हुने हुन्छ । यस करले इन्धनको माग घटाएर विदेशी मुद्रा बचाउन मद्दत गर्ने अपेक्षा गरिन्छ । यो कर लगाएमा सडक प्रयोग भएको आधारमा सीमान्त लागत अनुसार करको दर कायम गर्न सकिन्छ । यो कर साधनको सक्षम उपयोगको हिसावले राम्रो मानिन्छ । पेट्रोल (Gasoline) को माग तुलनात्मक रुपमा अलोचक हुने र मूल्य बढे पनि माग खासै नघट्ने हुंदा डिजेलमा भन्दा पेट्रोलमा बढी दरमा कर लगाएमा कर न्यायिक हुन्छ । इन्धनमा

कम दरको कर र सवारी साधनमा वार्षिक बढी दरले कर लगाएमा त्यसबाट सडक प्रयोग गरेको आधारमा कर लगाउनका साथै सामाजिक लागत पनि विचार गर्न सकिन्छ ।

डिजेल सवारी भाडाको महत्वपूर्ण तत्वको रुपमा रहने हुनाले डिजेलमा कर लगाउंदा यात्रु तथा ढुवानी भाडा वृद्धि हुन्छ र यसले न्यून आय भएका सार्वजनिक यातायातको प्रयोगकर्तामाथि करको भार बढ्न जान्छ । यस सन्दर्भमा सरकारी क्षेत्रमा सार्वजनिक यातायातको पर्याप्त व्यवस्था गरिनु पर्दछ, जसबाट न्यून आय भएका व्यक्तिलाई डिजेलमा लागेको करको भारबाट मुक्त गर्न सकिन्छ । गरीविको रेखामुनी रहेका, अशक्त, असहाय, असक्षम, विद्यार्थीलाई परिचय पत्रका आधारमा सुहलियत दरमा भाडा लिने, निजी क्षेत्रले यस्तो सहुलियत दिन सहजरुपमा स्वीकार नगर्ने हुनाले तोकिएको क्षेत्रमा सहुलियत भाडामा सार्वजनिक यातायात संचालन गरिनु पर्दछ र निजीक्षेत्रका व्यवसायीलाई सरकारले अनुदान (Subsidy) दिनु पर्दछ ।

मट्टीतेलको मूल्यले दाउराको प्रयोगलाई प्रभावित गर्दछ। यसले वन फडानिलाई प्रभावित गर्दछ र वातावरणीय समस्या पनि सृजना गर्दछ । यसैगरी मट्टीतेल न्यून आय भएका वर्गले बढी प्रयोग गर्ने हुंदा यसमा लगाइने करले कर प्रणालीलाई असमान बनाउंछ । अर्कोतर्फ मट्टीतेलमा कर नलगाएमा यसले डिजेलको सट्टा मट्टीतेल प्रयोग गर्न प्रेरित गर्दछ । डिजेल र मट्टीतेल आंशिक रुपमा प्रतिस्थापन हुने वस्तु हुन् । यी दुईमध्ये एउटामा कर लगाउंदा र अर्कोमा नलगाउंदा असक्षमता सृजना हुन्छ ।

भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर जस्तो सवारी साधनको पैठारी वा खरीदमा लाग्ने करबाट बढी राजस्व प्राप्त गर्ने वा इन्धन र वार्षिक दर्ता र नवीकरण दस्तुरमा बढी कर लगाउने भनेर उपयुक्त निर्णय गरिनु पर्दछ । करको दर सडक प्रयोग गरे वापतको सेवाको मूल्य असुल गर्ने हिसावले अर्थात करको भार सीमान्त लागत असुल गर्ने किसिमको हुनु पर्दछ । टायर र ट्यूवको उपयोग र सडकको गुणस्तरको विपरित सम्बन्ध हुन्छ । सडक जामको हिसावले ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी दर कायम गरिनु पर्दछ ।

विदेशबाट पैठारी गरिने सवारी साधनबाट उत्पन्न हुने लागत असुल गर्न त्यस्ता साधनमा प्रवेश विन्दुमा एकमुष्ट कर लगाउन पर्दछ । तौल बढी भएका सवारी साधनले सामाजिक लागत बढी सृजना गर्ने हुंदा त्यस्ता सवारी साधनमा बढी दर तोकिनु पर्दछ । ईन्धनमा कर लगाएमा त्यो कर नतिर्नका लागि त्यस्ता सवारी साधनको ट्यांक ठुलो हुने र सयौं लिटर ईन्धन विदेशबाटै भरेर ल्याउने हुदा ईन्धन कर प्रभावकारी हुदैन ।

## ९.२ नेपाल सरकारको कर

नेपाल सरकारले सवारी साधनमा भन्सार महसुल, अन्तःशुल्क, र मूल्य अविभृद्धि कर लगाइरहेको छ। यसैगरी सवारी साधन दर्ता दस्तुर, हरेक वर्ष नवीकरण दस्तुर, चालकको लाइसेन्स दस्तुर, चालक लाइसेन्स नवीकरण दस्तुर, सडक सुधार दस्तुर, सडक-उपकर (रोडसेस) आदि लाग्ने गरेको छ । स्पेयर पार्टस तथा टायर ट्यूवमा पनि कर लाग्ने गरेको छ । यसैगरी पेट्रोल, डिजेलमा पनि विभिन्न किसिमका कर लाग्ने गरेका छन् । हाल नेपाल आयल निगमले मात्र पेट्रोल, डिजेलको पैठारी गर्ने गरेको छ। यसको मूल्य अन्तर्राष्ट्रिय हिसावले तय गरिन्छ र कर घटाउन न्यून विजकीकरण गर्ने संभावना कम रहन्छ। तसर्थ भविष्यमा आयात खुल्ला भएपनि मूल्यांकनको समस्या खासै हुने देखिदैन। पेट्रोल, डिजेलमा निर्दिष्ट दर लगाएपनि परिमाण घटबढ गर्न गाह्रो हुने हुंदा त्यसबाट राजस्व चुहावट हुने संभावना कम रहन्छ। यसरी ईन्धनमा लाग्ने करको प्रशासन सरल हुने र त्यस्तो कर संकलन गर्ने खर्च कम हुन्छ।

## ९.३ जिल्ला विकास समितिको कर

जिल्ला विकास समितिले आफ्नो स्रोतबाट निर्माण गरेको वा आफूलाई हस्तान्तरण भई आएको सडक, बाटो तथा पुलबाट आवागमन गर्ने सवारी तथा यातायातका साधनमा पटके सवारी कर लगाउन सक्ने व्यवस्था छ भने यस्तो कर राजमार्ग तथा सहायक राजमार्गमा लगाउन पाइदैन । जिल्ला विकास समितिले यस अनुसारको पटके सवारी करको सट्टामा वार्षिक रु. १,८०० सम्म लिई वार्षिक सवारी पास दिन सक्ने व्यवस्था छ । पटके सवारी करबाट उठाईएको कर सम्बन्धित सडकको मर्मत सम्भार कार्यमा मात्र खर्च गर्नु पर्दछ।

## ९.४ नगरपालिकाको कर

नगरपालिकाले पनि आफ्नो क्षेत्रभित्रका तोकिएको सवारीमा सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारका सवारीमा पटके सवारी साधन कर लगाउन सक्ने व्यवस्था छ। एक नगरपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को नगरपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन पाउंदैन। नगरपालिका आफैंले बनाएको वा आफूलाई हस्तान्तरण भई आएको सडकमा पटके सवारी कर लगाउन सक्ने छ । सवारी दर्ता तथा वार्षिक सवारी कर लागेका सवारी

साधनमा सोही नगरपालिकाभित्र पटके सवारी कर लगाउन पाइदैन । यसैगरी यस्तो कर राजमार्ग तथा सहायक राजमार्गमा पनि लगाउन पाइदैन । पटके सवारी करबाट संकलन गरिएको राजस्व सम्बन्धित सडकको मर्मत सम्भार कार्यमा मात्र खर्च गर्नु पर्दछ । नगरपालिका क्षेत्रमा ठेला, रिक्सा, टाँगा, दर्ता गरी नम्बर दिए बापत नगरपालिकाले रु.१५ देखि रु.५० सम्म सवारी दर्ता कर लगाउन सक्छन् । नगरपालिकाले आफूले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ्ग गरिएका सवारी साधनमा पार्किङ्ग शुल्क लगाउन सक्ने व्यवस्था छ । यस्तो शुल्क बस, मिनीबस, ट्रक, ट्रयाक्टरमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा बढीमा रु. ४० सम्म लगाउन सकिन्छ । यसैगरी नगरपालिकाले आफूले निर्माण गरी सञ्चालन गरेको आधुनिक सुविधा सम्पन्न बसपार्कमा नगरपरिषद्ले निर्धारण गरे बमोजिमको पार्किङ्ग शुल्क लगाउन सक्ने व्यवस्था छ । यसका साथै नगरपालिकाले आफूले तोकेको कार पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गर्ने कारमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा बढीमा रु. २० सम्म पार्किङ्ग शुल्क लगाउन सक्नेछ । यस बाहेक अन्य सवारी साधनहरूका लागि नगरपालिकाले व्यवस्था गरेका क्षेत्रहरूमा पार्किङ्ग समयको आधारमा रु. १० सम्म पार्किङ्ग शुल्क लगाउन सक्छ ।

## ९.५ गाउँ विकास समितिको कर

गाउँ विकास समितिले पनि आफनो क्षेत्रभित्रका तोकिएको सवारीसाधनमा सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारका सवारी साधनमा पट्के सवारी साधन कर लगाउन सक्ने व्यवस्था छ । गाउँ विकास क्षेत्रभित्रका तोकिएको सवारीमा सवारी दर्ता तथा वार्षिक सवारी साधन कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारका सवारीमा पट्के सवारी साधन कर लाग्ने व्यवस्था छ । नेपालभित्र प्रवेश गरेको तोकिएको सवारी साधनमा उक्त सवारी साधन सबैभन्दा पहिले विदेशबाट जुन गाउँ विकास समितिको क्षेत्रभित्र प्रवेश गर्छ सो क्षेत्रको गाउँ विकास समितिले तोकिए बमोजिम कर लगाउन सक्छ र एक गाउँ विकास समितिको क्षेत्रभित्र कर तिरेपछि अन्यत्र पुनः त्यस्तो कर नलाग्ने व्यवस्था छ । विदेशमा दर्ता भएका सवारी साधन विदेशबाट पहिलो गाउँ विकास समितिमा प्रवेश गर्दा प्रवेश दिने गाउँ विकास समितिले बढीमा तीस दिनसम्म मात्र प्रति दिनका हिसावले तोकिएको दरले सवारी साधन कर लगाउन सक्छ । गाउँ विकास समिति आफैंले बनाएको वा आफूलाई हस्तान्तरण भइ आएको एक किलोमिटर भन्दा बढीको ग्राभेल वा पीच सडकमा पट्के सवारी कर लगाउन सक्नेछ ।

## ९.६ समस्या

सवारी साधनमा विभिन्न तहमा विभिन्न निकायहरूबाट विभिन्न प्रकारका करहरू लाग्ने गरेका छन् । यसबाट कर प्रणाली अनावश्यकरुपमा झन्झटिलो भएको छ ।

## ९.७ सुझाव

परम्परागतरुपमा सडक वा सवारी साधनमा लगाइने करलाई सडक प्रयोग वापत लिइने लाभ करका रुपमा लिइन्थ्यो । तर सवारी साधनको प्रयोगले वातावरणमा प्रतिकुल असर पार्ने, जन स्वास्थ्य विगार्ने, सडक जाम भै अरुलाई असुविधा हुने, सडक दुर्घटना हुने आदि भएकोले पनि हाल सडक/सवारी साधनमा कर लगाउन पर्ने आवश्यकता बढ्दै गएको छ। यो कर सवारी साधन दर्ता तथा नवीकरण दस्तुर, सडकको प्रयोग गरे वापत पट्के दस्तुर, सडक वा पुल टोल वा इन्धनमा लगाउन सकिन्छ। यो कर वातावरणीय आधारमा केन्द्रीय तहमा लगाउन उपयुक्त हुने भएता पनि संघात्मक व्यवस्थामा स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा प्रदेश वढी जिम्मेवार हुनुपर्ने परिप्रेक्ष्यमा यस करलाई प्रादेशिक तहमा लगाउनु पर्ने हुन्छ । यसका साथै संघात्मक शासन व्यवस्थामा सवारी साधन दर्ता तथा नवीकरण प्रादेशिक सरकारको अधिकार क्षेत्र भित्र हुने भएकोले पनि यो कर उठाउने जिम्मा पनि प्रादेशिक सरकारलाई दिनु राम्रो हुन्छ । स्थानीय तहमा लाग्ने वार्षिक सवारी साधन कर पनि प्रादेशिक सरकारलाई संकलन गरेर संकलित राजस्वको निश्चित प्रतिशत स्थानीय निकायलाई दिने व्यवस्था गरिनु पर्दछ। करको दरमा प्रान्तहरू बीच ठूलो भिन्नता भएमा त्यसले सवारी साधन दर्ता तथा नवीकरणमा कम दर भएको क्षेत्रतर्फ प्रवाहित गर्न सक्ने भएकोले प्रान्तहरूबीच समन्वय कायम गरी दरमा एकरुपता कायम गरिनु पर्दछ। सवारी साधनको दर सवारीको इन्जिन, तौल र आयुमा आधारित हुनु पर्दछ। ठूला सवारी साधनले सडक छिटो र बढी बिगार्ने र पुरानो सवारी साधनले वातावरण बढी प्रदूषित गर्ने हुंदा तिनीहरूमा बढी दरको कर लाग्नु पर्दछ ।

हाल सडक तथा सवारी साधनमा केन्द्रीय तथा स्थानीय तहमा विभिन्न कर लाग्ने गरेका छन् । केन्द्रमा सडक निर्माण तथा सम्भार दस्तुर, सडक मर्मत तथा सुधार दस्तुर र सवारी साधन माथि भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर लाग्दै आएका छन् । यी करहरूमा सडक निर्माण तथा सम्भार दस्तुर कार, जीप, भ्यान लगायतका सवारी साधनहरूमा मूल्यको ५% ले लाग्दछ भने मोटर साइकलमा सि. सि. को आधारमा निर्दिष्ट दरमा कर लाग्ने व्यवस्था छ। हाल पेट्रोलको पैठारीमा प्रति लिटर चार रुपैयाँ र डिजेलको पैठारीमा प्रति लिटर दुई रुपैयाँका दरले लागि रहेको सडक मर्मत तथा सुधार

दस्तुरलाई खारेज गरिनु पर्दछ र पेट्रोल, डिजेल जस्ता पदार्थमा अन्तःशुल्क लाग्ने व्यवस्था गरिनु पर्दछ । सवारी साधन पैठारी गर्दा लाग्ने भन्सार महसुलको दर घटाएर वार्षिक सवारी साधन करको दर बढाउने नीति अवलम्वन गर्नु पर्दछ ।

सवारी साधनको अभिलेख व्यवस्थित तथा स्वचालित हुनु पर्दछ, । सवारी साधनको ५ वर्षको नवीकरण एकैपटक गर्न सकिने व्यवस्था हुनु पर्दछ, र नवीकरण भए नभएको स्वतः थाहा हुने प्रणाली विकास गरी लागू गरिनु पर्दछ । सार्वजनिक यातायात सम्वन्धी टिकट वा कुपन हुलाक वा खुद्रातहबाट विक्री गर्न सक्ने र यातायातका साधन परिचालन गर्ने व्यक्तिले Redeem गर्न सक्ने व्यवस्था गर्नु पर्दछ ।

अध्याय

१०

# सामाजिक सुरक्षा योजना

## १०.१ परिचय

आयोगले विभिन्न संघ, संस्था तथा वर्गसंग विभिन्न क्षेत्रमा गरेको छलफल/अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम लागू गर्नु पर्ने र यस्तो कार्यक्रमले करदातामा कर तिर्ने भावना बढाउने सुझाव दिएका थिए। करदातामा स्वयं कर सहभागिता बढाउन सामाजिक सुरक्षा कार्यक्रम सहयोगी हुने र सामाजिक सुरक्षा योजनाको कार्यान्वयन आधुनिक राज्यको एउटा महत्वपूर्ण कार्य भएकोले नेपालमा पनि यसको क्षेत्र विस्तार गर्दै जानु पर्दछ भन्ने आयोगको सुझाव छ।

सामाजिक सुरक्षा भन्नाले समाजका असक्त, असहाय, अस्वस्थ, वृद्ध, बालक व्यक्तिको लागि राज्यले प्रदान गर्ने संरक्षण भन्ने बुझिन्छ। यस अन्तर्गत वृद्ध, असहाय, अशक्त व्यक्तिलाई प्रदान गरिने भत्ता, उत्तरजीवी (Survivors) लाई दिइने लाभ, विरामी तथा सुत्केरी सम्वन्धी लाभ, रोजगारी जोखिम सम्वन्धी भत्ता, वेरोजगार भत्ता, र न्यून आय भएका परिवारलाई दिइने सहायता पर्दछन्। सामाजिक सुरक्षा अन्तर्गत व्यक्तिले आफू कमाउन योग्य भएको अवस्थामा सामाजिक सुरक्षा कोषमा गरेको योगदानको आधारमा निज अवकाश भएपछि निजको आम्दानीको निरन्तरता कायम गर्न सामाजिक सुरक्षा वापत दिइने रकम पनि पर्दछ।

सामाजिक सुरक्षा सर्न्दभमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयाशभएका छन्। मानव अधिकारको विश्वव्यापी घोषणा अनुसार समाजको सदस्यको हैसियतले प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार हुनेछ र प्रत्येक व्यक्तिलाई राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोग मार्फत तथा प्रत्येक राज्यको संगठन र साधन अनुरुप

उसको प्रतिष्ठा र व्यक्तित्वको स्वतन्त्र विकासका लागि अपरिहार्य आर्थिक सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्ने अधिकार हुनेछ । यसका साथै प्रत्येक व्यक्तिलाई स्तरयुक्त जीवनको अधिकार छ, जसमा परिवारको स्वास्थ्य र कल्याणको लागि पर्याप्त जीवनस्तरको अधिकार पर्दछन् र यस अन्तर्गत गांस, बास, कपास, औषधोपचार सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन् । विरामी, असमर्थता, विधुर/विधवा, वुढेसकाल वा निजको काबु वाहिरको अरु परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार हुनेछ ।

अन्तर्राष्ट्रिय श्रम संगठनले कामदार र कर्मचारीको सामाजिक सुरक्षा सम्वन्धी विषयहरूमा न्यूनतम मापदण्ड कायम गरेको छ जसमा रोजगारीमा हुने दुर्घटना र चोटपटक वापतको सुविधा, अशक्तता सुविधा, विरामी हुंदा औषधोपचार सुविधा, मातृत्व संरक्षण सुविधा, परिवार र बालबच्चाको हेरचाह सुविधा, वेरोजगारी सुविधा, वृद्ध अवस्थाको सुविधा र आश्रित परिवार हेरचाह सुविधा पर्दछन् ।

संसारका विभिन्न देशहरूमा कुनै न कुनै किसिमको सामाजिक सुरक्षा व्यवस्था कायम भएको पाइन्छ । सामाजिक सुरक्षाको क्षेत्र कुनै देशमा व्यापक हुन्छ भने कुनै देशमा सीमित । खास गरेर स्कान्डीनेभियन देशहरूमा सामाजिक सुरक्षाको राम्रो व्यवस्था भएको पाइन्छ । यी देशहरूमा बच्चादेखि वृद्धसम्मलाई सहयोग गर्नका लाीग विभिन्न किसिमका सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रम संचालन गरिएको पाइन्छ । दक्षिण एशीयाली मुलुकहरूमा सामाजिक सुरक्षा व्यवस्था हालसम्म सीमित मात्रामा प्रयोग भएको पाइएता पनि यसको क्षेत्र विस्तार गर्ने प्रयाशभैरहेका छन् ।

## १०.२. नेपालमा सामाजिक सुरक्षा योजना

नेपालमा सामाजिक सुरक्षा व्यवस्था सीमित रुपमा मात्र प्रयोग भएको छ । सार्वजनिक (निजामति, प्रहरी, सशस्त्र प्रहरी, सेना र शिक्षक) सेवाको निवृत्ति पछि उपदान वा निवृत्तिभरणको व्यवस्था छ । यो योगदान रहित (Non-contributory) व्यवस्थामा आधारित छ । अर्थात यस अन्तर्गत भविष्यमा पेन्सन तिर्नको लागि ब्यक्तिहरूको योगदान रकम जम्मा गरिदैन । यस्तो व्यवस्था अन्तर्गत कुनै व्यक्तिको योगदान र निजले पाउने लाभको बीच प्रत्यक्ष सम्वन्ध रहदैन । कामदार/कर्मचारीलाई यस्तो सुविधा प्रदान गर्न सार्वजनिक प्रतिष्ठानमा दायित्वको व्यवस्थापनको लागि रकम छुट्याउने (Funding) समेत गर्ने गरिएको पाईदैन । कर्मचारी संचयकोष र नागरिक लगानी कोषका सामाजिक सुरक्षाका कार्यक्रमहरूमा योगदानमूलक आधारमा भाग लिन पाउने व्यवस्था छ ।

वि.सं. २०५१ देखि न्यून आय भएकाहरूका लागि सामाजिक सहायता कार्यक्रम शुरु गरिएको छ र यसको क्षेत्र क्रमशः विस्तार गर्दै लगिएको छ। यो एक किसिमको Means Tested योजना हो । यस अन्तर्गत भरपर्दो आयको स्रोत नहुने जेष्ठ नागरिक, असहाय, विधवा, महिला तथा अपाङ्ग पर्दछन् । आ.व. २०६५/६६ देखि यसलाई अझ विस्तार गरी एकल महिला, लोपोन्मुख आदिवासी, जनजातीलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ । त्यस्तै बाल संरक्षण अनुदान समेत प्रदान गरिंदै आइएको छ । यस सम्वन्धी खर्च सरकारी राजस्वबाट व्यहोरिन्छ ।

श्रम ऐन, २०४८ मा दश जना वा सोभन्दा बढी कामदार वा कर्मचारी काम गर्ने प्रतिष्ठानहरूका कामदार तथा कर्मचारीहरूको लागि कल्याणकारी व्यवस्था सम्बन्धी प्रावधानहरू समावेश गरिएका छन् । ती प्रावधानहरूलाई थप व्यवस्थित गर्न श्रम नियमावली, २०५० लागू गरिएको छ। कामदार कटौतिमा क्षतिपूर्ति, चोटपटकमा क्षतिपूर्ति, उपदान, संचयकोष, औषधि उपचार, बिदा, बोनस, रोजगारीमा पुनः प्राथमिकता, मजदुर कल्याणकारी कोषको व्यवस्था, दुर्घटना बीमा जस्ता सामाजिक सुरक्षाका प्रावधानहरू रहेका छन् । यसैगरी बोनस ऐन, २०३० र बोनस नियमावली, २०३९ द्वारा कल्याणकारी कोषमा रकम जम्मा गर्ने र उपयोग गर्ने सम्बन्धी व्यवस्था गरिएको छ । बोनस ऐन, २०३० अनुसार मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खूद मुनाफाको दश प्रतिशत बराबरको रकम कर्मचारीहरूलाई बांड्न बोनस बापत छुट्याउनु पर्छ । बिद्यूत ऐन २०४९ मा खूद मुनाफाको दुई प्रतिशत बराबरको रकम कर्मचारीहरूलाई बांड्न बोनस बापत छुट्याउनु पर्छ । यसको अलावा श्रम ऐनमा भएको व्यवस्था अनुसार प्रतिष्ठानको कुल मुनाफाको ५ प्रतिशत कर्मचारी बासस्थानको लागि छुट्याउनु पर्ने भएता पनि उक्त व्यवस्था आर्थिक दृष्टिकोणले व्यावहारिक नभएकोले केही ठूला कारखानामा बाहेक अन्यको सन्दर्भमा प्रभावकारी भएको पाईदैन । बोनस आर्थिक वर्ष समाप्त भएको आठ महिना भित्र वितरण गरी सक्नु पर्दछ । कर्मचारीले पाउने बोनस रकमको प्रतिशत निर्धारण गर्दा प्रतिष्ठानमा जुन आर्थिक वर्षको निमित्त बोनस वितरण गर्नको लागि रकम छुट्याइएको हो, सो रकमलाई एक सय अङ्कले गुणन गर्दा निस्कने गुणन फलको अङ्कलाई त्यस्तो आर्थिक वर्षमा बोनस पाउने ठहरिएका कर्मचारीहरूले पाएको कूल तलब वा ज्याला रकमको अङ्कले भाग गरी निस्केको भाग फलको अङ्कलाई बोनसको प्रतिशत मान्नु पर्नेछ। कर्मचारीले पाउने बोनस देहायको रकमभन्दा बढी नहुने व्यवस्था छ :

- मासिक रु. ५,००० सम्म तलब वा ज्याला पाउने कर्मचारीले आफनो ६ महीनाको तलब वा ज्याला बराबरको रकम,
- मासिक रु. ५,००१ देखि रु. १५,००० सम्म तलब वा ज्याला पाउने कर्मचारीले आफ्नो चार महीनाको तलब वा ज्याला बराबरको रकम,
- मासिक रु १५,००० भन्दा बढी तलब वा ज्याला पाउने कर्मचारीले आफनो तीन महीनाको तलब वा ज्याला बराबरको रकम ।

आय कर ऐन, २०५८ मा भएको व्यवस्था अनुसार कामदार कर्मचारीको उपदान जस्ता दायित्व निश्चित गरी प्रतिष्ठानले आफ्नो तजबिजमा चलाउन नमिल्ने गरी आफ्नो खाताबाट स्वीकृत प्राप्त निकाय (हालको अवस्थामा नागरिक लगानी कोष जस्तो स्वीकृत अवकाश कोष) लाई भुक्तान गरेको खण्डमा यस्तो रकम भुक्तानीको समयमानै खर्च कट्टी दाबी गर्न सक्ने हुनाले कतिपय निजी प्रतिष्ठानले यस्ता रकम नागरिक लगानी कोष जस्तो स्वीकृत अवकाश कोषमा जम्मा गर्न (Funded) थालेकाले कामदार कर्मचारीले सेवा निवृत्ति पछि पाउने उपदान जस्ता रकमको सुनिश्चितता भएको छ । यो व्यवस्थालाई अझ विस्तृत र प्रभावकारी बनाउन आबश्यक छ ।

सामाजिक सुरक्षा योजनामा नयां आयाम थप गर्ने हेतुले आय कर ऐन, २०५८ ले प्राकृतिक व्यक्तिलाई स्वीकृत अवकाश कोषमा लगानीका लागि प्रोत्साहित गर्न कर सम्वन्धी सुविधा दिएको छ । यस अनुसार कुनै प्राकृतिक ब्यक्तिले रु. ३ लाखमा नबढ्ने गरी निर्धारणयोग्य आयको एक तिहाई रकम स्वीकृत अबकाश कोषमा लगानी गरेमा त्यस्तो रकम करयोग्य आयबाट घटाउन पाउंछ ।

अर्कोतर्फ, नेपालको हालको कूल श्रमशक्ति एक करोड नाघिसकेको र सोको नब्बे प्रतिशतभन्दा बढी कामदार तथा कर्मचारीहरू असंगठित एवं अनौपचारिक क्षेत्रमा कार्यरत रहेका छन् । तर तिनीहरूको सामाजिक सुरक्षा सम्बन्धमा कुनै पनि क्षेत्रबाट सम्वोधन हुन सकेको छैन । करिब आठ प्रतिशत औपचारिक क्षेत्रमा कार्यरत श्रमिकवर्गको सामाजिक सुरक्षा सुनिश्चित हुन नसकेको विद्यमान अवस्थामा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकवर्गको सामाजिक सुरक्षाको सम्भावना एकदमै न्यून रहेको छ ।ज्ञ यस विषयमा गम्भीरतापूर्वक विचार हुनु आवश्यक छ ।

1 सामाजिक सुरक्षा योजना सम्बन्धी अध्ययन प्रतिवेदन, २०६७

सामाजिक सुरक्षा योजनालाई व्यापकता दिनुपर्ने आवश्यकता हालैका वर्षहरूमा वढ्दै गएको देखिन्छ । यस सन्दर्भमा नेपालको अन्तरिम संविधान, २०६३ मा सामाजिक सुरक्षाको प्रावधानहरू समावेश गरिएका छन् । अन्तरिम संविधानको धारा १८ ले नेपाली नागरिकको रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी निम्न हकको व्यवस्था गरेको छः

- प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम रोजगारीको हक हुनेछ ।
- महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुत्ताको हक हुनेछ ।

नेपाल सरकारद्वारा विगत १५ वर्षको अवधिमा सार्वजनिक खर्च पुनरावलोकन आयोग २०५७, वित्तीय सुधार सुझाव कार्यदल २०५९, उच्चस्तरीय सरकारी खर्च आयोग, २०६१ र सरकारी बजेट व्यस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६ गरी चारवटा आयोग/कार्यदल गठन भएको पाइन्छ र यिनीहरूले दिएको सुझावहरूमा पनि सामाजिक सुरक्षाका केही पक्षमा निरन्तररुपमा उल्लेख गरेको पाउंदछौं । उदाहरणका लागि यी चारै प्रतिवेदनमा कोष सहितको निवृत्तिभरण प्रणाली कार्यान्वयन गर्न सुझाव दिएको पाइन्छ जुन अद्यापि कार्यान्वयनयोग्य रहे पनि कार्यान्वयन भएको छैन ।

सामाजिक सुरक्षा सम्वन्धमा विभिन्न वर्षका वजेट वक्तव्यमा विभिन्न प्रस्तावहरू पेश भएका देखिन्छन् । उदाहरणका लागि आ. व. २०६६/६७ को बजेट वक्तव्यमा सामाजिक सुरक्षाका कार्यक्रमहरू विस्तार गर्नका लागि सामाजिक सुरक्षा कर लगाउन एक अध्ययन गरिने र सामाजिक सुरक्षा करको व्यवस्था लागू नगरिएसम्म पारिश्रमिक आय आर्जन गर्ने व्यक्तिहरूबाट करयोग्य आयको पहिलो स्ल्याबमा एक प्रतिशत कर लगाउने प्रस्ताव गरिएको थियो ।

आर्थिक वर्ष २०६८/६९ को बजेट वक्तव्यमा सामाजिक सुरक्षा करबाट योगदानकर्ता कर्मचारी/कामदारहरूको हितमा प्रयोग गर्न स्थापित सामाजिक सुरक्षा कोषलाई आर्थिक वर्ष २०६८/६९ देखि कार्यान्वयनमा ल्याई यसबाट कार्यस्थल दुर्घटना, प्रजनन स्वास्थ्य र स्वास्थ्य बीमा जस्ता स्किमहरू शुरु गरिने र सामाजिक सुरक्षा ऐनको तर्जुमा गरी उक्त ऐनबाट कोषमा रोजगारदाता तथा सरकारको योगदान सुनिश्चित गरिने प्रस्ताव गरिएको थियो । यसैगरी स्थायी सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि पहिलो चरणमा कार्यस्थल दुर्घटना, प्रजनन स्वास्थ्य, बेरोजगार र स्वास्थ्य बीमा लागू गरिने कुरा नेपाल सरकारको आर्थिक वर्ष २०७०/७१ को नीति तथा कार्यक्रम उल्लेख गरिएको पाइन्छ भने आर्थिक

वर्ष २०७१/७२ को सरकारको नीति तथा कार्यक्रमा सामाजिक सुरक्षा सम्वन्धमा निम्न प्रस्ताव गरिएको छः

- असल श्रम सम्बन्ध, श्रम लचकता र सामाजिक सुरक्षाको प्रत्याभूतिका साथ औद्योगिक लगानीको वातावरण तयार गर्न श्रम सम्बन्धी कानून संशोधन गरिने,
- सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न एकीकृत सामाजिक सुरक्षा ऐन ल्याइने,
- सामाजिक सुरक्षा सम्वन्धी विभिन्न कार्यक्रमहरूमा देखिएको दोहोरोपना हटाउन र प्रतिफल लाभग्राहीसम्म पुऱ्याउन एकीकृत सामाजिक सुरक्षा विधेयक तर्जुमा गरी व्यवस्थापिका संसदमा प्रस्तुत गरिने,
- सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी बनाउन राष्ट्रिय परिचयपत्र तयार नहुञ्जेल मतदाता परिचयपत्रलाई आधार मानिने, र
- सामाजिक सुरक्षा कोषको अभिलेख व्यवस्थापन र योगदानकर्ताको बायोमेट्रिक परिचयपत्र तयारी गरी विभिन्न सातवटा स्किम सञ्चालन गरिने ।

यसरी सामाजिक सुरक्षा व्यवस्थालाई व्यवस्थित गर्न विभिन्न समयमा विभिन्न प्रस्तावहरू पेश भएका भएतापनि हालसम्म आर्थिक वर्ष २०६६/६७ देखि सामाजिक सुरक्षा करको रुपमा पारिश्रमिक आय आर्जन गर्ने व्यक्तिहरूबाट करयोग्य आयको पहिलो स्ल्याबमा एक प्रतिशत कर कट्टा गर्ने बाहेक अन्य क्षेत्रमा खास प्रगति हुन सकेको छैन र यसवापत योगदानकर्ताका लागि के कस्तो सामाजिक सुरक्षा प्रदान गर्ने भनेर निर्क्यौल भएको छैन । सामाजिक सुरक्षा वापत कट्टी भएको रकम सामाजिक सुरक्षा कोषमा जम्मा हुदै आएको छ, जुन वि. सं. २०७२ को चैत्रसम्म करिब रु. ८ अर्व पुगेको छ। यस सन्दर्भमा सामाजिक सुरक्षा कोषको संचालनार्थ प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले सामाजिक सुरक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०६७ जारी गरी लागू गरेको छ भने सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने ऐनको मस्यौदा तयार भै सकेको छ ।

## १०.३. सामाजिक सुरक्षा योजनाको स्वरुप

नेपालमा आगामी दिनमा सामाजिक सुरक्षा योजना संचालन गर्न नीतिगत, कानूनी, प्रकृयागत तथा संस्थागत व्यवस्था गर्न आवश्यक छ । यसको उद्देश्य **"सबैका लागि सामाजिक सुरक्षा" (Universal Social Security)** हुनुपर्दछ । सामाजिक सुरक्षा

योजना अन्तर्गत श्रम शक्तिकालागि उपलब्ध गराउनु पर्ने सुरक्षा योजनाहरू, सार्वजनिक निवृत्तिभरण, उपदान, कर्मचारी संचयकोष, नागरिक लगानीकोष, कार्यस्थल दुर्घटना सुरक्षा योजना, बिरामी सुरक्षा योजना, औषधोपचार सुविधा योजना, मातृत्व संरक्षण सुरक्षा योजना, आश्रित सुरक्षा योजना, पारिवारिक हेरचाह सुरक्षा योजना, स्वास्थ्य वीमा योजना, बेरोजगारी सुरक्षा योजना, स्वरोजगार, कृषक सुरक्षा योजना, तथा अनौपचारिक क्षेत्रको लागि सुरक्षा योजना समेटिनु पर्दछ । यसैगरी हाल लागू भैरहेका वृद्ध, विधवा, असक्त, अपाङ्ग, लोपोन्मुख आदिवासी आदि सामाजिक सहायता कार्यक्रमहरू पनि सामाजिक सुरक्षा योजनाको अंगको रुपमा राखिनुपर्दछ ।

सामाजिक सुरक्षा तथा सामाजिक सहायताको रुपमा हाल केही योजनाहरू लागू भैरहेका छन् । तिनीहरू विभिन्न कानून अन्तर्गत विभिन्न संस्थाद्वारा संचालित छन् । तिनीहरू मध्ये केही योगदान प्रणालीमा आधारित छन् भने केही योगदानरहित प्रणालीमा आधारित छन् । यसरी सामाजिक सुरक्षा सम्वन्धी विभिन्न कार्यक्रमहरू विभिन्न आधारमा छुट्टाछुट्टै रुपमा संचालन गर्दा त्यसबाट विभिन्न समस्या उत्पन्न हुन सक्ने संभावना भएको कुरा विभिन्न देशको अनुभवले पनि देखाउंछ । यसैले एकातिर विद्यमान सामाजिक योजनाहरू बीच एकीकरण तथा समन्वयको खांचो छ भने अर्कोतर्फ थप सामाजिक सुरक्षा योजनाहरू लागू गर्नु आवश्यक छ ।

सामाजिक सुरक्षा योजनाको अंगको रुपमा रहेको योगदान (Contributory प्रणाली अन्तरगत संचालित कर्मचारी संचयकोष, नागरिक लगानी कोष तथा आय कर ऐन, २०५८ अन्तर्गत संचालित स्वीकृत अवकाश कोषहरूमा पनि सुधारको खांचो छ । अवकाश कोषको अवधारणालाई अझ व्यापक बनाउन पेन्सन व्यवस्थापन गर्न आबश्यक देखिन्छ । यस सन्दर्भमा हालसम्म प्रयोग विहिन रहेको निवृत्ति कोष ऐन, २०४२ लाई केही परिमार्जन गरी अगाडी बढ्न सकिन्छ ।

“सबैका लागि सामाजिक सुरक्षा” समयको माग हो । यसको प्राप्तीका लागि ठोस योजनको आवश्यकता हुन्छ । यस सन्दर्भमा सामाजिक सुरक्षा योजनाको तर्जुमा, कानूनी आधार, संगठनात्मक स्वरुप, कर्मचारी व्यवस्था, रिपोर्टिंग प्रणाली तथा चरणबद्ध रुपमा कार्यान्वयन गर्ने कार्ययोजनाको रुपरेखा कोरिनु जरुरी छ ।

## १०.४ सामाजिक सुरक्षा कर

सामाजिक सुरक्षा योजनालाई दिगो बनाउनका लागि वित्तीय साधनको खांचो पर्दछ । यस्तो साधन साधारणतया कर्मचारी तथा रोजगारदाताबाट योगदान र

सरकारी राजस्वबाट जुटाइन्छ । सामाजिक सुरक्षा योजनाको लागि आवश्यक साधन कर्मचारी तथा रोजगारदाताबाट जुटाउन विभिन्न देशमा सामाजिक सुरक्षा कर/योगदान प्रणाली लागू गरिएको पाइन्छ जस अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमको भार रोजगारदाता तथा कर्मचारी दुवैले व्यर्होछन् । कसले कति भार व्यहोर्ने भन्ने सम्बन्धमा सर्वमान्य सिद्धान्त छैन । कुनै प्रणाली अन्तर्गत रोजगारदाता तथा कर्मचारीले आधा आधा व्यहोर्दछन्, कुनैमा कर्मचारी बढी त कुनैमा रोजगारदाताले बढी । सामाजिक सुरक्षा योजना सरकारी राजस्वबाट पनि संचालन गरिएका हुन्छन् । कुनै देशमा सामाजिक सुरक्षा योजना संचालन गर्नका लागि सामान्य राजस्वबाट साधन उपलव्ध गराइन्छ भने कुनै देशमा सामाजिक सुरक्षाको लागि आवश्यक राजस्व उठाउन छुट्टै कर लगाइएको पाइन्छ ।

## १०.५ समष्टिगत सुझाव

नेपालमा सामाजिक सुरक्षा योजना संचालन गर्नका लागि हाल लगाउँदै आइएको सामाजिक सुरक्षा करलाई विकसित गर्दै जानु पर्दछ । त्यसमा कर्मचारी तथा रोजगारदाता दुवैको बराबरी योगदान हुनु पर्दछ । शुरुमा कर्मचारीको तलवबाट दुई प्रतिशत काटिनु पर्दछ भने सोही बराबरको योगदान रोजगारदाताबाट हुनु पर्दछ । यसको आधार, कर अवधि तथा विवरण बुझाउने र कर तिर्ने प्रक्रिया व्यक्तिगत आय कर सरह हुनुपर्दछ । यो कर लागू भएपछि व्यक्तिगत आय करको दरमा पनि समायोजन गरिनुपर्दछ जसले गर्दा सामाजिक सुरक्षा कर तथा व्यक्तिगत आय करको भार वर्तमान आय करको भार भन्दा बढी नहोस् ।

प्राकृतिक व्यक्तिले तिरेको करको केही अंश निश्चित उमेरपछि आमरण निजले र दम्पति भए निजको मृत्यु पश्चात समेत पति वा पत्नीले आमरण पाउने गरी निवृत्ति कोष (Pension Fund) वा बीमा मार्फत व्यवस्थापन गर्न सकिन्छ । यसरी त्यस्तो कोषमा जम्मा हुन आएको रकमको निश्चित प्रतिशत व्यवस्थापन खर्च र कोषमा रकम जम्मा गर्न नसक्ने ब्यक्तिको लागि छुट्याई कोष संचालन गरेको खण्डमा सरकारको जनताप्रतिको उत्तरदायित्व व्यवस्थापन गर्न धेरै ठुलो एवं सक्षम आधार तयार हुन जान्छ । यसको लागि कर दाखिला गर्ने प्राकृतिक ब्यक्तिले जम्मा गरेको निश्चित प्रतिशत रकम प्रत्येक बर्ष त्यस्तो कोषमा निजको लागि खोलिएको सामाजिक सुरक्षण खातामा जम्मा गरी पेन्सन फण्ड व्यवस्थापन गर्न सकिन्छ । यसरी निवृत्ति कोष (Pension Fund) को व्यवस्थापन प्रभावकारी बनाउदै लगेमा केही

समयान्तर पश्चात सो कोषको लागि करदाताबाट छुट्टै सामाजिक सुरक्षा कर रकम समेत लिनुपर्दछ ।

सामाजिक सुरक्षा योजनालाई दीगो बनाउनका लागि निवृत्तिभरण सम्वन्धी वर्तमान योगदान रहित व्यवस्थाको सट्टा योगदानमा आधारित व्यवस्था लागू गरिनु पर्दछ । यसैगरी योगदान दिन नसक्नेहरूको लागि संचालन गरिएका सामाजिक सेवा कार्यहरू सरकारी राजस्वबाट संचालन गर्दै जानु पर्दछ र तिनीहरूको क्षेत्र पनि क्रमशः विस्तार गरिनुपर्दछ ।

अध्याय

११

# गैर कर

## ११.१ परिचय

मुलुकको आर्थिक, सामाजिक एवं सर्वाङ्गीण क्षेत्रको समृद्धिको गतिलाई अधिकतम तीव्रता दिनका लागि सरकारले राजनैतिक, सामाजिक र आर्थिक क्षेत्रमा विभिन्न किसिमका कार्यहरू संचालन गर्नुपर्ने हुन्छ । यसको लागि अन्य कुराहरूका साथै राजस्वको आवश्यकता पर्दछ । राजस्व कर तथा गैर करको रुपमा परिचालन गरिन्छ । गैर करमा सरकारले उपलब्ध गराउने वस्तु तथा सेवा प्राप्त गरेको आधारमा गरिने भुक्तानी रकम, शुल्क, दस्तुर, सार्वजनिक सम्पत्तिको प्रयोग गरेबापत तिर्नुपर्ने रोयल्टी/भाडा, सरकारी लगानीबाट प्राप्त हुने प्रतिफल, स्वेच्छिक रुपमा दिईने दान दातब्य र कुनै कानूनको उल्लंघनबाट प्राप्त हुने दण्ड, जरिवाना एवं जफतलाई समाबेश गरेको पाईन्छ । गैर कर राजस्व निम्नानुसार तीन समूहमा वर्गीकरण गर्न सकिन्छः

पहिलो, अनिवार्य र कुनै कार्यको बदलामा गरिने भुक्तानी (Compulsory and Requited Payments), जस्तैः दण्ड, जरिवाना एवं जफत ।

दोस्रो, स्वेच्छिक र प्रतिफलविहिन भुक्तानी (Voluntary and Unrequited Payments), जस्तैः दानदातव्य र उपहार ।

तेस्रो, स्वेच्छिक र प्रतिफलसहितको भुक्तानी (Voluntary and Requited Payments), जस्तैः प्रशासनिक सेवा दस्तुर, ईजाजत दस्तुर, सरकारी सम्पत्तिको प्रयोग गरे वापत वा बस्तु, सेवा र सम्पत्ति खरिद वापतको भुक्तानी ।

सरकारलाई प्राप्त हुने कर राजस्व पहिलो र मुख्य स्रोत भएतापनि राजस्वको कूल संरचनामा गैर कर राजस्वको समेत महत्वपूर्ण योगदान रहेको हुन्छ । केही हदसम्म भए

पनि वित्तीय व्यवस्थाको जोहो गर्नका लागि सार्वजनिक सेवाको बिक्रिमा शुल्क लगाउने प्रचलन रहेको छ । आर्थिक दक्षताका हिसावले करको बोझ अत्यधिक भएको अवस्थामा पनि सरकारले केही राजस्व गैर करका स्रोतबाट परिचालन गर्ने प्रयास गर्दछ ।

## ११.२ नेपालमा गैर कर राजस्व

नेपालमा आय र मुनाफामा लाग्ने आय कर, वस्तु तथा सेवाको उपभोगमा लाग्ने मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा अन्तर्राष्ट्रिय व्यापारमा लाग्ने भन्सार महसुल लगायत यस्तै प्रकृतिका कर, शुल्कबाट प्राप्त हुने रकमलाई कर राजस्व अन्तर्गत वर्गीकरण गरिएको छ भने सरकारी लगानीबाट प्राप्त ब्याज, लाभांश, सम्पत्तिबाट प्राप्त भाडा, रोयल्टी, सरकारी वस्तु तथा सेवाको बिक्रीबाट प्राप्त हुने रकम, प्रशासनिक सेवा शुल्क, दण्ड जरिवाना र जफत आदिबाट प्राप्त हुने रकमलाई गैर कर राजस्व भनी वर्गीकरण गरिएको छ । नेपालले पनि गैर करलाई राजस्वको महत्वपूर्ण स्रोतको रुपमा परिचालन गर्न निरन्तर प्रयास गर्दै आईरहेको छ । विभिन्न आर्थिक वर्षको राजस्व परामर्श समितिको सुझाव र सरकारले आर्थिक वर्ष २०५५/५६ को बजेटदेखि नै गैर कर राजस्वमा सुधार गर्ने नीति कायम राख्दै आए तापनि यस बीचमा केही सेवाहरूमा लिइने शुल्कमा वृद्धि गर्नुबाहेक अरु खास सुधार गरेको पाइदैन । वित्तीय सुधार कार्यदल, २०५९ ले गैर कर राजस्वका क्षेत्रमा गर्नुपर्ने सुधार र राजस्व दर पुनरावलोकन गर्ने विषयमा महत्वपूर्ण सुझाव दिएको पाइन्छ, जुन अद्यावधि कार्यान्वयन योग्य रहेका छन् । त्यसैगरी, गैर करकै सुधार गर्ने क्रममा आर्थिक वर्ष २०७०/७१ को बजेट बक्तव्यमा सरकारले गरेको घोषणा मुताविक गैर कर राजस्वका विविध पक्षहरूको अध्ययन गरी सुझाव दिन २०७० कार्तिक ८ गते गठित "गैर कर राजस्व प्रणाली सुधार कार्यदल, २०७०" ले आफ्नो प्रतिवेदन २०७० फागुनमा सरकार समक्ष प्रस्तुत गरिसकेको छ ।

गैर कर सम्बन्धी अनेकौं कानूनहरू रहेका र यसको संकलनमा प्रायःजसो सबै सरकारी निकायहरू संलग्न रहेका कारण पनि यसको प्रशासन गर्न कठिनाइ भएको हुनु पर्दछ । यस बाहेक गैर कर राजस्व सम्बन्धी प्रशासन गर्ने कुनै निश्चित निकाय नतोकिनाले पनि कहिले आन्तरिक राजस्व विभाग त कहिले अर्थ मन्त्रालयले गर्दै आएको पाइन्छ । यस किसिमको कर संकलनमा धेरै निकायहरू संलग्न हुने र धेरै कानूनहरू प्रयोग हुने कारणले समेत नियामक संगठन, गैर करका दरहरूलाई लागत प्रभावी बनाउने, तिनको विश्लेषण, प्रक्षेपण, संकलन, अभिलेखीकरण जस्ता आधारभूत विषयमा सुधार गर्नेतर्फ कम ध्यान केन्द्रित भएको आभास हुन्छ ।

गैर कर राजस्वको प्रभावकारिताका सन्दर्भमा विश्लेषण गर्दा मुख्यतः नीतिगत स्पष्टताको कमी, निश्चित संस्थागत व्यवस्थाको अभाव, कार्यविधिगत जटिलताका साथै व्यापक कार्यक्षेत्रका बावजूद पनि कार्यमूलक बन्न नसकेका सार्वजनिक संस्थानहरूको अवस्था जस्ता तत्वहरू वाधक रहेको देखिन्छ । यसै गरि गैर कर राजस्व कार्यान्वयन गर्ने सवैजसो विषयगत निकायहरूले न्यून प्राथमिकता दिंदा पनि यस क्षेत्रमा हुनु पर्ने सामयिक परिवर्तन एवं सुधार नभएबाट गैर कर राजस्व अपेक्षित स्तरमा परिचालन गर्न नसकिएको स्थिति रहेको छ। समयक्रममा मुलुकको आर्थिक गतिविधि एवं सेवा क्षेत्रमा भएको विस्तार तथा कूल राजस्वमा भएको निरन्तरको बृद्धिलाई दृष्टिगत गर्दा कूल राजस्वमा गैर कर राजस्वको योगदान उल्लेखनिय हुन सक्ने यथेष्ट सम्भावना भए पनि यसको विपरित हालैका वर्षहरूमा गैर कर राजस्वमा उल्लेख्य गिरावट आएको पाउंछौं । अर्को तर्फ विगत १० वर्षको गैर कर राजस्वको बृद्धि दरलाई हेर्दा यसमा लगभग वर्षै पिच्छे उतार चढावको स्थिति देखिन्छ। यस तथ्यबाट गैर कर राजस्वलाई समय सापेक्ष बनाई यस श्रोतबाट बढी भन्दा बढी राजस्व परिचालन गर्ने तर्फ खासै ध्यान दिएको देखिदैन वा कर राजस्वतर्फ क्रमिक बृद्धि भै रहेको हुंदा यो क्षेत्र प्राथमिकतामा नपरेको हुन सक्छ। फलस्वरुप गएको दश वर्षदेखि कूल राजस्वमा र कूल गार्हस्थ्य उत्पादनमा यस करको अंश उल्लेख्य रुपमा बढाउन नसकेको तथ्यांकबाट देखिन्छ।

कुल राजस्व परिचालनमा गैर कर राजस्वको योगदान घट्दै जानुमा सरोकारवाला निकायहरूबाट यस क्षेत्रमा दिइएको न्यून प्राथमिकता नै एउटा मुख्य कारण हो । खास गरि गैर कर राजस्व भन्दा कर राजस्व परिचालनमा गरिएका नीतिगत स्पष्टता, संस्थागत सुधार, सूचना प्रविधिको अवलम्बनसंगै गरिएको कार्यविधिगत सुधारहरूले यसको प्रभावकारितामा अभिबृद्धि हुंदै गएकोले पनि कुल राजस्वमा गैर कर राजस्वको अनुपात कम हुंदै गएको देखिन्छ। यसको अतिरिक्त गैर कर राजस्वमा योगदान गर्ने क्षेत्रहरू जस्तै, सार्वजनिक वस्तु तथा सेवा प्रवाहमा समयानुकूल पमिाणात्मक एवं गुणात्मक तवरमा विविधिकरण गर्न नसकिएको, सार्वजनिक संस्थानहरूको निरन्तर र बढ्दो नोक्सानीबाट सरकारलाई प्राप्त हुने लाभांशमा बृद्धि हुन नसकेको, निजिकरण कार्य सम्पन्न भै सकेका कतिपय सार्वजनिक संस्थानहरूको जग्गा, मेशिन लगायतका विद्यमान स्थिर सम्पत्तिको सदुपयोग हुन नसकेको, प्राकृतिक स्रोत र साधनको सदुपयोग गर्न नसक्दा रोयल्टी लगायतका गैर कर राजस्व परिचालन प्रभावकारी हुन नसकेको, गैर करको दर र दायरालाई समयानुकूल बृद्धि र विस्तार गर्न नसकेको तथा यस क्षेत्रमा नतिजामूलक अनुगमन एवं मूल्यांकन गर्न नसकेकोले पनि कुल राजस्वमा गैर कर राजस्वको योगदान घट्दै गएको पाइन्छ।

## ११.३ गैर कर राजस्वका विद्यमान स्रोतहरू

अन्तर्राष्ट्रिय मुद्रा कोषबाट सरकारी वित्तीय तथ्यांक अभिलेख र प्रस्तुत गर्नका लागि तयार गरिएको ढांचा र मानदण्डसंग मेल खाने गरी नेपालले आर्थिक वर्ष २०६८/६९ देखि लागू गरेको आर्थिक संकेत तथा वर्गीकरण अनुसार गैर कर राजस्वका स्रोतहरूलाई मुलतः देहाय बमोजिम पाँच वर्गमा विभाजन गरिएको छः

### ११.३.१ सरकारी सम्पत्तिबाट प्राप्त हुने गैर कर

सरकारी सम्पत्तिको लगानीबाट प्राप्त हुने प्रतिफल जस्तै ब्याज तथा लाभांश, सरकारी सम्पत्तिको प्रयोगबाट सरकारलाई प्राप्त हुने भाडा, प्राकृतिक सम्पदा (खानी, जल, बन जंगल, जमिन, आकाश आदि) वा सरकारी सम्पत्ति व्यावसायिक प्रयोजनको लागि प्रयोग गर्ने गरी दिईएको कानुनी अधिकार वापत प्राप्त हुने रोयल्टी आदिलाई सरकारी सम्पत्तिबाट प्राप्त हुने गैर कर राजस्व अन्तर्गत राखिएको छ

(क) **ब्याजः** सरकारले प्रवाह गरेको ऋण वापत सम्बन्धित सार्वजनिक निकायहरूले तोकिएको समय र तोकिएको दरमा भुक्तानी गरेको ब्याज यस अन्तर्गत पर्दछ ।

(ख) **लाभांशः** सार्वजनिक संस्था स्थापनाको समयमा वा अन्य समयमा पूंजी वृद्धि गर्दा सरकारले सार्वजनिक संस्थाहरूको शेयरमा गरेको लगानीवापत सरकारले प्राप्त गर्ने लाभांश यस अन्तर्गत पर्दछ ।

(ग) **भाडा तथा रोयल्टीः** सरकारी जग्गा, भवन तथा अन्य अचल सम्पत्तिहरू कुनै व्यक्ति वा निकायले प्रयोग गरे वापत सरकारलाई प्राप्त हुने बहाल रकम, क्यासिनो रोयल्टी, जमिनमुनि र जमिनमाथि रहेका बहुमूल्य प्राकृतिक स्रोत साधनको दोहन गर्ने गरी कुनै खानीको सर्वेक्षण गर्ने इजाजतपत्र, खानी उत्खनन इजाजतपत्र प्रदान गर्ने, उत्खनन गरिएका वस्तुहरूको बिक्रीको आधारमा निश्चित प्रतिशतले संकलन गरिने रोयल्टी, देशमा प्राकृतिक रुपले उपलब्ध जलको व्यावसायिक उपयोगबाट प्राप्त हुने रोयल्टी, विद्युत उत्पादन शुल्क, विद्युत उत्पादन इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर, विद्युत उत्पादन, प्रसारण र वितरणको सर्वेक्षण अनुमतिपत्र दस्तुर तथा सोको नवीकरण दस्तुर, विद्युत बिक्री, आयोजना बिक्री, जल सम्बन्धी आय, वन तथा वन पैदावार बिक्री गरे वापत प्राप्त हुने आय, काठ बिक्री, लिलाम वा छोडपूर्जी जारी गर्दा प्राप्त हुने आय, वन्यजन्तु सम्बन्धी आम्दानी, चरी चराई दस्तुर, वन्यजन्तु

आरक्षण, निकुञ्ज संरक्षण क्षेत्रको प्रवेश शुल्क, चिडियाखाना प्रवेश शुल्क, वनस्पति सम्बन्धी अन्य आम्दानी, नहर वरिपरिको घांस बिक्री र वन क्षेत्रको रोयल्टी यस शीर्षक अन्तर्गत पर्दछन् ।

## ११.३.२ वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम

यस अन्तर्गत सरकारले विभिन्न वस्तु तथा सेवाको उत्पादन एवं सिर्जना गरी बिक्री वितरण वा हस्तान्तरण गर्दा सो वापत प्राप्त हुने रकम र प्रशासनिक सेवा प्रदान गरेवापत सरकारलाई प्राप्त हुने राजस्व गरी दुई वर्गमा बाँडिएको छ ।

(क) **वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकमः** यस अन्तर्गत सरकारले बिक्री गर्ने बस्तु वा सेवावापत प्राप्त हुने रकमहरू पर्दछन् । कृषि मन्त्रालय र मातहतका विभिन्न सरकारी निकायहरूले उत्पादन गर्ने कृषि उत्पादनहरू तथा सो सम्बन्धी आय (भुरा माछा तथा खाने माछा बिक्री तथा लिलाम गर्ने, पोखरी र खोलामा माछा मार्ने जाल हाल्ने दस्तुर, खोला वा पोखरीमा माछा मार्ने ठेक्का, घांस बिक्री, कुखराको फूल तथा चल्ला बिक्री, सुंगुर तथा सुंगुरको बच्चा बिक्री, दूध, ध्यू, एण्टीरेबिज भ्याक्सिन बिक्री, टोकरी प्याकिंग दस्तुर, ऊन तथा हाडखुर बिक्री, फलफूल तथा फलफूलको बोट विरुवा बिक्री, बीउबिजन तथा बेर्ना बिक्री, तरकारी तथा सागपात बिक्री, धान, मकै, गहुं, तथा अन्य खाद्यान्न बिक्री, जामजेली, अचार, तितौरा बिक्री तथा त्यस्ता सामानको लिलाम सम्बन्धी बोलपत्र दस्तुरको रकमहरू यस अन्तर्गत पर्दछन् ।

(ख) **प्रशासनिक सेवा शुल्कः** संबैधानिक एवं सरकारी निकायहरूले प्रशासनिक सेवा प्रदान गरे वापत प्राप्त हुने रकम यस अन्तर्गत पर्दछन् । अदालत तथा अन्य न्यायिक निकायहरूबाट संकलन गर्ने न्यायिक दस्तुर जस्तैः कोर्ट फि, बक्सौनी, दशौद, बिशौद, नक्कल दस्तुर, समाव्हान एवम् इतलायनामा दस्तुर, सूद, लिफा दस्तुर, टिकट दस्तुर, पुनरावेदन एवम् प्रतिउत्तर पत्र दस्तुर, वकालत सम्बन्धी इजाजतपत्र दस्तुर र न्याय सम्बन्धी अन्य राजस्व रकमहरू, हुलाक सेवा विभाग तथा मातहतका कार्यालयहरूले संकलन गर्ने हुलाक सेवा शुल्क आदि यस अन्तर्गत पर्दछन् ।

## ११.३.३ दण्ड जरिवाना जफत

यस अन्तर्गत न्यायिक दण्ड जरिवाना र जफत तथा प्रशासनिक सरकारी निकायहरूबाट गरिने दण्ड जरिवाना र जफत गरी दुई वर्गमा विभाजन गरिएको छ ।

### ११.३.४ अनुदान बाहेकको स्वेच्छिक हस्तान्तरण

सरकार तथा अन्तर्राष्ट्रिय संगठन, व्यक्ति, गैरसरकारी संस्थाबाहेक अन्यबाट प्राप्त उपहार तथा स्वेच्छिक अनुदान, दान, दातब्यको रकमहरूलाई यस अन्तर्गत समावेश गरिन्छ ।

### ११.३.५ विविध राजस्व

भ्रमण तथा पर्यटन गरे वापत बुझाइने शुल्क तथा दस्तुर पनि गैर कर राजस्वका स्रोतहरू हुन् ।

## ११.४ गैर कर राजस्व संकलनको स्थिति

आर्थिक वर्ष २०५४/५५ मा कूल राजस्वमा गैर कर राजस्वको योगदान २१.२५ प्रतिशत रहेकोमा त्यसमा क्रमिक बृद्धि भै आर्थिक वर्ष २०५९/६० मा २५.०२ प्रतिशत पुग्न गएको थियो । आर्थिक वर्ष २०६०/६१ देखि यसमा क्रमिक गिरावट आई आर्थिक वर्ष २०७०/७१ सम्म आइपुग्दा कूल राजस्वमा यसको योगदान खुम्चिएर १२.३९ प्रतिशत रहन आएको छ । आर्थिक वर्ष २०६१/६२ देखि आर्थिक वर्ष २०७०/७१ सम्मको गैर कर संकलनको प्रबृत्ति तथा सापेक्षिक महत्व तालिका ११.१ मा दिइएको छ ।

*तालिका ११.१ :* **गैर कर संकलनको प्रबृत्ति तथा सापेक्षिक महत्व**

| आर्थिक वर्ष | गैर कर राजस्व संकलन (रु. दश लाखमा) | गैर कर राजस्व प्रतिशत | |
|---|---|---|---|
| | | कुल राजस्वको | कुल गार्हस्थ उत्पादनको |
| २०६१/६२ | १६,०१८ | २२.८४ | २.७ |
| २०६२/६३ | १४,८५२ | २०.५५ | २.३ |
| २०६३/६४ | १६,५८५ | १८.९१ | २.३ |
| २०६४/६५ | २२,४६७ | २०.८८ | २.८ |
| २०६५/६६ | २६,४२३ | १८.४२ | २.७ |
| २०६६/६७ | १८,२०६ | १०.२३ | १.५ |
| २०६७/६८ | २१,१४९ | १०.६६ | १.५ |
| २०६८/६९ | ३२,६५१ | १३.३६ | २.१ |
| २०६९/७० | ३६,८०६ | १२.४३ | २.२ |
| २०७०/७१ | ४४,१८० | १२.३९ | २.३ |

*स्रोतः आर्थिक सर्भेक्षण, अर्थमन्त्रालय*

गैर कर राजस्वको बनोट तालिका ११.२ मा दिइएको छ। गैर कर भित्रका अंशहरूको योगदानलाई विश्लेषण गर्दा सम्पत्तिवाट प्राप्त हुने राजस्वको योगदान ४७ प्रतिशत कायमभै अग्रपंक्तिमा रहेको छ । यस शिर्षक अन्तर्गगत व्याज, लाभांश र भाडा एवं रोयल्टी पर्दछन् । गैर राजस्वमा मुख्य योगदान गर्ने यो शिर्षकको विगत ५ आर्थिक वर्षको तथ्यांक केलाउंदा यसको योगदान आर्थिक वर्ष २०६६/६७ को ६३.६९ प्रतिशतवाट आर्थिक वर्ष २०७०/७१ सम्म आई पुग्दा ४७ प्रतिशतमा आर्लेको छ। त्यसै गरी दोश्रो स्थानमा वस्तु तथा सेवा विक्रिवाट प्राप्त रकम पर्दछ । यसको योगदान २६ प्रतिशत रहेको छ। यस शिर्षकमा वस्तु तथा सेवको विक्रिवाट र प्रशासनिक सेवा शुल्कवाट प्राप्त रकमहरू पर्दछन् । तेश्रो स्थानमा विविध राजस्वको रहेको छ जसले गैर कर राजस्वमा २६ प्रतिशत योगदान गर्दछ । यसमा प्रशासनिक शुल्क, भ्रमण तथा पर्यटन र अन्य राजस्व पर्दछन् ।

गैर कर राजस्वको बृद्धि आर्थिक उत्पादकत्वको आधारमा लगानी भए पश्चात प्राप्त हुने हुन्छ भने यस्ता लगानीका प्रतिफलको आधारमा प्राप्त हुने कर राजस्वको बृद्धिलाई यसको उपज मान्नु पर्ने हुन्छ । दक्षिण एशीयाली मुलुकहरू खास गरी सार्क क्षेत्रका मुलुकहरूको कूल राजस्वमा गैर कर राजस्व प्राप्तिको अनुपात हेर्दा सवै भन्दा बढी भूटानमा रहेको छ, जुन कूल राजस्व ३०.३८ प्रतिशत छ भने कूल गार्हस्थ उत्पादनको ६.३ प्रतिशत रहेको छ । विकसित मुलुकहरूमा कूल राजस्वमा गैर कर राजस्वको योगदान कम र विकासोन्मुख/अति कम विकसित मुलुकहरूमा यसको योगदान बढी हुने गरेको परिप्रेक्षबाट विचार गर्दा समेत नेपालको विद्यमान कूल राजस्वमा गैर कर राजस्वको योगदानको अनुपातलाई बृद्धि गर्नु पर्ने हुन्छ ।

*तालिका ११.२:* **गैर कर राजस्वको शिर्षकगत योगदान (रकम र प्रतिशतमा)** रु. दश लाखमा

| सि.नं. | गैर कर राजस्व | राजस्व शीर्षक | आर्थिक वर्ष | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०६६/६७ | % | २०६७/६८ | % | २०६८/६९ | % | २०६९/७० | % | २०७०/७१ | % |
| १ | १४१०० | सम्पत्तिबाट प्राप्त आय | ११५९५ | ६३.६९ | १२९६४ | ६१.३० | १७६५२ | ५४.०६ | १७६०८ | ४७.८४ | २०,६७५ | ४७.०० |
| २ | १४११० | ब्याज | ४४७ | २.४६ | ११९० | ५.६३ | १७५० | ५.३६ | ५२७ | १.४३ | १६५८ | ४.०० |
| ३ | १४१२० | लाभांश | ७३५२ | ४०.३८ | ८६२५ | ४०.७८ | ९४३० | २८.८८ | १०८४४ | २९.४६ | १२९९२ | २९.०० |
| ४ | १४१५० | भाडा रोयल्टी | ३७९६ | २०.८५ | ३१४९ | १४.८९ | ६४७२ | १९.८२ | ६२३७ | १६.९५ | ६०२५ | १४.०० |
| ५ | १४२०० | वस्तु तथा सेवा विक्रीबाट प्राप्त रकम | २२३१ | १२.२५ | २४४८ | ११.५८ | ६९१३ | २१.१७ | ११२४७ | ३०.५६ | ११,६४६ | २६.०० |
| ६ | १४२१० | वस्तु तथा विक्रीबाट प्राप्त रकम | ७७६ | ४.२६ | ८६९ | ४.११ | ४६०.४४ | १४.१० | ५३७४ | १४.६० | ६२९९ | १४.०० |
| ७ | १४२२० | प्रशासनिक सेवा शुल्क | १४५५ | ७.९९ | १५७९ | ७.४७ | २३०.८८ | ७.०७ | ५८७३ | १५.९६ | ५३४७ | १२.०० |
| ८ | १४३०० | दण्ड जरिवाना र जफत | ९६ | ०.५३ | १३४ | ०.६३ | ३१६ | ०.९७ | ३३८ | ०.९२ | ४५३ | १.०० |
| ९ | १४३१० | दण्ड जरिवाना र जफत | ९६ | ०.५३ | १३४ | ०.६३ | ३१.५६ | ०.९७ | ३३८ | ०.९२ | ४५३ | १.०० |
| १० | १४४०० | अनुदान बाहेक स्वेच्छिक हस्तान्तरण | ० | ० | २ | ०.०१ | १ | ०.०१ | ५ | ०.०१ | २ | ०.०० |
| ११ | १४४१० | अनुदान बाहेक स्वेच्छिक हस्तान्तरण | ० | ० | २ | ०.०१ | १ | ०.०१ | ५ | ०.०१ | २ | ०.०० |
| १२ | १४५०० | विविध राजस्व | ४२८४ | २३.५३ | ५६०१ | २६.४८ | ७७६९ | २३.७९ | ७६०८ | २०.६७ | ११,४०४ | २६.०० |
| १३ | १४५१० | प्रशासनिक शुल्क भ्रमण तथा पर्यटन | ३८२९ | २१.०३ | ४०३० | १९.०५ | ५४८२ | १६.७९ | ६७६५ | १८.३८ | १०५२४ | २४.०० |
| १४ | १४५२० | अन्य राजस्व | ३७७ | २.०७ | १३२० | ६.२४ | २२८० | ६.९८ | ८३२ | २.२६ | ८७४ | २.०० |
| १५ | १४५३० | पुंजीगत राजस्व | ७८ | ०.४३ | २५१ | १.१९ | ७ | ०.०२ | ११ | ०.०३ | ६ | ०.०० |
| | | कुल गैर कर राजस्व जम्मा | १८२०६ | १०० | २११४९ | १०० | ३२६५१ | १०० | ३६८०६ | १०० | ४४,१८० | १०० |

*स्रोत: अर्थ मन्त्रालय ।*

## ११.५ समस्याहरू

गैर कर राजस्व परिचालन वढाउन भन्दा पनि अन्य उद्देश्य प्राप्तिका लागि लागू गरिने भएतापनि यसको महत्वलाई राजस्व संकलनका दृष्टिकोणले पनि नकार्न सकिदैन । यस अन्तर्गत विगतमा नेपालको कुल राजस्वको २० देखि २५ प्रतिशतसम्म राजस्व प्राप्त हुने गरेकोमा विभिन्न समस्याहरूले गर्दा हाल सो प्रतिशत घटेर १२ प्रतिशतमा झरेको छ । गैर कर सम्वन्धी वर्तमान समस्याहरू निम्न प्रकारका छन् :

१. गैर कर सम्बन्धी विषयमा नीति निर्माण, संकलनको अनुगमन र समन्वय तथा गैर करको विस्तार गर्नका लागि नियमित रुपमा कार्य गर्ने समर्पित संस्थागत व्यवस्था नभएको,

२. राज्यले गरेको लगानीको तुलनामा न्यून प्रतिफल प्राप्त हुने गरेको,

३. गैर कर राजस्वका दरहरू तोक्नका लागि अपनाइने निश्चित सिद्धान्त र आधारहरूमा अष्पस्टता भएको,

४. गैर कर राजस्वका आधार, दर, नियमन गर्ने निकाय र यसको समग्र व्यवस्थापन सम्बन्धी एकीकृत कानूनको अभाव रहेको,

५. बन्द भइसकेका, दायित्वहरूको फरफारक भइसकेका सार्वजनिक संस्थानहरूको घरजग्गा, मेसीनरी एवं अन्य सरकारी निकायहरूमा रहेको सम्पत्तिहरूको व्यावसायिक प्रयोग वा बिक्री नगरी यस्ता सम्पत्तिहरू निरर्थक रुपमा रहेको,

६. गैर कर राजस्व संकलनमा संलग्न निकायहरूको निकायगत लक्ष्य निर्धारण गर्ने अभ्यास नभएको,

७. मुद्रास्फीति, प्रतिव्यक्ति आयमा भएको वृद्धि र जीवनस्तरमा भएको सुधार जस्ता पक्षहरूलाई ध्यानमा राखी सार्वजनिक वस्तु वा सेवाका बिक्री तथा प्रशासनिक सेवासंग सम्बन्धित गैर करका दरहरूको समय सापेक्ष रुपमा पुनरावलोकन हुन नसकेको,

८. सार्वजनिक वस्तु एवं प्राकृतिक सम्पदाको प्रयोग गर्ने अधिकारले भैरहेको सम्पदाको दोहन र यसबाट उक्त स्रोतको भविष्यमा हुने अभाव जस्ता पक्षलाई ध्यानमा राख्दा यी क्षेत्रमा लगाइएको गैर कर (रोयल्टी) का दरहरू न्यून रहेको,

९. गैर कर संकलनमा संलग्न निकायहरूका तालुक मन्त्रालय, यसको एकीकृत अभिलेख राख्ने महा– लेखा नियन्त्रक कार्यालय, राजस्व संकलन हुने नेपाल राष्ट्र बैंक र

यसको व्यवस्थापनमा संलग्न अर्थ मन्त्रालय बीचको सूचना सञ्जालको अवस्था कमजोर रहेको ।

## ११.६ सुझावहरू

- गैर कर राजस्वको दर निर्धारण सम्बन्धी सिद्धान्त र नीति निर्माण, दरहरूको परिमार्जन, लक्ष्य निर्धारण, असुली अनुगमन, समन्वय तथा दायरा विस्तार जस्ता विषयमा थप अध्ययन विश्लेषण तथा अनुसन्धान जस्ता कार्यहरू गर्नका लागि अर्थ मन्त्रालयमा छुट्टै गैर कर राजस्व महाशाखाको व्यवस्था गर्ने ।
- गैर कर राजस्व संकलन गर्ने जिम्मा पाएका सम्बन्धित निकायहरूलाई असूली लक्ष्य निर्धारण गरी परिसूचकहरू विकास गरी प्रगति अनुगमन गर्ने व्यवस्थाको शुरुआत गर्ने ।
- सम्बन्धित निकायहरूले वार्षिक बजेटको अनुमान तयार गर्दा नै गैर कर राजस्वको समेत अनुमान तयार गरी अर्थ मन्त्रालयमा पेश गर्ने नीति अख्तियार गर्ने ।
- गैर कर राजस्व संकलन गर्ने निकायहरूका बीचमा कार्यगत समन्वय अभिवृद्धि गर्ने ।
- गैर करका दरहरूलाई समय सापेक्ष रुपमा परिवर्तन गर्ने ।
- बन्द भैसकेका तथा रुग्ण सरकारी संस्थानहरूको हिसाव मिलान गर्ने ।
- सरकारी संस्थानहरूको सम्पत्ति र दायित्वको अद्यावधिक मूल्यांकन गर्ने ।
- गैर कर असुलीलाई Enforcement गर्ने लगायत दरहरू निर्धारण गर्ने सिद्धान्तहरू, लक्ष्य निर्धारण, अनुगमन गर्ने जिम्मेवारी, दर परिमार्जन गर्नुपर्ने जस्ता विषयहरूलाई समेटी छुट्टै ऐन वा नियमावली तर्जुमा गर्ने ।
- यस्तै निर्देशिका मार्फत प्रत्येक सेवा वा वस्तुको लागि सोको प्रकृति र उद्देश्य अनुसार करका दरहरू तोक्नका लागि अपनाइने निश्चित सिद्धान्त, नीति, आधार र नर्मस् स्पष्ट पार्ने । यस्ता सिद्धान्त अपनाउँदा लागत असुलीको सिद्धान्त (Cost Recovery), आधारभूत तथा अत्यावश्यक वस्तु तथा सेवा, लगानीमा पार्ने प्रभाव जस्ता विषयहरूको पनि संबोधन गर्ने ।
- मुद्रास्फीति दर, गैर कर राजस्व संकलनको अवस्था, वस्तु वा सेवाको मांग, आदि आधारमा प्रत्येक निश्चित समयको अन्तरालमा अनिवार्य रुपमा दरहरू विश्लेषण गरी परिमार्जन गर्ने व्यवस्था कानूनी रुपमै उल्लेख गर्ने ।

उल्लेखित विषयमा सुधार गर्न आवश्यक कानुनी सुधारका लागि केही नेपाल कानून संशोधन गर्ने ऐन मार्फत एकै चोटी गर्नुपर्ने । तत्पश्चात आर्थिक ऐनको माध्यमबाट हुने संशोधनहरूले स्वतः तत् तत् ऐनमा रहेका गैर कर राजस्व सम्बन्धी प्रावधानलाई संशोधन गर्नसक्ने कानूनी व्यवस्था गर्ने ।

## ११.७ गैर कर राजस्वका दरमा पुनरावलोकन गर्न सकिने केही क्षेत्रहरू

- धेरै लामो अवधिसम्म पनि गैर करका दर र दायरा बृद्धि एवं विस्तार गर्ने तर्फ उल्लेख्य पहल भएको पाइंदैन । गैर कर राजस्वका सवै क्षेत्रहरूको दायरा, दर र यी क्षेत्रहरूबाट परिचालन हुन सक्ने गैर कर राजस्वको सम्भाव्यताको सन्दर्भमा विश्लेषण गर्दा यिनलाई समसामयिक तुल्याउन अत्यावश्यक भएको देखिन्छ । गैर करका विविध क्षेत्रहरूमा यसका दरलाई उल्लेख्य रुपमा बृद्धि गर्न पर्ने अवस्था रहेको पाउंछौं । उदाहरणका लागि केही मुख्य क्षेत्रहरू तल उल्लेख गरिएका छन्ः
- नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिइने कर्जाको लिखत पारित गर्दा हालको दरमा सामयिक बृद्धि गर्न सकिन्छ ।
- सामुदायिक वन, साझेदारी वनबाट उत्पादित वन तथा संरक्षित वन पैदावारको आम्दानीमा केही निश्चित प्रतिशत राजस्व लिन सकिने हुन्छ ।
- राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रको भ्रमणमा आउने पर्यटकबाट निकुन्ज भ्रमण गर्दा लागे सरहकै दरमा प्रवेश शुल्क वापत राजस्व लिन सकिने हुन्छ ।
- यार्सागुम्वा जडिबुटीको रोयल्टीलाई सामयिक गर्न सकिन्छ ।
- क्यासिनो संचालन वापतको रोयल्टीलाई सामयिक बनाउने तथा मेशिन तथा उपकरणको माध्यमबाट खेलाइने खेलका लागि पनि वार्षिक रुपमा निश्चित रकम रोयल्टी वापत लिन सकिने हुन्छ ।
- वार्षिक रुपमा सवारी दर्ता प्रमाणपत्रको नविकरण गर्ने विद्यमान व्यवस्थालाई परिवर्तन गरी ५ वर्षको सवारी साधन कर र सवारी दर्ताको प्रमाणापत्र नविकरण दस्तूर एकमुष्ट लिई नविकरण गर्न सक्ने व्यवस्था गर्न सकिन्छ ।
- निजी तथा भाडाका सवारी साधनमा लाग्ने सबै प्रकारका दस्तूरमा समयानुकूल बृद्धि गर्न सकिन्छ ।

- सवारी दर्ता वा सवारी चालक अनुमतिपत्र इलेक्ट्रोनिक स्मार्ट कार्डमा परिणत भए पश्चात त्यस्ता प्रमाणपत्र नविकरण गर्दा वा त्यसको प्रतिलिपि दिंदा लागतका आधारमा दस्तूर लिन सकिन्छ ।
- हालको भीसा शुल्कमा अन्य सार्क राष्ट्रहरूको दांजोमा समय सापेक्ष हुने गरी बृद्धि गर्न सकिन्छ ।
- उद्योगहरूका सम्बन्धमा प्रदान गरिने सेवाहरूमा उल्लेख्य रुपमा शुल्कहरू बृद्धि गर्न सकिन्छ ।
- कानुन उल्लंघन गरेवापत लाग्ने दण्ड, जरिवाना समयसापेक्ष हुने गरी वृद्धि गर्न सकिन्छ।

## ११.८ निष्कर्ष

नेपालको विकासको लागि आवश्यक राजस्व परिचालन गर्न करका साथै गैर कर व्यवस्थामा पनि सुधारको खांचो छ । खासगरी वि. सं. २०७२ साल वैशाख महिनामा आएको विनासकारी भूकम्पबाट क्षतिग्रस्त अर्थतन्त्रलाई पुनर्निर्माण गर्नका लागि अतिरिक्त साधन परिचालन गर्न गैर कर राजस्व स्वरुप थप साधन परिचालन गर्न आवश्यक छ । यस सन्दर्भमा एकातिर गैर कर व्यवस्थामा सुधार गरेर यसको संरचना तथा संचालन प्रक्रियालाई समसामयिक बनाई थप राजस्व परिचालन गर्नु पर्दछ भने अर्कोतिर हाल कुनै किसिमले प्रयोग नभएका सरकारी सम्पत्तिको विक्रीबाट थप राजस्व परिचालन गर्न र राष्ट्रिय स्तरको कल्याणकारी कोष, वैदेशिक रोजगार प्रवर्द्धन कोष, सैनिक, प्रहरी तथा सशस्त्र प्रहरी कोषहरू, ग्रामीण दूर संचार कोष जस्ता कोषहरूमा अनुत्पादक स्थितिमा रहेको रकम अर्थतन्त्रको पुनर्निर्माण कार्यमा लगाइनु पर्दछ ।

अध्याय

१२

# राजस्व प्रशासन

## १२.१. राजस्व प्रशासनको वर्तमान स्वरुप

नेपालमा राजस्व प्रशासन सम्वन्धी उच्चतम निकाय अर्थ मन्त्रालय हो। मुलुकको राजस्व परिचालन सम्बन्धी सवै कामहरू यस मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखाले गर्दछ। उदाहरणका लागि राजस्व नीति तथा मार्गदर्शनहरू तर्जुमा र परिमार्जन गर्ने, विद्यमान राजस्व नीतिको विश्लेषण र कार्यान्वयन गर्ने गराउने, राजस्व प्रक्षेपण तथा वार्षिक राजस्व संकलन अनुमान तयार गर्ने, आर्थिक विधेयकको मस्यौदा तयार गर्ने, आर्थिक ऐनमा उल्लेखित राजस्वसम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने गराउने कार्य यसै महाशाखाले गर्दछ। यसैगरी राजस्व प्रशासनसंग सम्वन्धित विभागहरू तथा राजस्व प्रशासन तालीम केन्द्र बीच समन्वय, अनुगमन तथा सुपरिवेक्षण एवं निर्देशन गर्ने कार्य पनि यसै महाशाखाको हो।

राजस्व प्रशासन अन्तर्गत आन्तरिक राजस्व विभाग, भन्सार विभाग, तथा राजस्व अनुसन्धान विभाग र यी विभाग अन्तर्गतका कार्यालयहरू पर्दछन्। यी विभागहरू मध्ये आन्तरिक राजस्व विभाग अन्तर्गत हाल १ ठूला करदाता कार्यालय, २१ आन्तरिक राजस्व कार्यालय तथा २६ करदाता सेवा कार्यालय रहेका छन्। यसैगरी भन्सार विभाग अन्तर्गत भन्सार जांचपास परीक्षण कार्यालय १, मूल भन्सार कार्यालय ३० तथा छोटी भन्सार कार्यालय १४३ रहेका छन् भने राजस्व अनुसन्धान विभाग अन्तर्गत ४ वटा क्षेत्रीय कार्यालयहरू र ६ वटा चेकपोष्टहरू कार्यरत छन्। राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरूको सीपवृद्धि गर्न स्थापित राजस्व प्रशासन तालीम केन्द्र पनि राजस्व प्रशासनको एक अभिन्न अंगको रुपमा रहेको छ।

### १२.१.१ आन्तरिक राजस्व प्रशासन

बि.सं. २०५८ सालमा स्थापित आन्तरिक राजस्व विभाग नेपालको राजस्व प्रशासनको महत्वपूर्ण अंग हो । यसले मूल्य अभिवृद्धि कर, आय कर, अन्तशुल्क, शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा करको प्रशासन गर्दछ । आन्तरिक राजस्व विभागले मूल्य अभिवृद्धि कर ऐन र नियम, आय कर ऐन र नियम, अन्तःशुल्क ऐन र नियम, मदिरा ऐन र नियम तथा आर्थिक ऐनद्वारा तोकिएका कर सम्वन्धी विभिन्न प्रावधानहरू कार्यान्वयन गर्दछ ।

आन्तरिक राजस्व विभाग अन्तर्गत हाल काठमाडौंमा १ ठूला करदाता कार्यालय, मुलुकका विभिन्न ठाउंहरूमा २१ वटा आन्तरिक राजस्व कार्यालयहरू, र जिल्ला स्थित आन्तरिक राजस्व कार्यालय मातहत काठमाडौ उपत्यका भित्र १३ र उपत्यका बाहिर १३ गरी जम्मा २६ वटा करदाता सेवा कार्यालयहरू संचालनमा रहेका छन् ।

आन्तरिक राजस्व विभागको संरचना मूलभूत रुपमा कार्यमूलक किसिमको छ । यस अन्तर्गत हाल चार ठूला महाशाखाहरू छन् । ती हुन्: संचालन महाशाखा, नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा, अन्तःशुल्क महाशाखा र सूचना प्रविधि व्यवस्थापन महाशाखा । यी महाशाखाहरू अन्तरगत विभिन्न शाखाहरू कायम गरिएका छन् । जस्तै संचालन महाशाखा अन्तर्गत करदाता सेवा शाखा, कर परीक्षण व्यवस्थापन शाखा, अनुसन्धान तथा विकास शाखा, कर संकलन शाखा, बक्यौता शाखा तथा बेरुजु शाखा छन् भने नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा अन्तर्गत अन्तर्राष्ट्रिय कर शाखा, नीति विश्लेषण शाखा, कर परीक्षण पुनरावलोकन शाखा, अनुगमन तथा मूल्याङ्कन शाखा, योजना तथा मानव संशाधन शाखा, कानून शाखा र सामान्य प्रशासन शाखा राखिएका छन् । अन्तःशुल्क महाशाखा अन्तर्गत अन्तःशुल्क व्यवस्थापन शाखा र अन्तःशुल्क नीति विश्लेषण तथा विकास शाखा रहेका छन् भने सूचना प्रविधि व्यवस्थापन महाशाखा अन्तर्गत व्यवस्थापन सूचना प्रणाली शाखा र सूचना प्रविधि शाखा रहेका छन् । यसका अतिरिक्त आन्तरिक राजस्व विभागमा महानिर्देशकको प्रत्यक्ष निगरानीमा रहने गरी प्रशासकीय पुनरावलोकन शाखा र विज्ञ समूह कायम गरिएका छन् ।

आन्तरिक राजस्व विभाग झै आन्तरिक राजस्व कार्यालयहरू पनि कार्यमूलक आधारमा संचालन, संकलन र कर परीक्षण तथा अनुसन्धान गरी ३ शाखाहरूमा विभाजन गरिएका छन् र ती शाखाहरूलाई विभिन्न उपशाखामा विभाजन गरिएको छ । यसैगरी वार्षिक रु. ४० करोड भन्दा माथिको वार्षिक कारोवार गर्ने ठूला करदाताको प्रशासन गर्ने ठूला करदाता कार्यालयको संगठन पनि कार्यमूलक किसिमको छ। मुलुकको विभिन्न भौगोलिक

क्षेत्रमा रहेका करदाताहरूलाई स्थानीयरुपमा सेवा प्रदान गर्ने उद्देश्यले स्थापित करदाता सेवा कार्यालय पनि कार्यमूलक सिद्धान्तकै आधारमा गठन भएका छन् ।

आन्तरिक राजस्व विभाग तथा कार्यालयमा विभिन्न राजपत्रांकित तहका ५६३ र राजपत्र अनंकित तहका ४२६ गरी जम्मा ९८९ जनाको स्वीकृत दरवन्दी कायम छ ।

आन्तरिक राजस्व प्रशासनले आफ्नो क्षेत्राधिकार अन्तर्गत पर्ने विभिन्न करहरूको प्रशासन गर्दछ । आन्तरिक राजस्व विभागले कर सम्बन्धी नीति, योजना र कार्यक्रम बनाउने, यस्ता नीति, योजना र कार्यक्रम संचालनसंग सम्बन्धित मार्गदर्शन तयार गर्ने, कर प्रशासनको लागि आवश्यक विभिन्न फारामहरूको तर्जुमा गर्ने र निर्देशिकाहरू निर्माण गरी लागू गर्ने तथा मातहतका कार्यालयहरूद्वारा यिनीहरूको कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्ने कार्य गर्दछ भने आन्तरिक राजस्व कार्यालयले मूल्य अभिवृद्धि कर, आय कर, अन्तशुल्क, स्वास्थ्य कर तथा शिक्षा सेवा शुल्क जस्ता करहरू सम्वन्धी करदाता दर्ता, विवरण प्रशोधन र राजस्व लेखा, कर फिर्ता, कर परीक्षण, कर संकलन लगायतका कर सम्वन्धी विविध कार्यहरू गर्दछन् ।

## १२.१.२ भन्सार प्रशासन

वि. सं. २०२३ सालमा छुट्टै प्रशासनको रुपमा स्थापना भएको भन्सार प्रशासन राजस्व प्रशासनको अर्को महत्वपूर्ण अंग हो । यस प्रशासनले भन्सार महसुलका साथै पैठारीमा आधारित मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका विभिन्न करहरूको प्रशासन गर्दछ। यस प्रशासनले भन्सार ऐन र नियम, मूल्य अभिवृद्धि कर ऐन र नियम, अन्तशुल्क ऐन र नियम तथा आर्थिक ऐन अनुसार भएका व्यवस्थाहरू कार्यान्वयन गर्दछ। विगतमा कुल कर राजस्वको अधिकांश हिस्सा संकलन गर्ने यो प्रशासनले अझै पनि कुल कर राजस्वको आधा हिस्सा संकलन गर्दछ। आगामी दिनहरूमा कूल कर राजस्वमा भन्सारको सापेक्षिक महत्व घट्दै जाने भएता पनि यस प्रशासनले पैठारीमा मूल्य अभिवृद्धि कर, अन्तःशुल्क पनि संकलन गर्नुपर्ने, अन्तर्राष्ट्रिय व्यापार सहजीकरण गर्नुपर्ने र अवैध व्यापार समेत नियन्त्रण गर्नुपर्ने सर्न्दभमा भन्सार प्रशासन भविष्यमा पनि महत्वपूर्ण रहीरहने छ ।

भन्सार प्रशासन अन्तर्गत भन्सार जाँचपास परीक्षण कार्यालय १, मूल भन्सार कार्यालय ३० र छोटी भन्सार कार्यालय १४३ संचालित छन्। मूल भन्सार कार्यालयहरू मध्ये नेपाल भारत सिमानामा १९ वटा भन्सार कार्यालयहरू, नेपाल चीन सिमानामा ९ वटा भन्सार कार्यालयहरू, अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय १ र सुख्खा बन्दरगाह भन्सार

कार्यालय १ वटा छन् । अर्को हिसावले भन्सार कार्यालयहरूलाई अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, वैदेशिक हुलाक भन्सार कार्यालय, सीमावर्ती भन्सार कार्यालय र रेलवेमा आधारित भन्सार कार्यालयमा विभाजन गर्न सकिन्छ ।

भन्सार विभाग नीति तथा संचालन महाशाखा र व्यवस्थापन महाशाखा गरी दुई महाशाखामा विभाजित छ भने यी माहाशाखाहरू विभिन्न शाखा तथा इकाइमा विभाजित छन् । नीति तथा संचालन महाशाखा अन्तर्गत भन्सार मूल्यांकन, महसुल तथा वर्गीकरण, इन्टेलिजेन्स, जोखिम व्यवस्थापन तथा परीक्षण शााखा, प्रयोगशाला र बजार सर्भेक्षण इकाइ राखिएका छन् भने व्यवस्थापन महाशाखा अन्तर्गत भन्सार सुधार तथा आधुनिकीकरण शाखा, योजना तथा सेवा शाखा, सूचना प्रणाली पूर्वाधार तथा विकास शाखा, सूचना प्रणाली संचालन शाखा, सेवाग्राही कक्ष, प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, कानून इकाई, सदाचार प्रवर्द्धन सचिवालय, जिन्सी व्यवस्थापन इकाइ, सार्वजनिक खरीद इकाइ तथा जनशक्ति विकास इकाइ पर्दछन् ।

भन्सार प्रशासनका लागि अधिकृतस्तरका भन्दा माथि २२१, सहायक कर्मचारी ६५०, कार्यालय सहयोगी ३४७ र सवारी चालक २९ गरी जम्मा १,२४७ जना कर्मचारीको स्वीकृत दरबन्दी रहेको छ ।

भन्सार प्रसासनको भूमिकालाइ हेर्दा राजस्व संकलनको अतिरिक्त अवैध तथा प्रतिवन्धित मालबस्तुको आयात निर्यातलाइ नियन्त्रण गरी समाज र वातावरणको संरक्षण गर्नु पनि रहेको छ । त्यस्तै वैध व्यापारलाई प्रोत्साहन गर्नु र अन्तर्राष्ट्रिय आचार अनुरुप व्यापार सहजीकरणमा प्रोत्साहन गर्दै प्रचलित अभ्यास अपनाउदै कानुनको परिपालनमा सुनिश्चितता ल्याउनमा पनि महत्वपूर्ण भूमिका रहेको छ । भन्सार प्रशासनले वैधानिक व्यापारलाई सहजीकरण गर्ने, अवैध व्यापार एवं चोरी पैठारी नियन्त्रण गर्ने, निषेधित एवं प्रतिवन्धित मालवस्तुहरू ओसार पसारमा रोक लगाउने, सीमामा अनुशासन कायम गरी समाजको सुरक्षाप्रति सदैव चनाखो रहने र राजस्व परिचालनमा ठोस योगदान पुर्‍याउने कार्यहरू सम्पादन गर्दछ । यसका साथै भन्सार ऐन, २०६४, भन्सार नियमावली, २०६४, भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना, विश्व भन्सार संगठनद्वारा प्रतिपादित मापदण्डहरू, साफ्टा, विमस्टेक तथा अन्य क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मूल्य र मान्यताहरूमा आधारित भएर उत्कृष्ट भन्सार सेवा प्रवाह गर्ने कार्यको अभिभारा समेत भन्सार प्रशासनले सम्हाल्नुपरेको छ । राष्ट्रिय सुरक्षामा आँच नपुग्ने गरी अन्तर्राष्ट्रिय आचार अनुरुप व्यापार सहजीकरणमा पहल गर्न, सिफारिश गर्न तथा प्रचलित अभ्यास अवम्विलन गर्न भन्सार प्रशासनको महत्वपूर्ण भूमिका रहेको छ ।

### १२.१.३ राजस्व अनुसन्धान प्रशासन

वि.सं. २०५० सालमा छुट्टै विभागको रुपमा स्थापना भएको राजस्व अनुसन्धान विभाग राजस्व प्रशासनको तेश्रो अंग हो । यस विभागले प्रारम्भमा कर राजस्वको चुहावट सम्बन्धमा अनुसन्धान र नियन्त्रण गर्ने जिम्मेवारी पाएकोमा आर्थिक वर्ष २०६५/६६ देखि गैर कर राजस्वको समेत अनुसन्धान तहकिकात र कारवाही गर्ने थप जिम्मेवारी पाएको छ ।

राजस्व अनुसन्धान प्रशासनले राजस्व चुहावटको अनुसन्धान, तहकिकात तथा नियन्त्रण सम्बन्धी कार्य सम्पादन गर्नका लागि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० प्रयोग गर्दछ । यसका अतिरिक्त विभाग र विभागका पदाधिकारीलाई नेपाल सरकारद्वारा भन्सार ऐन, २०६४, मूल्य अभिवृद्धि ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ अनुरुप भन्सार अधिकृत, कर अधिकृत तथा अन्तःशुल्क अधिकृत समेतको अधिकार प्रयोग गर्न पाउने गरी अधिकारको प्रत्यायोजन भएको छ । यथार्थमा राजस्व अनुसन्धान विभागले आफ्नो ऐनको व्यवस्थाको प्रयोग भन्दा प्रत्यायोजित भै आएका ऐनका अधिकारहरू नै बढी प्रयोग गरी कार्य सम्पादन गर्ने गरेको छ । विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९, अन्तरगत विदेशी विनिमयको अपचलनको अनुसन्धान सम्बन्धी कार्य पनि राजस्व अनुसन्धान विभागले गर्दै आएको छ ।

राजस्व अनुसन्धान विभाग अन्तर्गत पूर्वाञ्चलको ईटहरी, मध्यमाञ्चलको पथलैया, पश्चिमाञ्चलको बुटवल र मध्य तथा सुदुर पश्चिमान्चलको कोहलपुर गरी ४ वटा क्षेत्रीय इकाई कार्यालयहरू स्थापना भएका छन् भने यी क्षेत्रीय कार्यालयहरू अन्तर्गत चारआली-झापा, बर्दिबास-महोत्तरी, वर्दघाट-नवलपरासी, चन्द्रौटा-कपिलवस्तु, चिडियाखोला-रुपन्देही र अत्तरिया-कैलाली गरी ६ वटा चेकपोष्टहरू संचालन भैरहेका छन् ।

विभागमा ८७ तथा क्षेत्रीय कार्यालयहरूमा ९३ सहित विभाग अन्तरगत हाल कूल १८० जना कर्मचारीहरूको दरबन्दी रहेको छ । राजस्व अनुसन्धानको कार्यलाई परिणाममुखी बनाउनका लागि सहज होस् भन्ने उद्देश्यले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार जुनसुकै निकाय र विषयका विज्ञ/विशेषज्ञ एवं कर्मचारीहरूलाई काजमा ल्याएर परिचालन गर्नसक्ने अधिकार पनि यस विभागलाई रहेको छ ।

प्रमुख कार्यहरू कर तथा गैर कर राजस्व चुहावट एवं आर्थिक अपराधको अनुसन्धान तथा नियन्त्रण, विदेशी मुद्राको अवैध ओसारपसार तथा अपचलनको अनुसन्धान एवं

मुद्दा दायर, राजस्व प्रशासनको सुधार तथा प्रभावकारिताका लागि पृष्ठपोषण गर्ने, राजस्व चुहावट हुन सक्ने क्षेत्रको पहिचान गरी सम्बन्धित विभागको ध्यानाकर्षण गर्नु रहेका छन् ।

### १२.१.४ राजस्व प्रशासन तालिम केन्द्र

वि. सं. २०३७ सालमा अर्थ मन्त्रालय अन्तर्गत राजस्व र आर्थिक प्रशासनमा कार्यरत रहेका कर्मचारीहरूको लागि तालिम संचालन गर्न स्थापना भएको राजस्व प्रशासन तालिम केन्द्र पनि राजस्व प्रशासनको एक अंग हो । राजस्व प्रशासन तालिम केन्द्र केन्द्रीय स्तरको निकाय हो । राजपत्रांकित प्रथम श्रेणीको तालिम प्रमुख रहने यस केन्द्रको संगठनात्मक संरचनामा पाठ्यक्रम विकास तथा अनुसन्धान, राजस्व तथा अर्थ सम्बन्धी प्रशिक्षण, लेखा तथा लेखापरीक्षण सम्बन्धी प्रशिक्षण र प्रशासन गरी जम्मा ४ वटा शाखाहरू छन् । प्रशासन बाहेक अन्य शाखाका प्रमुखहरूमा वरिष्ठ प्रशिक्षक रहने व्यवस्था छ ।

राजस्व प्रशासन तालिम केन्द्रमा तालिम प्रमुख, वरिष्ठ पाठ्यक्रम विकास तथा अनुसन्धान अधिकृत, वरिष्ठ प्रशिक्षक, अनुसन्धान तथा पाठ्यक्रम विकास अधिकृत, प्रशिक्षक र सहायक कर्मचारीहरू गरी जम्मा ४० जनाको दरबन्दी रहेको छ ।

राजस्व प्रशासन तालीम केन्द्रका प्रमुख कार्यहरू निम्नानुसार छन्:

- राजस्व तथा आर्थिक प्रशासनमा सेवारत कर्मचारीहरूलाई दक्ष र सीपयुक्त वनाउने ।
- अर्थ, आर्थिक तथा राजस्वका क्षेत्रमा अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने, प्रकाशित गर्ने तथा वितरण गर्ने ।
- कर प्रणालीमा समसामयिक सुधार गर्न, अध्ययन अनुसन्धान गरी सरकारमा सुझाव पेश गर्ने ।
- राजस्व तथा आर्थिक प्रशासन सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन प्रशिक्षण, गोष्ठी आदि संचालन गर्ने ।

## १२.२. राजस्व प्रशासनमा सुधारको खांचो

कर सुधारको क्रममा राजस्व प्रशासनको सुधार हुनु जरुरी छ । यो कुरा अन्तर्राष्ट्रिय अनुभवले समेत स्पष्ट गरेको छ । कर सुधार गर्ने सन्दर्भमा सन् १९८० को दशकको

मध्यान्तरसम्म विभिन्न देशमा कर नीति, कर कानून, करको स्वरुप तथा संरचनामा विशेष ध्यान दिइन्थ्यो भने कर प्रशासनमा त्यति ध्यान दिइदैन थियो । यसको फलस्वरुप विभिन्न देशमा लागू गरिएका कर सुधार कार्यक्रमले व्यवहारमा मूर्तरुप लिन सकेनन् । यस सन्दर्भमा अन्तर्राष्ट्रिय मुद्राकोषले "विकासशिल देशमा कर प्रशासन नै कर नीति हो" भन्न थालेपछि सन १९८० मध्यान्तर पश्चात कर सुधारको क्रममा कर प्रशासनको सुधार हुनैपर्ने मान्यता स्थापित भयो ।

उक्त मान्यता संसारका सबै देशको लागि उत्तिकै सान्दर्भिक छ । कारण, कर प्रशासन सुध्रिएन भने उठ्नु पर्ने राजस्व उठ्न सक्दैन । त्यति मात्र नभै कर प्रशासनको व्यवहारले मुलुकमा लगानीको वातावरणलाई प्रभावित गर्दछ । सिंगो निजीक्षेत्रको विकास कर प्रशासनको कृयाकलापबाट प्रभावित हुन्छ । स्वदेशी तथा विदेशी लगानीकर्ताहरू करको स्वरुप तथा संरचनाका बारेमा जति सरोकार राख्दछन् कर प्रणाली कसरी कार्यान्वयन भएको छ भन्ने विषयमा अझै बढी चासो राख्दछन् । कर प्रशासक स्वेच्छाचारी भएमा, कर प्रणालीलाई सही किसिमले लागू नगरेमा, र कर कानूनको जथाभावी किसिमले व्याख्या गरेमा त्यसले कर प्रशासनको मात्र नभै राज्यकै छवि बिगार्ने, करदाताको स्वयं कर सहभागितामा ह्रास ल्याउने, अनौपचारिक क्षेत्र फुकाउने, औपचारिक क्षेत्र सुकाउने, निजीक्षेत्रको विकासमा प्रतिकुल असर पार्ने, लगानीलाई हतोत्साहित गर्ने र सिंगो आर्थिक विकासमा वाधा पुऱ्याउने हुन्छ । यस्तो अवस्थामा इमान्दार करदाताले दण्डित र वेइमानले पुरष्कृत हुने अवसर पाउछन्, कर कानून अनुसार नियमित रुपमा कर तिर्ने करदाता प्रतिस्पर्धात्मक हिसावमा प्रतिकूल स्थितिमा पुग्दछन्, भ्रष्टाचार तथा मिलोमतोबाट राजस्व चुहावट हुने संभावना बढ्छ, स्वच्छ आर्थिक गतिविधि कुण्ठित हुन्छ, राज्यले राजस्व गुमाउंछ, र जनताले साधनको अभावमा राज्यले प्रदान गर्ने सुविधाबाट वन्चित हुनु पर्दछ । यस किसिमको स्थितिमा मुलुकमा राजस्व उत्पादक, सक्षम, समान तथा सही किसिमको कर प्रणाली स्थापना गर्न सकिदैन । यसरी कर प्रशासन सबल, सक्षम, र सक्रिय नभएको कारणले मुलुकले ठूलो मूल्य चुकाउनु पर्दछ । यस्तो स्थिति सृजना हुन नदिन कर प्रशासनको सुधार गरिनु पर्दछ ।

यही तथ्यलाई मध्यनजर राखेर सन १९९० को दशकमा लागू गरिएको प्रथम पुस्ताको कर सुधार कार्यक्रमको अभिन्न अंगको रुपमा कर प्रशासन सुधारको कार्यक्रम पनि लागू गरिएको थियो । यस अन्तर्गत तत्कालीन मूल्य अभिवृद्धि कर प्रशासनको प्रारम्भ नै कार्यमूलक संगठनात्मक स्वरुप र अधिकृतमूलक कर्मचारी व्यवस्था, कर्मचारीका लागि अनगिन्ति प्रशिक्षण तथा कम्प्युटराइजेशनबाट भएको थियो र पछि आय कर तथा मूल्य

अभिवृद्धि कर प्रशासनलाई एकीकरण गरेर खडा भएको आन्तरिक राजस्व प्रशासनमा पनि यी सुधारमुखी प्रयासहरूले निरन्तरता पाएका थिए । यसैगरी भन्सार प्रशासनमा पनि सांगठनिक सुधार, प्रशिक्षण तथा कम्प्यूटराजेशन जस्ता प्रयत्न गरिएका थिए ।

राजस्व प्रशासनलाई बढी व्यवसायिक वनाउनका लागि आर्थिक वर्ष २०४९/५० मा राजस्व समूह गठन गरिएको थियो । राजस्व समूह गठन भएपछि यस समूहमा रहनका लागि विषयहरू तोकी राजस्व प्रशासनमा पहिलेदेखि काम गर्दै आएका कर्मचारीमध्ये विषय मिल्ने यस समूहमा समूहीकृत हुने र अन्य समूहीकृत नहुने भए । राजस्व प्रशासनमा नयां प्रवेश गर्नका लागि निश्चित योग्यता हुनुपर्ने भयो । यस समूहबाट कर्मचारी अन्यत्र सरुवा नहुने र अन्यत्रबाट कर्मचारी यस प्रशासनमा सरुवा भै आउन नसक्ने नीतिगत व्यवस्था भयो । यस किसिमको व्यवस्थाबाट कर्मचारीमा राजस्व प्रशासनका लागि तोकिएको न्यूनतम योग्यता हुने, कर्मचारीमा राजस्व प्रशासनमा रहेर वृत्ति विकास गर्ने निश्चितता पैदा हुने, राजस्व सम्बन्धी तालिम, अनुभव, शीप, ज्ञान आदिको राम्रो उपयोग हुने र राजस्व प्रशासन व्यावसायिक समूहको रुपमा विकसित हुने अपेक्षा गरियो ।

तर राजस्व समूह गठन भएपछि यस समूहमा समूहीकृत भएका कर्मचारीको लागि राजस्व सम्बन्धी विस्तृत प्रशिक्षण दिने व्यवस्था गरिएन । त्यसैगरी पहिले झैं यस समूहमा नयां प्रवेश गर्ने कर्मचारीका लागि कुनै किसिमको प्रशिक्षणको आयोजना नगरेर नियुक्ति गरिएको कार्यालयमा सिधैं खटाउने प्रचलन कायमै रहयो । एकातर्फ अन्यत्रबाट विशेष योग्यता र दक्षता भन्दा पनि व्यक्तिगत, राजनितिक वा यस्तै अन्य सामिप्यका आधारमा कर्मचारी सरुवा गरेर वा काजमा ल्याउने प्रथा पनि केही हदसम्म केही समयसम्म कायमै रह्यो । तर अर्कोतर्फ राजस्व प्रशासनको लागि योग्य र दक्ष व्यक्तिलाई अन्यत्रबाट सरुवा गरेर ल्याउनको लागि भने राजस्व समूहको व्यवस्था वाधक वन्यो । त्यति मात्र नभै राजस्व समूह भएका कारणले राम्रो काम नगरे पनि यस समूहबाट बाहिर निकालिने डर नभएकोले केही कर्मचारीहरूमा राम्रोसंग काम नगर्ने भावना समेत विकसित भएको स्थिति देखा पर्‍यो ।

उक्त विभिन्न कारणले गर्दा राजस्व समूह गठन गर्नुको उद्देश्य राम्रोसंग पूरा हुन सकेन । यस सन्दर्भमा राजस्व समूहलाई प्रभावकारी बनाउने उपायहरू अपनाउनको सट्टा यो समूह नै खारेज गरिनु पर्ने जस्ता गलत कुराहरू चल्न थाले र त्यस क्रममा वि.सं. २०५६ सालतिर राजपत्रांकित प्रथम श्रेणीमा राजस्व समूह खारेज पनि भयो । यस निर्णयबाट राजस्व प्रशासन व्यावसायिक र सक्षम हुनुको सट्टा अव्यावसायिक र कमजोर

हुने सम्भावना बढ्यो । राजपत्रांकित प्रथम श्रेणीमा समूह खारेज भएको कारणले समूहमा राजपत्रांकित प्रथम श्रेणीको पदमा पदोन्नति पाएपछि कर्मचारीले आफ्नो कार्यक्षेत्रबाट अलग्गिनुपर्ने अवस्थाले गर्दा विशेषज्ञताको विकासमा पदोन्नति स्वयंमा एक अवरोध हुने स्थिति पनि विद्यमान भयो । अर्कोतर्फ राजपत्रांकित प्रथम श्रेणीको पदमा जुनसुकै शैक्षिक योग्यता तथा अनुभव भएको कर्मचारी पनि राजस्व प्रशासनमा सरुवा भएर आउने भयो । यसले गर्दा एक किसिमको अस्थिरताको वातावारण सृजना भयो । यसैगरी लोकसेवा आयोगद्वारा राजस्व समूहका पदपूर्ति गर्नको लागि लिइने परीक्षामा सम्भाव्य उम्मेदवार हुन वाणिज्य, अर्थशास्त्र तथा कानून जस्ता विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने बाध्यता रहेन । यसले गर्दा राजस्व प्रशासनमा करको राम्रो ज्ञान भएका कर्मचारीको अभाव हुने स्थिति कायम भयो । अर्कोतर्फ, हालैका वर्षहरूमा राजस्व प्रशासनमा करका विविध पक्षका विषयमा कर्मचारीहरूलाई दिइने प्रशिक्षण झण्डै शुन्य तहमा झर्न गयो भने कार्यालय भित्र विभिन्न शाखामा कर्मचारीहरूलाई आलोपालो गरि सरुवा गर्ने प्रचलन स्थापित भएकोले यसले कर प्रशासकहरूमा विशेषज्ञता कायम गर्दै लाने हिसावले लागू भएको कार्यमुलक संगठनात्मक व्यवस्थालाई ठेस पुऱ्यायो । यी विभिन्न कारणले गर्दा नेपालको राजस्व प्रशासन कमजोर हुंदै गयो र दक्षिण एशीयामा मात्र नभै नेपाल जस्तो स्थिति भएका अन्य विभिन्न देशको तुलनामा नेपालको कर प्रणालीको स्वरुप तथा संरचना र राजस्व प्रशासनको संगठनको स्वरुप राम्रो हुंदाहुंदै पनि त्यसको सही किसिमले कार्यान्वयन हुन नसकेको कुरा आयोगले विभिन्न क्षेत्रमा आयोजना गरेका अन्तरक्रिया तथा छलफल कार्यक्रमका सहभागीहरूले व्यक्त गरेका थिए ।

नेपालको कर प्रणाली सही किसिमले कार्यान्वयन नभएको कुरा लगभग सबै ठूला खाले कर विवरण उपर प्रत्येक वर्ष बढ्दै गएको विवादित कर निर्धारण, प्रशासनिक पुनरावलोकन तथा राजस्व न्यायाधिकरणमा परेका कर निर्धारण सम्बन्धी निवेदन तथा अपिलहरू र तिनबाट सिर्जित वर्षौं देखिको बढ्दै गएको वक्यौता रकम तथा विवादका कारण करदाताले व्यहोर्नु परेको मौद्रिक तथा अमौद्रिक भारले सरकार र करदाता दुवैलाई ठूलो नोक्सान पुऱ्याएको तथ्यले पनि स्पष्ट गर्दछ । कर प्रशासकले आफूमाथि भविष्यमा नियामक निकायको कारवाहीले कुनै पनि किसिमको दायित्व नपरोस् भनी सुरक्षात्मक (Protective) प्रवृत्तिबाट प्रेरित भै वा मोलाहिजा नगर्ने करदाता उपर विसमभाव राखेर वा प्रोत्साहन भत्ताको लागि तोकिएको सूचकांक पुऱ्याउनका लागि आक्रामक (Aggressive) एवं स्वेच्छाचारी तवरबाट भएका यस्ता खालका कर निर्धारणबाट मुलुकले समयै प्राप्त गर्ने राजस्व लगभग संकलन नै गर्न नसकिने अवस्थामा पुऱ्याइदिएको छ । यस्तो क्रियाकलापले लगानी मैत्री वातावरणको सृजनामा पनि प्रतिकूल प्रभाव पार्दछ । कर

अधिकृत सक्षम र सही नभएका अवस्थामा सरकारलाई आउनुपर्ने राजस्व प्राप्त नहुने एवं सही कर निर्धारण नभई बढी कर निर्धारण भएमा करदाता एवं जनताको राजस्व प्रशासन लगायत सरकार प्रति नै वितृष्णा उत्पन्न हुन जान्छ ।

**सुझाव**

हाल राजस्वका अधिकृतहरूमा नयां खालका जटील प्रकृतिका व्यवसायिक कारोवार तथा कृयाकलापलाई बुझ्ने र तिनबाट करमा पर्नसक्ने असरलाई आंकलन गर्न सक्ने सीप र दक्षता एवं कार्यविशिष्टता हासिल गर्नका लागि व्यवहारगत तालिम, प्रोत्साहन, उन्नतिका अवसरहरू उपलब्ध गराई राजस्व प्रशासनको संगठनात्मक स्वरुप र कर्मचारी व्यवस्थामा आमूल परिवर्तन गरिनु पर्दछ ।

## १२.२.१ संगठनात्मक स्वरुप

***आन्तरिक राजस्व प्रशासन***

आन्तरिक राजस्व विभागको संगठनात्मक स्वरुप कार्यमूलक किसिमको भएता पनि केही शाखाको समायोजन वा पुनर्संरचना गर्नु पर्ने देखिन्छ । उदाहरणका लागि, संचालन महाशाखा अन्तर्गत संकलन शाखा र वक्यौता शाखा छुट्टा छुट्टै रहेका छन् । कार्यमूलक संगठनात्मक व्यवस्थामा संकलन भनेको करदाताले स्वयं कर निर्धारण गरेको कर वा कर प्रशासनले निर्धारण गरेको कर करदाताले समयमा नतिरे पछि त्यसलाई कर प्रशासनले संकलन गर्ने भन्ने बुझिन्छ । वक्यौता असुली सम्वन्धी कार्य पनि यही प्रकृतिको कार्य हो । यसैले वक्यौता शाखाको छुट्टै अस्तित्व कायम गर्न आवश्यक देखिदैन ।

हाल नीति, विश्लेषण तथा व्यवस्थापन महाशाखामा कर परीक्षण पुनरावलोकन शाखाको व्यवस्था भएको छ । आधुनिक कर प्रशासनमा कर सम्वन्धी प्रक्रियाहरूको सही किसिमको पालना भए नभएको हेर्ने कार्य आन्तरिक अनुगमन शाखाको भएकोले कर परीक्षण पुनरावलोकन शाखाको औचित्य पुष्टि गर्न गाह्रो देखिन्छ ।

आधुनिक कर प्रशासनमा आन्तरिक अनुगमन शाखाको पनि व्यवस्था गरिएको पाइन्छ । यो शाखा विभागीय प्रमुख अन्तर्गत राखिएको हुन्छ । यसको उद्देश्य विभागका अन्य शाखा/महाशाखाका साथै विभाग अन्तर्गतका कार्यालयहरूले कर सम्बन्धी कानून तथा तोकिएका प्रकृयाहरूको सही किसिमले पालना गर्ने गरेका छन् छैनन् भनेर अनुगमन गर्नुका साथै तिनीहरूको काम कारवाहीलाई सही किसिमले कार्यान्वयन गराउन

सहयोग गर्नु हो । हाल यस शाखालाई आन्तरिक राजस्व विभागका महानिर्देशकको सिधा सम्पर्कबाट झिकेर नीति विश्लेषण महाशाखा अन्तर्गत राखिएको छ, जुन आन्तरिक अनुगम/परीक्षणको मर्म तथा अन्तर्राष्ट्रिय सामान्य प्रचलन विपरित छ । यस शाखाको मुख्य काम सबै कार्यालयहरू र विभागको सबै महाशाखा समेतको कार्यको अनुगमन गर्ने र त्यसको मूल्यांकन गरी आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष पेश गर्ने भएकोले कुनै एक महाशाखा अन्तर्गत रहंदा यस शाखाबाट चाहेको प्रतिफल प्राप्त गर्न सकिदैन । आन्तरिक अनुगमनको सिद्धान्त अनुसार यसलाई महानिर्देशकको प्रत्यक्ष निगरानीमा राख्नु पर्दछ भन्ने आयोगको धारणा छ । साथै, आन्तरिक अनुगमन तथा कर परीक्षण शाखावाट अनुगमन वा कर परीक्षणको दौरानमा देखिएका समस्याहरू वा सवालहरू (Issues) वा प्रशासकिय पुनरावलोकन वा राजस्व न्याधिकरणको फैसलावाट उठेका सवालहरू (Issues) को विवरणिका तयार गरी तिनको विश्लेण पश्चात उचित कदम चाल्नका लागि आन्तरिक राजस्व विभागका महानिर्देशकलाई कानुनमा शंसोधन गर्नु पर्ने वा निर्देशन जारी गर्नु पर्ने वा अन्य प्रकारले सम्बोधन गर्नु पर्ने हो सो सम्बन्धमा सुझाव दिने कार्य आन्तरिक राजस्व विभागको संगठन तालिकामा रहेको बिज्ञ समूहद्वारा हुनु पर्दछ । यसो भएमा एकै प्रकारका समस्या वा सवालहरू (Issues) बारम्बार दोहोरिने अवस्था रहदैन । यसले करदाता र कर प्रशासन दुवैलाई सहज र सरल हुन जान्छ ।

आन्तरिक राजस्व विभागले प्रशासन गर्ने ऐन नियमहरू यस अन्तर्गतका ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय एवं करदाता सेवा कार्यालय मार्फत प्रशासन गर्ने गरिएको छ । ठूला करदाताको छनौटको आधार मुख्य रुपमा कारोवार रकमलाई लिएको छ भने ठूला करदाता कार्यालयको दायरामा नपर्ने करदाताहरूको दर्ता, संकलन, कर परिक्षण एवं कर अनुसन्धानको कार्य आन्तरिक राजस्व कार्यालयबाट हुंदै आएको छ । केही बर्षदेखि केहि आन्तरिक राजस्व कार्यालयको क्षेत्रभित्र पर्ने करदाताहरूको दर्ता एवं कर संकलन मात्र सिमीत कार्य गर्ने गरी करदाता सेवा कार्यालय स्थापना भई कार्य गर्दै आएकोमा हाल करदाता सेवा कार्यालयलाई रु. ५ करोडसम्मको कारोवार भएका करदाताको करपरीक्षण लगायत सबै काम गर्ने गरी जिम्मेवारी दिइएको छ । यसरी हेर्दा हालका करदाता सेवा कार्यालयहरूलाई नै अन्य राजस्व कार्यालय सरह रु. ५ करोडसम्मको साना करदाता सम्बन्धी सबै जिम्मेवारी वहन गर्ने गरी थप अधिकार दिइएमा यसैलाई नै साना करदाता कार्यालयको रुपमा कायम गर्नु उचित हुनेछ ।

ठूला करदाता कार्यालय र करदाता सेवा कार्यालयले हेर्ने वाहेक अन्य सबै करदाताहरूलाई मझौला करदाताकोरुपमा हाल कायम रहेका आन्तरिक राजस्व कार्यालयले नै हेर्ने गरी

कायम गरिनु उचित हुनेछ । यसका साथै, काठमाडौं महानगरपालिका सबै वडाहरूमा र ललितपुर उपमहानगरपालिकाका घना व्यावसायिक गतिविधि हुने क्षेत्र हेरी कम्तीमा २ वा ३ करदाता सेवा कार्यालय को विस्तार गर्नु पर्दछ । यसो गर्नुको मूल उद्देश्य करदाताको लागत खर्च कम गर्नु र बढी कर राजस्व संकलन गर्नु हो । यस्तो पद्धति अवलम्बन गर्दा आन्तरिक राजस्व कार्यालय क्षेत्र १, २ र ३ को हालको कार्यक्षेत्रलाई केही परिवर्तन गर्नुपर्दछ । यस स्थितिमा आन्तरिक राजस्व कार्यालय क्षेत्र १, २ र ३ को कार्यक्षेत्र र कार्यवोझमा भएको कटौतीलाई ध्यान दिंदा आन्तरिक राजस्व कार्यालय क्षेत्र १, २ र ३ को हालको संरचनामा राजपत्रांकित प्रथम श्रेणीको पदको औचित्य रहंदैन, यिनलाई पनि अन्य आन्तरिक राजस्व कार्यालय सरह राजपत्रांकित द्वितीय श्रेणीको प्रमुख रहने गरी संरचनागत व्यवस्था गरिनु पर्दछ ।

आन्तरिक राजस्व विभाग अन्तर्गत काठमाण्डौ उपत्यका भन्दा बाहिर विभिन्न १३ वटा करदाता सेवा कार्यालय स्थापना भएका छन् । हाल जुन कार्यालय जुन जिल्लामा अवस्थित छ, सोही जिल्लाको करदाताको करदाता सेवा तथा कर संकलने कार्यहरू ती सेवा कार्यालयहरूले गर्दै आएका छन् । यस नीतिले गर्दा भौगोलिक विकटता भएका जिल्लामा अवस्थित करदाता सेवा कार्यालयबाट करदाताले सेवा प्राप्त गरी भौगोलिक रुपमा टाढा रहेको आन्तरिक राजस्व कार्यालयबाट सेवा लिन पर्ने वाध्यता केही हदसम्म कम भएको छ । तर कतिपय अवस्थामा करदाता सेवा कार्यालयहरूको भौगोलिक अवस्थितिले गर्दा कर सम्वन्धी सामान्य औपचारिकता पूरा गर्न पनि ठूलो वित्तिय भार बढन सक्ने अवस्था रहेको देखिन्छ । करदाताको करको औपचारिकता पुरा गर्ने सम्वन्धमा गरिने खर्च (Compliance cost) लाई घटाउनु पर्ने र सरकारले कर संकलन गर्ने सम्वन्धमा गर्ने खर्चलाई न्यून गर्नुपर्ने अवस्थालाई ध्यानमा राखी हालको सेवा कार्यालय सम्वन्धी नीति (उपत्यका बाहिर) लाई समेत पुनरावलोकन गर्नुपर्ने भएको छ । अन्तर्राष्ट्रिय संघ संस्थाको प्रतिवेदनमा समेत नेपालमा करदाताको कर परिपालन लागत (Compliance cost) बढी भएको उल्लेख भएको छ । यस्तो हुनुको एउटा कारण कर कार्यालयहरू उपयुक्त भौगोलिक क्षेत्रमा अवस्थित नहुनु हो । यस्तो व्यवस्थाले करदाताको कर परिपालन लागत (Compliance cost) निश्चित रुपमा वृद्धि हुन्छ भने कर प्रशासनले करको दायरामा नआएका करदाता माथि निगरानी (Vigilence) समेत राख्न सकिदैन । जसबाट समग्र कर प्रशासनमा नै नकारात्मक असर पर्दछ । यस्तो समस्यालाई सम्वोधन गर्न हाल काठमाण्डौ उपत्यकाभन्दा बाहिर रहेका केही करदाता सेवा कार्यालयलाई स्तरवृद्धि गरी आन्तरिक राजस्व कार्यालयको रुपमा रुपान्तरण गर्नुपर्दछ । ती करदाता सेवा कार्यालयलाई आन्तरिक राजस्व

कार्यालयमा परिवर्तत गरि छिमेकी जिल्लाको करदातालाई समेत प्रशासन गर्ने गरी तोक्नु उपयुक्त हुन्छ ।

माथि उल्लेख गरिए अनुसार अव साना करदाता कार्यालय (हालका करदाता सेवा कार्यालयहरू समेत), आन्तरिक राजस्व कार्यालय (मझौला) र ठूला कर कार्यालय गरी ३ तहका कार्यालयहरू रहनु उपयुक्त हुनेछ ।

नेपाल सरकारले पूर्वाधार राम्रो भएको र बढी जनसंख्या भएको गाउं विकास समितिलाई नगरपालिका वनाउने घोषणा वमोजिम थप गाउं विकास समितिहरू नगरपालिकामा परिणत भै सकेका छन् । जस अनुसार अव नेपालमा नगरपालिकाको कूल संख्या १९१ पुग्न गएको छ । नगरपालिकाहरूमा आर्थिक विकासको संभावना बढी हुने तथा विगतमा गाउं विकास समिति हुंदाको अवस्थामा समेत निश्चित मापदण्डको विकास भैसकेकोले नयां स्थापना भएका नगरपालिका भएको जिल्लामा आन्तरिक राजस्व कार्यालय वा सेवा कार्यालय छैनन् भने ति स्थानमा करदाताको संख्या र व्यवसायिक गतिविधिका आधारमा करदाता सेवा कार्यालय स्थापना गर्न उपयुक्त हुनेछ । हाल आन्तरिक राजस्व कार्यालय तथा सेवा कार्यालय समेत नभएका र नगरपालिका नभएका तर करदाताको संख्या निश्चित सिमा भन्दा बढी भएका जिल्लामा समेत करदाता सेवा कार्यालय स्थापना गर्न उपयुक्त हुन्छ ।

अर्थतन्त्रको बढ्दो अवस्थासंगै व्यापार व्यवसायमा लाग्ने व्यक्तिहरू पनि दिन प्रतिदिन बढी रहेका छन् जसले गर्दा करको दायरामा आउने करदाताहरूको संख्या समेत बढ्दो क्रममा छ । करदाताको अनुपातमा कर प्रशासनको उपस्थिति न्यून रहेको कारण करदाताले जति सेवा तथा सुविधा कर प्रशासनबाट पाउनु पर्ने हो त्यति पाइरहेको अवस्था छैन भने कर सहभागिता लागत समेत बढी लागेको देखिन्छ । कर प्रशासनले आफ्नो भौगोलिक उपस्थितिलाई बढाउंदै गरेको भएता पनि करदाताको संख्याको आधारमा र नेपालको भौगोलिक स्थितिका कारण पर्याप्त हुन सकेको छैन र आगामी दिनमा पनि नहुन सक्छ । यस्तो अवस्थामा करदाताको घरदैलोसम्म कर प्रशासनलाई पुर्‍याउनका लागि निजी क्षेत्र वा अन्य सामाजिक संघ संस्थाहरूसंग सहयोग लिनुपर्ने देखिन्छ । जिल्ला वा जिल्लाका विभिन्न भागहरूमा रहेको उद्योग वाणिज्य संघ, विभिन्न व्यवसायी संघ तथा सामाजिक संस्थाहरूलाई करदाताबाट समयमा नै कर विवरण बुझी आन्तरिक राजस्व कार्यालयमा समेत समयमा नै बुझाउने जिम्मा दिनु पर्ने देखिन्छ जसले गर्दा करदाताको कर सहभागिता लागत कम हुन जाने हुन्छ । दाखिला गर्नुपर्ने करका सम्बन्धमा भने जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय वा नजिकको कुनै पनि बैंक वा भरपर्दो अन्य

माध्यममार्फत दाखिला गर्न सक्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ । यसरी करदाता सेवा कार्यालयहरू खोल्न लागत प्रभावी नभएका क्षेत्रहरूमा महालेखा नियन्त्रक कार्यालय वा जिल्ला उद्योग वाणिज्य संघ मार्फत कर सम्वन्धी कार्यहरू गर्न सकिन्छ । विकट क्षेत्रमा निम्नानुसार कर कियोस्क (Kiosk) मार्फत पनि कर सम्वन्धी सेवाहरू उपलव्ध गराउन सकिन्छ ।

**कर किओस्कको व्यवस्था**

“किओस्क (Kiosk)” भन्नाले मानिसद्वारा संचालित वा स्वचालित कम्पुटर वा डिस्प्ले बोर्ड वा सूचनामूलक सामग्रीहरू भएको वा ग्राहकहरूको सुविधाका लागि एक निश्चित स्थानमा अस्थायी वा स्थायीरुपमा स्थापित बिक्रिका मालसामानहरूयुक्त एक प्रकारको छुट्टै सानो पसल जस्तो संरचनालाई बुझाउंछ। उदाहरणका लागि अटोमेटेड टेलर मेशिन (ATM), चिया, कफि बिक्रय (भेन्डिंग) मेशिन, टेलिफोन बूथ आदि । यसलाई सजिलोसंग सूचनाको प्रसार गर्न वा जानकारी उपलब्ध गराउन वा अन्य खालका सेवा प्रदान गर्न प्रयोग गर्ने गरिन्छ। हिजो आज यस्ता किओस्कहरू सामान्यतः सार्वजनिकस्थल, डिपार्टमेण्ट स्टोर, रेष्टूरां, हुलाक परिसर, आदि स्थानमा राखेको देख्छौं । यस्तो किओस्कलाई बूथ, स्ट्याण्ड, स्टल आदि विभिन्न नामबाट पनि चिनिन्छ । हिजो आज विश्वका विभिन्न मुलुकमा करदाताको सुविधाका लागि मानव संचालित वा स्वचालित किओस्कहरूको प्रचलन व्यपाक रुपमा भएको पाउंदछौं । यसले करदाता र कर प्रशासन दुवैको लागत र समयको वचत गर्न मद्दत गर्दछ ।

संयुक्त राज्य अमेरिकामा १४ वटा उद्योग र सफ्टवेयर निर्माताहरूको गठबन्धनले मुनाफा नकमाउने उद्देश्यले स्थापित गरेकको “दि फ्रि फाइल एलायन्स” संगको सहकार्यमा इनल्याण्ड रेभेन्यू सर्भिसले करदाताका लागि स्वचालित प्रणालीमा आधारित कर किओस्कहरू संचालन गर्दै आएको पाइन्छ । यदि कसैलाई इन्टरनेटको अभाव वा संचालनमा कठिनाईको कारणले गर्दा आफ्नो कर विवरण दाखिला गर्न गाह्रो वा अप्ठ्यारो परेको अवस्थामा त्यस किओस्कको VITA भन्ने बटन थिचेमा इनल्याण्ड रेभेन्यू सर्भिसले प्रमाणित गरेका दक्ष स्वयंसेवीहरूले करदातालाई कर विवरण भर्न सिकाउने र आवश्यक परेमा वैयक्तिकरुपमै उपस्थित भै सहयोग गर्ने व्यवस्था रहेको पाउंदछौं । वालमार्ट जस्ता ठूला डिपार्टमेण्ट स्टोरहरूले पनि आफ्ना ग्राहकहरूलाई करका विवरण भर्न सहयोग गर्ने, कर सम्बन्धमा जानकारी दिने जस्ता कार्यहरू आफ्ना परिसरमा निःशुल्क उपलब्ध गराउंदै आएको पाइन्छ । यस्तै सिंगापुरमा पनि पूर्णरुपमा स्वचालित किओस्कहरू संचालनमा

रहेको पाउंदछौं । बेलायतमा पनि हुलाक कार्यालयमा यस्ता स्वचालित किओस्कहरू राखिएका हुन्छन् । यसै गरी बेलायतमा करदाताको सहजीकरणका लागि Office of Tax Simplification भन्ने कार्यालय नै स्थापना गरेको छ । जसबाट प्राप्त सुझावका आधारमा सरकारले बेलाबेलामा कर प्रणालीमा सरलीकरण गर्ने गर्दछ ।

यसैगरी, भारतमा सन् २०१२ देखि करदाताको सुविधालाई ध्यानमा राखी भारतको आय कर विभागले कर विवरण दाखिला गर्ने अवधिमा करदाताहरू रहने आवासीय क्षेत्र वा स्थानमा "विशेष किओस्क" को व्यवस्था गर्ने गरेको पाइन्छ । यस प्रकारको प्रयासले करदाताहरूले कर तिर्न वा कर विवरण दाखिला गर्न वा स्थायी लेखा नम्बर लिन वा कर फिर्ताको प्रकृया कहांसम्म पुगेको छ भनी जानकारी लिनका लागि धाएर कर कार्यालयसम्म आउनु पर्ने अवस्था रहदैंन । त्यसै गरी सो विभागले कर विवरण दाखिला गर्ने अवधिताका करदातालाई करका ई–विवरणहरू दाखिला गर्न सहज गराउने उद्देश्यले सूचना प्रविधिमा दक्ष कर्मचारीहरूयुक्त "घुम्ति भ्यान" लाई शहरका आसपासका ईलाकाहरू वा साना शहरहरूमा संचालन र स्थापित गर्ने गरेको पाइन्छ ।

शहरका विभिन्न भाग, अपार्टमेण्ट ब्लक, ठूला कार्यालयका परिसरहरू र शहरका अन्य केन्द्रीय स्थानमा यस्ता किओस्कहरूको स्थापनाका लागि तत्तत् ठांउंका रेजिडेण्ट वेलफेयर एसोसिएशनहरू र अन्य यस्तै निकायहरूको सहकार्यमा यस्तो कार्यक्रमहरूको संचालन भएको पाइन्छ भने शहर निकटका क्षेत्रहरू र साना शहरहरूमा आफ्नै कर्मचारी सहितको घुम्ती भ्यान संचालन गरेको पाइन्छ । त्यस्तै, महानगरभित्र र अन्य ठूला स्थानहरूमा सानो पसल जस्तो "किओस्क" व्यवस्था गरेको पाइन्छ । यस्तो किओस्कको स्थापना एक–दुई दिनका लागि गरिएको हुन्छ । यस्ता किओस्कको संचालन प्रशिक्षित ट्याक्स प्रिपेरर्सद्वारा गरिन्छ । कर विभागले यस्ता साना पसलहरू जस्ता किओस्क र घुम्ति भ्यानहरू रहने स्थान र मिति र समयका वारेमा विज्ञापनद्वारा जानकारी गराउने गर्दछ ।

नेपालको हकमा पूर्ण स्वचालित प्रणालीमा आधारित किओस्कहरू संचालन गर्न हाल त्यति सम्भव नभएता पनि कुनै सामाजिक संगठन वा स्थानीय क्लबहरूको सहयोगमा स्थायीरुपमा वा ४/५ दिनका लागि अस्थायीरुपमा किओस्क संचालन गर्न सकिने देखिन्छ । यस्ता किओस्कहरू शहरका घना आवादी क्षेत्र वा डिपार्टमेण्टल स्टोरहरूको परिसर वा अपार्टमेण्ट वा हाउसिंग इनल्केभहरू वा हुलाक कार्यालय परिसरमा स्थापित गर्न सकिन्छ ।

त्यसै गरी यसको माग अनुसार शहरका विभिन्न भित्रि भागहरूमा सेवा केन्द्रहरू मार्फत सूचना प्रविधिका कर्मचारी सहितको घुम्ति सेवा संचालन गर्न सकिने देखिन्छ । त्यस्तै कर कार्यालयको सहज पहुंच नभएका पहाडी जिल्लाका लागि पनि ७/८ दिनका लागि यस्तो घुम्ति करदाता सेवा शिविर संचालन गर्न सकिने देखिन्छ। यसो गरेमा करदाताको समय, श्रम र लागत घट्न गै कर सहभागिता बढ्नेछ भने सरकारले पनि सबै ठाउंमा ठूलो लगानी गरी कार्यालय नै खोलेर सेवा दिनुको साटो यस प्रकृयावाट सेवा दिंदा केही हदसम्म आफ्नो पहुंच स्थापित गर्न, करदातालाई सहजता प्रदान गर्न, सूचना प्रवाह गर्न, करदातालाई आफ्नो कर विवरणका सम्बन्धमा जानकारी लिन सरलता प्रदान गर्दछ । यसवाट राजस्व संकलनमा समेत थप योगदान गर्न सक्ने देखिन्छ ।

**सुझाव**

- आन्तरिक राजस्व विभागको संगठनात्मक स्वरुप कार्यमूलक किसिमको आधारमा समायोजन वा पुनर्संरचना गर्नु पर्दछ ।
- आन्तरिक अनुगमन तथा कर परीक्षण शाखावाट अनुगमन वा कर परीक्षणको दौरानमा देखिएका समस्याहरू वा सवालहरू (Issues) वा प्रशासकिय पुनरावलोकन वा राजस्व न्याधिकरणको फैसलावाट उठेका सवालहरू (Issues) को विवरणिका तयार गरी सो अनुरुप सम्बन्धित कानुन वा निर्देशिका वा परिपत्रमा समावेश गर्न आवश्यक विषयहरू समावेश गरी सम्बोधन गरिनु पर्दछ ।
- हालको करदाता सेवा कार्यालयहरूलाई नै अन्य राजस्व कार्यालय सरह रु. ५ करोडसम्मको साना करदाता सम्बन्धी सबै जिम्मेवारी वहन गर्ने गरी थप अधिकार दिई यसैलाई नै साना करदाता कार्यालयको रुपमा कायम गरिनु पर्दछ ।
- ठूला करदाता कार्यालय र करदाता सेवा कार्यालयले हेर्ने वाहेक अन्य सबै करदाताहरूलाई मझौला करदाताकोरुपमा हाल कायम रहेका आन्तरिक राजस्व कार्यालयले नै हेर्ने गरी कायम गरिनु उचित हुनेछ । यसका साथै, काठमाडौं महानगरपालिका केही वडाहरूमा र ललितपुर उपमहानगरपालिकाका घना व्यावसायिक गतिविधि हुने क्षेत्र हेरी कम्तीमा २ वा ३ करदाता सेवा कार्यालय को विस्तार गर्नु पर्दछ ।
- आन्तरिक राजस्व कार्यालय क्षेत्र १, २ र ३ को कार्यक्षेत्र र कार्यवोझमा प्रस्तावित कटौतीलाई ध्यान दिंदा आन्तरिक राजस्व कार्यालय क्षेत्र १, २ र ३ को हालको संरचनामा राजपत्रांकित प्रथम श्रेणीको पदको औचित्य रहंदैन, यिनलाई पनि अन्य

आन्तरिक राजस्व कार्यालय सरह राजपत्रांकित द्वितीय श्रेणीको प्रमुख रहने गरी संरचनागत व्यवस्था गरिनु पर्दछ ।

- करदाताको करको औपचारिकता पुरा गर्ने सम्वन्धमा गरिने खर्च (Compliance Cost) लाई घटाउनु पर्ने र सरकारले कर संकलन गर्ने सम्वन्धमा गर्ने खर्चलाई न्यून गर्नुपर्ने अवस्थालाई ध्यानमा राखी हालको सेवा कार्यालय सम्वन्धी नीति (उपत्यका बाहिर) लाई समेत पुनरावलोकन गरिनुपर्दछ ।
- काठमाण्डौ उपत्यकाभन्दा बाहिर रहेका केही करदाता सेवा कार्यालयलाई स्तरवृद्धि गरी आन्तरिक राजस्व कार्यालयको रुपमा रुपान्तरण गर्नुपर्दछ । ती करदाता सेवा कार्यालयलाई आन्तरिक राजस्व कार्यालयमा परिवर्तन गरि छिमेकी जिल्लाको करदातालाई समेत प्रशासन गर्ने गरी तोकिनु पर्दछ ।
- आन्तरिक राजस्व कार्यालयको सहज पहूंच नभएको विकट क्षेत्रहरू तथा करदाताहरूको संकेन्द्रण (Concentration) भएको नगरको भित्रिभागहरूमा कियोस्क मार्फत कर सम्बन्धी सेवा उपलब्ध गराउनुपर्दछ ।

**भन्सार प्रशासन**

भन्सार विभागमा नीति तथा संचालन महाशाखा र व्यवस्थापन महाशाखा गरी दुई महाशाखा कायम गरिएका छन् । भन्सार विभागको कार्यप्रकृति तथा कार्यवोझलाई विचार गर्दा संचालन सम्वन्धी कार्यहरू संचालन महाशाखा अन्तर्गत र नीतिगत तथा अन्य व्यवस्थापन सम्वन्धी कार्यहरू नीति तथा व्यवस्थापन महाशाखा अन्तर्गत राखिनु उपयुक्त हुने देखिन्छ । आधुनिक राजस्व प्रशासनको महत्वपूर्ण कार्यको रुपमा रहेको आन्तरिक अनुगमन सम्वन्धी व्यवस्था भन्सार प्रशासनमा अझै भएको देखिदैन । भन्सार विभाग तथा भन्सार कार्यालयहरूको कार्यको अनुगमन गरेर त्यसको मूल्यांकन गरी महा-निर्देशक समक्ष पेश गर्न महानिर्देशक अन्तरगत आन्तरिक अनुगमन शाखाको व्यवस्था गरिनु पर्दछ । आधुनिक भन्सार प्रशासनमा भन्सार जाँचपास परीक्षण पछिको कार्यलाई महत्वपूर्ण अङ्गका रूपमा लिइन्छ । चयनात्मक विधि (Selectivity Model) को अवलम्बन एवं जोखिम व्यवस्थापनका निम्ति जाँचपास पछिको परीक्षण महत्वपूर्ण हुने भएकोले नेपालको भन्सार प्रशासनमा पनि यसको प्रयोग शुरु भएको छ । भन्सार जाँचपास परीक्षण कार्यालयको संरचना, कार्यक्षेत्र एवम् दरबन्दीमा पुनरावलोकन गरी थप सशक्त र प्रभावकारी बनाउन आवश्यक छ । यसैगरी भन्सार प्रशासनका कर्मचारीहरूको क्षमतावृद्धिको लागि संस्थागत व्यवस्था नभएकोले यसका लागि भन्सार विभागमा मानव

संसाधन विकास शाखा खोलिनु पर्दछ । भन्सार प्रशासनको बृहत्तर जिम्मेवारीलाई मनन गरी यसको संगठनलाई कार्यमूलक बनाउनाका अतिरिक्त अधिकृतमुखी बनाउनु पर्दछ ।

भन्सार प्रक्रिया सम्बन्धी विवाद समाधानमा महानिर्देशक समक्ष पुनरावलोकन गर्न सक्ने व्यवस्था पनि छैन । भन्सार पुनरावलोकन सम्बन्धी छुट्टै समितिको व्यवस्था भए तापनि त्यसमा महानिर्देशक र विभागको कुनै भूमिका रहेको छैन । यस व्यवस्थाको पनि पुनरावलोकन हुन पर्दछ ।

भारततर्फको खुल्ला सिमानाका कारण भन्सार प्रशासनलाई छलेर मालवस्तु ओसारपसार गर्ने कार्य भैरहको तथ्य कसैबाट लुकेको छैन । अहिलेको अवस्थामा भन्सार प्रशासन सम्पूर्ण चोरी निकासी पैठारी नियन्त्रणमा सुरक्षा निकायहरूको सक्रीयतामा भर परेको पाइन्छ । साथै, सीमामा खटिएका सुरक्षा निकायहरू उनीहरूको आफ्नो मूल उत्तरदायित्व अनुरुप समाजमा हानिकारक मालवस्तुको ओसार पसार नियन्त्रण र सीमा सुरक्षाभन्दा पनि विभिन्न कारणले चोरी निकासी पैठारीमा केन्द्रीत हुने गरेकाले पनि अपेक्षित सफलता हासिल हुनुका सट्टा सुरक्षा निकायहरूवीच पनि मालवस्तु ओसारपसार नियन्त्रणमा प्रतिस्पर्धात्मकता कृयाकलापले गर्दा वेलावखत विवाद हुदै आएको अवस्था पनि छ । तसर्थ, यस सम्बन्धमा जिल्ला स्थित भन्सार कार्यालयलाई सीमा चोरी पैठारी नियन्त्रण गर्ने निकायको रुपमा सबल बनाउनु पर्ने र यसमा विश्वमा अन्यत्र प्रचलित उत्तम पद्दतिहरूको जस्तै छुट्टै राजस्व प्रशासन मातहतकै राजस्व गस्ती बलको व्यवस्थालाई अवलम्बन गर्नु पर्ने आवश्यक भएको छ । यसका साथै, चोरी निकासी पैठारीलाई नियन्त्रण गर्ने आवश्यक कदमहरू चाल्न र यस कामको समन्वय गर्न भन्सार विभागमा छुट्टै शाखाको व्यवस्था भएको छैन । चोरी निकासी पैठारी नियन्त्रण गर्ने सन्दर्भमा प्रभावकारी ढंगबाट नागरिक शिक्षा अभियान, द्रूत गस्ती परिचालन, कार्यालयहरूबाट नियमित गस्ती परिचालन जस्ता कार्यहरू गर्न गराउन विभागमा एक छुट्टै संयन्त्र बनाउन आवश्यक छ ।

भन्सार प्रशासनको सम्बन्ध सीमाभित्र मात्र नभई सीमाबाहिर पनि हुने गर्दछ । नेपालको भन्सार प्रशासन पनि विश्व भन्सार संगठनको सदस्य रही आएको छ । विश्व भन्सार संगठनबाट निर्धारित हार्मोनाइज्ड सिस्टम लगायतका मापदण्डलाई अवलम्वन गरिएको छ । भन्सार विभागले UNCTAD बाट विकसित ASYCUDA Software को प्रयोग गरी भन्सार प्रशासनलाई आधुनिक बनाउने प्रयत्न गरेको छ । त्यसैगरी विश्व व्यापार संगठन, साफ्टा, बिमस्टेक जस्ता अन्तर्राष्ट्रिय संघसंस्था एवम् दातृ निकायहरूसँग समेत भन्सार प्रशासनले सम्बन्ध राख्नुपर्ने हुन्छ । हाल भन्सार विभागको संरचनामा यस

किसिमको कामको लागि छुट्टै शाखा वा एकाइको व्यवस्था नगरिए तापनि सो सम्बन्धी कार्य भन्सार सुधार तथा आधुनिकीकरण शाखाको कार्य विभाजनमा पारिएको छ। भन्सार प्रशासनलाई अन्तर्राष्ट्रिय मापदण्डको बनाउनका लागि सूचना प्रविधि र स्वचालित उपकरणहरूको अधिक अवलम्वन गर्न जरुरी छ । हाल भन्सार प्रशासनमा संलग्न जनशक्ति सूचना प्रविधिमैत्री हुन सकेको छैन। विविध सेवाका कम्प्युटर अपरेटरको भरमा आशिकुडा प्रणाली सञ्चालित छ। त्यसैगरी कन्टेनर स्क्यानर, एक्सरे मेशिन लगायतका स्वचालित उपकरणहरूको उपयोग गरी मानवीय जाँचपास प्रणालीलाई न्यूनीकरण गर्न समेत आवश्यक छ । यसको लागि पर्याप्त स्रोत साधन र मानव संसाधनको प्रबन्ध गरिनुपर्दछ ।

भन्सार कार्यालयहरूमा कार्यमूलक संरचनाको अभावका कारण कार्य परिभ्रमणको पनि समुचित व्यवस्था भएको पाइदैन । कार्यालय भित्र धेरैको चासो र आशक्ति जाँचपास कार्यमा मात्र रहने गरेको हुँदा अन्य कार्यहरू ओझेलमा परेका छन् । कार्यमूलक संगठनात्मक स्वरुपले गर्दा परम्परागत कर प्रशासनमा जस्तो कर निर्धारणमा मात्र कर प्रशासनको ध्यान केन्द्रित नभै कर दर्ता, विवरण संकलन, राजस्व असुली, कर फिर्ता, कर परीक्षण, करदाता सेवा जस्ता सबै कुरामा सन्तुलित किसिमले ध्यान केन्द्रीत भै करहरू प्रभावकारीरुपमा लागू हुने र करदाता तथा कर प्रशासक बीच मिलोमितो भै राजस्व चुहावट हुने सम्भावना कम हुने हुनाले यस व्यवस्थालाई भन्सार प्रशासनमा पनि पूर्ण रुपमा कार्यान्वयन गरिनु पर्दछ ।

भन्सार विन्दुमा भन्सार लगायतका विभिन्न करहरू लगाउने अभिभारा भन्सार प्रशासनको हो र त्यसलाई निगरानी गर्ने अन्य निकायको पनि व्यवस्था हुन सक्छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल भन्सार कार्यालय लगायत विभिन्न भन्सार नाकामा भन्सार प्रशासनको क्षेत्रमा भन्सारका कर्मचारीका अतिरिक्त अन्य निकायका कर्मचारीहरू रहनु हुदैन। त्यसबाट भन्सार व्यवस्था प्रभावकारी हुनुको सट्टा झन अव्यवस्थित भएको छ र यस्तो स्थितिमा भन्सार सहि किसिमले लागू गरियो गरिएन भनेर कुनै एक निकाय जिम्मेवार हुने भन्ने स्थिति रहेको छैन । यसैले भन्सार प्रशासनलाई भन्सार सम्बन्धी कुरामा बढी जिम्मेवार वनाउनका लागि भन्सार क्षेत्रमा भन्सारका कर्मचारी मात्र रहने व्यवस्था गरिनु पर्दछ र तिनीहरूले भन्सार महसुल सही किसिमले लगाएका छन् छैनन् भनेर पैठारी भै आएको सामान भन्सार क्षेत्र वाहिर अन्य निकायले छड्के जांच गर्ने व्यवस्था लागू गर्नु पर्दछ । यसो भएमा भन्सार कर्मचारी बढी सतर्क हुने र राजस्व चुहावट कम हुने सम्भावना बढ्न सक्छ ।

**सुझाव**

- भन्सार प्रशासनको संगठनात्मक स्वरुप कार्यमूलक र अधिकृतमुखी बनाइनु पर्दछ ।
- आन्तरिक अनुगमन र मानव शंसाधन विकासका लागि भन्सार विभागमा छुट्टै शाखाको व्यवस्था गरिनु पर्दछ ।
- भन्सार जाँचपास परीक्षण कार्यालयको संरचना, कार्यक्षेत्र एवं दरबन्दीमा पुनरावलोकन गरी थप सशक्त र प्रभावकारी बनाउनु पर्दछ ।
- सूचना प्रविधि र स्वचालित उपकरणहरूको अधिक अवलम्वन गरी कन्टेनर स्क्यानर, एक्सरे मेशिन लगायतका स्वचालित उपकरणहरूको उपयोगद्वारा मानवीय जाँचपास प्रणालीलाई न्यूनीकरण गर्नुपर्दछ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल भन्सार कार्यालय लगायत विभिन्न भन्सार नाकामा भन्सार प्रशासनको क्षेत्रमा भन्सारका कर्मचारीका बाहेक अन्य निकायका कर्मचारीहरूको उपस्थितिलाई रोकिनु पर्दछ ।
- भन्सार अधिकृतले गरेको वर्गीकरणको निर्णय उपर चित्त नबुझ्ने आयातकर्ताहरूले भन्सार विभागको महानिर्देशक समक्ष पुनरावलोकनका लागि निवेदन गर्न सक्ने र महानिर्देशकबाट निर्णय भएपछि मात्र महानिर्देशकको निर्णयलाई अन्तिमा मान्ने वा राजस्व न्यायाधिकरणमा पुनरावेदनमा जान सक्ने व्यवस्था गर्ने ।
- चोरी निकासी पैठारी नियन्त्रण गर्नका लागि प्रभावकारी ढंगबाट नागरिक शिक्षा अभियान संचालन गर्न, द्रूत भन्सार गस्ती परिचालन गर्न तथा कार्यालयहरूबाट पनि नियमित गस्ती परिचालन जस्ता कार्यहरू गर्न गराउन भन्सार विभागमा छुट्टै संयन्त्र बनाउनु पर्दछ ।

**राजस्व अनुसन्धान प्रशासन**

राजस्व अनुसन्धान विभाग मूलतः राजस्व छली र आर्थिक अपराधको अनुसन्धानमा बढी केन्द्रित हुनु पर्नेमा भन्सार कम मूल्यांकन भएका, अदतमा कम भएका आदि जस्ता मसिना कुराहरूमा अन्य विभागले कार्यान्वयन गर्ने ऐनहरूका प्रत्यायोजित अधिकार हरूको अत्यधिक प्रयोगमा नै अल्झिएको पाइन्छ । यस विभागको आफ्नो विशेष ऐन अनुसार ज्यादै न्यून संख्यामा काम कारवाही भएको देखिन्छ । उदाहरणका लागि, भन्सार महसुल छलेको पाइएमा भन्सार ऐन/नियम, मूल्य अभिवृद्धि कर छलेकोमा मूल्य अभिवृद्धि कर ऐन/नियम र अन्तःशुल्क छलेको पाइएमा अन्तःशुल्क ऐन/नियम अनुसारको भन्सार अधिकृत, कर अधिकृत र अन्तःशुल्क अधिकृतको अधिकार प्रयोग गरी महसुल तथा कर निर्धारण गर्ने गरिन्छ । आय करको हकमा भने सोको कार्यक्षेत्र रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाउने गरिन्छ ।

विभागमा रहेको DRI-CIS (Department of Revenue Investigation Central Information System) अनुसारको कम्प्युटर प्रणालीबाट प्राप्त सूचनाको प्रयोग आर्थिक अपराधको अनुसन्धानमा लगाएमा कर परिपालन नगर्ने अटेरी र कर छली गर्नेहरूलाई कारवाहीको दायरामा ल्याउन सकिने हुन्छ ।

यस विभागको हालको कार्य संचालन स्थिति र कर्मचारीको व्यवस्थापन पक्षलाई हेर्दा ठूलो उत्तरदायित्व बोकेको यो विभाग लगभग आफ्नो मूल काम प्रति कुशलताका साथ लाग्न सक्ने अवस्थामा छैन । त्यसैले यसलाई अरु विभागहरूले गर्नुपर्ने नियमित प्रकृतिको कामको जिम्मेवारीबाट मुक्त गरी अनुसन्धान एवं सूचना संकलन जस्ता आफ्नो नाम अनुसारको काम गर्न सक्ने गरी आमूलरुपमा पुनर्संरचना गर्न जरुरी छ ।

### सुझाव

- राजस्व अनुसन्धान विभागलाई राजस्व छली र आर्थिक अपराधको अनुसन्धानमा बढी केन्द्रित गराइनु पर्दछ ।
- राजस्व अनुसन्धान विभागमा रहेको DRI-CIS (Department of Revenue Investigation Central Information System) कम्प्युटर प्रणालीबाट प्राप्त सूचनाको प्रयोग मुख्यतः आर्थिक अपराधको अनुसन्धानमा लगाइनुपर्दछ ।
- राजस्व अनुसन्धान विभागलाई अरु राजस्वका विभागहरूले गर्नुपर्ने नियमित प्रकृतिको कामको जिम्मेवारीबाट मुक्त गरी राजस्व अनुसन्धान एवं तत्सम्बन्धी सूचना संकलन जस्ता काम गर्न सक्षम बनाउन संगठन, कर्मचारी व्यवस्था, स्रोतसाधनको पर्याप्तता समेतलाई विचार गरी आमूलरुपमा पुनर्संरचना गरिनुपर्दछ ।

### राजस्व प्रशासन तालीम केन्द्र

मुलुकको बढ्दो आर्थिक गतिविधि अनुरुप राजस्वका विभिन्न आयामहरूमा अन्तर्राष्ट्रिय स्तरको तालिमको आवश्यकता टड्कारो रहेको छ । यस परिप्रेक्षमा राजस्व तालिम केन्द्रका विद्यमान अभाव, कमीकमजोरी र अन्य दुर्वल पक्षहरूलाई हटाएर यसलाई जनशक्ति विकास गर्ने कर सम्बन्धी एक स्तरीय शैक्षिक निकायको (Tax Academy) रुपमा विकास गर्ने प्रशस्त संभावनाहरू छन् । हाम्रो लक्ष्य पनि त्यतैतिर रहनु पर्दछ । यसलाई छुट्टै शैक्षिक निकायको रुपमा विकास गरी स्थापना नभएसम्मका लागि तत्काल संक्रमणकालीन रुपमा केही सुधारहरू गरेर अघि बढ्नु पर्ने हुन्छ ।

**सुझाव**

- राजस्व प्रशासन तालिम केन्द्रको मूलरुपमै परिवर्तन गरि यसलाई राजस्व प्रशासनका लागि आवश्यक पर्ने जनशक्ति विकास गर्ने कर सम्बन्धी एक स्तरीय शैक्षिक निकाय (Tax Academy) को रुपमा विकास गरिनुपर्दछ ।

## १२.२.२ कर्मचारी व्यवस्था

राजस्व प्रशासनलाई सक्षम, सबल, स्वस्थ तथा स्वच्छ बनाउनका लागि कर्मचारीको महत्वपूर्ण भूमिका रहन्छ । जतिसुकै राम्रो करको छनौट गरेता पनि, छानिएका करको जतिसुकै राम्रो संरचना तर्जुमा गरे पनि, जतिसुकै राम्रो कार्यप्रकृयाहरू विकसित गरेता पनि वा राजस्व प्रशासनको जतिसुकै राम्रो संगठनात्मक स्वरुप तयार गरेता पनि यदि कर्मचारी व्यवस्था ठीक भएन भने कर प्रणालीलाई सही रुपमा कार्यान्वयन गर्न सकिदैन । यसैले राजस्व प्रशासन सक्षम, सबल, स्वस्थ तथा स्वच्छ बनाएर कर प्रणालीलाई सही किसिमले लागू गर्नका लागि कर्मचारी व्यवस्थालाई सुधार्न जरुरी छ ।

राजस्व प्रशासनमा कर्मचारी व्यवस्था सुधार गर्ने सन्दर्भमा कर्मचारीहरूको दरवन्दी सृजना, छनौट, नियुक्ति, पदस्थापन, सरूवा, बढुवा, प्रशिक्षण तथा कार्य सम्पादन मूल्याङ्कन जस्ता सबै पक्षहरूको सुधार हुनु पर्दछ ।

सर्वप्रथम त राजस्व प्रशासनमा गरिने पदपूर्तिको लागि संभाव्य उम्मेदबार हुनका लागि वाणिज्य शास्त्र, अर्थशास्त्र तथा कानून जस्ता विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्दछ । आधुनिक राजस्व प्रशासनको काम जटिल भएकोले यो अधिकृतमुलक हुनु पर्दछ । यही मर्म अनुरुप मूल्य अभिवृद्धिकरको शुरुआत नै अधिकृतमुलक कर्मचारी व्यवस्थाबाट शुरु भएको थियो । आन्तरिक राजस्व विभागमा पनि कुल दरवन्दी मध्ये अधिकृत तहमा ५६.९२ प्रतिशत कर्मचारी रहेका छन् । तर भन्सार विभागको कूल दरबन्दीमध्ये करिब ११ प्रतिशत मात्र अधिकृतस्तरको दरबन्दी रहेको छ । त्यसमा पनि झण्डै एक तिहाइ दरबन्दी श्रेणीविहिन कर्मचारीहरूको रहेको छ । यस तथ्यबाट भन्सार प्रशासनको महत्वपूर्ण भूमिका सहायक कर्मचारीहरूबाट निर्वाह हुँदै आएको पुष्टि हुन्छ । एक जना अधिकृतले करिब ११ जना सहायक कर्मचारीको सुपरीवेक्षण गर्नुपर्ने अवस्था भएकोले पनि नियन्त्रणको दायरा फराकिलो र गतिहीन भएको छ । तसर्थ यसमा सुधार हुन आवश्यक छ ।

राजस्व प्रशासनको आवश्यकता अनुसारको कर्मचारीलाई छनौट गर्नका लागि त्यस्तो परीक्षा सम्बन्धी पाठ्यक्रम तर्जुमा गर्नु पर्दछ । यसरी पाठ्यक्रम तर्जुमा गर्दा राजस्व

प्रशासनको लागि आवश्यक विभिन्न विषयहरूलाई समेटिनु पर्दछ र जसले गर्दा यस समूहमा छनौट हुनु भन्दा अगाडी कर्मचारीहरूले कर सम्बन्धी सामान्य ज्ञान हासिल गर्न सकुन् ।

कर्मचारीको छनौट भैसके पछि तिनीहरूलाई सर्वप्रथम कर सम्बन्धी विभिन्न विषयमा विस्तृत रुपमा प्रशिक्षण दिइनु पर्दछ । यस समूहमा नयां नियुक्ति हुने कर्मचारीलाई दीर्घकालिन (Intensive) तालिम दिएर मात्र कार्यक्षेत्रमा खटाउने व्यवस्था गरिनु पर्दछ। नेपालमा विश्वविद्यालय स्तरमा बाणिज्यशास्त्रको अध्ययन संस्था अन्तर्गत लेखाको अध्ययन हुने, कानून संकाय अन्तरर्गत कानूनको अध्ययन हुने र त्यस्तै मानविकी शास्त्र अध्ययन संस्थान अन्तरर्गत अर्थशास्त्रको अध्ययन हुने गरेको छ। लेखाको अध्ययन गर्ने विद्यार्थीहरूले समेत लेखाको अतिरिक्त अन्य विषयहरू अध्ययन गर्नु पर्ने र त्यसैगरी कानून अध्ययन गर्ने विद्यार्थीहरूले समेत कर कानूनका केही अंश मात्र अध्ययन गर्ने हुंदा त्यसबाट उत्तीर्ण भएका व्यक्तिले समेत कर सम्वन्धी सबै ऐनहरूको विषेशज्ञता हासिल गर्ने अवस्था छैन । यसर्थ कुनै पनि नयां अधिकृत राजस्व समूहमा प्रवेश गरेपछि त्यस्ता व्यक्तिहरूलाई कर सम्वन्धी सैद्धान्तिक अवधारणा, अन्तर्राष्ट्रिय प्रचलन, लेखाका सिद्धान्त, करदाता संग गरिनु पर्ने व्यवहार, कर परीक्षण तथा कर अनुसन्धानका तरिकाका सम्वन्धमा विस्तृत रुपमा सैद्धान्तिक एवं व्यावहारिक ज्ञान दिनु जरुरी छ ।

राजस्व सेवामा प्रवेश गर्ने नवप्रवेशी सदस्यहरूलाई संगठनले कार्यान्वयन गर्ने ऐनहरू, नियमहरू तथा त्यसका विविध पक्षहरूमा जानकारी दिन भारत तथा पाकिस्तान लगायत प्रायः सबै देशहरूले छुट्टा छुट्टै तालिम दिने निकाय सञ्चालन गरेका छन् । यस्तो प्रतिष्ठानमा सेवा प्रवेश गर्दाकै समयमा लामो अवधिको लागि विस्तृत रुपमा (Intensive) तालिम दिए पश्चात मात्र पदस्थापन गर्ने र सेवामा कार्यरत अधिकृतहरूलाई निश्चित क्षेत्र (Specific Sector/Area) मा निरन्तर रुपमा तालिम दिने व्यवस्था गरी रहेका छन् । यसबाट नवप्रवेशी अधिकृतहरू कार्य सम्पादन गर्दाको प्रारम्भिक अवस्थादेखि नै आफूले सम्पादन गर्नुपर्ने कार्यहरूको सम्बन्धमा विस्तृत रुपमा जानकारी हुने हुंदा करदातालाई प्रदान गर्ने सेवाप्रवाह गुणस्तरीय बनाउन सहयोग पुग्दछ। त्यस्तै संगठनले गरेको नयां व्यवस्था एवं अन्तर्राष्ट्रिय प्रचलनमा रहेको व्यवस्थालाई कार्यान्वयन गर्न सेवामा रहेको व्यक्तिलाई तालिम दिंदा संगठनको अपेक्षित उद्देश्य प्राप्त हुन जान्छ ।

आन्तरिक राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरूका लागि विगतमा निरन्तर रुपमा प्रशिक्षण कार्यहरू संचालन हुने गरेकोमा हालैका वर्षहरूपमा यसमा ठूलो कटौति भएको

छ । यसैगरी भन्सार कर्मचारीहरूलाई पेशागत क्षमता अभिवृद्धि सम्बन्धी तालिम एवं प्रशिक्षणको अभाव रहेको छ । राजस्व प्रशासन तालिमा केन्द्रबाट हाल प्रदान गर्ने तालिमबाट मात्र विभागको आवश्यकता परिपूर्ति हुन सकेको छैन । भन्सार मूल्यांकन, वर्गीकरण, जोखिम व्यवस्थापन, भन्सार जाँचपास परीक्षण, आशिकुडा, जस्ता प्राविधिक विषयहरूमा पर्याप्त तालिम प्रदान गर्न जरुरी छ। साथै कम्प्युटर, भाषा, सदाचार पद्धति लगायतका विषयमा समेत प्रशिक्षित गराउन आवश्यक छ । यसका साथै सामाजिक सुरक्षाको दृष्टिकोणले सम्बोधन गर्नुपर्ने विषयमा पर्याप्त जनशक्ति परिचालन हुन सकेको छैन । उपकरण तथा भौतिक पूर्वाधारलाई योजनाबद्ध तरिकाले निर्माण तथा विकास गर्न कठिनाई भएको छ । विश्व भन्सार संगठन, विश्व व्यापार संगठन र अन्य अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा मापदण्ड बमोजिम नेपालको भन्सार प्रशासनलाई समसामयिक पार्ने जनशक्ति तथा क्षमता सर्वथा अभाव रहेको छ । यसका लागि विभागमा मानव संसाधन विकास शाखा हुन जरुरी छ ।

राजस्व प्रशासनका कर्मचारीलाई बीचबीचमा पुनर्ताजगि तालिम प्रदान गरिनु पर्ने हुन्छ। कर प्रणालीलाई सहीरुपमा कार्यान्वयन गर्नको लागि राजस्व प्रशासनमा करको बारेमा राम्रो ज्ञान भएका कर्मचारीको आवश्यकता वढ्दो छ। त्यसको लागि कर प्रशासकहरूमा कर प्रणालीका साथै लेखाप्रणाली तथा कर परीक्षणका बारेमा राम्रो ज्ञान तथा अनुभव हुन आवश्यक हुन्छ। नेपालको आर्थिक विकासमा टेवा पुऱ्याउनका लागि विदेशी लगानी आकर्षित गर्नु आवश्यक हुन्छ । त्यस्को लागि अन्तर्राष्ट्रिय स्तरको कर कानून तथा त्यसको सही कार्यान्वयन आवश्यक पर्ने हुंदा पनि कर प्रशासनलाई बढी व्यावसायिक बनाउदै जानु पर्दछ ।

शैक्षिक योग्यता, सेवाकालीन तालिमको उपलब्धी आदिका आधारमा पदस्थापन हुनु पर्दछ । यसैगरी सरुवा नीति पारदर्शी हुनु पर्दछ । यस प्रशासनलाई सुधार्नका लागि भनसुन, नातागोता, राजनैतिक सामिप्यता वा अन्य दवाव भन्दा कार्य विशिष्टताको आधारमा कर्मचारीको चयन गर्नु पर्दछ । समूहभित्र कर्मचारीको योग्यता, अनुभव तथा कार्यदक्षता र संस्थाको आवश्यकताका आधारमा कर्मचारीको सरुवा गर्ने पारदर्शी व्यवस्था अपनाउनु पर्दछ। जस्तै आन्तरिक राजस्व प्रशासनमा विभागको संरचनामा विभाग, ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र सेवा कार्यालय पर्दछन् । नयां छनौट भई सेवा प्रवेश गरेका कर अधिकृतहरूलाई प्रथमतः केही समय (करीव ६ महिना) आन्तरिक राजस्व कार्यालयमा सेवाकालीन तालिम उपलव्ध गराई क्रमश करदाता सेवा कार्यालय, आन्तरिक राजस्व कार्यालय र ठूला करदाता कार्यालय हुंदै आन्तरिक

राजस्व विभागमा पदस्थापना गर्ने गरी पदस्थापना एवं सरुवा नीति लागू गर्न उपयुक्त हुन्छ । एउटै तहमा भएपनि बढी भूमिका भएका (Higher Status) कार्यालयमा सरुवा हुंदा पनि सकारात्मक सोचाइको विकास हुन जान्छ । यसर्थ आन्तरिक राजस्व विभाग वा अन्तर्गतको व्यवस्थापन गर्न यसको प्रकृति अनुसारकै सरुवा नीति अवलम्वन गर्न उपयुक्त हुन्छ । यो कुरा भन्सार तथा राजस्व अनुसन्धान प्रशासनका लागि पनि त्यतिकै सान्दर्भिक छ ।

कर प्रशासनमा काम गर्ने उपयुक्त वातावरण सृजना गर्न कार्यदक्षतालाई प्रोत्साहन गर्ने गरी दण्ड र पुस्कार व्यवस्था अवलम्बन गर्नु पर्दछ । कर्मचारीको कार्य सम्पादन गर्दा राम्रो काम गर्ने र नगर्ने कर्मचारीलाई करिव उस्तै अंक दिने प्रथाले राम्रो काम गर्नेलाई काम गर्न आकर्षित नगर्ने र राम्रो काम नगर्नेलाई वढावा दिने हुदां यसले राम्रो काम गर्ने वातावरण कायम गर्दैन र त्यसबाट न त संस्थालाई फाइदा हुन्छ न त व्यक्तिलाई नै । यसैले यस किसिमको मूल्यांकन व्यवस्थाको अन्त्य गरी कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकन राजस्व संकलन, कर परीक्षण, कर फिर्ता, दर्ता, करदाता सेवा, तथ्यांक व्यवस्थापन जस्ता करका प्रमुख क्षेत्रमा गरेको प्रगतिका आधारमा गर्ने व्यवस्था लागू गर्नु पर्दछ ।

आन्तरिक राजस्व विभागको कार्य सम्पादन गर्ने प्रशासनिक संगठन तर्फ महानिर्देशक १ जना, प्रशासन सेवाका उपमहानिर्देशक ३ जना तथा सूचना प्रविधि विशेषज्ञ १ जना गरी जम्मा ५ जना रा.प. प्रथम श्रेणीका कर्मचारी विभागमा तथा काठमाण्डौ स्थित ३ वटा आन्तरिक राजस्व कार्यालय तथा ठूला करदाता कार्यालयमा प्रशासन सेवाका एक एक जना गरी जम्मा ४ राजपत्रांकित प्रथम श्रेणीका कर्मचारी कार्यरत रहेका छन् । विभागमा महानिर्देशक तथा उपमहानिर्देशक एवं प्रमुख कर प्रशासक निजामति सेवाको संरचना अन्तर्गत एउटै श्रेणीमा रहेको छ । महानिर्देशकले काम लगाउनुपर्ने निर्देशन दिनुपर्ने कर्मचारी पनि राजपत्रांकित प्रथम श्रेणीको भएकाले निजामति सेवा ऐनको व्यवस्था अनुसार निजको कार्य सम्पादन, सरुवा, पदस्थापन आदिमा महानिर्देशकको कुनै भूमिका हुदैन । यसले गर्दा नियन्त्रण र अनुगमको व्यवस्थालाई कमजोर पार्दछ । फलस्वरुप काममा नै असर पर्न जान्छ । त्यसैगरी, प्रमुख भन्सार अधिकृतको पदस्थापना तथा सरुवामा भन्सार विभागको व्यवस्थापनको अधिकार नहुँदा नियन्त्रण र निर्देशनको अवस्था समेत फितलो रहेको छ ।

नेपाल सरकारले भन्सार कार्यालयमा कार्यरत कर्मचारीहरूलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीका आधारमा एकसय प्रतिशतसम्म प्रोत्साहन प्रणाली उपलब्ध गराउदै

आएको छ। यस प्रणालीको मुख्य उद्देश्य भन्सार प्रशासनमा सदाचार पद्धतिको अवलम्वन एवं परिपालना गराउनु रहेको थियो । निर्दिष्ट उद्देश्य प्राप्तिका लागि सम्वद्ध सबैले कार्यशैली थप सुधार गरी छवि उच्च राख्न जरुरी छ। यस किसिमको व्यवस्था आन्तरिक राजस्व प्रशासनमा पनि लागू गरिएको छ । हाल लागू रहेको व्यवस्थाले कार्य क्षमता अभिवृद्धि गर्ने र काम कारवाहीमा गुणस्तर वृद्धि गर्ने भन्दा पनि प्रोत्साहन भत्ताको लागि कोटा पुऱ्याउने भएकोले यसबाट राजस्व प्रशासनको कार्यदक्षतामा सकारात्मक प्रभाव परेको देखिदैन । यसैले यस व्यवस्थालाई परिमार्जन गर्नु आबश्यक देखिन्छ ।

**सुझाव**

- राजस्व प्रशासनमा कर्मचारी व्यवस्था सुधार गर्ने सन्दर्भमा कर्मचारीहरूको दरवन्दी सृजना, छनौट, नियुक्ति, पदस्थापन, सरूवा, बढुवा, प्रशिक्षण तथा कार्य सम्पादन मूल्याङ्कन जस्ता सबै पक्षहरूको सुधार गरिनु पर्दछ ।

**उत्तराधिकारी योजना (Succession Planning)**

उत्तराधिकारी योजनाले सामन्यतः भविष्यमा उच्चस्तरीय व्यवस्थापकीय पद एवं जिम्मेवारीको लागि उच्च शिक्षित, सक्षम, सुल्झिएको र तत्कालै प्राप्य हुने उम्मेदवारको समूह वा व्यक्ति तयार गर्ने काम गर्दछ । यसले संगठनमा महत्वपूर्ण पदहरू पहिचान गर्ने, सो पद रिक्त हुने सम्भावित समय वा अवस्थाको अनुमान वा एकीन गर्ने, सो पदपूर्ति गर्न पद्धति र प्रक्रिया निश्चित गर्ने, सो पदमा योग्य व्यक्ति नियुक्ति हुनसक्ने अवस्था सिर्जना गर्ने गर्छ। उत्तराधिकारी योजनाको सबभन्दा महत्वपूर्ण पक्ष नै महत्वपूर्ण पदहरूका लागि योग्य उम्मेदवारहरू संगठन भित्र नै तयार गर्नु हो । नेपालमा वि.स. २०६३ सालमा उत्तराधिकारी योजना लागू गर्न सम्भाव्यता अध्ययन भएको थियो र वि.स. २०६४ सालमा निजामती सेवा ऐनमा यस सम्वन्धी प्रावधान समावेश गरियो । तर हालसम्म नेपालको निजामती सेवामा यस्तो प्रकारको उत्तराधिकारी योजना लागू भएको छैन । नेपालको निजामती सेवामा व्यावसायिकता प्रवर्द्धन गर्ने हो भने उत्तराधिकारी योजनालाई उच्च प्राथमिकता प्रदान गरी लागू गर्नु पर्ने देखिन्छ । अझ खास गरी सरकारका लागि स्रोत जुटाउने कार्यमा स्थापित राजस्व समूहभित्रका पदहरूका हकमा यो अपरिहार्य हुन्छ । हालसम्म सम्भावित सरुवा, सेवा निवृत्त, बढुवा वा मृत्युबाट हुनसक्ने पदको रिक्तता तथा समूहभित्र रहेकाहरूको प्रतिधारण (Retention) सम्बन्धमा कुनै पनि योजना वा कार्यहरू भएको पाइदैन । यसले राजस्व प्रशासनमा विभिन्न महत्वपूर्ण पदहरूमा सक्षम तथा उपयुक्त व्यक्ति चयन गर्ने स्थिति नभएको जोखिमपूर्ण

स्थिति सृजना भएको छ। त्यसलाई हटाउन उत्तराधिकारी योजना अनिवार्य रुपमा लागू गर्नु पर्दछ भन्ने आयोगको सुझाव छ।

**सुझाव**

- उत्तराधिकारी योजना अनिवार्य रुपमा लागू गर्नु पर्दछ

## १२.२.३ राजस्व प्रशासनका कर्मचारीको क्षमता अभिवृद्धि

आयोगको विचारमा यतिखेर राजस्व प्रशासनमा गर्नुपर्ने सवभन्दा महत्वपूर्ण कार्य नै कर्मचारीको क्षमतावृद्धि हो । राजस्व प्रशासनलाई गतिशील तुल्याउन कर्मचारीहरूको सोचाइ तथा व्यवहारमा सुधारोन्मुख परिवर्तनको आवश्यकता देखिन्छ। मुलुकको बढ्दो आर्थिक गतिविधि, विश्वव्यापीकरण, आर्थिक उदारीकरण, प्रतिस्पर्धात्मकता र क्षेत्रीय विकास (SAFTA, BIMSTEC) जस्ता कारणहरूले गर्दा राजस्वका कर्मचारी योग्य, सक्षम, सक्रिय र सकारात्मक भावनायुक्त हुनु जरुरी छ । यसैगरी नेपालमा बढ्दो वैदेशिक लगानी र तथा बहुराष्ट्रिय कम्पनीको बढ्दो कारोवार, इ–कमर्सको बढ्दो प्रयोगले कर्मचारीमा विशषज्ञता तथा दक्षताको झनै माग गर्दछ । अर्कोतर्फ मुलुक एकीकृत शासन प्रणालीबाट संघीय शासन प्रणालीमा प्रवेश गर्न लागेको अवस्थामा केन्द्रीय राजस्व प्रशासनले प्रादेशिक तहको राजस्व प्रशासनको स्थापना तथा विकास गर्न नेतृत्वदायी भूमिका निभाउनु पर्ने हुन्छ। तर व्यवहारमा नेपालको राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरूमा विशेषज्ञताको अभावले कर प्रणाली सहि किसिमले कार्यान्वयन हुन नसकेको जनगुनासो छ। यसैले राजस्व प्रशासनका कर्मचारीको क्षमतावृद्धि कार्यलाई अभियानकै रुपमा संचालन गर्न जरुरी छ। यस सन्दर्भमा करको सामान्य जानकारीदेखि कर नीति, कर कानून, करको संरचना, कर सम्वन्धी कार्यगत पक्षहरू र प्रक्रियाका बारेमा विस्तृत किसिमका प्रशिक्षण कार्यक्रमहरू संचालन गर्न जरुरी छ। यसका लागि आगामी दुई वर्षलाई राजस्व प्रशासनका कर्मचारीको “क्षमता वृद्धि” वर्षको रुपमा लिइनु पर्दछ।

हाल अर्थ मन्त्रालय अन्तरर्गतका कर्मचारीहरूलाई लेखा तथा कर (राजस्व) सम्वन्धी तालिम प्रदान गर्नको लागी छुट्टै निकायको रुपमा राजस्व प्रशासन तालिम केन्द्र रहेको छ । राजस्व प्रशासन अन्तर्गतको आय कर, मूल्य अभिवृद्धिकर तथा अन्तःशुल्क ऐन तथा तिनका नियमावलीको कार्यान्वयन आन्तरिक राजस्व विभागले गर्ने गरेको छ। कर सम्बन्धी ऐन मध्ये आय कर ऐनका व्यवस्था अन्य कर ऐनहरूका भन्दा जटिल हुने गर्दछ।

यसको कार्यान्वयनमा विभिन्न पक्षहरूको सूक्ष्म अध्ययन आवश्यक पर्दछ । बासिन्दा व्यक्ति तथा गैर बासिन्दा व्यक्तिको नेपालमा स्रोत रहेको सबै आयमा कर प्रयोजनको लागि आय कर ऐन आकर्षित हुने हुंदा आय कर ऐन अनुसारका औपचारिकता पूरा गर्न करदाता आफै समर्थ नहुने कारणले नेपाल चार्टर्ड एकाउण्टेन्ट संस्थाबाट पेशागत प्रमाणपत्र लिएको व्यक्तिले प्रमाणित गर्नुपर्ने व्यवस्था ऐनले नै गरेको छ ।

यस सन्दर्भमा राजस्व प्रशासन तालीम केन्द्रको क्षमता उल्लेखनीय रुपमा वृद्धि गरिनु जरुरी छ । यस केन्द्रले हाल राजस्व समूहमा प्रवेश गरेका अधिकृतहरूलाई सेवा प्रवेश तालिम दिने र केही खास विषयमा (Specific Sector) छुट्टै तालिम दिने गर्दै आएको छ । यस केन्द्रको हालको पूर्वाधार एवं जनशक्तिबाट कर प्रशासनमा कार्यरत रहने अधिकृतलाई पूर्ण सक्षम पार्ने तालिम प्रदान गर्न सक्ने अवस्था छैन ।

राजस्व प्रशासन तालिम केन्द्रले राजस्व तथा लेखा समूहलाई दिई आएको तालिम कार्यक्रमहरूको प्रभावकारिता बढाउनेतर्फ यस केन्द्रको विद्यमान संरचनामा पुनरावलोकन गरिनुपर्ने आवश्यकता छ । पूर्णतया सरकारी निकायको रूपमा रहेको यस तालिम केन्द्रमा पेसागत प्रशिक्षकहरूको कमीलाई हटाउन यसको संरचनालाई स्वायत्तता प्रदान गर्नु उपयुक्त हुनेछ । अर्थ मन्त्रालय अन्तर्गतका विभिन्न विभागहरूबाट विविध कारणवश तालिम केन्द्रमा सरुवा गर्ने परिपाटीले यस केन्द्रको संस्थागत विकास हुन नसक्ने हुँदा तालिम केन्द्रलाई नै स्वायत्तता प्रदान गरिनु उपलब्धिमूलक हुनेछ । तालिम कार्यक्रमहरू केन्द्रीयस्तरमा नै सञ्चालन गरी केही सीमित संख्यामा मात्र घुम्ती तालिम कार्यक्रमहरू सञ्चालन गर्ने परिपाटीमा सुधार गरी बढीभन्दा बढी तालिम कार्यक्रमहरू जिल्लास्तरमा सञ्चालन गरिनु पर्दछ । यसका साथै यो तालिम केन्द्रबाट तालिम दिइने कुल प्रशिक्षार्थीमध्ये राजस्व समूहतर्फ भन्दा लेखा समूहतर्फको संख्या बढी हुने गरेको छ । यसर्थ, अर्थ मन्त्रालय अन्तर्गत कार्यरत रहने अधिकृतहरूलाई यस निकाय अन्तर्गत कर प्रशिक्षण प्रतिष्ठान Tax Academy स्थापना गरी त्यसै मार्फत विस्तृत रुपमा तालिम दिने व्यवस्था गर्न उपयुक्त हुनेछ । यस्तो तालिम दिने संस्थालाई केही देशहरूमा National Tax Institute को रुपमा राखी कर प्रशासन भन्दा बाहिरका व्यक्तिलाई पनि तालिम दिने र त्यसबाट तालिम नलिएका व्यक्तिले कर सम्वन्धी परामर्शदाता समेत हुन नपाउने व्यवस्था गरेको पाइन्छ । यसर्थ राजस्व प्रशासन अन्तर्गतको कर प्रशासनमा रहेको व्यक्तिहरूलाई प्रवेश गर्दाकै समयदेखि विस्तृत रुपमा तालिम दिई तिनीहरूको कार्यदक्षता अभिवृद्धि गर्नको लागि कर प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने उद्देश्यलाई नीतिगत रुपमा ग्रहण गरी सोको लागि प्रारम्भिक कार्य यथाशक्य छिटो गर्न आवश्यक छ ।

**सुझाव**

राजस्व प्रशासन अन्तर्गतको कर प्रशासनमा रहेका व्यक्तिहरूलाई प्रवेश गर्दाकै समयदेखि विस्तृत रुपमा तालिम दिई तिनीहरूको कार्यदक्षता अभिवृद्धि गर्नको लागि कर प्रशिक्षण प्रतिष्ठान स्थापना गरिनुपर्दछ ।

## १२.२.४ राजस्व प्रशासकको आचारसंहिता

कुनै पनि सरकारको बल नागरिकको सरकार प्रतिको अवधारणमा निर्भर रहन्छ। सरकार प्रतिको जनधारणा खासगरी सरकारी निकायको सत्यनिष्ठा (Integrity) मा भर पर्दछ । सार्वजनिक प्रशासनको स्वच्छता यस प्रशासनले गरेको कानूनको पालना, निश्पक्षता, समानता, व्यावसायिकता जस्ता कुरामा निर्भर रहन्छ ।

सार्वजनिक प्रशासनमा आचारसंहिताको व्यवस्था गरिएको हुन्छ । आचारसंहितामा सरकारी निकायको स्तर तथा सिद्धान्तको व्यवस्था गरिएको हुन्छ । आचारसंहितामा खासगरी सार्वजनिक प्रशासनमा कार्यरत कर्मचारीहरूले कायम गर्नुपर्ने मूल्य मान्यता र आचरणको स्तरको बारेमा निर्देशन दिइएको हुन्छ । यसमा कर्मचारीले पालना गर्नुपर्ने नैतिक नियमहरूको व्यवस्था गरिएको हुन्छ। कर्मचारीहरूले कानून अनुसारको दायित्वलाई व्यावसायिक तथा स्वच्छ किसिमले सम्पन्न गरी सरकार प्रतिको आफ्नो दायित्व निर्वाह गर्नु पर्दछ । यसैगरी तिनीहरूले नागरिक तथा आफ्ना सहकर्मीको अधिकारलाई सम्मान गरेर आफ्नो कार्यालयको काम कारवाही इमान्दारीता, विश्वसनीयता तथा सक्षमतासाथ परिपालन गर्नु पर्दछ । कर्मचारीले आफ्नो व्यक्तिगत कारणले सार्वजनिक प्रशासनलाई बदनाम गराउनु हुदैन ।

कर प्रशासन जस्तो आर्थिक कारोवार गर्ने सम्वेदनशील प्रशासनमा आचार संहिताको झनै महत्व रहन्छ । आचार संहिता अन्तर्गत साधारणतया करदाताले कर प्रशासनबाट के के अपेक्षा गर्न सक्छ भन्ने कुरा उल्लेख गरिएको पाईन्छ । उदाहरणका लागि कर प्रशासनमा लागू गरिने आचार संहिता निम्न अनुसार हुन सक्छन् :

- कर्मचारीले करदातासंग फोनमा सम्पर्क राख्दा आफ्नो नाम भन्ने र व्यक्तिगत रुपमा सम्पर्क राख्दा आफ्नो परिचयपत्र देखाउने,
- इमान्दारी र स्वच्छताका साथ कार्य सम्पादन गर्ने,
- सधै होसियार र चनाखो भै कार्य गर्ने,

- करदातालाई दुःख नदिई सम्मान र सौहार्दपूर्ण व्यवहार गर्ने,
- कानूनको पालना गर्ने,
- गोप्यता कायम गर्ने ,
- कार्यालयको काम कारवाहीको सिलसिलामा नाजायज फाइदा नलिने,
- साधनको उच्चतम प्रयोग गर्ने ,
- करदातालाई सही र तथ्य सूचना तथा जानकारी उपलब्ध गराउने,
- सधै कर प्रशासनको सम्मान र इज्जत बढाउने कृयाकलाप गर्ने ।

नेपालमा सरकारी ढुकुटीबाट तलब खाने विभिन्न क्षेत्रका व्यक्तिहरूमा आफू जनताका शासक नभै सेवक हौं भन्ने भावना अझै पलाएको छैन । तिनीहरू जनताका समस्याहरू प्रति संवेदनशिल भएका देखिदैनन् । जनताका समस्याहरूलाई छिटो छरितो रुपमा समाधान गर्ने, सर्वसाधारणको पीर मर्का बुझ्ने, कामकारवाही छिटो-छरितोसंग गरिदिने स्थिति देखा परेको छैन । जनताले स–सना कार्यको लागि सरकारी कार्यालयमा अनावश्यक रुपमा लामो समय र ठूलो खर्च व्यहोर्नु परिरहेकै छ । यस्तो अवस्थामा सार्वजनिक पद ओगट्ने सबैको लागि आचारसंहिता लागू गरी त्यसको कडाई साथ पालन गरिनु पर्दछ । हाल राजस्व प्रशासनका लागि आचारसंहिताको व्यवस्था गरिएको छ । तर सो आचारसंहिताको कर्मचारीहरूबाट राम्रोसंग पालना भएको छैन र त्यसमा गरिएका कतिपय प्रावधानहरू व्यवहारमा लागू गर्न सकिने पनि देखिदैन । यसैले ती आचार संहितालाई परिमार्जन गरी कार्यान्वयन गर्न आवश्यक छ ।

भन्सार विभागमा सदाचार मापन तथा आन्तरिक सेवा प्रवाहको परीक्षण गर्ने कार्य भएको छैन । यसबाट विभागका नीति तथा कार्यक्रमहरूको कार्यान्वयनस्तर एवं कर्मचारीहरूको सदाचारिता अभिवृद्धि मापन गर्न सकिएको छैन । यस सम्बन्धी ठोस व्यवस्था हुन जरुरी छ ।

**सुझाव**

- माथि उल्लेख भए अनुसार राजस्व प्रशासनको आचार संहितालाई परिमार्जन गरी कार्यान्वयन गरिनु पर्दछ ।

## १२.२.५ कर परीक्षकलाई जिम्मेवार वनाउनु पर्ने आचार संहिता

आय कर ऐन, २०५८ स्वयम् कर निर्धारण प्रणालीमा आधारित रहेको छ । कुनै व्यक्तिको व्यवसाय वा लगानीको कारोवार (अन्तिम कर कट्टी हुने भुक्तानी वाहेक) वार्षिक रु ५०

लाख भन्दा बढी भएको अवस्थामा करदाताले गरेको स्वयम् कर निर्धारणलाई स्वतन्त्र लेखा परीक्षकबाट प्रमाणित गराउनु पर्ने व्यवस्था गरेको छ। आय कर ऐन, २०५८ को दफा ९६ मा आय विवरण र कर निर्धारण सम्वन्धमा व्यवस्था गरेको छ। उक्त दफा को उपदफा २ मा आय विवरण कसरी तयार गर्ने र त्यस्को साथ संलग्न हुनुपर्ने कागजातको सम्वन्धमा उल्लेख भएको छ । यस सम्वन्धमा ऐनमा नै स्पष्ट रुपमा उल्लेख नगरी विभागले तोकेका सूचना तथा जानकारी आदिमात्र उल्लेख गरी समय, परिस्थिति वा आवश्यकता अनुसार तोक्न सक्ने व्यवस्था गरेको छ। ऐनमा नै स्वतन्त्र लेखा परिक्षकले प्रमाणित गर्नु पर्ने भन्ने सम्वन्धमा उल्लेख नगरी दफा ९६ को उपदफा (३) तथा (४) मा निम्नानुसारको व्यवस्था उल्लेख भएको छ ।

(३) "कुनै व्यक्तिले कर्मचारीको हैसियतले वाहेक कुनै भुक्तानी लिएर कुनै अर्को व्यक्तिको आय विवरण वा आय विवरणसाथ संलग्न हुनु पर्ने कागजात वा विवरणसाथ संलग्न हुनु पर्ने कागजात वा विवरण तयार पारेमा वा तयार पार्न सहयोग गरेमा त्यस्तो व्यक्तिले देहायको कुरा प्रमाणित गर्नु पर्नेछ :-

(क) कुनै व्यक्तिले दफा ८१ बमाजिम राखेका कागजातहरू जाँच गरेको, र

(ख) विवरण वा जानकारीले सम्वन्धित परिस्थितिलाई वास्तविक रुपमा प्रतिविम्वित गरेका"

(४) "उपदफा (३) वमोजिम विवरण प्रमाणित गर्नुपर्ने व्यक्तिले विवरण प्रमाणित गर्न ईन्कार गरेमा त्यसरी ईन्कार गर्नुका कारणहरू उल्लेख गरी जसको आय विवरण प्रमाणित गरी दिनु पर्ने हो सो व्यक्तिलाई लिखित रुपमा जानकारी गराउनु पर्दछ।"

आय विवरण प्रमाणित गर्ने सम्वन्धमा ऐनमा उपरोक्त व्यवस्था भएको र आय कर ऐन वा आय कर नियमावली वा आय कर प्रशासन गर्ने निकाय आन्तरिक राजस्व विभागले आय विवरण प्रमाणित गर्ने व्यक्तिको योग्यता एवम् यसको लागि स्वीकृति लिनुपर्ने कुनै वैकल्पिक व्यवस्था नगरी लेखा व्यवसायीहरूको नियमन गर्ने निकाय नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाबाट लेखा व्यवसाय गर्न पाउने सदस्यता लिएको व्यक्तिलाई स्वतन्त्र व्यक्तिको रुपमा मान्यता दिई सो व्यक्तिहरूबाट प्रमाणित गर्नुपर्ने गरी तोकेको छ। आय कर ऐन, २०५८ लागू हुनु पूर्व आय कर ऐन, २०३१ ले समेत ऐनको आठौ सशोधन पश्चात अपवाद वाहेकका करदाताहरूले स्वयम् कर निर्धारण गरी आय विवरण दाखिला गर्नु पर्ने र त्यस्तो आय विवरण कर लेखा परीक्षकबाट प्रमाणित गर्नु पर्ने व्यवस्था गरेको

थियो । उक्त व्यवस्थालाई कार्यान्वनमा ल्याउने क्रममा वित्तीय लेखा परीक्षण तत्कालीन अवस्थामा महालेखापरीक्षकको विभागबाट प्रमाणपत्र प्राप्त गरेको व्यक्तिले गर्न सक्ने तर कर लेखा परीक्षण तत्कालीन कर विभागमा सूचिकृत व्यक्तिबाट गर्नु पर्ने व्यवस्या गरेको थियो ।

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था ऐन, २०५३ अनुसार गठन भएको संस्था हो । यसपूर्व लेखा व्यवसायीको रुपमा कार्य गर्ने गरी प्रमाणपत्र प्राप्त गर्ने वा सदस्यता लिने सम्वन्धमा लेखा परीक्षक ऐन, २०३१ ले गरेको थियो । नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था, २०५३ ले समेत लेखा परीक्षक ऐन, २०३१ अनुसार महालेखा परिक्षकको विभागबाट प्रमाणपत्र प्राप्त गरेको व्यक्तिले संस्थाको सदस्यता लिन सक्ने व्यवस्था गरेको थियो । लेखा परीक्षक ऐन, २०३१ अन्तर्गत लेखा परीक्षकको सदस्यता प्राप्त गर्न वाणिज्य शास्त्र, अर्थशास्त्र वा कानून अध्ययन गरेको हुनु पर्ने वाध्यता नगरेकोले हाल कर लेखा परीक्षण गर्न सक्ने प्रमाणपत्र प्राप्त गरेको व्यक्तिमाथि उल्लेख गरेको विषय अध्ययन गरेको भन्दा वाहिरको व्यक्ति समेत हुन सक्ने अवस्था रहेको छ । कर कानून स्थिर नभई गतिशिल कानून भएको र व्यवसाय गर्ने विधि वा प्रक्रियामा परिवर्तन भएको वा कर कानूनका व्यवस्थामा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रुपमा परिवर्तन भएमा सोही अनुसार संशोधन समेत भै रहन्छ । यसरी ऐनमा संशोधन भएको अवस्थामा करदाताले सोही आधारमा स्वयम् कर निर्धारण गर्नु पर्ने हुन्छ । करदाता सधै र सबै अवस्थामा कर कानूनका औपचारिकता आफैले पूरा गर्न नसक्ने, स्वतन्त्र लेखा परीक्षकको प्रमाणपत्र प्राप्त गरेको सबै व्यक्ति कर कानूनमा विशेषज्ञता हासिल गरेको योग्यता समेत हुनुपर्ने अवस्था नभएको परिप्रेक्ष्यमा लेखा प्रमाणपत्र नवीकरण गर्दा करको परिवर्तन सम्वन्धी तालिम समेत लिनु पर्ने अनिवार्य व्यवस्था गर्न नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थासँग समन्वय गर्नु पर्ने देखिन्छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले आफनो सदस्यहरूले गर्न नहुने कार्यको सम्वन्धमा ऐनमा नै आचारणको उल्लेख गरेको छ । विशेष गरेर व्यवसायको गोपनीयता, लिने शुल्क, व्यवशाय प्राप्त गर्न दवाव दिन नहुने एवम लेखा परीक्षण गर्दा देखिएको विषय स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने जस्ता विषयहरू रहेको छ । आय कर ऐनले कर लेखा परीक्षकको सम्वन्धमा वा निजहरूले पूरा गर्नु पर्ने कर्तव्यको सम्वन्धमा केही उल्लेख गरेको छैन । आय कर ऐनले सरकारी गोप्यताको दफामा कर प्रशासनमा करदाताले पेश गरेको सूचना, विवरण वा जानकारी गोप्य रहने प्रतिवद्धता गरेको छ । यस्तो गोप्यताको व्यवस्थालाई उल्लंघन गर्नेलाई सजाय हुने समेत व्यवस्था गरेको छ। कर लेखा परीक्षकले

कर परीक्षण गर्ने सम्वन्धमा करदाताको वित्तीय वा व्यावसायिक सूचनामा समेत पहुँच हुने भएकोले त्यस्तो सूचना वा जानकारीको गोप्यता कर लेखा परीक्षकले समेत राख्नु पर्ने प्रत्याभूति दिने व्यवस्था गर्नु पर्दछ । यदि कर लेखा परीक्षकले करदाताको विवरण गोप्य नराखेमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले आय कर ऐनलाई समेत मध्यनजर गरी कारवाही गर्ने व्यवस्था समावेश गर्नु पर्दछ ।

करदाता आफैले गर्ने स्वयम कर निर्धारणलाई कर लेखा परीक्षकबाट प्रमाणित गराउनु पर्ने हालको व्यवस्था रहेको छ । आय कर ऐन, २०५८ को दफा ९६ मा कुनै व्यक्तिले दफा ८१ वमोजिम राखेका कागजातहरू जाँच गरेको र विवरण वा जानकारीले सम्वन्धित परिस्थितिलाई वास्तविक रुपमा प्रतिविम्वित गरेको छ भनी प्रमाणित गर्नुपर्ने भन्ने उल्लेख गरेकोले करदाताले कर परीक्षकलाई उपलव्ध गराएको कागजातको आधारमा आय कर ऐनको व्यवस्था अनुसार आयमा समावेश गर्नुपर्ने रकम तथा खर्चको कट्टीको रुपमा दावी गर्न पाउने खर्चको सम्वन्धमा करदातालाई स्पष्ट राय दिनु पर्दछ । कर लेखापरीक्षकबाट विवरण प्रमाणित गर्नुपर्ने करदातालाई वाध्यात्मक व्यवस्था गरेको अवस्थामा करदाताहरूले निजहरूबाट सही र यथार्थ राय नपाएमा कर कानून पालना गर्ने सम्वन्धमा व्यहोरेको अतिरिक्त आर्थिक भारको कुनै अर्थ रहदैन । यसर्थ कर लेखा परीक्षकको सेवाको अनिवार्यताले निजहरूलाई अवसर सृजना गरेको हुंदा सही सेवा प्रदान गर्नु कर लेखा परीक्षकको कर्तव्य समेत हुनुपर्छ । यदि करदाताले पेश गरेको विवरण, सूचना वा तथ्यांकको आधारमा प्रमाणित गरेको आय विवरण सही नभई करदातालाई थप करको दायित्व सृजना भएमा कर लेखा परीक्षक समेत जिम्मेवार हुने व्यवस्था गर्नुपर्दछ । तसर्थ, कर लेखा परीक्षकले आफ्नो राय दिंदा व्यावसायिक आचरण परिपालना नगरेको पाईएमा त्यस्तो लेखापरीक्षकलाई कारबाही गर्न नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थामा सिफारिस गर्नु पर्ने देखिन्छ । हाल आय कर ऐनमा मतियारलाई समेत शुल्क लगाउने वा सजाय गर्न सक्ने व्यवस्था रहेको छ । ऐनको यो व्यवस्था जालसाजी गर्न सहयोग गर्ने व्यक्तिको हकमा मात्र लागू हुन्छ । करको दायित्व कम गर्ने जालसाजी कार्यमा करदाताकै मूल संलग्नता हुन्छ र यस कार्यमा अन्य व्यक्तिको भूमिका सहायकको रुपमा रहन सक्छ। तर करदाताले उपलव्ध गराएको सही एवं यथार्थ विवरणको आधारमा कर लेखा परीक्षकबाट सही कर लेखा परीक्षण नगरिदिएको कारणबाट करदातालाई पर्नजाने आर्थिक भारको लागि निजहरूलाई समेत जिम्मेवार बनाउने व्यवस्था गरिनु उपयुक्त हुन्छ । यस सम्बन्धमा अन्य देशहरूमा प्रचलनमा रहेको व्यवस्थाको समेत अध्ययन गरी कार्यान्वनमा ल्याउनु उपयुक्त हुन्छ । यस्तो जालसाजी गर्ने कार्यमा कर लेखारीक्षकको समेत सहभागिता रहेको भनी लेखापरीक्षकको नियमनकारी निकाय नेपाल

चार्टर्ड एकाउन्टेन्टस् संस्थाले ठहऱ्याएमा त्यस्तो कर लेखापरीक्षकलाई मतियारको रुपमा कारवाही गर्न सक्ने स्पष्ट प्रकृया निर्धारण गरीनु उपयुक्त हुन्छ ।

**सुझाव**

- माथि उल्लेख भए अनुसार कर परीक्षकको आचार संहिता परिमाजर्न एवं निश्चित गर्न एवं व्यवसायिक आचरणको परिपालन गराउन नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थासँग समन्वय गरिनु पर्दछ ।

## १२.२.६ कर सहयोगीको आचारसंहिता

आन्तरिक राजस्व विभागले प्रशासन गर्ने कर ऐनहरू आय कर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ रहेका छन् । यी ऐनहरू मध्ये आय कर ऐनको कार्यान्वनमा कर लेखा परीक्षकको सहभागिता हुनुपर्ने व्यवस्था सोही ऐनमा नै रहेको छ । अन्तःशुल्क ऐनको कार्यान्वनमा करदाताले कुनै व्यक्तिको सहयोग लिनुपर्ने वाध्यात्मक वा स्वेच्छिक व्यवस्था समेत सो ऐनमा रहेको छैन । मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा समेत यस सम्वन्धमा कुनै अनिवार्य व्यवस्था रहेको छैन । तर मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा आर्थिक वर्ष २०६२/६३ मा संशोधन गरी नियम ५८क मा निम्नानुसारको कर सहयोगी सम्बन्धी व्यवस्था गरिएको छ ।

(१) करदाताले कर सम्वन्धमा आवश्यक जानकारी तथा सहयोग लिन कर सहयोगी राख्न सक्नेछ ।

(२) उपनियम (१) वमोजिमको कर सहयोगीको लागि आवश्यक पर्ने योग्यता, निजको स्तर लगायत अन्य व्यवस्था विभागले तोके बमोजिम हुनेछ ।”

मूल्य अभिवृद्धि कर नियमावलीमा उक्त व्यवस्था भए पश्चात आन्तरिक राजस्व विभागले एक पटक दश जोड दुई वा प्रमाणपत्र उत्तीर्ण भएको व्यक्तिमध्येबाट परीक्षा सन्चालन गरी कर सहयोगीको प्रमाणपत्र दिएको थियो । कर सहयोगीको सेवा आय कर ऐन अनुसार दाखिला गर्नु पर्ने आय विवरणमा प्रमाणित कर लेखा परीक्षकबाट अनिवार्य रुपमा गर्नु पर्ने जस्तो व्यवस्था होइन । यो करदाताले मूल्य अभिवृद्धि करको कार्यान्वनको सम्वनधमा निजहरूबाट स्वेच्छिक रुपमा लिन सक्ने व्यवस्था मात्र हो । कर सहयोगीको छनौट एक पटक मात्र भएको र निजहरूले पाएको प्रमाणपत्र नवीकरण गर्नुपर्ने व्यवस्था नगरेकाले सो प्रमाणपत्र हालसम्म पनि कायम रहिरहेको छ । त्यस्तो प्रमाणपत्र लिने व्यक्तिलाई सो

समय पश्चात पुनर्ताजगी तालिम समेत नदिएको स्थिति छ। कर सहयोगी व्यवस्था एक किसिमले करदातालाई कर शिक्षा प्रदान गर्ने र निजहरूले करको औपचारिकता पूरा गर्ने सम्वन्धमा कुनै प्राविधिक कारणले गल्ति हुन गई अनावश्यक रुपमा कर, शुल्क, व्याज तथा जरिवानाको भार नपरोस भनी गरिएको व्यवस्था हो ।

कर सहयोगी राख्ने सम्वन्धी हालको व्यवस्था मूल्य अभिवृद्धि कर ऐन कार्यान्वनको लागि मात्र हुनु उपयुक्त छैन । कर सहयोगीको सेवा करदाताको लागि अनिवार्य नहुने गरी स्वेच्छिक रुपमा मूल्य अभिवृद्धि कर वाहेकको अन्य कर कानूनको पालना गर्ने क्रममा समेत लिन सक्ने गरी हालको नियमलाई परिमार्जन गरिनुपर्दछ। मूल्य अभिवृद्धि कर तथा आय कर ऐनको हालको व्यवस्था लाई संशोधन गरी साना करदाताको सम्वन्धमा विशेष व्यवस्था भएमा कर सहयोगीको भूमिका आवश्यक पर्नेछ। यसको लागि कर सहयोगीको योग्यतामा वाणिज्यशास्त्रमा स्नातक गरेको तथा कर प्रशासन वा कर प्रशासनले तोकेको संस्थाबाट निश्चित अवधिसम्म तालिम लिएको हुनु पर्ने व्यवस्था नियममा नै स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने हुन्छ। कर सहयोगी पेशा व्यवशायी भएकोले निजहरूलाई दिएको प्रमाणपत्र निश्चित अवधिकोलागि मात्र जारी गर्ने र तोकिएको अवधिसम्म पुनर्ताजगी तालिम लिए पश्चात मात्र नवीकरण हुने र निजहरूको आचार संहिता समेत तोकिनुपर्ने गरी व्यवस्था गर्नु उपयुक्त हुन्छ।

**सुझाव**

- माथि उल्लेख भए अनुसार कर सहयोगीको आचार संहिता परिमाजर्न एवं निश्चित गरिनु पर्दछ।

अध्याय

१३

# राजस्व प्रशासनको प्रस्तावित संगठनात्मक स्वरूप

## १३.१ पृष्ठभूमि

करीव चार दशक अघिदेखि नै विकसित तथा विकासशील अर्थतन्त्र भएका मुलुकले आफ्ना सरकारी संस्थापन पक्ष वा निकायहरूको सुधार एवं आधुनिकीकरण गर्ने क्रम शुरु भएको पाइन्छ। विश्वको वदलिंदो परिस्थिति अनुरुप आफ्ना मातहतका निकायहरूको काम गर्ने पुरातन पद्धति एवं ढांचालाई त्यागेर आम नागरिकलाई प्रदान गरिने सेवा सरल र सहज तथा कम खर्चिलो पर्ने गरी उपलब्ध गराउनु पर्ने चुनौति रहँदै आएको छ। सरलता तथा सहजताका साथ कम लागतमा निजी क्षेत्रले प्रदान गरे सरह सम्मानयुक्त सेवा प्राप्तिका लागि आम नागरिकबाट पनि सरकारमाथि निरन्तर माग तथा दवाव सृजना भै रहेको छ। फलस्वरुप राज्यले आफ्ना निकायहरूलाई तिनले आफ्नो कार्यसम्पादन निजी क्षेत्रले जस्तै गरी गर्न सकुन् भन्ने उद्देश्यले क्रमशः स्वायत्तता प्रदान गर्दै आएको पाइन्छं। यसरी स्वायत्तता प्रदान गर्नुको पछाडी मूलतः यसले सम्बन्धित पक्षको जवाफदेहिता तथा पारदर्शितालाई बढाउने र प्रभावकारी एवं कुशल व्यवस्थापन प्रदान गर्न सक्दछन् र अन्ततोगत्वा सरकारको कार्यसम्पादनलाई लिएर आम नागरिक माझ सकारात्मक सोच बनाउन सक्नेछ भन्ने नै हो। यस सन्दर्भमा स्वायत्तता भन्नाले कानूनी, वित्तीय, मानव संसाधन विकास, कर्मचारी व्यवस्थापन एवं प्रशासकीय कार्यविधिहरूको संचालन एवं व्यवस्थापनमा सरकारको हस्तक्षेपबाट मुक्त भई स्वतन्त्ररुपले कार्यसम्पादन गर्न पाउनु नै हो। यसै सुधार एवं आधुनिकीकरणको क्रममा राजस्व प्रशासन गर्ने सरकारी संस्थाहरूलाई पनि विश्वमा हिजो आज स्वायत्त संस्थाको रुपमा विकास गरिएका छन्। साविकमा ती मुलुकहरूका अर्थ मन्त्रालय मार्फत हुंदै आएको राजस्व प्रशासनका कार्यहरू क्रमशः स्वायत्त राजस्व प्रशासनलाई हस्तान्तरण हुंदै आएको पाइन्छ।

नेपालका लागि राजस्व प्रशासनमा यस्तो स्वायत्त संस्थाको आवश्यकता छ, छैन भन्नु भन्दा अघि नेपालले राजस्व प्रशासनको सन्दर्भमा सुधार गर्न गरेको केही प्रयासहरूका बारेमा विवेचना गर्नु आवश्यक छ। नेपालको राजस्व प्रशासनमा सरकारले समय समयमा सुधारहरू गर्दै आएको पाइन्छ । बहुदलीय प्रजातन्त्र पुनःस्थापना भएपछि आन्तरिक राजस्व परिचालनको बढ्दो आवश्यकता महसुस गरी राजस्व प्रशासनमा सुधारका व्यापक कार्यक्रमहरू कार्यान्वयन गरेको पाइन्छ । यस्ता सुधारका कार्यक्रमहरूमध्ये प्रमुखमा निजामती सेवाभित्र छुट्टै राजस्व समूहको गठन, परम्परागत बिक्रीकर प्रणालीको स्थानमा कम्प्युटरीकृत तथा व्यापक आधार भएको अत्याधुनिक मूल्य अभिवृद्धि कर प्रणालीको थालनी, व्यापक कराधार भएको नयाँ आय कर ऐन, २०५८ को कार्यान्वयन, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आय कर प्रशासनको कार्य एकीकरण गरी आन्तरिक राजस्व विभाग र सो विभाग अन्तर्गत आन्तरिक राजस्व कार्यालयहरू तथा तिनका सेवा केन्द्रहरूको स्थापना, आन्तरिक राजस्व विभाग अन्तर्गत नै छुट्टै ठूला करदाता कार्यालयको स्थापना, करदाताको सहुलियतका लागि इ-रिटर्नको व्यवस्था, मूल्य अभिवृद्धि कर तथा आय कर निर्धारणका लागि व्यापक मात्रामा स्वयंकर निर्धारणको व्यवस्था, कारोवार मूल्यको आधारमा भंसार मूल्यांकन गर्ने परिपाटीको थालनी, भन्सारमा अत्याधुनिक सूचना प्रणाली स्थापना गर्न आसिकुडा प्रणालीको शुरुवात तथा अर्थ मन्त्रालयमा स्थायी राजस्व परामर्श समितिको स्थापना जस्ता महत्वपूर्ण कदमहरूलाई लिन सकिन्छ ।

तर यी विभिन्न सुधारहरूको वावजूद पनि नेपालमा लक्ष्यित मात्रामा राजस्व प्रशासनमा दक्षता वृद्धि हुँदै गएको भने अनुभव हुदैन । यसो हुनुमा राजस्व प्रशासनको कार्यप्रकृति अनुरुप दक्ष कर्मचारीहरूको कमी, धेरै करदाता अझै करको दायरामा आउन बाँकी, भ्रष्टाचारको वाहुल्य, छुट्टै राजस्व समूह गठन भएपनि समूह प्रवेशको लागि कुनै खास योग्यता नभै अरु प्रशासन समूहकै जस्तो सामान्यीकरण एवं सोको कार्यान्वयन पक्षको अनुगमन तथा मूल्यांकन गर्ने पद्धतिको अभाव, राजनैतिक हस्तक्षेप तथा समूह भित्र दण्ड, सजाय र पुरस्कारको अभाव जस्ता कारणहरू टड्कारो रुपमा देखिएका छन् ।

नेपालको तेह्रौं योजना (२०७०/७१–२०७२/७३) ले राजस्व परिचालन सम्बन्धी आफ्नो अपेक्षामा “राजस्व कुल गार्हस्थ उत्पादनको अनुपातमा २१.१ प्रतिशत पुगेको हुने, कर विवरण तथा आय विवरण पेश नगर्ने करदाताहरूको हालको सङ्ख्यामा २५ प्रतिशतले घटेको हुने, कर प्रणालीलाई विद्युतीय प्रणालीमा विकास गरेको हुने, कर सहभागिता लागत तथा प्रशासनिक लागत घटेको हुनेछ” भनी उल्लेख गरेको छ । साथै, यस योजनाले “स्वैच्छिक कर सहभागिता बढाउन गुणस्तरीय सेवा तथा कर कानुनको

समयसापेक्ष परिमार्जन एवं कार्यान्वयन सुनिश्चित गरी व्यापार सहजीकरणको वातावरण निर्माण गर्दै कर प्रणालीको कार्यकुशलता तथा प्रभावकारिता अभिवृद्धि गर्ने" भन्ने उद्देश्य राखेको छ र यो उद्देश्य प्राप्तिका लागि अबलम्बन गर्नुपर्ने भनी उल्लेखित सातवटा रणनीति मध्ये "राजस्व प्रशासनको वर्तमान सङ्गठनात्मक संरचनामा पुनरावलोकन गरी सङ्गठन प्रणालीलाई आधुनिक प्रविधियुक्त बनाउने र सक्षम मानव संसाधन परिचालन गर्ने" भन्ने छ ।

आ. व. २०५८/०५९ लाई आधार वर्ष मान्दा शुरुका वर्षहरूमा कुल ग्रार्हस्थ उत्पादनको उत्पादक मूल्यको तुलनामा कूल राजस्व असूलीको अनुपात करिब ६.१ प्रतिशत रहेकोमा नेपालको अर्थतन्त्रको विस्तार सँगसँगै आर्थिक वर्ष २०६६/०६७ मा आईपुग्दा यसको अनुपातमा सुधार आई १५.३ प्रतिशत पुगेको थियो भने आर्थिक वर्ष २०६७/०६८ मा १४.६ प्रतिशत रहन गएको देखिन्छ। त्यस्तै आर्थिक वर्ष २०६८/०६९ मा यसको अनुपात १५.७ प्रतिशत रहन गएको देखिन्छ भने आर्थिक वर्ष. २०६९/०७० मा १७.५ प्रतिशत रहन गएको यो अनुपात आर्थिक वर्ष २०७०/०७१ मा १८.५ प्रतिशत रहन गएको देखिन्छ । यी तथ्यांकको आधारमा नेपालमा करको आधार तथा कर संकलनको अवस्था विकासोन्मुख देशहरूको तुलनामा क्रमशः सुधारोन्मुख देखिए पनि विश्वका कतिपय अन्य मुलुकको दांजोमा यो न्यून नै रहेको पाइन्छ । साथै, यी तथ्य तथा तथ्यांकहरूको विश्लेषणबाट तेह्रौं योजनाको उद्देश्य तथा अपेक्षा पूरा गर्न मौजूदा राजस्व प्रशासनको संगठनात्मक संरचना पर्याप्त नभएको महसुस भएको छ । यो वृद्धि दरलाई कायमै राख्न राजस्व प्रशासनलाई प्रेरित (Motivated), चुस्त, करदाता प्रति उत्तरदायी तथा लक्ष्यमुखी बनाउन नितान्त आवश्यक छ ।

केही देशहरूले परंपरागत रुपमा सार्वजनिक प्रशासनको एक अंगको रुपमा रहँदै आएको कर प्रशासनलाई निजामती सेवाभित्रै राखेर सुधार गरेका छन् भने कतिपय देशहरूले कर प्रशासनलाई निजामती सेवाभित्र राखेर सुधार गर्न निकै कठिनाई महसुस गरेका थुप्रै उदाहरणहरू छन् । निजामती सेवा सम्बन्धी नियमहरू सामान्यतया सनातनी प्रकृतिका हुन्छन् र त्यसमा लचकताको कमी रहेको हुन्छ । ती नियमहरूलाई परिवर्तन गर्न, तलब सुविधाहरू बढाउन र कर्मचारीको मनोवृत्ति परिवर्तन गर्न लामो समय तथा ठूलो प्रयाश आवश्यक हुन्छ र सिङ्गो निजामती सेवाको सुधार गर्ने कार्य छोटो समयमा सहज रुपमा गर्न सकिंदैन । उपर्युक्त परिप्रेक्षमा नेपालको वर्तमान राजस्व प्रशासनमा पनि अन्य विकसित तथा विकासोन्मुख मुलुकहरूले आफ्नो राजस्व प्रशासनको संगठनात्मक संरचनामा गरेका परिवर्तनसंग मेल खाने गरी नेपालको राजस्व प्रशासनको संगठनात्मक

संरचनामा पनि परिवर्तन गर्नु पर्ने आवश्यकता देखिन आएको छ । राजस्व प्रशासनको संठनात्मक संरचनामा सुधार गर्ने सन्दर्भमा अध्ययन गर्दा केही मुलुकहरूले आफ्नो राजस्व प्रशासनलाई अर्थ मन्त्रालयको दैनिकिबाट केही मात्रामा भएपनि स्वतन्त्र तुल्याई स्वशासित केन्द्रीय राजस्व समिति (Central Board of Revenue) को रुपमा संगठनात्मक संरचना तयार गरेका छन् भने केही मुलुकहरूले राजस्व प्रशासनको कामलाई अर्थ मन्त्रालयबाट अलग्याई सो कार्य गर्न स्वशासित राजस्व प्राधिकरण (Autonomous Revenue Authority) को रुपमा संगठनात्मक संरचना तयार गरी लागू गरेका छन् । त्यस्तै केहीले पूर्ण सरकारीरुपको बोर्ड र केहीले अर्ध-स्वशासित बोर्डको संगठनात्मक संरचनालाई अबलम्बन गरेका छन् ।

नेपालको वर्तमान राजस्व प्रशासनको संगठनात्मक संरचनामा सुधार ल्याउन वा परिवर्तन गर्न आवश्यक रहेको कुरा महशूस गरी यस विषयमा अध्ययन गर्न विगतमा कार्यदलहरू र समितिहरू गठन भएका थिए तथा विज्ञ र विज्ञ समूहहरू नियुक्त भएका थिए । यी कार्यदल, समिति वा विज्ञहरूले राजस्व नीति, राजस्व प्रणाली, राजस्व प्रशासन, प्रकृया एवं संगठन ढाँचामा सुधार ल्याउन थुप्रै सुझावहरू दिएका छन् । जस्तै - आर्थर मानको सन् २००४ को अर्ध स्वायत्त राजस्व प्राधिकरणको स्थापनाका संभाव्यता अध्ययन प्रतिवेदन, राजस्व परामर्श समितिका तत्कालीन सदस्य डा. रुप ज्योतिको संयोजकत्वमा २०६२ सालमा गठित अध्ययन टोलीको प्रतिवेदन, नारायणराज तिवारीको २०६३ जेठको राजस्व प्रशासनमा सुधार सम्बन्धी अध्ययन प्रतिवेदन, राजस्व परामर्श समितिका संयोजक तथा सह सचिव शान्तराज सुवेदीको संयोजकत्वमा गठित केन्द्रीय राजस्व बोर्ड/प्राधिकरण गठन कार्यदलको २०६६ आषाढको अवधारणापत्र (ऐनको मस्यौदा सहित), प्रा. मदन कुमार दाहालको केन्द्रीय राजस्व बोर्ड गठन सम्बन्धमा गठित अध्ययन कार्यदलको २०६६ मंसिरको प्रतिवेदन (ऐनको मस्यौदा सहित) का प्रतिवेदनहरूलाई लिन सक्छौं ।

## १३.२ संगठनात्मक संरचनामा परिवर्तन गर्नु पर्ने आवश्यकता

- कर निर्धारण, कर परीक्षण, अनुसन्धान एक किसिमको प्राविधिक विषय हो । हाल नेपाल सरकारमा रहेका जो कोही अधिकृतले त्यस विषयको सैद्धान्तिक र व्यावहारिक ज्ञान विना काम गर्न सक्दैनन् । अर्थात यस क्षेत्रमा काम गर्न केही विशेष खालका योग्यताहरू हुनु जरुरी छ जुन कुरा हालको अधिकृत नियुक्तिका लागि तोकिएका योग्यताहरू पर्याप्त छैनन् ।

- वि.सं. २०४९ सालमा राजस्व समूह गठन हुंदाका बखत तोकिएका योग्यताका आधारहरू हाल हटाएर योग्यतालाई सामान्यीकरण गरिसकिएको छ । त्यसैले नया भर्नामा संस्थाले आफ्नो कामको प्रकृति अनुकूलको योग्य जनशक्ति पाउन सकेन ।
- संस्था भित्र रहेका दक्ष जनशक्ति पनि क्रमशः बाहिरिदै गएको अवस्थामा तत्कालै संस्थाको लागि चाहिने खास योग्यता पुगेका जनशक्तिको आवश्यकता जरुरी भएको छ । अन्यथा जतिसुकै राम्रो संरचना भए पनि त्यसलाई संचालन गर्ने सही जनशक्ति भएन भने त्यो संस्थाको पतन निश्चित छ ।
- राजस्व संकलन गर्ने संस्थाको विचलनले मुलुकको अर्थतन्त्रमा दूरगामी प्रभाव पर्दछ । जसलाई समय बितेपछि सही ठाउंमा ल्याउन अन्त्यन्त दुरुह हुन्छ ।
- यसै बीच राजस्व समूह पनि खारेज गर्नु पर्छ भनी व्यापक दवावहरू राजस्व इतरका कर्मचारीवर्ग र राजनैतिक वृत्तबाट पनि बराबर आई रहेको सन्दर्भमा ढिलो चांडो जहिले भए पनि यदि त्यसो भएमा राजस्व संकलनमा ठूलो समस्या आउने निश्चित छ ।
- हालको प्रशासनिक कानूनले कर प्रशासनमा काम गर्ने राजपत्रांकित द्वितीय श्रेणी अर्थात कर कार्यालयका प्रमुखदेखि नै कुनै पनि कर्मचारी राजस्व विभागका महानिर्देशकको Span of Control मा छैनन् । महानिर्देशकहरूले तिनको सरुवा, बढुवा, कार्य सम्पादन, आदि जस्ता विषयमा नियन्त्रण वा निगरानी गर्न सक्दैनन् । न त अर्थ मन्त्रालयका सचिवको राजस्व प्रशासनमा कतै कुनै कानूनी भूमिका छ ।
- राजस्वसंग संबन्धित कुनै पनि विभागका महानिर्देशक मन्त्रालयका सचिव प्रति जवाफदेही हुनुपर्ने कानूनी व्यवस्था कुनै पनि राजस्वका कानूनमा छैन । अर्थात खासमा भन्ने हो भने हालको अवस्थामा राजस्व सचिव भनेको एउटा टापू जस्तो भएको छ जसको सामान्य प्रशासनिक सम्पर्क बाहेक अरु कुनै कानूनी भूमिका छैन ।
- करका स्वरुपहरू र तिनलाई संचालन गर्ने संरचनाहरू विश्व अर्थतन्त्रमा आएका परिवर्तन अनुकूल बनाउदै लानुपर्ने हुन्छ । नेपाल मात्रैले अरुसंग मेल नखाने खालका प्रणाली वा संरचनालाई निरन्तरता दिएर एक्लै बस्न सक्ने स्थिति छैन । मुलुक भित्रै व्यवसायमा आएको परिवर्तनका साथै विश्व बजारमा आएको परिवर्तन समेतलाई हेरी आफ्ना संरचना र स्वरुपलाई अद्यावधिक गर्नु पर्दछ ।
- हालको कर प्रणालीको स्वरुप राम्रो छ र कर संकलन लक्ष्य अनुसार पुगेकै छ भनेर बस्ने हो भने राष्ट्रले विश्वका विभिन्न संस्थाहरू समक्ष गरेका प्रतिबद्धताहरू क्रमशः

लागू गर्नुपर्ने अवस्था आउंदा राजस्वमा निश्तिरुपले प्रतिकूल असर पर्दछ। उदाहरणका लागि, SAFTA, BIMSTEC, WTO आदिमा नेपालले गरेका प्रतिवद्धताहरूको पूर्ण कार्यान्वयन गर्दा हालको राजस्व संकलन वृद्धि दर त्यस बखत कायम रहंदैन, दिगो रहन सक्दैन । यस तर्फ गम्भीर हुन आवश्यक छ ।

## १३.३ नेपालको लागि संभावित संगठनात्मक संरचना

नेपालको लागि विद्यमान संगठनको निरन्तरता, पूर्ण स्वायत्त प्राधिकरण, अर्ध स्वायत्त बोर्ड वा सरकार भित्रैको बोर्डमध्ये कस्तो संरचना अबलम्बन गर्न उपयुक्त हुन्छ, सोको विकल्प अध्ययन गर्न यस विषयका विज्ञको परामर्श लिन आवश्यक भएकाले आयोगले विभिन्न विकल्पहरूको अध्ययन गरी उपयुक्त विकल्प आयोगलाई सुझाउन श्री विद्याधर मल्लिकलाई परामर्शदाताको रुपमा नियुक्त गरी परामर्श लिइएको थियो । उहांवाट प्राप्त प्रतिवेदनमा राजस्व प्रशासनको संगठनात्मक स्वरुप सम्वन्धी निम्न चारवटा विकल्पहरू प्रस्तुत गरिएका छन् र उहांवाट प्राप्त पूर्ण प्रतिवेदन आयोगको प्रतिवेदनको भाग दुईमा समावेश गरिएको छ :

**पहिलो विकल्प : विद्यमान केन्द्रीय संगठनको निरन्तरता**

- राजस्व सचिव सहितको अर्थ मन्त्रालयका मौजुदा राजस्व सम्बन्धी महाशाखाहरू, विभागहरू तथा कार्यालयहरूको मौजुदा संगठन ढाँचा (सुधारको क्रममा रहेका ढाँचाहरू सहित) लाई सामान्यतया हाललाई (आगामी १/२ वर्ष) निरन्तरता दिने ।
- यो निरन्तरताको ढँचा लागू गर्दा विद्यमान प्रशासनिक/प्रणालीगत सुधारका प्रयासहरूलाई तीव्रता (Accelerated) दिने ।
- नया संविधान र संघीय ढाँचाको प्रशासनिक संरचना टुंगो नलागेसम्म विद्यमान राजस्व संगठनमा तत्काल व्यापक पुनर्संरचना नगर्ने ।
- समग्र निजामती सेवाको संरचनागत सुधारसंग एकीकरण हुने गरी राजस्व संगठनमा सुधार ल्याउने ।
- नेपाल राजस्व सेवा गठन गर्ने प्रयाशगर्ने र सो तत्काल हुन नसकेमा राजपत्रांकित प्रथम श्रेणीसम्म समूहीकृत हुने गरी तथा कर र भंसार दुई उपसमूह रहने गरी राजस्व समूहको विस्तार गर्न/पुनर्संगठित गर्ने ।

- लोक सेवा आयोगले सेवा प्रवेश तहको परीक्षा लिंदा राजस्व समूहको लागि छुट्टै थप १ पत्र (राजस्व कानुन, राजस्व लेखा र प्रशासन, राजस्व नीति) को परीक्षा लिने र कानुन, वाणिज्य शास्त्र एवं अर्थशास्त्र जस्ता विषयको अध्ययन (स्नातक) लाई सेवा प्रवेशका लागि अनिवार्य गर्ने ।

- कार्यसम्पादन बजेट तथा कार्य सम्पादन प्रोत्साहनलाई अझ बढी प्रभावकारी बनाउने । कार्य सम्पादन प्रोत्साहन सुविधालाई दोब्बर गर्ने (साविकझैं) । कूल कार्य सम्पादनको एकीकृत मापनको आधारमा प्रोत्साहन रकमको ५० प्रतिशत रकम प्रदान गर्ने र बांकी ५० प्रतिशत रकमलाई महत्वपूर्ण र विशिष्ट कार्यहरू (जस्तै करदाता सेवा, सूचना प्रविधिको प्रयोग, पुरानो बक्यौता असुली आदि) मा छुट्टाछुट्टै उपलब्धिका लागि छुट्टाछुट्टै प्रदान गर्ने गरी सुधार गर्ने । त्यस्तै नकारात्मक अंक आएमा सकारात्मक अंकको रकम रोक्का गर्ने । प्रकृयागत/प्रणालीगत एकीकरण, सूचना प्रविधिमा जोड, सूचना एकीकरण र आदान प्रदान प्रकृयाको प्रभावकारिता (Data integration and Exchange) मा जोड दिने । यसका लागि मन्त्रालयमा सूचना प्रविधि महाशाखा गठन गर्ने र Integreted Data Center को निर्माण गर्ने ।

- राजस्व सचिव मातहत राजस्व परामर्श समिति, राजस्व नीति महाशाखा, राजस्व प्रशासन महाशाखा, कर्मचारी प्रशासन र जनशक्ति विकास महाशाखा, सूचना र सञ्चार प्रविधि (ICT) तथा केन्द्रीय राजस्व तथ्यांक भण्डारण (Central Revenue Database) महाशाखा राख्ने ।

- राजस्व नीति महाशाखाले प्रत्यक्ष कर, अप्रत्यक्ष कर तथा गैर कर नीति सम्बन्धी शाखाहरू हेर्ने ।

- राजस्व प्रशासन महाशाखाले राजस्व अनुगमन, विभागीय सुपरिवेक्षण तथा सञ्चालन, कार्यविधि सुधार शाखाहरू हेर्ने ।

- कर्मचारी प्रशासन र जनशक्ति विकास महाशाखाले यी कुराहरूको अतिरिक्त आन्तरिक नियन्त्रण र सदाचार कायम गर्ने कार्यहरू/पद्धतिहरूको विकास पनि गर्ने ।

- सूचना र सञ्चार प्रविधि महाशाखाले करदाता सेवा तथा सोका लागि गर्नु पर्ने सुधारात्मक कार्यहरू पनि गर्ने ।

- राजस्व सचिव अन्तरगत मौजुदा विभाग/केन्द्रहरूका अतिरिक्त राजस्व प्रशासन तालिम केन्द्र मातहत रहने गरी Tax Academy, भंसार तालिम केन्द्र, राजस्व अनुसन्धान तालिम केन्द्रहरू सञ्चालन गर्ने । सेवा प्रवेश तालिम १ वर्षको

हुनुपर्ने र आवश्यकता अनुसार विषयगत विशिष्ट तालिमहरू/पुनर्ताजगी तालिमहरू सञ्चालन गर्ने ।

- राजस्व प्रशासन तालिम केन्द्रलाई Center of Excellence को रुपमा विकास गर्न, कर नीति अनुसन्धानमा केन्द्रीत गर्न तथा मातहत र आवद्ध तालिम संस्थाहरूको नियामक निकायको रुपमा कार्य गर्ने ।
- राजस्व प्रहरीको छुट्टै संगठन/प्रधान कार्यालय तयार गरी राजस्व सचिव मातहत राख्ने ।
- राजस्व अनुसन्धान विभागबाट अवैध विदेशी मुद्राको कारोवार नियन्त्रण गर्ने कार्य भिकी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग (Department of Money Laundering Investigation) लाई दिन सकिने बारेमा सम्भाव्यता पहिल्याउने ।
- विभागहरूको आ-आफ्नो योजना अनुसार स्थानीय र विशिष्टीकृत राजस्व कार्यालयहरू (जस्तै PCA Office, LTO) को संगठन ढांचामा सुधार ल्याउन र कार्यगत (Functional) कार्य विभाजनलाई प्रोत्साहन गर्ने ।
- विगतमा कार्यगत कार्य विभाजनलाई फितलो वनाउने (Dilute) कार्य गरिएकोलाई सच्याउने सुझाव गरिन्छ। करदाता सेवा ईकाइहरूलाई Front Office/One Window को रुपमा (भंसार प्रशासनका लागि समेत) विकास गर्न र आवश्यकतानुसार बढी भन्दा बढी ठाउंहरूमा विस्तार गर्ने ।
- भन्सारको PCA र आन्तरिक राजस्वको Tax Audit लाई गाभ्ने तथा विज्ञहरूको समूह (Chartered Accountants र Tax Lawyers) राखी Tax Audit Office खोल्नु सकिने संभावना हेर्ने । साथै बक्यौता कर (भंसार समेत) असुली गर्न अधिकार सम्पन्न छुट्टै कार्यालयको गठन गर्ने तर्फ मनन गर्ने ।
- कर कार्यान्वयन निर्देशनालय (Tax Enforcement Directorate) गठन तर्फ सम्भाव्यता अध्ययन गर्ने ।
- करदाताको सूचनाहरूको (भंसार समेत) एकीकृत रुपमा संकलन तथा व्यवस्थापन गर्न तथा एउटै केन्द्रबाट सबै राजस्व निकायलाई सूचना वितरण गर्न (आवश्यकता अनुसार) एकीकृत राजस्व सूचना भण्डारण केन्द्र (Database Center) गठनको प्रयाशगर्ने । हाललाई यो सुधार आर्थिक ऐनद्वारा पनि ल्याउन सकिने ।
- कर कानुनहरूमा सुधार गरी राजस्व सचिव र मन्त्रालयमा रहेको राजस्व संगठनको अधिकार र दायित्वबारे उल्लेख गर्ने ।

**दोस्रो विकल्प : राजस्व केन्द्रीय संगठनको रुपमा केन्द्रीय राजस्व बोर्डको गठन (पूर्णतया सरकारी पदाधिकारीहरू रहेको अर्थ मन्त्रालय अन्तर्गतको संगठन)**

- केन्द्रीय राजस्व बोर्डको यो मोडेलमा हालका विभागीय निकायहरू सामान्यतया यथावत् कार्यरत रहने । तर यी विभाग/निकायहरू राजस्व बोर्ड अन्तर्गत रहनेछन् ।
- राजस्व बोर्ड एक ऐन अन्तर्गत स्थापित हुने ।
- यो बोर्डले अर्थ मन्त्रालय अन्तर्गत समग्र राजस्व प्रशासन संचालन गर्ने र सो प्रति उत्तरदायी हुने एक केन्द्रीय निकायको रुपमा रहने ।
- राजस्व सचिव यसको अध्यक्ष/प्रमुख हुने ।
- वोर्डमा अध्यक्ष वाहेक ४ सदस्यहरू (कर सदस्य, भंसार सदस्य, गैर कर सदस्य, लेखा, लेखा परीक्षण तथा अनुसन्धान सदस्य, कर नीति विज्ञ, दक्षता वृद्धि विज्ञ)
- बोर्ड अन्तरगत आन्तरिक राजस्व विभाग, भंसार विभाग, राजस्व अनुसन्धान विभाग, राजस्व प्रशासन तालिम केन्द्र तथा राजस्व परामर्श समिति रहने ।
- केन्द्रीय राजस्व बोर्डको सीमित स्वायत्तता हुने ।
- अर्थ मन्त्रालयको स्वीकृति लिई मातहत निकाय/पदाधिकारीहरूलाई कार्य सम्पादनका आधारमा थप बजेट/प्रोत्साहन पारिश्रमिक दिन सक्ने अधिकार बोर्डलाई हुने ।
- लाइन आइटम बजेटको सट्टा लागत आधार र कार्य सम्पादन करारका आधारमा बोर्डले आफ्नो र मातहत निकाय/कार्यालयको बजेट व्यवस्थापन गर्न सक्ने ।
- अर्थ मन्त्रालयले नियमित बजेटका अतिरिक्त कूल राजस्व संकलनको ०.५ प्रतिशत सम्म रकम थप दिने ।
- कर्मचारी प्रशासनको हकमा नेपाल राजस्व सेवा गठन गर्ने वा रा.प.प्रथम श्रेणी सम्मको राजस्व समूह विस्तार गर्ने ।
- विभागीय प्रमुख सम्मका पदाधिकारीहरूको पदस्थापन, सरुवा र सुपरिवेक्षणको जिम्मेवारी वोर्डमा राख्ने ।
- राजस्व परामर्श समिति एक स्थायी परामर्श समितिको रुपमा रहने, वोर्डसंग आवद्ध हुने गरी सल्लाहकार समिति गठन हुने । यसले विषयगत अध्ययन अनुसन्धान गराउने, स्वतन्त्र मूल्याकनहरू गर्ने, राजस्व नीति, प्रशासन, बोर्डको छवि (Image)

को सर्वेक्षण गर्ने, अध्ययन विश्लेषण गर्ने र बोर्डलाई सुझाव दिने कार्य गर्ने। वोर्डको दैनिक प्रशासनमा यसले कुनै हस्तक्षेप गर्न नपाउने।

- राजस्व नीति र राजस्व प्रशासनको नीतिगत/संस्थागत पक्षहरूका वारे बोर्डले अर्थ मन्त्रालयलाई सुझाव गर्ने एवं प्रत्येक चौमासिकमा प्रतिवेदन प्रस्तुत गर्ने।
- संसदमा राजस्वका विषयमा उठेका प्रश्नहरूको जवाफ दिने उत्तरदायित्व अर्थ मन्त्रीमार्फत् बोर्डको हुने।
- महालेखा परीक्षकले बोर्डको आय/व्यय तथा समग्र काम कारवाहीको लेखा परीक्षण गर्ने।
- अन्य निकायहरूसँगको सम्पर्क सामान्यतया अर्थ मन्त्रालय मार्फत् बोर्डले गर्ने। तर प्रत्यक्ष सरोकारका विषयमा वोर्डले र अन्य निकायले सोझै एक आपसमा सम्पर्क गर्न सक्ने।
- बोर्ड अन्तरगतका विभागहरू आफ्नो निकाय (Executive Agency Model) सँग सरोकार रहेको सबै कार्यहरू सम्पादन गर्न आफूमा स्वतन्त्र हुने (At Execution Level) तर विभाग/केन्दको आपसी समन्वय र नियन्त्रणको विषय, कार्यक्षेत्र दोहोरिएको वा वाझिएको विषय तथा समग्र राजस्व प्रशासन, राजस्व नीति वा प्रणाली/प्रविधिमा असर पर्ने विषय वा दीर्घकालीन सरोकारका विषयहरूमा वोर्डले सामूहिक निर्णय गर्ने।
- वोर्डले बहुमतद्वारा निर्णय गर्ने तर सरोकारवाला विभाग/निकायसँग सम्वद्ध विषयमा सो विभाग/निकायको मत लिन र सोवारे विमर्श गर्नु अनिवार्य हुने। सम्बन्धित निकाय प्रमुखको राय र बहुमतको राय बाझेमा वोर्डको प्रमुख (राजस्व सचिव) को राय मान्य हुने।
- बोर्ड अन्तरगत कानुन र लेखा सदस्य अनिवार्य रहने गरी सरोकारवाला विभाग/निकाय/निर्देशनालय प्रमुख सदस्य रहने गरी तीन सदस्यीय पूर्वादेश र पुनरावलोकन समिति गठन हुने।
- विभागीय प्रमुखले गरेको प्रशासकीय पुनरावलोकन/सुनुवाई उपर दोस्रो समिति तहको पुनरावलोकन सुन्ने कार्य पनि यो समितिले गर्ने। यस समितिमा बहुमतको राय कार्यान्वयन हुने, बहुमत हुन नसकेमा बोर्ड अध्यक्षले सदर गरेको राय मान्य हुने।

- पूर्वादेश वा पुनरावलोकन प्रयोजनका लागि वोर्डले आवश्यक देखेमा सूची (Panel) तयार गरी चार्टर्ड एकाउन्टेन्ट/कर कानुनको विज्ञहरूको समूह गठन गर्न सक्ने र आवश्यकता अनुसार सूचीमा रहेका विज्ञहरूको सल्लाहकार सेवा लिन सक्ने ।

**तेस्रो विकल्प : अर्ध स्वायत्त केन्द्रीय राजस्व बोर्डको गठन**

- तत्कालीन सुधारका कार्यदिशालाई तीव्रता दिंदै दोस्रो विकल्पमा उल्लिखित राजस्व वोर्ड गठनको २/३ वर्षभित्र अर्ध स्वायत्तता सहितको केन्द्रीय राजस्व बोर्ड गठन गर्ने ।
- पूर्ण सरकारी राजस्व बोर्डको गठन पश्चात् गरिने अनुभव र सिकाइका आधारमा परिमार्जन गर्ने गरी यो अर्ध-स्वायत्त राजस्व बोर्डको गठन गर्ने ।
- यस निकायमा केन्द्रित राजस्व बोर्डको दुइवटा तह हुनेः केन्द्रीय राजस्व परिषद् र कार्यकारिणी समिति ।
- नेपाल सरकारको राज्यमन्त्री सरहको प्रमुख कार्यकारी हुने, जो परिषद् र समिति दुवैको प्रमुख/अध्यक्ष पनि हुने । परिषद्मा कार्यकारिणी समितिका सबै सदस्यहरू रहने र साथै अर्थशास्त्री, व्यावसायिक प्रतिनिधिहरू, स्वतन्त्र सदस्यहरू, अन्य निकायहरू (जस्तै, नेपाल राष्ट्र वैंक, रा.यो.आयोग, वाणिज्य/उद्योग मन्त्रालय, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था, नेपाल बार काउन्सिल, महालेखा नियन्त्रक कार्यालय) का कम्तीमा विशिष्ट श्रेणी सरहका वा अध्यक्ष स्तरका पदेन सदस्यहरू, अर्थ सचिव तथा नेपाल सरकारबाट मनोनित केही व्यक्ति समेत गरी १८-२० जना सम्मको परिषद् गठन हुने ।
- परिषद्लाई परामर्श समितिमा परिणत गरी केही नियामक भूमिका दिई राजस्व सचिवको अध्यक्षतामा कार्यकारिणी समिति गठन गर्न पनि सकिने ।
- राजस्व परामर्श समितिलाई सल्लाहकार निकायको रुपमा निरन्तरता पनि दिन सकिने ।
- कार्यकारिणी समितिमा अध्यक्ष/प्रमुख कार्यकारी अधिकृतका अतिरिक्त ६ जनासम्म अरु सदस्य राख्ने । सदस्यहरूमा आ.रा.विभाग र भंसार विभागका महानिर्देशकहरू, अर्थ मन्त्रालयका कर नीति हेर्ने सहसचिव, लेखा सदस्य (स.स.स्तरको), कानुन सदस्य (स.स.स्तरको) तथा एक जना स्वतन्त्र विज्ञ सदस्य राख्ने ।
- पूर्वादेश र पुनरावलोकन समिति (कार्यकारिणी समितिबाट) गठन हुने, एजेन्सी मोडेलमा कार्य सम्पादन गर्ने, छुट्टै ऐनद्वारा गठन हुने र व्यवस्थित हुने, नेपाल राजस्व सेवा गठन हुने र सोको प्रशासन यस बोर्डले गर्ने, कर्मचारी भर्ना लोक सेवा

आयोगद्वारा हुने, राजस्व सचिव पनि राजस्व प्रशासनमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त व्यक्ति हुने, कार्यान्वयन निर्देशनालय, सदाचार कार्यालय, केन्द्रीय सूचना तथा संचार व्यवस्थापन कार्यालय लगायत एकीकृत र कार्यगत विशिष्टीकृत सेवाहरू प्रदान गर्ने मातहत निकाय/कार्यालयहरू स्थापना/विकास गर्ने ।

- बोर्डको स्थापनार्थ र संचालनार्थ जारी गरिने कानुन (ऐन) मा माथिका विषयहरूका अतिरिक्त परिषद् र कार्यकारी समितिको अधिकार, जिम्मेवारी र कर्तव्य तथा आपसी अन्तरसम्बन्ध एवं नेपाल सरकार/अर्थ मन्त्रालयसँगको अन्तरसम्बन्ध, राज्य मन्त्री सरह अध्यक्ष नियुक्ति गर्दा निजको नियुक्ति प्रकृया, सदस्यहरू मनोनयन प्रकृया र पदावधि रिक्त हुने अवस्था, कार्यकारिणी समितिमा मनोनयन हुने विज्ञ सदस्यको योग्यता, नियुक्ति प्रकृया, पदावधि र रिक्त हुने अवस्था समेत उल्लेख गरिनु पर्ने ।
- पूर्ण सरकारी बोर्डको तुलनामा थप आर्थिक, कर्मचारी व्यवस्थापन र प्रणालीगत विषयहरूमा तथा राजस्व प्रशासनका विषयमा (राजस्व नीतिका विषय र करका दरहरूका विषय वाहेक) अधिकारहरू, जिम्मेवारीहरू र स्वायत्तता प्रदान गर्ने गरी कानुन निर्माण हुने ।
- अर्ध स्वायत्त राजस्व बोर्डको मोडेल अरु मुलुकहरूमा प्रचलित सीमित स्वायत्तता भएका राजस्व प्राधिकरण वा नेपालका विकास समितिहरूको मोडेल हो, तर यसमा कर्मचारी भर्ना प्रकृया लोक सेवा आयोगलाई सुम्पिइने र नेपाल राजस्व सेवा पनि नेपाल निजामती सेवाको अभिन्न अंगको रुपमा रहने ।
- आर्थिक स्वायत्तताको हकमा केही लागतको आधारमा बजेट हस्तान्तरणद्वारा (अर्थ मन्त्रालयबाट) र केही सूत्रगत आधारमा (कूल असुलीको ०.५ प्रतिशत) थप अनुदानद्वारा बोर्डले बजेट पाउने गरी समग्र आन्तरिक आर्थिक व्यवस्थापन बोर्ड स्वयंले गर्न पाउने गरी (जस्तै, विश्वविद्यालयहरू, स्थानीय निकायहरू) व्यवस्थापन गर्न र स्वायत्तता प्रदान गर्ने ।
- बोर्ड अन्तरगत रहने महाशाखा र विभाग/निर्देशनालय/केन्द्र/एकेडेमीहरू दोश्रो विकल्पको जस्तै रहने ।
- कार्य अनुभवको आधारमा थप निर्देशनालय/महाशाखा/समिति/उपसमिति/विभाग गठन गर्न सकिने । एकीकृत र सेवा विशिष्टीकृत स्थानीय/विषयगत कार्यालयहरू स्थापना गर्दै जान र संघीय स्वरुपमा प्रादेशिक कार्यालय/निर्देशनालयहरूको गठन गर्ने ।

- एकद्वार सेवा प्रणालीको लागि ठूला करदाता/वक्यौता करदाता कार्यालयहरू स्थापना गर्ने, सेवा केन्द्रहरू विस्तार गर्दै लाने, एकीकृत लेखा परीक्षण कार्यालय, तथ्यांक प्रशोधन ईकाइहरू गठन गर्ने ।
- बोर्ड अध्यक्ष (कार्यकारिणी समितिको) लाई सोझै प्रतिवेदन गर्ने गरी आन्तरिक अनुगमन, नियन्त्रण र सदाचार पालन कार्यान्वयन महाशाखा/निर्देशनालय स्थापना गर्ने । बोर्ड अन्तरगतका विभागहरू/निर्देशनालयहरू पनि कार्यकारी एजेन्सीको रुपमा आफ्नो कार्य क्षेत्र भित्रको विषयमा कार्य सञ्चालन गर्न, कर प्रशासन गर्न र कर कानुन कार्यान्वयन गर्न स्वायत्त हुने ।

**चौथो विकल्प : छुट्टै ऐनद्वारा स्वायत्तता सहितको राजस्व प्राधिकरणको गठन ।**

- चौथो विकल्पको रुपमा छुट्टै ऐनद्वारा नेपाल राष्ट्र बैंकको गठन र संचालन विधिको अनुशरण गर्दै एक स्वायत्त राजस्व प्राधिकरण (Revenue Authority) गठन गर्ने ।
- उपरोक्त सुधारहरू कार्यान्वयन गर्न प्रारम्भ गरेको ५ वर्ष पश्चात् कार्य अनुभव र तत्कालीन अध्ययन/विश्लेषणका आधारमा यस्तो प्राधिकरण गठन गर्ने विषयमा निर्णयमा पुग्न उपयुक्त हुने ।
- राजस्व प्राधिकरणको गठन/सञ्चालन पश्चात् मातहत विभाग/निर्देशनालयहरूको एजेन्सी प्रकृतिको पहिचान र कानुनी व्यक्तिको अस्तित्व समाप्त हुने तथा प्राधिकरणको नाममा राजस्व सम्बन्धी सम्पूर्ण कार्यहरू (नीति र करका दरहरू वाहेक) गरिने ।
- कर्मचारी भर्ना लगायत समग्र जनशक्ति व्यवस्थापनको अधिकार, असुली गरेको राजस्वको निश्चित प्रतिशत (१ देखि २ प्रतिशत) प्राप्त गरी वा राजस्व असुलीबाट आफ्नो खर्च कटाई (नेपाल राष्ट्र बैंकले गरे सरह) बाँकी रकम मात्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला गर्ने गरी आर्थिक व्यवस्थापनको सम्पूर्ण अधिकार र स्वायत्तता प्राधिकरणमा निहित रहने ।
- कर कानुनहरूमा संशोधन गरी प्राधिकरणको एजेन्सी अधिकार स्थापित गरिने ।
- राजस्व प्राधिकरण अर्थमन्त्रीप्रति उत्तरदायी हुने । राजस्व नीति निर्माण र करका दरहरूका विषयमा प्राधिकरणले अर्थमन्त्रीलाई सुझाव दिने र बाँकी समग्र राजस्व प्रशासनको जिम्मेवारी प्राधिकरणको हुने ।
- प्राधिकरण अर्थमन्त्री मार्फत् संसदप्रति उत्तरदायी हुने ।

- यसको लेखा परीक्षण स्वतन्त्र लेखा परीक्षकहरूद्वारा तथा अन्तिम लेखा परीक्षण महालेखा परीक्षकद्वारा गरिने ।
- अन्य संवैधानिक निकायहरू, नेपाल सरकारका मन्त्रालय/निकायहरू तथा अन्य निकायहरूसँग सम्पर्क र समन्वय अर्थ मन्त्रालय मार्फत् हुने । तर प्रत्यक्ष सरोकारका विषयमा सम्बन्धित निकायसँग सोझै दोहोरो सम्पर्क हुन सक्ने ।
- राजस्व प्राधिकरणको समग्र करदाताप्रति वा तिनको हित हेर्ने संगठनहरूप्रति (जस्तै ने.उ.वा. संघ) समन्यायिक र सम्मानपूर्ण व्यवहार गर्न दायित्व हुने ।
- नेपालका अदालतमा राजस्व प्राधिकरणको अनुचित/गैर सम्मानजनक व्यवहारका लागि नागरिकले मुद्दा हाल्न सक्ने ।
- करदाताले कर तिर्दा लाग्ने लागत (समय वा रकम) सक्दो कम गराउने जिम्मेवारी प्राधिकरणको पनि हुने ।
- प्राधिकरणले आधुनिक सूचना तथा संचार प्रविधि (ICT) को प्रयोग र करदाता सेवाका लागि नवीनतम प्रणाली/प्रकृयाहरूको प्रयोग गरी करदाताले स्वेच्छाले र स्वचालित तवरले कर तिर्ने प्रवृत्तिको विकास गर्न हरसम्भव प्रयत्न गर्ने । सबै करदातालाई समान र सम्मानजनक तथा दक्षता/शीपयुक्त (Professional) व्यवहार गर्दै कर नतिर्ने, दायरामा नआउने, कम कर तिर्ने, कर चोरी/जालसाजी गर्ने वा कर बक्यौता राख्ने करदाताबाट सो कार्य नियन्त्रण गरी कर असुली गर्न सांगठनिक र प्रशासनिक कौशलता/दक्षताको प्रदर्शन प्राधिकरणले गर्ने ।
- समग्रमा कूल गार्हस्थ उत्पादन/राजस्व संकलनको अनुपातमा प्रशासनिक सुधारद्वारा तथा करदाताको सेवा अभिवृद्धिद्वारा वृद्धि ल्याउन प्राधिकरण जिम्मेवार हुने ।
- कर प्रशासनमा काम गर्ने जनशक्तिलाई विश्वस्तरको दक्ष, तालिम/ज्ञान/शीपयुक्त, विशिष्टीकृत एवं प्रभावकारी बनाउने र करदाता/नेपाली समाजको नजरमा सम्मान पाउन योग्य बनाउने जिम्मेवारी प्राधिकरणको हुने ।
- कर प्रणाली, पद्धति र प्रकृयाहरू, सूचना र संचारको प्रयोग तथा व्यवस्थापकीय क्षमताहरूमा सुधार ल्याई नेपालको कर संगठनलाई व्यापार सहजीकरण, तस्करी र अवैध व्यापार नियन्त्रण, अन्तर्राष्ट्रिय कर प्रणाली र प्रशासन संगत (Compatible), व्यापार लागतमा कटौती, अर्थतन्त्रको विकास, करदाताको भरोसाको केन्द्र र समुचित कर संकलनको भरपर्दो माध्यमको रुपमा विकास गर्न र संस्थागत रुपले स्थापित गर्ने दायित्व प्राधिकरणको हुने ।

- कर संगठनको नैतिकवान, भ्रष्टाचारप्रति शून्य सहनशीलता, सदाचारयुक्त छवि निर्माण गर्ने अभिभारा प्राधिकरणको हुने ।
- राजनीतिक र बाहिरी हस्तक्षेपबाट मुक्त स्वतन्त्र संगठन र उद्देश्यप्रति नतिजामूलक ढंगले समर्पित संगठनको रुपमा कर प्रशासनको विकास गर्नु प्राधिकरणको प्राथमिक कर्तव्य हुने ।
- भविष्यका सम्भावना, जोखिमहरूको शोध गर्ने, नीतिगत विश्लेषण र अध्ययन अनुसन्धानमा विशिष्ट स्थान बनाई अर्थ मन्त्रीलाई समग्र राजस्व नीति, कर नीति, रणनीति, आर्थिक नीति र करका दरहरू/व्यवस्थाहरू तय गर्न ठोस सुझाव गर्ने दायित्व प्राधिकरणको हुने ।
- राजस्व प्राधिकरणको गठन : तेश्रो विकल्पमा झैं राज्य मन्त्री सरहको प्राधिकरणको अध्यक्ष हुने जसको लागि योग्य हुन विशिष्ट श्रेणी वा सो सरहको पदमा कम्तिमा ५ वर्ष काम गरेको र राजस्व प्रशासन/राजस्व नीति/आर्थिक नीति/राजस्व कानुन/राजस्व लेखामा स्नातकोत्तर भई सो क्षेत्रमा कम्तिमा १० वर्षको कार्य/नीति/अध्ययन अनुसन्धान स्तरको अनुभव हुनु पर्ने ।
- प्राधिकरणको अध्यक्षको नियुक्ति पकृया नेपाल राष्ट्र वैंकको गभर्नर सरहको प्रकृयाबाट नियुक्त हुने ।
- अध्यक्ष प्राधिकरणको संचालक समितिको पनि अध्यक्ष हुने र कार्यकारी प्रमुख हुने ।
- प्राधिकरणको संचालक समितिमा अध्यक्ष बाहेक ७ जना सदस्य हुने जसमध्ये ३ जना विषय विज्ञहरू (राजस्व लेखा विज्ञ, राजस्व कानुन विज्ञ र करनीति विज्ञ) हुनेछन् । बाँकी ४ जना सदस्य पदेन हुने । पदेन सदस्यहरूमा अर्थ सचिव, ने.रा.वैंकको गभर्नर, उद्योग वाणिज्य क्षेत्रको छाता सस्थाको अध्यक्ष (President, FNCCI) र प्राधिकरणको उप कार्यकारी प्रमुख रहने ।
- अहिलेको राजस्व परामर्श समिति नीतिगत र करका दरहरू विषयमा बढी केन्द्रित रहेकोले अर्थ मन्त्रालयसँग सम्वद्ध निकायको रुपमा निरन्तरता दिए पनि हुने, अथवा प्राधिकरणमा स्थानान्तरण गरे पनि हुने ।
- प्राधिकरणमा स्थायी सुझाव ईकाइको खास गरी, कर प्रशासन, करदाताको प्रतिकृया/मनोभाव बुझ्न आवश्यक हुने ।
- तेश्रो विकल्पमा उल्लेख भए झै प्राधिकरणमा एक उप-कार्यकारी प्रमुख र निजको कार्य जिम्मेवारी (सञ्चालन स्तरको सुपरीवेक्षण) का अतिरिक्त विशिष्ट श्रेणी सरह मातहत

रहने गरी महाशाखाहरू, विभागहरू र रा.प्र.ता.केन्द्र सञ्चालन गरिनु पर्ने । प्रथम श्रेणी सरहको मातहत रहने गरी निर्देशनालयहरू, सूचना तथ्यांक व्यवस्थापन केन्द्र, आन्तरिक नियन्त्रण, अनुगमन र सदाचार पद्धति पालन कार्यालय (सोझै अध्यक्षलाई प्रतिवेदन गर्ने गरी), एकेडेमी र तालिम केन्द्रहरू, प्रादेशिक/स्थानीय कार्यालयहरू, सेवागत विशिष्टीकृत कार्यालयहरू, ठूला/मझौला करदाता कार्यालयहरू (एकद्वार प्रणालीयुक्त), करदाता सेवा केन्द्रहरू, कर लेखा परीक्षण कार्यालयहरू र कार्यान्वयन निर्देशनालय स्थापना/व्यवस्थित/विकसित गर्ने ।

- राजस्व प्राधिकरणमा जनशक्ति विकासका लागि एकीकृत राजस्व सेवा र पदको कार्यभारका आधारमा पद/पद समूहमा आधारित भर्ना प्रकृया, बढुवा प्रकृया, कार्यभार अनुभवका लागि Job Rotation, Job Enrichment, Training, शीप विकास तथा विशिष्टीकृत/कार्यगत पदहरू सृजना गर्ने ।
- ने.रा.बैकले झै समावेशिताको लागि सरकारी नीतिको अनुशरण गर्दै खुला प्रंतियोगिताबाट निश्चित पदहरूमा भर्ना गर्ने र तत्पश्चात् आन्तरिक रुपमा जनशक्ति विकास गरिनु पर्ने ।
- १ देखि १२ तहसम्मको एकीकृत सोपान पनि कर्मचारीतन्त्रको लागि लागू गर्न सकिने ।
- बहालवाला सरकारी कर्मचारीहरूलाई उपयुक्त समायोजन गर्दै प्राधिकरणको सेवामा लानु पर्ने ।
- बजार दरको तलव/सुविधावारे अध्ययन गरी शुरु तलव र वृद्धि/अन्य सुविधावारे नीतिगत निर्णय लिइनु पर्ने ।
- प्राधिकरणभित्र आन्तरिक स्वायत्तता सहितको सेवा आयोग वा केन्द्रीय प्रशासनिक संगठन (Central Personnel Agency)/महाशाखा निर्माण गर्ने ।
- राजनीतिक हस्तक्षेपबाट बचाउन सेवा करार दिने (Service Contracts, Out-sourcing), बाहिरी निजी कम्पनीको सहयोग कर्मचारीको शुरु छनौटको लागि (Screening) लिने कार्यहरू गर्न सकिने ।
- चार्टर्ड एकाउन्टेन्ट/कर कानुन विज्ञहरू (Legal Counsels) को समूह बनाउने र सो समूहमा बजार दरमा बजारबाट निश्चित अवधिका लागि पारदर्शी रुपले विज्ञहरू नियुक्त गर्ने ।

- प्राधिकरण गठन गर्ने विषयमा बनाउनु पर्ने कानुनमा अन्य कुराहरूका अतिरिक्त दोश्रो र तेश्रो विकल्पमा उल्लेख गरिएका अन्तर्वस्तुहरू मध्ये सान्दर्भिक विषयवस्तु समावेश गर्ने र साथै प्राधिकरणको गठनको उद्देश्यहरू वारे स्पष्ट उल्लेख गर्ने ।
- अध्यक्ष (प्रमुख कार्यकारी) र उप-प्रमुख कार्यकारी, संचालक समितिमा गैर पदेन सदस्यहरूको नियुक्ति/छनौट प्रकृया, अधिकार र कार्यक्षेत्र, पद रिक्त हुने विधि, पारिश्रमिक र सेवा सुविधा, कर्मचारी संगठन सम्बन्धी व्यवस्था, आन्तरिक/वाह्य/अन्तिम लेखा परीक्षण, लेखा र बजेट व्यवस्था, विद्यमान कर कानुन (वोर्ड बनेमा सोको कानुन समेत) मा गर्नु पर्ने संशोधनको व्यवस्था (खासगरी प्राधिकरणको एकीकृत एजेन्सीको स्वरुप) जस्ता अवयवहरू पनि समेट्ने ।

## १३.४ आयोगको सुझाव

प्रस्तुत भएका चारवटा ढांचा मध्ये मुलुकमा प्रचलनमा रहेका प्राधिकरण, बोर्ड र सरकारी प्रशासनिक संरचनाहरूको कार्यकुशलता एवं कार्य निष्पादन अवस्था समेतलाई हेर्दा नेपालको लागि केन्द्रीय राजस्व संगठनको रुपमा पूर्णतया सरकारी पदाधिकारीहरू रहेको केन्द्रीय राजस्व बोर्डको गठन गरिनु पर्ने आयोगको सुझाव छ । यो वोर्ड राजस्व प्रशासन सम्वन्धी केन्द्रीय संगठनका रुपमा अर्थ मन्त्रालय अन्तरगत राखिनु पर्दछ । राजस्व बोर्ड एक छुट्टै ऐन अन्तरगत स्थापित गरिनु पर्दछ र यसलाई सीमित स्वायत्तता हुनु पर्दछ । यसको अध्यक्ष राजस्व सचिव हुनु पर्दछ र अध्यक्ष वाहेक तीन जना नेपाल सरकारको विशिष्ट श्रेणीका पदाधिकारी (कर सदस्य, भंसार सदस्य, गैर कर सदस्य) र एकजना कर विज्ञ रहनु पर्दछ । बाहिरवाट नियुक्त गरिने विषय विज्ञको छनौट गर्न अर्थ सचिव, राजस्व सचिव र एक जना विज्ञ भएको एक छनौट समिति रहनु उचित हुनेछ । विशिष्ट श्रेणीका व्यक्तिहरू बोर्डको सदस्य हुने व्यवस्था भएमा संवर्ग (Cadre) विकसित हुने र वृत्ति विकासको अवसर पनि उपलब्ध हुने हुंदा यस व्यवस्थाले उत्प्रेरणाको काम गर्ने छ । संसदमा राजस्वका विषयमा उठेका प्रश्नहरूको जवाफ दिने उत्तरदायित्व अर्थ मन्त्रीमार्फत् बोर्डको हुनुपर्दछ । अर्थ मन्त्रालयको स्वीकृति लिई मातहत निकाय/पदाधिकारीहरूलाई कार्य सम्पादनका आधारमा थप बजेट/प्रोत्साहन पारिश्रमिक दिन सक्ने अधिकार बोर्डलाई हुनु पर्दछ । बोर्ड अन्तरगत आन्तरिक राजस्व विभाग, भंसार विभाग, राजस्व अनुसन्धान विभाग, राजस्व प्रशासन तालिम केन्द्र तथा राजस्व परामर्श समिति रहनु पर्दछ । यस अन्तर्गतको कर्मचारी प्रशासनको हकमा नेपाल राजस्व सेवा गठन गर्नु वा राजपत्रांकित प्रथम श्रेणी सम्मको राजस्व समूह विस्तार गर्नु

पर्दछ । विभागीय प्रमुख सम्मका पदाधिकारीहरूको पदस्थापन, सरुवा र सुपरिवेक्षणको जिम्मेवारी वोर्डमा राखिनु पर्दछ ।

**सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

संचालक समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनु पर्दछ

- राजनीतिक र बाहिरी हस्तक्षेपबाट मुक्त स्वतन्त्र संगठन र उद्देश्यप्रति नतिजामूलक ढंगले समर्पित संगठनको रुपमा राजस्व प्रशासनको विकास गर्ने ।
- राजस्वका संगठनलाई नैतिकवान, भ्रष्टाचारप्रति शून्य सहनशीलता, सदाचारयुक्त छवि भएको संस्थाको रुपमा स्थापित गर्ने ।
- कर प्रणाली, पद्धति र प्रकृयाहरू, सूचना र संचारको प्रयोग तथा व्यवस्थापकीय क्षमताहरूमा सुधार ल्याई नेपालको कर संगठनलाई व्यापार सहजीकरण, तस्करी र अवैध व्यापार नियन्त्रण, अन्तर्राष्ट्रिय कर प्रणाली र प्रशासन संगत (Compatible), व्यापार लागतमा कटौती, अर्थतन्त्रको विकास, करदाताको भरोसाको केन्द्र र समुचित कर संकलनको भरपर्दो माध्यमको रुपमा विकास गरी संस्थागत रुपले स्थापित गर्ने ।
- सरकारलाई कानून बमोजिम प्राप्त हुनु पर्ने राजस्व संकलनको यथार्थताको अनुगमन गर्ने ।
- राजस्व नीति, संकलन एवं अनुगमन र राजस्व प्रशासनको नीतिगत/संस्थागत पक्षहरू तथा कर कानूनहरूका वारे बोर्डले अर्थमन्त्री र मन्त्रालयलाई वा अन्य सम्बद्ध पक्षलाई परामर्श दिने ।
- बोर्डका तर्फबाट अर्थमन्त्री, अर्थ मन्त्रालय, संसद् र संसदीय समितिहरूबाट उठेका प्रश्नहरू, संवैधानिक निकायहरू वा अदालत समक्ष उठेका प्रश्नहरूको सन्दर्भमा बोर्डका अध्यक्ष/कार्यकारी प्रमुखले दिएको जवाफका विषयमा बोर्डका अध्यक्ष/कार्यकारी प्रमुख (राजस्व सचिव) बाट जानकारी लिने र आवश्यक निर्देशन दिने ।
- राजस्वका कानूनहरू कुशल, प्रभावकारी एवं निष्पक्ष ढंगले कार्यान्वयन गराउने र कार्यान्वयको रेखदेख अनुगमन गर्ने ।
- स्वेच्छिक कर अनुपालनलाई उच्चतम स्तरसम्म (Highest Degree) प्रोत्साहित गर्ने ।

- राजस्व संकलनमा अभिवृद्धि गर्न आवश्यक हुने सबै खालका यत्न वा उपायहरू अबलम्बन गर्ने ।
- राजस्व चुहावट, छलि वा यस्तै किसिमका अन्य माध्यमबाट हुने छल वा चुहावट रोक्नका लागि आवश्यक सबै कदमहरू लिने ।
- करदाताहरूले पाउनु पर्ने सेवा सुविधा सुनिश्चित गर्ने ।
- कर प्रशासन र करदाताको लागत एवं समयलाई न्यूनतम स्तरमा ओराल्ने ।
- बोर्डको समग्र नीतिहरू –व्यवस्थापन नीति, कर्मचारी प्रशासन नीति, प्रविधि प्रयोग नीति, करदाता शिक्षा, सेवा र प्रचार प्रसार नीति, आदि तर्जुमा गरी सो अनुसार कार्यक्रम कार्यान्वयन गराउने ।
- बोर्डको आन्तरिक विनियमहरू पारित गर्ने ।
- बोर्डको कर्मचारीहरूको तलव, भत्ता, सुविधा र सेवा शर्त निर्धारण गर्ने ।
- बोर्डको बजेट पारित गर्ने ।
- बोर्डको आयव्यय विवरण र लेखाहरू लेखापरीक्षण गराउने र कैफियतहरूमा कारवाही गर्ने ।
- आन्तरिक कार्य परीक्षण (Internal Performance Audit) को व्यवस्था मिलाई बोर्डको काम कारवाहीमा कुनै चुहावट वा भ्रष्टाचार नहुने प्रभावकारी उपायहरू गर्ने ।
- बोर्डको सबै कर्मचारी र पदाधिकारीहरूले पालन गर्नुपर्ने आचार संहिता लागू गर्ने ।
- बोर्डले बहुमतद्वारा निर्णय गर्ने तर सरोकारवाला विभाग/निकायसंग सम्वद्ध विषयमा सो विभाग/निकायको मत लिने र सोवारे विमर्श गर्नु पर्ने । सम्बन्धित निकाय प्रमुखको राय र बहुमतको राय बाझेमा वोर्डको प्रमुख (राजस्व सचिव) को राय मान्य हुने ।
- कार्यकारी प्रमुख वा अन्य पदाधिकारीले कर्मचारीहरूको दैनिक काम कारवाहीमा हस्तक्षेप नगर्ने ।
- अन्य निकायहरूसंगको सम्पर्क सामान्यतया अर्थ मन्त्रालय मार्फत् बोर्डले गर्ने तर प्रत्यक्ष सरोकारका विषयमा वोर्डले र अन्य निकायले सोझै एक आपसमा सम्पर्क गर्न सक्ने ।

- राजस्वका कानून अन्तरगतका कार्यहरूको कार्यान्वयन क्रममा असल नियतले गरिएका कुनै पनि कार्यहरूको विषयमा बोर्डका अध्यक्ष एवं सदस्हरू देवानी वा फौजदारी कानूनको कार्यविधिप्रति व्यक्तिगत रुपमा जवाफदेही हुनु नपर्ने ।

**बोर्डका अध्यक्ष/कार्यकारी प्रमुख (राजस्व सचिव) को काम, कर्तव्य र अधिकार**

बोर्डका अध्यक्ष/कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनु पर्दछ :

- नेपाल सरकार, अर्थ मन्त्री तथा बोर्डको सञ्चालक समितिको सामान्य निर्देशनमा रही बोर्डको मुख्य व्यवस्थापकको रुपमा दैनिक प्रशासन सञ्चालन गर्ने ।
- सञ्चालक समितिको सदस्य सचिवको रुपमा सञ्चालक समितिलाई कार्य सञ्चालनका लागि सहयोग गर्ने ।
- कर सम्बन्धी प्रचलित कानूनहरू र बोर्ड गठन सम्बन्धी ऐनले दिएका प्रमुख कार्यकारीका अधिकारहरू प्रयोग गर्ने ।
- वोर्डभित्रको सर्वोच्च प्रशासकीय पदाधिकारीको रुपमा करदाताले विभागीय पुनरावलोकन, पुनरावेदन, पूर्वादेश एवं अन्य आदेशहरूको माग गर्दा सोको अन्तिम किनारा लगाउने समुचित व्यवस्थाका लागि पदाधिकारी तोक्ने ।
- मातहतका सबै पदाधिकारी, अधिकृत एवं इकाईहरूले गरेका काम कारवाही प्रति जिम्मेवार हुने ।
- बोर्डका तर्फबाट अर्थ मन्त्री, अर्थ मन्त्रालय, संसद् र संसदीय समितिहरूबाट उठेका प्रश्नहरू, संवैधानिक निकायहरू वा सम्मानित अदालत समक्ष उठेका प्रश्नहरूको प्रत्युत्तर दिने, प्रतिरक्षा गर्ने ।
- बोर्डको प्रमुख कार्यकारीको रुपमा समग्र व्यवस्थापन, कर्मचारी व्यवस्थापन, संस्थागत विकास, प्रविधि चयन र प्रयोग, करदाता सेवा, नेपाल सरकारद्वारा दिइएको लक्ष्य अनुसार राजस्व संकलन, आन्तरिक लेखापरीक्षण, कर संगठनको नैतिकवान, भ्रष्टाचारप्रति शून्य सहनशीलता, सदाचारयुक्त छवि निर्माण गर्ने अभिभारा एवं जनमानसमा बोर्डको दृष्टिकोण (Vision) र उद्देश्य (Mission) अनुसार पारदर्शिता, सेवा प्रभावकारिता, निष्पक्षता तथा समान न्याय प्रदान गर्ने संस्थाको छवि बनाउन सदैव समर्पित रहने ।

अध्याय

१४

# राजस्व सम्वन्धी कार्यगत रणनीति

## १४.१. भूमिका

आधुनिक कर प्रशासनले करदाताको स्थिति, आवश्यकता तथा व्यवहार अनुसार कार्य गर्न सक्नु पर्दछ । ठूला करदाताका कर सम्वन्धी एक किसिमका आवश्यकता हुन्छन् भने सानो करदाताका अर्कै खालका । हाल विभिन्न तहका करदाताका भिन्नाभिन्नै किसिमका आवश्यकतालाई सही किसिमले परिपालन गर्न करदाताको तह (Segment) अनुसार कार्यालयहरू खुल्ने प्रचलन छ। यसैगरी कर कानूनको पालना गरेर कर सम्वन्धी औपचारिकता राम्रोसंग निभाउने करदाताको लागि एक किसिमको प्रक्रिया अपनाउनु पर्छ भने कर कानूनको सही किसिमले पालना नगर्नेलाई अर्कै किसिमको प्रकिया लागू गर्नु पर्दछ। यस्तो नीति करदाता दर्ता हुंदा, कर फिर्ता गर्दा, कर परीक्षण गर्दा, वक्यौता असुल गर्दा लगायत कर सम्वन्धी सबै किसिमका कार्यगर्दा लागू गर्नु पर्दछ ।

कर प्रशासन कर सम्वन्धी कानून कार्यान्वयन गर्ने गराउने निकाय हो र आधुनिक कर प्रशासनको एउटा महत्वपूर्ण कार्य करदातामा स्वयं कर सहभागिता बढाउनु हो । यदि यसले कर कानूनको नियमित रुपमा पालना गर्ने र नगर्ने करदाताहरूलाई छुट्याएर व्यवहार गर्न नसकेमा इमान्दार करदाता दण्डित र वेइमान करदाता पुरुष्कृत हुन सक्छन् । यस्तो स्थितिमा कानूनको पालना गरी नियमित कर तिर्ने करदाता प्रतिस्पर्धात्मक हिसावले प्रतिकूल स्थितिमा पुग्छन र तिनीहरू विस्तारै असल करदाताबाट खराव करदातामा परिणत हुन बाध्य हुन सक्छन् । यस्तो स्थितिमा कर प्रशासनले न त करदातामा कर सहभागिता बढाउन सक्छ न त कानून अनुसार राजस्व संकलन नै । यस्तो स्थिति उत्पन्न नहोस् भन्नको लागि कर प्रशासनले नियमित रुपमा कानून सम्मत कर तिर्ने करदातालाई पुरुष्कृत र कर कानून पालना नगर्नेलाई दण्डित गर्ने वातावारण

सृजना गर्नु पर्दछ । यी कुराहरू करको दर्तादेखि कर वक्यौता संकलनसम्मका सम्पूर्ण कार्यहरू गर्दा लागू गर्नु पर्दछ ।

नेपालमा हाल कर सम्वन्धी औपचारिकताहरू कानूनसम्मत रुपमा समयमै पालना गर्ने र नगर्ने करदाताबीच कुनै विभेद नगरी सबैलाई एउटै तहमा राखिने गरेकोले त्यसवाट नियमित रुपमा कर तिर्ने करदाताहरू प्रतिस्पर्धात्मक हिसावले प्रतिकूल स्थितिमा पुग्ने गरेका भन्ने गुनासो आयोगलाई विभिन्न करदाताबाट प्राप्त भएको छ। यस सन्दर्भमा कर प्रशासनले उपयुक्त किसिमको कार्यगत रणनीति तय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्दछ भन्ने आयोगको सुझाव छ ।

## १४.२. कर दर्ता/दर्ता खारेजी सम्बन्धी रणनीति

कर प्रशासनले सबै सम्भावित करदाताहरूलाई करको दायरा भित्र ल्याउनु पर्दछ। यसको लागि एकातिर कर प्रशासनले कर दर्ताका बारेमा सम्भावित सबै करदातालाई जानकारी गराउनु पर्दछ भने अर्कोतर्फ कर प्रशासनले नियमित रुपमा व्यापार व्यवसाय गर्नेको समय समयमा सर्वेक्षण गर्नुपर्दछ । करको दायरामा नआएका संभावित करदाताहरू पहिचान गर्न नियमित रुपमा तेश्रो पक्षबाट प्राप्त हुने सूचनाहरूको प्रयोग गर्नुपर्दछ । दर्ता हुनुपर्ने कुनै करदाता आंफै दर्ता हुन नआएको अवस्थामा कर प्रशासनले सूचना जारी गरी आफै दर्ता गर्न सक्ने व्यवस्थालाई पनि कार्यान्वयन गर्नु पर्दछ ।

स्वेच्छिक सहभागिताको स्तर उकास्नको लागि करमा दर्ता र दर्ता खारेजी सम्बन्धी व्यवस्था सहज र सरल हुन आवश्यक छ । खासगरेर मूल्य अभिवृद्धि करमा गलत नियतले दर्ता हुन खोज्ने व्यक्तिलाई रोक्न दर्ताको क्रममा करदाताको बारेमा, पर्याप्त छानबिन (Know Your Taxpayer) गर्न भने जरुरी हुन्छ। नेपालमा हाल दर्ताको लागि निवेदन दिने साना तथा ठूला सबै करदाताहरूलाई समान व्यवहार गरिन्छ र एउटै प्रकृया अवलम्बन गर्ने गरिन्छ। यसले गर्दा मूल्य अभिवृद्धि करमा स्वेच्छाले दर्ता हुनेको संख्या अनिवार्य रुपमा दर्ता हुनेको भन्दा बढी छ र त्यसले दर्ता पश्चात विभिन्न समस्या सृजना गरेको छ । यसर्थ साना तथा ठूला व्यवसायीहरूलाई मूल्य अभिवृद्धि करमा दर्ता गर्दा देहाय अनुसारको प्रकृया अवलम्बन गर्न आवश्यक देखिन्छ :

**ठूला व्यवसाय** : ठूलो व्यवसायको दर्ता प्रकृया प्रायशः स्वचालित हुनुपर्छ ।

**साना व्यवसाय** : सानो व्यवसाय, विशेषगरी स्वेच्छिक रुपले दर्ता हुन खोज्ने करदाता दर्ता गर्दा निम्नानुसारका पक्षहरूमा विशेष ध्यान दिन आवश्यक देखिन्छ :

- दर्ता फारामा सही र पूर्णरुपले विवरण भरिएको छ छैन, यकिन गर्ने ।
- दर्ता फारामसंग संलग्न गर्नुपर्ने आवश्यक सबै कागजातहरू संलग्न छन् छैनन् यकिन गर्ने ।
- निवेदकसंग संक्षिप्त अन्तर्वार्ता लिने ।
- आन्तरिक तथा बाह्य तथ्यांकको छानबिन गर्ने ।
- दर्ताको समयमा निवेदकको टेलिफोन नम्वर जांच गर्ने ।
- निवेदकको कारोबार परिसरको भ्रमण गर्ने ।
- कारोबार भाडाको घरजग्गामा संचालन गर्ने भएमा घर/जग्गाधनीसंगको बहाल सम्झौताको प्रतिलिपि माग गर्ने ।
- दर्ता फाराममा करदाताले आफ्नो पति वा पत्नीको नाम उल्लेख गर्नु पर्ने ।
- करदाताले वित्तीय कारोवार गर्ने बैक तथा वित्तिय संस्थाको नाम उल्लेख गर्ने ।

स्वेच्छिक सहभागिताको स्तर उकास्नको लागि दर्ता खारेजी प्रक्रिया पनि छिटो छरितो र झंझट रहित हुनु पर्दछ । दर्ता खारेजीको लागि निवेदन परेको मितिले निश्चित अवधिभित्र र निश्चित गर्न नसकिने अवस्थामा स्वतः दर्ता खारेज गरिसक्नुपर्ने व्यवस्था गरिनु पर्दछ । दर्ता खारेज गर्नको लागि निवेदन परेमा त्यसको कर परीक्षण गरिनु पर्दछ र कुनै तिर्नु पर्ने रकम बांकि भए सो पनि असुल गरिनु पर्दछ । यसै गरी व्यवसाय दर्ता गरेको शुरु निकायमा आफ्नो दर्ता खारेजी गरेको वा दर्ता गर्ने ऐनको पालना नगरेको कारणबाट दर्ता गर्ने निकायले व्यवसाय खारेज गरेमा दर्ता खारेजको प्रक्रिया अवलम्वन गर्नु पर्दछ । कर प्रशासनबाटै दर्ता खारेज प्रक्रिया शुरु गरिएको करदाताको हकमा दर्ता खारेज भएपनि निजले तिर्नुपर्ने बक्यौता रकम तिर्नु पर्ने दायित्वबाट सो करदाता मुक्त हुंदैन । त्यस्तो करदाता पत्ता लागेमा निजबाट कर प्रशासनले व्याज सहित बक्यौता रकम असुल गर्नु पर्दछ ।

दर्ता सम्बन्धी तथ्यांक आधार/अभिलेख सामयिक र नियमित रुपमा अद्यावधिक गर्न आवश्यक छ । निस्कृय करदाताहरू दर्ता अभिलेखबाट हटाइनु पर्दछ । मूल्य अभिवृद्धि कर अन्तरर्गत विगत १२ महिनाको अवधिमा कर विवरण पेश नगर्ने करदाताहरूको दर्ता खारेजी गर्नुपर्दछ । यसरी दर्ता खारेज गरिएका करदाताहरूको स्थायी लेखा नम्वर, नाम र ठेगना सहितको विवरण भन्सार कार्यालयहरूमा पठाउनुको साथै पत्रपत्रिकाहरूमा समेत प्रकाशित गरिनुपर्दछ ।

## १४.३. कर फिर्ता सम्बन्धी रणनीति

कर फिर्ता आधुनिक कर प्रशासनको महत्वपूर्ण पक्ष हो र यो आधुनिक कर प्रशासन कति सफल वा प्रभावकारी छ भनेर मापन गर्ने आधार पनि हो । खासगरी मूल्य अभिवृद्धि कर प्रणाली कति सफल वा असफल छ भनेर जाच्ने एउटा पक्ष कर फिर्ता सम्बन्धी व्यवस्थाको कार्यान्वयनको स्थिति पनि एक हो । कर फिर्ता प्रकृया राजस्व जोखिममा आधारित हुनुपर्दछ । प्रत्येक कर फिर्ता दावीको अर्थपूर्ण तरिकाले जांच परीक्षण गर्न न त वाञ्छनीय हुन्छ, न त सम्भव नै । कम जोखिमयुक्त कर फिर्ता दावीलाई तत्काल फिर्ता प्रकृयामा लैजानु पर्दछ । केही देशहरूमा करदाताको कर सहभागिता सम्वन्धी इतिहास, लेखा पालन र विगतको कर परीक्षण अभिलेखको आधारमा करदाताहरूलाई अति उत्तम, उत्तम, सामान्य, र जोखिमपूर्ण वर्गमा वर्गीकरण गर्ने प्रचलन र अभ्यास गरेको पाईन्छ । उच्च कर सहभागिता भएका करदाताहरूलाई अति उत्तम र उत्तम तहमा वर्गीकरण गरी यस्ता करदाताहरूबाट भएको कर फिर्ता दावीको कर परीक्षण समेत नगरी कर फिर्ता प्रकृयामा लैजाने गरिन्छ जसले गर्दा कर प्रशासनले बढी राजस्व जोखिम भएका करदाताबाट दावी भएको कर फिर्ताको जांच तथा परीक्षणमा बढी ध्यान केन्द्रीत गर्न सक्छ । उच्च राजस्व जोखिमयुक्त कर फिर्ता दावी र नयां व्यवसाय शुरु गरेको करदाताबाट पहिलो पटक दावी भएको कर फिर्ता दावीको मात्र कर फिर्ता पूर्व जांच वा परीक्षण गर्ने र कर फिर्ता गरिएका मध्ये केही करदाताहरूलाई छनौट गरी कर फिर्ता पछिको जांच वा परीक्षण गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहेको छ ।

नेपालमा हाल कारोवारको हिसावले ठूला साना तथा कर सहभागिता राम्रो वा नराम्रो भएका सबै किसिमका करदाताको कर फिर्ताको कर परीक्षण गर्ने प्रचलन छ । यसैगरी कर फिर्ताको लागि माग गर्ने करदातालाई आपूर्ति गर्ने करदाताले कर तिरे नतिरेको हेर्ने र यदि निज करदाताको आापूर्तिकर्ताले कर नतिरेको भएमा फिर्ताको लागि माग गर्ने करदाताको कर फिर्ता नहुने गरेको भन्ने करदाताको गुनासो छ । यस किसिमको व्यवस्था मूल्य अभिवृद्धि करको सामान्य सिद्धान्त विपरित भएकोले यसलाई अन्त्य गरिनु पर्दछ भन्ने आयोगको सुझाव छ ।

नेपालमा खास गरेर निकासीकर्तालाई मूल्य अभिवृद्धि कर फिर्ता दिने सन्दर्भमा कम्तिमा तीन वर्षदेखि नियमित रुपमा निकासी गरिरहेका र राम्रो कर सहभागिता रहेका करदाताहरूलाई अति उत्तम करदाताको तहमा वर्गीकरण गरी उनीहरूबाट दावी भएको कर फिर्तालाई तत्कालै प्रकृयामा राखी तुरुन्त कर फिर्ता दिने अभ्यास गर्नु पर्दछ । त्यसैगरि, कम्तिमा एक वर्षदेखि नियमित रुपमा निकासी गरिरहेका र राम्रो कर

सहभागिता रहेका करदाताहरूलाई उत्तम करदाताको तहमा वर्गीकरण गरी उनीहरूबाट दावी भएको कर फिर्तालाई तत्काल प्रकृयामा राखी शीघ्र कर फिर्ता दिने अभ्यास गर्नु पर्दछ । यस्ता करदाताको कर फिर्ता पूर्व कुनै जांच वा परीक्षण नगरिए पनि यिनीहरू मध्ये केहीलाई केही निश्चित सूचकहरूको आधारमा वा अन्य कुनै आधारमा छनौट गरी कर फिर्ता पछिको जांच वा परीक्षण गर्ने व्यवस्था गरिनु पर्दछ । यी बाहेक अन्य करदाताहरूबाट दावी भएको कर फिर्ताको सम्बन्धमा भने कर फिर्ता पूर्व नै आवश्यक जांच वा परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विदेशी लगानीमा स्थापना भएको उद्योग तथा अन्य व्यवसायमा लगानी गर्ने मातृसंस्था (Parent organization) ले आफ्नो वित्तीय विवरणमा नियन्त्रित निकायको समेत वित्तीय विवरण समावेश गर्नु पर्ने हुन्छ । यस अवस्थामा कतिपय देशहरूले लिनु पर्ने रकम (Account receivable) निश्चित अवधिभित्र प्राप्त नभएमा आसामी अपलेखन गर्नु पर्ने कानूनी व्यवस्था गरेकोले कर फिर्ता रकम समेत लिनु पर्ने रकमभित्र पर्ने र सो समयमा फिर्ता नभएमा अपलेखन गर्नु पर्ने हुंदा सोको कारणबाट लगानी गर्ने निकायको वित्तीय विवरणमा नकारात्मक असर पर्ने भएकोले लगानीमा समेत असर पर्ने हुंदा यस्तो व्यक्तिको कर फिर्ता द्रुत माध्यमबाट गर्ने व्यवस्था कायम गर्नु पर्ने हुन्छ ।

## १४.४ कर परीक्षण सम्वन्धी रणनीति

स्वयं कर निर्धारण सिद्धान्तमा आधारित आधुनिक कर प्रणालीमा करदाताहरूको कर सहभागिता अभिवृद्धि गर्ने एउटा महत्वपूर्ण औजार कर परीक्षण हो । कर परीक्षणले करदातालाई आफ्नो कर दायित्व सही र यथार्थपरक रुपमा निर्धारण गर्न सजग मात्र गराउंदैन यसले उनीहरूलाई समयमै कर तिर्न अभ्यस्त पनि गराउंदछ । कर प्रशासनसंग हरेक करदाताको कर परीक्षण गर्ने साधन र स्रोत हुंदैन भन्ने कुरा भने बिर्सनु हुदैन । साथै, साना करदाताको कर परीक्षण त्यति लागत प्रभावी पनि नहुन सक्छ । तसर्थ कर परीक्षण कार्यलाई लागत प्रभावी बनाउन उपयुक्त कर परीक्षण रणनीति र जोखिममा आधारित छनौट विधि अवलम्बन गर्न आवश्यक हुन्छ र राजस्व जोखिमको आधारमा छनौट गरिएका करदाताको कर परीक्षण हुनुपर्दछ । भन्सार जांपास परीक्षण कार्यालय र ठूला करदाता कार्यालयले संयुक्तरुपमा कर परीक्षण गर्दा अझ प्रभावकारी हुने हुंदा संयुक्त कर परीक्षण गर्ने कार्यलाई प्राथमिकता दिन आवश्यक छ । कर परीक्षण कार्यलाई अंक गणीतीय जांच भिडान भन्दा गुमेको वा छलिएको राजस्व असूल उपर गर्न कर प्रशासन द्वारा संचालन गरिने भिन्न कार्यको रुपमा बुझिनु पर्छ ।

आन्तरिक राजस्व प्रशासनमा मूल्य अभिवृद्धि कर कट्टीको परिमाण बढ्दै गएको विषय ज्यादै चुनौतिपूर्ण हुदै आएको छ । यसलाई रोक्न वा घटाउनका लागि कर परीक्षण कार्यको मूल ध्यान अत्यधिक रुपमा रहेको मिलान गर्न बांकी क्रेडिट रकमको समस्या सम्बोधन गर्नमा केन्द्रीत हुनु आवश्यक छ। कर परीक्षणको क्रममा व्यक्तिगत प्रयोगको लागि खरिद भएका वा सेवा तथा कर छुट भएको कारोबारसंग सम्बन्धित कर कट्टी दावी भए नभएको, आंशिक वा समानुपातिक रुपले क्रेडिट दावी गर्नुपर्ने वस्तु वा सेवा खरिदमा तिरेको कर पूरै क्रेडिट दावी गरे नगरेको, कर कट्टी दावी गर्न नमिल्ने भनी भनिएको खरिदको कर कट्टी दावी भए नभएको तथा झुट्टा बिजकको प्रयोग गरी कर कट्टी दावी भए नभएको, एउटै बिजकबाट दोहोराई तेहराई कर कट्टी दावी भए नभएको एवम् करदाताले देखाएको कारोवारबाट व्यवसायको निरन्तरतालाई पुष्टि गर्छ वा गर्दैन जस्ता पक्षहरूमा विशेष ध्यान दिई जांच तथा परीक्षण गरिनु पर्दछ ।

हरेक करदाताको क्रेडिट अवस्थाको पुनरावलोकन गर्न न त सम्भव छ न त आवश्यक नै । त्यसैले, कुन करदाताको क्रेडिट अवस्थाको पुनरावलोकन गर्ने र कुन करदाताको नगर्ने सम्बन्धमा एउटा निश्चित मापदण्डको प्रयोग गर्न आवश्यक छ। यस्तो व्यवस्था र अभ्यासले नमिलेका विवरणहरूलाई हटाउन र ठूला क्रेडिटहरूको पुनरावलोकन गर्न सहयोग पुग्छ। निश्चित व्यवसाय वा उद्योगको परीक्षण कार्य शुरु गर्न सकिन्छ। तीन चार महिनाको गहन पुनरावलोकनबाट करदातामा व्यापक स्तरको कर छलीको प्रवृत्ति विद्यमान रहे नरहेको थाहा पाउन सकिन्छ । यस्तो कार्यबाट विवरण बुझाइरहेका करदाताहरूलाई नियमसंगत रुपमा अघि बढ्न अभिप्रेरित गर्दछ र कर प्रशासनले आफ्नो ध्यान बढी जटिल प्रकृतिका मुद्दाहरूमा संकेन्द्रीत गर्ने मौका पाउंछ। कर छली गरिरहेका केही करदाताहरू उपरको कारबाहीले अरु करदाताहरूलाई नियमित प्रकृयामा फर्की कर सहभागिता वृद्धि गर्न उत्प्रेरित गर्दछ ।

खासगरी ठूला करदाता कार्यालयमा दर्ता भएका हरेक करदाताको प्रत्येक वर्ष कर परीक्षण गर्नु पर्ने मानसिकताले कर परीक्षणलाई केवल औपचारिकतामा सीमित राखेको छ र यसले कर परीक्षणबाट राजस्व संकलन तथा करदाताको कर सहभागितामा पर्नुपर्ने प्रभाव परको छैन। यसरी हरेक करदाताको कर परीक्षण गर्ने प्रचलन स्वयं कर निर्धारणको सिद्धान्त विपरित छ र यसबाट कर कार्यालयले प्रत्येक वर्ष हरेक करदाताको कर निर्धारण गर्नु पर्ने व्यवस्था (Official Assessment System) को पुनरावृत्ति भएको आभाश दिन्छ । यो व्यवस्था आधुनिक कर प्रणालीसंग मेल खादैन र यसको अन्त्य गरिनु पर्दछ ।

हालको कर परीक्षण मूलतः पूर्ण कर परीक्षणको रुपमा मात्र हुँदै आएको छ । कुनै करदाताले कुनै आय वर्षमा आयमा समावेश गर्नु पर्ने आयलाई समावेश नगरेको तथा खर्चको रुपमा दावी गर्न नपाउने दावी गरेको कारणबाट घटी स्वयंकर निर्धारण हुन गएको करदाताको कार्यालयबाट कर लेखापरीक्षणबाट पत्ता लागेको र सो विषयसंग करदाता समेत सहमत भएको अवस्थामा सोही बुंदामा मात्र आंशिक कर परीक्षण गर्ने विधि अपनाउनु पर्दछ । यस्ले गर्दा कम दाखिला भएको कर रकम तुरुन्तै प्राप्त हुने र सो पछिका आय वर्षहरूमा करदाताको कर सहभागिता (Tax Compliance) अझ राम्रो हुने संभावना छ ।

## १४.५ कर संकलन सम्बन्धी रणनीति

कर बक्यौता रकम समयमा नै असूलउपर गर्न एउटा उपयुक्त संकलन रणनीतिको आवश्यकता पर्दछ । संकलन गरिनु पर्ने कर रकम, कारोवार बन्द गरिनु पर्ने बक्यौता राख्ने करदाताको संख्या र घटाईनुपर्ने बक्यौता कर रकमको प्रतिशतको एउटा निश्चित लक्ष्य तोकिनु पर्दछ। साना ठूला सबै बक्यौता रकम पूर्ण रुपले असूल गर्ने साधन र स्रोत कर प्रशासनसंग छैन भन्ने कुरा बिर्सनु हुदैन र स-साना बक्यौता रकम असूलीमा बढी समय र स्रोत साधन खर्चिनु लागत प्रभावी पनि हुदैन। संकलन सम्बन्धमा लागत–लाभ (Cost Effective) पक्ष र संकलन सम्बन्धी कारवाही शुरु गर्नु पूर्व असूली हुने सम्भावित कर रकमतर्फ पनि ध्यान दिनु महत्वपूर्ण हुन्छ । प्रभावकारी र दक्षतापूर्वक बक्यौता राजस्व रकम संकलन गर्न देहायका उपायहरू अवलम्बन गरिनु पर्दछ :

- वक्यौताको आकार, अवधि र क्षेत्रका आधारमा कर मागको जोखिम विवरण (Tax Demand Risk Profiling) तयार गर्ने। यस्तो विवरणको आधारमा बढी जोखिमयुक्त करदाताहरू पहिचान गरी वक्यौता असूलीको रणनीति तयार गर्ने । उदाहरणका लागि यसमा टाट पल्टिन सक्ने सम्भावना भएका, ठूलो कारोवार भएका र ठूलो वक्यौता रहेका व्यवसायीहरू, संयुक्त उपक्रम (Joint Venture) का व्यवसायीहरू, अस्थायी रुपमा दर्ता भएका वा भागी जाने सम्भावना भएका व्यवसायीहरू, आदि पर्न सक्दछन् ।
- वक्यौताका सम्बन्धमा अग्रिम कारवाही (Preemptive Action) गर्न सम्भव तुल्याउन र तिनबाट सरकारको राजस्व मर्न नदिन माथि उल्लेखित मागको जोखिम विवरण (Tax Demand Risk Profiling) का आधारमा यथाशक्य छिटो कर नतिर्ने

करदाताको पहिचान गर्ने । यसका लागि एक उपयुक्त संचालन प्रकृया (Standard Operating Procedure) को विकास गरी लागू गर्ने ।

- करदाताको नाम, रकम र कार्यालय खुल्ने गरी बक्यौता करको विवरण तयार गर्ने ।
- रकम अनुसार कर बक्यौताको प्राथमिकीकरण गर्ने/घट्दो क्रममा बक्यौता करको विवरण तयार गर्ने ।
- असूली गर्न सकिने सम्भावना बढी भएका ताजा र विवाद रहित बक्यौताको पहिचान गर्ने,।
- बढी पुरानो, विवादित र स–सानो बक्यौता रकमलाई कम प्राथमिकता दिने ।
- करदातालाई समयमा नै उनीहरूको बक्यौता कर दायित्वको सूचना दिन विविध माध्यमहरू जस्तैः टेलिफोन, इ–मेल, एस.एम.एस., पत्राचार, करदाताको कारोवार स्थलको भ्रमण, आदिलाई अवलम्बन गर्ने ।
- संकलन गर्नै नसकिने बक्यौताको वर्गीकरण गर्ने र त्यसको अनुगमन गरिरहने ।
- केही निश्चित रकम र अवधिसम्मका बक्यौताको आय कर ऐन, २०५८ को दफा ११२ को व्यवस्था अनुसार अपलेखन गरी फरफारक गर्न सक्ने अधिकार जोखिमका आधारमा विभिन्न तहका अधिकृतहरूलाई प्रदान गर्ने । जस्तै–

  (क) ज्यादै पुरानो हुनुका अतिरिक्त करदाताको विवरण सम्बन्धि कुनै अभिलेख पनि नभएका र फेला पार्न पनि नसकी बेपत्ता ठहरिएका, माग मिति र लेखा नम्बर केही पनि उल्लेख नभएका वक्यौताहरू मिन्हा वा अपलेखन गर्ने,

  (ख) संख्याका आधारमा धेरै देखिएका तर रकमका आधारमा साना रहेका जुन असूल गर्न बढी श्रम र लागत लाग्ने देखिएका वक्यौताहरू मिन्हा वा अपलेखन गर्ने,

  (ग) माथि उल्लेख भएका वक्यौता मध्ये पनि निश्चित अवधि र निश्चित सीमासम्मको रकमलाई मिन्हा वा अपलेखन गर्ने,

  (घ) शुरुमा करमा दर्ता भएका तर पछि आर्थिक ऐनको प्रावधानबाट छुटमा परेका र विवरण दाखिला गर्नुपर्ने दायित्व भित्र नपरेका र सरकारले प्रदान गरेको यो सुविधा वमोजिम दर्ता खारेज नगराएको कारणबाट कम्प्युटर प्रणालीबाट स्वचालित रुपमा प्रवाहित वा थपिन गएका वक्यौताहरू सम्पूर्ण रुपमा मिन्हा वा अपलेखन गर्ने,

- संकलन सम्बन्धी मुद्दाहरूको आधारमा केही करदाताहरूको आवश्यकता अनुसार कर परीक्षण तथा अनुसन्धानको लागि सिफारिस गर्ने ।
- संकलन सम्बन्धमा अपनाईएका र अवलम्बन गरिएका कार्यहरूको क्रमबद्ध अभिलेख राख्ने ।
- कर्मचारीहरूलाई कार्य सम्पादनका आधारमा उपलब्ध गराउंदै आएको प्रोत्साहन भत्ता प्राप्तिका लागि कर लेखापरीक्षणको निष्पादन र त्यसबाट सृजना हुने करको थप मांगलाई पनि एउटा सूचकको रुपमा लिइएको कारणले कर प्रशासकले मनोगत ढंगबाट कर निर्धारण गर्नाले ठूल्ठूला बक्यौताहरू रहन गएको पाइन्छ। त्यसैले यस्तो प्रोत्साहन भत्ता त्यसरी कर निर्धारण भै कर रकम समेत संकलन भएको अवस्थामा मात्र पाउने गरी सूचकमा परिमार्जन गर्ने,
- यथासमयमा नै बक्यौता तिर्ने बानी र व्यवहारको विकास गर्नका लागि निश्चित अवधि पछिको बक्यौताको व्याज र जरीवानाको रकममा मुद्रास्फीति दर समेत समायोजन हुने गरी कर कानूनमा आवश्यक व्यवस्था गर्ने,

कर बक्यौता असूलीका सम्बन्धमा देहायका विभिन्न कार्यात्मक र कानूनी उपायहरूको अवलम्बन गर्ने:

- कर बक्यौता राख्ने/राखेका करदाताले कर प्रशासनसंग लिन बांकी कुनै रकम भएमा त्यस्तो रकमलाई बक्यौता रकममा मिलान गर्ने ।
- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताले सरकारी निकायसंग लिनुपर्ने कुनै रकम भएमा त्यस्तो रकम सिधै प्राप्त गर्ने ।
- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताको बैंकमा रहेको रकम वा कुनै व्यक्तिसंग लिनुपर्ने रकम प्राप्त गरी कर बक्यौता असूलउपर गर्ने ।
- निश्चित अवधि वा रकम भन्दा बढी बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताको कालोसूचि तयार गरी सो आधारमा व्यावसायिक क्रियाकलापमा भाग लिन वा सन्चालन गर्न रोक लगाउने गरी कर कानूनमा व्यवस्था गर्ने, जस्तै–
  - आयात/निर्यात सम्बन्धी कारोबारमा प्रतिबन्ध लगाउने,
  - सरकारी ठेक्कापट्टामा भाग लिन अयोग्य घोषित गर्ने ।
  - व्यापार व्यवसाय बन्द गर्ने

- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदातालाई सरकारी निकायहरूबाट प्रदान हुने विद्युत, टेलिफोन, सवारी चालक इजाजतपत्र आदि विभिन्न सेवा सुविधाहरूप्राप्त गर्न अयोग्य घोषित गर्ने ।

- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताको नाम पत्रपत्रिका, रेडियो, टेलिभिजन, आदि सार्वजनिक संचारका साधनहरूमा प्रकाशन र प्रशासण गर्ने ।

- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताका ग्राहकहरूलाई यस्ता करदातासंग कारोबार नगर्न उत्प्रेरित गर्न निजको कर बक्यौताको बारेमा सूचित गर्ने ।

- कर बक्यौता राख्ने/राखेका वा कर नतिर्ने करदाताको सम्पत्ति कब्जा गर्ने र यसरी कब्जा गरिएको सम्पत्ति लिलाम गरी बक्यौता कर असूलउपर गर्ने ।

- नियतवश कर वक्यौता राख्ने करदातालाई कालोसूचिमा राख्ने र यस्तो व्यक्तिले राज्यबाट प्राप्त गर्ने सुविधा वा सम्मान नपाउने र सार्वजनिक समारोहमा सहभागी हुन निषेध गर्ने व्यवस्था गर्ने ।

- सरकारले गर्ने दोहोरो कर मुक्ति सम्झौताको Exchange of Information तथा Cooperation on Collection of Tax Article मा आय कर वाहेक अन्य करलाई समेत समावेस गरी सम्झौता गर्ने नयाँ Model प्रचलनमा आएकोले कर वक्यौता राखी अर्को संविदाकारी देशमा बसेको छ भने Competent Authority को बीचमा सूचना आदान प्रदान गरी कर वकयौता असुलि गर्ने ।

## १४.६ करदाता सेवा सम्वन्धी रणनीति

करदाताले निजी क्षेत्रका संघ संस्थाहरूबाट पाए जस्तै सार्वजनिक संघ संस्थाबाट समेत समानस्तरका सेवाको आशा राख्न थालेका छन् । करदाताहरू बढ्दो रुपमा नयाँ प्रविधि प्रयोग गर्न सहज मानीरहेका छन् तथा उनीहरू सूचना प्राप्त गर्न तथा सरकारी निकायहरूसित अन्तरक्रिया गर्न सहज, सक्षम र प्रभावकारी माध्यमहरूको खोजीमा छन् । करदाताहरूको माग पूरा गर्न प्रशासनिक कर्मचारीहरूले करदातालाई कर प्रशासनका लागि ग्राहक जस्तो अत्यन्त महत्वपूर्ण व्यक्तिको रुपमा हेर्नुपर्ने अवधारणा अँगाल्नुपर्छ । प्रभावकारी करदाता सेवा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्नका लागि तल दिएबमोजिमका रणनीति अख्तियार गर्नु पर्दछ ।

### १४.६.१ लक्षित समूह पहिचान गर्नु

सेवा उपलब्ध गराउनका लागि ग्राहक खण्डीकरण (Segmentation) को दृष्टिकोण बढ्दो रुपमा महत्वपूर्ण भएको छ तथा करदाताहरूलाई समधर्मी समूहका रुपमा व्यवहार गर्न नसकिने कुरामा संसारका कर प्रशासक माझ समझदारी वृद्धि हुँदै गएको छ ।

- कर प्रशासनले सेवा उपलब्ध वा प्राप्त गराउने बिन्दुबारे विचार विमर्श पश्चात् लक्ष्यित करदाताहरूको पहिचान गरी करदाता सेवा रणनीति निर्माणको शुरुवात गर्नु पर्दछ ।
- करदाताहरूलाई उनीहरूको साझा आचरण (जस्तै, साना, मध्यम तथा ठूला करदाताहरू) का आधारमा समूह वा खण्डमा वर्गीकरण गर्नु पर्दछ ।
- कर प्रशासनले विभिन्न वर्गका करदाताहरूको प्राथमिकता निर्धारण गर्नुपर्दछ ।
- कर परामर्शदाताहरू, करका कागजात मिलाइ दिन सहयोग गर्नेहरू तथा करदाता सेवा परिपालन सहजीकरणमा संलग्न अन्य तेश्रो पक्षका आश्यकताहरूका बारे समेत विचार गर्नुपर्दछ ।

### १४.६.२ करदाताको दृष्टिकोणबाट करदाताहरूको चाहना निर्धारण गर्नु

यसको उद्देश्य सेवा माग गर्नुको मूल कारण बारे करदाताको धारणा बुझ्नु रहेको छ । अति प्रभावकारी र कम लागतका उपायहरू पहिचान गरी प्रस्तुत मामिला वा समस्या सम्बोधन गर्नका लागि कर प्रशासनले सुरक्षित सूचना प्रयोग गर्दै माग कम गर्ने रणनीति निर्माण गर्नु पर्दछ ।

- करदाताहरू के उद्देश्य राख्दछन्, उनीहरूलाई अन्तर्वार्ता, सर्भे, सामूहिक छलफल (Focus Group Discussion) मार्फत सोबारे प्रश्न गरी सो कुराको कर प्रशासनले निर्धारण गर्नु पर्दछ ।
- करदाता सेवा तथा अन्य परिपालन सम्बन्धी विषयका बारेमा करदाताको दृष्टिकोण बुझ्न वा अनुगमन गर्न आवधिक सर्भे गरी करदाता सेवालाई सुधार गर्नु पर्दछ ।
- नयाँ सेवा वा कार्यविधि कार्यान्वयन गर्नु अगाडि कर प्रशासनले सामूहिक छलफल, सर्भे तथा अन्य प्रकृतिका पृष्ठपोषण (Feedback) विधि प्रयोग गर्नुपर्छ । करदाताहरू माथिको बोझ कम गर्न यी कार्यहरूलाई अन्य योजनाबद्ध क्रियाकलापहरूसँग समन्वित गरिनु पर्दछ ।

- सेवा मागको प्रकार, आयतन आदि दर्शाउने खालका आन्तरिक रुपमा संकलित तथ्यांकको प्रवृत्ति मूल्यांकनद्वारा सेवाको उपलब्धता वा प्रतिपादनलाई वृद्धि गर्नुपर्छ।
- कर प्रशासन कुनै पनि सर्भे, सामूहिक छलफल आदि मार्फत प्राप्त सुझावहरू प्राप्त गर्न चाहन्छ र त्यस्ता सुझावहरूलाई अगाडी बढाउन त्यत्तिकै सक्षम छ भन्ने तर्फ समेत कर प्रशासनले विचार गर्नुपर्छ।
- यदि कार्य सम्पादन प्रतिपादनमा सुधार गर्नुछ भने प्राथमिकताका आधारमा करदाताबाट प्राप्त हुने सुझावहरू मध्ये कुन चाहिंले राजस्व, खर्च, जनविश्वास वा परिपालनमा बढी प्रभाव पार्छ भन्ने कुरा निर्धारण गर्नुपर्छ।

## १४.६.३. करदाता सेवालाई सहयोगी संगठनात्मक संस्कृतिको रुपमा विकास गर्नु

कर प्रशासनको उद्देश्य स्पष्ट पार्न र करदातालाई सूचित गर्ने काममा सहयोग गर्न करदाता पृष्ठपोषणबाट (Feedback) संकलित सूचना प्रयोग गरेर कर प्रशासनले करदाता केन्द्रीत दूरदृष्टि र लक्ष्य निर्धारण गर्नुपर्छ। लक्ष्य र दूरदृष्टि कर प्रशासन भित्रका प्रत्येक कर्मचारीले बुझ्नु पर्दछ र तिनीहरूको बीचमा सहभाजित (Shared) गरिनु पर्दछ।

- कर प्रशासनको मुख्य कार्य राजस्व संकलन गर्नु हो। तसर्थ कर प्रशासनबाट सञ्चालित प्रत्येक क्रियाकलाप राजस्व संकलन वृद्धि गर्ने अन्तिम लक्ष्य पूरा गर्ने कार्यलाई अगाडि बढाउने किसिमको हुनुपर्छ। त्यस्तै, राजस्व संकलनको तरिका स्वच्छ, व्यवसायिक तथा सम्मानजनक हुनुपर्छ।
- कर प्रशासनका उद्देश्य प्राप्त गर्न दुईवटा मुख्य आवश्यक तत्वहरू, राजस्व तथा सेवालाई कर प्रशासनको दूरदृष्टि तथा लक्ष्यले स्पष्ट रुपमा सम्बोधन गर्नुपर्छ।
- कर प्रशासन करदाताहरूलाई सेवा उपलब्ध गराउने प्रकृया, दूरदृष्टि तथा लक्ष्यमा निरन्तर रुपमा देखिनुपर्छ र सुधारलाई एकीकृत गर्न विद्यमान अभ्यासमा परिवर्तन गर्ने इच्छा राख्नुपर्छ।

## १४.६.४ बाह्य सरोकारवालाहरूमा केन्द्रीत रही रणनीतिक सेवा अवधारणाको कार्यान्वयन गर्नु

बाह्य सरोकारवालाहरूमा केन्द्रीत रणनीतिक सेवा अवधारणाले कर प्रशासनले कसरी करदाता सेवाको ढाँचा तयार गर्छ, बजारीकरण गर्छ तथा सेवा उपलब्ध गराउँछ भन्ने कुरा स्थापित गर्दछ।

- कर प्रशासनको रणनीति आफ्नो संगठनको प्राथमिकतामा भन्दा सरोकारवालाको आवश्यकतामा केन्द्रीत हुनुपर्छ। उदाहरणका लागि विश्वका कतिपय कर प्रशासनका ठूला करदाता कार्यालयमा करदाताहरूका अन्तर्राष्ट्रिय कर लगायत जटिल प्रकृतिका मामिलाहरू व्यवस्थापन गर्न आफ्नै करदाता सेवा इकाइहरू हुन्छन् ।
- यसले आफ्ना सुधार कार्यक्रममा करदाता/सरोकारवालाबाट प्राप्त सुझावहरू सहमतिको आधारमा समावेश गर्नुपर्छ ।
- करदाता/सरोकारवालाहरूको प्रतिकृया/सुझाव उपयोग गरेर कर प्रशासनले करदाताहरूसँग अन्तरक्रिया गर्न सेवा विकल्पका श्रृंखला विकास गर्नुपर्छ। यिनीहरूलाई वैकल्पिक प्रणाली (Channel Option) समेत भनिन्छ । यसमा आमने सामने सूचना आदान प्रदान, टेलिफोन, अनलाइन तथा अन्य अन्तरक्रिया समेत पर्दछन् ।
- कर प्रशासनको विज्ञापनरशैक्षिक पहुँच रणनीतिले करदाताको उपर्युक्त अपेक्षाहरू पूरा गर्नुपर्छ ।
- योजना प्रक्रियामा करदाताको प्रतिक्रिया तथा गुनासो समावेश गर्नका लागि निरन्तर प्रतिक्रिया प्राप्त गर्ने एक प्रकारको वृत्त, फेरो वा घुम्तिको व्यवस्था उपलब्ध गराउनुपर्छ ।
- उपलब्ध सेवा सम्बन्धमा करदाताको सन्तुष्टि नियमित रुपमा मापन गर्नुपर्छ तथा प्रतिक्रियालाई निरन्तर सुधारका लागि प्रयोग गर्नुपर्छ ।

## १४.७ कर सहभागिता मोडेल

आधुनिक कर प्रशासनको एउटा महत्वपूर्ण कार्य करदातामा स्वेच्छिक कर सहभागिताको स्तरमा वृद्धि गर्नु हो । करदातामा कर सहभागिता बढाउनका लागि करदाता सेवाको महत्वपूर्ण भूमिका रहने र राजस्व सम्वन्धी उपयुक्त कार्यगत रणनीति अपनाउनु पर्ने कुराको चर्चा माथिनै भै सकेको छ। करदातामा कर सहभागिता बढाउनका लाीग एउटा कर सहभागिता मोडेल (Tax Compliance Model) पनि प्रतिपादन भएको छ । यस मोडेलले निम्न कुरालाई संकेत गर्दछ :

- कर सहभागिता मोडेल अनुसार अधिकांश व्यक्तिमा कर तिर्ने भावना हुन्छ । त्यसको लागि कर प्रणाली सरल हुनुपर्दछ । धेरै किसिमका स्वतन्त्र करहरूभन्दा विस्तृत आधार भएका केही करहरू मात्र कार्यान्वयन गर्न र करका दर तथा विशेष


व्यवस्थाहरूलाई सानो संख्यामा सीमित गरी करको संरचनालाई पनि सरल बनाउन आवश्यक छ । कर तिर्ने प्रकृयालाई सरल र पारदर्शी बनाउन आवश्यक छ । करदाताले आवश्यक र उपयोगी जानकारी, सूचना, विवरण र कागजात मात्र पेश गरे हुने व्यवस्था गर्न पनि आवश्यक छ ।

- कर प्रणालीलाई सरल बनाएपनि केही व्यक्तिलाई कर सम्वन्धी व्यवस्थालाई वुझ्न सहज नहुन सक्छ र तिनीहरू कर सम्वन्धी औपचारिकताहरू पूरा गर्न नसक्ने हुन सक्छन् । यसको लागि करदाता शिक्षा तथा कर प्रशासनको सहयोग आवश्यक पर्दछ । ब्रोस्योर, पम्फ्लेट्स, पोष्टर, रेडियो तथा टि.भी.कार्यक्रमहरू, कर सम्बन्धी विभिन्न गोष्ठी तथा कार्यशाला, पत्र पत्रिकामा लेख तथा विज्ञापन जस्ता माध्यमहरूबाट करदाताहरूलाई उनीहरूको अधिकार र दायित्व सम्बन्धमा नियमित रुपमा सुसूचित गर्नु पर्दछ । कल सेन्टरको स्थापना गरी सो मार्फत करदाताका जिज्ञासाहरूको निरन्तर जवाफ दिने व्यवस्था मिलाई करदाता र कर अधिकृतहरूबीच हुने भौतिक भेटघाटको अन्त्य गर्न सकिन्छ । विवरण पेश गर्ने र कर भुक्तानी गर्ने समयावधिको बारेमा करदाताहरूलाई नियमित रुपले स्मरण गराइरहनु पर्दछ ।
- केही करदाताहरू, कारण जेसुकै भएपनि, कर सहभागिता जनाउन चाहँदैनन् । यस्ता करदाताको कर सहभागिताको लागि तत्कालै केही गरिहाल्नु पर्ने हुन्छ । सम्भावित करदाताहरूको सर्वेक्षण गर्ने र उनीहरूले दर्ता हुनै पर्ने भनी सूचना दिएर, विवरण नबुझाउने करदातालाई विवरण बुझउने म्याद सम्बन्धमा स्मरण गराएर र कर नतिरी बसेकालाई कर तिर्न जानकारी गराएर पनि यस्तो कार्य गर्न सकिन्छ ।
- आफ्नो कर सम्बन्धी दायित्वको परिपालना गर्न नचाहने करदातालाई कानूनोचित कारवाही गर्नको लागि कर प्रशासन आवश्यक व्यवस्था र उपकरणहरूबाट सदा सुसज्जित हुनपर्दछ र करदाताहरूलाई यस बारेमा पर्याप्त जानकारी भएको कुरामा पनि कर प्रशासन सुनिश्चित हुनु पर्दछ । कर प्रशासनले निरन्तर अनुगमन र निगरानी सम्बन्धी कार्य गरिरहनु पर्दछ जसबाट कर प्रणालीमा स्वेच्छिक सहभागिता नजनाउनेलाई उनीहरूको कार्यको लागि भोग्नुपर्ने परिणामको बारेमा चेतावनी प्रवाह गर्न, समयमा विवरण पेश नगर्नेलाई विवरण पेश गर्न लगाउन, समयमा कर नतिर्ने उपर उचित कारवाही गर्न र कर छलीलाई न्यूनीकरण गर्न कर परीक्षण तथा अनुसन्धान सम्बन्धी कृयाकलाप संचालन गर्न सहयोग र पृष्ठपोषण प्राप्त हुन्छ । कर प्रशासनले नियम कानून उल्लंघन गर्नेलाई कारवाही र दण्डित पनि गर्नु पर्दछ । कर सहभागिता नगर्ने निणर्य गरी बसेकाहरूको लागि आर्थिक रुपमा अधिक भार

पर्ने खालका उपायहरू अवलम्बन गर्नु पर्दछ जसले गर्दा अर्को तर्फ रहेका नियमित रुपमा उच्च कर सहभागिता गरिरहेका करदाताहरूको लागि सन्तुष्टि मिल्छ ।

कर सहभागिता सम्बन्धी करदाताको धारणा अनुरुप के कस्तो कर सहभागिता सम्बन्धी मोडेल अवलम्बन गर्न सकिन्छ भन्ने बारेमा तलको सहभागिता मोडेलबाट देखाउन सकिन्छ :

## सहभागिता मोडेल




माथिको मोडेलबाट हामी के देख्छौं भने पुछारतिरका अधिकांश करदाताहरू कर तिर्न चाहन्छन् तर उनीहरूको लागि सरल र सहज प्रणाली र कार्यविधि आवश्यक हुन्छ ।

केही मानिसहरू कर तिर्न चाहँदा-चाहँदै पनि करसम्बन्धी औपचारिकता निभाउन नसक्ने हुन्छन् । तिनीहरूलाई कर प्रशासनले मद्दत गर्नुपर्दछ । केही व्यक्तिहरू कर सहभागिता गर्न नचाहने हुन्छन् । कर प्रशासनले अनुवर्तन गरेर तिनीहरूको कर सहभागिता बढाउनु पर्दछ भने कर नतिर्ने नै सोच बनाएकाहरूमाथि कर प्रशासनले कडा से कडा कारवाही गरेर तिनीहरूलाई करसम्बन्धी औपचारिकता पूरा गर्न लगाउनु पर्दछ ।

अध्याय

१५

# राजस्व प्रशासनमा सूचना प्रविधिको भूमिका

## १५.१. परिचय

विगत केही दशकमा सूचना प्रविधिको तीब्र गतिमा उन्नति भएको छ । निजी वा सार्वजनिक संस्थाहरूले सम्पादन गर्ने कामहरूमा दक्षता, सरलता र सहजता ल्याउन व्यापकरुपमा यस प्रविधिको प्रयोग भएको पाइन्छ । यसै क्रममा हिजोआज सबै जसो कर प्रशासनमा संलग्न संस्थाहरू आफ्नो कार्य संचालनमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने दिशामा अभिमुख छन् । सूचना प्रविधिको प्रयोगले कर प्रशासनलाई सूचना प्राप्त गर्न, त्यसलाई विश्लेषण गर्न, कर प्रशासनमा पारदर्शिता ल्याउन, कर कानूनको प्रयोगमा करदाताबीच विना भेदभाव समानरुपमा व्यवहार गर्न र कर प्रशासनको हरेक पक्षको शीघ्र कार्यान्वयन गर्न मद्दत पुऱ्याउने हुंदा सूचना प्रविधि आधुनिक कर प्रशासनको अभिन्न अंगको रुपमा रहेको छ । उदाहरणका लागि करदाता सेवा, कर संकलन, कर परीक्षण, पुनरावेदन र अन्य आन्तरिक व्यवस्थापकीय प्रकृयाहरूमा यसको व्यापक प्रयोगलाई लिन सकिन्छ । आर्थिक सहयोग तथा विकास संगठन (OECD) को सन् २००८ को एउटा सर्भेक्षणले गरेको अनुमान अनुसार कर प्रशासनले आफ्नो कूल बजेटको १५ प्रतिशत रकम सूचना प्रविधिमा खर्च गर्ने गरेको देखाएको छ[१] । यसले मानवीय कारणबाट उत्पन्न हुने भ्रष्टाचारजन्य कृयाकलापका अतिरिक्त मानवीय कमजोरी वा व्यवहारबाट पर्न सक्ने नकारात्मक पक्षलाई हटाई कर प्रशासनको दक्षता एवं छविमा सुधार ल्याउन ठूलो भूमिका खेल्दछ ।

---

१ Tax Administration in OECD and Selected Non-OECD Countries: Comparative Information Services (2008), OECD Center for Tax Policy and Administration, January 2009 p.78.

प्रभावकारी, कुशल एवं न्यायसंगत कर प्रणालीलाई परिपोषित गर्दै लगेमा यसले कर छल्ने, कर पालन अवज्ञा (Non-compliance) लाई शुरुकै अवस्थामा पहिचान गर्न मद्दत गर्दछ जसले गर्दा कर पालन अवज्ञालाई कम गर्न सकिन्छ र उठ्नु पर्ने कर र उठेको करको अन्तरलाई न्यून अंशमा ल्याउन सकिन्छ । यसका लागि मजबूत तर सरल सूचना प्रणालीको आवश्यकता हुन्छ जसवाट सूचनाहरू सजिलैसंग दोहन गर्न सकिन्छ । यस्ता सूचनाहरूको बिश्लेषणका आधारमा कर परिपालनलाई लागू गर्न (Enforce) सहज हुन्छ ।

## १५.२. सूचना प्रविधिको भूमिका

कर प्रशासनमा सूचना प्रविधिले पुऱ्याउने योगदानका क्षेत्रहरू निम्न प्रकार छन्:

### १५.२.१ कर प्रशासनको कार्य सम्पादनमा सुधार गर्ने:

सूचना व्यवस्थापन प्रणाली (Information Management System) ले कर प्रशासनलाई आफ्ना सबै कार्य सम्पादनमा सुधार गरी उन्नत बनाउन सक्षम तुल्याउंदछ । यसले करदातासंग सम्बन्धित तथ्यांकहरू ठूलो मात्रामा संग्रह गर्न सक्दछ जसको विश्लेषणवाट कर परीक्षण तथा कर संकलन कार्यमा उल्लेख्य सक्षमता प्राप्त गर्न सहयोग गर्दछ । यसका साथै सूचना प्रविधिको माध्यमबाट विभागभित्रका शाखाहरू बीच वा विभाग–क्षेत्रगत कार्यालय बीच वा अन्तर विभाग (भन्सार, मालपोत, आदि) बीच तथ्यांकहरूको आदान प्रदान वा पहूंच प्राप्त गर्ने कार्यलाई कुशलतापूर्वक सम्पन्न गर्न मद्दत गर्दछ । यसरी सूचना प्रबन्धन प्रणालीको प्रयोगले विभिन्न सूचनाका बिन्दूहरूवाट ठूलो मात्रामा प्राप्त भएको तथ्यांक एवं जानकारीको विश्लेषणका आधारमा कर प्रशासकले कर संकलन तथा कर परीक्षणको क्रममा तथ्यांकहरूको प्रति–परीक्षण (Cross Check) गर्न सक्छन् । यसले कर प्रशासनको कर कानून परिपालन गराउने कार्यलाई सुदृढ बनाउंदछ ।

### १५.२.२ समग्र कर प्रशासनको लागत कम गर्ने:

सूचना प्रविधिको प्रयोगको अर्को महत्वपूर्ण पक्ष भनेको यसले कर प्रशासनको कार्य सम्पादन लागत कम गर्न सघाउनु हो । यसले करदातालाई करका कानून बमोजिम पालना गर्नुपर्ने दायित्वहरू निर्वाह गर्न सघाउंछ । उदाहरणका लागि करका विवरणहरू दाखिल गर्न, कर रकम भुक्तानी गर्न र कर सम्बन्धी जानकारी लिनका लागि कार्यालयमा नै उपस्थित हुनुपर्ने वाध्यतालाई पूर्णत निराकरण गर्दछ भने अर्कोतर्फ कर प्रशासकलाई

कानून बमोजिम करका दायित्व परिपालन गर्न वाध्य बनाउने (Enforce) प्रकृयाहरू जस्तै कर परीक्षण तथा बक्यौता कर संकलन कार्य सम्पादन गर्ने क्रममा ठूलो मात्रामा लागत कम गर्न सघाउंदछ ।

### १५.२.३ करदाताको कर परिपालन लागत कम गर्ने

त्यसैगरी, सूचना प्रविधिले करदाताको पनि लागत घटाउंछ । उदाहरणका लागि ई–फाइलिंगको व्यवस्थाले गर्दा करदाताले कर कार्यालय नगई आफ्नो सहुलियत अनुसारको ठाउँबाटै कर विवरण विद्युतिय माध्यमबाट बुझाउन सक्ने हुंदा करदाताले कर विवरण फाराम भरेर तयार गरी कर कार्यालयमा बुझाउन जानुपर्दा लाग्ने समयको वचत गर्दछ ।

### १५.२.४ करदाता र कर प्रशासनका बीच अन्तरक्रिया वा सम्बादमा अभिवृद्धि गर्ने:

सूचना प्रविधिमा आधारित साधनले कर प्रशासन र करदाता बीचको अन्तर–सम्वादलाई सहज र सजिलो बनाइदिएको छ । कर परिपालनका क्रममा आवश्यक पर्ने कर सम्बन्धी सबै सूचनाहरू कर प्रशासनको वेबसाइटमा वा अन्य इनटरनेटमा आधारित सामाजिक संजालबाट करदाताले सहजै प्राप्त गर्न सक्दछ ।

## १५.३. आन्तरिक राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग

राजस्व प्रशासनको एउटा महत्वपूर्ण अंगका रुपमा रहेको आन्तरिक राजस्व विभागले आफ्नो स्थापनाकाल देखीनै सूचना प्रविधीको प्रयोग गर्दै आएको छ । शुरुमा मूल्य अभिवृद्धि कर विभागले मात्र प्रयोग गर्दै आएको भ्याट प्रणाली तत्कालिन मूल्य अभिवृद्धि कर विभाग र कर विभाग गाभीएर बनेको हालको आन्तरिक राजस्व विभागले प्रयोग गर्‍यो । त्यस पश्चात आन्तरिक राजस्व विभागले घेरै वटा सूचना प्रविधि सम्बन्धी कार्यक्रमहरू (Applications) विभिन्न समयमा क्रमागत रुपमा विकास गर्दै आएको छ । यसरी विकास गरिएका कार्यक्रमहरू (Applications) तल उल्लिख गरिएका छन् ।

- मूल्य अभिबृद्धि कर प्रणाली (Value Added Tax System)
- एकीकृत रजिष्ट्रेसन (Joint Registration)
- आय कर प्रणाली (Income Tax System)
- राजस्व संकलन प्रणाली (Revenue Accounting System)

- विद्युतीय स्रोतमा कर कट्टी प्रणाली (e-TDS)
- विद्युतीय प्यान प्रणाली (e-PAN)
- विद्युतीय ब्यक्तिगत प्यान प्रणाली (e-PPAN)
- विद्युतीय मूल्य वृद्धिअभिवृद्धि कर विवरण (e-VAT Return)
- विद्युतीय अनुमानित कर विवरण (e-Estimated Return)
- विद्युतीय स्वयं कर निर्धारण (e-Self Assessment)
- विद्युतीय राजस्व संकलन प्रणाली e-RAS
- विद्युतीय आन्तरिक अनुगमन प्रणाली (e-IMS)
- विद्युतीय अन्तःशुल्क प्रणाली (e-Excise)
  - विद्युतीय अन्तःशुल्क विवरण (e-Excise Return)
  - भौतिक नियन्त्रणमा रहेका उद्योगको कारोवार अंकित गर्ने प्रणाली (Activity Recording System)
  - स्टिकर व्यवस्थापन प्रणाली Sticker Management System
  - अन्तःशुल्क दर्ता र अनुमति व्यवस्थापन (Registration and Permit Management)
- विल प्रविष्टी (Bill Entry)
- विद्युतीय कुटनैतिक भ्याट फिर्ता (e-Diplomatic VAT Refund)
- रिस्क इंजिन (Risk Engine)

माथि उल्लिखित कार्यक्रमहरू (Applications) सबै स्वतन्त्ररुपमा आ-आफ्नै ढंगमा Oracle Developer र PHP प्रविधिमा विकास गरिएकाले सबै प्रणालीका आ-आफ्नै डाटावेस बन्न पुगेका थिए । विकसित सबै कार्यक्रमहरू (Applications) लाई एकै प्रणालीमा संयोजन गर्न र फरक फरक डाटावेसको कारणले सामन्जस्यता (Consistency) मा आएको समस्यालाई निराकरण गर्न एकीकृत कर प्रणाली (Integrated Tax System) को विकास गरिएको छ। साथै नेपालको विभिन्न निकायमा विकसित कम्प्यूटर प्रणालीसंग सूचना आदान प्रदान गर्नसक्ने बनाउन नेपाल सरकारको Government Enterprise Architecture (GEA) अनुसार एकीकृत कर प्रणाली (Integrated Tax System) विकास गरिएको छ ।

## १५.४ समस्याहरू

आन्तरिक राजस्व विभागले हाल प्रयोग गरिरहेको एकीकृत कर प्रणाली (Integrated Tax System) का साथै पुराना प्रणालीमा तल उल्लेखित केही प्रकृयागत समस्याहरू छन् ।

### १५.४.१ मूल्य अभिवृद्धि करमा बढदै गरेको विवरण नभर्ने करदाताको अनुपात (Non-filer) ले गर्दा प्रणाली अनावश्यक रुपमा बोझिलो बन्न गएको:

मूल्य अभिवृद्धि करमा विवरण नभर्ने करदाताको अनुपात (Non-filer) क्रमश: बढदै गएको छ। समयमै विवरण नबुझाउने करदाताको अनुगमन समयमै आवश्यक मात्रामा हुने नगरेकोले नन–फाइलरको अनुपात बढ्दै गै प्रणालीमा निस्कृय करदाताको संख्या बढ्न गएको हो । धेरै करदाताले कारोवार बन्द गरीसके पनि कारोवार बन्द गर्न भर्नुपर्ने विवरण अनुसूची ११ अज्ञानतावस वा जानाजानी नभर्दा नन–फाइलर बढदै गएको छ। अहिले डाटावेसमा १२/१३ बर्षदेखि विवरण नभरेका करदाता निकै भेटिन्छन् । यस्ता करदातालाई आन्तरिक राजस्व विभाग वा कार्यालयले सक्रिय करदाताको सूचीबाट हटाउने कुनै सरल प्रकृया छैन ।

### १५.४.२ बढ्दो क्रेडिट भ्याट विवरण:

क्रेडिट भ्याट विवरणको बढदो अनुपात निकै ठुलो समस्याको रुपमा देखिन थालेको छ । लगातार क्रेडिट भ्याट विवरण वुझाउने करदाताको अनुगमन गर्न अत्यन्त जरुरी छ ताकी सांच्चिकै क्रेडीट विवरण मात्रै बांकी रहोस् । सर्सर्ती हेर्दा खुद्रा ब्यापारी (Traders/Retailers) हरूले बढी क्रेडिट भ्याट विवरण बुझाउने गरेको देखिन्छ ।

### १५.४.३ संशोधित कर विवरणको प्रणालीमा प्रविष्टी नहुनाले आय करको पूर्ण विवरण आउन नसक्नु:

हाल आय करको संशोधित कर विवरण कम्प्यूटर प्रणालीमा प्रविष्टी नहुनाले आय करको पूर्ण विवरण सहीरुपमा निकाल्न र आय कर बक्यौता अनुगमन गर्न सकिएको छैन ।

### १५.४.४ करदाताले कर विवरण (डे–०३) भर्दा अनुसूची १० मार्फत दावि गर्नु पर्ने भएकोले राजस्व संकलन प्रणाली बाट स्वचालित (Automatic) तवरले तथ्यांक ल्याउन नसक्नु:

करदाताले कर विवरण (डे–०३) भर्दा अनुसूची १० मार्फत दावि गर्नु पर्ने भएकोले राजस्व संकलन प्रणालीबाट स्वचालित (Automatic) तवरले तथ्यांक ल्याउन सकिएको

छैन । साथै संकलनको लागि प्रयोग हुने भौचरमा स्रोतमा कर कट्टी नभै अग्रिम कर कट्टी लेखिएकोले किस्ता कर र स्रोतमा कर कट्टी छुट्याउन नसक्नाले स्वचालितरुपमा पोष्टींग हुन सकेको छैन । अनुसूची १० मा करदाताको आय कर दर्ता नंबर (PAN) का आधारमा गत बर्षको मौज्दात, स्रोतमा अग्रिम कट्टी भएको कर, करदाताले अग्रिम दाखिल गरी सकेको (Verified) कर रकमलाई स्वचालित रुपमा पोष्टींग गर्न र स्वचालित रुपमा पोष्टींग हुन नसकेको स्रोतमा कर कट्टी एवं अन्य कर दाखिला मात्र भौचर नंबर तथा राजस्व खाता नंवरका आधारमा पोष्टींग हुनुपर्ने देखिन्छ ।

### १५.४.५ विद्युतीय माध्यमबाट कर तिर्ने (e-payment) प्रकृयाको विकासः

विद्युतीय माध्यमबाट कर विवरण भर्ने सुविधा हुंदा हुंदै करदाताले कर तिर्न अझै पनि राजस्व दाखिल हुने तोकिएको बैंकमा वा कार्यालयमा जानु पर्ने बाध्यता छ। करदातालाई सुविधा दिनको लागि विद्युतीय माध्यमबाट कर तिर्ने (e-payment) प्रकृयाको बारेमा व्यापक शिक्षा तथा प्रशिक्षणको आवश्यकता छ ।

### १५.४.६ घर बहाल कर, स्वास्थ सेवा कर र शिक्षा कर एकीकृत कर प्रणालीमा समावेश नभएको:

हाल घर बहाल कर, स्वास्थ सेवा कर र शिक्षा सेवा शुल्क एकीकृत कर प्रणालीमा समावेश भएको छैन । यसले गर्दा यी तीनवटा क्षेत्रको राजस्व संकलन प्रणालीबाट संकलन भएको राजस्वको तथ्यांक मात्र प्राप्त हुन्छ । स्वास्थ सेवा कर र शिक्षा सेवा शुल्कमा करदाताको पहिचान भएकोले अनुगमन र प्रणाली बनाउन सजिलो देखिन्छ तर घर बहाल कर मा करदाताको पहिचान गाह्रो हुने हुनाले अनुगमन गर्न कठिन देखिएको छ ।

### १५.४.७ अन्त:शुल्कको नियमित अनुगमनको अभावमा प्राप्त विवरणको शुद्धता एकिन गर्न नसकिने:

अन्तःशुल्कको विवरण पनि विद्युतीय माध्यमबाट मासिक रुपमा संकलन हुने गरेको छ । तर नियमित अनुगमनको अभावमा प्राप्त भएका यस्ता विवरणको शुद्धता एकिन गर्न सकिने आधार बलियो छैन । साथै विवरण नबुझाउने करदाता (Non-filer) को अनुगमन पनि भएको छैन । अन्तःशुल्कमा दर्ता भएका करदातामा पनि कस्ले अन्तःशुल्क विवरण बुझाउनु पर्ने हो भन्नेमा द्विविधा छ । त्यसकारणले कस्ले अन्तःशुल्क विवरण बुझाउनु

पर्ने हो र कस्ले अन्त:शुल्क विवरण बुझाउनु नपर्ने हो स्पष्ट हुनु जरुरी देखिन्छ। भ्याटमा जस्तो विवरण नबुझाएमा जरीवानाको व्यवस्था पनि छैन ।

### १५.४.८ भौतिक नियन्त्रणमा रहेका उद्योगको कारोवार अभिलेखन प्रणाली (Activity Recording System) को सीमित प्रयोग :

भौतिक नियन्त्रणमा रहेका उद्योगको कारोवार अभिलेखन प्रणाली (Activity Recording System) दुईवटा उद्योगमा बाहेक अरु उद्योगहरूमा प्रयोगमा आउन सकेको छैन । भौतिक नियन्त्रणमा रहेका उद्योगहरूको नियमित अनुगमन र विभागबाटै उद्योगहरूको सम्पूर्ण गतिविधि थाहा पाउन यो प्रणाली प्रयोग गर्न जरुरी छ ।

### १५.४.९ स्टिकर व्यवस्थापन प्रणाली प्रयोगमा नआएको:

स्टीकरको स्टकको अद्यावधिक लेखा नभएको कारणले स्टिकर व्यवस्थापन प्रणाली पनि प्रयोगमा आउन सकेको छैन । स्टीकरको स्टकको अद्यावधिक लेखा राख्न र भविष्यमा चाहिने स्टीकरको अनुमान गर्न स्टिकर व्यवस्थापन प्रणाली प्रयोग गर्न जरुरी छ ।

### १५.४.१० रिस्क इंजिनको सीमित प्रयोग:

आन्तरिक राजस्व विभागले कर छल्ने जोखिम भएका करदाता अनुमान लगाउन रिस्क इंजिन प्रयोग गर्दै आएको छ। यो प्रविधिलाइ अझै प्रभावशाली बनाउन नियमित अध्ययन र विकास गर्दै लग्न एबं सोही आधारमा लेखापरिक्षण एबं अन्य छानबिनको लागि छनौट समेत गर्ने प्रकृया प्रभाबकारी बनाउन जरुरी छ ।

### १५.४.११ करदाताको विवरणिका (Profile) तयार नहुनु:

करदाताले पेश गरेको विवरणलाई संसाधन (Processing) गरी करदाता विवरणिका तयार गर्ने र त्यसवाट सूचनाहरू दोहन गर्ने व्यवस्था छैन ।

### १५.४.१२ विभिन्न करहरूबीच सूचनाको निर्वाध एवं निरन्तर प्रवाह हुन नसक्नु:

आन्तरिक राजस्व विभागको विभिन्न खालका सूचना प्रविधि प्रणाली एकिकृत गर्नका लागि एकिकृत कर प्रणालीको विकास गरिए पनि विभिन्न प्रकारका करहरू विच एकआपसमा निरन्तर र निर्वाध सूचनाको प्रवाह गर्ने व्यवस्था छैन ।

### १५.४.१३ बक्यौता रहन गएको रकमको सूचना समयमा प्रवाह गर्न नसकिएको:

हाल प्रयोगमा रहेको Software मा करदाताले कुनै महिनाको कर विवरण सहित दाखिला गरेको रकममध्ये प्रणालीमा केहि रकम वांकि देखीएको हकमा त्यस्तो रकम असुल गरी वांकि रकम मात्र केडिट गर्ने हुंदा करदाताकै जानकारी विना न्यून भएकै समय देखी शुल्क तथा जरिवाना लाग्दै जाने स्थिति छ । कुनै महिनामा विवरण प्राप्त नभएको एवं केहि रकम कुनै कारणले नपुगेको देखिएको हकमा करदातालाई सूचना जारी हुने (Online email वाटै) व्यवस्था मिलाउन सके करदाताहरूको विश्वास जित्न सकिने हुन्छ । कर विवरण दाखिला गर्ने प्रकृया Online भै सकेको अवस्थामा त्यस्ता सूचना प्रवाह गर्न सकिन्छ । यसवाट वक्यौता हुन गएको रकमलाई करदातालाई समय मै जानकारी दिन सकिने हुंदा वक्यौता रकम पनि समय मै असुल गर्न सहयोग पुग्ने देखिन्छ । यस्तो Online सूचनालाई प्रारम्भिक प्रतिवेदन (Inception Report) मानी कर अधिकृतहरूका लागि करदाता उपर समयमै निगरानी राखी कारवाई गर्न समेत सरल हुने हुन्छ ।

## १५.५ सुझाव

विभागबाट प्रयोगमा ल्याइएका सूचना प्रविधिमा आधारित कार्यक्रमहरू (Application) तथा तथ्यांक (Data) को सुरक्षा तथा तथ्यांक केन्द्र (Data Center) मा प्राकृतिक विपद्का साथै मानवकृत प्रकोपबाट सिर्जना हुने प्रतिकूल अवस्थामा करदाताको डाटालाई सुरक्षित रुपमा पुनर्प्राप्ति (Recover) गरी व्यवसायिक निरन्तरता (Business Continuity) कायम गर्न विभागले कम जोखिमयुक्त वा फरक भुकम्पीय क्षेत्रमा Disaster Recovery Center तयार गरी प्रयोगमा ल्याउनु पर्दछ ।

विभागमा संचालनमा रहेको प्रणाली बाह्य घुसपैठ (Intrusion/Hacking) बाट कति सुरक्षित छ र त्यसमा के सुधार गर्नु पर्दछ भनी प्रत्येक २/२ वर्षमा स्वतन्त्र व्यक्ति वा निकायबाट प्रणालीको परीक्षण (Information System Audit) तथा स्वीकृति प्राप्त घुसपैठिया (Licensed/Ethical Hacker) बाट परीक्षण (Testing) गराउनु पर्दछ ।

विभागबाट प्रवाह गरिने Web-based विद्युतीय सेवाहरूमा कुनै एक मात्र ISP संग निर्भर रहंदा उसको समस्याले e-system नचल्ने अवस्था सिर्जना हुन सक्ने भएकोले दुई फरक-फरक ISP बाट अतिरिक्त (Redundent) सेवा लिई उच्च उपलब्धता (High Availability) गराउने व्यवस्था गर्नु पर्दछ ।

विभागले विकास गरेको Excise Management System प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकिरहेको अवस्था विद्यमान रहेको र सो प्रणाली समेत ITS को उप-प्रणालीको रुपमा रहने गरी Software तयार भैसकेको सन्दर्भमा उक्त प्रणाली संचालन गर्ने क्रममा देखापरेका समस्याको निराकरण गर्दै अनिवार्य प्रयोगमा ल्याउने गरी कार्यान्वयनमा गरिनु पर्दछ ।

करदाताको अपेक्षा अनुरुप छिटो, छरितो तथा गुणस्तरीय सेवा प्रदान गर्नका लागि करदाताले अन्य करदाताले दिएको आफ्नो कर सम्बन्धी सूचना (जस्तै, आय कर विवरण संग सम्बन्धित अनुसूची १३ को विवरण, मूल्य अभिबद्धि कर संग सम्बन्धित रु. १००,००० भन्दा बढी कारोबारको विवरण) आफै विद्युतीय माध्यमबाट हेर्न सक्ने (Read Only) सुविधा प्रदान गर्ने व्यवस्था गर्नु पर्दछ ।

शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर लाग्ने संघ संस्थाहरूबाट नियमित रुपमा विवरण संकलन गर्नको लागि आवश्यक ढांचाहरूको विकास गरी Integrated Tax System (ITS) मा आबद्ध हुने गरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर व्यवस्थापन प्रणालीको विकास गर्नु पर्दछ ।

आन्तरिक राजस्व विभागबाट विभिन्न समयमा भएका निर्णयहरू तथा महत्वपूर्ण कागजातहरूलाई विद्युतीय रुपमा व्यवस्थित भण्डारण तथा खोजीको लागि Document Management System तयार गरी प्रयोगमा ल्याउनु पर्दछ ।

करदाताले ठेगाना परिवर्तन, शाखा कार्यालय थप जस्ता जानकारीहरू बिभागको Webbased Document Management System मा Upload गरी सम्बन्धित कार्यालयलाई जानकारी गराउन सक्ने व्यवस्था गर्नु पर्दछ ।

महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा नगरोन्मुख गाउं विकास समितिहरूले व्यावसायिक एवं निजी आवासको लागि नक्सा तथा निर्माण स्वीकृति प्रदान गरेको, निर्माण सम्पन्न भएको भवनहरूको तथ्यांक सोझै उक्त सफ्टवेयरमा Upload गर्ने गरी प्रबन्ध गर्न Outsourcing गर्नु पर्दछ । साथै घर बहाल कर सर्वेक्षण गरी संकलन भएका सूचनाहरूलाई प्रविष्टि गर्ने र सूचना स्रोत निर्माण गर्न House Rent Managment Software निर्माण गनु पर्दछ ।

आन्तरिक राजस्व विभागले विकास गरेको ICT Guideline को आधारमा कार्यान्वयनमा रहेका तथा भविष्यमा कार्यान्वयनमा आउने कम्प्युटर प्रणालीहरूलाई व्यवस्थित गर्नुका

साथै सोही Guideline को आधारमा विभागले कार्यान्वयनमा ल्याएका कम्प्युटर प्रणालीहरूलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि Standard Operating Procedure (SOP) समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

अर्थ मन्त्रालय, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शद्धीकरण अनुसन्धान विभाग र आन्तरिक राजस्व विभाग बीच Integrated Information Mechanism को विकास गरी Read Only Access सूचनाको व्यवस्था गर्नु पर्दछ ।

अन्तर निकाय सूचना संजाल निर्माण गरी आर्थिक तथा वित्तीय कारोबारको सूचना संकलन गर्न एकीकृत करदाता सूचना व्यवस्थापन प्रणाली (TIMS) को विकास गर्न आन्तरिक राजस्व विभाग, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय/महालेखा नियन्त्रक कार्यालय, यातायात व्यवस्था विभाग, वाणिज्य विभाग, कम्पनी रजिष्टारको कार्यालय, उद्योग विभाग, साना तथा घरेलु उद्योग विभाग र नेपाल राष्ट्र बैंक संग Data Inter–Link गर्ने व्यवस्था गर्नु पर्दछ ।

चालु आर्थिक वर्षबाट सम्पूर्ण कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमा Treasury Singal Account (TSA) लागू भै सकेको परिप्रेक्षमा ठेक्का तथा निर्माण व्यवसाय लगायतलाई अनुगमन तथा अनुसन्धान गर्न सहज बनाउन सम्पूर्ण भुक्तानी विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट रकम भुक्तानी हुंदाको अवस्थामा सिधै करदाताको PAN को भुक्तानी विवरणमा Reflect गर्न सकिने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयहरू र आन्तरिक राजस्व विभाग विच Link गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरी कार्यान्वयन गरिनु पर्दछ ।

आन्तरिक राजस्व विभाग र कम्पनी रजिष्ट्रार कार्यालयको सूचना प्रणालीहरू बीचको Interconnection बाट कम्पनी दर्ता गर्दाकै समयमा PAN समेत Reserve गरिदिने व्यवस्था रहेकोमा अब त्यहां दर्ता गर्दा प्रस्तुत गरेको करदाताको विवरण समेत विद्युतीय प्रणालीबाटै ITS मा आउने व्यवस्था गरी कम्पनी दर्ता र स्थायी लेखा नम्वर दर्ता गर्ने कार्यलाई छिटो छरितो बनाउनु पर्दछ । यस्तो सूचना प्रणाली भन्सार विभाग लगायत अन्य मुख्य नियमनकारी निकायहरूमा समेत विस्तार गर्ने व्यवस्था गर्नु पर्दछ ।

आन्तरिक राजस्व विभागबाट प्रदान गरिने PAN Validation लगायतका Service Sharing को लागि अध्ययन गरी सार्वजनिक खरिद अनुगमन कार्यालय, भूमिसुधार व्यवस्थापन विभाग लगायत सम्बन्धित निकायहरूलाई उपलब्ध गराउने व्यवस्था गर्नु पर्दछ ।

कर दाखिला गर्ने कामलाई सहज बनाउन हाल राजस्व संकलन गर्दै आएका बैंकहरूको सबै शाखा (Any Branch Banking System, ABBS) हरूका अतिरिक्त अन्य बैंकहरूका शाखाहरू समेतवाट विद्युतीय माध्यमबाट कर दाखिला गर्न सक्ने प्रणालीको लागि भरपर्दो Payment Gateway पद्धतिको विकास गरी लागू गर्नु पर्दछ ।

करदाताले आफ्नो PAN को आधारमा स्वयम् दाखिला गरेको आय बिबरण लगायत अन्तिम रुपले कट्टी हुने भुक्तानी एबं कर दाखिला समेत एकिकृत रुपमा System बाटै उपलब्ध गर्न सक्ने प्रणाली विकास गर्नु पर्दछ ।

करदाताको विवरण अद्यावधिक गर्ने क्रममा करदाता दर्ता हुंदा भर्ने अनुसूची १ लाई परिमार्जन गरी KYT (Know Your Taxpayer) फाराम बनाई अझ बढी सूचनामूलक बनाउने र आय विवरण तथा सोसंग अपलोड गर्ने गरिएका कारोवारहरू इन्ट्री गर्ने व्यवस्था मिलाउन अध्ययन गरी एक निश्चित ढांचा विकास गरी प्रयोगमा ल्याउनु पर्दछ।

कर परीक्षणको लागि छनौट गर्दा हाल प्रयोगमा ल्याइएको Risk Engine तथा परिसूचकहरूलाई परिमार्जन गरी सो परिसूचकहरूका आधारमा छनौट गरिएको करदाताको कारोबार परीक्षण गरी उक्त परिसूचक अनुसार सिर्जना भएको कर दायित्व आदिको सूचना संकलन संयन्त्र (Information Collection Mechanism) निर्माण गर्नु पर्दछ । सो Risk Engine तथा परिसूचकहरूको प्रभावकारिता अध्ययन गरी समय समयमा आवश्यक परिमार्जन गरी रहनु पर्दछ ।

प्राप्त भएका सवै प्रकारका कर विवरणहरूलाई संसाधन (Processing) गरी करदाताको विवरणिका तयार गर्नु पर्दछ ।

विवरण नबुझाउने करदाताको दर्ता खारेज वा निस्कृय करदाताको रुपमा लाने व्यवस्था गरिनु पर्दछ ।

आय करको संशोधित कर विवरणलाई एकीकृत कर प्रणालीमा प्रविष्ट गरिनु पर्दछ ।

करदातालाई समयमै संचार सम्पर्क स्थापित सूचना, जानकारी, आदि दिनका लागि SMS, email जस्ता पद्धतिलाई स्वचालित रुपमा संचालन हुने व्यवस्था गर्नु पर्दछ ।

## १५.६ भन्सार प्रशासनमा सूचना प्रविधिको अवस्था र सुधार

राजस्व प्रशासनको अर्को महत्वपूर्ण अंगको रुपमा रहेको भंसार प्रशासनमा पनि सूचना प्रविधिको प्रयोग बढ्दो छ । भन्सार विभागले भन्सार जांचपासका लागि डेस्कटपमा

आधारित आसिकुडा++ (ASYCUDA++) को प्रयोग गरिरहेको छ। यो प्रणाली अन्कटाड (UNCTAD) द्वारा विकास गरिएको हो ।

### १५.६.१ वर्तमान स्थिति

हाल कार्यक्षेत्र (Functional Area) को सन्दर्भमा निम्नलिखित मोडुलहरू प्रयोगमा/कार्यान्वयनमा छन् ।

- ब्रोकर मोडुल (तथ्यांक प्रविष्टि) (Broker Module (Data entry)
- भन्सार जांचपास मोडुल (जांचपास प्रक्रिया र मूल्यांकन) (Customs Clearance Module (Clearance process-> Assessment)
- एकाउण्टिंग मोडुल (Accounting Module)
- जोखिम व्यवस्थापन (चयनात्मक) मोडुल (Risk Management (Selectivity) Module)

त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा आसिकुडा++ संगै कोरियनद्वारा विकसित यात्रु जांचपास प्रणाली (Customs UNIPASS International Agency- CUPIA) पनि प्रयोगमा रहेको छ ।

यी मोडुलहरूले निम्नलिखित तथ्यांकलाई परिग्रहण (Data Capture) गर्दछन् ।

- आयात/निर्यातका विवरण (प्यान, नाम, ठेगाना) (Importer & Exporter Detail (PAN, Name, Address))
- एच एस कोड र मूल्यांकन रकम सहित मालसमानको विवरण (Good's description with HS code and valuation amount)
- ढुवानीको माध्यम (Means of Transportation)
- रकम सहित महशूल र करका दरहरू (Duties &Tax rates with amount)
- एजेण्ट सम्बन्धी सूचना (Agents Information)

यी प्रणालीहरू प्रत्येक भन्सार कार्यालयमा विकेन्द्रीत ग्राहक सर्भरमा आधारित छ । भन्सार विभागले एस ओ ए (SOA) मा आधारित र वेब सेवा सक्षम (Web Service Enabled) आसिकुडा वर्ल्ड प्रणाली (ASYCUDA World System) प्रयोगमा ल्याउने

क्रममा रहेको छ । यस कामको लागि फेब्रुअरी २०१५ देखि नै परियोजनाको थालनी भै सकेको छ ।

अभिलेख अद्यावधिक गर्ने सन्दर्भमा निम्नलिखित उपायहरूलाई उपयोगमा ल्याइएको छः

- एजेण्ट नवीकरण ।
- योग्य/अयोग्य/निलम्बित आयात/निर्यातकर्ता ।
- प्रत्येक आर्थिक वर्षका अद्यावधिक गरिएको महशूल ।
- विदेशी मुद्राको विनिमय दर ।
- जोखिम प्रोफाइलहरू ।
- मालबस्तुहरू ।
- सम्झौताहरू (डिस्काउण्ट कोडहरू) ।

## १५.६.२ सुझाव

भन्सार प्रशासनलाई अन्तर्राष्ट्रिय मापदण्डको बनाउनका लागि सूचना प्रविधि र स्वचालित उपकरणहरूको अधिक प्रयोग गर्ने ।

मुख्य (Core) कार्यगत गतिविधिहरूलाई स्वचालनमा लैजानका लागि –

- वेब आधारित आसिकुडा वर्ल्ड प्रणालीलाई कार्यान्वयन गर्ने ।
- आसिकुडा वर्ल्डमा उपलब्ध अधिकांश सुविधाहरू (Modules) लाई उपयोग गर्न तदनुरुप भन्सार प्रक्रियाहरू समेतलाई परिमार्जन गर्ने ।
- आसिकुडाले नसमेटेका भन्सारका अन्य कार्यहरू समेतलाई कम्प्युटरीकृत गर्ने । यसरी कम्प्युटरीकृत गर्दा Core System को Sub-system को रुपमा प्रणाली विकास गरी सम्पूर्ण भन्सार प्रशासनलाई कागजात बिहिन भन्सार प्रशासनमा रुपान्तरण गर्ने ।
- आन्तरिक राजस्व विभाग, प्लान्ट क्वारेण्टाइन, पशु क्वारेटाइन, उद्योग वाणिज्यमहासंघ, च्याम्बर अफ कमर्स, फ्रेट् फरवार्डर्स, आदि जस्ता हितधारक (Stakeholder) एजेन्सीहरूसंग इन्टरफेस एकीकृत गर्नका लागि नेपाल राष्ट्रिय एकद्वार (Nepal National Single Window – NNSW) लाई सकेसम्म छिटो कार्यान्वयनमा ल्याउने ।

- निकासी पैठारी व्यापारमा बाह्य निकायलाई आबद्ध गर्न एकद्वार प्रणालीको विकास गर्ने र यस प्रणालीलाई भन्सार प्रशासनमा लागू गर्न लागिएको आसिकुडा वर्ल्ड प्रणालीसंग आबद्ध गर्ने ।
- कन्टेनर स्क्यानर, एक्सरे मेशिन लगायतका स्वचालित उपकरणहरूको उपयोग गरी मानवीय जाँचपास प्रणालीलाई न्यूनीकरण गर्ने ।
- जोखिममा आधारित जांचपास प्रणालीलाई मूर्तरुप दिन केन्द्रीकृत Online जांचपास प्रणालीलाई अवलम्बन गर्ने ।
- अर्थमन्त्रालय अन्तरगतका निकायहरूवीच भन्सारको तथ्यांक स्वचालित उपलब्ध हुने व्यवस्था गर्नु पर्ने ।
- स्वचालन प्रणालीको दिगोपनका लागि प्रति प्रज्ञापनपत्र कम्प्युटर फी असूल गरी प्रणाली दिगोपनमा लगाउन उपयुक्त हुने ।

भन्सार प्रशासनमा संलग्न जनशक्ति सूचना प्रविधिमैत्री वनाउन उत्प्रेरित गर्ने ।

भन्सार स्वचालनलाई दिगोपना दिन भन्सार प्रशासनको संगठनमा सूचना प्रविधि सम्बन्धित व्यवस्थालाई पुनर्संरचना गरी प्रणालीलाई निर्वाध एवं प्रभावकारीढंगवाट संचालन गर्न आवश्यक संख्यामा प्राविधिक कर्मचारीहरू, विशिष्ट क्षमता भएका प्राविधिकहरूलाई करारमा लिने व्यवस्था हुनु पर्दछ । उच्च स्तरका शैक्षिक संस्थाहरूसंग समझदारीपत्र (MOU) गरेर ती संस्थाहरूबाट उत्तीर्ण भएका (Passout) मेधावी छात्रछात्राहरूलाई प्रशिक्षार्थि (Intern) को रुपमा लिन सक्ने व्यवस्था गर्ने ।

वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहयोगमा आयात/निर्यात कोड सम्बन्धी कम्पुटर प्रणाली विकास गरी १ वर्ष भित्र कार्यान्वयन गर्ने ।

अध्याय

१६

# प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन

## १६.१. परिचय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८९ मा कानून बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन भन्ने स्पष्ट संवैधानिक व्यवस्था गरिएको छ । राज्यले कानून वमोजिम कर लगाउन र असुल उपर गर्न सक्दछ। कुन कुन क्षेत्रमा कर लगाउने र के कसरी असूल उपर गर्ने भन्ने कुराहरू विधायिकाद्वारा निर्मित कानूनले निर्धारण गरेको छ । कर सम्बन्धी कानूनको अधिनमा रहेर कर निर्धारण र संकलन गर्ने गरिन्छ। राजस्व प्रशासनसंग सम्बन्धित ऐन नियमको कार्यान्वयनको क्रममा आइपरेका द्विविधाहरूका सम्बन्धमा राजस्व प्रशासन, राजस्व न्यायाधीकरण र अदालतहरूबाट व्याख्या हुने गरेको छ ।

वर्तमान करहरू स्वयं कर निर्धारणको सिद्धान्तमा आधारित भए पनि ऐन अनुसार कर अधिकृतले कर निर्धारण गर्न वा करदाताले गरेको कर निर्धारणलाई संशोधन गर्न सक्दछ । कर अधिकृतले गरेको निर्णय उपर करदाताको चित्त नवुझ्न सक्दछ । यस्तो अवस्थामा करदाताले कानूनी उपचार खोज्न पाउंछ । यसको लागि सर्वप्रथम कर प्रशासन अन्तर्गतको माथिल्लो तहमा पुनरावलोकन हुने व्यवस्था छ जसलाई प्रशासकीय पुनरावलोकन भनिन्छ । प्रशासकीय पुनरावोलकनको व्यवस्थाबाट कतिपय मुद्दाहरू प्रशासनिक तहमै टुंगिने हुन्छन् ।

प्रशासकीय पुनरावलोकनद्वारा गरिएको निर्णय उपर पनि चित्त नवुझेमा करको लागि खडा गरिएको पुनरावेदन सम्बन्धी विशेष निकाय वा सामान्य न्यायिक निकायमा पुनरावेदन दिन पाउने व्यवस्था छ । कर कानूनको संरक्षणका लागि कानून तथा न्यायका मान्य सिद्धान्तमा आधारित प्रभावकारी पुनरावलोकन तथा पुनरावेदन प्रणाली र पारदर्शी तथा उत्तरदायित्वपूर्ण निर्णय प्रकृयाको महत्वपूर्ण भूमिका रहन्छ ।

## १६.२. प्रशासकीय पुनरावलोकन

आय कर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क स्वयं कर निर्धारणको सिद्धान्तमा आधारित भएकाले यी करहरूको करदाता स्वयंले निर्धारण गरेर तोकिएको समयभित्रै कर तिर्नुपर्ने व्यवस्था छ। आय कर ऐन, २०५८ अनुसार करदाताले गरेको कर निर्धारण सही नभएमा मात्र कर अधिकृतले करदाताको संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ। यसैगरी करदाताले म्यादभित्र आय विवरण पेस नगरेपनि तोकिएको म्याद भित्र नै विवरण पेस गरेको मानिने व्यवस्था रहेको र यस्तो अबस्थामा विभागले करदातालाई लिखित आदेश दिई संशय कर निर्धारण (Jeopardy Assessment) गर्न सक्ने व्यवस्था रहेको छ। यस्ता कर निर्धारणहरू सन्तोषजनक नभएको लागेमा आन्तरिक राजस्व विभागले संशोधन गर्न सक्तछ। मूल्य वृद्धिअभिवृद्धि कर तर्फ विक्रीमा संकलन गर्नु पर्ने कर संकलन नगरेमा वा कट्टी दावी गर्न पाउने भन्दा बढी दावी गरेको आदि अवस्थामा कर अधिकृतले करदाताको कर निर्धारण गर्नसक्ने कानूनी प्रावधान छ भने अन्तःशुल्क लाग्ने वस्तुमा तोकिएको दरले अन्तःशुल्क नउठाएमा वा तोकिएको दरभन्दा कम दरले अन्तःशुल्क उठाएमा अन्तःशुल्क निर्धारण गर्न सक्ने व्यवस्था अन्तःशुल्क ऐनमा रहेको छ।

आय करका सम्बन्धमा कर अधिकृतले गरेको कर निर्धारण वा संशोधित कर निर्धारण माथि करदाता सन्तुष्ट नभएमा त्यस्तो निर्णय विरुद्ध पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागको महानिर्देशक समक्ष निवेदन दिन सक्ने र सो उपर महानिर्देशकले ६० दिन भित्र निर्णय नदिएमा करदाताले त्यस्तो निवेदन अस्वीकृत भएको मानी सो विरुद्ध उपल्लो न्यायिक प्रकृया शुरु गर्न सक्ने व्यवस्था छ। यस्तै पुनरावलोकन सम्बन्धी व्यवस्था मूल्य अभिवृद्धि करका सम्वन्धमा पनि लागू गरिएको छ।

अन्तःशुल्क सम्वन्धमा पनि पुनरावलोकन वा पुनरावेदन सम्बन्धी व्यवस्था गरिएको छ। अन्तःशुल्क अधिकृतले अन्तःशुल्क असुल गर्ने सन्दर्भमा अन्तःशुल्क कानूनको पालन नगरी वा अनियमित वा लापरवाही गरेको कारणले अन्तःशुल्कको दायित्व बढ्न गएको छ भन्ने लागेमा करदाताले अन्तःशुल्क लगाउने आदेश प्राप्त भएको मितिले ३५ दिन भित्र आन्तरिक राजस्व विभागको महानिर्देशक समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्दछ। त्यस्तो निवेदन उपर महानिर्देशकले छानविन गरी उपयुक्त देखेमा त्यस्तो आदेश रद्द गरी पुनः अन्तःशुल्क असुल गर्न आदेश दिन सक्ने व्यवस्था छ। यस्तो निवेदन उपर महानिर्देशकले ६० दिन भित्र निर्णय दिइसक्नु पर्दछ।

भन्सार ऐन, २०६४ को दफा ६३ मा "भन्सार अधिकृत वा भन्सार कार्यालयको कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेको वा राजस्वमा हानि पुऱ्याएको वा निकासीकर्ता वा पैठारीकर्तालाई बदनियतपूर्वक दुःख दिने नियतले मात्र कुनै काम गरेको छ भन्ने कुरामा विश्वास गर्नु पर्ने मनासिब कारण भएमा भन्सार अधिकृतको हकमा महानिर्देशक समक्ष र भन्सार कार्यालयको कर्मचारीको हकमा भन्सार अधिकृत समक्ष उजुरी दिन सकिनेछ" भन्ने व्यवस्था छ।

## १६.३. पुनरावेदन

आय कर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको सन्दर्भमा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिएको मितिले ६० दिन भित्र निर्णय नभएमा वा आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय माथि चित्त नबुझेमा करदाताले सो निर्णयको सूचना पाएको मितिले ३५ दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था छ। कर अधिकृतले गरेको अन्तःशुल्क ऐनको दफा १६ को उपदफा (१), (२), (३) र (४) को निर्णयमा चित्त नबुझेमा करदाताले सिधै राजस्व न्यायाधिकरणमा पुनरावेदन दिनु पर्ने व्यवस्था छ।

मदिरा ऐन, २०३१ को दफा १४ बमोजिम दफा ११ अन्तर्गतको दुःख दिने नियतले खानतलासी, कब्जा वा गिरफ्तार गरे गराएको विषयसंग सम्बन्धित मुद्दाको सुरु कारवाही र किनारा गर्ने अधिकार नेपाल सरकारले तोकिदिएको अधिकारीलाई हुने व्यवस्था छ। सो बाहेक अन्य मुद्दाको सुरु कारवाही र किनारा गर्ने अधिकार अन्तःशुल्क अधिकृतलाई हुने व्यवस्था छ। सो ऐनको दफा १५ बमोजिम नेपाल सरकारले तोकिदिएको अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतमा र अन्तःशुल्क अधिकृतले गरेको निर्णय उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था छ।

भन्सार अधिकृतले भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम गरेको भन्सार महशुल निर्धारण सम्बन्धी निर्णय उपर मूल्यांकन पुनरावलोकन समिति समक्ष निवेदन दिन सकिने र समितिले गरेको निर्णय उपर र भन्सार अधिकृतले गरेका अन्य निर्णय उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था छ।

राजस्व न्यायाधिकण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणबाट भएको फैसला उपर सिधै पुनरावेदन लाग्ने व्यवस्था छैन। तसर्थ राजस्व न्यायाधिकरणबाट भएको फैसलालाई अन्तिम फैसला मानिन्छ। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ मा अधिकार

क्षेत्रको प्रश्न, बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको प्रश्न वा बाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधि सम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न, गंभिर कानूनी त्रुटी सम्बन्धी प्रश्नमा प्रत्यक्ष कानूनी त्रुटी भएको देखिएको अवस्थामा सर्वोच्च अदालतमा पुनरावेदनको अनुमतिको निवेदन दिन सकिने व्यवस्था छ ।

**विद्यमान अवस्था**

आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरूबाट भएको कर निर्धारण उपर चित्त नबुझी प्रशासकीय पुनरावलोकन तथा पुनरावेदनमा गएका करदाताको संख्या पनि निकै ठूलो छ । कर निर्धारण उपर चित्त नबुझी प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा आएका फछ्र्योट हुन बाँकी करदाताहरूको संख्या २०७१ कार्तिक मसान्तसम्म ८९४ रहेको छ । यो संख्या २०७० असार मसान्तसम्म २०३ र २०७१ आाषाढसम्म ३३४ रहेको थियो । मुलुकको आर्थिक गतिविधिमा आएको वृद्धि संगसंगै राजस्व कार्यालयहरूको विस्तार भई रहेको र करदाताको संख्यामा समेत वृद्धि भै रहेकोले कर विवरणहरू समेत बढी प्राप्त हुन आएको र एउटा निश्चित प्रतिशत करदाताको कर विवरण कर परीक्षणका लागि छनौट गरी संशोधित कर निर्धारण गर्दा संशोधित कर निर्धारण हुने वा पुनः कर निर्धारण हुने करदाताको संख्यामा निकै वृद्धि हुन गएको छ । यसले गर्दा संशोधित कर निर्धारण वा पुनः कर निर्धारण उपर चित्त नबुझी प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिने करदाताको संख्या समेत वृद्धि हुन थालेको छ ।

यसैगरी प्रशासकीय पुनरावलोकनमा आन्तरिक राजस्व विभागको महानिर्देशकले गरेको निर्याय उपचर चित्त नबुझेमा राजस्व न्यायाधिकरणमा पुनरावेदन दिनेको संख्या पनि बढ्दै गैरहेकेको छ । राजस्व न्यायाधिकरण काठमाडौमा दायर भई फछ्र्यौट भएका र बांकी रहेका मुद्दाहरूको संख्यात्मक विवरण केलाई हेर्दा पछिल्ला वर्षहरूमा मुद्दा दर्ता संख्यामा वृद्धि हुँदै गएको देखिन्छ । प्रत्येक आर्थिक वर्षको अन्तमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको तथ्यांक हेर्दा आर्थिक वर्ष २०६७/०६८ मा १९५ थान, आर्थिक वर्ष २०६८/०६९ मा ९५ थान, आर्थिक वर्ष २०६९/०७० मा ८५ थान र आर्थिक वर्ष २०७०।०७१ मा २३० थान मुद्दा बांकी रहेको देखिन्छ । राजस्व न्यायाधिकरणबाट के कति समयमा फैसला हुने गरेको रहेछ र औसतमा के कति समय लाग्ने रहेछ भन्ने सम्बन्धमा आर्थिक वर्ष २०७१/०७२ मा गत आर्थिक वर्षमा जिम्मेवारी सरी आएका जम्मा १,१३८ थान मुद्दा र यस आर्थिक वर्षको माघ मसान्त सम्ममा दर्ता भएका १४० थान मुद्दा र यस आर्थिक वर्ष २०७१/०७२ को श्रावण देखि माघ मसान्त सम्ममा भएका फैसलाहरू अध्ययन गरी हेर्दा निम्नानुसारको अवस्था देखिन्छ ।

| सि.नं. | विषय | जम्मा मुद्दा | फछ्र्योट | १ वर्ष भित्र | १८ महिना भित्र | २ वर्ष भित्र | २ वर्ष नाघेर |
|---|---|---|---|---|---|---|---|
| १ | आय कर | ६१७ | १२४ | ५ | २७ | ६ | ८६ |
| २ | मूल्य अभिबृद्धि कर | ४६१ | १५६ | ३८ | ३१ | १५ | ७२ |
| ३ | भन्सार | १४१ | ३४ | ६ | ५ | १ | २२ |
| ४ | अन्य | ५९ | २२ | २ | २ | १ | १७ |
| | जम्मा | १,२७८ | ३३६ | ५१ | ६५ | २३ | १९७ |

समग्र तथ्यांकलाई विश्लेषण गरी हेर्दा श्रावणदेखि माघ मसान्तसम्मको ७ महिनाको अवधिमा १,२७८ थान मुद्दा मध्ये ३३६ थान मुद्दा फैसला भएको देखिन्छ। सो मध्ये आधा भन्दा बढी १९७ थान मुद्दा २ वर्ष नाघेको मुद्दा फैसला भएको देखिन्छ र चालु आर्थिक वर्षको ७ महिना सम्ममा ३३६ थान मात्र फैसला भएको आधारमा बांकी रहेका ९४२ थान मुद्दा फैसला हुन झण्डै अर्को २ बर्ष लाग्ने देखिन्छ।

राजस्व न्यायाधिकरणमा दर्ता भएका मुद्दाहरूको दर्तादेखि फैसला समेतको प्रकृया समेतलाई विचार गर्दा सुरुमा पुनरावेदन दर्ता हुने, दर्ता हुनासाथ मिसिल झिकाउने पत्राचार गरिन्छ। करिव १ महिनामा मिसिल प्राप्त हुने र मिसिल प्राप्त भएपछि करिव ३ महिनामा पेशी हुन्छ। पेशीमा विपक्षीलाई झिकाउने वा नझिकाई सदर हुने भन्ने आदेश हुन्छ (अभिलेख हेर्दा सबै मुद्दामा विपक्षी झिकाउने गरिन्छ। तत्पश्चात १ महिनामा पेशी चढ्ने र सो पछि प्रमाण बुझ्ने कार्य नगण्य मुद्दामा मात्र हुने गरेको पाइन्छ। सामान्यतया एउटा पक्षले दुई पटकसम्म पेशी स्थगित गर्न पाउने भएको र एक पटकको तारेख करिव १ महिनाको हुने हुंदा ४ पटक स्थगित भएमा ४ महिना लाग्ने र पांच महिनामा फैसला हुन सक्ने भएको हुंदा करिव ९ महिनामा मुद्दा फछ्र्योट हुन सक्ने देखिन्छ। सबै मुद्दा स्थगित नहुने र भए पनि ४ पटक नै स्थगित हुन्छ भन्ने नभएको हुंदा औसत कायम गर्दा सिद्धान्ततः करिव ६ महिनामा मुद्दा फैसला हुन सक्ने देखिन्छ।

दुई वर्ष भन्दा पनि बढी आवधिसम्म पनि मुद्दा फैसला नहुने गरेको कारणहरू बारे सम्बद्ध पक्षसंग छलफल गर्दा मुद्दाका मिसिल तथा न्यायाधिकरणबाट माग भएको जवाफ समयमा प्राप्त नहुनाले, छिटो फैसला भयो वा मुद्दा हारियो भने तुरुन्तै रकम बुझाउनु पर्ने हुनसक्ने र कर फछ्र्योट आयोग गठन भएमा सो आयोगबाट छुट पाउन सकिन्छ कि भन्ने मानसिकताले करदाताहरूले नै मुद्दा लम्ब्याउने चाहनाले गर्दा धेरै पटक फैसलाका लागि पेशीमा चढेको मुद्दा स्थगित हुने गरेको कुरा समेत बुझिएको छ।

कर प्रशासनमा संलग्न कर्मचारीहरूलाई प्रमाण कानून तथा कार्यविधी कानून जस्ता विषयमा पर्याप्त प्रशिक्षणको व्यवस्था नहुनु, करदातालाई कर प्रशासन, करका सिद्धान्त तथा कर प्रणाली सम्वन्धमा जानकारी नहुनु, कर सम्बन्धी मुद्दाहरू फैसला गर्ने पदाधिकारी तथा प्रतिरक्षामा संलग्न हुने सरकारी वकिलहरूलाई कर प्रणाली करको सिद्धान्त जस्ता विषयहरूमा पर्याप्त प्रशिक्षणको व्यवस्था नहुनु, कर प्रशासनलाई विशिष्टीकरण गर्न नसक्नु, राजस्व प्रशासनसंग सम्बन्धित प्रचलित कानूनहरूमा प्रयोग भएका शव्दहरू सरल नहुनु जस्ता विविध किसिमका समस्याहरूले गर्दा कर संवन्धी मुद्दाहरू बढ्नुका साथै अपेक्षित सफलता प्राप्त हुन नसकेको देखिन्छ ।

## १६.४. पुनरावेदन पत्रमा लिइने जिकिरका मुख्य मुख्य विषयहरू

कर राजस्वसंग सम्बन्धित विषयमा राजस्व न्यायाधिकरणमा पुनरावेदन परेका पुनरावेदन पत्र तथा राजस्व न्यायाधिकरणबाट भएका फैसलाहरू अध्ययन गर्दा निम्न करका सम्वन्धमा निम्न विषयहरूलाई चित्त नबुझाई पुनरावेदन पर्ने गरेको पाइन्छः

**आय कर**

- खर्चका आधार प्रमाण, विल विजक, विना खर्च कट्टी दावी गर्ने गरेको वा व्यवसायको आय आर्जन संग सम्बन्धित नभएको,
- आयमा समावेश गर्नु पर्ने रकम आयमा समावेश नगरेको,
- बैंकबाट लिएको कर्जा निर्व्याजी रुपमा संचालक तथा भगिनी संस्थाहरूलाई सापटी दिएको वा बैंक तथा अन्य कर्जा व्यवसायको आय आर्जन संग सम्बन्धित नभएको,
- खर्च कट्टी गर्न पाउने तोकिएको सिमाभन्दा बढी ह्रास खर्च तथा मर्मत खर्च दावी गरेको,
- मौज्दात गणना गर्दा कहिले घटी र कहिले बढी गणना गरेको,
- खर्च कट्टी दाबी गर्दा लेखाको सिद्धान्त अनुरुप नगरेको,
- भुक्तानीमा स्रोतमा कर कट्टी नभएको, आदी

**मूल्य अभिवृद्धि कर**

- नपाउने कर कट्टी दावी गरेको
- जर्ति नोक्सानी गएको भन्ने आधारमा विक्री लुकाएको,

- मूल्य अभिबृद्धि करमा दर्ता हुनु पर्नेमा दर्ता नगरेको,
- गैर विजक जारी गरी विक्री गरी मूल्य अभिबृद्धि कर असुल नगरेको
- न्यून विजकीकरण गरेको ।

**अन्तःशुल्क**

- असूल उपर गर्नु पर्ने अन्तःशुल्क असूल उपर नगरेको,
- घटी अन्तःशुल्क असूल गरेको,
- नोक्सानी गएको भन्ने आधार लिई उत्पादन कम देखाई अन्तःशुल्क छली गरेको

**भन्सार**

- प्रज्ञापन पत्र भर्दा वस्तु वर्गीकरणको संकेत नंवर फरक पारी कम महशुल लाग्ने संकेत नंवर राखेको,
- भन्सार छली चोरी गरेको,
- न्यून विजकीकरण गरी कम मूल्य घोषणा गरेको

## १६.५. समस्या तथा सुझावहरू

### १६.५.१ प्रशासकीय पुनरावलोकन

**प्रभावकारिता**

आयोगले आयोजना गरेका प्रायः सबै अन्तरक्रिया तथा छलफल कार्यक्रममा प्रशासकीय पुनरावलोकनको निर्णय समयमा नहुने गरेको र अधिकांश निर्णयहरू कर अधिकृतले गरेको निर्णयलाई नै सदर गर्ने गरेको तथा आन्तरिक राजस्व विभागबाट भएका निर्णय मध्ये अधिकांश निर्णयहरू राजस्व न्यायाधिकरणबाट बदर हुने गरेको हुंदा प्रशासकीय पुनरावलोकन प्रभावकारी नभएकोले यसलाई छिटो, छरितो तथा निष्पक्ष वनाइनु पर्ने भनाइ रहेको पाइएको थियो ।

प्रशासकीय पुनरावलोकनबाट भएको निर्णय चित्त नवुझेमा करदाताले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिने व्यवस्था छ । राजस्व न्यायाधिकरणबाट कर निर्धारणको सम्वन्धमा भएको प्रशासकीय पुनरावेदनको निर्णय प्रायः जसो प्रकृयागत कारणले बदर

भएका छन् । आन्तरिक राजस्व विभागवाट संशोधित कर निर्धारण सम्वन्धमा प्रशासकीय पुनरावलोकन हुंदा ऐनहरूको प्रकृयागत विषय (Procedural Law) लाई सुक्ष्म रुपमा अध्ययन गरी निर्णय गर्ने हो भने माथिल्लो निकायबाट कर निर्धारणको सम्बन्धमा निर्णय हुंदा कर निर्धारण सही वा गलत के भएको हो, सो सम्वन्धमा सही रुपमा कानूनी निरुपण हुन सक्दछ । प्रशासकीय पुनरावलोकनलाई प्रभावकारी बनाउन अत्यावश्यक भएको आयोगको धारणा छ । प्रशासकीय पुनरावलोकनको व्यवस्था प्रभावकारी भएमा समयमै कर सम्बन्धी विवाद समाधान भई राजस्वमा आउनु पर्ने रकम तुरुन्त प्राप्त हुने र करदाताले समयमै न्याय प्राप्त गर्ने हुन्छ ।

**संगठनात्मक स्वरुप तथा दरवन्दी**

प्रशासकीय पुनरावलोकनको लागी आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिनु पर्ने र सोको निर्णय समेत महानिर्देशकबाट हुनु पर्ने व्यवस्था छ । यस कार्यका लागि आन्तरिक राजस्व विभागमा महानिर्देशकको प्रत्यक्ष निगरानीमा रहने गरी प्रशासकीय पुनरावलोकन शाखा रहेको छ । यस अन्तरगत राजपत्रांकित द्वितीय श्रेणीको निर्देशक २ जना, शाखा अधिकृत ४ जना र कानून अधिकृत १ जना गरी जम्मा ७ जनाको दरबन्दीको व्यवस्था छ ।

अत्यधिक कार्यव्यस्ताले गर्दा महानिर्देशकले कर कानूनहरूको ऐतिहासिक पक्ष, प्रशासनिक पक्ष एवं व्यावहारिक पक्षको समेत विश्लेषण गरी कर नीति तथा कार्यक्रम र कर प्रशासनलाई थप व्यावसायिक, उत्तरदायी बनाउने एवं कर प्रशासनको सैद्धान्तिक व्याख्याको लागि पर्याप्त समय व्यवस्थापन गर्न नसकिरहेको अवस्था विद्यमान छ । यसले गर्दा करदाताहरूले प्रशासकीय पुनरावलोकनको निवेदन दिएको अवस्थामा समयमै निर्णय हुने गरेको देखिंदैन ।

कतिपय कर निर्धारणमा आक्रामक एवं स्वेच्छाचारी तवरबाट कर निर्धारण समेत हुने गरेकोले त्यस्तो कर निर्धारणलाई निरुत्साहित गर्ने प्रकृया समेत निर्धारण गरेको खण्डमा कर निर्धारण सम्बन्धी विवादमा कमी आई पुनराबलोकन/पुनराबेदनमा दवाब कम हुन्छ ।

करदाताले प्रशासकीय पुनरावलोकनमा नगै सिधै राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन पाउनु पर्दछ भन्ने सुझाव पनि आयोगलाई प्राप्त भएको थिए । तर प्रशासकीय पुनरावलोकनबाट एकातिर कर प्रशासनले आफ्ना कर्मचारीहरूले गरेका गल्तिलाई

आफूबाटै सच्याउने अवसर पाउने र अर्कोतर्फ करदाताले छोटो समयभित्र निर्णय पाउने हुंदा यसबाट कर प्रशासन तथा करदाता दुवैलाई फाइदा पुग्ने हुदा यो अनिवार्य हुनुपर्दछ भन्ने आयोगको धारणा छ ।

## सुझाव

प्रशासकीय पुनरावलोकनलाई छिटो छरितो वनाउनको लागि प्रशासकीय पुनरावलोकनको अधिकारलाई महानिर्देशकले आफ्नो अधिकार प्रत्ययोजन गरी वा ऐनमानै ब्यबस्था गरि उपमहानिर्देशकको नेतृत्वमा छुट्टै महाशाखा खडा गरी सोबाट प्रशासकीय पुनरावलोकनको मात्र कार्यसम्पादन गर्ने व्यवस्था गर्नु आवश्यक देखिन्छ र निजलाई प्रक्रिया तथा पद्धतिमा सहयोग गर्नको लागि राजस्व समूहका अधिकृतहरूको आवश्यकता अनुसार व्यवस्था गर्न उपयुक्त हुनेछ ।

प्रशासकीय पुनरावलोकनको औचित्यतालाई विचार गर्दा करदाताको चित्त नवुझेमा पुनरावेदन जानु पूर्व प्रशासकीय पुनरावालेकनमा जानु पर्ने व्यवस्थालाई निरन्तरता दिइनु पर्दछ । यसको अनिवार्यताको मर्म अनुरुप यस सम्बन्धी निर्णय ६० दिन भित्र गरिसक्नुपर्ने अनिवार्य व्यवस्था हुनु पर्दछ भन्ने आयोगको सुझाव छ । पुनरावलोकनको निर्णय करदातालाई समयमै जानकारी दिनु पर्दछ । यदि त्यस्तो निर्णय माथि करदाताको चित्त नबुझेमा कहां, कहिले, कसरी पुनरावेदन दिने भनेर करदातालाई जानकारी दिनु पर्दछ । यस्तो प्रक्रिया स्पष्ट रुपमा कर कानूनमा उल्लेख गरिनु पर्दछ ।

## धरौटी

करदाताले प्रशासकीय पुनरावलोकनमा जानको लागि विवादित करको एक तिहाई रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेकोले कतिपय करदाता साधनको अभावले पुनरावेदन सम्बन्धी अधिकारवाट वञ्चित भएको भन्ने व्यापक गुनासो रहेको देखिन्छ । यस सम्बन्धमा छिमेकी तथा अन्य देशहरूमा भएको व्यवस्था हेर्दा अधिकांश मुलुकहरूमा प्रशासकीय पुनरावलोकनको अवस्थामा धरौटी राख्न वा विवादित कर रकमको केही अंश दाखिला गराउने व्यवस्था भएको पाइदैन । अर्को तर्फ राजस्व न्यायाधिकरणमा पुनरावेदनमा जांदा धरौटी राख्नु पर्ने व्यवस्था कायम छंदैछ । अत्यधिक रकम कर तथा जरिवाना लागेको अवस्थामा धरौटी राख्न नसकेको कारणले प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन दुवै तहमा रकम दाखिला गर्ने र धरौटी राख्ने व्यवस्थाले गर्दा पुनरावलोकन वा पुनरावेदन गर्नबाटै बन्चित हुनुपरेको अवस्था पनि देखिन्छ ।

**सुझाव**

प्रशासकीय पुनरावलोकन तहमा धरौटी राख्ने व्यवस्था खारेज गरिनु पर्दछ ।

**भन्सारको पुनरावलोकन आवश्यकता**

भन्सार अधिकृतले गरेको वर्गीकरणको निर्णय उपर चित्त नबुझ्ने आयातकर्ताहरूले विभागको महानिर्देशक समक्ष पुनरावलोकनका लागि निवेदन गर्न सक्ने र महानिर्देशकबाट निर्णय भएपछि मात्र महानिर्देशकको निर्णयलाई अन्तिमा मान्ने वा राजस्व न्यायाधिकरणमा पुनरावेदनमा जान सक्ने व्यवस्था गर्नु पर्दछ ।

## १६.५.२ पुनरावेदन

**कानूनी व्यवस्था**

राजस्व न्यायाधिकरण ऐन, २०३१ सालमा जारी भएको भएतापनि राजस्व न्यायाधिकरण नियमावली, २०३० मा तदनुरुप संशोधन परिमार्जन हुनु पर्नेमा सो हुन सकेको छैन । खासगरी प्रथम पुस्ताको कर सुधार कार्यक्रम लागू भए पश्चात कर प्रणालीमा ठूलो परिवर्तन आए पनि पुनरावेदन व्यवस्थामा कुनै सुधार भएको छैन । यसैले पुनरावेदन सम्बन्धी ऐन नियमहरूमा समयानुसार संशोधन परिमार्जन तथा सुधारको आवश्यकता छ ।

**सुझाव**

राजस्व न्यायाधिकरण ऐन तथा नियमावलीमा समयानुकुल सुधार गरिनु पर्दछ । सम्बन्धित ऐन संशोधन गर्दा न्यायाधिकरणको स्वायत्तता, क्षेत्राधिकार, पदाधिकारीका योग्यता लगायतका विविध पक्षका सम्बन्धमा स्पष्ट व्यवस्था गरिनु पर्दछ ।

**राजस्व न्यायाधिकरणको स्थापना र कार्यक्षेत्र**

राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम विराटनगर, काठमाण्डौ, पोखरा र नेपालगन्ज गरी चार स्थानमा राजस्व न्यायाधिकरणको स्थापना गरिएको छ । तर राजस्व न्यायाधिकरणमा दर्ता भएको मुद्दाको अभिलेखलाई हेर्दा राजस्व न्यायाधिकरण काठमाण्डौमा दर्ता भएका मुद्दाहरूको संख्या अत्यधिक रहेको देखिन्छ । सबै भन्दा बढी चाप राजस्व न्यायाधिकरण काठमाण्डौमा र सबै भन्दा कम राजस्व न्यायाधिकरण नेपालगन्जमा रहेको अवस्था छ । राजस्व न्यायाधिकरणमा परेका मुद्दाहरूको दर्ता तथा

फछ्र्योट अभिलेखबाट राजस्व न्यायाधिकरणमा मुद्दा फैसला हुन धेरै समय लागेको देखिन्छ ।

राजस्व न्यायाधिकरणको इलाका र सदरमुकाम नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुने व्यवस्था छ । नेपाल सरकारले तोकिदिए बमोजिम आफ्नो क्षेत्र भित्रका आन्तरिक राजस्व कार्यालयबाट भएका निर्णय उपरको पुनरावेदन सोही क्षेत्रको राजस्व न्यायाधिकरणले सुन्ने व्यवस्था छ । मुलुकको कर प्रशासनलाई सरलीकरण र प्रभावकारी बनाउने सम्बन्धमा विभिन्न आधारमा कर कार्यालयहरू स्थापना भइरहेका छन् । यसै क्रममा नेपाल सरकारले ठूला करदाता कार्यालयको स्थापना गरेको छ । यसबाट अधिकांश ठूला व्यवसायिक फर्म, कम्पनिहरू यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने हुंदा कार्यालय तथा मुख्य कारोवारस्थल अन्य स्थानमा रहेको भएता पनि कर सम्बन्धी निर्णयहरूको पुनरावेदन राजस्व न्यायाधिकरण काठमाण्डौको कार्यक्षेत्र भित्र परेको कारणबाट पनि मुद्दाको चाप बढेको देखिन्छ ।

राजस्व न्यायाधिकरणको गठन तथा क्षेत्राधिकारको विषयलाई लिएर सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको देखिएको र करदाताहरूबाट समेत सोही किसिमको गुनासो आएको देखिएको हुंदा राजस्व न्यायाधिकरणको गठन तथा क्षेत्राधिकारका विषयमा समयानुसार पुनर्विचार गर्नु पर्ने देखिएको छ ।

राजस्व न्यायाधिकरणबाट भएका फैसलाहरू अध्ययन गर्ने क्रममा एउटै विषयमा फरक फरक न्यायाधिकरणबाट फरक फरक फैसला भएको समेत देखिया । राजस्व न्यायाधिकरण काठमाण्डौमा हप्तामा एक दिन छोडी अन्य पूरै दिन कार्य हुने गरेको छ भने अन्य न्यायाधिकरणहरूमा हप्तामा एक दिन मात्र कार्य हुने गरेको छ । राजस्व न्यायाधिकरणबाट हुने फैसला अन्तिम हुने (सर्वोच्च अदालतमा सिधै पुनरावेदन लाग्ने व्यवस्था नभएको) भएकोले न्यायाधिकरणबाट हुने फैसलाहरूमा एकरुपता हुनु पर्ने हुंदा विभिन्न स्थानमा छुट्टा छुट्टै न्यायाधिकरण स्थापना गर्नुको सट्टामा काठमाण्डौमा राजस्व न्यायाधिकरण गठन गरी एक भन्दा बढी इजलाश गठन गर्न सक्ने व्यवस्था गरी आवश्यकता अनुसार अन्य स्थानमा इजलाश कायम गर्न सकिने व्यवस्था भएमा मुद्दाको फैसलामा एकरुपता आउनुका साथै छिटो छरितो रुपमा न्याय सम्पादन गर्न सहज हुने देखिन्छ । काठमाण्डौं र बाहिरका अन्य राजस्व न्यायाधिकरणमा आर्थिक वर्ष २०७०।७१ को मुद्दाको चापको अवस्था तल प्रस्तुत गरिएको छः

| विषय | गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको | यस आर्थिक वर्षमा दर्ता भएको | जम्मा | फछ्र्योट | बांकी |
|---|---|---|---|---|---|
| राजस्व न्यायाधिकरण काठमाण्डौ | | | | | |
| आय कर | ६४५ | १४४ | ७८९ | २१८ | ५७१ |
| मूल्य अभिवृद्धि कर | ४०२ | १२२ | ५२४ | ११४ | ४१० |
| भन्सार | ६५ | ६३ | १२८ | २६ | १०२ |
| अन्य | ५८ | ११ | ६९ | १४ | ५५ |
| **जम्मा** | १,१७० | ३४० | १,५१० | ३७२ | १,१३८ |
| **प्रतिशतमा** | ८४.२% | ८७.०% | ८४.८% | ९४.७% | ८२.०% |
| राजस्व न्यायाधिकरण विराटनगर | | | | | |
| आय कर | ५० | १० | ६० | ७ | ५३ |
| मूल्य अभिवृद्धि कर | ४५ | ३ | ४८ | ६ | ४२ |
| भन्सार | २४ | २१ | ४५ | – | ४५ |
| अन्य | १७ | ९ | २६ | ३ | २३ |
| **जम्मा** | १३६ | ४३ | १७९ | १६ | १६३ |
| **प्रतिशतमा** | ९.८% | ११.०% | १०.१% | ४.१% | ११.७% |
| राजस्व न्यायाधिकरण पोखरा | | | | | |
| आय कर | ३० | – | ३० | – | ३० |
| मूल्य अभिवृद्धि कर | १८ | – | १८ | – | १८ |
| भन्सार | ४ | – | ४ | – | ४ |
| अन्य | २४ | – | २४ | – | २४ |
| **जम्मा** | ७६ | – | ७६ | – | ७६ |
| **प्रतिशतमा** | ५.५% | ०.०% | ४.३% | ०.०% | ५.५% |
| राजस्व न्यायाधिकरण नेपालगञ्ज | | | | | |
| आय कर | १ | ४ | ५ | – | ५ |
| मूल्य अभिवृद्धि कर | २ | ३ | ५ | – | ५ |
| भन्सार | ५ | १ | ६ | ५ | १ |
| अन्य | – | – | – | – | – |
| **जम्मा** | ८ | ८ | १६ | ५ | ११ |
| **प्रतिशतमा** | ०.६% | २.०% | ०.९% | १.३% | ०.८% |
| कुल जम्मा चारै वटा राजस्व न्यायाधिकरण | | | | | |
| आय कर | ७२६ | १५८ | ८८४ | २२५ | ६५९ |
| मूल्य अभिवृद्धि कर | ४६७ | १२८ | ५९५ | १२० | ४७५ |
| भन्सार | ९८ | ८५ | १८३ | ३१ | १५२ |
| अन्य | ९९ | २० | ११९ | १७ | १०२ |
| **जम्मा** | १,३९० | ३९१ | १,७८१ | ३९३ | १,३८८ |

**सुझाव**

विभिन्न स्थानमा छुट्टा छुट्टै न्यायाधिकरण स्थापना गर्नुको सट्टामा काठमाण्डौमा राजस्व न्यायाधिकरण गठन गरी एक भन्दा बढी इजलाश गठन गर्न सक्ने व्यवस्था गरी आवश्यकता अनुसार अन्य स्थानमा इजलाश कायम गर्न सकिने व्यवस्था गरिनु पर्दछ । त्यसबाट मुद्दाको फैसलामा एकरुपता आउनुका साथै छिटो छरितो रुपमा न्याय सम्पादन गरी न्याय प्रशासनलाई प्रभावकारी बनाउन सहज हुने आयोगको धारणा छ ।

केन्द्रमामात्र ३ वा ४ बेन्च भएको न्यायाधिकरण राख्ने र पुनरावेदन अदालत रहेका सबै ठाउंमा आवश्यकता अनुसार अस्थायी बेन्च रहने र पुनरावेदन अदालतकै कोर्टरुमको प्रयोग गर्न पाउने तथा सबै पुनरावेदन अदालतमा एक कोठामा यसको सचिवालय रहने व्यवस्था गरिनु पर्दछ ।

केन्द्रवाट बाहिर बेन्च कायम गर्दा मामिलाको संख्याको चापको आधारमा २ वा ३ महिनाको लागि कायम गरिनु पर्दछ ।

हाल केन्द्र बाहिर रहेका सबै न्यायाधिकरण खारेज गरिनु पर्दछ ।

**राजस्व न्यायाधिकरणको बनोट**

राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ बमोजिम राजस्व न्यायाधिकरणमा कानून सदस्य, राजस्व सदस्य र लेखा सदस्य गरी ३ जना सदस्य रहने व्यवस्था रहेको छ । कानून सदस्यको लागि पुनरावेदन अदालतको न्यायाधीश भईरहेको वा हुने योग्यता पुगेको व्यक्ति हुनु पर्ने व्यवस्था छ । त्यसै गरी राजस्व सदस्यको लागि स्नातक भई राजस्व प्रशासनमा ७ वर्षको अनुभव प्राप्त र लेखा सदस्यको लागि स्नातक भएको र लेखाको क्षेत्रमा ७ वर्षको अनुभव प्राप्त गरेको व्यक्ति हुनु पर्ने योग्यता तोकिएको छ । व्यवहारमा हेर्ने हो भने वहालवाला उपसचिवहरूलाई सदस्यको पदमा नियुक्त गर्ने गरिएको छ । यसले गर्दा अध्यक्ष र सदस्यहरूको स्तर मिलेको देखिंदैन । अर्कोतर्फ, कर अधिकृतहरूले गरेको निर्णय उपर आन्तरिक राजस्व विभागमा परेको प्रशासकीय पुनरावलोकनको निवेदनका सम्बन्धमा राजपत्रांकित प्रथम श्रेणीको महानिर्देशकले निर्णय गर्ने व्यवस्था छ । एकातिर प्रथम श्रेणीको पदाधिकारीबाट निर्णय हुने सो उपरको पुनरावेदन सुनी निर्णय दिन सक्ने पदाधिकारीको रुपमा राजपत्रांकित द्वितिय श्रेणीको नियुक्ति हुने कार्य आफैमा अस्वाभाविक र अमिल्दो देखिएको र यसबाट राजस्व न्यायाधिकरणबाट हुने निर्णयमा

प्रभाव परेको भन्ने गुनासो समेत रहेको हुंदा यसमा पुनरावलोकन गरिनु जरुरी छ । यसको अलावा न्यायाधिकरणमा लेखा विज्ञ रहने व्यवस्था भएता पनि व्यावसायिक लेखा विज्ञ नभएको कारण लेखाको विश्लेषण भरपर्दो हुन सकेको छैन ।

राजस्व न्यायाधिकरणमा रहेको ३ जना सदस्यमध्ये कानून सदस्यले राजस्व न्यायाधिकरणको अध्यक्षता गर्दछ । राजस्व न्यायाधिकरणको राजस्व सदस्य पुनः कर अधिकृत भएर काम गर्न सक्दछ । यस किसिमको संरचना राजस्व न्यायाधिकरणलाई निष्पक्ष तथा व्यावसायिक बनाउन त्यति उपयुक्त भएको देखिदैन । राजस्व न्यायाधिकरणमा पुनरावेदन परेकोमा त्यस उपर निर्णय गरिसक्नु पर्ने समयावधि पनि तोकिएको छैन । यसले गर्दा केही मामिला उपर वर्षौं सम्म पनि निर्णय हुन सकेको छैन ।

त्यस्तै राजस्व न्यायाधिकरणका पदाधिकारीहरूको सेवासर्त, नियुक्ति प्रक्रिया, पदावधि, योग्यता, सुविधा आदि विषयमा स्पष्ट व्यवस्था भएको पाइंदैन । छोटो छोटो समयमा पदाधिकारीहरू परिवर्तन भइरहने तथा कतिपय अवस्थामा लामो समयसम्म पनि पदाधिकारी नियुक्ति नहुने गरेको पाइन्छ ।

**सुझाव**

राजस्व न्यायाधिकरणमा कानून, राजस्व तथा लेखा सम्बन्धी विज्ञता हासिल गरेका तीन सदस्य हुने र अध्यक्ष कानूनको विज्ञ हुने व्यवस्था हुनु पर्दछ । राजस्व तथा लेखा सदस्यको स्तर वृद्धि गरिनु पर्दछ । लेखा सदस्य चार्टर्ड एकाउण्टेण्ट राख्ने व्यवस्था हुनु पर्दछ ।

राजस्व न्यायाधिकरणका सदस्यको स्तर, योग्यता, क्षमताको आधारमा कर प्रशासन एवं अर्थ मन्त्रालय मातहतका निकाय भन्दा वाहिरका कर प्रशासनको कार्य र कार्यविधिको ज्ञान भएका स्वतन्त्र व्यक्ति हुनु पर्ने व्यवस्था हुनु पर्दछ ।

राजस्व न्यायाधिकरणका सदस्य भई सकेको ब्यक्ति राजस्व प्रशासनको अन्य नियमित कार्यमा पूनः सलग्न नहुने ब्यबस्था गर्नु पर्दछ ।

राजस्व न्यायाधिकरणका सदस्यहरू निश्चित अवधिका लागि नियुक्ति गर्ने व्यवस्था गरी नियुक्तिका लागि सिफारिस समितिको व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । यसका लागि सिफारिस समितिमा संवैधानिक निकायका प्रमुख अध्यक्ष रहने गरी सदस्यहरूमा मुख्य सचिव, अर्थ सचिव रहने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

**राजस्व न्यायाधिकरण छुट्टै स्वायत्त निकाय हो वा कुन निकाय मातहत हो, स्पष्ट नभएको**

राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम गठित राजस्व न्यायाधिकरण छुट्टै निकाय भए तापनि यसको बजेट व्यवस्था सर्वोच्च अदालतबाट निकाशा हुने गरेको छ। तर राजस्व न्यायाधिकरण सर्वोच्च अदालत मातहत पर्ने व्यवस्था संविधानतः भएको देखिंदैन।

**सुझाव**

राजस्व न्यायाधिकरणबाट भएका फैसला अन्तिम हुने व्यवस्था भएको हुंदा राजस्व न्यायाधिकरणलाई अर्थ मन्त्रालय सम्पर्क मन्त्रालय रहने गरी एउटा छुट्टै स्वतन्त्र निकायको रुपमा रहने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ।

**राजस्व न्यायाधिकरणको फैसला कार्यान्वयन नहुने गरेको**

राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणबाट भएको फैसला उपर सिधै सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था नभएको हुंदा उक्त फैसला अन्तिम हुने व्यवस्था छ। सो अनुसार राजस्व न्यायाधिकरणबाट भएका फैसला तत्काल कार्यान्वयन गर्नु पर्ने हुन्छ। तर उक्त ऐनको दफा ८ मा तोकिएको अवस्था भएमा सर्वोच्च अदालतमा पुनरावेदन अनुमतिको निवेदन दिन सकिने व्यवस्था छ। यही व्यवस्थालाई आधार लिएर करदाता र सरकार दुवै पक्षबाट सबैजसो मुद्दामा पुनरावेदन अनुमतिको निवेदन पर्ने गरेको र सोही आधार बनाएर राजस्व न्यायाधिकरणबाट भएका फैसला तत्काल कार्यान्वयन नहुने गरेको पाइन्छ।

**सुझाव**

राजस्व न्यायाधिकरणबाट भएका फैसलामाथि सर्वोच्च अदालतमा पुनरावेदन अनुमतिको निवेदन परेमा पनि राजस्व न्यायाधिकरणबाट भएका फैसला तत्काल अनिवार्य रुपमा कार्यान्वयन गर्नु पर्ने र पछि सर्वोच्च अदालतमा परेको निवेदनको अन्तिम निर्णय भएपछि सोही बमोजिम हुने भन्ने व्यवस्था गर्नु पर्दछ।

**फैसला गर्नु पर्ने अवधि**

राजस्व न्यायाधिकरणमा निवेदन दिएको मुद्दाको फैसला हुनुपर्ने समय सीमा नतोकिएकोले वर्षौं सम्म निर्णय हुने गरको छैन। लामो समयसम्म न्यायिक निकायमा विचाराधीन रहेका मामिलाका कारण ठूलै रकम वक्यौता रहन गएको अवस्थालाई विचार गर्दा

न्यायिक निकायमा परेका अपिलहरूका सम्बन्धमा निश्चित अवधि भित्र निरुपण भई सक्नुपर्ने व्यवस्था सम्बन्धित निकायसंग छलफल गरी तत्तत् ऐनहरूमा संशोधन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

**सुझाव**

राजस्व न्यायाधिकरणमा निवेदन दिएको मुद्दा बढिमा १८० दिन भित्रमा अनिवार्य फैसला गर्नु पर्ने व्यवस्था हुनु पर्ने र करसंग सम्बन्धित विषय विशेष प्रकृतिको भएको हुंदा अन्य अदालतले हेर्ने भन्दा केही हदसम्म खुकुलो दृष्टिकोण अपनाउन उपयुक्त हुने देखिन्छ । माथि उल्लेख भए अनुसार राजस्व न्यायाधिकरणले मुद्दा किनारा गर्नु पर्ने अवधि किटान गरी सो को आधारमा न्यायाधिकरणका पदाधिकारीहरूको मुल्यांकन गर्ने व्यवस्था गर्नु पर्दछ ।

**राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा राख्नु पर्ने धरौटी कहां कसरी जम्मा गर्ने भन्ने स्पष्ट नभएको**

राजस्व सम्बन्धि निर्णय उपर प्रशासकीय पुनरावलोकनको निवेदन दिंदा तथा राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने व्यवस्था कर प्रशासनसंग सम्बन्धित कानूनहरूले गरेको भएता पनि यस सम्बन्धी व्यवस्थामा एकरुपता भएको पाइंदैन । प्रशासकीय पुनरावलोकनको सम्बन्धमा आय कर ऐनमा दाखिला भनिएको छ । मूल्य अभिवृद्धि कर ऐनमा धरौटी भनिएको छ र बैंक ग्यारेन्टी समेत दिन सकिने व्यवस्था विगतमा रहेकोलाई आर्थिक ऐन, २०७१ ले संशोधन गरी नगद दाखिला गर्ने व्यवस्था गरेको छ । विगतमा आय कर ऐन तथा मूल्य अभिवृद्धि कर ऐनको सम्बन्धमा राखिएको धरौटी रकम समेत सदर स्याहा गर्ने गरिएको पाइन्छ । त्यसैगरी राजस्व न्यायाधिकरणमा पुनरावेदन दिंदा राख्नु पर्ने धरौटीको सम्बन्धमा राजस्व न्यायाधिकरण ऐन, २०३१ मा व्यवस्था गरिएको भएता पनि उक्त धरौटी रकम कहां कसरी जम्मा गर्ने हो भन्ने स्पष्ट व्यवस्था भएको पाइदैन । त्यस्तै, के कति धरौटी भन्ने सम्बन्धमा समेत आय कर ऐन र राजस्व न्यायाधिकरण ऐनमा फरक फरक व्यवस्था भएकोले यस विषयमा स्पष्ट रुपमा एकीकृत व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

**सुझाव**

राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा राख्नु पर्ने धरौटी सम्बन्धित राजस्व कार्यालयमा नगदै वा बैंक जमानत जम्मा गर्ने भन्ने स्पष्ट व्यवस्था गरिनु पर्दछ ।

**राजस्व न्यायाधिकरणमा थप प्रमाण पेश गर्न मिल्ने हो होइन भन्ने स्पष्ट नभएको**

राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणले प्रमाण बुझ्न सक्ने देखिन्छ तर यसरी प्रमाण बुझ्ने क्रममा थप प्रमाण बुझ्न मिल्ने हो वा प्रारम्भिक कर निर्धारणको समयमा पेश गरेका प्रमाणहरूलाई उचित मूल्यांकन गरियो गरिएन भन्ने मात्र हेर्ने हो भन्ने स्पष्ट हुनु पर्ने हुन्छ ।

**सुझाव**

कर सम्बन्धी विषयमा कारोवार पहिले हुने र कर परीक्षण पछि हुने तथा कर सम्बन्धी सम्पूर्ण कागजात करदातासंगै रहने हुंदा राजस्व न्यायाधिकरणले थप प्रमाण बुझ्ने नभई करदाताबाट पहिले पेश भएका प्रमाणहरू कर निर्धारणको समयमा उचित मुल्यांकन भए नभएको मात्र विवेचना गर्ने व्यवस्था गर्नु पर्दछ ।

**बेरितको आदेश बदर**

राजस्व न्यायाधिकरणमा बेरितको आदेश बदर गरी पाउं भनी निवेदन पर्ने गरेको पाइन्छ । राजस्व न्यायाधिकरण ऐन, २०३१ मा के कस्तो आदेश उपर निवदन गर्न सकिने हो स्पष्ट व्यवस्था भएको पाइदैन ।

**सुझाव**

यस सम्बन्धमा स्पष्ट व्यवस्था गर्नु पर्दछ ।

**स्रेस्तेदारले गरेको दरपीठ आदेश**

स्रेस्तेदारले गरेको दरपीठ आदेश उपर निवेदन लाग्ने नलाग्ने र कहां लाग्ने स्पष्ट छैन ।

**सुझाव**

यस सम्बन्धमा राजस्व न्यायाधिकरण मै निवेदन लाग्ने स्पष्ट व्यवस्था गर्नु पर्दछ ।

**अन्य ऐन कानूनहरूमा भएको फरक व्यवस्था**

पुनरावेदनका सम्बन्धमा प्राय सबै कर ऐनहरूले पुनरावेदन गर्न पाउने प्रावधान गरी म्याद निर्धारण गरेको पाइएको छ । यस्तो पुनरावेदन गर्ने अवसर प्रदान गर्दा एकातर्फ ऐनका खास खास कुरामा मात्र पुनरावेदन गर्न सक्ने गरि सीमित गरिएको देखिन्छ

भने अर्कोतर्फ कुनै कानुनमा एक किसिमको पुनरावेदनको अवसर/पद्धति र अर्को कुनै कानुनमा वा उसै कानुनमा कुनै कुरामा कहीँ र कुनैमा अन्यत्र कहीँ उपचार खोज्न पर्ने गरी प्रावधान रहेको पाइन्छ। यस किसिमको उपचारात्मक पद्धति समुचित र न्यायोचित मान्न सकिँदैन। यस्तोमा ऐनका जुनसुकै प्रावधानबाट मर्का पर्नेले उपचार पाउन सक्ने गरिनु पर्दछ भने सबै उपचारहरू सक्षम, स्वतन्त्र एवं जिम्मेवार न्याय गर्न स्थापित निकायबाट पाउने गरिनु आवश्यक हुन्छ।

### सुझाव

सम्बन्धित कर कानुनका उपचार दिने प्रावधानहरूमा सुहाउँदो र समुचित संशोधन गरिनु जरुरी छ।

### स्थानीय कर

नेपालमा हाल केन्द्र र स्थानीय निकाय दुवैले कर लगाई असुलउपर गर्दै आएका छन्। स्थानीय कर लगाइएको विरुद्ध पुनरावेदन गर्न पाउने कानुनी उपचारको व्यवस्था हालसम्म हुन सकेको पाइँदैन। त्यस्तो उपचारको अभावमा मर्का पर्नेले रिट क्षेत्रको प्रयोग गर्नु परिरहेको अवस्था छ।

### सुझाव

स्थानीय कर तिर्ने करदातालाई मर्का परेको खण्डमा उपचार प्रदान गर्न स्थानीय कर लगाउने ऐनमा संशोधन गरी राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था गर्नु पर्दछ।

### अन्य विविध

आय कर ऐन, २०५८ को परिच्छेद २३ मा उल्लेखित कसूरमा सजाय (जरिवाना र कैद) हुने उक्त मुद्दा नेपाल सरकार वादी हुने अनुसन्धान तहकिकात कर अधिकृतले गर्ने व्यवस्था गरेको छ र अन्तःशुल्क ऐन, २०५८ को दफा १६ र मूल्य अभिवृद्धि कर, २०५२ को दफा २९ (२) र भन्सार ऐन, २०६४. को दफा ४० बमोजिम क्रमशः अन्तःशुल्क अधिकृत, कर अधिकृत र भन्सार अधिकृतले सजाय (जरिवाना/कैद) गर्न सक्ने व्यवस्था गरेको छ। यस्तो निर्णय विरुद्ध प्रशासकीय पुनरावलोकनको निवेदन दिन पाउने प्रावधान छ। यस्ता किसिमका परस्पर विरोधाभासपूर्ण व्यवस्थामा सुधार गरी एकै किसिमको व्यवस्था गर्नुपर्ने।

राजस्व न्यायाधिकरणमा परेका कर राजस्वसंग सम्बन्धित मुद्दाहरूका सम्वन्धमा सरकारी वकीलहरूवाट प्रतिरक्षा हुँदै आएको छ । राजस्व न्यायाधिकरण काठमाण्डौंमा दायर रहेका मुद्दाहरूको सम्वन्धमा विशेष सरकारी वकिल कार्यालयमा कार्यरत सरकारी वकिलहरूबाट र काठमाण्डौं उपत्यका बाहिर रहेका राजस्व न्यायाधिकरणमा दायर रहेका मुद्दाहरूको संवन्धमा संवन्धित पुनरावेदन सरकारी वकिल कार्यालयहरूमा कार्यरत सरकारी वकिलहरूबाट बहस पैरवी प्रतिरक्षा गर्ने गर्ने गराउने गरिएको देखिन्छ ।

राजस्व सम्बन्धी विवादहरू प्राविधिक किसिमको भएकोले बहस पैरवी गर्दा कानून व्यवसायीको साथै नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाबाट व्यावसायिक प्रमाण पत्र प्राप्त चार्टर्ड एकाउण्टेण्ट एवं दर्तावाल लेखा परीक्षक (Registered Auditor) ले बहस गर्न पाउने व्यवस्था गर्नु पर्दछ ।

नीतिगतरुपमा विभागहरूबाट भएको निर्णय बाहेक अन्य सबै निर्णयहरूमा चित्त नबुझ्मा सो उपर पुनरावेदन दिन पाउने व्यवस्था गर्नु पर्दछ ।

अध्याय

१७

# कर विवाद समाधान समिति

## १७.१ परिचय

प्रायः सबै जसो मुलुकहरूमा कर निर्धारणमा केही विवादहरू आउने गरेको पाइन्छ। यस किसिमको विवाद हुनु अस्वाभाविक नभए पनि ठूलो संख्याका यस्ता विवादका कारण यी विवादहरू समाधानका लागि न्यायिक निरुपणका प्रकृयामा प्रवेश गर्नाले राजस्वको ठूलो अंक बक्यौताको रुपमा रहन गएका उदाहरणहरू छन्। त्यसैले विभिन्न मुलुकहरूले यस्ता खालका विवादहरू सजिलैसंग टुंगो लगाउन नियमित न्यायिक प्रकृयाबाट विवादको छिनोफानो गर्न पाउने अवसरका अतिरिक्त करदाता र कर प्रशासक बीचका विवादहरू वार्ताद्वारा छिटो समाधान गर्न कर विवाद समाधान बोर्ड वा समितिको नामबाट एउटा छुट्टै कर विवाद समाधान सम्बन्धी निकायको स्थापना गरेको पाइन्छ। यस्तो व्यवस्था छिमेकी मुलुक भारत, बंगलादेश, पाकिस्तान, संयुक्त राज्य अमेरिका, बेलायत जस्ता देशहरूमा कुनै न कुनै रुपमा रहेको पाउंदछौं। कस्तो खालका संरचना वा संयन्त्र ठिक हुन्छ भन्ने कुरा त्यस मुलुकको आवश्यकतामा भर पर्दछ। न्यायिक पदाधिकारीहरूको कमी वा आवश्यक विज्ञताको अभावले पनि न्यायिक निकायमा रहेका विवादहरू छिटो निरुपण हुन सक्दैनन्। त्यस्तै कर निर्धारण प्रकृयाका सम्बन्धमा कर प्रशासनको अज्ञानता वा कर निर्धारण गर्ने आक्रामक तरिका वा स्वेच्छाचारी तवरबाट कर निर्धारण गर्ने पवृत्तिको कारण पनि कर निर्धारणमा विवाद हुन गै अनावश्यक रुपमा मामिलाहरू न्यायिक निरुपणका लागि जान बाध्य भएका उदाहरणहरू पनि पाइन्छन्। यसरी विवादहरू लम्बिदा सरकारलाई मात्र नभई निजी क्षेत्रलाई पनि संधैभरी मुद्दा लडिरहनु पर्दा अनावश्यक रुपमा आर्थिक भार र सधैभरीको अनिश्चितताले गर्दा मानसिक तनाव पर्न गएको छ। यदि कर निर्धारण वा कर परीक्षण कार्य सही ढंगबाट गर्न सकेको भए यस्तो अवस्थाको सृजनानै हुने अवस्था आउंदैनथ्यो।

यसका लागि सबै भन्दा पहिले न्यायिक निकायमा विचाराधीन रहेका मामिलाहरूको तथ्यांकीय अवलोकन गर्दा समस्या कस्ता खालका करदातामा र के विषयमा बढी केन्द्रित रहेको छ भन्ने पत्ता लगाउन सकिन्छ । त्यसैले कर निर्धारण गर्दा बारम्बार दोहोरिरहने समस्याका लागि नीतिगत वा कानूनीरुपले निराकरण गर्न सकिन्छ भने अन्य टाट पल्टिएका वा टाट पल्टिने अवस्थामा पुगेका, प्राविधिकरुपले कर निर्धारण भएका तर कर तिर्न सक्ने क्षमता नभएका, मौद्रिक तरलताका अभावमा तिर्न नसक्ने भएका, कर प्रशासनले गल्तीबाट बढी कर निर्धारण भएका, कर निर्धारण भएको विषय नै विवादास्पद भएका, कानूनको व्याख्यामा नै शंका भएको आदि विषयहरू निरुपणका लागि न्यायिक निकायमा भन्दा कर विवाद समस्या समाधान समितिबाट मेलमिलाप वा मध्यस्थताका आधारमा टुंगो लगाउन सकिन्छ ।

## १७.२ वार्ताद्वारा विवाद समाधानका तरिकाहरू

करदाता र कर प्रशासन बीच वार्ताद्वारा विवादको समाधान निकाल्ने तरिका अनौपचारिक एवं परम्परागत दृष्टिकोण भएता पनि कानूनी मान्यता पाएपछि भने यो प्रकृयाले औपचारिक रुप ग्रहण गर्दछ । यसरी यस प्रकृयाले कानूनीरुप लिएमा यसका तीनवटा सम्भावनाहरू हुन्छन् ।

- **मध्यस्थको माध्यमबाट मेलमिलाप (Mediation/Conciliation)**

  दुई पक्ष विवाद समाधान गर्ने प्रकृयामा रहेको अवस्थामा कुनै टुंगोमा पुग्न नसकी विवादको निर्णय वा समाधानका लागि स्वतन्त्र तेश्रो पक्षको हस्तक्षेपलाई स्वीकार गरिन्छ ।

- **सम्झौता (Settlement)**

  त्यस्तो अवस्था, जहां कर प्रशासन र करदाता बीच विवादको समाधान सम्झौताद्वारा सम्पन्न गरिन्छ ।

- **मध्यस्थता (Arbitration)**

  त्यस्तो अवस्था, जहां दुवै पक्षद्वारा शुरुमै स्वतन्त्र तेश्रो पक्षको निर्णयलाई स्वीकार गर्न सहमति गरिन्छ ।

परम्परागतरुपमा न्यायिक निकायबाट छिनोफानो गरिने विधिभन्दा भिन्नरुपमा करदाता र कर प्रशासक बीच मध्यस्थको माध्यमबाट वार्ताद्वारा छिटो समस्याको सामाधान गर्नु नै

यस विवाद समस्या समाधान समितिको कार्य हुन्छ। यो एउटा स्थायी रुपको छुट्टै निकाय हो। मध्यस्थकर्ताले विज्ञको हैसियतले विवाद समाधानका लागि दुवै पक्षलाई विश्वासिलो र भरपर्दो उपाय, तरिका वा सुझाव प्रदान गरी वार्तालाई सहज तुल्याउने कार्य गर्दछ। जसको फलस्वरुप वार्ता निर्णायक भै दुवै पक्षका बीच समाधानका सम्बन्धमा सम्झौता सम्पन्न हुन्छ। न्यायिक निकायमा गएका मामिलाहरू पनि दुवै पक्ष सहमत भएमा यस्तो समिति मार्फत टुंगो लगाउन सकिने हुन्छ। यसबाट सरकारले पनि पाउनु पर्ने राजस्व समयमा नै संकलन गर्न पाउने छ भने करदातालाई आर्थिक र मानसिक भारबाट मुक्ति मिल्दछ।

विवाद समाधानको यस्तो वैकल्पिक व्यवस्थाको दुरुपयोग हुन नदिनका लागि प्रकृयाहरू र समितिले हेर्न पाउने स्पष्ट आधारहरू तोकिनु आवश्यक हुन्छ। सबै विवादहरू यस समितिबाट हेरिनु उपयुक्त नहुने हुंदा कर अधिकृत, प्रमुख कर अधिकृत, कर प्रशासक तथा महानिर्देशकलाई एउटा रकमको सिमा तोकी त्यस हदसम्मको रकमको विवाद निजहरूकै तहबाट छिनोफानो गर्ने, त्यसभन्दा माथिको तोकिएको रकमको हकमा समितिद्वारा सम्झौता गर्न सक्ने र त्यस भन्दा माथिको हकमा सरकारको निर्णयका लागि सिफारिस गरेर पठाउने तथा निर्णय भै आए पछि सम्झौता गर्ने व्यवस्था गर्न सकिन्छ।

करदाताले स्वयं कर निर्धारण गरेर पेश गरेका कर विवरण सही नभएमा वा कर विवरण पेश नगरेकोमा आन्तरिक राजस्व कार्यालयले कर परीक्षण वा अनुसन्धानात्मक कर परीक्षणको माध्यमबाट पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्न सक्दछ। यसरी भएको संशोधित वा पुनः कर निर्धारण उपर करदाताले चित्त नबुझाएमा त्यस विरुद्ध सर्वप्रथम आन्तरिक राजस्व विभागको महानिर्देशक समक्ष प्रशासकीय पनरावलोकनको लागि निवेदन दिने र महानिर्देशकबाट भएको निर्णयबाट समेत सन्तुष्ट नभएमा राजस्व न्यायधिकरणमा पुनरावेदनको लागि जान पाउने कानूनी व्यवस्था रहेको छ। राजस्व न्यायधिकरणबाट भएको निर्णय उपर समेत चित्त नबुझेमा केही खास अवस्था उल्लेख गरी सर्वोच्च अदालत समक्ष अनुमतिको लागि निवेदन दिई अन्तिम छिनोफानो गराउन पाउने व्यवस्था रहेको छ।

संशोधित वा पुनः कर निर्धारण कतिपय अवस्थामा करदातालाई करका विभिन्न पक्षहरूको बारेमा सही जानकारी नभएकोले हुन गएको छ भने कतिपय अवस्थामा कर अधिकृतले न्यायोचित रुपमा कर निर्धारण गर्न नसक्नाले निर्धारित कर रकम तिर्नसक्ने अवस्था

भन्दा बढी हुन गएकोले समेत बक्यौतामा वृद्धि हुन गएको छ । कर बक्यौताको ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको छ । कर कानूनहरू विशेष गरी आय कर ऐन, २०५८ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा बक्यौता असुली सम्बन्धमा विभिन्न प्रावधान रहेका छन् । ऐनहरूमा कर अधिकृतले बक्यौता रहेको व्यक्तिको चल अचल सम्पत्ति कब्जामा लिई लिलाम गरी बक्यौता रकम असुल गर्न सक्ने, बक्यौता रहेको व्यक्तिको बैंक तथा वित्तीय संस्थामा रहेको रकममाथि दाबी गर्न सक्ने लगायत बक्यौता राख्ने व्यक्ति विरुद्ध अदालतमा मुद्दा दायर गर्न सक्नेसम्मका अधिकारहरू रहेका छन् । ऐनहरूमा बक्यौता रहेको रकम असुलिको लागि पर्याप्त कानूनी व्यवस्था भै रहेको अवस्थामा समेत बक्यौता असुल हुन नसक्नु पछाडि रहेका कारण समेतलाई ध्यान दिनु जरुरी छ । कर निर्धारणबाट सिर्जना भएको विवादको कानूनी रुपमा समाधानको प्रक्रिया लामो भएकोले कर असुल गर्नका लागि कानूनी प्रक्रिया अपनाउन अदालतबाट अन्तिमरुपमा निरुपण नभएसम्म पर्खनु पर्ने हुन्छ । कतिपय करदाताको कर कानूनको अज्ञानताको कारणबाट सिर्जित भएको बक्यौता कर कानूनमा भएको कडा व्यवस्था प्रयोग गरी असुल गर्न मानवीय एवं व्यावहारिक कारणबाट समेत कठीन भै रहेको अवस्था समेत विद्यमान छ ।

कर बक्यौता रहेको व्यक्तिबाट बक्यौता असुल गर्न कर कानूनहरूमा रहेको व्यवस्था प्रयोग गरेर मात्र व्यावहारिक नहुने अवस्थालाई महसुस गरी सरकारले समय समयमा आर्थिक ऐनमा विशेष छुट तथा सुविधाहरू दिई कर बक्यौता संकलन गर्ने वा बक्यौता व्यवस्थापन गर्ने प्रयाशगर्दै आएको छ । आर्थिक ऐनमा यस्ता विशेष छुट तथा सुविधाहरू व्यवस्था गरेको आय वर्षमा बक्यौता कर रकम असुल हुने गरेको छ । त्यस्तै कर विवाद निरुपण गरी कर बक्यौता व्यवस्थापन गर्नको लागि केही वर्षको अन्तरालमा कर फछ्र्यौट आयोग ऐन, २०३३ लाई प्रयोग गरी कर फछ्र्यौट आयोग गठन गर्ने परम्पराकै रुपमा स्थापित भएको छ । कर फछ्र्यौट आयोग गठन भएको आय वर्षमा केही बक्यौता कर रकम संकलन भई केही हदसम्म बक्यौता व्यवस्थापन समेत हुने गरेको छ । कर फछ्र्यौट आयोगको माथि उल्लेखित पक्ष सकारात्मक रहेतापनि केही करदाताले कर चुहावट (Evasion) गर्ने, त्यस्तो चुहावट विरुद्ध भएको कर निर्धारण उपर कानूनीरुपमा विवादलाई नियतवश लम्ब्याउदै लैजाने गरेको पाइन्छ । त्यस्तो कर दायित्व कम देखाई स्वयं कर निर्धारण गरी आय विवरण वा कर विवरण दाखिला गर्ने करदाताको कर लेखा परिक्षणबाट कायम भएको कर समेत दाखिला नगरी कर फछ्र्यौट आयोग गठनलाई प्रतिक्षा गर्ने प्रवृत्ति समेत रहेको पाइन्छ ।

कर बक्यौता सम्वन्धी समस्या नेपालको मात्र नभई विकासशील एवं विकसित देशमा समेत रहेको पाईन्छ । ती देशहरूले निर्धारित कर रकम शिघ्र रुपमा संकलनको लागि वैकल्पिक व्यवस्था अवलम्बन गरेको पाइन्छ। कर विवाद समाधान गर्ने तथा बक्यौतालाई उपयुक्त रुपमा व्यवस्थापन गर्न हाल कर कानूनमा रहेको व्यवस्थाको साथसाथै अन्य वैकल्पिक व्यवस्था (Alternative Dispute Resolution) समेत गर्न जरुरी भै सकेको छ। नेपालको हकमा राजस्व न्यायधिकरणमा परेका मुद्दाहरू र तिनको बक्यौता अंक हेर्दा तथा बेलाबेलामा गठन हुने कर फर्छ्यौट आयोगको गठनलाई विचार गर्दा पनि कर विवाद समाधानका लागि वैकल्पिक कानूनी व्यवस्था गर्नुपर्ने अवस्था रहेको देखिन्छ। आयोगले विभिन्न क्षेत्रमा आयोजना गरेका छलफल/अन्तरक्रिया कार्यक्रमका सहभागीहरूका साथै अरुले पनि एउटा स्थायी कर विवाद समाधान समिति स्थापना गरिनु पर्ने सुझाव दिएका थिए र आयोगको धारणा पनि यही छ।

## १७.३ सुझाव

आय कर ऐन, २०५८ ले कर विवाद मिन्हाको माध्यमबाट समाधान सम्बन्धी सैद्धान्तिक अवधारणालाई ऐनको दफा ११२ मा समावेश गरेको छ। ऐनको यसै व्यवस्थालाई आधार मानी छुट्टै स्वतन्त्ररुपले काम गर्ने गरी वैकल्पिक कर विवाद समस्या समाधान समितिको व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ। यसको सम्पर्क मन्त्रालयको रुपमा अर्थ मन्त्रालयले काम गर्ने गरी तोकिनु पर्दछ। आन्तरिक राजस्व विभागले कार्यान्वयन गर्ने मूल्य अभिवृद्धि कर ऐन, अन्तःशुल्क ऐन तथा भन्सार ऐनमा समेत यस्तो व्यवस्था समावेश गर्नु पर्ने देखिन्छ।

कर विवाद समाधान गर्ने तथा बक्यौतालाई उपयुक्तरुपमा व्यवस्थापन गर्न कस्तो संरचना निर्माण गर्ने भन्ने सम्बन्धमा नेपालको जस्तै करदाताको अवस्था, प्रवृत्ति, व्यावसायिक संरचना भएको विशेष गरी दक्षिण एशियाली देशहरूमा प्रचलनमा रहेको व्यवस्थालाई अवलम्बन गर्नु उपयुक्त हुन्छ। यस दृष्टिकोणले हेर्दा नेपालमा यस्तो समिति बढीमा तीन सदस्यीय हुनु उपयुक्त हुन्छ। सदस्यहरू चयन गर्न अर्थ सचिव, कानून सचिव र एक जना विज्ञ सम्मिलित एक चयन समिति पनि रहनु आवश्यक हुन्छ। चयन समितिले समितिका सदस्यहरू चयन गर्दा समाजमा विशिष्ट पहिचान राख्ने नैतिकवान व्यक्तिको चयन गर्ने कानूनी व्यवस्था गर्नु पर्दछ। सदस्यको योग्यताका हकमा कम्तिमा पुनरावेदन तहको अदालतमा न्यायाधीश भै सेवा निवृत्त भएको र कानूनमा स्नातकोत्तर भएको वा नेपाल सरकारको सचिव वा सहसचिवको पदवाट सेवा निवृत्त भएको र अर्थशास्त्र वा

बाणिज्यशास्त्र वा कानूनमा स्नातकोत्तर भएको व्यक्ति हुनु पर्दछ । यसो गर्दा त्यस्तो व्यक्ति सेवा निवृत्त भै सकेकाले निजको लगाव वा झुकाव कुनै व्यक्ति विशेष प्रति रहने सम्भावना कम हुन्छ । निज सदस्यहरूको अन्य पदीय दायित्व पनि नहुने हुंदा सुम्पिएको कामप्रति बढी जिम्मेबार हुने अपेक्षा गर्न सकिन्छ । समितिको अध्यक्षता कर विवाद समाधान समितिका सदस्यहरू मध्ये कानून सदस्यले गर्ने व्यवस्था गर्नु पर्दछ । कर विवाद समाधान समितिको सदस्य सचिवको रुपमा आन्तरिक राजस्व विभागका नीति तथा विश्लेषण महाशाखाका उपमहानिर्देशकलाई तोकिनु पर्दछ ।

यस कर विवाद समाधान समितिको कार्य सञ्चालन कसरी गर्ने भन्ने सम्बन्धमा निर्देशिका तयार गरी लागू गर्नु पर्दछ । यो व्यवस्था छनौट गर्ने करदाताले विवाद समाधान गर्ने सम्बन्धमा रहेको अन्य व्यवस्थाको उपयोग गर्न नपाउने व्यवस्था समेत गरिनु पर्दछ । समितिको निर्णय साधारणतः अन्तिम हुने व्यवस्था हुनुपर्दछ । पुनरावेदनको उपचार खास खास अनिवार्य स्थिति (कानूनमा नै किटानी गरिनु पर्ने) वाहेक रहनु उपयुक्त हुंदैन । यस्तो व्यवस्था भएमा निर्धारित कर रकम समयमा नै संकलन हुने र बक्यौता व्यवस्थापन सहज हुन जाने हुन्छ । वदनियतपूर्वक कर छल्ने र त्यस विरुद्ध भएको कर निर्धारण उपर कानूनी प्रक्रियामा गई कर दायित्वलाई स्थगन गर्ने र सालवसालीरुपमा जारी हुने आर्थिक ऐनमा कर छुटका व्यवस्था राख्नको लागि दवाव दिने प्रवृत्तिको अन्त्य हुन जाने अवस्था सिर्जना हुन्छ भने कर दायित्व समयमा फरफारक नगरी कर फछ्र्यौट आयोगको गठनको प्रतिक्षा गर्ने अवस्थाको समेत अन्त्य हुन सक्छ । यस व्यवस्थाको छनौट नगर्ने वा छनौट गर्ने, तर समितिबाट भएको निर्णयको अवज्ञा गरी कर दायित्व कायम राख्ने करदाता उपर बक्यौता असुलि सम्बन्धमा भएका व्यवस्थालाई कर प्रशासनले कडाईका साथ लागू गर्न सक्ने अवस्था हुन्छ ।

अध्याय

१८

# सम्पत्तिको घोषणा

## १८.१ पृष्ठभूमि

आधुनिक करका खास गरेर तीन आधार छन् । ती हुन् – आय, सम्पत्ति र वस्तु तथा सेवा । वस्तु तथा सेवाको उत्पादन, निकासी, पैठारी, विक्री, उपभोग, मूल्य अभिवृद्धि वा आपूर्ति गरे बापत विभिन्न किसिमका करहरू लगाइन्छन् । यी करहरूमा भन्सार महसुल, अन्तःशुल्क, बिक्री कर, मूल्य अभिवृद्धि कर, मनोरन्जन कर आदि पर्दछन् । अर्कोतर्फ मुनाफा, पारिश्रमिक, ज्याला, ब्याज, रोयल्टी, भाडा आदि जस्ता आयमा आधारित गरेर विभिन्न करहरू लगाइन्छन् जसलाई आय कर भनिन्छ । यी करहरूमा व्यक्तिगत आय कर र संस्थागत आय कर पर्दछन् । यसैगरी चल अचल सम्पत्तिमाथि पनि विभिन्न करहरू लगाइन्छन् जसलाई सम्पत्ति कर भनिन्छ । सम्पत्तिमा आधारित करहरूमा घर जग्गा जस्तो अचल सम्पत्तिको स्वामीत्व धारण गरे बापत वार्षिक रुपमा लगाइने मालपोत तथा घर जग्गा कर, सम्पत्तिको स्वामीत्व हस्तान्तरण हुंदा लाग्ने घर जग्गा रजिस्ट्रेशन दस्तुर, तथा चल अचल सबै किसिमका सम्पत्तिको गणना गर्दा वृद्धि भएको खूद सम्पत्तिमा लगाइने खूद सम्पत्ति कर (Net Worth Tax) पर्दछन् । त्यस्तै कतिपय देशहरूमा सम्पत्तिमाथि स्वामीत्व भएको प्राकृतिक व्यक्तिको मृत्यु पश्चात त्यस्तो सम्पत्तिमाथि अधिकार प्राप्त गर्ने वा उपभोग गर्ने व्यक्तिले सम्पत्ति प्राप्त गरे बापत लाग्ने कर (Inheritance Tax) वा उपहार, अपुताली वा इच्छापत्र अनुसार सम्पत्ति प्राप्त गर्ने व्यक्तिलाई लाग्ने कर (Gift Tax) लगाउने चलन रहेको पाइन्छ ।

जमिनमा आधारित सम्पत्ति कर विभिन्न देशमा राजस्वको परम्परागत स्रोतको रुपमा रहेको पाईएपनि मूल्य अभिवृद्धि कर, आय कर जस्ता लचिला आधुनिक करहरूको विकास भएपछि सम्पत्तिमा आधारित करहरूको सापेक्षिक महत्व घट्दै गएको छ र कतिपय

देशमा त खूद सम्पति (Net Worth) करलाई आफै राजस्व परिचालन गर्ने कर भन्दा पनि आय करलाई प्रभावकारीरुपमा लागू गर्न सहायक करको रुपमा प्रयोग गरिएको पाइन्छ। यसैगरी सम्पत्तिको बजार मूल्यमा अप्रत्याशित रुपमा वृद्धि भएको र परम्परागत रुपको सम्पत्ति कर, पैतृक सम्पत्तिमाथि लगाइने कर वा उपहार एवं इच्छापत्र अनुसार सम्पत्ति हस्तान्तरणमा लाग्ने करको बोझ बढी हुदै गएको कारणबाट करको दायित्व सृजना भएको व्यक्तिलाई भुक्तानी गर्ने तत्काल स्रोतको अभावले त्यस्तो व्यक्तिको करको भुक्तानी गर्न सक्ने क्षमता (Ability to Pay) को अभावमा प्रभावकारी हुन सकेनन् । यिनै कारणहरूबाट धेरै देशहरूले Net Wealth Tax, Inheritance Tax, Gift Tax जस्ता करलाई राजस्व संकलनको महत्वपूर्ण स्रोतको रुपमा नराखी तिनीहरूलाई नगण्य दरमा कर लगाएको वा अन्य करले प्रतिस्थापन गरेको वा खारेज गरेको पाईन्छ। छिमेकी मुलुक भारतमा खूद सम्पत्ति कर खारेज गरिएको छ। हाल सम्पत्तिमा आधारित करहरूमा घर जग्गा जस्तो अचल सम्पत्तिमा लगाइने करलाई मात्र स्थानीय तहमा लगाएको पाइन्छ ।

नेपालमा सम्पत्तिमा आधारित करहरूमा मालपोत सरकारी राजस्वको परम्परागत स्रोतको रुपमा रहदै आएकोमा यस करलाई आर्थिक वर्ष २०५४/५५ देखि स्थानीय स्तरमा सारिएको छ भने रजिष्ट्रेशन दस्तुर केन्द्रीय स्तरमा लाग्दै आएको छ। यसैगरी, सम्पत्ति कर ऐन, २०१७ र पछि घर जग्गा कर ऐन, २०१९ मार्फत घर र जग्गा जस्तो सम्पत्ति माथि तोकिएको शहरी क्षेत्रमा सम्पत्ति कर लगाई आएकोमा यस करलाई पनि आर्थिक वर्ष २०५७/५८ देखि स्थानीय स्तरमा लगाउने व्यवस्था गरिएको छ। हाल मुलुकमा प्राकृतिक व्यक्तिको सम्पत्तिमाथि कर लगाउने ऐनहरूमा स्थानीय स्वायत्त ऐन, २०५५ अन्तर्गत व्यक्तिको स्वामीत्वमा रहेको जग्गा वा घर तथा जग्गामा न्यून दरमा सालवसाली रुपमा मालपोत/भूमिकर वा घर जग्गाकर वा एकीकृत सम्पत्तिकर संकलन गर्नुको साथै आर्थिक ऐन अन्तर्गत जग्गा वा भवनको विक्री वा अन्य माध्यमबाट नामसारी गर्दा रजिष्ट्रेशन शुल्क उठाइँदै आएको छ। यसैगरी, सवारी कर ऐन, २०३३ ले सालवसाली रुपमा आर्थिक ऐनमा दर तोकी सवारीको शक्ती तथा प्रकृति अनुसार सवारी कर असुल हुँदै आएको छ। अर्कोतर्फ घर जग्गा जस्तो अचल सम्पत्तिमा कर लगाउने उद्देश्यले तर्जुमा गरिएका मालपोत ऐन, २०३४ तथा घर जग्गा कर ऐन, २०१९ निष्कृय रहेका छन् । यसैगरी, सम्पत्ति कर ऐन, २०४७ ले मुलुकमा प्राकृतिक व्यक्तिको स्वामीत्वमा रहेको सबै प्रकारको चल अचल सम्पत्तिमा एकीकृत गरी कर लगाउने व्यवस्था भएपनि विविध कारणले कार्यान्वनमा आउन सकेन ।

यसले गर्दा हाल नेपालमा घर जग्गा जस्तो अचल सम्पत्ति र सवारी साधन वाहेक अन्य प्रकारको सम्पत्तिमा कर लागू भएको छैन । माथि उल्लेख गरिए अनुसार Net Wealth Tax, Inheritance Tax, Gift Tax जस्ता सम्पत्तिमा आधारित करहरू विभिन्न कारणले प्रभावकारी नभएको हुंदा ती करहरूलाई विभिन्न देशले खारेज गरिसकेको वा नगण्य रुपमा लगाएका छन् । यसरी विगतमा सम्पत्ति कर (Wealth Tax) लगाउने सम्बन्धमा रहेको मान्यता तथा अवधारणामा हाल परिवर्तन आएको र विश्वका कतिपय देशहरूले यो करलाई खारेज गर्दै लगेको परिप्रेक्षमा नेपालमा पनि यस्तो कर कार्यान्वयन हुने अवस्थामा छैन । तर आय कर प्रयोजनको लागि विभिन्न देशमा करदाताले सम्पत्तिको विवरण दिनु पर्ने हुन्छ र यस्तो सूचना आय करलाई सही तथा प्रभावकारीरुपमा लागू गर्नको लागि आवश्यक पर्ने हुंदा सम्पत्तिको घोषणा गरिनु पर्ने माग विभिन्न क्षेत्रबाट आयोगलाई प्राप्त भएको छ ।

## १८.२ सम्पत्ति वृद्धिको यथार्थता एकिन गर्नमा कठिनाई

नेपालमा अहिलेसम्म आम नेपाली नागरिकले आफ्नो सम्पत्तिको विवरणको कतै पनि संस्थागत रुपमा अभिलेख राख्नु पर्ने व्यवस्था छैन । यसले गर्दा कुनै व्यक्तिको स्वामीत्वमा शुरुमा रहेको सम्पत्ति र तत्पश्चात वृद्धि भएको सम्पत्तिको यथार्थ स्रोत के हो सो पहिल्याउन नागरिक स्वयं र राज्यलाई पनि कठीन हुने स्थिति छ । विशेष गरी लेखा राख्न अनिवार्य नभएका प्राकृतिक व्यक्तिको वृद्धि भएको सम्पत्ति व्यवसाय, रोजगारी वा लगानीको आयको कारणबाट भएको हो वा अन्य कारणबाट भएको हो, एकिन गर्न कठिन छ ।

यसका अतिरिक्त आय कर ऐन, २०५८ ले कतिपय आयमा कर छुट हुने वा कर नलाग्ने व्यवस्था गरेको छ । त्यस्तै कतिपय आयमा स्रोतमा कर कट्टी हुने माध्यमले कर लाग्ने र त्यस्तो कर कट्टी रकम नै अन्तिम रुपमा कर कट्टी हुने व्यवस्था समेत गरेकोले त्यस्तो व्यक्तिले आय घोषणाको लागि अन्य कुनै किसिमको औपचारिकता पूरा गर्नुपर्दैन । कुनै व्यक्तिको सम्पत्तिमा भएको वृद्धि सो व्यक्तिको आय विवरण दाखिला गर्नु पर्ने व्यवसाय, रोजगारी वा लगानीबाट भएको आयमात्र लेखाकंन वा अभिलेखीकरण हुन्छ । त्यस्तो आयको कुनैपनि समयमा छानविन गरी यथार्थताको पुष्टि गर्न सकिन्छ । सो वाहेक स्रोतमा कर कट्टी भै पछी अन्तिम मानिने आय (आय कर प्रयोजनको लागि कुल आयमा समावेश गर्न नपर्ने) वा कर नलाग्ने आयका कारणबाट थप भएको संपत्ति समेत शंकाको दायरामा आउने अवस्था हुन सक्दछ ।

आय कर ऐन, २०५८ ले नेपालमा स्रोत भएको आय तथा नेपालको बासिन्दा व्यक्तिको नेपाल बाहिरको आय (Global Income) लाई करको दायरामा ल्याएको छ । नेपालको आय कर ऐनले करको दायरामा ल्याएको आयबाट विभिन्न ३ वटा माध्यमबाट कर संकलन गर्ने व्यवस्था गरेको छ । ती ३ माध्यमहरू निम्नानुसार रहेका छन् ।

- कुनै व्यक्तिले व्यवसायको आय प्राप्त गरेको छ भने वा प्राकृतिक व्यक्तिको अन्तिम कर कट्टी हुने भुक्तानी वाहेकको लगानीको आय भएको व्यक्तिले कर विवरण अनुसार सृजना भएको कर दायित्वको भुक्तानी किस्तावन्दीको माध्यमबाट संकलन हुने ।

- आय कर ऐन, २०५८ मा कतिपय भुक्तानीहरू भुक्तानी गर्दाकै वखत अर्थात स्रोतमा कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी स्रोतमा कर कट्टी गरिएको प्राकृतिक व्यक्तिको व्यवसायसँग सम्वन्ध नरहेको रोजगारी वा लगानीको आय अन्तर्गत पर्ने आयहरू तथा गैर बासिन्दा व्यक्तिको आय अन्तिम कर कट्टी हुने भुक्तानी भएकोले यही माध्यमबाट कर संकलन हुने ।

- आय कर ऐनले कतिपय आयमा भएको आय वा लाभको कर अग्रिम रुपमा आय वा लाभ भएको समयमा नै दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । विशेष गरी गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गमा भएको लाभमा अग्रिम रुपमा कर दाखिला गर्नु पर्दछ । कुनै प्राकृतिक व्यक्तिले गैर व्यावसायिक करयोग्य सम्पत्ति अन्तर्गत पर्ने भवन वा जग्गाको निःसर्गमा भएको लाभमा तोकिएको दरमा सम्पत्तिको नामसारी गर्दाकै समयमा मालपोत कार्यालयमा अग्रिम रुपमा कर दाखिला गर्नु पर्दछ । त्यस्तै गैर व्यावसायिक करयोग्य सम्पत्ति अन्तर्गत पर्ने शेयर वा सुरक्षणको निःसर्गमा भएको लाभमा शेयर वा सुरक्षण सूचीकृत भएको भएमा नेपाल धितोपत्र वजारमा यदि सूचीकृत नभएमा सम्बन्धित निकायमा त्यस्तो शेयर सुरक्षण नामसारी गर्दाकै समयमा अग्रिम रुपमा कर दाखिला गर्नु पर्दछ । त्यस्तै आय कर ऐन, २०५८ ले प्राकृतिक व्यक्तिको स्वामीत्वमा रहेको जग्गा तथा भवन एवं निकायमा रहेको हित (जस्तै शेयर, डिबेञ्चर) निःसर्ग गर्दा भएको लाभमा कर लाग्ने व्यवस्था गरेको छ ।

## १८.३ सम्पत्ति अभिलेख गर्नुपर्ने आवश्यकता एवं औचित्य

नेपालमा प्राकृतिक व्यक्तिको सबै किसिमका सम्पत्तिहरू स्वदेशमा वा विदेशमा जहाँ रहेको भएतापनि सबैलाई एकीकृत गरी सम्पत्ति कर लगाउन सकिने सम्पत्ति कर ऐन कार्यान्वनमा रहेको छैन । अन्तर्राष्ट्रिय जगतमा विगतमा खूद सम्पत्ति कर लगाउने

सम्बन्धमा रहेको मान्यता तथा अवधारणामा हाल परिवर्तन आएकोले र विभिन्न देशहरूले यस करलाई खारेज गर्दै लगेको परिप्रेक्षमा यस्तो कर नेपालमा कार्यान्वयने गर्ने स्थिति पनि छैन । आधुनिक कर प्रणालीमा व्यक्तिको सम्पत्तिमा लगाइने करलाई विस्थापन गरी अन्य आधुनिक एवं प्रगतिशिल कर लगाउन उचित हुन्छ। नेपालको आय कर ऐन, २०५८ ले प्राकृतिक व्यक्तिको निजी जग्गा वा भवन एवं निकायमा रहेको हितको नि:सर्गबाट प्राप्त भएको लाभमा आय कर लगाउने व्यवस्था गरेको छ। व्यवसायमा प्रयोग नभएको जग्गा वा भवनमा कर लगाउने यस व्यवस्थाले केही हदसम्म समता (Equity) कायम गरेको छ। यस्तै स्थानीय निकायहरूले आफ्नो क्षेत्र अन्तर्गतको घरजग्गामा कर लगाउने व्यवस्था गरेको अवस्थामा अब सम्पत्ति कर लगाउने वा नलगाउने विषयमा छलफल गरिरहनु पर्ने देखिदैन। यस सन्दर्भमा अब विगतमा निष्कृय रहेको सम्पत्ति करलाई खारेज गरी प्राकृतिक व्यक्तिको स्वामीत्वमा रहेको सम्पत्तिहरूको एकीकृत रुपमा अभिलेखीकरण गर्ने व्यवस्था कार्यान्वन गर्नु पर्ने देखिन्छ। प्राकृतिक व्यक्तिको सम्पत्तिको अभिलेख निम्न कारणहरूले गर्दा राख्नु पर्ने अनिवार्यता भै सकेको छ।

## १८.३.१ आय कर ऐन, २०५८ अनुसार सृजना भएको अवस्था

आय कर ऐन, २०५८ मा रहेको केही व्यवस्थाहरूको कारणबाट समेत कुनै प्राकृतिक व्यक्तिको विगतमा कर तिरी सकेको भएपनि त्यस सम्बन्धमा करको सामान्य औपचारिकता मात्र पुरा गर्नुपर्ने कारणले गर्दा कतिपय व्यक्तिको विगतको वृद्धि भएको सम्पत्ति कर तिरेको आयबाट भएको हो वा होइन एकिन गर्न कठिनाई भएको एवं कतिपय आयमा करतिर्नु पर्ने वा नपर्ने दुविधा भएको कारणबाट समेत यथार्थताको एकिन गर्न कठिन भै रहेको अवस्था छ। आय कर ऐनको त्यस्ता केही व्यवस्था निम्नानुसार रहेको छन्।

- आय कर ऐन, २०५८ ले वर्गीकरण गरेको करका शिर्षकहरू मध्ये विशेष गरी लगानी शीर्षक अन्तर्गतको प्राकृतिक व्यक्तिको आय भुक्तानी गर्ने व्यक्तिले भुक्तानी गर्दाकै समयमा तोकिएको दरमा स्रोतमा कर कट्टी गरी भुक्तानी गर्नु पर्ने र त्यसरी स्रोतमा कर कट्टी गरी गरिएको भुक्तानी अन्तिम कर कट्टी हुने भूक्तानी भएकोले त्यस्तो भुक्तानी मार्फत भएको आयको कर विवरणमा समाबेस गर्नु पर्दैन। विगतमा लगानी आय शीर्षक अन्तर्गतको ब्याज आय तथा लाभांश आय भुक्तानी गर्ने निकायले यस शीर्षक अन्तर्गत भुक्तानी प्राप्त गर्ने व्यक्तिको संख्या धेरै भएकोले स्रोतमा कर कट्टी गरिएको करको अग्रिम कर कट्टी प्रमाणपत्र समेत उपलव्ध गराउने प्रचलन रहेको थिएन । यस्तै यस किसिमको भुक्तानी प्राप्त गर्ने व्यक्तिको त्यस्तो आय अन्तिम कर कट्टी हुने भुक्तानी भएकोले आय विवरण दाखिला गर्नु नपर्ने भएकोले कर कट्टी

मिलान समेत गर्न नपर्ने हुँदा अग्रिम कर कट्टी प्रमाणपत्र कर प्रयोजनको लागि आवश्यक नभएकोले यो लिने प्रचलन नभएकोले प्राकृतिक व्यक्तिको वृद्धि भएको सम्पत्ति वास्तविक रुपमा कर तिर्नु नपर्ने वा कर तिरिसकेको आयबाट भएको हो वा करको दायरा बाहिर रहेको कारणबाट भएको हो एकिन गर्न कठिनभएको छ ।

- आय कर ऐन, २०५८ ले प्राकृतिक व्यक्तिको स्वामीत्वमा रहेको व्यवसायमा प्रयोग नभएको जग्गा वा भवन एवं निकायमा रहेको हितको निःसर्गमा भएको लाभलाई समेत करको दायरामा ल्याएको छ । ऐन प्रारम्भ भएको अवस्थामा कुनै प्राकृतिक व्यक्तिको रु १ करोडभन्दा बढी मूल्यमा त्यस्ता गैर व्यावसायिक कर योग्य सम्पत्तिको निःसर्गबाट भएको लाभमा निश्चित दर एवं प्रकृया अनुसार कर लाग्ने व्यवस्था रहेको थियो । आय कर ऐन, २०५८ मा २०६६ को संशोधन गर्नु पूर्व घर जग्गा निःसर्गमा भएको लाभमा निःसर्ग गर्दाकै समयमा मालपोत कार्यालयमा अग्रिम कर दाखिला गर्नु पर्ने व्यवस्था थिएन । त्यस्तै आय कर ऐन, २०५८ प्रारम्भ भएको लामो समयसम्म पैत्रिक सम्पत्ति हस्तान्तरण बापत प्राप्त जग्गा वा भवनको निःसर्गमा आय कर लाग्ने वा नलाग्ने दुविधा समेत कायम रहेको थियो । आर्थिक ऐन, २०६६ ले आय कर ऐनमा संशोधन गरी घर वा जग्गाको निःसर्गमा भएको लाभमा मालपोत कार्यालयमा अग्रिम रुपमा कर दाखिला गर्ने व्यवस्था भए पश्चातमात्र प्रभावकारी रुपमा कर संकलन हुन थालेको हो । यसर्थ प्राकृतिक व्यक्तिको गैर व्यवसायिक करयोग्य आय (घर जग्गा) को निःसर्गमा भएको लाभको कारणबाट भएको सम्पत्तिको ववृद्धिको यथार्थता एकिन गर्न कठिन हुन पुगेको छ ।

- आय कर ऐन, २०५८ ले कृषि आय लगायत कतिपय आयलाई करको दायराभन्दा बाहिर राखेको छ । यस्तो आय भएको व्यक्तिले आय करको कुनै औपचारिकता परा गर्नु पर्दैन । कतिपय व्यक्तिहरूले सम्पत्तिको वृद्धि भएको स्रोतको रुपमा कर छुटको आयलाई प्रस्तुत गर्ने गरेको समेत पाइन्छ । यसर्थ आय कर ऐनको यस किसिमको व्यवस्थाले समेत सम्पत्ति वृद्धिको यथार्थ स्रोतको पहिचान गर्न कठिनाइ हुने अवस्था विद्यमान रहेको छ ।

- नेपालमा हाल प्रचलनमा रहेको आय कर ऐन, २०५८ ले नेपालको बासिन्दा व्यक्तिको सबै प्रकारको कर लाग्ने आयको लागि कर विवरणको माध्यमबाट स्वयम् कर निर्धारण गर्नु पर्ने व्यवस्था गरेको छैन । आय कर ऐनको यस व्यवस्थाले गर्दा कतिपय व्यक्तिको कर भुक्तानी गरी प्राप्त गरेको आयको समेत कर प्रशासनमा अभिलेख हुने व्यवस्था छैन । यस्तो आय भएको व्यक्तिले कर दाखिला गरेको आय

वा त्यसबाट सृजना भएको सम्पत्तिको लामो समयसम्म सोको प्रमाण आफुसँग राख्न सम्भव हुदैन । त्यस्तै कर प्रशासनले समेत कुनै व्यक्तिको विगतको कर लाग्ने आयको कर तिरेको प्रमाण माग गर्न पनि व्यावहारिक हुदैन । अतः यिनै कारणले गर्दा विगतमा कुनै व्यक्तिको कर लाग्ने आय आर्जनबाट सृजना भएको सम्पत्तिको कर भुक्तानी गरेको भए सोही आधारमा, यदि कर लाग्ने आय आर्जन गरेको तर कुनै कारणवश कर नतिरेको भए कर भुक्तानी गरी सम्पत्तिको घोषणा गर्न दिने नीतिगत व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

## १८.३.२ अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको उपस्थिति एवं प्रभाव

नेपालको अर्थतन्त्रमा अझैपनि अनौपचारिक क्षेत्रको ठूलो हिस्सा विद्यमान रहेको छ । यसले गर्दा देशको समग्र अर्थतन्त्रको नै यथार्थपरकरुपमा लेखाकंन हुन सकेको छैन । अनौपचारिक क्षेत्रको अर्थतन्त्रको लेखाकंन नहुने हुदाँ त्यस्तो क्षेत्रमा संलग्न व्यक्तिहरूले आर्जित आय समेत राष्ट्रिय लेखा भन्दा बाहिर रहनु स्वभाविक हुन्छ । अर्थतन्त्रमा रहेको यस किसिमको प्रवृत्तिले गर्दा विगतमा कुनै व्यक्तिहरूको सम्पत्तिमा भएको वृद्धिको कारण तथा त्यस्को आधारको यथार्थता एकिन गर्न कठिन हुन्छ । अनौपचारिक क्षेत्रमा रहेको आर्थिक गतिविधिबाट सिर्जित सबै सम्पत्तिहरू गैर कानूनी आय नहुन सक्दछ । यसले गर्दा विगतमा कुनै व्यक्तिले आर्जन गरेको आयबाट अभिवृद्धि भएको सम्पत्तिको यथार्थ स्रोतको समेत यकिन गर्न कठिन हुन सक्दछ ।

यसरी विगतमा कुनै व्यक्तिले गरेको आय आर्जनबाट सृजना भएको सम्पत्तिको स्पष्ट स्रोतको पहिचान हुदैन । कुनै व्यक्तिको यस्तो स्रोतको सबै आय गैर कानूनी आय हुन्छ भनी मान्न सक्ने अवस्था समेत हुदैन । कुनैपनि देशको लागि आफ्नो देशभित्र रहेको अनौपचारिक क्षेत्रको अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रको दायरामा ल्याउनु आवश्यक हुन्छ । यसको लागि त्यस्तो देशहरूले समय समयमा नीतिगत व्यवस्था गरी अनौपचारिक क्षेत्रमा रहेको अर्थतन्त्रलाई क्रमश औपचारिक क्षेत्रमा ल्याउने कार्यहरू गर्ने गर्दछन् । यस अवस्थामा नेपालले समेत नीतिगत व्यवस्थाको माध्यमबाट अनौपचारिक क्षेत्रमा रहेको अर्थतन्त्रलाई औपचारिक क्षेत्रमा ल्याउन प्रयाशगर्नु पर्ने समय र आवश्यकता दुवै भै सकेको छ ।

## १८.३.३ नेपालको कानूनी एवं सामाजिक परिवेश

नेपालमा कुनै व्यक्तिको स्वामीत्वमा रहेको सम्पत्ति निजको मृत्यु पश्चात नजिकको हकवाला व्यक्तिमा हस्तान्तरण हुने कानूनी व्यवस्था रहेको छ । मृत्यु पश्चात सम्पत्ति

मृतकको पति वा पत्नीमा हस्तान्तरण हुने, यदि पति वा पत्नी नभएमा सन्तानमा हस्तान्तरण हुने व्यवस्था रहेको छ । कुनै व्यक्तिले जीवित अवस्थामा समेत आफ्नो सन्तानलाई अंशको रुपमा आफ्नो स्वामीत्वमा रहेको सम्पत्ति हस्तान्तरण गर्न सक्दछ । त्यस्तै नेपालको सामाजिक परिवेशमा छोरीले दाइजो, उपहार वा कोसेली, आदिको नाममा सम्पत्ति प्राप्त गर्ने प्रचलन विद्यमान रहेको छ । यस प्रचलनले गर्दा कुनै व्यक्तिको सम्पत्तिको अभिवृद्धिमा वास्तविक रुपमा कति योगदान भएको छ भन्ने यकिन गर्न कठिन हुने गर्दछ ।

नेपालले विगतमा कार्यान्वनमा ल्याउन प्रयाशगरेको सम्पत्ति कर ऐन समेत कार्यान्वनमा आउन नसकी निष्कृय अवस्थामा रहेको छ । त्यस्तै गरी विगतमा व्यक्तिको सबै प्रकारको सम्पत्तिलाई कुनै आधिकारिक निकायमा अभिलेख गर्ने व्यवस्था थिएन । कुनै व्यक्तिले उपहार एवं दान दान्तव्यको रुपमा हस्तान्तरण गरेको सम्पत्ति समेत विगतमा औपचारि करुपमा अभिलेख हुने व्यवस्था नभएको कारणले गर्दा समेत सोको आधिकारिकता पुष्टि गर्न कठिन भएको र त्यस्तो सम्पत्तिलाई अवैधानिक सम्पत्ति समेत भन्न नसकिने अवस्था विद्यमान रहेको छ । अतः यस अवस्थामा व्यक्तिहरूको वीचमा अनौपचारिकरुपमा हस्तान्तरण भएको सम्पत्तिलाई औपचारिकरुपमा अभिलेखीकरण गर्ने अवसर प्रदान गर्नको लागि समेत नीतिगत व्यवस्था गर्नु पर्ने समय भएको छ ।

## १८.३.४ वैदेशिक स्रोतको आय

नेपालका कतिपय नागरिकहरू अस्थायीरुपमा वैदेशिक रोजगारमा कार्यरत रहेका छन् भने कतिपय व्यक्तिहरू विदेशमा नै व्यावसायिक कारोवारमा संलग्न रहेका छन् । कुनै व्यक्तिले विदेशमा आर्जित रकम नेपालको बासिन्दा व्यक्तिको हैसियतले प्राप्त गरेको वा गैर बासिन्दा व्यक्तिको हैसियतले प्राप्त गरेको हो, सोको एकिन गर्न कठिन हुने अवस्था रहेको छ । त्यस्तै नेपाली नागरिकहरूले विदेशमा लगानी गर्ने सहज अवस्था नरहेको परिस्थितिमा कुनै व्यक्तिले विदेशको व्यवसायको आय बापत सिर्जित सम्पत्तिको स्रोतको पुष्टि गर्न समेत गाह्रो हुने अवस्था रहेको छ । नेपालीहरूले नेपाल बाहिर आर्जन गरेको रकम नेपालमा विप्रेषण आधिकारिक माध्यम वा बैकिङ्ग माध्यमबाट मात्र गरेको अवस्था छैन । यसरी विप्रेषण आधिकारिक माध्यमबाट मात्र नआउनुको पछाडी नेपालमा विद्यमान अनौपचरिक अर्थतन्त्र (Informal Economy) तथा विदेशमा आर्जित रकमको आधिकारिकताको पुष्टि गर्न हुने कठिनाइ आदि कारण रहेको छ ।

नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भए पश्चात राजनैतिक क्षेत्रमा मात्र परिवर्तन नभई आर्थिक तथा सामाजिक क्षेत्रमा समेत परिवर्तन आयो । यस पश्चात नेपाली नागरिकहरू

रोजगारीको लागि विदेश जाने कार्यमा तीव्रता आयो । यसै गरी नेपाली विद्यार्थीहरू उच्च शिक्षाको लागि विकसित देशहरूमा जाने परम्परा समेत प्रारम्भ भयो । यस कार्यले द्वन्दकालमा झन तीव्रता पायो । नेपाली नागरिकहरूले वैदेशिक रोजगारीबाट आर्जन गरेको रकम नेपालमा विप्रेषण गर्दा सबै रकम औपचारिक माध्यम (बैकिङ्ग संयन्त्र) बाट मात्र भएको छैन । विगतमा नेपालको बैकिङ्ग प्रणालीको हालको समयमा जस्तो विकाश भई नसकेकोले विदेशमा आर्जन गरेको आयको विप्रेषण बैकिङ्ग माध्यम मार्फत मात्र प्राप्त हुन सक्ने अवस्था थिएन । यसैगरी विदेशमा अध्ययन गर्न गएको नेपाली विद्यार्थीहरूले समेत आफ्नो अध्ययन समाप्त गरे पश्चात विदेशमा आय आर्जनमा संलग्न रहेको र त्यसरी आर्जित आय आफ्नो परिवारलाई विभिन्न बैकिङ्ग वा गैह्र बैकिङ्ग माध्यमबाट पठाउने गरेको पाइन्छ । यसर्थ वैदेशिक रोजगारीबाट आर्जित आय तथा विदेशमा अन्य आय आर्जनमा संलग्न रही प्राप्त गरेको रकम विगतमा देशमा विप्रेषण गरेको कारणबाट सृजना भएको सम्पत्तिलाई समेत औपचारिकरुपमा मान्यता दिनको लागि नीतिगत व्यवस्था गर्नुपर्ने समय भै सकेको छ ।

कुनै व्यक्तिको विगतको आय आर्जनबाट अभिवृद्धि भएको सम्पत्तिको घोषणा गर्न दिने व्यवस्था गरी घोषणा गरेको सम्पत्तिको कानूनी रुपमा अभिलेख गर्ने व्यवस्थाले देशमा रहेको अनौपचारिक क्षेत्रको अर्थतन्त्रको हिस्सामा कमि हुन जान्छ । त्यस्तै यस्तो व्यवस्थाले व्यक्तिहरूले आफ्नो सम्पत्तिलाई बिना कुनै झंझट औपचारिक क्षेत्रमा लगानी गर्ने अवसर प्रदान गर्दछ । हाल प्रचलनमा रहेको आय कर ऐन स्वयं कर निर्धारणको सिद्धान्तमा आधारित रहेको छ । आय कर ऐनमा भएको स्वयं कर निर्धारणको सिद्धान्त बमोजिम नै प्राकृतिक व्यक्तिहरूको सम्पत्तिको अनिवार्य रुपमा घोषणा गर्नुपर्ने व्यवस्था भएमा कुनै प्राकृतिक व्यक्तिले कर तिर्नुपर्ने आयको कर भुक्तानी नगरि सृजना भएको सम्पत्तिको आय करको अप्रत्यक्ष कर निर्धारण गर्ने विधि (Indirect Assessment Method) अनुसार कर निर्धारण गर्ने अवसर कर प्रशासनलाई प्राप्त हुन्छ । यस व्यवस्थाले करको दायरामा अभिवृद्धि हुन्छ । यस्तो सम्पत्तिको घोषणा गरी सोको अभिलेख गरिने कानूनी व्यवस्था भएमा नेपालको नागरिकले अघोषितरुपमा आफ्नो सम्पत्ति विदेशमा राख्ने अवस्था नहुने र राखेमा समेत गैर कानूनी कार्य गरेको मानी कारवाहीको लागि कानूनी दायरामा ल्याउन समेत सहयोग पुग्दछ । यसबाट आर्थिक गतिविधिमा पारदर्शिता ल्याउन, आर्थिक अनुशासन कायम गर्न, अनौपचारिक क्षेत्र वा भूमिगत अर्थतन्त्रलाई समेत समेट्न र अर्थतन्त्रको परिवर्तन अनुरुप करको दायरा विस्तार गर्न आधार तयार हुनेछ भन्ने आयोगको धारणा छ ।

## १८.४ सम्पत्ति अभिलेखीकरणको लागि गरिनुपर्ने कानूनी व्यवस्था

कुनै व्यक्तिको स्वामीत्वमा के कति कस्तो प्रकृतिको सम्पत्ति रहेको छ भनी सरकारी निकायमा घोषणा गर्ने सम्बन्धमा विभिन्न देशहरूमा विभिन्न व्यवस्थाहरू रहेको हुन्छ। नेपालमा समेत कुनै व्यक्तिको स्वामीत्वमा रहेको निश्चित सीमाभन्दा बढी सम्पत्ति भएमा सोको घोषणा गरी सम्पत्तिको व्यवस्थित अभिलेखीकरण गर्न सकिन्छ। नेपालको आय कर ऐनले प्रायः सबै आयलाई करको दायरामा ल्याएको छ। कर लाग्ने आय आर्जन गरेको सबै व्यक्तिले आय वर्षभित्र आय विवरणको माध्यमबाट कर निर्धारण गरी आय कर दाखिला गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। आय कर ऐनले केही आयलाई करको दायरा भन्दा बाहिर राखेको र केही आयको भुक्तानीमा कर कट्टी हुने र त्यसरी कर कट्टी भएको रकम अन्तिम कर कट्टी हुने व्यवस्थाको कारणबाट कुनै व्यक्तिले कर तिरेको आय वा सोबाट सिर्जित सम्पत्ति समेतको व्यवस्थित अभिलेख हुने व्यवस्थाको अभाव रहेको छ।

## १८.५ सुझाव

प्रायः गरी सम्पत्तिको अभिलेखीकरणको मुख्य उद्देश्य आय कर प्रयोजनको लागि नै हुने हुँदा सम्पत्तिको घोषणा तथा अभिलेखीकरण समेत आय कर ऐनमा व्यवस्था गरिनु उपयुक्त हुन्छ। आय कर ऐन कार्यान्वन गर्ने निकाय आन्तरिक राजस्व विभागको सांगठनिक ढाँचा समेत सो व्यवस्था कार्यान्वनको लागि उपयुक्त र पर्याप्त रहेको छ। यस परिप्रेक्ष्यमा सम्पत्तिको अभिलेखीकरण गर्ने कार्यको लागि आय कर ऐनमा यसको लागि व्यवस्था गर्नु पर्ने र सम्पत्तिको अभिलेखको लागि दाखिला गरिने विवरणको ढाँचा, विवरण दाखिला गर्नुपर्ने मिति, दाखिला गरिनु पर्ने कार्यालय, विवरण दाखिला नगरेमा लाग्ने शुल्क, ब्याज, आदि विषयमा ऐनमा नै उल्लेख गरिनु पर्ने देखिन्छ।

सम्पत्तिको अभिलेख गर्नु पर्ने अनिवार्यता प्राकृतिक व्यक्तिहरूको लागि मात्र गर्नु पर्ने देखिन्छ। कुनै निश्चित सीमा भन्दा बढीको चल अचल सम्पत्ति भएको प्रकृतिक व्यक्तिको लागि यो व्यवस्था गर्न उपयुक्त हुन्छ। हालको अवस्थामा यस्तो सम्पत्तिको सीमा रु ५ (पाँच) करोड तोकिनु उपयुक्त हुन्छ। यसरी विवरण दाखिला गर्ने व्यक्तिको सम्पत्ति रु १ (एक) करोड भन्दा बढी थप भएको अवस्थामा पहिला पेश गरेको सम्पत्तिको विवरणमा समावेश गर्नको लागि विवरणहरू दाखिला गर्दै जानु पर्ने व्यवस्था गर्नु पर्ने देखिन्छ।

विवरणको दाखिला तोकिएको ढाँचामा भर्नु पर्ने व्यवस्था गरिनु पर्दछ । यसरी कर प्रयोजनका लागि थप सूचना प्राप्त गर्न तथा सम्पत्तिको शुद्धिकरण हुने सम्भावनालाई रोक्नका लागि आय कर ऐन, २०५८ मा संशोधन गरी कानूनी व्यवस्थाद्वारा कर प्रयोजनका लागि सम्पत्तिको घोषणा गर्ने अवसर प्रदान गर्नु पर्ने र तत्पश्चात त्यसलाई सामयिक रुपमा अद्यावधिक गर्दै जानु पर्ने व्यवस्था गरिनु पर्दछ ।

अध्याय

१९

# कर संहिता

## १९.१ भूमिका

राज्यको विकासक्रम संगै कर पनि विकसित हुँदै आएको विषय हो । यस अर्थमा करको विषय राज्य जतिकै पुरानो र ऐतिहासिक बनेको छ । लोक कल्याणकारी ९ध्भाीबचभ क्तबतभ० राज्यको अवधारणाको विकास सँगसगै करको विषय पनि क्रमशः फराकिलो एवं आधुनिक बन्दै आएको छ । यस सर्न्दमा नेपालमा पनि विभिन्न करहरू लागू भैरहेका छन् र ती करहरू कर सम्बन्धी विभिन्न कानून अन्तर्गत संचालन भैरहेका छन् । उदाहरणका लागि हाल नेपालमा सामयिक कर असुल ऐन, २०१२, घर, जग्गा कर ऐन २०१९, आय टिकट दस्तुर ऐन, २०१९, सवारी कर ऐन, २०३३, सम्पत्ति कर ऐन, २०४७, मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८, आय कर ऐन, २०५८, भन्सार ऐन, २०६४, राजस्व न्यायाधिकरण ऐन, २०३१, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र आर्थिक ऐन (सालवसाली) र स्थानीय स्वायत्त शासन ऐन कायम छन् । यसरी कर सम्बन्धी विभिन्न छुट्टा छुट्टै कानून भएकाले विभिन्न करको प्रशासनका कार्यविधिहरू वीच एकरुपता भएको पाइदैन । एउटै करदाताले राज्यलाई तिर्नु बुझाउनु पर्ने विभिन्न कर तिर्न विभिन्न प्रकृया र कार्यविधिहरू पूरा गर्नुपर्ने देखिन्छ । यस्तो कार्य पद्धतिमा सुधार गरी एकीकृत कर प्रशासनको अवधारणामा फड्को मार्न कर प्रशासन सम्बन्धी कार्यविधिलाई सरलीकृत गर्नु नितान्त आवश्यक भै सकेको छ । कर प्रशासनसँग सम्बन्धित अधिकारीबाट हुन सक्ने स्वविवेकीय अधिकारको प्रयोगमा एकरुपता कायम गरी कर प्रशासनसँग सम्बन्धित अधिकारीहरूबाट हुने स्वविवेकीय निर्णयको अपव्याख्यालाई न्यूनीकरण गर्न पनि करसँग सम्बन्धित कानूनहरू एकीकृत गरी कर संहिता निर्माण गर्न आवश्यक देखिन्छ ।

विद्यमान कर सम्बन्धी छरिएर रहेका कानूनी व्यवस्थाहरू एकीकृत र संहितावद्ध (Codify) गरी कर तथा राजस्व प्रशासनसँग सम्बन्धित राज्य संयन्त्रहरूको समन्वयात्मक ढङ्गबाट परिचालन गर्न सकिए कर प्रशासनसँग सम्बन्धित कार्यविधिगत प्रणालीका कारण पर्न गएका कर सम्बन्धी समस्या समाधान गर्न सहयोग पुग्ने देखिन्छ ।

राज्यको अवधारणासँगै विकसित हुँदै आएको कर सम्बन्धी विषयलाई व्यवस्थापन गर्ने सम्बन्धमा प्रारम्भिक चरणमा कर प्रशासनसँग सम्बन्धित कानूनी व्यवस्थाहरू अत्यन्त सामान्य स्वरुपका थिए । आर्थिक क्षेत्रमा विकसित हुँदै आएका परिवर्तहरू, प्रतिस्पर्धात्मक एवं जटिल र विविध वजार व्यवस्था, व्यापारको क्षेत्रमा आएको विविधिकरण तथा सूचना प्रविधि क्षेत्रमा भएको विकास सँगसगै कर सम्बन्धी कानूनहरू पनि क्रमशः सोही अनुरुप परिमार्जित र विकसित हुँदै आए । कर सम्बन्धी विवादमा अदालतबाट भएका निर्णय एवं फैसलाद्वारा पनि तत्तत् कानूनमा कुनै न कुनै रुपमा परिमार्जन भएको पाइन्छ । यस पृष्ठभूमिमा करसँग सम्बन्धित छरिएर रहेका कानूनहरू एकीकृत गरी एउटा छुट्टै कर संहिताको निर्माण गर्ने आवश्यकता महसूस गरिएको हो ।

कर संहिता आजको आवश्यकता भएकोले विभिन्न देशहरूले कर सम्बन्धी विभिन्न कानूनहरूलाई समाहित गरी एउटै कर कानूनको रुपमा विकास गरेका छन् । आय कर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका विभिन्न कर सम्बन्धमा दर्ता हुने, लेखा राख्ने, बिजक जारी गर्ने, विवरण पेश गर्ने, कर तिर्ने जस्ता कार्यहरू प्रायः समान प्रकृतिका हुन्छन् । यसैगरी प्रशासकीय पुनरावलोकन, पुनरावेदन, कर फिर्ता, कर परीक्षण, दण्ड जरिवाना जस्ता प्रावधान पनि विभिन्न करको सन्दर्भमा उस्तै उस्तै हुन्छन् । विभिन्न करका विभिन्न प्रक्रियाहरू छुट्टा छुट्टै ऐन नियममा समावेश गर्दा तिनीहरू अनावश्यक रुपमा दोहोरिने, आपसमा बाझिने र समन्वय कायम गर्न गाह्रो हुने हुन्छ । विभिन्न कानूनमा विभिन्न विषयको परिभाषा विभिन्न किसिमले हुन सक्छ । करदाता तथा कर प्रशासक दुवै थरीले विभिन्न ऐन नियम संकलन गरी अध्ययन गर्नु पर्ने हुन्छ । कुनै एक कर सम्बन्धी ऐन नियममा कुनै प्रावधान संशोधन हुन सक्छ भने त्यस्तो प्रावधान अन्य कर सम्बन्धी कानूनमा तत् समय र तदनुरुप नहुन सक्छ । यसको सट्टा विभिन्न कर सम्बन्धी प्रावधानहरू यदि एउटै कानूनमा समावेश गरिएमा ती प्रावधानहरू नदोहोरिने, सबै करको लागि समान हुने, एक आपसमा नबाझिने हुन्छ र सबै करको लागि कानून भएमा करदाता तथा कर प्रशासक दुवैले एउटा कर कानून संकलन गरे पुग्छ र त्यसले कर सहभागिता बढाउनका साथै करको सहभागिता लागत तथा संकलन खर्च कम हुन सक्छ ।

यसले गर्दा एउटै कर कानून तर्जुमा गर्ने प्रचलन बढ्दो छ। भारतमा विभिन्न प्रत्यक्ष कर कानूनलाई एकत्रित गरी एउटै कर कानून जारी गर्न प्रत्यक्ष कर संहिताको मस्यौदा तयार गरी संसदमा प्रस्तुत गरिएको छ । यसैगरी बंगलादेशमा पनि कर संहिताको मस्यौदा तयार गरिएको छ । नेपालमा हाल अन्तःशुल्क, आय कर, मूल्य अभिवृद्धि कर सम्बन्धमा छुट्टा छुट्टै ऐन नियमहरू छन् र ती कर सम्बन्धी प्रकृयागत कुराहरू समेत विभिन्न कानूनमा छुट्टै व्यवस्था गरिएको छ । यसले गर्दा एउटै खालका विषयहरूमा कतै कतै भिन्न प्रावधान पनि रहेका छन् । यी विभिन्न कानूनलाई एउटै कर कानूनमा समावेश गरिएमा त्यसबाट सबै करको सम्बन्धमा समान प्रक्रियाहरू लागू हुने, राम्रो समन्वय कायम हुने र विभिन्न कर सम्बन्धी प्रावधान नबाझिने हुन्छ। यसैगरी सबै प्रावधानहरू एउटै कानूनमा हुने हुंदा त्यसबाट करदाता तथा कर प्रशासक दुवैलाई सहज हुनेछ र यसले कर सहभागिता पनि बढाउने छ। नेपाल एकात्मक व्यवस्थाबाट संघात्मक शासन व्यवस्थामा रुपान्तरित हुने भएकोले त्यस सन्दर्भमा पनि कर संहिताको विशेष महत्व छ। कारण, केन्द्रमा विभिन्न करका सन्दर्भमा एउटै कर संहिता तर्जुमा गरिएमा प्रादेशिक तथा स्थानीय तहमा पनि यही किसिमले Tax Code तय गर्ने व्यवस्था गरिनु पर्दछ। संघात्मक व्यवस्थामा तल्लो तहमा लगाउने कर सम्बन्धमा एउट Model Tax Law तर्जुमा गर्ने र त्यसको परिधिभित्र रहेर तल्लो तहका सरकारले आ-आफ्नो आवश्यकता अनुसार कर कानून तर्जुमा गर्नु पर्ने कुराले विशेष महत्व राख्दछ ।

यसरी एउटै कर कानून तर्जूमा गर्दा विभिन्न कर सम्बन्धी संरचनागत विषयहरू (Structural/Substantive Matters) कर पिच्छे छुट्टा/छुट्टै अध्यायमा राखिन्छन् भने वांकि सबै करसंग सम्बन्धित सबै प्रकृयागत विषयहरू (Procudural Matters) एकै ठांउमा समावेश गरिन्छन् ।

## १९.२ छुट्टै कर संहिताको आवश्यकता

कर सम्बन्धमा छुट्टै कर संहिता बनाउनुको आवश्यकता निम्न बमोजिम रहेका छन्ः

(क) कर सम्बन्धमा छरिएर रहेका विद्यमान कानूनी व्यवस्थालाई एकीकृत गर्न,

(ख) सार्वजनिक हितको लागि राज्यद्वारा प्राप्त गरिने विभिन्न कर र करका दर निर्धारण सम्बन्धमा एकरुपता कायम गरी समयानुकूल बनाउन,

(ग) विभिन्न करका दरको निर्धारण एवं कर प्रशासनसँग सम्बन्धित अभिलेख विभिन्न निकायहरूमा परम्परागत ढाँचामा छरिएर रहेको हुँदा त्यस्तो अभिलेखलाई अद्यावधिक गरी आधुनिक र एकीकृत ढाँचामा अभिलेखवद्ध गर्न,

(घ) करदाताले पेश गर्ने विवरण र कर प्रशासकद्वारा कर निर्धारण गर्दा लिइने आधार बीच उत्पन्न भिन्नता, असमझदारी र अन्तरलाई कम गर्न,

(ङ) कर निर्धारण सम्बन्धमा करदाता र कर प्रशासनबीच उत्पन्न विवादलाई सरल, सहज ढंगबाट निराकरण गर्न उपयुक्त संरचनागत संस्थाको व्यवस्था गर्न,

(च) स्पष्ट र पारदर्शी मापदण्डका आधारमा यथार्थपरक ढंगले आर्थिक क्रियाकलापको विश्लेषण गरी कर निर्धारण गर्न,

(छ) कर प्रशासनसँग सम्बन्धित संरचनागत संस्थाहरूको एकीकृत संयन्त्र निर्माण गर्न ।

## १९.३ कर संहिताले प्रतिस्थापन गर्ने विषयहरू

प्रस्तावित कर संहिताको उद्देश्य नै करसँग सम्बन्धित प्रशासन गर्ने, कर सम्बन्धी विवाद निरुपण गर्ने र कर निर्धारण सम्बन्धी कार्यपद्धतिसँग सम्बन्धित विद्यमान कानूनी व्यवस्थालाई एकीकृत गरी समयानुकूल बनाउन सो अनुरुप कर निर्धारणका आधार एवं मापदण्डलाई अद्यावधिक गरिने भएको र कर प्रशासन तथा यस सम्बन्धी विवाद निरुपण गर्ने संयन्त्रको कार्यपद्धतिलाई सरलीकृत गर्ने समेत रहेको छ । विद्यमान राजस्व सम्बन्धी कानूमा कर निर्धारणका लागि अलग अलग प्रकृया, कर सम्बन्धी विवाद निरुपण गर्नका लागि पुनरावलोकन समिति, कर फछ्र्यौट आयोग, राजस्व न्यायाधिकरण जस्ता भिन्न भिन्न प्रकृतिका निकायहरू रहेका छन् । यस्तो कर प्रशासनमा विवाद निरुपणको लागि एउटै निकायबाट न्यायिक उपचार पाउन सक्ने हुँदा एउटै प्रकृतिका एक भन्दा बढी संयन्त्रको सट्टा एउटै मात्र निकाय रहने हुँदा कर प्रशासन गर्ने र कर प्रशासनसँग सम्बन्धित विवाद निरुपणका लागि थप नयाँ संरचनाको आवश्यकता पर्ने देखिदैन ।

प्रस्तावित कर संहितामा सबै करका संरचना तथा संचालन प्रक्रिया समावेश गरिने छन् । करको उद्देश्य, क्षेत्र, दर जस्ता कुराहरू हरेक कर सम्बन्धी विशेष अध्ययनमा समावेस गरिने छन् र प्रक्रियागत कुराहरू सबै करको लागि एकै ठाउमा समावेश गरिने छन् । यस्ता प्रक्रियागत कुराहरूमा पर्ने मुख्य मुख्य विषयहरू निम्न बमोजिम रहने छन्:-

- दर्ता तथा दर्ता खारेजी प्रक्रिया
- विवरण पेश गर्ने तथा कर तिर्ने प्रक्रिया
- करदाताको कर राजस्व लेखा (च्मखभलगभ ब्अअयगलत) व्यवस्थापन
- कर निर्धारणका आधार एवं मापदण्ड

- कर निर्धारण गर्ने निकाय र कार्यविधि
- कर परीक्षण सम्बन्धी कार्यविधि, संयन्त्र
- कर प्रशासन सम्बन्धमा उठेका विवादको निरुपण गर्ने न्यायिक निकाय
- विवाद निरुपण गर्दा अपनाइने कार्यविधि
- कर फिर्ता वा क्षतिपूर्ति सम्बन्धी व्यवस्था
- दण्ड जरीवाना
- कर सम्बन्धी अन्य प्रक्रियाहरू
- करसँग सम्बन्धित विषयलाई नियमित र व्यवस्थित गर्न आवश्यक पर्ने अन्य व्यवस्था।

## १९.४ सुझाव

कर कानून तर्जुमा प्रक्रियामा सार्वजनिक तथा निजि दुवै क्षेत्रको सहभागिता हुन पर्दछ र त्यस सन्दर्भमा कुनै एक दुई क्षेत्र विशेषको क्षणिक लाभ भन्दा पनि मुलुकको दीर्घकालिन वृहत हितलाई ध्यान दिइनु पर्दछ। कर कानून तर्जुमामा व्यापक जनसहभागिता जुटाउनका लागि यस्तो कानून तर्जुमा गर्नु पूर्व हरित पत्र, र स्वेत पत्र जारी गर्न उपयुक्त हुन्छ। हरित पत्रमा कुनै नयां कुरा लागू गर्नका लागि विभिन्न विकल्पहरू र तिनीहरूबाट पर्न सक्ने सकारात्मक र नकारात्मक प्रभावहरूको विवेचना गरिनु पर्दछ। त्यसमा विभिन्न क्षेत्रबाट प्रतिक्रिया प्राप्त भएपछि सबैभन्दा उत्तम विकल्प समावेश गरी स्वेतपत्र जारी गरिनु पर्दछ। त्यसको आधारमा ऐन नियम तर्जुमा गरिनु पर्दछ। यसैगरी कर सम्बन्धी ऐन पारित गर्नु भन्दा अगाडि वा नियमावली स्वीकृत गर्नु भन्दा अगाडि त्यसमा विभिन्न क्षेत्रको सुझाव संकलन गरिएमा यसबाट त्यस्तो ऐननियमद्वारा पर्न सक्ने नसोचिएका र नचाहेका असरहरू पत्ता लाग्ने र त्यसबाट ऐन नियम पारिमार्जित हुने संभावना रहन्छ।

नेपालमा आर्थिक ऐनबाट पनि कर प्रस्ताव ल्याउने तर आर्थिक ऐनले कर सम्बन्धी मूल ऐनलाई संशोधन गर्न मिल्ने वा नमिल्ने भन्ने सम्बन्धमा निर्क्यौल हुन सकेको छैन। व्यवहारमा आर्थिक ऐनद्वारा मूल ऐन संशोधन हुदैन भन्ने धारणा कायम छ। यसले गर्दा कर सम्बन्धी मूल ऐनमा एक किसिमको व्यवस्था र आर्थिक ऐनमा अर्को किसिमको व्यवस्था रहने हुन्छ र आर्थिक ऐनद्वारा लागू गरिएको व्यवस्था मूल कानूनमा संशोधन नभएसम्म हरेक आर्थिक वर्षको आर्थिक ऐनमा दोहोऱ्याइ रहनु पर्ने स्थिति छ। यसको सङ्ा आर्थिक ऐनद्वारा कर सम्बन्धीत मूल ऐनहरूलाई संशोधन गर्ने व्यवस्था लागू गर्नु

पर्दछ। यसो भएमा आर्थिक ऐन र कर सम्बन्धी मूल ऐनमा एउटै किसिमको व्यवस्था हुने छ। आर्थिक ऐनले कर ऐनलाई स्वतः संशोधन गर्ने व्यवस्था भारत, बेलायत लगाएत विश्वका विभिन्न देशमा लागू भैरहेको छ। यो अन्तराष्ट्रिय प्रचलनका बारेमा सबै हितधारक (Stakeholders) संग व्यापक रुपमा छलफल गरेर यसलाई नेपालमा पनि लागू गरिनु पर्दछ।

गहिरो अध्ययन, व्यापक छलफल तथा विभिन्न क्षेत्र बीचको सहमति विना हचुवाका आधारमा कर कानून संशोधन गर्ने परिपाटी भने बसाल्नु हुदैन। त्यसबाट निजी क्षेत्र झस्कने, कर प्रणाली तथा कर प्रशासन माथि करदाताको विश्वास घट्ने र अन्ततोगत्वा त्यस्तो व्यवस्था प्रत्युत्पादक हुन्छ। त्यसमा पनि आर्थिक विधेयकद्वारा कर सम्बन्धी मूल कानून स्वतः संशोधन गर्ने व्यवस्था अन्तर्गत आर्थिक विधेयक माथि संसदको अर्थ समितिमा छलफल नगरिने हुंदा त्यहां परिमार्जन हुने मौका पनि रहदैन। यसैले आर्थिक विधेयकद्वारा लागू गरिने कर प्रस्ताव तजुमा गर्ने प्रक्रियालाई बढी विस्तृत तथा व्यवस्थित गरिनु पर्दछ। यदि कर कानून तर्जुमा कार्य सम्बन्धित क्षेत्रका विज्ञ, वुद्धिजीवी, उद्योगी व्यापारी, व्यवसायी वा अझ भन्ने हो भने नागरिक समाजसंग व्यापक रुपमा छलफल नगरिएमा त्यस्ता प्रस्तावबाट मुलुकको उद्योग वाणिज्य क्षेत्रमा के कस्तो असर पर्न सक्छ भन्ने कुराको सही किसिमले आंकलन नहुन सक्छ। यसले आर्थिक ऐनद्वारा लागू गरिने प्रस्तावहरू राजस्व परामर्श समिति लगायत विभिन्न क्षेत्रमा अनिवार्य रुपमा छलफल गराउनु पर्ने व्यवस्था हुनु पर्दछ। त्यसो भएमा कर प्रस्तावहरू बढी परिमार्जन भएर मात्र लागू गरिने, तिनीहरू बढी व्यावहारिक हुने, र त्यसवाट करदाताको कर प्रणाली तथा कर प्रशासन माथि विश्वास बढ्ने हुन्छ।

नेपालमा कर कानूनमा गरिएको नयां व्यवस्था संसदबाट पारित भएपछि तुरुन्त लागू हुने प्रचलन छ। यसले गर्दा कर सम्बन्धी नयां कानूनी प्रावधान लागू हुने बेलासम्म नियमावली, निर्देशिका आदि तयार भै नसकेको हुने र कर प्रशासकलाई नयां व्यवस्थाका वारेमा प्रशिक्षण तथा करदातालाई जानकारी दिई नसकेको हुने हुनाले नयां कानून कार्यान्वयन गर्दा विभिन्न व्यावहारिक समस्याहरू उत्पन्न हुन्छन्। यस्तो स्थिति नआओस भन्नका लागि ऐन तोकिएको मिति देखि लागू गरिने व्यवस्था गरिनु पर्दछ र विभिन्न तयारी कार्य गरि सकेपछि ऐन लगाउने तिथि तोकिनु पर्दछ।

नयां ऐन लागू गर्दा वा विद्यमान ऐनमा संशोधन हुंदा त्यसका बारेमा सम्बन्धित क्षेत्रलाई जानकारी गराउने विभिन्न उपायहरू अपनाउनु पर्दछ। नेपाल जस्तो सूचनाको अभाव र कर सम्बन्धी चेतना कम भएको मुलुकमा त यसको झन् आवश्यकता पर्दछ। कर कानून

सम्बन्धी नयां प्रावधान राजपत्रमा प्रकाशित भएपछि नागरिकले आफै थाहा पाउन्छन्‌भन्ने मानसिकता परिवर्तन गर्नु पर्दछ । नेपालमा राजपत्र वितरण गर्ने व्यवस्थाका सीमितता आफ्नै ठाउंमा छन् । यसैले कर सहभागिता बढाउनका लागि नयां ऐन वा विद्यमान ऐनमा गरिने संशोधन वा अन्य व्यवस्थाहरू राजपत्रमा प्रकाशित गरेर मात्र पुग्दैन, त्यसका बारेमा व्यापक रुपमा प्रचार प्रसार गरिनु पर्दछ । यो कुरा नेपालको अर्थतन्त्रको परम्परागत र आधुनिक दुवै क्षेत्रका लागि उत्तिकै महत्वपूर्ण छ । परम्परागत क्षेत्रका व्यक्तिले नयां व्यवस्थाका बारेमा तुरुन्त थाहा नपाउने हुंदा तिनीहरूलाई नयां व्यवस्थाका बारेमा जानकारी गराउने विभिन्न उपायहरू अवलम्बन गर्नु पर्दछ र त्यसको लागि समय लाग्दछ । परम्परागतक्षेत्र भन्दा आधुनिक क्षेत्रका व्यक्तिहरूले नयां व्यवस्थाका बारेमा छिटो थाहा पाउन सक्छन् । तर तिनीहरूले आफ्ना कारोवारको अभिलेख कम्प्यूटर प्रणाली अन्तर्गत राखेका हुन सक्छन् । उदाहरणका लागि, आधुनिक क्षेत्रका कतिपय करदाताले कम्प्युटर अन्तर्गत विल काट्ने, लेखा राख्ने, अग्रिम कर कट्टी गर्ने, विवरण पेश गर्ने आदि गरेका हुन सक्छन् । त्यस्तो अवस्थामा कर कानूनमा गरिने परिवर्तनलाई लागू गर्नुका लागि पनि कम्प्युटर कार्यक्रम (Program) परिवर्तन गर्नु पर्ने हुन सक्दछ र त्यसको लागि समय लाग्दछ । यसैले नयां ऐनको मात्र हैन करका दरमा हुने परिवर्तनलाई लागू गर्नका लागि पनि केही समय आवश्यक हुन्छ । यसैले हाल अन्तर्राष्ट्रिय जगतमा आगामी चार पांच वर्षका लागि करका दर पहिले नै तोक्ने प्रचलन बढ्दै गएको सन्दर्भमा नेपालमा पनि सोही अनुरुपका व्यवस्था लागू गर्दै जानु पर्दछ ।

कर सम्बन्धी नयां व्यवस्था भूतप्रभावी (Retrospective) अर्थात विगतको कुनै समयदेखि (Back Date बाट) लागू गर्ने कुरा कुशासनको नमूनाको रुपमा लिने गरिन्छ । त्यसैले यस्तो भूतप्रभावी किसिमको व्यवस्था कुनै पनि करको सन्दर्भमा लागू गरिनु हुंदैन । अहिले गरेको व्यवस्था विगत समयदेखि लागू गर्ने गरिएमा त्यसले कार्यबोझ तथा मुद्दा मामिला बढाउने हुन्छ । सुशासन अभिवृद्धि गर्ने सन्दर्भमा सरकारी क्षेत्रका गतिविधिले सरकारी र निजी क्षेत्रको कार्यबोझ बढाउने होइन, घटाउन सक्नु पर्दछ ।

कर सम्बन्धी नयां व्यवस्था लागू गर्ने र त्यसलाई कार्यान्वयन गर्ने कुरालाई छुट्टा छुट्टै रुपमा हेरिनु पर्दछ । कुनै नयां कर लागू गरेको वा विद्यमान करमा नयां व्यवस्था लागू गरेको शुरुको समयलाई सिक्ने र सिकाउने अवधिका रुपमा लिनु पर्दछ । त्यस्तो अवस्थामा संभावित करदाता लगायत समाजका विभिन्न वर्गलाई नयां व्यवस्थाका बारेमा जानकारी दिन करदाता शिक्षा कार्यक्रमलाई अभियानकै रुपमा संचालन गर्नु पर्दछ र यदि कुनै करदाताले कुनै औपचारिकता राम्रोसंग पालना गरेन भने पनि निजलाई दण्ड

जरिवाना गर्नको सट्टा त्यसका बारेमा लिखित रुपमा जानकारी दिई भविष्यमा यस्तो गल्ति दोहोऱ्याएमा सजाय हुने कुरा जानकारी दिनु पर्दछ ।

अर्कोतर्फ करका बारेमा जानकारी दिई सकेपछि पनि जानी जानी कर सम्बन्धी औपचारिकताहरू पूरा नगर्ने वा कर छल्ने करदाता माथि कडा सजाय हुनु पर्दछ । हाल प्रायः सबैजसो करहरू करदाताले आफ्नो कर आफै निर्धारण गर्ने व्यवस्था अन्तर्गत संचालित छन् । त्यस्तो व्यवस्था संचालन गर्नका लागि करका बारेमा करदातालाई पहिले जानकारी गउाउन जतिकै आवश्यक छ करको बारेमा थाहा पाएर पनि कर सम्बन्धी औपचारिकता पूरा नगरेमा कडा दण्ड सजाय गर्ने कुरा त्यतिकै महत्वपूर्ण छ । यस किसिमको व्यवस्थाको अभावमा स्वयं कर निर्धारणको सिद्धान्तमा आधारित कुनै पनि कर प्रणाली जीवित रहन सक्दैन । कर छल्ने उद्देश्यले उदार व्यवस्थाको दुरुपयोग गर्नेहरूलाई कारवाही नगरिएमा राजस्व चुहावट हुने मात्र नभै कर प्रणाली असमान हुने हुनाले त्यस्तो अवस्थामा कर कानूनलाई कडाईका साथ कार्यान्वयन गर्न चुक्नु हुंदैन । यसरी शुरुमा करका बारेमा जानकारी गराउने नीतिले करदातालाई कर सम्बन्धी औपचारिकता राम्रो संग पूरा गर्न सक्ने तुल्याउने र अर्कोतर्फ दण्ड सजायको व्यवस्थाले कर सम्बन्धी औपचारिकता पूरा गर्न नचाहनेलाई निरुत्साहित गर्ने हुंदा यस किसिमको नीतिले करदाताको स्वेच्छिक सहभागितालाई बढाउछ र त्यस्तो अवस्थामा कर कानून सबै क्षेत्रमा समान किसिमले कार्यान्वयन हुने संभावना बढ्दछ । यस किसिमको वातावरण सृजना गर्नु आधुनिक कर प्रशासनको प्रमुख दायित्व पनि हो ।

अध्याय

२०

# अनौपचारिक अर्थतन्त्र

## २०.१ भूमिका

अर्थतन्त्रका दुई पाटा हुन्छन् । ती हुन्: औपचारिक तथा अनौपचारिक । औपचारिक अर्थतन्त्रले राज्यको कानून अनुसार संचालित आर्थिक गतिविधिलाई समेटेको हुन्छ । यस क्षेत्रका कृयाकलापहरू मुलुकको कुल गार्हस्थ उत्पादनमा समाहित भएका हुन्छन् र तिनीहरू करको दायरा भित्र पर्दछन । अर्कोतर्फ अनौपचारिक क्षेत्रका कृयाकलापहरू राज्यको कानून अनुसार संचालित हुदैनन्, तिनीहरू कुल गार्हस्थ उत्पादनमा समेटिएका हुदैनन् र तिनीहरू करको दायरा वाहिर रहेका हुन्छन् ।

अनौपचारिक अर्थतन्त्रलाई "कालो", "भूमिगत", वा "छाया" अर्थतन्त्र पनि भन्ने गरिन्छ । यस भित्र अर्थतन्त्रको वैधानिक (Legal) र अवैधानिक (Illegal) दुवै गतिविधि पर्दछन् । औपचारिक अर्थन्त्रमा नपरेका सानो आकारको कारोवार, सडकको पेटीमा गरिने व्यापार, लुकी छिपि गरिने व्यापार, वस्तु विनिमय, स्वरोजगार, घरेलु रोजगार, कमैया, हलिया, पोर्टर, लोडर, जुत्ता पालिस लगाउनेहरू, प्लम्वर, सिकर्मी, डकर्मी, लोडर्स, पोर्टर्स, रिक्सावाला, ट्याक्सी चालक, बालबच्चा तथा वृद्धको हेरचाह गर्नेहरू, हुण्डी सम्वन्धी कारोवार, न्यून विजकीकरण वा अधिविजकीकरण गरेर गरिने व्यापार र चोरी निकासी पैठारी जस्ता गतिविधिहरू अनौपचारिक क्षेत्रमा पर्दछन् ।

अनौपचारिक अर्थतन्त्र सरकारी संयन्त्रको पहुच वाहिर रहन्छ र यसका गतिविधिहरू सरकारी कानूनद्वारा विनियमित हुदैनन् । यस्ता कृयाकलापहरू सरकारी कार्यालयमा दर्ता भएका हुदैनन् र तिनीहरूको सरकारी कार्यालयमा कुनै अभिलेख हुदैन । अनौपचारिक क्षेत्र अन्तर्गत कार्यरत व्यवसायीले औपचारिक क्षेत्र सम्वन्धी प्रावधान पूरा गर्नु पर्दैन । तिनीहरू

कुल गार्हस्थ उत्पादनको गणनामा समावेस गरिएका हुदैनन् र तिनीहरू राज्यलाई कर पनि तिर्दैनन् । अनौपचारिक अर्थतन्त्रमा संलग्न संस्था तथा व्यक्तिहरू राज्यको श्रम तथा अन्य कानूनबाट जोगिन वा भाग्न र कर छल्न अनौपचारिक क्षेत्रतिर छिर्ने गर्दछन भने कतिपय व्यक्तिहरू जीवन बचाउका लागि अस्थाई, आकस्मिक र न्यून ज्याला भएको कार्य गर्न बाध्य हुन्छन् ।

अनौपचारिक अर्थतन्त्रले समग्र अर्थतन्त्रलाई अनेक किसिमले प्रभावित गर्दछ । प्रथमतः अनौपचारिक क्षेत्र मुलुकको कुल गार्हस्थ उत्पादनमा समावेश नहुने हुंदा कुल गार्हस्थ उत्पादनको सही चीत्र आउदैन । यसैगरी अनौपचारिक अर्थतन्त्रका कारणले मुलुकको अन्य आर्थिक परिसूचकहरूको सही किसिमले सम्प्रेषण हुदैन । यसले गर्दा मुलुकको आर्थिक नीति निर्माण सही किसिमले हुन सक्दैन । अनौपचारिक क्षेत्रमा रहने व्यापारीहरू करको दायरा वाहिर रहने हुंदा कसैले कर तिर्ने कसैले नतिर्ने हुंदा बजारमा अस्वस्थ प्रतिष्पर्धा हुन्छ । यस्तो अवस्थामा कर परिपालन गर्ने व्यक्ति दण्डित हुन्छन् जसले कर तिर्नेहरू हतोत्साहित भै कर नतिर्ने तर्फ प्रवृत्त हुन सक्छन् ।

अनौपचारिक अर्थतन्त्र विभिन्न कारणले हुने गर्दछ । उदाहरणका लागि यदि सरकारी ऐन नियम अधिक तथा जटिल भएमा त्यसले उद्योगी व्यापारी तथा व्यवसायीलाई औपचारिक अर्थतन्त्रमा प्रवेश गर्न निरुत्साहित गर्दछ । जस्तो व्यावसायिक संस्था दर्ता तथा दर्ता खारेज गर्ने प्रक्रिया जटिल भएमा र कारोवारको अभिलेख राख्ने र विवरण पेश गर्ने व्यवस्था झंझटिलो भएमा त्यसको पालना गर्न गाह्रो हुने हुनाले पनि उद्योगी, व्यापारी तथा व्यवसायी औपचारिक क्षेत्र भित्र प्रवेश गर्न हिचकिचाउंछन । यसैगरी मुलुकको श्रम सम्वन्धी कानून कडा प्रकृतिको भएमा तथा विदेशी श्रमिकमाथिको प्रतिवन्ध भएमा पनि अनौपचारिक गतिविधि मौलाउने हुन्छन् । भ्रष्टाचारले पनि अनौपचारिक अर्थतन्त्रलाई प्रश्रय दिन्छ । कर प्रणाली जटिल भएमा तथा करको भार वढी भएमा पनि औपचारिक क्षेत्र खुम्चने र अनौपचारिक क्षेत्र फैलने हुन्छ । अनौपचारिक अर्थतन्त्रका वारेमा गरिएका विभिन्न अध्यायनहरूले अनौपचारिक अर्थतन्त्र सृजना गर्ने प्रमुख तत्वहरूमा कर र सामाजिक सुरक्षा योगदानलाई लिएका छन् । यो निचोड नेपालको सन्दर्भमा पनि लागु हुन्छ ।

अनौपचारिक क्षेत्रमा गरिने रोजगारीका सन्दर्भमा औपचारिक क्षेत्रमा जस्तो रोजगारदाता र श्रमिक बीच औपचारिक तथा स्थायी सम्बन्ध हुदैन । यस क्षेत्रमा कार्यरत श्रमिकको औपचारिक नियुक्तिपत्र हुदैन, मौखिक भनाइको आधारमा काम हुन्छ, तिनीहरूको

रोजगारीको निरन्तरता र स्थायित्व हुदैन, तिनीहरूलाई सहजै बर्खास्त गर्न सकिन्छ र तिनीहरूले कानूनी उपचार पाउदैनन् । अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको दैनिक ज्याला हुने, नगदमा भुक्तानी हुने, न्यून वेतन हुने, समयमा ज्याला नपाउने र ज्याला नपाएपनि त्यसको उपचार नहुने हुन्छ । तिनीहरूले लामो समय काम गर्नु पर्ने, काम गर्ने अवस्थाहरू नाजुक हुने र त्यसले श्रमिकको स्वास्थ्यमा प्रतिकुल असर पर्ने हुन्छ । यस्ता श्रमिकहरूको लागि वीमा, पेन्सन, उपदान, संचयकोष र औषधोपचार सुविधा जस्ता सामाजिक सुरक्षाको व्यवस्था हुदैन र तिनीहरूले विरामी विदा, घर विदा, सुत्केरी विदा र किया विदा पनि पाउदैनन् । तिनीहरूको लागि तालिमको अभाव हुन्छ भने तिनीहरूले क्षतिपूर्ति पनि पाउदैनन् ।

धेरैको हकमा अनौपचारिक क्षेत्रमा काम गर्ने रहर नभै वाध्यता हुन सक्छ । औपचारिक क्षेत्रमा काम पाएमा अनौपचारिक क्षेत्रमा सायदै कोही काम गर्न चाहन्छ होला । औपचारिक क्षेत्रमा चाहिने शैक्षिक योग्यता र अनुभव नभएका कारणले पनि कतिपय मानिस अनौपचारिक क्षेत्रमा जान वाध्य हुन्छन । अर्कोतर्फ, अनौपचारिक क्षेत्रमा प्रवेश सरल हुन्छ । नेपालमा औपचारिक क्षेत्रमा काम गर्ने व्यक्तिको लागि समेत सामाजिक सुरक्षाको राम्रो प्रवन्ध नभएकोले पनि अनौपचारिक क्षेत्रमा प्रवेश गर्ने प्रवृत्ति बढेको हुन सक्छ । यसैगरी, अनौपचारिक क्षेत्रमा कर तिर्न नपर्ने र सरकारी नियमको पालना गर्न नपर्ने हुनाले पनि केही व्यक्ति अनौपचारिक अर्थतन्त्रमा प्रवेश गरेको हुन सक्छ ।

अनौपचारिक अर्थतन्त्र विश्वका हरेक देशको अर्थतन्त्रको अभिन्न अंगको रुपमा रहेको हुन्छ यद्यपि यसको हिस्सा सवै किसिमका अर्थतन्त्रमा एकनासको छैन । कुनै देशमा यसको हिस्सा निकै ठूलो छ भने कुनै देशको अर्थतन्त्रमा यो नगण्य छ । उदाहरणको लागि विश्व वैंकको सन् २०१० को एक अध्ययन अनुसार सन २००७ मा अनौपचारिक अर्थतन्त्रको हिस्सा स्वीट्जरल्याण्ड र संयुक्त राज्य अमेरिकामा कमशः ८.१ प्रतिशत र ८.४ प्रतिशत थियो भने जिम्वावे र जर्जियामा कमशः ६२.७ र ६२.१ प्रतिशत थियो । तालिका २०.१ मा देखाइएभैं औषतमा दक्षिण एशियाली देशहरूको अर्थतन्त्रमा अनौपचारिक क्षेत्र कुल गार्हस्थ उत्पादनको ३१.८ प्रतिशत रहेको छ ।

*तालिका २०.१ :* **दक्षिण एशियाली मुलुकमा अनौपचारिक अर्थतन्त्रको अंश**

| क्र.सं. | देशको नाम | अनौपचारिक क्षेत्रको प्रतिशत (सन् २००७) | औसत (१९९९-२००७) |
|---|---|---|---|
| १ | बङ्गलादेश | ३४.१ | ३५.३ |
| २ | भुटान | २७.७ | २८.८ |
| ३ | भारत | २०.७ | २२.२ |
| ४ | माल्दिभ्स | २८.६ | २९.५ |
| ५ | नेपाल | ३६.० | ३६.७ |
| ६ | पाकिस्तान | ३३.६ | ३५.७ |
| ७ | श्रीलंका | ४२.२ | ४३.९ |
| **औसत** | | **३१.८** | **३३.२** |

*श्रोत: Friedrich Schneider, Andreas Buebn and Claudia E. Montenegro, Shadow Economies All Over the World, New Estimates for 162 Countries from 1999 to 2007, The Wrold Bank, July 2010, pp.45-47.*

नेपालको अनौपचारिक क्षेत्र ठूलो रहेको अनुमान भएता पनि यसका बारेमा अझै विस्तृत अध्ययन भएको छैन । तथापि दक्षिण एशियाली मुलुक तथा अन्य देशहरूको अनौपचारिक क्षेत्रको अध्ययन गर्ने सम्वन्धमा केही विद्धानहरूले नेपालको अनौपचारिक क्षेत्रको मात्रा अनुमान गर्ने प्रयास गरेका छन जसमध्ये विश्व वैंकको २०10 को एक अध्ययन अनुसार नेपालको अनौपचारिक अर्थतन्त्रको हिस्सा सालाखाला ३६.७ प्रतिशत रहेको अनुमान छ ।

*तालिका: २०.२:* **नेपालको अनौपचारिक अर्थतन्त्र** (कूल गार्हस्थ्य उत्पादनको प्रतिशत)

| वर्षहरू | | | | | | | | | औषत |
|---|---|---|---|---|---|---|---|---|---|
| १९९९ | २००० | २००१ | २००२ | २००३ | २००४ | २००५ | २००६ | २००७ | |
| ३७.२ | ३६.८ | ३६.७ | ३७.१ | ३६.९ | ३६.८ | ३६.७ | ३६.३ | ३६.० | ३६.७ |

*श्रोत: Friedrich Schneider, Andreas Buebn and Claudia E. Montenegro, Shadow Economies All Over the World, New Estimates for 162 Countries from 1999 to 2007, The Wrold Bank, July 2010, p.46.*

## २०.२ नेपालको अर्थतन्त्रमा विद्यमान अनौपाचारिक क्षेत्रहरू

नेपालको अर्थतन्त्रमा अनौपचारिक अर्थतन्त्रको उपस्थिति विभिन्न किसिमले हुने गरेको छ । अन्तर्राष्ट्रिय व्यापार देखि स्थानीय कारोवारसम्म, वस्तुको ओसारपसारदेखि विदेशी मुद्राको लेनदेनसम्म तथा घरेलु कामदेखि कारखानाको मजदुरीसम्ममा केही न केही

मात्रामा अनौपचारिक अर्थतन्त्रको अंश रहने गरेको छ। मुलुकको अर्थतन्त्रको महत्वपूर्ण अंगको रुपमा रहेको अन्तराष्ट्रिय व्यापारमा अनौपचारिक अर्थतन्त्रको हिस्सा ठूलो छ। छिमेकी राष्ट्र भारतसंगको खुला सिमानाले भन्सार चोरी पैठारी कार्यलाई सहज बनाएको छ भने चुस्त र बलियो प्रशासन संयन्त्रको अभावले यसलाई थप मलजल दिएको छ। नेपालमा हाल भैरहेका अनौपचारिक गतिविधिहरू सम्वन्धी केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन्:

## २०.२.१ भारतसंगको अनौपचारिक व्यापार

नेपाल र भारत बीच अनौपचारिक व्यापार हुने गरेको तथ्य कसैबाट छिपेको छैन। यस सम्वन्धमा गरिएका विभिन्न अध्ययनले अनौपचारिक व्यापार ३० देखि ४० प्रतिशतसम्म रहेको अनुमान गरेका छन्। उदाहरणका लागि सन् २००२ मा Taneja et.al ले नेपाल र भारतको बीचको अनौपचारिक व्यापारको हिस्सा करिब ३८ प्रतिशत रहेको अनुमान गरेका छन्[१]।

भारतसंगको अनौपचारिक व्यापारको एउटा ठूलो कारण खुला सीमाना हो। कतिपय व्यापारीहरूले नेपाल भारतको सीमाना नजिक आफ्ना गोदामहरू राख्ने गरेकाछन्। कतिपय तस्करहरू स्थानीय पोकेहरूलाई प्रयोग गरेर पोका पन्तुरामा आयात गरिएको सामानलाई जम्मा गरी मुलुकको अन्य क्षेत्रमा पठाउने गर्दछन्। भन्सार नाकामा पसलेले भर्ना गरेका पोकेहरूको काम पटकपटक आवतजावत गरेर सामान ढुवानी गर्नु रहेको छ। अधिकांश सीमावर्ती शहरमा कतिपय मानिसहरू साइकल तथा टांगाको प्रयोग गरी ससानो परिमाणमा सामान भारतबाट नेपाल ल्याउने गर्दछन। कतिपय मानिसहरू सार्वजनिक यातायातका साधनको प्रयोग गरी सामान ओसार्दछन् भने केही व्यक्ति निजी सवारी साधन प्रयोग गरेर चोरी पैठारी गर्दछन्।

सीमा क्षेत्र वरिपरि वस्ने कतिपय स्थानीय वासिन्दाहरूको मुख्य पेशा र जीवनयापनको माध्यम अनौपचारिक व्यापार भएको छ। तिनीहरूको दैनिक काम यताको सामान उता र उताको सामान यता गर्नु रहेको छ। उनीहरूले यही पेशामार्फत जीविका धान्ने गरेका छन्। यस्तो कार्य उनीहरूको जीविकासंग जोडिएकोले यसको नियन्त्रणमा पनि कठिनाई

---

१ Nisha Taneja, Muttukrishna Sarvananthan, Binod K. Karmacharya and Sanjib Pohit, Informal Trade in the SAARC Region: A Case Study of India, Sri Lanka and Nepal, Report Prepared for the South Asia Network of Economic research Institutes, August 2002.

रहेको पाइन्छ । भारतमा उत्पादन भई नेपालमा बिक्री हुने लत्ता कपडाको अधिकांश हिस्सा यही झोले पोके अवैध पैठारीमार्फत आउने गरेको छ । नेपालको बजारलाई केन्द्रित गरेर भारतीय सीमामा ठूलो मात्रामा पसलहरू खोलिएका छन् । सीमा क्षेत्रका अधिकांश मानिसहरू निकटवर्ती भारतीय बजार गै सामान खरिद गर्दछन् । यसैगरी, मुलुकको अन्य क्षेत्रमा अवस्थित मानिसहरू पनि भारतको सीमावर्ती बजारमा गएर घरायसी प्रयोजनको लागि सामान खरिद गर्ने गर्दछन् ।

मूल्यगत, वस्तुगत र क्षेत्रगत रुपमा हेर्दा नेपालमा भन्सार चोरी पैठारी/निकासीमा विविधता पाईन्छ । भन्सारकै नाकाबाट आउने माल वस्तुमा परिमाणगत भन्दा पनि मूल्यगत र वर्गीकरणगत रुपमा विचलन भएको पाइन्छ भने गैर भन्सार नाकाबाट माल वस्तुहरू नै चोरी पैठारी/निकासी भएको पाइन्छ । यद्यपि बहुमूल्य धातु, पत्थर र अन्य माल वस्तुहरू भन्सारकै नाका प्रयोग गरी चोरी पैठारी भएको समेत पाइन्छ । भन्सार चोरीमा पनि निकासीको तुलनामा पैठारीको अंश अत्यधिक रहेको पाइन्छ । विभिन्न तरिका र विधि अपनाई भन्सार चोरी पैठारी तथा निकासी हुने गरेको छ ।

चोरी पैठारी हुने मुख्य मुख्य माल वस्तुहरूमा सुनचाँदी, हिराजवाहरत, बहुमूल्य पत्थरहरू, तैयारी लत्ताकपडा, सर्टिंग सुटिंग, जुत्ता चप्पल, कस्मेटिक्स्, सेनिटरी तथा, हार्डवेयर, ईलेक्ट्रिक र ईलेक्ट्रोनिक्स् सामानहरू, स्टिलका भाँडावर्तन, निर्माण सामग्री, सिमेन्ट, मोवाईल, दाल, चिनी लगायतका अन्य खाद्य सामग्री, मरमसला, ड्राई फ्रुट, रासायनिक मल, सवारी साधन र तिनका पाटपूर्जाहरू पर्दछन् भने चोरी निकासी हुने मुख्य मुख्य मालवस्तुहरूमा तेस्रो मुलुकबाट आयात गरिएका तैयारी लत्ताकपडा, जुत्ता चप्पल, सुनचाँदी, सुपारी, यार्सागुम्वा, जटामसी लगायतका नेपाली जडिबुटी तथा बहुमूल्य कच्चा पत्थरहरू र काठ रहेका छन् ।

भारतबाट सवारी साधन समेत अनौपचारिक रुपमा पैठारी हुने गरेको पाइन्छ । यस्ता सवारी साधनहरू भन्सार नाकाबाट अस्थायी पैठारी हुने वा गैर भन्सार नाकाबाट चोरी पैठारी गरी नेपालमा ल्याइसकेपछि दुर्घटनामा परी नासिएका, पुराना भई थन्काईएका, एक अञ्चलबाट अर्को अञ्चलमा स्थानान्तरण गरिएका, नीजि सवारी साधनको रुपमा दर्ता भई पुनः सरकारी, संस्थान वा यस्तै संस्थाका नाममा दर्ता भएका सवारी साधनहरूको दर्ता नम्बर भएको प्लेट प्रयोग गरी चलाउने, माथि उल्लेख गरे जस्तै अवस्थाका साधनहरूको इन्जिन र चेसिस नम्बर भएको भाग काटी चोरी गरी ल्याइएका गाडीहरूमा वेल्डीङ गरी राख्ने वा यस्ता गाडीहरूको इन्जिन/चेसिस नम्बर चोरी गरिएका साधनहरूमा पञ्चिङ गरी राख्ने, सरकारी वा अन्य कुनै निकायबाट लिलाम गरिएका सवारी साधनहरू

स्क्र्याप गर्ने र ती साधनको इन्जिन/चेसिस नम्बर भएको भाग काटी चोरी गरी ल्याइएका गाडीमा वेल्डिङ गरी राख्ने वा लिलाममा लिएका साधनको ईन्जिन/चेसिस नम्बर चोरी गरिएका साधनहरूमा पञ्चिङ गरी राख्ने, चोरी पैठारीलाई लुकाउन र पत्ता लगाउने कार्यलाई कठिन बनाउन सवारी साधन शुरु दर्ता भएको अञ्चलबाट अन्य धेरै अञ्चलहरूमा स्थानान्तरण गर्दै लैजाने र धेरै व्यक्तिहरूमा स्वामित्व परिवर्तन गर्दै जाने गरिन्छ ।

चोरी पैठारी जताततैबाट हुने भएता पनि ठूलो परिमाणको चोरी पैठारी भने राजापुर, कोइलावास, साहेबगञ्ज, भन्टाबारी, रंगेली, काकडभिट्टा लगायतका मूल नाका नजिक नै हुने गरेको छ । नेपाल भारत बीच खुला सीमा, भारत र नेपालको बीचमा सामानको फरक मूल्य, नेपालमा लाग्ने राजस्वको दर आदिका कारणले नेपाल भारत बीचको अनौपचारिक व्यापार मौलाएको हो ।

## २०.२.२ चीनसंगको अनौपचारिक व्यापार

नेपालको उत्तरी सीमामा अवस्थित तातोपानी नाका नेपालको प्रमुख व्यापारिक नाका मध्ये एक हो । यही नाका भएर छिमेकी देश चीनसंग नेपालको व्यापार हुने गरेको छ । चीनसंगको व्यापारिक गतिविधिको लागि यो नाका जति महत्वपूर्ण छ त्यति नै यो नाका अनौपचारिक व्यापारको लागि पनि चर्चित छ । यो नाका हुंदै नेपालमा बढी मात्रामा तयारी कपडा, इलेक्ट्रोक्सिका सामानहरू लगायत सस्ता र न्यून गुणस्तरका सामानहरू नेपाल भित्रिन्छन् ।

तातोपानी नाकाबाट व्यापार विभिन्न किसिमले हुने गरेको छ । केही व्यापारीहरू आफ्नै फर्मको नाम ठेगानामा सामान आयात गर्दछन् । तिनीहरू चीन गएर सामान खरिद गर्ने, खरिद बापतको रकम केही वैधानिक माध्यमबाट (ड्राफ्ट/टि.टि.) र केही अनौपचारिक माध्यमाबाट भुक्तानी गर्ने, सामान नेपालको नाकासम्म आइपुग्ने प्रबन्ध मिलाउने र नेपालको भन्सारबाट आफ्नै फर्मको नाममा एजेन्ट मार्फत सामान जांचपास गराउने गर्दछन् । यस्तो विधिमा सामानको परिमाणमा खासै फरक पारिंदैन तापनि न्यून बीजकीकरण भने हुने गरेको पाइन्छ । यसैगरी, केही व्यापारीहरू सामान आफ्नै फर्मको ठेगानामा एल.सी.खोली आयात गर्दछन् तापनि एल.सी. मार्फत आयात अत्यन्त न्यून मात्रामा हुने गरेको छ । ब्रान्डेड र उच्च गुणस्तरका सामानको आयात कारोबार गर्ने केही आयातकर्ताहरूले एल.सी. खोलेर वैधानिक प्रक्रियाको अवलम्बन गरी सामान आयात गर्ने गरेका छन् र यस्तो कारोबारमा खासै समस्या रहेको पाइदैन । कतिपय

वस्तुहरूको हकमा एल.सी.बाट नै कारोबार हुंदा पनि न्यून वीजकीकरण भई आयात हुने गरेको छ ।

कतिपय व्यापारीहरू चीनको स्वशासित क्षेत्र तिव्वतबाट गर्ने पैठारी आफ्नै नामबाट गर्नुको सट्टा अन्य व्यक्तिको नामबाट गराउन चाहन्छन् । यस्ता व्यापारीहरू नेपालको स्थानीय बजारमा व्यापार गर्न पाउने तर पैठारी गर्न नपाउने गैर नेपालीहरू, अवैध कारोवार गर्ने व्यापारीहरू, मूल्य अभिवृद्धि करमा दर्ता नभएका र वैधानिक आयातकर्ताको रुपमा देखिन नचाहने खुद्रे व्यापारीहरू, पर्यटक भिसामा चीन जाने, त्यहां घुमघाम गर्ने र सानोतिनो खरिद गरी सो सामान नेपाल ल्याउने व्यवस्था मिलाई अदृश्य रुपमा व्यापार गरिरहेका व्यक्तिहरू पर्दछन । यस किसिमको व्यापार निम्नानुसार संचालन हुन्छः

> आफ्नो नाउबाट कारोवार गर्न नचाहने केही व्यापारीहरू आफूले पैठारी गर्ने सामान खरीद गर्न चीनको ग्वान्झाउ, संघाई, कुनमिङ्ग, आदि स्थानमा जान्छन् । तिनीहरू त्यहां आफ्नो आवश्यकता अनुसारका सामानहरू विभिन्न व्यापारीहरूसंग खरिद गर्दछन् । त्यसरी खरीद गरिएको सामानको भुक्तानी हुण्डी लगायतका विभिन्न अनौपचारिक माध्यम मार्फत चीन पुऱ्याएको रकमबाट गर्दछन् । यसरी सामान खरिद गरिसकेपछि तिनीहरू चीनमा कुनै स्थानीय एजेन्ट खोजी उसलाई सामान प्याकिङ्ग, डिस्प्याचिङ्ग र चीनको भन्सार बिन्दुसम्मको लागि ढुवानी समेतको जिम्मा दिई एउटा Way Bill साथमा लिई नेपाल फिर्ता आउंछन् । चीनमा यसरी नेपाली आयातकर्ताको सामान प्याकिङ्ग, डिस्प्याचिङ्ग र चीनको भन्सार बिन्दुसम्मको लागि ढुवानी समेतको जिम्मा लिने एजेन्टले सामानको मोलको डेढदेखि दुई प्रतिशतसम्म रकम सेवा शुल्क वा कमिशन बापत लिने गर्दछन ।
>
> उक्त अनुसार व्यापारीहरूले चीनमा खरीद गरेको सामान कुनै एजेन्टलाई जिम्मा लगाइ सकेपछि नेपाल फर्केर चीनमा खरिद गरेको सामान नेपाल ल्याउने एजेन्टको खोजी गर्दछन् । एजेन्टको व्यवस्था भइसकेपछि तिनीहरूले एजेन्टलाई आंफूसंग लिएर आएको Way Bill जिम्मा लगाउंछन् । यसरी Way Bill जिम्मा लिने व्यक्ति भन्सार एजेन्ट हुन वा नहुन पनि सक्छ । व्यापारीबाट Way Bill जिम्मा लिने व्यक्ति अब उक्त कागजात लिएर सामान भएको स्थानमा जान्छ र उक्त कागजात अनुसारको सामान भए नभएको जांच गर्दछ । चीनको भन्सारबाट सामान जांचपास गराउन त्यसपछि फेरि अर्को एजेन्टको आवश्यकता पर्दछ । उसले चीनबाट नेपाल सामान निर्यात गर्नको लागि बनाउनुपर्ने सम्पूर्ण कागजातहरू

तयार गर्दछ र यिनै नयां बनाइएका कागजातको आधारमा सामान नेपाल निर्यात हुन्छ । यसरी चीनबाट निर्यात हुने सामानमा चीनमा निर्यातको आधारमा प्राप्त गर्ने नगद सहुलियत प्राप्त गर्न सामानको वास्तविक मोल अनुसारकै कागजात तयार गर्नुपर्दछ । तर ती कागजात नेपालमा भन्सार प्रयोजनको लागि पेश गरिदैनन् । यहां नेपालमा अधिकांशतः भन्सारको सन्दर्भ मूल्यसंग मिल्ने गरी कागजात तयार गरी पेश गर्ने गरिन्छ ।

Way Bill जिम्मा लिने व्यक्तिले सामान गणना तथा जांच गरेपछि नेपाली भन्सार जांचपास गर्न आवश्यक कागजातहरू तयार गर्दछ । यस सिलसिलामा तयार गरिने वस्तुको खरिद बिजकदेखि भुक्तानी सम्बद्ध प्रमाणहरू वास्तविक हुंदैनन् । त्यसपछि सामान नेपाली भन्सार क्षेत्र (Customs Yard) मा ल्याइन्छ । एजेन्टले आवश्यक सबै कागजातहरू तयार गरी प्रज्ञापन पत्र समेत भरी आफ्नै नामको फर्मबाट सामान जांचपास गराउंछ । यसरी सामान जांचपास भैसकेपछि उक्त सामान वास्तविक व्यापारिको निर्देशन बमोजिम उसैको वा उसले भनेको गोदाममा वा काठमाडौ बाहिरका जिल्ला स्थित व्यापारीको कार्यस्थलमा पुऱ्याउने काम हुन्छ । कतिपय अवस्थामा सामान क्यारियरले नै आफ्नो गोदाममा राखी वास्तविक व्यापारीको निर्देशन बमोजिम विभिन्न व्यक्ति वा फर्मको नाममा बिल काट्ने काम पनि गर्दछ । यसरी आवरणमा सक्कली आयातकर्ता देखिने तर निश्चित कमिशन रकम लिएर वास्तविक रुपमा अर्कै व्यापारीको लागि कारोबार गर्ने यस्ता आयातकर्ता क्यारियर व्यवसायीको रुपमा चिनिन्छन् । तातोपानी नाकाको करिब ८० प्रतिशत आयात यस्तै क्यारियर व्यवसायीहरू मार्फत भैरहेको छ । यो विधिबाट सामान आयात हुंदा न त सामानको परिमाणको वास्तविक घोषणा हुने गर्दछ न त मूल्यको नै ।

## २०.२.३ अन्य प्रकारको अनौपचारिक कारोबार

मुलुकभित्र विभिन्न किसिमले अनौपचारिक कारोवार हुने गर्दछ । उदाहरणका लागि, हाल अनौपचारिक रुपमा भैरहेको पैठारीको भुक्तानी केही हदसम हुण्डी मार्फत पनि हुने गरेको छ । व्यापारीहरू विदेशबाट एल.सी.खोलेर सामान पैठारी गर्दा वास्तविक रुपमा भुक्तानी गर्नुपर्नेभन्दा कम मूल्यको एल.सी.खोल्ने र एल.सी.मा उल्लेखित बाहेकको रकम हुण्डी लगायत विभिन्न अनौपचारिक माध्यमबाट पठाउने गरेको पाइन्छ । कतिपय

अवस्थामा यस्तो बढी रकम सामान आपूर्ति हुने देशमा कार्यरत नेपालीहरूले आर्जन गरेको रेमिटेन्समार्फत पनि हिसाब मिलान हुने गरेको बुझिन्छ। अर्थात् केही व्यापारीले विदेशमा काम गर्ने व्यक्तिले नेपालमा पठाउने रेमिटेन्स बापतको रकम निजको सम्बन्धित व्यक्तिलाई नेपालमा भुक्तानी दिने र निजबाट विदेशी मुद्रा विदेशमै प्राप्त गरी त्यसलाई न्यून बिजकीकरण गरेको सामानको मूल्य भुक्तानी गर्न प्रयोग गर्ने गरेको पनि बुझिएको छ। यसैगरी, हुण्डीमार्फत देशभित्रबाट विदेशमा रकम ट्रान्सफर पनि हुने गरेको भनिन्छ। रेमिट्यान्सको केही अंश औपचारिक रुपमा बैंकिङ्ग च्यानलमार्फत् नआई हुण्डीमार्फत् पनि आउने गरेको पनि अनुमान छ।

यसैगरी, सुनको अनौपचारिक कारोवार ठूलो मात्रामा हुने गरेको अनुमान छ। यस सम्बन्धी घटना समय समयमा सार्वजनिक पनि हुने गरेका छन्। यस किसिमको कारोवार विभिन्न किसिमले हुने गर्दछ। उदाहरणका लागि कतिपय मानिसले सुन शरीर भित्र (मलद्वार, जननेन्द्रीय अंग, पेट आदि)मा राखेर, कतिले लगाएको भित्री कपडा, जुत्ता, कम्मर, महिलाको छाती आदिमा लुकाएर, कतिले गहनाको रुपमा शरीरका विभिन्न अंगमा लगाएर, कतिले सुनको रुप रंग बदलेर जस्तैः सुनको ढिक्कामा चाँदीको लेपन लगाउने तथा पेटीको बकल, चस्माको फ्रेम, ट्रलीको हेन्डल आदि बनाएर, कतिले ब्याट्री, आइरन, टि.भी., कम्प्युटर, ल्यापटप, मोबाईल, कलम, तरकारी, फलफूल, तथा खाद्य सामग्रीहरू भित्र लुकाएर, कतिले हवाईजहाज लगायत विभिन्न सवारी साधनमा रहेको भित्री खाली ठाउँ, स्पेयर टायर, सिट, बम्पर आदि ठाउँमा लुकाएर सुनको अवैध कारोवार गर्दछन्। यसैगरी, हाल निश्चित अवधि विदेशमा रोजगारी गरेर आउने नेपाली कामदारले पांच तोलासम्म सुन आफूसंग लिएर आउंदा भन्सार महसुल नलाग्ने सुविधाको पनि केही व्यक्तिले दुरुपयोग गरी सुनको अवैध कारोवारलाई सहयोग पुऱ्याएका छन्। यस अन्तर्गत केही व्यक्तिहरूले यसरी वैदेशिक रोजगारीबाट फर्कने कामदारलाई प्रयोग गरी सुन नेपाल ल्याउने र त्यसलाई बजारमा बिक्री गर्ने गरेको भनिन्छ।

त्यसैगरी, घर जग्गा रजिष्ट्रेशनको प्रयोजनको लागि कायम गरिने मूल्यांकन निकै न्यून छ। एउटै घर जग्गाको बैंकबाट ऋण लने प्रयोजनको लागि बढी मूल्य कायम गरिएको हुन्छ भने बजार मूल्य अर्कै हुन्छ। यसरी एउटै सम्पत्तिको विभिन्न प्रयोजनका लागि विभिन्न मूल्य कायम गरिने हुंदा पनि अनौपचारिक गतिविधिहरू फष्टाएका छन्।

नेपालमा विशेष गरी खुद्रा तहमा विद्यमान स्वरोजगारीमूलक व्यापारको कारण पनि कारोबारको सही लेखांकन नहुने गरेको पाइन्छ। यस्तो कारोबारमा मूलतः पारिवारिक सदस्यहरूको नै संलग्नता हुन्छ। उनीहरूले सामान खरिद गर्दा बिजक लिन र सो

अनुसारको कारोबारको हिसाब राख्न नै आवश्यक ठान्दैनन् । फेरि, उनीहरूले कारोबारको लेखा राख्ने र कर सम्बन्धी औपचारिकता पूरा गर्नुपर्ने कुरालाई थप व्ययभारयुक्त र झञ्झटिलो मान्दछन् । उनीहरूको यस्तो पवृत्तिले पनि बजारमा अनौपचारिक कारोबारले पश्रय पाएको देखिन्छ ।

## २०.३ कर अन्तर (Tax Gap)

नेपालमा अनौपचारिक अर्थतन्त्रको हिस्सा कति छ भन्ने विस्तृत अध्ययन नभएपनि अन्य मुलुकहरूसंगै अनौपचारिक अर्थतन्त्रको आंकलन गर्ने सन्दर्भमा भएका अध्ययनहरूले नेपालमा अनौपचारिक अर्थतन्त्र एकतिहाइ भन्दा बढी भएको अनुमान गरेका छन् । यसको अर्थ यो क्षेत्र करको दायरा बाहिर रहेको छ । यसैगरी, अर्थतन्त्रको औपचारिक क्षेत्र भित्रका कतिपय कृयाकलापहरूलाई कर सम्बन्धी कानूनले छुट दिएको छ । उदाहरणका लागि, अध्याय चारमा उल्लेख गरिए अनुसार विभिन्न वस्तु तथा सेवालाई मूल्य अभिवृद्धि कर छुट छ । यसैगरी कतिपय वस्तुलाई भंसार महसुल पनि छुट दिइएको छ । आय कर ऐन २०५८ अन्तरगत पनि विभिन्न किसिमको औद्योगिक छुट तथा सुविधाहरूको व्यवस्था गरिएको छ । यसैगरी नेपाल सरकारले विभिन्न समयमा विभिन्न किसिमको कारोवार, व्यक्ति वा संस्थालाई कर छुट दिने गर्छ । यी विभिन्न कारणले गर्दा करको आधार खुम्चिएको छ ।

यसका साथै करको दायरा भित्र आएका कतिपय क्षेत्रमा करलाई प्रभावकारी रुपमा लागु गर्न सकिएको छैन । यसले गर्दा कतिपय संभावित करदाताहरू करको लागि दर्ता भएका छैनन्, कति दर्ता भएर पनि कर सम्वन्धी औपचारिकता पूरा गर्दैनन्, कति समयमा विवरण बुझाउदैनन्, कति समयमा कर तिर्दैनन् भने केही करदाता कुनै पनि औपचारिकता निभाउदैनन् । यसैगरी कतिपय करदाताले विभिन्न किसिमले कर छल्ने गरेको पनि छ । यसले गर्दा नेपालको कर अन्तर (Tax Gap) ठूलो हुन सक्ने अनुमान छ ।

कर अन्तर विभिन्न किसिमले परिभाषित हुने गरेको पाइन्छ । उदाहरणका लागि संयुक्त राज्य अमेरिकाको आन्तरिक राजस्व सेवा (Internal Revenue Service) ले करदाताले तिर्नुपर्ने कर र समयभित्रै वास्तवमा तिरेको कर बीचको फरकलाई कर अन्तर भनेर परिभाषित गरेको छ । संयुक्त अधिराज्यको राजस्व तथा भंसार प्रशासन (Her Majesty's Revenue and Customs) को धारणापनि यस्तै छ जसअनुसार तिर्नुपर्ने कर र तिरेको कर बीचको भिन्नता कर अन्तर हो । अर्थात् करदाताले तिर्नुपर्ने संभावित कर र

करदाताले स्वयं सहभागिगता जनाइ तिरेको कर बीचको फरक कर अन्तर हो जसलाई कर प्रशासनले दर्ता, संकलन, कर परीक्षण आदि सम्बन्धी उपयुक्त रणनीति अपनाई कम गर्न सक्छ । संयुक्त अधिराज्यको २००९–१० को तथ्यांक अनुसार त्यहाँको कर अन्तर निम्नानुसार भएको पाइन्छः

*तालिका २०.३:* **संयुक्त अधिराज्यको २००९–१० को कर अन्तरको स्थिति**

| **कारण** | **प्रतिशत** |
|---|---|
| आपराधिक आक्रमण (Criminal attacks) | १६ |
| कानुनी व्याख्या (Legal interpretation) | १४ |
| वर्जन (Avoidance) | १४ |
| भुक्तान नगरेको (Non-payment) | १३ |
| छली (Evasion) | १२ |
| अदृश्य अर्थ व्यवस्था (Hidden Economy) | १२ |
| उचित सावधानी अपनाउन विफलता (Failure to take reasonable care) | ११ |
| त्रुटी (Error) | ७ |
| **जम्मा (Total)** | १०० |

*स्रोत: HM Revenue & Customs*

कर अन्तरलाई अन्य विभिन्न किसिमले पनि परिभाषित गर्न सकिन्छ र विभिन्न करको कर अन्तरको छुट्टा छुट्टै विश्लेषण गर्न सकिन्छ । विहंगम रुपमा कर अन्तर कहिले काहिं नीतिगत हिसावले पनि सृजना भएको हुन सक्छ । उदाहरणका लागि मूल्य अभिवृद्धि करको संभावित आधार उपभोग हो । आर्थिक वर्ष २०७०/७१ मा नेपालको कुल उपभोग १७ खर्व ५६ अर्व ४८ करोड भएको प्रारम्भिक अनुमान गरिएको थियो । यदि मूल्य अभिवृद्धि करबाट कुनै किसिमको छुट नदिई यस करलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको भए १३ प्रतिशतका दरले रु.२ खर्व २८ अर्व ३४ करोड मूल्य अभिवृद्धि कर राजस्व संकलन हुन सक्थ्यो । तर व्यवहारमा कतिपय वस्तु तथा सेवाहरू छुट भएकाले यस करको आधार खुम्चिएको छ । यस्तै स्थिति अन्य करको सम्वन्धमा पनि छ ।

यस प्रतिवेदनमा माथि उल्लेख गरिए अनुसार संयुक्त राज्य अमेरिका तथा संयुक्त अधिराज्यको कर प्रशासनले अपनाएको कर अन्तरको अवधारणाभित्र रहेर नेपालमा विद्यमान कर अन्तर कम गर्ने उपायहरू प्रस्तावित गरिने छन् ।

नेपालमा हाल लागु भैरहेका विभिन्न करको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । यसले गर्दा कतिपय संभावित करदाताहरू करमा दर्ता भएका छैनन्, दर्ता भएका मध्ये पनि कतिले समयमा विवरण बुझाउने वा कर तिर्ने गरेका छैनन् र कतिले कुनै पनि औपचारिकता ननिभाएको स्थिति पनि छ । समयभित्र विवरण नबुझाउने करदाताको संख्या आय करमा ४० प्रतिशत छ भने मूल्य अविभृद्धि करमा ३० प्रतिशत जति छ । यसैगरी समयमै कर नतिरी कर बक्यौता राख्नेको संख्या पनि कम नभएको तथ्य निम्न तालिकाले देखाउंछ ।

*तालिका २०.४:* **बक्यौता राजस्व रकमको विवरण** (२०७१/०३/३२ सम्मको)

| **करको प्रकार** | **वास्तविक बक्यौता** | | **पुनरावेदन गएको** | | **कूल बक्यौता** | |
|---|---|---|---|---|---|---|
| | **रकम** (रु.लाखमा) | **संख्या** | **रकम** (रु.लाखमा) | **संख्या** | **जम्मा रकम** (रु.लाखमा) | **संख्या** |
| विशेष कर | २,१२४ | ३,३६३ | २,०१५ | १६० | ४१३९ | ३,५२३ |
| स्वास्थ्य सेवा कर | २२२ | १०१ | १३ | ४ | २३५ | १०५ |
| आय कर | १३२,१९२ | ७०,०३१ | २०७,७४२ | १,५२४ | ३३९,९३४ | ७१,५५५ |
| अन्तःशुल्क | ४,७६६ | ८६२ | १६,८१६ | ६९ | २१,५८२ | ९३१ |
| स्रोतमा कर कट्टी | १०,०८७ | २,२५६ | २३,२६४ | १५१ | ३३,३५१ | २,४०७ |
| बिक्री कर | २,०२८ | १,२७० | ६६ | ८ | २,०९४ | १,२७८ |
| शिक्षा सेवा शुल्क | १०६ | ६४ | ६ | १ | ११२ | ६५ |
| मूल्य अभिवृद्धि कर | ५७,५९० | ३६,१६३ | ९२,५७० | १,७२६ | १५०,१६० | ३७,८८९ |
| जम्मा | २०९,११५ | ११४,११० | ३४२,४९२ | ३,६४३ | ५५१,६०७ | ११७,७५३ |

*स्रोत: आन्तरिक राजस्व विभाग*

यसरी कर प्रशासनले कर निर्धारण गरेर वा करदाता स्वयंले कर निर्धारण गरेर नतिरेको कर बक्यौता करीव रु. ५५ अर्व छ । यो कर अन्तरको उउटा अंग मात्र हो । यसैगरी कर सम्बन्धी औपचारिकता पालना नगरेको कारणले नउठेको करको अंक अझै ठूलो हुनु पर्दछ । राजस्व प्रशासनले विभिन्न कियाकलापहरू संचालन गरेर कर अन्तरको मात्रा कम गर्दै जानु पर्दछ ।

## २१.४ सुझाव

मुलुकको कर प्रणालीलाई समान, सक्षम, राजस्व उत्पादक तथा लचक बनाउन अनौपचारिक अर्थतन्त्रको मात्रा तथा कर अन्तर घटाउन जरुरी छ । यसको लागि आयोगका सुझावहरू निम्न प्रकार छन् :

- भंसार महसुलको दर घटाउने ।
- व्यक्तिगत आय करको न्यूनतम तथा अधिकतम सीमान्त करको दर घटाउने ।
- सामाजिक सुरक्षा कर लगाएमा यसका दर र व्यक्तिगत आय करको दरको कुल भार बढी नहुने गरी दुवै करका दरहरू कायम गर्ने ।
- रजिष्ट्रेशन दस्तुरको दर घटाउने ।
- भंसार सम्बन्धी प्रकिया सरल बनाउने र आवश्यक कागजातको संख्या न्यूनतम राख्ने ।
- करको प्रयोजनका लागि गरिनुपर्ने दर्ता तथा दर्ता खारेजी प्रक्रियालाई सरल बनाउने ।
- करको बनोट, संरचना तथा संचालन प्रक्रिया सरल बनाउने ।
- साना करदाताको लागि सरलीकृत कर व्यवस्था लागु गर्ने ।
- कर सम्बन्धी औपचारिकता पूरा गर्न नसक्ने करदातालाई राजस्व प्रशासनले सहयोग गर्ने ।
- करदाता शिक्षालाई अभियानकै रुपमा संचालन गर्ने ।
- कर सम्बन्धी औपचारिकता पूरा नगर्नेलाई निरन्तर रुपमा अनुवर्तन (Follow-up) गर्ने ।
- अटेरी करदातालाई कडा कारवाही गर्ने ।
- राजस्व प्रशासन बाहेकका संस्था दर्ता, दर्ता खारेजी, विवरण पेश गर्ने लगायतका विभिन्न प्रक्रियाहरूलाई सरल बनाउने ।

अध्याय

२१

# सारांश तथा सुझावहरू

## २१.१. सारांश

नेपालमा कर परापूर्वकालदेखि लागू हुदै आएको भएता पनि आधुनिक कर प्रणालीको विकास भने वि. सं. २००७ सालमा प्रजातन्त्रको उदय भएपछि मात्र भएको देखिन्छ । यस सन्दर्भमा अन्तःशुल्क, भन्सार महसुल र मालपोतलाई मध्यस्थ मार्फत संकलन गर्नुको सट्टा अमानती प्रथा अन्तर्गत संकलन गर्ने व्यवस्था लागू गरियो । यसको लागि भन्सार, अन्तःशुल्क, तथा मालपोत प्रशासनको स्थापना तथा विकास गरियो । यसैगरी साविकमा विभिन्न ठांउमा विभिन्न प्रकारका सनदसवालहरू मार्फत कर प्रणाली लागू हुंदै आएकोमा कर प्रणालीलाई बढी व्यवस्थित गर्नका लागि अन्तःशुल्क ऐन, २०१५, भन्सार ऐन, २०१८, र मालपोत ऐन, २०३४ लागू गरी मुलुकभर एकै किसिमको कानूनको व्यवस्था गरियो । कर प्रणालीलाई विकास गर्ने क्रममा आय कर, शहरी क्षेत्र घर जग्गा कर, हवाई उडान कर, होटल कर, बिक्रीकर, सवारी साधन कर र मूल्य अभिवृद्धि कर लगायतका विभिन्न करहरू लागू गरिए र ती करहरूलाई व्यवस्थित गर्न आय कर ऐन, बिक्री कर ऐन, मूल्य अभिवृद्धि कर ऐन लगायतका विभिन्न ऐन तथा नियमहरू कार्यान्वयन गरिए । यसैगरी यी करहरूको प्रशासन गर्नका लागि कर प्रशासनको स्थापनाका साथै राजस्व प्रशासन सम्बन्धी विभिन्न निकायहरूको संगठनात्मक स्वरुप तथा कर्मचारी व्यवस्थामा विभिन्न परिवर्तनहरू गरिए ।

यसरी नेपालमा आधुनिक कर प्रणाली स्थापना गर्ने क्रममा एकपछि अर्को कर लागू गरियो र ती करहरूको संरचनामा पनि विभिन्न समयमा विभिन्न किसिमका परिवर्तनहरू गरिए । यसको फलस्वरुप कर प्रणाली निकै जटिल हुन गयो । उदाहरणका लागि, आर्थिक वर्ष २०४३/४४ मा अन्तःशुल्क, आय कर, भन्सार महसुल, बिक्रीकर, मालपोत, घर

जग्गा रजिष्ट्रेशन दस्तुर, सवारी साधन कर, ब्याज कर लगायत विभिन्न १७ वटा करहरू लागू गरिएका थिए । यी करको संरचना पनि जटिल थियो ।

आर्थिक वर्ष २०४४/४५ देखि कर सुधार सम्बन्धी केही प्रयासहरू शुरु भएका देखिन्छन् भने मुलुकमा २०४६ सालमा भएको राजनैतिक परिवर्तन पश्चात लागू गरिएको व्यापक आार्थिक सुधारको कार्यक्रम संगसंगै करसुधार कार्यमा तीव्रता आएको थियो । यस क्रममा भन्सार महसुलका दरको संख्या तथा तहमा व्यापक कटौति गरिएको थियो । यसैगरी विभिन्न वस्तुगत करहरूको सट्टा विस्तृत आधार भएको एउटै मूल्य अभिवृद्धि कर लागू गरिएको थियो । मूल्य अभिवृद्धि कर लगाउने सन्दर्भमा अन्तःशुल्क लाग्ने वस्तुको संख्या घटाइएको थियो । यसैगरी आय करका दरको संख्या तथा तहमा पनि कटौति गरिएको थियो । आधुनिक कर प्रणालीमा स्वयं कर निर्धारणको बढ्दो प्रचलनको सन्दर्भमा मूल्य अभिवृद्धि कर प्रारम्भ देखिनै पूर्ण रुपले स्वयं कर निर्धारणको सिद्धान्त अन्तर्गत लागू गरिएको थियो भने अन्तःशुल्कमा आर्थिक वर्ष २०४८/४९ मा स्वयं निष्काशन प्रणाली शुरु गरियो । यही क्रममा आय कर व्यवस्थामा आर्थिक वर्ष २०४८/४९ तोकिएका करदाताहरूले आय कर स्वयं निर्धारण गर्नु पर्ने व्यवस्था लागू गरिएको थियो भने आय कर ऐन, २०५८ अन्तर्गत आय करलाई पूर्ण रुपमा स्वयं कर निर्धारणको सिद्धान्त अन्तर्गत ल्याइयो ।

कर प्रशासनको सुधारका सन्दर्भमा पनि केही प्रयासहरू गरिएका थिए । खास गरेर मूल्य अभिवृद्धि करलाई कार्यान्वयन गर्नको लागि सृजना गरिएको मूल्य अभिवृद्धि कर प्रशासनको कार्यमूलक किसिमको संगठनात्मक स्वरुप, अधिकृतमूलक कर्मचारी व्यवस्था, आन्तरिक अनुगमनको व्यवस्था, ठूला करदाता शाखाको व्यवस्था, कर प्रशासकहरूका लागि आयोजना गरिने अनगिन्ती प्रशिक्षण कार्यक्रम र करदाताको लागि संचालन गरिएको वृहत् करदाता शिक्षा कार्यक्रम आधुनिक कर प्रशासनमा गरिने महत्वपूर्ण सुधार कार्यक्रमहरू थिए । यी व्यवस्थाहरूलाई मूल्य अभिवृद्धि कर र आय कर प्रशासनलाई गाभेर सृजना गरिएको आन्तरिक राजस्व प्रशासनमा पनि निरन्तरता दिइयो । यसैगरी भन्सार प्रशासनमा पनि विभिन्न समयमा संगठनात्मक तथा प्रकृयागत सुधारहरू लागू गरिए । यसका साथै मूल्य अभिवृद्धि करलाई प्रारम्भ देखिनै पूर्णरुपमा कम्प्यूटर प्रणाली अन्तर्गत संचालन गरिदै आएको छ भने आय कर र भन्सार महसुललाई पनि बढ्दो रुपमा कम्प्यूटरीकृत गरिदै छ ।

उक्त अनुसार डेढ दशक अगाडि लागू गरिएको कर सुधार कार्यक्रमलाई प्रथम पुस्ताको कर सुधारको रुपमा हेरिन्छ । यो कार्यक्रम कार्यान्वयन गरिएको लामो अन्तरालमा

नेपालको अर्थतन्त्रको संरचनामा ठूलो परिवर्तन आएको छ। यसैगरी मुलुक संघीय शासन व्यवस्थामा रुपान्तरित हुने स्थितिमा छ। यसैगरी मुलुकमा वृद्ध, विधवा, अशक्त, असहाय लगायतका विभिन्न अनुदान र स्वास्थ्य विमा लगायतका विभिन्न सामाजिक सुरक्षा कार्यक्रमहरूको आवश्यकता बढ्दो छ। नेपाललाई सन् २०२२ मा अतिकम विकसित देशबाट विकासशिल देशको श्रेणीमा स्तरोन्नति गर्ने सन्दर्भमा पनि आवश्यक राजस्व परिचालन गर्न र स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नका लागि कर प्रणालीमा समायोजनको खांचो छ। यसैगरी छिमेकी देश, व्यापारिक मित्रहरू (Trading Partners) लगायतका विभिन्न मुलुकमा कर प्रणालीमा सुधार गर्ने क्रम जारी छ। यस सन्दर्भमा नेपालको कर प्रणालीमा पनि समसामयिक सुधारको आवश्यकता छ। यही कुरालाई विचार गरेर नेपालको कर प्रणालीलाई समसामयिक बनाउन मुलुकमा दोस्रो पुस्ताको कर सुधार कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनु आवश्यक भएकोले सुझावहरू पेश गर्न नेपाल सरकारको मिति २०७१/७/२६ को निर्णय अनुसार एक उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन भएको छ। नेपालमा दोस्रो पुस्ताको कर सुधार कार्यक्रम लागू गर्न आयोगका सुझावहरू निम्नानुसार छन् :

## २१.२. सुझावहरू

### २१.२.१ संघीय व्यवस्थामा कर प्रणाली

संघीय व्यवस्थामा कर प्रणालीको स्वरुप निम्न प्रकार हुनु पर्दछः

**कर प्रणालीको स्वरुप**

| केन्द्रीय | प्रान्तीय | स्थानीय |
|---|---|---|
| • भन्सार महसुल<br>• मूल्य अभिवृद्धि कर*<br>• अन्तःशुल्क*<br>• संस्थागत आय कर<br>• व्यक्तिगत आय कर<br>• प्राकृतिक स्रोत कर<br>• सामाजिक सुरक्षा कर<br>• वन पैदावर शुल्क<br>• कार्वन कर<br>• सेवा शुल्कहरू | • पूर्वानुमानित कर<br>• टिकट दस्तुर<br>• सडक/सवारी कर<br>• घर जग्गा रजिष्ट्रेशन दस्तुर<br>• जुवा/चिट्ठा/क्यासिनो माथि कर<br>• प्राकृतिक स्रोत कर<br>• डुंगा कर<br>• शिक्षा सेवा कर<br>• सेवा शुल्कहरू | • घरजग्गा कर<br>• मालपोत/ भूमि कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• प्राकृतिक स्रोत कर<br>• डुंगा, केवलकार संचालनमा लाग्ने कर<br>• जनावरमाथि कर<br>• पार्किङ शुल्क<br>• सेवा शुल्कहरू |

** सघीय व्यवस्थामा यी करहरूलाई केन्द्र र प्रदेशवीच सहभाजित करको रुपमा लागू गरिनु पर्दछ।*

## २१.२.२ मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि करलाई राजस्वको मेरुदण्डको रुपमा विकसित गर्दै जानु पर्दछ । हाल यस करले कुल कर राजस्वको एक तिहाई अंश प्रदान गर्ने गरेकोमा आगामी दिनमा यस करमा नीतिगत तथा प्रशासनिक सुधार गरेर कुल कर राजस्वमा यसको योगदान ३५ प्रतिशत देखि ४० प्रतिशतसम्म पुऱ्याइनु पर्दछ । यस करलाई राजस्व उत्पादक तथा लचक बनाउनका अतिरिक्त आर्थिक दृष्टिकोणले सक्षम तथा तटस्थ र प्रशासनिक दृष्टिकोणले सरल, सहज तथा पारदर्शी बनाउन यस करको एकल दरलाई निरन्तरता दिनु पर्दछ र यसमा दिइएको छुटलाई न्यून गर्दै जानु पर्दछ । यस करबाट आर्थिक विकास गर्ने वा सामाजिक न्याय कायम गर्ने उद्देश्य प्रभावकारी रुपमा हासिल गर्न नसकिने हुंदा यसलाई राजस्व संकलनको लागि मात्रै प्रयोग गरिनु पर्दछ ।

### २१.२.२.१ दायरा विस्तार

मूल्य अभिवृद्धि करलाई राजस्व उत्पादक तथा सक्षम बनाउन कर छुट हुने वस्तु तथा सेवाको संख्या सकेसम्म कम गरेर यसको आधार विस्तार गरिनु पर्दछ । मूल्य अभिवृद्धि करको छुट निम्नानुसारका वस्तु तथा सेवालाई मात्र दिइनु पर्दछ :

कर लगाउन गाह्रो हुने वस्तुहरू (Hard-to-Tax Commodities): वित्तीय तथा जीवन बिमा सेवाहरू, सुन, चाँदी, बाजी, क्यासिनो तथा चिट्ठा, हुलाक टिकट टांस गर्ने सरकारी हुलाक सेवा, दमकल तथा एम्बुलेन्स सेवा ।

विशेष गुणकारी वस्तु तथा सेवाहरू (Merit Goods): स्वास्थ्य सेवा र औषधीहरू, शैक्षिक सेवाहरू, किताबहरू, पत्रपत्रिका तथा अखबारहरू । यी वस्तु तथा सेवालाई हाल दिएको छुट दीर्घकालमा अन्त गरिनु पर्दछ ।

अन्य वस्तु तथा सेवाहरू (Other Commodities): कृषि, जिउंदा जीवजन्तु तथा तिनका उत्पादनहरू, कलात्मक तथा सांस्कृतिक वस्तु तथा सेवाहरू, आवास, सार्वजनिक यात्रुवाहक सेवा, र हवाईयात्रा । यी वस्तु तथा सेवाहरूमा कर लगाउन विस्तृत किसिमको नियमहरूको आवश्यकता पर्दछ । हाललाई यी वस्तु तथा सेवामा कर छुट कायमै राखे पनि प्रशासनिक क्षमता बढ्दै जांदा विस्तारै मध्यमकालमा यिनीहरूलाई पनि मूल्य अभिवृद्धि करको दायरामा ल्याउनु पर्छ ।

यस वाहेकका अन्य सबै छुटहरू खारेज गरिनु पर्दछ ।

### २१.२.२.२ कर नलाग्ने कारोवारको सीमा

मूल्य अभिवृद्धि कर नलाग्ने कारोबारको सीमाको रकमलाई मुद्रास्फीतिको दर समेतलाई विचार गरी उल्लेखनीय रुपमा बढाउनु आवश्यक छ ।

हार्डवेयर, सेनेटरी, फर्निचर, फिक्स्चर, अटोमोबाइल, इलेक्ट्रोनिक्स, मार्बल, मोटर पार्ट्स, हेल्थ क्लब, क्याटरिङ्ग, बुटिक, सुटिङ्ग, सर्टिङ्ग आदि कारोबार गर्ने व्यक्तिलाई अनिवार्यरुपमा दर्ता गर्नुपर्ने व्यवस्था खारेज गरिनु पर्दछ । यसैगरी रु. १ लाख भन्दा बढीको घरभाडा वा बिजुलीको खपत भएमा वा रु. १०,००० माथिको पैठारी गर्न वा रु. १००,००० भन्दा बढीको सेवा प्रदान गर्न दर्ता गर्नु पर्ने व्यवस्थाको अन्त्य गरिनु पर्दछ ।  कर नलाग्ने कारोबारको सीमाभन्दा बढीको कारोबार गर्ने सबै व्यापारी तथा व्यवसायीलाई अनुसन्धान वा अनुगमन जस्ता प्रशासनिक माध्यमको प्रयोग गरी करको दायराभित्र ल्याइनु पर्दछ ।

मूल्य अभिवृद्धि करको मूल सिद्धान्त अनुरुप दीर्घकालिन रुपमा वस्तु तथा सेवाको लागि कर नलाग्ने कारोबारको एउटै सीमा तोकिनु पर्दछ ।

मूल्य अभिबृद्धि करको सन्दर्भमा मूल्य अभिबृद्धि कर नलाग्ने कारोवारको सीमा रु. ७० लाखको हाराहारीमा तोकिनु पर्दछ ।

### २१.२.२.३ मूल्य अभिवृद्धि करको दर

मूल्य अभिवृद्धि करको १३ प्रतिशतको एकल दरलाई निरन्तरता दिई कम्तिमा आगामी पांच वर्षसम्म यथावत राख्ने नीति लिइनु पर्दछ ।

शून्य दर नेपालबाहिर निर्यात गरेको एवं निर्यात मानिने (Deemed Export) वस्तु तथा सेवा, वा नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको वा नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको वस्तुमा मात्र सीमित गरिनु पर्दछ । हाल शुन्य दर लागेको अन्य कारोवारको हकमा करफिर्ता वा अनुदानको व्यवस्था गरिनु पर्दछ ।

### २१.२.२.४ कर कट्टी

करदाताले विक्रीमा असुल गरेको करबाट पूंजीगत तथा गैर पूंजीगत सबै किसिमको खरीदमा तिरेको कर कटाएर वांकि रहेको रकममात्र सरकारलाई राजस्व स्वरुप वुझाउनु पर्ने व्यवस्था मूल्य अभिवृद्धि करको प्रमुख विशेषता हो । यसले गर्दा मूल्य अभिवृद्धि

करमा कर माथि कर नलाग्ने, कर सोपानी (Cascade) नहुने र करले अनावश्यकरुपमा अर्थतन्त्रको लागत नबढाउने हुन्छ । यसले गर्दा मूल्य अभिवृद्धि करलाई सुधारिएको विक्रीकरको रुपमा हेरिन्छ । मूल्य अभिवृद्धि कर तर्जुमा गर्दा पेय पदार्थ, अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ, सवारी साधनको लागि हल्का पेट्रोलियम इन्धन, र मनोरन्जन खर्चमा तिरेको कर कट्टी गर्न नपाइने र अटोमोवाइल्समा तिरेको कर ४० प्रतिशत मात्र कट्टी गर्ने व्यवस्था गरिएको थियो । मूल्य अभिवृद्धि कर कार्यान्वयनका शुरुका वर्षहरूमा कर कट्टी व्यवस्थाको दुरुपयोग नहोस भन्नको लागि यस किसिमको व्यवस्था गरिएको भएता पनि अब मूल्य अभिवृद्धि करले १७ बर्ष पार गरिसककेकाले यस करलाई यसको मूल मान्यता अनुरुप करलाग्ने कारोवारसंग सम्वन्धित वस्तु वा सेवामा तिरेको पूरै कर कट्टी गर्न पाइने व्यवस्था गरिनु पर्दछ ।

### २१.२.२.५ कर फिर्ता

कर कट्टी जस्तै कर फिर्ता मूल्य अभिवृद्धि करको अर्को महत्वपूर्ण तत्व हो । करदाताले विक्रीमा असुल गरेको करभन्दा खरीद/पैठारीमा तिरेको कर वढी भएमा फरक रकम फिर्ता दावी गर्न सक्छ । यसो भएता पनि मूल्य अभिवृद्धि कर लागू गरेको समयमा कर प्रशासन मूल्य अभिवृद्धि करका बारेमा अनुभवी नभएको र कर फिर्ता व्यवस्थाको दुरुपयोग हुन सक्ने सम्भावनालाई आँकलन गर्न नसक्ने भएकोले मिलान हुन नसकेको रकम तुरुन्त फिर्ता नदिई पछिल्लो कर अवधिमा सार्न सक्ने र सो रकम छ महिनासम्म पनि समायोजन हुन नसकेमा करफिर्ता माग गर्न सक्ने व्यवस्था गरिएको थियो । कर प्रणाली तर्जुमाको हिसाबले यस किसिमको व्यवस्था नराम्रो भन्न सकिँदैन । तर अब मूल्य अभिवृद्धि कर लागू भएको झण्डै दुई दशक हुन गइरहेको सन्दर्भमा तीन महिनासम्म मिलान हुन नसकेको रकम फिर्ता दिने व्यवस्था गरिनु पर्दछ ।

निकासीकर्ताले तुरुन्त करफिर्ता दावी गर्न सक्ने व्यवस्था भएपनि यो व्यवस्था सहज तथा छिटो छरितो भने छैन । अन्य करदाताको झैं निकासीकर्ताको कर फिर्ता दावीको कर परीक्षण हुने र करफिर्ता पाउनको लागि निकासीकर्ताले कर फिर्ता दावी गरेको कर निजलाई आपूर्ति गर्ने व्यक्तिले तिरी सककेको हुनु पर्ने भन्ने प्रचलन छ । यसले गर्दा निकासी हुने वस्तु मूल्य अविभृद्धि करको भारबाट पूर्णरुपमा मुक्त नभएको हुन सक्छ जुन मूल्य अभिवृद्धि करको सिद्धान्त विपरित छ । प्रत्येक कर फिर्ता दावीको अर्थपूर्ण तरिकाले जांच परीक्षण गर्न नत सम्भव हुन्छ नत वाञ्छनीय नै भन्ने कुरा विर्सनु हुदैन । करफिर्ता राजस्व जोखिममा आधारित हुनुपर्दछ । करदाताको कर सहभागिता सम्वन्धी

इतिहास, लेखा पालन र विगतको कर परीक्षण अभिलेखको आधारमा करदाताहरूलाई उत्तम, सामान्य र जोखिमपूर्ण बर्गमा वर्गीकरण गरेर उत्तम र सामान्य तहमा वर्गीकरण भएका करदाताहरूले गरेको कर फिर्ता दावीको कर परीक्षण नगरी कर फिर्ता प्रकृयामा लैजानु पर्दछ जसले गर्दा कर प्रशासनले बढी राजस्व जोखिम भएका करदाताबाट दावी भएको कर फिर्ताको जांच तथा परीक्षणमा बढी ध्यान केन्द्रीत गर्न सक्छ । यसैगरी विदेशी पर्यटकले आफूसंगै लिएको सामानमा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता पाउने व्यवस्थालाई प्रभावकारी वनाइनु पर्दछ ।

नेपालको मूल्य अभिवृद्धि कर व्यवस्थामा विशेष किसिमको कर फिर्ता व्यवस्था पनि लागू गरिएको छ । यस अन्तर्गत कपडा, सलाई (काठको काटी मात्र), धुप, टायर-ट्युब, मैदा, तोरीको तेल, दुध, र चिनी चिया, पत्रुबाट तामा पित्तलको भाडा वस्तु उत्पादनकर्ताहरूले विक्रीमा असुल गरेको करको तोकिएको प्रतिशतले हुने रकम फिर्ता पाउने व्यवस्था छ । यसैगरी सेलुलर मोवाइल फोनसेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ताले सेलुलर मोवाइल फोनसेटको कच्चापदार्थ वा तयारी सामानमा तिरेको कर त्यस्ता सामान मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूलाई बिक्री गरेको प्रमाण पेश गरेमा ६० प्रतिशत रकम फिर्ता पाउने व्यवस्था छ । राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण तथा दीर्घकालीनरुपमा प्रतिस्पर्धी हुन सक्ने सम्भावना भएका उद्योगहरूलाई अल्पकालमा संरक्षण दिनु वा अनुदान दिनु आवश्यक हुने भएता पनि दीर्घकालीनरुपले संचालन गर्न सम्भावना नभएका असक्षम उद्योगलाई करदाताको लागतले टिकाइ राख्न र उपभोक्ता माथि असक्षम उद्योगको भार लामो समयसम्म बोकाइ राख्न स्वस्थ आर्थिक नीतिको विपरित हुन्छ । मूल्य अभिवृद्धि कर वापत उपभोक्ताबाट उठाएको रकम उद्योगलाई फिर्ता दिने कुरा मूल्य अभिवृद्धि करको सामान्य सिद्धान्त बाहिरको कुरा हो । यसैले यस व्यवस्थालाई क्रमश घटाउदै लगी दुई-तीन वर्ष भित्र खारेज गरिनु पर्दछ र यस किसिमको कर फिर्ता दिने व्यवस्था अन्य थप उद्योगलाई दिइनु हुँदैन ।

### २१.२.२.६ खरीद विक्री खाता

खरीद बिक्री खाता आन्तरिक राजस्व कार्यालयले प्रमाणित गर्ने व्यवस्थालाई खारेज गरिनु पर्दछ ।

### २१.२.२.७ संचालन

मूल्य अभिवृद्धि करमा करदाताको स्थिति, आवश्यकता तथा व्यवहार अनुसार उपयुक्त किसिमको कार्यगत रणनीति नअपनाई कर सम्वन्धी औपचारिकता पूरागर्ने र नगर्ने सवै

करदातालाई एकै खाले व्यवहार गरिएको हुंदा यस करको संचालनमा विभिन्न समस्या उत्पन्न भएका छन । कुल करदाताको आधा भन्दा वढी करदाता कर छुटको सीमाभन्दा कम कारोवार भएका साना व्यवसायी रहेको, कुल विवरणमा केडिट तथा शुन्य विवरणको ठूलो हिस्सा रहेको, झण्डै एक तिहाइ करदाताले समयमा कर विवरण नवुझाउने र कर नतिर्ने, कर फिर्ताको अनुपात अन्तर्राष्ट्रिय अनुपातको तुलनामा न्यून रहेको, वक्यौता रकम वढ्दै गएको र कर परीक्षण नाममात्रको भएकोले मूल्य अभिवृद्धि करबाट आशातित रुपमा परिणाम निष्केको छैन । मूल्य अभिवृद्धि करको मूल तत्वको रुपमा रहेको विजक जारी गर्नु पर्ने व्यवस्था पनि समस्या ग्रस्त छ । यी सवै पक्षहरूमा सुधार गरिनु नितान्त आवश्यक छ । यसैगरी मुलुकमा २०७२ साल वैशाख महिनामा आएको विनासकारी महाभूकम्पबाट क्षतिभएको अर्थतन्त्रको पुनर्निर्माणको लागि आवश्यक थप राजस्व परिचालन गर्न राजस्वको मूल स्रोतको रुपमा रहेको मूल्य अभिवृद्धि करबाट पनि योगदान हुनु पर्दछ । यस सन्दर्भमा निम्नानुसारको रणनीति अपानाइ आगामी छ महिनामा युद्ध स्तरमा कार्यान्वयन गरिनु पर्दछः

**स्वेच्छिक दर्ता सम्बन्धी वर्तमान समस्या समाधान गर्न निम्न उपायहरू अपनाउने**

- पहिलो चरणमा स्वेच्छिक रुपले मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको कार्यालयगत विवरण तयार गर्ने, ती मध्ये वि. सं. २०७० भाद्रदेखि विवरण दाखिला नगरेका र कर पनि नतिरेका करदाता छुट्याउने र यस्ता निष्कृय करदाताको दर्ता खारेजी गर्ने र तिनीहरूको स्थायी लेखा नंम्वर, नाम तथा ठेगाना सहितको विवरण भन्सार कार्यालयहरूमा पठाउने र पत्रपत्रिकाहरूमा समेत प्रकाशित गर्ने ।
- दोश्रो चरणमा स्वेच्छिक रुपले दर्ता भएका वांकि करदाताहरू मध्ये विगत एक वर्षदेखि कर विवरण नबुझाएका र कर पनि नतिरेका करदाताहरूको समेत दर्ता खारेजी गर्ने र उनीहरूको स्थायी लेखा नम्वर, नाम तथा ठेगाना सहितको विवरण भन्सार कार्यालयहरूमा पठाउने र पत्रपत्रिकाहरूमा समेत प्रकाशित गर्ने ।
- उपरोक्तानुसार दर्ता खारेज गरिएका करदाताबाट उठ्न बांकी कर रकमको विवरण तयार गरी राख्ने र भविष्यमा त्यस्ता करदाता पत्ता लागेमा विवरणमा उल्लेखित कर र व्याज समेत असुल गर्ने ।

कर छुटको सीमा भन्दा साना व्यवसायीको दर्ताबाट उत्पन्न हुने समस्या कम गर्न निम्न व्यवस्थाहरू खारेज गरिनु पर्दछः

- सार्वजनिक खरिद ऐन, नियम अनुसार रु. ५,००० भन्दा माथिको खरीदको मूल्य अभिवृद्धि कर बिजक हुनु पर्ने ।
- सार्वजनिक खरिद ऐन, नियम अनुसार ठेक्कामा भाग लिन मूल्य अभिवृद्धि करमा दर्ता भएकै हुनु पर्ने ।
- मूल्य अभिवृद्धि कर नियम अनुसार रु. १००,००० भन्दा वढीको सेवा प्रदान गर्दा दर्ता हुनु पर्ने ।
- रु. १ लाख भन्दा बढीको घरभाडा वा बिजुलीको खपत भएमा मूल्य अभिबृद्धि करमा दर्ता हुनु पर्ने ।
- रु. १०,००० माथिको पैठारी गर्न दर्ता हुनु पर्ने ।

दर्ता खारेज प्रक्रियालाई सहज वनाउने ।

**समयमा कर विवरण नवुझाउने करदाताको अनुपात**

हाल तोकिएको समयमा कर विवरण नवुझाउने करदाताको संख्या ३० प्रतिशत जति छ जुन विश्वको सामान्य तथ्यांक भन्दा बढी छ । यस्तो प्रतिशत नेपालमा मूल्य अभिवृद्धि कर लागू गरिएका शुरुका वर्षहरूमा ५ प्रतिशत भन्दा कम थियो । समयमा कर विवरण नवुझाउने करदाताको अनुपात कम गर्न निम्न उपायहरू अवलम्वन गर्नु पर्दछः

- प्रथम चरणमा अनिवार्य रुपमा दर्ता भएका करदाताहरूमध्ये समयमा विवरण नवुझाउने करदाताको कार्यालयगत रुपमा वर्णानुक्रम अनुसार विवरण तयार गर्ने ।
- कारोबारको कर विवरण बुझाउने दायित्व सम्बन्धमा विविध माध्यमहरू जस्तैः टेलिफोन, इमेल, पत्राचार, करदाताको कार्य स्थलको भ्रमण आदिको माध्यमले उनीहरूलाई सूचित गर्ने ।
- उपरोक्तानुसार सूचित गरेपछि पनि तोकिएको म्यादभित्र सम्पर्क नगर्ने करदाताहरूलाई दण्डित गर्ने ।
- सम्पर्क गर्न नसकिएका/नसकिने वा विगत एक वर्षदेखि विवरण पेश नगर्ने करदाताको दर्ता खारेज गर्ने ।
- सम्पर्क गर्न नसकिएका/नसकिने वा दर्ता खारेजी गरिएका करदाताहरूबाट उठ्न बांकी कर रकमको विवरण तयार गर्ने र भविष्यमा त्यस्ता करदाता पत्ता लागेमा विवरणमा उल्लेखित कर र व्याज समेत असुल गर्ने ।

- यसरी दर्ता खारेज गरिएका करदाताको स्थायी लेखा नंवर, नाम तथा ठेगाना सहितको विवरण भन्सार कार्यालयहरूमा पठाउने र पत्रपत्रिकाहरूमा समेत प्रकाशित गर्ने ।

## क्रेडिट विवरण र कर कट्टी रकम

हाल कूल विवरण मध्ये आधाभन्दा वढी क्रेडिट विवरण छन् र कर कट्टीको मात्रा पनि उल्लेखनीय रुपमा वृद्धि हुदै गएको छ। यो प्रवृत्ति उल्ट्याउन अत्यन्त जरुरी छ। यसको लागि निम्न उपायहरू अवलम्वन गर्नु पर्दछ

- कार्यालयगत रुपमा घट्दो कममा कर कट्टी रकमको विवरण तयार गर्ने ।
- निश्चित रकमभन्दा बढीको केडिट विवरण/रकमको विवरण पहिचान गर्ने ।
- केही निश्चित क्षेत्रको छनौट गरी केडिट रकमको पुनरावलोकन गर्ने ।
- लगातार छ महिनासम्म विवरण नवुझाउने करदाताको केडिट शुन्य गर्ने ।
- निरन्तर रुपमा केडिट देखाउने करदाताको आन्तरिक राजस्व प्रशासनले स्टक खरीद गर्न सक्ने व्यवस्था गर्ने । यस किसिमले सामान खरीद गर्ने सम्वन्धी प्रकिया मूल्य अभिवृद्धि कर ऐनमै व्यवस्था गर्ने ।
- आन्तरिक राजस्व प्रशासनको कर परीक्षण कार्य आगामी केही महिना मूल्य अविभृद्धि करमै केन्द्रित गर्ने ।
- केडिट रकम दुरुपयोग भएको पाईएमा त्यस्तो रकम कर निर्धारण गर्ने ।
- गम्भिर प्रकृतिका कर छलीका घटना उपर कडा कानूनी कारवाही गर्ने ।
- यस्ता घटनाहरू संचार माध्यमहरूमार्फत सार्वजनिक गर्ने ।

## कर वक्यौता

हालको वक्यौता रकम ठूलो छ। यसलाई घटाउन निम्न उपायहरू अवलम्वन गरिनु पर्दछ :

- करदाताको नाम, रकम र कार्यालय खुल्ने गरी बक्यौता करको विवरण तयार गर्ने ।
- रकम अनुसार कर बक्यौताको प्राथमिकीकरण गर्ने/घट्दो कममा बक्यौता करको विवरण तयार गर्ने ।
- बढी ताजा र विवादरहित बक्यौता असूली गर्न सकिने सम्भावना बढी हुने भएकोले त्यस्ता वक्यौताको पहिचानगरी तिनीहरूलाई संकलन गर्ने प्राथमिकता दिइनु पर्दछ।
- बढी पुरानो, विवादित र स–सानो बक्यौता रकमलाई कम प्राथमिकता दिने ।

- करदातालाई समयमा नै उनीहरूको बक्यौता कर दायित्वको सूचना दिन विविध माध्यमहरू जस्तैः टेलिफोन, इ–मेल, एस.एम.एस., पत्राचार, करदाताको कारोवार स्थलको भ्रमण, आदिलाई अवलम्बन गर्ने ।
- संकलन गर्नै नसकिने बक्यौताको वर्गीकरण गर्ने र त्यसको अनुगमन गरिरहने ।
- संकलन सम्बन्धी मुद्धाहरूको आधारमा केही करदाताहरूको आवश्यकता अनुसार कर परीक्षण तथा अनुसन्धानको लागि सिफारिस गर्ने ।
- संकलन सम्बन्धमा अपनाईएका र अवलम्बन गरिएका कार्यहरूको क्रमबद्ध अभिलेख राख्ने ।

**कार्ययोजनाको घोषणा :**

- आर्थिक वर्ष २०७२/७३ को बजेटमार्फत कार्ययोजनाको घोषणा गर्ने ।
- निर्देशिका तथा फारामहरू तयार गरी कार्यालयहरूलाई आर्थिक ऐन, २०७२ संगै उपलब्ध गराउने ।

**तालिम :**

- आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयका प्रमुखहरूलाई कार्ययोजना, निर्देशिका र फारामहरूको बारेमा जानकारी दिन श्रावणको पहिलो हप्तामा तालिमको आयोजना गर्ने ।
- आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरूमा कार्यरत अधिकृतहरूलाई तालिम दिन श्रावणको दोस्रो हप्तामा क्षेत्रीय रुपमा तालिमहरूको आयोजना गर्ने ।

**आवधिक लक्षहरू :**

- दर्ता, विवरण प्राप्ती, संकलन र कर परीक्षण सम्बन्धमा पाक्षिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक लक्ष्यहरू तय गर्ने ।

**अनुगमन :**

कार्ययोजनाको कार्यान्वयन सम्बन्धमा साप्ताहिक वा मासिक रुपमा अनुगमन गरिनुपर्दछ। यो कार्य आन्तरिक राजस्व विभागको अनुगमन शाखाबाट वा विभागको अनुगमन शाखा

प्रमुखको नेतृत्वमा एउटा अनुगमन समिति निर्माण गरी सो मार्फत अनुगमनको कार्य गरिनुपर्दछ ।

### २१.२.२.८ विजक जारी गर्ने प्रचलन वढाउने उपायहरू:

विजक जारी गर्ने प्रचलन वढाउन निम्न उपायहरू अवलम्वन गर्नु पर्दछः

- कारोबारको क्रममा बिल बिजक लिनुदिनु पर्ने सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने अभियानलाई निरन्तरता दिने ।
- जागरुक उपभोक्ता कार्यक्रम निरन्तर रुपमा सञ्चालन गर्ने ।
- बिजक लिनेदिने कार्यलाई प्रभावकारी बनाउन बजार अनुगमन कार्यलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने ।
- आयातीत सामानको उचित बिजक जारी हुने अवस्थाको सुनिश्चितता गर्ने । यसको लागि भन्सार प्रशासन सम्बद्ध निकायले राजस्व संकलनका दृष्टिले महत्वपूर्ण छानिएका केही वस्तुको अन्तर्राष्ट्रिय बजारमा प्रचलित मूल्य अनुसारको तथ्यांक आधार तयार गरी त्यसको निरन्तर विकास र अद्यावधिक गर्ने व्यवस्था मिलाउने ।
- विद्युतीय विजक प्रणाली, क्यास रजिष्टर, फिस्कल प्रिन्टर, Online Connectivity, Monitoring जस्ता वाध्यकारी वा प्रोत्साहनकारी उपाय अवलम्वन गर्ने तथा खरिदकर्तालाई समेत कर विजक लिन प्रोत्साहन गर्ने विशेष प्रकारको कार्यक्रम सञ्चालन गर्ने ।
- खुद्रा बिक्रेताहरूले अनिवार्यरुपमा क्यास रजिष्टर प्रयोग गर्नु पर्ने व्यवस्था गर्ने ।
- न्यून विजकिकरण भएका वस्तु आन्तरिक राजस्व प्रशासनले खरीद गर्ने व्यवस्था लागू गर्ने र यस सम्वन्धी सवै प्रकिया मूल्य अविभृद्धि कर ऐन तथा नियममा व्यवस्था गर्ने ।

### २१.२.३ आय कर

आय कर हाल नेपालमा मूल्य अभिवृद्धि कर पछिको दोश्रो राजस्वको महत्वपूर्ण स्रोत हो । यसकरबाट हाल नेपालको कुल कर राजस्वको झण्डै एकचौथाइ हिस्सा प्राप्त हुने गरेको छ भने नीतिगत तथा प्रशासनिक सुधार गरी यस करको सापेक्षित महत्व अझै वढाउने संभावना छ । यसैगरी नेपालको कर प्रणालीलाई Vertical हिसावले न्यायिक

वनाउन प्रभावकारी किसिमले लागू गर्न सकिने यो एकमात्र कर हो । व्यक्तिगत आय करलाई आधारभूत छुट तथा करका दरको माध्यमले प्रगतिशिल वनाउन सकिन्छ । यस करबाट एकातिर न्यून आय भएका वर्गलाई करको भारबाट राहात दिन र अर्कोतफ त्यस किसिमको व्यवस्थाबाट राजस्व संकलनमा प्रतिकुल असर नपार्न आधाभूत छुट (Basic Allowance) भन्दा कर कट्टी (Tax Credit) वढी प्रभावकारी हुने र कर कट्टी भन्दा पनि अलप सुत्र (Vanishing Formula) झनै प्रभावकारी हुने भएता पनि यी व्यवस्थाहरू हाल प्रशासनिक हिसावले लागू गर्न नसकिने हुदा तिनीहरूको प्रयोगको संभावनालाई भविष्यको लागि छोडिनु पर्ने स्थिति छ ।

### २१.२.३.१ आय करको क्षेत्र

आय कर सम्वन्धी वर्तमान सोचअनुसार आय कर प्रयोजनका लागि आयका प्राय सबै स्रोतलाई करको दायरा भित्र ल्याइनु पर्दछ र विभिन्न स्रोतबाट आर्जन हुने आयलाई आय करको दृष्टिकोणले समान व्यवहार गरिनु पर्दछ । करको आधार विस्तार गरी राजस्व परिचालन बढाउन र कर प्रणालीलाई बढी सक्षम तथा सरल बनाउन आय कर व्यवस्थामा कर छुटलाई न्यून गरी सवै क्षेत्रमा कर लगाउनु पर्दछ भन्ने मान्यता बढ्दो छ । यस सन्दर्भमा नेपालमा पनि आय कर व्यवस्था अन्तर्गत कर छुटलाई सीमित राख्ने प्रयाशभएपनि यस व्यवस्था अन्तर्गत अझै पनि विभिन्न उद्देश्य प्राप्तको लागि विभिन्न छुट तथा सुबिधा दिएको पाइन्छ जसमा व्यवसायिक छुट तथा सुविधाहरू पनि पर्दछन । यी छुट तथा सुविधाहरूमध्ये मुलुकको विकास नीतिमा टेवा पुऱ्याउने क्षेत्रलाई दिएका सुविधा, रोजगारी प्रवर्धन गर्न र पिछडिएका क्षेत्रमा औद्योगिक विकास गरी आर्थिक असंतुलन घटाउने उद्देश्यले प्रेरित छुटहरूको औचित्य पुष्टि गर्न सकिने भएता पनि छुटबाट खोजिएको उद्देश्य हासिल गर्न नसकिने तर अनावश्यक रुपमा राजस्व गुम्ने र कर प्रणाली आर्थिक दृष्टिकोणले असक्ष हुने र प्रशासनिक दृष्टिकोणले जटिल हुने किसिमका छुटहरूको पुनरावलोकन हुनु पर्दछ । यसैगरी कर छुट एबं सुबिधाको हिसाव राख्ने, यो कुरा आय बिबरणमा उल्लेख हुनु पर्ने, र कर खर्च (Tax Expenditure) को रुपमा त्यसको विश्लेषण गरिनु पर्ने व्यवस्थाको थालनी हुनु पर्दछ ।

### २१.२.३.२ आधारभूत छुट

आधारभूत छुट सम्वन्धमा निम्नानुसार गर्नु पर्दछः

- आधारमूत छुट रकमलाई मुद्रास्फीतिको दरसंग आवद्ध गरिनु पर्दछ ।

- दम्पतिका लागि दिइने छुट एकल व्यक्तिलाई दिइने छुटको तुलनामा खासै ठूलो अन्तर नभएकोले दम्पतिको लागि दिइने छुटको मात्रा बढाउनु पर्दछ। तर दम्पत्तिको लागि दिइएको छुटको सरकारी कर्मचारी लगायत धेरै व्यक्तिहरूबाट ठूलो दुरुपयोग भएकोले व्यक्तिलाई दिइने छुटको मात्रा वढाएर दम्पत्तिको लागि भिन्नै छुट दिने व्यवस्था अन्त गरिनु उपयुक्त हुनेछ।
- प्राकृतिक व्यक्तिले अवकाश वचत स्वरुप स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकम मध्ये निर्धारण योग्य आयको एक तिहाई वा रु. ३००,००० मध्ये जुन घटी हुन्छ सो कटाउन पाउने व्यवस्था भएकोमा निर्धारण योग्य आयको एक तिहाईसम्बन्धी ब्यबस्था यथाबत राखी रु. ३००,००० लाई वढाएर रु. ६००,००० गरिनु पर्दछ।

### २१.२.३.३ लगानी बीमा

लगानी बीमामा गरिने लगानीले बीमितको सुरक्षाको लागि मात्र नभई राष्ट्रिय पूंजि परिचालन गर्न समेत सहयोग गर्ने हुंदा बासिन्दा कम्पनीमा गरेको लगानी बीमा मात्र यस प्रयोजनको निमित्त ग्राह्य हुनु उचित देखिन्छ। लगानी बीमा बापत हाल उपलब्ध सिमा धेरै कम भएकोले सो सिमालाई बढाई रु. ५०,००० गरिनु पर्दछ।

### २१.२.३.४ औषधि उपचार बापत कर मिलान

रोजगारीको मात्र आय हुने ब्यक्तिको रोजगारदाता बाहेक आफैले औषधि उपचारको निमित्ति खर्च गरेको भए त्यस्तो खर्च बापत औषधि उपचार बापत कर मिलान (Medical Tax Credit) दाबी गर्न आय बिबरण दाखिल गर्नु पर्ने भएको र प्राप्त हुने सुबिधाको तुलनामा कर औपचारीकता लागत बढी हुने भएकोले यो सुबिधा प्रभाबकारी हुन नसकेकोले यस ब्यबस्थालाई खारेज गर्न वा आय बिबरण पेस गर्न अनिवार्य नगर्ने व्यवस्था गरिनु पर्दछ। औषधी उपचार वापत कर मिलान गर्न सकिने खर्चको सिमा बढाई रु. ५०,००० बनाइनु उपयुक्त हुनेछ।

### २१.२.३.५ वासस्थानको लागि भएको खर्च

घर खरिद/निर्माण एबं सो बापत लिईने कर्जाले ब्यक्तिको बासस्थानको सुनिश्चिता गर्ने मात्र नभई घरजग्गा ब्यबसाय एबं बैंकिङ ब्यबसायलाई समेत बढावा दिई अन्ततोगत्वा बृहद् रुपमा राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाब पार्ने हुनाले प्राकृतिक व्यक्तिले एउटा घर खरिद/निर्माण गर्दा लिएको कर्जाको साँवा तथा ब्याज बापत बार्षिक रु. ३ लाख सम्मको भुक्तानी छुट दाबी गर्न सक्ने ब्यबस्था गर्नु उचित हुन्छ।

### २१.२.३.६ सामाजिक उत्तरदायित्व सम्बन्धी ब्यवस्था

- सामाजिक एवं परोपकारका कार्यहरूमा (Corporate Social Responsibility) कम्पनी लगायत आय आर्जन गर्ने क्षमता भएका अन्य व्यक्तिहरूलाई सामाजिक कार्यमा सहयोग गर्न अभिप्रेरित गरेको खण्डमा सरकारको परोपकारी कार्य सम्पन्न गर्ने दायित्वलाई सघाउ पुग्ने हुनाले सामाजिक तथा परोपकारका क्षेत्रहरू तोकी उद्यमी व्यवसायीहरूबाट सो क्षेत्रमा खर्च गरेमा आय कर प्रयोजनका लागि कट्टी गर्न पाउने रकमको सीमामा वृद्धि गर्नु पर्ने देखिन्छ। विद्यमान अबस्थामा उक्त सीमा रु. २० लाख सम्म कायम गर्न सकिन्छ।
- राष्ट्रिय धरोहर, स्टेडियम, विश्व विद्यालय जस्ता प्रयोजनमा गरिएको प्रमाणित खर्च पूरै कटाउन पाउने व्यवस्था गर्न उपयुक्त हुने छ।
- २०७२ बैशाखमा आएको विनासकारी महाभूकम्पको कारण राष्ट्र पुनर्निर्माण गर्नु पर्ने आवश्यकता भएकोले नेपाल सरकार वा नेपाल सरकारबाट गठन गरिएको पुनर्निमाण प्रधिकरणबाट पूर्वस्वीकृति लिई तोकिएको क्षेत्रमा गरिने प्रमाणित लगानी आय कर प्रयोजनको निमित्त खर्च कट्टी दाबी गर्न पाउने व्यवस्था गरेको खण्डमा पुनर्निर्माणमा निजी क्षेत्रको सहभागिता बढाउन सकिन्छ।
- प्रधानमन्त्री राहतकोषमा जम्मा गरेको रकम आय कर प्रयोजनको निमित्त खर्च कट्टी दाबी गर्न पाउने व्यवस्था गरेमा विपतमा आवश्यक थप स्रोत परिचालन हुन सक्ने भएकोले यस्तो खर्च कट्टी दाबी गर्न पाउने स्थायी व्यवस्था गरिनु पर्दछ।
- कर छुट पाएका संस्थाहरूलाई दिइने चन्दा उपहार वापत कट्टी गर्न पाउने रकम रु. १ लाखलाई दोव्वर गरिनु पर्दछ।

### २१.२.३.७ ब्यक्तिगत आय करको दर

व्यक्तिगत आय करको दरको सन्दर्भमा निम्नानुसार गरिनु पर्दछ:

| **कर लाग्ने आय** | **करको दर प्रतिशत** |
|---|---|
| छुट पछिको पहिलो कर लाग्ने रु. ४००,००० | १० |
| त्यस पछिको रु. १,३००,००० | २० |
| त्यस पछिको जतिसुकै रकम | ३० |

सामाजिक सुरक्षा कर लागू गरिए पछि व्यक्तिगत आय कर र सामाजिक सुरक्षा करको कुल भार सो कर लगाउनु भन्दा अगाडीको व्यक्तिगत आय करको कुल भार भन्दा वढी हुनु हुदैन।

## २१.२.३.८ संस्थागत आय करको दर

हाल संस्थागत आय करको दरमा गरिएका विभिन्न कटौतिलाई पनि क्रमिक रुपले हटाउदै संस्थागत कर सबै क्षेत्रमा समान किसिमले लाग्ने वातावरण सिर्जना गर्दै जानु पर्दछ । मुलुकको सर्वांगिण विकास नीतिमा सहयोग पुऱ्याउनको लागि लगानी आकर्षित गर्न संस्थागत आय करको दर अन्य सार्क मुलुकको आय करको दरभन्दा कम हुनु पर्दछ भन्ने आयोगको सुझाव छ ।

## २१.२.३.९ साना व्यवसायीहरूका लागि विशेष व्यवस्था

पूर्वानुमानित कर सम्बन्धी हालको ब्यबस्थालाई निरन्तरता दिइनु पर्दछ । वार्षिक रु. २० लाखदेखि मूल्य अभिबृद्धि कर नलाग्ने सीमासम्मको कारोबार गर्ने प्राकृतिक ब्यक्तिले आफ्नो कुल कारोबारको १.५ प्रतिशतले कारोबार कर (Turnover Tax) तिर्नुपर्ने व्यवस्था गरिनुपर्दछ भन्ने आयोगको सुझाव छ । निश्चित प्रतिशत कमिसन पाउने कारोबार गर्ने एजेन्सी व्यवसायको लागि भने करको दर ०.५ हुनुपर्दछ । यसरी कारोबार कर तिर्ने व्यवसायीले आफ्नो आयमा आय कर तिर्नु नपर्ने, मूल्य अभिवृद्धि करको लागि दर्ता हुनु नपर्ने र बिक्रीमा मूल्य अभिवृद्ध कर असुल गर्नु नपर्ने व्यवस्था गर्नुपर्दछ । कारोबारका आधारमा कर तिर्ने करदाताले किस्ताबन्दीका आधारमा (पौष मसान्त, चैत्र मसान्त तथा आषाढ मसान्त) कर तिर्ने र एउटा सरल किसिमको वार्षिक विवरण आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरिनु पर्दछ । पूर्वानुमानित करका सम्बन्धमा व्यबस्था भए जस्तै कारोबारको आधारमा कर तिर्ने प्राकृतिक ब्यक्तिले भुक्तानी भएको कर कट्टी दाबी मिलान गर्न, औषधी उपचार कर मिलान गर्न, स्वीकृत अबकाश कोष सम्बन्धी ब्यबस्था लगायतका सुबिधा उपयोग गर्न नपाउने ब्यबस्था हुनु पर्छ । करदाताको बिक्री अन्यथा प्रमाणित भएमा बाहेक करदाताले घोषणा गरेको बिक्री रकम मान्य हुनु पर्दछ । यसरी करदाताले पेश गरेको कारोवार करको विवरणमा निजको आय कति हो भनेर देखिँदैन । तर कारोवार करको दर कारोवारको प्रकृतिअनुसार हुन सक्ने संभावित आयको आधारमा तोकिएको हुँदा करदाताले तिरेको कर राजश्वको निश्चित गुणासम्मको रकमलाई व्यवसायको आय मानिने व्यवस्था गरिनुपर्दछ ।

कारोबारमा कर लाग्ने व्यवसायीमध्ये तोकिएको क्षेत्रमा कार्यरत तोकिएका व्यवसायीले अनिवार्य रुपमा विद्युतिय नगदी किताब (Electronic Cash Register) राख्नुपर्ने र अन्यले बिक्रीको विवरण राख्नुपर्ने व्यवस्था गर्नुपर्दछ । आगामी ३ वर्षभित्र कारोबारको

आधारमा कर लाग्ने सवै करदाताले क्यास रजिस्टर अनिवार्य रुपमा प्रयोग गर्नुपर्दछ। कारोबारको आधारमा कर लाग्ने करदाताले क्यास रजिस्टर खरीद गर्दा लागेको खर्च एक निश्चित सिमा एवं प्रकृया भित्र रही निजले तिर्नुपर्ने कारोबार कर रकमसँग मिलाउन पाउनुपर्ने व्यवस्था पनि गरिनुपर्दछ। करदाताले खरिदको सक्कल बिजक कार्यालयमा वा आन्तरिक राजस्व विभागले तोकेको निकायमा दाखिला गरेमा त्यस्तो खरिदमा लागेको मूल्य अभिबृद्धि कर रकमको केही निश्चित प्रतिशत करदातालाई फिर्ता दिने व्यवस्था गरिनुपर्दछ। यसरी करदाताले फिर्ता पाउने रकम आगामी किस्तामा तिर्नुपर्ने रकमबाट घटाउन सक्ने व्यवस्था गरिनुपर्दछ।

कारोबारको आधारमा कर लाग्ने करदातालाई आफ्नो खरीदको विजक माग गर्न आकर्षित गर्नका लागि तिनीहरूले खरीद विजक आन्तरिक राजस्व कार्यालय वा आन्तरिक राजस्व विभागले तोकेको निकायलाई पेश गरेमा त्यसवापत चिठ्ठा वा यस्तै विशेष योजना (Scheme) लागू गरी तिरेको करको केही अंश फिर्ता प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ। यस्तो विशेष योजना प्रत्येक महिना कार्यान्वयन गर्नुपर्दछ वा चिठ्ठा महिनाको एकपटक खोल्ने व्यवस्था गर्नुपर्दछ।

### २१.२.३.१० भाडाका सवारी साधन धनीहरूमा लाग्ने कर

यो कर सवारी साधनका धनीहरूको वास्तविक आयमाथि नलगाई सवारी साधनको स्वामित्वको आधारमा लगाइएको छ। यसले गर्दा कुनै व्यक्तिले एक भन्दा बढी सवारी साधन राखि भाडा आर्जन गरेको अवस्थामा समेत एउटै आधारमा कर लगाउंदा यस व्यवस्थाले प्राकृतिक व्यक्तिको लागि अवलम्वन गरिएको प्रगतिशील करको अवधारणालाई समेट्न सकेको छैन। यस करको दर लामो समयसम्म यथाबतै रहेकोले मुद्रास्फीतिको कारणले गर्दा वास्तविक मूल्यमा यो नाममात्रको भएकोले यसको दर बढाइनु पर्दछ। यसका साथै एकभन्दा बढी भाडाका सवारी साधनका धनीको हकमा आयको आधारमा कर लगाउन सकिने वैकल्पिक व्यवस्था गरिनु पर्दछ।

### २१.२.३.१० स्रोतमा कर कट्टी व्यवस्था

स्रोतमा कर कट्टी व्यवस्था निम्नानुसार गरिनु पर्दछः

- कर कट्टी गर्ने व्यवस्थालाई आयको धेरै क्षेत्रमा विस्तार गरिएमा त्यसले अनिश्चितता, असहभागिता र उच्च लागतको सृजना गर्न सक्ने हुनाले यस व्यवस्थालाई सामान्य किसिमले आय कर संकलन गर्न कठिन हुने आयको भुक्तानीमा मात्र सीमित गर्नु पर्दछ।

- स्रोतमा कर कट्टी भएको रकम कार्यालयबाट रुजु भए पश्चात स्वतः भुक्तानी प्राप्त गर्ने ब्यक्तिको कर दाखिला विवरणमा अर्थात अनुसूचि १० मा प्रबिष्ट (Posting) हुने व्यवस्था गरिनु पर्छ। यसले करकट्टीको प्रमाण दिनु पर्ने भण्झटबाट करदातालाई मुक्त गराई कर लागतमा कमी ल्याउंछ।
- कर कट्टी रकम आफूलाई पायक पर्ने जुनसुकै बैंक (हाललाई राजस्व बुझ्ने बैंकको कुनै शाखा) मा दाखिला गर्ने सक्ने व्यवस्था गर्नुपर्दछ।
- स्रोतमा कर कट्टी सम्बन्धी द्विविधा धेरै देखिएकोले विभागको Web-site मार्फत बढी भन्दा बढी उदाहरण राखेर कर अधिकृत र करदाता दुवैलाई यस सम्बन्धमा शिक्षित गराईनु पर्दछ।
- हाल बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, डिवेन्चर तथा सरकारी वण्ड वापत नेपालमा स्रोत भएको र व्यवसाय संचालनसंग सम्बन्धित नभएको ब्याज वा ब्याज स्वरुपको कुनै भुक्तानी दिंदा कुल भुक्तानी रकममा पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। तर सहकारीले भुक्तानी गर्ने ब्याज रकममा कर कट्टी गर्ने सम्बन्धमा उल्लेख नभएको हुंदा सामान्य अग्रिम कर कट्टीको दर १५ प्रतिशतले कट्टी गर्नु पर्ने हुन्छ। विशेष गरी ग्रामीण क्षेत्रमा अवस्थित सहकारीहरूमा न्यून आय भएका व्यक्तिहरूले निक्षेप गर्ने हुदा कुनै संस्था विशेषमा निक्षेप गरेको कारणबाट प्राप्त ब्याजमा उच्च दरमा कर लगाउने हालको व्यवस्था न्यायोचित देखिदैन। अतः सहकारीको बचत (निक्षेप) मा समेत बैंक वित्तीय संस्थाले व्याज वा व्याज स्वरुपको कुनै भुक्तानी दिंदाको सरह नै ५ प्रतिशतका दरले कर कट्टी गरिनु उपयुक्त हुनेछ।
- पत्रपत्रिकामा प्रकाशित लेख रचना वापतको भुक्तानी, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जांच गरे वापतको भुक्तानी, पुस्तक प्रकाशित गरेवापत, गीत रचना गरेवापत वा अन्य कार्य गरे वापत प्राकृतिक व्यक्तिलाई दिइने रोयल्टी सम्वन्धी भुक्तानीमा १० प्रतिशतका दरले अन्तिम हुने स्रोतमा कर कट्टी गरिनु पर्दछ।

### २१.२.३.११ घर वहाल कर

घर बहाल कर नेपाल सरकार तथा नगरपालिका दुबैले छुट्टा छुट्टै रुपमा लगाउँदा दोहोरो कर तिर्नु परेकोले करदाताको लागि झन्झटिलो भएको छ। यसको सट्टा यो कर केन्द्रले १० प्रतिशतका दरले लगाउने र यस करको संकलनमा नगरपालिकालाई सहभागी

बनाइनु पर्दछ । त्यसबाट संकलित राजस्वको ६० प्रतिशत केन्द्रले र ४० प्रतिशत नगरपालिकाले प्राप्त गर्ने व्यवस्था गर्नु पर्दछ ।

व्यवसाय वा लगानीको आयसंग असम्बन्धित प्राकृतिक व्यक्तिले भुक्तानी गरेको घर बहाल आय प्राप्त गर्ने घरधनीले ऐनको वर्तमान व्यवस्था अनुसार घर बहाल प्राप्त गरेको महिनाको अर्को महिनाको २५ गते सम्म अग्रिम कर रकम दाखिला गर्नुपर्ने भएकोमा सो व्यवस्थामा परिवर्तन गरि यस्तो बहाल आयमा लाग्ने कर छ महिनाको एकमुष्ट बुझाउन सक्ने व्यवस्था गर्न उचित हुनेछ ।

घर बहालकर अन्तिम कर कट्टी स्वरुप स्रोतमै कट्टी गरिने हुंदा यसको लागि भरिनु पर्ने पासबुकको औचित्य देखिदैन । यस व्यवस्थालाई हटाइनु पर्दछ ।

घर बहाल आयको सम्पूर्ण रकम करको दायरामा ल्याउनको लागि प्रशासनिक रुपमा घर बहाल भुक्तानी गर्ने सवै व्यक्तिको जानकारी Computer System मा राख्नुपर्दछ । निर्वाचन आयोगको लगत, विद्युत प्राधिकरणको लगत एवं बैंकहरूबाट प्राप्त विवरण सबैको विश्लेषण गरी कुनै विशेष स्थानको सर्भेक्षण गरिनु पर्दछ ।

नेपालमा विदेशी कुटनीतिक संस्था तथा अन्तर्राष्ट्रिय संघ संस्थामा कार्यरत विदेशी व्यक्ति बहालमा बस्ने गरेका पाइन्छन् । विदेशी कुटनीतिक संस्था, अन्तर्राष्ट्रिय संघ संस्थाहरूले अभिसंधिका कारण बहाल रकम भुक्तानी दिंदाकै समयमा अग्रिम कर कट्टी गरी कर कार्यालयमा दाखिला गर्नुपर्दैन । तर त्यस्ता संस्थासंग समन्वय गरेको अवस्थामा ती संस्थाहरूले आफ्नो कार्य संचालन प्रयोजनको लागि लिएको घर भाडा तथा कुटनीतिक सुविधा प्राप्त गर्ने व्यक्तिहरू बसोबास गरेका घरधनी एवं बहाल संबन्धी सूचना प्राप्त गरी प्राप्त सूचनाको आधारमा सम्बन्धित घर धनीबाट घर बहाल कर प्राप्त भए वा नभएको छानविन गर्न सकिन्छ ।

घर बहालकर प्राप्त हुनुपर्ने भन्दा कम प्राप्त हुनुको प्रमुख कारण घर बहालको वास्तविक रकम भन्दा कम देखाई सम्झौता गर्नु वा कम आय देखाउनु पनि हो । घर बहाल कर चुहावट नियन्त्रणको लागि क्षेत्र अनुसार न्यूनतम बहाल रकम तोकिनु पर्छ भन्ने समेत विषय पनि उठ्ने गर्छ । आय कर ऐन, २०५८ ले कारोवारको वास्तविक मूल्यलाई मात्र आधार लिएको हुंदा कुनै खास शीर्षकमा न्यूनतम मूल्य तोक्न मिल्दैन र सो आय करको सिद्धान्तसंग समेत मेल खांदैन । तर, समान क्षेत्र एवं अवस्थाका आधारमा तुलनात्मक बहाल आय (Referance Price) का आधारमा बहाल आयको यथार्थतामा छानबिन गर्न भने आबश्यक देखिन्छ ।

स्थानीय निकायसंग समन्वय गरी कुनै व्यक्तिले स्थानीय निकायमा घर जग्गा कर दाखिला गर्न जांदा वा कुनै किसिमको सिफारिश माग गर्दा घर बहालमा लगाएको भए बहाल कर दाखिला गरेको प्रमाण समेत पेस गराउन लगाउने व्यवस्था गरिनुपर्दछ ।

### २१.२.३.१२ पूंजीगत लाभ कर

- हाल पूंजीगत लाभ प्राप्त गर्ने अधिकांश प्राकृतिक व्यक्तिले त्यस्तो लाभलाई समाबेस गरी आय विवरण पेश गर्ने गरेको पाइएको छैन । यदी यस्तो विवरण पेश गर्नु पर्ने मिति सम्म पेश नगरेमा स्रोतमा कट्टी भएको पूंजीगत लाभकरलाई अन्तिम कर सरह मान्ने व्यवस्था गरिनु पर्दछ ।
- अल्पकालिन पूंजिगत लाभमा करको दर बढाई १० प्रतिशत कायम गर्नु पर्दछ ।

### २१.२.३.१३ अन्य सुझावहरू

#### सरकारी निकायले स्थायी लेखा लिने सम्बन्धी ब्यबस्था

सबै सरकारी निकायले पनि स्थायी लेखा नम्बर (PAN) लिनुपर्ने र त्यस्ता निकायले भुक्तानी प्राप्त गर्ने ब्यक्तिको स्थायी लेखा नम्बर सहित, भुक्तानी विवरण एवं कर कट्टी रकम अनिवार्य रुपमा विभागको Data Base (Tax Portal) मा उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ ।

#### पूर्वादेश, सार्वजनिक परिपत्र तथा निर्देशिका

आन्तरिक राजस्व विभागले जारी गरेका सार्वजनिक परिपत्र नियमित रुपमा अनुगमन गरी कानुनी एवं अन्य कारणबाट अप्रासंगिक भइसकेका परिपत्र खारेज गरी सोको सार्वजनिक सूचना जारी गर्ने र विभागले जारी गरेको एवं रद्द भइनसकेका निर्देशिका एवं परिपत्रहरू आफ्नो वेव साईटमा राख्ने व्यवस्था गर्नु पर्दछ ।

#### वास्तविक ब्यक्तिले नै करको दायित्व वहन गर्नुपर्ने

आपसमा मेलमिलाप गरी वा कर सम्बन्धी कुनै जानकारी नभएको ब्यक्तिलाई तलव वा केही रकम दिई निजको नाउमा फर्म दर्ता गरी ब्यवसाय गर्ने वास्तविक ब्यक्तिले करको दायित्व वहन गर्नु नपर्ने स्थितिको अन्त्य गर्न आय कर ऐनमा भएको ब्यवस्थालाई परिमार्जन गर्नुपर्दछ ।

### संयुक्त उद्यम

संयुक्त उद्यमको लागि लिइएको प्रमाणपत्रको मिति समाप्त भए पश्चात तत्काल कर परीक्षण गरी त्यसको दर्ता खारेजी गरिनु पर्दछ । यदि त्यस्तो संयुक्त उद्यमले अर्को कार्य सम्पादन गर्ने भएमा पुनः अर्को स्थायी लेखा नंवर लिएर मात्र गर्नु पर्दछ। यसको लागि मूल्य अभिवृद्धि कर नियमावली तथा आय कर नियमावलीमा संयुक्त उद्यम (Joint Venture) सम्वन्धी विशेष व्यवस्था राखिनु पर्दछ ।

### नियन्त्रणमा परिवर्तन

बर्तमान अबस्थामा देशको आर्थिक उन्नतिको लागि कम लागतमा स्वदेशी एबं बिदेशी लगानीलाई आकर्षित गर्नु पर्ने आबश्यकता छ। सानो आकारमा रहेको ब्यबसाय भन्दा ठुलो आकारमा रहेको व्यवसायले परिपालना लागत (Compliance Cost) धान्न समेत सक्दछन् र रोजगारीका थप अबसरहरू सृजना गर्न सक्दछन्। यही मान्यताको आधारमा आय कर ऐन, २०५८ मा दफा ४७क थप गरि बैंकिङ तथा बिमा ब्यबसायमा मर्जर तथा एक्वीजिशन गर्दा दफा ५७ आकृष्ट नहुने ब्यबस्था समेत गरेको पाईन्छ। यसरी ब्यबसायको प्रकृतिको आधारमा छुट दिने ब्यबस्थाको सट्टा ब्यबसायको मुल प्रकृतिमा परिबर्तन नभई हुने मर्जर तथा एक्वीजिशन लगायतका शेयर हस्तान्तरण एबं प्राकृतिक रुपले पैत्रृक सम्पत्ति हस्तान्तरण (जस्तै, अंश बण्डा, मृत्यू पश्चातको हस्तान्तरण, आदी) गरेको अबस्थामा दफा ५७ आकृष्ट नहुने व्यवस्था गरिनुपर्दछ ।

एक प्रतिशत वा सो भन्दा बढी शेयर हस्तान्तरण भए त्यस्तो शेयर अनिवार्य रुपमा बजार मुल्य (Fair Market Value) का आधारमा हस्तान्तरण गरेको आधार पेस गर्नु पर्ने ब्यबस्था गर्नु आबश्यक छ ।

### लेखा प्रणाली

सकभर कर लेखाकंनलाई अन्तराष्ट्रिय प्रचलनसंग संयोज्य (Compatible) हुने गरी गर्न सक्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । यसकोलागि आय कर ऐनमा हाल तोकिएको कर लेखाकंनको तरिकालाई केही उदार बनाई प्रचलित लेखामानको आधारमा कर लेखाकंन गर्न सक्ने व्यवस्था समावेश गरिनु पर्दछ ।

### आय विवरणसाथ संलग्न गर्नु पर्ने कागजातहरू

आय विवरणसाथ संलग्न गर्नु पर्ने कागजातहरू एवं विवरणहरू सकभर थोरै संख्यामा समावेश गर्ने व्यवस्था गर्नु पर्दछ। आय विवरणसाथ संलग्न गरिने विवरणहरू खासगरी

कर जोखिम विश्लेषण गर्न सकिने विवरण, तथ्यांक वा सूचना तथा  कर लेखा परीक्षकको प्रतिवेदनमात्र समावेश गर्ने व्यववस्था गरिनु पर्दछ । हाल कर लेखा परीक्षकले दिने प्रतिवेदनमा के के विषयमा उल्लेख हुनु पर्ने हो सो ढाँचा समेत तयार गरी प्रचलनमा ल्याउनु पर्दछ । करदाताको वित्तीय विवरण वा अन्य विवरणहरू आय कर ऐन अनुसार राखिनु पर्ने कागजात अन्तर्गत तोकिनु पर्दछ । करदाता कर लेखा परीक्षणकोलागि छनौट भएको अवस्थामामात्र कर परीक्षण प्रयोजनकोलागि वित्तीय विवरण, फाँटवारी, सूचना एवं कागजात माग्ने व्यवस्था गरिनु पर्दछ ।

**वासिन्दा व्यक्तिको परिभाषा**

बासिन्दा व्यक्तिको परिभाषा प्राकृतिक व्यक्तिको हकमा सामान्यतया निजको मुलुकमा भएको उपस्थितिका आधारमा बंगलादेश, भारत, पाकिस्तान, श्रीलंका लगायतका विभिन्न देशले गरेको परिभाषा अनुसार स्पष्ट गरिनु पर्दछ ।

**संशोधित कर विवरण**

भूलवस कर विवरणमा फरक परेमा करदाताले निश्चित समयसम्म कर विवरण संशोधन गर्न पाउने व्यवस्था गरिनु पर्दछ ।

## २१.२.४ पुनर्निर्माण कर

वि. सं. २०७२ साल वैशाख महिनामा श्रृंखलावद्ध रुपमा आएको विनासकारी महाभूकम्पले क्षतिग्रस्त अर्थतन्त्रको पुनर्निर्माण गर्ने परिप्रेक्ष्यमा पनि कर प्रणालीमा केही समायोजन गर्नु पर्ने आवश्यकता छ । यस सन्दर्भमा एकातिर अर्थतन्त्रको पुनर्निर्माणको लागि थप राजस्व परिचालन गर्न आवश्यक छ भने अर्कोतर्फ अर्थतन्त्रको पुनर्निर्माण गर्न र मुलुकको विकासमा टेवा पुऱ्याउन सहयोग पुऱ्याउने कृयाकलापलाई आकर्षित गर्न करमा केही राहतको पनि आवश्यकता छ । यस सन्दर्भमा विद्यमान करमा पुनर्निर्माण सरचार्ज लगाउन सकिन्छ वा पुनर्निर्माण करको रुपमा नयां कर पनि लगाउन सकिन्छ । पुनर्निर्माणको लागि तुरुन्त राजस्व परिचालन गर्न वढी समय र तयारी आवश्यक हुने नयां कर लगाउनु भन्दा पनि विद्यमान करमै समायोजन गर्न उपयुक्त हुन्छ  ।

भुकम्पबाट क्षतिग्रस्त अर्थतन्त्रको पुनर्निर्माण गर्न आबश्यक थप राजस्व परिचालन गर्न आर्थिक वर्ष २०७२/७३ र आर्थिक वर्ष २०७३/७४ मा व्यक्तिगत तथा संस्थागत आय करको  आधारमा २ प्रतिशतका दरले पुनर्निर्माण कर लगाउनु पर्दछ । यसैगरी यो कर व्याज र लाभांशमा १ प्रतिशतका दरले लागु गरिनु पर्दछ ।

## २१.२.५. भन्सार महसुल

भन्सार महसुल विगतमा नेपालको राजस्वको मूलस्रोतको रुपमा रहेको भएतापनि हालैका वर्षहरूमा यसको सापेक्षित महत्व घट्दै गएको छ । अन्य करको तुलनमा भन्सार महसुलले बढी लागत सृजना गर्ने, उत्पादकत्व घटाउने, निकासी निरुत्साहित गर्ने र आर्थिक विकासलाई प्रतिकुल असर पार्ने हुंदा मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र आय करलाई प्रभावकारी र निर्भरयोग्य बनाएपछि भन्सारमाथिको निर्भरता घटाउदै जाने मात्र नभै विभिन्न आर्थिक समुदायबीच हुने आयात निर्यातमाथि त भन्सार महसुल लगाउदै नलगाउने अन्तरर्राष्ट्रिय प्रचलन छ । हाल विश्वभर नै अपनाईएको भन्सार सम्बन्धी नीति, दक्षिण एशीयाली क्षेत्रमा सौविध्य प्राप्त वा स्वतन्त्र व्यापारको अवधारणा लागू गर्दै जाने सोच, नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरेको सन्दर्भ र कर प्रणालीबाट अर्थतन्त्रमा पर्ने लागत घटाउदै जानु पर्ने परिप्रेक्ष्यमा राजस्वको दृष्टिकोणले भन्सार महसुलमाथि बढी निर्भर रहनु संभव तथा उपयुक्त दुवै देखिंदैन । यस क्रममा कुल कर राजस्वमा भन्सारको सापेक्षित महत्व घट्दै गै निकट भविष्यमा कुल कर राजस्वमा भन्सार महसुलको योगदान १० प्रतिशत भन्दा कम हुनेछ । अर्कोतर्फ राजस्वको दृष्टिकोणले भंसर महसुल त्यति महत्वपूर्ण नभएपनि भन्सार प्रयोजनको लागि वस्तुहरूको विस्तृत र सही किसिमले वर्गीकरण भएन, यसको मूल्यांकन पद्धति सुध्रिएन, अवैध व्यापरा नियन्त्रण भएन र व्यापार सहजीकरण भएन भने त्यसले अन्य कर प्रणालीमा लागू गरिने सुधारकार्यको अवमूल्यन गर्ने मात्र नभै मुलुकको उद्योग वाणिज्य क्षेत्रको विकासमा प्रतिकुल असर पार्ने हुन्छ । यसैले सिंगो कर प्रणालीको सुधारमा भन्सार महसुलको सुधारको महत्वपूर्ण भूमिका रहन्छ ।

### २०.२.५.१ भन्सार महसुलको क्षेत्र

नेपालले विश्व व्यापार संगठनसंग व्यक्त गरेका प्रतिबद्धता अनुरुप छुट भएका वा हुनु पर्ने बाहेक अन्य वस्तुहरूमा भन्सार महसुल छुट दिने व्यवस्थालाई हटाउनु पर्दछ । यसैगरी नेपाल सरकारले पटके निर्णयद्वारा कर छुट दिने प्रचलनलाई निरन्तरता दिनु हुंदैन । यदि कुनै वस्तुलाई छुट दिनु अति आवश्यक भएमा त्यसको लागि सरकारले खर्च बजेटको व्यवस्था गरेर अनुदान दिने व्यवस्था गरिनु पर्दछ ।

### २१.२.५.२ वस्तु वर्गीकरण

- विश्व भन्सार संगठनले हार्मोनाइज्ड वर्गीकरणमा आवधिक रुपमा गरिने परिमार्जन अनुसरण गर्दै जानु पर्दछ ।

- सार्क मुलकका भन्सार अधिकारीसंग संझौता भए अनुसार वस्तु वर्गिकरण सम्बन्धी व्यवस्था कार्यान्वयन गर्दै जानु पर्दछ ।
- सामान पैठारी गर्नका लाीग एल. सी. खोल्ने सामानको हार्मोनाइज्ड संकेत नम्वर, विवरण, ब्राण्ड, मोडेल नम्वर, मूल्य आदि विस्तृत विवरण (Specification) खोल्नु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा लागू गरिनु पर्दछ । यसैगरी प्रज्ञापनपत्र भर्दा पनि वस्तुको विस्तृत विवरण खुलाउनु पर्ने कुरालाई अनिवार्य रुपमा लागू गर्नु पर्दछ ।
- सही हार्मोनाइज्ड कोड उल्लेख नगर्ने, वस्तुको परिमाण फरक पार्ने, वस्तुको गुणस्तर फरक उल्लेख गरी सामान पठाउने आपूर्तिकर्ताको अभिलेखीकरण गर्ने प्रणाली बनाई त्यस्ता आपूर्तिकर्ताबाट भविष्यमा सामान आयात नगर्न कालोसूचि राख्ने व्यवस्था गर्नु पर्दछ ।

### २१.२.५.३ मूल्यांकन

- भन्सार महसुल सही किसिमले लगाउन मात्र नभै मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आय कर व्यवस्थालाई समेत सही किसिमले लगाउन मूल्यांकन व्यवस्था महत्वपूर्ण भएता पनि यो समस्याग्रस्त छ र नेपालको कर प्रणालीलाई पारदर्शी बनाउने ठूलो तगारोको रुपमा रहदै आएको छ । यसैले भन्सार प्रशासनलाई सुधार्ने सन्दर्भमा सबभन्दा बढी ध्यान दिनु पर्ने पक्ष यही हो ।
- राजस्वको दृष्टिकोणले महत्वपूर्ण वस्तुहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार मूल्यको तथ्यांक संकलन गरी यसलाई अद्यावधिक गर्दै जानु पर्दछ। यसैगरी भन्सार कार्यालयमा निश्चित रकम भन्दा माथिको पैठारीको मूल्य सम्बन्धी जानकारी विभिन्न सम्बद्ध कार्यालयहरू बीच आदान प्रदान गर्ने व्यवस्था गरिनु पर्दछ ।
- ज्यादै न्यून बिजकीकरण गरेर पैठारी गरेको सामान भन्सार प्रशासनले आफै खरीद गर्ने वा कुनै संस्थान, वस्तुगत संघ वा त्यस्तै अन्य निकाय व्यक्ति मार्फत खरीद गर्न लगाउने व्यवस्था गरिनु पर्दछ । यसरी सामान खरीद गर्ने सम्बन्धी सम्पूर्ण व्यवस्था भन्सार ऐन नियममै तोकिनु पर्दछ ।
- भन्सारको दर बढी भएका कारणले न्यून बिजकीकरण हुने गरेका वस्तुको भन्सार महसुल घटाउन पनि आवश्यक छ ।
- सूचना मूल्य तथा अधिकतम खुद्रा मूल्य सम्बन्धी व्यवस्थाहरू विश्व व्यापार संगठनको सिद्धान्त विपरित भएकाले तिनीहरूको प्रयोगलाई न्यून गरिदै जानु पर्दछ ।

### २१.२.५.४ भन्सारका दरहरू

नेपाली उद्योगले पैठारी गर्ने केही आधारभूत कच्चा पदार्थहरूमा आर्थिक वर्ष २०७२/७३ मा भन्सार महसुल शुन्य प्रतिशतले लगाउनु पर्दछ र यस्तो व्यवस्था आगामी वर्षहरूमा अन्य औद्योगिक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रासायनिक पदार्थ, प्याकेजिंग सामग्री र औद्योगिक मेशिनरीको सन्दर्भमा पनि विस्तार गर्दै जानु पर्दछ।

सन् २०१६ देखि साफ्टा कार्यान्वयन हुने सन्दर्भमा नेपालले ५ प्रतिशतभन्दा बढी पैठारी महसुल लगाउन नसक्ने सन्दर्भमा आधारभूत कच्चा पदार्थको रुपमा मात्र प्रयोग हुने पदार्थमा शुन्यदर, वहु प्रयोग भएका कच्चा पदार्थ, केमिकल्स, मेशिनरी, अर्धतयारी वस्तुमा तल्लो तहको दर र अन्य वस्तुमा माथिल्लो तहको दर कायम गरिनु पर्दछ।

सार्क वाहेक अन्य मुलुकहरूबाट पैठारी गरिने मालवस्तु र साफ्टाको संवेदनशील सूचीमा समावेश गरिएका वस्तुका सन्दर्भमा आर्थिक वर्ष २०७२/७३ मा भन्सार महसूलका ५ वटा दरको संख्या (५, १०, १५, २० र ३०) कायम गरिनु पर्दछ। ती दरको संख्या आर्थिक वर्ष २०७३/७४ मा ४ वटा (५, १०, १५ र २५ प्रतिशत) तोकिनु पर्दछ भने आर्थिक वर्ष २०७४/७५ मा ३ दर (५, १५ र २०) मात्र कायम राख्नु पर्दछ।

भन्सारका दरहरूमा कटौति गर्ने वा सुविधा दिने प्रचलन बन्द गरिनु पर्दछ। सुविधा दिनैपर्ने अवस्था भएमा छुटको सट्टा प्रत्यक्ष अनुदान (Subsidy) बढी प्रभावकारी हन्छ। यसो गरेमा छुटहरूको छुट्टै हिसाव किताव राख्नु नपर्ने तथा Subsidy दिइएमा स्वतः बजेट प्रणाली भित्रै पर्ने भई प्रणालीगत रुपमै अनुगमन हुने हुंदा सुविधाको दुरुपयोग हुने संभावना कम हुनेछ। हाल महाभूकम्पले क्षती ग्रस्त अर्थतन्त्रमालाई पुनर्निर्माण गर्ने सन्दर्भमा यस किसिमको व्यवस्था लागू गर्न नसकिने भएमा पनि यसलाई भविष्यमा विचार गर्नु पर्दछ।

### २१.२.५.५ संवेदनशील वस्तुको सूची छोट्याउदै जाने

साफ्टा लागू गर्ने सन्दर्भमा नेपालले व्यक्त गरेको क्षेत्रीय प्रतिबद्धता अनुसार संवेदनशील सूचीमा समावेश भएका वस्तुलाई कमशः यस सूचीबाट हटाउदै जानु पर्दछ।

### २१.२.५.६ भन्सार प्रकिया

- उत्तरी सीमा क्षेत्रको व्यापारको सन्दर्भमा ३० किलोमिटर भित्र बसाबास गरेका व्यापारीले मात्र निश्चित परिमाणसम्मको व्यापार गर्न पाउनु पर्दछ। यसैगरी दक्षिणी

सीमातर्फको बढी भन्दा बढी कारोबार बैंकिङ्ग प्रणाली अन्तर्गत संचालन गर्ने नीति अपनाइनु पर्दछ ।

- चीनसँग बैंकिङ्ग सम्झौता भई सकेको छ र हाल ६ वटा वस्तुहरू वस्तु-विनिमयको आधारमा व्यापार भै रहेकोमा अव चीनसँगको बस्तु-विनिमय व्यापार सम्झौतालाई संशोधन गरी बैंकिङ्ग प्रणाली अनुसार मात्र व्यापार गर्न पाउने गरी समसामयिक बनाइनु पर्दछ ।
- निश्चित परिमाणभन्दा माथिको कारोबार बैंकिङ्ग प्रणालीबाट मात्र गरिनु पर्ने व्यवस्था लागू गर्नु पर्दछ । एकातिर एल. सी. बाट खर्च बढ्ने र अर्कोतर्फ भारत र चीनबाट सामान उधारोमा समेत आउने भएकाले एल.सी. अनिवार्य गरिनु हुदैन ।
- भन्सार प्रकृयालाई सरल बनाउन पैठारी गरिने वस्तु भन्सार विन्दुमा आइपुग्नु पहिल्यै वस्तुको घोषणा गरेर भन्सार महसुल तिर्ने प्रक्रियालाई प्रोत्साहित गरिनु पर्दछ ।
- राजस्व जोखिमको आधारमा जाँचपास पछिको लेखा परीक्षण गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनु पर्दछ ।

### २१.२.५.७ आयात-निर्यातमा कोडको व्यवस्था

नेपालमा अनौपचारिक क्षेत्र ठूलो भएको र भारत तथा तिव्वत दुवैतर्फबाट ठूलो परिमाणमा चोरी पैठारी हुने गरेको छ । यसलाई दुरुत्साहित गर्न र अन्तरार्ष्ट्रिय व्यापारलाई व्यवस्थित गरेर अवैध व्यापार वा अनौपचारिक क्षेत्रको कारोबार घटाउन आयात निर्यात कोड लागू गर्नुपर्दछ ।

### २१.२.५.८ अन्तर्राष्ट्रिय सन्दर्भ

नेपाल विश्व व्यापर संगठन, BIMSTEC र BIPPA को सदस्य भएकोले त्यहा व्यक्त गरिएका पतिवद्धता अनुसार भन्सार व्यवस्थामा समायोजन गदै जानु पर्दछ । यसैगरी एन्टी डम्पिङ कानुन, रुल अफ ओरिजिन, र काउन्टरभेलिङ ड्युटी सम्बन्धी व्यवस्था गरिनु पर्दछ ।

### २१.२.५.९ अन्य

दर्ता नभएको व्यक्तिले सहज आयात गर्न पाउने व्यवस्थाले भन्सारमात्र नभै अन्य कर राजस्व संकलन गर्ने ऐनहरूको कार्यान्वनमा समेत कठिनाई पुग्ने हुदा व्यावसायिक

परिमाणको आयात गर्न व्यापार दर्ता गर्ने निकायमा दर्ता नभएको व्यक्तिलाई आयात गर्न दिनु हुदैन ।

### २१.२.६ अन्तःशुल्क

अन्तःशुल्क लाग्ने भनेर तोकिएका सीमित वस्तु तथा सेवामा मात्र अन्तःशुल्क लाग्ने हुंदा यो स्वभावैले आंशिक (Partial) कर हो । यो कर राजस्व संकलनका अतिरिक्त स्वास्थ्यको लागि हानिकारक मदिरा तथा सूर्तिजन्य जस्ता वस्तुको उपभोग घटाउन लगाइन्छ । यी वस्तुहरूको उपभोग गर्ने व्यक्तिको स्वास्थ्यमा प्रतिकुल असर पर्ने मात्र नभै अन्य व्यक्तिको स्वास्थ्यमा पनि नकारात्मक असर (Negative Externality) पर्ने भएकोले त्यस्ता वस्तुहरूमा अन्तःशुल्क लगाउनु पर्दछ भन्ने मान्यता बढ्दो छ । यस बाहेक मदिराजन्य वस्तुको बढ्दो उपभोगले सवारी दुर्घटनामा वृद्धि, सामाजिक अपराधमा वृद्धि र पुनर्स्थापना केन्द्रहरूको खर्चमा पनि वृद्धि भइरहेको हुन्छ भने सूर्तीजन्य वस्तुहरूको उपभोगले समाजलाई स्वास्थ्यमा पर्न सक्ने प्रभाव प्रति थप सतर्क हुनुपर्ने अवस्थामा पुऱ्याउंछ । यी पक्षहरू बाहेक सूर्ती तथा मदिराजन्य वस्तुको ठूलो परिमाणमा हुने बिक्री, मूल्य-अलोचक माग र निकटतम परिपूरक वस्तुको अनुपलब्धता जस्ता पक्षहरूले पनि यी वस्तुहरूमा अन्तःशुल्क लगाउन आकर्षण बढेको हो । अन्तःशुल्क वातावरणीय प्रभावलाई सुधार्न पनि लगाउन सकिन्छ । अन्तःशुल्कलाई खासगरी मध्यम तथा उच्च आय वर्गले ठूलो मात्रामा प्रयोग गर्ने र गरीवले विरलै उपभोग गर्ने विलाशी वस्तुको उपभोग नियन्त्रण गर्न पनि लगाइन्छ । मूल्य अभिवृद्धि कर लगाउन नसकिने वस्तु तथा सेवामा पनि अन्तःशुल्क लगाउन सकिन्छ । मादक पदार्थ, सूर्तिजन्य वस्तु, सवारी साधन, पेट्रोलियम पदार्थ आदिमा निर्दिष्ट दरमा अन्तःशुल्क लगाउन उपयुक्त हुन्छ भने विलाशिताका वस्तुमा यस करको दर मूल्यगत आधारमा लगाउन राम्रो हुन्छ । आगामी दिनमा अन्तःशुल्क लाग्ने वस्तुको संख्या सीमित राख्ने, निकासीलाई कर मुक्त गर्ने र अन्तःशुल्क व्यवस्थालाई स्वयं निस्काशन प्रणाली अन्तर्गत संचालन गर्ने नीति अवलम्वन गर्दै जानु पर्दछ । यस करबाट कुल कर राजस्वको १५ प्रतिशतको हाराहारीमा राजस्व संकलन गर्न सकिने अन्तर्राष्ट्रिय अनुभव छ ।

#### २१.२.६.१ क्षेत्र

पेट्रोलय तथा डिजेलमा अन्तःशुल्क लगाउने सामान्य प्रचलन भएको सन्दर्भमा सडक मर्मत तथा सुधार दस्तुर र प्रदुषण नियन्त्रण शुल्क खारेज गरेर पट्रोल तथा डिजेलमा अन्तःशुल्क लगाउने व्यवस्था गरिनु पर्दछ । यसैगरी हाल दूरसंचारमा अन्तःशुल्क लगाउने

विश्वव्यापी प्रचलन भएकोले नेपालमा पनि छुट्टै दूर संचार सेवा दस्तुर लगाउनको सट्टा यस सेवामा अन्तःशुल्क लगाउनु पर्दछ ।

अर्कोतर्फ किचेन तथा वाथरुमका सामान, कुकुर विरालोको खाना, माछा मासुजन्य पदार्थ, जंक फुड लगायतका राजस्व नगण्य रुपमा प्रदान गर्ने र साधारणतया अन्तःशुल्कको दायरमा नआउने वस्तुमा लागेको अन्तःशुल्क खारेज गरिनु पर्दछ र अन्तःशुल्क लगाउन खासै औचित्य भएका बाहेक र राजस्वको दृष्टिकोणले समेत महत्वपूर्ण नभएका वस्तुहरूमा भन्सार महसुल खारेज गर्नु पर्ने वा भन्सारको दर घटाउन पर्ने कारण देखाइ अन्तःशुल्क लगाउने परम्परा हटाइनु पर्दछ ।

### २१.२.६.२ दरबन्दी

स्वास्थ्यको हिसाबले मदिरामा अल्कोहलको मात्रा र चुरोटमा सूर्तिको मात्राको आधारमा कर लगाउन पर्दछ र करको दर निर्दिष्ट हुनु पर्दछ । यसैगरी पेट्रोल तथा डिजेलबाट वातावरणमा पर्ने प्रभावलाई समेत विचार गरेर अन्तःशुल्क लगाइने हुंदा पेट्रोल तथा डिजेलमा पनि अन्तःशुल्क निर्दिष्ट दरले लगाइनु पर्दछ । निर्दिष्ट दरलाई मुद्रास्फीतिसंग आबद्ध गरिनु पर्दछ । विलासी अन्तःशुल्कको दर मूल्यगत आधारमा तोकिनु पर्दछ ।

हाल स्वदेशी उत्पादनको हकमा तोकिएको यु. पी. को मदिरा तोकिएको वोतलको साइजमा मात्र उत्पादन गर्न सकिने तर पैठारी गरिने मदिरामा यस्तो कुनै वन्देज नभएको हुदा देशभित्र उत्पादन हुने र पैठारी गरिने मदिराको वीच असमान व्यवहार भएको छ । यसैगरी उत्पादनको हकमा व्याच नम्वर, सिरियल नम्वर, अधिकतम खुद्रा मूल्य आदि उल्लेख गर्नु आवश्यक छ भने पैठारीमा यो अनिवार्य छैन । यस किसिमको विभेद अन्त्य गरिनु पर्दछ ।

मदिरा तथा सूर्तिजन्य वस्तुमा अन्तःशुल्कको दर बढाउनु पर्दछ । यस्तो दर अन्तःशुल्कको दर सम्बन्धी सैद्धान्तिक मान्यता र अन्तर्राष्ट्रिय साधारण प्रचलित स्तर अनुरुप हुनु पर्दछ । तर अन्तःशुल्क दर धेरै उच्च पनि तोक्नु हुंदैन । त्यसले चोरी पैठारी/चोरी उत्पादन गरेर कर छल्न बढी प्रेरित गर्दछ र त्यसबाट राजस्व चुहावट हुने कुरा अष्ट्रेलिया, क्यानाडा, आदिको अनुभवले पनि देखाउंछ । यसैले दर तोक्दा राजस्व उच्चतम संकलन गर्ने किसिमले तोकिनु पर्दछ ।

इर्नजि ड्रिंक्समा अन्तःशुल्कको दर बढाइनु पर्दछ ।

पैठारी गरिने र देशभित्र उत्पादन गरिने वाइनमा हाल अन्तःशुल्क फरक फरक दरमा लागेकोले यो विश्व व्यापार संगठनको सिद्धान्तसंग बाझिएकोले यसमा एकरुपता कायम गरिनु पर्दछ ।

### २१.२.६.३ निकासीको कर फिर्ता

निकासीलाई प्रोत्साहित गर्नका लागि निकासी गरिने वस्तुको उत्पादनमा प्रयोग भएको कच्चा पदार्थमा लागेको अन्तःशुल्क फिर्ता दिने व्यवस्था प्रभावकारी रुपमा लागू गर्नु पर्दछ ।

### २१.२.६.४ अन्तःशुल्क नियन्त्रण

- मदिरा र सूर्तिजन्य पदार्थमा लगाइएको भौतिक नियन्त्रणमा आधारित नियन्त्रण प्रणालीलाई क्रमशः स्वयं निष्काशन प्रणालीले प्रतिस्थापन गर्नुपर्दछ। स्वयं निष्काशन प्रणाली सूर्तिजन्य पदार्थमा आर्थिक वर्ष २०७२/७३ मा लागू गरिनु पर्दछ र त्यसको प्रभाव मूल्यांकन समेतका आधारमा त्यसपछि मदिरामा लागू गर्नुपर्दछ। अन्तःशुल्क प्रशासनलाई सबल तथा सक्षम बनाएर अभिलेख वा लेखामा आधारित नियन्त्रण र सुपरिवेक्षण गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनु पर्दछ ।
- स्वयं निष्काशन प्रणाली Trust but Verify को सिद्धान्तमा आधारित छ । यस व्यवस्था अन्तर्गत कारखानामा अन्तःशुल्क कर्मचारी खटाउनु पर्दैन र कारखाना धनीले सामान स्वयं निस्काशन गर्दछन् । स्वयं निष्काशन प्रणाली अन्तर्गत निकासी गरिएको वस्तुको नाम र परिमाण उल्लेख गरी इजाजतपत्रवालाले दैनिक विवरण भरी राख्नु पर्दछ । अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट निरीक्षण हुँदाको अवस्थामा सो विवरण उपलब्ध गराउनु पर्दछ । स्वयं निष्काशन गरिएको वस्तुको नाम र विवरण खोली इजाजतपत्रवालाले मासिकरुपमा आन्तरिक राजस्व कार्यालयमा प्रतिवेदन पठाउनु पर्दछ । विवरण अर्को महिनाको २५ गते भित्र बुझाउनु पर्दछ र सोही समयावधिभित्र कर पनि तिर्नु पर्छ ।
- स्वयं निष्काशन प्रणालीलाई प्रभावकारी बनाउन Web–based प्रणाली लागू गरिनु पर्दछ । प्रतिलव्धिदर (इनपुट आउटपुट रेसियो), उत्पादन परिमाण, मूल्य, स्टक, निकासी, राजस्व, आदि स्वचालित प्रणाली अन्तर्गत अनुगमन गरिनु पर्दछ । नेपालमा अन्तःशुल्क स्वचालित प्रणाली अन्तर्गत संचालन गर्ने सन्दर्भमा चार मोडुल तयार गरिइएका छन् । ती हुन् दर्ता र इजाजत, कृयाकलापको स्थिति (Activity

Requiremnts), स्टिकर व्यवस्थापन र अन्तःशुल्क विवरण व्यवस्थापन । यसका लागि कारखानाधनीले आफ्नो कारखानामा सफ्टवेयर जडान गर्नु पर्दछ । ग्रामीण तथा दुर्गम क्षेत्रका डिष्टिलरीलाई Web–based प्रणालीमा लैजान गाह्रो हुन सक्दछ। त्यसैले Threshold कायम गरिनु पर्ने हुन्छ। Threshold माथिका डिष्टिलरी लगायत अन्य कारखानाले अनिवार्य रुपमा Web–based System अपाउनु पर्ने र अन्यलाई स्वेच्छिक गरिनु पर्दछ ।

- सूर्ति, गुट्खा तथा पान मसला उद्योगहरूलाई मेसिनको शक्तिको आधारमा दाखिला गर्नु पर्ने न्यूनतम अन्तःशुल्क तोकिनु पर्दछ। निष्काशनको आधारमा लाग्ने अन्तःशुल्क न्यूनतम अन्तःशुल्क भन्दा कम भएमा त्यस्तो उद्योगले न्यूनतम अन्तःशुल्क तिरे पुग्ने व्यवस्था गर्नु पर्दछ । अर्कोतर्फ निष्काशनका आधारमा लाग्ने अन्तःशुल्क न्यूनतम अन्तःशुल्कभन्दा बढी भएमा निष्काशन अनुसार लाग्ने अन्तःशुल्क कायम हुनु पर्दछ । यस किसिमको व्यवस्था क्यासिनोमा लाग्ने अन्तःशुल्कको हकमा पनि लागू गरिनु पर्दछ ।

### २१.२.६.५ टिकट, स्टिकर, फ्लोमिटर

स्टिकरको व्यवस्थापन खर्चिलो हुने र यसको दुरुपयोग हुने संभावना भएकोले जहां राजस्व जोखिम छैन त्यहां स्टिकर लगाउन बाध्य गरिनु हुदैन ।

स्टिकर वस्तुको प्रयोग नहुंदासम्म नच्यातिने, नउप्कने वा उप्काइ पुनः प्रयोग गर्ने संभव नहुने किसिमले लगाउनु पर्दछ । स्टिकरमा कन्ट्रोल नम्वर हुनै पर्ने र स्टिकरको वर्ष, उत्पादकको लाइसेन्स नम्वर र वस्तुको ब्राण्ड नम्वर देखाउने हुनु पर्छ । पैठारी गरिने वस्तुको छुट्टै स्टिकर हुनु पर्दछ ।

मदिराको बिर्कोमा पर्ने गरी स्टिकर टाँस गरेपछि पारदर्शी Shrink Cap ले बन्द गर्ने व्यवस्था गर्नु पर्दछ । यसले स्टिकर खस्ने समस्या पनि नहुने र नक्कली स्टिकर प्रयोग गर्ने अवस्था पनि सृजना नहुने हुन सक्दछ ।

मुलुकमा सेक्युरीटी प्रिन्टिङ.गर्न सक्ने प्रेस स्थापना भैसकेको जानकारी पाइएकाले स्टिकर देश भित्रै छपाउने व्यवस्था गरिनु पर्दछ ।

नक्कली स्टिकरलाई रोक्न सुरक्षित स्टिकर छाप्नु पर्ने हुन्छ । यो धेरै खर्चिलो हुन्छ र त्यसको प्रभावकारी अनुगमन गरिनु पर्दछ ।

गुटखा, पान मसाला जस्ता व्यावसायिक बस्तुहरूकोप्याकिङ मेटेरियल वा बट्टाको साईजसँग मिल्ने किसिमको स्टिकर बनाइनु पर्दछ ।

अन्तराष्ट्रिय प्रविधि तथा अनुभव समेतका आधारमा स्टिकरको वैकल्पिक नियन्त्रण प्रणाली खोजी गर्नु पर्दछ ।

हाल अन्तर्राष्ट्रिय जगतमा अन्तःशुल्क लाग्ने वस्तुको नक्कली र अवैध उत्पादन/पैठारी नियन्त्रण गर्न, आन्तरिक उत्पादन/आयातको परिमाण वा मूल्य न्यून घोषणा गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न, बढी राजस्व लाग्नेमा कम राजस्वको स्टिकर लाग्न सक्ने संभावना रोक्न र उत्पादन हेरी बिक्री बिन्दुदेखि उद्गम स्थलसम्म अनुगमन गर्न सकिने स्वचालित सुरक्षा छाप सहितको प्रत्येक इकाईमा अलग पहिचान हुने स्टिकर र Track & Trace गर्न सक्ने प्रमाणित प्रविधि अल्वानिया, मोरोक्को, केन्या, टर्की, भारत, अमेरिका, रुस लगायतका विभिन्न देशमा प्रयोग भैरहको छ र फिलिपिन्स, इन्डोनेसिया र पाकिस्तान जस्ता  मुलुकमा यो विधि लागू गर्ने तयारी भैरहको छ । यसरी स्वचालित यान्त्रिकरणबाट सुरक्षित चिन्ह प्रत्येक इकाईमा राखी Real Time Data प्राप्त गरी सूचना प्रविधि मार्फत अनुगमन गरीने व्यवस्थाबाट अन्तःशुल्क व्यवस्था पारदर्शि हुने र राजस्व चुहावट नियन्त्र हुने अन्तर्रष्ट्रिय अनुभव छ । यस  प्रविधिलाई नेपालमा पनि चरणवद्ध रुपमा लागू गरिनु पर्दछ ।

फ्लोमिटरलाई प्रभावकारी बनाउनका लागि फ्लोमिटर नियन्त्रणको जिम्मा आन्तरिक राजस्व विभागलाई दिइनु पर्दछ । यो बिग्रेमा मर्मत गर्ने जिम्मा सम्बन्धित कारखानाको हुनु पर्दछ । फ्लोमिटर नभए उत्पादन गर्न नपाइने वा सो अवधिमा विगतमा सबभन्दा बढी वियर उत्पादन भएको दिनको उत्पादन सरह मानेर अन्तःशुल्क लगाउने व्यवस्था हुनु पर्दछ । फ्लोमिटर कार्यान्वयन गर्न कारखाना र आन्तरिक राजस्व विभाग/कार्यालय दुवैमा इन्टरनेटको राम्रो व्यवस्था हुनु पर्दछ । सो को पालना नभएमा मदिरामाझैं बियरमा पनि बोतलमा स्टिकर लगाउने अर्को वैकल्पिक व्यवस्था गरिनु पर्दछ ।

### २१.२.६.६ कानूनी व्यवस्था

- वर्तमान मदिरा ऐनमा भएका सबै प्रावधानहरू अन्तःशुल्क ऐनमा समावेश गरिएकाले मदिरा ऐनको छुट्टै औचित्य नभएकोले मदिरा ऐन तथा नियमलाई खारेज गरिनु पर्दछ । मदिरा ऐन नियममा निजी उपभोगको निमित्त तोकिएको परिमाणमा जाँड वा रक्सी उत्पादन गर्न इजाजत लिनु नपर्ने व्यवस्था मात्र अन्तःशुल्क ऐन नियममा

समावेश नभएकोले वार्षिक ५ लिटर रक्सी वा १० लिटर जाँड वर्षमा कम्तिमा ५ पटक उत्पादन गर्न पाउने व्यवस्था गर्नु पर्दछ ।

- अन्तःशुल्क सम्बन्धी प्रावधान पालना नगरेमा लाग्ने दण्ड सजाय अन्य वस्तुको तुलनामा मदिरा तथा सूर्तीजन्य पदार्थमा केही बढी तोकिनु पर्दछ ।
- अवैध मदिरा नियन्त्रण गर्ने सन्दर्भमा प्रमुख जिल्ला अधिकारीलाई दिइनु पर्ने अधिकार तथा अवैध मदिरा नियन्त्रण सम्बन्धी स्थानीय समितिको गठन तथा कार्यक्षेत्र सम्बन्धी व्यवस्था अन्तःशुल्क नियमावलीमा समावेस गरिनु पर्दछ ।
- अन्तःशुल्क ऐन नियम निर्देशिका तदनुरुप संशोधन गरिनु पर्दछ ।

### २१.२.६.७ इजाजत

- अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने कारखानाको अन्तःशुल्क अनुज्ञापत्र नवीकरण गर्ने व्यवस्थाको ठूलो औचित्य नभएको हुंदा दर्ता नवीकरण गराउनु पर्ने व्यवस्था खारेज गरिनु पर्दछ ।
- मदिरा तथा सूर्तिजन्य पदार्थको वितरण, थोक र खुद्रा कारोवार गर्न चाहने व्यक्तिले विभिन्न तहको लागि तोकिएको इजाजत दस्तुर तिरेर एउटै प्रमाण पत्र लिए पुग्ने व्यवस्था भएकोमा यस सम्बन्धी नवीकरण दस्तुर पुनर्विचार गरिनु पर्दछ ।
- खासगरी सूर्तिजन्य वस्तुहरू तथा मदिराको इजाजत दिनको लागि पूर्वाधार तथा शर्तहरू तोकिनु पर्दछ जुन पूरा भएपछि मात्र अन्तःशुल्क इजाजत दिने व्यवस्था गरिनु पर्दछ ।
- उद्योग विभागले डिष्टिलरीको पूर्वाधार तोक्ने व्यवस्था गर्नु पर्दछ ।

### २१.२.६.८ अन्य

- करदाताले जर्ति सम्वन्धमा आन्तरिक राजस्व कार्यालयमा निवेदन दिएमा कार्यालयले त्यसमाथि तोकिएको समयभित्र तोकिएको प्रकृया अनुसार निर्णय दिनु पर्दछ र यदि यस्तो निर्णय तोकिएको समयभित्र नदिएमा करदाताले माग गरे अनुसार हुने व्यवस्था गरिनु पर्दछ ।
- मदिरा र सूर्तीजन्य पदार्थहरू र अन्य उपभोग्य सामग्रीहरू एकै स्थानबाट विक्री वितरण गर्न नपाइने व्यवस्था लागू गरेता पनि यो व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । यसलाई प्रभावकारी रुपमा लागू गरीनु पर्दछ ।

- कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीले केही पहाडी जिल्लामा अन्तःशुल्कको प्रशासन गर्नु पर्ने हुंदा तिनीहरूलाई यस सम्बन्धी तालिम दिन आवश्यक छ ।

### २१.२.७ संपत्ति कर

घर जग्गामा लाग्ने सम्पत्ति कर स्थानीय करका वित्तीय स्वायत्तता, उत्तरदायित्व, करको आधारको स्थानीयकरण, करको भार स्थानीय सरकारको अधिकार क्षेत्र बाहिर सार्न नसकिने जस्ता सिद्धान्तहरूसंग मेल खाने हुंदा यस करलाई स्थानीय सरकारको राजस्वको प्रमुख स्रोतको रुपमा विकसित गरिनु पर्दछ । यस करको आधार हरेक गाउँ विकास समिति तथा हरेक नगरपालिकामा हुने हुंदा यस्तो करलाई स्थानीय सरकारले अनिवार्य रुपमा लगाउने व्यवस्था गरिएमा जनप्रतिनिधिहरूलाई आ-आफ्नो क्षेत्रमा कर लगाउन राजनीतिक हिसावले पनि सजिलो हुनेछ ।

स्थानीय करका अधिकतम तथा न्यूनतम दरहरू तोकेर त्यस सीमाभित्र स्थानीय सरकारले दर कायम गर्न सक्ने व्यवस्था विभिन्न दृष्टिकोणले आवश्यक हुन्छ । सर्वप्रथम त यस व्यवस्थाबाट स्थानीय निकायले केही मात्रामा वित्तीय स्वायत्तता प्राप्त गर्दछन । यदि स्थानीय करका न्यूनतम दरहरू तोकिएन भने कुनै कुनै स्थानीय निकायले नाम मात्रको दर लगाउन सक्छन्  वा त्यस्तो दर लगाउनको लागि स्थानीय जनताले दवाव दिन सक्छन् । यदी स्थानीय कर सम्बन्धी कानूनमा करको न्यूनतम दर तोकिदिएमा त्यस्तो स्थिति आउदैन । यसैगरी, यदी करका अधिकतम दरहरू कायम गरिएनन् भने कुनै कुनै स्थानीय निकायले कर दायरा फराकिलो बनाएर राजस्व परिचालन गर्ने भन्दा करको दायरा भित्र रहेका करदातामा करको बढी दर कायम गरेर राजस्व परिचालन गर्ने नीति लिन सक्छन् । त्यस किसिमको नीतिबाट त्यस क्षेत्रको आर्थिक क्रियाकलापमा प्रतिकुल असर पर्न गै अन्ततः त्यस्तो नीति प्रत्युत्पादक हुन सक्छ । यस्तो स्थिति आउन नदिनका लागि करका अधिकतम दर तोकिनु आवश्यक हुन्छ । तर अधिकतम र न्यूनतम दरबीचको फरक धेरै ठूलो हुनु हुदैन । यस सन्दर्भमा नगरपालिकाले लगाउन पाउने घर जग्गा करका अधिकतम तथा न्यूनतम दर तोक्ने र ती सीमा भित्र रहेर नगरपालिकाले आफ्नो आवश्यकता अनुसार दर तोक्न सक्ने व्यवस्था हुनु पर्दछ । यस करको वर्तमान दर चर्को भएकोले त्यसलाई घटाउन आवश्यक छ । अर्कोतर्फ, यस कर अन्तर्गत गरिएको न्यूनतम छुटको व्यवस्थाको अन्त्य गरी सम्पत्ति अनुसार धेर थोर सबैले कर तिर्नैपर्ने व्यवस्था गर्नु पर्दछ ।

मालपोत/भूमिकरका दरहरू निर्दिष्ट भएकाले मुद्रास्फीतिको कारणले वास्तविक मूल्यमा मालपोत राजस्वमा आउने गिरावट रोक्न ती दरहरूलाई आवधिक रुपमा पुनरावलोकन गरिनु पर्दछ ।

जग्गाधनीले चाहेमा ५ वर्षको मालपोत एकैपटक तिर्न सक्ने व्यवस्था गर्नु पर्दछ ।

मालपोत कार्यालय र स्थानीय निकाय बीच समन्वय कायम गरी घर जग्गाको स्वामित्वको विवरण अद्यावधिक राख्नु पर्दछ । कर सम्बन्धी सूचना संकलन गरिनु पर्दछ । कर विल पठाउने र समयमा संकलन गर्ने व्यवस्था हुनु पर्दछ । कर तिर्ने नतिर्नेको निरन्तर रुपमा अनुगमन गरिनु पर्दछ । कर संकलन तथा कार्यान्वयनलाई सर्वाधिक प्राथमिकता दिनु पर्ने आवश्यकता छ ।

स्थानीय सरकारलाई खास गरेर सम्पत्तिमा आधारित करबाट राजस्व परिचालन गर्न अभिप्रेरित गर्नका लागि राजस्व परिचालन सक्षमताको आधारमा पनि अनुदानको मात्रा निर्भर रहने व्यवस्था गर्न उपयुक्त हुनेछ ।

एकातिर घर जग्गा रजिष्ट्रेशन दस्तुरको दरलाई घटाउन आवश्यक छ भने अर्कोतर्फ यस करलाई कारोवार मूल्यमा कर लगाउने व्यवस्था गर्नु जरुरी छ । यसको लागि घर जग्गाको मूल्य विभिन्न स्रोतबाट संकलन गरी यस करलाई वास्तविक मूल्यमा लगाउने स्थिति कायम गरिनु पर्दछ । मूल्य अद्यावधिक राख्ने जस्ता कुराहरू गर्न सहज नभएपनि जनताका आकांक्षा पूरा गर्ने उत्तरदायी सरकार स्थापना गर्न यी कुराहरू लागू गरिनु पर्दछ । रजिष्ट्रेशन दस्तुर केन्द्र र स्थानीय निकाय बीच विभाजन गर्ने व्यवस्थालाई सरल बनाइनु पर्दछ ।

आयोगले आफ्ना अन्तरिम सुझावहरू व्यवस्थापिका–संसदको अर्थ समितिमा प्रस्तुत गर्ने सन्दर्भमा जग्गाको न्यून मूल्यांकनको सम्वन्धमा समितिका माननीय सदस्यज्यूहरूले पनि चासो व्यक्त गर्नु भएको थियो । सो अवसरमा उहांहरूले घर जग्गा रजिष्ट्रेशन दस्तुरको प्रयोजनको लागि कायम गरिएको मूल्य वैंकमा जग्गा धितोराख्दा कायम भएको मूल्य र वजार मूल्यभन्दा निकै कम भएकोले चलखेल हुने गरेको र सो रोक्नका लागि सरकारले कायम गरेको न्यूनतम मूल्य, वैंकले कायम गरेको मूल्य र वजार मूल्य उही स्तरमा कायम गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । सोही अवसरमा अर्थ समितिका माननीय सदस्यज्यूहरूले कतिपय युवाहरू पुर्ख्यौलि सम्पत्तिमा रमाइ पर निर्भर भएकाले पैतृक सम्पत्तिको स्वामित्व हस्तान्तरणमा वढी कर लगाउनु पर्ने कुरामा जोड दिनु भएको थियो । यसैगरी माननीयज्यूहरूले निःसन्तान भएकाहरूको सम्पत्तिलाई राष्ट्रिय ट्रष्टमा राख्ने तर्फ पहल गरिनु पर्ने सुझाव पनि दिनु भएको थियो ।

सम्पत्ति करबाट प्राप्त रकमबाट फोहर संकलन, सरसफाई, खानेपानी, स्थानीय सडक जस्ता सेवा प्रदान गरिनु पर्दछ । यसको जानकारी पनि स्थानीय जनतालाई दिइनु पर्दछ ।

यी सेवाहरूको आपूर्ति संख्यात्मक तथा गुणात्मकरुपमा सम्पत्ति कर राजस्व माथि निर्भर रहने हुदा कर तिर्नु पर्ने बारेमा जागरण अभियान चालिनु पर्दछ। अनुदानको माध्यमले पनि स्थानीय निकायलाई करको आधार अद्यावधिक राख्न प्रोत्साहित गर्ने व्यवस्था गरिनु पर्दछ।

स्थानीय सरकारको कर प्रशासन सक्षम, सबल तथा संगठित बनाउन आवश्यक हुन्छ। त्यस सन्दर्भमा स्थानीय तहमा राजस्व संकलन गर्न पर्याप्त मात्रामा दक्ष कर्मचारीको व्यवस्था गरिनु पर्दछ र तिनीहरूलाई करका विविध पक्षका बारेमा प्रशिक्षण दिइनु पर्दछ।

सम्पत्ति कर ऐन तथा घर जग्गा कर ऐन खारेज गरिनु पर्दछ।

स्थानीय सरकारले लगाएको कर लगाउने र उठाउने प्रकियाहरू तथा कर नतिर्नेहरूलाई कारवाही गर्न सकिने कानुनी आधारहरू सृजना गरिनु पर्दछ।

## २१.२.८ सवारी साधन कर

परम्परागतरुपमा सडक वा सवारी साधनमा लगाइने करलाई सडक प्रयोग वापत लिइने लाभ करका रुपमा लिइन्थ्यो। तर सवारी साधनको प्रयोगले वातावरणमा प्रतिकुल असर पार्ने, जन स्वास्थ्य विगार्ने, सडक जाम भै अरुलाई असुविधा हुने, सडक दुर्घटना हुने आदि भएकोले पनि हाल सडक/सवारी साधनमा कर लगाउन पर्ने आवश्यकता बढ्दै गएको छ। यो कर सवारी साधन दर्ता तथा नवीकरण दस्तुर, सडकको प्रयोग गरे वापत पटके दस्तुर, सडक वा पुल टोल वा इन्धनमा लगाउन सकिन्छ। यो कर वातावरणीय आधारमा केन्द्रीय तहमा लगाउन उपयुक्त हुने भएता पनि संघात्मक व्यवस्थामा स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा प्रदेश बढी जिम्मेवार हुनु पर्ने परिप्रेक्ष्यमा यस करलाई प्रादेशिक तहमा लगाउनु पर्ने हुन्छ। यसका साथै संघात्मक शासन व्यवस्थामा सवारी साधन दर्ता तथा नवीकरण प्रादेशिक सरकारको क्षेत्राधिकार भित्र हुने भएकोले पनि यो कर उठाउने जिम्मा पनि प्रादेशिक सरकारलाई दिनु राम्रो हुन्छ। स्थानीय तहमा लाग्ने वार्षिक सवारी साधन कर पनि प्रादेशिक सरकारलाई संकलन गरेर संकलित राजस्वको निश्चित प्रतिशत स्थानीय निकायलाई दिने व्यवस्था गरिनु पर्दछ। करको दरमा प्रान्तहरू बीच ठूलो भिन्नता भएमा त्यसले सवारी साधन दर्ता तथा नवीकरणमा कम दर भएको क्षेत्रतर्फ प्रवाहित हुनसक्ने भएकोले प्रान्तहरूबीच समन्वय कायम गरी दरमा एकरुपता कायम गरिनु पर्दछ। सवारी साधनको दर सवारीको इन्जिन, तौल र आयुमा आधारित हुनु पर्दछ। ठूला सवारी साधनले सडक छिटो र बढी बिगार्ने र पुरानो सवारी साधनले वातावरण बढी प्रदूषित गर्ने हुंदा तिनीहरूमा बढी दरको कर लाग्नु पर्दछ।

## २१.२.९ सामाजिक सुरक्षा योजना

नेपालमा सामाजिक सुरक्षा योजना संचालन गर्नका लागि हाल लगाउंदै आइएको सामाजिक सुरक्षा करलाई विकसित गर्दै जानु पर्दछ। त्यसमा कर्मचारी तथा रोजगारदाता दुवैको बराबरी योगदान हुनु पर्दछ । शुरुमा कर्मचारीको तलवबाट दुई प्रतिशत काटिनु पर्दछ भने सोही बराबरको योगदान रोजगारदाताबाट हुनु पर्दछ । यसको आधार, कर अवधि तथा विवरण वुझाउने र कर तिर्ने प्रकिया व्यक्तिगत आय कर सरह हुनु पर्दछ । यो कर लागू भएपछि व्यक्तिगत आय करको दरमा पनि समायोजन गरिनु पर्दछ जसले गर्दा सामाजिक सुरक्षा कर तथा व्यक्तिगत आय करको भार वर्तमान आय करको भार भन्दा बढी नहोस् ।

सामाजिक सुरक्षा योजनालाई दीगो बनाउनका लागि निवृत्तिभरण सम्बन्धी वर्तमान योगदान रहित व्यवस्थाको सट्टा योगदानमा आधारित व्यवस्था लागू गरिनु पर्दछ । यसैगरी योगदान दिन नसक्नेहरूको लागि संचालन गरिएका सामाजिक सेवा कार्यहरू सरकारी राजस्वबाट संचालन गर्दै जानु पर्दछ र तिनीहरूको क्षेत्र पनि क्रमश विस्तार गरिनु पर्दछ ।

निवृत्तिभरण आय आफै सामाजिक सुरक्षासंग सम्बन्धित रहेको हुंदा यस्तो रकममा सामाजिक सुरक्षाकोषमा दाखिल हुने गरी कर कट्टी गरीने प्रावधान रहनु ठिक नभएकोले निवृत्तिभरण आयको भुक्तानीमा एक प्रतिशतका दरले लाग्ने सामाजिक सुरक्षा कोष करलाई खारेज गरिनु पर्दछ ।

## २१.२.१०. गैर कर

नेपालको कुल राजस्वमा गैर कर राजस्वको योगदान हाल करीव १२ प्रतिशत मात्र भएपनि विगतमा यो २० प्रतिशतको हाराहारीमा थियो । गैर करको उद्देश्य राजस्व संकलन भन्दा पनि कानूनको पालना गराउने, सरकारी सेवा प्रवाह गर्दा लाग्ने प्रशासनिक खर्च असुल गर्ने तथा सरकारी सम्पत्तिको उपयोग गरेवापत केही रकम लिने आदि भएता पनि राजस्वको दृष्टिकोणले गैरकरलाई कम महत्वको छ भन्न मिल्दैन । खासगरी, वि. सं. २०७२ साल वैशाख महिनामा आएको विनासकारी महाभूकम्पबाट क्षतिग्रस्त अर्थतन्त्रलाई पुनर्निर्माण गर्नका लागि अतिरिक्त साधन परिचालन गर्ने सन्दर्भमा मुलुकमा दीर्घकालिन रुपले स्थापना गर्नु पर्ने स्वस्थ कर प्रणालीलाई करका मूल मान्यता विपरित महाभूकम्पलाई मध्येनजर राखेर कर प्रणालीमा परिवर्तन गर्नु भन्दा पनि हाल कुनै

किसिमले प्रयोग नभएका सरकारी सम्पत्तिको विक्रीबाट थप राजस्व परिचालन गर्न र राष्ट्रिय स्तरको कल्याणकारी कोष, वैदेशिक रोजगार प्रवर्धन कोष, सैनिक, प्रहरी तथा सशस्त्र प्रहरी कोषहरू, ग्रामीण दूर संचार कोष जस्ता कोषहरूमा अनुत्पादक स्थितिमा रहेको रकम अर्थतन्त्रको पुनर्निर्माण कार्यमा लगाइनु पर्दछ ।

## २१.२.११ राजस्व प्रशासन

कर सुधारको क्रममा राजस्व प्रशासनको सुधार हुनु जरुरी छ । "विकासशील देशमा कर प्रशासन नै कर नीति हो" भन्ने त स्थापित मान्यता नै छ । राजस्व प्रशासन सुध्रिएन भने उठ्नु पर्ने राजस्व उठ्न सक्दैन र जनताले साधनको अभावमा राज्यले प्रदान गर्ने सुविधाबाट वन्चित हुनु पर्दछ । त्यति मात्र नभै राजस्व प्रशासनको व्यवहारले मुलुकमा लगानीको वातावरणलाई प्रभावित गर्दछ । सिंगो निजीक्षेत्रको विकास राजस्व प्रशासनको कृयाकलापबाट प्रभावित हुन्छ । स्वदेशी तथा विदेशी लगानीकर्ताहरू करको स्वरुप तथा संरचनाका बारेमा जति सरोकार राख्दछन् कर प्रणाली कसरी कार्यान्वयन भएको छ भन्ने विषयमा अझै बढी चासो राख्दछन् । राजस्व प्रशासक स्वेच्छाचारी भएमा, कर प्रणालीलाई सही किसिमले लागू नगरेमा र कर कानूनको जथाभावी किसिमले व्याख्या गरेमा त्यसले कर प्रशासनको मात्र नभै राज्यकै छवि बिगार्ने, करदाताको स्वयं कर सहभागितामा ह्रास ल्याउने, अनौपचारिक क्षेत्रलाई अझ विस्तार गर्ने, औपचारिक क्षेत्रलाई सांघुरो बनाउदै लाने, निजीक्षेत्रको विकासमा प्रतिकुल असर पार्ने, लगानीलाई हतोत्साहित गर्ने र सिंगो आर्थिक विकासमा वाधा पुऱ्याउने हुन्छ । यस्तो स्थिति सृजना हुन नदिन हाल विभिन्न देशमा राजस्व प्रशासनको सुधारलाई कर सुधारको महत्वपूर्ण अंगको रुपमा लिइएको पाइन्छ, जुन नेपालको लागि पनि त्यत्तिकै सान्दर्भिक छ ।

राजस्व प्रशासनको सुधारको सन्दर्भमा यसको संगठनात्मक स्वरुप तथा कर्मचारी व्यवस्थामा सुधार हुनु पर्दछ । राजस्व प्रशासनलाई सक्षम, सबल, स्वस्थ तथा स्वच्छ बनाउनका लागि संगठनको भन्दा पनि कर्मचारीको महत्वपूर्ण भूमिका रहन्छ । जतिसुकै राम्रो करको छनौट गरेता पनि, छानिएका करको जतिसुकै राम्रो संरचना तर्जुमा गरे तापनि, जतिसुकै राम्रो प्रकृयाहरू विकसित गरेता पनि वा राजस्व प्रशासनको जतिसुकै राम्रो संगठनात्मक स्वरुप तयार गरेता पनि यदि कर्मचारी व्यवस्था ठीक भएन भने कर प्रणालीलाई सही रुपमा कार्यान्वयन गर्न सकिदैन । यसैले राजस्व प्रशासन सक्षम, सबल, स्वस्थ तथा स्वच्छ बनाएर कर प्रणालीलाई सही किसिमले लागू गर्नका लागि कर्मचारी व्यवस्थालाई सुधार्न जरुरी छ ।

राजस्व प्रशासनमा कर्मचारी व्यवस्था सुधार गर्ने सन्दर्भमा कर्मचारीहरूको दरवन्दी सृजना, छनौट, नियुक्ति, पदस्थापन, सरूवा, बढुवा, प्रशिक्षण तथा कार्य सम्पादन मूल्याङ्कन जस्ता सबै पक्षहरूको सुधार हुनु पर्दछ र कर प्रशासनको मनोबल उच्च रहनु पर्दछ। यो नेपालको पुनर्स्थापना, पुनर्निर्माण तथा नवनिर्माण गर्ने ऐतिहासिक घडि हो। यस पुनीत कार्यको लागि आवश्यक राजस्व परिचालन गर्न राजस्व प्रशासनका कर्मचारीहरूले ऐन नियम अनुसार लाग्ने राजस्वलाई सही तथा प्रभावकारी किसिमले परिचालन गर्न ठूलो अवसर तथा दायित्वको रुपमा लिनु पर्दछ।

## २१.२.१२ राजस्व प्रशासनको प्रस्तावित संगठनात्मक स्वरुप

नेपालको लागि केन्द्रीय राजस्व संगठनको रुपमा पूर्णतया सरकारी पदाधिकारीहरू रहेको केन्द्रीय राजस्व बोर्डको गठन गरिनु पर्दछ। यो बोर्ड राजस्व प्रशासन सम्बन्धी केन्द्रीय संगठनका रुपमा अर्थ मन्त्रालय अन्तरगत राखिनु पर्दछ। राजस्व बोर्ड एक ऐन अन्तरगत स्थापित गरिनु पर्दछ र यसलाई सीमित स्वायत्तता हुनु पर्दछ। यसको अध्यक्ष राजस्व सचिव हुनु पर्दछ र अध्यक्ष बाहेक तीन जना नेपाल सरकारको विशिष्ट श्रेणीका पदाधिकारी (कर सदस्य, भन्सार सदस्य, गैर कर सदस्य) र एकजना कर विज्ञ रहनु पर्दछ। वाह्य सदस्यको चयनले राजस्व बोर्डमा राजस्व सम्बन्धी सैद्धान्तिक ज्ञान तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव भएका व्यक्तिको ज्ञान हासिल हुन गै बोर्डको कार्यमा सहयोग पुग्ने छ भने विशिष्ट श्रेणीका व्यक्तिहरू बोर्डको सदस्य हुने व्यवस्थाले क्याडर डेभलप हुने र वृत्ति विकासको अवसर पनि उपलब्ध हुने हुंदा यस व्यवस्थाले उत्प्रेरणाको काम गर्ने छ। संसदमा राजस्वका विषयमा उठेका प्रश्नहरूको जवाफ दिने उत्तरदायित्व अर्थ मन्त्रीमार्फत् बोर्डको हुनुपर्दछ। अर्थ मन्त्रालयको स्वीकृति लिई मातहत निकाय/पदाधिकारीहरूलाई कार्य सम्पादनका आधारमा थप बजेट/प्रोत्साहन पारिश्रमिक दिन सक्ने अधिकार बोर्डलाई हुनु पर्दछ। बोर्ड अन्तरगत आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, राजस्व प्रशासन तालिम केन्द्र तथा राजस्व परामर्श समिति रहनु पर्दछ। यस अन्तर्गतको कर्मचारी प्रशासनको हकमा नेपाल राजस्व सेवा गठन गर्नु वा राजपत्रांकित प्रथम श्रेणी सम्मको राजस्व समूह विस्तार गर्नु पर्दछ। विभागीय प्रमुखसम्मका पदाधिकारीहरूको पदस्थापन, सरुवा र सुपरिवेक्षणको जिम्मेवारी बोर्डमा राखिनु पर्दछ।

## २१.२.१३ राजस्व सम्बन्धी कार्यगत रणनीति

आधुनिक कर प्रशासनले करदाताको स्थिति, आवश्यकता तथा व्यवहार अनुसार कार्य गर्न सक्नु पर्दछ। ठूला करदाताका कर सम्बन्धी एक किसिमका आवश्यकता हुन्छन्

भने सानो करदाताका अर्कै खालका । हाल विभिन्न तहका करदाताका भिन्नाभिन्नै किसिमका आवश्यकतालाई सही किसिमले परिपालन गर्न करदाताको तह (Segment) अनुसार कार्यालयहरू खुल्ने प्रचलन छ। यसैगरी कर कानूनको पालना गरेर कर सम्बन्धी औपचारिकता राम्रोसंग निभाउने करदाताको लागि एक किसिमका प्रक्रिया अपनाउनु पर्छ भने कर कानूनको सही किसिमले पालना नगर्नेलाई अर्कै किसिमको प्रकिया लागू गर्नु पर्दछ। यस्तो नीति करदाता दर्ता हुंदा, कर फिर्ता गर्दा, कर परीक्षण गर्दा, वक्यौता असुल गर्दा लगायत कर सम्बन्धी सबै किसिमका कार्य गर्दा लागू गर्नु पर्दछ।

## २१.२.१४ सूचना प्रविधि

सूचना प्रविधिको प्रयोगले कर प्रशासनलाई सूचना प्राप्त गर्न, त्यसलाई विश्लेषण गर्न, कर प्रशासनमा पारदर्शिता ल्याउन, कर कानूनको प्रयोगमा करदाता बीच विना भेदभाव समानरुपमा व्यवहार गर्न र कर प्रशासनको हरेक पक्षको शीघ्र कार्यान्वयन गर्न मद्दत पुऱ्याउने हुंदा सूचना प्रविधि आधुनिक कर प्रशासनको अभिन्न अंगको रुपमा रहेको छ। सूचना प्रविधिको प्रयोगले राजस्व प्रशासनले सम्पादन गर्ने कामहरूमा दक्षता, सरलता र सहजता ल्याउन ठूलो मद्दत पुग्ने हुदा यसको प्रयोगलाई बढाउदै जानु पर्दछ

## २१.२.१५ प्रशासकीय पुनरावलोकन

प्रशासकीय पुनरावलोकनको औचित्यतालाई विचार गर्दा करदाताको चित्त नबुझेमा पुनरावेदन जानु पूर्व प्रशासकीय पुनरावलोकनमा जानु पर्ने व्यवस्थालाई निरन्तरता दिइनु पर्दछ । प्रशासकीय पुनरावलोकनलाई छिटो छरितो वनाउनको लागि प्रशासकीय पुनरावलोकनको अधिकारलाई महानिर्देशकको सट्टा उपमहानिर्देशकको नेतृत्वमा छुट्टै महाशाखा खडा गरी साबबाट गरिनु पर्दछ । यसको अनिवार्यताको मर्म अनुरुप यस सम्बन्धी निर्णय ६० दिन भित्र गरि सक्नुपर्ने अनिवार्य व्यवस्था हुनु पर्दछ । यदि त्यस्तो निर्णयमाथि करदाताको चित्त नबुझेमा कहां, कहिले, कसरी पुनरावेदन दिने भनेर करदातालाई जानकारी दिनु पर्दछ । यस्तो प्रक्रिया स्पष्ट रुपमा कर कानूनमा उल्लेख गरिनु पर्दछ ।

प्रशासकीय पुनरावलोकन तहमा धरौटी राख्ने व्यवस्था खारेज गरिनु पर्दछ ।

भन्सार प्रशासनमा पनि प्रशासकीय पुनरावलोकन तथा न्यायिक पुनरावेदन सम्बन्धी व्यवस्था गर्नु पर्दछ ।

## २१.२.१६ पुनरावेदन

विभिन्न स्थानमा छुट्टा छुट्टै न्यायाधिकरण स्थापना गर्नुको सट्टामा काठमाडौमा राजस्व न्यायाधिकरण गठन गरी एक भन्दा बढी इजलाश गठन गर्न सक्ने व्यवस्था गरी आवश्यकता अनुसार अन्य स्थानमा पनि इजलाश कायम गर्न सकिने व्यवस्था गरिनु पर्दछ । त्यसबाट मुद्दाको फैसलामा एकरुपता आउनुका साथै छिटो छरितो रुपमा न्याय सम्पादन गरी न्याय प्रशासनलाई प्रभावकारी बनाउन सहज हुने छ ।

केन्द्रमा एउटामात्र ३ वा ४ बेन्च भएको न्यायाधिकरण राख्ने र पुनरावेदन अदालत रहेका सबै ठाउंमा आवश्यकता अनुसार अस्थायी बेन्च रहने र पुनरावेदन अदालतकै कोर्टरुमको प्रयोग गर्न पाउने तथा सबै पुनरावेदन अदालतमा एक कोठामा यसको सचिवालय रहने व्यवस्था गरिनु पर्दछ ।

केन्द्रबाट बाहिर बेन्च कायम गर्दा मामिलाको संख्याको चापको आधारमा २ वा ३ महिनाको लागि कायम गरिनु पर्दछ ।

हाल केन्द्र बाहिर रहेका सबै न्यायाधिकरण खारेज गरिनु पर्दछ ।

राजस्व न्यायाधिकरणमा हाल झै कानून, राजस्व तथा लेखा सम्बन्धी तीन सदस्य हुने र अध्यक्ष कानूनको विज्ञ हुने व्यवस्था हुनु पर्दछ । राजस्व तथा लेखा सदस्य सम्बन्धित क्षेत्रको विज्ञ रहने गरि स्तरवृद्धि गरिनु पर्दछ । यी सदस्यको स्तर, योग्यता, क्षमताको आधारमा कर प्रशासन एवं अर्थ मन्त्रालय मातहतका निकाय भन्दा बाहिरका कर प्रशासनको कार्य र कार्यविधिको ज्ञान भएका स्वतन्त्र व्यक्ति हुनुपर्ने व्यवस्था हुनु पर्दछ ।

राजस्व न्यायाधिकरणका सदस्यहरू निश्चित अवधिका लागि नियुक्ति गर्ने व्यवस्था गरी नियुक्तिका लागि सिफारिस समितिको व्यवस्था गरिनु पर्दछ । यसका लागि सिफारिस समितिमा संवैधानिक निकायका प्रमुख अध्यक्ष रहने गरी सदस्यहरूमा मुख्य सचिव तथा अर्थ सचिव रहने व्यवस्था हुनु पर्दछ ।

राजस्व न्यायाधिकरणमा निवेदन दिएको मुद्दा बढिमा १८० दिन भित्रमा अनिवार्य फैसला गर्नु पर्ने व्यवस्था हुनु पर्दछ । राजस्व न्यायाधिकरणले मुद्दा किनारा गर्नु पर्ने अवधि किटान गरी सो को आधारमा न्यायाधिकरणका पदाधिकारीहरूको मूल्यांकन गर्ने व्यवस्था गर्नु पर्दछ ।

कर सम्बन्धी विषयमा कारोवार पहिले हुने र कर परीक्षण पछि हुने तथा कर सम्बन्धी सम्पूर्ण कागजात करदातासंगै रहने हुंदा राजस्व न्यायाधिकरणले थप प्रमाण बुझ्ने नभई

करदाताबाट पहिले पेश भएका प्रमाणहरू कर निर्धारणको समयमा उचित मूल्यांकन भए नभएको मात्र विवेचना गर्ने व्यवस्था गर्नु पर्दछ ।

आय कर ऐन बमोजिम कसूरमा सजाय (जरिवाना र कैद) हुने मुद्दा नेपाल सरकार वादी हुने अनुसन्धान तहकिकात कर अधिकृतले गर्ने व्यवस्था गरेको छ र अन्तःशुल्क ऐन मूल्य अभिवृद्धि कर ऐन र भन्सार ऐन बमोजिम क्रमशः अन्तःशुल्क अधिकृत, कर अधिकृत र भन्सार अधिकृतले सजाय (जरिवाना/कैद) गर्न सक्ने व्यवस्था गरेको छ । यस्तो निर्णय विरुद्ध प्रशासकीय पुनरावलोकनको निवेदन दिन पाउने प्रावधान छ । यस्ता किसिमका परस्पर द्विविधापूर्ण व्यवस्थामा सुधार गरी एकै किसिमको व्यवस्था गर्नु पर्दछ ।

राजस्व न्यायाधिकरणमा परेका कर राजस्वसंग सम्बन्धित मुद्दाहरूका सम्वन्धमा सरकारी वकीलहरूबाट प्रतिरक्षा हुँदै आएको छ । राजस्व न्यायाधिकरण काठमाडौंमा दायर रहेका मुद्दाहरूको सम्वन्धमा विशेष सरकारी वकिल कार्यालयमा कार्यरत सरकारी वकिलहरूबाट र काठमाडौं उपत्यका बाहिर रहेका राजस्व न्यायाधिकरणमा दायर रहेका मुद्दाहरूको संवन्धमा संवन्धित पुनरावेदन सरकारी वकिल कार्यालयहरूमा कार्यरत सरकारी वकिलहरूबाट बहस पैरवी प्रतिरक्षा गर्ने  गराउने गरिएको देखिन्छ । राजस्व सम्बन्धी विवादहरू प्राविधिक किसिमको भएकोले बहस पैरवी गर्दा कानून व्यवसायीको साथै नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाबाट  व्यावसायिक प्रमाण पत्र प्राप्त चार्टर्ड एकाउण्टेण्टस् एवं दर्तावाल लेखा परिक्षक (Registered Auditor) ले बहस गर्न पाउने व्यवस्था गर्नु पर्दछ ।

नीतिगत रुपमा विभागहरूबाट भएको निर्णय बाहेक अन्य सबै निर्णयहरूमा चित्त नबुझेमा सो उपर पुनरावेदन दिन पाउने व्यवस्था गर्नु पर्दछ ।

## २१.२.१७ कर विवाद समाधान समिति

एउटा छुट्टै स्वतन्त्र रुपले काम गर्ने गरी एक कर विवाद समस्या समाधान समितिको व्यवस्था गरिनु पर्दछ । सम्पर्क मन्त्रालयको रुपमा अर्थ मन्त्रालयलाई तोकिनु पर्दछ । यसमा कम्तिमा पुनरावेदन तहको अदालतमा न्यायाधिश भै सेवा निवृत्त भएको र कानूनमा स्नातकोत्तर भएको एक र नेपाल सरकारको सचिव वा सहसचिवको पदबाट सेवा निवृत्त भएको र अर्थशास्त्र वा बाणिज्यशास्त्र वा कानूनमा स्नातकोत्तर भएको अर्को सदस्य हुनु पर्दछ र सदस्य सचिवको रुपमा आन्तरिक राजस्व विभागका नीति तथा विश्लेषण महाशाखाका उपमहानिर्देशकलाई तोकिनु पर्दछ । समितिको अध्यक्षता कर विवाद समाधान समितिका सदस्यहरू मध्ये कानुन सदस्यले गर्ने व्यवस्था गर्नु पर्दछ ।

## २१.२.१८ सम्पत्तिको घोषणा

रु ५ करोड भन्दा माथिको चल अचल सम्पत्ति भएको व्यक्तिले आय करको प्रयोजनका लागि अनिवार्य रुपमा सम्पत्ति घोषणा गर्ने व्यवस्था गरिनु पर्दछ। यसरी विवरण दाखिला गर्ने व्यक्तिको सम्पत्ति रु १ करोड भन्दा बढी थप भएको अवस्थामा पहिला पेश गरेको सम्पत्तिको विवरणमा समावेश गर्नको लागि विवरणहरू दाखिला गर्दै जानुपर्ने व्यवस्था गरिनु पर्दछ ।

## २१.२.१९ कर संहिता

हाल आय कर, अन्तःशुल्क, भन्सार महसुल, मूल्य अभिवृद्धि कर जस्ता विभिन्न करका लागि छुट्टा छुट्टै ऐन नियम लागूलागू गरिएकोमा ती सबै कानूनको सट्टा सबै करको प्रयोजनका लागि एउटै कर संहिता (Tax Code) तयार गरिनु पर्दछ । कर संहितामा विभिन्न कर सम्बन्धी संरचनागत विषयहरू करपिच्छे छुट्टा/छुट्टै अध्यायमा राखिनु पर्दछ। बांकि सबै करसंग सम्बन्धित सबै प्रकृयागत विषयहरू एकै ठांउमा समावेश गरिनु पर्दछ ।

## २१.२.२० कर सम्बन्धी कानुनको तर्जुमा तथा कार्यान्वयन

कर कानून तर्जुमा प्रक्रियामा सबै सरोकारवालालाई संलग्न गराइनु पर्दछ र सो कानून संसदबाट पारित भएपछि तुरुन्त लागू गर्नुको सङ्घा नया व्यवस्थासंग सम्बन्धित नियमावली, निर्देशिका आदि तयार गरी त्यसका बारेमा कर प्रशासकलाई प्रशिक्षण र करदातालाई शिक्षा दिएर तोकिएको मितिदेखि लागू गर्ने व्यवस्था गरिनु पर्दछ । कर सम्बन्धी नयां व्यवस्था भूतप्रभावी (Retrospective) अर्थात् विगतको कुनै समयदेखि (Back Date बाट) लागू गरेमा त्यसले कायबवोभ्क तथा मुद्दा मामिला बढाउने हुदा मुलुकमा सुशासन स्थापना गर्ने सन्दर्भमा भूतप्रभावी किसिमको व्यवस्था कुनै पनि करको हकमा लागू गरिनु हुंदैन ।

# अनुसूचीहरू

# विषय सूची


| **विषय** | **पृष्ठ** |
|---|---|
| **अनुसूची १** | |
| राजस्व प्रशासनको समग्र सांगठनिक सुधार सुझाव प्रतिवेदन २०७२ | १ |
| **अनुसूची २** | |
| अन्तर्क्रिया तथा भेटघाटका कार्यक्रमहरूका दौरान तथा अन्य माध्यमबाट सुझाव दिने व्यक्ति तथा संस्थाहरू | ७८ |
| **अनुसूची ३** | |
| सुझाव संकलनको लागि गरिएका अन्तर्क्रिया तथा भेटघाट कार्यक्रमहरू | ८० |
| **अनुसूची ४** | |
| सन्दर्भ सामग्री | ८४ |

## अनुसूची १

# राजस्व प्रशासनको
# समग्र सांगठनिक सुधार सुझाव प्रतिवेदन
# २०७२

विद्याधर मल्लिक

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| **कार्यकारी सारांश** | १ |
| **भूमिका** | २ |
| **विद्यमान अवस्थ** | ४ |
| **चुनौतीहरू तथा सांगठनिक सुधारको आवश्यकता** | ८ |
| **सुझावहरू :** | |
| - समग्र सांगठनिक सुधारको कार्यदिशा | १३ |
| - समग्र संगठन ढाँचाका विकल्पहरू | १८ |
| **अनुसूचीहरू :** | |
| १. विद्यमान संगठन ढाँचाका विकास वारे संक्षिप्त विवरण | ३२ |
| २. राजस्व संगठनहरू वारे गरिएका पूर्व अध्ययन र सुझावहरूको संक्षिप्त विवरण | ४५ |
| - राजस्व संगठन वारे विगतका राजस्व परामर्श समितिका विभिन्न सुझावहरूको संक्षिप्त विवरण | ४८ |
| - राजस्व संगठन वारे विगतका वजेट वक्तव्यहरूको संक्षिप्त विवरण | ५५ |
| ३. केही मुलुकका केन्द्रीय राजस्व संगठनहरूको संक्षिप्त विवरण र केही अन्तर्राष्ट्रिय अध्ययनहरूको संक्षेपमा निचोड | ६० |
| ४. सामान्य सुधार सहितको निरन्तरताको राजस्व संगठन संरचना (प्रस्तावित) | ६६ |
| ५. पूर्ण सरकारी केन्द्रीय राजस्व बोर्ड संगठन संरचना (प्रस्तावित) | ६७ |
| ६. अर्द्ध-स्वायत्त केन्द्रीय राजस्व बोर्ड संगठन संरचना (प्रस्तावित) | ६८ |
| ७. स्वायत्त राजस्व प्राधिकरणको संगठन संरचना (प्रस्तावित) | ६९ |
| ८. सुझाव गरिएका विकल्पहरूको एकीकृत कार्य तालिका | ७० |
| ९. विकल्पहरू, कार्यान्वयनमा जोखिमहरू, लाभहरू र जोखिम न्यूनीकरणका उपायहरू | ७१ |
| **सन्दर्भ सामग्री** | ७४ |

# कार्यकारी सारांश

नेपाल सरकारले समग्र कर प्रणाली, कर संगठन, नीति, कानुन र संरचनाहरूमा समसामयिक सुधार ल्याउन सुझाव गर्ने हेतुले उच्चस्तरीय कर प्रणाली पुनरावेदन आयोग गठन गरेको छ र यस आयोगले अन्य सुधारहरूका अतिरिक्त समग्र कर प्रशासनको सांगठनिक ढाँचामा पनि प्रभावकारिता र आधुनिकीकरणका दृष्टिले आवश्यक सुधार गर्न सुझावहरू सरकारलाई दिने अपेक्षा गरिएको छ । यस क्रममा विगतका अध्ययनहरू, प्रतिवद्धताहरू र अन्तर्राष्ट्रिय अनुभवहरूले वित्तीय, प्रशासनिक र प्रणालीगत कार्य-स्वायत्तता सहितको अर्द्ध-स्वायत्त केन्द्रीय राजस्व बोर्ड वा राजस्व प्राधिकरण गठन गर्न मागदर्शन गरेको छ। विद्यमान संगठन ढाँचाको एजेन्सी प्रकृतिको कार्य स्वायत्तता रहेको र विभिन्न सुधारहरू ल्याउन सक्षम र स्थिर संगठनको रुपमा परिचय कायम गर्नु सकारात्मक पक्ष रहेको छ भने कमजोर, अदक्ष र उदासीन संगठन, नतीजामूलक उत्प्रेरणाहरूको अभाव, नपुग्दो वजेट, राजनीतिक हस्तक्षेप र कर्मचारी प्रशासनमा कठोर सरकारी नियन्त्रण यसका नकारात्मक पक्षहरू छन् ।

यस प्रतिवेदनले मौजुदा संगठनको केही चुनौतीहरूको पहिचान गर्दै सांगठनिक सुधारको रणनीतिक दिशामा जवाफदेहीताको सुपरिभाषित स्पष्टता, भ्रष्टाचार नियन्त्रण र अनावश्यक आरोपको भयबाट व्यवहारिक मुक्ति, संचालन स्तरको स्वायत्तता, वजेट जनशक्ति र प्रणालीगत स्वायत्त संरचना, राजस्व उत्पादनशील, दक्ष, मितव्ययी, ICT प्रणालीसंग एकात्मकता तथा भविष्यको आवश्यकताप्रति संवेदनशील ढाँचा निर्माण (Futuristic structure) मा जोड दिएको छ ।

प्रतिवेदनले राजस्व संगठनमा समग्र सुधारका लागि (क) विद्यमान केन्द्रीय संगठनको सामान्य निरन्तरता, (ख) पूर्णतया राजस्व प्रशासनका पदाधिकारीहरू रहेको केन्द्रीय राजस्व बोर्डको गठन, ग) अर्द्ध-स्वायत्तता सहितको र विज्ञहरू एवं अन्य निकायबाट पदेन सदस्यहरू समेत रहेको केन्द्रीय राजस्व बोर्डको गठन, तथा (घ) स्वायत्तता सहितको राजस्व प्राधिकरण (नेपाल राष्ट्र वैङ्क झैं) को गठन सहितको ४ वटा विकल्पहरू सुझाव गरेको छ। साथै यी विकल्पहरू एकपछि अर्को लागू गर्न सकिने गरी (क) वाट (ख), (ख) वाट (ग) र उपयुक्त देखिए ५ वर्षपछि (ग) वाट (घ) मा जान सकिने गरी समयवद्ध कार्ययोजनाको सुझाव पनि यस प्रतिवेदनले गरेको छ ।

# भूमिका

१. नेपालको कर प्रशासन, कर नीति, कर प्रणाली, कर ऐन, कर संकलन तथा उद्योगी व्यवसायी लगायत सवै करदाता/सेवाग्राहीको सन्तुष्टीमा समसामयिक सुधार ल्याउन सरकारले आवश्यक अध्ययन गरी सुझाव सल्लाह दिन "उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग" गठन गरेको छ । यस आयोगको विभिन्न कार्यक्षेत्र मध्ये कर प्रशासनको समग्र र केन्द्रीय संगठन ढाँचामा सुधार ल्याउन र खासगरी राजस्व बोर्ड/राजस्व प्राधिकरणको गठनको आवस्यकता, सम्भाव्यता र सोको प्रारुप वारे सरकारलाई सुझाव गर्न आयोगलाई आवश्यक पर्ने परामर्श र अध्ययन कार्य गर्न आयोगको तर्फवाट आन्तरिक राजस्व विभागले परामर्शदाताहरू नियुक्त गरी यो अध्ययनको कार्यभार सुम्पेको हो । अर्थ मन्त्रालयको राजस्व महाशाखा र राजस्व प्रशासनमा संलग्न विभिन्न विभागहरूको केन्द्रीय संगठनहरूको पुनरावलोकन गरी एक केन्द्रीय राजस्व बोर्ड वा अर्द्ध-स्वायत्त/स्वायत्त राजस्व प्राधिकरण गठन गर्न सकिने बारे विगतमा पटक पटक निर्णयहरू, प्रतिवद्धताहरू, सुझावहरू र अध्ययनहरू भएका छन् । यस अध्ययनले यसै सन्दर्भमा उपलव्ध सुझाव र अध्ययन प्रतिवेदनहरूको अध्ययन गरी तथा सरोकारवालाहरूसंग छलफल गरी उठाउनु पर्ने कदमहरूवारे सुझाव गर्ने उद्देश्य लिएको छ ।

यस अध्ययन कार्यको विवरण निम्नानुसार रहेको छ :

(क) राजस्व प्रशासनको विद्यमान संगठन ढांचाको अध्ययन गरी समस्याहरू पहिल्याउने र सुधारका लागि सुझावहरू प्रस्तुत गर्ने ।

(ख) यस सन्दर्भमा वितगमा भएका अध्ययनहरू र अन्य मुलुकहरूमा गरिएका सुधार प्रयासहरूको समीक्षा गर्ने ।

(ग) राजस्व बोर्ड वा अर्द्ध-स्वायत्त राजस्व प्राधिकरण गठनका संभावना अध्ययन गर्ने र यथोचित संगठन ढाँचा, कर्मचारी व्यवस्था तथा अन्य संक्रमणकालीन उपायहरू र कार्यान्वयनका लागि उठाउनु पर्ने आवश्यक कदमहरू वारे सुझाव दिने ।

**समयावधि :**

यस अध्ययन कार्य र सुझाव प्रतिवेदनका लागि अढाइ महिनाको समयावधि दिइएको थियो ।

**कार्यविधि :**

परामर्शदाताहरूले उपलब्ध सन्दर्भ सामग्री, अध्ययन प्रतिवेदनहरू, विगतका कार्यदलका प्रतिवेदनहरू, राजस्व परामर्श समितिका सुझावहरू, वजेट वक्तव्यहरू र माध्यमिक/द्वितीय श्रोतबाट उपलव्ध राष्ट्रिय अन्तर्राष्ट्रिय सन्दर्भ सामग्रीहरूको अध्ययन गरी सुझाव प्रतिवेदन दिइएको छ । साथै अर्थ मन्त्रालय र राजस्व प्रशासनसंग सम्बन्धित विभिन्न निकायहरू तथा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको अध्यक्ष र सदस्यहरूसंग प्रत्यक्ष छलफल, अन्तरक्रिया गरी सुझावहरू लिइएको थियो ।

**प्रतिवेदनको ढाँचा** :

यस **"राजस्व प्रशासनको समग्र सांगठनिक सुधार सुझाव प्रतिवेदन"** लाई भूमिकाको अतिरिक्त विद्यमान अवस्था, चुनौतीहरू तथा सांगठनिक सुधारका आवश्यकता, समग्र सांगठनिक सुधारको कार्यदिशा सहितका सुझावहरू र समग्र संगठन ढाँचामा सुधारका लागि सुझाव गरिएका विकल्पहरू नामक खण्डहरूमा विभक्त गरिएको छ। विद्यमान अवस्था अन्तर्गत अहिलेका सकारात्मक र कमजोर पक्षहरू, अहिलेका अवसर र जोखिमहरूको प्रस्तुतीकरण समावेश छ । प्रस्ताव गरिएका संगठन ढांचाका विकल्पहरूमा विद्यमान संगठनको निरन्तरता, पूर्णतया सरकारी स्वामित्वको केन्द्रीय राजस्व बोर्ड गठन, अर्द्ध-स्वायत्त केन्द्रीय राजस्व बोर्डको गठन र स्वायत्तता सहितको राजस्व प्राधिकरणको गठन सहित विकल्पहरू समावेश छन् । अनुसूचीहरूमा विद्यमान संगठन ढाँचाको विकास, विगतका प्रतिवेदनहरूको सारांश र सुझावहरूको विवरण तथा केही अन्तर्राष्ट्रिय अनुभवहरू र अध्ययन प्रतिवेदनहरूको सारांश समावेश गरिएका छन् ।

# विद्यमान अवस्था

२. अर्थ मन्त्रालयमा हालै श्रृजना भएको राजस्व सचिवको पद र राजस्व व्यवस्थापन महाशाखाको नीतिगत समन्वयमा आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग तथा राजस्व प्रशासन तालिम केन्द्र राजस्व प्रशासनको केन्द्रीय संगठनको रुपमा कृयाशील छन् । यी विभागहरू अन्तरगत देशभरी राजस्व कार्यालयहरू (Field Offices) को जालो कार्यरत् छ । विद्यमान संगठन ढाँचाको विकास वारे संक्षिप्त विवरण अनुसूची-१ मा दिईएको छ ।

३. विगतमा राजस्व संगठनको ढाँचामा सुधार ल्याउन थुप्रै प्रयासहरू गरिएका छन् । विभागहरू खोल्ने, टुक्र्याउने, गाभ्ने, कार्यालयहरू विस्तार गर्ने, कार्यगत (Functional) आधारमा कार्य विभाजन प्रणाली लागू गर्ने, राजस्व समूह गठन गर्ने, कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता दिने, कम्प्युटर प्रविधि (ICT) लागू गर्ने र तद्नुरुप संगठन ढाँचामा परिवर्तन ल्याउने, कर निर्धारण र स्वचालित प्रणालीहरू लागू गर्ने, मानवीय संसाधनको विकास (HRD) मा जोड दिने, विशिष्टीकृत (Specialized) जनशक्ति तयार गर्ने र राजस्व नीति र प्रशासनमा भएको सुधार संग मेल खाने सांगठनिक ढाँचा र जनशक्ति व्यवस्थापनमा क्रमिक सुधार गर्दै लगिएको छ। संसद, नेपाल सरकार/अर्थ मन्त्री र सेवाग्राहीप्रति उत्तरदायी (Accountable) तथा पारदर्शी एवं सदाचारयुक्त संगठनको विकास गर्न पनि थुप्रै प्रयासहरू विगतमा गरिएका छन् ।

४. राजस्व संगठनमा सुधार ल्याउन विगतमा कार्यदलहरू र समितिहरू गठन भएका छन् तथा विज्ञ र विज्ञ समूहहरू नियुक्त भएका छन् । यी कार्यदल, समिति वा विज्ञहरूले राजस्व नीति, राजस्व प्रणाली, राजस्व प्रशासन, प्रकृया एवं संगठन ढाँचामा सुधार ल्याउन थुप्रै सुझावहरू दिएका छन् । ती सुझावहरू मध्ये कतिपय लागू भएका छन् भने कतिपय सुझाव र प्रतिवेदनहरू थन्केर रहेको अवस्थामा छ । संगठन ढाँचाको सुधारकालागि दिईएका सुझावहरूको कार्यान्वयनकै क्रममा तत्कालीन मूल्य अभिवृद्धि कर विभाग र कर विभाग (मूलतः आयकर प्रशासन) गाभिएर आन्तरिक राजस्व विभाग र यसका कार्यगत (Functional) विभाजनका आधारमा (कर वा करदाताको प्रकृतिको सट्टा) आन्तरिक राजस्व कार्यालयहरूका संगठन ढाँचा लागू भए । यसअघि

अन्तःशुल्क विभाग र बिक्रीकर विभाग गाभिएर मू.अ.कर विभाग गठन भएको थियो। राजस्व प्रहरी गठन गर्न सुझावहरू प्राप्त भए। भन्सार प्रशासनको सांगठनिक ढाँचामा सुधार ल्याई व्यापार सहजीकरण, सीमा निगरानी र तस्करी नियन्त्रण तथा प्रविधिमा आधारित (ICT) संगठन ढाँचाको विकास गर्न सुझावहरू प्राप्त भए र कतिपय सुझावहरू लागू भए। अर्थ मन्त्रालयमा स्थायी स्वरुपको राजस्व परामर्श समिति गठन भयो, यस समितिको कार्य सम्पादनका लागि सह-सचिव प्रमुख रहेको छुट्टै महाशाखा बन्यो र दुई पटक सचिव (राजस्व) पद सृजना भयो। राजस्व परामर्श समितिका वार्षिक प्रतिवेदनहरू तथा अर्थ मन्त्रीका बजेट वक्तव्यहरू मार्फत् पटक पटक राजस्व प्रशासनको सांगठनिक सुधारकालागि सुझावहरू, अध्ययन गर्ने प्रतिवद्धताहरू तथा स्थायी राजस्व बोर्ड र राजस्व प्राधिकरण बनाउने प्रतिवद्धताहरू व्यक्त गरिए।

आ.व. २०६३/०६४ उप्रान्त केन्द्रीय राजस्व बोर्ड र राजस्व प्राधिकरण गठन गर्ने विषयमा पटक पटक अध्ययनहरू (नारायणराज तिवारी/मदन दाहाल र समूह/आर्थर मान आदि) गरिए र सुझावका प्रतिवेदनहरू नेपाल सरकारले ग्रहण गरेको छ। बोर्ड वा प्राधिकरण बनाउन आवश्यक ऐनको मस्यौदा समेत सो प्रतिवेदनहरूमा सामेल छ। यी सुझावहरूको सारांश अनुसूची-२ मा दिइएको छ।

५. केन्द्रीय राजस्व संगठनको आधुनिकीकरण र सुधारको अन्तर्राष्ट्रिय दिशा पहिल्याउन धेरै अध्ययनहरू गरिएका छन्। छिमेकी राष्ट्र भारतमा प्रत्यक्ष कर र भन्सार तथा केन्द्रीय अन्तःशुल्कका लागि छुट्टाछुट्टै दुईवटा केन्द्रीय बोर्डहरू छन् भने बंगलादेश र पाकिस्तानमा एउटै केन्द्रीय/संघीय राजस्व बोर्ड छ। यी बोर्डहरू पूर्णतः केन्द्रीय सरकारको अंगको रुपमा गठित छन् र तहाँका अर्थ मन्त्रालय मातहत रहेका छन्। तर सिंगापुर, अष्ट्रेलिया, न्यूजीलैण्ड, बेलायत, अमेरिका, तान्जानिया, युगाण्डा, पेरु, ब्राजिल लगायत थुप्रै मुलुकहरूमा विभिन्न मात्राको स्वायत्तता सहितको राजस्व प्राधिकरण/संगठनहरू प्रभावकारी रुपमा कार्यरत छन्। अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF, 2006) को एउटा अध्ययनले राजस्व प्राधिकरण गठनलाई सबै समस्याको समाधानको रुपमा हेरिनु हुदैन, यसको गठन प्रकृया खर्चिलो छ, गठन गर्न धेरै समय र प्रयास लाग्न सक्छ तथा वास्तवमा यसले कर प्रशासनको प्रभावकारितामा सुधार ल्याउछ भनेर ठोकुवा गर्न सकिदैन भनेर निष्कर्ष निकालेको छ। केन्द्रीय राजस्व संगठनको विद्यमान ढाँचा वारे केही अन्तर्राष्ट्रिय अनुभवहरूको सारांश अनुसूची-३ मा संलग्न गरिएको छ।

६. **<u>विद्यमान संगठन ढाँचाका सकारात्मक पक्षहरू (Strengths) निम्न छन्</u> :**

(क). संस्थागत मान्यता र पहिचान।

(ख). नेपाल सरकारको स्वामित्व र समर्थन।

(ग) विभागीय सुधारहरू र प्रविधिको प्रयोगको करदाता/कार्यालय तहसम्म विस्तार (Penetration) ।

(घ) रा.प.प्रथम श्रेणीका नेतृत्वदायी अधिकृतहरू समूह वाहिरबाट प्रवेश गर्दा परिवर्तन/सुधारका ढोकाहरू खोलिने संभावना रहेको (Fresh impetus for change) ।

(ङ) कार्यसञ्चालन स्तरसम्म (रा.प.द्वितीय श्रेणीसम्म) कार्य वैशिष्ट्यता कायम रहेको ।

(च) कर ऐनहरूले राजस्व विभागहरूलाई 'एजेन्सी' प्रकृतिको कानुनी स्वायत्तता प्रदान गरेको ।

(छ) स्थिर प्रशासन (Stability) ।

(ज) अर्थ मन्त्रालयको नीतिगत र प्रशासनिक नियन्त्रण ।

(झ) संसद र संवैधानिक निकायहरूको निगरानी (Oversight) ।

(ञ) राजस्व नीतिमा गरिएका सुधारहरूको प्रशासनिक/प्रणालीगत व्यवस्थापन हुन सकेको ।

**७. <u>विद्यमान संगठन ढाँचाको कमजोर (Weaknesses) पक्षहरू निम्न छन्</u> :**

(क) कमजोर प्रशासन ।

(ख) सेवाग्राही/करदाताप्रति उदासीनता- 'सेवा' पक्षको प्राथमिकीकरणमा अभाव ।

(ग) भ्रष्टाचार र राजनीतिक हस्तक्षेपको आक्षेपहरू ।

(घ) कमजोर आन्तरिक नियन्त्रण ।

(ङ) प्रविधि (ICT) प्रयोग र प्रणाली सुधारप्रति कम ग्रहणशीलता ।

(च) चुस्त सांगठनिक ढाँचाको अभाव र नतिजामूलक उत्प्रेरणाहरूको अभावले गर्दा नीतिगत सुधारहरूको कार्यान्वयन कमजोर रहेको ।

(छ). कमजोर र अदक्ष जनशक्ति, कार्य वैशिष्ट्यताको सामान्यतया अभावले गर्दा कार्यसम्पादनको गुणस्तर कमजोर रहेको । कमजोर मनोवल । भर्नादेखि समग्र वृत्ति विकासमा दक्षता र शीप विकासमा जोड नदिइएको ।

(ज) कर्मचारी सरुवा छिटो छिटो हुने गरेको र राजनीतिक हस्तक्षेपको आरोप ।

(झ) राजस्व समूहभित्र कार्य वैशिष्टीकरणको आधारमा उप-समूहहरू गठन नभएको । समूह बाहिरबाट नेतृत्व वर्ग (रा.प.प्रथम श्रेणीका अधिकृतहरू) आउने गरेकाले गहन जिम्मेवारीका पदहरूमा राजस्व प्रशासनका जटिलता बुझी निर्णय गर्ने क्षमताको अभाव ।

(ञ) लोक सेवा आयोगले राजस्व समूह प्रवेशका लागि कुनै विशिष्ट मापदण्ड नतोकेको । समूहको आवश्यकताको आधारमा सेवा प्रवेश पाठ्यक्रम नतोकेको ।

(ट) राजस्व संगठन/विभागहरूको लागि नपुग्दो बजेट/श्रोतको उपलब्धता ।

(ठ) विभागीय जिम्मेवारीहरूबीच दोहोरोपना (Overlapping)।

(ड) राजस्व कानुनहरूले अर्थ मन्त्रालय/सचिव (राजस्व) लाई कुनै कानुनी अधिकार प्रदान नगरेको/कानुनी दायित्व सृजना नगरेको ।

**८. <u>विद्यमान संगठन ढाँचाले प्रदान गरेका अवसरहरू (Opportunities) निम्न छन्</u> :**

(क). लचकता (Resilience) तथा सुधार र पुनर्संरचनाका लागि तयार रहेको (Capacity to adapt)। राजस्व सचिवको पद श्रृजना, संघीय प्रशासनिक संरचनाको तयारी, राजस्व बोर्ड गठन र सांगठनिक सुधारप्रति राजनीतिक र प्रशासनिक नेतृत्वको पटक पटक प्रतिवद्धता ।

(ख). जनशक्तिका कमजोरीहरू तथा करदाता/कर प्रशासनको मानवीय सम्पर्कमा देखिएका विकृति र कमजोरीहरू हटाउन कम्प्यूटर प्रविधि (ICT) को प्रयोग सफल देखिएकोले सो अनुरुप सांगठनिक ढाँचामा सुधार ल्याउन तत्परता रहेको ।

(ग). नीतिगत सुधारसँगै नतिजामूलक कार्यान्वयनका लागि आवश्यक सांगठनिक सुधारप्रति मौजुदा संगठनको सकारात्मक सोच ।

(घ). उत्कृष्ट र नतिजामूलक कार्यसम्पादनको 'माग' बढ्दै गएको । 'सुधारिएको कार्यान्वयन संरचना' (Improved implementation framework) का लागि संगठनात्मक सुधारको अपरिहार्यता बारे चासो रहेको ।

**९. <u>विद्यमान संगठन ढाँचाका जोखिमहरू</u> <u>(Risks)</u> <u>तथा खतराहरू</u> <u>(Threats)</u> <u>निम्न छन्</u> :**

(क) सुधार नभएमा, राजस्व संगठन/विभागहरूले राम्रो नतिजा दिने सम्भावना न्यून हुँदै जाने । खासगरी करदाता सेवा र स्वयं कर तिर्न चाहने इच्छा (Self compliance), राजस्व उत्पादकत्व र दक्षतामा ह्रास आउने सम्भावना रहेको ।

(ख) कर प्रशासन प्रति नकारात्मक छवि निर्माण तथा जसरी पनि कर संकलन गर्ने/लक्ष्य पूरा गर्ने परिपाटीले समग्र केन्द्रीय सरकारको साख कमजोर बनाउँदै जाने ।

# चुनौतीहरू तथा सांगठनिक सुधारको आवश्यकता

**१०. राजस्व प्रशासनका निम्न सांगठनिक चुनौतीहरू छन् :**

(क) नीतिगत सुधारका साथै आदर्श र सैद्धान्तिक स्तरमा जति राम्रा कुरा गरिए पनि र ठूला बहस चलाइए पनि (Debates around ideal reforms) व्यवहारमा ती लागू भएका हुँदैनन् । परिवर्तनप्रतिको अनिच्छाले गर्दा साना सुधारहरू विलाएर जान्छन् र ठूला संरचनागत परिवर्तनहरू पनि (Big shake-ups) विस्तारै पुरानै व्यवहारगत जराहरू समात्न खोज्छन् । यसर्थ कार्यान्वयन स्तरमा गएपछि वास्तविक र हुनुपर्ने सुधारबीचको खाडल (Gap) ठूलो देखिने गर्छ । सरोकारवालाहरूको सर्वेक्षण र नतिजा झल्काउने तथ्यांकहरूले यो खाडलको पुष्टि गर्दछ । करदाताहरूको असन्तुष्टि, सही बील विजक लिने दिने अभ्यासमा अझै देखिने रिक्तता (Gaps), भ्रष्टाचारको आक्षेप, अदक्षताको आरोप र जिम्मेवारीको प्रयोगमा दोहोरोपन वा अस्पष्टता यिनै खाडलका परिणति हुन् । प्रतिकृयाहरूको बलियो तरंगले सुधारको दिशालाई धुमिल पार्ने र पछाडि फर्काउने परिणामबाट बच्न समय समयमा ठूला सांगठनिक र संरचनागत परिवर्तनहरूको आवश्यकता दर्शाउँछ ।

(ख) भ्रष्टाचार, सोको आरोपहरू एवं भ्रष्टाचारको आरोपको डरले उत्पन्न गराएको अकर्मण्यता राजस्व संगठनको ठूलो चुनौती रही आएको छ । हालसम्मको सुधारले राजस्व संगठनको छविलाई पारदर्शी, सदाचारी एवं उत्तरदायी बनाउन सकेको छैन ।

(ग) राजस्व संगठनहरू ज्ञान र शीपमा आधारित (Knowledge and skill based) संगठनका रुपमा स्थापित हुन सकेका छैनन् । विगतका सुधारका प्रयासहरू (राजस्व समूहको गठन लगायत) कमजोर (Diluted) हुँदै गएका छन् । लोक सेवा आयोगको छनौट प्रकृया, रा.प्र.ता. केन्द्रबाट दिइने तालिम, कर्मचारी सरुवा प्रकृया र वृत्ति विकास पद्धति, समूह बाहिर लगिएको रा.प्र.प्रथम श्रेणीको पद र बेला बेलामा देखिने राजस्व समूह विघटनको दबाब, आधुनिक प्रविधि (ICT) ले ल्याउने प्रणालीगत सुधारलाई हलुंगो रुपमा लिने प्रवृत्ति र 'ज्ञान र शीप' मा गर्ने लगानीको अपर्याप्तता यी चुनौतीका लक्षणहरू हुन् ।

(घ) बजार सुहाउँदो तलवमानको अभाव, क्षमता, शीप र कार्य सम्पादनको आधारमा उपयुक्त पारिश्रमिक/प्रोत्साहनको अपर्याप्तता अर्को चुनौती हो जसले गर्दा एकातिर उच्च दक्षता भएका व्यक्तिहरू नियुक्त गर्न वा थमौती गर्न सकिदैन भने अर्कोतिर दस्तुरी/बक्सिस र अन्य भ्रष्टाचारजन्य कृयाकलाप नियन्त्रण गर्न व्यवहारमा कठिनाइ रहेको छ ।

(ङ) प्रणालीगत/व्यवसायिक प्रकृयागत (According to business process) तथा व्यापार सहजीकरण/करदाता मैत्री सुधारहरूलाई व्यवहारमा/कार्यान्वयन स्तरमा सहज बनाउन र संस्थागत गर्न (Institutional penetratioin) वा आधुनिक प्रविधि (ICT) संगत (Compatible) कार्य पद्धति (Work-flow) को विकास गर्न तद्नुरुपको सगठन विकास आवश्यक पर्दछ। यो निरन्तर चली रहने सांगठनिक/संरचनागत सुधारको प्रकृया पनि हो । विद्यमान संगठन ढाँचाले यी सबै सुधारलाई समेट्न (Cope गर्न) सक्दैन ।

(च) सूचना र तथ्यांकको राजस्व संगठनभित्र तथा बाहिरी निकायहरू (जस्तै बैंकहरू, वाणिज्य/उद्योग विभागहरू) सँग समुचित आदान-प्रदान (Data Exchange) हुन सकिरहेको छैन, अर्थपूर्ण (Meaningful) सूचनाको निर्माण हुन सकिरहेको छैन, सूचना बुझ्ने क्षमतामा कमी छ र राजस्व विभागहरू भित्र सूचनाको एकीकरण (Data Integration) वा एउटै सूचना प्रविधि संरचना (Data Platform) निर्माण/विकास हुन बाँकी छ । यो कार्यले पनि मौजुदा संगठन ढाँचाभित्र परिवर्तनको माग गर्दछ ।

(छ) सांगठनिक विकास (Organizational Development, OD) को कार्यसूचीलाई प्रयोगको रुपमा (Experimentation) तथा एक समयको प्रयास (One time effort) को रुपमा मात्र लिने प्रवृत्ति छ । यसले निरन्तर सुधारको संभावनालाई छेक्दछ । विभागीय सुधारहरू मात्र गर्दा यो खण्डित (Compartmental) प्रभाव दिने भएको छ तथा समग्र उपलब्धि (Synergy effect) दिन सकेको छैन ।

(ज) राजस्व प्रशासनमा राजनीतिक हस्तक्षेप गर्ने गरिएको र राजनीतिकरण गरिएको आक्षेपहरू छन् । कर्मचारी संगठनहरू (ट्रेड युनियनहरू) को दवाव तथा राजनीतिक निर्णयकर्ताहरूको दवाव (Likes and dislikes को आधारमा) खास गरी कर्मचारी सरुवा र कार्यालय व्यवस्थापनमा पर्ने गरेको गुनासाहरू बलिया छन् । यसले गर्दा कर कानुनहरूले राजस्व विभागलाई अर्द्ध-स्वायत्त संगठन (Agency) को रुपमा परिकल्पना गरे पनि व्यवहारमा विभागीय नेतृत्वहरू त्यसो गर्न सक्षम छैनन् ।

(झ) करदाता/व्यवसायी/सेवाग्राहीको नजरमा कर प्रशासन र राजस्व संगठनहरू करदाता-मैत्री छैनन्, समन्याय गर्दैनन्, राजस्व लक्ष्य बाट अनुपयुक्त ढंगले

परिचालित हुन्छन्, करदाताको सेवाप्रति आकृष्ट हुँदैनन्, व्यवसायीले कर तिर्न गर्नु पर्ने समय र रकमको लगानी घटाउन तत्पर छैनन् तथा नागरिकप्रति सम्मान दर्शाउने गर्दैनन्, तिनीहरूप्रति जिम्मेवार छैनन् (Not accountable towards taxpayer) । यी गुनासाहरू हिजो पनि थिए र तमाम सुधारका वावजुद आज पनि छन् । अहिलेसम्मको सुधारहरू 'करदाता सेवा' का दृष्टिले सतही देखिएको गुनासाहरू छन् ।

(ञ). कर संकलन लागत घटाउनु (Tax effort) र मितव्ययिता ल्याउनु सुधारको महत्वपूर्ण उद्देश्यहरू हुन् । कूल गार्हस्थ उत्पादनको तुलनामा राजस्व संकलन बढाउँदै लैजानु अर्को ठूलो चुनौती हो । मूल्य वृद्धि र आर्थिक वृद्धि सँगै कर संकलनमा वृद्धि हुनु त आवश्यक छँदैछ, करको दायरा विस्तार गर्ने, बैंकिङ सेवाको विस्तारद्वारा नगदमा आधारित अनौपचारिक अर्थतन्त्रको संकुचन गरी कर लाग्ने क्षेत्र र कारोवारबाट कानुन अनुसार करारोपण गरी कर संकलन गर्ने चुनौतीहरू अझ महत्वपूर्ण छन् । सही वील विजकको अभ्यास कार्यान्वयनमा ल्याउने, दायरामा आउन नचाहने, घटी कारोवार देखाउने, कम कर तिर्ने, झुठो विवरण दिने, जालसाजी गर्ने, बक्यौता राख्ने, मुद्दा मामिलामा धेरै समय लागी कर संकलन नहुने लगायतका चुनौतीहरूको सामना गर्न चुस्त र दक्ष तथा प्रभावकारी संगठन ढाँचाको निरन्तर विकास गर्नु आफैमा चुनौती र अवसर दुवै हो ।

**११. <u>यसर्थ, समग्रमा राजस्व संगठनमा सुधारको रणनीतिक दिशा तय गर्न निम्न आवश्यकताहरू छन्</u> :**

**(क) <u>जवाफदेहिताको सुपरिभाषित स्पष्टता</u> :**

अर्थ मन्त्रालय/अर्थ मन्त्री र नेपाल सरकारप्रति, संसदप्रति, संवैधानिक अंगहरूको निगरानीप्रति, विभागहरूबीचमा आपसी (Horizontal accountability), मातहत कार्यालयहरूप्रति र ती बीचमा, अन्य निकाय/संगठनहरूप्रति एवं सरोकारवाला व्यवसायी/करदाता/नागरिकप्रति ।

(ख) भ्रष्टाचार नियन्त्रण, नैतिकता प्रवर्द्धन, अनावश्यक आरोपको भयबाट व्यवहारिक उन्मुक्ति ।

(ग) संघीय संरचनाको निर्माणसँग तादात्म्यता ।

(घ) सुपरिभाषित कार्यगत, सञ्चालन स्तर (Operational) को स्वायत्तता (Autonomy); बजेट जनशक्ति र प्रणालीगत स्वायत्त संरचना ।

(ङ) राजस्व उत्पादनशीलता, दक्षता, मितव्ययिता, आधुनिक सूचना प्रविधिगत (ICT) प्रणालीहरूसँग एकात्मता, भविष्यका आवश्यकताप्रति संवेदनशील ढाँचा निर्माण (Futuristic structure)।

(च) करदाता/सेवाग्राहीको सेवाप्रति समर्पण, सेवा भावको सर्वोपरिता, समन्यायपूर्ण करारोपणको महत्व आत्मसात गर्ने संरचना।

(छ) उच्चतम तह (Apex level) मा संयोजन र कार्य संचालन तह (Operational level) मा कार्य बैशिष्ट्यताका आधारमा तथा सेवाग्राहीलाई सुलभताका आधारमा पृथक्कीकृत स्थानीय र विषयगत कार्यालयहरू (Functionally diversified and taxpayer's need based offices) को स्थापना। ठूला र निश्चित प्रकृतिका करदाताहरूलाई 'एकद्वार प्रणाली' मा आधारित सेवा द्वारहरूको निर्माण (One window offices)।

# सुझावहरू

## समग्र सांगठनिक सुधारको कार्यदिशा

१२. राजस्व संगठनमा समग्र सुधारका लागि (क) विद्यमान केन्द्रीय संगठनको सामान्य निरन्तरता, (ख) पूर्णतया राजस्व प्रशासनका पदाधिकारीहरू रहेको केन्द्रीय राजस्व बोर्डको गठन, (ग) अर्द्ध-स्वायत्तता सहितको र विज्ञहरू एवं अन्य निकायबाट पदेन सदस्यहरू समेत रहेको केन्द्रीय राजस्व बोर्डको गठन तथा (घ) स्वायत्तता सहितको राजस्व प्राधिकरण (नेपाल राष्ट्र बैंक झैं) को गठन गरी ४ वटा विकल्पहरू रहेको सुझाव आगामी खण्डमा दिइएको छ । यी विकल्पहरू एक पछि अर्को लागू गर्न सकिने गरी (क) बाट (ख), (ख) बाट (ग) र उपयुक्त देखिए ५ वर्षपछि (ग) बाट (घ) मा जान सकिने गरी समयवद्ध कार्ययोजनाको सुझाव पनि त्यसपछिका खण्डमा गरिएको छ ।

१३. यस खण्डमा उपरोक्त (क), (ख), (ग) वा (घ) विकल्पमा जाँदा वा समग्र सुधारको कार्ययोजना अवलम्बन गर्दा अपनाउनु पर्ने समग्र सांगठनिक सुधारको तत्कालीक कार्यदिशा (Immediate action steps for organizationl reforms) बारे सुझाव गरिएको छ :

(क) राजस्व संगठनहरूलाई कार्य सञ्चालन स्तरमा स्वायत्तता प्रदान गरिनु पर्दछ । मौजुदा कर कानुनहरूले कर सम्बन्धी निर्णयहरू गर्ने अधिकार प्रदान गरे पनि समग्र राजस्व संगठन ढाँचा र प्रशासनिक प्रकृयाहरू वारे एकरुपता हुने गरी तथा कार्य पद्धतिहरूको निर्धारण एवं आपसी तादात्म्यता हुने गरी व्याख्या गरेको छैन । यसर्थ कर प्रशासन/राजस्व प्रशासन कानुनको निर्माण हुन जरुरी छ । केन्द्रीय राजस्व बोर्ड/राजस्व प्राधिकरण कानुन नबने पनि अर्थ मन्त्रालय, राजस्व विभागहरू तथा कार्यालयहरू एवं सोका सहयोगी निकाय (जस्तै मौजुदा रा.प्र.ता.केन्द्र) को अन्तर्सम्बन्ध, भूमिका, जिम्मेवारी र कार्यक्षेत्र, कर्मचारी संगठन, वित्तीय व्यवस्था, प्रणाली व्यवस्थापन, सूचना/सञ्चार प्रविधि (ICT) को प्रयोग आदि विषयमा कानुनी संरचना सहितको स्वायत्तता प्रदान गरिनु पर्दछ । समग्र

राजस्व नीति निर्माण अर्थ मन्त्री/अर्थ मन्त्रालयको कार्य क्षेत्र भए पनि राजस्व प्रशासनको जिम्मेवारी सहितको स्वायत्तताको समुचित व्यवस्थापन हुनु जरुरी छ। स्वायत्त प्रशासन अन्तरगत मूलतः निम्न अवयवहरू सामेल हुनुपर्दछ :

(१). वित्तीय स्वायत्तता : लागतको आधारमा संगठन/संगठनहरूलाई पुग्दो कार्य सञ्चालन खर्च। साथै निश्चित सूत्रको आधारमा (नतिजामूलक सूचकहरूको मापन गरी) थप कार्य सम्पादनका लागि प्रोत्साहन (Incentives) रकम। भौतिक/प्रविधि (ICT) र करदाता सेवाका लागि थप श्रोत। लाइन आइटम बजेटको सट्टा कार्यगत आधारमा एकमुष्ट बजेट।

(२). जनशक्ति व्यवस्थापनमा स्वायत्तता : कर्मचारी भर्ना, तालिम, शीप विकास, वृत्ति विकास, सरुवा, कार्यगत अनुभवका लागि Job rotation, जनशक्ति योजना तर्जुमा र कार्यान्वयन, रा.प.प्रथम श्रेणी वा विभागीय प्रमुख स्तरसम्म कार्य वैशिष्ट्यताको आधारमा राजस्व सेवा/समूहको निर्माण, उप-समूहहरूको गठन लगायतको विषयमा सामान्यतया सांगठनिक स्वायत्तता। लोक सेवा आयोगले भर्नाका लागि परीक्षाहरू लिए पनि शैक्षिक योग्यता र क्षमता निर्धारण एवं पाठ्यक्रम निर्धारणमा संगठनको निर्णायक भूमिका रहनु पर्दछ।

(३) कार्य सञ्चालनमा स्वायत्तता : कार्यगत, प्रकृया र प्रणालीगत, रणनीति र योजना निर्माण प्रकृयामा संगठनको स्वायत्त भूमिका रहनु पर्दछ।

(४) सांगठनिक स्वायत्तता : राजस्व विभागहरूको एउटा छाता संगठन निर्माण गरी सोलाई व्यक्ति सरह मान्ने, नालिस लाग्ने, सोले मुद्दा हाल्न सक्ने, आफ्नै छाप हुने, सांगठनिक एकीकरण तथा समग्र विकास (OD) का लागि योजना बनाई सञ्चालनमा ल्याउन स्वायत्तता प्रदान गरिनु पर्दछ। राजस्व संगठन/संगठनहरूको अरु संगठन, निकायहरू (अर्थ मन्त्रालय/मन्त्री समेत) सँगको आवद्धता र सम्पर्क प्रकृया (Linkages) स्पष्ट परिभाषित हुनु पर्दछ।

(ख) राजस्व संगठनहरूको जिम्मेवारी र उत्तरदायित्व तथा अन्य संगठनसँगको सम्बन्ध स्पष्ट परिभाषित हुनु पर्दछ। खास गरी निम्न कुराहरूलाई सुधारको कार्यदिशामा समेट्नु पर्दछ :

(१) जिम्मेवारी, उत्तरदायित्व र अन्तर सम्बन्ध वारे कानुनी मार्गदर्शन।

(२) नेपाल सरकार प्रति सामान्यतया र अर्थ मन्त्री/अर्थ मन्त्रालय प्रति खासगरी (Specifically) जिम्मेवारी तोकिनु पर्दछ। अर्थ मन्त्री मार्फत् संसद प्रतिको उत्तरदायित्व (Answerable) परिभाषित गरिनु पर्दछ। अन्तर संगठन र

मातहत कार्यालय प्रति/आपसको अन्तर्सम्बन्ध र जिम्मेवारी स्पष्ट गरिनु पर्दछ। संवैधानिक निकायहरूले माग्ने सूचना, विवरण र राजस्व संगठनहरू (रा.अ.वि.लगायत) को भूमिका स्पष्ट हुनुपर्दछ।

(३) वृहद् रुपमा नेपाली जनता, सरोकारवाला र सेवाग्राही/व्यवसायी/करदाता प्रति राजस्व संगठनको उत्तरदायित्व रहने गरी जिम्मेवारीहरू परिभाषित गरिनु पर्दछ। संगठनको पारदर्शीता, समन्यायिकता (Fairness), इमान्दारीता (Integrity), दक्षतापूर्वक सेवा र करदाताको कर तिर्न लाग्ने लागतमा कटौती प्रतिको प्रतिवद्धता स्पष्ट गरिनु पर्दछ।

(ग) सांगठनिक सुधारको कार्यदिशा आधुनिक कम्प्यूटर प्रविधि/सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगद्वारा प्रशासनलाई चुस्त, स्वचालित (Automated), दक्ष, ज्ञान र जानकारीमा आधारित, करदाता र कर प्रशासनको प्रत्यक्ष सम्पर्कको न्यूनीकरण, 'इ-सुशासन' (E-governance) मा आधारित तथा करदातामैत्री वातावरणको निर्माण उन्मुख बनाईनु पर्दछ। सूचना आदान-प्रदान तथा एकीकृत/साझा सूचना संरचना (Data exchange and integrated common data framework) निर्माणलाई प्रोत्साहन गर्ने र प्रविधिमूलक कार्य प्रणाली/मानव संसाधनको विकासलाई प्राथमिकता दिने सांगठनिक सुधार हुनुपर्दछ।

(घ) राजस्व प्रहरी संगठनको निर्माण र विकास, कर निर्णयको कार्यान्वयन, कर तिर्न वाध्य गर्ने परिस्थितिको निर्माण, कर चोरीलाई दुरुत्साहन गर्ने अनुसन्धान प्रकृयामा जोड दिने स्वायत्त निर्देशनालयहरू र कार्यालयहरूको सांगठनिक विकास (OD of Enforcement/Intelligence Directorates) मा जोड दिइनु पर्दछ।

(ङ) कार्य नैतिकता र सदाचार पद्धति पालना ईकाइहरू (Ethics Units) को गठन, आन्तरिक लेखा परीक्षण, अनुगमन र नियन्त्रणमा जोड दिने र भ्रष्टाचार न्यूनीकरणमा बल पुऱ्याउने आन्तरिक ईकाइहरूको विकास तथा सोलाई सहयोग पुऱ्याउने पद्धतिहरूको निर्माण र संस्थागत विकासमा जोड दिने केन्द्रीय संगठन ढाँचाका ईकाइहरूको निर्माण र विकास गरिनु पर्दछ। यस्ता केन्द्रीय ईकाइहरूको छुट्टै सांगठनिक विकास गर्दै तलका कार्यालयसम्म निगरानीमा राख्ने र सोझै संगठन प्रमुखलाई प्रतिवेदन गर्ने पद्धतिको विकास गरिनु पर्दछ। स्वतन्त्र मूल्यांकन समिति/ईकाइहरू (Independent Evaluation Committees/Units) को गठनद्वारा समग्र राजस्व प्रशासनको नतिजाको सर्वेक्षण र सुधारका सम्भावनाहरूको निरन्तर खोजीमा जोड दिइनु पर्दछ। साथै भविष्यमा चुनौतीहरूको पहिचान गरी सामना गर्न सक्ने सांगठनिक विकासका लागि अनुसन्धान र विकास (R & D) मा जोड दिइनु पर्दछ।

(च) पूर्वादेश जारी गर्ने, प्रशासनिक सुनुवाइ गर्ने, पुनरावलोकन गर्ने एवं संगठनभित्र पुनरावेदन (न्यायिक प्रकृति वा कानुनी व्याख्याको प्रश्न वाहेकका) सुन्ने केन्द्रीय स्तरको (अन्तर विभागीय र कानुन/लेखा सदस्यहरू रहेको) अर्द्ध-न्यायिक स्वायत्त तर राजस्व विभाग/संगठनभित्र रहेको (जस्तै अर्थ मन्त्रालय, राजस्व सचिव अन्तरगत वा बोर्ड अन्तरगत) पुनरावलोकन समिति गठन गरिनु पर्दछ । त्यसै गरी हालको कर फछ्र्यौट आयोग पद्धति पुनरावलोकन गरी राजस्व संगठनभित्रै कर फछ्र्यौट समिति बन्न सक्ने गरी सांगठनिक सुधारहरू गरिनु पर्दछ ।

(छ) विशिष्टीकृत सेवाहरूको विकास, सोही अनुसारको केन्द्रीय र कार्य सञ्चालन स्तरका कार्यालयहरूको संगठन ढाँचामा सुधार ल्याइनु पर्दछ । अन्तर विभागीय समान सेवाहरूका लागि छुट्टै एकीकृत निर्देशनालयहरू/केन्द्रहरू/तालिम एकेडेमीहरू, डाटा सेन्टरहरू, करदाता सेवा केन्द्रहरू (एकीकृत-एकद्वार प्रणालीका), सूचना केन्द्रहरू, प्रादेशिक/क्षेत्रीय कार्यालयहरूको स्थापना गरिनु पर्दछ । केन्द्रीय स्तरमा संगठनको एकीकरण र फिल्डमा विशिष्टीकृत र सेवाग्राहीलाई अनुकूल पर्ने कार्यालयहरूको स्थापना गरिनु पर्दछ । ठूला करदाता कार्यालयहरूले भन्सार लगायतका सवै सेवा कार्यहरू एकद्वार प्रणालीबाट प्रदान गर्नु पर्दछ । काठमाडौं उपत्यकामा 'मझौला करदाता कार्यालय' को स्थापना वारे सम्भाव्यता हेरिनु पर्दछ ।

(ज) करनीति अध्ययन, विश्लेषण र अनुसन्धानमा जोड, सरोकारवालाहरू र विज्ञहरूसँग नीतिगत परामर्श र सम्वादको निरन्तर अभ्यास निश्चित अवधिहरूमा करदाता सन्तुष्टि सर्वेक्षण, स्थिर र अनुमानयोग्य नीतिगत पारदर्शिता (Stable policy regime) तथा समग्र नीतिगत सुधारलाई सहयोग पुग्ने गरी केन्द्रीय राजस्व संगठनमा महाशाखा/ईकाइहरूको विकास गरिनु पर्दछ ।

(झ) आगामी संघीय संरचनालाई ध्यानमा राखी केन्द्रीय, प्रादेशिक र स्थानीय राजस्व संगठनको विकास गरिनु पर्दछ ।

(ञ) समग्रमा राजस्व संगठनको विकास चुस्त (Smart), दक्ष (Efficient), मितव्ययी (Economical), राजस्व उत्पादकत्वलाई ध्यानमा राख्दै करदातामैत्री, आधुनिक सूचना/सञ्चार प्रविधि (ICT) र ज्ञान/शीपयुक्त जनशक्तिलाई संगठनको मेरुदण्डको रुपमा स्वीकार्दै पारदर्शी, स्पष्ट जवाफदेहिता र जिम्मेवारीका साथ अर्द्ध-स्वायत्त संगठन निर्माणतर्फ उन्मुख हुनु पर्दछ ।

## समग्र संगठन ढाँचाका विकल्पहरू

**१४.** माथि खण्ड १२ मा उल्लेख गरे झै राजस्व संगठनको भावी स्वरुपका सम्बन्धमा ४ विकल्पहरू सुझाव गरिएका छन् । यी विकल्पहरू कार्यान्वयन गर्दा एकबाट अर्कोमा जान नसकिने खालका (Mutually exclusive) होइनन् । बरु कार्यान्वयनको सजिलोका लागि पहिलो विकल्प शुरुमा (आगामी वर्षनै) कार्यान्वयन गर्ने, सो कार्यान्वयनको सफलता हेरी र संस्थागत आधार तयार भए पछि १/२ वर्षपछि दोस्रो विकल्प कार्यान्वयन गर्ने र सोको पनि सफलता हेरी र संस्थागत आधार तयार भएपछि अर्को २/३ वर्षपछि तेश्रो विकल्प लागू गर्ने गरी विकल्पहरूको कार्यान्वयन सोपान (Implementation ladder) को रुपमा हेर्न सकिन्छ । पाँच वर्षपछि तेश्रोको सट्टा सोझै चौथो विकल्प लागू गर्न पनि सकिन्छ वा तेश्रोको कार्यान्वयन समीक्षा गरेर मात्र चौथो विकल्पमा जान पनि सकिन्छ वा तत्कालीन परिस्थिति र समग्र संरचनागत र निजामती सेवाको दक्षता हेरी चौथो विकल्प लागू नै नगर्ने निर्णय पनि उपयुक्त ठहरिन सक्दछ ।

**१५.** सुझावका यी कुनै पनि विकल्प लागू गर्न उच्च राजनीतिक तहको स्वामित्व, समर्थन र प्रोत्साहन आवश्यक पर्नेछ । साथै कर्मचारी नेतृत्व तहको सहयोग, समर्थन र स्वामित्व आवश्यक पर्नेछ । साधन श्रोतमाथि शुरुका वर्षहरूमा थप भार पर्नेछ । संविधान निर्माण प्रकृयाको ढिला सुस्ती र संघीय संरचना निर्माणको अन्यौलताले राजस्व संगठनको सुधारमा पनि जोखिम र अनिश्चितता ल्याउने संभावना छ ।

**१६.** **शुरुको विकल्प:** पहिलो विकल्पः विद्यमान केन्द्रीय संगठनको सामान्य सुधार सहितको निरन्तरता :

(क). राजस्व सचिव सहितको अर्थ मन्त्रालयका मौजुदा राजस्व सम्बन्धी महाशाखाहरू, विभागहरू तथा कार्यालयहरूको मौजुदा संगठन ढाँचा (सुधारको क्रममा रहेका ढाँचाहरू सहित) लाई हालको लागि सामान्य सुधार सहित (आगामी १/२ वर्ष) निरन्तरता दिने पहिलो विकल्प हो । तर यसमा केही समसामयिक र माथिको खण्ड १३ मा उल्लेखित सुधारको तत्कालीक कार्यदिशासित मेल खाने गरी सुधारहरू प्रस्तावित गरिएका छन् । यो निरन्तरताको सांगठनिक स्वरुपमा सुधार सहितको प्रस्तावित केन्द्रीय संगठन ढाँचा अनुसूची-४ मा समावेश गरिएको छ ।

(ख). यो सामान्य सुधार सहितको निरन्तरताको ढाँचा लागू गर्दा विद्यमान प्रशासनिक/प्रणालीगत सुधारका प्रयासहरूलाई तीव्रता (Accelerated) दिन सुझाव गरिन्छ ।

(ग). नयाँ संविधान र संघीय ढाँचाको प्रशासनिक संरचना टुंगो नलागेसम्म विद्यमान राजस्व संगठनमा तत्काल व्यापक पुनर्संरचना नगर्ने हेतुले यो सुझाव गरिएको हो ।

(घ). समग्र निजामती सेवाको संरचनागत सुधारसँग एकीकरण हुने गरी राजस्व संगठनमा सुधार ल्याउन प्रस्तावित गरिएको छ ।

(ङ). नेपाल राजस्व सेवा गठन गर्ने प्रयास गर्ने, र सो तत्काल हुन नसकेमा राजपत्रांकित प्रथम श्रेणीसम्म समूहीकृत हुने गरी तथा कर र भन्सार दुई उपसमूह रहने गरी राजस्व समूहको विस्तार गर्न/पुनर्संगठित गर्न सुझाव गरिएको छ । लोक सेवा आयोगले सेवा प्रवेश तहको परीक्षा लिंदा राजस्व समूहको लागि छुट्टै थप १ पत्र (राजस्व कानुन, राजस्व लेखा र प्रशासन, राजस्व नीति) को परीक्षा लिने र कानुन, वाणिज्य शास्त्र एवं अर्थशास्त्र जस्ता विषयको अध्ययन (स्नातक) लाई सेवा प्रवेशका लागि अनिवार्य गर्न सुझाव गरिन्छ ।

(च). कार्यसम्पादन बजेट तथा कार्य सम्पादन प्रोत्साहनलाई अझ बढी प्रभावकारी बनाउन सुझाव गरिन्छ । कार्य सम्पादन प्रोत्साहन सुविधालाई दोब्बर गर्न (साविकझैं) सुझाव गरिन्छ । कूल कार्य सम्पादनको एकीकृत मापनको आधारमा प्रोत्साहन रकमको ५० प्रतिशत रकम प्रदान गर्ने र वांकी ५० प्रतिशत रकमलाई महत्वपूर्ण र विशिष्ट कार्यहरू (जस्तै करदाता सेवा, ICT को प्रयोग, पुरानो बक्यौता असुली आदि) मा छुट्टाछुट्टै उपलब्धिका लागि छुट्टाछुट्टै प्रदान गर्ने गरी सुधार गर्न सकिन्छ । त्यस्तै नकारात्मक Score आएमा सकारात्मक Score को रकम रोक्का गर्न सकिन्छ ।

(छ). प्रकृयागत/प्रणालीगत एकीकरण, ICT मा जोड, सूचना एकीकरण र आदान प्रदान प्रकृयाको प्रभावकारिता (Data integration and exchange) मा जोड दिन सुझाव गरिन्छ । यसका लागि मन्त्रालयमा सूचना प्रविधि महाशाखा गठन गर्ने र एकीकृत Data Centers को निर्माण गर्न सुझाव गरिन्छ ।

(ज). राजस्व सचिव मातहत राजस्व परामर्श समिति, राजस्व नीति महाशाखा, राजस्व प्रशासन महाशाखा, कर्मचारी प्रशासन र जनशक्ति विकास महाशाखा, सूचना र सञ्चार प्रविधि (ICT) तथा केन्द्रीय राजस्व तथ्यांक भण्डारण (Central Revenue Database) महाशाखा राख्न सुझाव गरिएको छ । राजस्व नीति महाशाखाले प्रत्यक्ष कर, अप्रत्यक्ष कर तथा गैह्र कर नीति सम्बन्धी शाखाहरू समाहित गर्नेछ । राजस्व प्रशासन महाशाखाले राजस्व अनुगमन, विभागीय सुपरिवेक्षण तथा सञ्चालन, कार्य विधि सुधार शाखाहरू हेर्नेछ । कर्मचारी प्रशासन र जनशक्ति विकास महाशाखाले यी कुराहरूको अतिरिक्त आन्तरिक नियन्त्रण र सदाचार कायम गर्ने कार्यहरू/पद्धतिहरूको विकास पनि गर्नेछ । त्यसैगरी सूचना र सञ्चार प्रविधि महाशाखाले करदाता सेवा तथा सोका लागि गर्नु पर्ने सुधारात्मक कार्यहरू पनि गर्नेछ ।

(झ) राजस्व सचिव अन्तरगत मौजुदा विभाग/केन्द्रहरूका अतिरिक्त रा.प्र.ता.केन्द्र मातहत रहने गरी Tax Academy, भन्सार तालिम केन्द्र, राजस्व अनुसन्धान तालिम केन्द्रहरू सञ्चालन गर्न सुझाव गरिन्छ। सेवा प्रवेश तालिम १ वर्षको हुनुपर्ने र आवश्यकता अनुसार विषयगत विशिष्ट तालिमहरू/पुनर्ताजगी तालिमहरू सञ्चालन गर्न सुझाव गरिन्छ । रा.प्र.ता.केन्द्रलाई Center of Excellence को रुपमा विकास गर्ने, कर नीति अनुसन्धानमा केन्द्रित गर्ने तथा मातहत र आवद्ध तालिम संस्थाहरूको नियामक निकायको रुपमा कार्य गर्न सुझाव गरिन्छ ।

(ञ). राजस्व प्रहरीको छुट्टै संगठन/प्रधान कार्यालय तयार गरी राजस्व सचिव मातहत राख्न सुझाव गरिन्छ । राजस्व अनुसन्धान विभागबाट अवैध विदेशी मुद्राको कारोवार नियन्त्रण गर्ने कार्य झिकी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग (Department of Money Laundering Investigation) लाई दिन सकिने बारेमा सम्भाव्यता पहिल्याउन सुझाव गरिन्छ ।

(ट). विभागहरूको आ-आफ्नो योजना अनुसार स्थानीय र विशिष्टीकृत राजस्व कार्यालयहरू (जस्तै PCA Office, LTO) को संगठन ढाँचामा सुधार ल्याउन र कार्यगत (Functional) कार्य विभाजनलाई प्रोत्साहन गर्न सुझाव गरिन्छ । विगतमा कार्यगत कार्य विभाजनलाई फितलो वनाउने (Dilute) कार्य गरिएकोलाई सच्याउन सुझाव गरिन्छ । करदाता सेवा ईकाइहरूलाई Front Office/One Window को रुपमा (भन्सार प्रशासनका लागि समेत) विकास गर्न र ज्यादा से ज्यादा ठाउँमा विस्तार गर्न सुझाव गरिन्छ । LTO जस्तै काठमाडौं उपत्यकामा Medium Taxpayer Office (MTO) खोल्न प्रयास गर्न सुझाव गरिन्छ ।

(ठ). PCA र Tax Audit लाई गाभी तथा विज्ञहरूको समूह (CA / Tax Lawyers) राखी Tax Audit Office बनाउन सकिने संभावना हेर्न सुझाव गरिन्छ । साथै बक्यौता कर (भन्सार समेत) असुली गर्न अधिकार सम्पन्न छुट्टै कार्यालय गठन तर्फ मनन गर्न सुझाव गरिन्छ। कर कार्यान्वयन निर्देशनालय (Tax Enforcement Directorate) गठन तर्फ सम्भाव्यता अध्ययन गर्न सुझाव गरिन्छ । करदाताको सूचनाहरू (भन्सार समेत) एकीकृत रुपमा संकलन गर्न र व्यवस्थापन गर्न तथा एउटै केन्द्रबाट सवै राजस्व निकायलाई सूचना वितरण गर्न (आवश्यकता अनुसार) एकीकृत राजस्व सूचना भण्डारण केन्द्र (Database Center) गठन तर्फ प्रयास गर्न सुझाव गरिन्छ । हाललाई यो सुधार आर्थिक ऐनद्वारा पनि ल्याउन सकिन्छ ।

(ड). कर कानुनहरूमा सुधार गरी राजस्व सचिव र मन्त्रालयमा रहेको राजस्व संगठनको अधिकार र दायित्व वारे उल्लेख गर्न सुझाव गरिन्छ ।

**१७. दोस्रो विकल्प** : राजस्व केन्द्रीय संगठनको रुपमा केन्द्रीय राजस्व बोर्डको गठन (पूर्णतया सरकारी पदाधिकारीहरू रहेको अर्थ मन्त्रालयको संगठन) :

(क). खण्ड १६ मा उल्लेख भए झैं सांगठनिक सुधारको वर्तमान कार्यहरूलाई निरन्तरता र तिव्रता दिंदै सुधारको कार्यदिशामा उल्लेखित सुधारहरूलाई कार्यान्वयन गर्न सुझाव गरिन्छ । साथै अर्थ मन्त्रालय अन्तरगत केन्द्रीय राजस्व बोर्ड गठन गर्न सुझाव गरिन्छ ।

(ख). केन्द्रीय राजस्व बोर्डको यो मोडेलमा हालका विभागीय निकायहरू सामान्यतया यथावत् कार्यरत रहनेछन् । तर यी विभाग/निकायहरू राजस्व बोर्ड अन्तरगत रहनेछन् । राजस्व बोर्ड एक ऐन अन्तरगत स्थापित हुनेछ । यो बोर्ड अर्थ मन्त्रालय अन्तरगत समग्र राजस्व प्रशासन संचालन गर्ने र सो प्रति उत्तरदायी हुने एक केन्द्रीय निकायको रुपमा रहनेछ । राजस्व सचिव यसको अध्यक्ष/प्रमुख हुनेछन् । यसमा हालका राजस्व विभागका (रा.प्र.ता. केन्द्र समेत) सवै प्रमुखहरू सदस्य हुनेछन् र साथै अर्थ मन्त्रालयका केही महाशाखा प्रमुखहरू (मौजुदामा : प्रशासन महाशाखा, राजस्व व्यवस्थापन महाशाखा, कानुन तथा परामर्श महाशाखा र अनुगमन तथा मूल्यांकन महाशाखाका प्रमुखहरू; नयाँ सुधारिएको ढाँचामा : राजस्व नीति महाशाखा, राजस्व प्रशासन महाशाखा, कर्मचारी प्रशासन तथा जनशक्ति विकास महाशाखा, कानुन तथा परामर्श महाशाखा, लेखा र आ.ले.प.(राजस्व) महाशाखा र सूचना तथा सञ्चार प्रविधि महाशाखाका प्रमुखहरू) सदस्य रहनेछन् । बोर्ड अन्तरगत अहिलेका राजस्व विभागहरूका अतिरिक्त राजस्व-सदाचार पालन कार्यालय (Revenue Ethics Office), कार्यान्वयन निर्देशनालय (Enforcement Directorate) करदाता सेवा निर्देशनालय (Taxpayer Service Directorate) तथा राजस्व सूचना र तथ्यांक व्यवस्थापन केन्द्र (Revenue Data Management Center) थप हुनेछन् । रा.प्र.ता.केन्द्र अन्तरगत कर एकेडेमी र भन्सार/राजस्व अनुसन्धान तालिम केन्द्रहरू संचालन हुनेछन् । विस्तृत संगठन तालिका अनुसूची-५ मा दिइएको छ ।

(ग). केन्द्रीय राजस्व बोर्डको सीमित स्वायत्तता हुनेछ । बोर्डमाथि व्यक्ति सरह नालिस लाग्ने र यसले अरु व्यक्तिमाथि मुद्दा चलाउन सक्ने हुन्छ । यसको आफ्नो छुट्टै छाप हुनेछ । अर्थ मन्त्रालयको स्वीकृति लिई मातहत निकाय/पदाधिकारीहरूलाई कार्य सम्पादनका आधारमा थप बजेट/प्रोत्साहन पारिश्रमिक दिन सक्ने अधिकार बोर्डलाई हुनेछ । लाइन आइटम बजेटको सट्टा लागत आधार र कार्य सम्पादन करारका आधारमा बोर्डले आफ्नो र मातहत निकाय/कार्यालयको बजेट व्यवस्थापन गर्न सक्नेछ । यसका लागि अर्थ मन्त्रालयले नियमित बजेटका अतिरिक्त कूल

राजस्व संकलनको ०.५ प्रतिशत सम्म रकम थप दिने प्रवन्ध मिलाउन सुझाव गरिन्छ । कर्मचारी प्रशासनको हकमा माथि खण्ड १६ मा उल्लेख भए झै नेपाल राजस्व सेवा गठन गर्ने वा रा.प.प्रथम श्रेणी सम्मको राजस्व समूह विस्तार गर्न सुझाव गरिन्छ । विभागीय प्रमुख सम्मका पदाधिकारीहरूको पदस्थापन, सरुवा र सुपरिवेक्षणको जिम्मेवारी बोर्डमा राख्न सुझाव गरिन्छ । राजस्व विभागहरूमा महानिर्देशक पदहरूलाई विशिष्ट श्रेणीमा स्तरोन्नति गरी राजस्व समूहमा समूहीकृत गर्न र यी पदहरूवाट केन्द्रीय राजस्व बोर्डको अध्यक्षमा समेत स्थानान्तरण हुन सक्ने गरी व्यवस्थापन गर्ने हो भने प्रभावकारिता र दक्षतामा थप अभिबृद्धि ल्याउन सकिन्छ ।

(घ). राजस्व परामर्श समिति एक स्थायी परामर्श समितिको रुपमा रहने, बोर्डसँग आवद्ध हुने सल्लाहकार समिति हुनेछ । यसले विषयगत अध्ययन अनुसन्धान गराउने, स्वतन्त्र मूल्यांकनहरू गर्ने, राजस्व नीति, प्रशासन, बोर्डको छवि (Image) को सर्वेक्षण गर्ने, अध्ययन विश्लेषण गर्ने र बोर्डलाई सुझाव दिने कार्य गर्नेछ । बोर्डको दैनिक प्रशासनमा यसले कुनै हस्तक्षेप गर्न पाउने छैन ।

(ङ). राजस्व नीति र राजस्व प्रशासनको नीतिगत/संस्थागत पक्षहरूका वारे बोर्डले अर्थ मन्त्रालयलाई सुझाव गर्ने एवं प्रत्येक चौमासिकमा प्रतिवेदन प्रस्तुत गर्नेछ । संसदमा राजस्वका विषयमा उठेका प्रश्नहरूको जवाफ दिने उत्तरदायित्व अर्थ मन्त्रीमार्फत् बोर्डको हुनेछ । महालेखा परीक्षकले बोर्डको आय/व्यय तथा समग्र काम कारवाहीको लेखा परीक्षण गर्नेछन् । अन्य निकायहरूसँगको सम्पर्क सामान्यतया अर्थ मन्त्रालय मार्फत् बोर्डले गर्नेछ तर प्रत्यक्ष सरोकारका विषयमा बोर्डले र अन्य निकायले सोझै एक आपसमा सम्पर्क गर्न सक्नेछन् ।

(च). बोर्ड अन्तरगतका विभागहरू आफ्नो निकाय (Executive Agency Model) सँग सरोकार रहेको सवै कार्यहरू सम्पादन गर्न आफूमा स्वतन्त्र हुनेछन् (at execution level) तर विभाग/निकाय/केन्द्र/निर्देशनालयहरूको आपसी समन्वय र नियन्त्रणको विषय, कार्यक्षेत्र दोहोरिएको वा बाझिएको विषय तथा समग्र राजस्व प्रशासन, राजस्व नीति वा प्रणाली/प्रविधिमा असर पर्ने विषय वा दीर्घकालीन सरोकारका विषयहरूमा बोर्डले सामूहिक निर्णय गर्नेछ । बोर्डले बहुमतद्वारा निर्णय गर्नेछ तर सरोकारवाला विभाग/निकायसँग सम्वद्ध विषयमा सो विभाग/निकायको मत लिनु र सोबारे विमर्श गर्नु अनिवार्य हुनेछ । सम्बन्धित निकाय प्रमुखको राय र बहुमतको राय बाझेमा बोर्डको प्रमुख (राजस्व सचिव) को राय मान्य हुनेछ ।

(छ). बोर्ड अन्तरगत कानुन र लेखा सदस्य अनिवार्य रहने गरी तथा सरोकारवाला विभाग/निकाय/निर्देशनालय प्रमुख सदस्य रहने गरी तीन सदस्यीय पूर्वादेश र पुनरावलोकन समिति गठन हुनेछ । साथै विभागीय प्रमुखले गरेको प्रशासकीय पुनरावलोकन/सुनुवाई उपर दोस्रो समिति तहको पुनरावलोकन सुन्ने कार्य पनि यो समितिले गर्नेछ । यस समितिमा बहुमतको राय कार्यान्वयन हुनेछ, बहुमत हुन नसकेमा बोर्ड अध्यक्षले सदर गरेको राय मान्य हुनेछ । यी पूर्वादेश वा पुनरावलोकन प्रयोजनका लागि बोर्डले आवश्यक देखेमा सूची (Panel) तयार गरी चार्टर्ड एकाउन्टेन्ट/कर कानुनको विज्ञहरूको समूह गठन गर्न सकिनेछ र आवश्यकता अनुसार सूचीमा रहेका विज्ञहरूको सल्लाहकार सेवा लिन सकिनेछ ।

(ज). केन्द्रीय राजस्व बोर्डको गठन गर्न बन्ने कानुन (ऐन) मा अन्य कुराहरूका अतिरिक्त निम्न मूलभूत कुराहरू समावेश गर्न सुझाव गरिन्छ :

(१). प्रस्तावना ।

(२) नाम, सक्षिप्त नाम र लागू हुने मिति ।

(३). बोर्डको उद्देश्य र कार्यक्षेत्र ।

(४). बोर्डको गठन विधि, अध्यक्ष, सदस्यको नियुक्ति प्रकृया र हटाइने विधि, पदाधिकारीहरूको अधिकार र कर्तव्य ।

(५). बोर्डको निर्णय प्रकृया, सचिवालय, व्यवस्थापन विधि, बजेट, लेखा, लेखा परीक्षण र उत्तरदायित्व/सम्पर्क-समन्वय विन्दूहरू ।

(६). बोर्ड अन्तरगतका समितिहरू, महाशाखा, शाखाहरू, विभागहरू, केन्द्र, निर्देशनालयहरू तथा मातहत कार्यालयहरू ।

(७). कर्मचारीहरू, कर्मचारी व्यवस्थापन र जनशक्ति विकास, कार्य सम्पादनमा आधारित प्रोत्साहन विधि, कार्य वैशिष्टीकरण, तालिम/क्षमता विकास, कार्यगत कार्य विभाजन (Functional Operation)।

(८). सदाचार पालना विधि, करदाताप्रतिको कर्तव्य ।

(९). कर प्रशासनसँग सम्वद्ध ICT प्रयोग लगायतका प्रणाली/प्रकृयागत/व्यवस्थापकीय कुराहरू ।

(१०). कर ऐनहरूसँगको सम्बन्ध, नेपाल सरकार, अर्थ मन्त्रालय/मन्त्री, संसद र अरु निकायहरूसँगको सम्बन्ध, जिम्मेवारी र अधिकारहरू ।

(११). आन्तरिक लेखा परीक्षण नियन्त्रण, सुपरिवेक्षण र भ्रष्टाचार नियन्त्रण, पारदर्शीताका आन्तरिक उपायहरू ।

(१२). राजस्व परामर्श समिति र सोसँगको सम्बन्ध ।

**१८. तेस्रो विकल्प :** अर्द्ध-स्वायत्त केन्द्रीय राजस्व बोर्डको गठन

(क). खण्ड १७ मा उल्लिखित सुधारहरू र तत्कालीक सुधारका कार्यदिशालाई तीव्रता दिंदै दोस्रो विकल्पमा उल्लिखित राजस्व बोर्ड गठनको २/३ वर्षभित्र अर्द्ध-स्वायत्तता सहितको केन्द्रीय राजस्व बोर्ड गठन गर्न प्रस्ताव गरिन्छ । पूर्ण सरकारी राजस्व बोर्डको गठन पश्चात् गरिने अनुभव र सिकाइका आधारमा परिमार्जन गर्ने गरी यो अर्द्ध-स्वायत्त राजस्व बोर्डको गठन गर्न सुझाव गरिन्छ ।

(ख). यस निकायमा केन्द्रित राजस्व बोर्डको दुइवटा तह हुनेछन् : केन्द्रीय राजस्व परिषद् र कार्यकारिणी समिति । नेपाल सरकारको राज्य मन्त्री सरहको प्रमुख कार्यकारी हुनेछन्, जो परिषद् र समिति दुवैको प्रमुख/अध्यक्ष पनि हुनेछन् । परिषद्मा कार्यकारिणी समितिका सवै सदस्यहरू रहनेछन् र साथै अर्थशास्त्री, व्यवसायिक प्रतिनिधिहरू, स्वतन्त्र सदस्यहरू, अन्य निकायहरू (जस्तै नेपाल राष्ट्र बैंक, रा.यो.आ., वाणिज्य/उद्योग मन्त्रालय, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, नेपाल बार काउन्सिल, महालेखा नियन्त्रक कार्यालय) का कम्तीमा विशिष्ट श्रेणी सरहका वा अध्यक्ष स्तरका पदेन सदस्यहरू, अर्थ सचिव तथा नेपाल सरकारबाट मनोनित केही व्यक्ति समेत गरी १८-२० जना सम्मको परिषद् गठन हुनेछ । राजश्व परामर्श समितिलाई सल्लाहकार निकायको रुपमा निरन्तरता पनि दिन सकिन्छ । परिषद्लाई परामर्श समितिमा परिणत गरी केही नियामक भूमिका दिई राजस्व सचिवको अध्यक्षतामा कार्यकारिणी समिति गठन गर्न पनि सकिन्छ ।

(ग). कार्यकारिणी समितिमा अध्यक्ष/प्रमुख कार्यकारी अधिकृतका अतिरिक्त ६ जना सम्म अरु सदस्य राख्न सुझाव गरिन्छ । सदस्यहरूमा आ.रा.वि. र भन्सार विभागका महानिर्देशकहरू, कर नीति हेर्ने सहसचिव, लेखा सदस्य (स.स.स्तरको), कानुन सदस्य (स.स.स्तरको) तथा एक जना स्वतन्त्र विज्ञ सदस्य राख्न सुझाव गरिन्छ ।

(घ). खण्ड १७ मा झै बोर्ड छुट्टै पहिचान भएको व्यक्ति हुने, पूर्वादेश र पुनरावलोकन समिति (कार्यकारिणी समितिबाट) गठन हुने, एजेन्सी मोडेलमा कार्य सम्पादन गर्ने, छुट्टै ऐनद्वारा गठन हुने र व्यवस्थित हुने, नेपाल राजस्व सेवा गठन हुने र सोको प्रशासन यस बोर्डले गर्ने, कर्मचारी भर्ना लोक सेवा आयोगद्वारा हुने, राजस्व सचिव पनि राजस्व प्रशासनमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त व्यक्ति हुने, कार्यान्वयन निर्देशनालय, सदाचार कार्यालय, केन्द्रीय सूचना तथा संचार व्यवस्थापन कार्यालय लगायत एकीकृत र कार्यगत विशिष्टीकृत सेवाहरू प्रदान गर्ने मातहत निकाय/कार्यालयहरू स्थापना/विकास गर्न सुझाव गरिन्छ ।

(ङ). खण्ड १७ मा उल्लेख गरिए झैं बोर्डको स्थापनार्थ र संचालनार्थ जारी गरिने कानुन (ऐन) मा माथिका विषयहरूका अतिरिक्त परिषद् र कार्यकारी समितिको अधिकार, जिम्मेवारी र कर्तव्य तथा आपसी अन्तरसम्बन्ध एवं नेपाल सरकार/अर्थ मन्त्रालयसँगको अन्तरसम्बन्ध, राज्य मन्त्री सरह अध्यक्ष नियुक्ति गर्दा निजको नियुक्ति प्रकृया, सदस्यहरू मनोनयन प्रकृया र पदावधि रिक्त हुने अवस्था, कार्यकारिणी समितिमा मनोनयन हुने विज्ञ सदस्यको योग्यता, नियुक्ति प्रकृया, पदावधि र रिक्त हुने अवस्था समेत उल्लेख गरिनु पर्दछ। साथै पूर्ण सरकारी बोर्डको तुलनामा थप आर्थिक, कर्मचारी व्यवस्थापन र प्रणालीगत विषयहरूमा तथा राजस्व प्रशासनका विषयमा (राजस्व नीतिका विषय र करका दरहरूका विषय वाहेक) अधिकारहरू, जिम्मेवारीहरू र स्वायत्तता प्रदान गर्ने गरी कानुन निर्माण हुन सुझाव गरिन्छ। यो अर्द्ध-स्वायत्त राजस्व बोर्डको मोडेल अरु मुलुकहरूमा प्रचलित सीमित स्वायत्तता भएका राजस्व प्राधिकरण वा नेपालका विकास समितिहरूको मोडेल हो, तर यसमा कर्मचारी भर्ना प्रकृया लोक सेवा आयोगलाई सुम्पिएको छ भने नेपाल राजस्व सेवा पनि नेपाल निजामती सेवाको अभिन्न अंगको रुपमा रहने कुरा अंगीकार गरिएको छ। आर्थिक स्वायत्तताको हकमा खण्ड १७ मा झैं केही लागतको आधारमा बजेट हस्तान्तरणद्वारा (अर्थ मन्त्रालयबाट) र केही सूत्रगत आधारमा (कूल असुलीको ०.५ प्रतिशत) थप अनुदानद्वारा बोर्डले बजेट पाउने गरी समग्र आन्तरिक आर्थिक व्यवस्थापन बोर्ड स्वयंले गर्न पाउने गरी (जस्तै विश्वविद्यालयहरू, स्थानीय निकायहरू) व्यवस्थापन गर्न र स्वायत्तता प्रदान गर्न सुझाव गरिएको छ। यस मोडेलको अर्द्ध-स्वायत्त केन्द्रीय राजस्व बोर्डको संगठन ढाँचाको नमूना अनुसूची-६ मा दिइएको छ।

(च). बोर्ड अन्तरगत रहने महाशाखा र विभाग/निर्देशनालय/केन्द्र/एकेडेमीहरू खण्ड १७ झैं रहने छन्। कार्य अनुभवको आधारमा थप निर्देशनालय/महाशाखा/समिति/उपसमिति/विभाग गठन गर्न सकिन्छ। एकीकृत र सेवा विशिष्टीकृत स्थानीय/विषयगत कार्यालयहरू स्थापना गर्दै जान र संघीय स्वरुपमा प्रादेशिक कार्यालय/निर्देशनालयहरूको गठन गर्न सुझाव गरिन्छ। त्यस्तै एकद्वार सेवा प्रणालीको लागि ठूला करदाता/मझौला करदाता कार्यालयहरू स्थापना गर्ने, सेवा केन्द्रहरू विस्तार गर्दै लाने, एकीकृत लेखा परीक्षण कार्यालय, तथ्यांक प्रशोधन ईकाइहरू गठन गर्न सुझाव गरिन्छ। बोर्ड अध्यक्ष (कार्यकारिणी समिति) लाई सोझै प्रतिवेदन गर्ने गरी आन्तरिक अनुगमन, नियन्त्रण र सदाचार पालन कार्यान्वयन महाशाखा/निर्देशनालय स्थापना गर्न पनि सुझाव गरिन्छ। बोर्ड अन्तरगतका विभागहरू/निर्देशनालयहरू पनि कार्यकारी एजेन्सीको रुपमा आफ्नो कार्य क्षेत्र

भित्रको विषयमा कार्य सञ्चालन गर्न, कर प्रशासन गर्न र कर कानुन कार्यान्वयन गर्न स्वायत्त हुनेछन् ।

१९. **चौथो विकल्प** : स्वायत्तता सहितको राजस्व प्राधिकरणको गठन :

(क). चौथो विकल्पको रुपमा छुट्टै ऐनद्वारा नेपाल राष्ट्र बैंकको गठन र संचालन विधिको अनुशरण गर्दै एक स्वायत्त राजस्व प्राधिकरण (Revenue Authority) गठन गर्न सुझाव गरिन्छ । उपरोक्त सुधारहरू कार्यान्वयन गर्न प्रारम्भ गरेको ५ वर्ष पश्चात् कार्य अनुभव र तत्कालीन अध्ययन/विश्लेषणका आधारमा यस्तो प्राधिकरण गठन गर्ने विषयमा निर्णयमा पुग्न उपयुक्त हुनेछ। राजस्व प्राधिकरणको गठन/सञ्चालन पश्चात् मातहत विभाग/निर्देशनालयहरूको एजेन्सी प्रकृतिको पहिचान र कानुनी व्यक्तिको अस्तित्व समाप्त हुनेछ तथा प्राधिकरणको नाममा राजस्व सम्बन्धी सम्पूर्ण कार्यहरू (नीति र करका दरहरू वाहेक) गरिनेछन् । कर्मचारी भर्ना लगायत समग्र जनशक्ति व्यवस्थापनको अधिकार, असुली गरेको राजस्वको निश्चित प्रतिशत (१ देखि २ प्रतिशत) प्राप्त गरी वा राजस्व असुलीबाट आफ्नो खर्च कटाई (नेपाल राष्ट्र बैंक झै) बाँकी रकम मात्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला गर्ने गरी आर्थिक व्यवस्थापनको सम्पूर्ण अधिकार र स्वायत्तता प्राधिकरणमा निहित रहनेछ । कर कानुनहरूमा संशोधन गरी प्राधिकरणको एजेन्सी अधिकार स्थापित गरिनेछ ।

(ख). राजस्व प्राधिकरण अर्थ मन्त्रीप्रति उत्तरदायी हुनेछ। राजस्व नीति निर्माण र करका दरहरूका विषयमा प्राधिकरणले अर्थ मन्त्रीलाई सुझाव दिनेछ र बाँकी समग्र राजस्व प्रशासनको जिम्मेवारी प्राधिकरणको हुनेछ। प्राधिकरण अर्थ मन्त्री मार्फत् संसदप्रति उत्तरदायी हुनेछ । यसको लेखा परीक्षण स्वतन्त्र लेखा परीक्षकहरूद्वारा तथा अन्तिम लेखा परीक्षण महालेखा परीक्षकद्वारा गरिनेछ । अन्य संवैधानिक निकायहरू, नेपाल सरकारका मन्त्रालय/निकायहरू तथा अन्य निकायहरूसँग सम्पर्क र समन्वय अर्थ मन्त्रालय मार्फत् हुनेछ। तर प्रत्यक्ष सरोकारका विषयमा सम्बन्धित निकायसँग सोझै दोहोरो सम्पर्क हुन सक्नेछ । प्राधिकरणको आफ्नो छाप हुनेछ र कानुनी व्यक्तिको रुपमा व्यवहार गर्नेछ ।

(ग). राजस्व प्राधिकरणको समग्र करदाताप्रति वा तिनको हित हेर्ने संगठनहरूप्रति (जस्तै ने.उ.वा.संघ) समन्यायिक र सम्मानपूर्ण व्यवहार गर्ने दायित्व हुनेछ । राजस्व प्राधिकरणको अनुचित/गैर सम्मानजनक व्यवहारका लागि नागरिकले नेपालका अदालतमा मुद्दा हाल्न सक्नेछ। करदाताले कर तिर्दा लाग्ने लागत (समय वा रकम) सक्दो कम गराउने जिम्मेवारी प्राधिकरणको पनि हुनेछ । प्राधिकरणले

आधुनिक सूचना तथा संचार प्रविधि (ICT) को प्रयोग र करदाता सेवाका लागि नवीनतम प्रणाली/प्रकृयाहरूको प्रयोग गरी करदाताले स्वेच्छाले र स्वचालित तवरले कर तिर्ने प्रवृत्तिको विकास गर्न हरसम्भव प्रयत्न गर्नेछ। सबै करदातालाई समान र सम्मानजनक तथा दक्षता/शीपयुक्त (Professional) व्यवहार गर्दै कर नतिर्ने, दायरामा नआउने, कम कर तिर्ने, कर चोरी/जालसाजी गर्ने वा कर बक्यौता राख्ने करदाताबाट सो कार्य नियन्त्रण गरी कर असुली गर्न सांगठनिक र प्रशासनिक कौशलता/दक्षताको प्रदर्शन प्राधिकरणले गर्नेछ । समग्रमा कूल गार्हस्थ उत्पादन/ राजस्व संकलनको अनुपातमा प्रशासनिक सुधारद्वारा तथा करदाताको सेवा अभिवृद्धि द्वारा वृद्धि ल्याउन प्राधिकरण जिम्मेवार हुनेछ।

(घ). कर प्रशासनमा काम गर्ने जनशक्तिलाई विश्वस्तरको दक्ष, तालिम/ज्ञान/शीपयुक्त, विशिष्टीकृत एवं प्रभावकारी बनाउने र करदाता/नेपाली समाजको नजरमा सम्मान पाउन योग्य बनाउने जिम्मेवारी प्राधिकरणको हुनेछ। कर प्रणाली, पद्धति र प्रकृयाहरू, सूचना र संचारको प्रयोग तथा व्यवस्थापकीय क्षमताहरूमा सुधार ल्याई नेपालको कर संगठनलाई व्यापार सहजीकरण, तस्करी र अवैध व्यापार नियन्त्रण, अन्तर्राष्ट्रिय कर प्रणाली र प्रशासन संगत (Compatible), व्यापार लागतमा कटौती, अर्थतन्त्रको विकास, करदाताको भरोसाको केन्द्र र समुचित कर संकलनको भरपर्दो माध्यमको रुपमा विकास गर्न र संस्थागत रुपले स्थापित गर्ने दायित्व प्राधिकरणको हुनेछ।

(ङ). कर संगठनको नैतिकवान, भ्रष्टाचारप्रति शून्य सहनशीलता, सदाचारयुक्त छवि निर्माण गर्ने अभिभारा प्राधिकरणको हुनेछ । राजनीतिक र बाहिरी हस्तक्षेपबाट मुक्त स्वतन्त्र संगठन र उद्देश्यप्रति नतिजामूलक ढंगले समर्पित संगठनको रुपमा कर प्रशासनको विकास गर्नु प्राधिकरणको प्राथमिक कर्तव्य हुनेछ।

(च). भविष्यका सम्भावना, जोखिमहरूको शोध गर्ने, नीतिगत विश्लेषण र अध्ययन अनुसन्धानमा विशिष्ट स्थान बनाई अर्थ मन्त्रीलाई समग्र राजस्व नीति, कर नीति, रणनीति, आर्थिक नीति र करका दरहरू/व्यवस्थाहरू तय गर्न ठोस सुझाव गर्ने दायित्व प्राधिकरणको हुनेछ।

(छ). राजस्व प्राधिकरणको गठन : माथि खण्ड १८ मा उल्लेख भए झै राज्य मन्त्री सरहको प्राधिकरणको अध्यक्ष हुनेछन् जसको लागि योग्य हुन विशिष्ट श्रेणी वा सो सरहको पदमा कम्तिमा ५ वर्ष काम गरेको र राजस्व प्रशासन/राजस्व नीति/आर्थिक नीति/राजस्व कानुन/राजस्व लेखामा स्नातकोत्तर भई सो क्षेत्रमा कम्तिमा १० वर्षको कार्य/नीति/अध्ययन अनुसन्धान स्तरको अनुभव हुनुपर्नेछ।

प्राधिकरणको अध्यक्ष ने.रा.बैंकको गभर्नर सरहको प्रकृयाबाट नियुक्त हुनेछन् । अध्यक्ष प्राधिकरणको संचालक समितिको पनि अध्यक्ष हुनेछन् र कार्यकारी प्रमुख हुनेछन् । प्राधिकरणको संचालक समितिमा अध्यक्ष बाहेक ७ जना सदस्य हुनेछन् जसमध्ये ३ जना विषय विज्ञहरू (राजस्व लेखा विज्ञ, राजस्व कानुन विज्ञ र करनीति विज्ञ) हुनेछन् । बाँकी ४ जना सदस्य पदेन हुनेछन् । पदेन सदस्यहरूमा अर्थ सचिव, ने.रा.बैंकको गभर्नर, उद्योग वाणिज्य क्षेत्रको छाता संस्थाको अध्यक्ष (President, FNCCI) र प्राधिकरणको उप कार्यकारी प्रमुख रहनेछन् । अहिलेको राजस्व परामर्श समिति नीतिगत र करका दरहरूका विषयमा बढी केन्द्रित रहेकोले अर्थ मन्त्रालयसँग सम्वद्ध निकायको रुपमा निरन्तरता दिए पनि हुन्छ, अथवा प्राधिकरणमा स्थानान्तरण गरे पनि हुन्छ । प्राधिकरणमा स्थायी सुझाव ईकाइको खास गरी, कर प्रशासन, करदाताको प्रतिकृया/मनोभाव बुझ्न आवश्यकता छ । प्राधिकरणको प्रस्तावित संगठन ढाँचा अनुसूची-७ मा संलग्न छ ।

(ज). खण्ड १८ मा उल्लेख भए झैं प्राधिकरणमा एक उप-कार्यकारी प्रमुख र निजको कार्य जिम्मेवारी (सञ्चालन स्तरको सुपरीवेक्षण) का अतिरिक्त विशिष्ट श्रेणी सरह मातहत रहने गरी महाशाखाहरू, विभागहरू र रा.प्र.ता.केन्द्र सञ्चालन गरिनु पर्दछ । प्रथम श्रेणी सरहको मातहत रहने गरी निर्देशनालयहरू, सूचना तथ्यांक व्यवस्थापन केन्द्र, आन्तरिक नियन्त्रण, अनुगमन र सदाचार पद्धति पालन कार्यालय (सोझै अध्यक्षलाई प्रतिवेदन गर्ने गरी), एकेडेमी र तालिम केन्द्रहरू, प्रादेशिक/स्थानीय कार्यालयहरू, सेवागत विशिष्टीकृत कार्यालयहरू, ठूला/मझौला करदाता कार्यालयहरू (एकद्वार प्रणालीयुक्त), करदाता सेवा केन्द्रहरू, कर लेखा परीक्षण कार्यालयहरू र कार्यान्वयन निर्देशनालय स्थापना/व्यवस्थित/विकसित गर्न सुझाव गरिन्छ ।

(झ) राजस्व प्राधिकरणमा जनशक्ति विकासका लागि एकीकृत राजस्व सेवा र पदको कार्यभारका आधारमा पद/पद समूहमा आधारित भर्ना प्रकृया, बढुवा प्रकृया, कार्यभार अनुभवका लागि Job Rotation, Job Enrichment, Training, शीप विकास तथा विशिष्टीकृत/कार्यगत पदहरू श्रृजना गर्न सकिन्छ । ने.रा.बैकले झैं समावेशिताको लागि सरकारी नीतिको अनुशरण गर्दै खुला प्रतियोगिताबाट निश्चित पदहरूमा भर्ना गर्ने र तत्पश्चात् आन्तरिक रुपमा जनशक्ति विकास गरिनु पर्दछ । १ देखि १२ तहसम्मको एकीकृत सोपान पनि कर्मचारीतन्त्रको लागि लागू गर्न सकिन्छ । बहालवाला सरकारी कर्मचारीहरूलाई उपयुक्त समायोजन गर्दै प्राधिकरणको सेवामा लानु पर्दछ । बजार दरको तलव/सुविधावारे अध्ययन गरी शुरु तलव र वृद्धि/अन्य सुविधावारे नीतिगत निर्णय लिइनु पर्दछ । प्राधिकरणभित्र

आन्तरिक स्वायत्तता सहितको सेवा आयोग वा केन्द्रीय प्रशासनिक संगठन (Central Personnel Agency)/महाशाखा निर्माण गर्न सकिन्छ । राजनीतिक हस्तक्षेपबाट बचाउन सेवा करार दिने (Service Contracts, Out-sourcing), बाहिरी निजी कम्पनीको सहयोग कर्मचारीको शुरु छनौटको लागि (Screening) लिने कार्यहरू गर्न सकिन्छ । चार्टर्ड एकाउन्टेन्ट/कर कानुन विज्ञहरू (Legal Counsels) को समूह बनाउने र सो समूहमा बजार दरमा बजारबाट निश्चित अवधिका लागि पारदर्शी रुपले विज्ञहरू नियुक्त गर्न सकिन्छ ।

(ञ). प्राधिकरण गठन गर्ने विषयमा बनाउनु पर्ने कानुनमा अन्य कुराहरूका अतिरिक्त माथि खण्ड १७ र खण्ड १८ मा उल्लेख गरिएका अन्तर्वस्तुहरू मध्ये सान्दर्भिक विषयवस्तु समावेश गर्नु पर्दछ र साथै प्राधिकरणको गठनको उद्देश्यहरू वारे स्पष्ट उल्लेख गर्नु पर्दछ । साथै अध्यक्ष (प्रमुख कार्यकारी) र उप-प्रमुख कार्यकारी, संचालक समितिमा गैह्र पदेन सदस्यहरूको नियुक्ति/छनौट प्रकृया, अधिकार र कार्यक्षेत्र, पद रिक्त हुने विधि, पारिश्रमिक र सेवा सुविधा, कर्मचारी संगठन सम्बन्धी व्यवस्था, आन्तरिक/ वाह्य/अन्तिम लेखा परीक्षण, लेखा र बजेट व्यवस्था, विद्यमान कर कानुन (बोर्ड बनेमा सोको कानुन समेत) मा गर्नु पर्ने संशोधनको व्यवस्था (खासगरी प्राधिकरणको एकीकृत एजेन्सीको स्वरुप) जस्ता अवयवहरू पनि समेटिनु पर्दछ ।

**२०.** उपरोक्त खण्डहरू १६ देखि १९ सम्म उल्लेख भएका ४ विकल्पहरूको कार्यान्वयन योजना (आगामी ५ वर्ष भित्र र उप्रान्त) अनुसूची-८ मा दिइएको छ ।

**२१.** उपरोक्त खण्डहरू १६ देखि १९ सम्म उल्लेख गरिएका विकल्पहरू लागू गर्दा हुन सक्ने जोखिम र लाभहरू तथा जोखिम न्यूनीकरणका उपायहरू संक्षिप्तमा अनुसूची-९ मा दिइएको छ ।

अनुसूची-१

# विद्यमान संगठन ढाँचाका विकास वारे संक्षिप्त विवरण

**अर्थ मन्त्रालय**


नेपाल सरकारले वि.सं. २०१९ मा आर्थिक तथा योजना मन्त्रालयको स्थापना गरेको हो । मुलुकको आवधिक योजनाहरूको निर्माणको संगै यस मन्त्रालयलाई मुलुकको आर्थिक मामिला सम्बन्धी विषयहरू/कार्यहरूको जिम्मेवारी पनि प्रदान गरिएको थियो । वि.सं. २०२० मा यस मन्त्रालयलाई विघटन गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय छुट्टाछुट्टै रूपमा स्थापना गरिएको हो । यसैवेला देखि नै मुलुकको समग्र आर्थिक तथा वित्तीय मामिलाहरूको जिम्मेवारी/दायित्व अर्थ मन्त्रालयले बहन गर्दै आइरहेको छ ।

मुलुकको वित्तीय तथा मौद्रिक क्षेत्रसंग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व संकलन, समष्टीगत आर्थिक स्थायित्व र आर्थिक विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमय तथा नेपाल सरकारको अल्पकालीन तथा दीर्घकालीन खर्च व्यवस्थापन सम्बन्धी कार्यको लागि अर्थ मन्त्रालयको स्थापना भएको हो ।

**अर्थ मन्त्रालयको संगठनात्मक संरचना:**

मन्त्रालयको शीर्षस्थ तहमा अर्थ मन्त्री रहेका छन् जवकि कर्मचारीतन्त्रको रूपमा अर्थ सचिवको नेतृत्व रहेको छ । व्यवहारिक उद्देश्यका लागि मन्त्रालयलाई संगठनहरूमा, महाशाखाहरूमा र विभागहरूमा विभाजन गरिएको छ । मन्त्रालयभित्र महाशाखाहरू राखिएका छन् र सह-सचिव, उप-सचिव, शाखा अधिकृतहरू तथा सहयोगी कर्मचारीहरूको व्यवस्था गरिएको छ । मन्त्रालयमा देहाय बमोजिम महाशाखाहरू छन्:

१. राजस्व परामर्श समिति,
२. अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा,
३. आर्थिक नीति विश्लेषण महाशाखा,
४. वजेट तथा कार्यक्रम महाशाखा,
५. कानुन तथा परामर्श महाशाखा,
६. संस्थान समन्वय महाशाखा,
७. प्रशासन महाशाखा,
८. अनुगमन तथा मूल्याङ्कन महाशाखा,
९. राजस्व व्यवस्थापन महाशाखा,
१०. वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा,




(हाल व्यवस्था गरिएको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पद (राजस्व) को कार्य विभाजन सम्वन्धी कार्य भइरहेको छ ।)

**<u>महाशाखाको प्रमुख कार्यहरू देहाय बमोजिम छन्:</u>**

१. **<u>राजस्व परामर्श समिति:</u>**

अर्थ मन्त्रालयको समग्र वस्तुस्थितिको अध्ययन विश्लेषण गरी वार्षिक वजेट तर्जुमाको सिलसिलामा अपनाउनु पर्ने राजस्व नीति, राजस्वका दरहरूमा परिमार्जन, संगठनात्मक सुधार, कार्य प्रक्रियागत सुधार तथा ऐन नियममा संशोधनका लागि नेपाल सरकारलाई उपयुक्त सुझाव, सल्लाह र सिफारिस दिने उद्देश्यले अर्थ मन्त्रालय अन्तर्गत राजस्व परामर्श समिति रहने व्यवस्था छ । स्थायी प्रकृतिको रूपमा यो समिति गठन हुनुपूर्व प्रत्येक आर्थिक वर्षमा केन्द्रीय टेरिफ बोर्ड गठन गर्ने प्रचलन रहेकोमा वि.सं. २०५६ देखि केन्द्रीय टेरिफ बोर्डको सट्टा स्थायी प्रकृतिको राजस्व परामर्श समितिको व्यवस्था भएको हो ।

गठनको प्रारम्भका केही वर्षसम्म राजस्व महाशाखा अन्तर्गत नै रही कार्यसम्पादन हुँदे आएकोमा विगतका केही वर्षहरूमा एक छुट्टै महाशाखाको रूपमा कार्य हुँदै आएको थियो । वि.सं. २०६९ मा अर्थ मन्त्रालयको पुनर्संरचना पश्चात यसलाई राजस्व व्यवस्थापन महाशाखा अन्तर्गत राखी समितिको कार्यसम्पादन हुँदै आएको छ । समितिमा सम्बन्धित क्षेत्रका विज्ञ, वित्तशास्त्रीहरू तथा निजी क्षेत्रसंग सम्वद्ध प्रतिनिधिहरू समावेश भएको १४ सदस्यहरू रहेका छन् । समितिको संयोजकमा राजस्व व्यवस्थापन महाशाखाका प्रमुख रहने व्यवस्था छ भने सदस्य सचिवको जिम्मेवारी राजस्व व्यवस्थापन महाशाखाकै एकजना उप-सचिवले वहन गर्ने गरिएको छ ।

२. **अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा**

वैदेशिक सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा आयोजनाहरूको बैङ्क व्यवस्थापन तथा आर्थिक कुटनीतिको Focal Point को रूपमा काम गर्ने र दाताहरूसंग वैठक, समन्वय र व्यवस्थापन गर्ने ।

३. **आर्थिक नीति विश्लेषण महाशाखा**

सरकारी खर्च, राजस्व परिचालन, वजेट घाटा, आन्तरिक एवम् वाह्य ऋण, मूल्य तथा मुद्रास्फिति, मौद्रिक नीति तथा वैदेशिक विनिमय नीति जस्ता अर्थतन्त्रको विविध पक्षहरूको प्रवृत्ति तथा मुद्दाहरूको विश्लेषण गर्ने, नेपाली अर्थतन्त्रलाई अगाडि बढाउने सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने, बजार विश्लेषण गर्ने, बजार मूल्यको अनुगमन गर्ने गराउने र मूल्य स्थिरता कायम गर्ने सम्बन्धमा आवश्यक उपायहरूको अवलम्वन गर्ने र मुद्दा निर्मलीकरण सम्बन्धी कार्य गर्ने ।

४. **वजेट तथा कार्यक्रम महाशाखा**

वजेट तर्जुमाको प्रारम्भिक कार्य, सीमा (Ceiling) निर्धारण, सूचना संकलन, वजेट माग प्राप्त गर्ने, छलफलमा भाग लिने, बजेटलाई अन्तिम रूप दिने, स्वीकृत वजेटको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने, वजेट निकासा, रकमान्तर र श्रोतान्तर व्यवस्थापन गर्न विभिन्न क्षेत्र छुट्याई क्षेत्र अनुसार शाखाको व्यवस्था मिलाउने ।

५. **कानुन तथा परामर्श महाशाखा**

अर्थ मन्त्रालय र अन्तरगत विभागहरूलाई कानुनी राय सल्लाह प्रदान गर्ने, वित्तीय क्षेत्रका ऐन र नियमहरूको मस्यौदा तयार गर्ने, मन्त्रालयको तर्फबाट रिट निवेदन तथा फिराद दावी गर्ने, नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको मस्यौदा तयार गर्ने, सम्पादन गर्ने र प्रकाशन गर्ने, राजस्व सम्बन्धी विधेयक तर्जुमा गर्ने, फैसला कार्यान्वयनको अनुगमन गर्ने र अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा राय दिने ।

६. **संस्थान समन्वय महाशाखा**

सार्वजनिक संस्थान सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन गर्ने, सरकारी संस्थानको तलव, भत्ता, वोनस, लगानी र लाभांश सम्बन्धी नीति तर्जुमा गर्ने, सार्वजनिक संस्थान सुधार तथा सार्वजनिक संस्थानका बीच समन्वय र नियमन गर्ने, निजीकरण सम्बन्धी सूचना प्रवाह गर्ने ।

७. **प्रशासन महाशाखा**

मन्त्रालयको सम्पूर्ण महाशाखाको वार्षिक कार्ययोजना बनाई तोकिएको कार्य अघि बढाउने, मन्त्रालय तथा अन्तर्गत विभाग र कार्यालयहरूको योजना सम्बन्धी कार्यहरू

सम्पादन गर्ने, आवश्यक जनशक्तिको प्रक्षेपण तथा पूर्तिको कार्य गरी मानव श्रोत परिचालन, जिन्सी व्यवस्थापन, आर्थिक प्रशासन संचालन गर्ने, सूचना प्रविधि शाखा मार्फत BMIS, FMIS, RIS/System सम्बन्धी कामको समन्वय गर्ने, संसदमा पेश गर्नुपर्ने मन्त्रालयगत प्रगति विवरण पुस्तिका तयार गर्ने ।

८. **अनुगमन तथा मूल्याङ्कन महाशाखा**

वित्तीय नीतिको अनुगमन तथा मूल्याङ्कन एवम् वजेट वक्तव्यसंग सम्बन्धित क्षेत्रगत नीतिहरूको अनुगमन तथा मूल्याङ्कन नियमित रूपमा गर्ने र गुनासो व्यवस्थापन एवम् सूचना अधिकारी सम्बन्धी कार्य गर्ने, वजेट तथा कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन गर्ने, राजस्व नीति तथा राजस्व संकलनको अनुगमन मूल्याङ्कन गर्ने, वैदेशिक सहायता संलग्न परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन एवम् संसदमा पेश हुने मन्त्रालयगत प्रगति विवरण पुस्तिका तयार गर्ने, आर्थिक तथ्याङ्क परिमाजन गर्ने, प्रवक्ताको भूमिका निर्वाह गर्ने ।

९. **राजस्व व्यवस्थापन महाशाखा**

राजस्व नीति तथा मार्गदर्शनहरू तर्जुमा र परिमार्जन गर्ने, विद्यमान राजस्व नीतिको विश्लेषण र कार्यान्वयन गर्ने गराउने, राजस्व प्रक्षेपण तथा वार्षिक राजस्व संकलन अनुमान तयार गर्ने, आर्थिक विधेयकको मस्यौदा तयार गर्ने, आर्थिक ऐनमा उल्लिखित राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने गराउने, विभागहरू बीच समन्वय, अनुगमन तथा सुपरीवेक्षण एवम् निर्देशन दिने कार्य गर्ने, आर्थिक अपराधहरू नियन्त्रणको लागि नीतिगत सुझाव दिने र राजस्व परामर्श सम्बन्धी कार्यहरू सम्पादन गर्ने ।

१०. **वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा**

बैङ्क तथा वित्तीय क्षेत्रको सुधार, पुनर्स्थापना, समन्वय, विकास एवं विस्तार सम्बन्धी कार्य गर्ने, सरकारी खर्चको परिमाण र ढाँचा सम्बन्धी नीतिहरूको तर्जुमा गर्ने, सरकारी वित्तीय स्थितिको अध्ययन विश्लेषण गर्ने र विदेशी मुद्राको श्रोतको अनुमान तथा तथ्याङ्क संकलन गर्ने ।

**विभागहरू**

अर्थ मन्त्रालय अन्तर्गत देहाय बमोजिम ६ वटा विभागहरू रहेका छन् ।

१. महालेखा नियन्त्रकको कार्यालय ।

२. भन्सार विभाग ।

३. आन्तरिक राजस्व विभाग ।

४. राजस्व अनुसन्धान विभाग ।

५. राजस्व प्रशासन तालिम केन्द्र ।

६. सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग ।

माथि उल्लेख गरिएका विभागहरूका अतिरिक्त अर्थ मन्त्रालय अन्तर्गत १० वटा बैङ्क/वित्तीय संस्था, समिति तथा बोर्डहरू रहेका छन् । विभागका प्रमुख कार्यहरू देहाय बमोजिम छन् ।

१. **महालेखा नियन्त्रकको कार्यालय :**

महालेखा नियन्त्रकको कार्यालय नेपाल सरकारको कोष संचालन गर्ने प्रमुख निकाय हो । यसले वजेट निकासा बमोमिजका सबै सरकारी खर्चहरूको पर्यवेक्षण (Oversee) गर्ने, राजस्व संकलन एवम् अन्य आम्दानीको नियमित जानकारी (Tracking) गर्ने र सरकारी एकीकृत वित्तीय विवरण तयार गर्ने गर्दछ । यसमा विशिष्ट श्रेणी पदका पदाधिकारी महालेखा नियन्त्रकको नेतृत्व रहेको छ । यसका ७५ वटै जिल्लाहरूमा जिल्ला स्तरीय कार्यालयहरू रहेका छन् ।

२. **भन्सार विभाग:**

भन्सार सबैभन्दा पुरानो संस्था हो । नेपालको भन्सार प्रशासनको क्रमवद्ध ऐतिहासिक अभिलेख नभएतापनि लिच्छवी कालमा भन्सार सम्बन्धी व्यवस्था रहेको पाइन्छ । सन् १९५१ अघिसम्म अन्य मुलुकसंग नेपालको व्यापार सम्बन्ध सीमित थियो । भन्सार संरचनाको विकास भइ नसकेको तत्कालीन अवस्थामा भन्सार सम्बन्धी कार्य ठेक्का पट्टामा गर्ने गरिन्थ्यो । वि.सं. २००७ साल अघिसम्म मुख्तियार माध्यमबाट केन्द्रीय स्तरमा भन्सारको काम काठमाडौं गोश्वारा भन्सार र मधेशतर्फको मधेश बन्दोबस्त अड्डाबाट हुने गरेकोमा सोही वर्ष देखि सो कार्य अर्थ मन्त्रालय अन्तर्गतको अर्थ आय विभागले हेर्ने व्यवस्था भयो । वि.सं. २०१३ सालमा सबै बजार अड्डाहरूलाई भन्सार कार्यालयमा परिणत गरियो । वि.सं. २०१४ सालमा केन्द्रमा कष्टम्स कमिश्नर्स अफिसको स्थापना भयो । यसलाई वि.सं. २०१९ सालमा खारेज गरी भन्सार अड्डा र अन्तःशुल्क सम्बन्धी सम्पूर्ण कार्य हेर्ने गरी भन्सार तथा अन्तःशुल्क डाइरेक्टरको विभाग स्थापना गरियो । राणाकालीन शासन व्यवस्थामा सनद सवालबाट काठमाडौं, तराई र पहाड भन्सारले पृथक पृथक रूपले भन्सार महसुल उठाउने परम्परालाई भन्सार ऐन, २०१९ ले अन्त्य गरी भन्सार प्रशासनको कार्यहरूलाई एकीकृत गऱ्यो । वि.सं. २०२३ सालमा अन्तःशुल्क र भन्सार विभाग अलग अलग रूपमा खडा गरियो । परिणामस्वरूप कार्यवोझ, निकासी पैठारीको पृष्ठभूमिमा मुलुकमा मूल तथा छोटी

भन्सार कार्यालयहरू खडा गरिए । भन्सार प्रशासनलाई व्यवस्थित, पारदर्शी एवम् उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सुरक्षित एवम् सहज बनाउन भन्सार ऐन, २०१९ र नियमावली २०२५ लाई खारेज गरी पछिल्लो पटक भन्सार ऐन, २०६४ र नियमावली, २०६४ लागू गरिएको छ ।

भन्सार विभागको प्रमुख उद्देश्य मुलुकको आर्थिक तथा सामाजिक समुन्नतिका लागि उत्कृष्ट भन्सार सेवा प्रदान गर्नुका साथै परिपालना लागत र समय घटाउने, स्वस्थ्य बजार व्यवस्थाको सञ्चालनमा सहयोग गर्ने, निर्यात प्रवर्द्धन गर्ने, लगानीका लागि अनुकुल वातावरण स्थापित गर्ने, स्वस्थ्य वित्तीय संरचनाका लागि करारोपण गर्ने र समन्वय गर्ने कार्यहरू रहेका छन् । यसका साथै राजस्व संकलनको अतिरिक्त अवैध तथा प्रतिवन्धित मालवस्तुको आयात/निर्यातलाई नियन्त्रण गरी समाज र वातावरणको संरक्षण गर्ने भूमिका निर्वाह गर्ने, वैध व्यापारलाई प्रोत्साहन गर्ने, अन्तर्राष्ट्रिय आचार अनुरूप व्यापार सहजीकरणमा प्रोत्साहन गर्दै कानुनको परिपालनामा सुनिश्चितता ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने कार्यहरू रहेका छन् । भन्सार प्रशासनलाई सूचना प्रविधिको माध्यमबाट कागजात विहिन बनाउंदै उदार तथा खुला अर्थ व्यवस्था अनुरूप भन्सार प्रशासन गर्ने जिम्मेवारी भन्सार विभागको रहेको छ ।

**भन्सार विभागको संगठनात्मक संरचना**

महानिर्देशकको रूपमा प्रशासन तर्फका राजपत्रांकित प्रथम श्रेणीका पदाधिकारीबाट भन्सार विभागको नेतृत्व हुने गरेको छ । विभागमा देहाय अनुसार दुइवटा महाशाखाहरू रहेका छन् जसको प्रमुख रा.प. प्रथम श्रेणीका उप-महानिर्देशक रहेका छन् ।

१. नीति तथा सञ्चालन महाशाखा ।
२. व्यवस्थापन महाशाखा ।

उल्लिखित महाशाखा अन्तर्गत देहाय बमोजिमका शाखाहरू रहेका छन् । जसको प्रमुखमा राजस्व समूहका रा.प. द्बितीय श्रेणीका निर्देशक रहेका छन् ।

१. **नीति तथा सञ्चालन महाशाखा अन्तर्गतका शाखाहरू**

(क) भन्सार मूल्याङ्कन शाखा,
(ख) इन्टेलिजेन्स, जोखिम व्यवस्थापन तथा परीक्षण शाखा,
(ग) महसुल तथा वर्गीकरण शाखा,
(घ) प्रयोगशाला शाखा,
(ङ) अनुगमन शाखा,
(च) तथ्याङ्क विश्लेषण शाखा ।

२. **व्यवस्थापन महाशाखा अन्तर्गतका शाखाहरू**

(क) योजना तथा सेवा शाखा,

(ख) सूचना प्रणाली सञ्चालन शाखा,

(ग) आर्थिक प्रशासन शाखा,

(घ) प्रशासन शाखा,

(ङ) भन्सार सुधार तथा आधुनिकीकरण शाखा,

(च) सूचना प्रणाली पूर्वाधार तथा विकास शाखा ।

माथि उल्लेख गरिएका शाखाहरूका साथै कानुन ईकाइ, सदाचार प्रवर्द्धन सचिवालय, जिन्सी व्यवस्थापन ईकाइ, जनशक्ति विकास ईकाइ, सेवाग्राही सेवा कक्ष, बजार सर्भेक्षण ईकाइ पनि महाशाशखा अन्तर्गत रहेका छन् । विभाग अन्तर्गत एकवटा भन्सार जाँचपास परीक्षण कार्यालय, ३० वटा भन्सार कार्यालयहरू र १४३ वटा छोटी भन्सार कार्यालयहरू रहेका छन् ।

# भन्सार विभागको संगठनात्मक स्वरूप

**महानिर्देशक**
रा.प. प्र. (प्रशासन) १

**सचिवालय**
ना.स. रा.प. अ.प्र. (रा) १

**विज्ञ समूह**
)आवश्यकता अनुसार विषय विज्ञको सेवा करारमा लिने)

**नीति तथा सञ्चालन महाशाखा**
उपमहानिर्देशक रा.प. प्र.(प्रशासन) १

**सचिवालय**
ना.सु. रा.प. अ.प्र. (रा) १

**भन्सार मूल्याङ्कन शाखा**
- निर्देशक, रा.प.द्वि. (रा.) १
- शाखा अधिकृत रा.प. तृ (रा.) ३
- ना.सु. रा.प. अ.प्र. (रा) ३

**इन्टेलिजेन्स, जोखिम व्यवस्थापन**
- निर्देशक, रा.प. द्वि. (रा) १
- शाखा अधिकृत रा.प. तृ( (रा)४
- ना.सु. रा.प. अ.प्र. (रा)१

**महसुल तथा वर्गीकरण शाखा**
- निर्देशक, रा.प. द्वि. (रा) १
- शाखा अधिकृत रा.प. तृ( (रा)२
- ना.सु. रा.प. अ.प्र. (रा) ४

**प्रयोगशाला शाखा**
- ि.डि.के. रा.प.द्वि. (के) १
- केमिष्ट रा.प.तृ (के) ३
- माइक्रोवायोलोजिष्ट (सेवा करार) १
- अ. केमिष्ट रा.प.अ. प्र. (के) २
- अ.ल्या.टे रा.प.अ.द्वि (प्र) १
- ल्याव व्वाइ (सेवा करार) १

**अनुगमन शाखा**
- निर्देशक, रा.प. द्वि. (रा) १
- शाखा अधिकृत रा.प. तृ( (रा)२
- ना.सु. रा.प. अ.प्र. (रा) ४

**तथ्याङ्क विश्लेषण शाखा**
- निर्देशक, रा.प. द्वि (आ.यो.त.) १
- त.अ. रा.प.तृ. (आ.यउो.त.) २
- भ.स.नि. रा.प.अ.प्र.(आयोत) १

**भन्सार जाँचपास परीक्षण कार्यालय- १**

**भन्सार कार्यालयहरू-३०**

**छोटी भन्सार कार्यालयहरू -१४३**

**बजार सर्भेक्षण इकाई**
शाखाको लागि तोकिएको जनशक्ति र करारबाट व्यवस्थापन गर्ने

**भन्सार सुधारतथा आधुनिकीकरण शाखा**
- निर्देशक, रा.प.द्वि. (रा.) १
- शाखा अधिकृत रा.प. तृ (रा.) ३
- ना.सु. रा.प. अ.प्र. (रा) ३

**सूचना प्रणाली पूर्वाधार तथा विकास शाखा**
- निर्देशक, रा.प.द्वि. (रा.) १
- शाखा अधिकृत रा.प. तृ (रा.) ४
- कम्प्यूटर इन्जीनियर रा.प. तृ. -१
- इलेक्ट्रिसियन (रा.प.अ द्वि.) भेइ १

**सेवाग्राही सेवा कक्ष**
जनशक्ति सेवा करारबाट लिने

**व्यवस्थापन महाशाखा**
उपमहानिर्देशक रा.प. प्र.(प्रशासन) १

**सचिवालय**
ना.सु. रा.प. अ.प्र. (रा) १

**योजना तथा सेवा शाखा**
- निर्देशक, रा.प.द्वि. (रा.) १
- शाखा अधिकृत रा.प. तृ (रा.) ३
- ना.स. रा.प. अ.प्र. (रा) २

**सूचना प्रणाली सञ्चालन शाखा**
- निर्देशक, रा.प.द्वि. (विविध.)
- कम्प्यूटर अधिकृत रा.प. तृ ३
- क.अ. रा.प.अ.प्र. (विविध) २

**आर्थिक शाखा**
- उपसचिव (रा.प.द्वि. लेखा) १
- लेखा अधिकृत (रापतृ (लेखा) १
- लेखापाल रा.प.अ.प्र. (लखो) २

**प्रशासन शाखा**
- निर्देशक र.(प.द्वि. (प्र) १
- शाखा अधिकृत रा.प.तृ (प्र) १
- शाखा अधिकृत रा.प.तृ.(रा) १
- ना.सु. रा.प.अ.प्रथम (प्र) १
- ना.सु.. रा.प.अ.प्र. (रा) ३
- टा.ना.सु. रा.प.अ.प्र. (प्र) ४
- ह.स.चा. (इ.ज.मे.) १०
- कार्यालय सहयोगी २०
- स्वीपर २

**कानून इकाई**
- का.अ.. रा.प.तृ. (न्या.) १
- ना.सु. रा.प.अ.प्र (रा) १

**सदाचार प्रद्धर्वन सचिवालय**
महानिर्देशकबाट तोकिएका पदाधिकारीहरू रहने

**जिन्सी व्यवस्थापन इकाइ**
शाखाको लागि तोकिएको जनशक्तिवाटै व्यवस्थापन गर्ने

**सार्वजनिक खरिद इकाइ**
निर्देशकको संयोजकत्वमा मौजुदाबाट जनशक्तिवाटै व्यवस्थापन गर्ने

**जनशक्ति विकास इकाई**
शाखाको लागि तोकिएको जनशक्तिहरूवाटै व्यवस्थापन गर्ने

| श्रेण | संख्या | श्रेणी | संख्या |
|---|---|---|---|
| रा.प. प्रथम (प्रशासन) | ३ | रा.प. तृतीय केमिष्ट | ३ |
| रा.प. द्वितीय (राजस्व) | ६ | माइक्रोवायोलोजिष्ट ( सेवा करार) | १ |
| रा.प. द्वितीय (प्रशासन) | १ | राप.अ. प्रथम (राजस्व | २८ |
| रा.प. द्वितीय (लेखा) | १ | रा.प. अ. प्रथम लेखा | २ |
| रा.प. द्वि. (केमिष्ट्री | १ | रा.प.अ. प्रथम (विविध) | २ |
| रा.प. द्वि. (आयोत) | १ | रा.प.अ. प्र. (केमिष्ट्री | २ |
| रा.प.द्वि. (विविध) | २ | रा.प.अ. प्र. (सा.प्र.) | १ |
| रा.प.तृ. (राजस्व) | २० | रा.प.अ.प्र.( सा.प्र.टाइपिष्ट) | ४ |
| रा.प.तृ. (सा.प्र.) | २ | रा.प.अ.प्र.( आयोत.भ.स.नि) | १ |
| रा.प.तृतीय (विविध) | ११ | रा.प.अ.द्वि. ( इलेक्ट्रिसियन) | १ |
| रा.प.तृ. (इन्जि.कम्प्यू) | ३ | रा.प.अ.द्वि.(आयोत) | १ |
| रा.प.तृ. (लेखा) | १ | ह.स. चा. | १० |

३. **आन्तरिक राजस्व विभाग:**

वि.सं. २०१७ सालमा कर विभागको स्थापना भएको हो । मुलुकभित्र असुल गरिने सबै प्रकारका आन्तरिक करहरूलाई एउटै सांगठनिक संरचनाभित्र एकीकरण गरी एउटै निकायबाट प्रशासन गर्न तत्कालीन मूल्य अभिवृद्धि कर विभाग र कर विभागलाई गाभेर वि.सं. २०५८ साल वैशाख १ गते आन्तरिक राजस्व विभाग गठन भएको हो । कर कानुनहरूको कार्यान्वयन गर्ने र आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, सवारी कर र मनोरञ्जन कर (चलचित्र विकास शुल्क), विशेष शुल्क जस्ता केही शुल्क र महसुल सम्बन्धी प्रशासन गर्ने कार्यहरू आन्तरिक राजस्व विभागको दायित्वमा पर्दछन् । यस्तै प्रकारले सरकारको लाभांस, दस्तुर (Royalties) जस्ता गैह्र कर राजस्वको अनुगमन गर्ने विभागको जिम्मेवारी रहेको छ । विभागको देहाय बमोजिम प्रमुख कार्यहरू रहेका छन्:

(क) कर प्रशासन (आयकर र मूल्य अभिवृद्धि कर),

(ख) कर नीति,

(ग) करदाता सेवाहरू,

(घ) दर्ता, राजस्व संकलन,

(ङ) कर लेखा परीक्षण,

(च) कर कानुन कार्यान्वयन र अन्वेषण/अनुसन्धान,

(छ) पुनरावलोकन र पुनरावेदन,

(ज) कर फिर्ता (Tax Refund)

(झ) अग्रिम समादेश (Advance Ruling)

(ञ) कर सन्धी र अन्तर्राष्ट्रिय कर सम्वन्धी कार्य,

(ट) अन्तःशुल्क र मदिरा प्रशासन,

(ठ) गैह्र कर अनुगमन ।

**आन्तरिक राजस्व विभागको संगठनात्मक संरचना:**

आन्तरिक राजस्व विभागको प्रमुखमा राजपत्राङ्कित प्रथम श्रेणीका महानिर्देशक रहेका छन् । महानिर्देशक अन्तर्गत प्रशासकीय पुनरावलोकन शाखा र विशेषज्ञ समूह प्रत्यक्ष रूपमा रहेका छन् । विभागमा ४ वटा महाशाखाहरू उप-महानिर्देशक (रा.प.प्रथम श्रेणी) अन्तर्गत रहने गरी व्यवस्था गरिएका छन् । महाशाखा अन्तर्गत विभिन्न शाखाहरूमा निर्देशक (रा.प. द्वितीय श्रेणी, राजस्व समूह) को नेतृत्व रहेको छ । विभागमा व्यवस्था गरिएका महाशाखा तथा शाखाहरू देहाय बमोजिम छन् ।

१. **सञ्चालन महाशाखा**

(क) करदाता सेवा शाखा,

(ख) कर परीक्षण व्यवस्थापन शाखा,

(ग) अनुसन्धान तथा विकास शाखा,

(घ) कर संकलन शाखा,

(ङ) बक्यौता शाखा,

(च) वेरूजु शाखा ।

२. **सूचना प्रविधि व्यवस्थापन महाशाखा**

(क) व्यवस्थापन सूचना प्रणाली शाखा,

(ख) सूचना सञ्चार प्रविधि शाखा ।

३. **अन्तःशुल्क महाशाखा**

(क) अन्तःशुल्क व्यवस्थापन शाखा,

(ख) अन्तःशुल्क नीति विश्लेषण तथा विकास शाखा ।

४. **नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा**

(क) अन्तर्राष्ट्रिय कर शाखा,

(ख) नीति विश्लेषण शाखा,

(ग) कर परीक्षण पुनरावलोकन शाखा,

(घ) अनुगमन तथा मूल्याङ्कन शाखा,


(ङ) योजना तथा संशाधन विकास शाखा,

(च) कानुन शाखा,

(छ) सामान्य प्रशासन शाखा ।

विभाग मातहत एकवटा ठूला करदाता कार्यालय, २२ वटा आन्तरिक राजस्व कार्यालयहरू र १३ वटा करदाता सेवा केन्द्रहरू रहेका छन् । आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा केन्द्र नभएका जिल्लामा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत करदाता सेवा प्रदान गर्ने र राजस्व संकलन गर्ने कार्य व्यवस्था मिलाइएको छ ।

**आन्तरिक राजस्व विभागको संगठनात्मक स्वरूप**




४. **राजस्व अनुसन्धान विभाग:**

राजस्व अनुसन्धान विभागको स्थापना वि.सं. २०५० मा भएको हो । यस पूर्व वि.सं.२०३४ मा अर्थ मन्त्रालयमा राजस्व अनुसन्धान महाशाखा स्थापना भई राजस्व अनुसन्धान र आर्थिक अपराध नियन्त्रण गर्ने कार्यको थालनी भएको थियो। पछि आएर यसै महाशाखालाई रूपान्तरण गरी विभाग स्थापना गरिएको हो ।

आर्थिक सूचना प्रणालीको माध्यमबाट पारदर्शी अर्थतन्त्र, स्वच्छ एवम् उत्तरदायी राजस्व प्रशासनको विकास गरी राजस्व चुहावट तथा आर्थिक अपराध नियन्त्रण गर्ने विभागको उद्देश्य रहेको छ। कर तथा गैर कर राजस्व चुहावट एवम् आर्थिक अपराधको

अनुसन्धान तथा नियन्त्रण, विदेशी विनिमयको अवैध ओसार पसार तथा अपचलनको अनुसन्धान गरी मुद्दा दायर गर्ने, र राजस्व प्रशासनको सुधार तथा प्रभावकारिताका लागि नीतिगत पृष्ठपोषण गर्ने विषय विभागको कार्यक्षेत्र रहेको छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ अन्तर्गत तोकिएका कार्यहरू गर्न विभागलाई सुम्पिएको छ । यसैगरी भन्सार ऐन, २०६४, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम भन्सार अधिकृत, कर अधिकृत र अन्तःशुल्क अधिकृतको समेत अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ।

प्रारम्भमा कर राजस्व चुहावटको अनुसन्धान, तहकिकात र नियन्त्रण गर्ने जिम्मेवारी पाएकोमा आ.व. २०६५।०६६ देखि गैह्र कर राजस्वको समेत अनुसन्धान, तहकिकात र कारवाही गर्ने जिम्मेवारी पाएको छ। समग्रमा राजस्व चुहावट एवम् नियन्त्रण गर्ने कार्यका लागि विभाग जिम्मेवार रहेको छ।

**संगठनात्मक संरचना**

विभागमा रा.प.प्रथम श्रेणीका महानिर्देशकको नेतृत्व रहेको छ। महानिर्देशक अन्तर्गत एकजना उप-महानिर्देशक (रा.प.प्रथम श्रेणी) को व्यवस्था गरिएको छ । विभागमा व्यवस्था गरिएको प्रशासन एवम् सूचना महाशाखा र अनुसन्धान एवम् मुद्दा दायर महाशाखामा एक एक जना रा.प. द्वितीय श्रेणी (राजस्व) का निर्देशक रहने व्यवस्था रहेको छ । यी महाशाखा अन्तर्गतका प्रशासन शाखा, अनुसन्धान शाखा र सूचना शाखामा रा.प. तृतीय श्रेणी (राजस्व) का अधिकृत रहने व्यवस्था मिलाइएको छ । यसैगरी लेखा शाखामा रा.प. द्वितीय श्रेणीका लेखा अधिकृत र कानुन शाखामा जिल्ला वकिल (रा.प.तृतीय श्रेणी) रहने व्यवस्था मिलाइएको छ।

विभाग अन्तर्गतको ४ वटा क्षेत्रीय ईकाइ कार्यालयहरू इटहरी, पथलैया, वुटवल र कोहलपुरमा रा.प. द्वितीय श्रेणी (राजस्व) का अधिकृत रहने व्यवस्था रहेको छ।

## ५. राजस्व प्रशासन तालिम केन्द्रः

नेपाल सरकारको राजस्व तथा आर्थिक प्रशासनको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिको मूल उद्देश्यका साथ वि.सं. २०३७ फागुन २९ गते राजस्व प्रशासन तालिम केन्द्रको स्थापना भएको हो । तालिम केन्द्रको कार्यहरू देहाय बमोजिम छन्:

(क) राजस्व समूह र लेखा समूहका कर्मचारीहरूको सेवा प्रवेश, सेवाकालीन र अल्पकालीन तालिम संचालन गर्ने ।

(ख) पाठ्यक्रम निर्माण, परिमार्जन र अद्यावधिक गर्ने ।

(ग) तालिमको आवश्यकता पहिचान एवम् प्रभावकारिताको मूल्याङ्कन गर्ने ।

(घ) तालिमका विषय वस्तुसंग सम्बन्धित विज्ञहरूको सूची तयार गरी परिमार्जन गर्ने ।

(ङ) आर्थिक तथा राजस्व प्रशासनका क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने ।

केन्द्रको प्रमुखका रूपमा रा.प.प्रथम श्रेणीका तालिम प्रमुख रहने व्यवस्था रहेको छ । केन्द्रले वेलावखत जिल्लाहरूमा राजस्व समूहका कर्मचारीहरूलाई छोटो अवधिको स्थलगत तालिम प्रदान गर्ने गरेको छ ।

६. **<u>सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग:</u>**

नेपाल सरकारको मिति २०६८।०३।०१ को निर्णयानुसार सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग स्थापना भएको हो । यस अघि सम्पत्ति सुद्धीकरण नियन्त्रण ऐन, २०६४ कार्यान्वयनमा आएपछि सो ऐन बमोजिम कार्यसम्पादन गर्न वि.सं. २०६५ मा राजस्व अनुसन्धान विभागलाई जिम्मेवारी तोकिएको थियो । पछिल्लो पटकको नेपाल सरकारको मिति २०७०।०१।१९ को निर्णयानुसार विभागको संगठन सुदृढीकरण गर्न नयाँ संगठन संरचना स्वीकृत भइसकेको छ ।

अपराधजन्य कार्यबाट प्राप्त सम्पत्तिलाई सुद्धीकरण गर्ने कार्य निवारण गर्नु विभागको प्रमुख उद्देश्य रहेको छ । सम्पत्ति सुद्धीकरण तथा आतंकवादी क्रियाकलाप र आम विनाशका हाततियारमा हुने वित्तीय लगानीबाट हुने/पर्ने गम्भीर आर्थिक र सामाजिक प्रभावमुक्त मुलुकको सिर्जना गर्ने विभागको सोच र दूरदृष्टि रहेको छ ।

एउटै मात्र कार्यालयको रुपमा रहेको विभागको नेतृत्व रा.प.प्रथम श्रेणीका महानिर्देशकबाट हुने गरेको छ ।

## अनुसूची-२

# राजस्व संगठनहरू बारे गरिएका पूर्व अध्ययन र सुझावहरूको संक्षिप्त विवरण

१. युवराज खतिवडा संयोजकत्वको वित्तीय सुधार कार्यदलले वि.सं. २०६० जेठमा दिएको प्रतिवेदनले कानुनी संरचना तयार गरी राजस्व बोर्ड स्थापना गर्न र सोमा विशिष्ट श्रेणीको राजस्व सचिवले अध्यक्षता गर्ने गरी राजस्व हेर्ने सहसचिव, कानुन विज्ञ एवं २ जनासम्म अन्य विज्ञहरू सदस्य रहेको कार्यकारिणी बोर्ड र सरोकारवालाहरूसंग सल्लाह गर्ने राजस्व परामर्श समिति राख्न सुझाव गरेको थियो । सो कार्यदलले आवश्यकतानुसार राजस्व सम्बन्धी विभागीय प्रमुखहरूलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने सल्लाह दिएको थियो । साथै स्वायत्त राजस्व प्राधिकरण स्थापनाको संभाव्यता अध्ययन गर्न र राजस्व प्रहरी बल गठन गर्न पनि सुझाव गरेको थियो (खतिवडा र अन्य, वि.सं. २०६०) ।

२. आर्थर मानले जुन, २००४ मा नेपालमा अर्द्ध-स्वायत्त राजस्व प्राधिकरणको संभावना बारे प्रतिवेदन दिएका छन् । ल्याटिन अमेरिका र अफ्रिकाका विकासशील देशहरूको स्वायत्त राजस्व प्राधिकरणहरूको समीक्षा गर्दै नेपालमा यस्तो प्राधिकरणको आवश्यकताको वित्तीय पक्ष, जनशक्तिको पक्ष र नेपालकै अन्य स्वायत्त प्राधिकरणको अनुभवको विश्लेषण यस प्रतिवेदनमा गरिएको छ । प्राधिकरण स्थापनाका लागि शुरुमा लिइनु पर्ने कदमहरू, गठन कार्यान्वयन समितिले गर्नुपर्ने कार्यहरू बारे सुझाव दिंदै यस प्रतिवेदनले आवश्यक ऐनको शुरु मस्यौदा, संगठन तालिका, कर्मचारी नीति र भर्ना प्रक्रिया, प्राधिकरणको शुरुका वर्षहरूको वित्त व्यवस्था र लिनुपर्ने निर्णयहरूको श्रृंखला बारे समेत यस प्रतिवेदनमा सुझाव गरिएका छन् । आर्थर मानको विचारमा स्वायत्त राजस्व प्राधिकरणको स्थापनाले कर प्रशासनको दक्षता र उत्पादकत्वमा वृद्धि आउने, अवाञ्छित राजनीतिक हस्तक्षेपबाट जोगिने, उत्तरदायित्व बढ्ने र भ्रष्टाचार घट्ने हुन्छ । मानको निष्कर्षमा यस्तो प्राधिकरणको गठन आफैमा नै सुधारको अचूक शस्त्र त होइन, तर कर प्रशासनको आधुनिकीकरण गर्न -राजनीतिक इच्छाशक्ति भए- एउटा ठूलो गन्तव्यमा चाहि पुगिन्छ (मान, सन् २००४) ।

३. मधुकर शम्शेर राणाको संयोजकत्वमा गठीत भन्सार प्रशासनको सुधार तथा आधुनिकीकरणका लागि सुझाव कार्यदलले गोविन्द थापाको नेतृत्वमा २०६२ सालमा दिएको प्रतिवेदनले भन्सार विभागको संगठनात्मक स्वरुपमा व्यापक परिवर्तन ल्याई Internal Inspection Unit, Programme Management Staff, Intelligence Unit र Legal Unit राख्न, ३० वटा भन्सार कार्यालयहरू एकीकरण गरी १३ वटा मात्र मूल

भन्सार कार्यालय राख्न, अधिकृतमूलक भन्सार प्रशासनको साथै भन्सार कार्यालयहरूलाई (क), (ख) र (ग) गरी ३ वटा वर्गीकरणमा राख्न सुझाव गरेको छ । (राणा र अन्य, वि.सं २०६३) ।

४. राजस्व परामर्श समितिका तत्कालीन सदस्य रुप ज्योतीको संयोजकत्वमा गठीत उपसमितिले वि.सं. २०६२ जेठमा दिएको प्रतिवेदनमा राजस्व बोर्ड वा राजस्व प्राधिकरणमा राजस्व प्रशासनलाई विकसित गर्न अध्ययन टोली गठन गरी यसमा कानुनी, प्रशासनिक, कार्य संचालन स्तर र राजस्व संकलनमा पुग्ने योगदान एवं सकारात्मक/नकारात्मक पक्षको अध्ययन गराउन सुझाव दिइएको थियो । (ज्योती र अन्य, वि.सं. २०६२) ।

५. नारायणराज तिवारी संयोजक रहेको राजस्व प्रशासन संगठनात्मक संरचना सुधार सुझाव कार्यदलको वि.सं. २०६३ जेठको प्रतिवेदनमा शुरु वर्ष अर्थ मन्त्रालय र राजस्व सम्बन्धी विभागहरू बीच कार्यसम्पादन सम्झौता गरी सुधार कार्यक्रमहरू चालु राख्ने, त्यसपछिको वर्षमा भारतको जस्तो तर एउटै केन्द्रीय राजस्व समिति (बोर्ड) गठन गर्ने र केही वर्षको अनुभवको आधारमा स्वायत्त राजस्व प्राधिकरण गठन गर्ने नीति तय गर्न सुझाव गरिएको छ । साथै राजस्व विभागहरूको प्रमुख विशिष्ट श्रेणीको राख्ने, प्रशासकीय पुनरावलोकनका लागि छुट्टै समिति वनाउने, भन्सार प्रशासन अन्तर्गत क्षेत्रीय कार्यालयहरू स्थापना गर्ने, अन्तःशुल्क प्रशासनलाई सुदृढ वनाउन छुट्टै विभाग गठन गर्ने वा भन्सार विभागमा सार्ने, राजस्व समूह प्रवेशका लागि अर्थ शास्त्र, वाणिज्य शास्त्र वा कानुनको डिग्री अनिवार्य गर्ने, राजस्व सुरक्षा बल गठन गर्ने, २१ औं शताव्दीको चुनौती सामना गर्न सक्षम हुने गरी राजस्व संगठनको आधुनिकीकरण गर्न समेत सुझावहरू दिइएका छन् । (तिवारी र अन्य, वि.सं. २०६३) ।

६. श्रीकृष्ण श्रेष्ठले आन्तरिक राजस्व विभागको संगठन र व्यवस्थापन अध्ययन गरी वि.सं. २०६६ असारमा दिएको प्रतिवेदनमा आन्तरिक राजस्व विभागमा विशिष्ट श्रेणीको १ महानिर्देशक र सहसचिव स्तरमा ५ महाशाखाहरू राख्न सिफारिस गरिएको छ। विभाग र अन्तर्गत कार्यालयहरूलाई सेवाग्राहीमुखी संगठनात्मक संरचनामा परिवर्तन गर्न सुझाव गरिएको छ (श्रेष्ठ, वि.सं २०६६) । मदन कुमार दाहाल संयोजकत्वको केन्द्रीय राजस्व बोर्ड गठन सम्बन्धमा अध्ययन गर्न गठीत कार्यदलले वि.सं. २०६६ मंसिरमा दिएको प्रतिवेदनमा राजस्व प्रशासनलाई एकीकृत रुपमा संचालन गर्न कार्यकारी अधिकार सहितको अर्द्ध-स्वायत्त छाता संगठनको रुपमा केन्द्रीय राजस्व बोर्डको स्थापना गर्न, सोका लागि छुट्टै कानुन बनाउन, नीतिगत सवालमा बोर्ड अर्थ मन्त्रालयको सल्लाहकारी निकाय हुने र प्रशासनिक सवालमा स्वायत्त हुने किसिमको संस्था बनाउन सुझाव गरिएको छ । बोर्डको संचालक परिषद् अर्थ मन्त्रीको अध्यक्षतामा बढीमा २५

सदस्यीय हुने गरी गठन हुन र राजस्व प्रशासन तथा राजस्व प्रणालीसंग सम्बन्धित सबै क्षेत्रको प्रतिनिधित्व यस परिषद्मा हुन सुझाव गरिएको छ। राजस्व सचिव यसको सदस्य सचिव हुन सुझाव दिइएको छ। राजस्व सचिवको अध्यक्षतामा ५ सदस्यीय र एकजना नीजि क्षेत्रको पनि प्रतिनिधित्व हुने गरी कार्यकारी बोर्ड गठन गरी दैनिक प्रशासन सचालन गर्न सुझाव दिइएको छ। साथै राजस्व पुनरावलोकन समिति (रिम्भु प्यानेल), राजस्व अध्ययन तथा तालिम प्रतिष्ठान तथा छुट्टै राजस्व मन्त्रालयको स्थापना गर्न पनि सुझाव गरिएको छ। (दाहाल र अन्य, वि.सं. २०६६)।

७. यु एस ए आइ डी द्वारा सहयोग गरिएको र चार्टर्ड एकाउण्टेण्ट नरेन्द्र भट्टराईको नेतृत्वमा अध्ययन गरिएको भन्सार प्रशासनको संगठन र व्यवस्थापनको पुनर्संरचना विषयक अध्ययन प्रतिवेदनले (सन् २०१३ फेब्रुअरी) भन्सार प्रशासनको आधुनिकीकरणका लागि थुप्रै सुझावहरू दिएको छ। अन्य सुझावहरूका अतिरिक्त यस अध्ययन प्रतिवेदनले कालान्तरमा राजस्व बोर्ड गठन गर्न र सोमा विशिष्ट श्रेणीको अध्यक्षका अतिरिक्त भन्सार र आयकर/मू.अ.कर/ अन्तःशुल्कको अनुभव भएका १/१ जना प्रथम श्रेणीका अधिकृतहरू सदस्य र २० वर्षको अनुभव प्राप्त चार्टर्ड एकाउण्टेण्ट र अधिवक्ता सदस्य गरी ५ सदस्यीय बोर्ड बनाउन सुझाव गरिएको छ। साथै प्रथम श्रेणीसम्मलाई राजस्व समूहमा समूहीकृत गर्न, राजस्व सचिवको व्यवस्था गर्न, Customs Command Force गठन गर्न र राजस्व अनुसन्धान विभागको कार्यसंग स्पष्टता ल्याउन जस्ता सुझावहरू पनि यो प्रतिवेदनमा समावेश छ। (भट्टराई, सन् २०१३)।

८. अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) का मौरीन किडले मार्च २०१३ मा आन्तरिक राजस्व विभागको नयाँ संगठन ढाँचा बारे दिएको प्रतिवेदनमा (विभागीय प्रयोजनको लागि मात्र) केन्द्रीय राजस्व बोर्ड बारे आवश्यक निर्णय लिन सुझाव गर्दै आन्तरिक राजस्व विभागको महानिर्देशक पद विशिष्ट श्रेणीको हुने गरी स्तरोन्नती गर्न, ५ नयाँ महाशाखाहरू (सेवा, कार्यान्वयन, नीति र योजना, सूचना प्रविधि तथा सामान्य सेवाहरू) स्थापना गर्न, मझौला करदाता कार्यालय स्थापना गर्न, नयाँ संगठन ढाँचा कार्यान्वयन गर्न एक अन्तरिम योजना बनाई लागू गर्न, सुधार टोली गठन गर्न लगायतका सुझावहरू गरिएका छन् (किड, सन् २०१३)।

# राजस्व संगठन वारे विगतका राजस्व परामर्श समितिका विभिन्न सुझावहरूको संक्षिप्त विवरण

१. **<u>केन्द्रीय ट्यारिफ बोर्ड, २०५६ :</u>**

- करका नीतिमा पुरावलोकन गर्न र अनुगमन गर्न स्थायी राजस्व बोर्ड (Revenue Board) को व्यवस्था हुनुपर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक गतिविधी लगायत, देशको प्रत्यक्ष एवम् अप्रत्यक्ष कर र गैह्र कर विषयको विविध पक्षको अध्ययन, अनुसन्धान गरी उपयुक्त कदमहरू चाल्न र सोको कार्यान्वयन समेत गर्न निजी क्षेत्रलाई पनि संलग्न गराई स्थायी रुपमा Revenue Board को गठन गरिनुपर्ने ।

२. **<u>राजस्व परामर्श समिति, २०५७ :</u>**

- चोरी निकासी पैठारी नियन्त्रणका लागि अविलम्व "राजस्व प्रहरी" गठन गर्ने ।
- "राजस्व प्रहरी" को गठन नहुन्जेल सीमावर्ती क्षेत्रहरूमा मात्र विशेष रुपमा प्रहरी परिचालन गर्ने ।
- कर अधिकृत वा कार्यालयले गरेको निर्णय उपर विभागका महानिर्देशकको संयोजकत्वमा निजी क्षेत्र सम्मिलित एक समिति गठन गरी सो समितिबाट कर निर्धारण आदेश उपर पुनरावलोकन सुन्ने व्यवस्था हुनु पर्ने ।

३. **<u>राजश्व परामर्श समिति, २०५८ :</u>**

- केही समय अघिदेखि शुरु गरिएको प्रभावकारी गस्ती परिचालनबाट राजस्व परिचालनमा सकारात्मक संकेत देखिन थालेकोले हालको अस्थायी गस्ती परिचालनको संरचनाको सट्टामा वैकल्पिक तथा दीगो संरचना तयार गर्नुपर्ने ।
- राजस्व प्रहरी गठनको कारवाही यथाशिघ्र टुंगो लगाउँने र राजस्व प्रहरीको स्थायी व्यवस्था गरी नियमित रुपमा खुला सीमाबाट हुने तस्करी नियन्त्रण कार्यलाई दीगो रुपमा सशक्त वनाउंने ।
- सरकारले राजश्व नीतिका सम्वन्धमा गरेका निर्णयले देशको अर्थतन्त्रमा पारेको प्रभावका वारेमा परामर्श समितिलाई प्रभावकारी ढंगले अनुगमन/अध्ययन गर्ने व्यवस्था हुनुपर्ने ।

## ४. राजश्व परामर्श समिति, २०५९ आषाढ :

- सीमानाबाट हुने चोरी निकासी पैठारी नियन्त्रणका लागि राजस्व प्रहरीको दीगो संरचना यथाशक्य चांडो तयार गर्नुपर्ने ।

## ५. राजश्व परामर्श समिति, २०५९ पौष :

- चोरी निकासी/पैठारी नियन्त्रण कार्यलाई प्रभावकारी वनाउन राजस्व प्रहरीको स्थापना गरी दिगो संरचना खडा गर्ने कार्यलाई यथाशिघ्र टुंगो लगाउने ।
- राजस्व प्रहरी गठन नहुन्जेलसम्म हालको गस्ती व्यवस्थालाई अझ गतिशिल वनाउने ।
- आयकरलाई बढी सरल, स्पष्ट र पारदर्शी बनाउन र देखिएका कमी कमजोरी र दोहोरो अर्थ लाग्ने व्यवस्थाको अन्त्य गर्ने उद्देश्यले नयां आयकर ऐन, २०५८ कार्यान्वयनमा आईसकेको हुंदा यसको प्रभावकारी कार्यान्वयनको लागि कर प्रशासन र नीजि क्षेत्र दुवैले संयुक्त प्रयास गर्नुपर्ने । यसको लागि नीजि क्षेत्र समेतको सहभागी हुने गरी आन्तरिक राजस्व विभागमा एक समितिको निर्माण गरिनु पर्ने ।

## ६. राजश्व परामर्श समिति, २०६० आषाढ :

- भन्सार प्रशासनको औसत संकलन खर्च (Average Collection Cost) तुलनात्मक रुपमा ज्यादै न्यून रहेको छ । राजस्व संकलनमा भएको लगानीलाई ध्यान दिइ भन्सार कार्यालयहरूको भौतिक सुधार तथा Logistic support र कर्मचारी उत्प्रेरणा समेतलाई ध्यानमा राखी कूल संकलन खर्चको कम्तीमा पनि ०.५% वजेट यस प्रयोजनको लागि विनियोजन गरी भन्सार कार्यालयहरूको भौतिक सुधार गर्दै लैजानु पर्ने ।

## ७. राजश्व परामर्श समिति, २०६० पौष :

- राजस्व प्रहरी गठन नहुन्जेलसम्म हालको गस्ती व्यवस्थालाई अझ गतिशिल वनाउने ।
- आयकरलाई बढी सरल, स्पष्ट र पारदर्शी बनाउन र देखिएका कमी कमजोरी र दोहोरो अर्थ लाग्ने व्यवस्थाको अन्त्य गर्ने उद्देश्यले नयां आयकर ऐन, २०५८ कार्यान्वयनमा आईसकेको हुंदा यसको प्रभावकारी कार्यान्वयनको लागि कर प्रशासन र नीजि क्षेत्र दुवैले संयुक्त प्रयास गर्नुपर्ने । यसको लागि नीजि क्षेत्र समेतको सहभागी हुने गरी आन्तरिक राजस्व विभागमा एक समितिको निर्माण गरिनु पर्ने ।

८. **<u>राजश्व परामर्श समिति, २०६१ आषाढ</u>** :

- राजस्व प्रशासनलाई प्रभावकारी रुपमा संचालन गर्न राजस्व सम्बन्धी विभाग/ कार्यालयहरूको भौतिक अवस्थामा सुधार गर्ने तथा कार्यालयलाई आवश्यक पर्ने न्यूनतम सुविधामा बृद्धि गर्ने जस्ता कार्यलाई निरन्तरता दिनुपर्ने । कर्मचारीहरूको कार्यसम्पादनको आधारमा मूल्यांकन गरी पदस्थापन तथा सरुवा गर्ने । राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरूलाई प्रोत्साहित गरी उच्च मनोवल बढाउन कार्यसम्पादनको आधारमा उत्कृष्ट देखिएका कार्यालय र कर्मचारीलाई बजेटमै व्यवस्था गरी थप पारिश्रमिक र पुरस्कारको व्यवस्था गरिनुपर्ने ।
- अबैध कारोबार (निकासी तथा पैठारी समेत) नियन्त्रणमा राजस्व गस्तीको प्रभावकारी भूमिका हुने भएकोले त्यसको स्थायी समाधानको लागि छुट्टै राजस्व प्रहरीको गठन गरिनु पर्ने ।
- राजस्व परामर्श समितिलाई स्वायत्त निकायको रुपमा विकसित गरी प्रभावकारी बनाइनु पर्ने ।
- भन्सार प्रशासनमा पहिलेको वस्तुस्थितिलाई आधार मानी स्थापना गरिएका कतिपय छोटी भन्सार कार्यालयहरूको वर्तमान बोझ र आवश्यकतालाई अध्ययन गरी यस्ता छोटी भन्सार कार्यालयहरूको पुनःसंरचना गर्न वा हटाउनेतर्फ विचार गरिनु पर्ने ।

९. **<u>राजश्व परामर्श समिति, २०६१ पौष</u>** :

- राजस्व प्रशासनको वर्तमान संगठनात्मक एवं भौतिक संरचना, राजस्व परिचालन, कार्यालयहरूको कार्यक्षेत्र, कर्मचारी दरवन्दी जस्ता विषयहरू उपर छुट्टै अध्ययन गरी प्राप्त सुझाव अनुसार सुधार गर्दै जानु पर्ने ।
- अबैध कारोबार (निकासी तथा पैठारी समेत) नियन्त्रणमा राजस्व गस्तीको प्रभावकारी भूमिका हुने भएकोले त्यसको स्थायी समाधानको लागि छुट्टै राजस्व प्रहरीको गठन गरिनु पर्ने ।
- राजस्व परामर्श समितिलाई स्वायत्त निकायको रुपमा विकसित गरिनु पर्ने र स्थानीय स्तरमा गठन गरिएको जिल्लास्थित राजस्व समन्वय समितिलाई प्रभावकारी वनाई स्थानीय तहमा देखिने समस्यालाई समाधान गरिनु पर्ने ।
- राजस्व प्रशासनलाई छिटो, छरितो एवं गुणस्तरयुक्त बनाउन क्रमशः अधिकृतमूलक दरवन्दी व्यवस्था लागू गर्दै जानु पर्ने ।

**१०. राजश्व परामर्श समिति, २०६२ आषाढ :**

- समग्र राजस्व प्रशासनलाई सक्षम, आधुनिक, गतिशील तथा प्रभावकारी बनाउन आवश्यकता अनुसार हालको राजस्व प्रशासनको संगठनात्मक संरचना एवं समूहको गठन सम्बन्धी व्यवस्थाको समेत पुनरावलोकन गरी कार्यबोझ तथा कार्यक्षेत्रको आधारमा विभाग एवं कार्यालयहरूको पुनर्गठन एवं बिस्तार गरिनुपर्ने ।
- राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरूलाई कार्यालयको कार्यबोझ तथा अतिरिक्त समय विदाको दिनमा समेत काम गरे वापत कार्यसञ्चालनको आधारमा एक निश्चित प्रतिशतले थप पारिश्रमिक दिने व्यवस्था मिलाई संभावित अनियमित कृयाकलापको नियन्त्रण गरिनु पर्ने ।
- राजस्व कार्यालयहरूमा सबै तहका कर्मचारीहरूको पदस्थापन गर्दा सम्बन्धित विषयको अल्पकालीन तालीम (Orientation) दिएर मात्र पठाउने व्यवस्था मिलाइनु पर्ने ।

**११. राजश्व परामर्श समिति, २०६२ पौष :**

- भन्सार तर्फ मूल्यांकन एवं व्यापार सम्वन्धमा उठ्ने विवादहरूको समाधानका लागि अर्थ मन्त्रालय अन्तर्गत स्वतन्त्र प्रशासनिक Tribunal को गठन गरिनु पर्ने ।
- आन्तरिक राजस्व कार्यालयको संख्या थप गर्नुपर्ने ।

**१२. राजश्व परामर्श समिति, २०६३ आषाढ :**

- राजश्व संकलनमा प्रमुख योगदान दिई आएको अन्तःशुल्क प्रशासनलाई प्रभावकारी बनाउन छुट्टै अन्तःशुल्क विभागको गठन हुनुपर्ने ।
- विरगंज प्रमुख व्यापारिक शहर भएकोले कर सम्वन्धी विवादहरू छिटो समाधान गर्न विरगञ्जमा राजस्व न्यायाधिकरण स्थापना गर्नु पर्ने ।
- भन्सार कार्यालयहरूमा कर्मचारी पदस्थापना गर्दा दक्ष एवं तालीम प्राप्त कर्मचारीलाई प्राथमिकता दिइनुपर्ने । साथै प्राविधिक कर्मचारी जस्तै कम्प्यूटर अपरेटर आशिकुडा अन्तरगत कम्प्यूर प्रोगाम संचालन गर्न दक्ष भै सकेकालाई अन्यत्र सरुवा गर्दा प्रणाली संचालनमा बाधा आएको हुँदा भन्सार विभागको सहमति बिना अन्यत्र सरुवा नगर्न सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।
- विश्व व्यापार संगठनसंग गरिएको प्रतिवद्धता अनुसार मूल्याङ्कन सम्वन्धमा पुनरावेदन हेर्न सक्ने गरी स्वतन्त्र प्रशासनिक न्यायाधिकरण (Independent Administrative Tribunal) को अविलम्व गठन गरिनु पर्ने ।

- भन्सार विभाग अन्तर्गत अनधिकृत व्यापार एवं राजस्व चुहावट सम्वन्धमा वारम्वार सूचना प्रवाह गर्न महानिर्देशक अन्तर्गत रहने गरी एउटा Intelligence Unit गठन गरी कार्यरम्भ गरिनुपर्ने ।
- अनधिकृत व्यापार नियन्त्रण गर्न भन्सार गस्तीलाई प्रभावकारी रुपमा संचालन गरिनु पर्ने । यसको लागि अर्थ मन्त्रालय अन्तर्गत रहने गरी स्थायी संगठनको व्यवस्था गरिनु पर्ने ।

## १३. राजश्व परामर्श समिति, २०६४ आषाढ :

- चोरी पैठारी नियन्त्रण गर्न सकिएमा राजस्वमा वृद्धिको साथै स्वदेशी उद्योगहरूको संरक्षण हुन जान्छ । यसको लागि राजस्व अनुसन्धान विभागलाई जनशक्ति एवं साधन श्रोतको अभाव हुन नदिई सशक्त र प्रभावकारी रुपले परिचालन गरिनु पर्दछ । सिमावर्ती भन्सार कार्यालयहरूमा पटके रुपमा खटाइने सशस्त्र प्रहरीको सट्टा अर्थ मन्त्रालयको मातहतमा रहने गरी स्थायी प्रकृतिको राजस्व प्रहरीको व्यवस्था आगामी आ.ब.बाट लागू गरीनु पर्ने ।
- राजस्व प्रशासनलाई स्वच्छ राख्न र कर्मचारीहरूलाई उत्प्रेरणाको लागि दण्ड पुरस्कारको व्यवस्थालाई प्रभावकारी रुपले कार्यान्वयन गर्ने र कर्मचारीहरूले सम्पादन गरेको कामको आधारमा प्रोत्साहन भत्ता दिने व्यवस्था राजस्वका सवै कार्यालयहरूमा लागू गरिनु पर्ने ।
- भन्सार प्रशासन र कर प्रशासनमा काम गर्ने कर्मचारीहरूको विषयगत अनुभवले पेशागत ज्ञान अभिवृद्धि गर्दछ । कर प्रशासनमा काम गरिरहेको व्यक्तिलाई एकैपटक भन्सार कार्यालयमा र भन्सार कार्यालयमा कार्यरत कर्मचारीहरूलाई एकैपटक कर कार्यालयहरूमा सरुवा गर्दा तिनीहरूबाट सम्पादन हुने काममा दक्षता नहुनु स्वभाविक हो । त्यसैगरी नीतिगत तहमा बस्ने पदाधिकारीहरू पनि आ-आफ्नो विषयवस्तुमा दक्ष भएमात्र मातहत निकायको प्रशासन एवं नीति निर्माण प्रभावकारी हुन्छ । तसर्थ भन्सार एवं कर प्रशासनमा कार्यरत विभागीय प्रमुखसम्मलाई विषयगत ज्ञानको आधारमा सोही विभाग अन्तर्गत राख्न सकिने गरी नीति निर्माण हुन र केन्द्रीय स्तरमा समग्र प्रशासनको लागि Revenue Board को गठन गर्नु जरुरी देखिन्छ । यस्तो Board ले राजस्व प्रशासन सम्बन्धी नीति निर्माण, कार्यान्वयन तथा अनुगमनको व्यवस्थाको साथै राजस्व प्रशासन अन्तर्गतका कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, दण्ड एवं पुरस्कारको कार्य गर्न सक्ने हुनु उपयुक्त देखिन्छ । यसो भएमा मात्र राजस्व प्रशासनमा व्यवसायिकताको विकास र राजस्व प्रशासनलाई स्वच्छ एवं पारदर्शी बनाउन सकिने अपेक्षा गर्न सकिन्छ ।

**१४. राजश्व परामर्श समिति, २०६७ अशोज :**

- सीमावर्ती भन्सार कार्यालयहरूमा पटके रूपमा खटाइने सशस्त्र प्रहरीको सट्टा भन्सार विभाग/भन्सार कार्यालय मातहतमा महानिर्देशकको आदेशमा चल्ने, रहने गरी स्थायी प्रकृतिको भन्सार प्रहरीको व्यवस्था हुनुपर्ने ।
- भन्सार प्रशासनमा कर्मचारीहरूले सम्पादन गरेको कामको आधारमा प्रोत्साहन भत्ता दिने हालको व्यवस्थाको सकारात्मक असर देखिएकोले यस व्यवस्थालाई निरन्तरता दिईनु पर्ने । यो व्यवस्था भन्सार विभागमा पनि लागू हुनुपर्ने ।

**१५. राजश्व परामर्श समिति, २०६८ आषाढ :**

- सीमावर्ती भन्सार कार्यालयहरूमा पटके रूपमा खटाइने व्यवस्थाको सट्टा महानिर्देशकको मातहत र आदेशमा परिचालन हुने गरी स्थायी प्रकृतिको छुट्टै भन्सार प्रहरीको व्यवस्था हुनुपर्ने ।
- भन्सार विभाग, अन्तर्गत कार्यालय र छोटी भन्सारहरू समेतको संगठन पुन संरचनाका लागि O&M कार्य सम्पन्न गरी नयाँ संगठनात्मक व्यवस्था लागू गर्नुपर्ने।
- भन्सार विभाग र अन्तरगतको संगठनलाई अधिकृतमूलक बनाउने गरी पुन संरचना गर्ने ।
- राजस्व प्रशासन तालिम केन्द्रलाई Revenue Academy को रुपमा तालिम र अनुसन्धानको कार्यमा विशिष्टीकरण गर्ने र उपत्यका वाहिर लैजाने ।
- राजस्व अनुसन्धान तथा सम्पत्ति सुद्धिकरण अनुसन्धानलाई छुट्टा छुट्टै विभाग वनाउने।
- ऋण व्यवस्थापनको कामका लागि छरितो र चुस्त संरचना भएको एउटा छुट्टै ऋण व्यवस्थापन विभाग खडा गर्ने ।
- सानो र छरितो अन्तःशुल्क विभाग खडा गर्न अध्ययन गर्ने ।
- हालको नेपाल प्रशासन सेवा अन्तर्गत राजस्व समूह र लेखा समूह सम्वन्धी अवधारणा अन्त्य गरी छुट्टै सार्वजनिक वित्त सेवा गठन गर्ने र यस सेवा अन्तर्गत देहाय वमोजिम ४ वटा समूह राख्ने :

    १. भन्सार समूह

    २. कर समूह (Inland Revenue)

    ३. वित्तीय व्यवस्थापन समूह

    ४. आन्तरिक लेखा परीक्षण समूह

प्रत्येक समूहमा राजपत्रांकित द्वितीय श्रेणीसम्मका पदहरूलाई समूहीकृत गर्ने र रा.प. प्रथम श्रेणी सम्मका पदहरूलाई सेवा भित्र आवद्ध गर्ने ।

- राजस्व अनुसन्धान र सम्पत्ति सुद्धीकरण अपराध हेर्ने छुट्टा छुट्टै २ वटा विभाग कायम गर्ने ।
- छुट्टै स्वायत्त प्रकृतिको केन्द्रीय राजस्व बोर्ड गठन गरी काम अगाडी बढाउनु पर्ने ।
- मन्त्रालयको O&M Survey लाई स्वीकृतिको लागि मं.प.मा पेश गरी स्वीकृत तत्काल गराउनु पर्ने ।
- विश्व व्यापार संगठनमा प्रतिवद्धता जनाए अनुसार हालसम्म पनि छुट्टै बौद्धिक सम्पत्ति विभाग स्थापना हुन नसकेकोले तत्काल छुट्टै बौद्धिक सम्पत्ति सम्वन्धी विभागको स्थापना हुनुपर्ने ।

**१६. <u>राजश्व परामर्श समिति, २०६९ आषाढ</u> :**

- विद्यमान निकासी/पैठारी (नियन्त्रण) ऐन, २०१३ खारेज गरी सोको सट्टा अन्तर ाष्ट्रिय व्यापारलाई सहज तथा सुरक्षित बनाइ वैध व्यापारलाई प्रोत्साहित गर्ने आधार एवं निकासी पैठारी व्यापार सम्बन्धी विस्तृत व्यवस्था सहितको समयानुकुल नयाँ ऐन तर्जुमा गरी लागू गर्नुपर्ने ।
- भन्सार प्रशासनलाई चुस्त, दुरुस्त एवं अधिकृतमूखी वनाउने, अनावश्यक कार्यालय एवं दरवन्दी हटाई पुनर्संरचना गर्न अति आवश्यक भएकोले O&M सर्भे गराई सांगठनिक पुनर्संरचना गरिनु पर्ने ।
- भन्सार विभागको महानिर्देशकको मातहत तथा आदेशमा परिचालन हुने स्थायी प्रकृतिको भन्सार प्रहरीको व्यवस्था गरिनु पर्दछ । यस्तो प्रहरीहरू भन्सार विभागदेखि कार्यालयसम्म रहने व्यवस्था गरिनु पर्ने ।
- भन्सार कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले सम्पादन गरेको व्यक्तिगत कामको मूल्याङ्कनको आधारमा प्रोत्साहन भत्ता दिने र यसैलाई कार्यसम्पादनको मूल्याङ्कनको आधार बनाउनु पर्दछ। सामुहिक कार्यसम्पादनको मूल्याङ्कनको आधारमा प्रोत्साहन भत्ता दिइनु नहुने ।
- मूल्य अभिबृद्धि करको दरमा बहुदर प्रणालीको माग उद्योग ब्यवसायीले विगतदेखि गर्दै आएको र यसअघि अध्ययन समेत भैसकेकोले सो अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न सरकारले ध्यान दिनुपर्ने ।
- सम्पत्ति सुद्धीकरण बिभागलाई आयोगस्तरको बनाउने वा बिशिष्ट श्रेणीको अधिकृतको नेतृत्वमा कार्य संचालन गर्ने ।

- राजस्व चुहावटको क्षेत्र र वस्तु पहिचान गरी सो वस्तु चोरी पैठारी हुने कारण वारे नीजि क्षेत्रको सहभागितामा अध्ययन टोली गठन गरी अध्ययन गराइनु पर्ने ।
- राजस्व अनुसन्धान क्षेत्रीय कार्यालयहरूलाई आफ्नो कार्यक्षेत्र अन्तर्गतको विदेशी विनिमय सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात र मुद्दा चलाउने अधिकार दिनुपर्ने ।
- राजस्व अनुसन्धान विभाग मातहत रहने गरी आफ्नै सुरक्षा बलको व्यवस्था हुनुपर्ने ।

**१७. <u>राजश्व परामर्श समिति, २०७० आषाढ</u> :**

- आर्थिक ऐनवाट समय समयमा मूल्य अभिवृद्धि कर छुट दिने प्रचलन अन्त्य गर्ने ।
- इटहरी, पथलैया, चितवन, काठमाडौं, बुटवल, नेपालगञ्ज गरी बिभिन्न छ स्थानमा आन्तरिक राजस्व बिभाग अन्तर्गत अन्तःशुल्क कार्यालय स्थापना गरिनुपर्ने ।
- राजस्व समूह भित्रै पनि छुट्टा छुट्टै विशिष्ट शीपको आवस्यकता देखिएकोले उपसमूह (भन्सार उपसमूह र राजस्व उपसमूह) गठन गर्ने ।
- विभागको पुनर्संरचना गरी आन्तरिक राजस्व कार्यालय नभएका जिल्लाहरूका २००० भन्दा बढी करदाताहरू भएका स्थानमा थप करदाता सेवा कार्यालय स्थापना गर्ने तथा काठमाडौं उपत्यकामा मध्यम स्तरीय करदाताहरूका निमित्त MLTO स्थापना गरिनुपर्ने ।
- एकल मू.अ.कर दरले सवै खाले वस्तुहरूमा व्यवहारिक रुपमा लागु गर्न कठीनाई भएको सर्वत्र अनुभव गरिएको परिप्रेक्षमा वस्तु अनुसार मू.अ.करलाई वहुल दरमा लागु गरिनु उपगुक्त हुने ।

**१८. <u>राजश्व परामर्श समिति, २०७१ आषाढ</u> :**

- कर प्रणाली सुधारको लागि उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गर्नुपर्ने ।
- राजस्व न्यायाधिकरण ऐन र नियमावलीलाई समसामयिक बनाउन नयाँ ऐन र नियमावली तर्जुमा गरी न्यायाधिकरणको विद्यमान संरचनामा पुनरावलोकन गर्नुपर्ने ।
- मुलुक संघीय संरचना तर्फ अग्रसर भइसकेको सन्दर्भमा वित्तीय हस्तान्तरण ईकाइ जस्ता संरचनाहरूको आवस्यकता एवं सोको स्वरुपका वारेमा स्वतन्त्र विज्ञहरूको संलग्नतामा अध्ययन टोली गठन गरी कार्य अगाडी वढाउनु पर्ने । मू.अ.कर छुटको सीमा (Threshold) मा समसामयिक रुपमा पुनरावलोकन गर्नुपर्ने ।

- कर बक्यौताको समस्या समाधानको लागि मिन्हा तथा फछ्र्यौट गर्न सक्ने अधिकार सहितको स्थायी संयन्त्रको व्यवस्था गर्नुपर्ने ।
- केन्द्रीय राजस्व बोर्ड गठन गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्ने वा राजस्व समूहलाई छुट्टै सेवाको रुपमा रुपान्तरण गर्नुपर्ने ।
- अर्थ मन्त्रालय अन्तर्गतका आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व प्रशासन तालीम केन्द्र र राजस्व अनुसन्धान विभाग तथा ती विभाग अन्तर्गतका कार्यालयहरूलाई समयानुकूल पुनः संरचना गर्न संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गर्नुपर्ने ।
- आन्तरिक राजस्व विभागको पुनर्संरचनाको लागि IMF समेतले अध्ययन गरी प्रतिवेदन दिएको आधारमा विभागको सुदृढीकरण गरी विभागीय प्रमुखको पद स्तरोन्नती गर्नुपर्ने ।
- मध्यम स्तरीय करदाता कार्यालय स्थापना तथा थप आन्तरिक राजस्व कार्यालयहरू र करदाता सेवा कार्यालयहरू विस्तार गर्नुपर्ने ।
- करदाता सेवा कार्यालयहरूको पुनर्संरचना गरी तिनीहरूको भूमिका पुनरावलोकन गर्नुपर्ने ।
- कर प्रशिक्षण प्रतिष्ठान (Tax Academy) को स्थापना गर्नुपर्ने ।
- राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई कार्यमूलक र व्यवसायिक संगठनको रुपमा विकास गरी कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्नुपर्ने ।

# राजस्व संगठन वारे
# विगतका वजेट वक्तव्यहरूको संक्षिप्त विवरण

१. <u>आ.व.२०६०।०६१</u>

- कर छल्ने कार्यलाई दुरुत्साहन गर्न निश्चित परिसूचकका आधारमा त्यस्ता करदातालाई निगरानी सूचीमा राखिनेछ। निगरानी सूचीभित्र परेका करदाताहरूको अनुसन्धानात्मक कर परीक्षण, आकस्मिक खानतलासी, सम्पत्ति छानवीन, न्यून विजकीकरण गरी विक्री गरेको वस्तुको खरिद गर्ने/गराउने जस्ता कार्यहरू गर्न आन्तरिक राजस्व विभागमा राजस्व सुदृढीकरण कार्यक्रम अन्तर्गत विशेष कार्यदल (Enforcement Task Force) खडा गरिनेछ।

२. <u>आ.व.२०६१/०६२</u>

- भन्सार प्रशासनको संगठन सुदृढीकरण गर्न छरिएर रहेका छोटी भन्सार कार्यालयहरूमा यातायातको सुगमता, वजारको पहुँच, सीमावर्ती क्षेत्रका भन्सार नाका समेतको अध्ययन गरी पुनः संरचना गरिनेछ।

३. <u>आ.व.२०६२/०६३</u>

- अन्तःशुल्क प्रशासनलाई अझ बढी सुदृढ एवं प्रभावकारी बनाउने व्यवस्था गर्न अन्तःशुल्क विभागको गठन गरिनेछ।
- राजस्व चुहावट रोकथाम एवं निगरानी गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग समेतलाई सम्मिलित गराई अर्थ मन्त्रालयमा एउटा विशेष ईकाइको स्थापना गरिनेछ।

४. <u>आ.व.२०६३/०६४</u>

- आ.व.२०६१/०६२ अगाडीसम्मका विभिन्न कर कार्यालयहरू तथा आन्तरिक राजस्व कार्यालयहरूबाट निर्धारण भई असुल उपर हुन नसकेका कर राजस्व र सोही अवधिका अन्य सरकारी वाँकी बक्यौता रकम समेत असुल उपर गर्ने प्रयोजनको लागि एक अधिकार सम्पन्न उच्चस्तरीय बक्यौता फछ्र्यौट आयोग गठन गरिनेछ। आ.व. २०६१/०६२ सम्म विवरण पेश भइ विवादित रहेका विवरण तथा कर फछ्र्यौट हुन नसकेका विवरणहरूको कर फछ्र्यौट गर्नका लागि कर फछ्र्यौट समिति गठन गरिनेछ।

- राजस्व चुहावटका क्षेत्रहरूको पहिचान गरी प्रभावकारी नियन्त्रण व्यवस्था कायम गर्न जोखिम व्यवस्थापन पद्धतिको विकासमा जोड दिइनेछ । साथै, राजस्व अनुसन्धान विभागको अनुसन्धान क्षमतामा विकास गरिनेछ। मन्त्रालयमा स्थापित अनुगमन ईकाइलाई अधिकार सम्पन्न गरी राजस्व चुहावट नियन्त्रण कार्यमा सशक्त बनाइनेछ ।
- राजस्व प्रशासनमा कार्यरत जनशक्तिको कार्य उत्प्रेरणामा अभिवृद्धि गर्न छानिएका केही कार्यालयहरूमा परीक्षणको रुपमा कार्यसम्पादनमा आधारित प्रोत्साहन पद्धति लागू गर्ने व्यवस्था मिलाइएको छ ।
- राजस्व परामर्श समितिको वर्तमान संरचनालाई पुनर्गठन गरी यसको प्रभावकारितामा वृद्धि गरिनेछ । राजस्व कार्यालयहरूको संस्थागत क्षमता र व्यवसायिक दक्षतामा अभिवृद्धि गर्न आधारभूत सेवा तथा मानव संशाधन विकासमा जोड दिइने छ ।
- अन्तःशुल्क प्रशासनलाई अझ बढी सुदृढ एवं प्रभावकारी बनाउन वर्तमान संगठनात्मक संरचनालाई पुनरावलोकन गरी सुधार गरिनेछ ।

५. <u>आ.व.२०६५।०६६</u>

- केन्द्रीय सरकार र स्थानीय सरकारले उठाउन पाउने राजस्वको सीमाङ्कन (Demarcation) गर्न एउटा कार्यदल गठन गरी कार्यप्रारम्भ गरिनेछ ।
- कालो धनलाई सेतो बनाउन अपनाउने अवैध उपायहरूको नियन्त्रण गरी कानुन अनुसार कारवाही गर्न यसै आर्थिक वर्षभित्र मुद्रा शुद्धीकरण नियन्त्रण विभागको स्थापना गरिनेछ ।
- आम नेपालीले आफ्नो सम्पत्तिको विवरण राज्यलाई सूचित गरी सम्मानित जीवन व्यतित गर्न आम नागरिकलाई उत्प्रेरित गर्ने ध्येयले सम्पत्ति कर ऐन, २०४७ लाई समय सापेक्ष, व्यवहारिक र कार्यान्वयनयोग्य तुल्याई यसै आर्थिक वर्षभित्र लागु गरिनेछ । यसका लागि विज्ञहरू सम्मिलित एउटा आयोग गठन गरिनेछ ।
- न्यून गुणस्तरको विदेशी मालवस्तुको आयातको चापलाई स्वदेशी उद्योगको संरक्षण गर्न यसै आर्थिक वर्षभित्र एन्टि डम्पीङ्ग (Anti-dumping) सम्वन्धी विधेयक तर्जुमा गरी सम्मानीत व्यवस्थापिका संसद समक्ष पेश गरिनेछ ।
- भन्सार जाँचपास पश्चातको परीक्षण (PCA) लाई प्रभावकारी बनाइनेछ । यसका लागि आ.रा.वि. र भन्सार विभागले समन्वयात्मक रुपमा संयुक्त परीक्षण प्रणाली (Joint Audit System) को अवलम्वन गरिनेछ ।

- आगामी ६ महिनाभित्र वीरगन्ज, भैरहवा, विराटनगर, मेची भन्सार कार्यालयहरूको वाटो गरी पैठारी हुने सामानहरू भन्सार कार्यालयबाट सिलवन्दी कन्टेनरमा मात्र ढुवानी गर्न पाउने व्यवस्था मिलाइनेछ ।
- राजस्व नीति, राजस्व प्रशासन, राजस्व सम्बन्धी ऐन नियम लगायतका विषयमा स्थायी रुपमा निरन्तर अध्ययन, अनुसन्धान गरी अल्पकालीन, मध्यकालीन एवं दीर्घकालीन सोच अनुरुप राजस्व नीति निर्धारण र राजस्व प्रशासनलाई संचालन गर्न यसै आ.व. भित्र एउटा अधिकार सम्पन्न स्थायी केन्द्रीय राजस्व बोर्ड (Central Revenue Board) को स्थापना गरिनेछ ।
- राजस्व प्रशासनलाई सक्षम र प्रभावकारी वनाउन देशको श्रम वजार एवं निजामती सेवाको अन्य समूहवाट समेत प्रतिस्पर्धात्मक रुपमा दक्ष एवं उच्च गुणस्तरयुक्त जनशक्तिलाई राजस्व समूहमा प्रवेश गराउने र कार्यसम्पादनको आधारमा राजस्व समूहका कर्मचारीलाई नेपाल प्रशासन सेवाका अन्य समूहमा सरुवा गर्ने व्यवस्था मिलाइने छ ।
- राजस्व प्रशासनमा काम गर्ने अधिकारी र कर्मचारीहरूको पारिश्रमिक र सुविधाहरूमा अलग्गै व्यवस्था लागू गर्ने सम्वन्धमा अध्ययन अनुसन्धान गरिनेछ ।
- आन्तरिक राजस्व विभागको विद्यमान संरचनामा परिवर्तन गरी कार्य सम्पादनको दृष्टिकोणले छरितो बनाइने छ। कार्यवोझको अनुपातमा थप आ.रा. कार्यालयहरूको स्थापना गर्दै लगिनेछ । यस क्रममा पहिलो चरणमा काठमाडौं उपत्यकाभित्र आन्तरिक राजस्व कार्यालयहरूको संख्या वृद्धि गरिनेछ । सोको लागि राजस्व प्रशासन संगठनात्मक संरचना सुधार सुझाव कार्यदल, २०६३ को प्रतिवेदन समेतलाई आधार लिइनेछ ।
- भन्सार विभाग र अन्तर्गत कार्यालयहरूको संगठनात्मक संरचना पुनरावलोकन गरिनेछ । भन्सार प्रशासनलाई क्रमशः अधिकृतमूलक (Officer oriented) वनाइनेछ । त्यस्तै हाल विद्यमान छोटी भन्सार कार्यालयहरूको पुनर्संरचना तथा पुनर्स्थापना सम्वन्धी कार्य शीघ्र अगाडि बढाइनेछ ।

## ६. आ.व.२०६६।०६७

- High Sea Sale को सम्भाव्यता वारे अध्ययन गर्न निजी क्षेत्रको समेत संलग्नतामा कार्यदल गठन गरिनेछ ।
- आर्थिक गतिविधिको विकास एवं विस्तार, करदाताको पहुँच र कार्यवोझको अनुपातलाई ध्यानमा राखी आन्तरिक राजस्व विभाग र कार्यालयको संरचनामा

समयानुकूल परिवर्तन गरिनेछ। यस क्रममा काठमाडौं उपत्यका, धनकुटा, सुर्खेत, वाग्लुङ्ग र जुम्ला जिल्लामा करदाता सेवा केन्द्रहरू र वुटवलमा आन्तरिक राजस्व कार्यालय स्थापना गरिनेछ।

- राजस्व नीति, राजस्व प्रशासन, राजस्व सम्वन्धी ऐन नियम लगायतका विषयमा स्थायी रुपमा निरन्तर अनुसन्धान गरी अल्पकालीन, मध्यकालीन एवम् दीर्घकालीन सोच अनुरुप राजस्व नीति निर्धारण र राजस्व प्रशासनलाई संचालन गर्न यसै आ.व.भित्र एक उच्चस्तरीय स्थायी केन्द्रीय राजस्व बोर्डको स्थापना गरिनेछ।
- सबै भन्सार कार्यालयहरूको भौतिक सुविधामा विस्तार गरिनेछ । भन्सार कार्यालयहरूलाई अधिकृतमूलक वनाइनुका साथै केही भन्सार कार्यालयहरूको स्तर वृद्धि गरी संगठन पुनर्संरचना गरिने कार्य यसवर्ष पूरा गरिनेछ। साथै सीमा क्षेत्रबाट हुने अवैध मालसामान ओसार पसार नियन्त्रण गर्न भन्सार विभाग अन्तर्गत भन्सार प्रहरीको व्यवस्था गरिनेछ।
- भन्सार जाँचपास परीक्षण कार्यालय (Post Clearance Audit Office) को स्थापना गरी आगामी तीन महिना भित्र कार्य संचालन गरिनेछ।
- राजस्व अनुसन्धान विभागको विद्यमान संरचनामा पुनरावलोकन गरिनुका साथै थानकोट, वर्दिवास र अत्तरियामा थप इकाई कार्यालयहरू तत्काल स्थापना गरिनेछ। राजस्व चुहावट नियन्त्रणका लागि छुट्टै राजस्व प्रहरीको व्यवस्था गरी आकस्मिक एवम् द्रुत गस्तीको परिचालनद्वारा राजस्व चुहावट गर्ने कार्यलाई कडाइका साथ नियन्त्रण गरिनेछ।
- अन्तःशुल्क प्रशासनलाई अझ बढी सुदृढ, सक्षम र प्रभावकारी बनाउन यसका नीतिगत, संगठनात्मक तथा प्रशासनिक प्रक्रियाको अध्ययन गरी सुझाव पेश गर्न आगामी आ.व.मा एक कार्यदल गठन गरिने छ। साथै, कार्यदलको प्रतिवेदनलाई कार्यान्वयनमा ल्याउन पहल गरिनेछ।
- मूल्य अभिवृद्धि करका सम्वन्धमा उद्यमी र व्यवसायी समुदायबाट व्यक्त भावनालाई उच्च महत्व दिंदै यसलाई वैज्ञानिक र व्यवहारिक तुल्याउन अध्ययन गरिनेछ।
- आन्तरिक राजस्व कार्यालय नभएका जिल्लाहरूमा करदाता दर्ता, स्थायी लेखा नम्वर वितरण, कर संकलन र करदाता सेवा सम्वन्धी कार्यका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा करदाता सेवा ईकाइ स्थापना गरिनेछ। यस्तो ईकाइमा काम गर्न तोकिएका कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता समेत दिने व्यवस्था मिलाइएको छ । यस व्यवस्थाबाट दुर्गम पहाडी जिल्लाका साना व्यवसायीलाई दर्ता भई कर भुक्तानी गर्न सहज हुने अनुमान छ।

### ७. आ.व.२०६७।०६८

- राजस्व प्रशासनको वर्तमान संगठनात्मक संरचना र कार्य प्रणालीलाई समयानुकूल परिमार्जन गरी स्वच्छ, पारदर्शी, व्यवसायिक र करदाता मैत्री राजस्व प्रशासनको विकास गर्ने ।
- राजस्व प्रशासनलाई स्वायत्त र प्रभावकारी वनाउन केन्द्रीय राजस्व बोर्ड गठन सम्वन्धी विधेयक व्यवस्थापिका संसद समक्ष पेश गरिनेछ ।
- सम्पत्ति सुद्धीकरण निवारण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेपाल राष्ट्र बैङ्कमा रहेको वित्तीय सूचना ईकाइसंग कार्यमूलक सम्वन्ध कायम गरी यस सम्वन्धी अनुसन्धान तथा तहकिकातलाई प्रभावकारी बनाइनेछ । यसैगरी राजस्व अनुसन्धान विभागलाई "राजस्व तथा सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग" को रुपमा पुनर्संरचना गरी श्रोत र साधनले सम्पन्न गरिनेछ ।

### ८. आ.व.२०६८।०६९

- राजस्व प्रशासनको वर्तमान संगठनात्मक संरचना र कार्य प्रणालीलाई समयानुकूल परिमार्जन गरी स्वच्छ, पारदर्शी, व्यवसायिक र करदाता मैत्री राजस्व प्रशासनको विकास गर्ने ।
- राजस्व प्रशासनलाई स्वायत्त र प्रभावकारी बनाउन केन्द्रीय राजस्व बोर्ड गठन गरिनेछ।
- करदाता सेवालाई थप विस्तार गरी प्रभावकारी बनाउन आगामी वर्षमा काठमाडौं उपत्यका वाहिर थप १३ वटा करदाता सेवा कार्यालय स्थापना गरी संचालनमा ल्याइनेछ ।
- अन्तःशुल्क राजस्वको योगदानलाई दृष्टिगत गरी यसको छुट्टै संगठनात्मक संरचना मार्फत प्रशासन गरी राजस्व संकलनमा अभिवृद्धि गर्न यस आ.व.मा छुट्टै अन्तःशुल्क विभाग स्थापना गरिने छ ।
- छुट्टै राजस्व प्रहरीको व्यवस्था नभएसम्म राजस्व अनुसन्धान तथा भन्सार कार्यालयहरूको सुरक्षा र चोरी पैठारी/निकासी नियन्त्रण गर्न आवधिक रुपमा खटाइने सशस्त्र प्रहरी बलको सट्टा भन्सार विभाग तथा राजस्व अनुसन्धान विभागको नियन्त्रण र निर्देशनमा रहने गरी सशस्त्र प्ररी बल खटाइनेछ ।

### ९. आ.व.२०७०।०७१

- मू.अ.कर लागू भएको पन्ध्र बर्ष पूरा भइसकेको र नयाँ आयकर ऐन तथा अन्तःशुल्क ऐन लागू भएको बाह्र बर्ष पुग्न लागेको सन्दर्भमा कर प्रणालीमा समग

सापेक्ष सुधारका लागि अध्ययन तथा विश्लेषण गर्न विज्ञसहितको एक उच्चस्तरीय कर प्रणाली पुनरावलोकन सुझाव आयोग गठन गरिनेछ ।

- सीमा क्षेत्रबाट हुने चोरी निकासी पैठारी, राजस्व चुहावट तथा अवैध मालवस्तुको ओसारपसार नियन्त्रण गर्न अन्तर विभागीय समन्वय कायम गरी अभियानकै रुपमा कार्यक्रमहरू अगाडि बढाइने छ । साथै भन्सार कार्यालयका प्रमुखको निर्देशन र जिम्मेवारीमा भन्सार राजस्व गस्ती परिचालन हुने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।
- भन्सार विन्दूवाट जाँचपास भएका सामानहरूलाई विभिन्न ठाउँमा चेक जाँच गर्ने कार्यबाट व्यवसायिक लागत बढ्न जाने भएकोले जोखिममा आधारित चेक जाँच एवं अनुसन्धान प्रणालीको अवलम्वन गरिनेछ । यसै सिलसिलामा राजस्व अनुसन्धान विभाग अन्तर्गत हाल कायम रहेको थानकोट र धुलिखेल चेकपोष्टहरू आजैका मितिदेखि खारेज हुने व्यवस्था मिलाइएको छ । ती चेकपोष्टहरू खारेज भएपछि राजस्व अनुसन्धान विभागबाट राजस्व चुहावट नियन्त्रणका लागि सूचना प्रविधिमा आधारित सघन गस्ती संचालन गरिनेछ । काठमाडौं उपत्यकाभित्रको आर्थिक गतिविधिको अनुगमन गरी चुहावट नियन्त्रण गर्न चालु आ.व. भित्र नै राजस्व अनुसन्धान विभाग अन्तर्गत छुट्टै संरचना तयार गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनमा गैह्रकर राजस्वको योगदान वृद्धि गर्न गैह्रकरका नयां श्रोतहरूको परिचालन, सरकारी सम्पत्तिको उपयोग, वस्तु तथा सेवाको मूल्य पुनरावलोकन र गैह्रकर राजस्व संकलनको संस्थागत जिम्मेवारी समेतको अध्ययन गरी सुझाव दिन गैह्रकर राजस्व प्रणाली सुधार कार्यदल गठन गरिनेछ ।

## १०. <u>आ.व.२०७१।०७२</u>

- राजस्व प्रशासनमा थप विशिष्टिकरण गर्न संरचनात्मक सुधार गर्ने ।
- उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गरिनेछ ।
- राजस्व प्रशासन तालिम केन्द्रको भौतिक पूर्वाधार र संरचनात्मक सुधार गरी यसलाई अध्ययन, अनुसन्धान र अभिलेख केन्द्रको रुपमा पनि विकास गरिनेछ ।

## अनुसूची-३

# केही मुलुकका केन्द्रीय राजस्व संगठनहरूको संक्षिप्त विवरण र केही अन्तर्राष्ट्रिय अध्ययनहरूको संक्षेपमा निचोड

१. **भारत**: भारतमा केन्द्रीय राजस्व बोर्ड ऐन, १९६३ अन्तर्गत दुइ वटा बोर्डहरू : केन्द्रीय प्रत्यक्ष कर बोर्ड र केन्द्रीय अन्तःशुल्क तथा भन्सार बोर्ड गठन गरिएका छन् । यी दुवै बोर्ड केन्द्रीय सरकारको नियन्त्रणमा केन्द्रीय सरकार र ऐनले दिएको अधिकार प्रयोग गरी सुम्पेको कार्यहरू गर्दछन् । यी बोर्डहरू अर्थ मन्त्रालयको राजस्व विभागका अङ्गहरू हुन् । अध्यक्ष लगायत सबै सदस्यहरू भारतीय राजस्व सेवाबाट छानिन्छन् । अध्यक्षहरू विशेष सचिव स्तरका छन् भने सबै सदस्यहरू पदेन अतिरिक्त सचिवहरू हुन् । बोर्डहरूले आफ्नो सामूहिक निर्णयबाट नीतिगत र दैनिक प्रशासन सन्चालनका लागि आवश्यक मार्गदर्शन गर्ने कार्यहरू गर्दछन् । (दाहाल र अन्य, वि.सं. २०६६) ।

भारतको राजस्व संगठन नीति र संरचनामा सुधारका लागि सुझाव गर्न हालै गठीत एक आयोग (Tax Administration Reform Commission) ले दिएको प्रतिवदेनमा दुइवटा बोर्डहरूले तत्कालै आफ्ना कार्य प्रणालीमा ऐक्यवद्धता ल्याउन प्रयास गर्न र आगामी ५ वर्षभित्र एउटै व्यवस्थापन संरचना रहेको “प्रत्यक्ष र अप्रत्यक्ष करहरूको केन्द्रीय बोर्ड” मा एकीकरण गर्न सुझाव गरेको छ । साथै कर प्रशासनलाई बढी वित्तीय र कार्यगत स्वायत्तता प्रदान गर्न, राजस्व सचिवको पद खारेज गरी बोर्डलाई तिनको काम जिम्मा दिन, बोर्डहरूलाई नीतिगत कार्यहरूको मात्र जिम्मेवारी दिइ सबै सन्चालनस्तरका कार्यहरू निर्देशनालयहरूलाई सुम्पन, स्थानीय कार्यालयहरूलाई भौगोलिक आधारमा मात्र कार्य जिम्मेवारी नदिई कार्यगत आधारमा (जस्तै करदाता सेवा, कार्यान्वयन, लेखा परीक्षण, विवाद निरुपण, कर संकलन आदि) स्थापना गर्ने जस्ता सुझावहरू पनि यो आयोगले दिएको छ । (TARC, 2014) ।

२. **बङ्गलादेश**: बङ्गलादेशमा तहाँको अर्थ मन्त्रालयको आन्तरिक श्रोत महाशाखा अन्तर्गत राष्ट्रिय राजस्व बोर्डले प्रत्यक्ष र अप्रत्यक्ष सबै करहरूको प्रशासन गर्दछ । आन्तरिक श्रोत महाशाखाको सचिव राजस्व बोर्डको पदेन अध्यक्ष हुन्छन् । बोर्डको कार्यक्षेत्रमा आयकर, मू.अ.कर, भन्सार, अन्तःशुल्क, अन्य शुल्क, फी र दस्तुरहरूको संकलन, नीति निर्माण र कर प्रशासन पर्दछ । (दाहाल र अन्य, वि.सं २०६६) ।

३. **पाकिस्तान**: पाकिस्तानमा ऐनद्वारा सन् २००७ मा Federal Board of Revenue (संघीय राजस्व बोर्ड) को गठन भएको छ, यस अघि केन्द्रीय राजस्व बोर्ड

थियो । अर्थ मन्त्रालयका राजस्व महाशाखाका सचिव बोर्डको पदेन अध्यक्ष हुन्छन् र बोर्डमा तीनजना संचालक सदस्यहरू, तीनजना प्रशासन, कानुन र रणनीतिक योजनाका विज्ञ सदस्यहरू, तीनजना कार्यगत सदस्यहरू, तीनजना नीतिगत विषय हेर्ने सदस्यहरू र तीनजना महानिर्देशकहरू गरी जम्मा १५ जना सदस्यहरू छन् । बोर्डले वित्त नीतिको तर्जुमा र प्रशासन, संघीय करहरू लगाउने र संकलन गर्ने तथा पुनरावेदन सुन्ने अर्द्ध न्यायिक कार्य गर्ने गर्दछ । (दाहाल र अन्य, वि.सं २०६६) ।

४. **<u>सिङ्गापुर</u>**: सिङ्गापुरमा सन् १९९२ मा ऐनद्वारा स्थापित राजस्व प्राधिकरण छ जसमा अध्यक्ष र ५ देखि १० जना सम्म सदस्यहरू रहन्छन् । अध्यक्षको नियुक्ति राष्ट्रपतिले गर्छन् । प्राधिकरणले लोक सेवा आयोगसंग परामर्श गरेर र शर्तहरू तोकी प्रमुख कार्यकारी अधिकृत (Inland Revenue Commissioner) नियुक्त गर्दछ । यस प्राधिकरणले सरकारको एजेन्टको रुपमा काम गरी सरकार र प्राधिकरण बीच भएको सम्झौता बमोजिम आय कर, सम्पत्ति कर तथा अन्य कर, शुल्क र दस्तुरहरूको प्रशासन, निर्धारण, संकलन र तत्सम्वन्धी अन्य कारवाही गर्दछ। प्राधिकरणले मन्त्रीको स्वीकृति लिई प्राधिकरणका कार्यकारीहरूको नियुक्ति र सेवाका शर्तहरू, अनुशासन, सुविधा सहुलियत निर्धारण गर्दछ। ऐन अनुसार तोकिएको कार्य गर्दा प्राधिकरणले लिने शुल्क पनि मन्त्रीको स्वीकृतिमा आफैले निर्धारण गर्दछ। सिङ्गापुरमा भन्सार प्रशासनलाई सरकारी विभागको रुपमा छुट्टै राखिएको छ । (दाहाल र अन्य, वि.सं २०६६) । अन्तर ाष्ट्रिय मुद्रा कोषले गरेको अध्ययन अनुसार सिङ्गापुरको राजस्व प्राधिकरणलाई सम्पत्ति स्वामित्व गर्ने, ऋण लिने अधिकार रहेको, संचालनका लागि संकलित राजस्वको निश्चित अंश स्वतः प्राप्त हुने र थप प्रोत्साहन रकम पनि प्राप्त हुने, अर्थ मन्त्रालयप्रति सामान्य जवाफदेही रहने, महालेखा परीक्षक वा अन्य स्वीकृत लेखापरीक्षकद्वारा लेखा परीक्षण हुने, संचालक समितिमा नीजि क्षेत्रको पनि सहभागिता रहने, बोर्डले प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्न पाउने जस्ता गुणहरू छन् र सबै क्षेत्रमा प्रभावकारिता अति उच्च रहेको छ। (IMF, 2006)।

५. **<u>पेरु</u>**: पेरुमा राजस्व प्राधिकरणको रुपमा सन् १९९१ मा SUNAT (National Superintendency of Tax Administration) को स्थापना भयो । चरम आर्थिक विश्रृंखला पछि कर संकलन र कूल गार्हस्थ उत्पादनको अनुपात धेरै तल झरेपछि (सन् १९९१ को शुरुमा ५.८%) यो संस्थाको स्थापना भयो । यो संस्थाले वित्तीय र कर्मचारी प्रशासनको स्वायत्तता पायो, कर्मचारीको कार्यक्षमताको मूल्याङ्कनको आधारमा प्राधिकरणले तलव तोक्ने अधिकार पनि पायो । संगठनको समग्र आधुनिकीकरण, मू.अ.कर प्रशासनको सुदृढीकरण, कर प्रणालीको सरलीकरण, बैकिङ्ग प्रणालीलाई

कर विवरण र भुक्तानीको जिम्मेवारी सुम्पिने जस्ता सुधारका कार्यहरू SUNAT ले गऱ्यो । सन् २००५ मा कर संकलन गार्हस्थ उत्पादनको १४% पुग्यो । समग्रमा SUNAT एउटा अति सफल र प्रभावकारी राजस्व संकलनको रुपमा देखा परेको छ। (IMF, 2006) ।

६. **युगान्डा**: सन् १९९० को शुरुआतमा अर्थ मन्त्रालय अन्तर्गत रहेका चारवटा विभागहरूले युगान्डामा राजस्व संकलन गर्थे । त्यतिखेर कर्मचारीको गिर्दो मनोवल र कमजोर उत्पादकत्व, कम तलव र श्रोतको कमी, भ्रष्टाचार, अप्रभावकारी कर संकलन, कमजोर व्यवस्थापन र स्वयं कर तिर्ने बानीको कमी त्यहाँको राजस्व प्रशासनका लक्षणहरू थिए । सन् १९९१ मा युगान्डा राजस्व प्राधिकरणको गठन भयो जसलाई वजेट व्यवस्थापन र कर्मचारी व्यवस्थापनमा स्वायत्तता प्रदान गरियो । संकलित राजस्वको निश्चित अंश प्राधिकरणले पाउन सक्ने भयो । तलव पनि प्राधिकरण आफैले निर्धारण गर्न सक्ने अधिकार दिइयो । आफ्ना सबै वित्तीय नीतिहरू आफैले निर्धारण गर्ने अधिकार दिइयो । अफ्रिकाको एउटा शुरुको राजस्व प्राधिकरणको रुपमा यो धेरै सफल र प्रभावकारी पनि भयो । राजस्व संकलन उल्लेख्य रुपमा बढ्यो । तर विस्तारै भ्रष्टाचार र अदक्षता लगायतका पुराना समस्याहरू दोहोरिन थाले । यसको संगठन ढाँचा खण्डित हुँदै गयो र जिम्मेवारीहरू स्पष्ट रहन सकेन । सन् २००४ मा आधुनिकीकरणको नयाँ प्रयास पछि भने सुधारहरू र सांगठनिक प्रभावकारिता देखिएको छ । (IMF, 2006) ।

७. **तान्जानिया**: तान्जानियामा सन् १९९५ मा अर्द्ध-स्वायत्त राजस्व प्राधिकरण अर्थ मन्त्रीको सामान्य सुपरिवेक्षणमा रहने गरी स्थापना भयो । यसमा अध्यक्ष अर्थ मन्त्रीको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त हुन्छन् भने अन्य ५ जना पदेन सदस्यहरूमा अर्थ मन्त्रालयका सचिवहरू (संघीय र जन्जिबार प्रान्तको), केन्द्रीय बैङ्कको गर्भनर, प्राधिकरणको प्रमुख आयुक्त र योजना आयोगको सचिव रहने व्यवस्था गरिएको छ । साथै अर्थ मन्त्रीले आर्थिक, व्यापारिक कानुनी तथा वित्तीय विषयसंग सम्बन्धित संस्थाहरूबाट ४ जना सदस्य नियुक्त गर्ने व्यवस्था छ। प्राधिकरणले मू.अ.कर, आयकर, भन्सार तथा अन्तःशुल्क प्रशासन हेर्दछ। संचालक समितिले प्रमुख र अरु आयुक्तहरूको नियुक्ती गर्दछ। संचालक समितिको सामान्य सुरिवेक्षणमा प्रमुख आयुक्तले दैनिक कार्य संचालन, कोष र सम्पत्तिको व्यवस्थापन तथा समग्र प्रशासनको जिम्मेवारी सम्हाल्दछ (दाहाल र अन्य, वि.सं २०६६) । सिङ्गापुरमा झैं तान्जानियामा प्राधिकरणले ऋण लिन र सम्पत्ति स्वामित्व गर्न पाउंदछ, मन्त्रीको स्वीकृतीमा कर्मचारी प्रशासन उपर स्वायत्तता रहेको छ र संसदबाट स्वीकृत सामान्य वजेटमा अतिरिक्त राजस्वको निश्चित भाग मन्त्रीको स्वीकृतिमा थपेर पाउन सक्दछ। संचालक समितिमा नीजिक्षेत्रको सहभागिता

रहेको छ । तान्जानियाको राजस्व प्राधिकरणको स्वयं मूल्याङ्कनले औषतभन्दा बढी प्रभावकारी (१० मा ७ देखि ९ अंक) देखाएको छ । (IMF, 2006) ।

८. **राजस्व प्राधिकरणहरूको प्रभाव मूल्याङ्कन** : अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २००६ मा गरेको २९ वटा मुलुकका राजस्व प्राधिकरणहरूको प्रभाव मूल्याङ्कन र सोमा देखिएका समस्याहरूको अध्ययनले समग्रमा निम्न संकेतहरू देखाएको छ । (IMF, 2006) ।

(क) राजस्व प्राधिकरणको कुनै सर्वमान्य परिभाषा छैन ।

(ख) राजस्व प्राधिकरणहरूको गठनले राजस्व प्रशासनको कार्यक्षमतामा सुधार ल्याएको कुरा प्रमाणित वा अप्रमाणित दुवै हुन सकेको छैन ।

(ग) प्रशासनिक/सांगठनिक सुधारको दिशाको रुपमा राजस्व प्राधिकरणको गठनले योगदान गर्दछ भन्ने ठोस आधारहरू देखिएका छैनन् ।

(घ) राजस्व प्राधिकरण रहेका मुलुकहरूमा यस्तो प्राधिकरणको गठनले सुधार संभव भएको भन्ने गरिएको छ ।

(ङ) बढी वा घटी स्वायत्तताले आधुनिकीकरण र सुधार ल्याउन कार्यक्षमता बढाउंछ भन्ने ठोस उदाहरणहरू छैनन् ।

(च) मन्त्रीको भूमिका र कार्यकारी/संसदप्रतिको निजको उत्तरदायित्वसंग राजस्व प्राधिकरणको सफलता गाँसिएको छ ।

(छ) राजस्व प्राधिकरण गठनको र यसका विकल्पहरूको लागत/लाभ मूल्याङ्कन ठोस रुपमा गरिएका छैनन् ।

(ज) राजस्व प्राधिकरण गठनको विषय मूलतः मनोगत आधारमा निरोपण हुने गरेको छ ।

(झ) यसर्थ, राजस्व प्राधिकरण गठनलाई सबै समस्यामा समाधानका रुपमा हेरिनु हुन्न, यो खर्चिलो पनि छ, समय र प्रयास धेरै लाग्न सक्छ र कर प्रशासनको प्रभावकारितामा वृद्धि ल्याउने कुराको यस कार्यले प्रत्याभूति गर्दैन, भन्ने कुरा वुझ्न जरुरी छ ।

९. **राजस्व केन्द्रीय संगठन सुधारको दिशा बारे मान्यता :**

विलियम केन्डलद्वारा अन्तर्राष्ट्रिय मुद्रा कोषको लागि तयार गरिएको एउटा कार्यपत्र Revenue Administration: Autonomy in Tax Administration and the Revenue Authority Model मा सरकारी संरचनाहरूमा स्वायत्तताको परिमाण (Degree) लाई निम्न अनुसार बढ्दै गएको स्वरुपमा प्रस्तुत गरिएको छ :

| परम्परागत विभाग | अर्द्ध-स्वायत्त निकाय | स्वायत्त निकाय र नियामक निकायहरू | राज्यको स्वामित्वमा रहेका संस्थानहरू | नीजिकरण गरिएका क्रियाकलापहरू |
|---|---|---|---|---|

(बढ्दो स्वायत्तता र घट्दो सरकारी नियन्त्रण ⟶ )

राजस्व विभागहरू, राजस्व बोर्डहरू एवं राजस्व प्राधिकरणहरूको स्वायत्तता एवं सरकारी नियन्त्रणको अंशलाई पनि यसैगरी हेर्न सकिन्छ । बढी स्वायत्ततालाई राजस्व संगठनमा जनसाधन र खर्च/वजेट व्यवस्थापनमा स्वायत्तता तथा दैनिक प्रशासनमा सरकारी नियन्त्रणको न्यूनताको रुपमा पनि हेर्न सकिन्छ । राजस्व संगठनहरूलाई दिइने स्वायत्तता तथा सरकारी नियन्त्रणमा कटौतीलाई सांगठनिक सुधारद्वारा कर संकलनमा सुधार लगायत समग्र राजस्व प्रशासनको सुधारको रुपमा हेरिएको छ । यस्तो स्वायत्तताको प्रत्याभूति निम्न तरिकाले गरिन्छ :

(क) कानुनमा व्यवस्था गरेर (कर कानुन र संस्थागत/प्रशासनिक कानुनहरूमा व्यवस्था गरेर) ।

(ख) प्रतिवेदन (Reporting) गरिने सम्वन्धहरू परिभाषित गरेर (अर्थ मन्त्री वा अर्थ सचिवलाई गरिने प्रतिवेदन परिभाषित गरेर) ।

(ग) राजस्व संगठनको राजस्व सम्वन्धी कार्य सन्चालन स्तरको तर्जुमा र कार्यान्वयन गर्ने क्षमता तयार गरेर, तथा

(घ) राजस्व संगठनको संगठन ढाँचा र कार्यगत जिम्मेवारीहरूमा प्रभावकारिता ल्याएर ।

उपरोक्त कार्यहरू स्वायत्त राजस्व बोर्ड वा राजस्व प्राधिकरण गठन गरेर गर्न सकिने मान्यताहरू रहेको छ । सन् २००८ मा गरिएको एउटा OECD कर प्रशासन सर्भेक्षणले ४३ वटा मुलुकहरू (३० OECD र १३ गैह्र OECD) मध्ये २४ वटा मुलुकमा अर्द्ध-स्वायत्त निकाय (बोर्ड रहेको वा नरहेको) रहेको राजस्व संगठनहरू देखियो । यी संगठनहरूको खास गरी संगठन र योजना (Organization and Planning), वजेट व्यवस्थापन, कार्यसम्पादनको मापदण्डहरू (Performance Standards) तथा मानव संशाधनको क्षेत्रमा स्वायत्तता रहेको देखियो । (Crandall, IMF, 2010) ।

IMF ले गरेको सर्भेक्षण अनुसार राजस्व प्राधिकरणहरू प्रायः कानुनद्वारा गठीत भएका छन्, छुट्टै कानुनी अस्तित्व छ, कर निर्धारण र संकलन गर्ने तथा कर कानुन प्रशासन

र कार्यान्वयन गर्ने अधिकार राख्दछन् । अर्थ मन्त्रीलाई कर कानुनको वारे परामर्श दिन्छन् । प्रायः मुलुकहरूमा अर्थ मन्त्रीले राजस्व प्राधिकरण उपर सुपरिवेक्षणको अधिकार राख्दछन्, ७० प्रतिशत प्राधिकरणहरू नियमित निजामती सेवा भन्दा वाहिर छन्, ४० प्रतिशत प्राधिकरणहरूले अरु सरकारी निकाय झै नियमित वजेट पाउंछन्, ३० प्रतिशत प्राधिकरणहरूले लक्ष्यभन्दा बढी संकलित राजस्व रकमको प्रतिशतमा थप वजेट रकम पाउंदछन् । ७५ प्रतिशत प्राधिकरणहरूको संचालक समितिहरू छन्, जसले समग्र निगरानी (Oversight) को काम पनि गर्दछ । यस्ता संचालक समिति/बोर्डहरूमा ५ देखि १५ जनासम्म सदस्य रहेको पाइन्छ तथा यसमा सबै मुलुकहरूमा नीजि क्षेत्रको पनि प्रतिनिधित्व रहेको देखिन्छ । प्राधिकरणहरूको लेखापरीक्षण वाह्य लेखापरीक्षक र सामान्यतया महालेखा परीक्षकवाट गर्ने गरिएको पाइन्छ । सबै प्राधिकरणहरूले आयकर तथा मू.अ.करको प्रशासन गर्ने गरेका छन् र कतिपय अरु कर शुल्कहरूको प्रशासन पनि गर्दछन् । धेरै प्राधिकरणहरूले भन्सार प्रशासन पनि गर्दछन् । यस अध्ययन प्रतिवेदनका अनुसार राजस्व प्राधिकरणको संरचना निर्माण गर्दा मुख्यतया निम्न कुराहरूमा ध्यान पुऱ्याउनु पर्दछ :

(क) **स्वायत्तताको परिमाण :** कानुनी स्वरुप र स्तर, आर्थिक श्रोत (खर्च) व्यवस्थापन, वजेट लचकता, वित्तीय नीतिहरू, जनसाधन व्यवस्थापन र कार्य संचालनमा स्वायत्तता ।

(ख) **प्रशासनकि संरचना :** अर्थ मन्त्रीको भूमिका, बोर्ड (संचालक समितिको भूमिका, प्रमुख कार्यकारी अधिकृतको भूमिका) ।

(ग) **जिम्मेवारी :** सरकार र संसदलाई प्रतिवेदन गर्ने, जवाफदेही हुने, वाह्य लेखापरीक्षण ।


(घ) **कार्यक्षेत्र :** कुन कुन करहरूको प्रशासन गर्ने, कुन कुन निकायहरू प्राधिकरण मातहत रहने (Crandall, IMF, 2010) ।

१०. अड-हेल्ज जेल्डस्टाड र मिक मूरले अध्ययन गरेको सन् २००९ को एक अध्ययनले सव-सहारन अफ्रिकाका कतिपय देशहरूले अर्द्ध-स्वायत्त राजस्व प्राधिकरणहरू गठन गरेको मुख्य कारण केन्द्रीय सरकारहरूको राजस्व संकलनमा वृद्धि ल्याउन र सो प्राप्त रकमवाट सरकारलाई वलियो बनाउनु रहेको वताएको छ । सर्सर्ती हेर्दा केन्द्रीय सरकारको पकड कमजोर हुने गरी र अर्थ मन्त्रालयको प्रत्यक्ष नियन्त्रणबाट मुक्त रहने गरी वजेट र कर्मचारी व्यवस्थापन (तलव तोक्ने स्वायत्तता सहित) को अधिकार राजस्व प्राधिकरणहरूलाई दिइए पनि यी सुधारहरूको मुख्य लक्ष्य राजस्व संकलनमा उल्लेख्य वृद्धि ल्याउनु रहेको पाईएको छ । तर अध्ययनले राजस्व संकलनमा खासै वृद्धि आउन


नसकेको, बरु, कर निर्धारण र संकलन प्रकृयामा सुधार र आधुनिकीकरण भएको तथा कर संकलनको कार्य नीजिकरण हुनबाट जोगिएको देखिएको यो अध्ययनले बताउंछ। (जेल्डस्टाड र मूर, सन् २००९) । यो अध्ययनले सन् १९८५ देखि सन् २००५ का बीचमा यो क्षेत्रमा १४ मुलुकहरूमा यस्तो राजस्व प्राधिकरण स्थापना भएको विवरण दिइएको छ, ती हुन : घाना (१९८५), युगान्डा (१९९१), जाम्विया (१९९४), केन्या (१९९५), मालावी (१९९५), तान्जानिया (१९९६), दक्षिण अफ्रिका (१९९७), रुआन्डा (१९९८), जिम्वाव्वे (२००१), इथियोपिया (२००२), सियरा लियोन (२००२), लेसोथो (२००३), द गाम्विया (२००५) र मरिसस (२००५)। यी सबै मुलुकहरूमा छरिएर रहेका कर प्रशासनका ईकाइहरू एकीकृत गरी प्रत्यक्ष सरकारी नियन्त्रणबाट वाहिर राखी एउटै अर्द्ध-स्वायत्त निकायलाई संचालनार्थ सुम्पिएको थियो।

११. अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) ले सन् २०११ मा प्रकाशन गरेको Revenue Administration Reforms in Anglophone Africa Since the Early 1990's नामक अध्ययन प्रतिवेदनले १९ मध्ये १६ वटा अंग्रेजी भाषी अफ्रिकी मुलुकहरूले राजस्व प्रशासनमा सुधार ल्याउन राजस्व प्राधिकरणहरू स्थापना गरेपनि जनशक्तिको सीमित क्षमता र भ्रष्टाचारका मुद्दा अझै टड्कारो रहेको, मू.अ.कर प्रशासनलाई आय करसंग नगाभी छुट्टै विभागको रुपमा राखिएको र ठूला करदाताको लागि छुट्टै ईकाइहरू स्थापना गरिएपनि साना/मझौला- अरु करदाताको प्रशासनमा अझै ध्यान नपुगेको जस्ता समस्याहरू बारे उल्लेख गरेको छ। राजस्व प्राधिकरणहरूको गठनले राजस्व परिचालनमा सकारात्मक असर पारेको नपारेको बारे थप अनुसन्धान आवश्यक रहेको यो अध्ययनले वताउंछ। केही मुलुकहरूमा समग्र राजस्व प्रशासनमा सुधार आएपनि कतिपय मुलुकमा सुधारको अवस्था निराशाजनक रहेको र महत्वपूर्ण सुधारहरू गर्न अझ वाँकी नै रहेको प्रतिवेदनले देखाउंछ। (क्लोइडन, IMF 2011)।


# अनुसूची–४
## विकल्प १
## सामान्य सुधार सहितको निरन्तरताको राजस्व संगठन संरचना (प्रस्तावित)



# अनुसूची–५
## विकल्प २
## पूर्ण सरकारी केन्द्रीय राजस्व बोर्ड संगठन संरचना (प्रस्तावित)




# अनुसूची–६
## विकल्प ३
## अर्द्ध स्वायत्त केन्द्रीय राजस्व बोर्ड संगठन संरचना (प्रस्तावित)




साबिकभैं र आवश्यकता अनुसार थप फिल्ड कार्यालयहरु, सेवा केन्द्रहरु, ठूला/मभौला करदाता कार्यालयहरु, घुम्ती टोलीहरु, सूचना प्रविधि केन्द्रहरु, कर ले.प. कार्यालयहरु, पीसीए कार्यालय, एकद्वार सेवा कार्यालयहरु, प्रादेशिक/क्षेत्रीय कार्यालयहरु, निर्देशनालयका ईकाइहरु, एकेडेमी, तालिम केन्द्रहरु कार्य संचालन स्तरमा रहने छन् ।

# अनुसूची- ७
## विकल्प ४
## स्वायत्त राजस्व प्राधिकरणको संगठन संरचना (प्रस्तावित)



अनुसूची-८

# सुझाव गरिएका विकल्पहरूको एकीकृत कार्य तालिका

| आर्थिक बर्ष | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ तथा आगामी वर्षहरू |
|---|---|---|---|---|---|---|
| **विकल्पहरू** | | | | | | |
| १.चालु संगठनको सामान्य निरन्तरता | | | | | | |
| २.पूर्ण सरकारी केन्द्रीय राजस्व बोर्डको गठन | | | | | | |
| ३.अर्द्ध- स्वायत्त केन्द्रीय राजस्व बोर्डको गठन | | | | | | |
| ४.स्वायत्त राजस्व प्राधिकरणको गठन | | | | | | |

## अनुसूची-९

# विकल्पहरू, कार्यान्वयनमा जोखिमहरू, लाभहरू र जोखिम न्यूनीकरणका उपायहरू

| विकल्पहरू | जोखिमहरू | लाभहरू | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|
| १.विद्यमान संगठनको सामान्य निरन्तरता । | ● सुधार कमजोर हुँदै जाने ।<br>● वर्तमान शिथिलता लम्बिदै जाने ।<br>● अदक्ष र विषयवस्तुको ज्ञान कम भएका जनशक्ति थुप्रिदै जाने ।<br>● अर्थ मन्त्रालय र राजस्व सचिवको भूमिका प्रभावकारी बन्न कठिनाई हुने ।<br>● राजनीतिक हस्तक्षेप, अपारदर्शीता तथा भ्रष्टाचारजन्य कृयाकलाप नियन्त्रित नहुने । | ● राजनीतिक र प्रशासनिक नेतृत्वले क्रमिक सुधारको जोखिम मोल्न सक्ने हुँदा विद्यमान सुधारले तीव्रता पाउने ।<br>● संविधान निर्माण र संघीय संरचना निर्माणको संक्रमण कालमा मौजुदा संगठन र सुधारको निरन्तरता कार्यान्वयन गर्न सहज हुने ।<br>● बोर्ड/प्राधिकरणमा रुपान्तरण गर्न प्रारम्भिक कदमहरूको थालनी हुने । | ● राजनीतिक र प्रशासनिक नेतृत्वको स्वामित्व/समर्थन प्राप्त गर्न उच्च तहमा व्यापक छलफल गर्न उपयुक्त हुने ।<br>● आगामी बजेट वक्तव्य र आर्थिक ऐनद्वारा सुधार कार्यक्रम लागू गर्न उचित सम्बोधन गरिनु पर्ने ।<br>● लोक सेवा आयोग समेत सँग परामर्श गरी राजस्व समूह विस्तार र छनौट प्रकृया सुधारमा सहमति प्राप्त गर्न उपयुक्त हुने । |
| २.पूर्ण सरकारी केन्द्रीय राजस्व बोर्डको गठन । | ● १/२ वर्षभित्र संघीय संरचना तयार हुन नसकेमा बोर्ड गठन गर्नु असान्दर्भिक हुन सक्ने ।<br>● राजनीतिक र प्रशासनिक संक्रमणले बोर्ड गठन प्रकृयालाई आत्मसात नगरी नकार्न सक्ने ।<br>● राजस्व सेवा/समूह विस्तारमा अन्य निकायको सहयोग/समर्थन प्राप्त गर्न कठिनाई पर्न सक्ने ।<br>● बजेटरी स्वायत्तता र कार्य सम्पादन प्रोत्साहनप्रति अर्थ मन्त्रालय/अन्य निकायको सहयोग प्राप्त नहुने । | ● विद्यमान संगठनको सुधार सहितको निरन्तरतासँग यो पूर्ण सरकारी बोर्ड निकटतम रुपमा मिल्दो जुल्दो भएकोले अहिलेको संक्रमण कालमा लागू गर्न सजिलो हुने ।<br>● सरकारी नियन्त्रणले गर्दा बाह्य हस्तक्षेपबाट मुक्त रहने ।<br>● भविष्यमा लागू गरिने अर्द्ध-स्वायत्त मोडेलको बोर्ड/प्राधिकरण गठन गर्न सजिलो पार्न यो प्रयोग प्रभावकारी हुने ।<br>● अर्द्ध-स्वायत्त बोर्ड/प्राधिकरणमाझैं प्रशासनिक/कर्मचारी /बजेट व्यवस्थापनमा स्वायत्तताको सीमित प्रयोग हुने । | ● राजनीतिक/प्रशासनिक नेतृत्वको समर्थन/स्वामित्व प्राप्त गर्न प्रयास गर्नुपर्ने ।<br>● संघीय संरचनाको संक्रमणसँग मेल खाने गरी सांगठनिक सुधार गर्नुपर्ने ।<br>● अर्थ मन्त्रालय, सा.प्र.मं., लोक सेवा आयोग लगायतका निकायको समर्थन लिन प्रयत्न गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| ३.अर्द्ध-स्वायत्त केन्द्रीय राजस्व बोर्डको गठन । | • राजनीतिक र वाह्य हस्तक्षेपको सम्भावना बढ्न पनि सक्ने ।<br>• आन्तरिक नियन्त्रण कमजोर भए सदाचार पद्धति लागू गर्न कठिन हुने, भ्रष्टाचार बढ्न सक्ने ।<br>• अर्थ मन्त्रालयको सहयोग र स्वायत्त बजेटरी नीतिमा समर्थन पाउन कठिन पर्न सक्ने, दूरी बढ्न सक्ने ।<br>• स्वायत्तताको आन्तरिक दुरुपयोग बढ्न सक्ने । | • संगठनको उद्देश्य हासिल गर्न सजिलो पर्ने ।<br>• नतिजामूलक र दक्ष संगठन बन्न सक्ने ।<br>• राजस्व उत्पादकत्व, मितव्ययिता र कूल संकलन गार्हस्थ उत्पा( दनको अनुपातमा बढ्ने संभावना बढी हुने ।<br>• करदाता सन्तुष्टि बढी भरोसा जित्न सजिलो पर्ने । | • राजनीतिक समर्थन र प्रतिवद्धता प्राप्त गर्न प्रयत्न गर्नु पर्ने ।<br>• स्वतन्त्र मूल्यांकन, प्रभावकारी आन्तरिक नियन्त्रण र सदाचार पद्धति कडाइका साथ लागू गर्नु पर्ने ।<br>• भरपर्दो, दक्ष र पारदर्शी संगठन बनाउने रणनीतिमा जोड दिनुपर्ने ।<br>• सरकारी, संसदीय र संवैधानिक निकायहरूको सुपरिवेक्षण बलियो वनाउनु पर्ने । सवैको सहयोग लिन प्रयास गर्नु पर्ने । |
| ४.स्वायत्त राजस्व बोर्डको गठन । | • राजनीतिक र वाह्य हस्तक्षेपको सम्भावना बढ्न पनि सक्ने ।<br>• आन्तरिक नियन्त्रण कमजोर भए सदाचार पद्धति लागू गर्न कठिन हुने, भ्रष्टाचार बढ्न सक्ने ।<br>• अर्थ मन्त्रालयको सहयोग र स्वायत्त बजेटरी नीतिमा समर्थन पाउन कठिन पर्न सक्ने, दूरी बढ्न सक्ने ।<br>• स्वायत्तताको आन्तरिक दुरुपयोग बढ्न सक्ने ।<br>• कर्मचारी भर्ना, सरुवा र व्यवस्थापन तथा खर्च व्यवस्थापन अपारदर्शी तथा गैर जिम्मेवार हुने संभावना रहने । | • संगठनको उदेश्य हासिल गर्न सजिलो पर्ने ।<br>• नतिजामूलक र दक्ष संगठन बन्न सक्ने ।<br>• राजस्व उत्पादकत्व, मितव्ययिता र कूल संकलन गार्हस्थ उत्पा( दनको अनुपातमा बढ्ने संभावना बढी हुने।<br>• करदाता सन्तुष्टि बढी भरोसा जित्न सजिलो पर्ने । | • राजनीतिक समर्थन र प्रतिवद्धता प्राप्त गर्न प्रयत्न गर्नु पर्ने ।<br>• स्वतन्त्र मूल्यांकन, प्रभावकारी आन्तरिक नियन्त्रण र सदाचार पद्धति कडाइका साथ लागू गर्नु पर्ने ।<br>• भरपर्दो, दक्ष र पारदर्शी संगठन बनाउने रणनीतिमा जोड दिनुपर्ने ।<br>• सरकारी, संसदीय र संवैधानिक निकायहरूको सुपरिवेक्षण बलियो वनाउनु पर्ने । सवैको सहयोग लिन प्रयास गर्नु पर्ने ।<br>• स्वतन्त्र, मूल्यांकन, कार्य सम्पादन परीक्षण, आन्तरिक नियन्त्रणद्वारा कर्मचारी भर्ना सरुवा, व्यवस्थापन र खर्च व्यवस्थापनलाई पारदर्शी र जिम्मेवार वनाउनु पर्ने । |

# सन्दर्भ सामग्री

1. Bhattarai, N. & et.al. (2013), Restructuring Nepal's customs organization and management, BRS. Neupane & Co. for a contract of NEAT/USAID/Nepal, Kathmandu: USAID/Nepal
2. Crandall, W. (2010), Revenue administration: Autonomy in tax administration and the revenue authority model, technical guidance note, Washington DC: IMF/FAD
3. Fjeldstad, O.-H. & M. Moore (2009), Revenue authorities and public authority in sub-Saharan Africa, in *Journal of Modern African Studies, 47, 1(2009), pp. 1-18*, UK: Cambridge University Press
4. Kidd, M. & W. Crandall (2006), Revenue authorities: Issues and problems in evaluating their success, IMF Working paper WP/06/240, Washington DC: IMF/FAD
5. Kidd, M. (2013), Nepal: A new organization structure for IRD, Draft mission report V2 (*for official use only*), Washington DC: IMF/FAD
6. Kloeden, D. (2011), Revenue administration reforms in Anglophone Africa since the early 1990s, IMF working paper, WP/11/162, Washington DC: IMF/FAD
7. Mann, A. J. (2004), Are semi-autonomous revenue authorities the answer to tax administration problems in developing countries? – A practical guide, Research Paper, Washington DC: Fiscal Reform in Support of Trade Liberalization/USAID
8. Mann, A. J. (2004a), Nepal: A feasibility study for the establishment of a semi-autonomous revenue authority, Kathmandu: DANIDA/Nepal
9. Pollitt, C. & C. Talbot (ed.) (2004), Unbundled government: A critical analysis of the global trend to agencies, quangos and contractualisation, in *Routledge Critical Studies in Public Management*, London: Routledge
10. Shome, P. & et.al. (2014), Report of the Tax Administration Reform Commission (TARC), New Delhi: Ministry of Finance, Government of India

११. केन्द्रीय ट्यारिफ बोर्डको प्रतिवेदन (वि.सं. २०५६), अर्थ मन्त्रालय, काठमाडौं ।

१२. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०५७), अर्थ मन्त्रालय, काठमाडौं ।

१३. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०५८), अर्थ मन्त्रालय, काठमाडौं ।

१४. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०५९ आषाढ), अर्थ मन्त्रालय, काठमाडौं ।

१५. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०५९ पौष), अर्थ मन्त्रालय, काठमाडौं ।
१६. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०६० आषाढ), अर्थ मन्त्रालय, काठमाडौं ।
१७. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०६० पौष), अर्थ मन्त्रालय, काठमाडौं ।
१८. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०६१ आषाढ), अर्थ मन्त्रालय, काठमाडौं ।
१९. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०६१ पौष), अर्थ मन्त्रालय, काठमाडौं ।
२०. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०६२ आषाढ), अर्थ मन्त्रालय, काठमाडौं ।
२१. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०६२ पौष), अर्थ मन्त्रालय, काठमाडौं ।
२२. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०६३ आषाढ), अर्थ मन्त्रालय, काठमाडौं ।
२३. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०६४ आषाढ), अर्थ मन्त्रालय, काठमाडौं ।
२४. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०६७ अशोज), अर्थ मन्त्रालय, काठमाडौं ।
२५. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०६८ आषाढ), अर्थ मन्त्रालय, काठमाडौं ।
२६. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०६९ आषाढ), अर्थ मन्त्रालय, काठमाडौं ।
२७. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०७० आषाढ), अर्थ मन्त्रालय, काठमाडौं ।
२८. राजस्व परामर्श समितिको प्रतिवेदन (वि.सं. २०७१ आषाढ), अर्थ मन्त्रालय, काठमाडौं ।
२९. अर्थ मन्त्रीको वजेट वक्तव्य, (आ.व. २०६०/०६१), अर्थ मन्त्रालय, काठमाडौं ।
३०. अर्थ मन्त्रीको वजेट वक्तव्य, (आ.व. २०६१/०६२), अर्थ मन्त्रालय, काठमाडौं ।
३१. अर्थ मन्त्रीको वजेट वक्तव्य, (आ.व. २०६२/०६३), अर्थ मन्त्रालय, काठमाडौं ।
३२. अर्थ मन्त्रीको वजेट वक्तव्य, (आ.व. २०६३/०६४), अर्थ मन्त्रालय, काठमाडौं ।
३३. अर्थ मन्त्रीको वजेट वक्तव्य, (आ.व. २०६५/०६६), अर्थ मन्त्रालय, काठमाडौं ।
३४. अर्थ मन्त्रीको वजेट वक्तव्य, (आ.व. २०६६/०६७), अर्थ मन्त्रालय, काठमाडौं ।
३५. अर्थ मन्त्रीको वजेट वक्तव्य, (आ.व. २०६७/०६८), अर्थ मन्त्रालय, काठमाडौं ।
३६. अर्थ मन्त्रीको वजेट वक्तव्य, (आ.व. २०६८/०६९), अर्थ मन्त्रालय, काठमाडौं ।
३७. अर्थ मन्त्रीको वजेट वक्तव्य, (आ.व. २०७०/०७१), अर्थ मन्त्रालय, काठमाडौं ।
३८. अर्थ मन्त्रीको वजेट वक्तव्य, (आ.व. २०७१/०७२), अर्थ मन्त्रालय, काठमाडौं ।
३९. दाहाल, मदन र अन्य, केन्द्रीय राजस्व बोर्ड गठन सम्वन्धमा अध्ययन गर्न गठीत कार्यदलको प्रतिवदेन (वि.सं. २०६६), अर्थ मन्त्रालय, काठमाडौं ।

४०. श्रेष्ठ, श्रीकृष्ण, आन्तरिक राजस्व विभाग संगठन र व्यवस्थापन अध्ययन प्रतिवेदन (वि.सं. २०६६), आन्तरिक राजस्व विभाग, काठमाडौं) ।

४१. खतिवडा, युवराज र अन्य, वित्तीय सुधार कार्यदल, २०५९ को प्रतिवेदन (२०६०), अर्थ मन्त्रालय, काठमाडौं ।

४२. तिवारी, नारायणराज र अन्य, राजस्व प्रशासन संगठनात्मक संरचना सुधार सुझाव कार्यदलको प्रतिवदेन (वि.सं. २०६३), अर्थ मन्त्रालय, काठमाडौं ।

४३. राणा, मधुकर शम्शेर र अन्य, भन्सार प्रशासनको सुधार तथा आधुनिकीकरणका लागि सुझाव कार्यदल, (वि.सं. २०६२), अर्थ मन्त्रालय, काठमाडौं ।

४४. ज्योति, रुप र अन्य, राजस्व परामर्श समिति, अन्तर्गतको उपसमितिको प्रतिवदेन (वि.सं. २०६२ जेठ), अर्थ मन्त्रालय, काठमाडौं ।

# अनुसूची २

## अन्तर्क्रिया तथा भेटघाटका कार्यक्रमहरूका दौरान तथा अन्य माध्यमबाट सुझाव दिने व्यक्ति तथा संस्थाहरू

१. उद्योग बाणिज्य संघ, चितवन

२. नेपाल उद्योग परिसंघ, काठमाडौ

३. नेपाल उद्योग बाणिज्य महासंघ, काठमाडौ

४. उद्योग वाणिज्य संघ, वीरगंज

५. नेपाल चेम्बर अफ कमर्स, काठमाडौ

६. नेपाल कर सहयोगी श्रमिक संगठन, काठमाडौ

७. नारायण नेपाल, सिन्हा वर्मा ल कन्सर्न

८. मनोज अधिकारी, चार्टर्ड एकाउण्टेण्ट, विराटनगर

९. लिलाधर थारु, नोवस्ता-१, बांके

१०. नेपाल जडीबुटी व्यवसायी संघ

११. आन्तरिक राजस्व कार्यालय, ललितपुर

१२. घनश्याम पराजुली निर्देशक, महालेखा परीक्षकको कार्यालय, काठमाडौ

१३. अडिटर्स एशोसिएसन नेपाल (AUDAN), काठमाडौ

१४. नेपाल चार्टर्ड एकाउन्टेनट संघ

१५. अज्ञात (मेलबाट प्राप्त)

१६. मा.पवन कुमार शारडा, विराटनगर

१७. दोविन्द्र दाहाल, कर अधिकृत, आन्तरिक राजस्व कार्यालय, पोखरा

१८. ट्रान्सपोर्ट एशोसिएशन, वीरगंज

१९. उद्योग बाणिज्य संघ, बर्दिया

२०. साइकल व्यवसायी संघ, बांके

२१. उद्योग बाणिज्य संघ, नेपालगंज

२२. उद्योग वाणिज्य संघ, स्याङ्जा

२३. नेपाल सुर्तिजन्य उत्पादक संघ, काठमाण्डौं

२४. नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघ

२५. नेपाल मदिरा व्यवसायी संघ

२६. नेपाल इंटा उद्योग महासंघ

२७. होटल एशोसिएसन अफ नेपाल

२८. नेपाल एशोसिएसन अफ टूर अपरेटर्स

# अनुसूची ३

## (क) सुझाव संकलनको लागि गरिएका अन्तर्क्रिया तथा भेटघाट कार्यक्रमहरू

| सि.नं. | मिति | स्थान | अन्तरक्रिया गरिएको निकाय |
|---|---|---|---|
| १. | २०७१/०९/११ | वीरगंज | वीरगंज उद्योग वाणिज्य संघ |
| २. | २०७१/०९/१२ | नारायणगढ | चितवन उद्योग वाणिज्य संघ |
| ३. | २०७१/०९/१६ | काठमाडौं | नेपाल उद्योग वाणिज्य महासंघ |
| ४. | २०७१/०९/१८ | काठमाडौं | नेपाल उद्योग परिसंघ |
| ५. | २०७१/०९/२० | आयोगको सचिवालय | श्री नेपाल कर सहयोगी श्रमिक संगठन |
| ६. | २०७१/०९/२४ | काठमाडौं | नेपाल आर्थिक पत्रकार समाज |
| ७. | २०७१/०९/२६ | दमौली | तनहुं उद्योग वाणिज्य संघ |
| ८. | २०७१/०९/२६ | पोखरा | पोखरा उद्योग वाणिज्य संघ |
| ९. | २०७१/१०/१५ | आन्तरिक राजस्व विभागको सभा कक्ष | नेपाल हिमालय सीमापार वाणिज्य संघ |
| १०. | २०७१/१०/२७ | ट्रेड टावर, थापाथली | नेपाल उद्योग परिसंघ |
| ११. | २०७१/११/१९ | आयोगको सचिवालय | अर्थ मन्त्रालय अन्तर्गतका र उद्योग तथा मालपोत विभागका विभागीय प्रमुखहरू |
| १२. | २०७१/११/२६ | विराटनगर | मोरङ्ग व्यापार संघ |
| १३. | २०७१/११/२६ | विराटनगर | मोरङ्ग व्यापार संगठन |
| १४. | २०७१/११/२७ | विराटनगर | मोरङ्ग जिल्ला बिकास समिति |
| १५. | २०७१/१२/०२ | अर्थ मन्त्रालय | राजस्व परामर्श समिति |
| १६. | २०७१/१२/१३ | नेपालगंज | नेपालगंज उद्योग वाणिज्य संघ र सुदूर तथा मध्यपश्चिम क्षेत्रका जिल्ला उद्योग वाणिज्य संघका अध्यक्षहरू समेत सम्मिलित संयुक्त अन्तकिया कार्यकम |
| १७. | २०७/१२/१७ | आन्तरिक राजस्व विभागको सभाकक्ष | नेपाल चार्टर्ड एकाउण्टेण्टटस् संस्था, नेपाल चार्टर्ड एकाउण्टेण्टस् संघ, नेपाल अडिटर्स् एशोसिएशन |

| | | | |
|---|---|---|---|
| १८. | २०७१/१२/३० | व्यवस्थापिका–संसदको सचिवालय | उपभोक्ता हित संरक्षण समिति अन्तर्गत एल.पि.जि.ग्यासमा मू.अ.कर र अन्य करहरू सम्बन्धमा अध्ययन गर्न गठित उपसमिति |
| १९. | २०७१/१२/३० | नेपाल च्याम्बर अफ कमर्शको सभाकक्ष | नेपाल च्याम्बस अफ कमर्श |
| २०. | २०७२/०२/२७ | नेपाल च्याम्बर अफ कमर्शको सभाकक्ष | नेपाल च्याम्बस अफ कमर्श |
| २१. | २०७२/०२/३२ | त्रिपुरेश्वर (ने.उ. वा. संघ सभा कक्ष) | नेपाल उद्योग वाणिज्य महासंघ |
| २२. | २०७२/०३/०३ | व्यवस्थापिका–संसदको सचिवालय | अर्थ समितिका माननीय सदस्यहरू |

## (ख) भेटघाट

| सि.नं. | नाम,थर | पद | निकाय | मिति |
|---|---|---|---|---|
| १. | श्री भानु प्रसाद आचार्य | महालेखा परीक्षक | म.ले.प.को कार्यालय | २०७१/०८/१८ |
| २. | श्री रोहित कुमार भट्टराई | महानिर्देशक | भूमीसुधार तथा व्यवस्थापन विभाग | २०७१/०८/१८ |
| ३. | डा. सोमलाल सुवेदी | सचिव | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २०७१/०८/२४ |
| ४. | श्री लोकदर्शन रेग्मी | सचिव | भूमीसुधार तथा व्यवस्था मन्त्रालय | २०७१/०९/१७ |
| ५. | श्री विद्याधर मल्लिक | पूर्व संघीय मामिला तथा स्थानीय विकास मन्त्री तथा पूर्व अर्थ सचिव | | |
| ६ | केशव आचार्य | अर्थशास्त्री | | २०७१/०९/२१ |
| ७. | डा.चन्द्रमणि अधिकारी | सदस्य | राष्ट्रिय योजना आयोग | २०७१/०९/२२ |
| ८. | डा.स्वर्णिम वाग्ले | सदस्य | राष्ट्रिय योजना आयोग | २०७१/०९/२४ |
| ९. | डा.होममूर्ति पन्त | परामर्शदाता | राष्ट्रिय योजना आयोग | २०७१/०९/२४ |
| १०. | श्री एलेन कालिनोवस्की | | जि.आई.जेड. | २०७१/०९/२८ |
| ११. | श्री नरसागर श्रेष्ठ | | जि.आई.जेड. | २०७१/०९/२८ |
| १२. | श्री डोरमणि अर्याल | अध्यक्ष | नगरपालिका महासंघ, नेपाल | २०७१/१०/११ |

| | | | | |
|---|---|---|---|---|
| १३. | श्री कलानिधी देवकोटा | कार्यकारी अधिकृत | नगरपालिका महासंघ, नेपाल | २०७१/१०/११ |
| १४. | डा.युवराज खतिवडा<br>श्री महा प्रसाद अधिकारी | गर्भनर<br>डेपुटी गर्भनर | नेपाल राष्ट्र बैंक | |
| १५. | श्री निर्मलहरि अधिकारी | सहसचिव | अर्थ मन्त्रालय | २०७१/१०/१८ |
| १६. | श्री थोमस जे. रिचर्डसन् | बरिष्ट आवासिय प्रतिनिधि (नेपाल र भारत) | अन्तराष्ट्रिय मुद्रा कोष | २०७१/१०/२२ |
| १७. | श्री कुलराज ज्ञवाली | निर्देशक | भन्सार विभाग | २०७१/१०/२३ |
| १८. | श्री श्याम दाहाल | परामर्शदाता | एशीयाली विकास बैंक | २०७१/१०/२३ |
| १९. | श्री अशोक वैद्य | अध्यक्ष | उद्योग वाणिज्य संघ, वीरगंज | २०७१/१०/२८ |
| २०. | श्री पिटर वारण्ड<br>श्री डेब्रा एडाम्स | रिभ्यू मिशन | अन्तर्राष्ट्रिय मुद्रका कोष | २०७१/११/०५ |
| २१. | श्री निरन्जन टिवडेवाल | कर विज्ञ | | २०७१/११/०८ |
| २२. | श्री जगदीश अग्रवाल | उद्यमी/व्यवसायी | | २०७१/११/१७ |
| २३. | श्री कियोशी नाकायामा<br>श्री मिखाइल डालि<br>श्री रिकार्डो भर्सानो<br>श्री आर्तुर स्वीस्तक | रिभ्यू मिशन | अन्तराष्ट्रिय मुद्रा कोष | २०७१/११/२८ |
| २४. | श्री लक्ष्मण अर्याल | सहसचिव | अर्थ मन्त्रालय | २०७१/१२/०१ |
| २५. | डा.रुप ज्योति | पूर्व अर्थ राज्य मन्त्री | ज्योति भवन | २०७१/१२/१७ |
| २६. | श्री पवन ओझा | पूर्व महान्यायाधिवक्ता | | २०७१/१२/२५ |
| २७. | प्रा.डा.मदनकुमार दहाल | अर्थशास्त्री | त्रिभुवन विश्वविद्यालय | २०७२/०२/२४ |
| २८. | डा. गोविन्द थापा | अर्थशास्त्री | | २०७२/०२/२८ |
| २९. | प्रा.डा.पुष्प कंडेल | कर विज्ञ | | २०७२/०२/२८ |
| ३०. | श्री तिर्थराज उपाध्याय | पूर्व अध्यक्ष, | नेपाल चार्टर्ड एकाउण्टेण्टटस् संस्था | २०७२/०२/२८ |
| ३१. | श्री नरेन्द्र भट्टराई | अध्यक्ष | नेपाल चार्टर्ड एकाउण्टेण्टटस् संस्था | २०७२/०२/२८ |
| ३२. | श्री दिपेन्द्रबहादुर क्षेत्री | पूर्व उपाध्यक्ष, रा.यो.आ. | | २०७२/०२/२८ |
| ३३. | प्रा.डा.विजय के.सी. | अर्थशास्त्री | | २०७२/०२/२९ |
| ३४. | डा.डिल्लीराज खनाल | अर्थशास्त्री | | २०७२/०२/३२ |

| | | | | |
|---|---|---|---|---|
| ३५. | श्री परशुराम उपाध्याय | कार्यकारी निर्देशक, | गा.वि.स.राष्ट्रिय महासंघ, नेपाल | २०७२/०२/३२ |
| ३६. | डा.युवराज खतिवडा | पूर्व गभर्नर, ने.रा.बैंक | | २०७२/०२/३२ |
| ३७. | श्री नारायण प्रसाद सिलवाल | पूर्व सचिव, नेपाल सरकार | | २०७२/०३/०२ |
| ३८. | श्री रत्नराज बज्रचार्य | पूर्व अध्यक्ष, | नेपाल चार्टर्ड एकाउण्टेण्टटस् संस्था | २०७२/०३/०२ |
| ३९. | श्री के.बी.चित्रकार | पूर्व अध्यक्ष, | नेपाल चार्टर्ड एकाउण्टेण्टटस् संस्था, South Asian Federation of Accountants | २०७२/०३/०२ |
| ४०. | श्री राजन खनाल | सचिव | सामान्य प्रशासन मन्त्रालय | २०७२/०३/०७ |
| ४१. | श्री रामेश्वर खनाल | पूर्व सचिव | | २०७२/०३/११ |

# अनुसूची ४

## सन्दर्भ सामग्री


अन्तःशुल्क ऐन,२०५८ (संशोधन सहित), (नेपाल सरकार, आन्तरिक राजस्व विभाग)

अन्तःशुल्क नियमावली,२०५९ (संशोधन सहित),(नेपाल सरकार, आन्तरिक राजस्व विभाग)

आयकर ऐन,२०५८, (नेपाल सरकार, आन्तरिक राजस्व विभाग)

आर्थिक ऐन/अध्यादेशहरू (२०५४ देखि २०७१सम्मका), (नेपाल सरकार, अर्थ मन्त्रालय)

आर्थिक सर्वेक्षण, २०६०, (नेपाल सरकार, अर्थ मन्त्रालय)

आर्थिक सर्वेक्षण, २०६१, (नेपाल सरकार, अर्थ मन्त्रालय)

आर्थिक सर्वेक्षण, २०६२, (नेपाल सरकार, अर्थ मन्त्रालय)

आर्थिक सर्वेक्षण, २०६३, (नेपाल सरकार, अर्थ मन्त्रालय)

आर्थिक सर्वेक्षण, २०६४, (नेपाल सरकार, अर्थ मन्त्रालय)

आर्थिक सर्वेक्षण, २०६६, (नेपाल सरकार, अर्थ मन्त्रालय)

आर्थिक सर्वेक्षण, २०६७, (नेपाल सरकार, अर्थ मन्त्रालय)

आर्थिक सर्वेक्षण, २०६८, (नेपाल सरकार, अर्थ मन्त्रालय)

आर्थिक सर्वेक्षण, २०६९, (नेपाल सरकार, अर्थ मन्त्रालय)

आर्थिक सर्वेक्षण, २०७०, (नेपाल सरकार, अर्थ मन्त्रालय)

आयकर निर्देशिका, २०६६ (संशोधन,२०६८ सहित), (नेपाल सरकार, आन्तरिक राजस्व विभाग)

आयकर नियमावली, २०५९, (नेपाल सरकार, आन्तरिक राजस्व विभाग)

तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३), राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

दाहाल, मदन कुमार (२०६६), केन्द्रीय राजस्व बोर्ड गठन सम्बन्धमा अध्ययन गठन गर्न गठित कार्यदलको प्रतिवेदन, २०६६, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं ।

नेपालको अन्तरिम संविधान, २०६३ (नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति)

नेपालको नमूना संविधान, २०६६, संविधान विशेषज्ञ समूह, काठमाडौ ।

नेपालको संविधान (मस्यौदा), २०७०, नेपाल कानून समाज

प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति, अवधारणापत्र सहितको

बजेट वक्तव्य, २०६०, (नेपाल सरकार, अर्थ मन्त्रालय)

बजेट वक्तव्य, २०६१, (नेपाल सरकार, अर्थ मन्त्रालय)

बजेट वक्तव्य, २०६२, (नेपाल सरकार, अर्थ मन्त्रालय)

बजेट वक्तव्य, २०६३ ,(नेपाल सरकार, अर्थ मन्त्रालय)

बजेट वक्तव्य, २०६४, (नेपाल सरकार, अर्थ मन्त्रालय)

बजेट वक्तव्य, २०६५, (नेपाल सरकार, अर्थ मन्त्रालय)

बजेट वक्तव्य, २०६६, (नेपाल सरकार, अर्थ मन्त्रालय)

बजेट वक्तव्य, २०६७, (नेपाल सरकार, अर्थ मन्त्रालय)

बजेट वक्तव्य, २०६८, (नेपाल सरकार, अर्थ मन्त्रालय)

बजेट वक्तव्य, २०६९, (नेपाल सरकार, अर्थ मन्त्रालय)

बजेट वक्तव्य, २०७०, (नेपाल सरकार, अर्थ मन्त्रालय)

बजेट वक्तव्य, २०७१, (नेपाल सरकार, अर्थ मन्त्रालय)

बोनस ऐन, २०३० (नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति)

बिष्ट, बाल गोबिन्द (२०७०), राजस्व छुटको प्रभाव मूल्यांकन कार्यदलको प्रतिवेदन,२०७०, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं ।

भन्सार विभाग तथा अन्तर्गतका कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७१, भन्सार विभाग, अर्थ मन्त्रालय, नेपाल सरकार, २०७१ ।

महालेखापरीक्षकको बाउन्नौ प्रतिवेदन, २०७१, महालेखापरीक्षकको कार्यालय, बबर महल, काठमाडौ ।

मूल्य अभिवृद्धि कर ऐन,२०५४ (संशोधन सहित), (नेपाल सरकार, आन्तरिक राजस्व विभाग)।

मूल्य अभिवृद्धि कर नियमावली, २०५४ (संशोधन सहित), (नेपाल सरकार, आन्तरिक राजस्व विभाग)

राजस्व परामर्श समितिका प्रतिवेदनहरू, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं ।

राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति, अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६, संविधानसभा सचिवालय, सिंहदरवार, काठमाडौ ।

स्थानीय स्वायत्त शासन नियमावली,२०५६, (नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति)

स्थानीय स्वायत्त शासन ऐन, २०५५, (नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति)

सम्पत्ति कर ऐन, २०४७, (नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति)

सामाजिक सुरक्षा योजना सम्बन्धी अध्ययन प्रतिवेदन, २०६७, सामाजिक सुरक्षा योजना अध्ययन कार्य समिति, नेपाल सरकार, काठमाडौ ।

सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७, सामाजिक सुरक्षा कोष, बबर महल, काठमाडौ

संविधानसभा दर्पण (२०६५–२०६९), व्यवस्थापिका–संसद सचिवालय, सिंहदरवार, काठमाडौ ।

संविधानको प्रारम्भिक मस्यौदाको प्रतिवेदन,२०६६, संविधानसभा सचिवालय, सिंहदरबार, काठमाडौ ।

श्रम ऐन, २०४८, (नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति)

त्रिपाठी, सुरेन्द्रमणि (२०७०) गैर कर राजस्व सुधार कार्यदलको प्रतिवेदन, २०७०, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं ।

Adams, Debra and Barrand; Peter and Carr, David, Inland Revenue Department Reforms-Moving From the Design Phase to Implementation, (March 2015), IMF Mission.

An Approach to the Graduation from the Least Developed Country by 2022 (2014), National Planning Commission, Government of Nepal, Singha Durbar, Kathmandu, Nepal,.

Annand, Rahul; Cheng, Kevin C.; Rehman, Sidra and Zhang, Longmei, Potential Growth in Emerging Asia (2014), IMF..

Basnett, Yurendra; Henley, Giles; Howell, John; Jones, Harry; Lemma and Pandey, Posh Raj, Alberto; Structural Economic Transformation in Nepal: A diagnostic study submitted to DFID Nepal, June 2014, Kathmandu

Bird, Prof. Richard M. (2004), Administrative Dimensions of Tax Reform, ASIA-PACIFIC TAX BULLETIN,

Brys, Bert, Making Fundamental Tax Reform Happen (2013), OECD.

Comprehensive Tax Reform: Way Forward (2015), IMF Mission.

Detailed Guidelines for Improved Tax Administration in Latin America and the Caribbean (2014), USAID.

Ehtisham Ahmad, Michael Best and Caroline Pöschl, Tax Reforms in the Presence of Informality in Developing Countries, November 2012, The London School of Economics and Political Science.

Establishing Data Links between IRD and Selected Agencies, Draft Feasibility Study Report, 2012, NEAT/USAID, Kathmandu, Nepal

FISCAL DECENTRALISATION IN NEPAL STATUS AND THE WAY FORWARD (2005), Decentralization Advisory Support Unit

(DASU/Danida), Nepal

Growth-oriented Tax Policy Reform Recommendations (2010),OECD.

How We Resolve Tax Disputes, The Tax Assurance Commissioner's Annual Report 2012-2013, HM Revenue & Customs.

Hussey, Ward M., Lubic, Donald C., Basic World Tax Code (1996), Harvard University, Massachusetts, USA.

IMPROVING GOVERNANCE THROUGH TAX REFORM, OECD 2010

Information Technology for Tax Administration (2013), USAID

Institutional Arrangements for Tax Administration in Asia and the Pacific, A Publication of the Public Management, Governance, and Participation Division, Regional and Sustainable Development Department, Issue 19, 2012, ADB.

Khadka, Rup (2015), The SAARC Tax System, Pairavi Publishers, Kathmandu, Nepal

Khadka, Rup (2014), The Nepalese Tax System, Pairavi Publishers, Kathmandu, Nepal.

Khanal, Dr. Dilli Raj, Social Security/Social Protection in Nepal: Situation Analysis (2012), ILO Country Office, Kathmandu, Nepal.

Kidd, Maureen, Tax Administration in Small Economies, 2010, IMF

Local government finance in Nepal, Current situation, challenges and future policy (2008), Urban Development through Local Efforts Program, MLD/GTZ, Kathmandu, Nepal.

Mann, ARTHUR, NEPAL: A FEASIBILITY STUDY FOR THE ESABLISHMENT OF A SEMI-AUTONOMOUS REVENUE AUTHORITY (2012), Danish International Development Agency (DANIDA), June 2004

Martinez-Vazquez, Jorge; McNab, Robert ,The Tax Reform Experiment in Transitional Countries (2000), Andrew Young School of Public Policy Studies, Georgia State University.

Mirrlees, James; Adam Stuart; Besley, Tim; Blundell, Richard;

Bodn, Stephen; Chote, Robert; Gammie, Malcolm; Johnson, Paul Johnson; Myles, Gareth; and Poterba, James, THE MIRRLEES REVIEW: A PROPOSAL FOR SYSTEMATIC TAX REFORM, National Tax Journal..

Model Tax Code (2000), IMF, Washington DC.

Modernizing Tax Administration in Nepal: Establishing the Taxpayers' Information Network (2013), IFC

Nakayama, Kiyoshi; Swistak, Artur; Daly, Michael and Versano, Ricardo, Nepal: Comprehensive Tax Reform, The Way Forward (June 2015), IMF Mission.

Owens, Jeffrey, Tax Policy in the 21st Century: New Concepts for Old Problems, Issue 20 13/05, September 2013, European University Institute.

Prasad, Uma Shankar, Comparative Study of Excise Systems and Legal Frameworks, 2014, Kathmandu, Nepal.

Progressive Tax Reform: Reform of the personal income tax system, Australian Council of Social Service (2009), Australia.

Proposal for Establishment of Reconstruction Fund and Reconstruction Solidarity Tax to Finance Rehabilitation after Great Earthquake of Unprecedented Scale (2011), Daiwa Institute of Research, Japan

Resolving tax disputes: Commentary on the litigation and settlement strategy (2013), HMRC Dispute Resolution Unit, HM Revenue & Customs.

Social Security Concept, Schemes Design, Operations and Business

Requirements of Social Security Fund Integrated Management Information

System (SSFIMIS) for Implementation of Social Security Fund in Nepal (2013), Social Security Fund, Babr Mahal, Kathmandu, Nepal.

Subedi, Som Lal, (2014), Fiscal Decentralization in Nepal: A Municipal Perspective, Kathmandu: Adarsh Books.

Supporting the Development of More Effective Tax Systems, A REPORT TO THE G-20 DEVELOPMENT WORKING GROUP BY THE IMF, OECD, UN AND WORLD BANK at G-20 Seoul Summit, 2011

Tax Administration Reform Commission -(First to Fourth Report) (2014), Ministry of Finance, Government of India.

Tax Policy Reform and Economic Growth, 2010, OECD

Tax Reforms in EU Member States, Tax policy challenges for economic growth and fiscal sustainability (2014), European Commission.

The economics of disaster risk, risk management, and risk financing: The Financial and Fiscal Impacts (2012), The World Bank.

Wagle, Swarnim (2011), COORDINAT ING TAX RE FORMS IN THE POOREST COUNTRI ES : CAN LOST TARI F F S B E RECOUPED?, The World Bank.

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग